नेपाल
मानवअधिकार वर्षपुस्तक २००८

यस वर्षको उल्लेख्य

शान्ति प्रक्रियाका उतार चढाव

मानवअधिकार वर्षपुस्तक २००८

(नेपाली संस्करण)

(०६३ पुस १७ देखि ०६४ पुस १६ गतेसम्म अर्थात् सन् २००७ भरिका घटनाहरूको सङ्कलन)

प्रधान सम्पादक

कुन्दन अर्याल

सम्पादक

योगीश खरेल

सम्पादन मण्डल

रूपेश नेपाल

प्रशन्नता वस्ती

लक्ष्मणदत्त पन्त

मधु पन्थी

मदन पौडेल

प्रतिवेदन वैद्य

भुवन अधिकारी

दीपकराज तिवारी

गणेश भण्डारी

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, स्युचाटार

पोस्ट बक्स २७२६, काठमाडौं, नेपाल

फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१

e-mail: insec@insec.org.np

Web-site: www.inseconline.org

×ïâè ×¿æÚæ âÚ·æÚ ÀæÇÙ ¿ÌßÙè

मानवअधिकार वर्ष पुस्तक २००८

संयोजक
प्रेक्षा ओझा
(प्रमुख, मानवअधिकार प्रलेख तथा प्रसार विभाग)

प्रकाशन मिति
०६४ फागुन ७ गते

सङ्ख्या
३ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुनःमुद्रण गर्न सकिनेछ।)

आवरण तथा ले-आउट
गोविन्दप्रसाद त्रिपाठी
गीता माली

भाषा सम्पादन
ईश्वरी ज्ञवाली

तथ्याङ्क प्रशोधन
प्रमीन घिमिरे
सुवास अधिकारी

फोटो सम्पादन
विमलचन्द्र शर्मा

आईएसबीएन : ९७८-९९३७-८००२-२-८

मूल्य
रु. २५०।-

मुद्रक
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, फोन नं. ४७७०५३३, ४७७१४४८

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। लगभग ४० ओटा आबद्ध संस्थाहरूमार्फत यसका कार्यक्रमहरू देशभर सञ्चालित छन्। मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ। पाँचओटै विकास क्षेत्रमा यसका क्षेत्रीय कार्यालयहरू छन्।

०६२ मङ्सिर २९ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष – सुबोधराज प्याकुरेल

महासचिव – कुन्दन अर्याल

कोषाध्यक्ष – सुजिता शाक्य

सदस्यहरू

- नजिर मियाँ
- योगेन्द्र गुरुङ
- पुष्पा कर्ण
- गङ्गादेवी कसजू
- लालबाबु यादव
- टीकाराम भट्टराई

निर्देशकहरू तथा निम्न केन्द्रहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार प्रलेख तथा प्रसार विभाग

मानवअधिकार उल्लङ्घन ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरणमा संलग्न यस विभागले स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गर्दछ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानवअधिकार वर्षपुस्तक*लगायतका प्रकाशन यही विभागअन्तर्गत हुने गर्दछ। विभागले *इन्सेक अनलाइन* पनि सञ्चालन गर्दै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेण्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम विभागले गर्दै आएको छ। विभागअन्तर्गत स्रोत केन्द्रमा मानवअधिकार र सामाजिक न्यायसम्बन्धी पुस्तकलगायत श्रव्यदृश्य सामग्री उपलब्ध छन्।

मानवअधिकार शिक्षा विभाग

यस विभागको माध्यमबाट इन्सेकले स्थानीय मानवअधिकार संस्थाहरूसँगको सहकार्यमा मानवअधिकार शिक्षाको प्रसार गर्दै आएको छ। साक्षरता संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस विभागमार्फत मानवअधिकारसम्बन्धी तालिम र रेडियोमा मानवअधिकार शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएको छ। इन्सेकको रेडियो श्रोता क्लबसँग समन्वय पनि यही विभागले गर्दै आएको छ।

मानवअधिकार अभियान तथा पैरवी विभाग

राज्यलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबावको सिर्जना गर्नु यो विभागको प्रमुख दायित्व हो। कानुन पुनरावलोकन, मानवअधिकार सन्धि अनुगमन र मानवअधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही विभागद्वारा हुँदै आएको छ।

शान्ति तथा लोकतन्त्र विभाग

शान्ति र लोकतान्त्रिक संस्कृतिको विकासका निम्ति समुदायका सदस्यको क्षमता अभिवृद्धि यस विभागको मुख्य ध्येय हो। सङ्क्रमणकालीन न्याय व्यवस्थाप्रति राज्य र सरोकारवाला सबैको ध्यानाकर्षण गराउने र आन्तरिक विस्थापितलाई पुन:स्थापित गराउन पहल गर्ने काममा यो विभाग सक्रिय छ। सञ्जालको निर्माण गरी यस विभागका माध्यमबाट इन्सेकले लोकतन्त्रको सुदृढीकरणका निम्ति समुदायको परिचालन गर्दै आएको छ। संसदीय गतिविधिको अनुगमन, राजनीतिक शक्तिहरूबीच लोकतन्त्र र बहुलवादको मजबुतीका निम्ति समन्वय यसका थप कार्यहरू हुन्।

व्यवस्थापन विभाग

यस विभागअन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन र अर्थ व्यवस्थापन पर्दछ। यही विभागले मानव संशाधन व्यवस्थापनअन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा काम गर्दै आएको छ। इन्सेक आबद्ध संस्थाको विकासमा टेवा पुऱ्याउनुका साथै योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभागले गर्दै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्यअन्तर्गत विभागले नियमित प्रतिवेदन प्रकाशन गर्दछ। जनसम्पर्क र *प्राची, ईन्फर्मल, इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही विभागले गर्दै आएको छ।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय,** जनपथ टोल, विराटनगर। फोन नं. ०२१-५२४०२५, ५२८१२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय,** कलङ्की, स्युचाटार, काठमाडौं। फोन नं. ०१- ४२८५४६१
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** अन्नपूर्णटोल, पोखरा। फोन नं. ०६१- ५२६५१२/५३३७९२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** उत्तरबेहडी, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

अराजकताबाट आक्रान्त नागरिक अधिकार

वर्ष सन् २००७ सङ्घर्ष, सफलता, उत्साह र निराशाको वर्षका रूपमा बित्यो। यतिखेर सातदलीय सहमतिका नाममा कानुनको शासनको खिल्ली उडाइएको छ। अपराधीहरू रमाएका छन् र मानवअधिकार पुन: हिंसा र अराजकताको सिकार बन्न पुगेको छ।

सैद्धान्तिक हिसाबले जनताले ठूलठूला सफलता हात पारे। जनआन्दोलनले नेपालको अभूतपूर्व इज्जत बढायो। शान्तिपूर्ण जनआन्दोलनमा हिमालपारिका जिल्लादेखि समथर तराई-मधेसका सबै गाउँघर होमियो। एकै दिनमा ५५ लाख नागरिक शान्ति प्राप्त गर्न ज्यानको परवाह नगरी सरकारी बन्दुकका अगाडि छाती थाप्न लामबद्ध भए। त्यस अभूतपूर्व जनआन्दोलनले प्राप्त गरेको अधिकारलाई सबै जाति, भाषा, क्षेत्र र वर्गले आ-आफ्नो एजेण्डातर्फ आकर्षिक गर्न खोज्नु स्वाभाविक थियो। आन्दोलन सफल भएको वर्षभन्दा कम अवधिमा मधेसका जनताले आफ्नो पहिचान र स्वामित्वको चाहनासँग त्यो सफलतालाई जोड्न खोजे। आदिवासी जनजातिले शताब्दीऔँदेखिका विभेद र उत्पीडनलाई समूल नष्ट गर्दै आफ्नो अधिकारको ग्यारेण्टी खोजे। यही मेसोमा आ-आफ्नो अधिकारको माग लिएर अरू थुप्रै समूह सडकमा ओर्लिए।

राजनीतिले विद्यमान राष्ट्रिय समस्याको वैकल्पिक समाधान खोज्न सक्नुपर्छ। राजनीतिले सम्पूर्ण चुनौतीलाई राष्ट्रको साझा समस्याका रूपमा परिभाषित गरेर त्यसको राष्ट्रिय समाधान खोज्न सक्नुपर्छ। दु:खको कुरा, हरेक सङ्कटमा असफल साबित भइसकेका 'पटके असफल' नेताहरू यसपटक पनि असफल भए। जतिसुकै पटक असफल भए पनि नियतमा शङ्का नहुञ्जेल जनताले दोहोऱ्याई-तेहऱ्याई मौका दिएकै हुन्। कागज र बोलीमा सहमति गर्ने तर काममा ठीक उल्टो गर्ने शासकीय प्रवृत्तिका कारण नेताहरूप्रति आन्दोलनकारी र आमजनताको विश्वास निरन्तर खस्कँदो छ। नेतृत्व विकासको संस्थागत परिपाटी नभएका लोकतान्त्रिक भनिने पार्टीहरूको इज्जत ओह्रालो लाग्दै जानु र वैकल्पिक नेतृत्वको उदय हुने अवस्था पनि नरहनुले देश गम्भीर राजनीतिक सङ्कटमा फँसेको छ। असफल राष्ट्रका अनिवार्य सूचकहरू सम्झिने हो भने नेपाल घोषित गर्न बाँकी असफल राष्ट्र हुन पुगेको छ।

नागरिक सुरक्षा र जनताका दैनन्दिन आवश्यकताका विषयलाई राजनीतिको जिम्मा लगाइएको छ। अदालत निरीह बन्न पुगेको छ। हडतालका नाममा यातायात र महत्त्वपूर्ण सेवाहरूको नाकाबन्दी गरिन्छ। विरोधका नाममा हिंसा र उत्पात मच्चाइन्छ। सरकार आतङ्क, अराजकता र मूढेबलद्वारा सारा कुरा ठप्प नपारुञ्जेल कसैको कुरै सुन्दैन। प्रधानमन्त्री कार्यालय जाँदैनन्। जनआन्दोलनलगत्तै राजाकै हातबाट पदको शपथ खाएका हाम्रा प्रधानमन्त्री हजुरबाले नाति/नातिनालाई आदेश दिएजस्तो गरी बेलामौकामा बोल्छन्। देश जति बिरामी छ, प्रधानमन्त्री त्यसभन्दा बढ्तै बिरामी देखिन्छन्। यो स्थितिको फाइदा माओवादीहरूले सबभन्दा बढी उठाएका छन्। उनीहरूसँग वाईसीएल नाम गरेको बलियो पाखुरी छ, जसले पुलिस, अदालत, सर्वसाधारण सबैलाई आफ्नो बलले जकड्न सकेको छ। सर्वसाधारण जनता हिंसा, आतङ्क र अपराधका कारण नारकीय जीवन बिताउन बाध्य पारिएका छन्। प्रहरी प्रशासन बलियाको दयामा इज्जत जोगाउन बाध्य पारिएका छन्। यो स्थितिमा सुधार गर्ने ल्याकत नेपालका शासक समूहमा देखिन्न। अराजकता र असुरक्षाबाट आजित जनताले बलियो शासकको चाहना राख्छन्। जर्मनीमा हिटलर र अफगानिस्तानमा तालिवानीहरूले यस्तै परिस्थितिको फाइदा उठाएका थिए। वैदेशिक वा अन्तर्राष्ट्रिय हस्तक्षेप पनि यस्तै परिस्थितिले निम्त्याउँछ।

दण्डहीनताको संस्कृति विद्यमान छ। प्रस्तावित सत्य निरुपण तथा मेलमिलाप आयोगको विधेयक यसको साक्षी हो। पुन:स्थापित संसद्ले सर्वसम्मतिले पारित गरेको दुई वर्ष बितिसक्दा पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन नहुनु अर्को ज्वलन्त प्रमाण हो। बेपत्ता पारिएका नागरिकहरू, विगतका द्वन्द्वका पीडितहरू र विस्थापितहरूका बारेमा कुनै काम नगर्नुले सरकारको बेवास्ता गर्ने प्रवृत्ति झल्काएको छ। अनेकन सहमति र सयकडौँ घोषणा गर्न खप्पिस नेपालका नेताहरू आफ्ना प्रतिबद्धता सम्झने नैतिकता र पूरा गर्ने ल्याकत राख्दैनन् भन्ने कुरामा अन्तर्राष्ट्रिय जगत्ले पनि चिन्ता प्रकट गरिरहेको छ।

लोकतन्त्रमा जनताप्रति सम्मान गर्नु र जनादेशद्वारा निर्देशित शासन चलाउनु सरकारको काम हो। तर, जनादेश भनेको निर्वाचन मात्र हो भन्ने भ्रम पालेका छन् हाम्रा शासकहरूले। जबकि निर्णय प्रक्रिया पारदर्शी हुनुपर्छ र त्यस विषयमा जनता पूर्णत: सुसूचित हुनु अनिवार्य हुन्छ। जनतालाई निर्णय मात्र होइन, निर्णयपूर्वको परामर्श, प्रक्रिया र औचित्यमा समेत सहभागी बनाउनुपर्छ।

प्रत्येकले अनुशासनमा बस्नुपर्छ। राजनीति गर्ने र शासन गर्नेले सबभन्दा बढी जवाफदेही व्यवहार गर्नुपर्छ। यसको मापदण्ड भनेकै उनीहरूले कानुनको शासनको परिपालना गरेका छन् कि छैनन् भन्ने कुराबाट साबित हुन्छ। संसद्, कानुन र नेपालको मानवअधिकारप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता र जवाफदेहिताभन्दा माथि तथाकथित सातदलीय सहमति हावी हुन्जेल यो अन्योलको उपचार देखिँदैन।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०६४ फागुन ७

आभार

मानवअधिकार वर्षपुस्तक २००८ तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दूतावास, इको तथा ईईडीप्रति आभार व्यक्त गर्दछौं। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूको विवरण सङ्कलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरू विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्षपुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नुहुने तमाम संस्था तथा व्यक्तिहरूमा धन्यवाद ज्ञापन गर्दछौं। सन् २००७ को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक पार्टी, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेसागत सङ्घ-संस्थाहरूप्रति आभार प्रकट गर्दछौं।

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १ सन् २००७ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन १

परिच्छेद २ शान्ति प्रक्रियाका उतार चढाव १३

परिच्छेद ३ राज्य र मानवअधिकार

३.१ न्यायपालिका ४५

३.२ कार्यपालिका ७७

३.३ व्यवस्थापिका ९३

अनुसूचीहरू

अनुसूची १ सन् २००७ र मानवअधिकार उल्लङ्घनका तथ्यहरू

१. पूर्वाञ्चल ११९

२. मध्यमाञ्चल २४७

३. पश्चिमाञ्चल ३८१

४. मध्यपश्चिमाञ्चल ४३५

५. सुदूरपश्चिमाञ्चल ५०३

अनुसूची २ मानवअधिकार उल्लङ्घन तथ्याङ्क २००७ ५४३

अनुसूची ३ सन् २००७ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीको धारणा ५५५

अनुसूची ४ सन् २००७ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा ५६७

अनुसूची ५ शान्ति प्रक्रियासम्बन्धी दस्तावेजहरू ५७५

अनुसूची ६ क्रिया/प्रतिक्रिया ५८६

अनुसूची ७ वर्षपुस्तक २००८ तयारीका क्रममा संलग्न व्यक्तिहरू ६०५

परिच्छेद

१

सन् २००७ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

सन् २००७ मा राज्यबाट भन्दा गैरराज्यपक्षबाट बढी हत्याका घटना भए। विगतका केही वर्षहरूका तुलनामा यस वर्ष राज्यका तर्फबाट बन्दुक निकै कम चल्यो। तर, राज्यकै अनुपस्थितिका कारण व्यक्तिको बाँच्न पाउने अधिकारको व्यापक उल्लङ्घन हुन गयो। वर्षभरिमा राज्यबाट ३७ र गैरराज्यपक्षबाट ५ सय १४ जना मारिए। राज्यपक्षबाट गोली चलाई हत्या गरिएको वा अन्य प्रकारका बल प्रयोग गरिएका घटना ज्यादै कम भए। तर, मानवअधिकार उल्लङ्घनका घटनामा राज्यपक्षको संलग्नता अत्यन्त न्यून भएको वर्ष २००७ मा सशस्त्र गैरराज्यपक्ष मानवअधिकार ज्यादतीमा निकै अगाडि देखियो। राज्यको अकर्मण्यता र निष्क्रियताका कारण दण्डहीनता र अपराधले यस वर्ष चुलिने मौका पायो।

आमजनताको बाँच्न पाउने अधिकारको रक्षाका निम्ति खासगरी मधेसमा राज्यको उपस्थिति अत्यन्त न्यून रह्यो। मूलत: मधेसका मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी १० ओटा जिल्लामा गैरराज्यपक्षबाट व्यापक हिंसा भएको देखियो। उल्लिखित जिल्लाहरूमा राज्यपक्षबाट २९ जना मारिए भने माओवादीबाट तीन जना, जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट २३ जना, जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट ३९ जना, मधेसी टाइगर्सबाट चार जना, मधेसी जनअधिकार फोरमबाट २९ जना मारिए। ती जिल्लाहरूमा आमजनता व्यक्तिहत्या र अपहरणजस्ता अपराधहरूबाट आक्रान्त भए। तराईका कतिपय स्थानबाट पहाडी मूलका बासिन्दाले विस्थापितसमेत हुनुपऱ्यो। आफूलाई राजनीतिक दल दाबी गर्ने कतिपय समूह तराईमा फिरौतीका लागि अपहरणमा समेत संलग्न रहे। सन् २००७ मा मुलुकभरि १ हजार ७ जनाको अपहरण भएकोमा ३ सय ४३ जनाको तराईका उल्लिखित १० ओटा जिल्लाहरूमा भएको थियो।

माओवादीहरू सरकारमा पुगे। तर, उनीहरूले अपहरण, जबरजस्ती चन्दा असुलीजस्ता गतिविधि जारी राखे। जिल्ला-जिल्लामा कानुन तोड्ने माओवादी

सन् २००७ मा राज्य तथा गैरराज्यपक्षबाट मारिएकाहरूको सङ्ख्या



कार्यकर्ताहरूले सजाय नपाएका उदाहरणहरू वर्ष २००७ मा पनि प्रशस्त अभिलेख गरिएका छन्।

वर्ष २००७ मा लोकतान्त्रिक आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्ने विषयमा व्यापक बहस र छलफल भए। तर, ती उपलब्धिहरूलाई संस्थागत तुल्याउने दिशामा सात दलबीच गम्भीर गृहकार्य भएको देखिएन। सात दलबीचको खिचातानीमै वर्ष बित्यो। लोकतन्त्रलाई संस्थागत गर्ने क्रममा संविधानसभाको निर्वाचन सम्पन्न गराउने दायित्वका अतिरिक्त सुरक्षा क्षेत्रको सुधार र विगतमा भएका मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनको निर्क्योलका लागि पनि राज्यबाट आवश्यक पहल हुन सकेन। वर्षको मध्यमा एक जना मानवअधिकार रक्षकले सार्वजनिक रूपमा टिप्पणी गरेका थिए, 'नेपाल सेनालाई अझै लोकतान्त्रिकीकरण गरिएको छैन, अन्तरिम संविधानले राजाको भूमिका स्वीकार गरेको छैन। तर, उनी अझै सेनालाई नियन्त्रण गरिरहेका छन्।'[१] वर्षको अन्त्यमा संविधान संशोधन गरी गणतन्त्रको घोषणा गरिएको भए पनि त्यो अवस्थामा तात्त्विक अन्तर नआएको आमधारणा थियो।

अघिल्लो वर्षको अन्त्यतिर नेपालगञ्जमा दु:खद हिंसा भएको थियो। त्यसपछि वर्ष २००७ को सुरुआतमै रौतहटमा माओवादी र मधेसी जनअधिकार फोरमका कार्यकर्ताबीच भएको झडपमा माओवादीका २७ जना कार्यकर्ता मारिए। उक्त घटनाले शान्ति प्रक्रियामा प्रवेश गरेको नेपालको भावी चुनौतीको सङ्केत गऱ्यो। वर्षभरि नै उक्त घटनाले उत्पन्न गराएको चिन्ताका वरिपरि विभिन्न छलफल भए। अपराधीहरूले खुलेआम छुट पाएका कैयन घटनाहरूभैँ उक्त घटनाले पनि दण्डहीनतालाई प्रश्रय दियो।

राज्यको पुन:संरचना गर्न, लोकतान्त्रिक शासन व्यवस्था सुनिश्चित गर्न, राज्यका सबै अङ्गमा कानुनबमोजिमको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न, जनताको सार्वभौम सत्तालाई संस्थागत गर्न, नागरिकलाई अझ बढी अधिकारसम्पन्न बनाउन तथा राजसंस्थाको भविष्य निर्क्योल गर्न संविधानसभाको आवश्यकता परेको कुरामा कुनै विवाद रहेन। तर, संविधानसभाको निर्वाचन सम्पन्न गराउने प्रमुख दायित्व पाएको सरकारले वर्षको अन्त्यसम्मै आमजनतालाई निर्वाचनप्रति विश्वस्त तुल्याउन सकेन।

गएको वर्षको अन्त्यतिर भएको विस्तृत शान्ति सम्झौताबमोजिम गठन हुनुपर्ने राष्ट्रिय शान्ति तथा पुन:स्थापन आयोग एवम् उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग वर्ष २००७ मा पनि बन्न सकेनन्। शान्ति सम्झौताको पालना गरिएन र पालना नभएको दोष एमाले-काङ्ग्रेस र माओवादीले एकअर्कालाई लगाए। राज्य पुन:संरचना आयोग, वैज्ञानिक भूमिसुधार आयोग, उच्चस्तरीय अनुगमन आयोग आदि कुनै पनि निकाय वर्षको अन्त्यसम्मै बन्न सकेनन्।

सत्य निरूपण तथा मेलमिलाप आयोगका सम्बन्धमा व्यवस्था गर्न सरकारका तर्फबाट व्यवस्थापिका संसद्मा एउटा विधेयक प्रस्तुत गरियो। तर विधेयक संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार कानुन, प्रस्ताव तथा घोषणा, जेनेभा महासन्धि एवम् मानवअधिकारसम्बन्धी स्थापित मान्यता र अभ्यासहरूको वेवास्ता गरी तयार गरिएको ठहर मानवअधिकार संस्थाहरूले गरे।

यस वर्ष मधेसी जनअधिकार फोरम र जनजाति महासङ्घ दुवैसँगको सम्झौतामा सरकारले नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्तायुक्त प्रदेशहरूसहितको सङ्घीय शासन प्रणालीको व्यवस्था गर्ने सहमति कायम गऱ्यो। तर, सम्झौताका पक्षहरू फोरम र जनजाति महासङ्घ दुवैले वर्षभरि नै सरकारको विश्वास गरेनन्।

शान्ति प्रक्रियाका उतार चढाव

वर्षको अन्त्यतिर सात दलबीच भएको नयाँ सम्झौताले शान्ति प्रक्रियालाई पुन: गोरेटोमा ल्यायो। अन्यथा शान्ति प्रक्रिया कुनै पनि बेला भाँडिन सक्ने आशङ्का राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा फिँजिएको थियो। वस्तुत: वर्षको अन्त्यतिरसम्मै सात दलभित्रका पार्टी वा नेताहरूले कैयनपटक देशमा शान्ति प्रक्रिया अघि बढिरहेको छ भन्ने नै बिर्सिएर अभिव्यक्ति दिएजस्तो अनुभव गरिएको थियो। उनीहरूले एकअर्काप्रति शान्ति

१. इन्सेक। सुशील प्याकुरेल। टुवार्डस् बिल्डिङ् कन्सेन्सस् अन स्टेट रिस्ट्रक्चरिङ्। नेसनल वर्कसप रिपोर्ट। ६-८ जून २००७, काठमाडौँ।

प्रक्रिया चलिरहेका बेलामा दर्शाउनुपर्ने जस्तो संवेदनशीलता देखाउन सकेका थिएनन्। सातदलीय मोर्चा शान्ति प्रक्रियाको गति बढाउन, व्यवस्थित छलफल र सामूहिक उत्तरदायित्व बहन गर्ने कुरामा वर्षभरि नै सजग देखिएन। यद्यपि, वर्ष २००७ लाई रूपान्तर प्रयासको वर्ष वा सङ्क्रमणकालीन कालखण्डका रूपमा बुझ्न सकिन्छ। तर, दलहरूले यस्तो कालखण्डमा दर्शाउनुपर्ने परिपक्वता भने दर्शाएनन्।

यही असहज अवस्था र वर्षको अन्त्यमा देखिएको आशाको किरणलाई समेटेर यसपटक वर्षको उल्लेख्यको शीर्षक शान्ति प्रक्रियाको उतार चढाव चयन गरिएको छ। यस परिच्छेदमा वर्ष २००७ मा शान्ति प्रक्रियाको समग्र स्थितिको समीक्षा गर्ने जमर्को गरिएको छ।

कानुनको शासनको अवहेलना

कानुनको शासनको अवहेलना पनि वर्ष २००७ को त्यत्तिकै उल्लेखनीय प्रवृत्तिका रूपमा देखियो। सरकारमा रहेको प्रमुख पार्टी माओवादीका कार्यकर्ता नै कानुन तोड्ने प्रतिस्पर्धामा अगाडि देखिन थालेपछि अवस्था झनै भयावह हुन पुग्यो। माओवादीहरू अराजक अवस्था निम्त्याउन कतिसम्म अग्रसर भए भन्ने बुझ्न दोलखाको उदाहरण पर्याप्त छ। एक जना पूर्व जिविस सभापतिलाई वाईसीएल कार्यकर्ताहरूले मोसो दलेर अपमानित गरेपछि प्रशासन कारबाही गर्न अघि सऱ्यो। तर, त्यही कारण प्रमुख जिल्ला अधिकारीलाई माओवादीहरूले कार्यकक्षमै पुगेर कुटपिट गरे।

अघिल्लो वर्ष माओवादी शान्ति प्रक्रियामा सामेल भयो। तर, वर्ष २००७ मा माओवादीहरूकै पदचिन्ह पछ्याएर हिंसात्मक गतिविधि फैलाउने खासगरी मधेसका कैयन सशस्त्र समूहहरूका कारण आमजनताले भयग्रस्त हुनुपऱ्यो। त्यस अर्थमा माओवादीहरूले आफू शान्तिपूर्ण बाटोमा आएर अरूलाई हिंसाको हस्तान्तरण गरे।

अन्तरिम व्यवस्थापिकामा काङ्ग्रेसको प्रतिनिधित्व गर्ने नरेन्द्र बमसहित दुई जनालाई भ्रष्टाचार गरेको आरोपमा माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। दोषीहरूलाई कारबाही गर्न माग गर्दै पीडितले जिल्ला प्रशासन कार्यालय बैतडीमा उजुरी दिए। तर, उजुरीको आधारमा प्रशासनले कसैलाई पनि कुनै कारबाही गरेन।

दण्डहीनतालाई वर्षभरि नै प्रश्रय दिइयो। त्यसको अन्त्यका लागि कुनै प्रयास भएको पाइएन।



असुरक्षाको स्थिति दिनपरदिन बढेर गयो। शान्ति सुरक्षाको अवस्था सन् २००७ मा राज्यको गम्भीर चुनौतीका रूपमा देखा पऱ्यो। सुरक्षाकर्मीहरूको गिरेको मनोबल र उदासिनता, तराईमा फैलिरहेको हिंसात्मक गतिविधि अनि माओवादीको न्यायकर्ता नै हामी हौं भन्ने भावनाका कारणबाट शान्ति सुरक्षाको अवस्था चिन्ताजनक रह्यो। हामीले 'वर्षको उल्लेख्य'मा यस विषयमा पनि छलफल गरेका छौं।

जिल्ला विकास समिति, रुकुमका पूर्व सदस्य बखतबहादुर मल्ललाई त्यही गाविसका इन्द्र रोकाको हत्या गरेको आरोपमा माओवादी जनसेनामा कार्यरत भरम रोका र उनका दाजुभाइ धनसिंह रोका, बलु रोका र सुन्दरलाल रोकाले धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडितको लाससमेत उनीहरूले गायब पारे। 'हत्याको बदला हत्या' को यस्तो घटनाका पीडकहरू माओवादीको नियन्त्रणमै सुरक्षित रहे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा किटानी उजुरी दिए पनि प्रहरीले वर्षको अन्त्यसम्म उनीहरूलाई पक्राउ गरेन।

भरौल मावि भटना, बैतडीका विद्यालय व्यवस्थापन समिति अध्यक्ष गौतम भट्टले माओवादीबाट सिफारिस गरिएका व्यक्तिलाई शिक्षकमा नियुक्त गर्न मानेनन्। वाईसीएललाई पुगिहाल्यो। उनीमाथि कुटपिट मात्र गरिएन, उनले विस्थापित नै भएर सदरमुकाम पुग्नु पऱ्यो। तर, उजुरी दर्ता गरिँदा पनि जिल्ला प्रशासनले कुनै कारबाही अघि बढाएन।

शान्ति सुरक्षा र कानुनी शासन कायम राख्न राज्य दुर्गम भेगमा मात्र होइन, सदरमुकाम र राजधानीमा समेत असफल भएको प्रस्टै देखियो। काठमाडौंलगायत देशका विभिन्न स्थानमा आपराधिक समूहबाट बालबालिकालाई अपहरण गर्ने, फिरौती माग गर्ने र हत्या गर्ने घटनामा वृद्धि भएको प्रस्टै देखियो। राजधानीमा यस वर्ष (अक्टोबरको मध्यसम्ममा) भएका 'आठओटा बालबालिका अपहरणका घटनामा दुईदेखि १२ वर्षसम्मका १० जना बालबालिका पीडित भए।



तीमध्ये तीन जनाको बर्बरतापूर्वक हत्या गरियो। सार्वजनिक सवारीसाधन र सार्वजनिक स्थललाई लक्षित गरेर राजधानीका विभिन्न ठाउँमा गराइएको विस्फोटमा तीन जनाको मृत्यु हुनुका साथै कम्तीमा २७ जना घाइते भए।

राजधानीलगायत तराईका जिल्लाहरूमा दिनपरदिन बढेर गएको आपराधिक क्रियाकलापको अन्त्य गर्न सरकारले वर्षको अन्त्यतिर केही प्रयास गऱ्यो। जसअनुसार, विभिन्न १० ओटा जिल्लाहरूमा सरकारले विशेष सुरक्षा बल परिचालन गऱ्यो। राजधानीलगायत तराईमा हत्या, अपहरण र हिंसात्मक घटनामा वृद्धि भएपछि सरकारले विशेष सुरक्षा योजना लागू गरेको बताइयो। जनपद प्रहरी र सशस्त्र प्रहरी सम्मिलित विशेष सुरक्षा बल परिचालन गरिएपछि आपराधिक क्रियाकलापमा कमी आएको र सुरक्षा स्थितिमा सुधार आएको जिल्लाका अधिकारीहरूले दावी गरेका थिए। विशेष सुरक्षा बल खटाइएपछि उक्त बलका विरुद्धमा सशस्त्र समूहहरूका गतिविधि बढेका समाचार विभिन्न सञ्चारमाध्यममा छाए। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह), गोइत समूहलगायतले 'तराईको आन्दोलनलाई दबाउनका लागि बल परिचालन गरिएको' बताए। विशेष सुरक्षा बल परिचालनबाट आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने नाममा मानवअधिकारको उल्लङ्घन नहोस् भन्ने कुरामा मानवअधिकार समूदायद्वारा सरकारलाई सचेत गराएको थियो।

चुनावसम्बन्धी अधिकारको अनिश्चित अवस्था

चुनाव हुन्छ भन्ने वातावरण र विश्वास वर्षभरि नै कायम हुन सकेन। राजनीतिक असहिष्णुता र दलहरूबीचको खिचातानी संविधानसभा निर्वाचनको सबैभन्दा ठूलो तगारो बन्यो। राजनीतिक गतिरोधका कारण तोकिएको मितिमा चुनाव हुन सकेन। संविधानसभाको निर्वाचन गराउने गृहकार्यका क्रममा पटक-पटक अन्तरिम संविधान-२०६३ संशोधन गरियो। तर, सहमतिका आधारमा सरकार र राजनीतिक पार्टीहरू अगाडि नबढेपछि संविधानसभाको निर्वाचनमा अवरोधहरू सिर्जना हुँदै गए।

मधेसी टाइगर्सबाट भएका मानवअधिकार ज्यादती





सन् २००७ मा संविधानसभाको निर्वाचन तोकिएको मितिमा सम्पन्न हुननसक्ने स्थिति तराईमा बढ्दै गएको हिंसाले पनि उन्पन्न गरायो। तराईमा देखिएका विभिन्न सशस्त्र समूहहरूबाट भएका हत्या, अपहरण, विस्थापनलगायतका घटनाहरूले असुरक्षाको वातावरण सिर्जना गरिरहे। सरकारले विभिन्न समूहहरूबाट राखिएका मागहरूको सही रूपमा सम्बोधन गर्न नसक्दा नागरिकको बाँच्न पाउने अधिकार जोखिममा पऱ्यो। संविधानसभाको निर्वाचनमा तराईको समस्या अवरोधका रूपमा अगाडि आयो। गोइत, ज्वाला सिंहलगायतका समूहहरूका माग राजनीतिकजस्तो देखिए पनि गतिविधि आपराधिक प्रकृतिका देखिए। उनीहरूले मधेसीमाथि भएको शोषणमा पहाडीहरू प्रमुख रूपमा दोषी भएको आरोप लगाएर आफ्ना आक्रमण पहाडी समुदायउपर लक्षित गरे। त्यस्ता समूहका गतिविधिका कारण साम्प्रदायिक सद्भाव खलबल्याउने ठूलो चिन्ता र खतरा उत्पन्न गऱ्यो। कपिलवस्तुमा पहिलेका माओवादी प्रतिकार समूहका मोहित खाँको हत्या भएपछि मच्चिएको साम्प्रदायिक हिंसाले पनि तनावको स्थिति सिर्जना गऱ्यो। तराईका सशस्त्र समूहहरूले आमजनताको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूको उल्लङ्घन गरेका घटना पनि वर्षपुस्तक २००८ मा अभिलेखित छन्।

दोस्रोपटक निर्वाचनको मिति तय गरिएपछिका दिनमा माओवादीले व्यवस्थापिका-संसद्बाटै गणतन्त्र घोषणा गर्नुपर्ने कुरा बेलाबेला उठाउँदै आएको थियो। माओवादीका अध्यक्ष प्रचण्डले गणतन्त्रको घोषणा नभएसम्म संविधानसभाको निर्वाचन हुन नसक्ने अडान प्रस्तुत गरे। माओवादीहरूले सिर्जना गरेको व्यवधानका कारण रद्द भएको संविधानसभा निर्वाचनको मिति पुनः तोक्नका लागि पार्टीहरूबीच पटक-पटक वार्ता सम्पन्न भयो। सात दलका नेताहरूले चुनावको कुरा गर्न छाडेनन्। तर, वर्षको अन्त्यसम्मै आमजनतालाई उनीहरूले चुनाव पक्कै हुन्छ भन्ने विश्वास दिलाउन सकेनन्। 'वर्षको उल्लेख्य' मा यस विषयमा पनि चर्चा गरिएको छ।

आमजनताको निर्वाचनसम्बन्धी अधिकार वर्षभरि नै अनिश्चित बन्यो। जनआन्दोलनबाट अभिव्यक्त जनआकाङ्क्षाबमोजिमको संविधानसभा निर्वाचन नभएको अवस्थामा 'सर्वव्यापी, गोप्य, स्वतन्त्र र आवधिक निर्वाचनमा मतदान गर्ने अधिकार'[१] को ढोका नै खुल्न सकेन। जनआन्दोलन ०६२-६३ बाट प्राप्त अधिकारलाई संस्थागत गर्न राज्यको सबैभन्दा

१ धारा २५, नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, सन् १९६६

ठूलो कार्यभार संविधानसभा निर्वाचन सम्पन्न गर्नु नै थियो। तर, राज्यको अक्षमता र अकर्मण्यताका कारण वर्षको अन्त्यसम्मै निर्वाचनको वातावरण बन्न सकेन।

राज्यका तीन निकाय र मानवअधिकार अवस्था

न्यायपालिका

नेपालको अन्तरिम संविधानको प्रस्तावना राज्यको दायित्व र न्यायपालिकाअन्तर्गतका भागहरूमा स्वतन्त्र न्यायपालिकाको अवधारणा प्रस्ट रूपमा उल्लेख गरिएको छ। तर, यो संविधानले पूर्ण न्यायिक स्वतन्त्रताको सम्मान गर्न नसकेको भन्ने धारणासमेत वर्षभरि सार्वजनिक भइरह्यो। नेपालको अन्तरिम संविधान-२०६३ मा अदालतलाई देशको राजनीति मातहत राखिएको अभिव्यक्ति संविधानविद्हरूले नै दिए। विद्यमान संविधानमा सर्वोच्च अदालतलाई संविधानको व्याख्या गर्न वा संविधानसँग बाझिएको कानुनलाई अमान्य घोषणा गर्न सक्ने अधिकार दिइएको छ। तर, अन्तरिम संविधानको धारा १०० (२) मा उल्लिखित न्यायपालिकाले लोकतन्त्र र जनआन्दोलनको भावनालाई आत्मसात् गर्नुपर्ने प्रावधानका कारण राजनीतिको प्रभाव त पर्ने होइन भन्ने चिन्तासमेत प्रकट हुने गरेको छ।

अन्तरिम संविधानको प्रस्तावनामा स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिए पनि सक्षम न्यायपालिकाको विषय समेटिएको छैन भन्ने धारणा पनि वर्ष २००७ मा मुखरित भयो। संविधानमा न्यायपालिका स्वतन्त्र हुने/नहुने सम्बन्धमा नलेखिए पनि न्यायपालिका नियुक्ति प्रक्रियाबाटै स्वतन्त्र हुनुपर्दछ। तर, न्यायाधीश नियुक्तिको सिफारिसका लागि स्थापित संयन्त्र न्यायपरिषद्को गठन प्रक्रियाबाट पनि न्यायपालिकामा कार्यपालिकाको अलि बढी प्रभाव पर्ने

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट भएका मानवअधिकार ज्यादती



हो कि भन्ने आशङ्का गरियो। न्यायपालिकालाई कार्यपालिका, व्यवस्थापिका, सरकारप्रमुख, राष्ट्रप्रमुख तथा राजनीतिक दलहरूको हस्तक्षेपबाट मुक्त राख्न सके मात्र स्वतन्त्र न्यायपालिकाको कल्पना गर्न सकिन्छ। सर्वोच्च अदालतका न्यायाधीशको पनि संसद्मा सार्वजनिक सुनुवाइ हुने संवैधानिक व्यवस्थाले न्यायालयलाई जनताप्रति उत्तरदायी अवश्य बनाएको छ। तर यसले न्यायपालिकाको स्वतन्त्रतामा पार्नसक्ने असरतर्फ भने अत्यन्त चनाखो हुन जरुरी छ।

यस वर्ष मानवअधिकारको सवालमा विश्वका अन्य न्यायालयहरूले उधृत गर्न सक्ने गुण भएका केही फैसलाहरू नेपालको न्यायपालिकाबाट भए। बेपत्ता नागरिकबारे सर्वोच्च अदालतको फैसलाले घटनाका पीडित र तिनका परिवारको यथार्थ जान्ने, न्याय र क्षतिपूर्ति पाउने अधिकारलाई मान्यता प्रदान गरी अधिकार स्थापित गरिदियो। नेपालमा सशस्त्र द्वन्द्वका क्रममा कैयौँ मानिस बेपत्ता भएको र हालसम्म उनीहरूको अवस्था पत्ता नलागेको अवस्थामा सर्वोच्च अदालतको यो निर्णय महत्त्वपूर्ण र ऐतिहासिक थियो, जसले बेपत्ता पारिएका मानिसका परिवारको न्याय पाउने अधिकारलाई सुनिश्चित गर्‍यो। वर्षको अन्त्यमा तेस्रो लिङ्गीहरूको पहिचान र उनीहरूविरुद्धको भेदभावलाई अन्त्य गर्न तथा उनीहरूको मानवअधिकारको पूर्ण उपभोगका बारेमा गरिएको सर्वोच्च अदालतको फैसलाले समावेशी र भेदभावरहित भावी नेपालको आकाङ्क्षा जाहेर गर्‍यो।

देश नयाँ युगको सँघारमा रहेको अवस्थामा अदालतले समेत जनभावनालाई अँगाल्दै सङ्घीय प्रणालीमा अदालतको स्वरूप, न्यायाधीश, कर्मचारी संरचनालगायतका विषयमा अध्ययन गर्न सर्वोच्च अदालतका न्यायाधीश अनुपराज शर्माको अध्यक्षतामा पाँच सदस्यीय समिति गठन गर्‍यो। न्यायपालिका जनताको परिवर्तनको भावनालाई आत्मसात् गर्न तत्पर रहेको सङ्केत यसबाट मिल्दछ । यस वर्षपुस्तकमा सन् २००७ मा न्यायपालिका र मानवअधिकारबीचको अन्तरसम्बन्ध केलाउने क्रममा यिनै तथ्यहरूको सेरोफेरोमा छलफल गरिएको छ।

कार्यपालिका

मानवअधिकार वर्षपुस्तक २००८ ले विस्तृत शान्ति सम्झौता गरेको वर्षदिन पूरा भए पनि देशको मानवअधिकारको अवस्थामा भने अपेक्षाकृत सुधार नभएको प्रष्ट देखाएको छ। नेपाल र नेपाली जनताको हितविपरीत यस्तो अवस्था रहिरहनुमा सरकार, माओवादी, विभिन्न सङ्गठित समूह जिम्मेवार देखिए। यस अवधिमा राज्य र माओवादी पक्षबाट बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक नगरेर सरकार र माओवादी दुवैले आफूले गरेका सम्झौताको अवमूल्यन गरे। यसबीच शान्ति र सुव्यवस्था कायम नहुनुमा दुवै पक्ष जिम्मेवार रहे। माओवादीले कानुनी शासनको मर्यादालाई किञ्चित गम्भीरताका साथ लिएन भने सरकारले उसलाई कानुन पालना गर्न अग्रसर गराउनुको साटो कतिपय घटनाका दोषीलाई उन्मुक्ति दिएर प्रोत्साहनसमेत गर्‍यो।

विस्तृत शान्ति सम्झौतामा विस्थापितहरूलाई पुनःस्थापना गर्न घर फर्काउने वातावरण बनाउने कुरा उल्लेख गरिएको छ। सो समस्या समाधानका लागि माओवादी जिम्मेवार भएर प्रस्तुत हुन सकेनन्। पटक-पटक वचनबद्धता प्रकट गरेर पनि कैयौँ मानिसहरूको घरजग्गा यस वर्षको अन्त्यसम्मै माओवादीले फिर्ता गरेनन्। माओवादी भ्रातृ सङ्गठन वाईसीएलले कतिपय ठाउँमा समानान्तर प्रशासन सञ्चालन गर्न खोज्यो। वाईसीएलका नाममा माओवादीले अपहरण, कुटपिट, सम्पत्ति कब्जा, चन्दा सङ्कलनजस्ता घटनालाई निरन्तरता दिइराखेबाट उनीहरूको युद्धकालीन व्यवहार कायमै रहेको अनुभूति गरियो।

मानवअधिकार र मानवीय कानुनको उल्लङ्घन गर्नेहरूउपर कारवाही चलाउनुपर्ने मागलाई सरकारले पूरै बेवास्ता गर्‍यो। फौजदारी अभियोगमा कारवाही गरिनुपर्ने मानिसहरूलाई सरकारले भ्रष्टाचारको अभियोगमा कारवाही चलाउने निर्णय गरेर विषयको गम्भीरतालाई घटाउने काम गर्‍यो। सरकारले रायमाझी आयोगले दोषी ठहर्‍याएका केही मानिसहरूलाई कारवाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अनुरोध गर्‍यो। नयाँ कानुन नबनाई रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मा चार महिनादेखि नेतृत्वविहीन अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सरकारले सुम्पियो।

तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष राजा ज्ञानेन्द्रसहित सिङ्गो शाही मन्त्रिपरिषद् र केही मन्त्रीको नामै किटेर राष्ट्रिय ढुकुटी दुरुपयोग गरेकामा कारबाही गर्न सुझाव दिइएको थियो। कमल थापा, टङ्क ढकाल, श्रीषशमशेर राणा, तत्कालीन सेनाप्रमुख प्यारजङ्ग थापा र राष्ट्र ब्याङ्कका गभर्नर विजयनाथ भट्टराईउपर त्यस्तो आरोप लगाइएको थियो। यसरी सरकारले कारबाही प्रक्रिया नै गलत ढङ्गले थालेर रायमाझी आयोगको प्रतिवेदनलाई पनि मल्लिक आयोगको प्रतिवेदनजस्तै पङ्गु बनायो। यस घटनाका कारण दण्डहीनताको संस्कृतिलाई प्रश्रय दिएको आरोपबाट सरकार बच्न सकेन। वर्षपुस्तक २००८ को कार्यपालिका खण्डमा यिनै विषयवस्तुमा चर्चा अघि बढाइएको छ।

व्यवस्थापिका

संशोधित अन्तरिम संविधानले राजा हटाउन सक्ने अधिकार पाएको व्यवस्थापिका-संसद् सैद्धान्तिक दृष्टिले अत्यन्त शक्तिशाली देखिन्छ। राजाले संविधानसभाविरोधी क्रियाकलाप गरेमा उनलाई संसद्को दुईतिहाइ बहुमतले हटाउन सकिने प्रावधान नेपालको अन्तरिम संविधान-२०६३ को दोस्रो संशोधनमा थप गरिएको थियो। यसअघि नेपाल अधिराज्यको संविधान-२०४७ मा राजसंस्थाका विपक्षमा अदालतमा कुनै पनि कुरा बोल्न नपाइने व्यवस्था थियो। अन्तरिम संसद्ले राज्यको सबैभन्दा शक्तिशाली पदमा आसिन व्यक्तिलाई समेत बर्खास्त गर्न सक्ने प्रावधान राखेर जनताभन्दा माथि कोही छैनन् भन्ने मान्यता प्रस्टरूपमा अघि साऱ्यो।

अन्तरिम व्यवस्थापिका-संसद्को पहिलो बैठकले अनुमोदन गरेको अन्तरिम संविधानमा संवैधानिक पदमा नियुक्त हुने व्यक्तिहरूका सम्बन्धमा संसदीय सुनुवाइ गर्ने व्यवस्था गऱ्यो। सुनुवाइ समितिमार्फत सर्वसाधारणले कुनै पनि पदाधिकारीलाई संसद्प्रति जिम्मेवार बनाउने परिपाटी स्थापित गर्ने विश्वास गरिएको छ। तर, संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशमा प्रस्तावित वरिष्ठतम न्यायाधीश



केदारप्रसाद गिरीका सम्बन्धमा संसदीय सुनुवाइ समितिले कुनै निर्णय लिन सकेन।

यस वर्ष संसद्ले बेपत्ता र अपहरणसम्बन्धी विधेयक, सूचनाको हक ऐन-२०६४, श्रमजीवी पत्रकार ऐन-२०६४ पारित गरेर मानवअधिकार संरक्षणमा योगदान पुऱ्यायो। त्यस्तै, बेलबारी हत्याकाण्ड, सांसद कृष्णचरण श्रेष्ठको हत्या प्रकरण र पत्रकार वीरेन्द्र साहको हत्याबारेमा छानबिन गरेर नागरिकको बाँच्न पाउने अधिकारप्रति आफ्नो सरोकार व्यक्त गऱ्यो।

व्यवस्थापिका-संसद्ले संविधानसभा निर्वाचनका लागि आवश्यक कानुनहरू निर्माण गरेर आफ्नो उत्तरदायित्व पूरा गऱ्यो। संसदीय पद्दतिमा अभ्यस्त भइनसकेका माओवादीहरूका कारण संसदीय अभ्यासमा अप्ठ्यारो पनि उत्पन्न भयो। तर, समग्रमा हेर्दा व्यवस्थापिका-संसद्ले नेपाली राजनीतिमा जनताको सर्वोच्चता स्थापित गर्ने आफ्नो दायित्व पूरा गर्ने कोसिस गरिरहयो।

निष्कर्ष र सुझाव

सम्झौता कार्यान्वयन नगर्ने सरकारको शैली वर्ष २००७ उल्लेखनीय रहयो। नेपालगञ्जको दु:खद हिंसाको घटनालगत्तै खासगरी मधेसमा भय र अनिश्चितता उत्पन्न भएको पृष्ठभूमिमा सुरु भएको वर्ष २००७ भरि हिंसाका सिकार सर्वसाधारणको रक्षाका निम्ति राज्य सजग र सक्रिय हुन सकेन।

फितलो शान्ति सुरक्षाको अवस्थाका आधारमा यतिबेला संविधानसभा निर्वाचनमा हिंसाका घटनाहरू हुन सक्ने आकलन गर्न सकिन्छ। त्यस्तो अवस्थाको रोकथामका निम्ति राज्यको सजगता जरुरी छ। वर्षको अधिकांश समय आफ्नो थप क्षेत्राधिकारको माग गरिरहने संयुक्त राष्ट्रसङ्घीय मिसन अनमिनले पनि प्राप्त क्षेत्राधिकारभित्र रही नेपालको शान्ति प्रक्रियालाई सघाउन विशेष सजगता दर्शाउन जरुरी छ। राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले राजाको प्रत्यक्ष शासनकालमा जस्तो मानवअधिकार समुदायसँग समन्वय कायम गरी काम गरेको सन् २००७ मा देखिएन। तर, यसले वर्ष २००७ मा पनि मानवअधिकार अनुगमन र उल्लङ्घनकर्ताहरूलाई जनाउ दिने कार्य जारी राख्यो।

राष्ट्रिय मानवअधिकार आयोग वर्षको अन्त्यसम्मै अलमलमा परिरहेजस्तो देखियो। विभिन्न गैरसरकारी मानवअधिकार संस्थाहरूसँग समन्वय कायम गरी राजाको प्रत्यक्ष शासन कालमा गुमेको आफ्नो विश्वसनीयता आर्जन गर्नु आयोगको प्रमुख कार्यसूची हुनुपर्ने थियो। तर, वर्षको अन्त्यसम्मै न विश्वसनीयता आर्जन गर्ने काममा, न त विगतका उजुरीहरूका आधारमा कारबाहीलाई द्रूत बनाउने काममा आयोगले आफूलाई तल्लीन बनाउन सक्यो।

जनआन्दोलनको कार्यादेशमा बनाइएको अन्तरिम संविधानमा प्रत्याभूत गरिएका अधिकारहरूको बहाली गराउने प्रबन्ध मिलाउनु राज्यको दायित्व थियो। तर, प्रत्याभूत गरिएका अधिकारहरूको कार्यान्वयन भने वर्षभरि नै प्रभावकारी रूपमा हुन सकेन।

नेपालको अन्तरिम संविधान-२०६३ मा प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा नि:शुल्क रूपमा पाउने हक हुनेछ भनी नागरिक हकको व्यवस्था गरियो। त्यसैअनुरूप स्वास्थ्य सेवामा नेपाली जनताको पहुँच पुऱ्याई स्वस्थ समाजको निर्माण र गुणस्तरयुक्त जीवन यापन गर्ने अवसर उपलब्ध गराउन नेपाल सरकार कटिबद्ध भएको पनि बताइयो। सरकारले सन् २००७ मा २५ शय्यासम्मका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्रहरूमा गरिब र असहाय बिरामीहरूलाई अत्यावश्यकीय स्वास्थ्य सेवा नि:शुल्क प्रदान गर्ने कार्यक्रम सबै जिल्लामा विस्तार गर्ने योजना पनि तय गऱ्यो तर, त्यसअनुसार कार्यान्वयनमा भने समस्या देखियो।

संविधानमा पटक-पटक संशोधन गरी विभिन्न ठाउँहरूबाट उठेका आवाजहरूको सम्बोधन गर्न प्रयास गरियो। तर, अन्तरिम संविधानको इमानदार कार्यान्वयन गर्ने सवालमा सरकार चुकेका उदाहरणहरू कैयन देखिए। सरकारमै रहेको माओवादीले त संविधान र कानुनी शासनको खुलेआम उल्लङ्घन गऱ्यो।

नेपालको विद्यमान शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन संविधानसभाको निर्वाचन अपरिहार्य छ। राजनीतिक स्थिरता, मानवअधिकार र सामाजिक न्यायको ढोका नयाँ संविधान निर्माणका लागि हुने संविधानसभा निर्वाचनको सफलतासँगै खुल्नेछ। तर, सात दल र सरकार आफ्नो यति गुरुत्तर दायित्वप्रति वर्षभरि नै अपेक्षा गरिएअनुरूप गम्भीर देखिएनन्।

कुन्दन अर्याल
प्रधान सम्पादक

फोटो : किरण पाण्डे

यस वर्षको उल्लेख्यः

परिच्छेद

२

शान्ति प्रक्रियाका उतार चढाव

घटनाक्रम

(०६३ पुस १७ देखि ०६४ पुस १६)

०६३ पुस २३ गते

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा वार्ताका लागि नौओटा माग प्रस्तुत, राष्ट्रसङ्घको नेतृत्वमा सात दल, सरकार र माओवादीद्वारा लिखित निर्णय गरी आफ्ना माग संसद्बाट पारित गरिए सरकारसँग वार्ता गर्ने विज्ञप्तिमार्फत जानकारी।

माघ २ गते

अन्तरिम संविधान-२०६३ का केही प्रावधान मधेसविरोधी रहेको भन्दै मधेसी जनअधिकार फोरमद्वारा माइतीघर मण्डलामा संविधान जलाई प्रदर्शन। २८ जना पक्राउ।

माघ ४ गते

माओवादी अध्यक्ष प्रचण्डद्वारा जनअदालत र जनसरकार भङ्ग गरिएको घोषणा।

संयुक्त मधेसी सङ्घर्ष समितिद्वारा प्रधानमन्त्रीलाई ज्ञापनपत्र। संविधान जलाएको आरोपमा गिरफ्तार भएकाहरूलाई माघ ५ गतेसम्म रिहा नगरे मधेसभरि आन्दोलन गर्ने अल्टिमेटम।

माघ ५ गते

मधेसी जनअधिकार फोरम र माओवादी कार्यकर्तावीच सिराहाको लहानमा झडप। माओवादीद्वारा चलाइएको गोली लागि न्यु मनकामना बोर्डिङ् स्कुलमा १० कक्षामा अध्ययनरत १६ वर्षीय रमेशकुमार महतोको मृत्यु।

अन्तरिम संविधानको विरोधमा आदिवासी जनजाति महासङ्घ र सात राजनीतिक दलसम्बद्ध मोर्चा आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिद्वारा आन्दोलनको घोषणा।

माघ ८ गते

लहानमा रमेशकुमार महतोको हत्यापछि मधेसी जनअधिकार फोरम र माओवादीबीच भएको झडपलाई नियन्त्रण गर्ने क्रममा प्रहरीको गोली लागी थप दुई जनाको मृत्यु।

माघ ९ गते

लहान घटनामा गल्ती भएको स्वीकार गर्दै माओवादी अध्यक्ष प्रचण्डद्वारा दोषीलाई कारवाही गरिने अभिव्यक्ति।

निर्वाचन आयोगमा निर्वाचन पद्धति कस्तो अवलम्बन गर्ने भन्ने विषयमा दलहरूबीच मतभेद।

माघ १० गते

बालुवाटारमा आयोजित चियापान समारोहमा सिराहामा उत्पन्न समस्या समाधान गर्नका लागि वार्तामा आउन प्रधानमन्त्रीको आग्रह।

मधेसी जनअधिकार फोरमद्वारा सङ्घीय र समानुपातिक निर्वाचन प्रणाली नभए आन्दोलन जारी राख्ने घोषणा।

माओवादीद्वारा प्रमाणीकरण टोलीलाई आफ्नो अनुकूलताका लागि दबाब दिएपछि काम गर्न नसकिने भन्दै चितवनको शक्तिखोरमा दर्ता र भण्डारण स्थगित। पार्टीको राष्ट्रिय प्रशिक्षण कार्यक्रमका कारण प्रमाणीकरण रोकिएको माओवादीको भनाइ।

माघ ११ गते

निर्वाचन प्रणालीका विषयमा निर्वाचन आयोगमा दलहरूबीच भएको छलफल बिनानिष्कर्ष सम्पन्न। शीर्ष नेताद्वारा टुङ्गो लगाइने निर्णय।

माघ १२ गते

प्रधानमन्त्री र प्रचण्डबीच बालुवाटारमा वार्ता। तराई समस्या समाधानका लागि आठ दलले साझा धारणा बनाउने निर्णय।

माघ १५ गते

आठ दलको बैठक। सङ्घीय राज्य तथा जनसङ्ख्या र भूगोलका आधारमा निर्वाचन प्रणालीमा जान सहमत।

मधेसका समस्याप्रति आठ दल सहमत नभएको भन्दै वाणिज्य तथा आपूर्तिमन्त्री हृदयेश त्रिपाठीद्वारा राजीनामा।

माघ १६ गते

आठ दलको बैठक। मधेसी र आदिवासी जनजातिले उठाएको मागलाई सम्बोधन गर्दै संविधानसभामार्फत सङ्घीय लोकतान्त्रिक शासन प्रणालीमा जाने सार्वजनिक प्रतिबद्धता जाहेर गर्ने सहमति। निर्वाचन क्षेत्रबारेमा सहमति भएन।

माघ १७ गते

प्रधानमन्त्रीबाट राष्ट्रका नाममा सम्बोधन। जनसङ्ख्या बढेका जिल्लामा निर्वाचन क्षेत्र थपिने। नयाँ नेपालमा सबै जातजाति, वर्ग र क्षेत्रका जनताको प्रतिनिधित्व हुने। वार्तामा आउन मधेसी, आदिवासीलाई आह्वान।

माघ २० गते

मधेसी जनअधिकार फोरमद्वारा सरकारसँग वार्ता गर्नका लागि सीतानन्दन रायको संयोजकत्वमा चार सदस्यीय वार्ता टोली गठन।

माघ २३ गते

संविधानसभाका लागि निर्वाचन क्षेत्रको

पुन:निर्धारणका सवालमा सहमति हुन नसकेपछि मधेसका समस्यालाई सम्बोधन गर्न बसेको आठ दलको बैठक बिनानिष्कर्ष सम्पन्न। एमालेको समानुपातिक निर्वाचन प्रणाली र नेसपा (आ.) को जनसङ्ख्याको समानुपातिक आधारमा निर्वाचन क्षेत्र पुन: निर्धारण हुनुपर्ने अडान।

माघ २४ गते

प्रधानमन्त्रीद्वारा राष्ट्रका नाममा दोस्रोपटक सम्बोधन। अन्तरिम संविधान तत्काल संशोधन गरी मुलुकलाई सङ्घीय लोकतान्त्रिक राज्य प्रणालीमा लैजाने र तराईमा निर्वाचन क्षेत्र बढाउने घोषणा ।

माघ २५ गते

प्रधानमन्त्रीको सम्बोधनपछि फोरम र नेसपा (आ.) द्वारा २४ दिनदेखि तराईमा जारी आन्दोलन फिर्ता।

माघ २७ गते

राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट अनमिन प्रमुखमा इयान मार्टिन नियुक्त।

माघ २८ गते

आदिवासी जनजाति महासङ्घद्वारा सरकारसँग वार्ताका लागि डा. ओम गुरुङको संयोजकत्वमा डा. कृष्णबहादुर भट्टचन, सोमा राई, कृपासुर शेर्पा, भुलाई चौधरीसहित पाँच सदस्यीय समित गठन।

फागुन १ गते

नौ सूत्रीय मागमा केन्द्रित रहेर सरकारसँग वार्ता गर्न सहमत भएको ज्वाला सिंहको भनाइ।

फागुन ५ गते

काङ्ग्रेस, एमाले, काङ्ग्रेस (प्र.) को बालुवाटारमा बैठक। अन्तरिम संविधान संशोधनमा समेट्नुपर्ने मुख्य विषयमा सहमति बनेन।

फागुन ६ गते

बालुवाटारमा आठ दलको शीर्ष बैठक। प्रधानमन्त्रीको सम्बोधनमा उल्लेख गरिएका विषय समेटेर अन्तरिम संविधान संशोधन गर्ने सहमति।

फागुन ८ गते

आठ दलको कार्यदलको बैठक। अस्थायी बसोवास गर्दै आएका सबै मतदातालाई मताधिकार खुला नगरी सीमितका लागि मात्र वैकल्पिक व्यवस्था गर्ने, अपाङ्ग र आफ्नो क्षेत्रमा जान नसक्नेलाई मात्र वैकल्पिक व्यवस्था गरिने सहमति।

फागुन ९ गते

सरकारद्वारा आवश्यक खर्च नदिएको भन्दै माओवादी तेस्रो डिभिजन शक्तिखोरका २ हजार १ सय छापामार तथा इलामको चुलाचुलीका छापामार बिहान शिविर बाहिर। अनमिनद्वारा शान्ति सम्झौता उल्लङ्घन भएको धारणा व्यक्त।

माओवादीद्वारा शान्ति सम्झौतापछि पनि बालबालिकाको प्रयोग, भर्ती र अपहरण जारी राखेको राजधानीमा सार्वजनिक गरिएको राष्ट्रसङ्घका महासचिव बान की मुनको प्रतिवेदन। प्रतिवेदनमा युद्धविरामयता माओवादीका तर्फबाट बालबालिकाको भर्ती, प्रयोग र अपहरण गर्ने कार्य गम्भीर सरोकारको विषय रहेको प्रतिवेनमा उल्लेख।

फागुन १० गते

आठ दलको कार्यदलको बैठकमा अस्थायी बसोवास गरेकालाई छुट्टै मतादाता बनाउँदा समस्या उत्पन्न हुने निष्कर्ष। अस्थायी बसोवास गर्ने मतदानबाट वञ्चित हुने ।

ओएचसीआरको आग्रहलाई सरकार, नेपाली सेना र माओवादीले बेवास्ता गर्दै आएको उच्चायुक्त लुइस आर्बरको प्रतिवेदन।

फागुन ११ गते

अनमिनद्वारा माओवादी सेनाको पहिलो चरणको हतियार र छापामार दर्ता प्रक्रिया सम्पन्न भएको जानकारी। शिविरमा ३० हजार ८ सय ५२ छापामार र ३ हजार ४ सय २८ हतियार।

फागुन १३ गते

बेपत्ता परिवार समाजद्वारा प्रधानमन्त्रीलाई बेपत्ता पारिएकाहरूको नाम सार्वजनिक नगरेको भन्दै ज्ञापनपत्र प्रस्तुत।

फागुन १४ गते

सरकार र जनजातिबीच वार्ता। जनजातिद्वारा गोलमेच सम्मेलनको माग।

फागुन २२ गते

आठ दलका दोस्रो वरियताक्रमका नेताको बैठक। संविधान दुई चरणमा संशोधन गर्ने सहमति। पहिलो चरणमा प्रधानमन्त्रीको सम्बोधनअनुरूप राखिएको संशोधन प्रस्ताव र दोस्रो चरणमा मधेसी, जनजाति तथा विभिन्न पार्टीद्वारा राखिएका प्रस्तावअनुरूप संशोधन गर्ने निर्णय।

फागुन २३ गते

आठ दल र सरकारले राजनीतिक निर्णयमा ढिलाइ गरेका कारण संविधानसभा चुनावको तयारीसम्बन्धी कामकारबाही अवरुद्ध भएको निर्वाचन आयोगका अधिकारीहरूको भनाइ।

फागुन २८ गते

राष्ट्रसङ्घले नियमअनुसार दर्ता गर्न नमिल्ने हजारौं हतियार र लडाकू शिविरबाहिर रहेको प्रचण्डको भनाइ।

फागुन २९ गते

प्रमुख चार दलका शीर्ष नेताको बालुवाटारमा बैठक। अन्तरिम सरकार गठन र संविधानसभा चुनावको तिथि घोषणा गर्ने सहमति।

चैत ३ गते

मन्त्रालयको बाँडफाँट नमिल्दा आठ दलको बैठक बस्न सकेन।

चैत ७ गते

फोरम र माओवादीबीच रौतहटको गौरमा झडप। माओवादीका २७ जना कार्यकर्ताको हत्या।

चैत ८ गते

माओवादी शिविरमा उल्लेख्य सङ्ख्यामा बालबालिका र ०६३ जेठ ११ पछि भर्ना भएका व्यक्तिहरू फेला परेको इयान मार्टिनको भनाइ।

चैत १० गते

प्रमुख चार दलबीच मन्त्रालय बाँडफाँट नमिल्दा शीर्ष बैठक बस्न सकेन।

चैत १३ गते

प्रचण्ड र प्रधानमन्त्रीबीच भेटवार्ता। माओवादीलाई उपप्रधानमन्त्री पद दिन अस्वीकार।

चैत १६ गते

आठ दलको बैठक। प्रधानमन्त्रीद्वारा अन्तरिम संसद्समक्ष राजीनामा गरी विधिवत अन्तरिम सरकार घोषणा गर्ने सहमति।

चैत १७ गते

काङ्ग्रेस र एमालेबीच मन्त्रिपरिषद् सदस्यहरूको वरिष्ठता क्रममा सहमति कायम हुन नसकेपछि अन्तरिम सरकार गठनमा बाधा।

चैत १८ गते

संविधानसभाको निर्वाचन असार ७ गते गर्ने आठ दलको निर्णय। अन्तरिम संविधानलाई जेठभित्र संशोधन गरी मन्त्रिपरिषद्बाट अनुमोदन गरी संविधानसभाको तिथिको घोषणा गरिने निर्णय।

संसद्मा जिम्मेवारी पूरा गर्न नसके सार्वजनिक रूपमै सरकारबाट फर्कने प्रधानमन्त्री कोइरालाको उद्घोष।

चैत १९ गते

माओवादी छापामार शिविरमा १८ वर्षमुनिका बालबालिका रहेको राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन।

चैत २२ गते

सुरक्षाको पूर्ण प्रत्याभूति र चुनावसँग गाँसिएका मुख्य मुद्दाहरू निरूपण नभएको भन्दै निर्वाचन आयोगद्वारा त्यसको टुङ्गो लगाएर मात्र चुनावको मिति तोक्न आग्रह।

चैत २५ गते

अन्तरिम संविधान संशोधनका लागि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र प्रचण्डबीच भेटवार्ता

चैत २६ गते

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) द्वारा संविधानसभा निर्वाचन बहिष्कार गर्ने निर्णय। असार ५ गतेदेखि तीन दिन तराई बन्दको घोषणा।

चैत ३० गते

असारमा संविधानसभा निर्वाचन हुन नसक्ने निर्वाचन आयोगको घोषणा। सम्पूर्ण कानुनी र राजनीतिक विषय टुङ्गो लागेपछि पनि कम्तीमा १ सय १० दिनको समय चाहिने भनाइ।

असारमा संविधानसभाको निर्वाचन हुन नसक्ने निर्वाचन आयोगको भनाइपछि आठ दलका शीर्ष नेताको बैठक।

०६४ वैशाख

वैशाख २ गते

सरकारी वार्ता टोलीद्वारा आदिवासी जनजाति महासङ्घ र मधेसी जनअधिकार फोरमलाई वार्ताका लागि पत्राचार।

वैशाख ७ गते

गौर हत्याकाण्डको अनुसन्धान तत्काल सुरु गर्न ओएचसीआरको आग्रह। घटनाको एक महिनासम्म पनि अनुसन्धान सुरु नगरेकामा चिन्ता व्यक्त।

वैशाख ९ गते

माओवादीद्वारा कब्जामा लिइएका घरजग्गा र सम्पत्ति जसरी पनि फिर्ता गराउने प्रधानमन्त्री कोइरालाको प्रतिबद्धता।

चुरेभावर एकता समाजलाई वार्तामा आउन सरकारी वार्ता टोलीको आह्वान।

वैशाख १२ गते

मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवको संयोजकत्वमा फोरमद्वारा वार्ता टोली गठन।

वैशाख १४ गते

संविधानसभा निर्वाचनको मितिबारे सहमति जुटाउन जनमोर्चाको कार्यालय तीनकुनेमा आठ दलको अनौपचारिक बैठक।

वैशाख १७ गते

सरकारी वार्ता टोली र चुरे भावर एकता समाजबीच भएको वार्तामा छानबिन आयोग गठन र गिरफ्तार भएका व्यक्तिहरू तत्काल छोड्ने र बाँकी मागका सम्बन्धमा पुन: वार्तामा बस्ने सहमति।

वैशाख १८ गते

कब्जा गरिएको सम्पत्ति फिर्ता नहुने माओवादी नेता मोहन वैद्य 'किरण' को भनाइ।

वैशाख २४ गते

सरकार र जनजातिबीच काठमाडौँमा वार्ता। सरोकारवालाई एकै थलोमा राखेर समस्या सुल्झाउने सहमति।

वैशाख २५ गते

प्रशासकीय अधिकृत एवम् प्रहरीमाथि वाईसीएल कार्यकर्ताद्वारा धनगढीमा कुटपिट र प्रशासन कार्यालय तोडफोड।

वैशाख २६ गते

मन्त्री रामचन्द्र पौडेल र मधेसी जनअधिकार फोरमका अध्यक्षबीच पर्सा जिल्लाको सिरपुरमा वार्ता।

जेठ ६ गते

वाईसीएललाई सच्चिन प्रचण्डको निर्देशन।

माओवादी द्वन्द्वपीडितलाई राहत र पुन:स्थापनाका लागि सरकारद्वारा १२ करोड निकासा गर्ने निर्णय ।

राज्यद्वारा बेपत्ता पारिएका ९ सयभन्दा बढी व्यक्तिको अवस्था अज्ञात रहेको आईसीआरसीको प्रतिवेदन सार्वजनिक।

जनआन्दोलनपछि सरकार र माओवादीले मानवअधिकारप्रति देखाएको प्रतिबद्धता पालना नभएको एमनेस्टीको प्रतिवेदन।

जेठ ११ गते

अमेरिकी राजदूत जेम्स एफ मोरिआर्टीको गाडीमा वाईसीएलद्वारा झापामा ढुङ्गा प्रहार।

जेठ १२ गते

संसद्को गतिरोध अन्त्य र संविधानसभाको निर्वाचन तिथि तोक्ने विषयमा आठ दलको बैठक बालुवाटारमा। निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अपनाउनुपर्ने एमालेको अडानका कारण बैठक अवरूद्ध।

जेठ १४ गते

आठ दलको बैठक बालुवाटारमा। निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन पुनरावलोकन र संविधानसभा चुनावको तिथि घोषणा गर्ने विषयमा मतभेद।

जेठ १५ गते

आठ दलको बैठक बालुवाटारमा। संविधानसभा चुनावको मिति घोषण गर्ने विषयमा मतभेद।

जेठ १७ गते

आठ दलको शीर्ष बैठक। संविधानसभाको निर्वाचन मङ्सिरमा गर्ने निर्णय।

जेठ १८ गते

मधेसी जनअधिकार फोरम र सरकारबीच जनकपुरमा वार्ता।

जेठ २२ गते

द्वन्द्वपीडित बालबालिकाले समाजकल्याण मन्त्रालयअगाडि बाँच्न र पढ्न पाउनुपर्ने आधारभूत मागलाई लिएर धर्ना।

जेठ २३ गते

बेपत्ताको स्थिति एक साताभित्र सार्वजनिक गर्ने सञ्चारमन्त्री कृष्णबहादुर महराको भनाइ।

द्वन्द्वपीडित बालबालिकाले बाँच्न र पढ्न पाउनुपर्ने आधारभूत मागसहित शिक्षा राज्यमन्त्रीलाई रित्तो थाल उपहार।

जेठ २५ गते

रोम विधान अनुमोदनका लागि अधिकारकर्मीद्वारा प्रदर्शन।

जेठ २७ गते

आदिवासी जनजाति र सरकार संविधानसभा निर्वाचनअगावै राज्यको पुन:संरचना सुझाव आयोग गठन गर्न सहमत।

जेठ २८ गते

राष्ट्रिय मानवअधिकार आयोगद्वारा बेपत्ताका सम्बन्धमा सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयन गर्न सरकारलाई आग्रह।

आदिवासी जनजाति र सरकारबीच वार्ता। संविधानसभामा जातिहरूको समानुपातिक प्रतिनिधित्वको प्रक्रियामा विवाद भएपछि वार्तामा सहमति हुन सकेन ।

असार ५ गते

मधेसी जनअधिकार फोरमको प्रतिनिधिमण्डल र प्रधानमन्त्री कोइरालाबीच भेटवार्ता ।

असार ९ गते

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयद्वारा 'वाईसीएलद्वारा भएका मानवअधिकार दुर्व्यवहारसम्बन्धी आरोप' सम्बन्धी प्रतिवेदन सार्वजनिक।

असार १० गते

संविधानसभाको निर्वाचन मङ्सिर ६ गते गर्ने सरकारको निर्णय।

असार १४ गते

सरकार र जनजातिबीचको वार्ता बिनानिष्कर्ष सम्पन्न।

असार २६ गते

सुरक्षा स्थिति यथावत् रहे मङ्सिरमा चुनाव हुन नसक्ने निर्वाचन आयोगको भनाइ।

असार ३० गते

तराईमा क्रियाशील समूहलाई वार्तामा आउन आह्वान गर्दै वार्तामा नआए सुरक्षा कारबाही गरिने गृहमन्त्रीको चेतावनी।

असार ३१ गते

वार्ताका लागि आफ्ना कार्यकर्ताको रिहाइ हुनुपर्ने। आन्दोलनका क्रममा पहाडी मूलका बासिन्दाको भएको धनजनको क्षतिका सम्बन्धमा उच्चस्तरीय आयोग गठन गरी छानबिन गर्नुपर्ने चुरे भावर एकता समाजद्वारा प्रेस विज्ञप्ति प्रकाशित गरी माग प्रस्तुत।

साउन २ गते

असुरक्षाका कारण देशभरका गाविस सचिवद्वारा अनिश्चितकालीन काम बन्द।

साउन ३ गते

निर्वाचनमा सुरक्षा व्यवस्था चुनौतीपूर्ण भएको राष्ट्रसङ्घीय निर्वाचन विशेष अनुगमन टोलीको भनाइ। टोलीमा स्पेनका डा. राफेल लोपेज-पिन्टोर, सिरियाका एमान आयुब, स्वीट्जरल्यान्डका स्टेफानी लुथी, ब्राजिलका आन्टोनियो रेइस र कोरियाका बाङ-चुक ।

साउन ७ गते

विभिन्न समूहको धम्कीका कारण तराईका जिल्लामा अदालती काम प्रभावित।

साउन ८ गते

सुरक्षाको माग राखी कर्मचारीहरूद्वारा देशभरका सरकारी कार्यालयको काम बन्द।

साउन ९ गते

मधेसी जनअधिकार फोरम र सरकारबीच धुलिखेलमा दोस्रो चरणको वार्ता। जनकपुरमा फोरमसँग भएको पहिलो चरणको सहमति कार्यान्वयन गर्ने सहमति।

साउन १० गते

सरकार र चुरेभावर एकता समाजबीच ललितपुरको गोदावरी भिलेज रिसोर्टमा वार्ता। चुरेभावर एकता समाजद्वारा आन्दोलनको कार्यक्रम फिर्ता।

बेपत्ता नागरिकहरूको यकिन विवरण राज्यसँग नभएकाले सार्वजनिक गर्न नसकिएको मन्त्री रामचन्द्र पौडेलको भनाइ।

सरकार तथा मधेसी जनअधिकार फोरमबीचको बैठक बिनानिष्कर्ष सम्पन्न। फोरमद्वारा संसद् विघटनको माग।

साउन १३ गते

माओवादीद्वारा दोलखाका सीडीओमाथि आक्रमण। सीडीओ कार्यालय तोडफोड।

साउन १८ गते

सरकार र जनजातिबीच वार्ता। सरकारी पक्षले ५९ ओटा आदिवासी जनजातिको न्यूनतम प्रतिनिधित्व सुनिश्चित गर्ने प्रतिबद्धता जनाएपछि आदिवासी जनजातिद्वारा समानुपातिक निर्वाचन प्रणालीको अडान त्याग।

साउन २० गते

सरकार र मधेसी जनअधिकार फोरमबीच बूढानीलकण्ठस्थित पार्क भिलेज रिसोर्टमा भएको वार्ता बिनानिष्कर्ष स्थगित।

साउन २२ गते

सरकार र आदिवासी जनजातिबीच २० बुँदे सहमति।

साउन २५ गते

सङ्घीय लिम्बूवान राज्य परिषद्, खुम्बूवान राष्ट्रिय मोर्चा र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चद्वारा वार्ता टोली गठन।

साउन २७ गते

माओवादीको पाँचौँ बैठकको निर्णय सार्वजनिक। संविधानसभा निर्वाचनका लागि गणतन्त्र घोषण र पूर्ण समानुपातिक निर्वाचन प्रणाली न्यूनतम आधार।

साउन ३१ गते

शान्ति तथा पुन:निर्माण मन्त्री रामचन्द्र पौडेलद्वारा वार्ताका लागि आन्दोलनरत सबै पक्षलाई आग्रह।

भदौ २ गते

निर्वाचन आयोगद्वारा निर्वाचन कार्यक्रम सार्वजनिक।

भदौ ३ गते

माओवादीद्वारा असोज १ गतेदेखि चरणबद्ध आन्दोलनको घोषणा।

भदौ १३ गते

सरकार र मधेसी जनअधिकार फोरमबीच २२ बुँदे सहमति।

भदौ १५ गते

संविधानसभा तयारीका लागि मतदान केन्द्र हेर्न कालीकोटको रास्कोट पुगेको सशस्त्र प्रहरीको टोलीलाई माओवादी कार्यकर्ताद्वारा अवरोध।

भदौ १६ गते

राजधानीको सुन्धारा, बालाजु र त्रिपुरेश्वरमा शृङ्खलाबद्ध बम विस्फोट। विस्फोटमा परी नैकापकी १८ वर्षीया अनिषा केसी र बालाजुकी ५५ वर्षीया कमलादेवी साहीको मृत्यु। बालाजुमा भएको विस्फोटमा ११ जना, सुन्धारामा भएको विस्फोटमा एक जना र त्रिपुरेश्वरमा भएको विस्फोटमा १७ जना घाइते। विस्फोटको जिम्मेवारी तराई डिफेन्स आर्मीद्वारा वहन।

भदौ १८ गते

भदौ १६ गते भएको बम विस्फोटमा परी घाइते भएकी थानकोटकी १८ वर्षीया सन्ध्या खड्काको वीर अस्पतालमा उपचारका क्रममा मृत्यु।

गणतन्त्र घोषणाबिना संविधानसभा निर्वाचन असम्भव भएको प्रचण्डको भनाइ।

भदौ १९ गते

संविधानसभा निर्वाचनमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मुद्दा लिएर जाने काङ्ग्रेस कार्यसमितिको निर्णय

भदौ २६ गते

सरकार र संयुक्त थारु राष्ट्रिय मोर्चाबीचको वार्ता बिनानिष्कर्ष सम्पन्न।

निर्वाचन बिथोल्ने जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) को दावी।

भदौ २७ गते

सरकार र चुरेभावर एकता समाजबीच नौबुँदे सहमति। चुरेभावर एकता समाजद्वारा संविधानसभा निर्वाचनमा सक्रिय सहभागी हुने घोषणा।

भदौ २९ गते

प्रचण्ड र प्रधानमन्त्री कोइरालबीच संसद्बाट गणतन्त्र र पूर्ण समानुपातिक निर्वाचन प्रणालीलगायतका माओवादी २२ बुँदे मागका सन्दर्भमा भेटवार्ता।

भदौ ३० गते

कपिलवस्तुमा मोहित खाँको हत्या। विभिन्न भागमा आगजनी र हत्या।

भदौ ३१ गते

संविधानसभा निर्वाचनका लागि तराईका आठ जिल्ला अतिसंवेदनशील भएको नेपाल प्रहरीको ठहर।

असोज १ गते

माओवादीका चार जना मन्त्रीहरू कृष्णबहादुर महरा, हिसिला यमी, देव गुरुङ र खड्ग विश्वकर्माद्वारा गणतन्त्रको घोषणा र पूर्ण समानुपातिक निर्वाचन प्रणालीलगायत २२ बुँदे माग पूरा नभएको भन्दै अन्तरिम सरकारबाट राजीनामा। संविधानसभा निर्वाचन बिथोल्ने खुलामञ्चमा आयोजित सभामा घोषणा।

असोज २ गते

आठ दलको बैठक बालुवाटारमा। माओवादी सरकारबाट बाहिरिएपछि उत्पन्न जटिल राजनीतिक समस्याको निकास संवादबाट खोजिने सहमति।

असोज ८ गते

आठ दलबीच नयाँ सहमति गर्ने विषयमा प्रचण्ड र गृहमन्त्रीबीच भेटवार्ता।

असोज १० गते

माओवादी मन्त्रीले राजीनामा दिएपछि उत्पन्न राजनीतिक सङ्कट समाधानका लागि सात दलका शीर्ष नेताको बैठक। पुन: बस्ने गरी बैठक स्थगित।

असोज ११ गते

निर्धारित समयमा संविधानसभा निर्वाचन गर्न माओवादीको सहमति जुटाउन सात दलको बैठक। पूर्ण समानुपातिक निर्वाचन प्रणालीबिना संविधानसभामा नजाने अडान माओवादीले राखेपछि बैठक बिनानिष्कर्ष स्थगित।

असोज १२ गते

सात दलको बैठक। समानुपातिक निर्वाचन मनोनयन दर्ता पाँच दिनपछि सार्ने सहमति।

असोज १३ गते

समानुपातिक निर्वाचन मनोनय दर्ता पाँच दिनपछि सार्न सात दलको निर्वाचन आयोगलाई लिखित आग्रह।

माओवादी केन्द्रीय समितिको बैठक। संसद्बाट गणतन्त्र र पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू नभए पाँच दिनभित्र आन्दोलन अघि बढाउने निर्णय।

असोज १७ गते

सात दलको बैठक। मङ्सिर ६ गतेका लागि तय भएको संविधानसभा चुनाव सार्ने सहमति।

असोज १८ गते

निर्वाचन आयोगद्वारा मङ्सिर ६ गते तय गरिएको संविधानसभाको निर्वाचन सात दल र सरकारको सिफारिसमा स्थगित।

असोज २२ गते

शिखर बैठक। गणतन्त्र र पूर्ण समानुपातिक विषयमा दलहरू सहमति नजिक।

असोज २३ गते

शिखर बैठक निष्कर्षमा पुऱ्याउन दलहरू गृहकार्यमा।

असोज २६ गते

राजनीतिक गतिरोध सुल्झ्याउन दलहरूबीच छलफल।

असोज २८ गते

शिखर बैठक निष्कर्षमा पुऱ्याउन प्रधानमन्त्री कोइराला र माओवादी अध्यक्ष प्रचण्डबीच भेटवार्ता।

असोज २९ गते

संविधानसभा निर्वाचनका लागि ५९ करोड ५१ लाख ६१ हजार ५ सय ५९ रुपियाँ खर्च भएको निर्वाचन आयोगको भनाइ।

कात्तिक १३ गते

निर्वाचनको मिति तोक्न निर्वाचन आयोगको माग।

माओवादीका कार्यकर्ताहरूद्वारा अपहरण गरिएका पत्रकार वीरेन्द्र साहको अवस्था सार्वजनिक गर्न उनकी पत्नीको प्रधानमन्त्री कोइरालासँग आग्रह।

कात्तिक १४ गते

माओवादी प्रस्तावका विषयमा प्रधानमन्त्री कोइरालद्वारा प्रचण्ड, डा. बाबुराम भट्टराई र माधव नेपालसँग छुट्टाछुट्टै भेटवार्ता।

बाराका पत्रकार वीरेन्द्र साहको हत्यामा माओवादी संलग्नता रहेको प्रचण्डको स्वीकारोक्ति।

कात्तिक १७ गते

माओवादीको प्रस्तावका सम्बन्धमा काङ्ग्रेसी सासंदको बालुवाटारमा अनौपचारिक बैठक।

कात्तिक १९ गते

पत्रकार साहलाई अपहरणकै दिन गोली हानी हत्या गरेको माओवादीको प्रतिवेदन।

कात्तिक २० गते

एमालेलाई सरकारको नेतृत्व गर्न प्रचण्ड र डा. बाबुरामको आग्रह।

कात्तिक २१ गते

शान्ति सुरक्षामा सरकार गम्भीर नदेखिएको भन्दै सप्तरीका करिब ५ सय कर्मचारीद्वारा सामूहिक राजीनामा।

कात्तिक २३ गते

तराईका समस्या समाधान गर्न भारतसँग कुरा भइरहेको प्रधानमन्त्री कोइरालाको विराटनगरमा अभिव्यक्ति।

कात्तिक २६ गते

संसद्को विशेष अधिवेशनको मत विभाजनपछिको राजनीतिक सङ्कटलाई लिएर काङ्ग्रेस र एमालेबीच छलफल।

कात्तिक २८ गते

राजनीतिक सङ्कट समाधान गर्न काङ्ग्रेसद्वारा नेसपा (आ.) र वाममोर्चासँग छलफल।

मङ्सिर १ गते

प्रमुख तीन दलबीच बैठक। गतिरोध अन्त्यका लागि सहमति खोज्ने सहमति।

मङ्सिर १ गते

वाईसीएलद्वारा नोबेल मेडिकल कलेजका अध्यक्ष डा. ज्ञानेन्द्र खड्कालगायत छ जनालाई अपहरण गरी कुटपिट।

मङ्सिर ३ गते

सात दलका शीर्ष नेताको बैठक। संविधानसभा मिति तोक्ने समझदारी।

सर्लाहीका ३६ गाविस सचिवद्वारा सुरक्षाको कारण देखाउँदै राजीनामा।

मङ्सिर ४ गते

सुरक्षाको कारण देखाउँदै बारा र रौतहटका गाविस सचिवहरूको राजीनामा।

मङ्सिर ५ गते

शान्ति सम्झौताको एक वर्षमा २ सय ३४ जनाको हत्या भएको तथ्य इन्सेकद्वारा सार्वजनिक।

मङ्सिर ६ गते

माओवादीलाई सशस्त्र फौज वा समूहबाट नाबालकलाई हटाउन रिचार्ड बेनेटको आग्रह।

माओवादीद्वारा विराटनगरमा जनअदालत सुरु।

मङ्सिर ८ गते

पूर्ण समानुपातिक भए संविधानसभा निर्वाचन गर्न नसकिने प्रधानमन्त्री कोइरालाको भनाइ।

मङ्सिर ८ गते

माओवादी छापामार नेपाली सेनासँग समायोजन गर्नेबारे सैनिक अधिकारीहरूसँग दुई चरणमा छलफल भएको प्रचण्डको खुलासा।

मङ्सिर १३ गते

जारी गतिरोध अन्त्य गर्न काङ्ग्रेस र माओवादीबीच वार्ता।

मङ्सिर १६ गते

तराईका आठ जिल्लाहरू सिराहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा तथा उपत्यकाका तीन जिल्लामा विशेष सुरक्षा योजना लागू। बिनापुर्जी खानतलासी गर्न सक्ने अधिकार प्रदान।

तराईका हिंसाप्रभावित आठ जिल्लाका सचिवहरूद्वारा विशेष सुरक्षाको माग।

मङ्सिर १७ गते

काङ्ग्रेस र एमालेबीच संविधानसभाको निर्वाचन यसै वर्षभित्र सम्पन्न गर्ने गरी तत्काल राजनीतिक गतिरोध अन्त्य गर्ने समझदारी।

मङ्सिर १८ गते

राष्ट्रवादीसहितको एकता आवश्यक रहेको प्रचण्डको भनाइ।

मङ्सिर १९ गते

काङ्ग्रेस र माओवादीबीच राजनीतिक गतिरोध अन्त्य गर्न छलफल

मङ्सिर २१ गते

राष्ट्रिय मानवअधिकार आयोगले गृहसचिव उमेशप्रसाद मैनाली, सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव वली र प्रहरी महानिरीक्षक ओमविक्रम राणालाई आयोगमा बोलाएर विशेष सुरक्षा बल परिचालनका क्रममा पूर्व सचेतता अपनाउन आग्रह।

मङ्सिर २४ गते

एक मन्त्री र चार सासंदसहित नौ मधेसी नेताद्वारा नयाँ दल खोल्न सरकार, संसद् र पार्टीको साधारण सदस्यबाट राजीनामा। राजीनामा दिनेमा काङ्ग्रेस नेता एवम् वरिष्ठ मन्त्री महन्थ ठाकुर, सांसदहरू नेसपा (आ.) का हृदयेश त्रिपाठी, एमालेका महेन्द्र राय यादव, राप्रपाका रामचन्द्र राय तथा राजपाका प्रवक्ता सर्वेन्द्रनाथ शुक्ल, काङ्ग्रेसका पूर्वसांसदद्वय अनिश अन्सारी, रामचन्द्र कुशवाह, पूर्वमेयर वृषेशचन्द्र लाल र एमालेका श्रीकृष्ण यादव।

शान्ति सम्झौताको वर्षदिनमा २ सय २१ जनाको हत्या भएको राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन सार्वजनिक।

मङ्सिर २६ गते

प्रधानमन्त्री कोइरालासँग जनमोर्चा, नेमकिपा र वाममोर्चाका नेताहरूद्वारा बेग्लाबेग्लै भेटवार्ता।

मङ्सिर २७ गते

अन्तरिम संविधानमा गणतन्त्र लेख्न काङ्ग्रेस, एमाले र माओवादीबीच सहमति।

मङ्सिर २८ गते

काङ्ग्रेस, एमाले, माओवादी र जनमोर्चाबीच द्विपक्षीय र बहुपक्षीय छलफल।

मङ्सिर २९ गते

पूर्ण समानुपातिक नभए गोलमेच गर्न माओवादीको प्रस्ताव।

पुस ३ गते

सात दलको कार्यदल संविधानमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक लेख्न सहमत।

पुस ६ गते

प्रमुख तीन दलको बैठक। निर्वाचन प्रणालीमा सहमति जुटेन

पुस ७ गते

गोलमेचको सट्टा नागरिक भेला गर्न प्रमुख तीन दलद्वारा नागरिक समाजलाई आह्वान।

चुरेभावर एकता समाजद्वारा शान्ति सेना सार्वजनिक।

पुस ८ गते

संविधानसभाको निर्वाचन ०६४ चैतभित्र सम्पन्न गर्ने गरी सात दलबीच २३ बुँदे सहमति। नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुने।

पुस १२ गते

माओवादी शिविरका १९ हजार ६ सय २ जना छापामार योग्य भएको अनमिन प्रमुख इयान मार्टिनको विज्ञप्ति।

पुस १३ गते

राष्ट्रिय दलबाट अलग भएका मधेसी नेताहरूद्वारा 'तराई मधेस लोकतान्त्रिक पार्टी' गठन।

पुस १४ गते

माओवादीद्वारा मन्त्रीका लागि नाम सिफारिस। मन्त्रीमा सिफारिस हुनेहरूमा कृष्णबहादुर महरा, मातृकाप्रसाद यादव, हिसिला यमी, देव गुरुङ, पम्फा भुसाल, नवीन विश्वकर्मा र पदम राई।

पुस १६ गते

माओवादी दोस्रोपटक सरकारमा सामेल।

●

१. पृष्ठभूमि

वर्ष सन् २००७ मा शान्ति प्रक्रिया असहज अवस्था र असमझदारी हुँदै अन्ततः आशाको बाटोतर्फ लम्क्यो। वर्षको अन्त्यतिर राजनीतिक दलहरूबीच '२३ बुँदे सहमति'[१] भई ०६४ चैत मसान्तभित्र संविधानसभाको निर्वाचन गराउने समझदारी भएपछि शान्ति प्रक्रियाले गति लिने विश्वास पलायो। राजनीतिक दलहरूबीच देखिएको असमझदारी र विश्वासको सङ्कटका कारण वर्षको मध्यतिर शान्ति प्रक्रियामा अवरोध उत्पन्न हुन पुगेको थियो। सङ्घात्मक गणतन्त्र, संविधानसभा निर्वाचन पद्धति आदि सवालहरूबीच उत्पन्न असहमतिका कारण असमझदारी बढेको थियो।

माओवादीको असन्तुष्टि चरम सीमामा पुगी त्यो पार्टी सरकारबाट समेत अलग भएपछि दोस्रोपटक तय गरिएको संविधानसभाको निर्वाचन स्थगन भएको थियो। माओवादीहरूको बहिर्गमनसँगसँगै राजनीतिकवृत्तमा देखिएको आरोप-प्रत्यारोप र तराईका विभिन्न जिल्लामा भएका हत्या-हिंसाका शृङ्खलाहरूले शान्ति प्रक्रियामा व्यवधान सिर्जना हुन पुग्यो।

सन् २००७ मा संविधानसभाको निर्वाचनकै चर्चा व्याप्त भइरह्यो। वर्षको अन्त्यतिर मात्र संविधानसभाको निर्वाचन प्रणालीका सम्बन्धमा सात राजनीतिक दलबीच सहमति कायम हुन सक्यो। अन्तरिम संविधान-२०६३ जारी गरिएपछि त्यसकै आधारमा माओवादीहरू संसद्मा प्रवेश गरेका थिए। पछि सरकारमा समेत सामेल भए। माओवादीहरूसमेतको संलग्नतामा बनेको सरकारको प्रमुख एजेण्डा नै संविधानसभाको चुनाव गराउनु रहेको थियो।

लोकतन्त्र प्राप्तिपछि नेपालको शान्ति प्रक्रिया द्रुत गतिले अघि बढेको थियो। विभिन्न सम्झौताहरूमा हस्ताक्षर गर्दै सात राजनीतिक दल र माओवादी नेपालमा शान्ति प्रक्रियालाई संस्थागत गर्न कटिबद्ध भएर लागिपरेका थिए। लोकतन्त्रको बहालीपछि दैनन्दिनको हत्या-हिंसाका घटनामा निकै कमी आयो। तर, नयाँ समस्याहरू सिर्जना हुँदै जाँदा हत्या-हिंसाको शृङ्खलामा भने पूर्णविराम लाग्न सकेको छैन। विशेषगरी तराईका केही जिल्लाहरूमा विभिन्न मधेसी समूहद्वारा सञ्चालित आन्दोलन र सशस्त्र समूहहरूको हिंसाका कारण जनजीवन अस्तव्यस्त हुन पुग्यो। नेपाल सरकार र माओवादीबीच सम्पन्न शान्ति सम्झौताको पूर्णरूपमा पालना नभएको देखियो।

दलहरूले संविधानमा गरेको प्रतिबद्धताको पालना गरेनन्। अन्तरिम संविधान जारी गरेको एक वर्ष बितिनसक्दै तीनपटक संशोधन गरियो। विगत १० वर्षको कहालीलाग्दो द्वन्द्व झेलेका नेपाली जनताले गरेको दिगो शान्तिको आशालाई स्थापित गराउन सातदलीय सरकार कमजोर देखियो। हिंसात्मक द्वन्द्वले प्रत्यक्ष र अप्रत्यक्ष पीडित भएका व्यक्तिहरूले न्याय पाउन सकेनन्।

दण्डहीनताको अन्त्यका लागि कुनै प्रयास भएको पाइएन। असुरक्षाको स्थिति दिनपरदिन बढेर गयो। शान्ति सुरक्षाको अवस्था सन् २००७ मा राज्यको गम्भीर चुनौतीका रूपमा देखा पऱ्यो। 'शान्ति सुरक्षा बहाल गर्ने क्रममा सुरक्षाकर्मीहरूको मनोबल उच्च हुन नसक्नु, तराईमा भएको आन्दोलन, माओवादीको न्यायकर्ता नै हामी हौं भन्ने भावना र सुरक्षाकर्मीको उदासिनता आदि कारणबाट शान्ति सुरक्षाको अवस्थामा अपेक्षित रूपमा सुधार हुन सकेको पाइएन। शान्ति सुरक्षा र कानुनी शासन कायम राख्न राज्य असफल भएको पाइयो।'[२] 'काठमाडौँलगायत देशका विभिन्न स्थानमा आपराधिक समूहबाट बालबालिकालाई अपहरण गर्ने, फिरौती माग गर्ने र हत्या गर्ने घटनामा वृद्धि भएको पाइयो।'[३] राजधानीमा यस वर्ष (अक्टोबरको मध्यसम्ममा) भएका 'आठओटा बालबालिका अपहरणका घटनामा दुईदेखि १२ वर्षसम्मका १० जना बालबालिकाहरू पीडित'[४] भए। तीमध्ये तीन जनाको बर्बरतापूर्वक हत्या गरियो। सार्वजनिक सवारीसाधन र सार्वजनिक स्थललाई लक्षित गरेर राजधानीका विभिन्न ठाउँमा गराइएको विस्फोटमा 'तीन जनाको मृत्यु हुनुका साथै कम्तीमा २७ जना घाइते'[५] भए। राजधानीलगायत तराईका जिल्लाहरूमा दिनपरदिन बढेर गएको आपराधिक क्रियाकलापको अन्त्य गर्न सरकारले वर्षको अन्त्यतिर केही प्रयास गऱ्यो। जसअनुसार विभिन्न '१० ओटा जिल्लाहरूमा सरकारले विशेष सुरक्षा बल परिचालन गऱ्यो।'[६]

१. "सात दलबीचको सहमति"। *नेपाल समाचारपत्र* । ०६४ पुस ९: पृ. ५
२. राष्ट्रिय मानवअधिकार आयोग। विस्तृत शान्ति सम्झौताको एक वर्ष : मानवअधिकारको अवस्था (०६३ मङ्सिर ६ देखि ०६४ मङ्सिर ५)। काठमाडौं: ०६४ मङ्सिर, पृ. ४
३. पूर्ववत्। पृ. ९
४. "फेरि अपहरणपछि बालकको हत्या"। *कान्तिपुर* । ०६४ असोज २९: पृ. १
५. इन्सेक। *मानवअधिकार स्थिति सूचक* । वर्ष १५। अङ्क ३। काठमाडौं: ०६४ असोज: पृ. ४-५
६. Special task force in 10 tarai districts. *The Kathmandu Post*. 3 December 2007: 1

राजधानीलगायत तराईमा हत्या, अपहरण र हिंसात्मक घटनामा वृद्धि भएपछि सरकारले विशेष सुरक्षा योजना लागू गरेको बताइयो। जनपथ प्रहरी र सशस्त्र प्रहरी सम्मिलित विशेष सुरक्षा बल परिचालन गरिएपछि 'आपराधिक क्रियाकलापमा कमी आएको र सुरक्षा स्थितिमा सुधार आएको जिल्लाका अधिकारीहरूले दाबी'[६] गरेका थिए। 'विशेष सुरक्षा बल खटाएपछि उक्त बलका विरुद्धमा सशस्त्र समूहहरूका गतिविधिहरू बढेको'[८] समाचारहरू पत्रपत्रिकामा छापिए। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह), गोइतलगायतले 'तराईको आन्दोलनलाई दबाउनका लागि बल परिचालन गरिएको'[९] बताएका थिए। विशेष सुरक्षा बल परिचालनबाट आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने नाममा मानवअधिकारको उल्लङ्घन नहोस् भन्ने कुरामा सरकारलाई राष्ट्रिय मानवअधिकार आयोगले 'सचेत गराएको'[१०] थियो। राष्ट्रिय मानवअधिकार आयोगले 'गृहसचिव उमेशप्रसाद मैनाली, सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव वली र प्रहरी महानिरीक्षक ओमविक्रम राणालाई आयोगमा बोलाएर सुरक्षा योजना कार्यान्वयनका क्रममा पूर्वसचेतता'[११] अपनाउन आग्रह गरेको थियो।

यस वर्षको उल्लेख्य 'शान्ति प्रक्रियाका उतार चढाव' मा मूलत: निम्नबमोजिमका विषयवस्तुको सेरोफेरोमा छलफल अघि बढाइएको छ :

(क) शान्ति सम्झौताविपरीत गतिविधि र परिपालनामा देखा परेको समस्या,
(ख) दलहरूबीच विश्वासको सङ्कट र राजनीतिक गतिरोध,
(ग) तराईमा देखा परेको हिंसात्मक गतिविधि,
(घ) विभिन्न सीमान्तकृत समूहहरूबाट उठाइएका मागहरू,
(ङ) सङ्क्रमणकालीन व्यवस्थापन।

२. शान्ति सम्झौता परिपालनामा समस्या

दसवर्षे हिंसात्मक द्वन्द्वको अन्त्य गर्दै गएको वर्षको अन्त्यमा सरकार र माओवादीले जारी गरेको विस्तृत शान्ति सम्झौतामा उल्लिखित प्रतिबद्धताहरूको परिपालनातर्फ दुवै पक्ष सचेत र संवेदनशील भएको पाइएन। आफैंले व्यक्त गरेका प्रतिबद्धताहरू कार्यान्वयन गर्न उनीहरूले देखाएको उदासीनताका कारण जनतामा उनीहरूप्रति अविश्वास उत्पन्न भयो। मानवअधिकारको संरक्षण र पीडित व्यक्तिहरूको न्यायका लागि गरिएका विभिन्न प्रतिबद्धताहरूलाई लत्याइयो। मानवअधिकारको विश्वव्यापी मान्यतालाई लत्याएर माओवादीले हिंसात्मक कार्यलाई जारी नै राख्यो। वाईसीएलका नाममा अपहरण, कुटपिट, चन्दा सङ्कलनलगायतका घटनाहरूलाई निरन्तरता दिइयो।

'नोबेल मेडिकल कलेजका अध्यक्ष र अन्य तीन जना निर्देशकहरूलाई वाईसीएलका कार्यकर्ताहरूले निर्घात कुटपिट'[१२] गरेको घटनालाई उनीहरूको ज्यादतीका उदाहरणका रूपमा लिन सकिन्छ। डा. बाबुराम भट्टराईले वाईसीएलका तल्लो तहका कार्यकर्ता प्रयोग गरी भएको उक्त अपहरण प्रकरणमा पार्टीको कुनै हात नभएको भन्दै दु:ख व्यक्त गरेका थिए। घटनाप्रति माओवादी अध्यक्ष प्रचण्डले पनि क्षमा मागेका थिए।[१३] अपहरणमा परेका नोबेल मेडिकल कलेजका अध्यक्ष तथा निर्देशकले बारम्बार घटनाका दोषीहरूका बारेमा बताउँदै आए पनि घटनामा संलग्न पीडकहरूलाई सरकारले कुनै कारबाही गरेन। घटनाका बारेमा छानविन गर्नेसम्मको कार्य सरकारी निकायबाट भएको पाइएन।

माओवादी कार्यकर्ताबाट भएका मानवअधिकार ज्यादतीका घटनाको अर्को उदाहरणका रूपमा कालीकोटका स्थानीय बासिन्दामाथि उनीहरूले गरेको कुटपिटको घटनालाई लिन सकिन्छ। 'कालीकोट धौलागाहे गाविस-८ का स्थानीय बासिन्दालाई उनीहरूको गाउँमा रहेको स्थानीय कुलदेवताको पूजा गरेको आरोपमा पुरानो रुढीवादी संस्कारको जगेर्ना गरेको भन्दै माओवादी कार्यकर्ताले सो गाउँका झण्डै २० जना सर्वसाधारणलाई कुटपिट गरी गम्भीर घाइते'[१४] बनाएका थिए। नेपाल सरकार र माओवादीले विस्तृत शान्ति सम्झौतामा 'धर्म निरपेक्षताको मूल्य-

६. Security improves in eastern tarai. *The Kathmandu Post*. 19 December 2007: 2
८. Armed groups up against STF deployment. *The Kathmandu Post*. 20 December 2007: 2
९. Ibid
१०. "मानवअधिकार हनन हुन नदिन सुरक्षा प्रमुखसँग परामर्श"। राजधानी दैनिक। ०६४ मङ्सिर २२: पृ. ३
११. पूर्ववत्
१२. कार्की, छत्र। "डनको सिकार"। *समय* । वर्ष ४। अङ्क १८२। ०६४ मङ्सिर ७-१३: पृ. २४
१३. पूर्ववत्। पृ. २६
१४. www.inseconline.org accessed on 26 November 2007

मान्यताका आधारमा कुनै पनि सामाजिक, सांस्कृतिक, धार्मिक संवेदनशीलता, धार्मिक स्थल र व्यक्तिको धार्मिक आस्थाको सम्मान'[१५] गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

शान्ति सम्झौताअनुसार गठन गरिने भनिएका 'सत्य निरूपण तथा मेलमिलाप आयोग, राष्ट्रिय शान्ति तथा पुन:स्थापना आयोग, राज्यको पुन:संरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोग'[१६] लगायतका संयन्त्रहरू वर्ष २००७ भरि गठन हुन सकेनन्। सत्य निरूपण तथा मेलमिलाप आयोगकका सम्बन्धमा शान्ति तथा पुन:निर्माण मन्त्रालयले ऐनको मस्यौदा तयार गरेको थियो। तर, ऐन पीडित केन्द्रित हुनुपर्नेमा सो अनुसार नभएर 'मेलमिलापका नाममा पीडकहरूलाई उन्मुक्ति दिने'[१७] खालको बनाइएको धारणा मानवअधिकारकर्मीहरूले व्यक्त गरेका थिए। 'मस्यौदा विधेयकका प्रावधानका सम्बन्धमा, गैरन्यायिक हत्या, यातना तथा बलपूर्वक बेपत्ता पार्ने कार्यलगायत अन्तर्राष्ट्रिय मानवीय कानुन तथा घोर मानवअधिकार उल्लङ्घनका पीडकहरूलाई क्षमादान दिने प्रावधानबारे नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले चिन्ता व्यक्त गरेको थियो।'[१८] शान्ति तथा पुन:स्थापना मन्त्रालयद्वारा प्रस्तुत ऐनको मस्यौदाको मानवअधिकार सङ्घसंस्थाहरूले विरोध गर्दै सुधार गर्नुपर्ने पक्षहरूका बारेमा आफ्ना 'टिप्पणी र सुझावहरू'[१९] मन्त्रालयलाई पठाएका थिए । सो अनुसार, मन्त्रालयले मस्यौदामा सुधार गर्ने बताएको थियो। सात राजनीतिक दलबीच भएको २३ बुँदे सहमतिमा 'आयोगको स्थापनाका सम्बन्धमा'[२०] पुन: प्रतिबद्धता जनाइयो। तर, वर्षको अन्त्यसम्मै उक्त ऐन पारित भएन।

२.१ सुस्त शान्ति प्रक्रिया : सम्झौताको अवहेलना

शान्ति प्रक्रियामा उत्पन्न व्यवधानको प्रमुख कारण सम्झौताको सही कार्यान्वयनको अभाव नै थियो। नेपाल सरकार र माओवादीबीच सम्पन्न विस्तृत शान्ति सम्झौता एकातिर र व्यवहार अर्कोतिर रह्यो।

लोकतन्त्र स्थापनापछि द्रुत गतिले अगाडि बढेको शान्ति प्रक्रियाले यस वर्ष उतार चढावको सामना गर्नुपऱ्यो। सरकार र सात राजनीतिक दलबीच स-साना मुद्दाहरूमा विवाद सिर्जना हुन थालेपछि यस्तो स्थिति उत्पन्न भएको हो । संविधानसभाको निर्वाचन यस वर्ष गराउन नसके पनि सोही प्रयोजनका लागि भनेर विभिन्न चरणमा राजनीतिक दल तथा सरकारका बीच पटक-पटक बैठक र वार्ताहरू भए। तर, नेताहरू ठोस बिन्दुमा पुग्न निकै मुस्किल पर्ने गरेको देखियो।

विस्तृत शान्ति सम्झौतापछि मानवअधिकारको स्थितिमा सुधारका सङ्केतहरू नदेखिएका होइनन्। वस्तुत: लोकतन्त्रको बहालीपछि नै मानवअधिकारको क्षेत्रमा कैयन उल्लेखनीय कामहरू नभएका होइनन्। 'अन्तरिम संविधानले आमाबाबु दुवैको नामबाट नागरिकता पाउने अधिकार, सम्पत्तिमा महिलाको अधिकारलगायतका विभिन्न अधिकारहरूको व्यवस्था गऱ्यो, जो सकारात्मक थियो। नागरिकको सुसूचित हुने अधिकारलाई प्रत्याभूत गर्दै सूचनाको हकसम्बन्धी ऐन-२०६४ लागू भई नागरिकको सूचनाको हकको संरक्षण गरिनु महत्त्वपूर्ण कदम थियो। आदिवासी जनजातिको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम सङ्गठनको १६९ नं. महासन्धिलाई सरकारले अनुमोदन गरी उक्त समुदायको हकहितका लागि प्रयास भएको देखिन्छ।'[२१] तर, व्यवहारमा भने समस्याहरू देखा परे।

ऐतिहासिक विस्तृत शान्ति सम्झौता प्रभावकारी रूपमा कार्यान्वयन नहुनुमा प्रमुख जिम्मेवार सरकार रहेको संसदीय विशेष समितिले निर्क्यौल निकालेको थियो। शान्ति सम्झौता कार्यान्वयन अनुगमन विशेष समितिले 'देशका कारागार, नेपाली सेनाको व्यारेक, माओवादी सेनाका लडाकूको शिविर निरीक्षण, सशस्त्र

---

१५. शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता। बुँदा नं.७.१.५। काठमाडौं: ०६३ मङ्सिर ८: पृ. २०

१६. पूर्ववत्। पृ. २६

१७. "मेलमिलापका नाममा उन्मुक्ति"। *क्रान्तिपुर* । ०६४ भदौ ११: पृ. २

१८. संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल। प्रेस विज्ञप्ति। ०६४ साउन १८ http://nepal.ohchr.org/en/resources/Documents/Nepali/pressreleases/AUG2007/2007_08_03_TRCB_N.pdf accessed on 10 September 2007

१९. Amnesty International. Nepal:Draft Truth and Reconciliation bill risks undermining justice. Press Release 14 Auguts 2007. AI Index: ASA 31/007/007

२०. "सात राजनीतिक दलबीच भएको २३ बुँदे सहमति"। *गोरखापत्र* । ०६४ पुस ९: पृ. ३

२१. राष्ट्रिय मानवअधिकार आयोग। विस्तृत शान्ति सम्झौताको एक वर्ष: मानवअधिकारको अवस्था (०६३ मङ्सिर ६ देखि ०६४ मङ्सिर ५)। काठमाडौं: ०६४ मङ्सिर: पृ. १

द्वन्द्वका क्रममा भएका घरजग्गा कब्जा, झूटा मुद्दा, बेपत्ता नागरिक, घाइते र विभिन्न ठाउँमा बिछ्याइएका बारुदी धरापसम्बन्धी स्थलगत अध्ययन निरीक्षणबाट शान्ति सम्झौता प्रभावकारी रूपमा कार्यान्वयन नभएकै कारण शान्ति प्रक्रियाको गति चिन्ताजनक भएको ठहर गरेको थियो। शान्ति सम्झौताको कार्यान्वयनमा ७० प्रतिशतभन्दा बढी कमजोरी सरकारको देखिएको र ३० प्रतिशत माओवादीको कमजोर पक्ष'[३३] रहेको विशेष समितिले जनाएको थियो।

शान्ति स्थापनासँग सम्बन्धित लगभग सम्पूर्ण पक्षलाई समेटेर सम्झौता गरिनु नितान्त सकारात्मक उपलब्धि थियो। तर, व्यवहारमा अनूदित नगरिनु नै दु:खद कुरा हो। विगतमा आफूद्वारा व्यक्त गरिएका प्रतिबद्धताहरूको पालना नगरिनाले ०४६ सालपछि बनेको बहुदलीय सरकार असफल हुन पुगेको थियो। राजाले समेत त्यसकै फाइदा लिए र देशलाई भिडन्तको भुमरीमा धकेलिदिए। लोकतन्त्र स्थापना भएपछि पनि सोही खालको दृष्टिकोण नेता तथा सरकारमा हावी हुनुले पनि विभिन्न सम्झौताहरूको अवहेलना भइरहेको छ। अन्तत: यसको परिणाम जनताले भोग्नु परिरहेको छ। विस्तृत शान्ति सम्झौतामा 'बेपत्ताहरूको स्थिति ६० दिनभित्र सार्वजनिक'[३३] गर्ने प्रतिबद्धता व्यक्त गरिए पनि एक वर्षभन्दा बढी बितिसक्दा पनि त्यस सम्बन्धमा केही हुन सकेन। पीडितका परिवारहरूले सिंहदरबार, राष्ट्रिय मानव अधिकार आयोग, संयुक्त राष्ट्रसङ्घीय उच्च आयुक्तको कार्यालयलगायत प्रधानमन्त्रीको निवाससमेत घेर्ने तथा ज्ञापनपत्र बुझाउनेलगायतका दबाबमूलक कार्यक्रम अघि सारे। आफ्ना परिवारहरूको स्थिति थाहा पाउन कौतूहलपूर्वक प्रतीक्षारत पीडित परिवारले आफन्तहरू गुमाइसकेको हो कि भन्ने डर यो वर्ष पनि भित्री मनमा पाल्दै बिताए। बेपत्ता परिवारहरूको यो पीडालाई न सरकारले बुझ्न सक्यो, न त माओवादीले नै। इन्सेकको अभिलेखअनुसार अझै '१ सय ५ जनाभन्दा बढीलाई माओवादीले बेपत्ता बनाएको छ।'[३४] राष्ट्रिय मानवअधिकार आयोगका अनुसार '२ सय ८४ जनालाई माओवादीले बेपत्ता बनाएको छ।'[३५] माओवादीले 'आफ्नो कब्जामा लिई श्रम शिविरमा राखेका कतिपय व्यक्तिहरूलाई अझै रिहा गरिएको पाइएन।'[३६] माओवादीका जोकोही नेताले अफ्नो भाषणमा बेपत्ताहरूको स्थिति सार्वजनिक गर्नुपर्ने कुरालाई प्राथमिकताका साथ उठाए। तर, आफूहरूद्वारा श्रमकैदमा राखिएका मानिसहरूलाई रिहा गर्नुपर्दछ भन्नेतर्फ ध्यान दिएको पाइएन। युद्धको समाप्ति भइसक्यो तर युद्धकालीन अवस्थामा गरिएका कार्यलाई नै आत्मसात् गरिएको पाइयो। अन्तर्राष्ट्रिय मानवीय कानुनको सिद्धान्तविपरीतका कार्यलाई उनीहरूले जारी नै राखे। विस्तृत शान्ति सम्झौताको बुँदा नं. ७ मा दुवै पक्षले 'मानवअधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना गर्ने'[३७] प्रतिबद्धता व्यक्त गरेका छन्।

विस्तृत शान्ति सम्झौताअनुसार राज्यबाट बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न नसक्नुका साथै सुरक्षाकर्मीको उदासीनता आदि कारणबाट शान्ति सुरक्षाको अवस्थामा अपेक्षित सुधार हुन सकेन। राज्यको सुरक्षा नीति कमजोर बनेका कारण असुरक्षाको वातावरण सिर्जना भयो। आपराधिक समूह तथा व्यक्तिहरूले जथाभावी मानिसहरूलाई अपहरण गर्ने र मार्ने प्रवृत्ति बढेर गयो। 'विगतमा राज्यको सुरक्षा निकायबाट कब्जामा लिइएका सर्वसाधारणको घरजग्गा तथा सम्पत्ति फिर्ता गर्ने प्रयास निरन्तर चलिरहे पनि सम्पूर्ण रूपमा हालसम्म फिर्ता नगरिएको राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ। शान्ति सम्झौताको एक वर्षको अवधिमा मानिसको बाँच्न पाउने अधिकारको गम्भीर रूपमा उल्लङ्घन भयो। यस अवधिमा विभिन्न घटनामा विभिन्न पक्षको संलग्नतासमेतमा २ सय २१ जनाको मृत्यु भएको'[३८] आयोगले जनाएको छ।

'बृहत् शान्ति सम्झौतामा उल्लेख भए पनि

३३. "शान्ति सम्झौता कार्यान्वयन नहुनुमा सरकार बढी जिम्मेवार"। *नेपाल समाचारपत्र* । ०६४ पुस ४: पृ. १

३३. शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता। बुँदा नं.७.१.५। काठमाडौँ: ०६३ मङ्सिर ८: पृ. १५

३४. इन्सेक। नेपाल मानवअधिकार वर्ष पुस्तक २००७। काठमाडौँ: अनौपचारिक क्षेत्र सेवा केन्द्र, ०६३ फागुन ७: पृ. १३

३५. 'शान्ति सम्झौताको एक वर्ष" २३४ को हत्या । *कान्तिपुर* । ०६४ मङ्सिर ६: पृ. १

३६. "अझै पनि माओवादी श्रमकैद जारी"। www.inseconline.org accessed on 15 July 2007

३७. शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता। काठमाडौँ: ०६३ मङ्सिर ८: पृ. १९

३८. राष्ट्रिय मानव अधिकार आयोग। विस्तृत शान्ति सम्झौताको एक वर्ष: मानवअधिकारको अवस्था (०६३ मङ्सिर ६ देखि ०६४ मङ्सिर ५)। काठमाडौँ: ०६४ मङ्सिर: पृ. ३

स्थानीय सरकारी निकायहरूलाई पुन:स्थापित गर्नेबारे कुनै सहमति हुन सकेन। गाउँ तहमा सरकारको पहुँच बढेन। तराईका धेरै इलाकामा त सरकारको उपस्थिति खुम्चिन पुग्यो।'[२९]

राज्य र माओवादी दुवैले कब्जामा लिइएको घरजग्गा फिर्ता गर्ने, विस्थापितलाई पुन:स्थापित गर्नेलगायतका प्रतिबद्धताहरू पूरा गरेनन्। माओवादीका केन्द्रीय स्तरका नेताहरूले नै स्थानीय स्तरमा गएर आफूले आरोप लगाएकाहरूको कब्जा गरिएको सम्पत्ति फिर्ता नगर्ने जनाए। माओवादीको भनाइ र गराइबीच ठूलो खाडल देखियो। माओवादीका केन्द्रीय सदस्य गोपाल किराँतीले उदयपुर जिल्लामा भएको एक कार्यक्रममा 'जनयुद्धका क्रममा माओवादीले कब्जामा लिएका सामन्तीहरूका कुनै पनि घरजग्गा फिर्ता नहुने दाबी'[३०] गरेका थिए। राज्यपक्षबाट पनि विस्थापितहरूलाई ससम्मान घर फर्काउने ठोस कार्यहरू हुन सकेन भने 'विस्थापित नागरिकहरू आफ्नो आधारभूत मानवअधिकारको प्रयोग गर्नबाट वञ्चित नै रहेको पाइयो।'[३१] विस्तृत शान्ति सम्झौताको बुँदा नं ५.२.८ मा दुवै पक्षले 'सशस्त्र द्वन्द्वका क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रहबिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्ववसोवासको स्थानमा फर्कन दिने'[३२] प्रतिबद्धता व्यक्त गरेका छन्।

यस अवधिमा देशका विभिन्न भूभागमा कुटपिट तथा अमानवीय व्यवहारका घटनाहरू भएका छन्। 'समाचार सङ्कलनका क्रममा रहेका पत्रकारलाई सुरक्षाकर्मीले बारा जिल्लामा कुटपिट गरेको, विभिन्न हिरासतमा राखिएका व्यक्तिहरूलाई प्रहरीले यातना दिएको, सुरक्षाकर्मीबाट सर्वसाधारण जनतालाई कुटपिट गर्ने गरेको पाइयो। त्यसैगरी, विभिन्न वर्ग तथा समुदायले विभिन्न माग राखी गरेको आन्दोलनहरू नियन्त्रण गर्ने क्रममा विभिन्न व्यक्तिहरूलाई कुटपिट गरी घाइते बनाएको पाइयो।'[३३]

माओवादीको भ्रातृ सङ्गठनका रूपमा गठन भएको योङ्ग कम्युनिस्ट लिग (वाईसीएल) का कार्यकर्ताहरूले व्यापक रूपमा मानवअधिकार ज्यादती गरे। अपहरण, जबरजस्ती चन्दा असुली, कुटपिटलगायतका कार्यमा माओवादी कार्यकर्ताहरू बढी सक्रिय रहे। विस्तृत शान्ति सम्झौताको बुँदा नं. ७.१.४ मा दुवै पक्षले 'सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबरजस्ती कुनै काममा लगाउने काम गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यक कारबाही गर्ने'[३४] प्रतिबद्धता जनाएका छन्। सम्झौताविपरीत सार्वजनिक रूपमा माओवादी कार्यकर्ताहरूबाट मानवअधिकार ज्यादतीका घटनाहरू भए। तर पनि उनीहरूउपर कुनै कानुनी कारबाही भएको पाइएन। जवाफदेहिताको संस्कृति निर्माण गर्नमा यस्तो प्रवृत्तिले बाधा पुऱ्याउनुका साथै दण्डहीनताको संस्कृतिले मौलाउने मौका पायो। 'वाईसीएलका कार्यकर्ताबाट शान्ति सुरक्षा कायम गर्ने नाममा कानुन आफ्नो हातमा लिई अपराधको अनुसन्धान गर्ने, व्यक्तिगत झैँझगडा मिलाउने, जबरजस्ती चन्दा असुल्ने, विभिन्न बहानामा विभिन्न पेसा, व्यवसायलगायतका सर्वसाधारण व्यक्तिलाई कुटपिट गर्ने गरेको पाइयो। फरक राजनीतिक विचार राख्ने पार्टीहरूले आयोजना गरेको कार्यक्रममा वाईसीएललगायत अन्य राजनीतिक पार्टीका कार्यकर्ताहरूसमेतले आक्रमण गर्ने र नेताहरूमाथि कुटपिट गर्ने, मोसो दल्नेजस्ता अमानवीय कार्य भएको थियो। माओवादी र उसका भ्रातृ सङ्गठनहरू वाईसीएललगायतले विभिन्न व्यक्तिलाई भौतिक कारबाही गर्ने, घरसम्पत्ति कब्जा गर्ने, ज्यान मार्नेसमेतको धम्की दिने गरेको पाइयो। पत्रकार, सरकारी कर्मचारीलगायत विभिन्न पेसा तथा वर्गका व्यक्तिहरूलाई त्यस्ता समूहबाट धम्की दिने कार्यमा कमी आएन। साथै, माओवादीका कार्यकर्ताले बाराका पत्रकार वीरेन्द्र साहलाई अपहरणपछि आफ्नो कब्जामा लिई हत्या गरे। अर्का पत्रकार प्रकाश ठकुरीलाई कञ्चनपुरमा अपहरण गरी बेपत्ता पारे। यस प्रकारका

---

२९. इन्टरनेशनल क्राइसिस ग्रुप। एसिया ब्रिफिङ् नं. ६८। नेपालको नाजुक शान्ति प्रक्रिया। २८ सेप्टेम्बर २००७: पृ. ३

३०. www.inseconline हेरिएको मिति ०६४ मङ्सिर २७

३१. राष्ट्रिय मानवअधिकार आयोग। विस्तृत शान्ति सम्झौताको एक वर्ष: मानवअधिकारको अवस्था (०६३ मङ्सिर ६ देखि ०६४ मङ्सिर ५)। काठमाडौँ: ०६४ मङ्सिर: पृ. १८

३२. शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता ०६३। बुँदा नं. ५.२.८। काठमाडौँ: ०६३ मङ्सिर ८: पृ. १६

३३. राष्ट्रिय मानवअधिकार आयोग। विस्तृत शान्ति सम्झौताको एक वर्ष: मानवअधिकारको अवस्था (०६३ मङ्सिर ६ देखि ०६४ मङ्सिर ५)। काठमाडौँ: ०६४ मङ्सिर: पृ. ३

३४. शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता ०६३। बुँदा नं. ७.१.४। काठमाडौँ: ०६३ मङ्सिर ८: पृ. २०

घटनाबाट मानवअधिकार रक्षकको अवस्थासमेत चुनौतीपूर्ण रहेको पाइयो। विभिन्न वर्ग तथा पेसाका व्यक्तिहरूसँग जबरजस्ती चन्दा लिने, विस्थापित गराउने, घरजग्गा कब्जा गर्ने, विभिन्न व्यक्तिलाई कब्जामा लिने तथा अपहरण गर्ने कार्यलाई निरन्तरता दिए। माओवादीले शान्ति सम्झौतामा विभिन्न व्यक्तिको कब्जामा लिएको सम्पत्ति फिर्ता गर्ने प्रतिबद्धता जनाए तापनि कतिपय व्यक्तिको सम्पत्ति फिर्ता नगर्नुका साथै विभिन्न व्यक्तिको सम्पत्ति कब्जा गर्ने कार्य जारी राखेको पाइयो।'[३५]

विस्तृत शान्ति सम्झौतामा व्यक्त प्रतिबद्धताको पूर्ण रूपमा परिपालना सरकार र माओवादी दुवै पक्षबाट नहुँदा सम्झौतामा उल्लिखित न्यूनतम मानवअधिकारका विषयहरू जस्तै जीवनको अधिकार, आर्थिक-सामाजिक अधिकार, शिक्षा, स्वास्थ्य तथा सुरक्षाको अधिकारबाट आमनागरिक प्रभावित हुन पुगे। नेपाल सरकार र माओवादीले विस्तृत शान्ति सम्झौतामा प्रतिबद्धता जनाएअनुसार 'मानिसको बाँच्न पाउने अधिकारको उच्च सम्मान गरिएको पाइएन।'[३६]

यस वर्ष पनि सरकार र माओवादी दुवैपक्षबाट सर्वसाधारणहरू मारिए। *(यस सम्बन्धमा थप जानकारी लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद १,* ***सन् २००७ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन****)*

शान्ति सम्झौता शान्ति प्रक्रियाको महत्त्वपूर्ण कडीका रूपमा स्थापित हुँदाहुँदै पनि यसको उचित कार्यान्वयन नहुँदा शान्ति प्रक्रियामा व्यवधानहरू सिर्जना हुँदै गए।

२.२ योङ्ग कम्युनिस्ट लिगको ज्यादती

लोकतन्त्र स्थापनापछि संसद् र सरकारमा समेत सामेल भएको माओवादीले शान्ति सम्झौतामा मानवअधिकार विरोधी कुनै पनि गतिविधिलाई नअँगाल्ने र शान्ति प्रक्रियाका लागि कटिबद्ध हुने प्रतिबद्धता व्यक्त गरेको थियो। माओवादीको प्रतिबद्धता व्यवहारमा भने पटक-पटक तोडिएको देखियो। 'भ्रातृ सङ्गठनका रूपमा योङ्ग कम्युनिस्ट लिगको स्थापना गरी त्यसमार्फत आफ्ना विगतका शैली अनुसरण गर्न माआवादीले छोडेन।'[३७] माओवादीले विगतको मानवअधिकार ज्यादतीको शैलीलाई नछोड्दा समाजमा पूर्णरूपमा शान्ति महसुस गर्न सकिएन। 'शान्ति सम्झौताविपरीत वाईसीएलबाट जनकारबाही गर्ने, यातना दिने, डर-धम्की उत्पन्न गराउनेजस्ता कामकारबाही पटक-पटक भए।'[३८] 'शान्ति सम्झौताको १० नं. बुँदामा दुवै पक्षले समानान्तर खालको कुनै पनि संयन्त्रहरू खडा नगर्ने भनिए पनि वाईसीएलका कतिपय गतिविधिले सरकार वा राज्यसंयन्त्रको समानान्तर खालको संयन्त्रको अस्तित्व प्रस्टै देखियो।'[३९] 'योङ्ग कम्युनिस्ट लिगलाई अघि बढाएर समानान्तर शक्ति कायम गर्ने प्रयास माओवादीले गऱ्यो।'[४०] विस्तृत शान्ति सम्झौतापछि 'प्रचण्डले भङ्ग गरेको'[४१] जनअदालतको अवधारणा माओवादीले 'जिल्लास्तरमा पुनः सुरु गऱ्यो।'[४२]

'शान्ति सम्झौतामा हस्ताक्षरपछि अधिकांशतः विघटन गरिएका जनअदालतजस्ता माओवादीका समानान्तर संरचनासँग सम्बन्धित गतिविधिमा उल्लेख्य कमी आएको अवलोकन गरे पनि जनअदालत वा त्यस्ताखाले संयन्त्र केही जिल्लामा पछिसम्म सञ्चालन भइरहेको सङ्केत पाइएको उच्चायुक्तको कार्यालयले बतायो।'[४३] सशस्त्र द्वन्द्वको अन्त्य भए पनि यस्ता गतिविधिले त्यसलाई पूर्णता दिन सकेन, जसका कारण

---

३५. राष्ट्रिय मानवअधिकार आयोग। विस्तृत शान्ति सम्झौताको एक वर्षः मानवअधिकारको अवस्था (०६३ मङ्सिर ६ देखि ०६४ मङ्सिर ५)। काठमाडौं: ०६४ मङ्सिरः पृ. ३ र ४

३६. शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता ०६३। बुँदा नं. ७.२। काठमाडौं: ०६३ मङ्सिर ८: पृ. २१

३७. इन्टरनेशनल क्राइसिस ग्रुप। एसिया ब्रिफिङ् नं. ६८। नेपालको नाजुक शान्ति प्रक्रिया। काठमाडौं/ब्रसेल्स। २८ सेप्टेम्बर २००७: पृ. ६

३८. पपुलेसन वाच/इन्हुरेड इन्टरनेसनल। अप्रकाशित विस्तृत शान्ति सम्झौता अनुगमन राष्ट्रिय प्रतिवेदन। ०६४ असार कात्तिकः पृ. ६

३९. पूर्ववत्। पृ. ४

४०. इन्टरनेशनल क्राइसिस ग्रुप। एसिया ब्रिफिङ् नं. ६८। नेपालको नाजुक शान्ति प्रक्रिया। काठमाडौं/ब्रसेल्स। २८ सेप्टेम्बर २००७: पृ. ३

४१. "जनसत्ता र जनअदालत भङ्ग"। *कान्तिपुर* । ०६३ माघ ५। पृ. १

४२. "माओवादीद्वारा जनअदालत पुनः सुरु"। www.inseconline.org accessed on 21 November 2007

४३. नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय। वाईसीएलद्वारा भएका मानवअधिकार दुर्व्यवहारसम्बन्धी आरोपहरू। ०६४ असारः पृ.५

जनताले अनावश्यक दु:ख भोग्नु पऱ्यो भने खुलेआम मानवअधिकारविरोधी कार्यमा संलग्न वाईसीएलका कार्यकर्ताहरूलाई सरकारले कारवाही गर्न सकेन। 'हिंसात्मक कार्य तथा दुर्व्यवहारका लागि जिम्मेवार प्रहरीलगायत अन्य व्यक्तिहरूले जस्तै वाईसीएलका सदस्यहरूले आफ्ना कार्यका लागि सामान्यतया दण्डहीनताको उपभोग गरे।'[४४]

२.३ सहमतिको पुनरावृत्तिः कार्यान्वयनमा ढिलासुस्ती

राजनीतिक अन्योल र गतिरोध निकासको सबैभन्दा उपयुक्त माध्यम वार्ता नै भएको पुष्टि माओवादी र सरकारबीच सशस्त्र द्वन्द्वको अन्त्यका लागि भएको सहमतिले गरिसकेको छ। त्यसकारण दलहरूबीच देखिएका मतभिन्नताहरूमा सहमति जुटाउनका लागि गर्ने गरिएको वार्ता प्रयासलाई सकारात्मक मान्न सकिन्छ। तर, सहमति भइसकेको एउटै विषयवस्तुका लागि पटक-पटक वार्ता गरेर अल्झिरहने प्रवृत्ति बढी देखियो। लोकतन्त्र प्राप्तिपछि जनताका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभूति गराउने सम्बन्धमा राजनीतिक दलहरू र सरकार संवेदनशील हुन सकेको पाइएन। स्थायी शान्तिको स्थापना वा द्वन्द्वको समाधान समाजमा विद्यमान विभिन्नखाले संरचनागत समस्याहरूको अन्त्यका साथै गरिबीको मुक्तिबाट सम्भव हुन्छ। तर, लोकतान्त्रिक सरकार पनि त्यसतर्फ केन्द्रित भएको पाइएन। द्वन्द्व व्यवस्थापनका लागि तिनका आधार, कारण र सारतत्त्वमा जान तथा तिनलाई सम्बोधन गर्न सक्नुपर्दछ। लोकतान्त्रिक सरकारले त्यस्तो गर्न नसकेको राजनीतिक नेताहरूले नै अभिव्यक्ति दिए। 'हिंसात्मक द्वन्द्वको अन्त्यका लागि त्यसका भौतिक, व्यावहारिक एवम् वैचारिक कारण के हुन् भनेर छुट्याउनु र तदनुरूप सम्बोधन वा समाधान गरिनुपर्दछ। खालि सतह र टुप्पामा लक्षित समाधान प्रयासले समस्याको जरा पहिल्याउन सम्भव हुँदैन।'[४५] यसको प्रमुख कारण सरकार र राजनीतिक दलहरूले नै सम्झौता भइसकेका विषयहरूमा पटक-पटक बखेडा खडा गरी पुनः वार्ता गरिरहनु हो।

सन् २००७ मा सम्झौताहरूको सही कार्यान्वयन नहुँदा उत्पन्न हुने स्थितिले नै शान्ति प्रक्रियालाई खलबल्यायो। ०६२-६३ को जनआन्दोलन हुनुभन्दा अघि र लोकतान्त्रिक सरकार स्थापना भएपछि १२ बुँदे सहमतिदेखि लिएर शान्ति सम्झौतासम्म आइपुग्दा एक दर्जनभन्दा बढी सम्झौताहरू सम्पन्न भए। तर, कार्यान्वयनमा सधैँ समस्या देखा पऱ्यो। 'समस्या वार्ता र शान्ति प्रक्रियामा सात दल, माओवादी समझदारी, सहमति र सहकार्यको आधार बाह्रबुँदे समझदारीलाई नसम्झनु, नपक्रनु र अघि नबढाउनु, जनयुद्धको विचार र नीतिको निरन्तरता र त्यसको सफलताका निम्ति हरेक मञ्च र अवसरको उपयोग गर्ने नीति कायम राख्दै शान्ति प्रक्रियामा माओवादी सामेल हुनु तथा बृहत् शान्ति सम्झौतामा हिंसात्मक द्वन्द्वको अन्त्य गर्न सहमत भए पनि १० वर्षदेखि अपनाउँदै आएको हिंसाको विचार र नीतिको अन्त्य नगर्नु र गर्ने प्रतिबद्धतासम्म पनि नजनाउनु नै रहेको थियो।'[४६] वर्षको अन्त्यतिर सात दलले विगतमा गरिएका सम्झौताहरू दोहोऱ्याउँदै पुनः त्यस्तै खालको अर्को सम्झौता गरे। सात दल र सरकारको यस्तो रवैयाले अन्ततः जनताको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूका साथै नागरिक तथा राजनीतिक अधिकार अनि वर्तमान अवस्थामा सङ्क्रमणकालीन न्यायको अधिकारसमेत उल्लङ्घन भएको छ।

गएको वर्ष नेपाल सरकार र माओवादीबीच सम्पन्न भएको शान्ति सम्झौतामा मानवअधिकारको सवालमा गरिएका सहमतिमा नै आधारित भएर वर्षको अन्त्यतिर पुनः सात राजनीतिक दलहरूबीच '२३ बुँदे सहमति'[४७] कायम भयो। यसमा सङ्घीय गणतन्त्रात्मक राज्यको व्यवस्थासम्बन्धी बुँदा नयाँ छ। यसअनुसार अन्तरिम संविधान संशोधन गरी उक्त व्यवस्था गरिने भएको छ। तर, यसको कार्यान्वयन संविधानसभाको पहिलो बैठकले नै गर्ने निर्णय भएको छ। यदि 'राजाले संविधानसभा निर्वाचन हुन नदिन व्यवधान खडा गरेमा व्यवस्थापिका संसद्बाटै संविधानसभाको निर्वाचनअगाडि नै सङ्घीय गणतन्त्रात्मक राज्यको घोषणा गरिने उल्लेख गरिएको छ।'[४८] यसदेखि बाहेक २३ बुँदे

http://nepal.ohchr.org/en/resources/Documents/Nepali/reports/IR/Year2007/YCL_N.pdf accessed on 10 September 2007

४४. पूर्ववत्। पृ. १३

४५. ओली, केपी शर्मा। "माओवादी: सबैभन्दा गम्भीर समस्या"। *हिमाल खबरपत्रिका* । १५ पुस ०६४: पृ. ५७

४६. पूर्ववत्

४७. "सात दलबीचको सहमति"। *नेपाल समाचारपत्र* । ०६४ पुस ९: पृ. ५

४८. "सात राजनीतिक दलबीच ०६४ पुस ८ गते भएको २३ बुँदे सहमति"। *गोरखापत्र* । ०६४ पुस ९: पृ. ३

सहमतिमा पनि विस्तृत शान्ति सम्झौताअनुरूप 'माओवादीहरूले कब्जा गरेका घरजग्गाहरू फिर्ता गर्ने, मारिएका तथा छानबिनका आधारमा बेपत्ता परिवारहरूलाई राहत उपलब्ध गराउने, माओवादीको सेनाका प्रमाणित लडाकूहरूका बारेमा सहमति गर्दै विस्तृत शान्ति सम्झौताको पूर्ण रूपमा पालना र कार्यान्वयन गर्ने'[४९] प्रतिबद्धता व्यक्त गरिएको छ। यसदेखि बाहेक विस्तृत शान्ति सम्झौतामा उल्लेख भएबमोजिम 'बेपत्ता पारिएकाहरूको छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, राज्यको पुन:संरचनासम्बन्धी आयोग, शान्ति सम्झौताको कार्यान्वयन सम्बन्धमा अनुगमन आयोग, उच्चस्तरीय शान्ति आयोगलगायतका आयोगहरू एक महिनाभित्र गठन गर्ने'[५०] सहमति भएको छ।

सम्झौतामाथि सम्झौता गर्नुको सट्टा भएकै सम्झौतालाई व्यवहारमा पूर्ण रूपमा अनूदित गरिनु नै जनतामाथि न्याय प्रदान गरिएको मानिन्छ। भएका सम्झौताहरू उचित तथा सान्दर्भिक भएनन् भने मात्र अर्को सम्झौता गर्नुको सार्थकता रहन्छ। होइन भने तिनै कुराहरूलाई दोहोऱ्याएर सहमति गरिनुले कार्यान्वयनका लागि इच्छाशक्तिको कमी दर्शाएको मात्र मान्न सकिन्छ।

३. संविधानसभा चुनावका अवरोधहरू

चुनाव हुन्छ भन्ने वातावरण र विश्वास वर्षभरि नै कायम हुन सकेन। राजनीतिक असहिष्णुता र दलहरूबीचको खिचातानी संविधानसभा निर्वाचनको सबैभन्दा ठूलो तगारो बन्यो। 'माओवादीले सरकार छोड्नाले र मूलधारका पार्टीहरूले लचकता नदेखाउनाले २२ नोभेम्बरमा हुने भनिएको संविधानसभाको निर्वाचन खतरामा पऱ्यो।'[५१] यसका प्रमुख जिम्मेवारहरू सरकारका साथै राजनीतिक पार्टीहरू छन्। राजनीतिक गतिरोधका कारण तोकिएको मितिमा चुनाव हुन सकेन। संविधानसभाको निर्वाचन गराउने सम्बन्धमै पटक-पटक अन्तरिम संविधान २०६३ संशोधन गरियो। सहमतिका आधारमा सरकारका साथै राजनीतिक पार्टीहरू अगाडि नबढेपछि संविधानसभाको निर्वाचनमा अवरोधहरू सिर्जना भएको हो।

सन् २००७ मा संविधानसभाको निर्वाचन तोकिएको मितिमा सम्पन्न हुननसक्ने स्थिति तराईमा बढ्दै गएको हिंसाले पनि उन्पन्न गरायो। तराईमा देखिएका विभिन्न सशस्त्र समूहहरूबाट भएका हत्या, अपहरण, विस्थापनलगायतका घटनाहरूले असुरक्षाको वातावरण अत्यधिक मात्रामा सिर्जना गरी रह्यो। सरकारले विभिन्न समूहहरूबाट राखिएका मागहरूको सही रूपमा सम्बोधन गर्न नसक्दा नागरिकहरूको बाँच्न पाउने अधिकार जोखिममा पऱ्यो। संविधानसभाको निर्वाचनमा तराईको समस्या अवरोधका रूपमा अगाडि आयो। गोइत, ज्वाला सिंहलगायतका समूहहरूका मागहरू राजनीतिकजस्तो देखिए पनि गतिविधि आपराधिक खालको देखियो। उनीहरूले मधेसीमाथि भएको शोषणमा पहाडीहरू प्रमुख रूपमा दोषी भएको आरोप लगाएर आफ्ना गतिविधि पहाडी समुदायउपर लक्षित गरे। त्यस्ता समूहका गतिविधिका कारण साम्प्रदायिक सद्भाव खलबल्याउने ठूलो चिन्ता र खतरा उत्पन्न गऱ्यो। 'कपिलवस्तुमा पहिलेका प्रतिकार समूहका मोहित खाँको हत्या भएपछि मच्चिएको साम्प्रदायिक हिंसाले पनि तनावको स्थिति सिर्जना गऱ्यो। उक्त घटनाले यस्तो खिरिलो अवस्था कसरी सजिलैसित खतरनाक अशान्तिमा बदलिन सक्छ भन्ने देखाएको छ।'[५२]

अन्तरिम संविधानमा व्यवस्था भएबमोजिम जेठ महिनाभित्र चुनाव हुने सहमति सात राजनीतिक दलहरूबीच भए पनि सो अनुसार निर्वाचन हुन नसकेपछि असार महिनामा संविधानसभाको चुनाव गर्ने सहमति भएको थियो। तर, निर्वाचन आयोगले सुरक्षा र राजनीतिक मुद्दा टुङ्ग्याउन ढिलाइ भएको कारण देखाउँदै असारमा संविधानसभा निर्वाचन हुन नसक्ने घोषणा गऱ्यो। सम्पूर्ण कानुनी र राजनीतिक विषय टुङ्गो लागेपछि १ सय १० दिनको समय निर्वाचन आयोगले माग गऱ्यो। त्यसपछि संविधानसभा चुनावका लागि मङ्सिर ६ गतेको मिति तोकियो। सात राजनीतिक दल तथा माओवादीबीच विभिन्न एजेण्डाहरूमा सहमति बन्न नसक्दा तथा समयमा निर्वाचनसम्बन्धी ऐन बन्न नसक्दा निर्वाचन आयोगले चुनाव हुन नसक्ने जनाएको थियो। दोस्रोपटक निर्वाचनको मिति तय गरिएपछिका दिनमा माओवादीले व्यवस्थापिका-संसद्बाटै गणतन्त्र

४९. "सात राजनीतिक दलबीच ०६४ पुस ८ गते भएको २३ बुँदे सहमति"। *नेपाल समाचारपत्र* । ०६४ पुस ९: पृ. ५
५०. पूर्ववत्
५१. इन्टरनेसनल क्राइसिस ग्रुप। एसिया ब्रिफिङ् नं. ६८। नेपालको नाजुक शान्ति प्रक्रिया। काठमाडौं /ब्रसेल्स: २८ सेप्टेम्बर २००७: पृ. १
५२. पूर्ववत्। पृ. १

घोषणा गर्नुपर्ने कुरा बेलाबेला उठाउँदै आएको थियो। माओवादीका अध्यक्ष प्रचण्डले गणतन्त्रको घोषणा नभएसम्म संविधानसभाको निर्वाचन हुन नसक्ने बताए। माओवादीहरूले सिर्जना गरेको व्यवधानका कारण रद्द भएको संविधानसभा निर्वाचनको मिति पुनः तोक्नका लागि पार्टीहरूबीच पटक-पटक वार्ता सम्पन्न भयो। सात राजनीतिक पार्टीहरूको पटक-पटकको छलफलपछि माओवादीद्वारा प्रस्तुत २२ सूत्रीय मागमा आधारित भएर २३ बुँदे सहमति गरिएपछि राजनीतिक गतिरोधको अन्त्य भएको थियो। सहमतिमा चैत महिनाभित्र संविधानसभाको निवार्चन गराउने भनियो। माओवादीहरूले अघि सारेको गोलमेच सम्मेलनको सट्टा नागरिक भेलाको आयोजना गरियो। भेलामा सातवटै पार्टीका नेताहरूले 'निर्वाचनप्रतिको प्रतिबद्धता पुनः दोहोऱ्याएका'[५३] थिए।

'२३ बुँदे सहमतिअनुसार ६ सय १ सदस्यीय संविधानसभा निर्माण गर्न'[५४] सात दल सहमत भए। तर, सात दलका नेता संविधानसभा निर्वाचनका लागि एक ठाउँमा बसेर केही निर्णय गर्न सक्दैनन् भने ६ सय जनाको संविधानसभाले नयाँ संविधान बनाउनेमा कत्तिको सहमति जुटाउन सक्ला भन्ने प्रश्न उब्जिएको छ। मङ्सिर ६ मा गर्ने भनिएको संविधानसभाको निर्वाचन बिथोल्ने कारण जसरी माओवादीहरूको गणतन्त्रको घोषणा र पूर्ण समानुपातिकको माग बन्यो, त्यसैगरी ०६४ सालको चैतभित्र हुने भनिएको संविधानसभाको निर्वाचनमा सेना समायोजनको विषय प्रमुख बाधक बन्ने हो कि भन्ने डर पनि राजनीतिक परिवेशमा देखिएको छ।

३.१ संविधानसभा निर्वाचन स्थगनः सार्वभौम मताधिकारको अवहेलना

दलहरूको खिचातानीले गर्दा तयारी लगभग सिद्धिइसकेको अवस्थामा समेत संविधानसभा चुनावलाई पटक-पटक स्थगन गरियो। सात राजनीतिक पार्टीहरूबीच विभिन्न चरणमा भएको वार्तापछि चैत महिनाभित्र चुनाव गराउने समझदारी भयो।

विशेष गरेर सात राजनीतिक पार्टी र माओवादीबीच संविधानसभाको चुनावका सम्बन्धमा मतैक्य कायम हुन नसक्दा मिति तय गरिसक्दा पनि चुनाव हुन सकेन। माओवादीका अस्थिर निर्णयहरू र सहमतिविरुद्धका प्रस्तावहरूले संविधानसभाको चुनाव बिथोलेको थियो। यसका साथै काङ्ग्रेसद्वारा अघि सारिएका केही अडानका कारण निर्वाचन तोकिएको मितिमा हुन सकेन। 'शान्ति प्रक्रियामा संलग्न राजनीतिक दलहरू गतिरोधमा फस्दा राष्ट्रले ठूलो अस्थिरता र अनिश्चितताको सामना गर्नु पऱ्यो। माओवादीले अगस्टमा भएको प्लेनम बैठकमा मङ्सिरमा हुने भनिएको संविधानसभाको चुनावका लागि नयाँ सर्तहरू अघि सारेपछि स्थिति अझ बिग्रियो। अन्तरिम संसद्मार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरी राजतन्त्रको अन्त्य गर्ने र पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाउनुपर्ने उनीहरूका मुख्य माग थिए, जो अन्तरिम संविधानसम्मत थिएनन्।'[५५]

नेपालको अन्तरिम संविधान-२०६३ मा व्यवस्था गरिएको मिश्रित निर्वाचन प्रणालीमा हस्ताक्षर गरिसकेका माओवादीहरूले संविधानजस्तो मूल कानुनमा गरेको प्रतिबद्धतालाई नै उल्टाए। आन्तरिक अध्ययन-अनुसन्धानका आधारमा आफ्नो वर्चस्व कायम हुन नसक्ने अवस्थाको आङ्कलन गरेर माओवादीहरूले संविधानसभा चुनाव हुन नदिनका लागि पूर्ण समानुपातिक र चुनावभन्दा अगाडि गणतन्त्रको घोषणाजस्ता दुई माग अघि सारेर चुनावको मिति सारेको आरोप विभिन्न सङ्घसंस्था तथा राजनीतिक दलहरूले लगाएका थिए। चुनाव नसार्नका लागि सातदलीय गठबन्धनले माओवादीसँग सहमति कायम गर्न सकेन। हिंसात्मक आन्दोलनलाई त्यागेर माओवादीलाई शान्तिको मार्गमा ल्याउन सफल सात दलले असहमतिका बीच सहमति कायम गराउन निकै नै कसरत गर्नुपऱ्यो। माओवादी सरकारबाट बाहिरिएपछि त्यस पार्टीको मागका सम्बन्धमा सात दलको बैठक पटक-पटक बस्यो। अन्ततः अन्तरिम संविधान संशोधन गरी सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक राज्य लेखिने व्यवस्था गर्ने सहमति सात दलबीच भएपछि संविधानसभाको चुनाव गर्ने पुनः

---

५३. "चैतभित्र निर्वाचन गर्न नागरिक समाजको सुझाव"। *गोरखापत्र* । ०६४ पुस ९: पृ. १

५४. "सात राजनीतिक दलबीच ०६४ पुस ८ गते भएको २३ बुँदे सहमति"। *नेपाल समाचारपत्र* । ०६४ पुस ९: पृ. ५

५५. FAST Update, Nepal- No. 5. Swisspeace, Switzerland: September to October, 2007 http://www.swisspeace.ch/typo3/fileadmin/user_upload/pdf/FAST/Updates/2007/Nepal-Update5_6.11.07.pdf accessed on 28 December 2007

सहमति भयो।[५६] यद्यपि, राष्ट्रिय निर्वाचन आयोगका प्रमुख आयुक्त भोजराज पोखरेलले हतार गरेर मिति नतोक्न दलहरूलाई आग्रह गरेका थिए।

जनताको 'सार्वभौम मताधिकारको'[५७] हनन संविधानसभाको चुनावको स्थगनसँगै भयो। संविधानसभाबाट बन्ने नयाँ संविधानमा आफ्ना हकअधिकारहरू व्यवस्थित हुने आशा गरेका जनता निर्वाचनमा मत हाल्ने आफ्नो अधिकारबाट वञ्चित भए। संविधानसभाबाट बन्ने नयाँ संविधानमा विभिन्न तह तथा वर्गका जनताको हकअधिकार सुनिश्चित हुन्छ भन्ने कुराको अनिश्चितता कायमै रह्यो। सात दलले गरेको पटक-पटकको संशोधनले अन्तरिम संविधानको प्रस्तावनामा उल्लेख भएबमोजिम जनता सार्वभौमसत्ता सम्पन्न नभएको अनुभूति सात राजनीतिक दलहरूले गराए। अन्तरिम संविधान-२०६३ को प्रस्तावनामा 'हामी सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनता' भन्ने उल्लेख गरिएको छ।

३.२ अन्तरिम संविधानः अवहेलना र सङ्कटमा

नेपालको अन्तरिम संविधान-२०६३ सात दलबाटै अवहेलित हुन पुग्यो। संविधान जारी गरिएको वर्षदिन नबित्दै तेस्रोपटकसम्म संशोधन गरियो, जसबाट जनताको 'सार्वभौम अधिकार'[५८]को उपहास हुन गयो। संविधानमा तोकिएको मितिमा संविधानसभाको चुनाव गराउन नसक्नु भनेको संवैधानिक अधिकारको उल्लङ्घन गर्नु हो। मङ्सिरमा संविधानसभाको चुनाव गराउनका लागि अन्तरिम संविधान संशोधन गरिएको थियो। तर, सोअनुसार पनि संविधानसभाको चुनाव हुन नसकेपछि संविधानसभा निर्वाचनको अर्को मिति तोक्न दलहरूबीच सहमतिको खोजी सुरु भयो। त्यतिबेला सहमति कायम हुन नसकेपछि अन्तरिम संविधान सङ्कटमा परेको थियो। अन्तरिम संविधानलाई सङ्कटबाट मुक्त गराउनका लागि संविधानसभाको चुनाव ०६४ चैत महिनाभित्र गराउने प्रस्ताव संसद्मा पेस गरिएको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, **व्यवस्थापिका**)*। अन्तरिम संविधान नेपाली जनताका तर्फबाट जनप्रतिनिधिले जारी गरेको मुलुककै पहिलो संविधान हो। अन्तरिम संविधानले जनताको सर्वोच्चतालाई कायम गरेको छ भने अर्कोतर्फ जनताभन्दा माथि कोही हुँदैनन् भन्ने मानवअधिकारको विश्वव्यापी घोषणालाई समेत आत्मसात् गरेको छ। यसमा 'सार्वभौम सत्तासम्पन्न जनता'[५९] वा जनताको सर्वोच्चतालाई कायम गरिएको छ। अन्तरिम संविधानको प्रस्तावनामा एकातिर जनताको सर्वोच्चतालाई सम्बोधन गरिएको छ भने अर्कोतर्फ यो संविधान सात दलको सहमतिमा तयार गरिएको उल्लेख गरिएको छ। 'सांसदहरूको नाम, सात दल पनि संविधानमै उल्लेखित छन्। संविधान सात दलको सहमतिको एउटा दस्तावेजजस्तो देखिन्छ। सात दलको सहमतिबाट जे पनि गर्नसक्ने व्यवस्था छ।'[६०]

३.३ राज्यको पुनःसंरचना र समावेशीकरणको सवाल

लोकतन्त्र प्राप्तिपछिको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि भनेको सबै सीमान्तकृत वर्गहरूबाट आफ्नो प्रतिनिधित्वका लागि उठेको आवाज हो। शताब्दीयौँदेखि बहिष्कृत र शोषणमा परेका यस्ता समूहहरूले नीति निर्माणका हरेक तहमा आफ्नो प्रतिनिधित्व हुनुपर्ने कुरा जोडतोडका साथ उठाए। संयुक्त राष्ट्रसङ्घीय विभिन्न दस्तावेजहरूमा उल्लेख भएबमोजिमको आत्मनिर्णयको अधिकारअन्तर्गत उनीहरूको पहिचान र प्रतिनिधित्वका लागि आवाज उठाइयो। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको नेपाल पक्षराष्ट्र भएको हुनाले आफूले गरेका प्रतिबद्धताअनुरूप आफ्ना नागरिकहरूको आत्मनिर्णयको अधिकारलाई सुनिश्चित गरिनुपर्दछ।

०६२-६३ को आन्दोलनसँगै विभिन्न सीमान्तकृत वर्गहरूले आफूमाथि भइरहेको शोषणका विरुद्धको आवाज चर्को रूपमा अघि सारे।

---

५६. "सात राजनीतिक दलबीच ०६४ पुस ८ गते भएको २३ बुँदे सहमति"। *समाचारपत्र* । ०६४ पुस ९: पृ. ५
५७. नेपाली जनताको आफ्नो लागि आफैँ संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै, नेपालको अन्तरिम संविधान-२०६३, प्रस्तावना ।
५८. नेपालको अन्तरिम संविधान । २०६३ । प्रस्तावना
५९. नेपालको अन्तरिम संविधान । २०६३ । प्रस्तावना
६०. प्रधानमन्त्री, सभामुख, संसद्, पार्टीहरू सबैले संविधान उल्लङ्घन गरे, २०४७ सालको संविधानका प्रमुख निर्माता विश्वनाथ उपाध्यायसँग माधव ढुङ्गेलले लिएको अन्तर्वार्ता। *नेपाल* । २३ मङ्सिर ०६४: पृ. १६

आफूहरूमाथिको शोषण अन्त्य गर्न राज्यको पुन:संरचना हुनुपर्ने मागहरू अघि सारे। सङ्क्रमणको अवस्थामा एकैसाथ उठेको अस्तित्व, पहिचान र प्रतिनिधित्वको आवाजको सम्बोधन सरकार तथा विभिन्न राजनीतिक दलहरूको चुनौतीपूर्ण दायित्वको विषय हो। यस्तो समस्याको समाधानका लागि सही व्यवस्थापन हुने हो भने परिणाम फलदायी हुनसक्छ। सीमान्तकृत वर्गहरूबाट उठेको आवाजलाई सरकारका साथै सात दलले केही हदसम्म आत्मसात् गरेको पाइयो, जसअनुसार समानुपातिक प्रणालीमा जाने तथा सङ्घीय राज्य व्यवस्थामा जाने निर्णयहरू उनीहरूले गरेका थिए। नेपालको अन्तरिम संविधान-२०६३ मै यसको व्यवस्था गरिएको छ। तर, आदिवासी तथा जनजाति समूहका साथै मधेसी समुदायले उठाएका सवालहरू र सहमतिहरूको सही कार्यान्वयनतिर सरकारले ध्यान दिएन। जनजातिहरूसँग गरिएका सम्झौताहरूको कार्यान्वयनमा ढिलासुस्ती गरिएको सबैले महसुस गरे।

नेपालका थुप्रै जनजाति समूहहरूले जातिगत आधारको समानुपातिक प्रतिनिधित्वका लागि बल गरिरहे। 'झण्डै ७० ओटा समूहहरूको प्रतिनिधित्व गर्ने छाता सङ्गठन आदिवासी जनजाति राष्ट्रिय महासङ्घले त्यसका निम्ति सरकारलाई दबाब दियो। महासङ्घले अन्तरिम संविधानमा संशोधन गरेर जातीय स्वायत्ततामा आधारित सङ्घीय गणतन्त्रको सुनिश्चितता, जातजातिका राजनीतिक दलमा लगाइएको प्रतिबन्ध फुकुवा र आदिवासीका भाषाहरूविरुद्ध गरिएको भेदभावको अन्त्यको माग गऱ्यो। मागप्रति ठूला दलहरूले उदासीनता देखाएकाले महासङ्घले 'एकीकृत समाधानसहित अघि बढ्न र आदिवासी, मधेसी, दलित, महिला तथा अन्य आन्दोलनरत समूहहरूले उठाएका मुद्दाहरूमाथि साझा दृष्टिकोण विकास गर्न' गोलमेच सम्मेलनका लागि सरकारी वार्ता टोलीसमक्ष औपचारिक रूपमा मागपत्र बुझाएको थियो। शृङ्खलाबद्ध विरोध प्रदर्शन र १० पटकको वार्तापछि २० बुँदे सहमति गरिएको थियो। सहमतिबाट बहुमतका आधारमा चुनिने २ सय ४० सिटहरूलाई समानुपातिक प्रतिनिधित्वमूलक बनाउन सरकार सहमत भयो, सरकारले सबै ५९ ओटा आदिवासी समूहहरूका कम्तीमा एक जना प्रतिनिधिले संविधानसभामा स्थान पाउने प्रत्याभूति गऱ्यो र राज्यको पुन:संरचनाका निम्ति एउटा आयोग बनाउने वचन दियो। सहमतिका अन्य बुँदाहरूमा स्थानीय भाषालाई मान्यता दिने, भविष्यमा तय गरिने नीतिहरूमा विस्तृत परामर्शका लागि एउटा संयन्त्रको निर्माण र आदिवासी जनताको अधिकारका बारेमा संयुक्त राष्ट्रसङ्घको घोषणाजस्ता अन्तर्राष्ट्रिय मानक अपनाउने प्रतिबद्धताहरू छन्।'[६१]

नेपालमा अब एकात्मक तथा एकतन्त्रीय शासन पद्धति कायम रहन सक्दैन भन्नेमा सन् २००७ मा सैद्धान्तिक मतैक्य कायम भएको देखियो। ०४६ सालपछि स्थापना भएको बहुदलीय शासन प्रणाली पनि एकात्मक थियो र उच्च वर्गकै नेतृत्वले बढी प्रतिनिधित्व पाएको थियो। एउटै भाषा, एउटै धर्मलगायत कथित उपल्लो वर्ग वा जात आदिले मान्यता पाइरह्यो। राज्यका सबै संरचनामा सधैं कथित उपल्लो जात भनिनेहरूकै हालीमुहाली रहिरहनाले सीमान्तकृत समुदायहरू सधैं उपेक्षित र अवहेलित भएर बस्न बाध्य भए। राज्यको राजनीतिकलगायत आर्थिक, सामाजिक तथा सांस्कृतिक तहमा उनीहरूको ज्यादै नै न्यून उपस्थिति भएका कारण सधैं पछि पर्दै गए।

नेपालमा दिगो शान्ति स्थापनाका लागि सबै वर्ग तथा समूदायको भावनालाई समेटिनु पर्दछ। उनीहरूको हकअधिकारका साथै शासनमा भाग लिने अधिकार सुनिश्चित गरिनु पर्दछ अनि मात्र नयाँ नेपालको निर्माण हुनसक्छ र यसका लागि राज्यको पुन:संरचना आवश्यक छ। 'नेपाललाई अहिलेसम्म मूलत: एक धर्म, एक जाति, एक भाषा र एक सांस्कृतिक राज्यका रूपमा सञ्चालन गर्ने कोसिस गरियो। यसको कारणले धेरै भाषा, संस्कृति, इतिहास विलीन हुने अवस्थामा पुगे। सबै जाति, भाषा, धर्म, संस्कृति, इतिहास नेपालको सम्पत्ति भएकाले भावी दिनमा यी सबैको संरक्षण, समावेश र विकासका लागि पनि पुन:संरचना गर्नुपर्ने आवश्यकता छ।'[६२] नेपालमा लोकतन्त्र स्थापनासँगै सङ्घीयताको सवालले बढी महत्त्व पाएको छ। नेपालको अन्तरिम संविधान संशोधन गरी 'सङ्घीय शासन प्रणालीको व्यवस्था'[६३] गरिएको छ। सङ्घीयताको सवालसँगै यसको स्वरूप कस्तो हुने भन्ने विषय यस वर्ष चर्चामा रहिरह्यो। विभिन्न राजनीतिक दलका साथै विद्वत्वर्गले पनि सङ्घीयताका

६१. इन्टरनेसनल क्राइसिस ग्रुप। एसिया ब्रिफिङ् नं. ६८। नीतिगत समीक्षा। काठमाडौं/ब्रसेल्स २८ सेप्टेम्बर २००७: पृ. ८

६२. कँडेल, पुष्पराज। 'राज्यको पुन:संरचना : अर्थ राजनीतिक सन्दर्भ र सङ्घीयताको प्रश्न।' पृ. ६

६३. नेपालको अन्तरिम संविधान (पहिलो संशोधन), २०६३

विभिन्न स्वरूपहरूलाई प्रकाशमा ल्याए। कसैले जातजातिका आधारमा, कसैले क्षेत्रका आधारमा त कसैले भाषाका आधारमा सङ्घीय राज्यको व्यवस्था हुनुपर्ने अवधारणा अघि सारे। जेसुकै भए पनि सङ्घीयताले विकेन्द्रीकरणलाई टेवा दिन्छ र जनताको आत्मनिर्णयको अधिकार सुनिश्चित गर्दछ। नेपालको भौगोलिक सीमाभित्र सबै जातजातिको बसोवास छ। कुनै पनि क्षेत्रमा कुनै एउटा समूहको मात्रै बसोवास छैन। त्यसकारण नेपाललाई जातका आधारमा भन्दा पनि भौगोलिक क्षेत्रका आधारमा वर्गीकरण गर्दा उपयुक्त हुने देखिन्छ। क्षेत्रगत रूपमा अघि बढाइएको सङ्घीय राज्यको प्रत्येक भागमा सबै जातजातिको प्रतिनिधित्व हुनपर्दछ अनि मात्रै राज्यका हरेक तह र अङ्गमा सबैको प्रतिनिधित्व हुनसक्छ। सङ्घीयताको स्वरूप कस्तो हुनुपर्दछ भन्नेबारेमा पनि व्यापक बहसहरू सुरु भइसकेका छन्। 'अन्तरिम संविधानको पहिलो संशोधनले देशलाई सङ्घीय राज्य व्यवस्थामा लैजाने निर्णय गरिसकेको सन्दर्भमा यसका पक्ष र विपक्षमा अन्तहीन तर्क गरिरहनुभन्दा छिटोभन्दा छिटो सबै पक्षबीच सङ्घीयताका पक्षमा साझा सहमति बन्नु अहिलेको आवश्यकता हो। एकात्मक व्यवस्थाका पनि फाइदा-बेफाइदा छन् भने सङ्घात्मक व्यवस्थाका पनि फाइदा-बेफाइदा दुवै छन्। हरेक कुरामा अवसर र चुनौती दुवै हुनु स्वाभाविक पनि हो। अत: विदेशी अनुभवहरूबाट सिक्दै हाम्रो आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था र जातीय, वर्गीय, भौगोलिक तथा क्षेत्रीय विविधतामा आधारित भई हाम्रो समाजको मौलिकतालाई प्राथमिकता दिई सङ्घीयताको नमुना निर्माण गर्न र त्यसभन्दा पनि पहिले सबै पक्षबीच सङ्घीयताका आधारहरूमा सैद्धान्तिक सहमति निर्माण गर्नु प्राथमिक र मुख्य काम हो। यसले नै सङ्घीय व्यवस्थाबाट आउने चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्न र सङ्घीय व्यवस्थालाई टिकाउन सहयोग पुग्दछ।'[६४]

संविधानसभाको चुनावमा समावेशीकरण र प्रतिनिधित्वको सवालले बढी महत्त्व पायो। लोकतन्त्रपश्चात् विभिन्न सीमान्तकृत समूहहरूले संविधानसभाको चुनावमा आफ्नो महत्त्वपूर्ण भूमिका र प्रतिनिधित्व हुनुपर्ने सवाल उठाए। आफ्नो प्रतिनिधित्वको सवाललाई अगाडि लिएर नजाउञ्जेलसम्म राजनीतिक दलले उनीहरूको प्रतिनिधित्वको सवाललाई महत्त्व दिएका पनि थिएनन्।

सरकारले विभिन्न सीमान्तकृत वर्गहरूबाट उठाइएका आवाजहरूलाई उचित ढङ्गले समेट्न नसकेका कारण शान्ति प्रक्रियामा व्यवधान उत्पन्न भयो। खासगरी मधेसका सवालमा संवादका आधारमा समस्या समाधान गर्नेतर्फ ढिलासुस्ती गरियो, जसका कारण मधेसमा असुरक्षाको वातावरण सिर्जना हुनुका साथै मानिसको स्वतन्त्रतापूर्वक स-सम्मान बाँच्न पाउने अधिकारको उल्लङ्घन भइरह्यो।

४. आठदलीय गठबन्धनमित्रको बेमेल

सत्तामा आफ्नो प्रभुत्व कसरी जमाउने भन्ने खेलमै राजनीतिक दलहरू बढी क्रियाशील रहे। लोकतन्त्रपछि शान्ति स्थापनाका लागि सहमति, असहमति, फेरि सहमति अनि असहमति र पुन: सहमति हुँदै अघि बढेको नेपालको राजनीतिको अन्तिम परिणति कस्तो होला भन्ने अन्योल वर्षभरि नै रह्यो। नेपालमा लोकतन्त्र स्थापित गराउन सात दल जसरी एकताबद्ध भएका थिए, त्यसैगरी शान्ति प्रक्रियालाई 'ठोस विन्दु'[६५] मा पुऱ्याउन पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कसैबाट लुकेको छैन। उनीहरू विभिन्न असहमति र सहमति हुँदै ठोस विन्दुमा पुगेका थिए। विभिन्न मतभेदहरूलाई चिर्दै सात दलले माओवादीलाई हतियार त्यागेर शान्तिको बाटोमा हिँड्न सहमत गराए। फलत: शान्ति प्रक्रिया ठोस विन्दुमा पुग्यो। यसको श्रेय सबै राजनीतिक पार्टीहरूलाई निश्चित रूपमै जान्छ। तर, यही प्रयासलाई उही क्रमअनुसार अगाडि बढाउन सात दलले सकेनन्।

'सबै पार्टीहरूमा शङ्का, दलगत स्वार्थ, मतदाताप्रति अविश्वास, आपसी परामर्शको बेवास्ता र एकअर्काउपर शङ्का गर्ने प्रवृत्ति देखियो। नेताहरू कोठाभित्र बसेर निर्णय गर्न अभ्यस्त देखिए। शान्ति प्रक्रियाले पनि यस्ता प्रवृत्तिमा कुनै परिवर्तन ल्याउन सकेन र यसका कैयन् सफलता पनि जनसमर्थन बढाउनमा वा आपसी विश्वास बढाउनमा काम लाग्न सकेनन्।'[६६] मूलधारका पार्टीहरूबिना दिगो र सुधारिएको प्रजातान्त्रिक पद्धतिको स्थापना गर्न असम्भव

६४. खड्का, टीकाध्वज। 'नेपालमा आत्मनिर्णयको अधिकार समावेशी प्रजातन्त्र, संविधानसभा र सङ्घीयताको प्रश्न।' ०६४: पृ. ९३-९४

६५. नेपाल सरकार र माओवादीबीच सम्पन्न विस्तृत शान्ति सम्झौता

६६. इन्टरनेसनल क्राइसिस ग्रुप। एसिया ब्रिफिङ्, नं. ६८। नेपालको नाजुक शान्ति प्रक्रिया। काठमाडौं/ब्रसेल्स। २८ सेप्टेम्बर २००७: पृ. ४

हुन्छ। 'मूलधारका पार्टी नेताहरूले चुनाव र शान्ति प्रक्रियाबारे प्रदर्शन गरेका दोधारे व्यवहारले राजनीतिक विकास प्रक्रिया तथा जनविश्वासमा क्षति पुऱ्यायो। उनीहरू जसरी पनि सत्तामा पुग्न चाहन्छन् र सकेसम्म निर्वाचनको सामना गर्न चाहँदैनन् भन्ने प्रभाव जनतामा पर्न गयो।'[६६]

'राजनीतिक दलहरूको छलफलको विषयमा राजनीतिक मुद्दाहरूले नै महत्त्वपूर्ण स्थान पाएको र मानवअधिकारको विषय गौण रहेको पाइयो।'[६८] उनीहरूका बीचमा विशेष गरेर राजनीतिक मुद्दाहरूमै मतभेद र असहिष्णुताहरू देखा परे। सबै पार्टीद्वारा आ-आफ्नै अडानहरू अगाडि सारिनाले पनि उनीहरूबीच यस्तो अवस्था देखिएको थियो।

४.१ दलबीच विश्वासको सङ्कट र राजनीतिक गतिरोध

देशमा राजनीतिक अस्थिरता उत्पन्न हुने स्थिति नै राजनीतिक दलहरूबीच बेलाबेला उत्पन्न हुने गरेको खिचातानी हो। सातदलीय गठबन्धनभित्रका दलहरू राष्ट्रिय मुद्दामा सहमत हुनसकेमा मात्रै सन्तुलन कायम हुन सक्थ्यो। तर, एकअर्काप्रति आक्षेपहरू लगाउने संस्कृतिको अन्त्य हुन सकेको देखिएन। ०४६ सालमा प्राप्त प्रजातन्त्रले गति लिन नसक्नुको कारण राजनीतिक नेताहरूको खिचातानी र सत्ता प्राप्त गर्ने होड नै थियो। तर, त्यही खालको प्रवृत्ति लोकतन्त्रको बहालीपछि पनि देखियो। खबरदारी र सचेतकको भूमिका निर्वाह गर्नुपर्ने व्यवस्थापिकाले सरकारलाई झकझक्याउन सकेन। सीमित दलहरूले मात्रै निर्णायक तहमा आफ्नो आधिपत्य जमाइराखेका कारण पनि यस्तो स्थिति सिर्जना भएको थियो। विशेष गरेर काङ्ग्रेस, एमाले र माओवादीका बीच मात्रै सहमति र समाधानका आधारहरू खोजिए। अन्य राजनीतिक दललाई पाखा पारियो। परिणामत: दलहरूबीचमा असन्तुष्टिहरू पैदा हुन गयो। विभिन्न दलहरूमा आबद्ध भई मन्त्री भएकाहरूले समेत पद त्यागेर छुट्टै पार्टी गठन गरे। माओवादी, एमाले र काङ्ग्रेसले आफूहरूद्वारा उठाइएका मुद्दाहरूलाई मात्रै प्राथमिकता दिएका कारण त्यस्तो अवस्था उत्पन्न गराएको थियो।

'जनआन्दोलन ०६२-६३ को सफलतापछि काङ्ग्रेस, एमाले र माओवादी सङ्कीर्ण पार्टीगत स्वार्थमा केन्द्रित भए। उनीहरू सहयात्रा र स्वस्थ प्रतिस्पर्धालाई बिर्सेर आक्रमण-प्रत्याक्रमणको नीति अँगाल्न पुगे। एउटा धारमा रहेका शान्ति प्रक्रियाका बाहक काङ्ग्रेस र एमालेले अर्को धारमा रहेको माओवादीसँग ऐक्यबद्ध भएर व्यवहार गर्न सकेनन्। शान्ति प्रक्रिया आजको अन्योलग्रस्त अवस्थामा आइपुग्नुमा सात दलभित्रका सबैको धेरथोर भूमिका छ। अविश्वासको वातावरण खडा गर्न सबैले गोडमेल र मलजल गरे।'[६९]

०४६ सालको जनआन्दोलनपछि बनेको बहुदलीय सरकारमा जसरी पार्टीगत स्वार्थ र सत्तालोलुपताजस्ता विषयहरू देखा परेका थिए, ०६२-६३ को आन्दोलनपछि पनि दलहरूमा यस्ता सवालहरू दृष्टिगत गर्न सकिन्थ्यो। एमालेका महासचिव माधवकुमार नेपालले एक कार्यक्रममा 'आफू प्रधानमन्त्री बनेमा पाँच वर्षभित्र मुलुकको पुन:संरचना गरी स्थायी शान्ति कायम गर्ने दाबी गरेका थिए ।'[७०] यसैगरी प्रचण्डले आफ्नो पार्टीका लागि उपप्रधानमन्त्री पदको दाबी गरिरहेका थिए।[७१] संसद्को बहुमतबाट पारित भएको दुई प्रमुख राजनीतिक प्रस्ताव 'सङ्घीय गणतन्त्रको घोषणा' तथा 'पूर्ण समानुपातिक पद्धति' कायम गर्ने विषय काङ्ग्रेसका लागि अमान्य भएपछि गतिरोध उत्पन्न भएको अवस्थामा यस्ता चर्का दाबीहरू व्यापक रूपमा प्रस्तुत गरिएका थिए। 'एमाले, नेकपा (एकताकेन्द्र-मसाल), माओवादी, नेकपा (संयुक्त) आदि राजनीतिक विषयमा एकमत भएर देखापरेपछि एकातर्फ काङ्ग्रेसको नेतृत्वमा दक्षिणपन्थी सुधारवादी र अर्कोतर्फ उल्लिखित वामपन्थीहरूबीच ध्रुवीकरण सुरु भएको थियो। यो चर्को ध्रुवीकरण सुरु हुँदै जाँदा एकप्रकारको राजनीतिक द्वन्द्वको अवस्था आइपर्ने हो कि भन्ने आशङ्का समेत उत्पन्न भएको थियो।'[७२] अदूरदर्शी निर्णयहरू गरेर जनतालाई सधैँ झुक्याइरहने दलहरूको प्रवृत्तिले राजनीतिक अस्थिरता उत्पन्न गराएको थियो। माओवादी पार्टीले संविधानमा आफैँले गरेका प्रतिबद्धताविपरीत गणतन्त्र र पूर्ण समानुपातिकको

६६. पूर्ववत्। पृ. ५
६८. राष्ट्रिय मानवअधिकार आयोग। विस्तृत शान्ति सम्झौताको एक वर्ष: मानवअधिकारको अवस्था (२०६३ मङ्सिर ६ देखि २०६४ मङ्सिर ५)। काठमाडौं: ०६४ मङ्सिर: पृ. ६
६९. "सम्पादकीय"। *हिमाल खबरपत्रिका* । १-१५ पुस ०६४: पृ. ४
७०. 'कोइराला अक्षम भए : नेपाल' । *अन्नपूर्ण पोस्ट* । ०६४ मङ्सिर १३ : पृ. १
७१. "भावी सरकारमा उपप्रम चाहिन्छ: प्रचण्ड"। *नेपाल समाचारपत्र* । ०६४ मङ्सिर २७: पृ. १
७२. रोका, हरि। "नयाँ सहमति र शासनमाथि प्रश्न"। *मूल्याङ्कन* । ०६४ पुस: पृ. १०

सवाललाई केन्द्रविन्दु बनाएर चुनावलाई बिथोल्यो। संसद्मा माओवादीलाई एमालेले पनि समर्थन गरेपछि निर्वाचनका लागि अर्को मिति घोषणा गर्नका लागि सहमति कायम गराउन केही समय मुस्किल पऱ्यो।

शान्ति कायम गर्नका लागि राजनीतिक समझदारी अत्यन्त महत्त्वपूर्ण रहन्छ। तर, संयुक्त जनआन्दोलनबाट सत्तामा पुगेका पार्टीहरू जनआन्दोलनको प्रथम वार्षिकोत्सव मनाउँदा-नमनाउँदै विवादमा रुमल्लिन पुगे। उनीहरूले राष्ट्रिय मुद्दामा सहमतिको विन्दु पहिल्याउन सक्नु पर्थ्यो। तर, सातदलीय गठबन्धनमा त्यो स्थिति देखिएन। ०६४ को पुस महिनामा सरकार र संसद्मा रहेका केही मधेसी नेताहरूले पार्टी र सरकार त्याग गरी छुट्टै पार्टी गठन गरे। विभिन्न राजनीतिक दलका 'चार सांसदसहित नौ जना मधेसी नेताले मन्त्री, सांसद र सम्बन्धित दलबाट राजीनामा'[६३] दिई छुट्टै पार्टी 'तराई मधेस लोकतान्त्रिक पार्टी'[६४] गठन गरेपछि थप अन्योल सिर्जना भयो। मधेसी नेताहरू विभिन्न पार्टीबाट अलग भएपछि यसका पछाडि भारतीय शक्तिको हात रहेको अभिव्यक्तिहरू पनि आए। विदेशी चलखेलले नेपालको शान्ति प्रक्रियामा वाधा-व्यवधान उत्पन्न हुने हो कि भन्ने आशङ्काहरू विभिन्न विद्वत्वर्गले गरे। लामो समयसम्म विभिन्न पार्टीमा संलग्न रहेर राष्ट्रिय राजनीतिमा योगदान दिएका मधेसी नेताको बहिर्गमनले एकातिर मधेस-तराई पुनः अशान्त, हिंस्रक र तोडफोडको राजनीतितर्फ धकेलिने खतरा उत्पन्न हुने अनुमान व्यक्त गरियो भने 'समानता र पहिचानका लागि आन्दोलन गर्छु, लड्छु भन्नेलाई अन्यथा लिन नहुने'[६५] अभिव्यक्तिहरू पनि अस्तित्वमा आए। राजनीतिक क्षेत्रमा देखिएका यस्ता असन्तुष्टिहरूले शान्ति प्रक्रियाको सफलतामा आशङ्का उत्पन्न गर्न विशेष भूमिका निर्वाह गरेको देखिन्छ।

'माथिल्लो संरचनादेखि तल्लो संरचनासम्म समावेश तथा सहभागितामूलक प्रतिनिधित्व नभएकै कारण आन्दोलन गरेको डेढ वर्ष नपुग्दै दलहरूप्रति विश्वास र आस्था धुमिलिँदै गयो।'[६६] तर, यस वर्ष दलहरूले सैद्धान्तिक रूपमा भने समावेशीकरण र सहभागिताको आवश्यकतामा जोड दिइरहे।

५. जवाफदेही संस्कृतिको विकासमा अवरोध

लोकतन्त्रलाई संस्थागत गर्न कानुनको शासनको स्थापना अपरिहार्य हुन्छ। तर, लोकतन्त्र प्राप्तिपछि बनेको सरकारले कानुनको शासन व्यवस्थालाई संस्थागत गर्न सकेन, जसका कारण आपराधिक क्रियाकलाप बढेर गएको पाइयो। जघन्य अपराध गर्नेहरूलाई पनि कारबाही गर्न नसक्दा दण्डहीनताको स्थिति कायमै रह्यो र अपराध गर्नेहरूलाई यसले प्रोत्साहन र प्रश्रय दियो। 'मानवअधिकार उल्लङ्घन तथा अपराधमा संलग्न पक्षहरूलाई कानुनी दायरामा ल्याई कारबाही गर्न नसक्नुजस्ता कार्यले दण्डहीनता कायमै रहेको पाइयो।'[६७] दण्डहीन संस्कृतिको अन्त्य गराउन नसक्दा अपराधीहरू अपराध गर्न अग्रसर भइरहे। सरकारको कारबाही प्रक्रिया फितलो भएका कारण मानवअधिकार ज्यादतीका घटनामा वृद्धि हुँदै गएको पाइयो। सर्वसाधारणलाई दिनदहाडै गोली हान्ने, बालबालिकाहरूलाई अपहरण गर्ने, नृशंस तरिकाले हत्या गर्नेलगायतका कार्यमा अत्यधिक वृद्धि भएको पाइयो। दिनदहाडै सर्वसाधारणलाई लक्षित गराएर बम विस्फोट गराई धनजनको क्षति गराउनेमा आपराधिक समूहहरू सक्रिय रहे। भदौ महिनामा राजधानीका तीन ठाउँमा भएको बम विस्फोटले 'तीन जनाको ज्यान लियो र २४ जनाभन्दा बढीलाई घाइते बनायो। त्यस घटनाले शान्ति प्रक्रियाका विरोधीहरूसित अत्यन्त घातक हमला गर्न सक्ने शक्ति र क्षमता छ भन्ने देखियो।'[६८]

हडताल र विरोधबाट मध्य र पूर्वी तराईका जिल्लाको दैनिक जनजीवन वर्षभरि नै नराम्रोसित बिथोलियो।

सरकारले देशमा सुरक्षा नीतिलाई कडाइका साथ लागू गर्न नसक्दा र शान्ति सुव्यवस्था कायम

---

६३. "स्वायत्त मधेसका लागि छुट्टै पार्टी खोल्ने घोषणा"। *कान्तिपुर* । ०६४ मङ्सिर २५: पृ. १
६४. "नयाँ मधेसी दल। *कान्तिपुर* । ०६४ पुस १४: पृ. १
६५. "मधेसको लडाइँ"। *गोरखापत्र* । ०६४ पुस ३: पृ. ७
६६. रोका, हरि। "राष्ट्रिय सहमति कि मोलतोलको राजनीति ?"। *नेपाल* । ०६४ पुस ८: पृ. ३३
६७. राष्ट्रिय मानव अधिकार आयोग। विस्तृत शान्ति सम्झौताको एक वर्ष: मानवअधिकारको अवस्था (२०६३ मङ्सिर ६ देखि २०६४ मङ्सिर ५)। काठमाडौं: ०६४ मङ्सिर: पृ. २९
६८. इन्टरनेसनल क्राइसिस ग्रुप। एसिया ब्रिफिङ् नं. ६८। नेपालको नाजुक शान्ति प्रक्रिया। काठमाडौं/ब्रसेल्स २८ सेप्टेम्बर २००७: पृ. ३

गराउनका लागि संयमता नअपनाएका कारण गौरमा माओवादी र जनअधिकार फोरमका कार्यकर्ताबीच भिडन्त भएको थियो। 'उक्त घटनामा २७ जना माओवादी कार्यकर्ताको हत्या हुन गयो ।'[७९] माओवादी र फोरमलाई एउटै स्थलमा आमसभाका लागि जिल्ला प्रशासनले अनुमति दिएको थियो। दुवै समूहहरूबीच हुनसक्ने भिडन्त र खतरालाई जिल्ला प्रशासनले दृष्टिगत गर्न नसक्दा नृशंस घटना भएको थियो। 'मधेसी जनअधिकार फोरमका कार्यकर्ताले माओवादी कार्यकर्तालाई लखेट्दै आफ्नो नियन्त्रणमा लिई नृशंस र पाशविक तवरले हत्या गरेका थिए। हत्या गरिएका माओवादी कार्यकर्तामध्ये एक जना महिलाको स्तन बाँसको धारिलो भाटा प्रयोग गरी काटिएको समेत पाइएको थियो।'[८०]

राज्यले शान्ति सुव्यवस्था कायम गर्न नसकेका कारण कपिलवस्तुमा पनि हिंसा भड्किएको थियो। यसले साम्प्रदायिक सद्भाव खलबल्याउने प्रवल सम्भावना बन्यो। राज्यको सुरक्षा नीति कमजोर भएका कारण प्रतिगामी तत्त्वहरूले टाउको उठाउने कुचेष्टा गरेका थिए। 'कपिलवस्तुका अब्दुल मोहित खाँको गोली हानी हत्या भएपछि हत्या तथा घरपसल, सवारी साधन लुट्ने, जलाउने, तोडफोड गर्ने गरी हिंसा भड्किएको थियो। घटनामा धेरै ठूलो धनजनको क्षति भएको थियो भने सयौँ परिवारका सदस्यहरूले घरवारविहीन भएर विस्थापित जीवन बिताउनु परेको थियो। घटनामा १४ जना व्यक्तिले ज्यान गुमाए र १४ जना व्यक्ति गम्भीर घाइते भएका थिए।'[८१]

लोकतन्त्र प्राप्तिपछि कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा बनेको उच्चस्तरीय जाँचबुझ आयोगले आफ्नो प्रतिवेदन गएको वर्ष प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई बुझाएको थियो। तर, आयोगले प्रतिवेदनमा उल्लेख गरेअनुसारका दोषीहरूउपर सरकारले उचित कारबाही चलाएन। शाही सरकारका कमल थापालगायतका मन्त्रीहरूलाई राज्यको ढुकुटीको दुरूपयोग गरेको भनेर विशेष अदालतमा मुद्दा चलाइएको थियो। लोकतन्त्रका लागि ज्यानको बाजी थापेर सडकमा ओर्लिएका जनतामाथि व्यापक दमन गर्ने र मानिसको बाँच्न पाउनेदेखि लिएर शान्तिपूर्ण आन्दोलन गर्न पाउने अधिकारविपरीत खनिनेहरूलाई भ्रष्टाचारसम्बन्धी मुद्दा लगाइनु उनीहरूउपरको अभियोगलाई कमजोर तुल्याइनु नै थियो।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न सरकारले कुनै तत्परता देखाएन। ०६३ साउन महिनामा संसद्-विधायिकाबाट रोम विधान अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्दा पनि न त सरकारले यसका लागि आवश्यक पहल गऱ्यो, न विधायिका-संसद्ले नै विधान अनुमोदन गर्नका लागि दबाब सिर्जना गर्न सक्यो। अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि विभिन्न मानवअधिकार संस्थाहरूले पटक-पटक दबाबमूलक कार्यक्रमको आयोजना गरे पनि सरकारले त्यसको वास्ता गरेन। 'युरोपियन युनियका नेपालस्थित प्रतिनिधिले समेत रोम विधान अनुमोदनका लागि सरकारलाई आग्रह गरेका थिए।'[८२]

६. तराईमा बढ्दो हिंसा

मधेसको लडाइँ समानता र पहिचानको लडाइँ हो। राज्यमा आफ्नो पहुँच हुनु प्रत्येक नागरिकको अधिकार हो। आफ्नो अधिकारप्रति प्रत्येक नागरिक सचेत हुनुपर्दछ। अधिकारको उपभोग गर्न नपाइरहेको अवस्थामा प्रत्येकले अधिकार प्राप्तिका लागि राज्यसँग लडाइँ गर्न सक्दछ। तर, त्यो लडाइँ शान्तिपूर्ण हुनुपर्दछ। हिंसाले ल्याउन नसकेको परिवर्तन निरन्तरको शान्तिपूर्ण सङ्घर्षले ल्याउन सक्छ। तर, मधेसमा देखिएको समस्या हिंसातर्फ उन्मुख भइरहेको स्थिति छ।

शान्ति प्रक्रिया चलिरहेकै बेला तराईमा विभिन्न सशस्त्र समूहहरूले आफ्ना क्रियाकलापहरूलाई हिंसातर्फ डोऱ्याउँदा देशमा मानवअधिकारको अवस्था दयनीय बन्दै गयो। १० वर्षे सशस्त्र द्वन्द्वबाट नेपाली जनताले मुक्ति पाए पनि तराईमा बढेको हिंसाले विशेष

---

७९. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति । "रौतहटको गौरमा मधेसी जनअधिकार फोरम र माओवादीद्वारा आयोजित आमसभाका क्रममा भएको घटनाको स्थलगत अध्ययन प्रतिवेदन" । अप्रकाशित । काठमाडौँ : सचिवालय इन्सेक, ०६३ चैत २० ।
http://www.inseconline.org/fact/HRTMCC%20-%20Fact-Finding%20Report%20-%20Gaur-01-%202007.pdf accessed on 28 July 2007

८०. राष्ट्रिय मानवअधिकार आयोग। विस्तृत शान्ति सम्झौताको एक वर्ष: मानवअधिकारको अवस्था (२०६३ मङ्सिर ६ देखि २०६४ मङ्सिर ५)। काठमाडौँ: ०६४ मङ्सिर: पृ. ७

८१. पूर्ववत्

८२. "रोम प्रावधान अनुमोदन गर।" *कान्तिपुर* । ०६४ कात्तिक २३। पृ. ३

गरेर पूर्वी तराई र मध्य तराईका जनताले बढी दु:ख भोग्नु पऱ्यो। हिंसाहत्या, अपहरणलगायतका घटनाका कारण पूर्वी तथा मध्यतराईमा बसोवास गरिरहेका विशेष गरेर पहाडी समुदाय विस्थापित हुने क्रम बढ्यो। 'मधेस आन्दोलनताका र त्यसपछि पनि आफूहरूप्रति व्यक्त आक्रोशले मानसिक र भौतिक रूपमा असुरक्षा महसुस गर्दै तराईका सहर-बजारदेखि दूरदराजका देहातहरूमा वर्षौंदेखि बस्दै आएका पहाडी परिवार आफ्नो बस्ती खोज्दै उत्तरतिर लाग्न थालेका छन्। धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साबाट सयौं पहाडी परिवारहरू काठमाडौं, चितवन, हेटौंडा, धरानसँगै राजमार्गका पहाडी बहुल क्षेत्रमा विस्थापित भए।'[८३]

अधिकार, पहिचान र प्रतिनिधित्वका लागि भएको तराई आन्दोलन केही समूहद्वारा हिंसातर्फ मोडिँदा भविष्यमा एउटा खतरनाक रोगका रूपमा देखापर्ने हो कि भन्ने आशङ्का सिर्जना गऱ्यो। अधिकार, पहिचान वा प्रतिनिधित्वका लागि भनिएको आन्दोलन विशेषत: पहाडी मूलका मानिसहरूविरुद्ध भएका कारण कतिपय अवस्थामा राजनीतिक मुद्दाभन्दा पनि बढी साम्प्रदायिक सद्भावविरुद्ध लक्षित देखिन्छ। तराईमा आफ्नो सशस्त्र गतिविधि सञ्चालन गरिरहेका कट्टरपन्थी समूहहरूले पहाडी र प्रमुख राजनीतिक दलहरूले तराईका जनतालाई शोषण गरेका कारण 'आफूहरू त्यसका विरुद्ध जाइलागेको'[८४] विज्ञप्तिमार्फत जनाएका थिए। ज्वाला सिंहद्वारा जारी गरिएको उक्त विज्ञप्तिमा भनिएको छ, 'हाम्रो मोर्चाले आमतराईका मूल निवासीहरूको अन्तरइच्छा, आकाङ्क्षा र भावनाबाट गणतन्त्र स्वतन्त्र तराई राज्यको घोषणा गरेको छ। गणतन्त्र स्वतन्त्र तराई राज्यको घोषणाले संसारका सामु नयाँ देशको रूपमा उदय भई स्थापित हुन पुगेको छ।'[८५] आफूहरू पहाडीहरूको औपनिवेशिक शोषणमा पर्दै आएको उनले बताउँदै आएका छन्। उनको भनाइमा सशस्त्र सङ्घर्षबाट औपनिवेशिक समस्या हल गरिनुपर्दछ। आफूहरूमाथि भएको शोषणको पूर्ण जिम्मेवार उनी पहाडीहरूमाथि लगाउँछन्। उनको भनाइमा, 'पहाडी शासनबाट मुक्त भएपछि अन्य समस्याहरू समाधान गर्न सकिन्छ।'[८६]

तराईमा भइरहेको हिंसा पहाडीहरूविरुद्ध केन्द्रीकृत हुँदै जाँदा दुईतर्फी हिंसा भड्केला भन्ने चिन्ता वर्षभरि नै देखियो। 'सङ्घर्ष राज्यका विरुद्ध भइरहेको छ कि पहाडीका विरुद्धमा भन्ने कुरा मधेसी राजनीतिमा गज्याङ्मज्याङ् भएको छ। सशस्त्र समूहहरूले पहाडी सरकारी कर्मचारी र व्यापारीहरूलाई तारो बनाएका छन्। पहाडीहरू असुरक्षित भएका छन्, केही बसाइँ सर्न लागेका छन्। चुरे भावर एकता समाजजस्ता पहाडी समूह र मधेसीप्रति तिनका पूर्वाग्रहले अझ ध्रुवीकरणको अवस्था सिर्जना भएको छ।'[८७]

मधेसमा भइरहेको हत्या, हिंसा, अपहरण वस्तुत: मधेसका सबै समुदायविरुद्ध लक्षित भएको मानवअधिकार सङ्घसंस्थामा अभिलेखित घटनाहरूले देखाएको छ। इन्सेकमा अभिलेखित घटनाका आधारमा मधेसी समुदायहरू पनि यसको निसाना बनेका छन्। कतिपय राजनीतिक विश्लेषकहरू तराईमा भइरहेको हिंसामा दरबारिया एवम् देशभित्र र बाहिरका अपराधी तत्त्वहरूको हात रहेको बताउने गरेका छन्। 'मधेस राजनीतिमा एउटा नयाँ र अत्यन्त खतरनाक धार देखिएको छ, जुन दरबारिया तत्त्व, देशभित्र तथा बाहिरका अपराधी तत्त्व र स्थानीय भ्रष्ट सुरक्षा अधिकारीहरूको फ्युजनबाट बनेको छ। यो 'खच्चर धार' अत्यन्त चुनौतीपूर्ण छ। मधेसमा आतङ्क, अपहरण, लुट, हत्या, फिरौती र डकैतीजस्ता जघन्य अपराधमा यसको भूमिका छ।'[८८] मधेसको राजनीतिक आन्दोलनमा देखिएका यस्ता आपराधिक तत्त्वहरूको खोजबिन हुन अत्यन्त आवश्यक छ। अन्यथा यसले शान्ति प्रक्रियामा बाधा व्यवधान खडा गरी नै रहन्छ। मधेस आन्दोलनको दोस्रो पक्ष जो राजनीतिक छ, त्यसलाई सरकार र सात पार्टीले सम्बोधन नगरी मधेसमा शान्ति सम्भव छैन।

'मानवअधिकारको विश्वव्यापी घोषणाको प्रस्तावनामा अन्याय र दमनका विरूद्ध अरू उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने मानिसले नठानून् भन्ने हो भने राज्य कानुनी शासनद्वारा चल्नु पर्दछ'[८९] भनिएको छ। मधेसको सवालमा राज्यले कानुनी

८३. "चुपचाप विस्थापन"। *हिमाल खबरपत्रिका* । १-१५ पुस ०६४: पृ. १२
८४. जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा ०६४ वैशाख १ गते जारी गरिएको प्रेस वक्तव्य
८५. पूर्ववत्
८६. पूर्ववत्
८७. इन्टरनेसनल क्राइसिस ग्रुप। एसिया रिपोर्ट नं. १३६। हिंसाको तापमा तराई। ब्रसेल्स। ९ जुलाई २००७: पृ. ३३
८८. देव, जितेन्द्र। "मधेस राजनीतिमा अपराधी तत्त्वको फ्युजन"। *कान्तिपुर* । ०६४ मङ्सिर २०: पृ. ७
८९. मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र, सन् १९४८

शासनको प्रत्याभूति नगराएका कारण र विभिन्न सीमान्तकृत वर्गहरूको हकअधिकारको कानुनत: सुनिश्चितता नगरेका कारण द्वन्द्वको सिर्जना हुन पुग्यो। नेपाल अहिले सङ्क्रमणकालीन अवस्थामा छ। विभिन्न समुदायहरूले आफ्ना हकअधिकार प्रत्याभूत हुनुपर्ने कुरा उठाउनु अस्वाभाविक होइन। सरकारले समयमै यसको सम्बोधन गर्न नसकेका कारण र कानुनी शासन बहाल गर्न नसकेका कारण तराईमा हिंसा दिनपरदिन बढिरहेको छ, जसले गर्दा मानिसका स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारदेखि लिएर सम्पत्तिमाथिको अधिकार, हिँडडुल गर्न पाउनेलगायतका अधिकारहरूको हनन भइरहेको छ। संयुक्त राष्ट्रसङ्घीय विभिन्न महासन्धिहरूलाई अनुमोदन गरिसकेको नेपाल सरकारले आफ्ना प्रतिबद्धताहरूलाई व्यवहारमा पूर्ण रूपमा अनूदित गरेको खण्डमा मात्र यस्ता समस्याहरू हल हुने देखिन्छ।

तराईमा विभिन्न मधेसी समुदायबाट अगाडि सारिएका मागहरूलाई शान्तिपूर्ण तवरबाट समाधान गर्नेतर्फ सरकार केन्द्रित हुनु पर्दछ। अन्यथा शान्ति प्रक्रिया अगाडि बढिरहँदा यस्ता समस्याहरूले अड्चनहरू थापिरहने सम्भावना रहन्छ। मधेसी जनअधिकार फोरम र माओवादी कार्यकर्तावीच सिराहाको लहानमा भएको झडपमा माओवादीका कार्यकर्ताले चलाएको गोली लागी १६ वर्षीय रमेशकुमार महतोको मृत्यु भएपछि भड्किएको हिंसाले डरलाग्दो रूप लिएको थियो। वर्षको अन्त्यसम्ममा मधेसमा २२ ओटाभन्दा बढी सशस्त्र समूहहरू अस्तित्वमा आए। केही समूहहरूले राखेका राजनीतिक मागहरूको राजनीतिक रूपमा निरूपण गर्नका लागि सरकार केही अघि बढेजस्तो पनि देखियो। तर, जनअधिकार फोरमसँग नेपाल सरकारले गरेको वार्ताबाट भएको सहमतिलाई कार्यान्वयन गर्ने तत्परता नदेखाएका कारण पुन: समस्या लम्बिएर जाने सङ्केतहरू देखा परिरहे। 'सम्झौताद्वारा यस अवस्थाको समाधान निकाल्न सकिन्छ। तर, यसका लागि बहुपक्षीय समूहलाई समेट्ने प्रक्रिया आवश्यक पर्छ र यस्तो समाधानले सबै पक्षलाई आफ्नो विजय भएको दावी गर्ने अवस्थाको सिर्जना गर्न सक्नुपर्छ। तराई आन्दोलन जारी रहेमा समग्र राजनीतिक प्रक्रिया नै अस्थिरतामा जाकिन्छ भन्ने कुरा सरकारलाई थाहा छ भने अर्कातिर मधेसी समूहले परिमाण निकाल्ने हो र वैधता प्राप्त गर्ने हो अनि आफूलाई राजनीतिक प्रक्रियाको हिस्सा बनाउने हो भने कुनै विन्दुमा पुगेर वार्ता गर्नैपर्ने हुन्छ।'[९०] त्यसकारण सरकार समयमै सचेत हुन जरुरी छ र तराईमा देखापरेका विभिन्न समूहहरूसँग छुट्टाछुट्टै वा समूहगत रूपमा वार्तामा बसी उनीहरूका मागको निरूपण गर्न जरुरी देखिएको छ।

तराईमा विभिन्न हतियारधारी समूहलगायत जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) तथा गोइत समूहलगायत अन्य सशस्त्र समूहबाट भएका हत्या, हिंसा, ज्यादतीका कारण कैयन व्यक्तिहरू मारिए, अपहरणमा परे र आन्तरिक रूपमा विस्थापित भए। सरकारी तथा सार्वजनिक सम्पत्तिको तोडफोड भयो। विभिन्न समयमा भएका बन्द तथा चक्काजामले गर्दा व्यक्तिले स्वतन्त्र र सुरक्षितसाथ आवतजावत गर्न सकेनन्। व्यक्तिहरूको सम्पत्ति कब्जा, धम्की, कुटपिट, शैक्षिक संस्थाहरू बन्द गर्ने, पहाडी सरकारी कर्मचारीहरूलाई ज्यान मार्ने धम्की, कुटपिट तथा हत्या, सरकारी कार्यालयहरूमा तालाबन्दी, तोडफोड तथा आगजनीजस्ता कार्यहरू भए। यस्ता किसिमका कार्यहरूले प्रचलित कानुनसमेतको गम्भीर उल्लङ्घन हुन पुग्यो।

मधेसमा गतिविधि सञ्चालन गरिरहेका केही समूह त पूर्णरूपमा आपराधिक क्रियाकलापमा मात्र केन्द्रित छन्। विभन्न नाममा अस्तित्वमा आइरहेका यिनीहरूको समर्थन, पहुँच र सदस्यता कति छ भन्ने कुरा कसैलाई पनि थाहा छैन। सरकारले समयमै उनीहरूबाट भइरहेका हिंस्रक गतिविधिलाई नियन्त्रणमा लिन नसकेका कारण सन् २००७ मा देशमा अराजक स्थिति उत्पन्न हुन पुग्यो।

६.१ मधेसको सवाल र आत्मनिर्णयको अधिकार

अत्मनिर्णयको अधिकार भनेको आफूले स्वतन्त्रतापूर्वक निर्णय गर्न पाउने अधिकार हो। सरल भाषामा बुझ्दा यसलाई हामी आफ्नो पहिचानसहित प्रतिनिधित्वको अधिकारका रूपमा पनि ग्रहण गर्न सक्छौं। लोकतन्त्रको स्थापना भइसकेपछि शान्ति प्रयासका चरणहरूमा नेपाल सरकार द्रुत गतिले अगाडि बढिरहँदा आफ्ना विभिन्न मागहरू राखेर सीमान्त वर्गहरू अस्तित्वमा आए। वर्षौंदेखिको शोषण, थिचोमिचोका विरुद्ध आफ्नो प्रतिनिधित्वको मागसहित आन्दोलनमा उत्रिए। विशेष गरेर मधेसी समुदायहरूले आफ्ना गतिविधिहरूलाई हिंसातर्फ डोऱ्याए। मानिसलाई अपहरण गर्ने, फिरौती माग गर्ने, ज्यान मार्ने धम्की

९०. इन्टरनेसनल क्राइसिस ग्रुप। एसिया रिपोर्ट नं. १३६। हिंसाको तापमा तराई। ब्रसेल्स। ९ जुलाई २००७: पृ. ३३

दिने, मार्नेलगायतका गतिविधिलाई अगाडि बढाए। यसले पूर्वी र मध्य तराईमा अशान्ति र अस्थिरता झन् बढायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) ले 'स्वतन्त्र राज्यको घोषणा'[९१] विज्ञप्तिमार्फत गऱ्यो। उक्त समूहले स्वतन्त्र राज्यको माग गरेको छ। आत्मनिर्णयको अधिकार पक्कै पनि एउटा देशमाथि अर्को देशको औपनिवेशिक व्यवहारबाट मुक्ति पाउने कुरा पर्न सक्छ। तर, देशै टुक्र्याउने गरी स्वतन्त्र राज्यको कल्पना नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकारभित्र पर्न सक्दैन। संयुक्त राष्ट्रसङ्घले पनि आत्मनिर्णयको अधिकारलाई मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्रका साथै नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा १ मा व्यवस्था गरेको छ। संयुक्त राष्ट्रसङ्घको बडापत्रले पनि यस्तो अधिकारको उल्लेख गरेको छ। यसको उद्देश्य देशको सम्पूर्ण तहमा सम्पूर्ण वर्ग तथा तहको प्रतिनिधित्व, पहिचान र निर्णयको अधिकार हो।

संयुक्त राष्ट्रसङ्घीय दस्तावेजमा प्रत्याभूत गरिएको आत्मनिर्णयको अधिकारको परिभाषा भने पर्याप्त छैन। नेपालमा पनि आत्मनिर्णयको अधिकारका सम्बन्धमा बहसहरू सुरु भइसकेका छन्। संयुक्त राष्ट्रसङ्घद्वारा जारी गरिएका विभिन्न दस्तावेजहरूमा प्रत्याभूत गरिएको आत्मनिर्णयको अधिकारको सीमित वा फराकिलो दृष्टिकोणका सम्बन्धमा सन् २००० को अगस्ट महिनामा जेनेभामा अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भइसकेको छ। 'सम्मेलनमा पनि यस सम्बन्धमा बहस र छलफल भएको छ।'[९२] धेरै राष्ट्रहरूले आत्मनिर्णयको अधिकारले 'देशलाई टुक्र्याउने वा विखण्डन गर्ने अधिकार दिँदैन'[९३] भन्ने कुरा उठाएका छन्। 'विदेशी राष्ट्रहरूको कब्जामा रहेको देश वा औपनिवेशिक राष्ट्रमा मात्र आत्मनिर्णयको अधिकार लागू हुने तर्क संयुक्त राष्ट्रसङ्घको ५६ औँ साधारण सभाको तेस्रो समितिको २८ औँ बैठकका सहभागी राष्ट्रहरूले राखेका थिए।'[९४]

आत्मनिर्णयको अधिकारमा एउटा देशमाथिको अर्को देशको औपनिवेशिक व्यवहारबाट मुक्ति पाउने कुरा पर्न सक्दछ। 'आत्मनिर्णयको अधिकारसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घको बडापत्रका प्रावधान, महासभाका प्रस्ताव र घोषणा, मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिमा व्यवस्था गरिएको आत्मनिर्णयको प्रावधानको विश्लेषण गर्दा आत्मनिर्णयको अधिकारअन्तर्गत उपनिवेशमा रहेको राष्ट्रको औपनिवेशिक अवस्थाबाट मुक्त हुन पाउने स्वाधीनताको अधिकार पर्दछ।'[९५] देशै टुक्र्याउने गरी स्वतन्त्र राज्यको परिकल्पना आत्मनिर्णयको अधिकारभित्र पर्दैन। यसको उद्देश्य देशको सम्पूर्ण तहमा सम्पूर्ण वर्ग तथा तहको प्रतिनिधित्व, पहिचान र निर्णयको अधिकार हो। 'अन्तर्राष्ट्रिय कानुनलाई आधार मान्ने हो भने अलग र छुट्टै राज्यको अधिकार केवल दुईओटा अवस्थामा मात्रै समर्थित हुन सक्छ। पहिलो अवस्थामा उपनिवेश वा बाह्य कब्जा वा निणन्त्रणबाट मुक्त हुनका लागि आफ्नो छुट्टै राज्य बनाउन पाइन्छ। तर, यो अधिकार धर्म, वर्ग, जात, जाति, मान्यता वा लिङ्गका आधारमा प्रयोग गर्ने नभएर सबै जनताले सामूहिक रूपमा प्रयोग गर्न पाउने अधिकार हो।'[९६]

मधेसका जायज माग मोटामोटी रूपमा भन्ने हो भने सङ्घीय राज्यको स्थापना, स्वायत्त शासन र विभिन्न सरकारी कार्यालयहरूमा आफ्नो प्रतिनिधित्व आदि हुन्। तर, कतिपय समूहहरूले स्वतन्त्र राज्यको समेत माग गरेका छन्, जुन अन्तर्राष्ट्रिय मानवअधिकार

---

९१. ज्वाला सिंहले जारी गरेको प्रेस विज्ञप्ति। ०६४ वैशाख १

९२. http://www.bookmasters.com/clarity/b0017.htm#The%20first accessed on 25 July 2007

९३. Press release, GA/SHC/3652, 01/11/2001, http://www.un.org/News/Press/docs/2001/gashc3652.doc.htm, Accessed on 12/26/2007

९४. Press release, GA/SHC/3652, 01/11/2001, http://www.un.org/News/Press/docs/2001/gashc3652.doc.htm, Accessed on 12/26/2007

९५. खड्का, टीकाध्वज। "के आत्मनिर्णयले देश टुक्र्याउँछ ?"। *मूल्याङ्कन* । ०६४ पुस। पृ. ३९

९६. खड्का, टीकाध्वज। अधिवक्ता। "नेपालमा आत्मनिर्णयको अधिकार : समावेशी प्रजातन्त्र, संविधानसभा र सङ्घीयताको प्रश्न।" ०६४: पृ. ९३-९४ पृ. १५

कानुनको मापदण्डविपरीत छ। मधेसीमाथि लामो समयदेखि भइरहेको शोषणको निकास भनेको स्वतन्त्र राज्य होइन।

७. नीतिबिनाको राजनीति

जनआन्दोलनका उपलब्धिलाई संविधानसभाको चुनावद्वारा संस्थागत गर्ने लक्ष्यका साथ सरकारमा पुगेका सात दल सन् २००७ भरि नीतिविहीनजस्तै देखिए। देशलाई तय गरिएको गन्तव्यमा पुऱ्याउनका लागि सरकार योजनाबद्ध ढङ्गले अघि बढेको देखिनु पर्दथ्यो। तर, लोकतान्त्रिक सरकार व्यवस्थित र योजनाबद्ध रूपमा सञ्चालित देखिएन। भ्रष्टाचार नियन्त्रण, जनतालाई सेवा प्रदान, जनताका आधारभूत अधिकारको प्रत्याभूति गराउने सम्बन्धमा प्रभावकारी नीति बनाइएको पाइएन। बनेका नीतिहरूको कार्यान्वयन पक्ष अत्यन्त फितलो देखियो। विगतमा सरकारी निकायहरूमा देखिएको भ्रष्टाचार, जसले कुशासनलाई बढाउनमा प्रमुख भूमिका निर्वाह गऱ्यो, त्यस्ता गतिविधि नियन्त्रण गर्ने सम्बन्धमा पनि सरकारी नीतिहरू बनेनन्। देशमा सुशासन कायम रहेको अवस्थामा मात्र शान्तिले फस्टाउने मौका पाउँछ। तर, सरकार राजनीतिक मुद्दामा मात्रै बढी केन्द्रित भयो। तर, जनताको राजनीतिक अधिकार सुदृढ गर्ने विषय प्राथमिकतामा परेको देखिएन।

८. सङ्क्रमणकालको व्यवस्थापन

लोकतन्त्र प्राप्तिपछि जनताले शान्ति, स्वतन्त्रता र आफ्नो प्रतिनिधित्वको खोजी गर्नु अस्वाभाविक थिएन। पुरानो समाजबाट नयाँ समाजतिर लम्कने क्रममा सङ्क्रमणकालीन न्यायको अवस्थाको विशेष ख्याल गरिनु पर्दछ । तर, यस अवस्थामा पुरानो समयका माग वा समस्याहरूलाई भने छोड्न सकिँदैन। त्यसलाई पनि नयाँ समयसँगसँगै लैजानु पर्दछ। नेपालमा सीमान्त समूहहरूले शदियौँदेखि आफ्ना अधिकारहरू उपभोग गर्न पाएका छैनन्। विशेष गरेर उनीहरूसँग आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको पक्ष जोडिएको छ। भूमिहीनहरूका लागि भूमि सबैभन्दा ठूलो समस्याका रूपमा रहेको छ। यसबाट वञ्चित हुनुपर्दा उनीहरूका सम्पूर्ण अधिकारहरू ओझेलमा परेका छन्। मानिसको स्वतन्त्रतापूर्वक स-सम्मान बाँच्न पाउने अधिकारदेखि लिएर आधारभूत अधिकारसम्म खोसिएको अवस्था छ। यसले उनीहरूको सामाजिक जनजीवनमा पनि प्रभाव पारिरहेको छ। उनीहरूले सांस्कृतिक रूपमै पनि तिरस्कृत हुनु परिरहेको अवस्था छ। शदियौँदेखि शोषित र दबिएर रहेका कमैयाहरूको अधिकारको सवाल पनि उत्तिकै महत्त्वपूर्ण छ। दलितहरूको समस्या ज्यूँकात्यूँ छ। मधेसीहरूको सवाल वर्षभरि नै चर्कियो। उनीहरूलाई शिक्षा, स्वास्थ्य, प्रतिनिधित्वलगायत सम्पूर्ण कुराहरूमा वञ्चित गराइएका कारण अहिले उनीहरू सरकारसँग आफ्नो अधिकारका लागि लडिरहेका छन्। सरकारले यी सबै विषयमा गम्भीरतापूर्वक सोची समस्याको निराकरणका लागि आवश्यक कानुन बनाउन जरुरी छ। कानुन बनाएर मात्रै हुँदैन, त्यसको व्यावहारिक पक्ष बढी महत्त्वपूर्ण हुन्छ। २० प्रतिशत जनताको हातमा ८० प्रतिशत जमिन छ भन्ने कुरा विज्ञहरू बताइरहेका छन्। नेपालमा सबैभन्दा ठूलो खाडल यसैले बढाइरहेको छ। नेपाल कृषिप्रधान देश भएको हुनाले कृषिमै बढी निर्भर हुनुपर्ने अवस्था छ। तर, यसरी थोरै जनतासँग धेरै जमिन हुँदा बहुसङ्ख्यक जनता भूमिहीन छन् अथवा भएकाहरूसँगै पनि पर्याप्त भूमि छैन।

खासगरी ग्रामीण भेगका जनता दैनन्दिन आवश्यकताका वस्तुहरू स्वच्छ पानी, उचित शिक्षा, स्वस्थ जीवन, बाटोघाटो, बिजुलीबत्ती यी सबै सुविधाबाट वञ्चित छन्। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्रत्याभूत नहुञ्जेल नागरिक तथा राजनीतिक अधिकारले महत्त्व राख्दैन। त्यसैले राज्य नागरिक तथा राजनीतिक अधिकारसँगसँगै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रत्याभूत गराउनेतर्फ बढी क्रियाशील हुनुपर्ने देखिन्छ।

हामी नयाँ समयतिर लम्किरहेका छौँ। तर, हाम्रा पुराना समस्याहरू भने ज्यूँकात्यूँ छन्। यस्ता समस्याहरूलाई दीर्घकालीन रूपमा सम्बोधन नगरिने हो भने नयाँ समयमा विगतको झैँ कठोर खालको द्वन्द्व सुरु हुन सक्दछ। राज्यको प्रमुख दायित्व भनेको आफ्ना जनताका सम्पूर्ण हक-अधिकारहरूको प्रत्याभूत गराउनु हो। ०४६ पछि पनि विकेन्द्रीकरणको सिद्धान्तलाई व्यवहारमा पूर्ण रूपमा ढाल्न सकिएन। त्यसैले एकात्मक सत्ता विगतमा उल्लिखित समस्याहरूको जडका रूपमा रह्यो। यसले जनताको प्रतिनिधित्व र उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सवालमा सधैँ दूरी पैदा गर्ने सिवाय अरू केही हुन सकेन। वर्तमान अवस्थामा सङ्घात्मक शासनको अवधारणालाई आत्मसात् गर्नेतिर सन् २००७ मा व्यापक बहस भए। अन्तरिम संविधानमा समेत यसको व्यवस्था गरियो। वर्षको अन्त्यतिर माओवादीले राखेको मागबमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था हुने सम्झौता भयो।

८.१ सङ्क्रमणकालीन न्याय

सङ्क्रमणकालीन न्यायको प्रमुख उद्देश्य लोकतान्त्रिक शासनको परिप्रेक्ष्यमा दण्डहीनताको संस्कृतिको अन्त्य र कानुनको शासनको स्थापना हो। 'भइरहेका मानवअधिकार ज्यादती र उल्लङ्घनलाई रोक्नु, विगतमा भएका अपराधहरूको अनुसन्धान गर्नु, मानवअधिकार उल्लङ्घनमा जिम्मेवार व्यक्तिहरूको पहिचान गर्नुका साथै कारबाही प्रक्रिया अगाडि बढाउनु, पीडितहरूलाई पूर्ण क्षतिपूर्ति उपलब्ध गराउनु, भविष्यमा हुने ज्यादतीहरूलाई रोक्नु, शान्तिको संरक्षण र सम्बर्द्धन गर्नु, व्यक्तिगत र राष्ट्रिय समझदारीको विकास गर्नु सङ्क्रमणकालीन न्यायको लक्ष्य हो।'[९६] सन् २००७ को अन्त्यसम्मै देश सङ्क्रमणकालीन अवस्थामा रह्यो। राज्य व्यवस्था परिवर्तनसँगै मानव गरिमाको रक्षा गर्दै विगतमा भएका मानवअधिकार उल्लङ्घनलाई उजागर गर्नु, जघन्य अपराधमा संलग्न हुनेहरूलाई कारबाही गर्नु र त्यसबाट पीडितहरूलाई न्याय दिलाउनु सरकारको प्रमुख लक्ष्य हुनु पर्दथ्यो। तर, नीति निर्माणको तहमा संलग्न रहेकाहरूले यस विषयलाई आत्मसात् गरेनन्।

सङ्क्रमणकालीन न्यायका आधारभूत तत्त्वहरू भनेका सत्य प्राप्त गर्ने संयन्त्रहरू निर्माण, कारबाहीको प्रक्रिया, पुनःस्थापना र राहत, पुनःनिर्माण, कानुनी र संस्थागत सुधारहरू आदि हुन्। नेपालका सन्दर्भमा यी सबै प्रक्रियाहरू लागू गर्न सकिन्छ। तर, सरकारको इच्छाशक्तिको कमी र राजनीतिक अस्थिरताका कारण सन् २००७ मा सुधारका यस्ता प्रक्रियाहरू प्रभावकारी रूपमा सम्भव हुन सकेनन्। पीडितहरूलाई दिइने न्यायका लागि उपलब्ध वा निर्माण गरिने आधारभूत संयन्त्रहरूसमेत बनेनन्। सङ्क्रमणकालीन न्याय जहिले पनि पीडितकेन्द्रित हुन्छ। शान्ति तथा पुनःनिर्माण मन्त्रालयले तयार गरेको सत्य निरूपण तथा मेलमिलाप आयोगको मस्यौदा विधेयक पनि पीडितकेन्द्रित भएन। द्वन्द्वको आततायी अवस्थाबाट बल्ल बाहिरिएका विशेष गरेर ग्रामीण जनताले न्यायको प्रत्याभूति प्राप्त गर्न सकेनन्।

८.२ सत्य निरूपण तथा मेलमिलापको अधुरो प्रयत्न

विभिन्न देशमा हिंसात्मक द्वन्द्व वा सशस्त्र विद्रोहपछिको सङ्क्रमणकालीन अवस्थामा विभिन्न आयोगहरू गठन गरेर विगतमा भएका मानवअधिकार उल्लङ्घनहरूलाई जनतासमक्ष उजागर गरी जघन्य अपराधमा संलग्न दोषीउपर कारबाहीका साथै मेलमिलाप प्रक्रियाहरू अगाडि बढाइएका छन्। सामाजिक पुनःमिलनमा पनि सत्य निरूपण तथा मेलमिलाप अयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। नेपालमा पनि सङ्क्रमणकालीन न्याय प्रक्रियालाई प्रभावकारी रूपमा अगाडि बढाइनुपर्ने चर्चा वर्ष २००७ को अन्त्यसम्मै भयो। संसारभरिकै अनुभवले गम्भीर प्रकृतिको मानवअधिकार उल्लङ्घनकर्तालाई कारबाही नगर्दा इतिहासको पुनरावृत्ति हुन सक्छ भन्ने देखिएको कुरा पनि वर्षभरि नै उठ्यो।

नेपालको अन्तरिम संविधान २०६३[९८] र नेपाल सरकारबीच सम्पन्न विस्तृत शान्ति सम्झौतामा सत्य निरूपण तथा मेलामिलाप अयोग गठन गर्ने भनिए अनुसार यस वर्ष पनि सो आयोग गठन हुन सकेन। शान्ति तथा पुनःनिर्माण मन्त्रालयले सत्य निरूपण तथा मेलमिलाप अयोगसम्बन्धी विधेयकको मस्यौदा भने तयार गरेको थियो। तर, मस्यौदा पीडितकेन्द्रित नभई पीडकहरूलाई नै माफी दिने किसिमको बनाइएको थियो। मन्त्रालयले मस्यौदा गरेको उक्त विधेयकको राष्ट्रिय रूपमा मात्र विरोध भएन, संयुक्त राष्ट्रसङ्घका साथै अन्य सङ्घसंस्थाले पनि त्यसमा सुधार गरिनुपर्ने आवश्यकता दर्शाए। विधेयकले न्याय प्रदान गर्न नसक्ने ती संस्थाहरूको राय थियो। एमनेस्टी इन्टरनेसनलले साउन २९ मा एक प्रेस विज्ञप्ति जारी गरी सत्य निरूपण तथा मेलमिलाप आयोगको मस्यौदा विधेयकले 'न्यायलाई अवमूल्यन गरेको'[९९] बतायो। एमनेस्टी इन्टरनेसनलले 'पुनःमिलनको अर्थ दण्डहीनता होइन भन्ने ज्ञापनपत्र'[१००] नेपाल सरकारलाई बुझाएको थियो। ह्युमन राइट्स वाच र इन्टरन्यासनल कमिसन अफ जुरिस्टले सत्य निरूपण तथा मेलमिलाप आयोगको

९६. gtto://eb,wujuoedua,irg/wuju/Trabsutuibak_Hystuce/accessed ib Nat 20m 2007
९८. नेपालको अन्तरिम संविधान २०६३, भाग ४। राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू
९९. Nepal: Draft Truth and Reconciliation Bill risks undermining Justice, Press Release. Amnesty International 14 August 2007. AI Index: ASA31/007/2007
१००. Nepa: lReconciliation does not mean impunityA Memorandum on the Truth and ReconciliationCommission Bill. Amnesty International http://www.amnesty.org/en/report/info/ASA31/006/2007 accessed on 25 December 2007

मस्यौदा विधेयकले पीडितको अधिकारलाई बेवास्ता गरेको बताएको थियो। जेनेभाबाट भदौ ५ मा जारी गरिएको विज्ञप्तिमा 'अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको मापदण्डलाई आत्मसात् गर्न विफल भएको'[१०१] उल्लेख गरिएको थियो। विधेयकले पीडितका अधिकारसम्बन्धी सवाल समेट्न सकेको छैन। समग्र विधेयकले आयोग केवल क्षमा दिनका लागि मात्र गठन गर्न लागिएको बुझिन्छ। 'न्याय र पीडितका सवालहरूलाई कसरी स्थापित र सम्बोधन गर्ने भन्ने सवालमा विधेयकको मुख्य जोड हुनुपर्दछ।'[१०२] मानवअधिकारको गम्भीर उल्लङ्घन, युद्ध अपराध र मानवताविरुद्धको अपराधका घटनाको अनुसन्धान गरी सत्यतथ्य बाहिर ल्याउने, पीडितलाई न्याय प्रदान गर्ने र पीडितको सहमतिमा मेलमिलापका लागि सहजीकरण गर्ने कार्य स्पष्ट गरिनुपर्ने लिखित सुझाव शान्ति तथा पुनःस्थापना मन्त्रालयलाई इन्सेकले दिएको थियो। मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनकर्तालाई पूर्णतः उन्मुक्ति दिने अभिप्रायःका साथ सरकारले अघि सारेको सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको मस्यौदा अधुरो रहेको विषयमा वर्षको अन्त्यसम्मै बहस चलेको थियो। वर्षको अन्त्यसम्मै विधेयक पारित भएन र सो अनुसार अयोग गठन पनि भएन।

विशेषगरी द्वन्द्वका क्रममा विभिन्न दुःखकष्ट झेलेका, आफन्तहरू गुमाएका, सम्पत्तिहरू गुमाएका पीडित र उनीहरूका परिवारहरूले आयोग बनेको अवस्थामा आफ्ना पीडा पोख्ने ठाउँ पाइने आशा गरेका थिए। उनीहरूले न्याय पाउने आशा पनि गरेका थिए।

९. उपसंहार

पीडितहरूलाई न्याय प्रदान गर्ने कुरा सरकारले वर्षभरि नै प्राथमिकताका साथ अगाडि बढाएन। सत्यको पहिचान गर्ने चुनौतीको सामना गर्ने सम्बन्धमा पनि सरकारले तदारूकता देखाएन। दण्डहीनताको अन्त्य र कानुनको शासनको स्थापना पनि सङ्क्रमणकालीन समयका चुनौतीहरू हुन्। तर, चुनौतीहरूको सामना र सम्बोधन गर्नेतर्फ सरकार उदासीन देखियो। लामो समयदेखिका सीमान्तकृत वर्ग र समूहको समस्या र संरचनागत हिंसाको अन्त्यका निम्ति सरकार अपेक्षाकृत रूपमा सजग हुन सकेन।

सात राजनीतिक दलबीचको सहमतिमा जे गर्दा पनि हुन्छ भन्ने दृष्टिकोण अघि सारेको हुनाले राजनीतिक अन्योल सिर्जना भयो। माओवादीले सरकारमा प्रवेश गरे पनि आफूलाई विद्रोही नै ठानी रहे। पुरानै शैलीलाई अनुसरण गर्नाले शान्ति प्रक्रियामा अवरोधहरू सिर्जना भए।

तराईमा बढेको हिंसालाई सम्बोधन गर्न सरकारी तत्परताको खाँचो देखियो । यसका साथै विभिन्न मागहरू राखेर आन्दोलन गरिरहेका विभिन्न सशस्त्र तथा निःसशस्त्र समूहहरूले पनि मानवअधिकारका सिद्धान्तविपरीतका क्रियाकलापहरूलाई निरन्तरता दिए। मानिसको बाँच्न पाउने अधिकारको उनीहरूले ठाडो रूपमा उल्लङ्घन गरे भने सरकारले उचित सुरक्षाको प्रबन्ध मिलाउन नसकेका कारण विशेष गरेर तराईका जनतामा भय र त्रासले जरो गाड्यो।

माओवादी प्रतिबद्ध नभएको र काङ्ग्रेसले गणतन्त्रका विषयमा प्रस्ट धारणा बनाउन नसकेका कारण संविधानसभाको निर्वाचन दोस्रोपटक पनि विथोलियो। संविधानसभाको निर्वाचनको मिति पटकपटक सारिनाले र निर्वाचन हुन नसकेका कारण जनतामा अन्योल सिर्जना भएको पाइयो। जनताले सार्वभौम मताधिकारको अधिकार प्रयोग गर्न पाएनन् र संविधानसभाबाट बन्ने नयाँ संविधानमा आफ्ना अधिकारहरू समेटिने आशा निराशामा परिणत भयो।

१०. निष्कर्ष तथा सुझावहरू

निर्वाचन र संवैधानिक वा शान्ति प्रक्रियाहरूमा राजनीतिक पार्टीहरूबीच एकआपसमा उच्च तहको विश्वास आवश्यक पर्दछ र उनीहरूले जनविश्वास पनि आर्जन गर्न सक्नुपर्दछ। वस्तुतः राजनीतिक पार्टीहरूबीच एकआपसमा देखिएको विश्वासको सङ्कटले निर्वाचनको वातावरण बन्न सकेन। दिगो र स्थायी शान्तिका लागि संविधानसभाको निर्वाचन पहिलो चरणको कार्य हो। त्यसपछि बन्ने संविधानसभा र त्यसबाट बन्ने नयाँ संविधानले नयाँ नेपालको प्रारूप प्रस्तुत गर्न सक्नेछ। नयाँ संविधानबाट जनताका हकअधिकारहरूको प्रस्ट व्यवस्था हुने र सोहीअनुसारको कार्यान्वयन हुने जनताले अपेक्षा गरेका छन्। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको विस्तार नयाँ संविधानबाट हुनसक्छ। त्यसकारण संविधानसभाको निर्वाचन जरुरी छ। तर, राजनीतिक दलहरूबाट निर्वाचन गर्ने सम्बन्धमा देखिएको ढिलासुस्ती स्थायी शान्ति बिथोल्ने माध्यमका रूपमा देखिएको छ।

---

१०१. http://hrw.org/english/docs/2007/08/22/nepal16720.htm accessed on 22 September 2007

१०२. इन्सेक। नेपाल: सत्य निरुपण तथा मेलमिलाप आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको मस्यौदा विधेयकमाथि टिप्पणी र सुझाव। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र, ०६४ साउन २५। पृ. १

संविधानसभाको चुनाव जति पर सर्छ, त्यति यसका विरुद्धमा लाग्नेहरू नसलबलाउलान् भन्न सकिँदैन। संविधानसभाको चुनाव पर सारिनाले तुरुन्तै अनिष्ट भइनहाल्ला तर त्यसको कुनै गतिलो वैकल्पिक योजना भने छैन। 'स्वतन्त्र र स्वच्छ निर्वाचन शान्ति प्रक्रियालाई बढावा दिने र दलहरूलाई वैधानिकता प्रदान गर्ने ठूलो शक्ति हुनेछ। तर, निर्वाचन द्वन्द्वपछिको सङ्क्रमणकालको प्रथम चरणको समापन मात्र हुनेछ। निर्वाचनको वास्तविक महत्त्व के हो भने यो एउटा जटिल र संवैधानिक प्रक्रियाको प्रारम्भविन्दु हुनेछ, जुन प्रक्रियाले शान्तिलाई सुदृढ पार्दै राष्ट्रिय संस्थाहरूलाई पुन:निर्माण गरेर देशलाई स्थायित्वको बाटोमा लगाउनेछ।'[१०३] त्यसकारण संविधानसभा निर्वाचनको सुनिश्चितितामा सबै तह र तप्काका मानिसहरू लाग्न जरुरी छ। दलहरूबीच प्रगाढ सम्बन्ध र सहमति तथा विश्वासको वातावरण बनाउन अत्यन्त आवश्यक छ। शान्ति प्रक्रिया संविधानसभाको निर्वाचनमा गएर पूर्ण हुन सक्छ।

नेपालमा निरङ्कुश शासन र सशस्त्र द्वन्द्वको अन्त्यपछि जनताले उनीहरूसँग प्रत्यक्ष सरोकार राख्ने वस्तुहरूमाथिको शान्तिपूर्ण उपभोगको आशा गरेका थिए। द्वन्द्वका क्रममा मानवीय र भौतिक क्षति बेहोरेका पीडितहरू तथा उनीहरूका परिवारले अपेक्षा गरेको विषय न्याय नै थियो। यसलाई सरकारले प्रमुख लक्ष्य बनाएर अगाडि बढ्नुपर्दछ। सङ्क्रमणकालीन अवस्थामा विगतको द्वन्द्वमा विभिन्न किसिमको मारमा परेका पीडित तथा उनीहरूका परिवारले पाउनुपर्ने न्यायको हालसम्म प्रत्याभूत हुन सकेको छैन। शान्ति सम्झौतामा गरिएका प्रतिबद्धताहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्न नसक्दा सङ्क्रमणकालीन न्यायको प्रत्याभूति हुन नसकेको हो। सम्झौतामा व्यवस्था गरिएअनुरूपका विभिन्न आयोगहरू सन् २००७ भरि बन्न सकेनन्। विभिन्न सीमान्तकृत समूहहरूले उठाएका मागहरूलाई सरकारले समयमै सम्बोधन गर्नुपर्दछ। तराईका अपराध र राजनीतिक मागलाई पृथक् गरेर हेरिनु पर्दछ। मागलाई न्यायोचित ढङ्गले सम्बोधन गरिनुपर्दछ र अपराधलाई नियन्त्रण गरिनुपर्दछ।

राजधानीलगायत तराईमा हत्या, अपहरण र हिंसात्मक घटनामा वृद्धि भएपछि सरकारले परिचालन गरेको विशेष सुरक्षा बलबाट हुने सुरक्षा कार्यान्वयनमा मानवअधिकार उल्लङ्घन हुन नदिन सचेत र आपराधिक क्रियाकलाप नियन्त्रणमा बढी सक्रिय रहनुपर्दछ। हिंसालाई दबाउने नाममा माओवादी नियन्त्रण गर्न 'किलो सेरा टू' र 'रोमियो अपरेसन' परिचालन गरिएको जस्तो हुनु हुँदैन।

सन् २००७ मा देखिएको उल्लेखनीय प्रवृत्ति के छ भने लोकतन्त्रको बहालीका लागि जसरी नागरिक समाजले योगदान दियो, त्यसलाई संस्थागत रूपले अगाडि बढाउने सन्दर्भमा उनीहरूले हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सकेनन्।

- शान्ति प्रक्रिया बिथोल्ने प्रमुख कारण राजनीतिक दलहरूबीच देखिएको विश्वासको सङ्कट रहेको एक वर्षको घटनाक्रमले देखाएका छन्। त्यसकारण राजनीतिक गतिरोधको अन्त्य गरी सहमतिका आधारहरू खोजिनु पर्दछ।
- विभिन्न सीमान्तकृत समूहहरूका मागहरूलाई शान्तिपूर्ण वार्ता गरी सम्बोधन गरिनुपर्दछ।
- सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई न्याय प्रदान गर्नका लागि विस्तृत शान्ति सम्झौतामा तय गरिएका आवश्यक कदम तत्काल चालिनु पर्दछ।
- संविधानसभाको निर्वाचन तोकिएको मितिमा सम्पन्न गर्नका लागि देशमा बिग्रँदै गएको सुरक्षाको स्थितिमा सुधार ल्याउनु पर्दछ र संविधानसभा निर्वाचनको सुनिश्चितताका लागि मतदाता शिक्षा अभियानहरू सञ्चालन गरिनु पर्दछ।
- तराईमा देखिएको हिंसा र आपराधिक घटनालाई नियन्त्रण गरी जनतालाई सुरक्षा प्रदान गरिनु पर्दछ।
- मधेसी समुदायले उठाएका जायज मागहरूप्रतिको सैद्धान्तिक सहमति वा पूरा गर्ने लिखित प्रतिबद्धता मात्र पर्याप्त छैन, मागहरू पूरा हुँदै गरेको देखिनु पनि पर्छ। आवश्यकताअनुसार जुनसुकै बेला पनि शान्तिपूर्ण रूपमा वार्ता गरी समस्या समाधान गर्नेतर्फ अविलम्ब कदम चाल्नु पर्दछ। पूरा गरिएका मागहरूका सम्बन्धमा मधेसका आमजनतालाई प्रभावकारी रूपमा सम्बोधन गर्नुपर्दछ।
- नेपाल सरकार र माओवादीबीच सम्पन्न बृहत् शान्ति सम्झौतालाई व्यवहारमा पूर्णरूपमा लागू गरिनुपर्दछ।
- सात राजनीतिक दलबीच भएको २३ बुँदे सहमति इमानदारीसाथ लागू गरिनुपर्दछ। ●

१०३. इन्टरनेसनल क्राइसिस ग्रुप। एसिया ब्रिफिङ् नं. ६८। नेपालको नाजुक शान्ति प्रक्रिया। काठमाडौँ/ब्रसेल्स। २८ सेप्टेम्बर २००७: पृ. ११

परिच्छेद

३

३.१ राज्य र मानवअधिकार

न्यायपालिका

घटनाक्रम

(०६३ पुस १७ देखि ०६४ पुस १६)

०६३ पुस १७ गते

चार वर्षअघि ओटुमा सुन चोरी हुँदा आफूलाई जबरजस्ती मुछेर यातना दिएको भन्दै त्यसको क्षतिपूर्तिका लागि असई विष्णुप्रसाद सोतीद्वारा दायर मुद्दामा उनलाई भौतिक तथा मानसिक यातना दिइएको ठहर गर्दै काठमाडौँ जिल्ला अदालतद्वारा १० हजार रुपियाँ क्षतिपूर्ति दिन आदेश।

पुस २० गते

बन्दी पदमनारायण नकर्मीको भैरवनाथ ब्यारेकमा सैनिक अधिकारीहरूद्वारा अमानवीय यातना दिई हत्या गरिएको सम्बन्धमा चार जना सैनिक अधिकारीमाथि ज्यान मुद्दा चलाउनुपर्ने आदेश माग गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर।

वीरगञ्जका प्रभातकुमार गुप्ताविरुद्धको ज्यान मुद्दाको विषयलाई लिएर सर्वोच्चका न्यायाधीशद्वय केदारप्रसाद गिरी र मीनबहादुर रायमाझीबीच विवाद उत्पन्न। विवादकै कारण रायमाझीद्वारा गिरी अध्यक्ष रहेको संस्था न्यायाधीश समाजको उपाध्यक्ष पदबाट राजीनामा।

पुस २२ गते

सर्वोच्च अदालतका न्यायाधीशहरूको बैठकले अन्तरिम संविधानमा प्रधानन्यायाधीशको नियुक्ति प्रधानमन्त्रीबाट नभई संवैधानिक परिषद्बाट हुनुपर्ने, प्रधानन्यायाधीशलाई अन्य काममा खटाउन नहुने, संवैधानिक र न्याय परिषद्मा न्यायाधीश सङ्ख्या थप्नुपर्नेलगायतका ११ बुँदे संशोधन प्रस्ताव तयार।

पुस २५ गते

सर्वोच्च अदालतद्वारा भैरवनाथ गणमा सेनाले बेपत्ता बनाएका ४९ बन्दीको अवस्था खोजबिन गरी प्रतिवेदन बुझाउन न्यायाधीश टोलीलाई आदेश।

पुस ३० गते

दुई वर्षअगाडि दायर रिटमा मध्यपश्चिम विकासक्षेत्रमा व्याप्त कमलरी प्रथा अन्त्य गर्न सर्वोच्चद्वारा सरकारलाई आदेश।

सवारी दुर्घटनाका मुद्दाका आरोपितलाई ९० हजार धरौटीमा रिहा गर्न अदालतले दिएको आदेशप्रति असन्तुष्टि व्यक्त गर्दै जिल्ला अदालत सुनसरीमा असन्तुष्ट पक्षद्वारा इजलासभित्रै तोडफोड।

माघ ४ गते

प्रधानमन्त्रीद्वारा प्रधानन्यायाधीश दिलीपकुमार पौडेललाई शपथ ग्रहण।

माघ ५ गते

न्यायाधीशहरूद्वारा प्रधानन्यायाधीशमार्फत शपथ ग्रहण।

माघ ११ गते

गैरकानुनी रूपमा थुनामा परेका उमेश कुइँकेललाई ३० हजार रुपियाँ क्षतिपूर्ति दिन काठमाडौँ जिल्ला अदालतद्वारा सरकारलाई आदेश।

माघ १२ गते

रायमाझी आयोगको मङ्सिर ४ गते सरकारलाई बुझाएको प्रतिवेदन सार्वजनिक गर्नका लागि परमादेश जारी गरी पाउँ भनी अधिवक्ताहरू चन्द्रकान्त ज्ञवाली, राजकुमार ढकाल र विमल ज्ञवालीद्वारा सर्वोच्च अदालतमा रिट दायर।

माघ १४ गते

जनकपुर-१० का दीपु भनिने सञ्जीवकुमार कर्णलाई सुरक्षाकर्मीले बेपत्ता पारेको भन्दै उनका पिताद्वारा पक्राउपछि हत्या गर्ने सुरक्षाकर्मीलाई ज्यान मार्ने उद्योगमा मुद्दा चलाउन माग गर्दै सर्वोच्चमा रिट दायर।

विवाहिता छोरीलाई पैत्रिक सम्पत्तिमा अंश नदिने कानुनी व्यवस्थाबारे सर्वोच्च अदालतको एकल इजलासद्वारा सरकारका नाममा कारण देखाऊ आदेश जारी।

माघ १७ गते

सर्वोच्च अदालतका न्यायाधीश रामकुमारप्रसाद शाहको इजलासद्वारा उच्चस्तरीय जाँचबुझ आयोग (रायमाझी आयोग) को प्रतिवेदन सार्वजनिक नगर्नुको कारण सरकारसँग माग।

फागुन ८ गते

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा सर्वोच्च अदालतलाई रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयनको चरणमा रहेको जवाफ पेस।

फागुन १० गते

दुई वर्षअघि सैनिक हिरासतमा हुँदा सेनाद्वारा चरम यातना दिइएका सिन्धुलीका विनोद दाहाललाई क्षतिपूर्ति दिन काठमाडौँ जिल्ला अदालतद्वारा सरकारका नाममा आदेश।

फागुन १८ गते

न्यायाधीश केदारप्रसाद गिरीमाथि आक्रमण गर्ने अभियुक्त प्रभातकुमार गुप्तालाई काठमाडौँ अदालतले थुनामा राख्न दिएको आदेश बदर गरिपाऊँ भनी दिएको रिट पुनरावेदन अदालत पाटनद्वारा अस्वीकार।

चैत ७ गते

अदालतको घूस प्रकरणबारे प्रधानन्यायाधीशले दिएको अभिव्यक्तिको विरोधमा सर्वोच्च अदालतका कर्मचारीद्वारा दुई घण्टा अदालतको काम ठप्प।

चैत ८ गते

नवलपरासी, माकर-४ बर्दघाटकी जितकुमारी

पड्गेनीद्वारा जबरजस्ती शारीरिक सम्बन्ध राख्ने पति दवेदप्रसाद पड्गेनीविरुद्ध वैवाहिक बलात्कारको मुद्दा सर्वोच्चमा दायर।

चैत १७ गते

सर्वोच्च अदालतद्वारा सम्बन्धविच्छेदपश्चात् श्रीमतीले विवाहका समयमा ल्याएको दाइजो फिर्ता गर्नुपर्ने निर्णय गर्दै दाइजो प्रथाका सम्बन्धमा नयाँ नजिर प्रतिपादन।

चैत २३ गते

पुनरावेदन अदालत पाटनद्वारा न्यायाधीश आक्रमणसम्बन्धी अभियोगमा भएको आदेश र सम्बन्धित मिसिलहरू झिकाउन सर्वोच्च अदलतद्वारा आदेश जारी ।

चैत २५ गते

बन्दीलाई यातना दिई हत्या गरेको अभियोगमा नेपाली सेनाका एक कर्णेललाई फौजदारी मुद्दा चलाउनुपर्ने ठहर गर्दै अनुसन्धानका लागि सर्वोच्च अदालतद्वारा पुनरावेदनका न्यायाधीश लोकेन्द्र मल्लिकको नेतृत्वमा गठित टोलीद्वारा अदालतसमक्ष १ सय ५४ पृष्ठको प्रतिवेदन पेस।

०६४ वैशाख ३ गते

सर्वोच्च अदालतद्वारा सुदूरपश्चिममा कमैया श्रम निषेध गर्ने ऐन-२०५८ बमोजिमको समिति बनाई पुन:स्थापना कार्यक्रम सञ्चालन गर्न सरकारलाई आदेश।

वैशाख ७ गते

अदालतको घूस प्रकरणबारे प्रधानन्यायाधीशले दिएको अभिव्यक्तिको विरोधमा सर्वोच्चका कर्मचारीद्वारा दुई घण्टा काम ठप्प।

सर्वोच्चका न्यायाधीश शारदाप्रसाद पण्डितको इजलासले माओवादी पीडितलाई क्षतिपूर्ति र दोषीमाथि कारबाही गर्ने विषयमा १५ दिनभित्र जवाफ पठाउन सरकारलाई आदेश।

वैशाख १३ गते

धर्मपुत्र/पुत्री राख्ने नाममा हुने गरेको बालबालिका बेचबिखन रोक्न, धर्मपुत्र/पुत्री राख्नेसम्बन्धी सम्पूर्ण कानुन पुनरावलोकन गरी अन्तर्राष्ट्रियअनुरूपको कानुन बनाउन सर्वोच्च अदालतद्वारा सरकारको नाममा आदेश।

वैशाख २० गते

सर्वोच्च अदालतका न्यायाधीशद्वय राजेन्द्रकुमार भण्डारी र गौरी ढकालको इजलासले पुनरावेदन अदालतको आदेशलाई सदर गर्दै न्यायाधीश केदारप्रसाद गिरीमाथि भौतिक आक्रमणको आरोप लागेका प्रभातकुमार गुप्तालाई थुनामै राखी मुद्दा अघि बढाउन आदेश जारी।

वैशाख २६ गते

सर्वोच्च अदालतको संयुक्त इजलासद्वारा सैनिक मुख्यालयलाई मैना सुनुवार घटनाका सम्बन्धमा भएको अनुसन्धानको विवरण सात दिनभित्र प्रस्तुत गर्न आदेश।

सर्वोच्च अदालतको संयुक्त इजलासले शारीरिक रूपमा अशक्त नागरिकहरूको अधिकारको संरक्षणका लागि सार्वजनिक सेवामा उनीहरूको पहुँचलगायत उनीहरूका लागि सजिलो हुने भवनहरू निर्माण गर्न सरकारका नाममा परमादेश जारी।

जेठ ७ गते

काठमाडौं जिल्ला अदालतका न्यायाधीश सुस्मलता माथेमाको इजलासद्वारा शाहीकालमा गैरकानुनी थुनामा राखेबापत सभामुख सुवास नेम्वाङ र एमालेका महेन्द्र पाण्डेलाई जनही ७० हजार क्षतिपूर्ति दिन सिफारिस।

जेठ १८ गते

सर्वोच्च अदालतद्वारा विभिन्न समयमा अदालतमा दायर हुन आएका ८३ वटा बन्दी प्रत्यक्षीकरणका रिट निवेदनहरूलाई एकै ठाउँमा राखी बेपत्ता नागरिक छानबिनका लागि अधिकारसम्पन्न आयोग गठन गर्न, बेपत्ता पार्ने कार्यलाई अपराध मानी कानुन बनाई लागू गर्नेलगायत बेपत्ता पारिएकाको परिवारलाई क्षतिपूर्ति दिन आदेश।

जेठ २५ गते

मानवअधिकारकर्मी दयाराम परियार र रामचन्द्र यादवको हत्याका सम्बन्धमा फौजदारी क्षेत्राधिकारअन्तर्गत घटनाको अनुसन्धान गरी छिटोभन्दा छिटो टुङ्ग्याउन सर्वोच्च अदालतद्वारा सरकारका नाममा आदेश जारी।

सर्वोच्च अदालतद्वारा श्रमजीवी पत्रकारको पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति र उजुरी समिति गठन गर्न सरकारका नाममा परमादेश जारी।

जेठ २८ गते

संसदीय विशेष समितिमा अन्तरिम संविधानमा सर्वोच्च अदालतका न्यायाधीश र राजदूतको नियुक्तिमा संसदीय सुनुवाइको व्यवस्था गर्न सहमति।

असार १ गते

काठमाडौं जिल्ला अदालतद्वारा प्रहरी अनुसन्धानका नाममा तत्कालीन प्रहरी सहायक निरीक्षक विष्णुप्रसाद सोतीलाई मानसिक यातना दिएको ठहर गर्दै १० हजार क्षतिपूर्ति भराउन आदेश।

असार ३ गते

सर्वोच्च अदालतद्वारा आफ्नो अवहेलना गरेको भन्दै *जनआस्था* साप्ताहिकका सम्पादकसहित तीन पत्रकारलाई बयानका लागि अदालतमा उपस्थित हुन आदेश।

असार ८ गते

प्रधानन्यायाधीश दिलीपकुमार पौडेलले

विचाराधीन मुद्दाका पक्षहरूलाई सरकारी निवास बालुवाटारमा भेट्ने गरेको *कान्तिपुर*द्वारा खुलासा।

असार ११ गते

जनआस्था साप्ताहिकका तीन जना पत्रकारलाई तारेखमा राखी मुद्दा सुनुवाइ गर्ने सर्वोच्चको आदेश।

असार १२ गते

पाटन पुनरावेदन अदालतद्वारा पत्रकार विजयराज आचार्यले पाँच वर्षअघि पाएको यातनासम्बन्धी मुद्दा दर्ता गर्न जिल्ला अदालतलाई आदेश।

असार १६ गते

सर्वोच्च अदालतद्वारा रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गर्न र त्यसको कार्यान्वयनमा भएको प्रगति विवरण उपलब्ध गराउन प्रधानमन्त्री कोइराला र मन्त्रिपरिषद्सँग जवाफ माग।

असार ३२ गते

संविधानसभा सदस्यको निर्वाचनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०६३ के कति कारणले खारेज गर्नुनपर्ने हो भनी जवाफ पेस गर्न सर्वोच्च अदालतको एकल इजलासद्वारा सरकारका नाममा आदेश जारी।

साउन ४ गते

पुनरावेदन र जिल्ला अदालत राजविराजका कर्मचारीद्वारा शान्ति सुरक्षाको माग गर्दै अनिश्चितकालीन बन्द घोषणा ।

साउन ७ गते

विभिन्न समूहको धम्कीका कारण तराईका जिल्लामा अदालती काम प्रभावित।

साउन १३ गते

सैनिक प्रहरीमा भर्ना हुन नियमावलीमै महिलामाथि भेदभाव भएको भनी परेको रिटमा सर्वोच्च अदालतद्वारा कारण देखाऊ आदेश जारी।

साउन १५ गते

मुलुकी ऐन-२०२० अदालती बन्दोवस्तको दफा ११८, १२३, १९४, जासुसी ऐन-२०१८ दफा ७, विशेष अदालत ऐन-२०५९ को दफा ७ र जीउ मास्ने-बेच्ने कार्य (नियन्त्रण) ऐन-२०४३ को प्रावधान अन्तरिम संविधान-२०६३ को धारा १२(२) र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध-१९६६ सँग बाझिएको भन्दै बदर गर्न माग गरी दायर गरिएको निवेदनमा सर्वोच्च अदालतद्वारा सरकारका नाममा कारण देखाऊ आदेश जारी।

साउन २० गते

न्यायालयभित्र आर्थिक प्रशासन अपारदर्शी भएको र प्रतिशोधका आधारमा सरुवा गरिएको भन्ने विषयमा सर्वोच्च अदालतका रजिस्टार तथा कर्मचारीहरूबीच भएको विवादका कारण देशभरका अदालतमा काम ठप्प, बार एसोसिएसनद्वारा समस्या सुल्झाउन प्रधानन्यायाधीशको ध्यानाकर्षण।

साउन २१ गते

आर्थिक प्रशासनमा पारदर्शिताको माग राख्दै कर्मचारीहरूद्वारा देशभरका अदालतको काम अवरुद्ध।

साउन २६ गते

सर्वोच्च अदालतमा रिक्त न्यायाधीश नियुक्ति प्रक्रियामा कानुन व्यवसायीलाई उपेक्षा गर्न खोजेको नेपाल बार एसोसिएसनको आरोप ।

साउन ३० गते

पाटन पुनरावेदन अदालतद्वारा *दी हिमालयन टाइम्स* र *अन्नपूर्ण* दैनिक पत्रिका प्रकाशनमा अवरोध नपुऱ्याउन आदेश जारी।

भदौ २ गते

सर्वोच्च अदालतको सीडी प्रकरणमा ११ कर्मचारीलाई कारबाही गर्ने सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णय।

भदौ १२ गते

संवैधानिक परिषद्द्वारा सर्वोच्चको प्रमुख न्यायाधीशमा केदारनाथ गिरीलाई सिफारिस।

भदौ १३ गते

उमेर हदका कारण प्रधानन्यायाधीश दिलीपकुमार पौडेल सेवानिवृत्त।

भदौ १७ गते

नागरिकहरूका लागि निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षाको प्रत्याभूत गर्न माग गर्दै अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की अध्यक्ष अम्रिता थापा र कोषाध्यक्ष मनु हुमागाईंद्वारा प्रधानमन्त्री कार्यालय, मन्त्रिपरिषद् र शिक्षा मन्त्रालयका विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर।

भदौ २४ गते

तराई घटना जाँचबुझ आयोग गैरकानुनी रूपमा गठन भएको दावी गर्दै दायर गर्न खोजिएको रिट सर्वोच्च अदालतद्वारा अस्वीकार।

असोज ३ गते

मैना सुनुवार हत्याका सम्बन्धमा सैनिक अदालतले गरेको फैसला सर्वोच्च अदालतद्वारा सार्वजनिक।

असोज १० गते

रायमाझी आयोग प्रतिवेदनले दोषी देखाएकाहरू संविधानसभा चुनावमा उम्मेदवार हुन पाउने सर्वोच्च अदालतको फैसला।

असोज ११ गते

पुनरावेदन अदालत पाटनद्वारा *कान्तिपुर* पत्रिकाको प्रकाशन र वितरणमाथि अवरोध नपुऱ्याउन माओवादी सम्बद्ध मजदुर युनियनलाई आदेश।

असोज १७ गते

सर्वोच्च अदालतले संविधानसभा निर्वाचनमा गतिरोध आउन सक्ने जनाउँदै नेसपा (आ.) को पार्टी आधिकारिकता विवादसम्बन्धी रिटमा अन्तरिम आदेश जारी गर्नु नपर्ने निर्णय।

समावेशी राज्य र राज्यको पुन:संरचना निर्धारण गर्नका लागि अन्तरिम संविधान-२०६३ मा व्यवस्था गरिएबमोजिम उच्चस्तरीय आयोग गठनको आदेश माग गर्दै अधिवक्ता चन्द्रकान्त ज्ञवालीद्वारा सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको मुद्दा दायर।

असोज १८ गते

सर्वोच्च अदालतको न्यायाधीश पदमा केदारप्रसाद गिरी नियुक्त।

असोज २३ गते

संविधानसभा निर्वाचन स्थगन गर्ने सरकारी निर्णयका विरुद्ध दिएको रिट निवेदन सर्वोच्च अदालतद्वारा अस्वीकार।

सर्वोच्च अदालतद्वारा उत्प्रेषणको आदेश जारी गरी दुई वर्षअघि शाही सत्ताद्वारा कम्युनिकेसन कर्नर बन्द गर्न दिएको निर्णय खारेज।

कात्तिक १६ गते

सर्वोच्च अदालतद्वारा राज्य पुन:संरचना आयोगको गठन सम्बन्धमा परेको रिट निवेदनको प्रारम्भिक सुनुवाइ नै नगरी खारेज।

कात्तिक २१ गते

सर्वोच्च अदालतद्वारा पिछडिएका वर्गहरूको संरक्षणका लागि कानुन बनाई लागू गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी।

कात्तिक २६ गते

संविधानसभा सदस्य निर्वाचन सार्ने अधिकार सरकारमा रहेको व्याख्या गर्दै सर्वोच्च अदालतद्वारा यस विषयमा अदालतले हस्तक्षेप गर्न नमिल्ने निर्णय।

मङ्सिर ३ गते

राज्यविरुद्धको अपराध र सजाय ऐन-२०४६ को दफा ४(१) वर्तमान अन्तरिम संविधान-२०६३ को प्रावधानविपरीत छ भन्दै सो ऐनको प्रावधान बदर तथा खारेज गर्न माग गर्दै फ्रिडम फोरमले सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनमा सर्वोच्च अदालतद्वारा सरकारका नाममा कारण देखाऊ आदेश जारी।

मङ्सिर १० गते

चार जना पाकिस्तानी नागरिकको थुनासम्बन्धी निर्णय सार्वजनिक गर्ने क्रममा सर्वोच्च अदालतको संयुक्त इजलासद्वारा शरणार्थीका लागि कानुन बनाउन सरकारलाई निर्देशन।

पुस १ गते

यातनासम्बन्धी क्षतिपूर्ति ऐन-२०५६ संशोधनको माग गर्दै यातनालाई अपराध भनी परिभाषा गर्न माग गर्दै दायर गरिएको रिटमा बेपत्ता पार्ने कार्यलाई अपराध मानी यातनाविरुद्धको कानुन बनाउन सर्वोच्च अदालतद्वारा सरकारलाई आदेश।

पुस २ गते

सर्वोच्च अदालतद्वारा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र सात राजनीतिक पार्टीका शीर्ष नेताहरूका नाममा छ महिनाभित्र माओवादी पीडितहरूलाई क्षतिपूर्ति दिन आदेश।

पुस ३ गते

भारतका पूर्वन्यायाधीश पीएन भगवतीद्वारा न्यायाधीशको संसदीय सुनुवाइसम्बन्धी अन्तरिम संविधानको व्यवस्था गलत भएको टिप्पणी।

पुस ४ गते

तल्ला अदालतको क्षेत्राधिकार थप्न भारतीय पूर्वप्रधानन्यायाधीश पीएन भगवतीको सुझाव।

पुस ६ गते

सर्वोच्च अदालतद्वारा महिला र पुरुषबाहेक तेस्रो लिङ्गका व्यक्तिलाई उनीहरूकै पहिचानका आधारमा नागरिकतालगायत राज्यका अन्य सुविधा दिन सरकारलाई निर्देशनात्मक आदेश।

पुस १० गते

सर्वोच्च अदालतद्वारा एचआईभी/सङ्क्रमित, महिला र बालबालिकाको मुद्दाको संवेदनशील विषयमा मुद्दा दर्तादेखि फैसलासम्म पनि रेकर्डको गोपनीयता राख्न निर्देशनात्मक आदेश।

पुस १२ गते

न्यायपरिषद्को बैठक बस्न नसक्दा सर्वोच्च अदालतका न्यायाधीश पवनकुमार ओझा स्वत: पदमुक्त।

●

१. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान-२०६३ जारी भएपछि नेपालको न्यायिक इतिहासले नयाँ मोड लियो। यस सन्दर्भमा सन् २००७ मा मौलिक हक तथा मानवअधिकारको संरक्षणको महत्त्वपूर्ण कसीका रूपमा न्यायपालिकाको स्वतन्त्रता कुन हदसम्म कायम रह्यो? न्यायालयको स्वतन्त्रता, सक्षमता र निष्पक्षता अपरिहार्य मानिने लोकतान्त्रिक परिपाटीमा राज्यले न्यायालयको स्वतन्त्रतालाई संविधान र ऐन कानुनमा सुरक्षित गर्दै यसको स्वतन्त्रताको सम्मान गर्दै आदेशको कुन हदसम्म परिपालना गऱ्यो ? न्यायपालिकाले आफूसमक्ष आएका विवादित विषयका कुनै क्षेत्र वा कुनै कारणबाट हुने प्रत्यक्ष वा अप्रत्यक्ष रोकटोक, अनुचित प्रभाव, प्रलोभन, दबाब, धाकधम्की वा हस्तक्षेपबाट मुक्त रही निर्णय गर्ने कर्तव्य कतिसम्म पूरा गऱ्यो ? यो परिच्छेदमा यिनै सवालहरूको सेरोफेरोमा रही सन् २००७ मा मानवअधिकार र न्यायालयको अन्तरसम्बन्धलाई केलाउने प्रयास गरिएको छ।

नेपालको अन्तरिम संविधान-२०६३ मा अदालतलाई देशको राजनीति मातहतमा राखिएको देखिन्छ। विद्यमान संविधानमा सर्वोच्च अदालतलाई संविधानको व्याख्या गर्न वा संविधानसँग बाझिएको कानुनलाई अमान्य घोषणा गर्न सक्ने अधिकार दिइएको छ। तर, अन्तरिम संविधानको धारा १०० (२) मा उल्लिखित न्यायपालिकाले लोकतन्त्र र जनआन्दोलनको भावनालाई आत्मसात् गर्नुपर्ने प्रावधानले राजनीतिको प्रभाव त पर्ने होइन भन्ने चिन्तासमेत प्रकट हुने गरेको छ।

'अन्तरिम संविधानको प्रस्तावनामा स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिए पनि सक्षम न्यायपालिकाको विषय समेटिएको छैन्'[१]। संविधानमा न्यायपालिका स्वतन्त्र हुने/नहुने सम्बन्धमा नलेखिए पनि न्यायपालिका नियुक्ति प्रक्रियाबाटै स्वतन्त्र हुनुपर्दछ। न्यायाधीश नियुक्तिको सिफारिसका लागि स्थापित संयन्त्र न्यायपरिषद्को गठन प्रक्रियाबाट पनि न्यायपालिकामा कार्यपालिकाको अलि बढी प्रभाव परेको हो कि भन्ने देखिन्छ। न्यायपालिकालाई कार्यपालिका, व्यवस्थापिका, सरकारप्रमुख, राष्ट्रप्रमुख तथा राजनीतिक दलहरूको हस्तक्षेपबाट मुक्त राख्न सके मात्र स्वतन्त्र न्यायपालिकाको कल्पना गर्न सकिन्छ। सर्वोच्च अदालतका न्यायाधीशको पनि संसद्मा सार्वजनिक सुनुवाइ हुने संवैधानिक व्यवस्थाले न्यायालयलाई जनताप्रति उत्तरदायी बनाए पनि यसले न्यायपालिकाको स्वतन्त्रतामा पार्नसक्ने असरतर्फ भने अत्यन्त चनाखो हुन जरुरी छ।

यस वर्ष मानवअधिकारको सवालमा विश्वका अन्य न्यायालयहरूले उद्धृत गर्न सक्ने गुण भएका केही फैसलाहरू नेपालको न्यायपालिकाबाट भए। बेपत्ता नागरिकबारे सर्वोच्च अदालतको फैसलाले घटनाका पीडित र तिनका परिवारको यथार्थ जान्ने, न्याय र क्षतिपूर्ति पाउने अधिकारलाई मान्यता प्रदान गरी अधिकार स्थापित गरिदियो। नेपालमा सशस्त्र द्वन्द्वका क्रममा कैयौँ मानिस बेपत्ता भएको र हालसम्म उनीहरूको अवस्था पत्ता नलागेको अवस्थामा सर्वोच्च अदालतको यो निर्णय महत्त्वपूर्ण र ऐतिहासिक छ, जसले बेपत्ता पारिएका मानिसका परिवारको न्याय पाउने अधिकारलाई सुनिश्चित गऱ्यो। त्यस्तै वर्षको अन्त्यमा तेस्रो लिङ्गीहरूको पहिचान र उनीहरूविरुद्धको भेदभावलाई अन्त्य गर्न तथा उनीहरूको मानवअधिकारको पूर्ण उपभोगका बारेमा सर्वोच्च अदालतको फैसलाले समावेशी र भेदभावरहित भावी नेपालको आकाङ्क्षा जाहेर गऱ्यो।

देश नयाँ नेपाल निर्माणको सँघारमा रहेको अवस्थामा अदालतले समेत यो कुरालाई अँगाल्दै सङ्घीय प्रणालीमा अदालतको स्वरूप, न्यायाधीश, कर्मचारी संरचनालगायतका विषयमा अध्ययन गर्न सर्वोच्च अदालतका न्यायाधीश अनुपराज शर्माको अध्यक्षतामा पाँच सदस्यीय समिति गठन गरेको छ, जसले न्यायपालिका जनताको परिवर्तनको भावनालाई आत्मसात् गर्न तत्पर रहेको सङ्केत गरेको छ। अदालतप्रतिको जनआस्थामा कमी आउन नदिने तथा न्यायपालिकालाई सक्षम र प्रभावकारी बनाउने प्रयासस्वरूप सर्वोच्च अदालत बार एसोसिएसनले अदालतमा देखिएका समस्या अध्ययन गरी प्रतिवेदन तयार गर्नका लागि समिति गठन गऱ्यो।

यसका बाबजुद न्यायपालिका र यसका न्यायमूर्तिहरूसमेत विवादमा मुछिएका धेरै घटनाहरूसमेत यसवर्ष प्रकाशमा आए। न्यायालयको सर्वोच्च स्थानमा रहने न्यायमूर्तिहरू स्वयम्समेत आफ्नो आचरणविपरीतका कार्यमा संलग्न भएका थुप्रै उदाहरणहरू सार्वजनिक हुनपुगे। न्यायाधीशले आफ्नो निवास वा अन्यत्र गएर मुद्दाका पक्षहरूलाई भेटेको, उनीहरूको आतिथ्य स्वीकार गरेका जस्ता आचारसंहिताविरोधी गम्भीर विषयले अदालत र स्वयम्

---

१. इन्सेक। *मानवअधिकार वर्षपुस्तक २००७*। काठमाडौँ: अनौपचारिक क्षेत्र सेवा केन्द्र, ०६३। पृ. ७१

न्यायाधीशहरू समेत घूस प्रकरणमा विवादास्पद बन्न पुगे। स्वयम् प्रधानन्यायाधीशसमेत विभिन्न आचारसंहिताविपरीतका कार्यमा संलग्न भएका घटनाहरूले समेत यस वर्ष निकै चर्चा पाउन पुगे।

२. स्वतन्त्र न्यायपालिका

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले 'कुनै पनि फौजदारी अभियोग तथा अधिकार र दायित्वको विवादलाई कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधीकरणबाट अनुचित विलम्बविना स्वच्छ र सार्वजनिक सुनुवाइ भई निरूपण हुनुपर्ने'[१] भनी प्रत्याभूत गरेको छ। त्यस्तै अपराध नियन्त्रण र अपराधीसँगको व्यवहार (The prevention of crime and the treatment of offender) विषयमा सम्पन्न भएको संयुक्त राष्ट्रसङ्घको सातौँ सभाले स्वीकार गरेको 'न्यायिक स्वतन्त्रताका आधारभूत सिद्धान्तहरू'[३]लाई संयुक्त राष्ट्रसङ्घको महासभाले अनुमोदन गरिसकेको छ। सदस्य राष्ट्रहरूले न्यायिक स्वतन्त्रता संरक्षण र सम्बर्द्धन गर्नुपर्ने, न्यायाधीशलाई प्रत्यक्ष वा परोक्ष तवरले अनुचित प्रभाव, डर, दबाब र शङ्का कतैबाट पार्न नहुने, न्यायिक कामकारवाहीमा कुनै किसिमबाट पनि अनाधिकारिक हस्तक्षेप हुन नहुनेलगायतका सिद्धान्तहरू यसमा समेटिएका छन्।

यिनै वडापत्र, विश्वव्यापी घोषणा, अन्तर्राष्ट्रिय अनुबन्ध र संयुक्त राष्ट्रसङ्घको महाधिवेशनबाट अनुमोदित न्यायिक स्वतन्त्रताको सिद्धान्त वास्तविकतामा रूपान्तरित गर्न सदस्य राष्ट्रहरूले आ-आफ्नो संविधान र कानुनमा मानवअधिकारलाई संरक्षण र सम्बर्द्धन गर्न यिनै सिद्धान्त र प्रत्याभूतिहरूलाई व्यवस्थित गरे। न्यायिक स्वतन्त्रताकै अवधारणाबाट ०४६ सालको जनआन्दोलनपछि बनेको नेपाल अधिराज्यको संविधान-२०४७ द्वारा न्यायपालिकालाई सशक्त बनाउने प्रयास भएको थियो। तर, यही अवधिमा न्यायिक स्वच्छन्दता भने सबै कालखण्डमा भन्दा बढी देखियो। 'न्यायाधीशहरूले छोटो अवधिका लागि उमेर सच्याउने, आफ्नो गल्ती ढाक्नका लागि मुद्दा गर्ने कानुन व्यवसायीलाई नै न्यायाधीश नियुक्ति गर्ने आदि जस्ता कार्य यस कार्यकालमा भए।'[४] न्यायपरिषद्ले पनि कानुन र जनअपेक्षाबमोजिम काम नगरेको र जतिसुकै स्वतन्त्र भए पनि न्यायिक स्वतन्त्रताले जवाफदेहीपन नल्याएको जस्ता आरोपसमेत यसबीच लाग्दै आएका छन्। 'कानुनले सबैलाई बाध्यात्मक रूपमा बाँध्छ तर न्यायाधीश कानुनको अतिरिक्त नैतिकताबाट पनि बाँधिई उदाहरणीय हुनुपर्नेमा कानुनको समेत भरमार उल्लङ्घन यही अवधिमा भयो।'[५] देशको राजनीतिक सङ्कटको सुरुवातसँगै अदालतको भूमिका पनि खस्कँदै गयो।

२.१. अन्तरिम संविधानमा स्वतन्त्र न्यायपालिका

नेपालको अन्तरिम संविधानको प्रस्तावना तथा राज्यको दायित्व र न्यायपालिकाअन्तर्गतका भागहरूमा स्वतन्त्र न्यायपालिकाको अवधारणा प्रस्टरूपमा उल्लेख गरिएको छ तर यो संविधानले पूर्ण न्यायिक स्वतन्त्रताको सम्मान गर्न नसकेको भन्ने धारणासमेत सार्वजनिक भइरहेका छन्। जनआन्दोलन-०६२-६३ पछि बनेको नेपालको अन्तरिम संविधान-२०६३ का केही प्रावधानहरूले न्यायिक स्वतन्त्रतामा प्रत्यक्ष वा परोक्ष रूपमा राजनीतिक हस्तक्षेप भएको देखिन्छ। न्यायिक संस्था समग्रमा सरकार र अरू शक्ति केन्द्रबाट समेत स्वतन्त्र रहनु पर्दछ भन्ने कुरातर्फ अन्तरिम संविधान त्यति सचेत हुन नसकेको त होइन भन्ने प्रश्नसमेत उठ्ने गरेको छ।

प्रधानन्यायाधीश नियुक्त गर्ने प्रधानमन्त्रीले नै संवैधानिक परिषद्को अध्यक्षता गर्ने, प्रधानमन्त्रीले प्रधानन्यायाधीशलाई अन्य काममा लगाउन सक्ने र नियुक्तिका लागि सिफारिस भएको न्यायाधीशले संसदीय समितिको सामना गर्नुपर्नेलगायतका प्रावधानहरू सिद्धान्ततः सङ्गतिपूर्ण होइनन्। 'अन्तरिम संविधानमा न्यायपालिकाको बनावट'[६] र सङ्गठनमा ०४७ सालको

---

१. संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६। धारा १४ (१)

३. संयुक्त राष्ट्रसङ्घ। न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्तहरू। U.N. Doc. A/CONF.121/22/Rev.1 at 59 (1985).

४. बस्नेत, माधवकुमार। "पूर्ण राजनीतिक पकडको न्यायपालिका र न्यायिक स्वतन्त्रताको अर्थ"। *कानुन* । अङ्क ६१। काठमाडौँः कानुन व्यवसायी क्लब। ०६३ फागुनः पृ. ८

५. पूर्ववत्

६. अन्तरिम संविधान- २०६३ को धारा १६२ (२) मा "यो संविधान प्रारम्भ भएपछि सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरूमा बहाल रहेका न्यायाधीशहरूले यो संविधानप्रति प्रतिबद्धताको शपथ नेपाल सरकारले निर्धारण गरेबमोजिम ग्रहण गर्नुपर्नेछ। शपथ ग्रहण गर्न इन्कार गर्ने न्यायाधीश स्वतः आफ्नो पदबाट मुक्त हुनेछ।" भन्ने व्यवस्था रहेको।

संविधानभन्दा केही सामान्य परिवर्तन मात्रै गरिएको छ र न्यायाधीशहरूले यस संविधानप्रति शपथ खानुपर्ने व्यवस्था गरिएको छ। 'यसै व्यवस्थाअनुसार प्रधानन्यायाधीशलाई प्रधानमन्त्रीद्वारा शपथ गराइयो तर यस्तो प्रावधानले गर्दा न्यायपालिकाको स्वतन्त्रता खतरामा पर्न गयो भनी न्यायाधीश तथा कानुनविद्हरूले औंला ठड्याएका थिए।'[७]

मानवअधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरूमा लिपिबद्ध सक्षम र स्वतन्त्र न्यायपालिका किटानी गर्नुपर्नेमा अन्तरिम संविधानमा सक्षम भन्ने शब्द उल्लेख गरिएको छैन। लोकतन्त्रको बहालीपछि न्यायपालिका सुदृढ र विश्वासिलो हुनुपर्दछ भन्ने आमजनताको चाहना परिपूर्तिका लागि न्यायाधीशहरूले आफ्नो स्वतन्त्रता सुनिश्चित गर्ने र न्यायालयलाई स्वतन्त्र, तटस्थ र निर्भीक राख्ने चाहना मात्र होइन, स्वयम् न्यायाधीशहरूको जिम्मेवारी पनि हो भन्ने कुरालाई मनन गर्नु जरुरी देखिन्छ। लोकतान्त्रिक राज्य व्यवस्थामा स्वतन्त्र न्यायपालिकामाथि हुने कुनै पनि प्रकारको आघातप्रति न्यायपालिका आफैं सजग र सतर्क होस भन्ने अपेक्षासमेत गरिन्छ।

'अन्तरिम संविधानमा प्रधानन्यायाधीश र न्यायाधीशलाई सरकारले अन्य काममा खटाउन सक्ने, वार्षिक प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाउनुपर्ने, नियुक्तिमा संसदीय सुनुवाइको प्रक्रिया, न्यायपरिषद्को संरचनामा सरकारको उपस्थितिलगायत थप व्यवस्थाले स्वतन्त्र न्यायालयको अवधारणालाई धराशयी बनाउने हुँदा त्यसमा सुधार गर्नुपर्ने राय न्यायाधीशहरूको रहेको थियो।'[८] सर्वोच्च अदालतका न्यायाधीशहरूले समेत स्वतन्त्र र सक्षम न्यायपालिका निर्माणमा अन्तरिम संविधान चुकेको र न्यायिक कारबाही सञ्चालनका लागि आवश्यक व्यवस्थाको अभाव रहेको उल्लेख गर्दै आगामी संशोधन र नयाँ बन्ने संविधानमा त्यसलाई सच्याउनुपर्ने निष्कर्ष निकालेका थिए। 'सर्वोच्च अदालतका न्यायाधीशहरूद्वारा आठ दलद्वारा अन्तिम रूप दिइएको अन्तरिम संविधानमा न्यायिक स्वतन्त्रताविपरीत प्रावधान रहेको औंल्याउँदै ११ बुँदे संशोधन प्रस्ताव प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेकामा सो प्रस्ताव अस्वीकार गरियो।'[९] प्रस्तुत प्रस्तावमा प्रधानन्यायाधीशको नियुक्ति प्रधानमन्त्रीबाट नभई संवैधानिक परिषद्बाट हुनुपर्ने, प्रधानन्यायाधीशलाई अन्य काममा खटाउन नहुने, संवैधानिक र न्यायपरिषद्मा न्यायाधीश सङ्ख्या थप्नुपर्नेलगायतका प्रस्ताव थिए। अन्तरिम संविधानको धारा १०० (२) मा न्यायपालिका लोकतन्त्र र जनआन्दोलनको भावनालाई आत्मसात् गर्दै यस संविधानप्रति प्रतिबद्ध रहनेछ भन्ने लेखिएकोमा 'जनआन्दोलनको भावना' भन्ने शब्द राजनीतिक भएको र संविधानमा प्रयोग हुने शब्दहरू कानुनी अर्थमा व्याख्या गर्नुपर्ने हुनाले त्यस्ता शब्दहरूको प्रयोग संविधानबाट हटाउनुपर्ने विचार समेत न्यायाधीशहरूद्वारा प्रस्तुत गरिएको सुझावमा राखिएको थियो।

जारी हुन लागेको अन्तरिम संविधानमा संशोधनका लागि सरकारलाई सुझाव दिनुअघि सर्वोच्च अदालतका न्यायाधीशहरुबीच छलफलका लागि तयार गरिएको मस्यौदा

सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला
नेपाल सरकार

सम्माननीय महोदय,

जारी हुन लागेको नेपालको अन्तरिम संविधान-२०६३ को मस्यौदाको प्रस्तावनामा स्वतन्त्र न्यायपालिकाप्रति पूर्ण प्रतिबद्धता व्यक्त हुनु कानुनी राज र सभ्य समाजका लागि ज्यादै महत्त्वपूर्ण छ।

(१) स्वतन्त्र न्यायपालिका घोषित गर्न मात्रै पर्याप्त नभई त्यसलाई जीवन्तता दिन आवश्यक पूर्वाधारहरूसहित यसको नेतृत्व लिने न्यायकर्मीहरूले स्वतन्त्र र निर्भीकतापूर्व काम गर्न पाउने अवस्थाको सिर्जना गर्न जरूरी

---

६. इन्टरनेसनल क्राइसिस ग्रुप। "नेपालको संवैधानिक प्रक्रिया"। ब्रसेल्स: फागुन ०६३
८. "अन्तरिम संविधान चुक्यो"। *कान्तिपुर* ०६४ मङ्सिर ९: पृ. २
९. "PM refuses SC judges' suggestions to amend interim statute". http://nepallaw.blogspot.com/2007_01_01_archive.html। ०६४ असार ६ मा हेरिएको

हुन्छ। अन्तरिम संविधानमा अदालत र अदालतमा काम गर्न प्रधानन्यायाधीश तथा न्यायाधीशहरू र उनीहरूको नियुक्ति सम्बन्धमा भएको केही प्रावधानहरू स्वतन्त्र न्यायपालिकाको सर्वमान्य सिद्धान्त र मान्यताअनुकूल भएको नपाइँदा निम्न प्रावधानहरूमा सुधार गर्नुपर्ने देखिएकाले यो सुझाव प्रस्तुत गरेका छौँ।

(२) मस्यौदाको धारा १०० न्यायसम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने भन्ने शीर्षकअन्तर्गत नेपालको न्यायपालिकाले स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्य-मान्यतालाई अनुसरण गरी लोकतन्त्र र जनआन्दोलनको भावनालाई आत्मसात् गर्दै यस संविधानप्रति प्रतिबद्ध रहनेछ भन्ने व्यवस्था छ। जनआन्दोलनको भावनाअनुरूप संविधान बनेको अवस्थामा संविधानबमोजिम काम गरेमा जनआन्दोलनको पनि भावनाको कदर भएको मानिन्छ। जनआन्दोलनको भावना भन्ने शब्द राजनीतिक शब्द भएको र संविधानमा प्रयोग हुने शब्दहरू कानुनी अर्थमा व्याख्या गर्नुपर्ने हुनाले त्यस्ता शब्दहरूको प्रयोग संविधानमा गरिँदैन। त्यस्ता शब्दहरू कानुनी दृष्टिले विवादग्रस्त हुने हुनाले संविधानप्रति प्रतिबद्ध हुने घोषित गर्न पर्याप्त हुने देखिन्छ।

(३) मस्यौदाको धारा ११२ प्रधानन्यायाधीशको जिम्मेवारी भन्ने शीर्षकअन्तर्गत 'मुलुकको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधानन्यायाधीशको हुनेछ र सो प्रयोजनका लागि निजले यस संविधान तथा अन्य कानुनको अधीनमा रही सर्वोच्च अदालत तथा मातहतको अदालतलाई आवश्यक निर्देशन दिन सक्नेछ' भन्ने व्यवस्था समावेश गरिएको पाइन्छ। मुलुकको न्यायप्रशासन संविधानअनुसार चल्ने र यसको प्रशासनिक नेतृत्व तहमा प्रधानन्यायाधीश रहने भई निजको प्राथमिक जिम्मेवारी भए पनि न्यायसम्पादनको कार्यमा प्रधानन्यायाधीश तथा न्यायाधीशहरू व्यक्तिगत रूपमा स्वतन्त्र हुने र प्रधानन्यायाधीश भएकै कारणले अन्य न्यायाधीशले निजसमक्ष आफ्नो स्वतन्त्र मत राख्न नपाउने गर्ने हो भने स्वतन्त्र न्यायपालिकाको अस्तित्व नै समाप्त हुने हुनाले प्रशासनिक कुरामा बाहेक अन्य काम न्यायलाई नै निर्देशित हुने गरी न्यायाधीशहरूउपर कुनै व्यवस्था गर्न उचित हुँदैन।

(४) धारा १०३, सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्ति र योग्यता भन्ने शीर्षकअन्तर्गत प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा सर्वोच्च अदालतका प्रधानन्यायाधीशको नियुक्ति गर्ने भन्ने व्यवस्था गरिएको पाइन्छ। प्रधानन्यायाधीशको नियुक्तिका सन्दर्भमा सर्वोच्च अदालतको अन्य न्यायाधीशहरूको राय पनि लिइने भारतलगायतका कतिपय देशको प्रचलन छ। न्यायिक नेतृत्वमा सही चयन हुन सकोस् भन्नाका लागि संवैधानिक परिषद्मा मान्य सिद्धान्तअनुसार सर्वोच्च अदालतको कम्तीमा अरू तीन न्यायाधीशहरूलाई संवैधानिक परिषद् सदस्यमा समावेश गरिनुपर्छ। धारा १०३ (१) मा प्रधानन्यायाधीशको नियुक्ति प्रधानमन्त्रीले गर्ने व्यवस्था छ। प्रधानमन्त्री कार्यपालिका प्रमुख भएको, शक्ति पृथकीकरणको सिद्धान्त र शक्ति सन्तुलनको सिद्धान्तका आधारमा बन्ने संविधानले एक अङ्गको प्रमुखलाई अर्को अङ्गको प्रमुखले नियुक्त गर्ने प्रणाली विकसित गर्दा कार्यगत स्वतन्त्रता समाप्त हुने अवस्था आउँछ। यस्तो व्यवस्थाबाट अन्ततः लोकतन्त्रको दीर्घकालीन संस्थागत विकास नै अवरुद्ध हुने सम्भावना हुन्छ। हाल राष्ट्रप्रमुखको किटानसम्बन्धी विवादका कारण हो भने संवैधानिक परिषद्लाई नियुक्तिको अधिकारी तोक्नु व्यावहारिक हुने हुँदा प्रधानन्यायाधीशको नियुक्ति प्रधानमन्त्रीबाट भन्दा संवैधानिक परिषद्बाट गर्ने व्यवस्था गर्नु व्यावहारिक हुने देखिन्छ।

(५) धारा १०६, प्रधानन्यायाधीश तथा न्यायाधीशलाई अन्य कुनै पदमा काममा लगाउन नहुने व्यवस्थाअन्तर्गत प्रतिबन्धात्मक वाक्यांशको रूपमा तर नेपाल सरकारले न्यायपरिषद्सँग परामर्श लिई सर्वोच्च अदालतका प्रधानन्यायाधीश वा न्यायाधीशलाई काममा खटाउन सक्नेछ भन्ने प्रावधान भएकामा प्रधानन्यायाधीशको हकमा यो व्यवस्था स्वतन्त्र न्यायपालिकाको सिद्धान्तको विपरीत देखिन्छ। प्रधानन्यायाधीश न्यायपालिकाजस्तो महत्त्वपूर्ण एउटा अङ्गको प्रमुख हुने, त्यस्तो व्यक्तिलाई आफ्नो निकाय र पदको कार्यबाट बाहेक गरी अर्को काममा खटाउन पाउने व्यवस्था भएमा निजको काम आफ्नो अनुकूल नहुनेबित्तिकै दण्डित गर्नका लागि भए पनि अन्यत्र खटाउने काम हुन सक्छ। साथै, त्यसबाट न्यायपालिकाको नेतृत्व र न्याय सेवा नै प्रभावित हुने अवस्था आउँछ, जसबाट जनताले पाउनुपर्ने अपेक्षित स्तरको न्याय सेवा पाउनमा आँच पुग्न सक्छ। संस्था र सेवाको नेतृत्वको आवश्यकता र सेवाको स्वतन्त्रताका लागि त्यस्तो व्यवस्था राख्नु उपयुक्त हुँदैन। बरु सर्वोच्च अदालतसँग देशको संविधान वा

कानुनको न्यायसम्बन्धी कुनै प्रश्नमा परामर्श माग गर्न सक्नेछ भन्ने उपयुक्त हुन्छ।

(६) धारा १०६ को उपधारा (२) मा सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा न्यायाधीश भइसकेको व्यक्ति धारा १३१ को उपधारा (१) को खण्ड (क) बमोजिमको पदमा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिका लागि ग्राह्य हुने छैन भन्ने व्यवस्था राष्ट्र निर्माणको सेवाबाट पूर्वन्यायाधीशहरूलाई वञ्चित गर्न खोजिएको सिद्धान्तविपरीत देखिन्छ। मानवअधिकार आयोगसरहका राष्ट्र सेवाका अरू पनि कार्य छन्। राजनीतिक सहभागिताको हक सबैसरह न्यायाधीशको पनि हुन्छ। न्यायिक पदमा आसीन हुँदा आफ्नो कर्तव्यलाई नसुहाउँदो हुने गरी कुनै प्रलोभनमा सरकारी आश्वासनको प्रलोभनमा नपरोस् भन्ने दृष्टिकोण राख्नु मनासिव हुने भए पनि राजनीतिक पद, निर्वाचित पदजस्ता गैरनिजामती पदहरूको हैसियतमा सेवा दिने सम्भावना र हकबाट वञ्चित गर्न उपयुक्त हुँदैन।

(७) न्यायाधीशहरूको सेवा निवृत्त अवस्थामा राज्यले पूर्णरूपले जीवन वृत्तिको जिम्मा नलिएको वर्तमान अवस्थामा कुनै अयोग्यता नभएको न्यायाधीशहरूको यस्तो राष्ट्रिय श्रमशक्तिलाई बहिष्कार गर्ने नीति कतै पनि गरिँदैन। यहाँ पनि गर्न हुँदैन।

(८) धारा ११३, न्यायपरिषद्अन्तर्गत यस संविधानबमोजिम न्यायाधीशहरूको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खास्ती र न्यायसम्बन्धी अन्य कुराहरूको सिफारिस गर्न वा परामर्श दिन गठन हुने न्यायपरिषद्को सदस्यमा हाल भएको एक वरिष्ठतम् न्यायाधीशका अतिरिक्त अरू दुई वरिष्ठतम न्यायाधीश थप गरी ७ सदस्यीय बनाइनुपर्छ। कारण: सर्वोच्च अदालतको दोस्रो मुख्य जिम्मेवारी बहन गर्ने वरिष्ठतम न्यायाधीशलाई निजसरहको मान्यता राख्ने अन्य दुई सदस्यहरूभन्दा कनिष्ठ मर्यादामा राखेको मिलेको छैन भने अदालतको सम्पूर्ण जिम्मेवारी ग्रहण गर्न प्रधानन्यायाधीश तथा वरिष्ठतम न्यायाधीशको स्थितिलाई अल्पमतमा राखी प्रधानमन्त्रीको प्रतिनिधिस्वरूपको कानुनविद् सदस्य, मन्त्रिपरिषद्को प्रतिनिधिस्वरूपको सदस्य कानुनमन्त्री तथा नेपाल बारको प्रतिनिधिस्वरूपको सदस्यको बहुमत राखी गठन हुने परिषद् स्वतन्त्र न्यायपालिकाको अवधारणाअनुकूल गठन भएको मान्न सकिँदैन।

(९) धारा ११७, वार्षिक प्रतिवेदनअन्तर्गत सर्वोच्च अदालतको प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेस गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद्समक्ष पेस गर्ने व्यवस्था गर्नेछ। स्वतन्त्र न्यायपालिकाले प्रधानमन्त्रीसमक्ष पेस गर्ने भन्ने व्यवस्था सिद्धान्तविपरीत देखिँदा सर्वोच्च अदालतले आफ्नो वार्षिक प्रतिवेदन सार्वजनिक गर्नेछ भन्ने व्यवस्था रहे मात्रै पनि पर्याप्त हुने देखिन्छ।

(१०) धारा १६२, न्यायपालिकासम्बन्धी व्यवस्था शीर्षकअन्तर्गत त्यो संविधान प्रारम्भ भएपछि सर्वोच्च अदालत... न्यायाधीशहरूले यो संविधानप्रति प्रतिबद्धताको शपथ नेपाल सरकारले निर्धारण गरेबमोजिम ग्रहण गर्नुपर्नेछ। 'शपथ ग्रहण गर्न इन्कार गर्ने न्यायाधीश स्वत: आफ्नो पदबाट मुक्त हुनेछ' भन्ने व्यवस्था गरिएको पाइन्छ। नेपाल सरकारले निर्धारण गरेबमोजिम भन्ने शब्द स्वतन्त्र न्यायपालिकाको अवधारणाविपरीत हुन जाने देखिँदा कानुनमा व्यवस्था भएबमोजिम भन्नु उपयुक्त हुन्छ। नयाँ अन्तरिम संविधान जारी भएपछि हाल कायम रहेका सबै संवैधानिक अङ्ग एवम् निकायले उक्त संविधानप्रति प्रतिबद्धता देखाउन जरुरी हुन्छ भन्ने सोच आफैंमा स्वाभाविक हुन आउँछ। यसो हो भने सबै अङ्गका पदाधिकारीहरूले लिने शपथको सम्बन्धमा संविधानमा नै किटानी गर्नुपर्ने हुन्छ। मस्यौदा संविधानमा हालको संविधानअन्तर्गत स्थापित एवम् नियुक्त भएको वा निर्वाचित भएका अन्य पदाधिकारीहरूको हकमा मौन बसी केवल न्यायपालिकाको हकमा विशेष किसिमको प्रतिबद्धता खोजिनुले न्यायपालिकाप्रति असामान्य रूपमा विश्वासको सङ्कट गरेको अवस्था सिर्जना हुन्छ। न्यायपालिकाप्रति लक्षित त्यस्तो दृष्टिकोणले न्यायको छवि र गरिमामा राम्रो प्रभाव पार्दैन। त्यसैले सबै अङ्गसरह समग्रतामा न्यायपालिकाको हकमा विचार गर्दै हाल प्रस्तावित प्रावधानहरूउपर पुन:विचार गरिनुपर्छ।

(११) न्यायपालिकाको सुधार गर्ने भन्ने कुरा न्यायपालिकाको नियुक्ति एवम् व्यवस्थापनको जिम्मा लिएको निकायले जवाफदेहीको विषय हुने हुनाले न्यायपरिषद्जस्तो संस्थाको अधिकार क्षेत्र किटान गर्दा त्यस्तो कुराको अभिभारा दिने र सरकारी सहयोगलाई पनि सुनिश्चित गर्ने धाराको व्यवस्था गर्नु वाञ्छनीय हुन्छ। संविधानको अमूक धारामा न्यायपालिकाको सुधार गर्ने मात्रै भन्नाले लक्षित वर्ग र निकायको अभिभारा प्रस्ट हुन आउँदैन।

स्रोत:http://www.kantipuronline.com/kolnepalinews.php?nid=96757

शक्ति सन्तुलनको सिद्धान्तका अधारमा बन्ने संविधानले एक अङ्गको प्रमुखलाई अर्को अङ्गको प्रमुखले नियुक्ति गर्ने प्रणाली विकसित गर्दा कार्यगत स्वतन्त्रता समाप्त हुने अवस्था आउने हुँदा संविधानमा संशोधन हुनुपर्ने तर्क न्यायाधीशहरूले राखेका थिए। यस सम्बन्धमा नेपाल बार एसोसिएसनले अन्तरिम संविधानमा न्यायपालिकाको स्वतन्त्रतामाथि धक्का पुऱ्याउने उद्देश्यले व्यवस्था गरिएको निरङ्कुश प्रावधानमा तत्काल संशोधनका लागि आग्रह गरेको थियो। नेपाल बारले अन्तरिम संविधान आठ राजनीतिक दलहरूले सम्झौता गरी तयार गरिएको राजनीतिक दस्तावेज भएको टिप्पणी गरेको थियो। न्याय क्षेत्रमा कार्यरत व्यक्तिहरूको असहमति र न्यायाधीशहरूले संसद्मा शपथ ग्रहण गर्नुपर्छ वा पर्दैन भन्ने बहस तीव्र रूपमा चले पनि सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश दिलीपकुमार पौडेललाई र वर्तमान प्रधानन्यायाधीश केदारप्रसाद गिरीलाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा पद तथा गोपनीयताको शपथ ग्रहण गराइयो। प्रधानन्यायाधीशको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा प्रधानमन्त्रीले र अरू न्यायाधीशको नियुक्ति न्यायपरिषद्को सिफारिसमा प्रधानन्यायाधीशले गर्ने व्यवस्था अन्तरिम संविधानमा गरिएको छ तर न्यायपरिषद्मा रहने सदस्यहरूको बनोट हेरेर यी निकायको निष्पक्षतामा शङ्का गर्ने गरिएको छ। यी दुवै परिषद्मा कार्यकारिणीको बाहुल्य रहेको छ।

२.२. स्वतन्त्र न्यायपालिका र संसदीय सुनुवाइ

अन्तरिम संविधानले न्यायपालिकाका सम्बन्धमा ल्याएको एउटा प्रमुख परिवर्तन न्यायाधीशको संसदीय सुनुवाइ गर्ने प्रावधान हो, जसले संसदीय सर्वोच्चता कायम गर्न खोजेको प्रतीत हुन्छ। नेपालको अन्तरिम संविधान-२०६३ को धारा १५५ मा संविधानबमोजिम संवैधानिक परिषद्को सिफारिसमा नियुक्ति हुने संवैधानिक पद तथा सर्वोच्च अदालतका न्यायाधीश र राजदूतको पदमा नियुक्तिपूर्व निजहरूको कानुनमा व्यवस्था भएबमोजिम संसदीय सुनुवाइ हुने व्यवस्था गरिएको छ। कुनै संवैधानिक पद रिक्त भई नियुक्तिका लागि सिफारिस गर्दा वा नियुक्ति गर्दा सम्बन्धित निकायबाट रिक्त रहेको पदका लागि सम्भाव्य उम्मेदवारको नाम प्रस्ताव गरी संसदीय सुनुवाइका लागि सम्बन्धित समितिमा पठाउनुपर्ने व्यवस्था छ। यसरी प्राप्त नामावलीमाथि सम्बन्धित समितिले समितिको बैठक बसेको मितिले बढीमा १५ दिनभित्र छलफल गरी प्रस्तावित व्यक्ति प्रस्तावित पदमा उपयुक्त वा अनुपयुक्त के छ, सोसम्बन्धी यकिन निर्णय गरी सोको जानकारी सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था छ। सर्वसम्मतिले अस्वीकार गरेको अवस्थामा बाहेक समितिले प्रस्तावित नाम अस्वीकार गर्न नसक्ने र १५ दिनभित्र समितिले कुनै जानकारी नदिएमा सम्बन्धित निकायले नियुक्त गर्न सक्ने व्यवस्थासमेत रहेको छ। यसरी संवैधानिक र कानुनी रूपमा संसदीय सुनुवाइको व्यवस्था गरिएको नेपालको इतिहासमा पहिलोपटक हो।

सोही प्रावधानअनुरूप संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतको स्थायी न्यायाधीशमा प्रस्तावित चार जनाको नामावली स्वीकृत गऱ्यो। न्यायपरिषद्बाट सिफारिस गरिएका सर्वोच्चका अस्थायी न्यायाधीशहरू दामोदरप्रसाद शर्मा, रामकुमारप्रसाद शाह, कल्याण श्रेष्ठ र गौरी ढकाललाई स्थायी नियुक्तिका लागि संसदीय समितिले सर्वसम्मत अनुमोदन गरेको हो। समितिले उनीहरूको अनुभव, योग्यता, भावी योजना र सर्वसाधारणका तर्फबाट परेका उजुरीमाथि समेत छलफल गरी ती नाम अनुमोदन गरेको हो। न्यायिक क्षेत्रबाट विरोध भए पनि न्यायपालिकालाई पारदर्शी, उत्तरदायी र विश्वसनीय बनाउन सुनुवाइको व्यवस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सांसदहरूको धारणा थियो।

प्रधानन्यायाधीश केदारप्रसाद गिरीको संसदीय सुनुवाइ अलि बढी आलोच्य रह्यो। यो सुनुवाइका क्रममा सांसदहरूले विगतका मुद्दामा गरेको फैसलालाई आधार मानेर सुनुवाइ गर्ने नराम्रो परिपाटीको थालनी गरे। न्यायाधीशको नियुक्तिका लागि व्यावसायिक र राजनीतिक दुवै पक्षको सहमतिको सन्तुलनको खोजी गर्नु राम्रो हो। सांसदहरू नीतिगत रूपमा विभाजित हुनुपर्ने थियो तर त्यसो नगरी आफूभित्र तीव्र रूपमा मतविभाजित भएको जनाउँदै संसदीय सुनुवाइ समितिले उक्त नियुक्तिको प्रस्ताव न्यायपरिषद्तिरै पन्छाएको थियो। सांसदहरूले प्रधानन्यायाधीश जस्तो न्यायपालिकाको सर्वोच्च व्यक्तिको छनोटमा देखाएको अदूरदर्शिताले अब न्यायाधीश नियुक्तिलगायत सर्वोच्च अदालतमा विचाराधीन मुद्दाहरूमा समेत त्यसको प्रभाव पर्ने त होइन भन्ने चिन्ता बढेको छ। भर्खर स्थापित संसदीय सुनुवाइका प्रक्रियामा सर्वसम्मति कायम हुन नसक्दा न्यायपालिका र न्यायाधीश विवादग्रस्त बन्न पुग्नु दुःखद थियो। भावी प्रधानन्यायाधीशको नियुक्ति गर्दा न्यायालयलाई कसरी भ्रष्टाचारमुक्त, स्वच्छ, र पारदर्शी बनाउने, सर्वसुलभरूपमा कसरी जनतालाई न्याय दिने/दिलाउने, न्यायाधीश नियुक्ति गर्दाका प्राथमिकताहरू के-के हुने भन्नेजस्ता प्रश्नहरू

प्राथमिकतामा परेनन्। यो सुनुवाइले उम्मेदवारलाई उसले विगतमा गरेका राम्रा/नराम्रा कार्यहरूबारे जवाफदेही बनाउने कार्यको सुरुवात गर्न खोजे पनि सांसदहरूले उजुरीहरूलाई मात्र आधार मानेर विभाजित हुनुले समितिको औचित्य र प्रभावकारितामा प्रश्न उठेको छ।

'भारतका पूर्वन्यायाधीश पीएन भगवतीले त न्यायाधीशको संसदीय सुनुवाइसम्बन्धी अन्तरिम संविधानको व्यवस्था न्यायालयको आधारभूत सिद्धान्तविपरीत रहेको र नेपालजस्तो विकासोन्मुख मुलुकमा यस्तो व्यवस्था झन् आपत्तिजनक हुने भएको हुँदा नियुक्तिसम्बन्धी सबै काम न्यायपरिषद्ले गर्नुपर्ने'[१०] टिप्पणी गरे। संसदीय सुनुवाइ जिम्मेवार पदाधिकारीहरूको चयनका लागि उपयुक्त र पारदर्शी व्यवस्था भए पनि न्यायाधीशहरूका लागि यो स्वतन्त्र कार्यसम्पादनसँग जोडिएको मुद्दा हो। सर्वोच्च अदालत संसद्को मातहतमा देखिनु यसको सबभन्दा मुख्य कमजोरी देखिन्छ। त्यसैगरी, न्यायाधीशहरू अन्तरिम व्यवस्थापिका वा भविष्यमा गठन हुने संविधानसभाका सदस्यहरूप्रति उत्तरदायी बन्न पुग्ने खतरालाई समेत उपेक्षा गर्न सकिँदैन। त्यस्तो अवस्थामा कुनै सांसद नै झगडिया वा मुद्दाको पक्ष भएको अवस्थामा न्यायिक स्वतन्त्रता कठोर चुनौतीको विषय बन्न सक्छ र न्यायपालिकाको स्वतन्त्रता कायम गर्नु सजिलो हुँदैन। अर्कातिर संसदीय सुनुवाइको प्रावधानले न्यायपरिषद्लाई ओझेलमा पार्ने र न्यायपरिषद्लाई उच्च निकायका रूपमा संस्थापन गर्न र त्यसमार्फत न्याय क्षेत्रलाई जिम्मेवार, मर्यादित र सम्मानित तुल्याउने अवधारणा सङ्कुचित हुने खतरासमेत देखिन्छ।

०६४ पुस १२ गते पदावधि सकिन लागेका न्यायाधीश पवनकुमार ओझालाई स्थायी गराउने वा नगराउने भन्ने विषयमा निर्णय गर्न न्यायपरिषद्को बैठक बस्न नसक्दा ओझाको पद स्वत: खारेज भयो। ओझासँगै अस्थायी नियुक्त भएका न्यायाधीशद्वय ताहिर अली अन्सारी र राजेन्द्रप्रसाद कोइरालालाई स्थायीको प्रक्रियाका लागि न्यायपरिषद्को बैठकले संसद्को विशेष सुनुवाइ समितिमा नाम पठाएको थियो।

२०४७ सालको संविधानले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई समदूरीमा राखेर एकअर्काका अधिकार र जिम्मेवारी जसरी परिभाषित गरेको थियो, त्यसमा अन्तरिम संविधानले परिवर्तन ल्याएर व्यवस्थापिकालाई सबैभन्दा सर्वोच्च अङ्गका रूपमा स्थापित गरेर न्यायपालिकालाई त्यसको मातहतमा राख्न खोजेको जस्तो देखिन्छ। न्यायपालिकाका हकमा परिवर्तित अवस्था स्वतन्त्र न्याय सम्पादनमा कति अनुकूल हुन्छ भन्ने न्यायक्षेत्रको गहन सरोकारको विषय हुनुपर्छ।

३. सर्वोच्च अदालतबाट भएका केही उल्लेखनीय फैसलाहरू

नजिर प्रतिपादन गर्ने एक मात्र निकाय सर्वोच्च अदालतले यस वर्ष मानवअधिकारसँग सम्बन्धित केही गहकिला नजिर तथा निर्देशात्मक आदेश जारी गरी कानुनी व्यवस्था तथा मानवअधिकारको सरंक्षणतर्फ प्रभावकारी दिशानिर्देश गरेको छ। ती महत्त्वपूर्ण निर्णयहरूका साथै यस वर्ष सर्वोच्च अदालतमा परेका केही प्रमुख रिट निवेदनहरू यसप्रकार रहेका छन् :

३.१. बेपत्ता सम्बन्धमा

३.१.१ बेपत्ता नागरिकका सम्बन्धमा अनुसन्धान गर्न आदेश

सर्वोच्च अदालतले भैरवनाथ गणमा सेनाले बेपत्ता बनाएका ४९ बन्दीको अवस्था खोजबिन गरी प्रतिवेदन बुझाउन एक टोलीलाई आदेश दिएको थियो। विभिन्न समयमा पक्राउ परेका नागरिकहरूलाई भैरवनाथ गणमा चरम यातना दिइएको र बेपत्ता बनाएको दाबी गर्दै परेको रिटमा उक्त आदेश भएको हो। सैनिक हिरासतबाट बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरी लोकतान्त्रिक जनआन्दोलनको भावनाअनुसार प्रतिनिधिसभाको घोषणाका आधारमा दोषीमाथि कारबाही गराउन माग गर्दै माओवादी समर्थित विद्यार्थी नेता लेखनाथ न्यौपाने, कृष्ण केसी, हिमाल शर्मा र विना मगरद्वारा दायर बन्दी प्रत्यक्षीकरणको निवेदनमा सर्वोच्च अदालतले यस्तो आदेश दिएको हो। बेपत्ता बन्दीको स्थिति पत्ता लगाउन सर्वोच्चकै आदेशले ०६३ असोजमा पुनरावेदन अदालतका न्यायाधीश लोकेन्द्रबहादुर मल्लिकको अध्यक्षतामा टोली गठन भएको थियो। सो टोलीलाई सैनिकद्वारा बेपत्ता पारिएका भनिएकाहरूको पनि अनुसन्धान गर्ने जिम्मेवारी दिइएको थियो।

सो समितिले बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा छानबिन गर्नका लागि उच्चस्तरीय छानबिन समिति गठन गर्न र बेपत्ता पार्ने कार्यलाई अपराध घोषित गरी कानुन निर्माण गर्न सुझाव दिएको थियो। सेनाले विभिन्न व्यारेक तथा गणहरूमा बन्दी बनाई बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा नेपालस्थिति संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारसम्बन्धी उच्च आयुक्तको कार्यालयले ०६३ जेठ ११ गते एक प्रतिवेदन

१०. "न्यायाधीशको सुनुवाइ गलत"। *कान्तिपुर* ०६४ पुस ४: पृ. १

प्रकाशित गरेको थियो। उक्त प्रतिवेदनमा भैरवनाथ गणबाट बेपत्ता पारिएका भनी ४९ जनाको नामावली उल्लेख गरिएको छ।

३.१.२ बेपत्ता नागरिकका सम्बन्धमा आदेश

सर्वोच्च अदालतले विभिन्न समयमा ८३ जना बन्दी र बेपत्ता व्यक्तिहरूका तर्फबाट दायर हुन आएका बन्दी प्रत्यक्षीकरणका रिट निवेदनहरूलाई एकै ठाउँमा राखी बेपत्ता नागरिक छानबिनका लागि अधिकारसम्पन्न आयोग गठन गर्न, बेपत्ता पार्ने कार्यलाई अपराध मानी कानुन बनाई लागू गर्ने, बेपत्ता पारिएका व्यक्तिहरूका परिवारलाई क्षतिपूर्ति दिन आदेशसहितको निर्णय सुनायो। विगतको सशस्त्र द्वन्द्वका क्रममा प्रायः सादा पोसाकका सुरक्षाफौजले गिरफ्तार गरी अदालतलाई पत्राउ नगरेको सूचना दिएपछि खारेजीमा परेका १ हजार रिट निवेदनमा ८६ ओटा निवेदन प्राविधिक कारणले सर्वोच्च अदालतमा यथावत् रहेकामा अदालतले यो निर्णय सुनाएको थियो। जबरजस्ती बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा ढिलै भए पनि सर्वोच्च अदालतबाट सारगर्भित निर्णय भएको छ, जसले सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता भएर हालसम्म पनि अवस्था थाहा हुन नसकेका व्यक्तिका परिवारलाई न्याय प्रदान गरेको छ।

'राज्यका सुरक्षाकर्मीले विभिन्न मितिमा पक्राउ गरी गैरकानुनी रूपमा हिरासतमा राखेको र लामो समयसम्म बन्दीको स्थिति सार्वजनिक नगरी बेपत्ता पारेकाले गैरकानुनी थुनामा राखेको बन्दीहरूलाई बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्न, बन्दीको स्थिति सार्वजनिक गर्न र मानवअधिकारको गम्भीर र सुनियोजित (gross and systematic violation of human rights) उल्लङ्घन गर्ने कार्य दण्डहीनताको अवस्था (state of impunity) मा रहन नदिन त्यस्तो कार्यमा संलग्न जिम्मेवार अधिकारीलाई कानुनबमोजिम कारबाही गर्नसमेत माग गर्दै नेपाल अधिराज्यको संविधान-२०४७ को धारा २३, ८८ अनुसार विभिन्न मितिमा यस्ता रिट निवेदनहरू दर्ता भएका थिए।'[११]

रिट निवेदनमा उल्लेख गरिएका बन्दीहरूको स्थिति र अवस्थाका सम्बन्धमा जानकारी लिने क्रममा बन्दीहरूको अवस्था पत्ता लगाउन अदालतले विभिन्न सरकारी तथा मानवअधिकार सङ्घसंस्थाबाट बन्दीका सम्बन्धमा भएका छानबिन प्रतिवेदनसमेत अध्ययन गरेको थियो। 'सो फैसला गर्ने क्रममा, गृहमन्त्रालयका सहसचिव वामनप्रसाद न्यौपानेको समितिले पेस गरेको प्रतिवेदन'[१२] नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले काठमाडौँ महाराजगञ्जस्थित नेपाली सेनाको ब्यारेकमा सन् २००३ मा भएको 'स्वेच्छाचारी थुना, यातना र बेपत्ता सम्बन्धमा गरेको छानबिन प्रतिवेदन'[१३], 'राष्ट्रिय मानवअधिकार आयोगले गरेको छानबिन'[१४], 'सर्वोच्च अदालत, बन्दी अनुसन्धान कार्यटोली-२०६३ को प्रतिवेदन'[१५] समेत अध्ययन गरिएको थियो।

अदालतले सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता

---

११. सर्वोच्च अदालत, "सर्वोच्च अदालत बुलेटिन"। काठमाडौँ: सर्वोच्च अदालत। ०६४ जेठ। पृ. १-२

१२. बेपत्ता नागरिकहरूका सम्बन्धमा छानबिन गरी यथार्थ स्थितिसहितको प्रतिवेदन तयार गर्न र स्थिति सार्वजनिक हुन नसकेका नागरिकहरूको हकमा के गर्नु पर्ने हुन्छ सुझाव दिनका लागि नेपाल सरकारको मिति ०६३।२।११ को निर्णयअनुसार गठित यस समितिले विभिन्न स्रोतका आधारमा बेपत्ता रहेको भनिएका व्यक्तिहरूको सङ्ख्या ७ सय ७६ जना देखाएको छ। जसमध्ये १ सय ७४ जनाको अवस्था यकिन गरी ६ सय २ जनाको स्थिति अज्ञात रहेको भनिएको छ ।

१३. संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले सन् २००३ मा पक्राउ गरी विभिन्न समयमा महाराजगञ्जस्थित सैनिक ब्यारेकमा लामो समयसम्म राखेको भन्ने आरोपका सम्बन्धमा छानबिन गरी बेपत्ता पारिएका परिवार, पूर्वथुनुवा, प्रत्यक्षदर्शीसमेतका ५० भन्दा बढीको अन्तर्वार्ता र भैरवनाथ र युद्धभैरव गणको स्थलगत निरीक्षण गरी सन् २००३ मा सेनाको ब्यारेकमा गोप्य थुनामा राखिएको, अन्यत्र स्थान्तरण गरिएको तथा रिहा गरिएको भनी स्वीकार गरिएका व्यक्तिहरूको विवरण सूचीकृत गरिएको छ ।

१४. आयोगले प्राप्त विवरणका आधारमा निवेदनहरूका सम्बन्धमा परिवारका सदस्य, प्रत्यक्षदर्शी, थुनामा सँगै बसी हाल थुनामुक्त भएका व्यक्तिहरूसँग समेत बयान गराई आवश्यक सूचना सङ्कलन गरेको र कतिपय निवेदनउपरको कारबाहीमा मानवअधिकारको गम्भीर उल्लङ्घन भएको ठहर गरी सम्बन्धित जिम्मेवार अधिकृतलाई आवश्यक कारबाही गर्न र बन्दीको स्थिति सार्वजनिक गर्न सरकारलाई सिफारिस गरी आयोगका निर्णय कार्यान्वयन गर्न लेखी पठाएको।

१५. कार्यटोलीले आफ्नो प्रतिवेदनमा अदालतमा दायर भएका यस किसिमका बन्दीप्रत्यक्षीकरणका मुद्दामा सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको स्वतन्त्र र निष्पक्ष अनुसन्धान गरी दोषीउपर कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिने सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको एक उच्चस्तरीय छानबिन आयोग गठन गर्न, मानवता विरुद्धका अपराधजस्ता विषयमा आवश्यकताअनुसार पश्चात्दर्शी कानुनसमेत बनाउन, स्वेच्छाचारी पक्राउ र गैरकानुनी थुनाजस्ता कार्यको पुनरावृत्ति हुन नदिन आवश्यक न्यायिक निर्देशन जारी हुनसमेत राय ठहर पेस गरेको छ ।

पारेका भनिएका व्यक्तिहरूको स्थिति, बेपत्ता पारिएका वा पत्ता नलागेका नागरिकहरूको हकमा खासगरी द्वन्द्वरत अवस्थामा राज्यको दायित्व के-कस्तो रहने र त्यस्तो दायित्व निर्वाह गर्ने गराउने कुरामा न्यायिक उपचारको सम्भावना र अदालतको भूमिका, बेपत्ता भएका नागरिकहरूको स्थिति जाँचबुझ गर्न तथा सार्वजनिक गर्न के-कस्तो संयन्त्रमार्फत प्रयास भए र सो प्रयास पर्याप्त र प्रभावकारी भएको वा नभएको अनुसन्धान एवम् छानबिन गरी बेपत्ता भएका नागरिकहरूको स्थिति पत्ता लगाउन, दोषीलाई दण्ड दिन र पीडितलाई क्षतिपूर्तिलगायतका उपचार दिने सम्बन्धमा विद्यमान कानुनी व्यवस्था भए/नभएको र त्यस्तो कानुनी व्यवस्था पर्याप्त र प्रभावकारी छ/छैन र नभएको अवस्थामा के-कस्तो कानुनी संरचना र पहल आवश्यक रहेको छ, बेपत्ता पारिएको भनिएका नागरिकहरूका सम्बन्धमा खोजबिन गर्नेलगायतको उपचार प्राप्त गर्न तथा बेपत्ता पारिएको कारणले सम्बन्धित परिवारमा पर्न गएको क्षति तथा असरलाई मध्यनजर गर्दै राहतस्वरूप कुनै अन्तरिम व्यवस्था गर्नु वाञ्छनीय भए/नभएको आदि प्रश्नहरूको निरूपण गर्नु आवश्यक देखी त्यसको विवेचना गरेको थियो।

गिरफ्तारी, थुना, यातना, बेपत्ता र हत्याजस्ता कार्यका सम्बन्धमा यो फैसलाले प्रमाणको परम्परागत मान्यतालाई तोड्दै परिस्थितिजन्य तार्किक अनुमानका

बेपत्ता पारिएका व्यक्तिहरुका सम्बन्धमा विशेष रुपले व्यवस्था गर्नु वाञ्छनीय भएकाले निवेदकहरुको मागका सम्बन्धमा निम्नबमोजिमको व्यवस्था गरी सम्बोधन गर्नु भनी विपक्षी नेपाल सरकारका नाममा सर्वोच्च अदालतले जारी गरेको निर्देशनात्मक आदेश :

(क) निवेदनमा बेपत्ता गरिएका भनिएकामध्ये चक्रबहादुर कटुवाल, राजेन्द्रप्रसाद ढकाल, दिलबहादुर राई र विपीन भण्डारीका सम्बन्धमा यस अदालतले गठन गरेको बन्दी अनुसन्धान टोलीको छानबिनबाट निजहरूमध्ये चक्रबहादुर कटुवालको हिरासतमा यातनाका कारणबाट मरेको भन्ने र अन्यको हकमा माथि उल्लेख भएझैं सुरक्षा निकायमा पक्राउ गरी लगिएको सम्म स्थिति बुझिन आएको र तदोपरान्तको स्थिति अद्यापि अस्पष्ट देखिन आएको छ। यसरी हिरासतमा मृत्यु हुन गएका चक्रबहादुर कटुवालको हकमा निजको मृत्यु सम्बन्धमा अब प्रचलित कानुनबमोजिम अपराध अनुसन्धान गरी अभियोगको उचित प्रक्रिया अवलम्बन गर्नुपर्ने देखिएकाले तत्काल त्यस प्रक्रियामा कुनै रूपमा संलग्न भएका निकाय, पदाधिकारी वा कर्मचारी र सो प्रक्रियामा साथ दिने अन्य सम्बन्धित व्यक्तिको हकमा अपराध अनुसन्धान गरी मुद्दा चलाउने र सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारीलगायतलाई विभागीय कारबाही र सजायको प्रक्रिया चलाई टुङ्गो लगाई दिनु भनी विपक्षी गृहमन्त्रालय तथा नेपाल सरकारका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। सो कार्यान्वयनको सिलसिलामा आवश्यक र सम्बन्धित देखिन आउने सम्बन्धित निकाय वा सोअन्तर्गत काम गर्ने कर्मचारीहरूलाई आवश्यक निर्देशन दिनसमेत यो आदेश जारी गरी दिएको छ।

न्यायिक अनुसन्धान टोलीले सुरक्षा बलले पक्राउ गरी लगेको तर हालसम्म स्थिति अज्ञात रहेको भनी पहिचान गरिएका राजेन्द्र ढकाल, विपीन भण्डारी र दिलबहादुर राईको हकमा पनि सो प्रक्रियामा संलग्न पदाधिकारी वा व्यक्तिहरूको हकमा पूरा गर्नुपर्ने थप अनुसन्धान पूरा गरी कानुनबमोजिम मुद्दा चलाई पीडितलाई न्याय दिनुपर्ने स्थिति देखिन आएको छ। तर, सोबमोजिम तत्काल मुद्दा चलाउनलाई बेपत्ता पार्ने कार्य अपराधको रूपमा परिभाषित गर्ने तथा सजाय तोक्ने र क्षतिपूर्तिलगायतको पर्याप्त व्यवस्था सुनिश्चित नगरीकन प्रचलित कानुनअन्तर्गत नै समाधान खोज्ने हो भने पूर्ण रूपमा न्याय प्राप्त गर्न सक्ने सम्भावना नदेखिएको हुनाले निजहरूको हकमा प्रकरण 'ख' बमोजिमको कानुन निर्माण भएपछि यस अदालतबाट गठित बन्दी अनुसन्धान कार्यटोलीको प्रतिवेदनका आधारमा आवश्यकताअनुसार जो चाहिने थप अनुसन्धान पूरा गरी बेपत्ता पार्ने कार्य गर्न जिम्मेवार देखिएका तत्कालीन सम्बन्धित सुरक्षा निकायका प्रमुख तथा अन्य कर्मचारीहरूउपरसमेत मुद्दा चलाउने र सम्बन्धित व्यक्ति तथा पीडित परिवारलाई कानुनबमोजिमको क्षतिपूर्ति दिनेलगायतको व्यवस्था गर्नु भनी विपक्षीका नाममा आदेश जारी गरिएको छ।

साथै, निजहरूलाई सुरक्षा बलले पक्राउ गरी एक विन्दुसम्म पुऱ्याएको भन्ने बन्दी अनुसन्धान

कार्यटोलीको निष्कर्ष रहेको र तदोपरान्त निजहरूको स्थिति अज्ञात देखिएकाले पक्राउ गरी पछि अज्ञात अवस्थामा पुऱ्याउने कार्यमा संलग्न सम्बन्धित निकायको प्रमुख तथा अन्य कर्मचारीहरूलाई यथास्थितिमा गैरजिम्मेवार रूपमा दण्डहीन रूपमा छाडी राख्न मनासिब नहुने हुनाले निजहरूको हकमा तत्कालै विभागीय कारवाही एवम् सजाय गर्नुपर्ने देखिएको बन्दी अनुसन्धानको कार्यटोलीको प्रतिवेदनले पहिचान गरेका व्यक्ति तथा थप जाँचबुझबाट जिम्मेवार देखिन आएका अन्य कर्मचारीसमेतलाई विभागीय कारबाही गरी सजायसमेत गर्नु भनी विपक्षी नेपाल सरकार तथा गृह मन्त्रालयसमेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।

(ख) यस अदालतबाट न्यायिक छानबिन गर्न बाँकी रहेको निवेदक लेखनाथ न्यौपानेसमेत भएको परमादेशको आदेश जारी गरी पाऊँ भन्ने मुद्दा र अन्य बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी पाऊँ भन्ने मुद्दामा उल्लिखित थप अनुसन्धान हुनुपर्ने अवस्था बाँकी रहेको र त्यस्तै अवस्थाका बेपत्ता पारिएका भनी उजुरी पर्न सक्ने अन्य व्यक्तिहरूको हकमा समेत निवेदकहरूले विशेष व्यवस्थाहरूको माग गर्नुभएको सम्बन्धमा यस अदालतले विचार गरेको छ।

बेपत्ता पारिएको भनेको व्यक्तिहरूका हकमा प्राप्त लिखित जवाफले निजहरूको स्थिति यकिन गर्न मद्दत नगरेको र औपचारिक अनुसन्धान कतैबाट भए गरेको पनि नदेखिएकाले अनुसन्धान नै बाँकी रहेको स्थितिमा निश्चित राय बनाउन सहज भएन। त्यसमा पनि बेपत्ता पारिएको भनेको व्यक्तिहरू र तिनको परिवारजनलाई पर्न गएको असरलाई विशेष रूपले सम्बोधन गर्ने गरी कानुनी, संरचनात्मक तथा उपचारात्मक व्यवस्थाहरू नै पर्याप्त नरहेको अवस्थामा भइरहेको कानुनी व्यवस्थाले समस्याहरूलाई सम्बोधन गर्न सक्ने सम्भावना पनि देखिन आएन। तसर्थ, निम्नबमोजिमको व्यवस्था गरी निजहरूको समस्यालाई सम्बोधन गर्न विपक्षी नेपाल सरकारलाई निर्देशनात्मक आदेश जारी गरिएको छ।

(१) द्वन्द्वका क्रममा भएको व्यापक प्रकृतिको बेपत्ता पारिएका घटनाहरू र अन्य अवस्थामा पनि बेपत्ता पारिएका अवस्थामा पक्रने, थुन्ने, बन्धक राख्ने, थुन्दाको बापतमा अपनाउनु पर्ने सतर्कता र व्यवस्था पीडित व्यक्ति तथा निजको परिवारजनको अधिकार, निजहरूले प्राप्त गर्न सक्ने उपचार, निजहरूको सम्बन्धमा गरिने प्रभावकारी अनुसन्धानजस्ता विषयहरूमा सम्बोधन गरिएको हामीकहाँ कानुनकै अभाव देखियो। सार्वजनिक महत्त्वको कुनै प्रश्नमा जाँचबुझ गर्ने ऐनसम्मको व्यवस्था भए पनि बेपत्ता पारिएका व्यक्तिहरूका सन्दर्भमा सो प्रयोजनका लागि जाँचबुझ गर्न बनेको ऐन नै नहुनाले त्यस्तो ऐनबिना वास्तविक, व्यावहारिक र प्रभावकारी जाँचबुझ हुन नसक्ने देखियो। साथै, विद्यमान फौजदारी कानुनभित्र पनि यससँग सम्बन्धित प्रश्नहरूलाई सम्बोधन गर्ने कानुनी र संरचनात्मक व्यवस्था गरिएको पाइएन। तसर्थ, यो समस्याको प्रभावकारी सम्बोधन गर्नका लागि बेपत्ता पार्ने कार्यलाई कसूर कायम गर्ने, बलपूर्वक बेपत्ता पारिएको कुरालाई बेपत्ता पारिएकाहरू संरक्षणसम्बन्धी महासन्धि-२००६ मा समावेश गरिएको परिभाषाअनुरूप परिभाषित गर्ने, थुनुवाको अधिकार, थुनामा राख्नेको दायित्व, थुनामा राख्ने ठाउँको किटान र थुनामा रहनेसँग निजको वकिल र परिवारजनको सम्बन्ध र पहुँचको व्यवस्था, थुनुवालाई थुनाको कारणको सूचनाको हक, थुनुवाको न्यायिक उपचारको हकको व्यवस्था, गैरकानुनी थुनामा राखेको अवस्थाको थुनुवा तथा निजलाई थुनामा राखिएबाट वा बेपत्ता पारिएबाट पीडित भएका सम्बन्धित व्यक्ति तथा परिवारको क्षतिपूर्तिलगायतको उपचारको हक, अनुसन्धान प्रक्रियालाई प्रभावहीन हुन नपाउने गरी लचिलो हदम्यादसम्बन्धी व्यवस्था, गैरकानुनी थुनामा राखेको वा बेपत्ता गऱ्यो भन्नेसम्बन्धी उजुरी सुन्ने निकाय र तिनको उत्तरदायित्व, थुनामा राख्दा थुनुवाको प्रयोजनका लागि औपचारिक बन्दीगृहको व्यवस्था गरी त्यस्तोमा मात्रै थुनामा राख्ने, थुनामा राख्दा मानवीय व्यवहार गर्ने, थुनुवाका लागि थुनामा राख्दाको समय, अवस्था, थुनामा राख्न आदेश दिने अधिकारीको नाम-नामेसी र ठेगानालगायतका प्रासङ्गिक विवरणहरू र थुना हस्तान्तरण गर्दा पनि तदनुरूपको व्यवस्था गर्नुपर्ने दायित्व, थुनुवाका सबै अवस्थाबारे परिवारजनले थाहा पाउने अधिकार र सो सहज साध्य गर्ने प्रक्रियाको विकास, थुनाबाट मुक्त गर्दा पनि वास्तवमा मुक्ति पाएको स्थिति झल्किने सर्तहरूको व्यवस्था र निजको शारीरिक एवम् मानसिक अवस्थाको अभिलेख राख्नेजस्ता व्यवस्थाहरू समेटिएको कानुनको निर्माण प्राथमिकताका साथ गर्नुपर्ने आवश्यकता महसुस भएको छ। बेपत्ता पार्ने कार्यमा संलग्न भई मुद्दा चलाइएको अवस्थामा वा सजाय तोकिएका व्यक्तिहरूलाई माफी दिन नमिल्नेजस्ता अन्तर्राष्ट्रिय मापदण्डका सम्बन्धमा पनि ध्यानाकर्षण गरी उचित व्यवस्था गर्नु उत्तिकै महत्त्वपूर्ण छ। यस प्रयोजनका लागि बलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय

महासन्धि (International convention for the Protection of all Person from Enforced Disappearance) लाई मार्गनिर्देशकका रूपमा ग्रहण गर्न वाञ्छनीय हुन्छ।

(२) उपरोक्त बमोजिम बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरूको संरक्षणसम्बन्धी ऐन कार्यान्वयनका लागि सोही ऐनमा वा छुट्टै रूपमा त्यस्ता बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरूका सम्बन्धमा छुट्टै जाँचबुझ आयोग गठन गर्ने व्यवस्थासमेत समावेश गर्न वाञ्छनीय हुन्छ। यस किसिमको समस्याको जाँचबुझ गर्न छुट्टै अधिकार, सीप र प्रक्रियाको आवश्यकता हुने हुनाले संयुक्त राष्ट्रसङ्घको मानवअधिकार उच्चायुक्तको कार्यालयको तत्त्वावधानमा विकसित बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा जाँचबुझ गर्ने आयोगका आधारहरू (Criteria for Commission on Enforced Disappearance) लाई मार्गनिर्देशकका रूपमा सर्तहरू किटान गर्न उपयुक्त हुने देखिन्छ।

यसअन्तर्गत अन्य कुराका अतिरिक्त प्रस्तुत विषयसँग सम्बन्धित सबै घटनाहरूको जाँचबुझ गर्ने, आयोगको कार्यक्षेत्र स्पष्ट गर्ने, त्यस्तो जाँचबुझले अदालतको प्रतिस्थापन नगर्ने, आयोगमा मनोनीत व्यक्ति सो कामका लागि उपयुक्त र दक्ष हुनुपर्ने, निजहरू स्वतन्त्र र निष्पक्ष हुनुपर्ने, सोका लागि आवश्यक सेवासर्त र सुविधाको व्यवस्था गर्नुपर्ने, त्यसमा महिला वा अन्य जाति वा समुदायको प्रतिनिधित्व हुनुपर्ने, आयोगको काम, कर्तव्य र अधिकार ऐनमा नै तोकिनुपर्ने, समस्याका प्रकृतिअनुसार कुनै पनि स्रोतबाट प्राप्त जानकारीका आधारमा जाँचबुझ गर्न सक्ने, स्थिति स्पष्ट नभएसम्म जाँचबुझ निरन्तर गर्नुपर्ने व्यवस्था, जाँचबुझका लागि महत्त्वपूर्ण पीडित, साक्षी, उजुरवाला, वकिल र अनुसन्धानकर्ता सबैलाई अनुसन्धानमा सहयोगी बनिरहनका लागि निजहरूको सुरक्षाको व्यवस्था गर्ने, पीडितहरूले आफ्नो सरोकार र भनाइ राख्न पाउने अधिकार र अवसरको व्यवस्था, निजहरूको भनाइ गोप्य राख्न सकिने व्यवस्था गर्न जरुरी हुन्छ भने त्यस्ता आयोगलाई आवश्यक ठाउँ, कार्यालय आदिको निरीक्षण गर्ने, बुझ्न पर्ने देखिएका व्यक्तिहरू बुझ्नेलगायतको सबै अधिकार दिन आवश्यक हुन्छ। त्यस्ता आयोगलाई आफ्नो तोकिएको कार्य सम्पन्न गर्न आवश्यक स्रोतसाधन उपलब्ध गराउने व्यवस्था पनि सुनिश्चित गर्न जरुरी हुन्छ। यी सबै कुराहरू विधि निर्माणका क्रममा विचार गरिन वाञ्छनीय हुन्छ।

कानुन बनाउने कुरामा सार्वभौम नेपाली जनताले सुम्पेको विधायिकी अधिकारअन्तर्गत बुद्धिमानीपूर्वक विधिनिर्माण गर्ने सिलसिलामा उपरोक्त कुराहरूलाई वाञ्छित स्थान दिएमा यस किसिमको समस्या भोगेका जनता कुनै न कुनै हदसम्म लाभान्वित हुन सक्ने आशा गर्न सकिन्छ।

(ग) यसरी बेपत्ता पारिएको व्यक्तिहरूको संरक्षणसम्बन्धी ऐन, तिनीहरूलाई बेपत्ता पारिएको कारण र अवस्थाबारे जाँचबुझ आयोगको व्यवस्था कानुनबाटै गरी व्यापक रूपमा छानबिन गर्न अधिकारसम्पन्न उपयुक्त आयोग गठन गरी निवेदनमा उल्लिखित व्यक्तिहरूको हकमा छानबिन गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने र सो आधारमा फौजदारी अनुसन्धान पूरा गरी आवश्यकता र उपयुक्तताअनुसार सम्बन्धित व्यक्तिको हकमा अभियोजनलगायतको निर्णय गर्नु/गराउनु भनी विपक्षी नेपाल सरकार तथा गृहमन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयको नाममा निर्देशात्मक आदेश जारी गरी दिएको छ।

(घ) उपरोक्तानुसार सम्बन्धित कानुन बनाउने, जाँचबुझ आयोग गठन गर्ने, त्यसबाट प्रतिवेदन लिने र सो आधारमा अभियोजन गर्नेसम्मका काम गर्दाको चरणहरू पार गर्दा लामो समय लाग्ने कुरा निश्चित छ। तर, समस्याको जटिलता र छिटो समाधान गर्नुपर्ने अनिवार्यतालाई विचार गरी यसलाई कार्यपालिका एवम् विधायिकाले अति प्राथमिकता दिएमा मात्रै यो समस्या समाधान गर्नमा सघाउ पुग्ने देखिन्छ। बेपत्ता पारिएका व्यक्तिहरूलाई संरक्षण गर्नु र न्याय दिलाइदिनु राज्यको सम्पूर्ण अङ्गको उत्तरदायित्व रहने हुनाले जिम्मेवार अङ्गसँग संविधानसम्मत कार्यमा सकारात्मक भूमिकाको आशा एवम् विश्वास गर्नु प्रस्तुत मुद्दाको रोहमा स्वाभाविक र वैध अपेक्षा हो भन्ने हामीलाई लागेको छ। यस क्रममा नेपाल सरकारले कानुन निर्माणको प्रक्रियामा विशेष पहल गर्नु जरुरी देखिन आउँछ।

उपरोक्त चरणहरू पूरा गरेर मात्रै निवेदनमा उल्लिखित व्यक्तिहरू र तिनीहरूको परिवारले न्यायको अनुभूति लिन सक्ने हुनाले वाञ्छित प्राथमिकताको साथ यससम्बन्धी कारबाही अघि बढाउन अनिवार्य देखिन आएको छ।

(ङ) माथि प्रकरण (घ) मा उल्लेख भएझैं यस मुद्दामा निवेदकहरूले लामो समयदेखि (कतिपय ०५५ सालदेखि) अदालतबाट विभिन्न किसिमको उपचार मागी प्रतीक्षारत अवस्थामा बसेको पाइन्छ भने माथि उल्लेख

गरिएको प्रक्रिया पूरा गरी प्रभावकारी उपचारका लागि अझै केही समय लाग्ने देखिएको छ। बेपत्ता भएको कारणले सम्बन्धित व्यक्तिले भोगेको असरको अतिरिक्त परिवारजन बेपत्ता भएको कारणले परिवारले विभिन्न सामाजिक, आर्थिक एवम् मानसिक क्षति निरन्तर रूपमा भोग्न परिरहेको हुन्छ। बेपत्ता भएको मानिसको खोजबिन गर्नका लागि लाग्ने समय, श्रम र व्यय अनि सो सिलसिलामा आफूले गुमाएको शान्ति र बेहोरेको भारका साथै बेपत्ता पारिएको भनेको व्यक्तिको अनुपस्थितिले श्रम उत्पादकत्व तथा सुरक्षालगायतमा परेको असरको मूल्याङ्कन गरियो भने यसको दूरगामी सामाजिक तथा आर्थिक परिणामहरू देखिन आउँछन्। राज्यले एकातिर बेपत्ता पारिएको भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न नसकेको र अर्कोतिर परिवारजनले सो सिलसिलामा निरन्तर क्षति र दायित्व बेहोर्नु परिरहेको हुँदा बेपत्ता पारिएको भनेको व्यक्तिहरूको स्थिति निर्णायक रूपमा स्पष्ट नभएसम्म यसबाट सिर्जित पीडा निरन्तर हुने हुनाले यसको सम्बोधन पनि कुनै रूपमा गर्न अनिवार्य देखिन्छ।

उपरोक्त उल्लेख भएअनुसार ऐन बनाई कार्यान्वयन गराउने सिलसिलामा अन्तिम रूपमा नतिजा हासिल भई जो स्थिति स्पष्ट हुन्छ, सोबाट नै निवेदकहरूको मागका सम्बन्धमा यथोचित रूपमा सम्बोधन हुनसक्ने देखिन्छ। अर्को शब्दमा सम्बन्धित व्यक्तिको स्थिति प्रस्ट भई दोषीसमेत किटान भएमा निजहरूले कानुनले निर्धारित दण्ड प्राप्त गर्ने तथा कानुनबमोजिम क्षतिपूर्तिको व्यवस्था भएमा सोहीबमोजिम पीडितले सो प्राप्त गर्ने अवस्था त्यही प्रक्रियामा निर्धारित हुन सक्ने देखिन्छ। तथापि, त्यतिञ्जेल आफ्नो मानिस खोजी बसेका परिवारजनले न्यायको यो लामो बाटो तय गर्नका लागि आफ्नो मात्रै सीमित साधन र बेचैन अवस्थाले सम्भव देखिन आउँदैन। स्वजनको खोजी गर्ने यो प्रक्रियामा निराश भई न्यायको बाटोबाटै पलायन हुनबाट बचाउन, आफ्नो स्वजन खोजी गर्ने वैधानिक मार्ग अवलम्बन गर्न सहयोग र समर्थन दिन र आंशिक रूपमा भए पनि तात्कालिक राहतको रूपमा कुनै सहयोग दिनुपर्ने कुरामा यो इजलास विश्वस्त छ।

बन्दीको यथार्थ अवस्था स्पष्ट नभएको अवस्थामा दण्ड वा क्षतिपूर्तिजस्तो खास कानुनी उपचार दिन सम्भव नभए पनि पछि अनुसन्धानबाट पत्ता लाग्न आई कानुनबमोजिम दिइने उपचारको मात्रा र किसिमको समेत कुनै गणना वा असर नहुने गरी हाललाई पीडित परिवारलाई न्यायमा पहुँच खोज्दा बेहोर्नु परेको दायित्व वहन गर्न सघाउने सीमित उद्देश्यले यो मुद्दाको निर्णय गर्दाको अवस्था विचार गरी साङ्केतिक रूपमा भए पनि अनुदानस्वरूप राहत दिनु वाञ्छनीय देखिन आएको छ।

जीवनको सुरक्षा र स्वतन्त्रताको अधिकार उल्लङ्घनको घटनालाई कुनै मौद्रिक वा आर्थिक रूपमा क्षतिपूर्ति हुन सक्ने अवस्था नै रहन्न। त्यसो भए पनि पीडितको परिवारलाई किञ्चित भए पनि सहयोग गर्न राज्यको उत्तरदायित्व भएको र अधिकारहरू उपचारको प्रभावकारी व्यवस्थाबिना अर्थहीन हुने हुनाले उपचार खोज्ने पीडितको परिवारको हकलाई सम्मान गर्न पनि अन्तरिम प्रकृतिको तात्कालिक राहतस्वरूप सहायता दिनुपर्ने आवश्यकतालाई यो इजलासले हार्दिक रूपमा हृदयङ्गम गरेको छ।

सो सिलसिलामा माथि प्रकरण १ मा उल्लिखित यस अदालतको आदेशबाट गठित कार्यटोलीको अनुसन्धानबाटसमेत मृत्यु भइसकेको पुष्टि भएको भनिएका व्यक्ति चक्रबहादुर कटुवालको हकमा तात्कालिक राहतको रूपमा तिनको नजिकको हकवालालाई र अन्य मृत घोषित भएका परिवारलाई जनही २ लाख रुपियाँ क्षतिपूर्ति दिने, यस अदालतको अनुसन्धान टोलीबाट छानबिन गरिसकिएको सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारिएको निष्कर्ष निकालिएको राजेन्द्रप्रसाद ढकाल, विपीन भण्डारी र दिलबहादुर राईको हकमा जनही १ लाख ५० हजार र बाँकी निवेदनमा उल्लिखित स्थिति प्रस्ट नभएका व्यक्तिहरूको हकमा जनही १ लाख रुपियाँ तात्कालिक राहतस्वरूप अविलम्ब उपलब्ध गराई दिनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा नेपालको अन्तरिम संविधान-२०६३ को धारा १०० र १०७ (२) अनुसार यो आदेश जारी गरिदिएको छ।

साथै, माथि विभिन्न प्रकरणमा उल्लिखित कुराहरूमा प्रतिकूल असर नपर्ने गरी हालसम्मको पीडितहरूको अवस्था र यसपछि पनि बेपत्ता भएका कारणले निरन्तर भोग्नुपरेको क्षति र असुविधालाई विचार गरी आर्थिक शैक्षिक रोजगारलगायतको विभिन्न पक्षहरू विचार गरी उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागू गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ।

स्रोत: सर्वोच्च अदालत बुलेटिन, विशेषाङ्क, ०६४ जेठ, पृ . ७८-८६

आधारमा निर्णय गरेको छ। यो फैसलाले परम्परागत बन्दी प्रत्यक्षीकरणका आदेशहरूभन्दा पृथक् रही बेपत्तालाई निरन्तर अपराध र अनुसन्धानको सिद्धान्तमा राखी गिरफ्तार गरी थुना इन्कार व्यक्तिहरूको स्थितिलाई थप अनुसन्धान गर्नु र 'बेपत्ता' पार्ने दोषीलाई कानुन बनाई कारबाही गर्नू भन्ने सिद्धान्त स्थापना गर्न सफल भएको छ। त्यस्तै अदालतले व्यक्तिहरूलाई गिरफ्तार गरी सोको इन्कार गर्नु अदालतलाई छल्ने कार्य भएको, गैरकानुनी रूपमा सेनाले व्यक्तिहरूलाई थुनामा राखेकामा त्यसको जिम्मेवारी र दायित्व सेनाले नै लिनुपर्ने, भैरवनाथ गण र देशका विभिन्न सैनिक गणहरूमा नागरिकमाथि कहालीलाग्दो व्यवहार गरिएको र त्यसको फौजदारी दायित्व जिम्मेवार अधिकृत र अन्य कर्मचारीले लिनुपर्नेजस्ता निष्कर्ष निकालेको थियो।

यो फैसलामा नागरिकहरूको हकहितको संरक्षण गर्नु नै राज्यको पहिलो कर्तव्य भनी राज्यको कार्यसञ्चालनमा जस्तोसुकै सहज वा जटिल परिस्थितिहरूबीच पनि आफ्नो नागरिकको जीउधनको संरक्षण गर्ने र त्यससँग सम्बन्धित सरोकारवालाहरूलाई जिम्मेवारीपूर्वक र प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने सिद्धान्त यो फैसलाले प्रतिपादन गरेको छ। साथै जस्तोसुकै कठिन र विशेष परिस्थितिमा पनि राज्यले यो दायित्वबाट उन्मुक्ति पाउन सक्दैन भन्दै विगतको द्वन्द्वबाट सिर्जित परिस्थितिप्रति राज्यको दायित्व रहने निष्कर्षमा समेत अदालत पुगेको छ।

अदालतले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको व्याख्या गर्दा जबरजस्ती बेपत्ताविरुद्धको महासन्धिमा नेपाल पक्ष राष्ट्र नभए पनि यो कुनै नौलो सन्धि नभई अन्य मानवअधिकार सन्धिहरूलाई कार्यान्वयन गर्ने सन्धि भएकाले नेपाललाई बाध्यात्मक छ भनी निर्णय गरेको छ। त्यसैगरी अदालतले तत्काल सो सन्धिलाई अनुमोदन गर्न सरकारलाई आदेश जारी गरेको छ। हाल नेपालमा बेपत्ता पार्ने कार्यलाई अपराधका रूपमा परिभाषित नगरिएको हुँदा बेपत्तासम्बन्धी कानुन बनाउँदा कस्ता-कस्ता प्रावधानहरूलाई ध्यान दिइनुपर्छ भनी संरचनाको खाका अदालतले तयार पारी सोअनुसार कानुन बनाउन व्यवस्थापिका संसद्लाई आग्रह गरेको छ।

नेपालको न्यायिक इतिहासमा क्षतिपूर्तिको मान्यतालाई यस फैसलाले नयाँ उचाइ दिएको छ। यसपछि बन्दी प्रत्यक्षीकरणको रिट निवेदनभित्रै पूर्ण न्यायका लागि क्षतिपूर्ति अन्तरनिहित हुनेछ। 'बेपत्ताका मुद्दाहरूमा पीडित परिवारलाई न्यायबाट विमुख नपार्न र त्यस प्रयोजनका लागि अनुदानस्वरूप आर्थिक क्षतिपूर्ति प्रदान गर्न सरकारलाई आदेश गरेको छ। अदालतले यस्तो निर्णय गर्दा सम्बन्धित बेपत्ता भएको व्यक्तिको गैरकानुनी थुना वा हत्याबापतको क्षतिपूर्तिले निजका परिवारजनको सामाजिकीरणबापतको क्षतिपूर्तिलाई कुनै असर नपर्ने निर्णय दिएको छ'[१६]। रिट निवेदनबाट अन्तरिम राहत पाउन सकिने प्रावधानले पीडितहरूलाई कुनै सन्तुष्टि दिन नसके तापनि राज्यले ज्यादती गरेका नागरिकका परिवारलाई न्याय खोज्ने आधार प्रदान गरेको छ।

यो फैसला बेपत्ता स्थापित गर्ने, कानुन बनाउने संरचना तयार गर्न र पीडितहरूलाई अन्तरिम राहत दिन सक्षम भएको छ तर दोषीहरूलाई तत्काल राज्यको सेवा गर्नबाट वञ्चित गर्न, अनुसन्धान नसकिउञ्जेल देश नछोड्न र बेपत्तालाई मानवताविरुद्धको अपराधका रूपमा अनुसन्धान गर्न आदेश दिन विफल भएको छ। फैसलाले द्वन्द्व रूपान्तरणको संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न र देशमा शान्ति स्थापना गर्न राज्यबाट मात्र भएका घटनाहरूलाई सम्बोधन नगरी गैरराज्य पक्षबाट भएका घटनाहरूलाई पनि सम्बोधन गर्ने प्रयोजनका निम्ति सत्य निरूपण तथा मेलमिलाप आयोगको महत्त्वका सम्बन्धमा समेत उजागर गरेको छ।

३.२ दण्डहीनताका सम्बन्धमा

३.२.१ सुरक्षा निकायका पदाधिकारीहरूमाथि कारबाहीको माग राख्दै रिट

बन्दी पदमनारायण नकर्मीको भैरवनाथ ब्यारेकमा सैनिक अधिकारीहरूद्वारा अमानवीय यातना दिई हत्या गरिएको सम्बन्धमा चार जना सैनिक अधिकारीमाथि ज्यान मुद्दा चलाउनुपर्ने आदेश माग गर्दै ०६३ पुस २० गते मुद्दा दायर गरिएको थियो। गणका तत्कालीन प्रमुख राजु बस्नेतसहित अधिकृतहरू इन्दिवर राणा, विवेक विष्ट र दिलीपजङ्ग रायमाझीको मिलेमतोमा हत्या भएको र सो सम्बन्धमा काठमाडौँ जिल्ला प्रहरी कार्यालय र नेपाल प्रहरी प्रधान कार्यालयले हत्याका सम्बन्धमा उजुरी लिन नमानेपछि आफू सर्वोच्च अदालत आएको उल्लेख पनि गरिएको छ।

---

१६. फुँयाल, हरि। "बेपत्तासम्बन्धी सर्वोच्चको फैसला"। *कान्तिपुर* ०६४ जेठ ३: पृ. ७

निवेदनमा सुरक्षा निकायद्वारा उजुरी लिन अस्वीकार गरेको कार्य नेपाल अधिराज्यको संविधान-२०६३ को धारा ११, १२ र १४ का साथै संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि र मानवअधिकारको विश्वव्यापी घोषणापत्रको स्पष्ट उल्लङ्घन भएको दाबीसमेत गरिएको छ। पदमनारायणलाई ०६० असोज ५ गते सादा पोसाकका सुरक्षाकर्मीले घरबाटै पक्राउ गरेका थिए।

उक्त गणमा यातना पाएका, बेपत्ता भएका र हत्या भएकाहरूका सम्बन्धमा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारसम्बन्धी उच्च आयुक्तको कार्यालयले ०६३ जेठ महिनामा सार्वजनिक गरेको प्रतिवेदनमा पदमनारायण नकर्मीलगायत ४९ जना व्यक्ति बेपत्ता रहेको उल्लेख छ।

३.२.२ मैना सुनुवार हत्या सम्बन्धमा सैनिक अदालतको निर्णय माग

नागरिक अधिकारको रक्षाका लागि केही महत्त्वपूर्ण निर्णय गर्ने क्रममा सर्वोच्च अदालतको संयुक्त इजलासले सैनिक मुख्यालयलाई मैना सुनुवार घटनाका सम्बन्धमा भएको अनुसन्धानको विवरण प्रस्तुत गर्न आदेश दिएको थियो। सो आदेशमा मैना सुनुवार हत्या प्रकरणसम्बन्धी मुद्दामा सैनिक अदालतबाट भएको फैसलाको सक्कल मिसिल पेस गर्न आदेश दिइएको थियो। सर्वोच्च अदालतको संयुक्त इजलासमा मुद्दा चलाउन प्रहरीमा जाहेरी दर्खास्त दिए पनि कुनै कारबाही अगाडि नबढाइएको हुँदा मुद्दा चलाउन आदेश जारी गर्न माग राखी मैना सुनुवारकी आमा देवी सुनुवारद्वारा सर्वोच्चमा दायर रिटमा अदालतले सरकारी वकिलको कार्यालयलाई अनुसन्धान अगाडि बढाउन दिएको निर्देशनबमोजिम के कस्तो अनुसन्धान तथा कारबाही भएको छ, त्यसको स्पष्ट विवरण सात दिनभित्र सर्वोच्च अदालतमा लेखी पठाउन आदेश दिएको थियो। काभ्रेपलाञ्चोककी १५ वर्षीया मैना सुनुवारलाई पक्राउ गरी पाँचखाल ब्यारेकमा लगेर ०६० चैत १५ गते चरम यातना दिई हत्या गरेको आरोपमा सैनिक अदालतले महासेनानी बबी खत्री, सहसेनानी सुनिलप्रसाद अधिकारी र सहसेनानी अमित पुनलाई दोषी ठहर गरेको थियो। राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूका दबाबका कारण सैनिक अदालतले ०६२ असोजमा घटनामा संलग्न अधिकारीहरूलाई कारबाही गर्ने निर्णय गरेको थियो। मैना सुनुवार हत्या प्रकरणको छानबिन गरी संलग्न सैनिक अधिकृतमाथि मुद्दा सुनुवाइ गर्न उपरथी किरणशमशेर थापाको अध्यक्षतामा छ सदस्यीय सैनिक अदालत गठन गरिएको थियो। सैनिक अदालतले घटनाका दोषीले सुनुवारलाई पक्रेर ल्याई अमानवीय यातना दिई हत्या गरेको अभियोगमा पीडकहरूलाई छ महिना कैद सजाय र बढुवा रोक्का गर्ने निर्णय गरेको थियो। जिल्ला सरकारी वकिलको कार्यालय, काभ्रेपलाञ्चोकले ०६३ चैत ९ गते सो सम्बन्धमा अनुसन्धान कारबाही अगाडि बढाउन प्रहरीलाई निर्देशन दिएको थियो।

३.२.३ मानवअधिकारकर्मीको हत्या सम्बन्धमा अनुसन्धान गर्न आदेश

मानवअधिकारकर्मी दयाराम परियार र रामचन्द्र यादवको हत्याका सम्बन्धमा फौजदारी क्षेत्राधिकारअन्तर्गत घटनाको अनुसन्धान गरी छिटोभन्दा छिटो टुङ्ग्याउन सर्वोच्च अदालतले सरकारका नाममा आदेश दियो। सर्वोच्च अदालतको संयुक्त इजलासले गृहमन्त्रालय र प्रहरी प्रधान कार्यालयसमेतलाई दुई वर्ष पुरानो मुद्दाका सम्बन्धमा तुरुन्त जवाफ दिनू भनी आदेश दिएको थियो। गत वर्ष अधिवक्ता रत्नबहादुर बागचन्द र मृतक परियारका दाजु प्रकाशचन्द्र परियारद्वारा डीएसपी प्रकाशराज शर्मा र घटनामा सम्बद्ध अन्य व्यक्तिहरूविरुद्ध कारबाहीको माग राखी रिट निवेदन दायर गरेका थिए।

३.३ क्षतिपूर्ति र पुनःस्थापना सम्बन्धमा

३.३.१ मानसिक यातनामा क्षतिपूर्तिको आदेश

माथिल्ला अधिकृतहरूले एक प्रहरीलाई भौतिक तथा मानसिक यातना दिएको ठहर गर्दै काठमाडौँ जिल्ला अदालतले पीडितलाई १० हजार रुपियाँ क्षतिपूर्ति दिने आदेश दिएको छ। चार वर्षअघि सुन चोरी काण्डमा आफूलाई जबरजस्ती मुछेर यातना दिएको भन्दै त्यसको क्षतिपूर्तिका लागि असई विष्णुप्रसाद सोतीद्वारा दायर मुद्दामा प्रतिवादी बनाइएका अधिकृतहरू तत्कालीन प्रहरी एआईजी कृष्ण बस्नेत, तत्कालीन एसएसपी कृष्णबहादुर थापा, डीएसपी भूपालकुमार भण्डारी, हाल ललितपुरका एसपी माधव नेपाल र तत्कालीन निरीक्षक हरिहर श्रेष्ठलाई यातना क्षतिपूर्ति ऐन-२०५३ को दफा ७ (१) अनुसार विभागीय कारबाही गर्ने आदेशसमेत दिइएको थियो।

३.३.२ क्षतिपूर्ति दिन सरकारलाई निर्देशन

काठमाडौँ जिल्ला अदालतले गैरकानुनी रूपमा थुनामा परेका उमेश कुइँकेललाई ३० हजार रुपियाँ क्षतिपूर्ति दिन सरकारलाई आदेश दिएको थियो। ०६३

माघ ६ गते पक्राउ परी फागुन ४ गते सर्वोच्च अदालतको आदेशमा छुटेका कुइँकेलद्वारा शान्ति सुरक्षा ऐन-२०४६ अन्तर्गत क्षतिपूर्ति माग गर्दै गत चैत ९ गते तत्कालीन सरकारविरुद्ध दायर गरिएको मुद्दामा यस्तो आदेश दिइएको हो। गैरकानुनी रूपमा थुनामा राखिएका व्यक्तिहरूलाई क्षतिपूर्ति दिन अदालतले दिने गरेका आदेशहरूको पालना भने सरकारबाट कम मात्रामा हुने गरेको पाइन्छ। विगत पाँच वर्षमा अदालतले १७ जना व्यक्तिलाई क्षतिपूर्ति दिनका लागि गृह मन्त्रालयका नाममा आदेश दिएको छ। जिल्ला अदालतमा दर्ता भएका क्षतिपूर्तिसम्बन्धी ४४ ओटा मुद्दामध्ये ११ ओटा मुद्दामा सम्बन्धित निकायलाई क्षतिपूर्तिको आदेश, छओटा मुद्दा खारेज र २७ ओटा मुद्दामा अझै कुनै कारबाही अगाडि बढाइएको छैन। 'क्षतिपूर्तिका लागि पर्याप्त बजेट नभएको भन्दै सम्बन्धित निकायले क्षतिपूर्ति ढिलाइ हुने गरेको बताउने गरेका छन्।'[१७] त्यसैगरी काठमाडौं जिल्ला अदालतले सेनाबाट यातना पाएका एक बन्दीलाई ३५ हजार रुपियाँ क्षतिपूर्ति दिन ०६३ फागुन १० गते सरकारका नाममा आदेश दिएको छ। दुई वर्ष सैनिक हिरासतमा रहँदा चरम यातना पाएका सिन्धुलीका विनोद दाहाललाई क्षतिपूर्ति दिन सो आदेश दिइएको हो।

३.३.३ मुक्त कमैयाका लागि पुनःस्थापना कार्यक्रम सञ्चालन गर्न आदेश

सर्वोच्च अदालतले सुदूरपश्चिममा कमैया श्रम निषेध गर्ने ऐन-२०५८ बमोजिमको समिति बनाई पुनःस्थापना कार्यक्रम सञ्चालन गर्न सरकारलाई आदेश दिएको छ। सर्वोच्च अदालतको संयुक्त इजलासले दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ, डोटी, अछाम र बाजुरा गरी सात जिल्लामा समिति बनाउन सरकारलाई आदेश दिएको हो। नेपाल राष्ट्रिय दलित कल्याण सङ्घ तथा अधिवक्ताद्वय धर्मानन्द जोशी र त्रिलोकचन्द विश्वासले संयुक्त रूपमा दायर गरेको रिटमा मुक्त कमैयामा हलियासमेत पर्ने भए पनि सरकारले थारु (चौधरी) कमैयालाई मात्र लक्षित गरी सबै कार्यक्रम ल्याएको र मुक्त हलियालाई पुनःस्थापनाको कार्यक्रमबाट वञ्चित गराएको भनी भेदभावरहित ढङ्गले आवश्यक कार्यक्रम सञ्चालनका लागि सरकारलाई आदेश जारी गर्न माग गरिएको थियो। उक्त रिटमा ऐनको दफा ८ र ९ मा व्यवस्था गरिएबमोजिम मुक्त हलियालाई रोजगार र सीपमूलक कार्यक्रम सञ्चालनका लागि मुक्त कमैया पुनःस्थापना तथा अनुगमन समिति गठन गर्न माग गर्नुका साथै त्यस्तो समितिले मुक्त हलियाका लागि हालसम्म कुनै पहल नै नगरेकाले बाँधा श्रमको नारकीय जीवन बिताउन बाध्य भएको उल्लेख गर्दै हलियाका लागि आवश्यक पुनःस्थापनाको कार्य गराउन पनि माग गरिएको थियो।

३.३.४ माओवादीपीडितलाई क्षतिपूर्तिको आदेश

सर्वोच्च अदालतले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र सात राजनीतिक पार्टीका शीर्ष नेताहरूका नाममा माओवादीपीडितहरूलाई क्षतिपूर्ति दिन आदेश गरेको थियो। माओवादीपीडित सङ्घर्ष समितिका तर्फबाट भोजराज तिमिल्सिनाद्वारा दायर रिट निवेदनमा, अन्तरिम संविधानले माओवादीपीडितको जीवन, सम्पत्ति, रोजगार, उनीहरूका बालबालिकाको शिक्षा र अन्य मौलिक अधिकारहरूको प्रत्याभूति गरे पनि अन्तरिम संविधान जारी भएको एक वर्ष बितिसक्दा पनि माओवादीपीडिलाई क्षतिपूर्ति दिनेतर्फ कुनै पहल नभएको भन्दै उक्त आदेश दिएको हो। उक्त आदेशमा सर्वोच्च अदालतले, कुनै प्रकारको राहत उपलब्ध गराउनु भन्दा पहिले आयोग गठन गरी माओवादीपीडितको अवस्था निर्क्योल गर्नु भनी आदेश दिएको हो। त्यस्तो आयोगमा प्रत्येक विकास क्षेत्रबाट राजनीतिक पार्टीका प्रतिनिधिहरू, माओवादीपीडित र सरकारका तर्फबाट अन्य व्यक्तिहरूलाई पनि समावेश गराउनु भन्ने आदेशमा उल्लेख छ। सर्वोच्चको यो निर्णयपछि सशस्त्र द्वन्द्वका क्रममा पीडित भएकाहरूको घाउमा मलम लगाउने कार्य गरेको छ।

३.४ महिला अधिकार सम्बन्धमा

३.४.१ विवाहिता महिलाको अंशसम्बन्धी मुद्दा

विवाहिता छोरीलाई पैत्रिक सम्पत्तिमा अंश नदिने कानुनी व्यवस्थाबारे सर्वोच्च अदालतको एकल इजलासले सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको छ। अधिवक्ता सपना प्रधान मल्ल र मीरा ढुङ्गानाद्वारा दायर गरिएको र सार्वजनिक सरोकारको मुद्दामा मुलुकी ऐन-२०२०, 'अशंबण्डाको महलको नं.

---

१७. "Court-ordered compensation seldom paid". http://www.thehimalayantimes.com/fullstory.asp?filename=6a1Ra8ta3o2am8&folder=aHaoamW&Name=Home&dtSiteDate=20070616. ०६४ मङ्सिर २४ गते हेरिएको।

१ (क)'[१८] र 'अपुतालीको महलको नं. २'[१९] को व्यवस्था भेदभावपूर्ण भएको भन्दै पैत्रिक सम्पत्तिमा विवाहित र अविवाहित छोरीलाई समान अधिकार दिने व्यवस्था गर्न वर्तमान कानुनी प्रावधान खारेज गर्न माग गरिएको थियो।

३.४.२ वैवाहिक बलात्कारसम्बन्धी भेदभावपूर्ण कानुन सम्बन्धमा आदेश

सर्वोच्च अदालतले ०६३ चैत १४ गते मुलुकी ऐनमा वैवाहिक बलात्कारका सम्बन्धमा सजायमा रहेको भेदभावपूर्ण प्रावधानबारे सरकारसँग कारण देखाऊ आदेश माग गरेको थियो। मुलुकी ऐनअन्तर्गत रहेको जबरजस्ती करणी महलको ३ नं. अनुसार कुनै व्यक्तिले कुनै महिलालाई जबरजस्ती करणी गरेमा सात वर्ष कैद सजाय हुने व्यवस्था छ र सोही नम्बरमा नै रहेको अर्को व्यवस्थाअनुसार कुनै व्यक्तिले आफ्नो श्रीमतीलाई जबरजस्ती करणी गरेमा तीन महिनादेखि छ महिना मात्र कैद सजायको व्यवस्था छ। पत्नीसँग जबरजस्ती शारीरिक सम्बन्ध राख्ने पतिलाई पर्याप्त सजाय गर्न कानुनी व्यवस्थाको माग गर्दै नवलपरासी, माकर-४ बर्दघाटकी जीतकुमारी पङ्गेनीले महिला कानुन तथा विकास मञ्चको सहयोगमा रिट दायर गरेकी थिइन्। रिटमा वर्तमान कानुनी प्रावधानले महिलाको यौनिकताको अधिकारलाई नकार्दै अति कम सजाय व्यवस्था गरेकाले अभियुक्त धरौटीमा छुट्न सफल हुने अवस्था सिर्जना गरेको उल्लेख गरिएको थियो।

३.४.३ सम्बन्धविच्छेदपश्चात् दाइजो फर्काउनुपर्ने आदेश

सामाजिक कुरीतिका रूपमा रहेको दाइजो प्रथाका विरुद्ध महत्त्वपूर्ण फैसला दिँदै सर्वोच्च अदालतले सम्बन्धविच्छेदपश्चात् सम्बन्धविच्छेद गरेकी श्रीमतीले विवाहका समयमा ल्याएको दाइजो फिर्ता गर्नुपर्ने नयाँ नजिर प्रतिपादन गरेको छ। पूर्वश्रीमान् र सासूले दाइजोको सम्पत्ति फिर्ता गर्न अस्वीकार गरेपछि राजु सुवालकी पूर्वपत्नीले यस्तो अधिकार प्राप्तिका लागि ०५६ फागुन १९ गते सर्वोच्च अदालतमा मुद्दा दायर गरेकी थिइन्। सर्वोच्च अदालतले प्रतिवादी राजु सुवाललाई १ लाख २४ हजार ९ सय २२ रुपियाँ उनकी पूर्वपत्नीलाई फिर्ता गर्न आदेश दिएको थियो। दाइजो सम्बन्धका अदालतमा कमै मात्रामा मुद्दाहरू पर्ने गरेको र पर्याप्त प्रमाणको कमीले गर्दा सामान्यतया यस्ता आदेश जारी गर्न कठिनाइ भए तापनि यस मुद्दामा वादी पक्षले पेस गरेको विवाहको समयमा समान खरिद गरिएका बिलहरूका साथै विवाहका समयमा दाइजो दिइएको तस्बिर र भिडियोसमेतका आधारमा दाइजो फर्काउने निर्णय गरिएको हो।

३.४.४ महिला, बालबालिका र एचआईभी सङ्क्रमितको मुद्दामा गोपनीयता राख्न निर्देशन

सर्वोच्च अदालतले एचआईभी सङ्क्रमित, महिला र बालबालिकाको मुद्दाका संवेदनशील विषयमा मुद्दा दर्तादेखि फैसलासम्म पनि रेकर्डको गोपनीयता राख्न निर्देशनात्मक आदेश दिएको छ। कानुनको अभावका कारण मुद्दामामिलाका सन्दर्भमा त्यस्ता पीडितको आत्मसम्मान र प्रतिष्ठामा नकारात्मक असर परेको जनाई महिला, कानुन र विकास मञ्चका तर्फबाट अधिवक्ता सपना मल्लद्वारा दायर गरिएको रिटमा सर्वोच्चको संयुक्त इजलासले सो आदेश दिएको हो। इजलासले गोपनीयताका सम्बन्धमा कानुन नबनेसम्म रिटसँगै प्रस्तुत निर्देशिकाबमोजिम अदालत र प्रहरी प्रशासनको कामका सम्बन्धमा सर्वोच्च अदालतका रजिस्टारले संयोजन गर्नुपर्ने निर्देशन पनि दिएको छ।

३.५ सामाजिक प्रथाका सम्बन्धमा

३.५.१ कमलरी प्रथा अन्त्य गर्ने आदेश

सर्वोच्च अदालतले मध्यपश्चिम क्षेत्रको दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलगायत जिल्लामा प्रचलित माघीका दिन बालिकालाई कथित ठूलाबडाको घरमा घरेलु नोकर बन्न पठाउने र उनीहरूलाई पशुसरह खरिद-बिक्री गर्ने कमलरी प्रथा हटाई बालश्रम शोषण अन्त्य गर्न सरकारका नाममा आदेश जारी गरेको छ। उक्त आदेशमा कमलरी प्रथा अन्त्यका लागि सरकारका तर्फबाट सबै समस्या समेट्ने कानुन बनाउन र त्यसको प्रभावकारी कार्यान्वयन गर्न निर्देशन जारी गरिएको छ। आदेशमा संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि-१९८९, कमैया श्रम

---

१८. यस महलको १ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि विवाह गरिसकेकी छोरीको अंशबण्डा गर्नुपर्ने छैन।

१९. यस महलको अन्य नम्बरहरूको अधीनमा रही अपुताली पर्दा मर्नेको लोग्ने, छोरा, अविवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरूले अपुताली पाउँदैन। मर्नेको छोरा नभई विधवा बुहारी भएमा निजले छोरासरह अपुताली पाउँछे। त्यस्ता कोही नभएमा विवाहिता छोरी, विवाहिता छोरी पनि नभए निजका छोरा वा अविवाहिता छोरी र निजहरू पनि नभएमा त्यस्तो अपुताली ऐनबमोजिमको हकवालाले पाउँछन्।

निषेध गर्नेसम्बन्धी ऐन-२०५८ को व्यवस्था सरकारले कार्यान्वयन गर्न नसकेको औंल्याउँदै उक्त प्रथा रोक्न आदेश दिइएको छ। न्यायाधीश शारदाप्रसाद पण्डित र बलराम केसीको संयुक्त इजलासले दिएको उक्त निर्देशनात्मक आदेश मध्यपश्चिम विकासक्षेत्रका विभिन्न जिल्लाहरूमा व्याप्त 'कू' प्रथा अन्त्यका लागि प्रभावकारी कदम हो।

३.५.२ बालविवाह रोकथाम आदेश

सर्वोच्च अदालतले बालविवाह रोक्नका लागि मुलुकी ऐन विवाहबारी महलअन्तर्गत रहेको सजायसम्बन्धी प्रावधानको प्रभावकारी कार्यान्वयन गर्न सरकारका नाममा ०६३ माघ १३ गते आदेश जारी गरेको छ। अधिवक्ता प्रकाशमणि शर्माद्वारा दायर मुद्दामा निर्णय दिँदै अदालतले 'मुलुकी ऐन विवाहबारी महलको २ (९)'[३०] नं. खारेज गर्दै सरकारलाई त्यसमा संशोधन गर्न र बालविवाहविरुद्ध चेतनामूलक कार्यक्रम ल्याउन आदेश दिएको छ। International Centre for Research नामक संस्थाद्वारा ICRW Policy advisory on child marriage नामक प्रतिवेदनमा बालविवाह बढी प्रचलनमा रहेका विश्वका १० मुलुकभित्र नेपाल छैटौँ स्थानमा रहेको उल्लेख गरिएको छ। उक्त प्रतिवेदन अनुसार १८ वर्ष उमेर नपुग्दै विवाह हुनेको प्रतिशत ६३ रहेको जिकिर उक्त मुद्दामा गरिएको छ। नेपालले महिलाविरुद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी महासन्धि र बालबालिकाको अधिकारसम्बन्धी महासन्धिको अनुमोदन गरिसकेको अवस्थामा समाजमा रहेको यस्तो 'कू' प्रथाले उल्लिखित महासन्धिले तोकेको दायित्व निर्वाहसमेत गर्न नसकेको व्यवहारबाट पुष्टि हुन्छ।

३.६ संविधानसभा निर्वाचन सम्बन्धमा

३.६.१ संविधानसभा निर्वाचन ऐनको प्रावधान खारेज गर्न माग गर्दै निवेदन

संविधनसभा सदस्यको निर्वाचनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०६३ के कति कारणले खारेज गर्नु नपर्ने हो भनी जवाफ पेस गर्न सर्वोच्च अदालतले सरकारका नाममा आदेश जारी गरेको छ। ऐनको वैधानिकता परीक्षण गर्न माग राखी दायर रिटमा सर्वोच्चको एकल इजलासले निवेदकको मागबमोजिम ऐन किन खारेज गर्नु नपर्ने हो, उचित र पर्याप्त कारणसहित लिखित जवाफ पेस गर्न अदालतले अन्तरिम संसद्, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलगायतका नाममा यस्तो आदेश दिएको हो। रायमाझी आयोगले दोषी ठहर गरेका व्यक्ति संविधानसभा निर्वाचनमा उम्मेदवार बन्न नपाउने गरी ल्याइएको ऐन संविधानविपरीत भएकाले बदर गरिनुपर्ने माग राखी अधिवक्ता कमलेश द्विवेदीले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। रिटमा निर्वाचनमा उम्मेदवारको अयोग्यतासम्बन्धी अन्तरिम संविधान-२०६३ को धारा ६५ मा स्पष्ट प्रावधान राखिएको जनाउँदै संविधानले निश्चित गरिसकेको मापदण्डबाहिर गई ऐनमा थप अयोग्यताको व्यवस्था तोकिनु गैरसंवैधानिक हुने जिकिर गरिएको थियो।

३.६.२ शाही शासन समर्थक संविधानसभा चुनावमा उम्मेदवार हुन पाउने निर्णय

रायमाझी आयोगले दोषी देखाएकाहरू संविधानसभा चुनावमा उम्मेदवार हुन पाउने फैसला सर्वोच्च अदालतले गरेको छ। जनआन्दोलन दबाउन सत्ता, शक्ति र ढुकुटी दुरूपयोग गरेको भनी प्रतिवेदनले दोषी किटान गरेका व्यक्ति उम्मेदवार हुन नपाउने व्यवस्था संविधानसभा सदस्य निर्वाचन ऐनको प्रावधानविरुद्ध भएको जिकिर गर्दै शाही मन्त्रीहरू कमल थापा, टङ्क ढकाल, दुर्गा श्रेष्ठ, रोशन कार्की, जगत गौचन, भूवन पाठकलगायतले ०६४ भदौ ७ गते सर्वोच्चमा संयुक्त रिट दायर गरेका थिए। प्रतिवेदनले दोषी देखाएकै आधारमा चुनावमा उठ्नबाट रोक्न नहुने निर्णय सर्वोच्चले दिएको छ।

३.६.३ नेसपा (आ.) को पार्टी अधिकारिकतासम्बन्धी रिट

सर्वोच्च अदालतले संविधानसभा निर्वाचनमा गतिरोध आउन सक्ने जनाउँदै नेसपा (आ.) को पार्टी आधिकारिकता विवादसम्बन्धी रिटमा अन्तरिम आदेश जारी गर्नु नपर्ने निर्णय दिएको थियो। संविधानसभा निर्वाचन प्रक्रिया प्रारम्भ भएपछि सो प्रक्रिया अवरुद्ध हुने गरी अदालतमा कुनै प्रश्न उठाउन नसकिने व्यवस्था संविधानमा रहेको समेत आदेशमा उल्लेख छ। आनन्दीदेवी सिंहको नेतृत्वलाई आधिकारिकता प्रदान गर्ने निर्वाचन आयोगको निर्णय बदर गर्न र आयोगलाई सद्भावना पार्टीका नामबाट कुनै काम नगर्न/नगराउन अन्तरिम आदेशको माग राखी नेता राजेन्द्र महतोद्वारा रिट दायर गरिएको थियो।

३०. लोग्ने मानिस वा स्वास्नीमध्ये कसैको उमेर १८ वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेका रहेनछन् भने १८ वर्ष उमेर नपुगी विवाह भएकाले १८ वर्ष पुगेपछि मञ्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ।

३.६.४ संविधानसभा मिति सार्नेसम्बन्धी मुद्दा

संविधानसभा सदस्य निर्वाचन सार्ने अधिकार सरकारको रहेको व्याख्या गर्दै अदालतले हस्तक्षेप गर्न नमिल्ने निर्णय सर्वोच्च अदालतले गरेको थियो। ६ मङ्सिरमा निर्वाचन गर्ने गरी संविधानमा तोकिएको व्यवस्थाको प्रतिकूल सरकारले निर्वाचन सार्ने कार्य गरेको भन्दै त्यसलाई सच्याउन समावेशी मोर्चा नामक संस्थाका तर्फबाट मालवरसिंह थापाद्वारा दायर रिटको संवैधानिक आधार नभएको बताउँदै सर्वोच्चका रजिस्टार डा. रामकृष्ण तिमल्सेनाद्वारा दरपिठको आदेश भएकामा सो आदेशविरुद्ध पुन: अर्को निवेदन दर्ता भएको थियो। सर्वोच्चको एकल इजलासले न्याय निरूपण गर्ने क्षेत्रबाहेकका विषय सामाजिक आवश्यकताको हिसाबले जतिसुकै महत्त्वपूर्ण भए पनि कानुनी संरचनाभित्र नपर्ने हुँदा न्यायिक विषय बनाउन नसकिने हुँदा अदालतको स्पष्ट अधिकार क्षेत्रबाट बाहेक गरेको त्यस्तो कुरामा हस्तक्षेप गर्न मिल्दैन भनी भनिएको छ।

संविधानसभा सदस्यको निर्वाचनको मिति तोक्ने नेपाल सरकारको अधिकार भई निर्वाचनको मिति तोकिएको समेत देखिएको र सो मितिमा निर्वाचन सम्पन्न गर्ने वा निर्वाचन कुनै कारणले हुन नसके अर्को मिति तोक्ने अधिकार नेपाल सरकारबाहेक अन्य निकायमा नरहेको प्रावधान वर्तमान अन्तरिम संविधानमा भएको र संवैधानिक आवश्यकतालाई कार्यान्वयन गर्ने अधिकार र दायित्व संविधानले अनिवार्यता नेपाल सरकारलाई नै तोकेका हुँदा सोसम्बन्धी मिति तोक्ने कामहरू नेपाल सरकारकै अधिकार क्षेत्रको विषय देखिन आउने हुँदा निर्वाचन सार्नेसम्बन्धी विषय नीतिगत र राजनीतिक प्रश्न रहेको व्याख्या गर्दै सर्वोच्चले 'अन्तरिम संविधानको धारा ३३ (क)'[११], बमोजिमको व्यवस्था क्रियाशील गराउन न्यायिक उपचारको हक संविधानबमोजिम निवेदकलाई प्राप्त नभएको बताउँदै रजिस्टारले सर्वोच्च अदालत नियमावली-२०४९ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २७ नं. बमोजिम गरेको दरपिठ आदेश सदरको निर्णय गरेको थियो।

३.७ प्रेस स्वतन्त्रता सम्बन्धमा

३.७.१ कम्युनिकेसन कर्नर बन्द गर्ने निणर्य खारेज

सर्वोच्च अदालतले उत्प्रेषणको आदेश जारी गरी दुई वर्षअघि शाही सत्ताद्वारा कम्युनिकेसन कर्नर बन्द गर्न दिएको निर्णय खारेज गरेको छ। कम्युनिकेसन कर्नरले २०६२ जेठ १६ गते तत्कालीन शाही सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा निवदेन दायर गरेको थियो। शाही शासनकालमा एफएम रेडियोहरूलाई समाचार प्रसारण गर्न रोक्ने क्रममा समाचार उत्पादन गर्न दर्ता भएको कम्युनिकेसन कर्नर बन्द गर्ने निर्णय तत्कालीन सरकारले गरेको थियो।

३.७.२ श्रमजीवी पत्रकारको पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति र उजुरी समिति गठन गर्ने आदेश

श्रमजीवी पत्रकारहरूको पक्षमा उल्लेखनीय निर्णय गर्दै सर्वोच्च अदालतले श्रमजीवी पत्रकारको पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति र उजुरी समिति गठन गर्न सरकारका नाममा परमादेश जारी गरेको छ। फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहाल, श्रमजीवी पत्रकारद्वय विन्दुकान्त घिमिरे र रामप्रसाद दाहालसहितले श्रमजीवी पत्रकारको पारिश्रमिक निर्धारण समिति गठन गर्न सरकारका नाममा परमादेश जारी गर्न माग गर्दै ०६३ कात्तिक २६ गते दायर गरेको रिटमा सर्वोच्च अदालतको संयुक्त इजलासबाट भएको आदेशमा श्रमजीवी पत्रकार नियमावली-२०५३ को नियम २४ र ४६ बमोजिम ती समिति गठन गर्नुका साथै छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन-२०४८ को दफा १९(१) बमोजिमको प्रेस रजिस्ट्रारको नियुक्ति गर्नुपर्नेमा सूचना विभागको महानिर्देशकलाई तोकिएकै हुँदा त्यस कार्यको नियमितता मात्र हुनुपर्नेसमेत आदेशमा उल्लेख छ।

३.७.३ पत्रपत्रिका वितरणमा रोक नलगाउन आदेश

पुनरावेदन अदालत, पाटनले आमनागरिकको सूचना प्राप्तिको हकमा असर परेको भन्दै पत्रपत्रिका वितरणमा रोक नलगाउन माओवादी सम्बद्ध अखिल नेपाल सञ्चार छापाखाना मजदुर सङ्घ तथा तिनका नेतालाई अन्तरिम आदेश दिएको छ। माओवादीनिकट अखिल नेपाल सञ्चार छापाखाना मजदुर सङ्घले आफ्ना माग पूरा नभएको भन्दै पत्रपत्रिका प्रकाशन तथा वितरणमा अवरोध पुऱ्याएपछि *अन्नपूर्ण पोस्ट* र *दी हिमालयन टाइम्स* पत्रिकाको प्रकाशक एसिया प्यासिफिक कम्युनिकेसन एसोसिएसन नेपाल प्रालि सो काम रोक्न माग गर्दै पुनरावेदन अदालत गएको थियो।

---

११. नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने विषयलाई आत्मसात् गर्दै सम्वत् २०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपमा संविधानसभाका सदस्यको निर्वाचन सम्पन्न गर्न राज्यले सम्पूर्ण ध्यान केन्द्रित गर्ने।

३.७.४ प्रकाशन र वितरणमा अवरोध नगर्न आदेश

पुनरावेदन अदालत पाटनले कान्तिपुर पब्लिकेसन्सबाट प्रकाशित हुने पत्रपत्रिकाहरूको प्रकाशन र वितरणमा अवरोध नगर्न माओवादी सम्बद्ध मजदुर युनियनका नाममा अन्तरिम आदेश जारी गरेको छ। अदालतले पब्लिकेसन्स परिसरभित्र हूलहुज्जत नगर्न र विज्ञापन प्रकाशनमा रोक नलगाउन पनि मजदुरहरूलाई आदेश दिएको थियो। ०६४ असोज ११ गते प्रकाशनका निम्ति लगिएका सामग्री अखिल नेपाल टेड युनियन महासङ्घ आबद्ध मजदुरहरूले कब्जामा लिई विज्ञापन प्रकाशनमा रोक लगाउनुका साथै कान्तिपुर पब्लिकेसन्समा हूलहुज्जत गर्न थालेपछि पब्लिकेसन्सका तर्फबाट प्रबन्ध-निर्देशक कैलाश सिरोहियाले दिएको निवेदनमा पुनरावेदन अदालतले कान्तिपुर पब्लिकेसन्स परिसरभित्र घेराबन्दी, हूलहुज्जत तथा जबरजस्ती नगर्ने, पत्रपत्रिका प्रकाशन, वितरण तथा विज्ञापन प्रकाशनमा कुनै किसिमको अवरोध नगर्नु/नगराउन भनी अन्तरिम आदेश जारी गरेको छ।

३.८ रायमाझी प्रतिवेदन कारबाहीबारे जवाफ माग

रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गर्न र त्यसको कार्यान्वयनमा भएको प्रगति विवरण उपलब्ध गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग जवाफ माग गरेको छ। सर्वोच्च अदालतको संयुक्त इजलासले आयोगको सिफारिसअनुसार तीन सुरक्षा प्रमुखलाई मात्र निलम्बन गरिएकाले तत्कालीन सेनाप्रमुख प्यारजङ्ग थापालाई पनि निलम्बनको माग गर्दै ०६३ असार ६ मा दायर गरिएको रिट सुनुवाइका क्रममा उक्त आदेश गरेको हो। नेपाल मानवअधिकार संयन्त्रका तर्फबाट बाबुराम गिरी, अधिवक्ता बोर्णबहादुर कार्की, हरिराम लबजु र आशिकराम कार्कीले संयुक्त रूपमा दायर गरेको रिटमा प्रहरीका तत्कालीन कामु महानिरीक्षक वासुदेव वली र उपत्यका डीआईजी दिलीपकुमार श्रेष्ठलाई पनि निलम्बन गर्न माग गरिएको थियो।

३.९ कारागार ऐनको प्रावधान संशोधन

सर्वोच्च अदालतले नेपाल कारागार ऐन-२०१९ मा विद्यमान शारीरिक सजायसम्बन्धी प्रावधानका बारेमा सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको छ। अधिवक्ता अच्यूतप्रसाद खरेलद्वारा दायर निवेदनमा कारागार ऐन-२०१९ को दफा २२ (२) को प्रावधान संयुक्त राष्ट्रसङ्घीय यातनाविरुद्धको महासन्धि र अन्तरिम संविधान-२०६३ को धारा २६(१) को विरुद्ध भएको भन्दै सोको खारेजीको माग गरिएको थियो।

३.१० राष्ट्रिय मानव अधिकार आयोगमा नियुक्ति सम्बन्धमा रिट

राष्ट्रिय मानवअधिकार आयोगका आयुक्तहरूको नियुक्तिमा ढिलाइका कारण मानवअधिकार संरक्षण र सम्बर्द्धनमा नकारात्मक असर परेको कारणले तुरुन्त प्रमुख आयुक्त र आयुक्तहरू नियुक्त गर्न माग गर्दै अधिवक्ता श्यामबाबु काफ्ले, वासुदेव बजगाईं, ओमप्रसाद अर्याल र अश्वस्थामाभक्त खरेलद्वारा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकामा ०६४ असोज १ गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश केदारनाथ उपाध्यायको अध्यक्षतामा आयोगका पदाधिकारीहरूको नियुक्ति हुञ्जेलसम्म पनि कुनै निर्णय अदालतले दिएको थिएन।

३.११ धर्मपुत्र/पुत्री राख्नेसम्बन्धी कानुन नियमित गर्न आदेश

धर्मपुत्र/पुत्री राख्ने नाममा हुने गरेको बालबालिका बेचबिखन रोक्न, धर्मपुत्र/पुत्री राख्नेसम्बन्धी सम्पूर्ण कानुन पुनरावलोकन गरी अन्तर्राष्ट्रिय कानुनअनुरूपको बनाउन सर्वोच्च अदालतले सरकारका नाममा आदेश दिएको छ। सर्वोच्च अदालतको संयुक्त इजलासले धर्मपुत्र/पुत्रीसम्बन्धी वर्तमान कानुन पर्याप्त नभएको भन्दै मस्यौदा देवानी संहिता-२०६४ जारी गर्नुभन्दा अगाडि त्यसमा संशोधन गरी कार्यान्वयन गर्न आदेश दिएको छ। मुलुकी ऐन-२०२० को धर्मपुत्रसम्बन्धी महलको व्यवस्था पर्याप्त नभएको भन्दै अधिवक्ता निर्मला उप्रेतीद्वारा एक वर्षअघि सो रिट दायर गरिएको थियो।

३.१२ शारीरिक रूपमा अशक्तहरूको अधिकार संरक्षण गर्न आदेश

सर्वोच्च अदालतको संयुक्त इजलासले शारीरिक रूपमा अशक्त नागरिकहरूको अधिकारको संरक्षणका लागि सार्वजनिक सेवामा उनीहरूको पहुँचलगायत उनीहरूका लागि सजिलो भवनहरू निर्माण गर्न सरकारका नाममा परमादेश जारी गरेको छ। अपाङ्ग व्यक्तिहरूका तर्फबाट प्रो. पब्लिकद्वारा दायर गरिएको रिट निवेदनमा अपाङ्ग व्यक्तिहरूको सार्वजनिक सुविधाको पहुँचको सम्बन्धमा भएका कामको प्रगतिबारे हरेक छ महिनामा सर्वोच्च अदालतमा प्रतिवेदन प्रस्तुत गर्न सम्बन्धित आधिकारिक निकायलाई आदेश दिइएको थियो।

३.१३ जमानतसम्बन्धी केही कानुनी प्रावधान बदर र खारेज गर्न माग गरी मुद्दा दायर

मुलुकी ऐन-२०२० को अदालती बन्दोबस्तको दफा ११८, १२३, १९४, जासुसी ऐन-२०१८ को दफा ७, विशेष अदालत ऐन-२०५९ को दफा ७ र जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन-२०४३ को प्रावधान अन्तरिम संविधान-२०६३ को धारा १२(२) र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ सँग बाझिएको भन्दै अधिवक्ता राजीव बास्तोला र सर्भाग्यराज न्यायद्वारा दायर रिट निवेदन उल्लिखित ऐनका उल्लिखित प्रावधानहरू प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत भएको भन्दै खारेज र बदर गर्न सर्वोच्च अदालतसमक्ष आदेशको माग गरी ०६४ साउन १५ गते निवेदन दायर गरिएकामा सर्वोच्च अदालतले सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको छ।

३.१४ तराई घटना जाँचबुझ आयोगसम्बन्धी रिट खारेज

तराई आन्दोलनका क्रममा भएको क्षतिको सम्बन्धमा अनुसन्धान गर्न गठित, तराई घटना जाँचबुझ आयोग गैरकानुनी रूपमा गठन भएको दाबी गर्दै दायर गर्न खोजिएको रिट सर्वोच्च अदालतले दर्ता गर्न अस्वीकार गऱ्यो। सर्वोच्च अदालतका रजिस्टार डा. रामकृष्ण तिमिल्सेनाले निवेदकले काल्पनिक कुरा देखाएर विघटनको माग गरेको भन्दै उक्त रिट दरपीठ गरेका हुन्। अधिवक्ता देवेन्द्र झाद्वारा दायर रिटमा जाँचबुझ आयोग गैरकानुनी रूपमा गठन भएको भन्ने निवेदकको भनाइ नभई विनाआधार निष्पक्ष हुँदैन भन्ने काल्पनिक कुरा देखाई विघटनको माग गरेको देखिँदा रिट निवेदन दर्ता गर्न नमिल्ने भनी दरपीठमा उल्लेख छ।

३.१५ समावेशी राज्य र राज्य पुनःसंरचनासम्बन्धी आयोग गठन गर्ने सम्बन्धमा रिट

समावेशी राज्य र राज्यको पुनःसंरचना निर्धारण गर्नका लागि अन्तरिम संविधान-२०६३ मा व्यवस्था गरिएबमोजिम उच्चस्तरीय आयोग गठनको आदेश माग गर्दै अधिवक्ता चन्द्रकान्त ज्ञवालीद्वारा सार्वजनिक सरोकारको मुद्दा दायर गरियो। 'संविधानको धारा १३८(१)'[३२] मा व्यवस्था गरिएबमोजिम छुट्टै उच्चस्तरीय आयोगको गठन गर्न र 'धारा १३८ (२)'[३३] बमोजिम राज्य पुनःसंरचनाका सम्बन्धमा र सङ्घीय प्रणालीका बारेमा अध्ययन गर्न आयोगको गठन गर्नसमेत माग गरिएको थियो। तर, सो रिट प्रारम्भिक सुनुवाइका लागि प्रस्तुत हुँदा प्रधानन्यायाधीशले अदालतसमक्ष यस्तो मुद्दा नलिएर आउन भन्दै खारेज गरेका हुन्। सत्तारुढ सात दलबीच भएको २३ बुँदे सम्झौतामा अन्तरिम संविधानको व्यवस्थाबमोजिम यस प्रकारको आयोग स्थापना गर्ने सहमति भएको छ।

३.१६ पिछडिएका वर्गका लागि कानुन बनाउन आदेश

सर्वोच्च अदालतले पिछडिएका वर्गहरूको संरक्षणका लागि कानुन बनाई लागू गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ। अधिवक्ता रत्नबहादुर बागचनलगायतले जातीय भेदभाव उन्मूलन गर्न र आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएका वर्ग, छुवाछूतपीडितहरूको संरक्षण एवम् विकासका लागि कानुन निर्माण गर्न माग गर्दै तीन वर्षअघि दायर गरिएको रिटमा सर्वोच्चको संयुक्त इजलासले यस्तो आदेश दिएको हो। यो निर्णयले नेपालमा व्याप्त विभिन्न प्रकारका भेदभाव हटाउने कार्यमा सहयोग गर्ने अपेक्षा गरिएको छ।

३.१७ राज्यविरुद्धको अपराध र सजाय ऐनको प्रावधान खारेज गर्न रिट दायर

'राज्यविरुद्धको अपराध र सजाय ऐन-२०४६ को दफा ४(१)'[३४], वर्तमान अन्तरिम संविधान-२०४६ को प्रावधानविपरीत छ भन्दै सो ऐनको प्रावधान बदर तथा खारेज गर्न माग गर्दै फ्रिडम फोरमद्वारा सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनमा अदालतले सरकारका नाममा कारण देखाऊ आदेश गरेको छ।

३.१८ शरणार्थीसम्बन्धी कानुन बनाउन आदेश

चार जना पाकिस्तानी नागरिकको थुनासम्बन्धी निर्णय सार्वजनिक गर्ने क्रममा सर्वोच्च

---

३२. वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गरिनेछ।

३३. उपधारा (१) बमोजिमको राज्यको पुनःसंरचना गर्नका लागि सुझाव दिन एक उच्चस्तरीय आयोगको गठन गरिनेछ। त्यस्तो आयोगको गठन, काम, कर्तव्य, अधिकार र सेवाका सर्त नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछ।

३४. कसैले लेखेर वा बचनले वा आकार र चिन्हद्वारा वा अन्य कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा, द्वेष वा अवहेलना गरे/गराएमा वा सो गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा तीन वर्षसम्म कैद वा ३ हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

अदालतको संयुक्त इजलासले शरणार्थीका लागि कानुन बनाउन सरकारलाई निर्देशन दिएको छ। नेपालले मानवअधिकारसँग सम्बन्धित प्रमुख महासन्धिहरूको अनुमोदन गरे तापनि शरणार्थीसँग सम्बन्धित सन्धिको पक्षराष्ट्र नभएको र संयुक्त राष्ट्रसङ्घीय यातनाविरुद्धको समिति, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समिति र जातीय भेदभावविरुद्धको समितिले समेत शरणार्थीसँग सम्बन्धित सन्धिको अनुमोदन गर्न र राष्ट्रियस्तरमा त्यस सम्बन्धमा कानुन बनाउनसमेत सिफारिस गरेको उद्धृत गर्दै नेपाल तत्काल सो सन्धिको पक्ष हुनु अति आवश्यक भएको उल्लेख उक्त निर्देशनमा गरिएको छ। सन्धिको पक्ष हुने/नहुने भन्ने विषय राज्यको राजनीतिक इच्छामा निर्भर गर्ने भएको हुँदा सर्वोच्च अदालतले त्यसमा हस्तक्षेप गर्न नमिल्ने भए तापनि शरणार्थीसँग सम्बन्धित कानुन आवश्यक भएको हुँदा सो बनाउनेतर्फ सरकारको ध्यान केन्द्रित गरिएको आदेशमा उल्लेख छ। धार्मिक आस्थाका कारण यी विदेशी नागरिकहरूको ज्यान जोखिममा भएको अवस्थामा नेपालस्थित शरणार्थीसम्बन्धी उच्च आयुक्तको कार्यालयले यस सम्बन्धका व्यवस्था नगरेसम्म नेपालबाट निष्कासन नगर्नसमेत गृहमन्त्रालयका नाममा आदेश दिइयो।

३.१९ यातनाविरुद्धको कानुन बनाउन आदेश

सर्वोच्च अदालतले यातनालाई अपराध मानी यातनाविरुद्धको कानुन बनाउन सरकारलाई आदेश दिएको छ। यातनासम्बन्धी क्षतिपूर्ति ऐन- २०५६ संशोधनको माग गर्दै यातनालाई अपराध भनी परिभाषा गर्न माग गर्दै अधिवक्ता राजेन्द्र घिमिरे र केदारप्रसाद दाहालद्वारा ०६३ सालमा दायर निवेदनमा यातनासम्बन्धी क्षतिपूर्ति ऐन-२०५६ मा यातनालाई अपराध भनी व्याख्या गर्न आवश्यक भएको जिकिर गरिएको थियो। त्यसैगरी सो निवेदनमा नेपाल नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र यातनाविरुद्धको महासन्धिको समेत पक्षराष्ट्र भएकाले ती महासन्धिका प्रावधानहरूलाई स्थानीय कानुनमा समायोजन गर्न सरकारसँग माग गरिएको थियो। यातना गम्भीर अपराध भएकाले यसलाई निषेध गर्नुका साथै यातना दिने पीडकलाई सजायको भागी बनाउनुपर्ने निवेदनमा उल्लेख गरिएको थियो।

३.२० तेस्रो लिङ्गीलाई पहिचान दिन आदेश

नेपालमा रहेका अल्पसङ्ख्यक समुदायको पक्षमा महत्त्वपूर्ण निर्णय गर्दै सर्वोच्च अदालतले महिला र पुरुषबाहेक तेस्रो लिङ्गका व्यक्तिलाई उनीहरूकै पहिचानका आधारमा नागरिकतालगायत राज्यका अन्य सुविधा दिन सरकारलाई निर्देशनात्मक आदेश दिएको छ। तेस्रो लिङ्गी भएकै आधारमा नेपाल कानुनले दिएका हकहरू उपभोग गर्नबाट वञ्चित गर्न मिल्दैन भन्दै यसका लागि उपयुक्त कानुन बनाउन वा भइरहेको कानुन संशोधन गर्न न्यायाधीशद्वय बलराम केसी र पवनकुमार ओझाको संयुक्त इजलासले सरकारलाई आदेश दिएको हो। महिला र पुरुष समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी र अन्तरलिङ्गीहरूले नागरिकतालगायत पहिचान दिलाउने कागजात सरकारी कार्यालयबाट पाउन नसकेको तथा सार्वजनिक ठाउँमा भेदभाव भएको दावी गर्दै नीलहीरा समाज, मितिनी नेपाल, क्रुस एड्स र परिचय समाजले महिला र पुरुषमा केन्द्रित वर्तमान भेदभावकारी कानुन खारेज गरी मौलिक हक एवम् मानवअधिकार रक्षाको माग गरेका थिए।

४. सर्वोच्च अदालतबाट जारी निर्देशनात्मक आदेशहरूको कार्यान्वयन स्थिति

'सर्वोच्च अदालतलाई विवादको समाधान गरी उचित उपचार प्रदान गर्न बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण र अधिकार पृच्छालगायतका जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने अधिकार संविधानले दिएको छ।'[२५] अदालतले उपयुक्त देखेमा सार्वजनिक सरोकारका विवादहरूमा निर्देशनात्मक आदेश जारी गर्न सक्छ। निर्देशनात्मक आदेशमा सरकारी निकाय र अधिकारीहरूलाई कुनै पनि विषयमा निर्देशन दिइएको हुन्छ, जुन घोषणात्मक प्रकृतिको हुन्छ। मुलुकमा कानुनी राज्यको स्थापना र सरकारलाई जनताप्रति उत्तरदायी बनाउन अदालतको भूमिका हुन्छ। अन्य अङ्ग र अधिकारीहरूको निष्क्रियताको कारण देखिन आएको रिक्ततालाई पूर्ति गर्न अदालतले विभिन्न घोषणाहरू गरेर त्यस्तो रिक्तता पूर्ति गर्ने गरेको पाइन्छ। न्याय पाउने अन्तिम साधनका रूपमा अदालतको विश्वसनीयता कायम राख्नका लागि यसले दिएका निर्णयहरू कार्यान्वयन हुनु जरुरी छ।

सर्वोच्च अदालतको अनुगमन शाखाको तथ्याङ्क अनुसार सर्वोच्च अदालतले नेपाल अधिराज्यको संविधान-२०४७ जारी भए नीति निर्माण तथा सुधारका सम्बन्धमा करिब १ सयओटा

२५. धारा ८८, नेपाल अधिराज्यको संविधान २०४७ र धारा १०७, नेपालको अन्तरिम संविधान-२०६३

निर्देशनात्मक आदेशहरू, ३० ओटा सार्वजनिक सरोकारका विवादका सम्बन्धमा निर्देशनात्मक आदेशहरू र २७ ओटा अन्य विवादका सम्बन्धमा निर्देशनात्मक आदेश जारी गरेको छ तर यी आदेशहरूको कार्यान्वयनको अवस्था त्यति आशालाग्दो छैन। सर्वोच्च अदालतले जारी गरेका निर्देशनहरूमध्ये २० ओटा मात्र कार्यान्वयन भएको, २५ ओटा कार्यान्वयन हुन नसकेको र २६ ओटा कार्यान्वयन हुने क्रममा रहेको जनाइएको छ। सूचनाको अधिकारसम्बन्धी ऐन-२०६४ सर्वोच्च अदालतले आदेश जारी गरेको १२ वर्षपछि बनाइएको हो।

त्यस्तै, नेपाल अधिराज्यको संविधान-२०४७ जारी भएपछि सोही संविधानले प्रदान गरेको अधिकारअन्तर्गत सर्वोच्च अदालतले समानताको हक, महिला अधिकार, सूचनाको हक, यातनाविरुद्धको हक बालअधिकार तथा आर्थिक तथा जातीय भेदभावविरुद्धका विभिन्न विषयमा गरेको ६७ ओटा निर्देशनात्मक आदेशको कार्यान्वयन स्थितिका सम्बन्धमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले गरेको अध्ययन प्रतिवेदनमा जनाइएअनुसार सर्वोच्च अदालतले दिएका निर्देशनात्मक आदेशहरूमध्ये नीतिगत सुधार तथा नयाँ नीति निर्माणको पक्षमा जारी गरिएका आदेश सर्वाधिक रहेका छन्। त्यस्ता आदेशहरूको सङ्ख्या १६ रहेको छ। नयाँ कानुन निर्माणको आवश्यकताबोध गरी १४ ओटा आदेश जारी भएका छन्। त्यसैगरी 'मौजुदा कानुनको कार्यान्वयनमा जोड दिई सरकारलाई निर्देशित गरिएका आदेशहरूको सङ्ख्या १६ रहेको छ भने भइरहेका कानुनी व्यवस्थामा समसामयिक संशोधनका लागि सरकारका नाममा निर्देशन जारी गरिएका आदेशहरूको सङ्ख्या ११ रहेको छ। त्यसैगरी, अन्य विभिन्न पक्षहरूमा सुधारका लागि नौओटा रिट निवदेनहरूमा निर्देशनात्मक आदेश जारी गरिएको छ।'[३६] प्रतिवेदनले, 'अध्ययन गरिएका ६७ ओटा निर्देशनात्मक आदेशहरूमा १३ ओटा आदेशको पूर्ण रूपमा कार्यान्वयन भएको, छओटा आंशिक रूपमा कार्यान्वयन भएको, २२ ओटा कार्यान्वयनको प्रक्रियामा रहेको, ११ ओटा कार्यान्वयन नभएको र १५ ओटाको कार्यान्वयनको अवस्था'[३७] थाहा नभएको देखाएको छ।

समग्रमा, सर्वोच्च अदालतले दिएका निर्देशनात्मक आदेशहरू मुख्यत: लैङ्गिक समानता, सामाजिक सुधार, सांस्कृतिक मूल्य र मान्यताको संरक्षण, आधारभूत मानवअधिकारको संरक्षण, वातावरणीय संरक्षणजस्ता सामाजिक तथा राष्ट्रिय हित अभिवृद्धि गर्ने खालका छन्। समानता र सामाजिक सुधारको दिशामा अदालतले दिएका यस्ता आदेशहरू बढी स्पष्ट र मार्गदर्शक ठहरिए पनि यसको कार्यान्वयनको स्थिति ज्यादै कमजोर रहेको छ। निर्देशनात्मक आदेशको कार्यान्वयन अदालत एक्लैले गर्न सक्दैन। यसको कार्यान्वयनका लागि सम्बन्धित सरकारी निकाय र अधिकारीहरूको सहयोग र समन्वय आवश्यक पर्दछ र यो उनीहरूको कर्तव्य पनि हो। अदालतले आफूले दिएका निर्देशनात्मक आदेशहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारी निकाय र अधिकारीलाई कार्यान्वयनको अनुगमन गर्न जिम्मेवारी तोक्ने, विशेषज्ञ समितिहरू गठन गर्ने र उनीहरूबाट प्रतिवेदन लिने रणनीति अपनाउन सक्छ। यसका साथै यस्ता आदेशहरू कार्यान्वयनका लागि सरकारी निकायलाई दबाब दिने काम सम्बन्धित क्षेत्रमा कार्यरत सामाजिक सङ्घसंस्था, सचेत नागरिक र सञ्चार जगत्ले समेत गर्न सक्छन्।

'अदालतको आदेशको अवज्ञा भएमा आफ्नो मर्यादा र प्रतिष्ठा कायम राख्न अवहेलनामा सजाय गर्ने अधिकार अदालतलाई हुन्छ। अन्य आदेशका सम्बन्धमा सजाय गर्ने गरे तापनि निर्देशनात्मक आदेशका पछाडि कुनै दण्ड हुँदैन र त्यस्तो निर्देशनात्मक आदेश पालना नगरिएको भनी अवहेलनामा कारबाही चलाएको उदाहरण पनि छैन।'[३८] न त भएका निर्देशनात्मक आदेशको कार्यान्वयनको अवस्थाका सम्बन्धमा अहिलेसम्म यथार्थ विश्लेषण नै गरिएको छ। आदेशको कार्यान्वयनमा प्रभावकारिता देखिन नसकेको कुरालाई सर्वोच्च अदालत स्वयम्ले पनि स्वीकार गरेको अवस्था एकातिर छ भने अर्कोतर्फ कार्यान्वयन संयन्त्रको अभाव पनि खड्किएको छ। आदेशको अवज्ञा भएको अवस्थामा अवहेलनामा कारबाही नगर्दा त्यसले अदालतको अख्तियारलाई कमजोर बनाउन सक्छ र उसको वैधानिकतामा समेत असर पार्न सक्छ। यसै विषयलाई ध्यानमा राखेर अदालतले आफ्नो अवहेलनामा कारबाही चलाउने गरेको छ। '०६३ चैत महिनामा सर्वोच्च अदालतको सीडी प्रकरणमा प्रधानन्यायाधीश र न्यायाधीशलाई जबरजस्ती मुछ्न खोजी सिङ्गो न्यायपालिकाप्रति अनास्था ल्याउन खोजेको

३६. राष्ट्रिय न्यायिक प्रतिष्ठान। "सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्था" अनुसन्धानमूलक अध्ययन प्रतिवेदन ०६३। काठमाडौं: राष्ट्रिय न्यायिक प्रतिष्ठान। ०६३ माघ: पृ. ११

३७. पूर्ववत्। पृ. १८

३८. पूर्ववत्। पृ. ८

भन्दै अवहेलनामा निवेदन दायर भएको थियो। त्यस्तै सर्वोच्च अदालतले गृहमन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई प्रहरी निरीक्षक नियुक्ति विवादमा अदालतको अवहेलना गरेको ठहर गर्दै अन्तरिम आदेश जारी भइसकेको स्थितिमा नियुक्ति दिएको देखिएबाट परिणामलाई नै असर पार्ने गरी आदेश उल्लङ्घन गरेकाले जरिवाना हुने भनी पाँच-पाँच सय रुपियाँ जरिवाना गर्ने निर्णय गरेको थियो।'[२९]

२०५८ सालमा सर्वोच्च अदालतले यस अदालतअन्तर्गत आदेश कार्यान्वयन तथा अनुगमन एकाइ गठन गरी असाधारण अधिकार क्षेत्रअन्तर्गत जारी आदेशहरूको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन गर्ने जिम्मेवारी सुम्पिएको थियो र सर्वोच्च अदालत नियमावली-२०४९ मा भएको पछिल्लो संशोधनपछि हाल निर्णय कार्यान्वयन शाखाका रूपमा छुट्टै शाखा खडा गरी त्यस्तो जिम्मेवारी सोही शाखाले निर्वाह गर्ने गरी व्यवस्था गरिएको छ। 'सर्वोच्च अदालतले यसरी असाधारण अधिकार क्षेत्रअन्तर्गत जारी आदेशहरूको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन गर्ने संयन्त्रको विकास गरे पनि कार्यान्वयन पक्षमा खासै सुधार हुन सकेको छैन र उक्त शाखाले अपेक्षित प्रभावकारिता देखाउन नसकेपछि कतिपय आदेशमा निर्णय कार्यान्वयन शाखालाई प्रभावकारी अनुगमनका लागि निर्देशित गरिएको समेत पाइन्छ।'[३०]

समानता, सामाजिक सुधार, मौलिक अधिकारको संरक्षण र राष्ट्रहितको पक्षमा न्यायालयले आफूलाई उभ्याएको भए तापनि यसका आदेशहरूको कार्यान्वयन स्थिति भने सन्तोषजनक देखिँदैन। तसर्थ, यसको प्रभावकारी कार्यान्वयनको खाँचो टड्कारो रहेको छ। अदालतको आदेशको कार्यान्वयनमा एकातर्फ सरकारी पक्षले बेवास्ता गरेको वा उदासीनता देखाएको छ भने अर्कोतिर अदालत आफैंले चासो राखेर कार्यान्वयनको जानकारी लिने गरेको पनि पाइँदैन। निर्देशनात्मक आदेशको कार्यान्वयनको स्थिति र अवस्थाका सम्बन्धमा समयमा फैसला तयार नहुनु र त्यसैबेला उचित प्रचार-प्रसार हुन नसक्नु, जारी निर्देशनात्मक आदेशहरूको एकीकृत विवरण सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, प्रधानमन्त्री, मन्त्रिपरिषद्को कार्यालय एवम् कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा समेत कतै नराखिनु, यस्ता आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयबाट सम्बन्धित निकायमा पठाइएको/नपठाइएको सम्बन्धमा सो कार्यालय नै स्पष्ट हुन नसक्नु, महान्यायाधिवक्ताको कार्यालयमा कुनै शाखालाई यस सम्बन्धमा जिम्मेवारी नतोकिनुलगायतका कुराहरूले समेत फैसला कार्यान्वयनमा प्रभावकारिता नभएको हो। महान्यायाधिवक्ताको कार्यालयबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सो आदेशको जानकारी पुगेको बारेमा सम्बन्धित अन्य सरोकारवाला निकायहरूसमक्ष नपठाउनु, सर्वोच्च अदालतबाट परमादेश जारी हुने प्रकृतिको आदेशमा पनि निर्देशनात्मक आदेश जारी भई निर्देशनात्मक आदेशको हैसियत के हो भन्ने अन्योलको अवस्था रहनु, सम्पूर्ण सरकारी निकायको समन्वय र नेतृत्व गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सर्वोच्च अदालतबाट भएका आदेशको कार्यान्वयन गर्ने/गराउने, नियमन र अनुगमन गर्ने कुनै संयन्त्रको निर्माण भएको वा त्यस्तो कुरा प्रस्ट देखिने कुनै अभिलेख तयार नहुनु, यस सम्बन्धमा अनुगमन गर्न कुनै छुट्टै अनुगमन वा अनुसन्धान नहुनु, न्यायक्षेत्र समन्वय समिति पनि यसतर्फ प्रवेश गर्न नसक्नु, नयाँ कानुन निर्माण वा मौजुदा कानुन संशोधन हुनुपर्ने अवस्थाका आदेशहरूसमेत महान्यायाधिवक्ताको कार्यालयबाट विषयगत मन्त्रालयमा पठाउने र त्यसका बारेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अनभिज्ञ रहनु र 'निर्देशनात्मक आदेशको कार्यान्वयन गर्ने प्रमुख निकाय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आदेश कार्यान्वयनका सन्दर्भमा कुनै नीतिगत निर्देशन नहुनु अदालतको आदेश कार्यान्वयन नहुनुका अन्य समस्या'[३१]का रूपमा देखिएका छन्।

आदेश कार्यान्वयनमा प्रभावकारिताका लागि दायर गरिएका दुई रिट निवेदन (भीमसेन थापासमेत भएको ०६४ सालको रिट नं. २०२४ र टेक ताम्राकारसमेत भएको ०६० सालको रिट नं. १२१) मा अदालतबाट अन्तिम आदेशअघि निवेदनमा उठाइएका विषयका सम्बन्धमा विशेषज्ञहरूबाट विस्तृत अध्ययन गरी अध्ययन प्रतिवेदन पेस गर्न लगाइएको र अन्तिम आदेशमा समेत सोही प्रतिवेदनमा उल्लिखित कुराहरूलाई कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिएको छ। त्यसैगरी, 'कतिपय निर्देशनात्मक आदेशहरूमा कार्यान्वयनको जानकारी अदालतलाई

२९. "मन्त्रालयलाई पाँच सय जरिवाना"। *अन्नपूर्ण पोस्ट* ०६३ चैत २१: पृ. ३
३०. पूर्व-पादटिप्पणी नं. २७-२८। पृ. ३
३१. पूर्ववत्। पृ. १०५-१०७

गराउनु भनी श्यामकृष्ण मास्के भएको ०५९ सालको रिट नं. ११४ मा सम्बन्धित निकायहरूलाई निर्देशित गरी अदालतबाट कार्यान्वयनको प्रत्याभूति गर्न खोजिएको पाइन्छ।[३२]

'आदेशको कार्यान्वयन प्रभावकारी हुन नसकेको कुरामा सर्वोच्च अदालत स्वयम् पनि चिन्तित हुन थालेको र आदेश कार्यान्वयनका लागि प्रभावकारी अनुगमनमा जोड सन्तोषकुमार महतो भएको ०६१ सालको रिट नं. ६० मा भएको आदेश'[३३] मा भेटिन्छ। सर्वोच्च अदालतले आफ्नो अवहेलना गरेको भन्दै *जनआस्था* साप्ताहिकका सम्पादकसहित तीन पत्रकारलाई बयानका लागि उपस्थित हुन ०६४ असार ३ गते आदेश दिई ती पत्रकारलाई तारेखमा राखी मुद्दा सुनुवाइ गर्ने भएको छ। उक्त साप्ताहिकको मुखपृष्ठमा प्रकाशित 'तुलसाले मच्चाइन् ठूलै तहल्का' शीर्षकको समाचारले अदालतलगायत सम्पूर्ण न्यायपालिका एवम् न्यायाधीशको चरित्रहत्या गर्न गलत सूचना सम्प्रेषण गराई न्यायपालिकाको जनआस्थामा गम्भीर चोट पुऱ्याउन खोजेको उल्लेख छ।

'सर्वोच्च अदालतका न्यायाधीशहरूले मुद्दा छिटो टुङ्ग्याउनका लागि दिइने अग्राधिकार आदेश'[३४]को 'दुरुपयोग हुने क्रम तीव्र भइरहेको निष्कर्ष निकाली त्यस्तो दुरूपयोग गर्ने कार्य नियन्त्रणका लागि पहल गरिनुपर्ने सुझाव दिएका छन्।'[३५] एकपटक आदेश दिइसकेपछि निवेदकलाई आफ्नो अनुकूल प्रयोग गर्ने चलन बढेको न्यायाधीशहरूको गुनासो थियो। न्यायाधीशहरूका अनुसार अग्राधिकारको माग गर्ने निवेदकले नै अदालतबाट आदेश भइसकेपछि आफैंले विभिन्न कारण देखाई सुनुवाइ हटाउँदै जाने क्रम देखिएको छ। आदेशको दुरूपयोग रोक्न कस्तो रिटमा अग्राधिकार दिने या नदिने भन्नेबारेमा स्पष्ट आधारहरू तोकी सर्वोच्च अदालत नियमावली संशोधन गर्न आवश्यक छ। सर्वोच्च अदालतद्वारा दिने गरेको अग्राधिकारको पनि दुरूपयोग हुने गरेको छ। अग्राधिकार दिनै नपर्ने मुद्दामा पनि अदालतबाट त्यस्तो आदेश हुनु, एकै दिनमा एउटै इजलासमा सबै अग्राधिकारका रिट सुनुवाइका लागि पेसी चढाइनु, अग्राधिकार माग गर्ने निवेदकले रिटलाई सुनुवाइ हुनबाट हटाउनेजस्ता कार्यलाई रोकिएमा अग्राधिकारको आदेश सम्बन्धमा देखिने गरेको दुरूपयोग धेरै हदसम्म रोकिन सक्छ।

अदालतको आदेशबमोजिम गृहमन्त्रालयसहित विभिन्न जिल्ला प्रशासन र प्रहरी कार्यालयले जवाफ नपठाएको कारणसमेत अदालतलाई मुद्दा फर्स्यौट गर्न कठिनाइ परेको छ। गैरकानुनी थुनाबाट मुक्त गर्न माग राखी १९ जनाको हकमा तीन वर्षअघि सर्वोच्च अदालतमा दायर गरिएको रिटमा अदालतले तीमध्ये कति जना कसरी छुटेको र बेपत्ता भएका नौ जनाको हकमा जहाँ जे बुझ्नुपर्ने हो, बुझी यथार्थ विवरण पठाउन गृहमन्त्रालय एवम् सम्बन्धित प्रशासन र प्रहरी कार्यालयका नाममा आदेश जारी गरेको थियो तर सम्बन्धित निकायबाट यस सम्बन्धमा अपेक्षित सहयोग नमिल्दा बन्दी प्रत्यक्षीकरणका १४ थान रिटको टुङ्गो लगाई रिट फर्स्यौट गर्न अदालतलाई मुस्किल परेको छ। बन्दी प्रत्यक्षीकरणजस्तो संवेदनशील मुद्दामा शीघ्र आदेश एवम् पत्र व्यवहारबमोजिम कारवाही नभई विलम्ब हुन गएकाले यथाशीघ्र जानकारी पठाउन भनी सर्वोच्च अदालतले पटक-पटक ताकेता गर्दा पनि कार्यान्वयन नभएका उदाहरणहरू छन्।

यसरी एकातर्फ सम्बन्धित निकायको असहयोगका कारण मुद्दा फर्स्यौटमा ढिलाइ भएको छ भने कतिपय

---

३२. पूर्ववत्। पृ. १७-१८

३३. सर्वोच्च अदालतबाट मुद्दामा भएको अन्तिम निर्णय तथा रिट निवेदनका सन्दर्भमा जारी भएका आदेशहरूको कार्यान्वयन भए/नभएको अनुगमन गरी कार्यान्वयन गराउन आवश्यक व्यवस्था मिलाउने, भएका निर्णय वा अन्तिम आदेशको लगत राख्ने, मातहत अदालतबाट कार्यान्वयन हुनुपर्ने फैसलाको लगत राख्ने तथा समयमा फैसला कार्यान्वयन भए नभएको कुराको अनुगमन गर्ने कार्य सर्वोच्च अदालतको फैसला अनुगमन शाखाको हो। त्यससम्बन्धी कार्य हाल अनुगमन तथा निरीक्षण महाशाखा मातहतको निर्णय कार्यान्वयन शाखाले गर्ने भनी सर्वोच्च अदालत नियमावली-२०४९ को नियम ११५(१) को खण्ड (ङ) को (छ) ले तोकेको छ। उक्त शाखाबाट पहिले बाल अदालत गठनसम्बन्धी रिटमा भएको आदेशको अनुगमन नगरेको कारणबाट यो रिट निवेदन दर्ता गर्न आएको भन्ने समेतको जिकिर रहेको छ। त्यसतर्फ यस अदालतको फैसला अनुगमन शाखा (हालको निरीक्षण तथा अनुगमन महाशाखा मातहतको निर्णय कार्यान्वयन शाखा) ले ध्यान दिनुपर्ने नै हुन्छ ।

३४. न्याय प्रशासन नियमावली २०४९ ले मुद्दाको प्रकृतिअनुसार निश्चित समयभित्र छिटो टुङ्गो नलगाइएमा अर्थहीन हुने मुद्दालाई अन्य मुद्दाभन्दा प्राथमिकता दिई सुनुवाइ गर्न अग्राधिकारको आदेश दिन सक्ने व्यवस्था छ। तर, निश्चित मापदण्ड भने तोकिएको छैन।

३५. "अग्राधिकारको दुरूपयोग भयो: न्यायाधीश"। *अन्नपूर्ण पोस्ट* ०६४ जेठ १५: पृ. ३

अवस्थामा सर्वोच्च अदालत आफैंले आफ्नो आदेश उल्लङ्घन हुने गरी निर्णय सुनाउने दिन लम्ब्याएको छ। जनआन्दोलन दबाउने क्रममा भएको मानवअधिकार उल्लङ्घनका सम्बन्धमा अनुसन्धान गर्न गठित उच्चस्तरीय अनुसन्धान आयोगको प्रतिवेदन सार्वजनिक गर्न आदेश माग गर्दै अधिवक्ता चन्द्रकान्त ज्ञवालीद्वारा दायर निवेदनमा सो प्रतिवेदनसम्बन्धी मुद्दा सार्वजनिक महत्त्वको मुद्दा भएको भन्दै ०६३ माघ १७ गते सर्वोच्च अदालतले ०६३ फागुन २० गते उक्त मुद्दाको निर्णय सुनाउने मिति तय गरेको थियो। आदेशमा प्रधानमन्त्रीसहित सबै विपक्षीबाट प्रतिवेदन कार्यान्वयन र सार्वजनिक गर्नेबारे लिखित जवाफ मगाउनू भनी गरिएको आदेशबमोजिम सबैको जवाफ आइसकेकामा अदालतले पेसी सूचीमा नराखेकाले सो मुद्दाको निर्णय सुनाउने दिन लम्बिएको हो।

५. अदालतप्रतिको जनआस्था

रविन्सन प्रकरण, लागू औषध मुद्दा, कालोसूची प्रकरण वा सीडी प्रकरणजस्ता प्रकरणहरूले न्यायपालिका र सर्वोच्च तहका न्यायाधीशसमेत यो वर्ष विवादको घेरामा परेका छन्। सर्वोच्च अदालतका एक कर्मचारीले मुद्दा जिताइदिने प्रलोभन दिएर एउटा झगडियासँग घूस मागेको टेलिफोन वार्तालापको सीडी *हिमाल खबरपत्रिका*ले सार्वजनिक गरेपछि र पुनरावेदन अदालत पाटनका तीन कर्मचारीले मुद्दाका एक पक्षलाई फैसला उनकै पक्षमा मिलाइदिन घूस माग्ने क्रममा भएको कुराकानीको सीडी *कान्तिपुर*ले सार्वजनिक गरेपछि यसले अदालतप्रतिको जनआस्थामा नकारात्मक प्रभाव पारेको छ।

घूस मामिलामा विवादमा तानिएका सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश दिलीपकुमार पौडेल अन्य विवादमा समेत मुछिन पुगेका थिए। सीडी काण्डका नामले चर्चित अदालतका कर्मचारी र मुद्दाका पक्षबीच घूस लेनदेनको वार्ता रेकर्ड गरिएको त्यो प्रकरण अहिले पनि अन्तरिम संसद्को न्याय कानुन समितिमा विचाराधीन छ। सर्वोच्च अदालत स्वयम्ले पनि यसबारेमा छानबिन चलाएको थियो। त्यस्तै पूर्वप्रधानन्यायाधीश पौडेलले केही मुद्दाका पक्षहरूसँग निवासमा भेट गरेको र श्रीमतीलाई निजी सचिवालयमा शाखा अधिकृतमा नियुक्त गर्नुले न्यायपालिकाका प्रमुख पदाधिकारिकै न्यायिक आचरणमा गम्भीर प्रश्न सिर्जना गरेको छ। भ्रष्टाचार मुद्दा खेपिरहेका व्यक्तिहरूलाई पेसीको अगाडि भेट्नु आफैंमा आपत्तिजनक र शङ्कास्पद हुनुका साथै यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा कायम न्यायकर्मीको आचारसंहिताको ठाडो उल्लङ्घन गरेको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विशेष अदालतमा मुद्दा चलाइएका केही राजनीतिक तथा प्रशासनिक व्यक्तिहरूसँग प्रधानन्यायाधीश पौडेलले आफ्नै औपचारिक निवासमा भेटघाट गर्नुको कुनै न्यायिक प्रयोजन हुन सक्दैन।

अदालत र त्यहाँका न्यायाधीशहरूको आचरणका बारेमा चर्चा चलिरहेका बेला उक्त कुरालाई पुष्टि गर्दै ट्रान्सपरेन्सी इन्टरनेसनलको वार्षिक प्रतिवेदन 'ग्लोबल करप्सन रिपोर्ट २००७'[३६] ले नेपालको न्यायपालिका अति भ्रष्ट क्षेत्रमध्ये एक रहेको उल्लेख गरेको छ। प्रतिवेदनका अनुसार अदालती प्रणाली अति खर्चिलो र भ्रष्टाचारयुक्त हुने गरेकाले गरिब जनताले सानासाना मुद्दामा पनि छिटो-छरितो न्याय पाउँदैनन् र पारस्परिक लेनदेनमा लिप्त हुँदा न्यायाधीशहरू असल सुझाव ग्रहण गर्ने र विवेक प्रयोग गर्ने कार्यबाट चुक्दैछन्। अदालतमा हुने भ्रष्टाचारका लागि न्यायाधीश र वकिल दुवै जिम्मेवार हुने गरेको कुरा सो प्रतिवेदनमा उल्लेख छ। न्यायाधीशहरूलाई विशेषाधिकार सम्पन्न गरिनुको उद्देश्य न्याय प्रदान गर्ने व्यक्ति नैतिकवान, निष्पक्ष रहिरहून्, राष्ट्रको विकासमा योगदान गर्न सकून् र न्याय दिनुपर्ने दायित्व भएका व्यक्तिहरूले अरू सरकारी कर्मचारीभन्दा पृथक् महसुस गर्न पाउन् भन्ने हो। न्यायपालिकालाई स्वतन्त्र, मर्यादित र जनआस्थाको केन्द्र बनाउन सर्वप्रथम न्यायमूर्तिहरू साँच्चै सम्मान, मर्यादा र आदरको भागिदार हुन सक्नुपर्दछ। त्यसमा न्यायमूर्तिका आफ्नै विधि-विधान, आचारसंहिता, परम्परा, तटस्थता, विवेक र निर्भयता आवश्यक हुन्छ।

न्यायपालिकाभित्र न्यायको मोलतोल हुन्छ। न्यायको नाममा पक्षपाती निर्णयहरूको क्रयबिक्रय र बोलकबोल हुने गर्दछ भन्ने संवाद जनताबीच प्रसारित हुनु कति खतरनाक कुरा हो र दण्डनीय अपराध पनि हो भन्ने कुरा सबैले राम्ररी मनन गर्नुपर्ने हुन्छ। जनता अदालतमा जानुको कारण अदालत विवाद समाधानको बाध्यात्मक निकाय भएकाले मात्र होइन, अदालतबाट न्याय हुन्छ भन्ने विश्वासले पनि हो। तसर्थ, वर्तमान राजनीतिक अवस्थामा न्यायपालिकाको खस्किएको जनआस्था पुनःस्थापित गर्न भ्रष्टाचारको निदानको अपेक्षा गर्ने मनोवृत्तिभन्दा त्यस्तो विकृति र विसङ्गति निवारण

३६. Global Corruption Report 2007. Opportunity knocks for Nepal's flawed judiciary. pp. 236-239. Transparency International. Cambridge University Press.

गर्ने पद्धति र संयन्त्रको व्यवस्था गरिनु आवश्यक हुन्छ। न्यायपरिषद्, संसद् र सर्वोच्च अदालत यी तीनै निकायले यस्तो संयन्त्रको विकास गर्न पहल गर्नुपर्ने देखिन्छ तर हालसम्म यस्तो पहल यी निकायहरूबाट हुन सकेको देखिँदैन। निर्भीक र निष्पक्ष न्यायबाट मात्र न्यायपालिकाप्रति जनविश्वास बढ्छ तर यो व्यवहारमा देखिँदैन। वर्तमान राजनीतिक स्थितिलाई प्रजातन्त्रको पुन:स्थापना, लोकतन्त्र वा गणतन्त्रको पूर्वस्वरूप, जुनसुकै नाम दिइए पनि मुलुकको न्याय सम्पादन कानुन र न्यायका सिद्धान्तमा आधारित हुनाका साथै जनआकाङ्क्षा अनुकूल सञ्चालित हुनुपर्दछ। जनताको जीउधन र सम्पूर्ण अधिकारको रक्षा गर्ने धरोहर न्यायपालिका नै भएकाले न्यायपालिकाप्रति जनआस्था र न्यायाधीशको योग्यता, निष्ठा र निष्पक्षताप्रति जनविश्वास नितान्त आवश्यक हुन्छ। जनआस्थाविहीन न्यायपालिकाको प्रजातन्त्र, लोकतन्त्र वा गणतन्त्र कुनै पनि राजनीतिक पद्धतिमा प्रयोजन रहँदैन।

न्याय सम्पादन छिटोछरितो ढङ्गले सम्पादन गरिनुपर्ने मान्यताविपरीत भ्रष्टाचारको आरोपमा निलम्बनमा परेका नेपाल राष्ट्र ब्याङ्ककका गभर्नर विजयनाथ भट्टराईको मुद्दाको फैसला पटक-पटक स्थगित हुँदै यो वर्ष निर्णय हुन सकेन। गभर्नर भट्टराईको मुद्दाको फैसला हुन नसक्दा देशमा नयाँ नोटको अभाव देखिएपछि सरकारले कायम-मुकायम गभर्नरको हस्ताक्षर भएको नोट निष्कासन गर्ने निर्णय गऱ्यो। यसरी देशको अत्यन्त महत्त्वपूर्ण पदसँग सम्बन्धित मुद्दाको फैसलामा यसरी ढिलाइ गर्दा उसले न्यायपालिकाको आचरणमा समेत असर पर्नसक्ने सम्भावनालाई नकार्न सकिँदैन। गभर्नर भट्टराईविरुद्ध यो मुद्दा ०६४ सालको सुरुमा दायर गरिएको थियो।

६. निष्कर्ष

०६२-६३ को जनआन्दोलनपूर्व सर्वोच्च अदालतको फैसलाबाट शाही आयोगलाई गैरकानुनी निकाय हो भनी गरिएको घोषणासँगै त्यसको अन्त्य भएको थियो, जसले आन्दोलित जनतालाई गुमेको प्रजातन्त्र फर्काउन बल मिल्यो। यस वर्ष द्वन्द्वका समयमा बेपत्ता पारिएकाहरूका बारेमा खोजी, क्षतिपूर्तिको सवाल र दोषीउपर कारवाही गर्ने जुन महत्त्वपूर्ण निर्णय सर्वोच्च अदालतले गरेको छ, त्यसले अन्यायलाई निराकरण गर्नेतर्फ महत्त्वपूर्ण कदम चाली देशमा दण्डहीनताको पक्षमा वकालत गर्ने पक्षउपर दह्रो प्रहारसमेत गरेको छ। त्यस्तै आमनागरिकको सूचना पाउने संवैधानिक तथा कानुनी हकको सम्मान गर्ने निर्णय, महिला र पुरुषबाहेक पनि प्राकृतिक रूपमा जन्मिएका सबैलाई उनीहरूको पहिचानका आधारमा नागरिकता तथा राज्यका अन्य सुविधा प्रदान गर्न सरकारलाई दिएको निर्देशनमार्फत न्यायालयले न्यायिक सक्रियता प्रदर्शन गर्न सफल भएको छ। न्यायालयले केही उदार र प्रशंसनीय फैसलाहरू गरी साहसिक कदम उठाएको छ, जसबाट भविष्यमा परिवर्तनको आशा गर्न सकिन्छ तर यसै अवधिमा उठ्ने गरेका न्यायलयभित्रका भ्रष्टाचार प्रकरणका बहस, स्वयम् न्यायाधीशद्वारा आचारसंहिताको उल्लङ्घनका कुराहरूले गर्दा न्यायालयको छवि धमिल्याउन सक्ने खतराप्रति भने बेलैमा सचेत हुनुपर्ने देखिन्छ।

संविधानले प्रस्ट गरेको न्यायपालिकाको स्वतन्त्रता अरूले दिने/दिलाउने होइन, आफैँ उपयोग गर्ने विषय हो, जुन उपयोग गर्ने प्रयास न्यायपालिकाले गर्न सक्नुपर्दछ। कुनै पनि राष्ट्रमा विधिको प्रयोग र व्याख्या गर्ने आधिकारिक निकाय न्यायपालिका नै हो। न्याय-निसाफमा सरकारको तेस्रो अङ्ग न्यायपालिका सक्रिय हुन जरुरी हुन्छ। राज्य पुन:संरचना गर्ने क्रममा न्यायपालिकाको पनि पुन:संरचना हुन जरुरी हुन्छ किनभने देशमा कानुनी राज र शान्ति स्थापना गर्न न्यायपालिकाको महत्त्वपूर्ण भूमिका रहन्छ।

बृहत् राजनीतिक इच्छाशक्ति र न्यायिक नेतृत्वको सक्षमता एवम् चाहना नभएसम्म न्यायिक स्वतन्त्रताको मूल उद्देश्य हासिल गर्न सकिँदैन। त्यस्तै, जनआस्था र समर्थन नभएसम्म न्यायिक स्वतन्त्रता अभिवृद्धि हुन नसक्ने भएकाले न्यायिक उद्देश्य हासिल गर्न सञ्चालित एवम् उत्तरदायी न्यायपालिका हुनुपर्दछ। न्यायाधीशले उत्तरदायित्व बहन नगरेकोमा अनुशासनसम्बन्धी कारबाहीको प्रक्रिया अघि बढाउन स्वयम् न्यायपालिकाभित्र प्रभावकारी संयन्त्रको विकास गरिनुपर्दछ, जुन न्यायाधीशहरूको नियुक्ति प्रक्रियाबाट नै सुरु हुनुपर्दछ।

●

फोटो : सूचना विभाग

३.२ राज्य र मानवअधिकार

परिच्छेद

कार्यपालिका

३

घटनाक्रम

(०६३ पुस १७ देखि ०६४ पुस १६)

०६३ माघ ८ गते

लहान घटनाबारे छानबिन गरी दोषीमाथि कारबाही गर्न पुनरावेदन अदालत पाटनका न्यायाधीश जनार्दनबहादुर खड्काको संयोजकत्वमा तीन सदस्यीय उच्चस्तरीय छानबिन आयोग गठन गर्ने निर्णय।

लहानमा मारिएका रमेशकुमार महतोको परिवारलाई १० लाख रुपियाँ उपलब्ध गराउने निर्णय।

मधेसी जनअधिकार फोरम र आदिवासी जनजाति महासङ्घलगायतलाई शान्ति वार्तामा आउन सरकारद्वारा आह्वान।

माघ १० गते

प्रधानमन्त्री कोइरालाद्वारा लहान, सिराहामा माओवादीद्वारा रमेशकुमार महतोलाई मारिएपछि उत्पन्न समस्या समाधान गर्न वार्ता आह्वान।

माघ १८ गते

कृषिमन्त्री महन्थ ठाकुरको संयोजकत्वमा वार्ता टोली गठन।

माघ २३ गते

प्रधानमन्त्रीबाट राष्ट्रका नाममा सम्बोधन, मधेसमा निर्वाचन क्षेत्र बढाइने।

माघ २३ गते

सरकारको स्वीकृतिबिना राजाबाट सन्देश आएको र माघ १९ को निरङ्कुश कदमलाई ढाकछोप गर्न खोजेको सरकारको भनाइ।

फागुन १४

माओवादीबाट विस्थापितलाई घर फर्कन प्रतिव्यक्ति बाटोखर्चबापत ३ सयदेखि १ हजार रुपियाँ, कर्णाली अञ्चलका विस्थापितका हकमा नेपालगञ्जबाट हवाई मार्गबाट जिल्ला फर्कन जहाज भाडा, घर फर्केपछि खेतिपाती र पशुपालन गर्न २५ हजार रुपियाँ बिनाब्याजको सहुलियतपूर्ण ऋण, बीउबिजनका लागि १० हजार र गाईभैंसी पालनका लागि १५ हजार रुपियाँ, बम विस्फोट या आगजनीमा परेकालाई घर बनाउन प्रतिपरिवार १० हजार र घर मर्मतसम्भारका लागि ५ हजार रुपियाँ अनुदान सहायता दिने निर्णय।

माओवादी छापामार शिविरका लडाकूलाई दैनिक ६० रुपियाँ रासनबापत दिने निर्णय।

फागुन २१ गते

मधेसी, आदिवासी, जनजाति, दलित, महिला, अपाङ्ग आदि संस्थाका प्रतिनिधिहरूसँग भइरहेको वार्तामा आउने व्यक्तिमाथिको वारेन्ट रद्द।

कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा गठित उच्चस्तरीय आयोगबाट प्राप्त प्रतिवेदन अध्ययन गरी कार्यान्वयनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष सुझाव दिन मङ्सिर ११ गते उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीको संयोजकत्वमा गठित समितिबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने।

निजी प्रतिष्ठान, उद्योग, कलकारखानामा समेत काम गर्ने महिला (कामदार तथा कर्मचारी) लाई ८ मार्चका दिन सार्वजनिक बिदा दिने निर्णय।

०६३ चैत १ गते

१० अप्रिल २००५ मा नेपालको तत्कालीन सरकार र संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तबीच सम्पन Agreement Between the United Nations High Commissioner for Human Rights and the Government of the Kingdom of Nepal Concerning the establishment of an office in Nepal. शीर्षकको सम्झौताका विभिन्न ठाउँमा रहेका Kingdom of Nepal भन्ने सट्टा Government of Nepal भन्ने शब्दावलीहरू राखी सम्झौताको अवधि अरू दुई वर्षका लागि थप गर्ने निर्णय।

नागरिकता वितरण टोलीको म्याद समाप्त भएको मितिबाट अरू एक महिना थप।

मित्रराष्ट्रहरूबाट नेपालका लागि नियुक्त हुन राजदूतहरूले पेस गर्ने ओहदाको प्रमाणपत्रमा प्रधानमन्त्रीलाई सम्बोधन गर्नुपर्ने, नयाँ नियुक्त हुने नेपाली राजदूतहरूले प्रधानमन्त्रीबाट सम्बन्धित मित्रराष्ट्र प्रमुखलाई सम्बोधन गरिएको ओहदाको प्रमाणपत्र लिएर जानु पर्ने।

चैत ६ र ८ गते

निर्वाचन क्षेत्र निर्धारण आयोगका सम्बन्धमा देहायबमोजिमको निर्णय :

(क) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५४ क. को उपधारा (१) बमोजिम संविधानसभा सदस्यको निर्वाचन गर्ने निर्धारण गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश अर्जुनप्रसाद सिंहको अध्यक्षतामा सदस्य भूगोलविद् डा. सूर्यलाल अमात्य, समाजशास्त्री डम्बर चेम्जोङ, व्यवस्थापनविद् सुनीति श्रेष्ठ रहेको निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्ने निर्णय।

चैत २५ गते

नेपाल सरकार, मन्त्रिपरिषद्को प्रवक्तामा सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महरालाई तोक्ने निर्णय।

नेपालको अन्तरिम संविधान-२०६३ को धारा १४६ को प्रयोजनका लागि माओवादी सेनाका लडाकूहरूको व्यवस्थापनका निम्ति लडाकू व्यवस्थापन समिति गठन गर्ने। समितिको कार्यविधि र कार्यविवरण

समितिले तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्समक्ष पेस गर्ने निर्णय।

शान्ति तथा पुन:निर्माणमन्त्री रामचन्द्र पौडेलको संयोजकत्वमा सदस्यमा जलस्रोत राज्यमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, सामान्य प्रशासन राज्यमन्त्री रामचन्द्र यादव रहने गरी सरकारी वार्ता टोली गठन।

निर्वाचन क्षेत्र निर्धारण आयोगको कार्यावधि समाप्त भएको मितिले बढीमा ०६३ चैत २९ गतेसम्म थप गर्ने निर्णय।

कर्तव्य ज्यान, डाँका, हातहतियार, आतङ्ककारी गतिविधिमा संलग्न, मुद्दा लागेका ११ जना व्यक्तिहरूलाई दण्ड सजाय पूरै माफी दिने निर्णय।

रौतहटको गौर घटनाका सम्बन्धमा जाँचबुझ गर्न गठित आयोगलाई जाँचबुझ आयोग ऐन- २०२६ को दफा ३ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी पुनरावेदन अदालत ललितपुरका न्यायाधीश हरिहरप्रसाद घिमिरेको अध्यक्षतामा राष्ट्रिय सतर्कता केन्द्रका कामु प्रमुख अधिकृत रामसरोवर दुवे, सहन्यायाधिवक्ता टीकाबहादुर हमाल, जुम्लाका जिल्ला न्यायाधीश अनन्तराज डुम्रे र डीआईजी रमेशचन्द्र ठकुरी सदस्य रहने गरी पुन:गठन गर्ने निर्णय।

चैत २७ गते

नेपालको अन्तरिम संविधान-२०६३ लाई संशोधन गर्न बनेको विधेयक व्यवस्थापिका-संसद्मा पेस गर्ने निर्णय।

०६४ वैशाख १२ गते

लोकतन्त्र दिवस ०६४ वैशाख ११ गतेको उपलक्ष्यमा विभिन्न मुद्दामा जेलमा रहेका ९८ जना कैदीहरूको बाँकी कैद मिनाहा गरी रिहा गर्ने निर्णय।

नागरिकता वितरण कार्य सम्पन्न गर्नका लागि विभिन्न मुद्दामा कार्यरत टोलीको म्याद ०६४ वैशाख १ गतेबाट एक हप्तादेखि बढीमा १५ दिनसम्म थप गर्ने निर्णय।

वैशाख १६ गते

रौतहटको गौर घटनाको सम्बन्धमा गठित जाँचबुझ आयोगको म्याद एक महिना थप गर्ने निर्णय।

देशका विभिन्न कारागारमा रहेका बन्दीहरूले राखेका मागहरूका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न समिति गठन गर्ने निर्णय।

जेठ ७ गते

(क) माओवादी लडाकूहरू रहेको अस्थायी शिविरहरूमा अस्थायी आवास गृहको निर्माण कार्य भौतिक योजना तथा निर्माण मन्त्रालयले गर्ने र सो निर्माण कार्यको प्रगतिका आधारमा योजना तथा निर्माण मन्त्रालयलाई रकम दिने निर्णय।

(ख) वैशाख १६ गतेको निर्णयानुसार गठन भएको स्थानीय निर्माण समितिको सट्टा स्थानीय शिविर व्यवस्थापन कार्यालयको प्रमुख संयोजक रहने गरी सदस्यमा माओवादीको स्थानीय शिविर डिभिजन कमाण्डर वा प्रतिनिधि र सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयको प्रमुख रहने।

(ग) अस्थायी शिविरमा रहेका माओवादी सेनाका लडाकूहरूलाई प्रतिव्यक्ति मासिक ३ हजार रुपियाँका दरले भत्ता उपलब्ध गराउने। यससम्बन्धी अन्य सबै कुरा शीर्ष नेताहरूको परामर्शबाट टुङ्गो लगाउने।

(घ) माओवादी सेनाका लडाकूहरूको भेरिफिकेसन गर्ने कार्य तत्काल सुरु गर्ने।

(क) कर्तव्यपालनको सिलसिलामा हत्या गरिएका नवराज विष्टलाई नेपाल राष्ट्रको निजामती कर्मचारी सहिद घोषणा गर्ने।

(ख) निजका परिवारलाई सहिद परिवारले पाएसरहको १० लाख रुपियाँ उपलब्ध गराउने।

(ग) शैक्षिक तालिम केन्द्र बाराका पूर्व तालिम प्रशिक्षक स्वर्गीय वासुदेव पौडेललाई आर्थिक सहायता उपलब्ध गराउन भएको निर्णयको सट्टा निजलाई पनि खण्ड (क) बमोजिम निजामती कर्मचारी सहिद घोषणा गरी निजको परिवारलाई खण्ड (ख) बमोजिम १० लाख रुपियाँ उपलब्ध गराउने।

जेठ ११ गते

प्रस्तावित राष्ट्रिय गान वरिष्ठ सङ्गीतकार अम्बर गुरुङद्वारा सङ्गीतबद्ध गराउने निर्णय।

जेठ २३ गते

०६३ चैत २७ को मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भई व्यवस्थापिका-संसद्मा प्रस्तुत नेपालको अन्तरिम संविधान-२०६३ लाई संशोधन गर्न बनेको विधेयक फिर्ता लिई नेपालको अन्तरिम संविधान (दोस्रो संशोधन), २०६४ चालू व्यवस्थापिका-संसद्समक्ष कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले पेस गर्ने निर्णय।

जेठ २४

१.माओवादी छापामारका लागि सञ्चारमन्त्री कृष्णबहादुर महरामार्फत छापामारको एक महिनाको तलब ९ करोड २५ लाख ५६ हजार रुपियाँ निकासा गर्ने निर्णय।

असार ७ गते

शान्ति तथा पुन:निर्माणमन्त्री रामचन्द्र पौडेलको संयोजकत्वमा माओवादी सेनाका

लडाकूहरूको रेखदेख, समायोजन र पुन:स्थापना गर्न छ सदस्यीय विशेष समिति गठन गर्ने निर्णय।

राज्य र माओवादी दुवैपक्षबाट बेपत्ता पारिएका नागरिकहरूको खोजी गर्न पूर्वप्रधानन्यायाधीशको संयोजकत्वमा उच्चस्तरीय आयोग गठन गर्ने सैद्धान्तिक निर्णय।

रायमाझी आयोगले दोषी ठहऱ्याएका एआईजीपी रूपसागर मोक्तान र कृष्ण बस्नेतलाई विशेष पद सिर्जना गरी प्रधानमन्त्री कार्यालयमा सरुवा गर्ने निर्णय।

असार १० गते

नेपालको अन्तरिम संविधान-२०६३ को धारा ६३ को उपधारा (२) को प्रयोजनका लागि संवत् ०६४ मङ्सिर ६ गतेका दिन संविधानसभा सदस्यको निर्वाचनका लागि मिति तोक्ने निर्णय।

संविधानसभा क्षेत्र निर्धारण समितिले पेस गरेको प्रतिवेदन पुनरावलोकन गर्न आयोगलाई अनुरोध गर्ने निर्णय।

असार १८ गते

राष्ट्रिय दलित आयोगमा बढीमा दुई वर्षका लागि १५ सदस्यहरू नियुक्त गर्ने निर्णय।

असार ३२ गते

नेपाल सरकार र माओवादीबीच ०६४ असार ३ गते सम्पन्न माओवादी नेतृत्वको सुरक्षा-प्रबन्धसम्बन्धी समझदारी र माओवादी सेनाका लडाकूहरूको अस्थायी शिविर र माओवादी नेताहरूद्वारा प्रयोग गरिएका सवारी साधनसम्बन्धी सहमतिपत्र अनुमोदन गर्ने र सो समझदारी र सहमतिपत्रमा उल्लिखित हतियार तथा सवारी साधनको विवरण सम्बन्धित मन्त्रालयले लिई कार्यान्वयन गर्न गृह मन्त्रालय, शान्ति तथा पुन:निर्माण मन्त्रालय र श्रम तथा यातायत व्यवस्था मन्त्रालयमा पठाउने निर्णय।

साउन १६ गते

सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ अयोगले पेस गरेको प्रतिवेदन र सो प्रतिवेदन कार्यान्वयन सम्बन्धमा मन्त्रिपरिषद् समितिले दिएको प्रतिवेदन र सो आधारमा गरिएका कारबाहीसहितको विवरण व्यवस्थापिका-संसद्समक्ष पेस गरी सार्वजनिक गर्ने निर्णय।

मन्त्रिपरिषद् बैठक सङ्ख्या ५४/०६३ मिति २०६३।१२।९ को मन्त्रिपरिषद्को निर्णय अनुसार पुनरावेदन अदालत, पाटनका न्यायाधीश हरिप्रसाद घिमिरेको अध्यक्षतामा गठित तीन सदस्यीय आयोगले पेस गरेको गौर घटनासम्बन्धी प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाउने निर्णय।

ब्याकुल माइलाद्वारा रचित गीतलाई नेपाल राष्ट्रको राष्ट्रिय गानका रूपमा स्वीकृत गर्ने, गीतको सङ्गीत वरिष्ठ सङ्गीतकार अम्बर गुरुङमार्फत तयार गर्ने व्यवस्था मिलाउने निर्णय।

साउन १७ गते

वन तथा भू-संरक्षणमन्त्री मातृका यादवद्वारा राजीनामा।

भदौ ३ र ४ गते

कर्तव्य पालनका सिलसिलामा हत्या गरिएका राजकुमार जोशीलाई कृषि अनुसन्धान परिषद्को कर्मचारी सहिद घोषणा गर्ने र निजका परिवारलाई १० लाख रुपियाँ उपलब्ध गराउने निर्णय।

०६३ माघ ४ गतेदेखि २५ गतेसम्म मधेसमा भएको विरोध प्रदर्शनमा मारिएका १८ जना व्यक्तिका आश्रित परिवारलाई प्रतिपरिवार १० लाख रुपियाँ दिने निर्णय। ०६३ चैत ७ गते रौतहटको गौर घटनामा मारिएका सत्ताइस जना र चुरेभावर आन्दोलनमा मारिएका मङ्गलबहादुर गुर्मछान, जनजाति आन्दोलनमा मारिएका निर्मल राजवंशी तथा तल्लु हेमरमका आश्रित परिवारलाई समेत प्रतिपरिवार १० लाख रुपियाँ उपलब्ध गराउने निर्णय।

मृत घोषित भएका, बेपत्ता पारिएका र स्थिति स्पष्ट नभएका व्यक्तिहरूका परिवारलाई क्षतिपूर्ति एवम् राहत उपलब्ध गराउने सम्बन्धमा सर्वोच्च अदालतको ०६४ जेठ १५ गतेको निर्णय कार्यान्वयनका लागि देहायबमोजिम गर्ने :

(क) मृत घोषित भएका चन्द्रबहादुर कटुवालको नजिकको हकवालालाई क्षतिपूर्तिबापत २ लाख रुपियाँ उपलब्ध गराउने। अन्य मृत घोषित भएकाहरूको परिवालाई पनि क्षतिपूर्तिबापत २ लाखका दरले उपलब्ध गराउने निर्णय।

(ख) अदालतबाट छानविन गरिसकिएका र बेपत्ता पारिएको निष्कर्ष निकालिएका राजेन्द्रप्रसाद ढकाल, विपीन भण्डारी र दिलबहादुर राईको परिवारलाई जनही १ लाख ५० हजार रुपियाँ दिने निर्णय।

(ग) निवेदनहरूमा स्थिति स्पष्ट नभएका विभिन्न ५१ जना व्यक्तिहरूका परिवारलाई तात्कालिक राहतस्वरूप प्रतिपरिवार १ लाख रुपियाँ उपलब्ध गराउने निर्णय।

जनआन्दोनका घाइते मुकेश कायस्थलाई आर्थिक सहायताबापत ७ लाख ५० हजार रुपियाँ उपलब्ध गराउने निर्णय।

कर्तव्य पालनको सिलसिलामा हत्या गरिएका

सूर्यनारायण यादवलाई शिक्षक सहिद घोषणा गर्ने र तिनका परिवारलाई १० लाख रुपियाँ उपलब्ध गराउने निर्णय।

कर्तव्य पालनाको सिलसिलामा हत्या गरिएका रामहरि पोखरेललाई निजामती कर्मचारी सहिद घोषणा गर्ने र निजका परिवारलाई १० लाख रुपियाँ उपलब्ध गराउने निर्णय।

प्रेस काउन्सिल नियमावली-२०६४, चलचित्र नियमावली-२०६४, रेडियो सञ्चार नियमावली-२०६४ र दूरसञ्चार नियमावली २०६४ स्वीकृत गर्ने निर्णय।

विघटित भ्रष्टाचार नियन्त्रण शाही आयोगको ज्यादतीका सम्बन्धमा जाँचबुझ गर्न पुनरावेदलन अदालतका पूर्वन्यायाधीश माधवप्रसाद ओझाको अध्यक्षतामा गठित आयोगले पेस गरेको प्रतिवेदन र सो प्रतिवेदन कार्यान्वयन सम्बन्धमा गठित मन्त्रिपरिषद् समितिले दिएको प्रतिवेदन सार्वजनिक र कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाइने।

भदौ ३१ गते

राष्ट्रिय मानवअधिकार आयोगमा पदाधिकारी तथा सदस्य नियुक्त। प्रधानमन्त्रीले ०६४ भदौ ३१ गते राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्षमा पूर्वप्रधानन्यायाधीश केदारप्रसाद उपाध्यायसहित सदस्यहरूमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश रामनगिना सिंह, बालमजदुर सरोकार केन्द्र सिविनका अध्यक्ष गौरी प्रधान, पूर्वप्रशासन तथा ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका महासचिव डा. लीला पाठक र मानवअधिकारकर्मी डा. केबी रोकाया नियुक्त।

असोज ३ गते

कपिलवस्तु घटनाको छानबिनका लागि पुनरावेदन अदालत राजविराजका न्यायाधीश लोकेन्द्र मल्लिकको अध्यक्षतामा सहन्यायाधिवक्ता पुष्पराज कोइराला, अतिरिक्त प्रहरी महानिरीक्षक निरज पुन गरी तीन सदस्यीय आयोग गठन गर्ने। आयोगलाई एक महिनाको समयावधि दिने। घरबारविहीन भएकालाई राहतस्वरूप तत्काल ५ हजार र मृतकको सद्गतका लागि परिवारलाई १० हजार रुपियाँ उपलब्ध गराउने।

असोज १८ गते

मङ्सिर ६ गते तय भएको संविधानसभा निर्वाचनको मिति सार्न निर्वाचन आयोगलाई अनुरोध गर्ने निर्णय।

असोज २१ गते

शिविरमा रहेका माओवादी छापामारलाई तीन महिनाको भत्ता दिने निर्णय।

कात्तिक २६ गते

धर्मपुत्र/धर्मपुत्री पठाउन छनोट भइसकेका हकमा पुरानै कानुनअनुसार प्रक्रिया अघि बढाउन मन्त्रिपरिषद्को महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई निर्देशन दिने निर्णय।

कात्तिक २८ गते

तत्कालका लागि अनमिनको म्याद छ महिनाका लागि थप्ने निर्णय।

मङ्सिर ५ गते

सरकारी वार्ता टोली र विभिन्न संस्थाबीच विभिन्न समयमा भएको सम्झौता कार्यान्वयन गराउन आ-आफ्ना मन्त्रालयअन्तर्गत कार्यान्वयन हुन बाँकी विषय सम्बन्धित मन्त्रालयले अविलम्ब कार्यान्वयन गर्ने।

मुलुकभित्र विभिन्न ठाउँमा सञ्चालित मदरसालाई अनुगमन र नियमन गर्ने प्रयोजनका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले मदरसा बोर्डको गठनसम्बन्धी कारबाही अघि बढाउने निर्णय।

राज्यको पुन:संरचनासम्बन्धी आयोगको कार्यक्षेत्रगत सर्त निर्धारण गरी पेस गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव माधव पौडेल तथा गृह र शान्ति तथा पुन:निर्माण मन्त्रालयका सचिव सदस्य रहेको कार्यदल गठन गर्ने निर्णय।

मङ्सिर २० गते

द्वन्द्वबाट विस्थापितलाई राहत दिन १९ करोड ५० लाख रुपियाँ निकासा।

मङ्सिर २१ गते :

नेपाल सरकारको प्रवक्तामा गृहमन्त्री कृष्णप्रसाद सिटौला नियुक्त।

मङ्सिर २५ गते :

बृहत् शान्ति सम्झौतासम्बन्धी व्यवस्थाको कार्यान्वयनको स्थिति समीक्षा गरी वर्तमान अवस्थामा गर्नुपर्ने कार्यबारे तीन दिनभित्र सुझाव दिन तीन सदस्यीय समिति गठन। समितिको संयोजकमा गृहमन्त्री कृष्णप्रसाद सिटौला र सदस्यहरूमा श्रम तथा यातायातमन्त्री रमेश लेखक र पूर्वमन्त्री प्रदीप ज्ञवाली चयन।

पुस ४ गते

अनमिनको म्याद थपका लागि सुरक्षा परिषद्मा औपचारिक पत्राचार।

पुस १४ गते

माओवादी मन्त्रीहरूले असोज १ गते दिएको राजीनामा स्वीकृत।

●

१. **पृष्ठभूमि**

जनआन्दोलन २०६२/६३ को सफलतापछि गठित सरकारको प्रमुख कार्यसूची संविधानसभा निर्वाचन, राज्यको पुन:संरचना र जनआन्दोलनका दोषीलाई कारबाही गरेर मुलुकमा दिगो शान्ति स्थापना गर्नु रहेको थियो। सङ्क्रमणाललाई छोट्याउन र विद्रोही माओवादीलाई लोकतन्त्रको मूलधारमा समाहित गराउन संविधानसभाको निर्वाचन आवश्यक थियो, जसले नयाँ संविधानको निर्माण र राज्यको पुन:संरचना गर्न सकोस्। नेपालको इतिहासमा पहिलोपटक हुन लागेको संविधानसभा निर्वाचनका लागि ढिलै भए पनि आवश्यक कानुनहरू तर्जुमा गरियो। राजनीतिक दलहरूको इच्छाशक्तिको अभावमा तय गरिएको मितिमा निर्वाचन गर्न सरकार असफल भयो। अन्तरिम संविधान-२०६३ को धारा ३८ अनुसार गठित सरकार, नेपालको इतिहासकै सबैभन्दा शक्तिशाली सरकार हो। तर, सरकार संसद्प्रति उत्तरदायी नभई सात दलको छाया भएको वर्षभरि अनुभूत गरियो। सरकारको पर्यायवाचीको हैसियतमा सात दलको निर्णय नै केन्द्रीय वृत्तमा वर्षभरि छाइरह्यो।

सरकारमा सरसल्लाह र गृहकार्य नहुने समस्या अधिक देखियो। उदाहरणका निम्ति माओवादीसँग भएका सम्झौताको कार्यान्वयनको अनुगमन गर्न भन्दै डा. वीरेन्दप्रसाद मिश्रको संयोजकत्वमा भदौ २४ गते सरकारद्वारा गठित सम्झौताको कार्यान्वयन अनुगमन उच्चस्तरीय समिति बैठक नै नबसी अस्तित्वविहीन भयो। समितिको घोषणा भए पनि माओवादी विरोधका कारण त्यो अस्तित्वमा आउन सकेन। विभिन्न पक्षसँग गरिएका सहमति तथा सम्झौताहरू परिपालना नभएको सम्पूर्ण दोष वर्षभरि नै सरकारले खेप्नुपऱ्यो। सरकारमै रहेको माओवादीका कार्यकर्ताहरूको अराजकताका कारण सरकारलाई शान्ति सुरक्षाको बहाली गर्न कठिनाइ भयो। माओवादीको भ्रातृ सङ्गठन वाईसीएलका विभिन्न गतिविधिहरू सरकारका निम्ति चुनौतीका रूपमा रहे। वाईसीएलका कतिपय गतिविधिहरूले मुलुकमा कानुनी राज्यको उपहास गऱ्यो। सरकारमा माओवादीको आगमन, बहिर्गमन र पुन:आगमन यस वर्षका उल्लेख्य घटनाका रूपमा रहे। जनआन्दोलनको भावनाअनुसार सरकार नचलेको, १२ बुँदे सहमतिको उल्लङ्घन भएको, जनयुद्धका सहिदको अपमान भएको, अस्थायी शिविरमा रहेका माओवादी जनसेनाको भरणपोषणको उचित व्यवस्थापन नभएको लगायतका कारण देखाउँदै र विभिन्न २२ बुँदे मागहरू अगाडि सार्दै माओवादी सरकारबाट बाहिरियो। ती मागहरू पूरा नगरिए संविधानसभाको निर्वाचन हुन नदिने घोषणा माओवादीले गऱ्यो। संविधानसभाको निर्वाचन बिथोल्न विभिन्न कार्यक्रमहरू पनि सार्वजनिक गरियो। माओवादी सरकारबाट बाहिरिएपछि फेरि युद्ध चर्किने भयो भनेर निराश भएका नेपालीको शान्तिप्रतिको आकाङ्क्षालाई सात दलले तुषारापात गरेनन्। संविधानमा लोकतान्त्रिक गणतन्त्र लेख्ने, गणतन्त्रको कार्यान्वयन संविधानसभाको पहिलो बैठकले गर्ने कुरा अन्तरिम संविधानको तेस्रो संशोधनमा थप गरिएपछि माओवादी वर्षको अन्त्यमा पुन: सरकारमा सामेल भए। माओवादीको सरकारमा आगमनसँगै संविधानसभा निर्वाचनको मिति ०६४ चैत महिनाका लागि तोकियो।

जारी भएकै भोलिपल्ट मधेसी जनअधिकार फोरमले अन्तरिम संविधान जलाएपछि उत्पन्न विग्रहले मुलुकको ध्यान मधेस आन्दोलनतिर तानियो। स्वतन्त्र तराईको दावी गर्दै सशस्त्र आन्दोलनमा ओर्लिएका विभिन्न समूहहरूलगायत जनजाति, दलित, भूमिहीन, द्वन्द्वपीडितका मागहरूको उचित सम्बोधन हुन सकेन। विभिन्न समूहका नाममा सिर्जना भएको अशान्तिका कारण शान्ति-सुरक्षा नै जनताको पहिलो अपेक्षा हुन पुग्यो। वर्षको सुरुवातमै जनआन्दोलन ०६२/६३ मा सहादत प्राप्त गर्ने मानिसको सङ्ख्याभन्दा बढी मृत्युवरण गर्दै भएको मधेस आन्दोलनलाई मत्थर पार्न सरकारले संविधान संशोधनको सहारा लिनुपऱ्यो।

अन्तरिम सरकार, अन्तरिम संसद् र अन्तरिम संविधानले मधेसको समस्या समाधान नगरेको आरोप लगाउँदै सरकारका विज्ञान तथा प्रविधिमन्त्री महन्थ ठाकुर, अन्तरिम व्यवस्थापिका-संसद्का सांसदहरू महेन्द्रराय यादव, हृदयेश त्रिपाठी र जयप्रकाशप्रसाद गुप्ताले आ-आफ्नो पार्टीको साधारण सदस्यबाट राजीनामा गरी नयाँ तराई मधेस लोकतान्त्रिक पार्टीको घोषणा गरे। नेसपा (आ.) बाट फुटेको नेसपाका राजेन्द्र महतोले त मधेस रक्षाबाहिनीको गठन गरे।

समानुपातिक निर्वाचन प्रणाली जातीय स्वायत्ततासहितको सङ्घीय शासन व्यवस्थाको माग गर्दै आन्दोलनमा उत्रिएका जनजातिहरूसँग सरकारले वार्ता र सम्झौता गऱ्यो। तर, जनजातिहरूले सरकारले सम्झौतामा उल्लेख गरेका मागहरू पूरा नगरेको बताए। यस वर्षको अन्त्यसम्म गठन गरिने भनिएका बेपत्ता पारिएका नागरिकहरूबारे छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, राज्य पुन:संरचना आयोग, वैज्ञानिक भूमिसुधार आयोग, उच्चस्तरीय शान्ति आयोग, उच्चस्तरीय अनुगमन आयोग अस्तित्वमा आउन सकेन। नागरिक तथा राजनीतिक अधिकार, स्वतन्त्र तथा निष्पक्ष निर्वाचन,

उदार र जिम्मेवार सरकारलाई प्रजातान्त्रिक समाज र प्रजातन्त्रका सूचक मानिन्छन्। यिनै सूचकलाई आधार मानी सन् २००७ मा सरकारले गरेका कार्यहरूको यस परिच्छेदमा मूल्याङ्कन गर्ने प्रयास गरिएको छ।

२. माओवादी सम्मिलित सरकारको गठन

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा २२ सदस्यीय अन्तरिम सरकार गठन गरिएपछिसात दल र माओवादीबीचको सहमतिमा सुरु भएको शान्ति प्रक्रियाले एक फड्को माऱ्यो। मन्त्रिमण्डलमा प्रधानमन्त्रीसहित काङ्ग्रेसका पाँच, एमालेका छ, माओवादीका पाँच, काङ्ग्रेस (प्र.) का चार, सद्भावना (आ.) का एक र वाममोर्चाका एक सदस्य रहेका थिए। आठ दलको बैठकपछि काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री नियुक्त गर्न अन्तरिम संसद्मा प्रस्ताव राखेका थिए। संसद्ले प्रस्ताव सर्वसम्मतिले अनुमोदन गरी उनलाई अन्तरिम सरकारको प्रधानमन्त्री चयन गरेको थियो।

जनआन्दोलनको बलमा पुन:स्थापित प्रतिनिधिसभाबाट ०६३ वैशाख १५ गते प्रधानमन्त्री नियुक्त कोइरालाले राजीनामा दिएपछि संसद्मा उनलाई पुन: सरकारप्रमुख बनाउने प्रक्रिया सुरु भएको थियो। छैटौँपटक मुलुकको सर्वोच्च कार्यकारी पदमा नियुक्त कोइरालाले संसद्समक्ष शपथ ग्रहण गरे। संसद्ले प्रधानमन्त्री नियुक्तिको घोषणा गरेको र प्रधानमन्त्रीले जनताका प्रतिनिधिसमक्ष शपथ ग्रहण गरेको घटना नेपालको इतिहासमै पहिलो थियो। त्यसअघि राजाबाट प्रधानमन्त्री नियुक्तिको घोषणा हुने, प्रधानमन्त्रीले दरबारमा शपथ लिने र राजाका प्रमुख सचिवको हस्ताक्षरमा मन्त्रिपरिषद् गठनको निर्णय सार्वजनिक गर्ने परम्परा रहेको थियो। यसपटक भने सरकारका मुख्यसचिव भोजराज घिमिरेले मन्त्रिपरिषद् गठनको निर्णय सार्वजनिक गरे। प्रधानमन्त्रीले त्यसै दिन योजना आयोगको कार्यक्षमा नवनियुक्त मन्त्री र राज्यमन्त्रीहरूलाई शपथ गराए।

काङ्ग्रेसका महन्थ ठाकुर, डा. रामशरण महत र कृष्णप्रसाद सिटौलाले क्रमश: वातावरण, विज्ञान तथा प्रविधि, अर्थ र गृह मन्त्रालयको जिम्मेवारी पाए भने सरकारमा एमालेको नेतृत्व गरेकी सहाना प्रधानलाई परराष्ट्र मन्त्रालयको जिम्मेवारी दिइएको थियो। एमालेकै प्रदीप नेपालले शिक्षा तथा खेलकुद, पृथ्वी सुब्बा गुरुङले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, छविलाल विश्वकर्माले कृषि तथा सहकारी र राज्यमन्त्रीद्वय रामचन्द्र यादव र मोहनसिंह राठौरलाई क्रमश: सामान्य प्रशासन र शिक्षा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी प्रदान गरिएको थियो।

माओवादीका तर्फबाट संसदीय दलका नेता एवम् प्रवक्ता कृष्णबहादुर महराले सरकारमा पार्टीको नेतृत्व गरे। उनले सूचना तथा सञ्चार मन्त्रालयको जिम्मेवारी सम्हाले भने देव गुरुङले स्थानीय विकास, मातृका यादवले वन तथा भूसंरक्षण, हिसिला यमीले भौतिक योजना तथा निर्माण र खड्गबहादुर विश्वकर्माले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय पाए।

त्यस्तै काङ्ग्रेस (प्र.) को नेतृत्व गर्ने नरेन्द्रविक्रम नेम्वाङले कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय सम्हाले भने राज्यमन्त्रीहरू रमेश लेखकले श्रम तथा यातायात, ज्ञानेन्द्रबहादुर कार्कीले जलस्रोत, इन्द्रबहादुर गुरुङले कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको दायित्व पाए।

सद्भावना (आ.) का राजेन्द्र महतोलाई उद्योग, वाणिज्य तथा आपूर्ति र वाममोर्चाका जगतबहादुर बोगटीलाई भूमिसुधार तथा व्यवस्था मन्त्रालयको जिम्मेवारी दिइयो।

आठ दलबीच २६ सदस्यीय मन्त्रिपरिषद् बनाउने सहमति भएकामा काङ्ग्रेसका दुई, माओवादीका एक, जनमोर्चाका एक जना समावेश गर्न बाँकी रहेको थियो। पछि जनमोर्चाका गिरिराजमणि पोखरेलालाई स्वास्थ्यमन्त्रीमा र सोही मन्त्रालयको राज्यमन्त्रीमा शशी श्रेष्ठलाई जिम्मेवारी दिइयो। आठ दलमध्ये नेमकिपा सरकारमा सामेल भएन। मन्त्रिपरिषद्मा आदिवासी जनजातिबाट छ, मधेसी समुदायबाट चार, दलितबाट दुई गरी समावेशी प्रकृतिको प्रतिनिधित्व देखिन्थ्यो।

मन्त्रिपरिषद्बाट यस वर्ष तीन जना मधेसी मन्त्रीले राजीनामा दिए। माओवादीका सम्पूर्ण मन्त्रीहरूले राजीनामा दिनुपूर्व नै वन तथा भूसंरक्षणमन्त्री मातृका यादवले आफ्नो पार्टी र सरकारमाथि चारओटा आरोप लगाउँदै राजीनामा दिएका थिए। आफ्नो पार्टी सरकारमा गए पनि बेपत्ताको स्थिति सार्वजनिक गर्न नसकेको, जनयुद्धका घाइतेहरूलाई उपचार र राहत उपलब्ध गराउन नसकेकामा उनको असन्तुष्टि थियो। उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गरी राज्यका सम्पूर्ण निकायमा समानुपातिक प्रतिनिधित्व गराउन पटक-पटक आवाज उठाउँदा पनि बेवास्ता गरिएको, मधेसमा अराजक तथा आपराधिक गतिविधि नियन्त्रण नगरी वार्ताको नाटक गर्दै अपराधलाई सहयोग पुऱ्याइएको आरोप लगाएका थिए। गृहमन्त्री कृष्णप्रसाद सिटौला र सामान्य प्रशासनमन्त्री रामचन्द्र यादवमाथि रक्तचन्दनका तस्कर र भ्रष्ट कर्मचारीहरूसँग मिलेर

आफूलाई असहयोग गरेको आरोप समेत उनले लगाएका थिए। सञ्चारमन्त्री कृष्णबहादुर महरालाई बुझाइएको यादवको राजीनामा प्रधानमन्त्रीले स्वीकृत गरेका थिए।

३. वार्ता र सहमतिमा अल्झिएको सरकार

यस वर्ष सुरुआतसँगै सरकार वार्ता, सहमति र सम्झौताका लागि निरन्तर जुझ्न बाध्य भयो। सात दल र माओवादीबीचको सहमति खोज्न पटकपटक वार्ता भयो। शान्ति सम्झौतालाई यथार्थमा परिणत गर्न ती वार्ता अत्यावश्यक पनि थिए। तीबाहेक विभिन्न हित समूह र राजनीतिक माग सम्बोधन गर्न पनि वार्ताको आवश्यकता भयो। मन्त्रीद्वय रामचन्द्र पौडेल र महन्थ ठाकुरको मुख्य जिम्मेवारी नै वार्ता गर्ने रहेको देखिन्थ्यो।

पुस २३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) ले विज्ञप्ति जारी गरी वार्ता गर्न नौओटा माग अघि सार्‍यो। राष्ट्र सङ्घको नेतृत्वमा सात दल, सरकार र माओवादीद्वारा लिखित निर्णय गरी आफ्ना माग संसद्बाट पारित गरिए सरकारसँग वार्ता गर्ने जानकारी उक्त समूहले गरायो। त्यसको हप्ता दिन नबित्दै संविधान जारी भएपछि संयुक्त मधेसी सङ्घर्ष समिति, आदिवासी जनजाति महासङ्घ र सात राजनीतिक दलसँग आबद्ध जनजाति संयुक्त सङ्घर्ष समितिद्वारा आन्दोलनको घोषणा भयो। मधेसी जनअधिकार फोरमद्वारा सङ्घीय र समानुपातिक निर्वाचन प्रणाली नअपनाइएको भनी आन्दोलन गरेकै दिन प्रधानमन्त्री कोइरालाले बालुवाटारमा आयोजित चियापान समारोहमा सिराहामा उत्पन्न समस्या समाधान गर्न वार्ताको आह्वान गरेका थिए।

यसैबीच, प्रधानमन्त्री र माओवादीका अध्यक्ष प्रचण्डबीच तराई समस्या समाधान गर्न आठ दलले साझा धारणा बनाउने सहमति कायम भयो। आठ दल सङ्घीय राज्य तथा जनसङ्ख्या र भूगोलका आधारमा निर्वाचन प्रणालीमा जान सहमत भए। प्रधानमन्त्रीले राष्ट्रका नाममा सम्बोधन गर्दै मधेसी जनअधिकार फोरमलाई वार्तामा आउन आह्वान गरे। मधेसी जनअधिकार फोरमले सीतानन्दन रायको संयोजकत्वमा चार सदस्यीय वार्ता टोली गठन गर्‍यो। तैपनि मधेस र जनजातिको आन्दोलन थामिएन। परिणामतः प्रधानमन्त्रीले दोस्रोपटक राष्ट्रका नाममा सम्बोधन गरी मुलुकलाई सङ्घीय लोकतान्त्रिक राज्य प्रणालीमा लैजाने र तराईमा निर्वाचन क्षेत्र बढाउने घोषणा गर्नु पर्‍यो। उनको यो घोषणापश्चात् फोरम र नेसपाले तराईमा जारी आन्दोलन फिर्ता लिए। यसअघि नै आपूर्तिमन्त्री हृदयेश त्रिपाठीले मधेस समस्याप्रति आठ दल संवेदनशील नभएको भन्दै राजीनामा दिसकेका थिए।

आदिवासी जनजाति महासङ्घद्वारा सरकारसँग वार्ता गर्न डा. ओम गुरुङको संयोजकत्वमा डा. कृष्णबहादुर भट्टचन, सोमा राई, कृपासुर शेर्पा र भुलाई चौधरीसहितको पाँच सदस्यीय टोली गठन गरियो। सरकारी वार्ता टोली र नेपाल आदिवासी जनजाति महासङ्घ तथा आदिवासी जनजाति संयुक्त सङ्घर्ष समिति, नेपालका प्रतिनिधिबीच ०६३ चैत, वैशाखमा दुईपटक, जेठमा तीनपटक, असारमा एकपटक गरी विभिन्न चरणमा भएका छलफलबमोजिम ललितपुरको गोदावरीमा सम्पन्न वार्तामा दुवै पक्षबीच सहमति कायम भएको थियो। र, जनजाति महासंघले आफ्नो आन्दोलन फिर्ता लिएको थियो। तर, वर्षको उत्तरार्द्धमा आएर सहमति कार्यान्वयन नभएको भन्दै महासङ्घले पुनः आन्दोलन सुरु गर्‍यो।

नेपाल सरकार र मधेसी जनअधिकार फोरम, नेपालबीच विभिन्न छ चरणमा भएको छलफल र सहमतिको आधारमा सम्झौता भएको थियो। तर, सरकारकै एक घटक माओवादीले भने फोरम र सरकारबीच भएको सम्झौतालाई षड्यन्त्रमूलक भन्दै आपत्ति जनाएको थियो। माओवादी अध्यक्ष प्रचण्डले वक्तव्य जारी गर्दै सरकारले गरेको समझौता रहस्यमय र अपारदर्शी भएको आरोप लगाएको थियो। माओवादी कब्जामा रहेका घर, सम्पत्ति, हतियार फिर्ता गराउने बुँदा सबैभन्दा आपत्तिजनक रहेको माओवादीको धारणा थियो। सरकारी वार्ता टोलीमा माओवादीका मन्त्री देव गुरुङ, एमालेका झलनाथ खनाल र काङ्ग्रेस (प्र.) का डा. प्रकाशशरण महतलाई थपिएको थियो। तर, उनीहरू वार्तामा सहभागी भएका थिएनन्। सरकारका तर्फबाट रामचन्द्र यादव सहभागी भएका थिए।

तर, यही समूह वर्षको अन्त्यतिर उक्त सम्झौता संविधानसभा निर्वाचन मङ्सिर ८ गते हुने भनिएको अवस्थामा मात्रै गरिएको र आफ्ना माग पूरा नभएको जनाउँदै आन्दोलनमा उत्रियो। तराईलाई मधेस भनेर सम्बोधन गरिएको विषयमा चित्त नबुझेको थारु कल्याणकारी सभालगायत थारु समुदायसँग सम्बन्धी समूहले थरुहट राज्यको माग अघि सारे। हिंसात्मक गतिविधि नगर्ने यी समूहले उल्लेखनीय ध्यानाकर्षण भने गराउन सकेनन्।

फागुनको पहिलो हप्ता जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) ले नौ सूत्रीय मागमा केन्द्रित रहेर वार्ता गर्न सहमत भएको जानकारी दियो। जनतान्त्रिक तराई मुक्ति मोर्चाका गोइत र ज्वाला सिंह दुवै समूहसँग सरकारको विधिवत वार्ता भएन। सरकारले विभिन्न माग राखेर आन्दोलन गरिरहेका

विभिन्न असन्तुष्ट समूहसँग वार्ताद्वारा समस्या समाधान गर्ने प्रतिबद्धता र घोषणा पटक-पटक गऱ्यो। वार्ता पनि भए। तर सफलतापूर्वक कुनै पनि वार्ताबाट सार्थक उपलब्धि हासिल हुन सकेन।

४. दण्डहीनताको संस्कृतिको चुनौती

४.१ अशान्त तराई

काठमाडौँमा अन्तरिम संविधान जलाएपछि मधेसी जनअधिकार फोरमका नेता तथा कार्यकर्ताहरूलाई सरकारले सार्वजनिक अपराधअन्तर्गत मुद्दा दायर गर्ने तयारी गऱ्यो। सोको विरुद्धमा सप्तरी र सिराहाका केही भागमा आन्दोलन सुरु भयो। लहानमा रमेश महतो माओवादीबाट मारिएपछि तराईमा आन्दोलनको लहर बढ्दै गयो। आन्दोलन कुनै पार्टी विशेषमा मात्र सीमित रहेन, सबै तह र तप्काका मधेसीहरू आन्दोलनमा स्वत स्फूर्तरूपमा सहभागी भए। पुसको दोस्रो साता नेपालगञ्जमा भएको दङ्गाको सीडी तराईमा बाँडिन थालेपछि तराईका २० जिल्ला अझ अशान्त भयो। नेपालगञ्जमा त्यतिखेर सुर्खेत रोडलाई पहाडी र सदरलाइनलाई मधेसी समुदायले नियन्त्रणमा लिई ज्यादती गर्दा प्रहरी मूकदर्शक भएर बसेको थियो। तर, सीडीमा भने सदरलाइनको दृश्य मात्र समावेश गरी 'एकपक्षीय र नियोजित तवरले बाँडिएको थियो।'[१] नेसपा (आ.) को बैठकमा समेत उक्त सीडी प्रदर्शन गरिएको थियो। 'सरकारी स्रोतले त्यो सीडीको प्रसार हृदयेश त्रिपाठीले गरेको दाबी गरेको छ।'[२] सीडीको यथार्थ सार्वजनिक गर्न सरकारले कुनै प्रयत्न गरेको भए तराईमा मच्चिएको विद्वेषात्मक क्रियाकलाप मत्थर हुन सघाउ पुग्ने थियो। मधेस आन्दोलनलाई प्रधानमन्त्रीको दोस्रोपटकको सम्बोधनले मात्र मत्थर पार्न सक्यो। लहान घटनाबाट आरम्भ भएको माओवादी र फोरमबीचको तिक्तता बढ्दै जाँदा गौर घटना हुन पुग्यो *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद २, 'यस वर्षको उल्लेख्य')।*

तराईको मुद्दालाई हेर्ने विषयमा सरकार आफैँ अन्योलमा रहेको सरकारप्रमुख र सरकारका घटक दलहरूको भनाइबाट बुझिन्छ। तराईमा जारी हिंसाको विषयमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मङ्सिर ३ गते *बीबीसी* नेपाली सेवासँगको अन्तर्वार्तामा भने, "तराईको समस्याको समाधान भारत र नेपालले जोइन्टली (प्रयास) गरेपछि एक मिनेटमा हुन्छ।"

सरकारकै एक घटक माओवादीले तराईमा भएको हिंसात्मक सङ्घर्षलाई आपराधिक मान्दै आएको थियो। सरकारकै मन्त्री मातृका यादवले राजीनामा दिने कारणमध्ये मधेसमा 'अराजक तथा आपराधिक गतिविधिमाथि नियन्त्रण नगरी कथित वार्ताको नाटक गर्दै अपराधीहरूलाई सहयोग पुऱ्याइरहेको'[३] बताएका थिए।

४.२ शान्ति सम्झौताको अवहेलना

माओवादी र सरकारबीच अघिल्लो वर्षको मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता वर्षदिन पूरा भइसक्दा पनि देशको मानवअधिकार अवस्थामा भने अपेक्षाकृत सुधार भएन। नेपाल र नेपाली जनताको हितविपरीत यस्तो अवस्था रहिरहनुमा सरकार, माओवादी, विभिन्न सङ्गठित समूह जिम्मेवार देखिए। यस अवधिमा राज्य र माओवादी पक्षबाट बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक नगरेर सरकार र माओवादी दुवैले आफूले गरेका सम्झौताको अवमूल्यन गरे भने शान्ति र सुव्यवस्था कायम गर्न दुवै पक्ष सक्षम भएनन्। माओवादीले कानुनी शासनको मर्यादालाई किञ्चित गम्भीरताका साथ लिएन भने सरकारले उसलाई कानुन पालना गर्न अग्रसर गराउनुको साटो कतिपय घटनाका दोषीलाई उन्मुक्ति दिएर प्रोत्साहनसमेत गऱ्यो।

"विस्तृत शान्ति सम्झौतामा विस्थापितहरूलाई पुनःस्थापना गर्न घर फर्काउने वातावरण बनाउने कुराको उल्लेख गरिएको छ। तर सो समस्या समाधानका लागि माओवादीहरू जिम्मेवार भएर प्रस्तुत हुन सकेनन्। कैयौँ मानिसहरूको घरजग्गा यस वर्षको अन्त्यसम्म पनि माओवादीले फिर्ता गरेनन्। उसको भ्रातृ सङ्गठन वाईसीएलले त कतिपय ठाउँमा समानान्तर प्रशासन सञ्चालन गर्न खोज्यो। माओवादीले वाईसीएलका नाममा अपहरण, कुटपिट, सम्पत्ति कब्जा, चन्दा सङ्कलनजस्ता घटनालाई निरन्तरता दिइराखे। वाईसीएलले युद्धकालीन अवस्थाको माओवादी व्यवहार कायमै राखेको अनुभूति गरियो।"*(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद २, 'यस वर्षको उल्लेख्य')।*

तराईको शान्ति व्यवस्था दिनप्रतिदिन खस्कँदै गइरहयो। राजनीतिका नाममा भइरहेका आपराधिक घटना नियन्त्रण गर्न सरकार असफल देखियो। तराईमा

---

१. के.सी., शरद। "अधिकारको खोजी"। *हिमाल खबरपत्रिका* ०६३ माघ : पृ. ३१-३५
२. पूर्ववत्
३. "वनमन्त्रीद्वारा राजीनामा"। *कान्तिपुर* ०६४ साउन १७ : पृ. १

झण्डै दुई दर्जन समूह हत्या, अपहरण, सम्पत्ति कब्जालगायतका घटनामा संलग्न रहेको भए पनि तिनलाई नियन्त्रण गर्न सरकार उदासीन देखियो। हतियारधारी समूहका त्रासका कारण तराईमा सुरु भएको विस्थापनको समस्याका सम्बन्धमा सरकारले कुनै चासो देखाएको पाइएन। तराईमै सङ्घर्षरत जनतान्त्रिक तराई मुक्ति मोर्चाका दुवै घटकसँग वार्ताको चर्चा चले तापनि त्यसले सार्थकता पाउन सकेन। शान्ति सम्झौताको एक वर्ष मानवअधिकारका दृष्टिकोणले सहज रहेन।"[४]

पहिलेको आठ दल र पछिल्लो सात दलबीच भएको दुवै सहमतिमा गठन गर्ने भनिएका आयोग तथा समितिहरू यस वर्षको अन्त्यसम्म पनि बन्न सकेनन्। त्यस्ता संयन्त्र निर्माण गरिने कुरा अन्तरिम संविधानको धारा १५४ मा उल्लेख छ। माओवादी सेना समायोजनका लागि मन्त्रीस्तरीय समिति, राज्य पुन:संरचना आयोग, मेलमिलाप तथा सत्यनिरूपण आयोग, बेपत्ता नागरिक खोजबिन आयोग, शान्ति आयोग, वैज्ञानिक भूमिसुधारसम्बन्धी अध्ययन तथा सुझाव आयोग गठन गर्ने उल्लेख छ। तर, संविधानमा उल्लिखित ती आयोगहरू गठन गर्ने विषयमा सात दलबीच कुनै सहमति नभएपछि यो वर्षको अन्त्यमा भएको २३ बुँदे सहमतिमा पुन: त्यस्तो सहमति भयो। सहमतिको बुँदा ६ मा एक महिनाभित्र त्यस्ता संयन्त्र गठन गर्ने उल्लेख छ। सहमतिअनुसार ०६४ माघ ८ गते ती समिति तथा आयोग गठन भइसक्नुपर्नेछ। तर, त्यसका लागि आवश्यक पर्ने ऐन वर्षको अन्त्यसम्मै तर्जुमा भएन। यसअघि सत्य निरूपण तथा मेलमिलाप आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको मस्यौदा विधेयक सार्वजनिक गरिएको थियो।

सङ्क्रमणकालीन न्यायसम्बन्धी आमप्रचलनमा अन्तर्राष्ट्रियस्तरको फौजदारी कारबाही, नोकरीमा कारबाही, स्मारक निर्माण, कानुन र संस्थागत सुधार, क्षतिपूर्ति, माफी, गल्ती नदोहोऱ्याउने प्रतिबद्धता तथा द्वन्द्वका कारणहरूको पहिचान र निराकरणका उपायहरू अङ्गीकार गर्ने गरिन्छ। त्यही प्रयोजनका लागि अन्तरिम संविधानमा मेलमिलाप आयोगको अवधारणाले स्थान पाएको हो। शान्ति मन्त्रालयले सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकको मस्यौदा यस वर्ष सार्वजनिक गरेको थियो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले आलोचना गरेको उक्त विधेयक व्यवस्थापिका-संसद्मा प्रस्तुत भएन। यस्ता आयोगको स्थापित र सर्वस्वीकार्य उदाहरण छैन। तर, यसका न्यूनतम मापदण्डका रूपमा गम्भीर प्रकृतिका मुद्दामा कारबाही गरेर मात्र मेलमिलाप गरिनुपर्छ भन्ने धारणा रहेको छ।

इन्सेकले सत्य निरूपण तथा मेलमिलाप आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको मस्यौदा विधेयकमाथि टिप्पणी र सुझाव नामक पुस्तिका सार्वजनिक गरी छलफल अघि बढायो। विधेयकको मस्यौदा तयार गर्दा अन्तर्राष्ट्रिय मापदण्ड र अभ्यासअनुरूप गरिनुपर्ने धारणा प्रस्तुत गर्दै इन्सेकले समग्र विधेयकले आयोग केवल क्षमा दिनका लागि मात्र गठन गर्न लागिएको उल्लेख गऱ्यो। विधेयकमा मानवअधिकारको गम्भीर उल्लङ्घनको स्पष्ट परिभाषा नभएको, युद्ध अपराधका विषयहरूमा कतै पनि उल्लेख नगरेकोमा ध्यानाकर्षण गराएको छ। मस्यौदाको दफा १५ को प्रावधानले मानवअधिकारको गम्भीर उल्लङ्घन, मानवताविरुद्धको अपराध र युद्ध अपराधका घटनाहरूको छानबिन तथा अनुसन्धान हुन नसक्ने अवस्था सिर्जना हुने सम्भावना बढाएको ठानियो। त्यसैले इन्सेकले त्यस्ता घटनालाई आयोगको कार्यक्षेत्रभित्र पार्ने व्यवस्था गर्न माग गऱ्यो। इन्सेकबाहेक अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाले समेत उक्त विधेयक उपयुक्त नभएको टिप्पणी गरेका थिए। नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले साउन १७ गते उक्त विधेयकको मस्यौदाबारे आफ्ना टिप्पणीहरू समावेश गरी एक दस्तावेज सरकारलाई बुझाएको थियो। मस्यौदा विधेयकका प्रावधानका सम्बन्धमा 'गैरन्यायिक हत्या, यातना, बलपूर्वक बेपत्ता पार्नेलगायत अन्तर्राष्ट्रिय मानवीय कानुन तथा घोर मानवअधिकार उल्लङ्घनका पीडकहरूलाई क्षमादान दिने प्रावधानबारे उच्चायुक्तको कार्यालय, नेपाल घोर चिन्ता व्यक्त गर्दछ'[५] भनिएको थियो।

५. रायमाझी आयोगको प्रतिवेदन उपलब्धिहीन

जनआन्दोलनका दोषीहरूलाई कारबाहीको सिफारिस गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा गठित आयोगले आफ्नो प्रतिवेदन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई बुझायो। बहुप्रतीक्षित सो प्रतिवेदन सार्वजनीकरण गर्न संसद् तथा सडकमा आवाज उठे पनि सरकारले लामो

४. प्याकुरेल, सुबोधराज। "प्रेस विज्ञप्ति" www.inseconline accessed on 17 December 2007

५. ओ.एच. सी. एच. आर. "उच्चायुक्तको कार्यालय- नेपालद्वारा सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयकबारे चिन्ता व्यक्त" प्रेस विज्ञप्ति। १७ डिसेम्बर २००७

समयसम्म प्रतिवेदनका बारेमा केही पनि बोलेन। मन्त्री परिषद्को बैठकले तत्कालीन परराष्ट्रमन्त्री खड्गप्रसाद ओलीको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गऱ्यो। समितिलाई प्रतिवेदनमा दोषी ठहऱ्याइएकाहरूलाई कस्तो खालको कारबाही गर्ने हो, सोको सिफारिस गर्ने अख्तियारी दिइएको थियो। गृहमन्त्रीले संसद्मा पेस गर्दै सो प्रतिवेदन सार्वजनिक गरे। भोलिपल्ट काठमाडौँमा आयोजित एक कार्यक्रममा रायमाझी आयोगले दोषी ठहऱ्याएकाहरूमध्ये धेरैजसोलाई कारबाही भइसकेको समेत गृहमन्त्री कृष्णप्रसाद सिटौलाले बताए। प्रतिवेदनले दोषी ठहऱ्याएका राजा, प्रधानसेनापति, पूर्वप्रहरी प्रमुख तथा सशस्त्र प्रहरी प्रमुख सहवीर थापालाई कुनै कारबाही भएन।

तर प्रतिवेदन त्यतिबेला सार्वजनिक भयो, जुनबेला फौजदारी अभियोगमा कारबाही गरिनुपर्ने मानिसहरूलाई सरकारले भ्रष्टाचारको अभियोगमा कारबाही चलाउने निर्णय गऱ्यो। सरकारले रायमाझी आयोगले दोषी ठहऱ्याएका केही मानिसहरूलाई कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अनुरोध गऱ्यो। नयाँ कानुन नबनाई रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मा चार महिनादेखि नेतृत्वविहीन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सरकारले सुम्पियो। मन्त्रिपरिषद्को २५ माघको बैठकले प्रतिवेदनको 'परिच्छेद १२ मा उल्लेख भएका व्यक्तिलाई कारबाही गर्ने' जिम्मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दियो। तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष राजा ज्ञानेन्द्रसहित सिङ्गो शाही मन्त्रिपरिषद् र केही मन्त्रीको नामै किटेर राष्ट्रिय ढुकुटी दुरुपयोग गरेकामा कारबाही गर्न सुझाव दिइएको थियो। त्यसरी उल्लेख गरिएकामा कमल थापा, टङ्क ढकाल, श्रीषशमशेर राणा, तत्कालीन सेनाप्रमुख प्यारजङ्ग थापा र राष्ट्र व्याङ्कका गभर्नर विजयनाथ भट्टराईलगायतका रहेका थिए। यसरी रायमाझी आयोगको प्रतिवेदनलाई पनि मल्लिक आयोगको प्रतिवेदनजस्तै पङ्गु बनाइयो।

६.अन्तरिम संविधान : मानवअधिकार र दण्डहीनताको प्रश्न

अन्तरिम संविधानमा शिक्षा, रोजगार, स्वास्थ्यलगायतका कतिपय कुराहरूलाई मौलिक हकका रूपमा स्वीकारिएको छ। तर अन्तरिम संविधानलाई अन्तिम रूप दिने क्रममा सात दलका नेताहरूले ती अधिकारलाई कानुनमा व्यवस्था भएबमोजिम भन्ने प्रावधान राखे। जसले गर्दा यी अधिकारहरू मौलिक हक नभई कानुनी हक मात्र बन्न पुगे। जुन व्यवस्था संयुक्त राष्ट्र सङ्घको सन् १९९४ को मानवअधिकारको विश्वव्यापी घोषणापत्रले स्थापित गरेको 'सबै मानवअधिकार बराबर छन्, छुट्याउन नमिल्ने छन् र अविभाजित छन्' भन्ने मान्यताको विपरीत छ।

अन्तरिम संविधानको धारा १४ ले छुवाछूत तथा जातीय भेदभावविरुद्धको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। धारा १४ (२) मा छुवाछूतलाई सार्वजनिक स्थलमा निषेध गरिएको छ। प्रतिनिधिसभाले गरेको मुलुकी ऐनको दफा १० (क) मा गरेको संशोधनमा कुनै व्यक्तिले कसैलाई भन्ने प्रावधान राखी व्यक्तिगत र सार्वजनिक स्थलमा गरिने छुवाछूतको भेदभावलाई समाप्त गरिसकेको छ। संविधानमा उल्लिखित सार्वजनिक स्थल शब्दले व्यक्तिगत स्थलमा छुवाछूतलाई संस्थागत गर्न छुट दिने अर्थ पनि दिन्छ।

अन्तरिम संविधानमा भूतलक्षीत कानुन बनाउन नपाइने व्यवस्थामा गम्भीर प्रकृतिका अन्तर्राष्ट्रिय अपराधमध्येका मानवताविरोधी अपराध र युद्ध अपराधमा यो सिद्धान्त लागू नहुने प्रावधानलाई अन्तरिम संविधानमा समेटिएको छैन। नेपालको वर्तमान अवस्थालाई नियाल्दा नेपालको राजनीतिक नेतृत्वको मनसाय विगतको गम्भीर मानवअधिकार उल्लङ्घनकर्तालाई कारबाही नगर्ने देखिन्छ। अझ उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगलाई राज्यको निर्देशक सिद्धान्तअन्तर्गत धारा ३३ (घ) मा राखी धारा ३६(१) को प्रतिबन्धमा यो प्रावधान कार्यान्वयन भए/नभएको विषयमा अदालतमा प्रश्न उठाउन नपाउने भनिएको छ। मानवअधिकारका दृष्टिले हेर्दा संविधानको यो बुँदाले मानवअधिकारको सिद्धान्तलाई उपहास गरेको छ। नेपालले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ लाई अनुमोदन गरिसकेको छ। र, यसको धारा १५ (२) मा मानवताविरुद्धको अपराध र युद्ध अपराधमा संलग्न व्यक्तिहरूलाई कारबाही गर्न छुट दिएको हुँदा अन्तरिम संविधानको प्रावधान दोषीहरूलाई कारबाही गर्न बाधक बनिहाल्ने अवस्थाचाहिँ छैन।

अन्तरिम संविधानको धारा २४ को न्यायसम्बन्धी हकमा गोप्य थुना र जबरजस्ती बेपत्तालाई प्रतिबन्ध लगाइएको छैन। नेपालको समकालीन इतिहासमा भएको एक गम्भीर मानवताविरुद्धको यो अपराध भावी दिनमा पुनरावृत्ति हुँदैन भन्न सकिने अवस्था छैन। संयुक्त राष्ट्रसङ्घको महासभाले जबरजस्ती बेपत्तासम्बन्धी अभिसन्धि पारित गरिसकेको अवस्थामा पनि यो निन्दनीय अपराधलाई कारबाहीको दायरामा ल्याउनु पर्नेमा संविधानमा यो

विषयलाई राखिएको छैन। यसले दण्डहीनताको संस्कृतिलाई प्रश्रय दिने निश्चित छ। 'दण्डहीनतालाई राजनीतिक द्वन्द्वको स्वभाविक परिणति बताउँदै सुरक्षा व्यवस्था अस्तव्यस्त हुनु स्वाभाविक हो भन्नेसम्मको गैरजिम्मेवारीपनको पराकाष्ठा गृहमन्त्री स्वयम्ले अभिव्यक्त गर्ने गरेका छन्।'[६]

द्वन्द्वउप्रान्त समाजमा देखापर्ने 'गम्भीर अपराधहरू राष्ट्रियता, जातीयता वा धार्मिक विवाद, शक्ति तथा स्रोतमाथि नियन्त्रण गर्ने चाहनाका कारण देखा पर्न सक्छन्। द्वन्द्वउप्रान्त आफ्नो समाजको अध्ययन गर्न र उपस्थित चुनौतीको सामना गर्न आफूलाई जसरी तयारी गर्नुपर्दथ्यो सरकार त्यसरी प्रस्तुत हुन सकेन। सरकारमा सामेल भइसकेको अवस्थामा पनि विद्रोही माओवादी र उसका भ्रातृ सङ्गठन खासगरी वाईसीएलको ज्यादतीलाई सरकार निरीह बनेर हेरिरहन बाध्य भयो। जिल्लाको शान्ति सुरक्षाको अभिभारा जसको जिम्मामा सुम्पिएको हुन्छ, तिनै प्रमुख जिल्ला अधिकारीहरू सरकारकै घटक माओवादीको वाईसीएलको आक्रमणको सिकार बने। दोलखा, बर्दिया, कञ्चनपुर, कैलालीका अधिकारीहरूले कानुनी शासन कायम गर्न खोज्दा उनीहरूको हुर्मत लिइएको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको अनुसूची १, 'मध्यपश्चिमाञ्चल')।*

७. लोक कल्याणकारी राज्य स्थापना गर्न असफल सरकार

लोककल्याणकारी राज्यका तीन आधारभूत तत्त्वहरू 'पहिलो : सरकारले आर्थिक विकास, दोस्रो : नागरिकहरूको अधिकार रक्षा र तेस्रो : सामाजिक एकता र आधारभूत सुरक्षाको सम्बर्द्धन'[७] हुन्। तर, यस वर्ष उपरोक्त कामहरू गर्न सरकारले सफलता प्राप्त गर्न सकेन। तराईमा दिनहुँजसो अपहरण, हत्याजस्ता आपराधिक घटना भइरहेको अवस्थामा सरकारले शान्ति सुरक्षा कायम गराउन आफ्नो उपस्थिति बोध गराउन सकेन। तराईमा हतियारसहित पक्राउ परेका व्यक्तिहरूले सजिलै उन्मुक्ति पाउँदै आए। न्यायाधीशहरूले कानुनको अभावमा न्याय सम्पादन गर्न र प्रहरीहरूले कानुनको अभावमा अपराध नियन्त्रण गर्न नसकेको अभिव्यक्तिसमेत दिए। असोज १९ गते पुनरावेदन अदालतका न्यायाधीश मोहनरमण भट्टराईले एक कार्यक्रममा भने 'अपराधीहरू अदालतबाट सजिलै मुक्त हुन थालेपछि बढ्दै गएको असन्तुष्टिप्रति म अनभिज्ञ छैन, कानुनको अभावमा जनअपेक्षाअनुसारको न्याय सम्पादन गर्न सकिएको छैन।'[८]

जिल्ला प्रहरी कार्यालय, सप्तरीको तथ्याङ्कअनुसार हत्या-अपहरणजस्ता अपराधमा १ सय ५ जनाउपर मुद्दा चलाइएकोमा २५ जना मात्र थुनामा छन्, बाँकी सबैलाई अदालतले सामान्य धरौटीमा रिहा गरिसक्यो। तीमध्ये अधिकांश तराईमा सङ्घर्षरत समूहका कार्यकर्ता हुन्। त्यस्ता कार्यकर्तालाई प्रहरीले हातहतियार खरखजाना ऐन, २०१९ अन्तर्गत कारबाही चलाउने गर्दछ। उक्त ऐनअनुसार 'अवैध हतियार फेला परेमा अधिकतम २१ हजार धरौटी लिई पुर्पक्षमा राख्ने प्रावधान छ। ४५ वर्षअघिको उक्त ऐन पुनरावलोकन नभएको र प्रचलित ऐनका आधारमा पनि हदैसम्मको धरौटी, जरिवाना र कैद सजाय नतोकिएबाट तराईमा अपराधीलाई बढावा मिलेको'[९] मानिन्छ।

गम्भीर अपराध नियन्त्रण गर्न 'विद्यमान कानुन तथा देशको अन्तर्राष्ट्रिय सन्धिसम्बन्धी दायित्व समीक्षा गरेर अन्तर्राष्ट्रिय कानुनका आधारमा गम्भीर अपराधको अनुसन्धान तथा कारबाहीका लागि उपर्युक्त कानुनी संरचना निर्माण गरी कार्यान्वयन गराउन'[१०] यस वर्ष सरकारले कुनै प्रयास गरेन।

बरु अपराध नियन्त्रण गर्ने उद्देश्यले सरकारले तराईका आठ जिल्लालाई सुरक्षाका दृष्टिले संवेदनशील मान्दै मङ्सिर १५ गतेदेखि विशेष कार्यदल परिचालन गरायो। नेपाल प्रहरी र सशस्त्र प्रहरीको यो विशेष टोलीले गाउँबस्तीमा सर्च अभियान चलाएर शङ्कास्पद व्यक्तिहरूमथि निगरानी गर्न थाल्यो। यसरी सक्रियता बढाइएका जिल्लामा सप्तरी, सिराहा, धनुषा, सर्लाही, रौतहट, महोत्तरी, बारा र पर्सा रहेका छन्। 'कात्तिक २९ गते सुरक्षा निकायका तीन प्रमुखहरूले मन्त्रिपरिषद् सदस्यहरूलाई जानकारी गराउँदै तराईमा सक्रिय २६ समूहबारे केन्द्रले स्पष्ट निर्देशन नदिएको गुनासो गरेका थिए।'[११]

---

६. प्याकुरेल, सुबोधराज। *प्राची* ०६४ कात्तिक-मङ्सिर
७. स्पकर, पउल। "दी वेलफेयर स्टेट अ जनरल थ्योरी" लण्डन सेज पब्लिकेसन्स, २०००, पृ. १३६-१३८ यूके पोलिटी प्रेस पृ. १६२-१६७
८. खड्का, जितेन्द्र। "अपराधीलाई उन्मुक्ति" *नेपाल* ०६४ मङ्सिर १६
९. पूर्ववत्
१०. पिस विल्डीङ एण्ड द रुल अफल। द्वन्द्व उपरान्त समाजमा गम्भीर अपराध उन्मूलन। २००७। पृ. १०
११. खड्का, जितेन्द्र। "अपराधीलाई उन्मुक्ति"। *नेपाल* ०६४ मङ्सिर १६

८. आयोगहरू गठन

असोज ३ गते सरकारले नैनकला थापाको अध्यक्षतामा पाँच सदस्यीय महिला आयोगको गठन गऱ्यो। आयोगमा थापाबाहेका माओवादीका तर्फबाट मञ्जु चौधरी, एमालेका तर्फबाट धनकुमारी सुनार, काङ्ग्रेका तर्फबाट अमुदा श्रेष्ठले प्रतिनिधित्व गरेका छन्। काङ्ग्रेसतर्फबाट छानिएकी रत्ना शेरचनले भने पद अस्वीकार गरेकी थिइन्। झण्डै एक करोड बजेट छुट्याइएको यो आयोगको सदस्यमा मानवअधिकारको क्षेत्रमा क्रियाशील व्यक्तित्व एक जना पनि रहेका छैनन्। आयोगमा प्रमुख तीन राजनीतिक दलको मात्र प्रतिनिधित्व रहेको छ। समाज कल्याण मन्त्रालयको एउटा हाँगाका रूपमा गठित यो आयोगसँग न मुद्दा फर्स्यौट गर्ने क्षमता छ, न त अधिकार नै। "नहुनुभन्दा कानो मामा निको भनेझैं हो यो आयोग," आयोगकी अध्यक्ष आफैंले यो कुरा स्वीकारिन्।[१७]

०६४ असार ४ गते स्थापना भएपछि राष्ट्रिय दलित आयोगले यही वर्ष जातीय छुवाछूत भेदभाव निवारण ऐन-२०६४ मस्यौदा तयार गऱ्यो।

९. अनुगमन समिति गठन

नेपाल सरकार र माओवादीबीच सम्पन्न विस्तृत शान्ति सम्झौताको कार्यान्वयन अनुगमन गर्न भदौ २४ गते वीरेन्द्र मिश्रको संयोजकत्वमा ११ सदस्यीय उच्चस्तरीय अनुगमन समिति गठन भयो। समितिमा प्रा. कपिल श्रेष्ठ, सुबोधराज प्याकुरेल, विष्णुपुकार श्रेष्ठ, पदमसिंह विश्वकर्मा, निरूपमा यादव, केवी गुरुङ, गङ्गाप्रसाद साह, प्रदीप पोखरेल र नगेन्द्रराज सिटौला रहेका थिए। उक्त समितिले सात राजनीतिक दल र माओवादीबीच भएका सहमति, सम्झौता र समझदारीलगायत विस्तृत शान्ति सम्झौताको पालना भए/नभएकोबारे अन्तर्राष्ट्रिय मान्यता अनुसार अनुसन्धान तथा अनुगमन गरी सरकारलाई सुझाव दिने उद्देश्यका लागि गठित सो समितिलाई सक्रिय तुल्याउन सरकारले कुनै चासो देखाएन। पछि माओवादीको चर्को विरोधपछि सो समितिको एकपटक पनि बैठकै नबसी समिति अस्तित्वविहीन भयो। सम्झौताको अनुगमन संयन्त्र नहुनु सम्झौता उल्लङ्घन एउटा गम्भीर कारक थियो। सात दल, सरकार र माओवादीमा आफ्ना गल्तीहरू औंल्याउन किन कुनै संयन्त्र बनाउने भन्ने मनोविज्ञान रहेको देखियो।

१०. नागरिकता वितरण एक उपलब्धि अनि समस्या

सरकारले नागरिकता टोली खटाएपछि ठाउँठाउँका सिफारिससहित कैयौं दिन लगाएर जिल्ला प्रशासनमा गएर नागरिकता लिने हैसियत नराख्ने थुप्रै अशिक्षित र गरिब निमुखा नेपालीले नागरिकता पाए। कहिल्यै जागिर खानु, विदेश जानु, घरघडेरी जोड्नु नपरेका, व्यापार व्यवसाय गर्नु नपरेका र राजनीतिमा असंलग्न महिला लगायतका भूमिहीन र निरक्षरहरूले नागरिकता पाए। गृह मन्त्रालयअन्तर्गतको नागरिकता वितरण अभियान कार्यसञ्चालन केन्द्रीय एकाइका अनुसार ७५ जिल्लाका नागरिकताविहीन २२ लाख जनताले नागरिकता लिए। झण्डै तीन दशकदेखि चर्चामा रहेको नागरिकता मुद्दा समाप्त भयो। ४० लाख तराईवासीले नागरिकता नपाएको आवाज उठिरहेका बेलामा तराईमा १० लाखको हाराहारीमा नागरिकताप्रमाणपत्र वितरण गरियो भने पहाडी र हिमाली क्षेत्रमा १२ लाख जनताले आफू नागरिक भएको सरकारी कागज प्राप्त गरे।

अन्तरिम संविधानअनुसार, ०४६ सालको चैत मसान्तसम्म नेपालमा जन्मेको व्यक्तिले पाँच जना नेपाली नागरिकको सर्जमिन, तीन जनाको सनाखत र गाविसको सिफारिस भएमा जन्मका आधारमा नागरिकता पाउने सजिलो प्रावधानले गर्दा गैरनागरिकले नागरिकता लिनसक्ने आशङ्का पनि उठ्यो। नक्कली नागरिकता लिने भारतीयहरू पक्राउमा परेका समाचारहरू प्रकाशमा आइरहे। मङ्सिर १२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) मोरङ इञ्चार्ज रघुवंश मिश्र भारतीय नागरिक भएको र नक्कली नागरिकता बनाई नेपाल विद्युत् प्राधिकरणमा अस्थायी जागिरसमेत खाइरहेको खुल्न आयो।

त्यस्तै, नेपालगञ्जमा पुस ११ गते प्रकाश शाहको घरमा डकैती गरेको आरोपमा पक्राउ परेका भारतीय अपराधी अशोक पाण्डे, उनका साथीहरू सब्बीर अहमद र सिरताज अहमद तीनै जना भारतीय नागरिक भए पनि उनीहरूले नेपाली नागरिकता लिएको प्रहरीले जनायो। ती सबैलाई नागरिकता दिन एमाले, काङ्ग्रेस, सद्भावना, माओवादीका स्थानीय नेताहरूले सिफारिस गरेको पनि प्रहरीले सार्वजनिक गरेको थियो। भारतीय डाँकालाई नेपाली नागरिकता दिन सिफारिस गर्ने दलका नेता तथा कर्मचारीलाई कारवाही गर्ने प्रक्रिया भने अघि बढाइएको छैन।

---

१७. तिम्सिना, यशोदा। "उजुरीको ओइरो कामचाहिँ कम"। *नेपाल* ०६४ पुस १४ : पृ. ३८-३९

११. सरकार र अन्तर्राष्ट्रिय प्रतिबद्धता

सशस्त्र सङ्घर्षमा संलग्न बालबालिकाको अधिकार प्रत्याभूत गर्ने बालअधिकार महासन्धिको ऐच्छिक आलेख, सन् २००० लाई नेपालले ०६३ पुस १९ गते अनुमोदन गऱ्यो। नेपालले सो ऐच्छिक आलेखमा ०५७ भदौ २३ गते हस्ताक्षर गरी पक्षराष्ट्र बन्ने इच्छा व्यक्त गरेको थियो। महासन्धिको प्रमुख व्यवस्थाहरूमा सशस्त्र सङ्घर्षमा राज्यको सशस्त्र सेनामा भर्तिका लागि १८ वर्ष पूरा गर्नुपर्ने प्रावधान छ। प्रावधान बमोजिम महासन्धिको प्रावधानविपरीतको कार्यका सम्बन्धमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने रहेको छ।

नेपालको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी स्थितिको मूल्याङ्कन गरी संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिले वैशाख १९ गते आफ्नो निष्कर्ष र सुझाव दियो। नेपाल सरकारले ०६३ असार १६ गते आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिसमक्ष दोस्रो आवधिक प्रतिवेदन बुझाएको थियो। अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको कार्यान्वयन स्थिति अनुगमन गर्न गठित संयुक्त राष्ट्रसङ्घीय निकाय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिले नेपाल सरकारद्वारा पेस गरिएको प्रतिवेदनमाथि महत्त्वपूर्ण चासो प्रकट गर्दै थप जानकारी माग गरेकामा ०६४ वैशाख ७ गते नेपाल सरकारले समितिलाई जानकारी गराएको थियो।

सरकारले संविधानसभाको निर्वाचन दोस्रोपटक स्थगन गरेपछि पुस ४ गते नेपालको शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसङ्घको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै छ महिनाका लागि अनमिनको म्याद थप गर्नका लागि संयुक्त राष्ट्रसङ्घलाई पत्र पठायो। ०६४ माघ ८ गते अनमिनको म्याद समाप्त हुँदैछ। ०६३ माघ ९ गते १ वर्षका लागि सुरक्षा परिषद्को प्रस्ताव १७४० द्वारा यस मिसनको स्थापना गरिएको थियो। नेपालमा अनमिनको भूमिकाका सम्बन्धमा विभिन्न प्रश्न उठ्दै आएका छन्। अनमिनले थप म्याण्डेट मागे पनि राजनीतिक दलहरू त्यो मागसँग सहमत छैनन्।

नेपाल सरकारको स्वीकृतिसँगै पूर्वी नेपालमा रहेका भुटानी शरणार्थीहरूलाई इच्छाएको मुलुकमा लैजाने प्रक्रिया यस वर्ष सुरु भयो। शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायोगले भुटानी शरणार्थीहरूलाई तेस्रो मुलुकमा लैजाने प्रक्रियाका बारे जानकारी दिएको छ। यस अभियानको उद्देश्य शरणार्थीहरूलाई यथार्थ जानकारीका आधारमा सही निर्णय गर्न सक्षम गराउने हो। शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायोगले शरणार्थीहरूलाई उपलब्ध विकल्पका सम्बन्धमा शरणार्थी नेताहरू र शिविर व्यवस्थापन समितिहरूसँग बैठक गरेको थियो। नेपालका लागि शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त अब्राहम अब्राहमले शरणार्थीहरू सुरक्षित रूपमा स्वेदश फर्कने अवस्था भएसम्म यसैलाई प्राथमिकता दिने भए पनि हालको अवस्थामा इच्छुक शरणार्थीहरूलाई तेस्रो मुलुकमा पुनःवास नै एक मात्र विकल्प रहेको बताए। संयुक्त राज्य अमेरिकाले ६० हजार जना वा आवश्यक भए सोभन्दा बढी शरणार्थी आफ्नो मुलुकमा लैजान सक्ने बताएको छ। अस्ट्रेलिया, क्यानाडा, डेनमार्क, नेदरल्याण्ड, न्युजिल्याण्ड र नर्वेले पनि शरणार्थीलाई स्वीकार गर्न सक्ने बताए। ती राष्ट्रमा पुगेपछि भुटानी शरणार्थीले कानुनी रूपमा स्थायी बासिन्दाको पहिचान पाउनेछन् भने इच्छाएको अवस्थामा सोही राष्ट्रको नागरिकता पनि प्राप्त गर्न सक्नेछन्। पुनःस्थापनका सम्बन्धमा अमेरिकी जनसङ्ख्या, शरणार्थी र आप्रवास ब्युरो सचिव एलेन साउरब्रेले नेपाल भ्रमणका क्रममा भुटानी शरणार्थीको पहिलो टोली २००८ को जनवरीमा अमेरिका पुग्ने बताएकी थिइन्।

१२. राष्ट्रिय मानवअधिकार आयोग

सरकारले आयोगको अध्यक्ष पदका लागि अघिल्लो वर्ष प्रस्ताव गरेका सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले राजनीतिक हस्तक्षेप हुने आशङ्कामा सो पदमा बस्न अस्वीकार गरेपछि अध्यक्ष पदको अर्को उम्मेदवार खोज्न करिब छ महिना लाग्यो। सत्तामा रहेका दलहरूका कारण आयोगको गठनमा ढिलाइ हुन गयो। लामो प्रतीक्षापछि सरकारले सर्वोच्च अदालतका पूर्वन्यायाधीश केदारनाथ उपाध्यायको अध्यक्षतामा गौरी प्रधान, केबी रोकाय, लीला पाठक र रामनगिना सिंहको नाम संसदीय सुनुवाइ समितिलाई सिफारिस गऱ्यो। संसदीय समितिमा भएको सुनुवाइपछि उनीहरू मानवअधिकार आयोगमा नियुक्त भए। आयोगको गठनपछि यो सङ्क्रमणकालीन अवस्थामा आयोग जति सक्रिय भएर लाग्नुपर्ने हो, त्यो सक्रियता नपाइएको विभिन्न पक्षहरूबाट गुनासो आयो। यसै गुनसोका बीच आयोगले भैरवनाथ गणबाट बेपत्ता पारिएका व्यक्तिहरूलाई हत्या गरी जलाइएको भनी आशङ्काका आधारमा शिवपुरी जङ्गलमा घेरा हाली त्यससम्बन्धमा अनुसन्धानका कार्यहरू अगाडि बढायो।

आयोग गठन भएको सात वर्षको अवधिमा यसले १ सय ४७ ओटा घटनामा कारवाही तथा क्षतिपूर्तिका लागि सिफारिस गरिसक्यो। तीमध्ये १६

ओटा मात्र कार्यान्वयनमा आए। पैंतीसओटा सिफारिसमा आंशिक कार्यान्वयन भयो भने १ सय १६ ओटाको यो वर्ष पनि टुङ्गो लागेन। सरकारले आयोगको सिफारिसलाई कुन तहमा राखेको रहेछ भन्ने कुरा आयोगका बेपत्ता एकाइका प्रमुख श्यामबाबु काफ्लेको यस भनाइले प्रस्ट पार्दछ। 'हामीले गर्ने अनुसन्धान र सिफारिसलाई सरकारले टेरपुच्छर नै लगाएको छैन। मानवअधिकारको क्षेत्रमा सरकारले दण्डहीनताको निर्लज्जता प्रस्तुत गरिरहेको छ।'[१३]

आयोगले नियमित मानवअधिकार अनुगमन गर्ने क्रममा माआवादीको व्यवहार र अधिकार उल्लङ्घनलाई अझ प्रभावकारी अनुगमन गर्न सक्थ्यो। तर, त्यसप्रति आयोगको ध्यान गएको देखिएन।

१३. बन्दीको अधिकार

इन्सेकको अभिलेख अनुसार सन् २००७ को अन्त्यसम्ममा नेपालमा ७ हजार ५ सय ७ जनाको हाराहारीमा बन्दीहरू रहेका छन्। उनीहरूका लागि सरकारले वार्षिक २३ करोड रुपियाँ छुट्याएको छ। त्यसमध्ये रासनका लागि १३ करोड ५ लाख रुपियाँ अनुमान गरिएको छ। यसबाहेक भवन निर्माण, शौचालय निर्माणका लागि बेग्लै शीर्षकमा बजेट उपलब्ध गराइन्छ। बन्दीलाई दैनिक ३० रुपियाँ भत्ता र ७ सय ग्राम चामल, वार्षिक एकजोर नसिलाएको कपडा, आवश्यकताअनुसार दुईदेखि तीन वर्षको बीचमा कम्बल र डस्ना दिने व्यवस्था छ। औषधि उपचारका लागि वार्षिक १ करोडभन्दा बढी रकम विनियोजन गरिएको छ। तैपनि धेरैजसो औषधि बन्दी आफैंले व्यवस्था गर्नुपर्ने बाध्यता रहेको छ।

यस वर्ष बन्दीहरू देशव्यापी रूपमा आममाफीको माग गर्दै आन्दोलनमा उत्रिए। यसै वर्ष सरकारले उच्चस्तरीय कारागार सुधार जाचँबुझ आयोग गठनसमेत गऱ्यो। सो आयोगले आफ्नो अध्ययन रिपोर्टसमेत सरकारलाई बुझाए तापनि हालसम्म कुनै सुनुवाइ गरेको छैन।

१४. निष्कर्ष तथा सुझाव

जनआन्दोलन ०६२/६३ को भावनाअनुरूप सरकार शान्ति प्रक्रियातर्फ उन्मुख भए पनि अपेक्षित सफलता प्राप्त गर्न नसकेको वर्षका रूपमा सन् २००७ रह्यो। विद्रोही माओवादीलाई शान्ति प्रक्रियामा सामेल गराएर संविधानसभा निर्वाचन गर्न सरकारले तत्परता देखायो। दुईपटक स्थगन गरेको तीतो तथ्यलाई पन्छाएर वर्षको अन्त्यमा ०६४ चैत मसान्तभित्र निर्वाचन गराउने निर्णय गरिएपछि 'केही हुन्छ कि ?' भन्ने सन्देश प्रवाह गर्न सरकार सफल भयो। तर, दलहरूको पर्याप्त गम्भीरताको अभावका कारण अझै अविश्वास र शंसयको वातावरण अन्त्य भएको छैन। राजा ज्ञानेन्द्रको निरङ्कुशताविरुद्ध एकजुट भएर सङ्घर्ष गर्ने सात दलबीचको एकता सत्तामा पुगेपछि भने धर्मराएको देखियो। सरकारका मन्त्रीहरूबीच समन्वयको अभाव मात्र देखिएन, प्रधानमन्त्री र तत्कालीन वनमन्त्री मातृका यादवबीच भनाभन भएको समेत सार्वजनिक भयो।

सात दलको सहमतिमा सरकार चलाउने भनिएको भए पनि अधिकांश समय सरकारको सुसञ्चालनका सम्बन्धमा दलहरूले आवश्यक गृहकार्य गर्न सकेनन्। संविधानसभा निर्वाचनको सफलताका निम्ति दलहरूबीचको सहकार्य अझ प्रगाढ हुनुपर्नेमा उनीहरू आपसी खिचातानीमा फसे। कतिपय अवस्थामा उनीहरू संविधानसभा निर्वाचनको लक्ष्यबाटै विमुखजस्तो देखिए। सङ्क्रमणकालमा देखिनुपर्ने एकअर्काप्रतिको संवेदनशीलता सात दलमा कमी देखियो। दण्डहीनताको संस्कृतिलाई बढावा दिइयो। सात दलको छायामा सरकार निरीह बन्यो।

आफ्नै अगाडि आपराधिक र हिंसात्मक घटनाहरू हुँदासमेत सुरक्षाकर्मीहरू नियन्त्रण गर्न असफल देखिए। सरकारमा सामेल माओवादीले आफ्नो भ्रातृ सङ्गठन वाईसीएलका कार्यकर्ताहरूले कानुनी राज्यको उपहास गरिरहँदा पनि निरुत्साहन होइन, प्रोत्साहन गरिरह्यो। कानुन उल्लङ्घन गर्ने जोकोहीलाई पनि कानुनी कारबाही गर्नका निम्ति सरकारमा आत्मबल र इच्छाशक्तिको कमी देखियो। केन्द्रीय र स्थानीय गृह प्रशासनको मनोबन कमजोर भएका कारण मुलुकभर दण्डहीनताको र नेपाली आमजनताले चाहेको शान्तिमाथि कुठाराघात हुँदै गयो। दण्डहीनतालाई राजनीतिक द्वन्द्वको स्वभाविक परिणति बताएर सुरक्षा व्यवस्था अस्तव्यस्त हुनु स्वाभाविक हो भन्नेसम्मको गैरजिम्मेवारीपनको पराकाष्ठा गृहमन्त्री स्वयम्ले अभिव्यक्त गरे।

तसर्थ, सरकारकै घटक माओवादीलाई कानुनी मर्यादाभित्र समाहित गराउनु जति जरुरी छ, विस्तृत शान्ति सम्झौताको पालना दुवै पक्षबाट गरिनु पनि उत्तिकै आवश्यक छ। सरकारले विभिन्न हितसमूह तथा समुदायसँग गरेको सहमति व्यवहारमा उतार्नुपर्दछ भने दण्डहीनतालाई निरुत्साहन गरी मानवअधिकार उल्लङ्घनकर्तालाई कानुनको दायरामा ल्याउनु पनि उत्तिकै आवश्यक छ। ●

१३. प्रोपब्लिक। मानवअधिकार सिफारिस सरकारद्वारा उल्लङ्घन। असल शासन। ०६४ असोज ८: पृ. ८-९

फोटो : सूचना विभाग

परिच्छेद

३

३.३ राज्य र मानवअधिकार

न्यवस्थापिका

घटनाक्रम

(०६३ पुस १७ देखि ०६४ पुस १६)

०६३ माघ १ गते

व्यवस्थापिका-संसद्को प्रथम अधिवेशनको पहिलो बैठक ज्येष्ठ सदस्य बलबहादुर राईको अध्यक्षतामा राति ११ बजे प्रारम्भ। प्रधानमन्त्रीका तर्फबाट गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा राखिएको 'नेपालको अन्तरिम संविधान-२०६३ लाई अनुमोदन गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले अनुमोदन।

माघ ३ गते

एमालेका सुभासचन्द्र नेम्वाङ सभामुख पदमा निर्वाचित, सदनसमक्ष शपथ ग्रहण।

माघ ११

काङ्ग्रेस सांसद चित्रलेखा यादव उप-सभामुख पदमा निर्विरोध निर्वाचित, सदनसमक्ष शपथ ग्रहण।

माघ २५ गते

अर्थमन्त्री रामशरण महतद्वारा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका तर्फबाट राष्ट्रका नाममा ०६३ माघ २४ गते दिनुभएको वक्तव्य व्यवस्थापिका-संसद्मा प्रस्तुत। 'व्यवस्थापिका-संसद् नियमावली मस्यौदा-२०६३' माथिको छलफल प्रारम्भ।

माघ २८ गते

मधेसका २५ जना सांसदहरूद्वारा नेपालको अन्तरिम संविधान-२०६३ मा तत्काल संशोधन गर्नेतर्फ सरकार अग्रसर होस् र तराईमा भएको घटनाका सम्बन्धमा न्यायिक छानबिन आयोग गठन गरी दोषीमाथि कारबाही गरियोस् भन्ने माग।

फागुन ३ गते

गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा तराईमा भइरहेको आन्दोलनका क्रममा भएका जनधनको क्षतिका सम्बन्धमा जानकारी प्रदान।

गृहमन्त्री सिटौलाद्वार 'निर्वाचन (कसूर र सजाय) विधेयक-०६३' तथा अर्थमन्त्री डा. रामशरण महतद्वारा आर्थिक वर्ष ०६३/६४ को बजेटको मध्यावधि मूल्याङ्कन प्रतिवेदन प्रस्तुत।

गृहमन्त्री सिटौलाद्वारा 'निर्वाचन आयोग विधेयक-२०६३ र 'निर्वाचन (कसूर र सजाय) विधेयक-२०६३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत।

फागुन ६ गते

नेपालको अन्तरिम संविधान-२०६३ को भावनाविपरीत प्रजातन्त्र दिवस फागुन ७ गते राजा ज्ञानेन्द्रले दिएको अभिव्यक्तिविरुद्ध राजालाई कारबाही गरी सोको जानकारी व्यवस्थापिका-संसद्लाई गराउन माननीय सांसद रामचन्द्र पौडेलद्वारा सरकारलाई निर्देशन दिन जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव प्रस्तुत।

कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री नरेन्द्रविक्रम नेम्वाङद्वारा 'नेपालको अन्तरिम संविधान (पहिलो संशोधन) विधेयक-२०६३' प्रस्तुत।

फागुन १० गते

गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा 'निर्वाचन आयोग विधेयक-२०६३' र 'निर्वाचन (कसूर र सजाय) विधेयक-२०६३ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भनी राख्नुभएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

फागुन १३ गते

'संविधानसभा अदालत विधेयक-२०६३' प्रस्तुत। प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

फागुन १७ गते

कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री नरेन्द्रविक्रम नेम्वाङले 'नेपालको अन्तरिम संविधान (पहिलो संशोधन) विधेयक-२०६३ तथा संविधानसभा अदालत विधेयक-२०६३ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भनी राख्नुभएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

फागुन २२ गते

गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा 'राजनीतिक दलसम्बन्धी विधेयक-२०६३ माथि विचार गरियोस्' भनी राखिएको प्रस्ताव सामान्य छलफलपछि सर्वसम्मतिबाट स्वीकृत।

कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्रीका तर्फबाट गृहमन्त्री सिटौलाद्वारा 'नेपालको अन्तरिम संविधान (पहिलो संशोधन) विधेयक-२०६३ माथिको दफावार छलफल सदनमा गरियोस्' भनी राखिएको प्रस्ताव स्वीकृत।

फागुन २५ गते

कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्रीका तर्फबाट गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा 'नेपालको अन्तरिम संविधान (पहिलो संशोधन) विधेयक-२०६३ लाई पारित गरियोस्' भनी राखिएको प्रस्ताव दुईतिहाइ बहुमतबाट पारित।

माननीय परि थापाको संयोजकत्वमा बेलबारी हत्याकाण्डका सम्बन्धमा छानबिन गरी दोषीमाथि कारबाहीको सिफारिस गर्न व्यवस्थापिका-संसदीय छानबिन समिति गठन।

फागुन २८ गते

गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा 'राजनीतिक दलसम्बन्धी विधेयक-२०६३ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

चैत ६ गते

'संविधानसभा सदस्य निर्वाचन विधेयक-२०६३ लाई दफावार छलफलका लागि प्रस्तुत।

चैत ८ गते

माओवादी विधायकद्वारा गौर घटनाका अपराधीलाई कारबाहीको माग।

चैत ११ गते

माओवादीका सांसद कृष्णबहादुर महराद्वारा 'गौर घटनाको यथोचित सम्बोधन गर्न नेपाल सरकारलाई निर्देशन गर्दछु' भन्ने विषयको सार्वजनिक महत्त्वको प्रस्ताव प्रस्तुत।

चैत १२ गते

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री हृदयेश त्रिपाठीले आफ्नो पदबाट दिनुभएको राजीनामा प्रधानमन्त्रीद्वारा ०६३ चैत १ गते स्वीकृत र रिक्त हुनआएको सो मन्त्रालयको कार्यभार अर्को व्यवस्था नभएसम्म माननीय अर्थमन्त्री रामशरण महतले सम्हाल्ने गरी तोकिएको सभामुखद्वारा जानकारी।

राज्य व्यवस्था समितिका सदस्य आमोदप्रसाद उपाध्यायद्वारा निर्वाचन आयोग विधेयक- २०६३ सम्बन्धित समितिको प्रतिवेदनसहितको विधेयक प्रस्तुत।

'निर्वाचन आयोग विधेयक-२०६३' सर्वसम्मतिबाट स्वीकृत।

चैत १४ गते

माओवादी विधायक देव गुरुङ, खिमलाल देवकोटा, जनमोर्चाका लीलामणि पोखरेललगायतका विधायकहरूद्वारा नेपालको अन्तरिम संविधान-२०६३ को धारा ४३ अनुसार राजनीतिक सहमति र जनआन्दोलनको भावनाअनुरूप सरकार अगाडि नबढेको भनी संसद्का क्रियाकलाप अवरुद्ध।

चैत १८ गते

प्रधानमन्त्रीद्वारा संसद्मा राजीनामा र शपथ ग्रहण।

चैत २७ गते

शान्ति तथा पुन:निर्माणमन्त्री रामचन्द्र पौडेलद्वारा अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रम सदनसमक्ष प्रस्तुत।

चैत ३० गते

प्रधानमन्त्रीका तर्फबाट शान्ति तथा पुन:निर्माणमन्त्री रामचन्द्र पौडेलद्वारा नेपाल सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रममाथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत। छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै आठ दलको साझा सहमतिबाट नीतिगत निर्णय गरेर मन्त्रिपरिषद्ले अनुमोदन गर्दै आफ्नो न्यूनतम कार्यक्रमका रूपमा स्वीकृत भएको जानकारी ।

०६४ वैशाख २ गते

'राष्ट्रिय प्रज्ञा-प्रतिष्ठान विधेयक-२०६३' र 'राष्ट्रिय ललितकला प्रज्ञा-प्रतिष्ठान विधेयक- २०६३' पारित।

वैशाख ५ गते

माओवादी सांसदद्वारा संसद् बैठक अवरुद्ध।

वैशाख ६ गते

मधेसी सांसदहरूद्वारा सरकारले मधेसको समस्या समाधान गर्न ध्यान नदिएको, मधेस आन्दोलनमा मारिएकाहरूलाई सहिद घोषणा गर्नुपर्ने आदि माग राख्दै संसद् अवरुद्ध।

वैशाख १० गते

मधेसी सांसदहरूद्वारा सरकारले मधेसका समस्या समाधान गर्न ध्यान नदिएको, मधेस आन्दोलनमा मारिएकाहरूलाई सहिद घोषणा गर्नुपर्ने आदि माग राख्दै संसद् अवरुद्ध।

जेठ १७ गते

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा मौजुदा मन्त्रिपरिषद्मा गिरिराजमणि पोखरेललाई मन्त्री पदमा नियुक्त गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्हाल्ने गरी ०६४ वैशाख १६ गते तोक्नुभएको बेहोरा सदनलाई जानकारी।

कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री नरेन्द्रविक्रम नेम्वाङद्वारा महान्यायाधिवक्ताको ०६१/६२ को वार्षिक प्रतिवेदन सदनसमक्ष प्रस्तुत।

श्रम तथा औद्योगिक सम्बन्ध समितिका सदस्य लक्ष्मीदास मानन्धरद्वारा 'वैदेशिक रोजगार (तेस्रो संशोधन) विधेयक- २०६३' सम्बन्धी समितिको प्रतिवेदनसहितको विधेयक प्रस्तुत।

सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महराद्वारा 'श्रमजीवी पत्रकारसम्बन्धी (पहिलो संशोधन) विधेयक-२०६४' प्रस्तुत।

कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री नरेन्द्रविक्रम नेम्वाङद्वारा 'मुलुकी ऐन (बाह्रौं संशोधन) विधेयक-२०६४' प्रस्तुत।

कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री नरेन्द्रविक्रम नेम्वाङद्वारा 'केही नेपाल ऐन संशोधन गर्ने विधेयक-२०६४' प्रस्तुत।

जेठ २० गते

'श्रमजीवी पत्रकारसम्बन्धी (पहिलो संशोधन) विधेयक-२०६४' सर्वसम्मतिबाट स्वीकृत।

'मुलुकी ऐन (बाह्रौं संशोधन) विधेयक-०६४' सर्वसम्मतिबाट स्वीकृत।

'केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक-२०६४' सर्वसम्मतिबाट स्वीकृत।

जेठ २३ गते

'विशेष अदालत (पहिलो संशोधन) विधेयक-२०६४' पारित।

जेठ २४ गते

'नेपालको अन्तरिम संविधान (दोस्रो संशोधन) विधेयक- २०६४' प्रस्तुत।

जेठ २८ गते

'नेपालको अन्तरिम संविधान (दोस्रो संशोधन) विधेयक- २०६४' माथि दफावार छलफल गर्न पूर्णबहादुर खड्काको संयोजकत्वमा २३ सदस्यीय समितिको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

जेठ ३० गते

कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्रीका तर्फबाट गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा 'नेपालको अन्तरिम संविधान-२०६३' संशोधन विशेष समितिको प्रतिवेदनसहितको 'नेपालको अन्तरिम संविधान (दोस्रो संशोधन) विधेयक- २०६४ माथि छलफल गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

जेठ ३१ गते

'श्रमजीवी पत्रकारसम्बनधी (पहिलो संशोधन) विधेयक-२०६४ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

'मुलुकी ऐन (बाह्रौँ संशोधन) विधेयक- २०६४' लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

'केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक-२०६४ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

'विशेष अदालत (पहिलो संशोधन) विधेयक-२०६४ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

'राज्य व्यवस्था समितिको प्रतिवेदनसहितको संविधानसभा सदस्य निर्वाचन विधेयक-२०६३ माथि छलफल गरियोस्' भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

असार ३ गते

प्रतिनिधिसभा सदस्य कृष्णचरण श्रेष्ठको हत्या भएको सम्बन्धमा छानबिन गरी दोषीमाथि कारबाहीका लागि सिफारिस गर्न टेकबहादुर चोख्यालको संयोजकत्वमा सात सदस्यीय समिति गठन।

'व्यवस्थापिका-संसद् नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन-२०६४ माथिको छलफल सदनमा गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

असार १८ गते

दिनको ३:२० बजे व्यवस्थापिका-संसद्को वर्षे अधिवेशन सुरु ।

असार २० गते

नेपाल सरकारको आर्थिक वर्ष ०६४/६५ को वार्षिक नीति कार्यक्रम प्रस्तुत।

असार २५ गते

भारतका भूतपूर्व प्रधानमन्त्री, नेपालको लोकतान्त्रिक आन्दोलनका सहयोगी एवम् समाजवादी नेता चन्द्रशेखरको अघिल्लो दिन निधन हुन गएकोमा शोक प्रस्ताव पारित।

असार २७ गते

आर्थिक वर्ष ०६३/६४ को आर्थिक सर्वेक्षण प्रस्तुत।

सार्वजनिक लेखा समितिका सभापति परि थापाद्वारा सार्वजनिक लेखा समितिको प्रथम वार्षिक प्रतिवेदन प्रस्तुत।

असार २८ गते

अर्थमन्त्री डा. रामशरण महतले आर्थिक वर्ष ०६४/६५ को राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत।

साउन २ गते

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्नुहुने नेत्रलाल श्रेष्ठ उक्त दलमा नरहेको भनी राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलको कार्यालयद्वारा जानकारी।

साउन १२ गते

मुलुकका विभिन्न भागमा अविरल वर्षाका कारण ठूलो जनधनको क्षति। पीडितलाई व्यवस्थापिका-संसद्का सदस्यहरूद्वारा पाँच दिनको पारिश्रमिक बराबरको रकम उपलब्ध गराउने निर्णय।

साउन १८ गते

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री पृथ्वी सुब्बा गुरुङद्वारा नेपाली राष्ट्रिय गान र धुन सदनसमक्ष प्रस्तुत गर्दै सार्वजनिक।

गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा गठित 'उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन-२०६३' सदनसमक्ष प्रस्तुत।

साउन २४ गते

शान्ति तथा पुन:निर्माणमन्त्री रामचन्द्र पौडेलद्वारा ०६४ साउन २२ गते ललितपुरको गोदावरीमा सरकारी वार्ता टोली र नेपाल आदिवासी जनजाति महासङ्घ तथा आदिवासी जनजाति सङ्घर्ष समिति, नेपालका प्रतिनिधिहरूबीच भएको लिखित सहमतिको छायाप्रति संसद्मा प्रस्तुत।

साउन २७ गते

वन तथा भू-संरक्षणमन्त्री मातृकाप्रसाद यादवले आफ्नो पदबाट दिनुभएको राजीनामा प्रधानमन्त्रीद्वारा स्वीकृत। मन्त्रालयको कार्यभार स्थानीय विकासमन्त्री देव गुरुङले सम्हाल्ने जानकारी।

प्रधानमन्त्रीद्वारा जनमोर्चा नेपालकी शशी श्रेष्ठलाई स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्रीमा नियुक्त गरेको जानकारी।

साउन ३१ गते

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बलयुक्त श्रमको उन्मूलनसम्बनधी महासन्धि-१९५७ र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आदिवासी जनजातिको हक, अधिकार र सुरक्षासम्बन्धी महासन्धि नं. १६९ सर्वसम्मतिले अनुमोदन।

भदौ ७ गते

व्यवस्थापिका-संसद् (संशोधनसहित) नियमावली-२०६३ को नियम १४४ को उपनियम २ र ३ बमोजिम व्यवस्थापिका- संसद्मा विनियोजन विधेयक प्रस्तुत।

व्यवस्थापिका-संसद्को दोस्रो अधिवेशन भदौ ७ गते बेलुकी ९ बजेदेखि स्वत: अन्त्य हुने गरी स्थगित।

असोज २४ गते

माओवादी तथा वाममोर्चाका सांसदको मागबमोजिम प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा आह्वान गरिएको व्यवस्थापिका-संसद्को विशेष अधिवेशन सुरु।

बैठकमा कृष्णबहादुर महराद्वारा संविधानसभाको निर्वाचनमा सबै वर्ग, लिङ्ग, क्षेत्र र जातिहरूको समानुपातिक सहभागिता सुनिश्चित गर्न पूर्ण समानुपातिक निर्वाचन प्रणालीको अवलम्बन गरियोस् भन्ने जरुरी सार्वजनिक महत्त्वको विशेष राजनीतिक प्रस्ताव प्रस्तुत।

कात्तिक १२ गते

नेपाल सरकारद्वारा गठित कारागार सुधार उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा सदनसमक्ष प्रस्तुत।

कात्तिक १८ गते

नेपालको अन्तरिम संविधानको धारा १५९ (३क) बमोजिम राजसंस्था कायम नरहने जरुरी सार्वजनिक महत्त्वको कृष्णबहादुर महराद्वारा प्रस्तुत प्रस्ताव बहुमतबाट अस्वीकृत। सो प्रस्तावको संशोधनकर्ता रघुजी पन्तले पेस गर्नुभएको प्रस्ताव बहुमतबाट स्वीकृत।

विशेष अधिवेशन अन्त्य।

मङ्सिर ३ गते

तेस्रो अधिवेशन ०६४ मङ्सिर ३ गते सुरु।

गृहमन्त्रीका तर्फबाट शान्ति तथा पुन:निर्माण मन्त्री रामचन्द्र पौडेलले 'नेपाल ट्रस्ट अध्यादेश-२०६४' र "हातहतियार खरखजाना (दोस्रो संशोधन) अध्यादेश-२०६४' प्रस्तुत।

व्यवस्थापिका-संसद्का माननीय सदस्य अजयप्रताप शाहको निधन भएकामा शोक प्रस्ताव पारित।

मङ्सिर १३ गते

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री राजेन्द्र महतोले आफ्नो पदबाट दिनुभएको राजीनामा प्रधानमन्त्रीद्वारा स्वीकृत। श्यामसुन्दर गुप्तालाई मन्त्री पदमा नियुक्त गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार दिइएको जानकारी।

'मुलुकी ऐन (बाह्रौं संशोधन) विधेयक-२०६४' सम्बन्धी समितिको प्रतिवेदनसहितको विधेयक प्रस्तुत।

'कानुन, न्याय तथा व्यवस्थापिका-संसद् सम्बन्ध समितिको प्रतिवेदनसहितको मुलुकी ऐन (बाह्रौं संशोधन) विधेयक-२०६४ माथि छलफल गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

मङ्सिर १६

'न्यायाधीशहरूको पारिश्रमिक र सेवाको सर्त र सुविधासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक-२०६४ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भनी प्रस्तुत प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

मङ्सिर २३ गते

'नेपाल ट्रस्ट विधेयक-२०६४ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

मङ्सिर २५ गते

व्यवस्थापिका-संसद्मा विभिन्न दलबाट प्रतिनिधित्व गर्नुहुने माननीय सदस्यहरू महन्थ ठाकुर, महेन्द्रप्रसाद यादव, हृदयेश त्रिपाठी र रामचन्द्र रायले व्यवस्थापिका-संसद् सदस्य पदबाट मङ्सिर २४ गते दिनुभएको राजीनामाबारे जानकारी।

'हातहतियार खरखजाना (दोस्रो संशोधन) विधेयक-२०६४ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

पुस १ गते

वातावरण, विज्ञान तथा प्रविधिमन्त्री महन्थ ठाकुरले आफ्नो पदबाट दिनुभएको राजीनामा प्रधानमन्त्रीद्वारा स्वीकृत।

पुस ४ गते

'अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सत्रौं वार्षिक प्रतिवेदन-२०६३/२०६४' प्रस्तुत।

'नेपालको अन्तरिम संविधान (तेस्रो संशोधन) विधेयक-२०६४ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

पुस ६ गते

'नेपालको अन्तरिम संविधान (तेस्रो संशोधन) विधेयक-२०६४ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

पुस १३ गते

पाकिस्तानकी भूतपूर्व प्रधानमन्त्री बेनजिर भुट्टोको हत्या भएकामा संसद्द्वारा शोक प्रस्ताव पारित।

पुस १५ गते

'निर्वाचनसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक-२०६४' प्रस्तुत।

'पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक-०६४ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत।

'निर्वाचनसम्बनधी केही ऐन संशोधन गर्ने विधेयक-२०६४ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

●

१. पृष्ठभूमि

जनआन्दोलनको सफलतापश्चात् माओवादीको संसदीय राजनीतिमा आगमनका लागि व्यवस्थापिका-संसद्ले पूर्णता प्राप्त गर्न १० महिना लागे पनि यो संसद्ले बितेको वर्षमा न्यायपालिकामा विधायिकाको सर्वोच्चता मात्र स्थापित नगरी सैद्धान्तिक रूपमा गणतन्त्रको घोषणा गर्नेसम्मका महत्त्वपूर्ण निर्णय गरेको छ। अन्तरिम संविधान जारी भएकै दिन माओवादीसहितको ३ सय ३० सदस्यीय व्यवस्थापिका-संसद्को घोषणा भएको थियो।

सात दल र माओवादीबीच भएको १२ बुँदे सहमतिको एउटा प्रारूप सोही दिन तय भएको थियो। संसद्को सर्वोच्चता स्वीकार गर्दै प्रतिनिधिसभाको स्थापना गरिएको थियो। तत्कालीन आठ दलको सहमतिमा त्यो प्रतिनिधिसभाको विघटन गरी नयाँ व्यवस्थापिका-संसद्को निर्माण गरियो, जसले नेपालको न्यायपालिकाउपरसमेत विधायिकाको सर्वोच्चता स्थापित गऱ्यो। आफ्नो सुरुआतकालमा क्रान्तिकारी घोषणा गर्नेदेखि लिएर वर्ष २००७ को उत्तरार्धमा सैद्धान्तिक रूपमा गणतन्त्रको घोषणासम्म गर्ने विधायिकालाई जनआन्दोलनका बाहकका रूपमा रहेका दलहरूले नियन्त्रण गरिरहे।

वर्षको अन्त्यमा व्यवस्थापिका-संसद्को विशेष अधिवेशनबाट पारित माओवादी र एमालेका एक-एकओटा प्रस्तावको पालना गर्ने सम्बन्धमा काङ्ग्रेसको आनाकानीका कारण सात दलको एकता नै सङ्कटमा पर्न लागेको थियो। तर, गणतन्त्रको घोषणा र समानुपातिक निर्वाचनको सदस्य सङ्ख्याको बढोत्तरीसँगै विधायिकाबाटै संविधानसभाको निर्वाचनको मार्ग प्रशस्त गर्ने काम भयो।

संविधानसभाको चुनावको वैधानिक व्यवस्था र तदनुकुल तयारीका निम्ति व्यवस्थापिका-संसद्मा अन्तरिम संविधानको पटक-पटक संशोधन मात्र गरिएन, संविधानसभाको निर्वाचनसम्बन्धी सम्पूर्ण कानुनी पूर्वाधारका निम्ति सन् २००७ मा व्यवस्थापिका-संसद्ले निम्न बमोजिम ऐनहरू पारित गऱ्यो:

- निर्वाचन कसुर र सजाय ऐन।
- निर्वाचन आयोग ऐन।
- संविधानसभा सदस्य निर्वाचन ऐन।
- संविधानसभा अदालत ऐन।
- निर्वाचनसम्बन्धी केही ऐनहरू।

नेपालको इतिहासमा अहिलेसम्मकै सबभन्दा महत्त्वपूर्ण महानिर्वाचन संविधानसभाको निर्वाचनको वैधानिकताका लागि विधायिकाले गरेको कार्य उल्लेखनीय छ। त्यससम्बन्धमा सन् २००७ को अन्त्यसम्ममा संविधानसभा निर्वाचनसम्बन्धी पाँचओटा ऐन पारित गरियो भने व्यवस्थापिका-संसद्का कुल १ सय १ बैठक भए। यो परिच्छेदमा व्यवस्थापिका-संसद्ले गरेका महत्त्वपूर्ण क्रियाकलापहरू, विधेयकहरूका साथै मानवअधिकारसँग सम्बन्धित गतिविधिहरूको विश्लेषण गर्ने जमर्को गरिएको छ।

२. व्यवस्थापिका-संसद्का विशेषता

२.१ माओवादीको संसद् पुनरागमन

'०४८ सालमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा संसदीय व्यवस्थाको भण्डाफोर गर्ने नाराका साथ कृष्णबहादुर महरासहित नौ जना माओवादी नेताहरू तत्कालीन संयुक्त जनमोर्चाको नामबाट संसद्मा प्रवेश गरेका थिए। त्यतिखेर उनीहरूको उद्देश्य सशस्त्र सङ्घर्षका लागि संसद्को रणनीतिक उपयोग गर्ने थियो'।[१] माओवादीको व्यवस्थापिका-संसद् पुनरागमनको घटना पनि माओवादीभित्र चर्को आलोचनाको विषय नभएको होइन। '१० वर्षे हिंसात्मक सङ्घर्षपछि लोकतान्त्रिक गणतन्त्रको नीतिसहित शान्तिपूर्ण राजनीतिमा फड्को मारेका माओवादीलाई भदौ महिनामा भएको सो पार्टीको बालाजु प्लेनमले सशस्त्र विद्रोहको बाटो समात्न निर्देशन दियो'।[२]

२.२ संसद्मा महिलाको उल्लेख्य उपस्थिति

राजनीतिक नेतृत्वमा महिलाको स्थानको दृष्टिले एसिया, त्यसमा पनि दक्षिण एसिया अग्रणी देखा पर्छ। विगत ५० वर्षको अवधिमा दक्षिण र दक्षिणपूर्व एसियालाई छोडेर विश्वका कुनै पनि भागले यति धेरै महिला राष्ट्रप्रमुख र सरकारप्रमुखहरू पाउन सकेनन्। विश्वकै पहिलो महिला राष्ट्रपति भएको मुलुक श्रीलङ्का होस् या दक्षिण एसियाका बङ्गलादेश, भारत तथा पाकिस्तानमा महिलाहरूले देशको सत्ताको बागडोर सम्हालिसकेका छन्। एक अध्ययन प्रतिवेदनले अमेरिका र भारतभन्दा नेपालमा महिला सांसदको

---

१. बस्नेत, पूर्ण। "संसदीय भऱ्याङ्ग"। *हिमाल खबरपत्रिका* ०६३ मङ्सिर १-१५: पृ. ३२

२. पूर्ववत्

प्रतिशत बढी रहेको देखाएको छ। 'महिला सांसदको प्रतिशतका आधारमा नेपाल विश्वका १ सय ८९ मुलुकमध्ये छैटौँ स्थानमा रहेको छ'।[३] व्यवस्थापिका-संसद्मा एमालेका १२, काङ्ग्रेसका १०, माओवादीका ३१, नेसपा (आ.) का एक, राप्रपाका एक, जनमोर्चा नेपालका एक, नेमकिपाका एक गरी कुल ५७ जना महिला सांसद रहेका छन्।

२.३ संसदीय सुनुवाइ : नयाँ परम्पराको थालनी

अन्तरिम व्यवस्थापिका-संसद्को पहिलो बैठकले अनुमोदन गरेको अन्तरिम संविधानले व्यवस्था गरेअनुसार संवैधानिक पदमा नियुक्त हुने व्यक्तिहरूका सम्बन्धमा संसदीय सुनुवाइ गर्ने एउटा उत्कृष्ट लोकतान्त्रिक पद्धति सुरु भयो। सुनुवाइ समितिमार्फत सर्वसाधारणले कुनै पनि पदाधिकारीलाई संसद्प्रति जिम्मेवार बनाउने परिपाटी स्थापित गर्ने विश्वास गरिएको छ। त्यसका लागि संसदीय सुनुवाइ समिति आफैँ दक्ष र जिम्मेवारपूर्ण हुनुपर्दछ भन्ने त्यसको मान्यता छ। समितिले कुनै पनि विषयमा सर्वसम्मति हासिल गर्न सक्छ र त्यसका लागि पर्याप्त प्रयत्न गर्छ भन्ने अवधारणा रहिआएको छ। संसदीय सुनुवाइ समितिले निर्वाचन आयोगका आयुक्तहरू, मानवअधिकार आयोगका अध्यक्ष तथा सदस्यहरू, राजदूतहरू तथा प्रधानन्यायाधीश केदारप्रसाद गिरीको नाम अनुमोदन गऱ्यो। संसदीय सुनुवाइ समितिमा सबैभन्दा बढी विवाद न्यायपरिषद्द्वारा प्रधानन्यायाधीशका लागि सिफारिस गरिएका केदारप्रसाद गिरीका सम्बन्धमा भयो। 'संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशमा प्रस्तावित वरिष्ठतम न्यायाधीश केदारप्रसाद गिरीका सम्बन्धमा संसदीय सुनुवाइ समितिले कुनै निर्णय दिन नसकेर संसदीय सुनुवाइ हुने सबैभन्दा प्रमुख पदाधिकारीको नियुक्तिलाई अन्योलग्रस्त तुल्यायो'।[४] प्रस्ताव परिषद्तिरै पठाएर समिति आफ्नो कर्तव्यबाट पन्छिएको देखियो। संसदीय सुनुवाइ समितिले अस्वीकृत गरेपछि 'प्रधानन्यायाधीशका लागि प्रस्ताव गरिएका केदारप्रसाद गिरीलाई प्रधानमन्त्रीले सोझै नियुक्त गर्न सक्ने राय महान्यायाधिवक्ताको कार्यालयले प्रधानमन्त्री र मन्त्रिपरिषद्को कार्यालयलाई'[५] दियो।

प्रस्तावित पदाधिकारीहरूको अयोग्यतासम्बन्धी उजुरी हुलाक, इमेल, फ्याक्स, टेलिफोन वा व्यक्ति आफैँ उपस्थित भएर समितिमा दर्ता गराउन सक्ने प्रावधान राखिएको छ। 'उजुरीकर्ताले आफ्नो पहिचान गोप्य राख्न चाहेमा समितिले प्राप्त विवरणलाई मात्र सार्वजनिक गरी छलफल'[६] गर्ने गरिएको थियो।

सार्वजनिक सुनुवाइ समितिले अस्वीकृत गरे पनि सरकारले आफूले सिफारिस गरेका व्यक्तिहरूलाई सोही पदमा नियुक्त गर्न सक्ने भएकाले यसको औचित्य कम भएको हो कि भन्ने आवाज पनि उठ्यो। भारतका लागि राजदूत सिफारिस गरिएकी शैलजा आचार्यको नाम संसदीय सुनुवाइ समितिले अस्वीकृत गरेको थियो। यसैगरी प्रधानन्यायाधीश केदारप्रसाद गिरीको नाम पुनः संवैधानिक परिषद्मा फिर्ता पठाउने निर्णय भएको थियो तर सरकारले दुवै नामलाई स्वीकृत गरेको थियो।

संसदीय समितिमा दलगत दृष्टिकोण हुने र सदस्यहरूले स्वतन्त्र विवेक प्रयोग गर्ने वातावरण कायम नहुने भएकाले यस्ता कुनै पनि संसदीय समितिहरू औचित्यपूर्ण र प्रभावकारी हुन सकेनन्।

२.४ शक्तिशाली व्यवस्थापिका-संसद्

'संशोधित अन्तरिम संविधानले राजा हटाउन सक्ने अधिकार संसद्लाई दियो'।[७] राजाले

सवा मिनेटको बैठक

'व्यवस्थापिका-संसद्को स्थापना भएपछि एउटा बैठक सबैभन्दा छोटो समयको रह्यो'। ०६४ पुस ४ गतेको बैठकमा सभामुख सुवासचन्द्र नेम्वाङद्वारा बैठक सुरु भएको जनाउ दिइएपछि गृहमन्त्रीका तर्फबाट शिक्षामन्त्री प्रदीप नेपालले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको १७ औँ वार्षिक प्रतिवेदन प्रस्तुत गरे। मन्त्री नेपाललाई प्रतिवेदन प्रस्तुत गर्न जम्मा आठ सेकेण्ड लागेको थियो। अन्तरिम संविधान संशोधनबारे सो दिनको व्यवस्थापिका-संसद् बैठकमा छलफल हुने लगभग तय भए पनि व्यवस्थापिका-संसद् सचिवालयले प्रकाशित गरेको कार्यसूचीमा त्यो विषय समावेश थिएन।

३. चालिसे, विजय। "संसद्मा महिला"। *गोरखापत्र* ०६४ वैशाख ३: पृ. ७
४. "संसदीय सुनुवाइ"। *कान्तिपुर* २०६४ भदौ २७: पृ. ६
५. "प्रधानन्यायाधीशको नाम सिफारिस भएन"। *नेपाल समाचारपत्र* ०६४ असोज १: पृ. १
६. "आयोगका पदाधिकारीको सुनुवाइ"। *कान्तिपुर* ०६४ भदौ १७ : पृ. २
७. "संसद्को हिउँदे अधिवेशन अन्त्य"। *कान्तिपुर* ०६४ असार ४: पृ. ३

संविधानसभाविरोधी क्रियाकलाप गरेमा उनलाई संसद्को दुईतिहाइ बहुमतले हटाउन सकिने प्रावधान नेपालको अन्तरिम संविधान-२०६३ को दोस्रो संशोधनमा गरिएको थियो। नेपाल अधिराज्यको संविधान-२०४७ मा राजसंस्थाका विपक्षमा अदालतमा कुनै पनि कुरा बोल्न नपाइने व्यवस्था थियो। अन्तरिम संसद्ले राज्यको सबैभन्दा शक्तिशाली पदमा आसिन व्यक्तिलाई समेत बर्खास्त गर्न सक्ने प्रावधान राखेर जनताभन्दा माथि कोही छैनन् भन्ने मान्यता प्रस्टरूपमा अघि साऱ्यो।

२.५ प्रधानमन्त्रीको शपथ संसद्मा

अन्तरिम संविधानमा प्रधानमन्त्रीले सदनसमक्ष शपथ ग्रहण गर्नुपर्ने व्यवस्था राखियो। जनआन्दोलन ०६२-६३ पछि प्रधानमन्त्री नियुक्त भएका गिरिजाप्रसाद कोइरालाले नारायणहिटी दरबारमा राजा ज्ञानेन्द्रबाट पद तथा गोपनीयताको शपथ ग्रहण गरेका थिए। जनआन्दोलनको बलमा पुन:स्थापित संसद्ले नेता बनाएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजा ज्ञानेन्द्रसँग पद तथा गोपनीयताको शपथ लिएको कुरा विवादमा पऱ्यो। तर, पछि नयाँ संविधानअनुसार प्रधानमन्त्री भएपछि भने कोइरालाले राजाबाट शपथ लिएनन्, त्यसक्रममा सभामुखले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामासम्बन्धी पत्र पढेर सुनाए। 'नेपालको अन्तरिम संविधान-२०६३ को धारा ३८ को उपधारा (१) बमोजिम अन्तरिम सरकार गठनका लागि मार्ग प्रशस्त गर्न नेपालको प्रधानमन्त्री पदबाट राजीनामा गरेको छु,' प्रधानमन्त्रीको राजीनामा पत्रमा उल्लेख थियो। त्यसपछि सभामुखले 'नेपालको अन्तरिम संविधान-२०६३' को धारा ३८ को उपधारा (१) एवम् व्यवस्थापिका-संसद् नियमावली- २०६३ को नियम १४ को उपनियम (१) बमोजिम नेपालको प्रधानमन्त्री पदका लागि काङ्ग्रेसका सभापति एवम् अन्तरिम व्यवस्थापिका-संसद्मा काङ्ग्रेस संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालालाई नियुक्त गर्ने राजनीतिक सहमति भएअनुरूप नेपालको प्रधानमन्त्री पदमा राजनीतिक सहमतिका आधारमा सर्वसम्मतिले गिरिजाप्रसाद कोइराला नियुक्त भएको घोषणा गरे। राजाले प्रधानमन्त्री नियुक्त गर्ने र उनैले शपथ गराउने प्रचलन यो घटनापछि समाप्त भयो।

३. व्यवस्थापिका-संसद् र अन्तरिम संविधान

अन्तरिम संविधानको घोषणासँगै नेपाल अधिराज्यको संविधान-२०४७ खारेज भयो। ०४६ सालको जनआन्दोलनको उपलब्धिस्वरूप राजा, काङ्ग्रेस र वाममोर्चाको त्रिपक्षीय सम्झौताको दस्तावेजका रूपमा बनेको संविधानलाई ०६२-६३ को जनआन्दोलनको सफलतापछि बनेको सात दलको सरकार र विद्रोही माओवादीबीचको सहमतिमा बनेको अन्तरिम संविधानले प्रतिस्थापन गऱ्यो। 'सात दल र माओवादीबीच सहमति भई शीर्ष नेताहरूद्वारा हस्ताक्षरित संविधान व्यवस्थापिका-संसद्ले सर्वसम्मतिबाट पारित गऱ्यो'।[८]

अन्तरिम संविधानबमोजिम अन्तरिम संसद्को घोषणासँगै १९ दिने जनआन्दोलनको बलमा पुन:स्थापित प्रतिनिधिसभा स्वत: विघटन भयो। ०४७ सालको संविधानअनुरूप गठित माथिल्लो स्थायी सदन राष्ट्रियसभासमेत सोही दिनदेखि विघटन भयो। त्यसँगै शक्तिशाली तर अनिर्वाचित व्यवस्थापिका-संसद्को जन्म भयो।

अन्तरिम संविधानका आधारमा गठन भएको व्यवस्थापिका-संसद् जनआन्दोलन र त्यसपछि सरकार र माओवादीबीच भएको बृहत् शान्ति सम्झौताको सबैभन्दा ठूलो उपलब्धि थियो। अन्तरिम संविधान र अन्तरिम संसद्को घोषणा जनआन्दोलनको सफलतापछि बनेको सात दलको सरकार र माओवादीबीच नौ महिनादेखि जारी शान्तिपूर्ण वार्ताको सबभन्दा ठोस उपलब्धि थियो। 'यसले १२ वर्षसम्म सशस्त्र युद्धमा रहेका माओवादीलाई समेत शान्तिपूर्ण मूलधारमा आएको तथ्य सुस्पष्ट रूपमा देखाएको थियो'।[९]

अन्तरिम संविधान नेपाली जनताका तर्फबाट जनप्रतिनिधिले जारी गरेको मुलुककै पहिलो संविधान हुन पुग्यो। ००४ को वैधानिक कानुन, ००७, ०१३, ०१९, ०४७ सालका सबै संविधान राजाबाट जारी गरिएका थिए। अन्तरिम संविधान-२०६३ ले जनताको सर्वोच्चतालाई स्थापित गऱ्यो भने अर्कोतर्फ जनताभन्दामाथि कोही हुँदैनन् भन्ने मानवअधिकारको विश्वव्यापी घोषणापत्रको मर्मलाई समेत आत्मसात् गरेको थियो।

३.१ लोकतन्त्रपछिको व्यवस्थापिका-संसद्

नेपाल अधिराज्यको संविधान-२०४७ ले २ सय ५ जनाको प्रतिनिधिसभा सदस्य र ६० जनाको राष्ट्रियसभा सदस्यको व्यवस्था गरेको थियो। ०५६

८. "अन्तरिम संविधान जारी"। *कान्तिपुर* ०६३ माघ २: पृ. १

९. पूर्ववत्

सालमा सम्पन्न भएको संसदीय निर्वाचनपछि अर्को निर्वाचन हुन सकेको थिएन। ०५९ असोजपछि ०६३ वैशाख ११ सम्मका चार वर्षमा नेपालमा व्यवस्थापिका-संसद्को अस्तित्व नै रहेन। जनआन्दोलन ०६२-६३ को सफलतापछि पुन:स्थापित संसद्मा १ सय ९४ जना सांसद थिए।

सरकार र माओवादीबीच भएको वार्ता र सहमतिपछि सांसद सङ्ख्या ३ सय ३० पुऱ्याउने सहमति भएको थियो। अन्तरिम संसद्मा काङ्ग्रेसका ७५, एमालेका ७३, माओवादीका ७३, काङ्ग्रेस (प्र.) ४२, राप्रपाका आठ, जनशक्ति पार्टीका तीन, जनमोर्चाका छ, राष्ट्रिय जनमोर्चाका दुई, नेसपा (आ.) का तीन, नेमकिपाका एक, जनवर्गीय र पेसागत सङ्गठन, उत्पीडित जाति, पिछडिएको क्षेत्र, आदिवासी जनजाति, मधेसी, महिला तथा राजनीतिक व्यक्तित्वबाट चार सदस्य छन्। जनवर्गीय र पेसागत सङ्गठन, उत्पीडित जाति, पिछडिएको क्षेत्र, आदिवासी जनजाति, मधेसी, महिला तथा राजनीतिक व्यक्तित्वबाट अन्तरिम संसद्मा काङ्ग्रेस, एमाले र माओवादीका १०/१०, काङ्ग्रेस (प्र.) का छ र जनमोर्चा, नेमकिपा, वाममोर्चा र नेसपा (आ.) का तीन/तीन सदस्य छन्। विघटित प्रतिनिधिसभाका १ सय ९४ र राष्ट्रियसभाका १४ सदस्यलाई अन्तरिम संसद्को सदस्यका रूपमा निरन्तरता दिइएको छ। 'प्रतिनिधिसभाका २ सय ५ सदस्यमध्ये प्रतिगमनको मतियार भएका प्रतिनिधिसभाका काङ्ग्रेसका दुई, एमालेका दुई, राप्रपाका दुई र नेसपा (आ.) का दुई जना गरी आठ जना र राष्ट्रियसभाका १८ सदस्यमध्ये मनोनीत तीन र राप्रपाका एक सदस्य गरी १२ सदस्यलाई व्यवस्थापिका-संसद्मा राखिएको छैन'।[10]

निर्वाचित १ सय ९४, माओवादीका ७३ र आदिवासी जनजाति, महिला र पिछडिएका वर्गलाई छुट्याएको ४८ सिट गरी व्यवस्थापिका-संसद्को सदस्य सङ्ख्या ३ सय ३० पुगेको छ, जसमध्ये माओवादीका ७३ र आदिवासी जनजाति, अल्पसङ्ख्यकबाट मनोनीत भएका ४८ जना जननिर्वाचित सांसद होइनन्। माओवादीलाई मूलधारमा ल्याउन तथा सदियौंदेखि पाखा पारिएकाहरूको आवाज संसद्मा मुखरित गर्न विधायक सङ्ख्या बढाइएको तर्क अघि सारियो।

संसद्को विशेष अधिवेशन र १८ लाख भत्ता

माओवादीको मागबमोजिम असोज महिनामा चलेको संसद्को विशेष अधिवेशनका लागि सांसदको बैठक भत्ता मात्रै करिब १९ लाख रुपियाँ खर्च भएको छ।

संसद्को नियमावली २०६४ को नियम ८० मा जरुरी सार्वजनिक महत्त्वको प्रस्तावउपर दुई घण्टा छलफल हुने व्यवस्था उल्लेख छ। माओवादीको समावेदनअनुसार आह्वान गरिएको अधिवेशन २५ दिनसम्म लम्बियो। नेपालको संसदीय इतिहासमा सबैभन्दा लामो अवधि चलेको विशेष अधिवेशन यही नै थियो।

१० ओटा बैठक बसेको यस अवधिमा व्यवस्थापिका-संसद् अवधिको बैठक भत्ता जोडेर सांसदहरूले ३१ दिनको भत्ता पाउँछन्, जुन करिब १९ लाख बराबर हुन्छ। सांसदले व्यवस्थापिका-संसद्को बैठक बस्नु तीन दिनअघि र पछिल्ला तीन दिनको समेत भत्ता पाउने व्यवस्था छ। बैठक नै नबसे पनि अधिवेशन अवधिभर भत्ता पाइने नियम छ।

बैठक भत्ता र पारवहनबाहेक विशेष अधिवेशन आह्वान भएपछि उपत्यकाबाहिरबाट आउनुपर्ने र समाप्त भएपछि उपत्यकाबाहिर जानुपर्ने सांसदलाई हवाई टिकटको खर्च दिने व्यवस्था पनि छ। बिजुली, पानी, चिया, खाना तथा अन्य व्यवस्थापकीय खर्च जोड्दा विशेष अधिवेशनको खर्च ५० लाख रुपियाँ जति पुग्यो। राजनीतिक सहमतिका नाममा हुने क्रियाकलापहरूले संसद्को नियमित प्रक्रियालाई अवरुद्ध पारे भने जनताको तिरोबाट चल्ने व्यवस्थापिका-संसद् र यसका गतिविधिहरूका कारण अनावश्यक खर्चको भार बेहोर्न राज्य बाध्य भयो।

४. आलोचनाको घेरामा व्यवस्थापिका-संसद्

४.१ अवरुद्ध व्यवस्थापिका-संसद्

जनआन्दोलन-०६२/६३ को बलमा पुन:स्थापित संसद्मा सबैखाले विचारको प्रतिनिधित्व रहेको छ। सबै किसिमका मतभेदहरूलाई आपसी समझदारीबाट समाधान गरी देशलाई गति दिनुपर्नेमा नेपालको व्यवस्थापिका-संसद्मा पुरानै व्यवहार र क्रियाकलापहरू देखा परे।

माओवादी र मधेसी सांसदका मागका कारण संसद्को कारबाही करिब एक महिना अवरुद्ध भयो। 'माओवादी सांसदले योङ् कम्युनिस्ट लिग (वाईसीएल)

१०. पूर्ववत्

को कार्यालयमा गृह प्रशासनले छापा मारेको घटनामा गृहमन्त्रीले माफी माग्नुपर्ने, संविधानसभाको निर्वाचन जेठ महिनामा हुनुपर्ने, माओवादी सेना र शिविरको उचित व्यवस्थापन तथा २६ जना मधेसी सांसदले निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन खारेजी र तराईमा नयाँ जनगणनाको माग गर्दै सदन अवरुद्ध गरेका थिए'।[११]

व्यवस्थापिका-संसद् अवरुद्ध गर्ने काममा एमाले तथा राप्रपाका सांसद पनि पछि परेनन्। एमालेले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आदिवासी जनजातिलगायतका जायज मागलाई सम्बोधन गर्न असमर्थ भएको आरोप लगाउँदै सदन बहिष्कार गरेको थियो। विविध खालका समस्याका साथै तराईमा जारी सशस्त्र तथा निशस्त्र आन्दोलन, आदिवासी जनजातिका मागहरू तथा देशमा विद्यमान समस्याहरूका बारेमा छलफल हुनुपर्ने मागसहित व्यवस्थापिका-संसद् लगातार अवरुद्ध भएको थियो। तर, प्रधानमन्त्रीले संसद्मा उठेका मागहरूका विषयमा जवाफ दिन जरुरी ठानेनन्। आठ दलको सरकार, सदनमा पनि उनीहरूको वर्चस्व छ, नीति र लक्ष्यमा विमति छैन तर संसद्मा प्रस्ताव ल्याइने, छलफल गर्ने, विचार विमर्शबाट निचोडमा पुगी निकास दिनेतर्फ सार्वभौम संसद्ले पटक्कै सोचेन। 'व्यवस्थापिका-संसद् नियमावलीका अनुसार, संसदीय बैठक २१ दिनभन्दा बढी स्थगन गर्न मिल्दैन'।[१२]

जेठमा संविधानसभाको निर्वाचन गर्ने संवैधानिक व्याख्या त गरे तर आवश्यक कानुन भने बनाउन सकेनन्। निर्वाचन आयोगले कानुनको माग गरिरहयो, पार्टीहरू भाषणमा साह्रै खरा र क्रान्तिकारी भए। तर, कानुन बनाउन सुस्त देखिए, जसका कारण जेठ महिनामा हुने भनिएको संविधानसभाको मिति सर्‍यो। मुलुकमा दण्डहीनताको स्थिति रहँदा पनि संसद्मा आवाज उठेन। 'व्यवस्थापिका-संसद्को बैठक पनि नबस्ने, राष्ट्रिय मुद्दाहरूमा गम्भीरतापूर्वक चासो पनि नराख्ने हो भने व्यवस्थापिका-संसद् अधिवेशनको औचित्य समाप्त हुन्छ भन्ने धारणा पनि व्याप्त रहयो'।[१३]

सबैखाले मुद्दाहरूलाई सात दलका शीर्ष नेताले छलफल गर्ने भनेर संसद्लाई महत्त्व प्रदान गरिएन। संसद्लाई निर्णयहरूमा साक्षी राखेजस्तो मात्र गरियो। सांसदहरूलाई छलफलमा सहभागी गराइएन। संसद्ले कार्यपालिकालाई मार्गदर्शन गरेको कमै देखियो, बरू संसद् नै पार्टी सहमतिको बन्दीजस्तो देखिन गयो। संसद्लाई यसरी गतिहीन अवस्थामा राखेर कानुनी एवम् राजनीतिक निकासहरू बन्द गरिएको अनुमान गरियो। अवरुद्ध भएको बैठकका कारण संसद्मा प्रस्तुत भएका १३ विधेयकहरू पारित हुन यही वर्षको वर्ष तथा हिउँदे अधिवेशसम्म पर्खनु पर्‍यो। त्यसरी थन्किएका विधेयकमध्ये सबैभन्दा महत्त्वपूर्ण विधेयकहरू संविधानसभा निर्वाचनसँग सम्बन्धित थिए।

४.२ संविधान संशोधनको लहर

नेपालको अन्तरिम संविधान एक वर्षको अवधिमा तीनपटक संशोधन भयो। तीनपटक गरिएको संविधान संशोधनले अझै पनि आन्दोलनरत विभिन्न पक्षको मागलाई सम्बोधन गर्न नसकेको आन्दोलतरत समूहहरूले बताए। कतिपयले पटक-पटक गरिएको संविधान संशोधनलाई व्यवस्थापिका-संसद्को आयु लम्ब्याउन गरिएको उपायका रूपमा लिए। संविधान संशोधनका लागि व्यवस्थापिका-संसद् सदस्यहरूले गम्भीर छलफल गर्नै परेन। हरेकपटकको संशोधनको प्रस्ताव संसद्बाहिरबाट कुनै बेलाको आठ वा पछिल्लो समयको सात दलको सहमतिबमोजिम प्रस्तुत गरियो।

४.३ छ विधेयकका लागि १ सय ५४ दिन

व्यवस्थापिका-संसद्को हिउँदे सत्रमा १९ विधेयक प्रस्तुत भएका थिए। प्रस्तुत भएका विधेयकमध्ये छओटा विधेयकहरू मात्रै पारित भए। व्यवस्थापिका-संसद्को हिउँदे अधिवेशनको बैठक १ सय ५४ दिन चालू रहयो, जसमध्ये ४२ दिनमा ४५ पटक गरी ८९ घण्टा ४५ मिनेट खास कार्यमा व्यतित भयो। 'मधेसी र माओवादी सांसदहरूका अवरोधका कारण यो अधिवेशनमा झण्डै डेढ महिना व्यवस्थापिका-संसद् अवरुद्ध भएको थियो'।[१४]

मधेसमा आन्दोलन चर्किरहेका बेला एकदिन मात्र माघ ११ गते संसद्को बैठक बस्यो। त्यसपछि संसद्को बैठक एकैपल्ट प्रधानमन्त्रीको दोस्रो सम्बोधनपछि मात्र हुन सक्यो। त्यसो त यति ठूलो व्यवस्थापिका-संसद् गठन गर्ने आठ दलको सरकार र

---

११. "संसद् अवरुद्ध"। *अन्नपूर्ण पोस्ट* ०६४ वैशाख ८: पृ. १
१२. संसद् नियमावली-०६३
१३. "गतिहीन संसद्"। *अन्नपूर्ण पोस्ट* ०६४ वैशाख २८: पृ. ८
१४. "हिउँदे अधिवेशन समाप्त"। *नेपाल समाचारपत्र* ०६४ असार ३: पृ. १

अन्तरिम संविधानको एकवर्षे यात्रा

- २०६३ माघ १ गते अन्तरिम संविधान जारी।
- फागुन २५ गते पहिलो संशोधन।
- राज्यको दायित्व निर्देशक सिद्धान्त तथा नीतिमा पहिलो संशोधन धारा ३३(घ१) थप।
- संविधानसभाको गठनसम्बन्धी धारा ३३ को उपधारा (३) र (३ क) मा पनि संशोधन।
- धारा १३८ संशोधन गरी लोकतान्त्रिक सङ्घीय, शासनप्रणालीसहितको अग्रगामी पुनःसंरचनाको ग्यारेन्टी।
- धारा १५४ (क) थप गरी निर्वाचन क्षेत्र निर्धारण आयोग गठनसम्बन्धी व्यवस्था।

२०६४ जेठ ३० गते दोस्रो संशोधन

- धारा ३३ (क) संशोधन गरी ०६४ मङ्सिर महिनाभित्र स्वतन्त्र र निष्पक्षरूपमा संविधानसभा सदस्यको निर्वाचन गर्न राज्यले सम्पूर्ण ध्यान केन्द्रित गर्ने बाध्यात्मक व्यवस्था।
- धारा ३८ उपधारा ७ मा उपलब्ध (क १) थप गरी अविश्वास प्रस्ताव पारित भएमा प्रधानमन्त्री पदमुक्त हुने व्यवस्था।
- धारा ४० संशोधन गरी प्रधानमन्त्रीले राजनीतिक सहमतिका आधारमा व्यवस्थापिका-संसद्को सदस्य नभएको व्यक्तिलाई मन्त्री बनाउन सक्ने प्रावधान थप।
- धारा ५५ क थप गरी प्रधानमन्त्रीले विश्वासको मत लिने र प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव पेस गर्न सकिनेसम्बन्धी शक्ति परीक्षण र सन्तुलनसम्बन्धी व्यवस्था।
- धारा ५७ (क) थप गरी व्यवस्थापिका-संसद्मा विपक्षी दल तथा त्यसको नेतासम्बन्धी व्यवस्था।
- धारा ६५ (ग १) थप गरी सदस्यको योग्यतासम्बन्धी व्यवस्था।
- धारा १५४ (क) देहाय ९ मा संशोधन र देहाय १० (क) थप गरी निर्वाचन क्षेत्र निर्धारण आयोगसम्बन्धी व्यवस्थामा फेरबदल।
- धारा १५५ उपधारा (२) मा संशोधन गरी संवैधानिक पद, सर्वोच्च अदालतको न्यायाधीश र राजदूत पदमा नियुक्त हुने व्यक्तिको नागरिकतासम्बन्धी व्यवस्थामा संशोधन।
- धारा १५९ (क) थप गरी राजासम्बन्धी निम्नानुसार व्यवस्था गरिएको छ :
  (३ क) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजाले संविधानसभाको निर्वाचन हुन नदिन गम्भीर व्यवधान खडा गरेको ठहर गर्दै संविधानसभाको निर्वाचन हुनुअगावै पनि व्यवस्थापिका-संसद्को तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतले राजसंस्था कायम नरहने गरी प्रस्ताव पारित गर्न सक्नेछ।
  (३ ख) उपधारा (३ क) बमोजिमको प्रस्ताव पेस गर्ने निर्णय मन्त्रिपरिषद्ले गर्नेछ र त्यस्तो प्रस्ताव व्यवस्थापिका-संसद्समक्ष पेस गरिनेछ।

२०६४ पुस ९ गते व्यवस्थापिका-संसदसमक्ष तेस्रो संशोधन विधेयक प्रस्तुत

धारा ३३ को खण्ड (क) मा सम्वत् २०६४ मङ्सिर महिनाभित्र भन्ने वाक्यांशबाट मङ्सिर महिना झिक्ने।
धारा ४५ को उपधारा (५) पछि निम्नानुसार थपिएको छ :

- उपधारा (५) बमोजिम मनोनयन भई रिक्त स्थान पूर्ति भएकामा त्यसरी रिक्त भएको सदस्यको नाम अनुसूची (२) को सम्बन्धित खण्डबाट स्वत: हट्नेछ र सोही अनुसूचीको जुन खण्डबाट नाम हटेको, त्यसरी मनोनयन भएको सदस्यको नाम सोही खण्डमा रहेको वर्णानुक्रमअनुसार स्वत: समावेश भएको मानिनेछ।
- धारा ६१ मा देहाय(क) थप गरी व्यवस्थापिका-संसद् सचिवालयको महासचिवको नियुक्ति, काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ।
- धारा ६३ (३) (क), (ख) र (ग) लाई देहायअनुसार संशोधन गरिएको छ:
  (क) प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी संविधानसभाको निर्वाचन हुनुभन्दाअघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसङ्ख्याका आधारमा त्यस्ता जिल्ला र सदस्य

सङ्ख्याबीचको अनुपात यथासम्भव समान हुने गरी धारा १५४ (क) बमोजिम व्यवस्था भएको निर्वाचन क्षेत्र निर्धारण आयोगबाट निर्धारण भएबमोजिम २ सय ४० निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले पहिलो हुने निर्वाचन प्रणालीअनुसार निर्वाचित सदस्य।

(ख) सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने ३ सय ३५ सदस्य।

(ग) राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू र खण्ड (क) र (ख) बमोजिमको निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने २६ जना सदस्य।

- धारा १५९ को शीर्षकमा रहेको राजासम्बन्धी व्यवस्था हटाएर राष्ट्रप्रमुखसम्बन्धी व्यवस्था राखिएको छ। जुन निम्नानुसार छ :
  - (१) नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ।
  - (२) गणतन्त्रको कार्यान्वयन संविधानसभाको पहिलो बैठकबाट हुनेछ। तर, राजाले संविधानसभाको निर्वाचन हुन नदिन गम्भीर व्यवधान खडा गरेमा संविधानसभाको निर्वाचन हुनुअगावै पनि व्यवस्थापिका-संसद्मा तत्काल कायम रहेका कम्तीमा दुईतिहाइ सदस्यहरूको बहुमतले प्रस्ताव पारित गरी गणतन्त्र कार्यान्वयन गर्न सक्ने र त्यस्तो प्रस्ताव मन्त्रिपरिषद्को निर्णयबमोजिम नेपाल सरकारले ल्याउन सक्नेछ।
  - (३) मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा नरहने र सोसम्बन्धी कुनै पनि अधिकार राजामा नरहने र सोसम्बन्धी काम प्रधानमन्त्रीले गर्ने तथा गणतन्त्र कार्यान्वयन नभएसम्मका लागि राष्ट्रप्रमुखको जिम्मेवारी गर्ने तथा गणतन्त्र कार्यान्वयन नभएसम्मका लागि राष्ट्रप्रमुखको काम प्रधानमन्त्रीले गर्ने संवैधानिक प्रावधान गरिएको छ।
- अन्तरिम संविधानका विभिन्न स्थानमा रहेको काङ्ग्रेस (प्र.) भिकेर अनुसूची (२) मा उल्लिखित संविधानको धारा ४५ उपधारा (१) को खण्ड (ग) बमोजिम काङ्ग्रेस (प्र.) बाट मनोनीत सांसदहरूको नामावली काङ्ग्रेसको नामावली सूचीमा वर्णानुक्रमअनुसार समावेश गरिनेछ।

त्यसका प्रधानमन्त्री कोइरालाले समेत आन्दोलन मत्थर पार्न माघ १७ र २४ गतेका दुवै सम्बोधन पनि संसद्मार्फत नगरी सोझै बालुवाटारबाट गरे। 'सरकारले यति ठूलो समस्या समाधानमा संसद्लाई सहभागी गराएन'।[१५]

पाँचमहिने हिउँदे अधिवेशन अवधिमा छओटा मात्र विधेयक पारित भए। पाँच महिनाको अवधिमा दुईपटक संविधान संशोधन गर्नुले राजनीतिक दलहरूको अदूरदर्शीता प्रस्ट भएको मूल्याङ्कन गरियो। तर, कार्यपालिकाका कमी-कमजोरीलाई औंल्याउने काम गर्नसमेत व्यवस्थापिका-संसद् सक्षम भएन।

४.५ संसद्का निर्देशनहरूको सरकारद्वारा अवज्ञा

अन्तरिम संसद्ले दिएको निर्देशनहरूको सरकारले निरन्तर अवज्ञा गऱ्यो। 'प्रतिनिधिसभाको बैठकले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न सरकारलाई निर्देशन दिए तापनि सरकारले यस वर्षको अन्त्यसम्म पनि अनुमोदन गरेन'।[१६] विधान अनुमोदनका लागि हुने अप्ठ्यारा र दायित्व विषयमा प्रतिवेदन दिन प्रधानमन्त्री कार्यालयका सचिव माधव पौडेलको संयोजकत्वमा कार्यदलसमेत गठन गरियो तर अध्ययनका नाममा अनुमोदनको मागलाई त्यसै थन्क्याइयो।

प्रजातन्त्र दिवसको अवसरमा राजा ज्ञानेन्द्रले दिएको शुभकामना सन्देश प्रजातन्त्रको विपक्षमा भएको निर्क्योल निकालेको संसद्ले राजालाई कारबाही गर्न सरकारलाई निर्देशनात्मक आदेश गऱ्यो। तर, यो वर्षको अन्त्यसम्ममा पनि सरकारले राजाविरुद्ध कस्तो खालको कारबाही प्रक्रिया अगाडि बढायो भन्ने कुरा सार्वजनिक भएन। एकातिर कारबाहीका बारेमा सरकारी धारणा र कारबाही सार्वजनिक भएनन् भने अर्कोतर्फ व्यवस्थापिका-संसद्ले समेत यस सम्बन्धमा दोहोऱ्याएर सरकारलाई सोधेन।

१५. "संशोधनको दोस्रो किस्ता"। *नेपाल* ०६४ असार १०: पृ. २६

१६. इन्सेक। नेपाल मानवअधिकार वर्षपुस्तक २००७। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र, ०६३ फागुन ७: पृ. ९७

संसद्को विशेष अधिवेशनबाट पारित प्रस्ताव (०६३ कात्तिक १२) गते

"नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना सम्पूर्ण राष्ट्रको सङ्कल्प हो। ०६२/६३ सालको जनआन्दोलनमा नेपाली जनताले संविधानसभा निर्वाचनको माध्यमबाट राजतन्त्रको अन्त्य, लोकतान्त्रिक गणतन्त्रको स्थापना, सामन्ती राज्य व्यवस्थाको अन्त्य, समावेशी लोकतन्त्र र सङ्घात्मक राज्यको स्थापना गरी नयाँ नेपाल बनाउने उद्घोष गरेका थिए।

संविधानसभाको निर्वाचन गर्ने हाम्रो पटक-पटकको प्रयासले सफलता पाउन नसकेको र ०६४ मङ्सिर ६ गते सम्पन्न गर्ने भनी नेपालको अन्तरिम संविधान ०६३ ले निर्धारण गरेको समयभित्र समेत निर्वाचन हुन नसकेको यस दु:खद परिप्रेक्ष्यमा निर्वाचन हुन नसक्नुका कारणहरू पहिल्याई त्यसको निराकरण गर्न, संविधानसभा निर्वाचनको नयाँ मिति तोकी संविधानसभाको निर्वाचन गर्न र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गर्न आवश्यक सम्पूर्ण प्रक्रिया अविलम्ब निर्धारण गर्न र यसका निम्ति ठोस कदम चाल्न व्यवस्थापिका-संसद्को यो बैठक नेपाल सरकारलाई निर्देश गर्दछ।

राजनीतिक सहमतिमा बनेको अन्तरिम संविधानमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिएको घोषणा गरियो। संविधान जारी भएलगत्तै समानुपातिक निर्वाचन प्रणालीका लागि आन्दोलनहरू सुरु गरिए तर तिनीहरूलाई उपेक्षा गरिए। लामो समयका वार्ताले पनि मुलुकका मधेसी, दलित, आदिवासी जनजाति, महिला तथा विभिन्न जातीय र क्षेत्रीय समुदायको प्रतिनिधित्वको सुनिश्चितता गर्न सकेन। साथसाथै, शान्ति प्रक्रिया धरापमा पर्ने खतरा आइरह्यो भने द्वन्द्वको व्यवस्थापन हुन पनि सकेन। तसर्थ, शान्ति प्रक्रियालाई सुदृढ नबनाई र द्वन्द्व व्यवस्थापनको दूरदृष्टि नराखी संविधानसभा सम्पन्न हुन सक्दैन। संविधानसभा सामान्य आवधिक चुनाव नभई शान्ति प्रक्रियाको एक अंश पनि हो। तसर्थ, शान्ति प्रक्रियासँग जोडिएको संविधानसभा चुनावलाई सबै वर्ग, क्षेत्र, जाति र समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गर्न जरुरी हुन्छ। त्यसका निम्ति विभिन्न जाति, क्षेत्र र समुदायद्वारा उठाइएका मागहरूलाई सम्बोधन गर्नु र राष्ट्रको बहुविशेषतालाई स्वीकार्नु नै बुद्धिमानी हुन्छ। यदि हामी समावेशी, जनसहभागितामूलक र समानुपातिक राज्य प्रणालीसहितको नेपाल निर्माण गर्ने ऐतिहासिक जनआन्दोलनको जनादेशप्रति इमानदार छौँ भने समानुपातिक प्रणाली अवलम्बन गरिनु अनिवार्य छ।

एकात्मक र केन्द्रीकृत राज्य संरचना अन्त्य गरी सङ्घीय राज्यमा जाने संवैधानिक प्रतिबद्धता भइसकेको सन्दर्भमा पुरानै एकात्मक प्रणालीको पृष्ठपोषक बहुमतीय निर्वाचन प्रणाली कायम राख्नु सङ्घीय प्रणालीका लागि सिद्धान्त, नीति सबै हिसाबले विपरीत हुने हुँदा यो निर्वाचन प्रणालीमा परिवर्तन गरी पूर्ण समानुपातिक बनाउनु पनि त्यतिकै जरुरी भएको छ। मुलुकका सबै वर्ग, जाति, क्षेत्र र समुदायका जनता जो समानुपातिक सहभागिताका लागि आन्दोलनरत छन्, उनीहरूसमेत सबै जाति, वर्ग, क्षेत्र र समुदायका जनताको समानुपातिक सहभागिता सुनिश्चित गर्न हालको मिश्रित निर्वाचन प्रणालीलाई अवलम्बन गर्न यो सदन सहमत छ। तसर्थ, संविधानमा उल्लिखित मिश्रित निर्वाचन प्रणाली अवलम्बन गर्न संविधानलगायत निर्वाचनसँग सम्बद्ध कानुनहरूमा संशोधनलगायतका आवश्यक काम सम्पन्न गर्न नेपाल सरकारलाई यो बैठक निर्देश गर्दछ।"

४.६ ओझेलमा बेपत्ताको सवाल

१० वर्षे सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका मानिसहरूको अवस्थाका बारेमा संसद्मा छलफल भएन। विभिन्न मागहरू राखी मधेसी सांसदहरूले तथा वाईसीएलको कार्यालयमा प्रहरीले छापा मारेको लगायतका विषयमा हिउँदे अधिवेशनका १ सय ५४ दिनमध्ये ४५ दिन अवरुद्ध भए। विस्तृत शान्ति सम्झौतामा 'सरकार तथा माओवादीले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूको परिवारजन, कानुनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमत छन्'[१७] भनिए पनि यस विषयसँग सम्बन्धित कानुन बनाउन व्यवस्थापिका-संसद् अग्रसर भएन।

---

१७. शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता। बुँदा नं.७। काठमाडौँ: ०६३ मङ्सिर ८

'सशस्त्र द्वन्द्वका क्रममा सरकारी पक्षबाट ७ सय ८३ र माओवादीबाट १ सय ५ जना मानिसहरू बेपत्ता पारिएका'[१८] छन्। सरकार तथा संसद्मा माओवादीको प्रवेशसँगै यस विषयले चर्चा पाउने आशामा बसेका पीडितका परिवार निराश मात्र भएनन्, पटक-पटक विभिन्न शैलीका आन्दोलन तथा विरोध कार्यक्रमहरूमा संलग्न भइरहे।

सबैभन्दा दु:खको कुरा त के भयो भने विभिन्न मागहरूमा संसद्का नियमित कारबाही अगाडि बढाउन अवरोध पुऱ्याउने माओवादीले बेपत्ता नागरिकका सम्बन्धमा आवाज उठाएको सुनिएन। बरु 'बेपत्ता पारिएका नागरिकको अवस्था पत्ता लगाउनुपर्नेलगायतका २२ बुँदे माग राखेर माओवादीले सरकार छोड्यो'।[१९] आफूले बेपत्ता पारेका १ सय ५ जनाको अवस्थाका बारेमा माओवादीले सधैँ भिन्न प्रकारका धारणा मात्रै सार्वजनिक गऱ्यो। कहिले आफ्नो पार्टीले कसैलाई बेपत्ता पारेको छैन भनेर, कहिले ती मानिसहरूलाई आफूहरूले अपहरण नै गरेको छैन भनेर त कहिले १५ दिनभित्र सार्वजनिक गर्ने भनेर। विस्तृत शान्ति सम्झौताको बुँदा नं. ७१.३ मा द्वन्द्व र यातनापीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चितता गरिनेछ भन्ने उल्लेख गरिएको छ तर त्यस दिशामा काम भएको पाइएन।

४.७ सात दलको छाया

विभिन्न विषयहरूमा महत्त्वपूर्ण र ऐतिहासिक निर्णय गरेर चर्चामा रहेको व्यवस्थापिका-संसद्लाई सात दलको रबरस्ट्याम्प बनाइयो भन्ने टिप्पणी पनि सन् २००७ को उत्तरार्धमा भयो। देशका महत्त्वपूर्ण निर्णयहरू बालुवाटारमा गर्ने अनि त्यसलाई छाप लगाउन संसद्मा टेबुल गर्ने गरिएका घटनाका कारण 'सात जना हाकिमको निर्णय कार्यान्वयन गर्न ३ सय ३० जना खरदार किन ? भन्ने प्रश्न जनमानसमा उठ्यो'।[२०]

'महत्त्वपूर्ण राजनीतिक निर्णय लिने बैठकहरू बालुवाटारमा हुनु र आठ दलका शीर्ष नेताका बैठकको निर्णय अनुमोदन गर्ने थलो जस्तै बन्यो व्यवस्थापिका-संसद्। अन्तरिम-संसद्का घोषणा निर्णय र निर्देशनलाई सरकारले सम्मान गऱ्यो तर संसद्ले यो बिर्सेको जस्तो देखियो कि 'सरकारलाई निर्देशन दिने र घोषणा गर्ने मात्र होइन, कार्यान्वयनमा पहल गर्नु पनि उसको दायित्व हो'।[२१]

व्यवस्थापिका-संसद्का कुनै पनि बैठकहरूमा उसले सरकार तथा सम्बन्धित निकायलाई दिएको निर्देशन पालना भए/नभएको विषयमा चर्चा भएनन्। यसका साथै सांसदहरूको कमजोर प्रस्तुति, न्यून उपस्थिति तथा विषयगत जानकारीको अभावका कारण जनचाहनाबमोजिम संसद्का क्रियाकलापहरू अगाडि बढेनन्। संसद्को अवधि लम्ब्याउने र आफ्नो तलबभत्ताप्रति मात्र सांसदको ध्यान जाने हो भने यसप्रतिको जनविश्वास गुम्ने खतरा बढेको छ।

४.८ बजेट

४.८.१ बजेटको विश्लेषण

अर्थमन्त्री डा. रामशरण महतले व्यवस्थापिका-संसद्मा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष ०६४/६५ को १६९ अर्ब बजेटलाई धेरैजसोले महत्त्वाकाङ्क्षी र पपुलिस्ट भने भने कतिले कार्यान्वयनमा आशङ्कासमेत व्यक्त गरे।

बजेटमा रासायनिक मल र बीउको ढुवानीमा २६ जिल्लाका लागि मात्र भए पनि अनुदान दिने कुरा उल्लेख छ। मूलत: अर्थमन्त्री रामशरण महत अनुदानजस्ता विषयमा नाम नै लिन चाहँदैन थिए। सात दलको सरकारका अर्थमन्त्री भएका नाताले हुनुपर्छ बजेटमा मिल्क होलिडे अन्त्य गर्नका लागि सहकारी संस्थाहरूलाई धुलो दूधको कारखाना स्थापना गर्न ब्याङ्क कर्जामा ब्याज छुट वा मेसिनरी आयातमा भन्सार सुविधामध्ये एउटा सुविधा दिन सकिने प्रस्ताव उल्लेख छ। यसैगरी, सहकारी संस्थाले चिया प्रशोधन गर्ने कारखाना स्थापना गर्न चाहेमा पनि यो सुविधा दिने उल्लेख छ। बजेटले वैज्ञानिक भूमिसुधारको कुरा उल्लेख गरेको छ। किसानको हितका लागि साना सिँचाइ आयोजना कार्यान्वयनका लागि अनुदान दिने व्यवस्था छ। बजेटमा सहिद परिवार, आन्दोलनका घाइते र द्वन्द्वपीडित परिवारहरूका लागि पनि राहत सुविधा दिइने कुरा उल्लेख छ। बजेटमा संविधानसभा

---

१८. इन्सेक। नेपाल मानवअधिकार वर्ष पुस्तक २००७। काठमाडौँ: अनौपचारिक क्षेत्र सेवा केन्द्र, ०६३ फागुन ७: पृ. १३

१९. "माओवादी सरकारबाहिर"। *कान्तिपुर* ०६४ असोज २: पृ. १

२०. http://www.nepalipost.com/nepali/archiveres.php?nid 4506

२१. ढुङ्गेल, माधव। "बढेन साख"। *नेपाल* ०६३ असार १०: पृ.१८

निर्वाचनका लागि आवश्यक खर्च छुट्याइएको छ। संविधानसभा निर्वाचनका लागि आवश्यक शान्ति सुरक्षाको व्यवस्थाका लागि पनि बजेटमा व्यवस्था गरिएको छ। सातदलीय सहमतिमा तयार गरिएको भनिए पनि राजालाई बजेट छुट्याइएको विषय पनि यस वर्ष विवादको रूपमा आयो।

५. मानवअधिकार संरक्षणका लागि संसदीय प्रयास

५.१ बेपत्ता र अपहरणसम्बन्धी विधेयक

विशेषत: आपराधिक समूहद्वारा फिरौतीका निम्ति गरिने अपहरणका कारण जनजीवन आक्रान्त भए पनि कानुनको अभावमा कारबाही अगाडि बढ्न नसक्ने अवस्थाको अन्त्य गर्न नयाँ ऐन पारित गऱ्यो। विस्तृत शान्ति सम्झौतामा 'दुवै पक्षले सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबरजस्ती कुनै काममा लगाउने कार्य गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यक कारबाहीसमेत गर्नेछन्'[३२] भनी उल्लेख छ। अन्तरिम व्यवस्थापिका-संसद्को बैठकले पारित गरेको मानव बेचबिखन र नियन्त्रण ऐन मानवअधिकार रक्षाका सन्दर्भमा महत्त्वपूर्ण मानिएको छ।

'सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य'[३३] भएको भए पनि सशस्त्र द्वन्द्वकै अवस्थामा जस्तो अपहरण, चन्दा असुली, फिरौती लिने प्रचलनको अन्त्य भएन। तराईमा सक्रिय विभिन्न नामधारी सशस्त्र समूहहरूले मानिसलाई अपहरण गर्ने र मागेअनुसारको चन्दा वा फिरौती रकम नदिए व्यक्तिहत्यासमेत गर्ने गरेको घटना इन्सेकमा अभिलेखित छन्। माओवादी सशस्त्र सङ्घर्ष छोडेर मूलधारमा आइसके पनि उसको भ्रातृ सङ्गठन वाईसीएलका कतिपय गतिविधिहरू अझै पनि अपहरण तथा चन्दा असुलीमा केन्द्रित छन्। अन्तरिम संसद्ले यही वर्ष पारित गरी सभामुख सुवासचन्द्र नेम्वाङद्वारा सोही दिन लालमोहर लागेको मानव बेचबिखन र नियन्त्रण ऐनले यस्ता अपराधहरूलाई कानुनी कारबाहीको दायरामा ल्यायो। अन्तरिम व्यवस्थापिका-संसद्बाट पारित भएको यो ऐन मानवअधिकारको संरक्षण र सम्बर्धनमा कोसेढुङ्गा साबित हुन सक्छ।

५.२ सूचनाको हक ऐन-२०६४

'विश्वव्यापीरूपमा स्वीकृत आधारभूत मानवअधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, सूचनाको अधिकार, प्रेस स्वतन्त्रतालगायतका अवधारणाहरूको पूर्ण पालना गर्ने'[३४] विषयहरू विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएको छ। यसै सन्दर्भमा अन्तरिम व्यवस्थापिका-संसद्ले सूचनाको हक ऐन-२०६४ पारित गऱ्यो। ऐनमा जनताको सूचनाको हक प्रत्याभूत गरिएको छ। सूचनाको हक ऐनले सूचना आयोग गठनको अवधारणा अगाडि सारेको छ। आयोगमा सूचनाको हकबाट वञ्चित मानिसहरूले उजुरी दिन सक्ने व्यवस्था विधेयकमा गरिएको छ। साथै, आयोगले सार्वजनिक महत्त्वका सूचनाहरू जनताले पाए/नपाएको नियमित अनुगमन गर्ने प्रावधान छ।

५.३ श्रमजीवी पत्रकार ऐन-२०६४

अन्तरिम व्यवस्थापिका-संसद्को बैठकले श्रमजीवी पत्रकार ऐन-२०६४ पारित गरेको छ। ऐनले विभिन्न छापा तथा विद्युतीय सञ्चारमाध्यममा कार्यरत पत्रकारहरूको पारिश्रमिक निर्धारण गर्न दुईवर्षे कार्यकाल भएको समिति गठन गर्ने व्यवस्था गरेको छ। सञ्चारमाध्यममा कार्यरत श्रमजीवी पत्रकारहरूको न्यूनतम ज्याला तोक्नुपर्ने, उनीहरूको बिमा, स्वास्थ्योपचारको खर्चलगायतका विषयमा विधेयकमा व्यवस्था गरिएको छ। अन्तरिम व्यवस्थापिका-संसद्ले गरेको एउटा उल्लेखनीय कामका रूपमा यसको सञ्चार जगत्ले स्वागत गऱ्यो।

५.४ बेलबारी घटनाको छानबिन समिति

मोरङको बेलबारीमा सेनाले बलात्कार गरी एक महिलाको हत्या गरेको विरोधमा स्थानीय जनताले विरोध प्रदर्शन गर्दा सेनाले चलाएको गोली लागी सात जनाको ज्यान गयो। व्यवस्थापिका-संसद्ले घटनाका सम्बन्धमा छानबिन गरी दोषीलाई कारबाहीको सिफारिस गर्न विधायक परि थापाको संयोजकत्वमा सदस्यहरू कमला पन्त, गोकर्णराज विष्ट, तिर्था गौतम, नारायणप्रकाश साउद, शिवकुमार मण्डल, रामनाथ

---

३२. शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता। बुँदा नं.७.२१। काठमाडौं: ०६३ मङ्सिर ८

३३. पूर्ववत्

३४. शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता। बुँदा नं.३.४। काठमाडौं: ०६३ मङ्सिर ८

०६३ माघ १ गते घोषणा भएको व्यवस्थापिका-संसदका सदस्यहरू

नेपाली काङ्ग्रेस	
१	अजयकुमार चौरसिया, पर्सा-२
२	अर्जुनप्रसाद जोशी, पर्वत-१
३	आनन्दप्रसाद ढुङ्गाना, धनुषा-३
४	आमोदप्रसाद उपाध्याय, मोरङ-१
५	एकनाथ रानाभाट, चितवन-२
६	कमला पन्त, गोर्खा-२
७	काशी पौडेल, बर्दिया-१
८	केशरमान रोक्का, रुकुम-१
९	कैलाशनाथ कसौधन, बाँके-३
१०	कृष्णप्रसाद सिटौला, झापा-१
११	खुमबहादुर खड्का, दाङ-१
१२	गिरिजाप्रसाद कोइराला, सुनसरी-५
१३	गोपालप्रसाद कोइराला, झापा-६
१४	गोविन्दराज जोशी, तनहुँ-१
१५	गङ्गाधर लम्साल, चितवन-३
१६	चक्रप्रसाद बास्तोला, झापा-४
१७	जनकराज गिरी, बाजुरा
१८	जयप्रकाशप्रसाद गुप्ता, सप्तरी-१
१९	टङ्कप्रसाद शर्मा कँडेल, बारलुङ-१
२०	डिल्लीराज शर्मा, पर्वत-२
२१	तारानाथ रानाभाट, कास्की-१
२२	तारिणीदत्त चटौत, कञ्चनपुर-२
२३	तिर्थराज डङ्गोल, काठमाडौँ-७
२४	दामोदर बस्ताकोटी, नवलपरासी-१
२५	दिलेन्द्र बडु, दार्चुला
२६	दुर्योधन सिंह, रुपन्देही-१
२७	देवेन्द्रराज कँडेल, नवलपरासी-४
२८	नागेन्द्रकुमार राय, सर्लाही-४
२९	पाल्तेन गुरुङ, मनाङ
३०	पुष्करनाथ ओझा, कैलाली-३
३१	फर्मुलाह मन्सुर, बारा-४
३२	बेनुपराज प्रसाई, इलाम-१
३३	महन्थ ठाकुर, सर्लाही-५
३४	महादेव गुरुङ, कास्की-२
३५	महेन्द्रकुमार राय, महोत्तरी-४
३६	महेश आचार्य, मोरङ-५
३७	मोहम्मद अफ्ताब आलम, रौतहट-२
३८	रामकुमार चौधरी, सप्तरी,-२
३९	रामकृष्ण ताम्राकार, रुपन्देही-२
४०	रामचन्द्र तिवारी, महोत्तरी-२
४१	रामचन्द्र पौडेल, तनहुँ-२
४२	रामनाथ अधिकार, धादिङ-२
४३	रामबहादुर गुरुङ, लमजुङ-१
४४	रामबहादुर विष्ट, अछाम-२
४५	डा. रामवरण यादव, धनुषा-५
४६	डा. रामशरण महत, नुवाकोट-२
४७	रामहरि ढुङ्गेल, रामेछाप-२
४८	रोमी गौचन थकाली, मुस्ताङ
४९	लेखनाथ आचार्य, रोल्पा-१
५०	लेखनाथ न्यौपाने, भक्तपुर-२
५१	विनयध्वज चन्द, बैतडी-२
५२	वीरेन्द्रकुमार कनौडिया, कपिलवस्तु-३
५३	शिवकुमार बस्नेत, खोटाङ-२
५४	शिवप्रसाद हुमागाई, काभ्रेपलाञ्चोक-२
५५	शिवप्रसाद जोशी, दैलेख-२
५६	शिवप्रसाद जोशी, सुर्खेत-३
५७	शङ्करप्रसाद पाण्डे, स्याङ्जा-३
५८	सावित्री बोगटी पाठक, चितवन-१
५९	सिद्धराज ओझा, डोटी-२
६०	सुरेन्द्रप्रसाद चौधरी, पर्सा-३
६१	सुरेन्द्र हमाल, रोल्पा-२
६२	सुरेन्द्र मल्ल, बझाङ-२

६३	सुशील कोइराला, बाँके-२
६४	सूर्यप्रसाद प्रधान, रुपन्देही-३
६५	स्मृतिनारायण चौधरी, धनुषा-१
६६	हरिप्रसाद सापकोटा, सुनसरी-४
६७	हरिभक्त अधिकारी, लमजुङ-२
६८	हृदयराम थानी, सुर्खेत-२
६९	ज्ञानु केसी, बाँके-१
७०	अशोक कोइराला, मोरङ
७१	दीपकबहादुर गुरुङ, कास्की
७२	बलबहादुर राई ओखलढुङ्गा
७३	मैयादेवी श्रेष्ठ, चितवन
७४	राधेश्याम अधिकारी, काठमाडौं
७५	कुलबहादुर गुरुङ, इलाम
७६	भीमबहादुर तामाङ, दोलखा
७७	सुजाता कोइराला, सुनसरी
७८	दीनबन्धु श्रेष्ठ, जुम्ला
७९	यज्ञराज पाठक, डोटी
८०	सीतादेवी यादव, सिराहा
८१	कृष्णकुमारी श्रेष्ठ, चितवन
८२	हरिहर दाहाल, काठमाडौं
८३	मीठाराम विश्वकर्मा, पर्वत
८४	अमरेशकुमार सिंह, सर्लाही
८५	केशव थापा, इलाम-३
८६	नरेन्द्रविक्रम नेम्वाङ, झापा-३
८७	हरिनारायण चौधरी, मोरङ-६
८८	विजयकुमार गच्छदार, सुनसरी-२
८९	लक्ष्मणप्रसाद मेहता, सुनसरी-३
९०	टङ्कप्रसाद राई, सङ्खुवासभा-१
९१	बलबहादुर केसी, सोलुखुम्बु
९२	सर्वधन राई, खोटाङ-१
९३	होमनाथ दाहाल, ओखलढुङ्गा-१
९४	चित्रलेखा यादव, सिराहा-२
९५	महेन्द्र यादव मधुकर, महोत्तरी-१
९६	शरद्सिंह भण्डारी, महोत्तरी-३
९७	दिलबहादुर लामा, रसुवा
९८	पीएल सिंह, काठमाडौं-४
९९	राजेन्द्र खरेल, काभ्रेपलाञ्चोक-३
१००	मोहनबहादुर बस्नेत, सिन्धुपाल्चोक-१
१०१	उमाकान्त चौधरी, बारा-१
१०२	ऋषिकेश गौतम, बारा-३
१०३	कृष्णप्रसाद भट्टराई, पर्सा-१
१०४	नारायण शर्मा, चितवन-४
१०५	चिरञ्जीवी वाग्ले, गोर्खा-१
१०६	हरिलाल जोशी, गोर्खा-३
१०७	प्रकाशबहादुर गुरुङ, कास्की-२
१०८	गोपालमान श्रेष्ठ, स्याङ्जा-३
१०९	भरतकुमार साह, रुपन्देही-४
११०	कृष्णकिशोर घिमिरे, दाङ-३
१११	गेहेन्द्र गिरी, दाङ-४
११२	पूर्णबहादुर खड्का, सुर्खेत-१
११३	मङ्गलप्रसाद थारु, बर्दिया-२
११४	खेमराज भट्ट मायालु, बर्दिया-३
११५	गोविन्दबहादुर शाह, अछाम-१
११६	अर्जुनजङ्गबहादुर सिंह, बभाङ-१
११७	भक्तबहादुर बलायर, डोटी-१
११८	सुशीला स्वार, कैलाली-१
११९	रामजनम चौधरी, कैलाली-२
१२०	टेकबहादुर चोख्याल, कैलाली-४
१२१	नरेन्द्रबहादुर बम, बैतडी-१
१२२	शेरबहादुर देउवा, डडेल्धुरा
१२३	नारायणप्रकाश सावद, कञ्चनपुर-१
१२४	रमेश लेखक, कञ्चनपुर-३

१२५	प्रकाशमान सिंह, काठमाडौँ
१२६	विमलेन्द्र निधि, धनुषा
१२७	प्रदीप गिरी, सिराहा
१२८	डा. मीनेन्द्र रिजाल, मोरङ
१२९	डा. प्रकाशशरण महत, नुवाकोट
१३०	उमा अधिकारी, पर्वत
१३१	रामजीवन सिंह, महोत्तरी
१३२	अक्कलबहादुर विष्ट, अछाम

नेपाल कम्युनिस्ट पार्टी (एमाले)	
१	माधवकुमार नेपाल, रौतहट-१
२	केपी शर्मा ओली, झापा-२
३	तारा समयाङ, झापा-५
४	सुवासचन्द नेम्वाङ, इलाम-२
५	वसन्तकुमार नेम्वाङ, पाँचथर-१
६	डम्बरसिंह सम्बाहाम्फे, पाँचथर-२
७	तिलकुमार मेयाङ्बो, ताप्लेजुङ-१
८	ओमप्रसाद ओझा, ताप्लेजुङ-२
९	भरतमोहन अधिकारी, मोरङ-२
१०	लालबाबु पण्डित, मोरङ-३
११	हर्कमान तामाङ, मोरङ-४
१२	कुन्ता शर्मा, सुनसरी-१
१३	दुर्गा लिङ्खा, धनकुटा-१
१४	घनेन्द्र बस्नेत, भोजपुर-१
१५	शेरधन राई, भोजपुर-२
१६	विजय सुब्बा, तेह्थुम-१
१७	परशुराम मेघी गुरुङ, सङ्खुवासभा-२
१८	जगदीशप्रसाद शाह, सप्तरी-४
१९	रामचन्द्र यादव, सिराहा-१
२०	राजेन्द्रप्रकाश लोहनी, नुवाकोट-१
२१	धर्मनाथ साह, सिराहा-५
२२	सुरेशकुमार कार्की, उदयपुर-१
२३	जगन्नाथ खतिवडा, उदयपुर-२
२४	योगनारायण यादव, धनुषा-२
२५	महेन्द्रप्रसाद यादव, सर्लाही-१
२६	गङ्गाप्रसाद नेपाल, सिन्धुली,-१
२७	शङ्करनाथ शर्मा, सिन्धुली-२
२८	पशुपति चौलागाई, दोलखा-१
२९	आनन्दप्रसाद पोखरेल, दोलखा-२
३०	कमलप्रकाश सुनुवार, रामेछाप-१
३१	सुवास कर्माचार्य, सिन्धुपाल्चोक-२
३२	शिवबहादुर देउजा, काभ्रेपलाञ्चोक-१
३३	राजेन्द्रप्रसाद पाण्डे, धादिङ-३
३४	सुशीला नेपाल, ललितपुर-१
३५	कृष्णलाल महर्जन, ललितपुर-२
३६	रघुजी पन्त, ललितपुर-३
३७	प्रदीप नेपाल, काठमाडौँ-१
३८	विद्यादेवी भण्डारी, काठमाडौँ-२
३९	ईश्वर पोखरेल, काठमाडौँ-३
४०	मङ्गलसिद्धि मानन्धर, काठमाडौँ-५
४१	अष्टलक्ष्मी शाक्य, काठमाडौँ-६
४२	महेन्द्रबहादुर पाण्डे, नुवाकोट-३
४३	डा. वंशीधर मिश्र, रौतहट-३
४४	सोहनप्रसाद चौधरी, बारा-२
४५	उर्मिला अर्याल, पर्सा-४
४६	कृष्णप्रसाद दाहाल, मकवानपुर-१
४७	विरोध खतिवडा, मकवानपुर-२
४८	वीरबहादुर लामा, मकवानपुर-३
४९	टुकराज सिग्देल, तनहुँ-३
५०	हितकाजी गुरुङ, स्याङ्जा-१
५१	चन्द्रमणि खराल, नवलपरासी-२
५२	धनबहादुर चौधरी, कपिलवस्तु-१
५३	भद्रबहादुर थापा, पाल्पा-१

५४	सोमप्रसाद पाण्डे, पाल्पा-२
५५	यादवबहादुर रायमाझी, पाल्पा-३
५६	फटिकबहादुर थापा, गुल्मी-१
५७	प्रदीपकुमार ज्ञवाली, गुल्मी-२
५८	गोकर्णराज विष्ट, गुल्मी-३
५९	डा. डिल्लीराज खनाल, अर्घाखाँची-२
६०	प्रकाश ज्वाला, सल्यान-१
६१	तिर्था गौतम, रुकुम-२
६२	नरबहादुर हमाल, दैलेख-१
६३	रत्नप्रसाद न्यौपाने, जाजरकोट-२
६४	गोरखबहादुर बोगटी, हुम्ला-१
६५	देवीलाल थापा, जुम्ला-१
६६	चन्द्रबहादुर शाही, मुगु-१
६७	अमृतकुमार बोहरा, सिन्धुपाल्चोक
६८	भक्तनाथ खनाल, इलाम
६९	वामदेव गौतम, बर्दिया
७०	पार्वती चौधरी, कैलाली
७१	रिमा नेपाली, रोल्पा
७२	शान्ति पाखिन, दोलखा
७३	पारोदेवी यादव, सिराहा
७४	जयन्ती राई, भोजपुर
७५	रिजवान अन्सारी, सर्लाही
७६	चूडामणि जङ्गली विश्वकर्मा, कास्की
७७	रामप्रीत पासवान, सप्तरी
७८	लक्ष्मीदास मानन्धर, काठमाडौँ
७९	रङ्गनाथ जोशी, बर्दिया
८०	श्रीमाया थकाली, मुस्ताङ
८१	उर्वादत्त पन्त, कञ्चनपुर
८२	ललितकुमार बस्नेत, मकवानपुर
८३	बेदुराम भुसाल, कपिलवस्तु

नेपाल कम्युनिस्ट पार्टी (माओवादी)	
१	कृष्णबहादुर महरा, रोल्पा
२	देव गुरुङ, मनाङ
३	दिनानाथ शर्मा, बाग्लुङ
४	मातृका यादव, धनुषा
५	लोकेन्द्र विष्ट, रुकुम
६	हिसिला यमी, काठमाडौँ
७	जनार्दन शर्मा, रुकुम
८	लेखराज भट्ट, कैलाली
९	खड्कबहादुर विक, कालीकोट
१०	जयपुरी घर्ती, रोल्पा
११	सुरेश आलेमगर, तनहुँ
१२	तिलक परियार, बाँके
१३	महेन्द्र पासवान, सिराहा
१४	प्रभु साह, रौतहट
१५	रमेश दनुवार, सिराहा
१६	कमला रोक्का, रुकुम
१७	पदम राई, भोजपुर
१८	गङ्गानारायण श्रेष्ठ, सिन्धुली
१९	सन्तोष बुढामगर, रोल्पा
२०	भक्तबहादुर शाह, जाजरकोट
२१	हीतबहादुर तामाङ, नुवाकोट
२२	रामचन्द्र चौधरी, बर्दिया
२३	दिलीप महर्जन, काठमाडौँ
२४	नारायणप्रसाद दाहाल, चितवन
२५	वामदेव क्षेत्री, रुपन्देही
२६	पूर्णा सुवेदी, बाँके
२७	उमा भुजेल, गोर्खा
२८	अमृता थापा, स्याङ्जा
२९	टङ्क आङबुहाङ्ग, ताप्लेजुङ
३०	धर्मशीला चापागाई, झापा

३१	नारायणीदेवी श्रेष्ठ, भक्तपुर
३२	सरस्वती चौधरी, सप्तरी
३३	रामकुमारी यादव, धनुषा
३४	रिवसी राई, उदयपुर
३५	सत्या पहाडी, डोल्पा
३६	शोभा कट्टेल, चितवन
३७	दमा शर्मा, दाङ
३८	उमा विश्वकर्मा, कपिलवस्तु
३९	मञ्जु वम, बैतडी
४०	रूपा चौधरी, कैलाली
४१	भगवती प्रधान, सिन्धुपाल्चोक
४२	देवी खड्का, दोलखा
४३	कुमारी मोक्तान, मकवानपुर
४४	सावित्री गुरुङ, तनहुँ
४५	बलावती शर्मा, बाग्लुङ
४६	रूपा विश्वकर्मा, पाल्पा
४७	सम्झना विश्वकर्मा, प्यूठान
४८	सरला रेग्मी, बर्दिया
४९	सरस्वती महरा, दैलेख
५०	राम आश्रय राम, पर्सा
५१	टीका बुढाथोकी, सल्यान
५२	नन्दसिंह सार्की, डडेल्धुरा
५३	मङ्गल विश्वकर्मा, सुर्खेत
५४	परशुराम रम्तेल, गोर्खा
५५	भरत साह, महोत्तरी
५६	सूर्यनाथ यादव, सप्तरी
५७	शालिकराम जम्मरकट्टेल, धादिङ
५८	परमानन्द वर्मा, बाँके
५९	विनोद उपाध्याय, रुपन्देही
६०	शिवकुमार मण्डल, मोरङ
६१	चिनक कुर्मी, नवलपरासी
६२	रामलोटन तिवारी, कपिलवस्तु
६३	सत्यनारायण भगत, रौतहट
६४	इन्द्रजीत चौधरी, दाङ
६५	पुरन रानाथारु, कञ्चनपुर
६६	पूर्णसिंह राजवंशी, झापा
६७	गमबहादुर श्रीष, म्याग्दी
६८	सुदर्शन बराल, गुल्मी
६९	सूर्यमान तामाङ, काभ्रे
७०	खिमलाल देवकोटा, कास्की
७१	फुर्वी शेर्पा, सङ्खुवासभा
७२	शिला यादव, बारा
७३	बुद्धिमान माझी, सिन्धुली
७४	मल्लके सुन्दर, काठमाडौँ
७५	कुमार फुदुङ, तेह्थुम
७६	हरि रोका, खोटाङ
७७	कृष्ण आचार्य, कास्की
७८	भिक्षु आनन्द, काठमाडौँ
७९	शान्त श्रेष्ठ, काठमाडौँ
८०	इलियस मुसलमान, कपिलवस्तु
८१	नारायणप्रसाद रेग्मी, दाङ
८२	पद्मलाल विश्वकर्मा, इलाम
८३	मोतीदेवी चौधरी, बर्दिया

राष्ट्रिय प्रजातन्त्र पार्टी	
१	अजयप्रताप शाह, कपिलवस्तु,-४
२	गोविन्दविक्रम शाह, जाजरकोट-१
३	कृष्णप्रताप मल्ल, धनुषा-४
४	नेत्रलाल श्रेष्ठ, सल्यान-२
५	पशुपतिशमशेर जबरा, सिन्धुपाल्चोक-३
६	रामचन्द्र राय, सर्लाही-३
७	रेणुकुमारी यादव, सप्तरी-३
८	सूर्यबहादुर थापा, धनकुटा-२

नेपाल सद्भावना पार्टी (आ.)	
१	हृदयेश त्रिपाठी, नवलपरासी-३
२	राजेन्द्र महतो, सर्लाही-२
३	आनन्दीदेवी सिंह, सप्तरी
४	भरतविमल यादव, महोत्तरी
५	यज्ञजीत शाह, रुपन्देही-५
६	गोविन्द थारु, बर्दिया

जनमोर्चा नेपाल	
१	लीलामणि पोखरेल, सिन्धुली-३
२	असर्फी सदा, सप्तरी
३	अञ्जना विशङ्खे, काठमाडौँ
४	कमानसिं लामा, काभ्रेपलाञ्चोक

नेपाल मजदुर किसान पार्टी	
१	नारायणमान विजुक्छे, भक्तपुर-१
२	लीला न्याइच्याईं, भक्तपुर
३	सुनिल प्रजापति, भक्तपुर
४	जग्यबहादुर शाही, दैलेख

राष्ट्रिय जनमोर्चा नेपाल	
१	चित्रबहादुर केसी, बाग्लुङ-२
२	डिलाराम आचार्य, अर्घाखाँची-१
३	हरि आचार्य, प्यूठान-१

संयुक्त वाममोर्चा नेपाल	
१	सीपी मैनाली, झापा
२	नन्दकुमार प्रसाई, झापा
३	गणेश साह, धनुषा

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत)	
१	परि थापा, बाग्लुङ-३
२	नवराज सुवेदी, प्यूठान-२

अधिकारी, धर्मशिला चापागाईं र विजय सुब्बा सदस्य रहेको छानबिन समिति गठन गऱ्यो। गठन भएलगत्तै काम थालेको छानबिन समितिले यस वर्षको अन्त्यसम्म प्रतिवेदन बुझाएको छैन।

५.५ सांसद कृष्णचरण श्रेष्ठको हत्याबारेमा छानबिन समिति

सिराहा जिल्ला क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य कृष्णचरण श्रेष्ठलाई घरमै बसिरहेको समयमा हत्या गरियो। सो घटनाका सम्बन्धमा छानबिन गरी दोषीमाथि कारबाहीका लागि सिफारिस गर्न टेकबहादुर चोख्यालको संयोजकत्वमा सात सदस्यीय समिति गठन भयो। समितिले यस वर्षको अन्त्यसम्म प्रतिवेदन बुझाएको छैन।

५.६ पत्रकार वीरेन्द्र साहका बारेमा छानबिन समिति

बाराका पत्रकार वीरेन्द्र शाहको अपहरणको विषयमा व्यवस्थापिका-संसद्को मानवअधिकार तथा सामाजिक न्याय समितिले माननीय उर्मिला अर्यालको संयोजकत्वमा चार सदस्यीय संसदीय उपसमिति गठन गऱ्यो। सो उपसमितिमा माओवादीका तिलक परियार, काङ्ग्रेसकी कमला पन्त र नेमकिपाकी लीला न्याइच्याइँ सदस्य रहेका थिए। समितिले घटनाका सम्बन्धमा स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गऱ्यो। प्रतिवेदनमा साहलाई माओवादीले अपहरण गरी बेपत्ता पारेको उल्लेख थियो। व्यापक दबाबपछि माओवादीले आफ्ना कार्यकर्ताले साहको अपहरण गरी हत्या गरेको स्वीकाऱ्यो। यस सम्बन्धमा माओवादीले विधायक हरिभक्त कँडेलको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको थियो।

६. संसदीय क्रियाकलापमा सांसदहरू

विभिन्न कानुन, विधेयक, प्रस्ताव पारित गरेर जनआन्दोलनको जनादेशलाई संस्थागत गऱ्यो। सङ्घीय र सामेली राज्य व्यवस्थाका आधारहरू तय गऱ्यो। संविधानसभा सदस्य निर्वाचन ऐनमा गरिएको समावेशीकरण सन्दर्भ, अन्तरिम व्यवस्थापिका-संसद्ले भावी नेपालको खाका प्रस्तुत गऱ्यो। 'संविधानपछिको सर्वाधिक महत्त्व राख्ने भनिएको सूचनाको हक, नेपालमा लोकतन्त्रसँग सधैँ पौँठेजोरी खेल्ने सेनासम्बन्धी कानुन, नागरिक अधिकार र प्रेस स्वतन्त्रताका लागि सक्रिय कलमजीवीहरूसम्बन्धी ऐन तथा कानुनहरू पारित गरेर संसद्ले समयका मागहरू पूरा गर्दै आएको

व्यवस्थापिका-संसद्द्वारा ०६३ माघ १ गतेपछि पारित विधेयक एवम् ऐनहरू

सङ्ख्या	विधेयक एवम् ऐनहरू
१	वैदेशिक रोजगार तेस्रो संशोधन-२०६३
२	नेपालको अन्तरिम संविधान दोस्रो संशोधन-२०६४
३	नेपालको अन्तरिम संविधान संशोधन-२०६३
४	निर्वाचन कसुर र सजाय ऐन-२०६३
५	निर्वाचन आयोग ऐन-२०६३
६	संविधानसभा सदस्य निर्वाचन विधेयक-२०६४
७	विनियोजन ऐन-२०६४
८	पेस्की खर्च विधेयक-२०६४
९	सूचनाको हक विधेयक-२०६४
१०	मानव बेचबिखन तथा नियन्त्रण-२०६४
११	नागरिक सेवा दोस्रो संशोधन ऐन-२०६४
१२	श्रमजीवी पत्रकार ऐन-२०६४
१३	पदक ऐन-२०६४
१४	संविधानसभा अदालत ऐन-२०६४
१५	केही नेपाल ऐन संशोधन विधेयक-२०६४
१६	राष्ट्र ऋण उठाउने विधेयक
१७	कारागार ऐन-२०६४
१८	अर्थ विधेयक-२०६४
१९	गैरआवासीय नागरिक ऐन-२०६३
२०	भन्सार ऐन-२०६४
२१	भवन ऐन-२०६४
२२	नेपाल ललितकला एकेडेमी-२०६३
२३	नेपाल प्रज्ञा प्रतिष्ठान ऐन-२०६४
२४	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान प्रथम संशोधन-२०६४
२५	सङ्गीत तथा नाट्य प्रज्ञा एकेडेमी-२०६४
२६	विशेष अदालत पहिलो संशोधन विधेयक-२०६४
२७	विरुवा संरक्षण ऐन-२०६४
२८	हातहतियार तथा खरखजाना ऐन-२०६४
२९	बीपी कोइराला स्मृति क्यान्सर अस्पताल ऐन-२०६४
३०	बैङ्किङ् कसुर तथा सजाय ऐन-२०६४
३१	निर्वाचनसम्बन्धी ऐन-२०६४
३२	न्यायाधीशको पारिश्रमिक निर्धारण ऐन-२०६४
३३	नेपाल ट्रस्ट विधेयक
३४	नेपालको अन्तरिम संविधान तेस्रो संशोधन-२०६४
३५	बीउ बीजन ऐन-२०६४
३६	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन-२०६४

छ'।[१५] तर, यति महत्त्वपूर्ण कामहरू गर्ने व्यवस्थापिका-संसद् सांसदहरूको उपस्थिति तथा सक्रियताका कारण जति क्रियाशील हुनुपर्ने थियो, हुन सकेन। सांसदहरूको न्यून उपस्थिति, उपस्थित भएकाहरूको पनि निराशाजनक सक्रियता, बहसहरूमा सहभागिता, धेरैजसो आफ्नै साथीसङ्गीसँग कुराकानीमा मस्त हुने अनि कतिपय त मस्त निदाउने सांसदहरू पनि देखिए। अधिवेशनको सुरुवातमा बाक्लो उपस्थिति देखिने संसद्मा कुनै महत्त्वपूर्ण विषयमा मतदान वा छलफल हुँदा पार्टीले अनिवार्य उपस्थितिका लागि उर्दी जारी गर्नुपर्ने अवस्था देखियो। 'सामाजिक रूपान्तरण र युगान्तकारी परिवर्तनको प्रतिनिधित्व गर्न निर्माण भएको अन्तरिम संसद्मा १० प्रतिशत सांसदहरू मात्र प्रभावकारी रूपमा क्रियाशील देखिए'।[१६]

निष्कर्ष/सुझाव

जनआन्दोलनमा व्यक्त भावनाअनुसार गठन भएको व्यवस्थापिका-संसद्को मूल कार्य भनेको संविधानसभाका लागि मार्ग प्रशस्त गर्नु थियो। जसअनुसार, ढिलै भए पनि व्यवस्थापिका-संसद्ले संविधानसभा निर्वाचनका लागि आवश्यक कानुनहरू निर्माण गरेर आफ्नो उत्तरदायित्व पूरा गरेको छ।

व्यवस्थापिका-संसद् जनताको आशाको केन्द्र थियो तर त्यो आशा धेरै दिन टिक्न सकेन। व्यवस्थापिका-संसद् र यसका कारबाहीहरू जनचाहनाबमोजिम भएनन्। अपवादलाई छोडेर सिङ्गो मुलुक उपस्थित भएको व्यवस्थापिका-संसद् र राजनीतिक दलका एजेण्डाहरूमा मतभिन्नता छैन। तर, देशका महत्त्वपूर्ण निर्णयहरू बालुवाटारमा बसेर गर्ने अनि संसद्लाई दुई किनाराका साक्षी बनाउने कार्यले संसद्को गरिमालाई उचो राख्न सकेन। संसदीय बहुदलीय राजनीतिक प्रणालीमा राजनीतिक दलको प्रभाव संसद्मा देखिनु पर्थ्यो। तर, एजेण्डा तथा निर्णय व्यवस्थापिका-संसद्बाहिर गर्ने कार्य व्यवस्थापिका-संसद्का दलहरूको नियमित प्रक्रिया नै बन्यो। तराई आन्दोलनमा उठेका मागको सम्बोधन, तीन-तीनपटक भएको संविधान संशोधनजस्ता महत्त्वपूर्ण विषय व्यवस्थापिका-संसद्को नभई राजनीतिक दलका विषय भए।

संसद्ले राजनीतिक दलको एजेण्डा बोक्ने होइन, राष्ट्रको एजेण्डा बोक्नु पर्दथ्यो। जनआन्दोलनको म्याण्डेटअनुसार पुनःस्थापित संसद्को अवधि संविधानसभाको निर्वाचनसम्मका लागि मात्रै थियो। तर, पटक-पटक निर्वाचन सार्ने सात दलको निर्णयमा हस्ताक्षर गर्ने/गराउने कार्य गरेर नै यस वर्षका धेरैजसो संसदीय गतिविधिहरू सम्पन्न भए। संसद्मा जोडतोडका साथ उठ्ने अपेक्षा गरिएको बेपत्ता पारिएका नागरिकको सवाल, माओवादीद्वारा कब्जा गरिएका घरजग्गा, विस्थापित मानिसका सवाल, मधेसमा जारी सशस्त्र र निःशस्त्र आन्दोलनलगायतका विषयमा छलफल भएनन्। छोटो अवधिका लागि पुनःस्थापित संसद्को अवधि बढ्दै जाँदा यसको वैधानिकतामाथिसमेत प्रश्नचिन्ह उठ्यो। सांसदहरूको कम उपस्थिति, छलफलमा कम भाग लिने तथा उपस्थित भएका सांसदहरू पनि बैठकमा कम भाग लिनेलगायतका निराशाजनक गतिविधिहरूका माझमा व्यवस्थापिका-संसद्को यो एक वर्षको समय गुज्रियो। जनताका नाममा हुने भनिएका संसदीय क्रियालापले जनअपेक्षाअनुसार काम गर्न नसक्ने हो भने जनताले यसको औचित्यका बारेमा प्रश्न उठाउने दिन आउन सक्छ।

●

१५. चापागाईं, प्रज्ज्वल। "थोरै सांसद गम्भीर"। *हिमाल खबरपत्रिका* ०६३ असोज २: पृ. १४

१६. पूर्ववत्

अनुसूची

१

सन् २००७ र मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० सङ्खुवासभा

१.११ सप्तरी

१.१२ सिराहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुङ्गा

१.१६ सोलुखुम्बु

(१) मधेसी जनअधिकार फोरमद्वारा आगजनी गरिएको लहान नपा भवन, (२) प्रहरीको गोली लागी घाइते भएका मोहम्मद मुमताज (३) प्रहरीको गोली लागी घाइते भएका नन्दकुमार खेतान, (४) माओवादीको गोलीद्वारा मारिएका विद्यार्थी रमेशकुमार महतो (५ र ६) मेधसी जनअधिकार फोरमद्वारा लहानमा आगजनी गरिएको यात्रुवाहक बस

१.१ झापा

जनसङ्ख्या : ७,६२,६४२
साक्षरता प्रतिशत : ७६
महिला साक्षरता प्रतिशत : ६८
क्षेत्रफल (वर्ग कि. मि.) : १,६०६
गाविस/नपा सङ्ख्या : ४७/३
सरकारी/निजी विद्यालय : ५७६/१७५
क्याम्पस/उच्च मा.वि. : १४/३९
अस्पताल/स्वास्थ्य चौकी : ७/५६
मोटर सडक (कि. मि.) : ६०३
प्रहरी कार्यालय सङ्ख्या : ५३
मानव विकास सूचकाङ्क : ०.४९४
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरमा ०६४ जेठ १३ गते शरणार्थीहरूबीच एकआपसमा भएको झगडाले हिंसात्मक रूप लिएपछि सशस्त्र प्रहरी बलले हस्तक्षेप गरी स्थिति नियन्त्रण गर्न लाग्दा शरणार्थी र प्रहरीबीच भएको झडपमा प्रहरीको गोली लागि शरणार्थी बालक १७ वर्षीय नरपति ढुङ्गेलको घटनास्थलमा नै मृत्यु भयो। त्यस्तै, गोली र प्रहरीको कुटपिटबाट बलबहादुर समाल, ज्ञानकुमार मगर, बुद्धिमान मिश्र, मनोज कटुवाललगायत १५ जना शरणार्थी घाइते भए। त्यसैगरी शरणार्थीतर्फको ढुङ्गामुढाबाट सशस्त्र प्रहरीका डीएसपी दिलिसगोविन्द जोशी, असई इन्द्रप्रसाद कोइराला, यज्ञप्रसाद शर्मालगायत १० जना घाइते भए। गोलीद्वारा मृत्यु भएका नरपतिको ०६४ जेठ १५ गते मोरङ जिल्लाको मङ्गलबारे प्राथमिक स्वास्थ्य केन्द्रमा लास पोस्टमार्टम गरी परिवारले सोही दिन स्थानीय रतुवा खोलामा दाहसंस्कार गरे।

त्यसैगरी, बेलडाँगी भुटानी शरणार्थी शिविरमा अघिल्लो दिन बढेको तनावका कारण ०६४ जेठ १४ गते पुन: सशस्त्र प्रहरी र शरणार्थीहरूबीच क्याम्पमा झडप हुँदा प्रहरीको गोली लागी बेलडाँगी ३ नं. शरणार्थी क्याम्पका युवक १९ वर्षीय पूर्णबहादुर तामाङ घाइते भएकामा उपचारका क्रममा दमकस्थित आम्दा अस्पतालमा उनको मृत्यु भयो। सोही दिन प्रहरीको कुटपिटबाट शरणार्थीहरू रूपा सुब्बा, कमल सुवेदी, सोमबहादुर तामाङ, भरत वाग्ले, लालबहादुर तिवारी, विजय राईलगायत १२ जना शरणार्थी घाइते भए। त्यस्तै, शरणार्थीहरूले गरेको ढुङ्गामुढाबाट सशस्त्र प्रहरीका डीएसपी कृष्ण पाठक, हवल्दारहरू दिनेश राठौर, ईश्वर क्षेत्री, यमबहादुर मगरलगायत सात जना प्रहरी घाइते भए। मृतकको भोलिपल्ट मोरङको मङ्गलबारेस्थित स्वास्थ्य केन्द्रमा पोस्टमार्टमपछि परिवारले सोही दिन स्थानीय रतुवा खोलामा दाहसंस्कार गरे।

इलाम जिल्ला साङ्गुरुम्बा गाविस-३ का १५ वर्षीय सुवास खत्रीको ०६४ असार २ गते अनारमनी गाविसको बिर्तामोडमा प्रहरी र प्रदर्शनकारीबीच चिट्ठाको विषयमा भएको झडपमा प्रहरीले प्रहार गरेको गोली लागी मृत्यु भयो। पीडितको मेची अञ्चल अस्पतालमा पोस्टमार्टम गरेपछि भोलिपल्ट परिवारले इलाम लगी लासको दाहसंस्कार गरे। सोही घटनामा प्रहरीको गोली लागी अनारमनी गाविसका उमाकान्त चौधरी, खुसीलाल शाह, पीतलाल राजवंशी र चारपाने गाविसका अशोक खड्का घाइते भए। उनीहरूको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। प्रदर्शनकारीको कुटपिट र ढुङ्गामुढाबाट पत्रकारहरू यादव पौडेल र नारायण खड्का तथा प्रहरी देवराज माझीसहित ११ जना घाइते भए। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

इलाम जिल्ला चुलाचुली गाविस-१ निवासी सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ता २२ वर्षीय राजकुमार आङ्दम्बेले कर्फ्यु उल्लङ्घन गरेको आरोपमा ०६४ असोज २० गते साँझ सशस्त्र प्रहरीले महेन्द्र राजमार्गको तोपगाछी गाविसअन्तर्गत कमल पुल पश्चिममा गोली प्रहार गरी उनको हत्या गऱ्यो। लासको मानवअधिकारकर्मी र पत्रकारको पहलमा ०६४ असोज २३ गते मेची अञ्चल अस्पतालमा

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	११	८	३		११				४	४			४
घाइते	४	५			५	१	१	१	४	३३	४	३०	५६
गिरफ्तारी/यातना									५	१६	१	९०	१०६
कुटपिट	१६	३४	३		३६	४	४	४	६	१८		४	३३
भेला/सङ्गठित हुने अधिकार	१	६	१		६				३	३१	१		३३
जातीय विभेद	३	४	१		५								
महिलाअधिकार	१५		३६		३६								
बालअधिकार	३६	३	३४	१	३८								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			१	१	१	१					
अमानवीय व्यवहार	३	३			३								
अपहरण	१३	३०	३		३३	१	१	१					
जम्मा	९१	८४	६०	१	१५५	६	६	६	३३	८१	६	१३४	३११

पोस्टमार्टमपछि सानो केरखामा सद्गत भयो। पीडित परिवारले यस वर्षको अन्त्यसम्म कुनै क्षतिपूर्ति पाएका छैनन्।

सङ्घीय लिम्बूवान राज्यपरिषद्बाट

खोटाङ्ग जिल्ला लामीडाँडा गाविस-७ घर भई सुरुङ्गा गाविस-३ स्थित माइती घर आएकी २४ वर्षीया कमला श्रेष्ठलाई प्रहरीले स्कर्टिङ्ग गरेको बसमा चढी विराटनगरतर्फ गइरहेको समयमा पूर्वपश्चिम राजमार्गको केरखा सडक खण्डमा बन्दको अवज्ञा गरेको आरोपमा ०६४ असोज १ गते सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताहरूले ढुङ्गाले टाउकोमा हानेर गम्भीर घाइते भएकामा उपचारका क्रममा उनको भोलिपल्ट काठमाडौँको नर्भिक अस्पतालमा मृत्यु भयो। घटनामा संलग्न कसैलाई पनि प्रहरीले गिरफ्तार गरी कारबाही गरेन। पीडित परिवारले कुनै पक्षबाट पनि वर्षको अन्त्यसम्म क्षतिपूर्ति पाएनन्।

अन्यबाट

भूटानी शरणार्थी शिविर बेलडाँगी २ छाप्रो नं.१४-१५ का ४५ वर्षीय लोकनाथ कट्टेललाई ०६४ भदौ ३१ गते राति १२ बजे आफ्नै छाप्रोमा सुतिरहेका बेला नचिनेका अज्ञात चार जना नकाबधारी व्यक्तिहरू आई जबरजस्ती ढोका खोल्न लगाई खुकुरीले टाउको काटेर घटनास्थलमा नै हत्या गरे। पीडितको लासको भोलिपल्ट मोरङ जिल्लाको मङ्गलबारे स्वास्थ्य केन्द्रमा पोस्टमार्टम भयो। यस वर्षको अन्त्यसम्म प्रहरीले पीडक पत्ता लगाउन सकेन।

लखनपुर गाविस-६ लालधन्द्राका स्थानीय शिक्षक ३३ वर्षीय वेदनिधि तिम्सिनालाई ट्युसन पढाउन जाँदै गर्दा ०६४ कात्तिक १५ गते बिहान अज्ञात समूहले कुटपिट गरी घाँटीमा डोरीले बाँधेर घर पश्चिमको खेतमा लगेर हत्या गरे। पीडितको लासको ०६४ कात्तिक १६ गते मेची अञ्चल अस्पतालमा पोस्टमार्टमपछि परिवारले सद्गत गरे। पीडकहरूलाई यस वर्षको अन्त्यसम्म प्रहरीले पत्ता लगाउन सकेन।

भुटानी शरणार्थी शिविर बेलडाँगी १ सेक्टर 'ए' का ३२ वर्षीय तेञ्जीङ शेर्पालाई ०६४ कात्तिक १५ गते राति स्थानीय जङ्गलमा टाउकोमा धारिलो हतियार प्रयोग गरी अज्ञात समूहले हत्या गऱ्यो। पीडितको लासको कात्तिक १६ गते मोरङ जिल्ला मङ्गलबारेस्थित स्वास्थ्य केन्द्रमा पोस्टमार्टम गरी परिवारले सद्गत गरे। प्रहरीले यस वर्षको अन्त्यसम्म पीडकहरू पत्ता लगाउन सकेन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अन्यबाट

दमक नपा-२ स्थित बेलडाँगी भुटानी शरणार्थी

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	वाईसीएलबाट				सङ्घीय लिम्बूवानबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या					१		१	१
कुटपिट	७	१४		१४	६	१५	३	१८
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१				
अपहरण	१०	१७	३	१९				
जम्मा	१८	३३	३	३४	७	१५	४	१९

शिविरका २५ वर्षीय शरणार्थी अर्जुन सुब्बालाई ०६४ मङ्सिर २७ गते दिउँसो शिविरमा हिँडिरहेको समयमा मोटरसाइकल चढेर आएका दुई जना अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गर्ने प्रयास गरे। पीडितको पेट र हातको औँलामा गोली लागेकामा दमकस्थित लाइफलाइन अस्पतालमा उपचार भयो। घटनाको जिम्मेवारी भुटान कम्युनिस्ट पार्टीले दुई दिनपछि लियो। घटनामा संलग्न रहेको आरोपमा सोही शिविरका वीरबहादुर सुब्बा र लक्ष्मी ढुङ्गानालाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक मुद्दाअन्तर्गत कानुनी कारबाही अघि बढाएको छ।

जेल र बन्दीहरू

झापा कारागारको कुल बन्दी क्षमता २ सय जना भए पनि हाल २ सय ८९ जना बन्दी रहेका छन्। जसमा १ सय ६६ जना कैद तोकिएका र १ सय २३ जना कैद नतोकिएका बन्दी रहेका छन्। जम्मा १६ जना कैद तोकिएका महिला बन्दी रहेकामा छुट्टै बन्दी गृह नहुँदा सानो कोठामा कोच्चिएर बस्नुपर्ने बाध्यता रहेको छ। बन्दीहरूमा ५३ जना विदेशी रहेकामा अधिकांश भुटानी शरणार्थीहरू रहेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

शनिश्चरे गाविस-६ बुधबारे बजारको कालिका काष्ठ उद्योगका मिस्त्री ३५ वर्षीय हेमकुमार विकले ०६३ पुस १९ गते भाइलाई घरबाट भगाएको आरोपमा उनलाई माओवादीको भ्रातृ सङ्गठन दलित मुक्ति मोर्चाका कार्यकर्ताहरूले बुधबारे बजारको एक होटलमा खाना खाँदै गर्दा अपहरण गरे। ०६३ पुस २२ गते मोर्चाका कार्यकर्ताले बुधबारेबाट स्थानीय बासिन्दाको रोहबरमा सकुशल मुक्त गरे।

वाईसीएलबाट

घैलाडुब्बा गाविस दुर्गापुरका जीवन बस्नेत, सोभित राई, धनकुटे राई, सूर्य आङ्दम्बे र दीपक कन्दङ्वाले फागु पर्वका दिन महिलाहरूमाथि ज्यादती गरेको भन्दै ०६३ फागुन २१ गते वाईसीएल कार्यकर्ताहरूले यसो नगर भनी उनीहरूलाई सम्झाउँदा वाईसीएल कार्यकर्ता चढेको को.३प. ७२१४ नं.को मोटरसाइकलमा क्षति पुऱ्याएको आरोपमा उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले सोही दिन साँझ अपहरण गरे। मोटरसाइकलको क्षतिपूर्तिबापत ९८ हजार रुपियाँ तिर्ने सर्तमा भोलिपल्ट चारपानेस्थित वाईसीएलको कार्यालयबाट उनीहरू अभिभावकको जिम्मामा मुक्त भए।

मेचीनगर नपा-९ निवासी सुपारी व्यापारी टेकनाथ खड्काले अवैध सामानको व्यापार गरेको आरोपमा ०६३ चैत १९ गते राति उनलाई दुईओटा गाडीमा गएका वाईसीएल कार्यकर्ताले घरैबाट अपहरण गरे। घटनाको करिब एक घण्टापछि नक्कलबन्दा चोकस्थित पवन खड्काको घरमा पुऱ्याई अबउप्रान्त यस्तो कार्य नगर्ने सर्तमा मुक्त गरे।

मेचीनगर नपा-१२ का १९ वर्षीय रविन्सन थापाले गाउँघरमा युवती जिस्क्याएको आरोपमा ०६४ वैशाख १४ गते उनलाई वाईसीएलका स्थानीय कार्यकर्ताहरू माधव अर्याल, अर्जुन प्रसाईं, जीवन सुब्बालगायत १०/१२ जनाले घरैबाट अपहरण गरी कुटपिट गरे। त्यसपछि वाईसीएलको स्थानीय कार्यालयमा पुऱ्याई केही समयसम्म राखी इलाका प्रहरी कार्यालय, काँकरभिट्टामा बुझाए। प्रहरीले पीडित निर्दोष रहेको जनाउँदै तत्काल रिहा गऱ्यो।

मेचीनगर नपा-१० का कुमार श्रेष्ठ, राजन क्षेत्री, मोहन विश्वकर्मा, धुलाबारीका युवराज राजवंशी, सुमन खड्का र भारत पानीटङ्कीका काजी दोर्जेलाई ०६४ जेठ २ गते वाईसीएलका स्थानीय कार्यकर्ताहरू जीवन श्रेष्ठ, विकास थापालगायत १०/१२ जनाको एक समूहले मेची खोलाको किनारामा लागू औषध सेवन गरेको अवस्थामा अपहरण गरी मेचीनगर नपा-११

भुटानी शरणार्थी शिविर बेलडाँगीमा प्रहरीको गोलीबाट मारिएका नरपति ढुङ्गेल

प्यारीभिट्टाको बाटो खन्ने सर्तमा सोही दिन साँझ मुक्त गरे।

सुरुङ्गा गाविस-४ का लीला मिश्रले अवैध काठको धन्दा गरेको आरोपमा ०६४ जेठ १८ गते राति उनलाई वाईसीएलका कार्यकर्ताहरूले घरनजिकैबाट अपहरण गरे। अबउप्रान्त त्यस्तो कार्य नगर्ने सर्तमा ०६४ जेठ २१ गते परिवारको जिम्मामा पीडित विर्तामोडबाट मुक्त भए।

बुधबारे गाविस-१ का काठ व्यापारी कुमार श्रेष्ठले काठको अवैध व्यापार गरेको आरोपमा ०६४ कात्तिक १९ गते उनलाई वाईसीएल कार्यकर्ता खड्ग तिम्सिनासहितको टोलीले बिर्तामोडको कुशल होटलबाट अपहरण गऱ्यो। पीडितलाई शनिश्चरे गाविसको कप्तानबारीस्थित वाईसीएल कार्यालयमा राखेकामा प्रहरीको पहलमा उनी सोही साँझ मुक्त भए।

अन्यबाट

अनारमनी गाविस भवनमा नागरिकता वितरणका लागि खटिएका जिल्ला प्रशासन कार्यालय झापाका खरिदार मीनबहादुर बस्नेत र पियन शिवलाल तिम्सिनालाई आफूहरूले सिफारिस गरेका व्यक्तिहरूलाई नागरिकता नदिएको र नागरिकता वितरणमा अनियमितता गरेको आरोपमा ०६३ चैत १८ गते राति बिर्तामोड भद्रपुर रोडस्थित सङ्जोग होटलबाट घरेलु हतियारसहितका अनारमनी गाविस-५ का भूपेन्द्र धिमाल, विष्णु राजवंशीलगायत छ/सात जनाको एक समूहले अपहरण गरी दक्षिणतर्फ लाँदै गर्दा विर्ताबजारबाट प्रहरीले उद्दार गऱ्यो। पीडकहरूमध्ये भूपेन्द्र धिमाल र विष्णु राजवंशीलाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक मुद्दा चलाएकामा जिल्ला प्रशासन कार्यालय झापाले तारेखमा चैत २८ गते रिहा गऱ्यो।

धम्की/कुटपिट

राज्यबाट

दमक नपा निवासी पत्रकार लोकसागर साम्बा, भक्त राई तथा सर्वसाधारण अशोक चेम्जोङ र आकाश सुब्बाले एक होटलमा खाना खाई बसिरहेको समयमा ०६४ भदौ ७ गते राति सशस्त्र प्रहरी गण पाथीभरा लखनपुरका डीसएपी गोपाल गुरुङ र सई गुणराज बानियाँको नेतृत्वमा रहेको प्रहरी टोलीले उनीहरूलाई बिनाकारण कुटपिट गरी घाइते तुल्याए। घटनामा गलत सूचना दिई प्रमुख भूमिका निर्वाह गर्ने सई गुणराज बानियाँलाई ०६४ भदौ १० गते नोकरीबाट निलम्बन गरियो। कुटपिटका कारण आँखामा गहिरो चोट लागेका आकाश सुब्बाको चारपानेस्थित आँखा अस्पतालमा उपचार भयो भने अन्यको दमकको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

विराटनगरबाट प्रकाशन हुने दैनिक पत्रिका *जनविद्रोह* दैनिकका दमक संवाददाता गोपाल खार्पालीलाई कर्फ्यु उल्लङ्घन गरेको आरोपमा ०६४ असोज २१ गते सशस्त्र प्रहरीका नाम थाहा नभएका इन्स्पेक्टरले दमक चोकमा कुटपिट गरी घाइते तुल्याए। पीडितको दमकस्थित आम्दा अस्पतालमा उपचार भयो।

माओवादीबाट

चन्द्रगढीमा सेक्युरिटी गार्डका रूपमा कार्यरत भूपाल ओलीलाई आफ्नो सङ्गठनभन्दा भिन्न मत राखेको आरोपमा ०६४ असोज २६ गते माओवादीनिकट नेपाल सेक्युरिटी सङ्घका उपाध्यक्ष प्रेमप्रसाद अधिकारीलगायत १०-१५ जनाको समूहले जिल्ला प्रशासन कार्यालयअगाडि कुटपिट गरी शरीरमा गोबर दलेर दुर्व्यवहार गऱ्यो। पीडकहरूलाई कुनै कारबाही भएन।

मोमेन्टो एपरेल्स प्रालि, भद्रपुरमा सेक्युरिटी गार्डको काम गर्ने चन्द्रदेव चूडाललाई ०६४ कात्तिक १५ गते अपरान्ह माओवादीनिकट नेपाल सेक्युरिटी सङ्घका जिल्ला उपाध्यक्ष प्रेमप्रसाद अधिकारीको नेतृत्वको एक टोलीले बिनाकारण ड्युटीमा बसिरहेको समयमा मोसो दलि कुटपिट गऱ्यो।

वाईसीएलबाट

खजुरगाछी गाविस-६ का वचन मण्डल, मेघराज राजवंशी, जयनारायण राजवंशी, खजुरगाछी गाविस-७ का सैनुद्दिन मिया र जोगेन्द्र राजवंशीलाई वाईसीएल कार्यकर्ताहरूले आफ्ना स्थानीय कार्यकर्तामाथि दुर्व्यवहार गरेको आरोपमा ०६३ चैत ८

गते कुटपिट गरी घाइते बनाए। घाइतेहरूको दमकस्थित आम्दा अस्पताल र धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। घटनामा आफ्नो पक्षको गल्ती भएको भन्दै माओवादीका झापाबाट प्रतिनिधित्व गर्ने विधायक पूर्णसिंह राजवंशीलगायत जिल्ला नेताहरूले पीडितहरूलाई भेटी उपचारखर्च दिने प्रतिबद्धता जनाए पनि हालसम्म नदिएको पीडितहरूले बताए।

घैलाडुब्बा गाविस-९ का सन्तोष नेम्वाङ, चारपाने गाविस-१ का गोपाल राई, अनारमनी गाविस-३ का दीपक घिमिरे र पाँचथर फिदिमका कमल ढकालले आफूहरूमाथि दुर्व्यवहार गरेको आरोपमा ०६३ चैत १२ गते राति वाईसीएल कार्यकर्ताहरूले उनीहरूलाई चारपाने आँखा अस्पतालअगाडि कुटपिट गरी घाइते बनाए। घाइतेहरू सबैको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भए पनि सन्तोष नेम्वाङको भने भारतको सिलगुडी र दमकस्थित लाइफलाइन अस्पतालमा उपचार भयो। घटनापछि आफूहरूले गल्ती गरेको स्वीकार्दै वाईसीएल कार्यकर्ताहरूले घाइतेको उपचारका लागि ३० हजार रुपियाँ पीडित पक्षलाई दिए।

सुनसरी भुलाहा गाविस-७ का २७ वर्षीय जयनारायण चौधरीले गाउँकी एक महिलालाई बिर्तामोडको सगरमाथा होटलमा ल्याई अनैतिक सम्बन्ध राखेको आरोपमा ०६३ चैत २२ गते वाईसीएल कार्यकर्ताहरूले चौधरीलाई होटलको कोठाबाटै अपहरण गरी मोसो दली बिर्तामोड घुमाएर प्रहरीमा बुझाए। प्रहरीले पीडितलाई भोलिपल्ट बिहान इन्सेक प्रतिनिधिको रोहबरमा रिहा गऱ्यो।

खुदुनाबारी गाविस-१ सिस्नेका फर्निचर व्यवसायी ३६ वर्षीय युवराज लोहारले काठ तस्करी गरेको आरोपमा ०६४ वैशाख १५ गते वाईसीएल कार्यकर्ताहरूले उनलाई घरैमा गई कुटपिट गरे। कुटपिटपछि उनको साथमा रहेको ४ हजार रुपियाँसमेत लिएर गए। पीडितको बिर्तामोडस्थित कञ्चनजङ्घा अस्पतालमा उपचार भयो।

खजुरगाछी गाविस-७ का सर्वसाधारण ३० वर्षीय भूपनारायण राजवंशीलाई वाईसीएल कार्यकर्ताहरूले दमकस्थित आफ्नो कार्यालयमा हाजिर हुन आउनु भनी ०६४ वैशाख १२ गते पत्र पठाए। पत्रअनुसार ०६४ वैशाख १४ गते पीडित वाईसीएल कार्यालय दमकमा हाजिर हुन जाँदा चोरी डकैती घटनामा संलग्न भएको भन्दै कोठामा थुनेर दुई घण्टासम्म कुटपिट गरे। कुटपिटपछि उनले लिएर

भुटानी शरणार्थी शिविर बेलडाँगीमा प्रहरीको गोलीबाट मारिएका पूर्णबहादुर तामाङ

गएको मे.१प. ७३८४ नं.को मोटरसाइकल माओवादीले नै खोसी वैशाख २० गते फिर्ता गरे।

मेचीनगर नपा-६ का २५ वर्षीय राजेन्द्र दर्जीले पत्नीसँग झगडा गरेको आरोपमा ०६४ जेठ ३ गते वाईसीएलका कार्यकर्ताहरू जीवन सुब्बा, जमुना गुरुङलगायतको एक समूहले उनलाई घरैमा गई कुटपिट गरी घाइते बनायो। पीडितको धुलाबारीस्थित स्वास्थ्य केन्द्रमा उपचार भयो।

शरणामती गाविस-९ का १८ वर्षीय सुण्डी मण्डलले स्थानीय शिक्षकको सीडी क्यासेट चोरी गरेको आरोपमा ०६४ असार २८ गते वाईसीएल कार्यकर्ताहरूले मण्डललाई कुटपिट गरी घाइते बनाए। पीडितको बिर्तामोडस्थित कञ्चनजङ्घा अस्पतालमा उपचार भयो।

शिवगञ्ज गाविस-३ घर भई मे.१ख.१ नं. बसका चालक ४८ वर्षीय चन्द्रबहादुर गुरुङलाई ०६४ भदौ १५ गते वाईसीएलका महाभारा गाविस संयोजक दिनेश राजवंशी, कार्यकर्ताहरू देवी राजवंशी र कालु राजवंशीलगायत ४० जनाको समूहले आफूहरूलाई बसिरहेको ठाउँमा बसले किच्याउन खोजेको आरोपमा कुटपिट गरी घाइते बनायो। पीडितको दमकस्थित आम्दा अस्पताल र विराटनगरको विराट नर्सिङ् होममा उपचार भयो। पीडकहरूविरुद्ध पीडितलगायत ५२ जना स्थानीयवासीले कारबाहीका लागि प्रहरी चौकीमा जाहेरी दिए पनि कुनै कारबाही भएन।

सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट

चारपाने गाविस-७ का २१ वर्षीय मजदुर गुर्दा सोरेनले बन्द आह्वान गरेको समयममा चारपाने गाविस-८ का एक पसलेलाई पसल खोल्न लगाएको आरोपमा ०६३ माघ १९ गते साँझ सङ्घीय

लोकतान्त्रिक राष्ट्रिय मञ्चका कार्यकर्ताहरू चकचकी गाविस-७ का शम्भु सुब्बा र किरण सुब्बाले सोरेनलाई खुकुरी प्रहार गरी घाइते बनाए। घटनाको मजदुरहरूले तीव्र विरोध गरेपछि पीडितको उपचार पीडकका अभिभावकहरूले गरे। पीडकहरूलाई कुनै कानुनी कारबाही भएन।

बुधबारे गाविस-४ घर भई धाइजन गाविस-६ मा इन्द्रेणी टेलर्स सञ्चालन गरी बस्ने २६ वर्षीय कमल कार्की ढोलीले बन्द आह्वानको समयमा पसल खोलेको आरोपमा ०६३ माघ १९ गते सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका कार्यकर्ताहरूले उनलाई खुकुरी प्रहार गरी घाइते बनाए। पीडकहरूलाई कुनै कारबाही भएन।

सङ्घीयता र जातीय हकका माग राखी ०६३ माघ २८ गते झापा बन्द गराउने क्रममा सङ्घीय गणतान्त्रिक मोर्चाका कार्यकर्ताहरूले सुरुङ्गा गाविसको सुरुङ्गा बजारका पसलहरूमा तोडफोड गरे। तोडफोडपछि सुरुङ्गाका स्थानीयवासी र मोर्चाका कार्यकर्ताबीच झडप हुँदा सुरुङ्गाका विष्णु ओली र दीपक श्रेष्ठ मोर्चा पक्षको धारिलो हतियार प्रयोगबाट घाइते भए। घटनामा मोर्चातर्फका अर्जुन राजवंशी, अगम राजवंशी, राजकुमार यादवलगायत १० जना घाइते भए । घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्र, धरान र भारतको सिलीगुडीमा उपचार भयो। पीडकहरू कसैलाई पनि कारबाही भएन।

सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

अनारमनी गाविस-२ बिर्तामोडका सञ्जय न्यौपानेले बजार बन्द गराउने आफ्ना कार्यकर्ताहरूलाई दुर्व्यवहार गरेको आरोपमा ०६४ साउन २ गते सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले उनलाई कुटपिट गरी घाइते बनाए। पीडितलाई कुटपिटपछि दुई घण्टासम्म भद्रपुर रोडस्थित कार्यालयमा थुनेर राखी छोडिदिए।

गरामनी गाविस गरामनी बजारका शीतल प्रसाईं र गरामनी-३ का डम्बर श्रेष्ठलाई आफ्नो सङ्गठनले बन्द आह्वान गरेको समयमा व्यवसाय सञ्चालन गरेको आरोपमा ०६४ साउन १२ गते सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए।

पृथ्वीनगर गाविस-६ का व्यापारी नारायण दासले आफ्नो सङ्गठनले बन्द आह्वान गरेको दिन पसल खोलेको आरोपमा ०६४ असोज १७ गते सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले दासलाई कुटपिट गरी घाइते बनाए। पीडितको टाउकामा गहिरो चोट लागेकामा भद्रपुरस्थित मेची अञ्चल अस्पतालमा उपचार भयो। पीडकहरूलाई कुनै कारबाही भएन।

दोलखा जिल्लाका रिमबहादुर तामाङ, मित्रलाल तामाङ, रामेछाप जिल्लाका वीरबहादुर तामाङ, नवलपरासी जिल्लाका श्याम सापकोटा, सुनसरी जिल्लाका वरङ्गी शाह, भारत घर भएका दिनेश राईलाई बन्दको समयमा बसमा यात्रा गरेको आरोपमा ०६४ असोज १७ गते सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले महेन्द्र राजमार्गको केरखा सडक खण्डमा कुटपिट गरी घाइते बनाए। घाइतेहरूको दमकस्थित लाइफलाइन अस्पतालमा उपचार भयो।

अन्यबाट

राप्रपा नेपालका अध्यक्ष तथा पूर्व शाहीमन्त्री रवीन्द्रनाथ शर्मा, उनकी पत्नी सरोजा शर्मा, पूर्वशाहीमन्त्री टेकनारायण राजवंशी, शाहीकालका जिविस सभापति राजेन्द्र लिङ्देन, उपसभापति रोहित राजवंशी, मेचीनगर नपाका पूर्वमेयर कल्याण खड्का, पत्रकार सगुन लिम्बू, भूपेन्द्र लिङ्देन र राजेश घिमिरेलाई राप्रपा नेपालको कार्यकर्ता भेटघाट कार्यक्रम गर्न लाग्दा बिर्तामोडको हेवेन होटलमा ०६३ चैत १ गते अपरान्ह वाईसीएललगायत आठ विद्यार्थी सङ्गठनले कुटपिट गरे। उनीहरूमध्ये टेकनारायण, राजेन्द्र, सगुन, कल्याण, रोहित, भूपेन्द्र र राजेशलाई मोसो लगाई जुत्ताको माला लगाएर सडकमा निकाली प्रहरीलाई जिम्मा लगाए। कुटपिटबाट घाइते भएकाहरू रवीन्द्रनाथ र सरोजाबाहेक अन्यको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

दमकस्थित टेलिकम शाखाका प्रमुख तेजनारायण यादवले तरुण दलको कार्यालयलाई टेलिफोन उपलब्ध नगराएको आरोपमा ०६४ साउन २९ गते तरुण दलका केन्द्रीय पार्षद सतासीधाम गाविस झिलझिलेका खगेन्द्र कडरियाले कार्यकक्षमा नै यादवलाई कुटपिट गरी घाइते बनाए। घटनापछि दोषीलाई कारबाहीको माग गर्दै टेलिकम दमकका कर्मचारीहरूले कामकाज बन्द गरेपछि ०६४ साउन ३१ गते पीडितसँग पीडकले माफी मागेपछि घटना साम्य भयो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनारमनी गाविसको बिर्तामोडमा नवजीवन शान्ति समाज नामको संस्थाद्वारा अनाथ तथा द्वन्द्वपीडित बालबालिकाको सहयोगका लागि खोलिएको भाग्यशाली चिट्ठामा आयोजक पक्षले धाँधली गरेको र त्यस कार्यमा प्रहरीको पनि संलग्नता रहेको आरोपमा

०६४ असार २ गते अपरान्ह चिट्ठाका ग्राहक र प्रहरीबीच भएको झडपमा प्रहरीको गोली लागी अनारमनी गाविस-३ का १९ वर्षीय विकास केवट र धुलाबारीका भीम थापा घाइते भए। प्रहरीले फ्याँकेको अश्रुग्यासबाट बिर्तामोडका श्याम ढकाल, शनिश्चरेका काले कार्की, चारपानेका जगन्नाथ रेग्मी, जुरोपानीका मेघलाल राजवंशीलगायत १७ जना घाइते भए। घाइतेमध्ये सबै जना उपचारपछि घर फर्किसकेका छन्। घाइतेमध्ये विकास केवट टाउकोमा गोली लागेकाले भारतको सिलिगुडीमा उपचार गराई ०६४ भदौ १० गते घर आए पनि हिँडडुल गर्न नसक्ने भएका छन्। प्रदर्शनकारीको ढुङ्गामुढाबाट प्रहरीतर्फ इन्स्पेक्टर दिलीपराज झा, हवल्दारहरू विष्णु श्रेष्ठ, रघुनाथ यादव, जवानहरू कृष्ण लामा, भीम रिमाल, किशोर श्रेष्ठलगायत ११ जना सामान्य घाइते भए। घाइतेहरू सबैको बिर्तामोडस्थित स्थानीय स्वास्थ्य केन्द्र, मेची अञ्चल अस्पताल भद्रपुरमा उपचार भयो।

भुटानी शरणार्थीहरूको स्वदेश फिर्ती अभियानअन्तर्गत तेस्रो दिन ०६४ जेठ १६ गते भारत र नेपाल पक्षका अधिकारीबीच १५ दिनसम्मका लागि आन्दोलन स्थगन गर्ने सहमति भइसकेपछि पनि शरणार्थीहरूले जथाभावी ढुङ्गामुढा र हूलहुज्जत गरेको आरोपमा सशस्त्र प्रहरी र जनपथ प्रहरीले काँकरभिट्टास्थित मेची पुलमा लाठीचार्ज गर्दा शरणार्थीहरू अशोक राई, धनपति दाहाल, चन्द्र राई, घनश्याम पोखरेल, किरण क्षेत्री र काँकरभिट्टाका स्थानीयवासी तुलसा कटुवाल घाइते भए। घाइतेहरूको मेची अञ्चल अस्पताल भद्रपुर र धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

एमालेद्वारा संविधानसभा निर्वाचनको विषयमा खरबन्दीमा लेखिएको भित्ते लेखन मेटेर सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरू शनिश्चरे गाविस-६ का दिलकुमार लिम्बू र विक्रम लिम्बूले आफ्नो सङ्गठनको प्रचार-प्रसारमा नारा लेखेको आरोपमा ०६४ भदौ ३१ गते प्रहरीले लेख्दालेख्दै गिरफ्तार गरी हिरासतमा राखेकामा ०६४ असोज ३ गते रिहा गऱ्यो।

सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूलाई भित्ते लेखन गर्दागर्दै शनिश्चरेबाट ०६४ भदौ ३१ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेको र निःसर्त रिहा गर्नुपर्ने माग राखी सङ्घीय लिम्बूवान राज्य परिषद्ले आमहडताल गर्ने क्रममा बजार बन्द गराउँदै गर्दा ०६४ असोज १ गते बिर्तामोडबाट गरामनी गाविस-९ का मिसेक जवेगु, ज्यामिरगढी गाविस-३ का लासिङ लिम्बू, अनारमनी गाविस-३ का कुमार राजवंशी, गोल्धाप गाविस-८ का दिलबहादुर राई, सतासीधाम गाविस-८ का ख्याम राई, ताप्लेजुङ जिल्ला दोखू गाविस-३ का लिपेन्द्र लिम्बू, सन्तोष लिम्बू, इखाबु गाविस-३ का विवेक लिम्बूलगायत ६३ जनालाई प्रहरीले गिरफ्तार गरी खाद्य संस्थानको गोदाम चन्द्रगढीमा हिरासतमा राखेकामा ०६४ असोज ३ गते रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्षको अन्त्यसम्ममा झापा जिल्ला अदालतमा कूल ८ सय २३ थान मुद्दा चालू रही २ सय २१ थान मुद्दा फर्स्यौट भए। जसमा गतवर्षको जिम्मेवारी सरेर आएका १ सय ३२ थान देवानी मुद्दा, आठ थान सङ्क्षिप्त फैजदारी मुद्दा, एक थान सङ्क्षिप्त देवानी मुद्दा ७६ थान सरकारवादी मुद्दा, ४५ थान दुनियाँवादी फौजदारी मुद्दा र बालबालिकासम्बन्धी एक थान मुद्दा रहेका थिए। यस वर्ष २ सय ३७ थान देवानी, २५ थान सङ्क्षिप्त फौजदारी, एक थान विविध फौजदारी, दुई थान सङ्क्षिप्त देवानी, छ थान विशेष फौजदारी, १ सय १५ थान दुनियाँवादी फौजदारी, १ सय ८१ थान सरकारवादी फौजदारी गरी जम्मा ५ सय ५८ थान नयाँ मुद्दा दर्ता भए। जसमा २ सय २१ थान मुद्दा फर्स्यौट भए। यस वर्षबाट पुराना र नयाँ गरी ६ सय २ थान मुद्दा जिम्मेवारी सरेर अर्को वर्षका लागि गएका छन्।

त्यस्तै यस वर्ष जिल्ला प्रशासन कार्यालय झापामा केही सार्वजनिक अपराध, हातहतियार तथा खरखजाना र भ्रष्टाचार गरी ८४ थान मुद्दा दर्ता भएकामा ५५ थान फर्स्यौट भए।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

राज्यबाट

खजुरगाछी गाविस-३ का हीरा राजवंशी तथा भूपनारायण राजवंशी र दमक नपा-१२ का ध्रुव न्यौपानेलाई खजुरगाछीको भारतीय सीमानजिक उच्छृङ्खल मेला लगाउने बारेमा भएको विवादमा गौरीगन्ज इलाका प्रहरीका इन्स्पेक्टर सन्तोष तामाङले ०६३ माघ १ गते गिरफ्तार गरी हिरासतमा राखे। इन्स्पेक्टर तामाङले कुटपिट गरी हिरासतमा चरम यातना दिए। भोलिपल्ट घटनाको सर्वत्र विरोध भएपछि पीडकले पीडितसँग माफी मागी उपचारबापत लाग्ने खर्च दिने भएपछि दुवै पक्षबीच सहमति भई घटना सामसुम भयो।

भुटानी शरणार्थी शिविर बेलडाँगी-२ की कुमारी घलेले ऊनी धागो चोरी गरेको आरोपमा ०६३ चैत २० गते बेलडाँगी प्रहरी चौकीका असई राजेन्द्र पाण्डेले घलेलाई गिरफ्तार गरी हिरासतमा कुटपिट गरी घाइते बनाए। पीडकलाई कुनै कारबाही भएन।

भारत जयगाउँका ३५ वर्षीय शङ्कर खतिवडाले साइकल चोरी गर्न खोजेको आरोपमा ०६४ भदौ २९ गते शनिश्चरे बजारमा सशस्त्र प्रहरी बेस क्याम्प शनिश्चरेका असई श्याम खड्काले कुटपिट गर्दै २ सय मिटर बाटोमा उनलाई घुँडा र कुहिनाले हिँड्न लगाए। पीडितलाई शनिश्चरे प्रहरी चौकीका असई सविन सङ्ग्रौलाले स्थानीय स्वास्थ्य चौकीमा उपचार गराई ०६४ भदौ ३१ गते घर पठाए।

बालअधिकार

भुटानी शरणार्थी शिविर खुदुनाबारीकी १४ वर्षीया एक बालिकालाई सोही शिविरका शरणार्थीहरू १८ वर्षीय मेघराज रेग्मी, १७ वर्षीय जङ्गबहादुर राई र १८ वर्षीय देउराज सुवेदीले ०६३ माघ १० गते साँझ नजिकैको जङ्गलमा लगी बलात्कार गरे। पीडितले प्रहरीमा उजुरी गरे पनि हालसम्म पीडकहरूलाई गिरफ्तार गरिएको छैन।

शनिश्चरे गाविस-९ की १४ वर्षीया एक बालिका घर नजिकैको जङ्गलमा दाउरा खोज्न गएका बेला घैलाडुब्बा गाविस-९ लक्ष्मीपुरका २८ वर्षीय मानबहादुर भुजेल, ३१ वर्षीय रत्नबहादुर भुजेल र सन्तोष रसाइलीले ०६३ माघ १० गते दिउँसो बलात्कार गरे। घटनामा संलग्न रत्नबहादुर र सन्तोष रसाइलीलाई प्रहरीले गिरफ्तार गरेकामा रसाइली पुर्पक्षका लागि थुनामा छन्, रत्नबहादुर तारेखमा रिहा भए भने मानबहादुर फरार रहेका छन्।

भद्रपुरस्थित मेची बोर्डिङ् स्कुलमा कक्षा ५ मा अध्ययनरत बालक कैलाश चौधरीले ढुङ्गा खेलेको आरोपमा शिक्षक मदन थापाले ०६३ फागुन २३ गते बालकलाई लाठीले कुटपिट गर्दा घाइते भए। घाइते पीडितको स्कुलले उपचार गरिदियो। पीडकलाई अन्य कुनै कारबाही भएन।

गौरादह गाविस-६ की तीन वर्षीया बालिकालाई जुरोपानी गाविस-१ का विष्णु श्रेष्ठले ०६३ चैत १ गते बलात्कार गरे । पीडकलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलाएकामा पीडक हाल झापा कारागारमा थुनामा रहेका छन्।

मेचीनगर नपा-११ की १५ वर्षीया एक बालिकालाई चन्द्रगढी गाविस-४ का ४५ वर्षीय बरम राजवंशीले ०६३ चैत २२ गते राति पीडितकै घरमा डर, धाक, धम्की देखाई बलात्कार गरे। पीडक हाल झापा कारागारमा छन्।

ज्यामिरगढी गाविस-८ की सुस्त मनस्थितिकी आठ वर्षीया बालिकालाई सोही ठाउँका २४ वर्षीय ताला सोरेनले ०६४ वैशाख ३ गते बिहान पीडितकै घरमा बलात्कार गरे। पीडक हाल झापा कारागारमा थुनामा रहेका छन्।

बाहुनडाँगी गाविस-३ की १६ वर्षीया एक बालिकालाई ४९ वर्षीय भद्रलाल खातीले ०६४ वैशाख १९ गते बलात्कार गरे। घटनापछि पीडितले प्रहरीमा उजुरी दिएकाले पीडकलाई प्रहरीले गिरफ्तार गरी हाल झापा कारागारमा थुनामा राखेको छ।

जलथल गाविस-१ की ९ वर्षीया एक बालिकालाई जलथल गाविस-२ का २४ वर्षीय भूवनहरि भण्डारीले ०६४ वैशाख २८ गते बिहान स्थानीय भूसिणी खोलामा बलात्कारको प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी कारबाही अगाडि बढाएकामा अदालतको आदेशमा ०६४ जेठ २३ गते भण्डारी तारेखमा रिहा भए।

भुटानी शरणार्थी शिविर टिमाइकी पाँच वर्षीया एक बालिकालाई खेलिरहेको अवस्थामा चक्लेट खान दिई शान्तिनगर गाविस-१ का २३ वर्षीय वीरबहादुर मगरले ०६४ वैशाख २९ गते साँझ बलात्कार गरे। पीडक हाल झापा कारागारमा थुनामा रहेका छन्।

नुवाकोट जिल्ला परजुङ गाविस-९ की १५ वर्षीया शीरमिन्द्रु तामाङलाई सोही जिल्ला सखरवंशी गाविस-९ का जीतबहादुर तामाङ र लघूराम तामाङले ०६४ जेठ ३ गते भारततर्फ बेच्न लाँदै गर्दा माइती नेपाल र इलाका प्रहरी कार्यालय, काँकरभिट्टाको संयुक्त टोलीले गिरफ्तार गरी पीडितलाई अभिभावकको जिम्मामा घर पठायो। पीडकहरूलाई प्रहरीले मुद्दा चलाएकामा हाल झापा कारागारमा थुनामा रहेका छन्।

मेचीनगर नपा-५ की १७ वर्षीया एक बालिकालाई छिमेकी १९ वर्षीय रिट्ठे किसानले ०६४ जेठ १२ गते साँझ घरमा कोही नभएको मौका छोपी पीडितको घरनजिकै लगेर बलात्कार गरे। पुन: जेठ १७ गते दिउँसो पीडकले पीडितलाई धाक, धम्की दिई बलात्कारको प्रयास गर्दा घटना सार्वजनिक भएको हो। पीडक हाल झापा कारागारमा थुनामा छन्।

अनारमनी गाविस-७ की १७ वर्षीया एक बालिकालाई ०६४ जेठ २६ गते राति सोही ठाउँका ३० वर्षीय गोविन्द राजवंशीले बलात्कार प्रयास गरे।

घटनापछि पीडकलाई प्रहरीले गिरफ्तार गरी लगेकामा भोलिपल्ट इलाका प्रहरी कार्यालय, बिर्तामोडमा गाउँलेहरूको छलफल भई ११ हजार रुपियाँ पीडकले पीडित पक्षलाई दिने सहमति भएपछि प्रहरीले पीडकलाई सोही दिन रिहा गऱ्यो।

धाईजन गाविस-८ की १५ वर्षीया एक बालिकालाई छिमेकी ३८ वर्षीय चन्द्र किसानले ०६४ जेठ २९ गते ललाइफकाई बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी हाल झापा थुनामा राखेको छ।

मकवानपुर जिल्ला सरिखेत गाविस-६ की १७ वर्षीया एक बालिकालाई २२ वर्षीय तेजबहादुर रानामगरले काम गर्न भारत जाने भनी ०६४ असार १४ गते भारतको आसामस्थित सिल्चर वेश्यालयमा लगेर भारतीय १ लाख ५० हजार रुपियाँमा बिक्री गरे। घटनापछि पीडितले स्थानीय एक नेपाली युवकको सहयोगमा माइती नेपालको काँकडभिट्टास्थित कार्यालयमा ०६४ असोज १ गते खबर गरिन्। माइती नेपालका पूर्वाञ्चल संयोजक गोविन्द घिमिरेले पीडितलाई भारतीय प्रहरीको सहयोगमा ०६४ असोज ८ गते उद्धार गरी काँकडभिट्टा माइती नेपालको कार्यालयमा ल्याए। त्यसपछि पीडितका बुबा अक्कलबहादुर विकलाई बोलाई असोज १३ गते जिम्मा लगाई घर पठाए। पीडकलाई माइती नेपालको सूचनाका आधारमा मकवानपुर प्रहरीले ०६४ असोज ४ गते गिरफ्तार गरेकामा हाल कारागार शाखा मकवानपुरमा थुनामा रहेका छन्।

भुटानी शरणार्थी शिविर बेलडाँगीकी ४ वर्षीया एक बालिकालाई सोही शिविरका ४० वर्षीय टेकबहादुर महतले ०६४ साउन १३ गते बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकामा हाल कारागार शाखा झापामा थुनामा छन्।

इलाम जिल्ला फिक्कल घर भई शनिश्चरे गाविस-५ का सोम भट्टराईको घरमा घरेलु कामदारका रूपमा काम गर्ने १४ वर्षीया एक बालिकालाई शनिश्चरे गाविस-८ का ३५ वर्षीय लोकबहादुर सार्की र अर्जुनधारा गाविस-५ की लक्ष्मी विकले ०६४ भदौ १७ गते विवाहको बहाना गरी भारततर्फ बेचबिखन गर्न लान लाग्दा प्रहरीले गिरफ्तार गरी मुद्दा चलायो। पीडित अभिभावकको जिम्मामा आफ्नो घर गइन् भने पीडकद्वयलाई ०६४ भदौ २३ गते अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकाले कारागार शाखा झापामा थुनामा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

महिला ओसारपसार

लमजुङ जिल्ला वेशीसहरकी ३५ वर्षीया एक महिलालाई सिन्धुपाल्चोक जिल्ला मेलम्चीका विजय लामाले वैदेशिक रोजगारको प्रलोभनमा पारी ०६४ असार १६ गते भारतको कोलकाता वेश्यालयमा लगेर बिक्री गरे। घटनापछि कोलकातास्थित नेपाली जनाधिकार सुरक्षा समितिले पीडितलाई भारतीय प्रहरीको सहयोगमा ०६४ असार २४ गते वेश्यालयबाट उद्धार गरी असार २५ गते काँकडभिट्टा इलाका प्रहरी कार्यालयमा बुझाए। पीडितलाई माइती नेपालले आफ्नो घर फर्कायो।

मकवानपुर जिल्ला आमभञ्ज्याङ गाविस-७ की १७ वर्षीया एक बालिका, २९ वर्षीया कुमारी थिङ र २३ वर्षीया पञ्चमाया राईलाई सोही ठाउँका ४० वर्षीय वीरबहादुर लुङ्वा र इलाम जिल्ला चमैता गाविस राँकेकी २३ वर्षीया रेजिना श्रेष्ठले भारततर्फ लाँदै गर्दा प्रहरी र माइती नेपालको संयुक्त टोलीले ०६४ साउन २३ गते पीडितलाई उद्धार गर्दै र पीडकलाई गिरफ्तार गऱ्यो। पीडितलाई माइती नेपालले भदौ २५ गते अभिभावक बोलाइ घर पठायो भने पीडकद्वयलाई भदौ २५ गते नै कारबाहीका लागि प्रमाण नपुग्ने बताउँदै प्रहरीले रिहा गऱ्यो।

काभ्रे जिल्ला धुलिखेल नपा-१ की १८ वर्षीया एक महिला र १९ वर्षीया एक महिलालाई सिन्धुपाल्चोक जिल्लाका पासाङ लामाले भारतमा जागिर लगाइदिने भनी ०६४ भदौ १ गते घरबाट फकाएर भारतको कोलकातास्थित वेश्यालयमा ०६४ भदौ ११ गते पुऱ्याई भारतीय ६० हजार रुपियाँमा बिक्री गरे। घटनापछि पीडितद्वयले रामेछाप जिल्ला घर भई सोही ठाउँमा सेक्युरिटी गार्डको काम गर्ने रामबहादुर तामाङलाई उद्धारका लागि पहल गरिदिन आग्रह गरेपछि ०६४ भदौ २२ गते भारतीय प्रहरीको सहयोगमा उद्धार गरी भदौ २८ गते इलाका प्रहरी कार्यालय काँकडभिट्टामा ल्याई बुझाए। प्रहरीले पीडितद्वयलाई माइती नेपालको कार्यालयमा बुझाएकामा अभिभावकको जिम्मा लगाई घर पठायो। पीडक पत्ता लागेनन्।

भुटानी शरणर्थी शिविर खुदुनावारीकी २४ वर्षीया दुर्गा राईले ०६४ मङ्सिर ३ गते सोही शिविरकी १६ वर्षीया एक बालिका, २४ वर्षीया विना शाह र २४ वर्षीया पार्वती क्षेत्रीलाई फकाएर बेचबिखनका लागि भारत, सिक्किमतर्फ लाँदै गर्दा स्थानीयवासीको

सहयोगमा प्रहरीले शिविर नजिकैबाट गिरफ्तार गरी कारबाही अघि बढाएकामा ०६४ मङ्सिर २५ गते जिल्ला अदालतको आदेशमा पीडक हाल थुनामा रहेकी छन्।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

गरामनी गाविसकी ४० वर्षीया एक महिलालाई सोही ठाउँका २६ वर्षीय कुमार गुरुङले ०६४ जेठ १४ गते घरमा सुतिरहेको अवस्थामा बलात्कारको प्रयार गरे। पटक-पटक समाजमा अपराध गरिरहने पीडकलाई स्थानीय समाजले २ सय रुपियाँ जरिवाना गरी अबउप्रान्त यस्तो कार्य नगर्ने सर्तमा ०६४ असार २५ गते छाडिदिए।

भुटानी शरणार्थी शिविर बेलडाँगी-१ की ५२ वर्षीया एक महिलालाई सोही शिविरका शरणार्थी २५ वर्षीय राजकुमार गुरुङले ०६४ जेठ २६ गते महिलाकै घरमा बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी अदालतबाट म्याद थप गराई इलाका प्रहरी कार्यालय, दमकको हिरासतमा राखी थप अनुसन्धान गरिरहेकामा पिसाब गर्ने बहानामा ०६४ असार १४ गते हिरासतबाटै भागेको प्रहरीले बतायो।

भुटानी शरणार्थी शिविर गोल्धापकी ४५ वर्षीया आँखा नदेख्ने एक महिलालाई सोही शिविरका २६ वर्षीय मनबहादुर महतले ०६४ असार २७ गते राति घरमा सुतिरहेको ठाउँमा गई बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकामा हाल झापा कारागारमा थुनामा रहेका छन्।

शनिश्चरे गाविस-२ की सुस्त मनस्थितिकी ३५ वर्षीया एक महिलालाई ०६४ कात्तिक २८ गते राति बिर्तामोडबाट घर पुऱ्याइदिन्छौं भनी तीन जना हुल्याहा युवकले चारपाने गाविस-२ को धान खेतमा लगेर सामूहिक बलात्कार गरेर बेहोस बनाई छोडिदिए। पीडितलाई भोलिपल्ट बिहान स्थानीयवासीले फेला पारी उद्धार गरी प्रहरीलाई खबर गरेकामा प्रहरीले मेची अञ्चल अस्पतालमा लगेर उपचार गरायो। पीडकहरू हालसम्म पत्ता लागेका छैनन्।

पारिवारिक हिंसा/बहुविवाह

खुदुनाबारी गाविस-९ का ३७ वर्षीय वीरबहादुर राइले पत्नी हुँदाहुँदै ०६४ साउन २ गते छोरा नजन्मिएको भन्दै सोही स्थानकी कृष्णकुमारी अधिकारीलाई बहुविवाह गरे। पीडितले ०६४ भदौ १ गते इलाका प्रहरी कार्यालय बिर्तामोडमा जाहेरी दिइन्। जाहेरीका आधारमा वीरबहादुर र कान्छी पत्नीलाई गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकामा ०६४ भदौ १७ गते जनही ४५ हजार धरौटीमा तारेखमा रिहा भए।

तोपगाछी गाविस-७ का ३० वर्षीय धनबहादुर गिरीले मादक पदार्थ सेवन गरी ०६४ मङ्सिर ७ गते राति पत्नी ३० वर्षीया तारा गिरी र साली २८ वर्षीया गीता राईलाई शरीरमा एसिड खन्याएर हत्या गर्ने प्रयास गरे। घटनापछि शरीरभरि चोट लागेकी ताराको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो भने गीताको दमकस्थित लाइफलाइन अस्पतालमा उपचार भयो। घटनामा संलग्न पीडकलाई प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। ०६४ पुस २ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएकामा पीडक हाल झापा कारागारमा थुनामा रहेका छन्।

सबै प्रकारका जातीय विभेद

घैलाडुब्बा गाविस-२ की २४ वर्षीया उषा सुँयल सार्कीलाई सुरुङ्गा गाविस-२ का २२ वर्षीय छत्र भुजेलले ०५९ सालमा प्रेमविवाह गरेकामा ०६३ माघ २ गते ससुरा लीला भुजेल तथा पति छत्रले बुहारी तथा पत्नी दलित भएको जनाउँदै जाल प्रपञ्च गरी आफूहरूबाट अलग पारी पति भागी पीडितबाट अलग भएकामा पटक-पटकको छलफलपछि ०६३ चैत २ गते इन्सेक प्रतिनिधि, हुरेक्ड नेपाल, दलित सङ्घसंस्थाका प्रतिनिधि र स्थानीय समाजको पहलमा पीडितलाई पीडकको घरमा भित्र्याइएकामा हाल पत्नीको रूपमा स्वीकार गरी बिनाभेदभाव काठमाडौँमा पतिपत्नीका रूपमा बसिरहेका छन्।

खुदुनाबारी गाविस-२ निवासी बलबहादुर बयलकोटी, दिलबहादुर बयलकोटी, सन्तवीर बयलकोटी र तिलक मग्राँतीलाई सोही स्थानका ६० वर्षीय फनप्रसाद रिमालले ०६४ जेठ ८ गते र साउन २५ गते दलित भएका कारण स्थानीय सार्वजनिक इनारको पानी खानबाट वञ्चित गरे। घटनामा आफूहरू पीडित भएको जनाउँदै इलाका प्रहरी कार्यालय बिर्तामोडमा ०६४ भदौ १५ गते छुवाछूत मुद्दा दर्ता गरे । प्रहरीले पीडक भनिएका रिमाललाई गिरफ्तार गरी कारबाही अघि बढाएकामा ०६४ भदौ २१ गते अदालतको आदेशमा तारेखमा रिहा भए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

अंशबण्डामा आफ्ना काकाका छोरा मेघराज ताजपुरियालाई ठगेको आरोपमा माओवादीले पाँचगाछी गाविस-६ का राजेन्द्र ताजपुरियाको दुई बिघा जग्गा ०६४ असार २७ गते कब्जा गरेर रोपाईं गरे। उक्त जग्गा हालसम्म फिर्ता गरेका छैनन्।

वाईसीएलबाट

हल्दीवारी गाविस-६ का राप्रपा नेपालका कार्यकर्ता कुमार भट्टराईको मे.१प. ७८४१ नं.को मोटरसाइकल ०६३ चैत १ गते भएको राप्रपा नेपालको कार्यकर्ता भेटघाट कार्यक्रमस्थल बिर्तामोडस्थित हेवन होटलबाट वाईसीएल कार्यकर्ताहरूले लिएर गएकामा ०६४ जेठ १ गते पीडितको सूचनाका आधारमा प्रहरीले बिर्तामोड चोकमा राखिरहेको अवस्थामा गिरफ्तार गरी भोलिपल्ट मोटरसाइकलधनी कुमार भट्टराईलाई फिर्ता गऱ्यो।

सङ्घीय गणतान्त्रिक मोर्चाबाट

आफूहरूले बन्दको आह्वान गरेको दिन मोटरसाइकल चलाएको आरोपमा सङ्घीय गणतान्त्रिक मोर्चाका कार्यकर्ताहरूले ०६३ माघ २८ गते पब्लिक गोबर ग्यासका कर्मचारी हरि ओझाको को.३प.१४२ नं.को मोटरसाइकल घैलाडुब्बा गाविस-९ लक्ष्मीपुरमा आगो लगाई ध्वस्त पारे। पीडितले प्रहरीमा उजुरी गरे पनि कुनै क्षतिपूर्ति पाएनन् भने पीडकहरूलाई कुनै कारबाही भएन।

सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

आफ्नो सङ्गठनले बन्द घोषणा गरेको दिन बजार र सटर खोलेको आरोपमा सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले ०६४ साउन २ गते बुधबारे गाविसको बुधबारे बजारका नर्वदा सिवाकोटी, विवन कार्की, रत्न गौली, मेघराज आचार्य, सुशीला ढकाल, गोविन्द न्यौपाने, भीम तिम्सिनालगायतको घर र पसल तोडफोड गर्नुका साथै कृषि भवन, मीना भवन र बुधबारे खानेपानी कार्यालयको गाडीसमेत तोडफोड गरी क्षति पुऱ्याए।

चारपाने गाविस-१ का वलभद्र प्रसाईंको को.१च. ३६८३ नं.को मारुती कार चन्दा नदिएको आरोपमा सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले ०६४ भदौ १५ गते शान्तिनगर गाविसको वर्नेमा तोडफोड गरी क्षति पुऱ्याए। पीडितले कुनै क्षतिपूर्ति पाएनन्।

सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले ०६४ असोज १७ गते आफ्नो सङ्गठनले बन्द आयोजना गरेको समयमा गाडी चलाएको आरोपमा महेन्द्र राजमार्गको केरखा सडक खण्डमा काँकडभिट्टाका चन्द्र काफ्लेको मे.१ख. ८३६ नं.को बसमा आगो लगाई ध्वस्त पारे।

१.२ इलाम

जनसङ्ख्या :	३,२७,०९१
साक्षरता प्रतिशत :	६६.५०
महिला साक्षरता प्रतिशत :	४०
क्षेत्रफल (वर्ग कि. मि.):	१,७०३
गाविस/नपा सङ्ख्या :	४८/१
सरकारी/निजी विद्यालय :	४७२/३८
क्याम्पस/उच्च मा.वि. :	२/११
अस्पताल/स्वास्थ्य चौकी :	१/४८
मोटर सडक (कि. मि.):	१३६
प्रहरी कार्यालय सङ्ख्या :	३६
मानव विकास सूचकाङ्क :	०.५२१
प्रतिपरिवार सरदर सङ्ख्या :	५

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

अन्यबाट

आमचोक गाविस-३ निवासी मानवअधिकारकर्मी ३२ वर्षीय देउकुमार राई आफ्नै घरबाट ०६३ माघ २ गते बेपत्ता भएकामा स्थानीय आमचोक गाविस ६ मा पर्ने लुरुम्बा खोलामा ०६३

माघ २८ गते मृत अवस्थामा फेला परे। उनको टाउकोको देब्रेपट्टि हतियारको गहिरो चोट रहेको थियो। मृतकको लासलाई आफन्तहरूले ०६३ माघ २९ गते इलाम सदरमुकाममा ल्याएर पोस्टमार्टमपश्चात् अन्त्येष्टि गरे। मृतककी पत्नी सविता राईले घटना नियोजित भएका कारण तत्काल छानबिन गरी दोषीउपर कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय इलाममा ०६३ माघ २९ गते नै जाहेरीसमेत दिइन्। हत्यामा संलग्न व्यक्ति वा समूह हालसम्म पहिचान हुन नसकेको प्रहरीले बताएको छ। मृतक राई आमचोकस्थित मानवअधिकार मध्यस्थ समितिका सहसचिव थिए।

जेल र बन्दीहरू

माओवादीले ०६२ फागुन २१ गते राति इलाम सदरमुकाम आक्रमण गर्दा बम विस्फोट र आगजनीबाट ध्वस्त भएको 'घ' श्रेणीको ५५ जना बन्दी क्षमता रहेको इलाम कारागार शाखा हालसम्म निर्माण हुन नसकेका कारण बन्दीहरूलाई जिल्ला प्रहरी कार्यालय, इलाममा नै राखिएको छ। दुई जना महिलासहित २३ जना बन्दी जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन्, जसमा कर्तव्य ज्यानमा दुई जना महिला र छ जना पुरुष, चोरीमा तीन जना पुरुष, डाँका चार जना पुरुष र सार्वजनिक अपराधमा तीन जना पुरुष रहेका छन्। त्यसैगरी, हातहतियार खरखजानाअन्तर्गत एक पुरुष, सवारी ज्यानमा एक पुरुष, ज्यानमार्नेमा एक पुरुष, जबरजस्ती करणीमा दुई पुरुष रहेका छन्। उनीहरू सबैलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा कारागारको सिधावापतको रकम खाना खाएवापतको खर्च कट्टी गरेर बाँकी रकम मात्र फिर्ता दिएर राखिएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

सिद्धिथुम्का गाविस-७ का चट्टान भनिने पूर्वमाओवादी कार्यकर्ता २६ वर्षीय लोकनाथ खनाललाई ०६३ माघ १ गते इलाम नपा-२ स्थिति शिवशक्ति छापाखानामा काम गरिरहेको अवस्थामा माओवादीका दुई जना कार्यकर्ताले अपहरण गरी दुई घण्टापछि मुक्त गरे। उनलाई पार्टी इञ्चार्ज रमण भनिने धीरेन शर्माले कार्यालयमा राखेर 'पुनः पार्टीमा क्रियाशील हुनुपर्ने, नत्र पार्टीले सेक्सन कमाण्डर बनाउँदा गरेको लगानी फिर्ता गर्नुपर्ने' तथा 'पार्टीलाई धोका दिएर आत्मसमर्पण गरी सुराकीसमेत गरेका कारण पार्टीले कारवाही गर्ने' चेतावनी दिँदै दैनिक कार्यालयमा हाजिर हुने गरी मुक्त गरेका थिए। खनाल ०६१ फागुन ७ गते माओवादीको सोयाक गाजस इञ्चार्ज दीपा भनिने २२ वर्षीया दमन्ता सापकोटासँग विवाह गरी पार्टी छोडेर भारतको दार्जीलिङस्थित विजनवारीमा व्यवसाय गरी बसेका थिए। दुई महिनाको छोरासहित केही दिनअघि इलाम फर्किएर इलाम बजारस्थित शिवशक्ति छापाखानामा दैनिक ज्यालादारीमा काम गर्न थालेका उनले आफ्नो इच्छाविरुद्ध माओवादीमा सहभागी गराउन आफूलाई दिएको धम्की अन्यायपूर्ण भएको भन्दै मानवअधिकार मञ्च नेपाल, इलाममा निवेदन दिएका थिए।

बरबोटे गाविस-२ का १४ वर्षीय उदीप राईलाई ०६३ माघ ८ गते माओवादी कार्यकर्ता माइपोखरी निवासी ३० वर्षीय धनबहादुर गुरुङले

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	५	३	२	५							
कुटपिट	३	३	१	४	२	१	१	२	१	३	३
धम्की					३	१२		१२			
जातीय विभेद	२	३		३							
महिलाअधिकार	१		१	१							
बालअधिकार	३		३	३							
अपहरण					४	३	१	४			
जम्मा	१४	९	६	१६	९	१६	२	१८	१	३	३

घरबाट ट्युसन गएको अवस्थामा इलाम नपा-९ स्थित बाटोबाटै बिहान अपहरण गरे। माओवादी कार्यकर्ता गुरुङले उनलाई दानावारीस्थित माओवादीको सहायक शिविरमा लगेर राखेका थिए। कक्षा ६ मा अध्ययनरत राईलाई सेनामा भर्ती गरिदिने, विभिन्न ठाउँमा घुमाउने आदि प्रलोभन देखाइएको थियो। पीडितका परिवारले छोरा दानावारीमा रहेको थाहा पाएर मुक्तिका लागि मानवअधिकार मञ्चमा गरेको निवेदनका आधारमा माओवादी नेतृत्वसँग भएको छलफल र स्थानीय मानवअधिकारकर्मीको पहलमा उनलाई ०६३ माघ २९ गते शिविरबाट फिर्ता गराइयो।

कन्याम गाविस-२ पाल्टाङ्गेका व्यापारी रतन अग्रवाललाई ०६४ मङ्सिर १३ गते बिहान ९ बजे माओवादीले मेची राजमार्गअन्तर्गत साखेजुङ्ग गाविस-७ नेपालटारबाट अपहरण गरे। झापाको बिर्तामोडबाट सामान लिएर इलामको मङ्गलबारेतर्फ गइरहेको अवस्थामा माओवादी कार्यकर्ताले उनलाई गाडीसहित कब्जामा लिएका थिए। त्रिलोचन भनिने पुष्प भट्टराई, दधिराम रिमाललगायत १०/१५ जनाको सङ्ख्यामा आएका माओवादी कार्यकर्ताले अग्रवाललाई अपहरणपछि दुवै हात बाँधेर कुटपिटसमेत गरेको पीडितले बताए। अपहरणपछि माओवादी कार्यकर्ताले अग्रवालका साथमा रहेको सवारी चालकको लाइसेन्स र सवारी चालकको परिचयपत्रसमेत खोसेका थिए। माओवादीले उनलाई नेपालटारबाट अपहरण गरी साखेजु· गाविस-५ मा लगी कागजमा सही गराएर अपरान्ह १२:३० बजे मुक्त गरेका थिए। कागजमा उनीहरूले मङ्सिर १६ गते इलामकै बरबोटेमा २ बजे आउने तारिखसमेत दिएका थिए। सोही दिन मुक्त गरेर नेपालटारतर्फ फर्किदै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय, इलामबाट प्रहरी निरीक्षक गोविन्द बस्नेतको नेतृत्वमा गएको प्रहरी टोलीले अपहरित अग्रवाललाई उद्धार गरी माओवादी कार्यकर्ता त्रिलोचन र दधिराम रिमाललाई नियन्त्रणमा लिए। उनीहरूलाई सहमतिपछि भोलिपल्ट रिहा गरियो।

धम्की/कुटपिट

माओवादीबाट

कन्याम गाविस-२ का ३२ वर्षीय लीलाबहादुर प्रधानले महिलामाथि दुर्व्यवहार गरेको आरोपमा ०६३ माघ २४ गते उनलाई माओवादीद्वारा फिक्कल गाउँ जनसरकार प्रमुख सलमान थापाले फिक्कल-२ को मालुम भन्ने स्थानमा बाँसको लौरो, छालाको पेटी र लात्ताले कुटपिट गर्दै अभद्र व्यवहार गरे। घटनाको विषयमा गाउँलेहरूले प्रहरीमा गरेको अपिलका कारण सोही दिन बेलुका सनमानलाई प्रहरीले पक्राउ गरेको थियो। सोही विषयमा ०६३ माघ २५ गते फिक्कल प्रहरी चौकीमा भएको सर्वपक्षीय छलफलबाट दोषी सनमानले सार्वजनिक रूपमा माफी माग्नुपर्ने, बिरामीको सम्पूर्ण उपचार खर्चको व्यवस्थापन गर्नुपर्ने, माओवादीले आफ्ना कार्यकर्तालाई आन्तरिक कारबाही गर्नुपर्ने र पीडकउपर कानुनी कारबाहीका लागि नेपाल सरकारलाई सबै पक्षले सहयोग गर्ने सहमति भए तापनि प्रहरीले सोही दिन पीडकलाई कानुनी कारबाही नगरी रिहा गऱ्यो।

नाम्सालिङ्ग गाविस-४ का ४६ वर्षीय प्रतापसिंह लेप्चालाई ०६३ फागुन १४ गते माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख मनिकुमार लिम्बूको अगुवाइमा भएको काका-भतिजको अंश विवादको छलफलमा एकपक्षीय ढङ्गबाट धम्की दिएर आफूलाई बस्न नसक्ने अवस्था बनाएको भन्दै इलाम सदरमुकामस्थित कृष्ण होटलमा विस्थापित भई बसेका छन्। सो जग्गाको विवादमा ०६३ असार २९ गते भएको गाउँको छलफलमा माओवादीले बलपूर्वक जग्गा बाँडफाँट गरी सोहीबमोजिम पास गर्नु/गराउनू भनी ०६३ फागुन १५ गतेसम्मको म्याद दिएको र सो अवधिमा काम नगरे कारबाही गरिने माओवादीको पटक-पटकको धम्कीका कारण प्रतापसिंह लेप्चासहित चार जनाको परिवार फागुन १४ गते नै गाउँ छोडेर सदरमुकाममा विस्थापित भएका थिए। मानवअधिकारकर्मीद्वारा ०६३ चैत ६ गते घटनास्थलमा गई पीडित परिवार, स्थानीय समाजसेवी र माओवादी कार्यकर्ताहरूबीच साढे छ घण्टासम्मको छलफल गराएपछि विस्थापित प्रताप लाप्चा र ५३ वर्षीय रणबहादुर लाप्चा पुन:स्थापित भए।

कोल्बुङ्ग गाविस-२ का ३९ वर्षीया राधिका खवासले मजेत्रो र चामल चोरेको आरोपमा ०६३ फागुन १४ गते माओवादी कार्यकर्ता शारदा राईको नेतृत्वमा गएको एक टोलीले बाँसको भाटाले ढाड र तिघ्रामा कुटपिट गऱ्यो। दैनिक ज्यालादारी गरेर आफ्ना चार जना छोराछोरी पालेकी खवास कुटपिटबाट असक्त भई आफ्नै घरमा उपचार गराइन्। कोल्बु·स्थित माओवादीको सम्पर्क कार्यालय रहेको घरमा नै उनको डेरा रहेको थियो। सोही डेरामा गएर माओवादी कार्यकर्ताहरूले उनीमाथि कुटपिट गरेका थिए।

धुसेनी गाविस-१ निवासी २६ वर्षीय मित्रप्रसाद काफ्लेलाई पत्नी कुटपिट गरेको आरोपमा ०६३ चैत २३ गते माओवादीका गाउँ कमिटी सचिव टीकाराम बस्नेतको नेतृत्वमा गएका वाईसीएल कार्यकर्ताहरूले उनकै घरमा कुटपिट गरे। उनीहरूले कुटपिटपश्चात्

माओवादीद्वारा कुटपिट गरिएका रतन अग्रवाल

उपचारमा अन्यत्र नजान र घटनाबारे कोही-कसैलाई जानकारी नदिन चेतावनीसहित ४५ दिनको श्रमकैद तोकेको र सो अवधिमा स्थानीय बाटो खन्नुपर्ने भन्दै उर्दी जारी गरेका थिए। त्यसलगत्तै माओवादी कार्यकर्ताहरूले समाजकै अगाडि दुर्व्यवहारपूर्ण ढङ्गले हात, लात्ती र लौराले कुटपिट गरेका थिए। काफ्लेले आफूमाथि अन्याय भएको भन्दै ०६४ वैशाख ३ गते स्थानीय मानवअधिकार सञ्जालमा न्यायका लागि अपिलसमेत गरे।

कोल्बुङ्ग गाविस-५ निवासी चन्द्रकान्त आचार्य, जीवननाथ अधिकारी, गीतामणि अधिकारी र गङ्गाबहादुर राईलाई बाटो खन्ने विषयको विवादलाई लिएर स्थानीय माओवादी कार्यकर्ता पूर्णबहादुर राईसमेत पाँच जनाको समूहले ०६४ जेठ १५ गते राति घर-घरमै गएर मार्ने धम्की दियो। बिनाकुनै सरसल्लाह बल प्रयोग गरी अन्य सम्भावना हुँदाहुँदै माओवादीले बारीमा लगाएको बाली फाँडेर बाटो खन्न थालेपछि पीडितहरूले पुनरावेदन अदालतमा निषेधाज्ञा रिट दर्ता गरेका थिए। सोहीबमोजिम मुद्दाको टुङ्गो नलागेसम्म काम रोक्नु भनी ०६४ वैशाख १४ गते अदालतले अन्तरिम आदेश दिएको थियो।

नयाँबजार गाविस-५ स्थायी घर भई कन्याम गाविस-२ स्थित हुर्हुरे भञ्ज्याङ्गमा पसल गरी बस्ने ३५ वर्षीया लापासाङ तामाङलाई चार/पाँच जनाको समूहमा आएका माओवादी कार्यकर्ताहरूले ०६४ भदौ ४ गते बेलुका 'एकछिन काम छ' भन्दै घरबाट करिब एक किलोमिटर पर लगेर केही सोध्दै नसोधी कुटपिट गरी खुकुरी प्रहार गरे। उनले चिच्याएको गाउँलेहरूले सुनेर हल्लाखल्ला गर्दै आएपछि माओवादीहरू त्यहाँबाट भागेका थिए। 'हामीहरू माओवादीको वाईसीएल हौं, आन्दोलन सकिएको छैन, तँलाई थाहा छैन ?' भन्दै एकाएक कुटपिट गरेका थिए। उनको उपचार सोही दिन मेची अञ्चल अस्पताल, झापामा गरियो। माओवादीको उक्त ज्यादतीको विरोधमा स्थानीयवासीले मेची राजमार्गमा ०६४ भदौ ५ गते छ घण्टासम्म चक्काजामसमेत गरे।

जितपुर गाविसका सात जनाको नाम आफूहरूको कालो सूचीमा रहेको बताउँदै माओवादीले उनीहरूलाई जुनसुकै बेला पनि भौतिक र अन्य कारबाही गर्न सक्ने चेतावनी दिँदै ०६४ भदौ १७ गते सार्वजनिक ठाउँहरूमा सूचना जारी गरे। जितपुरका गोविन्द गिरी, चिरञ्जीवी कट्टेल, खगेन्द्र मगर, देवेन्द्र बराल, पिङ्गला कट्टेल, ज्ञानेश्वर कट्टेल र रोहित परियारको नाम कालो सूचीमा प्रकाशित गरेपछि गाउँ नै आतङ्कित भएको थियो। माओवादीले उनीहरूलाई गलत क्रियाकलापमा संलग्न भएको र माओवादी विरोधी क्रियाकलापमा लागेको आरोप लगाएका थिए। यसै विषयलाई लिएर ०६४ भदौ २४ गते बसेको बृहत् भेलामा माओवादीले एक पत्र पठाएर माफी मागेका थिए।

वाईसीएलबाट

माओवादीको भ्रातृ सङ्गठन वाईसीएल बताउने एक समूहले वरबोटे-७ का टङ्क आचार्यको घरमा गई उनका छोरा विनोद आचार्य र बुहारी सङ्गीता आचार्यलाई ०६४ कात्तिक १५ गते कुटपिट गरे। काठको व्यापार गर्दै आएका पीडितका बाबु टङ्क आचार्यले काठको निकासी कर आफूहरूलाई नदिई माओवादीको जिल्ला पार्टी कार्यालयमा बुझाएको भन्दै उनीहरूले निज टङ्क आचार्य घरमा नभएको समयमा डर, धम्की देखाउँदै कुटपिट गरेको पीडितले बताए। वाईसीएलको स्थानीय कार्यकर्ता बताउने इलाम नपा-९ का पदम सुब्बासहितको पाँच जनाको समूहले पीडित आचार्यलाई कुटपिट गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत इलाममा गत वर्षको जिम्मेवारी सरेका आएका मुद्दामा दुनियाँवादी देवानी ६९ थान, सरकारवादी फौजदारी ९५ थान, दुनियाँवादी फौजदारी १४ थान, रिट पाँच थान गरी जम्मा १ सय ८३ थान मुद्दा थिए। यस वर्ष दुनियाँवादी देवानी १ सय २८ थान, सरकारवादी फौजदारी १ सय ७७ थान, दुनियाँवादी फौजदारी ३५ थान, साधक नौ थान, रिट ३३ थान, अदालतको अवहेलना २ थान गरी जम्मा ३ तीन ८४ थान मुद्दा दर्ता भए। यस वर्ष दर्ता भएका र गतवर्षको जिम्मेवारी सरेर आएका गरी जम्मा ५ सय ६७ थान मुद्दामध्ये दुनियाँवादी देवानी ९२ थान, सरकारवादी फौजदारी १ सय २५ थान, दुनियाँवादी फौजदारी १६ थान, साधक चार थान, रिट २८ थान गरी जम्मा २ सय ६५ थान मुद्दा फर्स्यौट भए। अब पुनरावेदन अदालत इलाममा दुनियाँवादी देवानी १ सय ५ थान, सरकारवादी फौजदारी १ सय ४७ थान, दुनियाँवादी फौजदारी ३३ थान, साधक पाँच थान, रिट १० थान, अदालतको अवहेलना दुई थान गरी जम्मा ३ सय २ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। पुनरावेदन अदालतमा मुल्तबी रहेका बाहेक एउटा कर्तव्य ज्यान

मुद्दा मात्र दुई वर्ष नाघेको छ। यस वर्ष मातहतका अदालतका अन्तरकालीन आदेशउपरमा परेका ६९ थान निवेदनमा ४ थान निर्णय हुन बाँकी रहे।

इलाम जिल्ला अदालततर्फ गतवर्षको जिम्मेवारी सरेर आएका मुद्दामा देवानी ६५ थान र फौजदारी ६५ थान गरी जम्मा १ सय ३० थान मुद्दा थिए। यस वर्ष देवानी १ सय ३३ थान र फौजदारी ९९ थान गरी जम्मा २ सय १२ थान मुद्दा दर्ता भए। गतवर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी जम्मा ३ सय ४२ थान मुद्दामा देवानी ९५ थान र फौजदारी ९८ थान गरी जम्मा १ सय ९३ थान मुद्दा फर्स्यौट भए। यस अदालतमा देवानी ८२ थान, फौजदारी ६७ थान गरी जम्मा १ सय ४९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यस वर्ष इलाम जिल्लाका नागरिकले विगत वर्षहरूका तुलनामा छिटो र छरितो न्यायको अनुभूति गरे। यस अदालतमा हाल एक वर्ष नाघेको एउटा पनि मुद्दा बाँकी छैन।

बालअधिकार

मोरङ शनिश्चरे गाविस-१ ठेगाना भएका २५ वर्षीय सन्तोष सुब्बाले चुलाचुली गाविस-४ इलाम निवासी १३ वर्षीया बालिकालाई घरबाटै जबरजस्ती अपहरणको शैलीमा जङ्गलमा लगेर ०६३ फागुन १५ गते बलात्कार गरे। सो घटनाका बारेमा फागुन १६ गते प्रहरीलाई खबर दिएका आधारमा प्रहरीले सुब्बालाई ०६३ फागुन १७ गते पक्राउ गऱ्यो। प्रहरीले उनका विरुद्ध जाहेर गरेको जबरजस्ती करणी मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेका कारण हाल सुब्बालाई पुर्पक्षका लागि जिल्ला प्रहरी कार्यालय इलामस्थित कारागार शाखामा थुनामा राखिएको छ। जिल्ला प्रहरी कार्यालय इलाममा पीडित बालिकाकी फुपू गोपीमाया राईले ०६३ फागुन १७ गते सुब्बाविरुद्ध किटानी जाहेरी गरेकी थिइन्।

इलाम नपा-२ बस्ने ६० वर्षीय अविनारायण श्रेष्ठले इलाम नपा-९ की १० वर्षीया एक बालिकालाई ०६४ भदौ ६ गते जबरजस्ती बलात्कार गरे। आफ्नै घरमा काम गर्न बसेकी उनलाई श्रेष्ठले दिउँसो ५ बजे जबरजस्ती बलात्कार गरेका थिए। घटनापछि पीडितका परिवारले जिल्ला प्रहरी कार्यालयमा दिएको रिट निवेदनका आधारमा प्रहरीले पीडक श्रेष्ठलाई पक्राउ गरेको थियो। हाल उनलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

इलामको माबु गाविस निवासी रेख गुरुङ र एक १३ वर्षीया बालिकालाई बालविवाह गरेको आरोपमा प्रहरीले ०६४ कात्तिक २६ गते पक्राउ गऱ्यो। एक महिनाअघि विवाह गरेका उनीहरूलाई बालिकाका अभिभावकले उजुरी दिएका आधारमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले बतायो। प्रहरीका अनुसार, बालिकाकी आमा गङ्गा थापा मगरले निवेदन दिएर कानुनी कारबाही गर्न अनुरोध गरेकी थिइन्। हाल उनी नाबालिका भएकाले सरकारी वकिल कार्यालयले समेत मुद्दा नचलाउने भएपछि अभिभावकलाई जिम्मा दिइएको छ। उता रेख गुरुङ भने ४० हजार धरौटीमा रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

बाँझो गाविस-४ निवासी १९ वर्षीय शान्तिराम खड्काले सोही वडाकी ६३ वर्षीया एक अविवाहित महिलालाई बलात्कार गरे। ०६४ कात्तिक १५ गते खड्काले कुटपिटपछि उनलाई बलात्कार गरेका थिए। कुटीमा एक्लै बस्दै आएकी ती महिलालाई राति साढे ९ बजे ताली बजाएर आकर्षित गर्दै कुटीबाहिर निस्कन लगाई खड्काले कुटपिट र बलात्कार गरेका थिए। घटनापछि पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि पीडक खड्का भने फरार रहेको प्रहरीले जनाएको छ।

बरबोटे गाविस-७ बस्ने ४३ वर्षीया महिला टीकामाया परियारको बलात्कारपछि हत्या भयो। आठ वर्षअघि पतिले कान्छी विवाह गरी घर छाडेपछि एक्लै बस्दै आएकी टीकामायाको ०६४ मङ्सिर २० गते राति रहस्यमय मृत्यु भएको थियो। बनिबुतो गर्दै घर चलाउँदै आएकी उनको हत्या रातको करिब साढे ९ बजेतिर भएको अनुमान प्रहरीको छ। ०६४ मङ्सिर २१ गते शुक्रबार अबेरसम्म पनि उनको घरको ढोका नखुलेपछि छिमेकीहरूले पूर्वपट्टिको ढोका फुटाएर हेर्दा उनको शव सर्वाङ्ग नाङ्गो अवस्थामा लडिरहेको पाइएको उनका जेठाजु भीम परियारले जानकारी दिए। देब्रे आँखाको डिलमा काटिएको र गरगहनासमेत नभएको अवस्थामा उनको शवलाई पाइएको उनले बताए। घटनामा संलग्नहरू भने अझैसम्म पत्ता लाग्न नसकेको तर खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, इलामका इन्स्पेक्टर खड्ग पौडेलले जानकारी दिए।

सबै प्रकारका जातीय विभेद

जिर्मले गाविस-४ निवासी ४२ वर्षीय हर्कबहादुर लाम्गादे (विश्वकर्मा) लाई स्थानीय रूपा प्रधानले आफ्नो घरमा ०६४ असार २७ गते प्रवेश गरेको आरोपमा गाउँलेहरूसमेत भेला गराई अत्यन्त अमानवीय ढङ्गले गाली-गलौज गरिन् । 'सानोजात, दलित भएर अर्काको घरमा पस्छस्, देउता बिगारिस्,

तँलाई मार्छु, गाउँ निकाला गराएर छाड्छु' भन्दै हप्की-दप्की गर्दै आइन्दा कहिल्यै ठूलो जातको घरमा नपस्ने गरी रूपा प्रधानको खुट्टा समाएर ढोग्न लगाई सबैसँग माफी मगाइयो।

सोयाङ गाविस-७ का दृष्टिविहीन सूर्य साउदेन लिम्बू र सोयाङ गाविस-६ की दलित समुदायकी दृष्टिविहीन सीता परियार अन्तरजातीय विवाह गरेकै कारण घरबाट निकाला भएका छन्। १९ वर्षीय सूर्य र १८ वर्षीया सीताले ०६४ भदौ २५ गते प्रेमविवाह गरेपछि सूर्यका घर नआउन खबर पठाएको उनीहरूले जानकारी दिए। हाल इलाम सदरमुकामस्थित इलाम बजारमा डेरा गरी बस्दै आएका सूर्य अमर उच्च माबि बरबोटेमा कक्षा ९ मा र सीताले आदर्श उच्च माविमा कक्षा ५ मा पढ्दै आएका छन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

दानावारी गाविस-३ स्थित शुक्रबारे भन्ने ठाउँमा माओवादीले राखेको जिल्ला निकासी कर सङ्कलनको ढाट यथावत् राखेर कर असुली गरिरहेका कारण दानावारी, महमाई र चिसापानी गाविसका बासिन्दा दोहोरो निकासी कर तिर्न बाध्य रहेको अवस्थाबारे पीडितहरूले ०६४ जेठ २३ गते जानकारी दिए। इलामबाट झापा जोडिने उक्त नाकामा करिब ६ किमिको दूरीमा जिविसको समेत ढाट रहेको छ। दुवै स्थानमा कर नबुझाए सामान वा चौपायलाई झापा पुऱ्याउन नसकिने अवस्था रहेका कारण एउटा वस्तुको दुईपटक कर बुझाउनु परेकाले आफूहरू पीडित बनेको स्थानीय बासिन्दाको भनाइ छ। उक्त विषयमा इलामका प्रमुख जिल्ला अधिकारी लेखनाथ पोखेलले आफूसँग उजुरी नआएका कारण ध्यान नपुगेको प्रतिक्रिया दिए।

इलामको कोल्बु·स्थित किटेनी ढाटमा कृषिजन्य उत्पादन र काठ निकासीमा तेहेरो कर तिर्नुपर्दा स्थानीय किसान र सर्वसाधारण मारमा परेको उनीहरूले ०६४ मङ्सिर ११ गते जानकारी दिए। माओवादीको भ्रातृ सङ्गठन वाईसीएल र सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताले यस्तो कर उठाउन थालेपछि आफूहरू मारमा परेको उनीहरूले बताए। यसरी दुई महिनादेखि अवैध रूपमा हुँदै आएको कर सङ्कलन नरोकिएपछि स्थानीय व्यापारीहरूले जिल्ला प्रशासन कार्यालयमा एक साताअघि उजुरीसमेत दिएका थिए। उजुरीपछि सो समस्या समाधान गर्न आयोजित सर्वपक्षीय बैठकमा समेत माओवादी पक्षले कर उठाउने अडान लिएपछि कुनै सहमति हुन नसकेको प्रमुख जिल्ला अधिकारी रामप्रसाद घिमिरेले बताए।

१.३ पाँचथर

जनसङ्ख्या : २,२३,१७०
साक्षरता प्रतिशत : ५६
महिला साक्षरता प्रतिशत : ४४.५
क्षेत्रफल (वर्ग कि. मि.): १,२४१
गाविस/नपा सङ्ख्या : ४१/०
सरकारी/निजी विद्यालय : ३७१/१३
क्याम्पस/उच्च मा.वि. : १/१०
अस्पताल/स्वास्थ्य चौकी : १/४१
मोटर सडक (कि. मि.): ९१
प्रहरी कार्यालय सङ्ख्या : २४
मानव विकास सूचकाङ्क : ०.४८४
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

थर्पू गाविस-४ निवासी ५९ वर्षीय मित्रलाल कोइरालालाई ०६४ असार ३२ गते राति अज्ञात समूहले खुकुरीले काटेर हत्या गऱ्यो। उनलाई माओवादीले ०५९ पुस ४ गते विस्थापित बनाएका थिए। शान्ति सम्झौतापछि सदरमुकामबाट कोइराला घर गएका थिए। कोइरालाले घरजग्गा र सम्पत्ति लुट्ने ७६ जना व्यक्तिविरूद्ध जिल्ला अदालतमा मुद्दा दर्ता गराएका थिए। अज्ञात समूहले कोइरालाको हत्या गरेपछि जिल्ला प्रहरीले छानबिनका लागि थर्पू गाविस-३ का डिल्लीराम कोइराला, ओमनाथ कोइराला, भीष्म कोइराला, सोही गाविस-४ का धनबहादुर तावा, ओयाम गाविस-९ का अमृत मावोलाई गिरफ्तार गरेको थियो। छानबिनपछि अदालतले प्रत्येकलाई २५ हजार रुपियाँ धरौटीमा रिहा

गऱ्यो। घटनामा आफ्नो संलग्नता नरहेको दाबी गर्दै माओवादीले प्रेस विज्ञप्ति जारी गरे।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे विस्फोटक पदार्थबाट

फाक्तेप गाविस-८ निवासी १६ वर्षीय दीपेन्द्र चेम्जोङले ०६४ भदौ ६ गते साँझ सेतो केपजस्तो वस्तु टुकीमा तताउँदा विस्फोट भई उनको दाहिने हातका तीनओटा औँला चुँडिए। आफ्नो घरबाट एक किलोमिटर टाढा गैरीटोल पुरानो घरछेउमा चेमजोङले उक्त वस्तु फेला पारेर घर ल्याएका थिए।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका पुरुष १९ जना र महिला एक जना गरी जम्मा २० जना बन्दीहरू रहेका छन्। कैद नतोकिएका पुरुष आठ जना र महिला तीन जना गरी जम्मा ११ जना बन्दी रहेका छन्। कुल बन्दीको सङ्ख्या ३१ रहेको छ।

आफ्नी आमासँग दुई जना बालिका पनि कारागारमा बस्दै आएका छन्। २५ जनाको क्षमता भएको कारागारमा स्वच्छ पानी नभएको तर अन्य बन्दीले पाउँदै आएको सबै सुविधा आफूहरूले पनि पाएको उनीहरूले बताए। बन्दीहरूले आफूले पाउने सुविधाबाट एक थान टीभी किनेको बताए। अन्य सुविधामा कुनै कमी नरहेको पनि उनीहरूले बताए। कारागारभित्र स्वच्छ पिउने पानीको तुरुन्तै व्यवस्था हुने जेलप्रमुख रेणुप्रसाद ओझाले बताए।

बेपत्ता/अपहरण

माओवादीबाट

रवि गाविस-५ निवासी मानवअधिकार शान्ति सञ्जाल समूहका कार्यकर्ता ३३ वर्षीय गणेश साम्पाङलाई ०६३ फागुन १ गते लिम्बा गाविस-१ कन्याटारमा माओवादीले बालसेनाको सूचना सङ्कलन गरेको आरोपमा अपहरण गरे। कार्यकर्ता भई युद्ध प्रभावित बालबालिकाको तथ्याङ्क सङ्कलन गर्न गएको अवस्थामा माओवादीको अनुमति नलिई काम गरेकाले अपहरण गरेको उनीहरूले बताए। माओवादी कार्यकर्ता ज्ञानेन्द्र थापाले सोधपुछ गरेको र परिचयपत्रसमेत नभएकाले नियन्त्रणमा लिएको इन्सेक प्रतिनिधिसँग २० गते स्वीकारे।

नागिन गाविस-४ निवासी फिदिम फाल्लोट ग्रामीण हरित सडक निर्माण आयोजना उपभोक्ता समितिका अध्यक्ष ४५ वर्षीय यामकुमार आङ्बो, सडक निर्माण आयोजना संयोजक एकतीन गाविस-१ का ५२ वर्षीय देउमान खत्री, सोही आयोजनाका प्राविधिक फलैचा गाविस-८ का २८ वर्षीय विमल वेघालाई ०६४ असोज २१ गते माओवादीले अपहरण गरे। हरित सडक निर्माण कार्य सुरु हुँदै कुल बजेटको १० प्रतिशत रकम माओवादी पार्टीले मागेकामा निर्माण समितिले दिएन। पीडित खत्रीले रकम नदिएकाले आफूहरूले अपहरण गरेको माओवादीले बताए। कामदारको तीन महिनाको ज्याला नदिएकाले जनता र कामदारले वाईसीएललाई बुझाएको माओवादीले बताए। पुलभञ्ज्याङ बजारमा राखिएका पीडितहरूलाई जिल्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष मित्रप्रसाद काफ्ले र नरबहादुर दुलालको रोहबरमा कात्तिक १५ गतेभित्र कामदारको ज्याला दिने सर्तमा ०६४ कात्तिक ३ गते मुक्त गरे।

धम्की/कुटपिट

माओवादीबाट

ओलने गाविस-५ निवासी एमाले गाउँ कमिटी सचिव ३६ वर्षीय धनप्रसाद सावालाई ०६३ पुस ३० गते राति ९ बजे माओवादीले राजनीतिक विवादका कारण कुटपिट गरी मार्ने धम्की दिए। माओवादी जिल्ला सचिव आकाश भनिने अइन्द्र केरुङले माओवादीले कुटपिट नगरेको जनाए।

सिदिन गाविस-४ निवासी माओवादी कार्यकर्ता विस्फोट भनिने ३३ वर्षीय श्रीप्रसाद राईको समूहले ०६३ फागुन १ गते छ नाल भरुवा बन्दुक लिएर २० वर्षीय जङ्ग राई, २१ वर्षीय तारा राई, २० वर्षीय पञ्चकुमार राई, २६ वर्षीय धनप्रसाद राई, २५ वर्षीय मनकुमार राईलाई जनयुद्धको समयमा धम्काएको आरोपमा माओवादीले मार्ने मौखिक धम्की दिए। माओवादीका श्रीप्रसाद राईलाई पीडितहरू मिलेर कुटपिट गरी तीनओटा दाँत झारेका थिए। घटनाका सन्दर्भमा माओवादीले संयमता अपनाएको जिल्ला सचिव आकाशले घटना सम्बन्धमा फागुन ११ गते पत्रकार सम्मेलन गरी घटना सुनियोजित नभएको र कुनै आपराधिक समूहले अवैधानिक बन्दुक लिएर आएको बताए। स्थानीयवासीले भने माओवादीले नै बन्दुक लिएर आएको बताए।

थर्पू गाविस-३ का ५९ वर्षीय मित्रलाल कोइरालालाई ०६३ फागुन ३० गते माओवादी जिल्ला इञ्चार्ज मिक्सो हर्क नेम्बाङले फिदिम गाविस-१ स्थित डाँगी होटलमा मुद्दा फिर्ता लिन धम्की दिए। ०५९ पुस ४ गते विस्थापित कोइरालाले आफ्नो घर-जग्गा र सम्पत्ति लुट्ने ७६ जनाविरुद्ध पाँचथर अदालतमा मुद्दा दायर गरेका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	२	१	३							
घाइते					२	२		२			
गिरफ्तारी/यातना									३	४	४
कुटपिट	१०	१२	४	१६	६	४	२	६			
धम्की	२	२		२	३	७		७	३	३	३
भेला/सङ्गठित हुने अधिकार									१	६	६
महिलाअधिकार	२		२	२							
बालअधिकार	२	२४२	२००	४४२							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१			
अपहरण					२	४		४			
जम्मा	१९	२५८	२०७	४६५	१४	१८	२	२०	७	१३	१३

मेमेङ गाविस-२ निवासी ३८ वर्षीय प्रेमजङ केरुङले जनयुद्धका क्रममा सुराकी गरेको आरोपमा ०६३ चैत १३ गते उनलाई माओवादीका चार जनाको सङ्ख्यामा रहेका माओवादीको एक समूहले अमरपुर गाविस-४ रामनवमी बजारबाट फर्कने क्रममा खुकुरी प्रहार गरेर सख्त घाइते बनायो। माओवादीले घटनामा आफ्नो संलग्नता नरहेको दावी गऱ्यो। पीडित ०६१ वैशाख १४ गतेदेखि माओवादीको डरले विस्थापित भई सदरमुकाममा बस्दै आएका थिए।

च्याङ्थापु गाविस-८ का ३५ वर्षीय नरबहादुर गुरुङलाई ०६३ चैत १९ गते साँझ माओवादीका कार्यकर्ताले आफूले गरेको गल्ती माओवादीका राम कार्कीलाई सुनाएको आरोपमा सिसाले प्रहार गरी कुटपिट गरी घाइते बनाए। दुवै पक्षले समाजसेवीहरूका बीचमा आफूले गरेको गल्तीलाई स्वीकार गरी ०६४ चैत २३ गते मिलापत्र गरे।

भारपा गाविस-८ की ३१ वर्षीया हरिमाया श्रेष्ठलाई ०६३ चैत २४ गते माओवादीले भारपा गाविस-७ चारवारे भन्ने ठाउँमा बसबाट ओरालेर शरीरभरि नीलडाम हुने गरी कुटपिट गरे। माओवादी कार्यकर्ता २१ वर्षीय खड्क तामाङले बस रोकी बस चालकलाई धम्की दिएकाले किन धम्की दिएको भनी सोद्धा आफूलाई कुटेको पीडितले बताइन्। माओवादीले खड्ग तामाङलाई १५ दिनको बाटो खन्ने श्रमकैद तोके पनि पाँच दिन बाटो खनी उनी मुक्त भए । पीडितले ०६४ वैशाख १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि पीडकलाई कारबाही भएन।

भारपा गाविस-९ सिमखर्क चुकफारा निवासी ३० वर्षीय भगीरथ रसाइलीले आमाको किरियाखर्च दाजुलाई नतिरेको आरोपमा ०६४ असार २५ गते साँझ उनलाई माओवादी कार्यकर्ता २० वर्षीय कृष्ण तामाङ र २१ वर्षीय मचिन्द्र थाम्सुहाङले कुटपिट गरे।

फलैचा गाविस-७ निवासी ५६ वर्षीय श्रीप्रसाद बेघाले बन्दुक नदिएको आरोपमा ०६४ वैशाख २ गते राति माओवादी कार्यकर्ताले मार्ने धम्की दिए। बेघाको बन्दुक खोसेर माओवादीले प्रहरी चौकीमा बुझाए। दुवै पक्षले वैशाख २० गते मिलापत्र गरे।

वाईसीएलबाट

फिदिम गाविस-४ का १८ वर्षीय विकी दमाई र झापा शनिश्चरेका २४ वर्षीय प्रज्ज्वल क्षेत्रीले अश्लील शब्द प्रयोग गरी केटी जिस्क्याएको आरोपमा ०६३ पुस १९ गते राति ७ बजे उनीहरूलाई फिदिम माविको खेल मैदानमा वाईसीएलले कुटपिट गरी प्रहरीलाई बुझाए । पीडितहरूलाई प्रहरी हिरासतमा एक रात राखी भोलिपल्ट रिहा गरिएको थियो।

नागी गाविस-७ का २८ वर्षीय हेमराज योङहाङ र उनका भाइ २० वर्षीय विवल योङहाङलाई ०६४ वैशाख २१ गते वाईसीएल कार्यकर्ता ज्वालासहित नाम नखुलेका १० जनाको एक समूहले फिदिम

जोरसालनजिक कुटपिट गरी ७० हजार रुपियाँ र २० ग्राम सुनसमेत लुटे। पीडितले कानुनी कारबाहीका लागि वैशाख २२ गते प्रहरी कार्यलयमा उजुरी दिए पनि पीडकहरूलाई कारबाही भएन।

फिदिम गाविस-८ लालीखर्कका ३१ वर्षीया प्रमिला राईलाई ०६४ असार ३ गते राति अन्दाजी १८ वर्षीय सुरेन्द्र राईलगायत चार जनाको सङ्ख्यामा गएका वाईसीएलका कार्यकर्ताले व्यक्तिगत रिसइवीका कारण लाठीले कुटपिट गरे। चन्दा माग्दा नदिएकाले आफूलाई कुटपिट गरेको पीडितले बताइन्। पीडितले वाईसीएलले कुटेको दावी गर्दै प्रहरीमा उजुरी दिइन् तर कुनै कारबाही भएन।

कर्मचारी पदपूर्तिमा अनियमितता भएको भन्दै वाईसीएलले ०६४ साउन १३ गते राति जिल्ला विकास समिति पाँचथरका स्थानीय विकास अधिकारी ५१ वर्षीय भक्तिप्रसाद उप्रेतीलाई धम्की दिँदै आवासगृह तोडफोड गरे।

गैरकानुनी गिरफ्तारी

झापा शनिश्चेर गाविस-६ का २७ वर्षीय विष्णु रेग्मीलाई ०६४ असोज १० गते प्रहरीले गिरफ्तार गरी दुई हप्तासम्म हिरासतमा राखी अदालतमा हाजिर नगराई गैरकानुनी थुनामा राखे। रेग्मीकी जेठी पत्नी २७ वर्षीय रञ्जना अधिकारीले आफ्ना पतिले बहुविवाह गरेकाले कारबाही गरिपाऊँ भनी उजुरी दिएकाले प्रहरीले विष्णुलाई गिरफ्तार गरेको थियो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राप्रपा नेपालको जिल्ला भेलालाई पाँचथर क्याम्पसका विद्यार्थीसहित माओवादीको वाईसीएल संलग्न रहेको विरोध जुलुसले ०६३ चैत २ गते २ बजे सहिद मञ्चमा कार्यक्रम गरिरहेका राप्रपाका कार्यकर्तालाई लखेट्ने क्रममा विद्यार्थीलाई प्रहरीले लाठीले कुटपिट गरे। कुटपिटमा पर्नेहरूमा थर्पू गाविस-२ का २० वर्षीय नरेन्द्र सुवेदी, लुम्फाबुङ गाविस-६ का २० वर्षीय इन्द्र घिमेरे, इम्बुङ गाविस-७ का २० वर्षीय याम चापागाईं, थर्पू गाविस-२ का २२ वर्षीय नारायण कोइराला, ठेगाना नखुलेका २ जना माओवादीका दया, सुकदल मावोसमेतलाई प्रहरीले कुटेका थिए। कार्यक्रमस्थलबाट पद्मसुन्दर लावतीलगायत अन्य कार्यकर्ता भाग्दै गर्दा प्रहरीले सुरक्षा दिएर प्रहरी कार्यालयतिर लगेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत, पाँचथरमा गतवर्षको जिम्मेवारी सरेर आएका जम्मा ५३ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये १३ थान मुद्दा फर्स्यौट भए। यसैगरी, यस वर्ष १७ थान दुनियाँवादी फौजदारी मुद्दा दर्ता भएकामा एउटा पनि फर्स्यौट भएन।

माओवादीद्वारा अपहरण गरिएका देउमान खत्री

यसैगरी गतवर्षको जिम्मेवारी सरेर आएका २३ थान सरकारवादी फौजदारी मुद्दामध्ये नौ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष आठ थान मुद्दा दर्ता भएकामा तीन थान फर्स्यौट भए। गत वर्षको जिम्मेवारी सरेर आएका ६० थान देवानी मुद्दामध्ये १८ थान फर्स्यौट भए भने यस वर्ष ११ थान मुद्दा दर्ता भएकामा एउटा पनि फर्स्यौट भएन। यस वर्षको अन्त्यसम्म जम्मा १ सय २७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

फिदिम गाविस-४ का २१ वर्षीय टेकबहादुर कुँवरलाई ०६३ चैत २२ गते राति ८ बजे प्रहरी हिरासतमा इन्स्पेक्टर लालधोज सुवेदीले बुटले छातीमा प्रहार गरी यातना दिए। पीडितले चलचित्रको टिकट सर्वसाधारण र गाडी चालकलाई जबरजस्ती किन्न लगाई ठगी गरेको आरोपमा ०६३ चैत २१ गते प्रहरीले गिरफ्तार गरेको थियो। पीडित सार्वजनिक अपराध मुद्दाअन्तर्गत जिल्ला प्रशासन कार्यालयबाट चैत २८ गते ११ हजार रुपियाँ धरौटीमा रिहा भए।

अमरपुर गाविस-४ का २८ वर्षीय जगत् लिङ्देन र उनका दाजु ३० वर्षीय प्रेम लिङ्देनलाई ०६४ मङ्सिर २ गते साझ प्रहरीले ताप्लेजुङ होटलबाट सोधपुछ गर्नुछ भनी प्रहरी हिरासतमा चार दिनसम्म राखी कुटपिट गरी यातना दिए। पीडित नागरिकता बनाउन सदरमुकाममा बसेका थिए। डीएसपी मुक्ति श्रेष्ठले केटीसँग लागेको शङ्कामा प्रहरीले सोधपुछका क्रममा ल्याएको बताए। पीडित ०६४ मङ्सिर ५ गते हिरासतमुक्त भए।

बालअधिकार

विद्या वरदान बोर्डिङ्का कक्षा ७ का १३ वर्षीय हेमराज न्यौपाने र १३ वर्षीय रवीन काफ्लेले हल्ला गरेको आरोपमा ०६३ माघ ४ गते उनीहरूलाई शिक्षक २५ वर्षीय कुमार राईले नीलडाम हुने गरी कुटपिट गरे। पीडाले गर्दा हेमराज न्यौपाने दुई दिनसम्म

विद्यालय जान सकेनन्। पीडितका अभिभावकसँग पीडकले माफी मागे।

च्याङ्थापु गाविस-९ स्थित विष्णु माविमा अनेरास्ववियु (क्रान्तिकारी) ले विद्यालय हाताभित्र सुरक्षा बेसक्याम्प रहेकाले बालबालिकालाई मानसिक असर परेको हुनाले बेसक्याम्प नहटाएको विषयलाई लिएर ०६४ जेठ २३ गते विद्यालयमा तालाबन्दी गऱ्यो। बन्दका कारण ४ सय ४० जना बालबालिका प्रभावित बने। तालाबन्दी गरेपछाडि समस्या समाधान र सहमतिका लागि प्रजिअ हरिकृष्ण उपाध्यायको अध्यक्षतामा सर्वपक्षीय बैठक बसी विद्यालयको ताला ०६४ असार २ गते खुलाइयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

पौवासाताप गाविस-१ की २९ वर्षीया सोममाया विश्वकर्मालाई ०६४ असार २५ गते राति उनका पति ३० वर्षीय शुक्रराज विश्वकर्माले घाँटी थिचेर हत्या गरे। मृतकका भाइ बमबहादुर विश्वकर्माले भिनाजुले हत्या गरेको हो भनी प्रहरीमा किटानी जाहेरी दिएपछि प्रहरीले प्रक्राउ गरी छानबिन गरेको थियो। अदालतको आदेशबमोजिम ०६४ साउन २२ गते पीडकलाई पुर्पक्षका लागि थुनामा राखियो।

आडसाराङ गाविस-१ की ५२ वर्षीया लालमाया विश्वकर्मालाई ०६४ साउन ७ गते साँझ उनका पति ५६ वर्षीय गोपाल विश्वकर्माले लाठी प्रहार गरेको चोटबाट उनको मृत्यु भयो। गोपालले लाठी प्रहार गरेको तीन घण्टापछि लालमायाको मृत्यु भएको थियो। पीडक ०६४ साउन ९ गते प्रहरी कार्यालयमा गई आफ्नो अपराध स्वीकारेका थिए। जिल्ला अदालतले ०६४ भदौ ५ गते पुर्पक्षका लागि पीडकलाई थुनामा राख्ने आदेश दियो।

झापा जिल्ला शनिश्चेर-६ का २७ वर्षीय विष्णु रेग्मीलाई बहुविवाहको उजुरीमा ०६४ असोज १० गते प्रहरीले पक्राउ गरी दुई हप्तासम्म हिरासतमा राखी अदालतमा हाजिर नगराई गैरकानुनी थुनामा राखे। जेठी पत्नी २७ वर्षीया रञ्जना अधिकारीले बहुविवाहमा पतिलाई कारवाहीका लागि प्रहरीमा उजुरी दिइन्। पति विष्णु रेग्मीले विवाह गरेको छैन भनी २७ वर्षीया विमला सुब्बालाई झुक्याएर विवाह गरे। डीएसपी मुक्ती प्रसाद श्रेष्ठले अदालतमा २४ घण्टा भित्र हाजिर गाराउनु पर्नेमा विष्णु रेग्मीले आफ्ना अभिभावकलाई भेटघाट गराउन अनुरोध गरेकाले अदालतमा हाजिर नगराएको इन्सेकलाई बताए।

वाईसीएलद्वारा कुटपिट गरिएका हेमराज योङहाङ र विवल योङहाङ

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

लिम्बा गाविस-३ का ३४ वर्षीय डिकेन्द्र चेम्जुङको मोटरसाइकल ०६३ पुस २३ गते फिदिम बजारबाट माओवादीलाई ठेक्का गरेको रकम नदिएको आरोपमा कब्जा गरी वार्ताद्वारा ३० गते मोटरसाइकल फिर्ता गरे। ठेक्काबाट माओवादीले २ लाख रुपियाँ नपाएका कारण पार्टीले निर्णय गरेअनुसार मोटरसाइकल कब्जा गरिएको माओवादीका कार्यकर्ता प्रकाशले ०६३ पुस ३० गते इन्सेक प्रतिनिधिलाई बताए।

विगतको अनुगमन

बेपत्ता

माओवादीबाट

आरुबोटे गाविस-२ निवासी यामबहादुर राईकी छोरी २० वर्षीया सिर्जना राई र छोरा १० वर्षीय निसान राईलाई ०६१ चैत महिनामा माओवादीका कार्यकर्ताले घरबाट अपहरण गरेर लगेपछि उनीहरूको अवस्था हालसम्म अज्ञात छ। आमा देशकुमारी राईका अनुसार, ०६१ चैत महिनामा स्थानीय माओवादी कार्यकर्ताले छोराछोरीको अपहरण गरेका थिए। माओवादी कार्यकर्ताले तत्कालीन अवस्थामा अपहरितहरू सुरक्षित रहेको देशकुमारीलाई बताएका थिए। देशकुमारीले छोराछोरीको खोजीबारेमा माओवादीलाई आग्रह गरे पनि माओवादीले कुनै जवाफ दिएनन्। आरुबोटे क्षेत्रमा कार्यरत माओवादी कार्यकर्ता सुमनले दुवै जना आफ्नो पार्टीको कब्जामा नरहेको बताए।

१.४ ताप्लेजुङ

जनसङ्ख्या : १,४५,९२३
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.) : ३,६४६
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : २८३/५
क्याम्पस/उच्च मा.वि. : १/८
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मोटर सडक (कि. मि.) : ३७
प्रहरी कार्यालय सङ्ख्या : १४
मानव विकास सूचकाङ्क : ०.४६७
प्रतिपरिवार सरदर सङ्ख्या : ५

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

माओवादीबाट

निगुरादिन गाविस-३ का ३० वर्षीय मिङ्मा शेर्पालाई ०६३ पुस २१ गते राति फूलबारी गाविस-८ निवासी माओवादी जनमिलिसिया धनबहादुर शेर्पा र कमल शेर्पाले पीडितकै घरमा गोली हानी हत्या गरे। माओवादीका जनमिलिसियाहरू कमल र धनबहादुरबीच भएको पारिवारिक विवादका कारण धनबहादुरले गोली चलाउँदा पीडितको घटनास्थलमै मृत्यु भएको हो। पीडकहरूमध्ये धनबहादुर शेर्पालाई माओवादीले स्थानीय प्रशासनलाई बुझाए। पीडक कमल शेर्पा फरार भए। पीडकले चलाएको बन्दुक प्रहरीलाई नदिई माओवादी आफैंले लगे।

डुम्रिसे गाविस-४ का १७ वर्षीय कमल पाठकको ०६३ फागुन १६ गते छिमेकीको विवाहमा भएको सामान्य विवादमा माओवादी कार्यकर्ता भीमबहादुर सौदेनले प्रहार गरेको खुकुरीको चोटबाट घाइते भएकामा उपचारका क्रममा धरानको बीपी अस्पतालमा ०६३ फागुन ३० गते उनको मृत्यु भयो। पीडितका परिवारले पीडक भीमबहादुरविरुद्ध जाहेरी गरे पनि पीडक फरार भए।

अन्यबाट

सावादिन गाविस-९ का ४५ वर्षीय उत्तरहाङ लिम्बूको ६४ असार १ गते सोही गाविस ५ निवासी गोकुल चालिसेकोमा बसेका बेला अचानक चलेको गोली लागी घटनास्थलमै मृत्यु भयो।

आम्वेगुदिन गाविस-४ खान्देम्वेमा किराना पसल गरी बस्ने खगेन्द्र कुँवरलाई ०६४ मङ्सिर १६ गते राति १० बजे घरमै आएका १२ जनाको हतियारधारी अपरिचित समूहले गोली प्रहार गरे। पीडितका अनुसार लिम्बूवान समुदायका ती हतियारधारीले कुँवरलाई बाहिर ल्याई कुटपिट र टाउकोमा खुकुरी प्रहार गरेका थिए। सोही बेला भाग्दै गरेका कुँवरलाई पिस्तोलद्वारा गोली हानेका थिए। कुँवर भागेर बाँच्न सफल भए।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारमा २५ जना बन्दी राख्न सक्ने क्षमता छ। कैद तोकिएका २२ जना र कैद नतोकिएका आठ जना गरी जम्मा ३० जना पुरुष बन्दी रहेका छन्। जेलमा खेल सामग्रीमा क्यारम्बोर्ड मात्र रहेको छ। इन्सेकले बन्दीहरूका निम्ति *कान्तिपुर* दैनिक पत्रिका उपलब्ध गराएको छ। बन्दीहरूलाई स्थानीय जिल्ला अस्पतालमा हुने उपचार सेवा मात्र दिइन्छ। नेपालकै पुरानो यस कारागारको अवस्था ज्यादै जीर्ण छ। यस कारागारमा महिलाका लागि छुट्टै कोठा नभएकाले लामो समयसम्म हिरासतमा नै राखेर पाँचथर वा विराटनगर पठाउने गरिएको छ। पत्रपत्रिका आउने गरे पनि पुराना र सीमित मात्रामा आउने गर्छन्। यस वर्षदेखि बन्दीको मागअनुसार टेलिफोन कारागारभित्रै उपलब्ध गराइएको छ। हप्तामा दुईपटक मात्र बन्दीसँग आफन्तलाई भेट गर्न दिइन्छ।

बेपत्ता/अपहरण

माओवादीबाट

लिङखिम गाविस-३ निवासी २५ वर्षीय प्रेम लिङखिमलाई ०६३ फागुन ४ गते माओवादीले

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित							
	अन्यबाट				माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या					३	३		३
घाइते	३	३		३				
कुटपिट					१	१		१
धम्की	१	१		१	८	११		११
जातीय विभेद	१	१	१	३				
बालअधिकार	१		४	४	६	५	१	६
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					४	४		४
अमानवीय व्यवहार					१	१		१
अपहरण	३	४		४	५	८	१	९
जम्मा	८	८	५	१३	३८	३३	३	३४

नाङ्खोल्याङ गाविस-४ स्थित सेसम्बुबाट अपहरण गरी बेपत्ता पारे। पीडितका बुबाले छोराको अवस्था पत्ता लगाई दिन प्रहरीलाई निवेदन दिए पनि यस वर्षको अन्त्यसम्म उनको अवस्था पत्ता लागेको छैन। माओवादीले भने अपहरण गरेको भोलिपल्ट नै अपहरित भागेको बताए।

स्याङ्ग्रुम्बा गाविस-१ निवासी भीमबहादुर बोहरालाई ०६३ चैत १५ गते जेठी पत्नी प्रेमकुमारीले आफूलाई हेला गरेको, खान-लाउन नदिएको र आफूले कमाई गरेको नगद ५ लाख रुपियाँसमेत लगेर बेहाल पारेको आरोप लगाई माओवादीमा दिएको निवेदनका आधारमा माओवादीले अमानवीय व्यवहार गरे। कारबाहीका नाममा माओवादीले पीडितलाई अपहरण गरी जुत्ताको माला लगाएर बजार घुमाउनुका साथै तीन दिनसम्म आफ्नै कब्जामा राखी मुक्त गरेका थिए। उक्त अमानवीय व्यवहारको स्थानीय नागरिक समाज, पत्रकार, मानवअधिकारवादीसहितले विरोध गरेपछि माओवादीले गल्ती भएको स्वीकार गरे।

थेचम्बु गाविस-६ निवासी थेचम्बु प्राविका प्रधानाध्यापक ३६ वर्षीय विजयकुमार खरेललाई माओवादी कार्यकर्तामाथि झूट्टा लाञ्छना लगाएको आरोपमा ०६४ जेठ २३ गते बिहान घरमै आएका १२ जना माओवादी कार्यकर्ताहरूले अपहरण गरे। पीडितलाई माओवादीले थेचम्बु माविछेउमा लगेर लाठीले मरणासन्न हुने गरी पिटेर यातना दिए। धम्की दिएर भोलिपल्ट बिहान मुक्त गरे।

ईखाबु गाविस-५ का ४२ वर्षीय मणि लाबुङ र उनकी पत्नीलाई शिक्षक नियुक्तिको विषयमा विवाद भएपछि ०६४ असार ५ गते माओवादीका कार्यकर्ताले घरमै आई बाँधेर अपहरण गरे। दुई महिनाअगाडि मानवअधिकारकर्मी र पत्रकारको सहयोगमा स्थापित भएका लाबुङ र उनकी पत्नीलाई माओवादीले मरणासन्न हुने गरी टाउको र शरीरका अन्य भागमा लाठी र बुटले कुटपिट गरी भोलिपल्ट बिहान मुक्त गरे।

वाईसीएलबाट

खाम्लुङ गाविस-३ निवासी प्रकाश श्रेष्ठ र जितेन लिम्बूलाई माओवादी जिल्ला नेता तारानाथ पोखेलको हत्या गर्ने षड्यन्त्रमा संलग्न भएको आशङ्कामा ०६४ मङ्सिर ११ गते वाईसीएलका कार्यकर्ताले अपहरण गरी मङ्सिर १२ गते बिहान जिल्ला प्रहरी कार्यालयमा जिम्मा लगाए। पीडित घटनामा संलग्न भएको आधार नदेखिएपछि प्रहरीले उनलाई मङ्सिर १३ गते रिहा गरे।

खाम्लुङ गाविस ३ निवासी २५ वर्षीय दिपेन लिम्बूलाई माओवादी जिल्ला नेता तारानाथ पोखेललाई मार्ने षड्न्त्रमा संलग्न भएको आरोप लगाई ०६४ पुस १० गते वाईसीएलका कार्यकर्ताले उनकै घरबाट अपहरण गरी पुस १२ गते प्रहरीलाई जिम्मा लगाए। पीडित लिम्बूलाई माओवादीले आँखा र शरीरका अन्य भागमा नीलडामा हुने गरी यातना दिएका थिए। प्रहरीले

पीडितलाई जिल्ला अस्पतालमा उपचार गरी रिहा गरे।

खाम्लुङ गाविस-४ निवासी राप्रपा कार्यकर्ता ४५ वर्षीय फिपराज लिम्बूलाई ०६४ पुस १४ गते वाईसीएलका कार्यकर्ताले माओवादी नेताको हत्या गर्न लगाएको आरोप लगाई पीडितको आफ्नै घरबाट अपहरण गरे। अपहण गरिएका फिपराजलाई ०६४ पुस १५ गते प्रहरीसमक्ष बुझाए। माओवादी र प्रहरीसमक्ष फिपराजले आफ्ना छोरा जितेनलगायतका केही युवकहरूलाई माओवादीका तीन जना कार्यकर्ताको हत्या गरेमा ३० हजारदेखि ७५ हजार रुपियाँसम्म दिने भनेर आदेश गरेको स्वीकार गरे। लिम्बू शाहीकालका जिविस सदस्यसमेत रहेका थिए।

धम्की/कुटपिट

माओवादीबाट

दोभान र लिङ्खिम इलाकामा भर्खरै मात्र स्थापित गरिएका प्रहरी चौकी ०६३ पुस २७ गते तत्काल फिर्ता गर्न माओवादीले विज्ञप्तिमार्फत धम्की दिए। माओवादी जिल्ला इञ्चार्ज कौशलले हस्ताक्षर गरेको उक्त विज्ञप्तिमा माओवादीसहितको सरकार नबनेसम्म गाउँमा लगिएका ती चौकीहरू फिर्ता गर्न र थप चौकी स्थापित नगर्न धम्की दिएका थिए।

माओवादी जिल्ला सङ्गठन समितिले ०६३ फागुन ४ गते प्रेस विज्ञप्ति जारी गरी सरकारी र गैरसरकारी क्षेत्रबाट भइरहेका सम्पूर्ण विकास निर्माणका कार्य तत्काल बन्द गर्न भन्दै नगरे कारबाही गर्ने धम्की दिए। सरकारले माओवादीसहितको अन्तरिम सरकार गठन गर्न र अन्तरिम संविधान लागू गर्न आलटाल गरी एकलौटी रूपमा निर्णय गर्न थालेको भन्दै यसरी गरिएका सम्पूर्ण निर्णयहरू फिर्ता नगरुञ्जेल विकास निर्माणका काम बन्द गर्न धम्की दिएका थिए।

सिकैचा गाविस-६ मा निर्माण गरिएको बिजुली बत्तीको लगानी रकममध्ये कृषि विकास ब्याङ्कले दिएको ऋण तिर्नलाई उपभोक्ता समितिले समुदायबाट रकम उठाउँदै गर्दा ०६३ फागुन २१ गते माओवादीले रकम उठाउन अवरोध गरे। ऋणको भाखा पुगेकाले रकम उठाउन लाग्दा माओवादीले नउठाउनु, उठाए त्यसको परिणाम राम्रो नहुने भनी धम्क्याएको उपभोक्ता समितिका अध्यक्ष लक्ष्मी अधिकारीले बताए।

फुरुम्बु गाविस-४ निवासी नेपाल बार एसोसिएसन जिल्ला शाखा ताप्लेजुङका अध्यक्ष बलराम भट्टराईलाई ०६३ चैत १८ गते माओवादी कार्यकर्ता लक्ष्मी लिम्बूले कारबाही गर्ने धम्की दिए। कानुन व्यवसायी बलराम भट्टराईलाई माओवादी कार्यकर्ता लक्ष्मीले सदरमुकामको बीच भागमा भेट भएको अवस्थामा धम्की दिएका थिए।

सान्थाक्रा गाविस-७ निवासी काजीमान नाल्बोलाई माओवादीका कार्यकर्ताहरूले युद्धका बेला दिनुपर्ने भनेको रकम ०६४ जेठ १० गते घरमै आएर नगद ५ हजार रुपियाँ दिनुपर्ने भनी धम्क्याए। चन्दा नदिए कारबाही गर्छौं भन्ने धम्की दिएपछि ५ हजार रुपियाँ दिन पीडित बाध्य भए।

फुङ्लिङ गाविस-३ का राप्रपा कार्यकर्ता ४० वर्षीय छत्रपति प्याकुरेललाई ०६४ पुस १२ गते माओवादी कार्यकर्ताले आफ्नो पार्टीका कार्यकर्ताको हत्या गर्न लगाउने कार्यमा संलग्न भएको आरोपमा कारबाही गर्ने धम्की दिए। माओवादी जिल्ला नेता सङ्गमले षड्यन्त्रकारीलाई अब पार्टीले कडा कारबाही गर्ने भन्दै पार्टीले उम्कन नदिने भनी धम्की दिए। उक्त धम्की माओवादी कार्यकर्ता सङ्गमले जिल्ला प्रहरी कार्यालयमै दिएका थिए।

लिम्बूवान राज्य परिषद्बाट

फुङ्लिङ बजारमा रहेका पार्टी कार्यालयहरूमा ०६४ भदौ १९ गते पत्र पठाई लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले संविधानसभासम्बन्धी कुनै पनि गतिविधि नगर्न भन्दै धम्की पत्र पठाए। लिम्बूवान परिषद्का कार्यकर्ता होम तुम्वाहाम्फेले हस्ताक्षर गरेको उक्त पत्रमा संविधानसभासम्बन्धी कार्यक्रम लिएर गाउँ पसेमा त्यसबाट हुने परिणामको जवाफदेही लिम्बूवान राज्य परिषद् नहुने उल्लेख गरेका थिए।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सिनाम गाविसको गाउँ परिषद्को बैठक माओवादी कार्यकर्ताले 'हाम्रो पार्टीको निर्देशन र सहमतिबिना गर्न खोजेको' भन्दै ०६३ पुस २७ गते अवरोध पुऱ्याए। परिषद् सञ्चालन गर्न गएका जिविस कर्मचारी कृष्णप्रसाद सुवेदीले बैठक सुरु गर्न लाग्दा माओवादीले तत्काल बैठक बन्द गर्ने धम्की दिएको हुनाले बैठक स्थगित भएको बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी ८३ थान मुद्दामध्ये आठ थान मुद्दा फर्स्यौट भए। यस वर्ष दर्ता भएका ३० थान मुद्दामध्ये ४ थान मुद्दा फर्स्यौट भए। यसैगरी दुनियाँवादी फौजदारी मुद्दातर्फ गतवर्षको

जिम्मेवारी सरेर आएका ५१ थान मुद्दामा २३ थान फर्स्यौट भए भने यसवर्ष दर्ता भएका २३ थान मुद्दामध्ये तीन थान मुद्दा फर्स्यौट भए। सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर भाएका आठ थान मुद्दामध्ये दुई थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका तीन थान मुद्दामा एउटा पनि फर्स्यौट भएन। यस वर्षको अन्त्यसम्ममा जम्मा १ सय ७० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे, जसमध्ये सरकारवादी दुनियाँवादी १ सय १ थान, सरकारवादी फौजदारी नौ थान रहेका छन्। दुनियाँवादी फौजदारी ६० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। तीन वर्ष नाघेका मुद्दा दुनियाँवादी देवानी आठ थान, सरकारवादी फौजदारी दुई थान र दुनियाँवादी फौजदारी चार थान गरी जम्मा १४ थान मुद्दा रहेका छन्।

बालअधिकार

सदरमुकाम फुङ्लिङ बजारमा ०६४ जेठ १२ गते वाईसीएलले विभिन्न विद्यायलमा पढिरहेका १८ वर्षमुनिका ७० जना बालबालिकालाई सहभागी गराएर आफ्नो प्रथम जिल्ला अधिवेशन गऱ्यो । माओवादीले प्रयोग गरेका ती बालबालिकाहरू सशस्त्र रूपमा सहभागी भएका थिए। बालबालिकाहरूलाई दुई दिनसम्म हिँडाएर ल्याई जेठ १५ गते माओवादीले सदरमुकामबाट छोडेको थियो।

फुङ्लिङ गाविस-२ निवासी मेपदबुङ मावि‍मा अध्ययनरत १५ वर्षीय टङ्क मग्रान्ती, १४ वर्षीय चन्द्र मग्रान्ती, १३ वर्षीय उमेश पालुङ्वा, १२ वर्षीय रघुनाथ पुरी र १८ वर्षीया तुलसी गिरीलाई ०६३ पुस २७ गते माओवादीले जागिरको आश्वासन दिएर माओवादी सैन्यमा भर्ना गर्न लगे। पीडितका परिवारका अनुसार अहिलेसम्म उनीहरू घर फर्किएका छैनन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

सिनाम उच्च मावि‍मा अध्ययन गर्ने चार जना छात्रालाई सिनाम गाविस-३ निवासी विजय थेबे, जयकुमार लिबाङ र सागर मावोले ०६४ मङ्सिर ४ गते स्कुल गइरहेका बेला सिनामको हैराङ्गे खोलामा बाटो छेकी बलात्कार गर्ने प्रयास गरे। कक्षा ११ मा अध्ययनरत ती छात्राहरू विद्यालय गइरहेका बेला कजारबाट फिर्दै गरेका ती युवकहरूले उनीहरूलाई बाटो छेकी समातेर बलात्कार गर्ने प्रयास गरेका थिए। समातेर कपडा तान्दै गर्दा बाटो हिँड्ने अन्य वटुवाहरू पनि आएपछि पीडित छात्राहरू भाग्न सफल भएका थिए। पीडितहरूको जाहेरीका आधारमा जयकुमार मावो र सागर मावोलाई प्रहरीले पक्राउ गरी जबरजस्ती करणी ऐनअन्तर्गत जेल चलान गरेको छ।

सबै प्रकारका जातीय विभेद

सिकैचा गाविस-८ निवासी २० वर्षीय सानबहादुर विश्वकर्माले सोही गाउँ निवासी १९ वर्षीया विना सौदेन लिम्बूसँग ०६३ फागुन २१ गते प्रेमविवाह गरेपछि सामाजिक दबाबका कारण घरमा बस्न नसकी भागेर सिक्किम गई बसेका छन्। उनीहरूले विवाह गर्ने निर्णय गरेपछि छरछिमेकी र परिवारले समेत अस्वीकार गरी सामाजिक दबाब दिएकाले गाउँबाट हिँड्न बाध्य गराएको पीडितले बताए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

चन्दा असुली/संरचना/सम्पत्ति क्षति

चाङ्गे गाविस-३ निवासी ६५ वर्षीय गङ्गा चूडालको ८० मुरीभन्दा बढी धान तथा अन्य सम्पूर्ण बाली ०६३ पुस ३० गते बिहान माओवादीले लुटेर लगे। विगत पाँच वर्षदेखि गङ्गा चूडालको सम्पूर्ण आम्दानी माओवादीले कब्जा गरिरहेका थिए।

फुङ्लिङ बजारमा माओवादी पार्टीका कार्यकर्ताले स्थानीय व्यापारीहरूलाई वाईसीएलका नाममा ०६३ फागुन २९ गतेदेखि प्रतिव्यक्ति ५ हजारदेखि ५० हजार रुपियाँसम्म चन्दा मागे। माओवादीले गोदाम जाँच गर्ने र चन्दा नतिर्ने व्यापारीको समान नष्ट गर्ने भन्दै चन्दा मागेका थिए। घटनाका बारेमा उद्योग वाणिज्य सङ्घले सबै पार्टीहरू, पत्रकार र नागरिक समाजको बैठक बोलाउँदा माओवादी भने उपस्थित भएनन्।

फुङ्लिङ बजारछेउको दोखुको गाविस-८ स्थित वहानन्देमा ०६४ भदौ १८ गतेदेखि जनमोर्चा नेपालका कार्यकर्ताहरूले गाडी रोकेर प्रत्येक गाडीबाट ३ हजार र हरेक यात्रीबाट जबरजस्ती चन्दा उठाए। बस यात्रामा आउने यात्री तथा विदेशी पर्यटकका भरिया मिङ्मा शेर्पाका अनुसार, उनीहरूले गाडी रोकेर हरेक यात्रीलाई ओराली प्रत्येकसँग चन्दा लिएका थिए। जनमोर्चाका कार्यकर्ताले चन्दा नदिए गाडीलाई जलाइदिने धम्की दिएर जबरजस्ती चन्दा उठाएका थिए।

ताप्लेजुङ र पाँचथरको सिमाना काबेलीमा लिम्बूवान राज्य परिषद्का कार्यकर्ताले ०६४ भदौ २८ गतेदेखि ताप्लेजुङ आउने/जाने प्रत्येक गाडीलाई रोकेर लिम्बूवान आन्दोलनका लागि भनेर जबरजस्ती चन्दा असुली गरे। उनीहरूले प्रत्येकपटक हरेक गाडीसँग

चन्दा उठाए। साथै, चन्दा नदिए गाडी चल्न नदिने धम्कीसमेत दिएका थिए।

दोखु गाविस-४ को वाहनन्देमा माओवादी कार्यकर्ताले ०६४ असोज ४ गतेदेखि ढाट राखी प्रत्येक गाडीलाई अब हुने आन्दोलनका लागि कर भनेर चन्दा उठाए। चन्दाको व्यापक विरोध भएपछि स्थानीय व्यवसायी र प्रशासनसँग छलफल गरी जबरजस्ती चन्दा नउठाउने सहमति भयो।

हाम्पाङ गाविस-४ निवासी विस्थापितहरू केशव चूडाल, ध्वोजवीर आङ्वोहाङ र रत्न प्रसाईंको अलैंची ०६४ कात्तिक २९ गते माओवादीले आफ्ना कार्यकर्ता परिचालन गरी लुटेर लगे। विस्थापितको सबै घरजग्गा फर्काउने सहमति गरे पनि माओवादीले करिब ५ लाख रुपियाँ बराबरको अलैंची बाली लुटेर लगेका हुन्।

पापुङ र थम्फुदिन गाविसका सर्वसाधारण पशुपालक किसानहरूलाई माओवादीका कार्यकर्ताले वाईसीएलका नाममा ०६४ कात्तिक १० गतेदेखि हाम्रो पार्टीलाई तिर्नुपर्ने कर भनी चौरी, याक, गाईलगायत जनावरको प्रतिगोटाको १० देखि १ हजार रुपियाँसम्म जबरजस्ती चन्दा सङ्कलन गरे। पीडित पापुङ गाविस-४ निवासी पासाङ शेर्पाले ०६४ मङ्सिर ८ गते आफूलाई माओवादीले जबरजस्ती धम्क्याएर चन्दा लिएको बताए।

विगतको अनुगमन

सिकैचा गाविस-५ का २२ वर्षीय इन्द्र पौडेल ०५७ सालदेखि माओवादी छापामारमा आवद्ध भई हिँडेयता बेपत्ता भएको जानकारी उनको परिवार स्रोतले दिएको छ। पीडित पौडेलका बाबु चूडामणिले इन्सेकलाई दिएको निवेदनअनुसार '०५७ देखि माओवादीमा हिँडेको हो। पछि, ०६१ सालमा माओवादी आफैंले मारेको भन्ने हल्ला गाउँमा आएको हो' भन्दै छोराको अवस्था सार्वजनिक गरिदिन अपिल गरेका छन्।

१.५ मोरङ

जनसङ्ख्या : ९,८३,९८७
साक्षरता प्रतिशत : ५७
महिला साक्षरता प्रतिशत : ४७
क्षेत्रफल (वर्ग कि. मि.): १,८५५
गाविस/नपा सङ्ख्या : ६५/१
सरकारी/निजी विद्यालय : ७२३/९३
क्याम्पस/उच्च मा.वि. : १५/४०
अस्पताल/स्वास्थ्य चौकी : ३/७३
मोटर सडक (कि. मि.): ९७६
प्रहरी कार्यालय सङ्ख्या : ५७
मानव विकास सूचकाङ्क : ०.५३१
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

सिवनीजहदा गाविस-८ का २२ वर्षीय तल्लु हस्दा सतार, कटहरी गाविस-५ का निर्मल राजवंशी र पोखरिया गाविस-८ का ३० वर्षीय दीनदयाल मण्डलको ०६३ माघ २४ गते कटहरी र विराटनगर उमनपा-११ को सीमा हाटखोलास्थित सिंगिया पुलमा प्रहरीको गोली लागि मृत्यु भयो। पीडितत्रयमध्ये तलु र निर्मलको घटनास्थलमै र दीनदयालको सुनसरी जिल्ला, धरान नपास्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार हुँदाहुँदै फागुन १२ गते मृत्यु भएको थियो। मृत्यु हुनेमध्ये निर्मल र तल्लुका परिवारलाई सरकारले ०६४ मङ्सिर २३ गते क्षतिपूर्तिबापत प्रतिव्यक्ति १० लाख रुपियाँ प्रदान गऱ्यो। सोही घटनामा मधेसी जनअधिकार फोरम र प्रहरीबीच झडप हुँदा कटहरी

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	३५	१९	६		३५					३	४			४
घाइते	११	१९			१९					४	१९	१	११	३१
गिरफ्तारी/यातना										४	९			९
कुटपिट	३६	४३	७		४९	८	४	५	९	७	१७			१७
धम्की	३८	४३	५		४७	३	३		३	१	३			३
भेला/सङ्गठित हुने अधिकार										६	४५	१		४६
महिलाअधिकार	३१		३३		३३									
बालअधिकार	१५		१५		१५					१		१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१६	३१		१	३३	९	९	३	१३					
अमानवीय व्यवहार	५	८			८	१	१		१					
अपहरण	५	६			६	३	३		३					
जम्मा	१५३	१५७	५५	१	३१३	३४	३०	८	३८	३५	९६	३	११	११०

गाविसका २७ वर्षीय शिवनाथ मण्डल, १७ वर्षीय पर्शुराम कामत, १८ वर्षीय धनञ्जयकुमार साह, ४५ वर्षीय बुची शेख, २८ वर्षीय मो. कुरुस, ३९ वर्षीय श्याम कामत, सिवनी गाविस-७ का १८ वर्षीय सुनील सतार, सशस्त्र प्रहरी बलका २२ वर्षीय प्रहरी जवान रमेशकुमार दनुवार, प्रहरी जवान २० वर्षीय कुमार लिम्बू, विराटनगर उमनपा-७ सरौचियाका २७ वर्षीय मो. सुरहराम, विराटनगर उमनपा-३ का २५ वर्षीय राजु कर्ण, कटहरी-९ का ४२ वर्षीय प्रदीप साह, कटहरी-२ का बालेश्वर रामलगायतका कम्तीमा २४ जना घाइते भए। घटनाबारे फोरमका जिल्ला अध्यक्ष जयराम यादवले शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले गोली चलाएको, लाठीचार्ज र अश्रुग्यास प्रहार गरेको बताए। डीएसपी रवीन्द्र शर्माले भाला, तीर र लाठी प्रहार गरी कर्फ्यु उल्लङ्घन गरेकाले आत्मसुरक्षाका लागि बल प्रयोग गरेको बताए।

अन्यबाट

कटहरी गाविस-९ नयाँबजार घर भई सोही गाविसको वडा १ स्थित अनन्त हार्डवेयरमा कार्यरत १४ वर्षीय अनील सहनीलाई ०६४ वैशाख २३ गते राति ८ बजे घर फर्कदै गर्दा सोही गाविस वडा-८ स्थित जुडी पुलनजिक अज्ञात मुखुण्डोधारी समूहले गोली हानी घाइते बनायो। पीडितको पेटमा गोली लागेकाले विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार गरियो। छ जनाको सो अज्ञात समूहले रकम लुटपाटका क्रममा प्रतिरोध गर्दा गोली प्रहार गरेको थियो। अनन्तलाई सो समूहले केही समय अपहरण गरी मुक्त गरेको थियो।

मोतीपुर गाविस-२ घर भई विराटनगर उमनपा-१ बस्ने प्रेमराज थापालाई ०६४ मंसिर २३ गते घरबाट बोलाई उमनपा-५ को खार्जी ढाँटपश्चिम नहरमा अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। पीडितको को. २ प. ३१२२ नम्बरको मोटरसाइकल सोही वडाअन्तर्गत कोसी राजमार्ग छेउमा फेला पऱ्यो। पीडितको टाउकोमा चार गोली प्रहार गएिको, लाससँगै तीनवटा राहदानी र मोटरसाइकलको लाइसेन्स फेला परेको थियो।

दोहोरो भिडन्त

विराटनगर उमनपा-१८ का ३३ वर्षीय राजकुमार कामतको ०६३ माघ १६ गते विराटनगर-२१ स्थित बर्माटोलमा मधेसी जनअधिकार फोरम र स्थानीयवासीबीच झडप हुँदा धारिलो हतियार प्रहारबाट मृत्यु भयो। उनी माओवादीको मधेसी राष्ट्रिय मुक्तिमोर्चाका टोल कमिटीका सचिव रहेको सो पार्टीले दावी गऱ्यो। तर, मधेसी जनअधिकार फोरमले आफ्नो कार्यकर्ता भएको बतायो। सो घटनामा विराटनगर उमनपा-१७ का ४३ वर्षीय जगदीश चौधरी, १८ का ३५ वर्षीय दुखाइ चौधरी, ११ का ४५ वर्षीय सीताराम

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	बाईसीएलबाट					जतमुमो (ज्वाला सिंह) बाट				जतमुमो (गोइत) बाट		
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
घाइते						३	३		३			
कुटपिट	५	८	३		११							
धम्की	१		१		१	१४	१७	२	१९	१	१	१
महिलाअधिकार	१		१		१							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	३		१	३	४	५		५			
अमानवीय व्यवहार	१	१			१							
अपहरण	३	४			४	१	१		१			
जम्मा	१३	१५	५	१	२१	२२	२६	२	२८	१	१	१

यादव, १९ का नुनुलाल चौधरी, १६ का ५५ वर्षीय अर्जुन साह, बुधनगर गाविस-६ का ४२ वर्षीय प्राञ्चन्द यादव, भातिगछ गाविस-६ का ४५ वर्षीय राजकिशोर चौधरी, बैजनाथपुर गाविस-३ का ६० वर्षीय चन्द्र साह घाइते भएका थिए। घाइतेहरूको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो।

विराटनगर उमनपा-६ स्थित सम्झनाचोक निवासी इलाका प्रहरी कार्यालय बुधनगरमा कार्यरत ३३ वर्षीय सई नरेशजङ्ग कार्कीको ०६३ माघ १७ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले नियन्त्रणमा लिई धारिलो हतियार प्रहार गरी हत्या गरे। नरेशजङ्गले पेस्तोलबाट गोली प्रहार गर्दा विराटनगर-१८ घर भएका प्रदर्शनकारी ४० वर्षीय षडानन्द यादवको मृत्यु भयो। तर, फोरमका जिल्ला सचिव जयराम यादवले प्रहरी कार्यालयमा आक्रमण गर्ने आफूहरूको नीति नरहेको बरु प्रहरीले आफ्नो पक्षका एक जना कार्यकर्ताको गोली हानी हत्या गरेको बताए। सो घटनाबारे जिल्ला प्रहरी कार्यालयका डीएसपी रवीन्द्र शर्माले इलाका प्रहरी कार्यालयमा फोरमका कार्यकर्ताले आक्रमण गरी आधा दर्जन प्रहरीलाई कब्जामा लिई सई नरेशजङ्गलाई धारिलो हतियार प्रहार गरी हत्या गरेको बताए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

शनिश्चरे गाविस-९ को भुटानी शरणार्थी शिविरका शरणार्थी र स्थानीय गैरशरणार्थीबीच भएको झडप रोक्ने उद्देश्यले ०६३ फागुन १० गते प्रहरीले गोली र लाठी प्रहार गर्दा पथरी गाविस-१ का मुजन राई, करनसिंह सुब्बा, बुल्डर सुब्बा, लुका सुब्बा, मलु राई, बयरवन गाविसका तीला लामा र शनिश्चरे गाविस-९ का सुमन बस्नेत घाइते भए। उनीहरूको उर्लाबारी, पथरी, शनिश्चरे गाविसस्थित स्वास्थ्य संस्थाहरूमा उपचार गरिएको थियो। वनको काठ काटेको विषयमा विवादमा स्थानीयवासीले शरणार्थीहरूमाथि आक्रमण गर्न थालेपछि झडप रोक्न बल प्रयोग गर्नुपरेको इन्स्पेक्टर रूप नेउपानेले बताए। सो क्रममा स्थानीयवासीले पथरी गाविसमा रहेको प्रहरी चौकीमा आगजनी गरेका थिए। प्रहरीले चौकीभित्र रहेका कुनै पनि सामान बाहिर निकाल्न नपाएको इन्स्पेक्टर नेउपानेले बताए।

विराटनगर उमनपा-१६ की १५ वर्षीया छात्रा प्रज्ञा पोखरेल ०६४ असोज २ गते पूर्वक्षेत्रीय प्रहरी तालिम केन्द्रबाट चलाएको गोली लागि घाइते भइन्। पीडितको खुट्टामा चोट लागेको थियो। उनको स्थानीय कोसी अञ्चल अस्पतालमा उपचार भयो। प्रहरीले पीडितको उपचार खर्च बेहोरेको बाबु राजेन्द्र पोखरेलले बताए। दोषीलाई कारबाही भएन।

शनिश्चरे गाविस-३ का २२ वर्षीय विष्णु धिमाल ०६४ असोज २२ गते उर्लाबारी गाविस-२ स्थित महेन्द्र राजमार्गमा प्रहरीले आत्मरक्षाका लागि भनी चलाएको गोली लागि घाइते भए। पीडितको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो। इलाका प्रहरी कार्यालय उर्लाबारीले पीडित सङ्घीय लिम्बूवान राज्य परिषद्को कार्यकर्ता भएको र

तालिका : ३

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	मधेसी जनअधिकार फोरमबाट				मधेसी मुक्ति टाइगर्सबाट			सङ्घीय लिम्बूवानबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१							
घाइते	१	३		३							
कुटपिट	११	३०		३०				३	५	१	६
धम्की	६	१०	३	१३	१	१	१	३	१०		१०
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	५	९		९	१	१	१				
जम्मा	३४	४३	३	४४	३	३	३	६	१५	१	१६

आन्दोलनको बन्द कार्यक्रम भन्दै प्रहरीको हतियार खोस्न आएकाले गोली प्रहार गर्नुपरेको जनायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

विराटनगर उमनपा-१७ स्थित एसोएस युवालयमा बसी सोही ठाउँको मेट्रो कलेजमा बीबीएस प्रथम वर्षमा अध्ययनरत १९ वर्षीय विषण राई ०६४ असार ७ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सुराकी गरेको आरोपमा युवालय परिसरमा नै गोली प्रहार गर्दा घाइते भए। पीडितको सुनसरी जिल्ला, धरान नपास्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो। सो घटनाको ज्वालासिंहका सुनसरी-मोरङ इञ्चार्ज विक्रमले जिम्मेवारी लिए।

विराटनगर उमनपा-१५ निवासी एमालेनिकट पिपुल्स भोलिन्टियर्सका नगर संयोजक तथा खेलकुद विकास समितिका जिल्ला सदस्य ३२ वर्षीय पर्शुराम बस्नेत ०६४ भदौ ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले विराटनगर उमनपा-११ मधुमारा नारायण प्राविस्थित सडकमा मोटरसाइकल कुदाइरहेको अवस्थामा गोली प्रहार गर्दा घाइते भए। पीडितको दाहिने हातमा गोली लागेको थियो। उनको कोसी अञ्चल अस्पतालमा शल्यक्रिया गरी गोली निकालियो। सो घटनाको जतमुमो (ज्वाला सिंह) का जिल्ला इञ्चार्ज राजले जिम्मेवारी लिए।

विराटनगर उमनपा-१३ जहदा रोडस्थित न्यूरो अस्पताल परिसरको सुगम मेडिकलका सञ्चालक ३७ वर्षीय सुरेश मण्डल ०६४ कात्तिक ११ गते साँझ ८ बजे जतमुमो (ज्वाला सिंह) ले सुतली बम विस्फोट गराउँदा घाइते भए। पीडितको पिठ्यूँ र दाहिने पाखुरामा बमको छर्रा लागेको थियो। उनको स्थानीय न्यूरो र कोसी अस्पतालमा उपचार भयो। विस्फोटबाट न्यूरो अस्पतालको पर्खालमा सामान्य क्षति पुग्यो।

बेवारिसे बम विस्फोटबाट

विराटनगर उमनपा-१५ का १४ वर्षीय मेबु श्रेष्ठ ०६४ मङ्सिर १३ गते १२.३० बजे विराटनगर उमनपा-१५ स्थित राम फुयाँलको खाली जमिनमा खेल्ने क्रममा बेवारिसे सुतली बम विस्फोट भई घाइते भए। विस्फोटबाट पीडितको बायाँ हातको पाखुरा र दाहिने हातमा चोट लागेको थियो। उनको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार गरियो। पीडितले सो बम हातमा राखी खेलाउने क्रममा विस्फोट भएको थियो।



प्रहरीद्वारा मारिएका निर्मल राजवंशी, तल्लु हाडसा, षडानन्द यादव र दीनदयाल मण्डल

बवियाबिर्ता गाविस-९ का ४९ वर्षीय रणबहादुर माझी (चौधरी) ०६४ मङ्सिर २५ गते दिउँसो ३.३० बजे खेतमा गहुँ छर्ने क्रममा घरेलु हाते बम विस्फोट हुँदा गम्भीर घाइते भए। उनका दुईवटै हातका औंला विस्फोटमा परे भने लिङ्ग, छातीलगायत शरीरका विभिन्न भागमा चोट लागेको थियो। पीडितको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

अन्यबाट

सुनसरी जिल्ला इटहरी नपा-१ का दिनेश गुरुङ ०६४ भदौ २५ गते राति बैजनाथपुर गाविस ४ र ५ को सीमा घिनाघाटमा मोटरसाइकल गइरहेका बेला अज्ञात व्यक्तिले गोली प्रहार गर्दा घाइते भए। पीडित भुइँमा लडेपछि उनले चढेको मोटरसाइकल सोही व्यक्तिले लगेको थियो।

जेल र बन्दीहरू

'ख' श्रेणीको कारागार शाखा मोरङमा यो वर्षको अन्त्यसम्ममा कैद तोकिएका २ सय जना पुरुष र २२ जना महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका ३ सय २१ पुरुष र १८ जना महिला बन्दीहरू रहेका छन्। त्यसै गरी तीन जना बालिका र दुई जना बालक पनि कारागारमा रहेका छन्। यसरी मोरङ कारागारमा ५ सय ६१ जना बन्दीहरू रहेका छन्, जसमा ४६ विदेशी पुरुष र एक जना महिला रहेका छन्। विदेशीमा अधिकांश भारतीय र भूटानीहरू रहेका छन्। कारागारको क्षमता २ सय ५० जनाको रहे पनि ५ सय ६१ जना बस्नुपर्दा बन्दीहरूलाई असुविधा भएको छ। बन्दीहरूले कारागार सरुवा र आममाफीको माग राखी ०६४ भदौ ३१ गते र ०६४ असोज १८ गते भोकहडताल गरे।

थुनामा रहेकामध्ये १२ जनाले सरुवा र आममाफीलगायतका पाँचसूत्रीय माग राखी अनशनमा बसे। सुदन थापामगर, टेकबहादुर निरौला, भक्त भनिने लालबहादुर सुब्बा, सञ्जय राई, गोपाल भनिने हिरण्य कार्की, हेमन्त चौधरी, वासुदेव, ऋषिदेव, तेजबहादुर बस्नेत, दशरथ चौधरी, प्रदीप राई, गोपाल भनिने हरिबहादुर राई र राकेश चौधरी भोकहडतालमा बस्नेहरू थिए। सहायक प्रमुख जिल्ला अधिकारी केशव पुडासैनीले बन्दीहरूका मागप्रति ध्यान पुऱ्याइने आश्वास दिएपछि असोज ४ र २० गते अनशन तोडिएको थियो। समयमै औषधि तथा उपचारको अभावमा ०६४ असोज २१ गते २६ वर्षीय दीपक रम्तेलको कोसी अञ्चल अस्पतालमा, ०६४ असोज ३ गते ४१ वर्षीय डम्बरबहादुर मगरको विराटनगर नर्सिङहोम र थुनुवा ३२ वर्षीय सीताराम बोहराको ०६४ भदौ ९ गते मृत्यु भयो। सीतारामलाई भदौ ८ गते शरीर सुन्निएपछि अस्पताल भर्ना गरिएको थियो। २९ वर्षीय राजकुमार सिंहको बन्दीहरूको कुटपिटबाट ०६४ साउन २ गते मृत्यु भयो। कुटपिट घटनाको छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अधिकारकर्मी सम्मिलित छानबिन समिति गठन भयो। टोलीले कुटपिटबाट मृत्यु भएको ठहर गरी प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन बुझायो। सो प्रतिवेदनका आधारमा कारागारका जेलर अजय कर्णसहित आठ जनालाई हिरासतमा लिई सप्तरी र झापा कारागार सरुवा गरिएको थियो। कारागारको महिला बन्दीगृहमा पत्रपत्रिका, टेलिफोन र छतमा चढ्ने सुविधा दिइएको छैन। पुरुष कारागारमा ती सुविधाहरू उपलब्ध गराइएको छ।

पथरी गाविस-१ पथरी बजारका २२ वर्षीय हरि तामाङको ०६३ फागुन १२ गते प्रहरी हिरासतमा रहेको अवस्थामा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भयो। पीडितलाई इलाका प्रहरी कार्यालय उर्लाबारीले पथरी गाविसबाटै फागुन ११ गते गिरफ्तार गरेको थियो। एकदिन एकरात हिरासतमा राखिएका उनको उपचारका क्रममा मृत्यु भएको इन्स्पेक्टर रूपकुमार नेउपानेले बताए।

बेपत्ता/अपहरण

माओवादीबाट

शनिश्चरे गाविस-१ ऐयाबारीका पूर्वमाओवादी कार्यकर्ता पर्वत भनिने धनबहादुर विकलाई ०६३ माघ २३ गते माओवादीले भगौडा भएको भनी पथरी गाविस-१ स्थित पथरी बजारबाट अपहरण गरे। अपहरणका क्रममा दुई थान माउजर पेस्तोल फेला परेको माओवादीले बतायो। पीडितलाई माघ २७ गते माओवादीले पथरीस्थित बुद्धचोकमा सार्वजनिक गरी मुक्त गरे। अपहरणपछि पीडितलाई झापा जिल्लाको दानाबारीमा राखिएको थियो।

कटहरी गाविस-२ का प्रमोद थापालाई ०६३ फागुन २६ गते माओवादीले विराटनगर उमनपा-१२ का मोहमद अनवरबाट नागरिकता बनाइदिने भनी १८ हजार ५ सय रुपियाँ घूसबापत लिएको आरोपमा घरैबाट अपहरण गरे। पीडित उक्त रकम बुझाउने सर्तमा ०६३ फागुन २७ गते माओवादी वाईसीएलको विराटनगर उमनपा-१३ स्थित कार्यालय शान्तिचोकबाट

दोहोरो झडपमा मारिएका राजकुमार कामत

मुक्त भए। घटनाबारे माओवादीका जिल्ला कमिटी सदस्य विनोद घिमिरेले आफ्नो पार्टीमा घूस लिएर पनि नागरिकता नबनाइदिएको भनी मोहमद अनवरले उजुरी दिएकाले प्रमोदलाई नियन्त्रणमा लिई कागज गराएर छाडिएको बताए। पीडितले आफूलाई माओवादीले जबरजस्ती कागज गराएको बताए।

इटहरा गाविस-६ का दुर्गाप्रसाद निरौलालाई ०६४ जेठ ७ गते दिउँसो १ बजे डाँगीहाट गाविस-५ लक्ष्मीमार्गका माओवादी कार्यकर्ता महेन्द्र बोगटीसहितको पाँच/छ जनाको समूहले बेलबारी गाविस-३ स्थित बजारबाट अपहरण गऱ्यो। पीडितलाई सोही दिन साँझ ७ बजे बाहुनी गाविसबाट मुक्त गरियो। मुक्त गर्नुअघि पीडितलाई माओवादीले लात्ती र मुक्का प्रहार गरी कुटपिट गरेका थिए।

वाईसीएलबाट

मधुमल्ला गाविस-३ का उद्धव अधिकारी र जगत् भण्डारीलाई महिलामाथि दुर्व्यवहार गरेको आरोपमा ०६४ साउन २३ गते वाईसीएल कार्यकर्ताले श्रमशिविरमा राखे। पीडितद्वयलाई कारवाहीस्वरूप उर्लाबारी-तोरीबारी सडकखण्डमा १०/१० ट्याक्टर गिटी हाली ग्राभेल गर्नुपर्ने निर्णय सुनाइएको थियो। निर्णय वाईसीएल गाविस सचिव जेके र माओवादी गाउँ सचिव गङ्गा भण्डारीले सार्वजनिक स्थलमा सुनाएका थिए।

सुनसरी जिल्ला धरान नपाका राजेश थापालाई ०६४ साउन २४ गते वाईसीएल कार्यकर्ताले लिम्बूवानको बन्द भङ्काएको भनी मोरङ जिल्ला इन्द्रपुर गाविस-४ स्थित विराट चोकबाट अपहरण गरे। माओवादीले उनलाई २७ गते इलाका प्रहरी कार्यालय बेलबारीमा बुझाए। प्रहरीले थापालाई भोलिपल्ट रिहा गऱ्यो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

सिसवनी जहदा गाविस-९ का २२ वर्षीय गुरुदेव मुखियालाई ०६४ साउन १९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले विराटनगर उपमनपा-१३ जहदा रोडस्थित वीरेन्द्र विष्ट न्यूरो क्लिनिकछेउको सडकबाट अपहरण गरे। घटना ज्वाला सिंहका जिल्ला इञ्चार्ज बताउने राज उपनामका व्यक्तिले स्वीकार गरे। उनले नक्कली ज्वाला सिंह बनेर चन्दा उठाएकाले अपहरण गरी हत्या गरेको दाबी गरे। तर, पीडितलाई कहाँ हत्या गरिएको हो, ठाउँ बताउन चाहेनन्। पीडितका परिवारलाई पनि लास देखाउन चाहेनन्। जिल्ला प्रहरी कार्यालयका डीएसपी रवीन्द्र शर्माले घटनाबारे मौखिक र पत्रिकामार्फत जानकारी प्राप्त भएको बताए।

धम्की/कुटपिट

राज्यबाट

विराटनगर उमनपा-७ का पिन्टु आलम, मुन्ना शर्मा, रेणु केसी, गुड्डु पैद्य, वडा-१५ का उपेन्द्र साह, बलराम साहलगायतका कम्तीमा १२ जनालाई ०६४ असोज १९ गते राति प्रहरीले घरघरमा बन्दुकका कुन्दा र लाठीले कुटपिट गरे। सो दिन दिउँसो मधेसी जनअधिकार फोरम (विश्वास) ले बन्द आह्वान गरी कोसी राजमार्गअन्तर्गत विराटनगर गुदरी छेउ अवरोध गरेको थियो। सो क्रममा प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गामुढा गरेका थिए। प्रहरीले त्यही घटनामा संलग्नलाई गिरफ्तार गर्न जाँदा पुनः आक्रमण गरिएकाले आत्मसुरक्षाका लागि बल प्रयोग गरेको दाबी गरे।

माओवादीबाट

शनिश्चरे गाविस-५ की ६० वर्षीया शोभा राई ०६३ फागुन १ गते दिउँसो घरेलु विवादको विषयमा छलफलका क्रममा माओवादी कार्यकर्ताले कुटपिट गर्दा घाइते भइन्। कुटपिटबाट पीडितको नाकबाट रगत बगेको र शरीरमा नीलडाम देखिन्थ्यो। उनको स्थानीयस्तरमै उपचार गरिएको थियो। सो छलफलमा

बेवारिसे बम विस्फोटबाट घाइते भएका रणबहादुर माझी (चौधरी)

शोभाकी छोरी पुष्पाको गाउँकै एक महिलासँग घरायसी विवाद मिलाउन माओवादीकी स्थानीय कार्यकर्ता मुक्ति, उमा भण्डारीलगायतका माओवादी कार्यकर्ताहरू उपस्थित थिए। मुक्ति र अर्का एक मगर थरका माओवादी कार्यकर्ताले पीडितलाई कुटपिट गरेको भनी स्थानीयवासीले घटना भएको १५ दिनपछि शोभाका खुट्टा ढोगाएर माफी मगाए।

विराटनगर उमनपा-१० का ४० वर्षीय सुन्दरकुमार पोरखलाई ०६४ वैशाख १५ गते बुधनगर गाविस-९ लक्ष्मीपुर कालाबन्जरमा माओवादी कार्यकर्ताहरूले चन्दा नदिएको आरोपमा अपहरण गर्ने र गोली हान्ने भनी धम्की दिए। पोरख आफ्नो जग्गासम्बन्धी काम विशेषले सो ठाउँमा पुगेका बेला माओवादी कार्यकर्ताहरू ब्रम्हनन्द यादव, रोहित यादव, दिनेश यादव र राजकुमार (जजपुरी) यादवले मोटरसाइकल रोकी ३० हजार रुपियाँ चन्दा मागेका थिए। उनले चन्दा नदिने बताएपछि माओवादी कार्यकर्ताले दुर्व्यवहार गर्दै चन्दा नदिए अपहरण गरी हत्या गर्ने धम्की दिएका थिए।

केरौन गाविस-९ दलेलीका एमाले कार्यकर्ता ५५ वर्षीय गणेश कार्कीलाई ०६४ वैशाख २९ गते सोही ठाउँका माओवादीनिकट कोचिला मुक्ति मोर्चाका केन्द्रीय सदस्य बमबहादुर राजवंशी, पार्टी कार्यकर्ताद्वय हेमनारायण राजवंशी र गोपाल राजवंशीले मोही लगतकट्टासम्बन्धी रोहवरमा बसेको आरोपमा कुटपिट गर्दा घाइते भए। पीडितले स्थानीय स्वास्थ्यचौकीमा उपचार गराए। पीडकहरूले माफी मागी गल्ती स्वीकार गरे।

पोखरिया गाविस-३ की २२ वर्षीया आशादेवी मण्डललाई ०६४ जेठ ६ गते सोही ठाउँका ३५ वर्षीय माओवादी कार्यकर्ता शम्भु मण्डलले सार्वजनिक छलफल कार्यक्रममा कुटपिट गरे। पीडितलाई लात्ती र बाँसको भाटाले कुटपिट गरिएको थियो। उनको भारतको डुमरियामा उपचार भयो। पीडकले इन्सेकको पहलमा पीडितको औषधि उपचार गर्ने सर्तमा समाजको छलफलमा माफी मागे।

इटहरा गाविस-१ का हात्तीमुडा गाविस्थित सगरमाथा फुड प्रोडक्टका प्रबन्धक देवीनन्दन दवाडीलाई ०६४ भदौ १९ गते चन्दा नदिएको आरोपमा माओवादीका स्थानीय कार्यकर्ता पुष्कर नेपाल, टीएन कोइराला र अशोक तिम्सिनाले कार्यालय परिसरमा गोलीगलौज र लछारपछार गरे। पीडकहरूलाई स्थानीय प्रहरीमा उजुरी गर्दा पनि कारवाही गरिएन।

दुलारी गाविस-६ का यादव रिजाललाई ०६४ मङ्सिर ७ गते माओवादी कार्यकर्ता अग्नि सिटौलाले सामन्ती वर्गको पक्षपोषण गरेको आरोपमा घर खाली गर्न धम्की दिएपछि पीडितले स्थानीय प्रहरी प्रशासनसँग शान्ति सुरक्षाको माग गरे।

बेवारिसे बम विस्फोटबाट घाइते भएका मेबु श्रेष्ठ

डाँगीहाट गाविस-२ बहुवाही निवासी ५६ वर्षीया राजकुमारी नेपालीलाई ०६४ पुस ४ गते माओवादी संयुक्त जनपरिषद् गाउँ कमिटीका संयोजक ध्रुव महतको नेतृत्वमा चेलीबेटी बेचविखनको आरोपमा कुटपिट गरियो। बेचविखन गरेका भनिएका दुईओटी बालिका काठमाडौँमा आफन्तकहाँबाट सकुशल घर फर्किएपछि पुस १० गते ध्रुवले गल्ती भएको भनी माफी मागे। कुटपिटबाट पीडितको आँखा, टाउकोमा चोट लोगेको र हातखुट्टा दुखेर हिँडडुल गर्न समस्या भयो। आर्थिक अभावले उनले उपचार पनि गरिनन्। माओवादीका गाउँ सचिव हिमले पार्टीसँग रकम नभएकाले उपचार खर्च दिन नसकेको बताए।

वाईसीएलबाट

उर्लाबारी गाविस-४ का सन्तोष तामाङ, सञ्जीव तामाङ र विदुर मगरलाई ०६३ फागुन २३ गते माओवादी युवा कम्युनिस्ट लिगका कार्यकर्ता पदम धिमालको नेतृत्वमा नियन्त्रणमा लिई बलात्कार गरेको आरोपमा कुटपिट गरे। बिहान नियन्त्रणमा लिएका उनीहरूलाई दिनभर उर्लाबारीस्थित माओवादीको पार्टी कार्यालयमा राखी लाठीले कुटपिट गरी साँझ बजार घुमाएर इलाका प्रहरी कार्यालय उर्लाबारीमा बुझाए। सो कार्यालयले पीडितहरूको सोही गाविसको मङ्गलबारे स्वास्थ्य उपचार केन्द्रमा स्वास्थ्य परीक्षण गरी हिरासतमा राखेर बलात्कारसम्बन्धी मुद्दाको कानुनी अनुसन्धान सुरु गरेकामा ०६३ चैत २० गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएअनुसार पीडित मोरङ कारागारमा छन्।

उर्लाबारी गाविस-२ का रिक्साचालक जीवन आलेमगर ०६३ चैत २९ गते वाईसीएलका कार्यकर्ता छवि सुब्बा र ३ नं. वडा पार्टी सचिव गणेश दाहालको नेतृत्वमा बाँसको भाटाले कुटपिट गर्दा घाइते भए। पीडितलाई माओवादीले नै सोही ठाउँको मङ्गलबारे प्राथमिक स्वास्थ्य केन्द्रमा सामान्य उपचार गरेको बताए।

उर्लाबारी गाविस-४ घर भई सुनसरी जिल्लाको धरान नपाबाट प्रकाशित हुँदै आएको *औजार* दैनिक पत्रिकामा संवाददाताका रूपमा कार्यरत २२ वर्षीया सरिता केसीलाई ०६३ चैत ३० गते सोही गाविस-३ का माओवादी वडा सचिव गणेश दाहाल र वाईसीएल कार्यकर्ता छवि सुब्बाले 'समाचार लेखे परिणाम राम्रो नहुने' भनी मौखिक धम्की दिए। माओवादीको कुटपिटबाट घाइते रिक्साचालक जीवन आलेमगरको समाचार सङ्कलन गर्न लाग्दा पीडितलाई माओवादीका ती दुई जना कार्यकर्ताले धम्क्याएका थिए।

पथरी गाविस-२ का विकास राईलाई ०६४ असार २ गते गाउँलेलाई कुटपिट गरेको आरोपमा माओवादी निकट वाईसीएल कार्यकर्ता शनिश्चरे गाविस-९ का सन्तोष गुरुङ र दाताराम लुईंटेलले बाँस र काठको लाठीले कुटपिट गरे। कुटपिट गर्दा पीडितको टाउकोमा गम्भीर चोट लागेको थियो। पीडितको सुनसरी जिल्ला, धरान नपास्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडितलाई माओवादीले नै उपचार गर्न लगेका थिए।

डाँगीहाट गाविस-१ का नारायण ढकाल र पत्नी विना ढकाललाई ०६४ भदौ १३ गते वाईसीएल कार्यकर्ताले कुटपिट गरी घरमा तालाबन्दी गरे। पीडितद्वयलाई बाबु केदारले एक बालिकालाई बलात्कार गरी भागेको आरोप लगाउँदै वाईसीएलका कार्यकर्ताले कुटपिट गरेका थिए। कुटपिट र तालाबन्दी गर्ने कार्यको नेतृत्व वाईसीएलका ५ नं. क्षेत्रीय इञ्चार्ज ध्रुव महतले गरेका थिए। तालाबन्दीपछि पीडितहरू आफन्तको घरमा गाउँमै शरण लिन बाध्य भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

विराटनगर उमनपा-४ निवासी *राजधानी* दैनिक पत्रिकामा कार्यरत विक्रम निरौलालाई ०६३ चैत २९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले समाचार लेखेबापत मार्ने धम्की दिए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

रङ्गेली गाविस-२ निवासी खानेपानी संस्थान रङ्गेलीका कार्यालय प्रमुख शिवराज दाहालसँग ०६४ वैशाख १३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले पत्र पठाई चन्दा माग गरे।

रङ्गेली गाविस-१ निवासी काङ्ग्रेस जिल्ला कार्यसमितिका पूर्वसदस्य मङ्गलचन्द अग्रवालसँग २

मधेसी जनअधिकार फोरमद्वारा कुटपिट गरिएका पत्रकारद्वय शम्भु भण्डारी र विजय पाठक

लाख ५० हजार र सोही गाविस-६ निवासी नेविसङ्घका क्षेत्रीय सभापति सञ्जीव श्रेष्ठसँग १ लाख ७५ हजार रुपियाँ चन्दा ०६४ वैशाख २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले माग गरे।

महादेवा गाविसका सचिव प्रेमप्रसाद घिमिरेलाई ०६४ जेठ १ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले २५ हजार चन्दा माग गरे। चन्दा नदिए गाविसमा पाइला टेक्न नपाइने र टेकेमा भौतिक कारबाही गरिने भनी धम्की दिए। पीडित विराटनगरस्थित जिविसमा विस्थापित भए।

दादरबैरिया गाविसका सचिव कृष्णप्रसाद रेग्मीलाई ०६४ जेठ २ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले २५ हजार चन्दा माग गरे। चन्दा नदिए गाविस छाडेर जाने, नभए भौतिक कारबाही गरिने मोर्चाका जिल्ला संयोजक हीरालालले पीडितलाई पठाएको पत्रमा उल्लेख गरिएको थियो। सो पत्रपछि पीडित कार्यक्षेत्र छाडी विराटनगर विस्थापित भए। यसैगरी, सोही दिन रङ्गेली गाविसका सचिव हरिप्रसाद पोखरेलसँग जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले जबरजस्ती चन्दा माग गरे। मोर्चाका जिल्ला संयोजक हीरालालद्वारा प्रेषित पत्रमा १५ हजार रुपियाँ चन्दाबापत नदिए गाविसमा पाइला नटेक्न चेतावनीसमेत दिइएको थियो।

विराटनगर उमनपा-१५ जनपथ टोलस्थित वीकेभीएम बोर्डिङ् स्कुलका प्रिन्सिपल शालिग्राम दाहाललाई ०६४ साउन १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का जिल्ला सैन्य कमाण्डर बताउने राजन भनिने व्यक्तिले २ लाख रुपियाँ चन्दा माग्दै मार्ने धम्की दिए। सो समूहका अध्यक्ष ज्वाला सिंहको हस्ताक्षर रहेको धम्कीपत्रमा रकम नदिए र प्रहरी तथा अन्यत्र कुरा खोले भौतिक कारबाही गरिनुका साथै स्कुल भवन बम पड्काएर ध्वस्त गरिने उल्लेख

थियो। राजनले लेखेको छुट्टै पत्रमा बम विस्फोटको मात्र धम्की दिइएको थियो।

महादेवा गाविस-३ का नारायण राजवंशी र रङ्गेली गाविस-८ आमतोलाकी भोमा पराजुलीलाई ०६४ साउन १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले मार्ने धम्की दिए। पीडितद्वय ओरेकका सोराभाग गाविसका सहजकर्ता हुन्। उनीहरूलाई गाउँका एक व्यक्तिलाई फसाएर जेल हालेको आरोप लगाई धम्की दिइएको हो। सो समूहका सुनसरी-मोरङ सैन्य कमाण्डर सूर्याले जेल हालेका व्यक्तिलाई निकाल्न पीडितहरूलाई दबाब दिएका थिए।

मधुमल्ला गाविस-५ की परि कार्कीलाई ०६४ भदौ ४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले टेलिफोन गरी ६ लाख रुपियाँ माग गरे। माग गरेको रकम नदिए सप्तरी जिल्ला पुनरावेदन अदालत राजविराजमा कार्यरत पति रणबहादुर कटवाललाई अपहरण तथा भौतिक कारवाही गर्ने धम्की पीडितलाई दिए।

विराटनगर निवासी नेपाल ब्याङ्क रङ्गेली उपशाखाका प्रबन्धक विजय भट्टराईलाई ०६४ भदौ ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले चन्दा रकम नदिएको आरोपमा भौतिक कारवाही गर्ने धम्की दिए। धम्कीपछि पीडित विराटनगरमा विस्थापित भए।

कटहरी गाविस-५ का व्यापारी मनोज शर्मालाई चन्दा नदिएको आरोपमा ०६४ असोज २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता देवराज सिंहले फोन गरी मार्ने धम्की दिए।

सोराभाग गाविस निवासी दादरवैरिया गाविसस्थित सरस्वती माविका प्रधानाध्यापक सिद्यानन्द करदारलाई ०६४ मङ्सिर १ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का जिल्ला इञ्चार्ज राज भनिने व्यक्तिले टेलिफोनमार्फत विद्यालयको रकम हिनामिना गरेको आरोपमा धम्की दिए

विराटनगर उमनपा-१६, बखरीकी ३९ वर्षीया भानु लुईंटेललाई ०६४ मङ्सिर ७ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का एरिया इञ्चार्ज बुलेट सिंह र केन्द्रीय सदस्य लालले टेलिफोनमार्फत ५ लाख रुपियाँ चन्दा नदिए घरमा बम विस्फोट गराउने धम्की दिए। पीडितका परिवारका अन्य सदस्यलाई पनि फोन गरी धम्क्याइएको थियो।

थलाहा गाविस-७ निवासी पूर्वगाविस अध्यक्ष नारायण खतिवडालाई ०६४ मङ्सिर १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का मोरङ-सुनसरी बिग्रेड कमाण्डर सूर्या उपनामका गजेन्द्र मण्डलले न्यायाधीश ऋषिराज जोशीबाट १ लाख रुपियाँ रकम उठाउन नमानेको आरोपमा भौतिक कारबाही गर्ने धम्की दिए। पीडितले न्यायाधीश जोशीको सोही ठाउँको साढे चार बिघा जग्गा ठेक्कामा लिएका थिए।

तराई टाइगर्स मुक्ति मोर्चाबाट

विराटनगर उमनपा-११, बहाइचोकका ३८ वर्षीय रामबहादुर कटुवालले चन्दा नदिएको आरोपमा ०६४ मङ्सिर ७ गते तराई टाइगर्स मुक्ति मोर्चाका कार्यकर्ताले उनको घरमा बम विस्फोट गराउने धम्की दिए।

मधेसी जनअधिकार फोरमबाट

विराटनगर उमनपा-१८ का होटल मजदुर राजेश राई ०६३ माघ ११ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले कुटपिट गर्दा सक्त घाइते भए। पीडितको टाउको र शरीरमा लाठीले चोट लागेको थियो। उनको कोसी अञ्चल अस्पतालमा उपचार भयो।

विराटनगर उमनपा-६ घर भई *बीबीसी* नेपाली सेवामा कार्यरत टङ्क खनाल र उमनपा- १९ घर भई *कान्तिपुर* दैनिक पत्रिकाका फोटो पत्रकार भीम घिमिरेलाई ०६३ माघ ११ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले विराटनगर-जोगवनी राजमार्ग मलायारोडमा दुर्व्यवहार गर्नुका साथै उनीहरू दुवैका क्रमश: को.२प. ८५२ र बा.३प. १३९६ नं.का मोटरसाइकल तोडफोड गरे। घटनास्थलमा पत्रकारद्वय प्रहरी र फोरमका कार्यकर्ताबीच झडप भएको समाचार सङ्कलन तथा तस्बिर लिन गएका थिए।

विराटनगर उमनपा-६ का विराटनगर भन्सारका खरिदार पर्शुराम पोखरेललाई ०६३ माघ १५ गते विराटनगर उमनपा-१४ स्थित रोडशेष चोकमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताले बन्द अवज्ञा गरी मोटरसाइकल चलाएको आरोपमा कुटपिट गर्दा घाइते भए। फोरमका कार्यकर्ताले उनको टाउको, हात र शरीरका विभिन्न भागमा लाठीले प्रहार गरेका थिए। पीडितको कोसी अञ्चल अस्पताल विराटनगरमा उपचार भयो।

सुनसरी जिल्ला, इटहरी नपा-५ घर भई विराटनगर उमनपा-६ स्थित शान्तिचोकमा अस्थायी बसोवास गरी स्थानीय *उद्घोष* दैनिक पत्रिकाका

सहसम्पादक कमल रिमाललाई ०६३ माघ १५ गते राति मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले डेरातर्फ जाँदै गर्दा मोटरसाइकल रोकी पेस्तोल देखाएर मार्ने धम्की दिए। घटनाबारे फोरमका जिल्ला सचिव जयराम यादवले फोरमको बदनाम गराउने पक्षले सो कार्य गरेको बताए।

प्रहरी चौकी झोराहाटमा कार्यरत प्रहरी जवानद्वय कैलाश महतो र मनोज महतो ०६३ माघ १७ गते साँझ मधेसी जनअधिकार फोरमका कार्यकर्ताको आक्रमणमा परी घाइते भए। पीडितहरूमध्ये कैलाश टाउको र खुट्टामा लाठी र ढुङ्गाले लागेर घाइते भए। घाइतेद्वयको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार गरियो। सो क्रममा प्रदर्शनकारीले चौकीमा आगो लगाई फर्निचर, लत्ताकपडा जलाइदिएका थिए।

विराटनगर उमनपा-१४ स्थित हिमालयरोड र कलेजरोडबाट प्रकाशित हुने मोहन भण्डारी र शिवबहादुर कार्की प्रधान-सम्पादक रहेको *उद्घोष* दैनिक र *दर्शन* दैनिक ०६३ माघ १७ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूको धम्कीका कारण बन्द भए। ती दुईमध्ये *उद्घोष* माघ २५ र *दर्शन* माघ २६ गते मात्र पुन: प्रकाशन गरिएका थिए। पत्रिकाका सम्पादक तथा संवाददाताहरूलाई फोरमका कार्यकर्ताले कार्यालय वा समाचार सङ्कलनस्थलमा टेलिफोनमार्फत तथा प्रत्यक्ष धम्की र दुर्व्यवहार गरेका कारण प्रकाशन बन्द गरिएको पीडितहरूले बताए। फोरमका जिल्ला सचिव जयराम यादवले पत्रिकामा संलग्न कसैलाई पनि आक्रमण वा धम्की दिने आफ्नो नीति नभएको बताउँदै घुसपैठ भएको बताए।

कटहरी गाविस-५ का ५५ वर्षीय हर्कबहादुर बरालसहित १३ जना, इन्द्र शर्मासहित चार जना र भीम श्रेष्ठसहित सात जनालाई ०६३ माघ १९ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले मार्ने धम्की दिएपछि विस्थापित भए। पीडितहरू आफन्तको घरमा सोही गाविस र विराटनगरमा शरण लिन पुगे। मधेसी जनअधिकार फोरम कार्यकर्ताले माघ १८ गते दिउँसो आई २४ घण्टाभित्र घर छोड्न धम्की दिएको पीडितहरूले बताए। फोरमका कार्यकर्ताले हर्कको किराना पसल तोडफोड गर्नुका साथै टेलिफोनको तार चुँडाइदिए। भीमको पसल पनि तोडफोड गरे। इन्द्रको बोर्डिङ् स्कुलमा पनि तोडफोड गरे। इन्द्र र भीम विराटनगर र हर्क कटहरी गाविस-१ स्थित आफन्तको घरमा शरण लिन पुगे।

नेपाल वान टेलिभिजन संवाददाता शम्भु भण्डारी, *विराट दर्पण* साप्ताहिकका प्रधान-सम्पादक विजय पाठक, *नेपाल समाचारपत्र* दैनिकका संवाददाता विक्रम लुईंटेल, *कान्तिपुर* दैनिकका प्रतिनिधि विनोद भण्डारी, *नेपाल टेलिभिजन*का संवाददाता मोहन मानन्धरलाई ०६३ माघ २१ गते टङ्कीसिनुवारी गाविस-५ स्थित बाँसबारीमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले आक्रमण गर्दा घाइते भए। पीडितमध्ये शम्भु र विजय गम्भीर घाइते भए। उनीहरूको कोसी अञ्चल अस्पतालमा उपचार भयो। घाइतेहरूको शरीरमा लाठी प्रहार गर्दा नीलडाम र चोटपटक लागेको थियो। पत्रकार महासङ्घ मोरङले आक्रमणकारीविरुद्ध माघ २८ गते जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गराए पनि कुनै कारबाही भएन।

बैजनाथपुर गाविस-५ का ३५ वर्षीय रोशन बन्जरा र विराटनगर उमनपा-१५ का सुरेश पासवानलाई ०६३ फागुन २२ गते इटहरीबाट को.३प. १५८८ नं.को मोटरसाइकलमा विराटनगरतर्फ आउँदै गर्दा मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले कोसी राजमार्गको टङ्कीसिनुवारी गाविस-५ स्थित बाँसबारीमा बन्द अवज्ञा गरेको आरोपमा लाठीले कुटपिट गरे। पीडितको मोटरसाइकल तोडफोड गरी क्षति पुऱ्याए।

सुनसरी जिल्ला, इटहरी-५ नपा घर भई विराटनगर उमनपा-७ मा अस्थायी बसोवास गरी विराटनगरबाट प्रकाशित हुँदै आएको *उद्घोष* दैनिक पत्रिकाका सह-सम्पादक कमल रिमाललाई ०६३ फागुन २२ गते दिउँसो विराटनगर उमनपा र टङ्कीसिनुवारी गाविस सीमा कोसी राजमार्गमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताले दुर्व्यवहार गरे। पीडितले मोटरसाइकल रोकेर प्रदर्शनकारीको फोटो खिच्नासाथ फोरम कार्यकर्ताले भाला, रड र खुकुरीजस्ता घरेलु हतियार प्रदर्शन गरी सडक अवरुद्ध गर्दै फोटो पत्रिकामा नछाप्न धम्की दिँदै अपशब्द प्रयोग गरी खिचिएको फोटोहरू तत्काल 'डिलिट' गर्न लगाए।

विराटनगर उमनपा-४, कञ्चनबारी निवासी ४४ वर्षीय देवप्रसाद गिरी र १८ वर्षीय हरि गिरी बाबुछोरा को.२प. ८२९९ नं.को मोटरसाइकलमा दुहबीबाट विराटनगर आउँदै गर्दा ०६३ फागुन २४ गते बिहान ८ बजे टङ्कीसिनुवारी गाविस-५ स्थित बाँसबारीमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताले बन्द अवज्ञा गरेको आरोपमा रोकेर लाठी र धारिलो हतियार प्रहार गर्दा घाइते भए। पीडितद्वयमध्ये देवको टाउको फुटी गम्भीर घाइते भए भने हरि सामान्य

घाइते भए। पीडितद्वयको कोसी अञ्चल अस्पतालमा उपचार भयो। प्रदर्शनकारीले पीडित चढेको मोटरसाइकल डढाएर ध्वस्त पारिदिए।

विराटनगर उमनपा-१३ का यातायात व्यवसायी विष्णु मैनालीलाई ०६३ फागुन २६ गते दिउँसो विराटनगर स्नातकोत्तर क्याम्पसको चौरमा पत्नीलाई मोटरसाइकल कुदाउन सिकाइरहेको समयमा मधेसी जनअधिकार फोरमको मुकुण्डोधारी समूहले बन्द अवज्ञा गरेको आरोपमा लाठीले कुटपिट गरे। पीडितको को.३प. १४७५ नं.को मोटरसाइकलसमेत लाठी प्रहार गरी तोडफोड गरिदिए। पीडितको कोसी अञ्चल अस्पतालमा उपचार भयो।

विराटनगर उमनपा-१६ स्थित महेन्द्र मोरङ क्याम्पसका शिक्षकद्वय उद्धव पोखरेल र गोविन्दमानसिंह कार्कीलाई ०६३ फागुन २८ गते बिहान क्याम्पसमा पढाइरहेको अवस्थामा मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले हातपात तथा गालीगलौज गरे। पीडितहरूलाई फोरमको बन्द अवज्ञा गरेको भनी उनीहरूले दुर्व्यवहार गरेका थिए।

नेपाल ब्याङ्क लि. रङ्गेली शाखाका क्यासियर बज्रकिशोर झा ०६३ फागुन ३० गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले कार्यालयभित्रै ढुङ्गा प्रहार गर्दा घाइते भए। पीडितको टाउको फुटेका कारण जिल्ला अस्पताल रङ्गेलीमा उपचार भयो। फोरमले ०६३ फागुन २२ गते सो ब्याङ्कको शाखामा तालाबन्दी गरेको थियो। प्रहरीले ताला फुटाउन खोज्दा फोरम कार्यकर्ताहरूले ढुङ्गामुढा गरी अवरोध सिर्जना गर्ने क्रममा पीडित घाइते भएका थिए। प्रहरीले ढुङ्गा प्रहार गरेको आरोपमा रङ्गेली गाविस-२ का ३२ वर्षीय मनोज महतोलाई गिरफ्तार गऱ्यो। उनी ०६३ चैत १६ गते जिल्ला अदालतबाट ५ हजार रुपियाँ धरौटीमा रिहा भए।

विराटनगर उमनपा-१० का डा.रञ्जन थापा र उमनपा-१९ का कृष्णराज ढकाललाई ०६४ वैशाख ९ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले बन्द अवज्ञा गरेको आरोपमा विराटनगर उमनपा-१० स्थित घोघापुलचोकमा मोटरसाइकल रोकी कुटपिट गरे। फोरमका कार्यकर्ताले पीडितद्वयको सवारीसाधन पनि तोडफोड गरे।

विराटनगर उमनपा-५ निवासी एमालेका पोलिटब्युरो सदस्य भरतमोहन अधिकारी, विराटनगर-१६ निवासी सोही पार्टीका जिल्ला सचिव नरेश पोखरेल र भौडाहा गाविस निवासी जिल्ला सदस्य सत्यनारायण चौधरी चढेको को.१च. २४५५ नं.को जीप ०६४ जेठ ७ गते बनिगामा गाविस-१ स्थित नेताचोकमा बन्द अवज्ञा गरेको आरोपमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले आगजनी गरी ध्वस्त पारे। सो घटनामा संलग्न भएको आरोपमा प्रहरीले बनिगामा गाविस-१ का सियाराम चौधरीलाई जेठ २५ गते र सोही गाविस-९ का शिवनन्द ऋषिदेवलाई जेठ २८ गते गिरफ्तार गऱ्यो। गिरफ्तारमध्ये सियाराम जेठ २६ गते रिहा भए भने शिवनन्द असार ३ गते जिल्ला अदालतबाट तारेखमा रिहा भए।

सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

टाँडी गाविस-९ का भानुभक्त लुईंटेल, भक्ति पौडेल, नरेश आचार्य, प्रेम खनाल, कृष्ण पोखरेल, गोरखमान श्रेष्ठ, शुक्रध्वज लिम्बू, किरणकुमार राई, भवानी चम्लागाईंसँग ०६४ साउन १९ गते न्यूनतम १५ हजारदेखि १ लाख रुपियाँसम्म चन्दा माग्दै सङ्घीय लिम्बूवान राज्य परिषद्ले धम्क्यायो। पीडितहरूमध्ये व्यापारीहरू भानुसँग १ लाख, भक्तिसँग ५० हजार, प्रेमसँग ५० हजार, गोरखमानसँग २० हजार, शिक्षकहरू नरेशसँग ३० हजार, किरणसँग १५ हजार, भवानीसँग ५० हजार र व्यापारी कृष्णसँग २० हजार रुपियाँ पत्रमार्फत माग गरिएको थियो। रकम माग गर्ने लिखित पत्रमा सङ्घीय लिम्बूवान राज्य परिषद्का आर्थिक विभाग प्रमुख आर्मी पालुङ्वा लेखिएको पीडितहरूले बताए।

पथरी गाविस-१ की मेनुका राई, वडा-८ का सुरेन्द्र कार्की र वडा-४ का चन्द्र कोइरालालाई ०६४ असोज ७ गते सङ्घीय लिम्बूवान राज्य परिषद्का केन्द्रीय सदस्य राजकुमार पालुवाङ र सङ्घीय लिम्बूवान युवा मञ्चका जिल्ला सचिव मौसम लिम्बूले कुटपिट गर्दै संविधानसभा निर्वाचनसम्बन्धी सामग्रीसहित दुई थान झोला, एक थान मोबाइल सेट लुटपाट गरे।

आदिवासी जनजाति महासङ्घबाट

कान्तिपुर टेलिभिजनका पत्रकार अर्जुन पोखरेललाई ०६३ फागुन १६ गते विराटनगर उमनपा-४ स्थित बरगाछीमा नेपाल जनजाति आदिवासी जनजाति महासङ्घका कार्यकर्ताले बन्द अवज्ञा गरेको भनी मोटरसाइकल रोकेर अपशब्द प्रयोग गरी दुर्व्यवहार गरे। उनीहरूले *कान्तिपुर* दैनिकले आफ्नो विज्ञप्ति हुबहु किन नछापेको भनी प्रश्न गर्दै मोटरसाइकल चलाउन नदिने र चलाए जलाइदिने धम्की दिए। सो घटनाको विरोध गर्दै नेपाल पत्रकार महासङ्घले प्रेस विज्ञप्ति प्रकाशित गऱ्यो।

अन्यबाट

बयरवन गाविस-२ का माओवादीद्वारा घोषित पूर्व गाउँ जनसरकार प्रमुख ५२ वर्षीय डिल्ली गुरागाईं, कार्यकर्ताद्वय बालकृष्ण लुईंटेल र नवराज सापकोटालाई ०६३ चैत ५ गते सोही गाविस र केरौंन गाविसका गाउँलेले हतियार प्रदर्शन गरेको आरोपमा कुटपिट गरे। पीडितलाई उनीहरूले एउटा पेस्तोलसहित सोही दिन प्रहरीको जिम्मा लगाए। उनीहरूलाई इलाका प्रहरी कार्यालय बेलबारीमा एकदिन राखी तारेखमा माओवादीका ३ नं. क्षेत्रीय इञ्चार्ज विवेकको रोहवरमा रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

विराटनगर उमनपा-१८ का २४ वर्षीय दशरथ यादव र २६ वर्षीय श्याम यादवलाई ०६३ माघ ११ गते विराटनगर बजारमा मधेसी जनअधिकार फोरमले प्रदर्शन गरेको जुलुसबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई भोलिपल्ट माघ १२ गते रिहा गरियो।

मधेसी जनअधिकार फोरमले शान्तिपूर्ण जुलुस प्रदर्शन गरेको समयमा विराटनगर उमनपा-१८ स्थित मलायारोडमा ०६३ माघ २० गते प्रहरीले लाठीचार्ज गर्दा विराटनगर-१८ का भोला यादव, धनिकलाल यादव, रामचन्द्र चौधरी र मैचन्द यादव घाइते भए। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

सिद्राहा गाविस-१ का ५२ वर्षीय हरिनारायण भगत चौधरी, थलाहा गाविस-६ का विनोदकुमार सरदार, सिद्राहा गाविस-३ का ५८ वर्षीय पन्नालाल सरदार, भौंडाहा गाविस-४ का १७ वर्षीया लक्ष्मी सरदार, वनिगामा गाविस-६ का अशोक गच्छदारलगायत कम्तीमा एक दर्जन व्यक्ति ०६३ माघ १७ गते टङ्कीसिनुवारी तथा झापा बैजनाथपुर गाविस र विराटनगर उमनपाको पुष्पलालचोकमा प्रहरीले लाठीचार्ज र गोली प्रहार गर्दा घाइते भए।

माओवादी निकट ट्रेड युनियन सम्बद्ध कार्यकर्ताहरू तेजलाल कर्ण, खगेन्द्र भण्डारी, भोला प्रसाईं र सुमन मगरातीलाई ०६४ जेठ १८ गते बिहान विराटनगर उमनपा-६ स्थित शारदा ग्रुप कार्यालयअगाडि मजदुर पुनःबहालीको माग राखी धर्नामा बसेको अवस्थामा प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई व्यापारिक प्रतिष्ठानमा अवरोध सिर्जना गरेको आरोपमा गिरफ्तारी गरिएकोमा जेठ २० गते रिहा गरियो। गिरफ्तारीको विरोधमा मजदुरहरूले चक्काजाम, धर्ना, घेराउ गरेपछि उनीहरूलाई मुक्त गरिएको थियो। पुनःबहाली, तलब सुविधा वृद्धिलगायतका माग राखी उनीहरू धर्नामा बसेका थिए।

मधेसी जनअधिकार फोरम विश्वास समूहले सञ्चालन गरेको आन्दोलनका क्रममा ०६४ असोज २० गते प्रहरीले रङ्गेली गाविस-२ मा लाठीचार्ज गर्दा प्रदर्शनकारी दर्वेशा गाविस-२ की २५ वर्षीया सविता राजवंशी, रङ्गेली गाविस-७ का रूपेश मण्डल, वडा-५ का सजीव मण्डल, वडा-४ का मनोज मण्डल, प्रकाश मण्डल, अरूण मण्डल, नरेश मण्डल, अमाही बरियाती गाविस-८ का महानन्द मण्डल घाइते भए। घाइतेमध्ये सविताको टाउकोमा लाठीको गहिरो चोट लागेकाले बेहोस अवस्थामा उनको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। अन्य घाइतेको उपचार जिल्ला अस्पताल रङ्गेलीमा भयो।

विराटनगर उमनपा-१८ का २२ वर्षीय धर्मेन्द्र यादव, १८ वर्षीय उदय यादव र २३ वर्षीय महानन्द यादव ०६३ माघ ११ गते प्रहरीले लाठी प्रहार गर्दा विराटनगर महावीर रोडमा घाइते भए। उनीहरू मधेसी जनअधिकार फोरमको जुलुसमा सहभागी भएका थिए।

विराटनगर उमनपा-११ स्थित हाटखोला र कटहरी गाविसको सीमा सिङ्गिया खोलाको पुलमा प्रहरी र प्रदर्शनकारीबीचको झडपमा कम्तीमा २० जना प्रदर्शनकारी र छ जना सुरक्षाकर्मी घाइते भए। घाइते प्रदर्शनकारीहरूमा कटहरी गाविसका सुरेन्द्र राजवंशी, रामदेव कामत, मोहमद रसिद, प्रमोद सहनी र मो. जाकिर, राजकुमार राजवंशी, श्रीचन्द्र पासवान, मङ्गला पासवान, सुरेन्द्र सरदार, रवि साह रहेका थिए।

यसैगरी, मोहमद अली, इर मोहमद, सुपदलाल ठाकुर, धने कामत, रामनाथ यादव, कामेश्वर सिंह, सुरेन्द्र साह, लालबिहारी कामत, विश्व कामत, गङ्गा पासवान, मोहमद निजाम, याकुव मियाँ, मोहमद समाज, विद्यानन्द चौधरी, दिनेश कामतलगायतका रहेका थिए। घाइतेहरूको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा, कटहरी गाविसको स्वास्थ्य चौकी र स्थानीय क्लिनिकहरूमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत विराटनगरमा दुनियाँवादी फौजदारी मुद्दाअन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएका १ सय २५ थानमध्ये ४३ थान मुद्दा फर्स्यौट भए। दुनियावादी फौजदारी मुद्दाअन्तर्गत यस वर्ष दर्ता भएका ४८ थान मुद्दामध्ये तीन थान फर्स्यौट भए। यो वर्षको अन्त्यसम्ममा दुनियाँवादी फौजदारी मुद्दा १ सय ३० थान, सरकारवादी फौजदारी मुद्दा १ सय ७९ थान र देवानी मुद्दा ६ सय २१ थान फर्स्यौट हुन बाँकी रहे।

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ३९ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये ६२ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १ सय ४० थान मुद्दामध्ये ३० थान मुद्दा फर्स्यौट भए। सरकारवादी फौजदारी मुद्दा गतवर्षको जिम्मेवारी सरेर आएका १ सय ३६ थान मुद्दाम एउटा पनि फर्स्यौट भएन भने यस वर्ष दर्ता भएका ९५ थान मुद्दामध्ये तीन थान मुद्दा फर्स्यौट भए।

यसैगरी, गतवर्षको जिम्मेवारी सरेर आएका ५ सय २२ थान मुद्दामध्ये २ सय २ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका २ सय ४६ थान मुद्दामध्ये २४ थान मुद्दा फर्स्यौट भए। जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म जम्मा १ हजार ५७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

जिल्ला अदालतमा बाल इजलासको गठन गरी ०६४ मङ्सिर १२ गतेदेखि बालबालिकासम्बन्धी मुद्दाको सुनुवाइ सुरु भयो। तर, यस वर्षको अन्त्यसम्ममा नौ थान मुद्दा दर्ता भएकामा एउटा मुद्दा पनि फर्स्यौट हुन सकेन।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

मृगौलिया गाविस-८ का ६० वर्षीय तारणीप्रसाद गुरागाईंलाई ०६३ माघ १५ गते इलाका प्रहरी कार्यालय बेलबारीका हवल्दार कुमार तामाङले हिरासतमा कुटपिट गरे। पीडकलाई विभागीय कारवाही गर्ने भनी तत्कालै जिल्ला प्रहरी कार्यालय सरुवा गरियो। उनलाई के कारवाही गरियो, सो कुरा सार्वजनिक गरिएन। पीडित नाति सफलको हत्या गरेको आरोपमा गिरफ्तार गरी हिरासतमा राखिएका थिए। सोही अवस्थामा राति नाति मारेको स्वीकार गर्न दबाब दिने उद्देश्यले पीडकले पीडितमाथि मुक्का प्रहार गरेका थिए।

कटहरी गाविस-९ नयाँबजार घर भई विराटनगर उमनपा-११ स्थित मधुमारामा डेरा गरी बस्ने २८ वर्षीय रिक्साचालक राजु मण्डललाई ०६४ असार १५ गते जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान शिव अधिकारीले ट्राफिकचोक नजिकको चिया पसलबाट सिविल ड्रेसमा आई गिरफ्तार गरी वडा प्रहरी कार्यालय हाटखोलामा लगी प्लास्टिकका पाइप र बुटले शरीरका छाती, घुँडा, पिठ्यूँलगायतका भागमा कुटपिट गरी यातना दिए। पीडितको नेपाल बार एसोसिएसन माननवअधिकार परियोजनाको सहयोगमा स्थानीय कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडक प्रहरी जवानलाई प्रहरीले असार २० गते हिरासतमा लिए पनि कारबाहीबारे जिल्ला प्रहरी कार्यालयले बताएन।

सुनसरी जिल्ला दुहबी गाविस-८ का वाईसीएल कार्यकर्ताहरू उपहार नेपाल, बलिराम सरदार र पङ्कज चौधरीलाई ०६४ भदौ २८ गते जिल्ला प्रहरी कार्यालय मोरङमा लाठी र बुटले कुटपिट गरी प्रहरीले यातना दिए। उनीहरूलाई सोही दिन हात्तीमुडा गाविस-८ स्थित सुनसरी र मोरङको सीमा बूढीखोलाबाट प्रहरीको विशेष गस्ती टोलीमा आक्रमण गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेको थियो। उनीहरूलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत मुद्दा चलाइयो।

बालअधिकार

शनिश्चरे गाविस-९ स्थित भुटानी शरणार्थी शिविरकी ११ वर्षीया एक बालिकालाई ०६३ माघ ९ गते साँझ ७ बजे सोही शिविरका १८ वर्षीय मणिकुमार कटुवालले ललाइफकाइ घरछेउको केराघारीमा पुऱ्याई बलात्कार गरे। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार र स्वास्थ्य परीक्षण गरियो। पीडक कटुवाल माघ १३ गते गिरफ्तारीमा परे। उनी पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्।

हसन्दह गाविस-३ की एक १२ वर्षीया बालिकालाई ०६३ माघ १० गते साँझ सोही ठाउँका ३२ वर्षीय गोपाल रायमाझीले स्वस्थानीको कथा सुन्न जाऊँ भनी आफ्नै घरको कोठामा डर, धम्की दिई ढोका थुनेर बलात्कार गरे। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार र स्वास्थ्य परीक्षण दुवै गरियो। घटनापछि पीडित पक्षले इलाका प्रहरी कार्यालय उर्लाबारीमा माघ ११ गते उजुरी दिएको थियो। पीडक गिरफ्तार भएनन्।

इटहरा गाविस-४ की १४ वर्षीया सावित्रा राजवंशीको ०६३ फागुन २४ गते दिउँसो हसन्दह गाविसस्थित सुगा निमाविबाट पढेर घर फर्कदै गर्दा बाटोमा पर्ने बक्राहा खोला छेउको मकैबारीमा गोविन्दपुर गाविस-४ का १८ वर्षीय महेश राजवंशीले बलात्कार गरी हत्या गरे। पीडितको लास फागुन २४ गते फेला परेको थियो। लासको पोस्टमार्टम सुनसरी जिल्ला, धरान नपास्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। पीडक राजवंशीलाई चैत २१ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनी जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि मोरङ कारागारमा छन्।

पथरी गाविस-१ की ४ वर्षीया दलित बालिकालाई ०६४ वैशाख २५ गते सोही ठाउँका ५५ वर्षीय पूर्वअसई मानबहादुर विकले स्तन टोकी, गुप्ताङ्गमा औँला घुसारेर यौन दुर्व्यवहार गरे। पीडितको स्तन र गुप्ताङ्गमा घाउ भएकाले विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार भयो। पीडक मानबहादुर वैशाख २६ गते गिरफ्तारीमा परे। पीडितकी आमाले वैशाख २७ गते इलाका प्रहरी कार्यालय उर्लाबारीमा पीडकविरुद्ध उजुरी दिइन्। पीडक जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्।

पथरी गाविस-९ की ६ वर्षीया एक बालिकालाई ०६४ जेठ १ गते सोही ठाउँका पुष्पलाल बुढाथोकीले यौन दुर्व्यवहार गरे। पीडकलाई जेठ २ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडक सार्वजनिक सुरक्षा ऐनअन्तर्गतको मुद्दामा पाँच हजार धरौटीमा रिहा भए।

इलाम जिल्ला, चुलाचुली गाविस-७ की १३ वर्षीया एक बालिकालाई ०६४ जेठ २१ गते उर्लाबारी गाविस-४ मामाको घरमा सोही ठाउँका २७ वर्षीय विक्रम तोलाङ्गीले ललाइफकाई २ सय रुपियाँ दिएर बलात्कार गरे। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार र स्वास्थ्य परीक्षण गरियो। पीडकलाई ०६४ असार १५ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश गऱ्यो। उनी मोरङ कारागारमा छन्।

डाइनिया गाविस-८ की १४ वर्षीया एक बालिकालाई ०६४ असार ८ गते खेतमा घाँस काट्न गएको समयमा पटुवाघारीमा सोही गाविस-४ का सखतिया मियाँ र बेचन मियाँले बलात्कार गरे। पीडितले इलाका प्रहरी कार्यालय रङ्गेलीमा उजुरी दिइन्। उनको जिल्ला अस्पताल रङ्गेलीमा स्वास्थ्य परीक्षण र उपचार गरिएको थियो। पीडकहरू फरार भए।

पथरी गाविस-६ की एक ५ वर्षीया बालिकालाई ०६४ साउन २७ गते सोही ठाउँका २५ वर्षीय भूपाल राईले यौनशोषण गरे। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार गरियो। पीडक फरार छन्। पीडित पक्षले इलाका प्रहरी कार्यालय, उर्लाबारीमा साउन २८ गते उजुरी दिए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार दुर्व्यवहार

सोराभाग गाविस-१ हरकपुरटोलकी २७ वर्षीया सुनितादेवी मण्डललाई ०६३ फागुन ११ गते बोक्सीको आरोपमा स्थानीयवासीले कुटपिट तथा दुर्व्यवहार गरे। कुटपिट र दुर्व्यवहारका कारण पीडितसहित पति अशोक, सासू मवतीदेवी विस्थापित भए। उनीहरू सोराभाग गाविस-१ कै पीडित सुनितादेवीको माइतमा बस्दै आएका थिए। उनलाई दुर्व्यवहार गर्नेहरूमा सोराभाग गाविस-१ कै वीरबहादुर मण्डल, आनन्दी मण्डल, दिलीप साह, श्रवणकुमार मण्डल, कारोदेवी मण्डललगायतका छन्।

पोखरिया गाविस-३ की ३६ वर्षीया विनादेवी मण्डललाई ०६४ जेठ १४ गते सोही ठाउँका ३५ वर्षीय हरिश्चन्द मण्डलले बोक्सीको आरोपमा दुर्व्यवहार गरे। पीडित र पीडकबीच जग्गासम्बन्धी विवादका क्रममा पीडकले गाली बेइज्जत गरी बोक्सीको आरोप लगाई कुटपिट गर्न खोज्दा स्थानीयवासीले छुट्याएका थिए। इन्सेकको पहलमा समाज बसेर पीडकले जेठ २३ गते माफी मागेका थिए।

अमरदह गाविस-९ की ६० वर्षीया सुनीदेवी गनगाईंलाई बोक्सीको आरोपमा कुटपिट गरी ०६४ भदौ १ गते गाउँलेले घर निकाला गरे। पीडित विस्थापित भई छोरा-बुहारी र नातिनातिनासहित विराटनगर बस्न थालिन्। उनलाई विराटनगर उमनपा-१५ स्थित महिला पुनःस्थापना क्षेत्रीय कार्यालयले शरण दियो। उनका छोरा घनश्यामले अनैतिक काम गरेको, युवतीहरूलाई मोहनी लगाई फसाएको र सो कार्यमा आमा सुनीदेवीले टुनामुना गरी सहयोग गरेको आरोप लगाई गाउँलेले घर र गाउँ निकाला गरेका थिए। पीडितले इलाका प्रहरी कार्यालय रङ्गेलीमा पीडकविरुद्ध उजुरी दिए पनि कारबाही भएन। सो कार्यालयका प्रहरी निरीक्षक मिलन भट्टराईले पीडकहरू फरार रहेको बताए।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

भोगटेनी गाविसकी एक ७० वर्षीया महिलालाई ०६३ चैत ५ गते साँझ सोही ठाउँका ४५ वर्षीय भोटाङ्गे भनिने कुलमान पिठाकोटेले बुधबारे बजारबाट घर फर्कदै गर्दा बाटोमा बलात्कार गरे। पीडक कुलमानलाई प्रहरीले ०६३ चैत १३ गते गिरफ्तार गऱ्यो। पीडक पुर्पक्षका लागि मोरङ कारागारमा छन्।

दर्वेशा गाविस-९ की एक १८ वर्षीया युवतीलाई ०६४ जेठ ६ गते घरनजिकको मकैबारीमा सोही ठाउँका २२ वर्षीय काजी मगरले बलात्कार गरे। पीडितको जिल्ला अस्पताल रङ्गेलीमा स्वास्थ्य परीक्षण भयो। पीडकलाई ०६४ जेठ ९ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडक ०६४ असार २ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

भौंडाहा गाविस-१ की एक २६ वर्षीया विवाहित महिलालाई ०६४ जेठ ७ गते राति मादक पदार्थ सेवन गरेका झोराहाट गाविस-२ का ३२ वर्षीय मासु व्यापारीद्वय राजेश उराव र थलाहा गाविस-१ का ४० वर्षीय बच्छेलाल मुडवरीले बलात्कार गरे। पीडितले जेठ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडकद्वय जेठ ९ गते गिरफ्तारीमा परे। पीडकद्वयमध्ये राजेश पुर्पक्षका लागि मोरङ कारागारमा छन् भने बच्छेलाल १० हजार धरौटी राखी गिरफ्तारीमा परेको एक महिनापछि तारेखमा रिहा भए।

मझालै गाविस-२ की १८ वर्षीया एक युवतीलाई सोही ठाउँका २५ वर्षीय अशोक महतोले ०६४ साउन २४ गते खेतमा घाँस काट्न गएको अवस्थामा बलात्कार गरे। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडक ०६४ साउन २८ गते गिरफ्तारीमा परे। पीडक महतोलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बेलबारी गाविस-९ काकुमकी २९ वर्षीया मीना विश्वकर्मालाई ०६४ मङ्सिर ११ गते साँझ सोही ठाउँका २८ वर्षीय दिलीप तिम्सिनाले यौन सम्पर्क गर्न नदिएको आरोपमा कपडाले घाँटी बेरेर हत्या गरे। पीडकले सोमबारे बजारबाट पीडितलाई घर पुऱ्याइदिन्छु भनी आफ्नै रिक्सामा हालेर लाने क्रममा बाटोमा पर्ने बेतना खोलानजिकको जङ्गल क्षेत्रमा बलात्कार प्रयास गरेका थिए। पीडक तिम्सिनालाई मङ्सिर १४ गते प्रहरीले काठमाडौंबाट गिरफ्तार गरेको थियो। उनलाई पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा राखिएको छ।

पारिवारिक हिंसा

बाहुनी गाविस-९ भाउन्नेकी २६ वर्षीया सीता राई ०६३ माघ २३ गते बिहान भूपू सैनिक ससुरा ९० वर्षीय जीतबहादुर राईले टाउकोमा धारिलो हतियार प्रहार गर्दा घाइते भइन्। पीडितको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडकलाई पीडितको उपचार खर्च बेहोर्ने सर्तमा इलाका प्रहरी कार्यालय बेलबारीले माघ २६ गते कागज गराइ रिहा गऱ्यो।

इन्द्रपुर गाविस-२ की १८ वर्षीया बविता कार्की ०६३ चैत ५ गते सासू पशुपति, देवर मनोज र नन्द सुष्मा कार्कीले कुटपिट गर्दा घाइते भइन्। पीडितको विराटनगरस्थित विराटनगर नर्सिङ होममा उपचार भयो। घटनापछि प्रहरीले देवर मनोजलाई सोही दिन गिरफ्तार गरी चैत ८ गते बिनाकारबाही रिहा गऱ्यो। घटनाबारे इलाका प्रहरी कार्यालय बेलबारीका इन्स्पेक्टर महेन्द्र थापाले 'हाम्रो घरको मामला हो, हामी मिल्छौं' भनेपछि रिहा गरिएको बताए।

विराटनगर उमनपा-११ की इन्का विश्वकर्माका पति वाईसीएल कार्यकर्ता रामु राजवंशीले ०६४ वैशाख ५ गते दोस्रो विवाह गरे। पीडितले वाईसीएलको जिल्ला समितिमा कारबाहीको माग गर्दै उजुरी दिइन्। उजुरीपछि माओवादीले उनलाई नागरिकता वितरण टोलीलाई धम्याएर सङ्गठनका नाममा गलत क्रियाकलाप गरेको आरोप लगाई निष्कासन गऱ्यो। वाईसीएल नगर इञ्चार्ज विजय कामतले विज्ञप्ति जारी गरी पीडक र सविता तामाङलाई सङ्गठनबाट निष्कासन गरेको उल्लेख गरे। पीडित अढाइ र डेढ वर्षकी छोरीसहित विचल्लीमा परिन्। विक र राजवंशीबीच सात वर्षअघि अन्तरजातीय प्रेमविवाह भएको थियो।

केराबारी गाविस-२ की ७५ वर्षीया डम्बरकुमारी सन्देललाई ०६४ साउन १७ गते छोरा खड्गनन्दले घर निकाला गरे। पीडित छिमेकी बुढा चापागाईंको घरमा शरण लिन पुगिन्। छोरा कृषि विकास बैंक बेलबारीमा कार्यरत छन्। बाबुको निधनपछि आमाका नाममा रहेको भोजपुर जिल्ला च्याङचरमीको जग्गा बेचेको एक वर्षपछि काम गर्न नसक्ने भएको आरोपमा खड्गनन्दले घर निकाला गरेका हुन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा/संरचना/सम्पत्ति क्षति

राज्यबाट

विराटनगर उमनपा-१५ का अजय गुप्ता, वडा-७ की माया दास, मणि आचार्य, सुरेन्द्र केसी, पूर्णियादेवी केसी, रामजी साह, जीवन राम, ब्रह्मदेव सिंह, छेदनीदेवी साह, प्रदीप भगत, चन्द्रेश्वर राय, भीमलाल श्रेष्ठ, नागेश्वर साह, गीता साहलगायतको घर र पसलमा ०६४ असोज १९ गते प्रहरीले तोडफोड गरे। प्रहरीमाथि आक्रमण गरेको आरोपमा सो तोडफोड गरिएको डीएसपी विद्यानन्द माझीले बताए।

माओवादीबाट

बयरवन गाविस-७ का डीएसपी अजय भट्टराईको अरूलाई अँधियामा कमाउन दिएको अढाइ बिघा जग्गाको ३५ मन धान माओवादी कार्यकर्ताले ०६३ माघ ५ गते कब्जा गरे। पीडितले सो जग्गामध्ये सोही ठाउँका माधव ऋषिदेव, वेणुप्रसाद ऋषिदेव र किशोर माझीलाई क्रमशः १ बिघा, १५ र १३ कट्ठाका दरले कमाउन दिएका थिए। माओवादीले ऋषिदेवबाट २० मन, निरौला र माझीबाट साढे सात/साढे सात मनका दरले कब्जा गरेको स्थानीयवासीले बताए।

विराटनगर उमनपा-३ पोखरियास्थित हेलेन शाहको २ बिघा २ कट्ठा ५ धुर जग्गा ०६३ फागुन १० गते माओवादीले कब्जा गरे। सो जग्गा पार्टीको भ्रातृ सङ्गठन अनेकिसङ्घ (क्रान्तिकारी) का केन्द्रीय सदस्य नेत्र पोखरेलको नेतृत्वमा हँसिया-हथौडा अङ्कित झण्डा गाडेर कब्जा गरिएको थियो। सो जग्गा यस वर्षको अन्त्यसम्ममा फिर्ता गरिएको छैन।

लेटाङ गाविस-२ स्थित रत्नराज्यलक्ष्मीदेवी साहको नाममा रहेको रानीवनको ३२ हेक्टर जग्गा ०६३ फागुन १३ गते माओवादीले कब्जा गरे। सो जग्गा माओवादीका १ नं. एरिया सचिव महावीरको नेतृत्वमा हँसिया-हथौडा अङ्कित झण्डा गाडेर कब्जा गरियो। सरकारले राजा तथा राजपरिवारको सम्पत्ति कब्जा गर्ने निर्णय गरे पनि कार्यान्वयन नगरेका कारणले पार्टीले कब्जा गरेको उनको भनाइ थियो।

विराटनगर उमनपा-६ स्थित मुनाथपथको सिप्रद ट्रेडिङ सोरुममा माआवादीले ०६३ फागुन १५ गते तालाबन्दी गरे। माओवादीको भ्रातृ सङ्गठन नेपाल ट्रेड युनियन महासङ्घका जिल्ला नेता तेजलाल कर्णको नेतृत्वमा तालाबन्दी गर्नुअघि त्यहाँ रहेका फर्निचरका सामान घरधनीलाई बुझाइएको थियो। उद्योगहरू राष्ट्रियकरण नगरेकाले माओवादीले कब्जा गर्नुपरेको मजदुर नेता कर्णले बताए।

सुन्दरपुर गाविस-८ स्थित सुरजशमशेर राणाको २ बिघा ५ कट्ठा जग्गा ०६३ फागुन १९ गते माओवादीले सरकारले राष्ट्रिकरण नगरेको भन्दै हँसिया-हथौडा अङ्कित झण्डा गाडेर कब्जा गरेको घोषणा गरे। उनीहरूले पीडित राजपरिवारसँग सम्बन्धित व्यक्ति भएको दाबी गर्दै सरकारले राष्ट्रियकरण गर्ने भने पनि सो कार्यान्वयन नगरेकाले कब्जा गर्नुपरेको बताए। स्थानीय प्रशासनले घटनाबारे आफूलाई जानकारी नभएको जनायो।

विराटनगर उमनपा-६ का महेन्द्र भट्टराईको बा.२२प. ३१३४ नं.को मोटरसाइकल ०६३ फागुन २१ गते बिहान ८ बजे मुक्ति नामका माओवादी कार्यकर्ताको नेतृत्वमा पाँच जनाले घरैबाट कब्जामा लिए। सो मोटरसाइकल विराटनगर-६ कै भोला थापाको हत्यामा प्रयोग भएका कारण कब्जामा लिनु परेको वाईसीएल कार्यकर्ता कुशल लिम्बूले बताए। पीडित पक्षले भने माओवादीले धम्क्याएर जबरजस्ती मोटरसाइकल लगेको बतायो।

मधेसी जनअधिकार फोरमबाट

सुनसरी जिल्ला, हाँसपोसा गाविस-४ का नवराज दाहालको को.२प. ७८११ नं.को मोटरसाइकल ०६३ माघ १६ गते विराटनगर उमनपा-१८ स्थित विराटनगर-जोगवनी सडकखण्डमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताले आगो लगाइ जलाइदिएका थिए। दाहाललाई पनि उनीहरूले कुटपिट गरेका थिए।

दर्वेशा गाविस-२ की गीता कार्की र राजन कार्कीको घर ०६३ माघ २४ गते मधेसी जनअधिकार फोरमको जुलुसमा सहभागी कार्यकर्ताले तोडफोड गरी क्षति पुऱ्याए। तोडफोडबाट पीडितमध्ये गीताको गोवरग्यासको ट्याङ्की, पाइप, टेलिफोन सेट क्षति भयो र राजनको घरको छानाको टायल फुट्यो। इलाका प्रहारी कार्यालय, रङ्गेलीका इन्स्पेक्टर विमल बस्नेतले घटनामा फोरमका कार्यकर्ताहरूको प्रत्यक्ष संलग्नता भएको बताए। सोही दिन रङ्गेली गाविस-२ का हिमाल श्रेष्ठ, युवराज खरेल र विनोद ठाकुरको घरमा पनि मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले तोडफोड गरी क्षति पुऱ्याए। तोडफोडबाट युवराजको घरको छानाको टिन कच्याककुचुक भएको, विनोदको घुम्ती पल्टिएको र हिमालको घरमा सामान्य क्षति पुगेको थियो। यसैगरी, फोरमका कार्यकर्ताले रङ्गेली बसपार्कमा राखिएका को.१ख. २४३, को.१ख. १४०४,

को.१ख. ५७, को.१ख. ११४ र को.१ख. १३९ नं.का यात्रुबाहक बसहरू तोडफोड गरी क्षति पुऱ्याए। तोडफोड रोक्न पुगेका रङ्गेलीका फोरमकै कार्यकर्ता शिकन्दर यादव, उसीम आलम, रामेश्वर साह घाइते हुन पुगे। प्रदर्शनकारीले लाठी, भाला, धनुकाँडलगायतका घरेलु हतियारहरू बोकेका थिए। घटनाबारे इलाका प्रहरी कार्यालय रङ्गेलीका इन्स्पेक्टर विमल बस्नेतले फोरमका कार्यकर्ताहरूले जुलुस प्रदर्शन गरी सो तोडफोड गरेको बताए। उक्त घटनामा घुसपैठ भएको फोरमका जिल्ला सचिव जयराम यादवले बताए।

कटहरी गाविस-१ का अर्जुन भुजेल, दीपेश श्रेष्ठ, गोकुल श्रेष्ठ, अमृत श्रेष्ठ, कृष्ण भट्टराई र मानबहादुर विकको घर तथा पसलमा ०६३ माघ २४ गते साँझ ६ बजे मधेसी जनअधिकार फोरमका कार्यकर्ताले तोडफोड, लुटपाट र आगजनी गरे। सो घटनापछि पीडितहरू विस्थापित भई आफन्तको शरणमा बसे। पीडितमध्ये मानबहादुरको किराना पसलबाट ७ लाख बराबरको क्षति भएको, अर्जुनको १२ तोला सुन, २१ इन्चको टीभी, अमृतको एउटा साइकल, २१ इन्चको रङ्गीन टीभी, सिरक-डसना आदि तोडफोड र आगजनीबाट नष्ट भयो। त्यसैगरी, ओम श्री पशुपति ब्रिर्सह्याचरी उद्योगका १२ हजार कुखुरा पनि लुटपाट गरिएको थियो। सो दिन फोरमका प्रदर्शनकारी र प्रहरीबीच कटहरी र विराटनगर उमनपा-११ स्थित हाटखोलाको सिङ्घीया पुलमा झडप भएको थियो। सो झडपबाट फर्किएका प्रदर्शनकारीले पीडितका घर तथा पसलमा तोडफोड गरेका थिए। जिल्ला प्रहरी कार्यालयले झडपबाट फर्किएका आक्रोशित समूहले लुटपाट र तोडफोड गरेको बतायो।

विराटनगर उमनपा-१५ का बल्लभ अधिकारीको को.२प. ५६९७ नं. मोटरसाइकल ०६३ फागुन २६ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले बन्द अवज्ञा गरेको भनी विराटनगर उमनपा-१८ गौशालाअगाडि आगजनी गरे। फोरम कार्यकर्ताले अधिकारीलाई कुटपिट र गालीगलौज गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

अमरदह गाविस-७ धोकरियाका किसनलाल राजवंशी र रामनारायण राजवंशीलाई ०६४ वैशाख १४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घर फर्कदै गर्दा दादरबैरिया गाविसको रणकाली भन्ने ठाउँबाट लुटपाट गरे। पीडितमध्ये किसनलालको को.२प. ५८९२ नं. को हिरोहोन्डा मोटरसाइकल र ६ हजार रुपियाँ तथा रामनारायणबाट एक थान मोबाइल सेट र १२ हजार रुपियाँ लुटेर लगे।

सोरभाग गाविस-७ को महेन्द्र मावि र आदर्श माविको ४० बिघा जग्गा ०६४ जेठ १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कब्जा गरेको घोषणा गरे। सो जग्गा कमाउन स्थानीय व्यक्तिलाई दिनुपर्ने माग राखी सो समूहका सुनसरी-मोरङ सैन्य ब्रिगेड कमाण्डर सूर्यको नेतृत्वमा जग्गा कब्जा गरिएको थियो।

विराटनगर उमनपा-१६ स्थित अनीष अर्यालको घरछेउमा ०६४ असोज १२ गते राति १० बजे जतमुमो (ज्वालासिंह) ले सुतली बम विस्फोट गरायो। विस्फोटबाट पर्खाल चर्किएको थियो। चन्दा नदिएको आरोपमा सो विस्फोट गराएको जतमुमो (ज्वाला सिंह समूह) का जिल्ला संयोजक विस्फोटले टेलिफोनमार्फत जिम्मा लिए।

विराटनगर उमनपा-२ का उद्योगी गोपाल धनावत र उमनपा-११ का राजेश कोइरालाको घरमा ०६४ असोज १६ गते साँझ ज्वाला सिंहले बम विस्फोट गरायो। विस्फोटको जिम्मेवारी ज्वाला सिंहको एरिया इञ्चार्ज तेजले लिए।

विराटनगर उमनपा-७ का मोती दुगडको सोही ठाउँको सेन्चुरी मसला उद्योगमा ०६४ कात्तिक ९ गते राति ज्वालासिंहले सुतली बम विस्फोट गरायो। विस्फोटबाट उद्योगको बाहिरी पर्खाल चर्किएको पीडितले बताए। मजदुर निष्कासन गरेको विरोधमा सो विस्फोट गराएको ज्वाला सिंहका जिल्ला संयोजक हीरालालले बताए।

विराटनगर उमनपा-५ पाञ्चालीस्थित एमालेको जिल्ला कार्यालय भवनमा ०६४ मङ्सिर ३ गते साँझ ज्वाला सिंहका दुई जना कार्यकर्ताले सुतली बम विस्फोट गराए। विस्फोटबाट भवनमा कुनै क्षति भएन। मोर्चाका इञ्चार्ज राज मङ्सिर ११ गते गिरफ्तार भई पुस ३ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्। उनलाई हातहतियार तथा खरखजाना मुद्दाअन्तर्गत थुनामा राखिएको हो।

दादरबैरिया गाविस-६ का जीतेन्द्र बुढाथोकीको नौ बिघा जग्गा ०६४ मङ्सिर ७ गते ज्वाला सिंहका कार्यकर्ताले कब्जा गरे।

रङ्गेली गाविस-४ का पूर्वसई कृष्णबहादुर कार्कीको सोही गाविस-७ मा रहेको १६ बिघा ०६४ मङ्सिर २५ गते ज्वाला सिंहले कब्जा गऱ्यो। सो समूहले पीडितको जग्गामा झण्डा गाडेर कब्जा गरेको घोषणा गऱ्यो। झण्डा रङ्गेलीको सशस्त्र प्रहरी टोलीले उखेलेर फालिदियो।

विराटनगर उमनपा-५ कञ्चनबारीस्थित नोबेल मेडिकल कलेजको आकस्मिक कक्षमा ०६४ पुस ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) ले सकेट बम विस्फोट गरायो। विस्फोटबाट सो कक्षका झ्यालका सिसाहरू फुटेका थिए। दुई जना नचिनेका व्यक्तिले पर्खालको बाहिरी भागबाट बम फालेर विस्फोट गराएका थिए।

नेपाल डिफेन्स आर्मीबाट

नेपाल डिफेन्स आर्मीले ०६३ फागुन ११ गते साँझ ७ बजे विराटनगर उमनपा-४ स्थित जिल्ला वन कार्यालय र सोही वडाको औषधि व्यवस्था विभागको पूर्वाञ्चल क्षेत्रीय कार्यालयमा सकेट बम विस्फोट गरायो। बम विस्फोटबाट ती दुवै कार्यालयका झ्यालका सिसाहरू फुटे।

विराटनगर उमनपा-४ आयल निगमस्थित औषधि व्यवस्था विभागको पूर्वाञ्चल क्षेत्रीय कार्यालय र विराटनगर उमनपा-४ शङ्करपुरस्थित जिल्ला वन कार्यालय परिसरमा ०६३ फागुन ११ गते नेपाल डिफेन्स आर्मीले सकेट बम विस्फोट गरायो। विस्फोटबाट कार्यालय क्वार्टरमा बसेका वन अधिकृत मोहन कोइराला तर्सिए भने घरको झ्यालको सिसा फुट्यो।

टङ्कीसिनुवारी गाविसस्थित म्याकडवेल्स कम्पनी लि.मा ०६३ चैत १२ गते राति ८ बजे नेपाल डिफेन्स आर्मीले बम विस्फोट गरी क्षति पुऱ्यायो। विस्फोटबाट कम्पनीको भवनको छानो र एउटा सवारी साधनमा सामान्य क्षति पुगेको थियो। यसैगरी विराटनगर उमनपा-४ स्थित *कान्तिपुर* दैनिक पत्रिकाको पूर्वाञ्चल क्षेत्रीय कार्यालय परिसरमा नेपाल डिफेन्स आर्मीले सकेट बम प्रहार गऱ्यो। तर, सो बम विस्फोट भएन। राति १ बजे सशस्त्र प्रहरी बलको डिस्पोजल टोलीले निष्क्रिय बनायो।

विराटनगर उमनपा-११ स्थित काङ्ग्रेसका सांसद अशोक कोइरालाको घरमा ०६३ चैत १३ गते राति ८ बजे नेपाल डिफेन्स आर्मीले सुतली बम विस्फोट गरायो। विस्फोटमा संलग्न भएको आरोपमा प्रहरीले विराटनगर उमनपा-१० का सचिन पोखरेललाई ०६३ चैत १४ गते बिहान घरैबाट गिरफ्तार गरेको छ।

रणवीर सेना, नेपालबाट

विराटनगर उमनपा-१४ भानुटोल कलेज रोडस्थित नेपाल पत्रकार महासङ्घ मोरङ शाखाको भवन छेउमा ०६४ भदौ ५ गते साँझ १०:३० बजे जिएफपी रणवीर सेना नेपालले सुतली बम विस्फोट गरायो। विस्फोटबाट भवनमा कुनै क्षति भएन। घटनास्थलमा रणवीर सेना नेपालको पर्चा फेला परेको थियो। घटनाको भर्त्सना गर्दै महासङ्घ मोरङका सभापति शिवबहादुर कार्कीले विज्ञप्ति प्रकाशित गरे।

विराटनगर उमनपा-१३ स्थित रोडशेष चोक छेउको संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार आयोग पूर्वाञ्चल क्षेत्रीय कार्यालय भवन प्रवेशद्वार नजिक ०६४ भदौ २६ गते रणवीर सेना नेपालले पाइप बम विस्फोट गरायो। विस्फोटबाट भौतिक वा मानवीय क्षति भएन। विराटनगर उमनपा-२ स्थित नेपाल टेलिकमको जिल्ला शाखा कार्यालय भवनको शौचालयमा ०६४ मङ्सिर १८ गते दिउँसो रणवीर सेना नेपालले बम विस्फोट गरायो। विस्फोटबाट शौचालयको छत सामान्य चर्केको थियो। विस्फोट स्थलमा मोबाइल फोन वितरणमा अनियमितता गरेको भन्ने आरोप उल्लेख गरिएको रणवीर सेना नेपाल लेखिएको पर्चा फेला परेको थियो।

माओवादीबाट

केराबारी गाविस-६ का ५० वर्षीय हेमचन्द्र घिमिरेको १ बिघा १२ कट्ठा १० धुर जग्गा ०६४ साउन १० गते माओवादीले कब्जा गरेको घोषणा गरे। जग्गा कब्जापछि किनबेचमा रोक लगाएको माओवादीका स्थानीय कार्यकर्ता तिलक मगरले सार्वजनिक गरे।

अमरदह गाविस-१ का सेमन्त अधिकारी र प्रमोद निरौलाको २२ बिघा जग्गामा ०६४ मङ्सिर ३ गते माओवादीले कब्जा गरे। कब्जा गरिएको जग्गा मोही तथा भूमिहीनलाई वितरण गरिएको माओवादीले सोही दिन सार्वजनिक गरे। पीडितमध्ये सेमन्त नेपाली काङ्ग्रेसका कार्यकर्ता हुन्।

केराबारी गाविस-६ का मेहचन्द्र घिमिरेको १ बिघा १२ कट्ठा ७ धुर जग्गामा लगाएको धानबाली ०६४ मङ्सिर ९ गते माओवादीले कब्जमा लिए। पीडितको सो जग्गा माओवादीले यसअघि ०६४ साउनमा कब्जा गरेका थिए। जग्गा कब्जा गर्नुपूर्व पीडितले धान रोपिसकेका थिए।

अनेकिसङ्घ (क्रान्तिकारी) बाट

भौंडाहा गाविस-४ का रामचन्द्र सिवाकोटीको गुठीको १५ बिघा जग्गा ०६४ कात्तिक १७ गते अनेकिसङ्घ (क्रान्तिकारी) का जिल्ला संयोजक सोविद चौधरीको नेतृत्वमा कब्जा गरे। झण्डा गाडेर कब्जा

गरेको सो जग्गा सात जना स्थानीय सुकुम्वासीलाई बाँडे।

सुन्दरपुर गाविस-२ का तेजप्रसाद सिटौलाको जगदम्बा गुठीको १५ बिघा जग्गा ०६४ कात्तिक १८ गते अनेकिसङ्घ (क्रान्तिकारी) का जिल्ला संयोजक सोविद चौधरीको नेतृत्वमा कब्जा गरे। कब्जापछि जग्गा स्थानीय मोहीलाई वितरण गरिएको संयोजक चौधरीले बताए।

सिद्राहा गाविस-६ का डण्डीराज लामिछानेको २० बिघा गुठी जग्गा ०६४ मङ्सिर ४ गते माओवादीनिकट अनेकिसङ्घ (क्रान्तिकारी) ले कब्जा गऱ्यो। जग्गाधनीले मोहीलाई झुट्टा मुद्दा लगाएर दुःख दिएको आरोप लगाई कब्जापछि तिनै भूमिहीनलाई जग्गा वितरण गरिएको उनीहरूले बताए।

सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले महेन्द्र राजमार्गअन्तर्गत शनिश्चरे गाविसको मोरङ्ले पुलमा को.१ख. २०११ नं.को यात्रुवाहक बसमा ०६४ असोज १ गते बन्द अवज्ञा गरेको आरोपमा पेट्रोल खन्याएर आगजनी गरे।

विराटनगर उमनपा-४ स्थित कान्तिपुर पब्लिकेसनको बा.३च. ७८३७ नं.को जीपलाई ०६४ साउन २२ गते सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताले बन्द अवज्ञा गरेको आरोपमा महेन्द्र राजमार्ग पथरी सडकखण्डमा तोडफोड गरे। तोडफोडका क्रममा जीपका चालक अम्बरबहादुर गुरुङ र वितरक घनश्याम अधिकारीलाई दुर्व्यवहार गरे। पीडितहरूलाई बन्दको समाचार नछापेको आरोप लगाएर दुर्व्यवहार गरेका थिए। पीडितहरू झापामा *कान्तिपुर* दैनिक पत्रिका पुऱ्याएर विराटनगर फर्कदै थिए।

नेपाल रेडक्रस सोसाइटी सुनसरी शाखाको शववाहनलाई ०६४ साउन २५ गते सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताले बन्द अवज्ञा गरेको आरोपमा महेन्द्र राजमार्गअन्तर्गत पथरी सडकखण्डमा तोडफोड गरे। तोडफोडका क्रममा चालक उद्धव भण्डारीलाई उनीहरूले दुर्व्यवहार गरे। प्रहरीले तोडफोडको आरोपमा इटहरा-८ का चन्द्रबहादुर भण्डारीलाई सोही दिन गिरफ्तार गऱ्यो। उनलाई इलाका प्रहरी कार्यालय, उर्लाबारीले सार्वजनिक मद्दाअन्तर्गत कारबाही चलायो।

१.६ सुनसरी

जनसङ्ख्या : ६,२५,६३३
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३१
क्षेत्रफल (वर्ग कि. मि.) : १,२५७
गाविस/नपा सङ्ख्या : ४९/३
सरकारी/निजी विद्यालय : ४४५/५३
क्याम्पस/उच्च मा.वि. : ११/२४
अस्पताल/स्वास्थ्य चौकी : ३/५७
मोटर सडक (कि. मि.) : ४७५
प्रहरी कार्यालय सङ्ख्या : ३२
मानव विकास सूचकाङ्क : ०.५००
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

इनरुवा नपा-८ का १८ वर्षीय हरि मेहता र बबिया गाविस-८ का १६ वर्षीय श्यामसुन्दर मेहताको ०६३ माघ १८ गते सशस्त्र प्रहरी र जनपथ प्रहरीको संयुक्त टोलीले सदरमुकाम इनरुवामा मधेसी जनअधिकार फोरमको जुलुस प्रदर्शनका क्रममा चलाएको गोली लागि मृत्यु भयो। मृतकहरूको माघ १९ गते जिल्ला अस्पताल, इनरुवामा पोस्टमार्टम भयो। सोही दिन पीडितका आफन्तले लासको दाहसंस्कार गरे।

इनरुवा नपा-५ की ७० वर्षीया कुस्मीदेवी सदा ०६४ साउन १७ गते सडक अवरुद्ध गरी प्रदर्शन गर्दा प्रहरीले फ्याँकेको पानीको फोहराबाट घाइते भएकामा उपचारका क्रममा जिल्ला अस्पताल, इनरुवामा उनको

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	८	६	३		९				३	३	१		३
घाइते	७	८	२		१०	१	३	३	१	५			५
गिरफ्तारी/यातना									१	५			५
कुटपिट	५	४	१		५				३	३			३
धम्की	२	२			२	१	६	६					
भेला/सङ्गठित हुने अधिकार									४	११	२	३३	४५
महिलाअधिकार	१०		११		११								
बालअधिकार	३१		३३		३३								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	४	६			६								
अपहरण	३१	३०	१		३१								
जम्मा	७८	५६	४०		९६	३	९	९	११	३६	३	३३	६१

मृत्यु भयो। बाढीपीडितले पाउनुपर्ने राहतको माग राख्दै भएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेको थियो। लासको पोस्टमार्टम नगरी आफन्तले दाहसंस्कार गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

बबिया गाविस-२ का जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) सैन्य फाँटका कार्यकर्ताहरू २५ वर्षीय राजकुमार मेहता र भोक्राहा गाविस-१ का २२ वर्षीय जगदीश मेहताले आर्थिक अनियमितता गरेको आरोपमा ०६४ असोज ७ गते ज्वाला सिंहका कार्यकर्ताले बबिया र सत्तेरभोराको सिमानामा धारिलो हतियारले घाँटी रेटेर उनीहरूको हत्या गरे। प्रहरीले जिल्ला अस्पताल, इनरुवामा लासको पोस्टमार्टम गरी परिवारको जिम्मा लगायो।

विराटनगर उमनपा-१३ निवासी काङ्ग्रेस कार्यकर्ता ५५ वर्षीय किरण अर्याललाई ०६४ पुस ६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले राजगञ्ज सिनुवारी गाविस-२ बाट नियन्त्रणमा लिई सोही स्थानमा गोली हानी हत्या गरे। पीडितलाई कामबाट घर फर्कंदै गरेको अवस्थामा नियन्त्रणमा लिइएको थियो। कोसी अञ्चलमा लासको पोस्टमार्टम गरी भोलिपल्ट परम्परा अनुसार मृतकका परिवारजनले दाहसंस्कार गरे। सोही घटनामा किरणका भाइ ५० वर्षीय आशीष अर्याले लगाएको लुगाभित्र बम राखिदिएका थिए। उनले बम निकालेर फ्याँक्ने क्रममा विस्फोट हुँदा हात र शरीरका विभिन्न भागमा चोट लागी उनी घाइते भए। पीडितको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो।

अन्यबाट

नरसिंह गाविस-८ का १९ वर्षीय सन्तोष साहको ०६४ वैशाख १४ गते भारतीय सीमा सुरक्षाकर्मीले सोही गाविस- ७ मा कोखामा छुरा प्रहार गरी हत्या गरे। भारतीय सीमा सुरक्षाकर्मीले पीडितलाई भारतबाट अवैध रूपमा मल नेपाल ल्याएको आरोप लगाइएको छ। पीडितको लास नेपाल प्रहरीले जिल्ला अस्पताल इनरुवामा ल्याई पोस्टमार्टमपछि परिवारको जिम्मामा दियो।

दोहोरो झडपबाट

प्रकाशपुर गाविस-७ निवासी माओवादी इञ्चार्ज २७ वर्षीय हरि बस्नेतको ०६३ फागुन २८ गते मधेसी जनअधिकार फोरमले इनरुवा नपा-६ स्थित बसचोकमा आन्दोलन गरिरहेको अवस्थामा दोहोरो झडपमा परी मृत्यु भयो। पीडितको टाउको र अनुहारमा धारिलो हतियारले प्रहार गरिएको थियो। हत्याको कसैले जिम्मेवारी लिएन।

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	वाईसीएलबाट			जतमुमो (ज्वाला सिंह) बाट				जतमुमो (गोइत) बाट		
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या				३	३		३			
घाइते				३	३		३			
कुटपिट	१	१	१							
धम्की	१	१	१							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१	१	३	५		५			
अपहरण	६	७	७	८	१०	१	११	१	१	१
जम्मा	९	१०	१०	१५	३०	१	३१	१	१	१

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

दुहवी गाविस-४ का २८ वर्षीय कृष्ण चौधरी, सोनापुर गाविस-१ का ३० वर्षीय आशाराम शर्मा, सोही गाविस-३ का २५ वर्षीय रवीन हलुवाई र दुहवी गाविस-३ का ३२ वर्षीय मोहमद रम्जाक ०६३ फागुन २४ गते प्रहरीले चलाएको गोली लागी घाइते भए। मधेसी जनअधिकार फोरमले बन्द गरेको अवस्थामा प्रहरीले यातायातलाई स्कर्टिङ् गराउने क्रममा दुहवी बजार परिसरमा फोरम कार्यकर्ताले ढुङ्गा प्रहार गर्दा प्रहरीले गोली प्रहार गरेको थियो। घाइतेहरूको उपचार सामुदायिक अस्पताल, दुहवी तथा धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

विराटनगर उमनपा-१ निवासी सुनसरी हरिनगरा गाविसका सचिव ४८ वर्षीय सुरेश काफ्लेलाई ०६४ जेठ ३० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले भुटाहा गाविस-७ को एकान्त बाँधमा मोटरसाइकल रोक्न लगाई गोली प्रहार गरी घाइते बनाए। पीडितको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

आफ्नै बमबाट

सङ्खुवासभा जिल्ला नुनढाकी गाविसका १६ वर्षीय दावा वाङ्दी शेर्पा, धरान नपा-१९ का १९ वर्षीय प्रमोश तामाङ र इलाम चुलाचुलीका मोहन किराँती ०६३ फागुन ११ गते आफैंले बोकेको बम धरान नपा-१९ जिमीचोकमा विस्फोट हुँदा छर्रा लागि घाइते भए। उनीहरू चुलाचुलीमा अवस्थित माओवादी बेस क्याम्पबाट बम लिएर भागेका थिए। घाइतेहरूको उपचार धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो।

बेवारिसे बम विस्फोटबाट

मधुवन गाविस-९ का कवाडी सामान बिक्रेता ३६ वर्षीय महम्मद मन्सुरी ०६४ पुस १४ गते इनरुवा नपा-५ स्थित प्रेम कवाडी केन्द्रमा रहेको बेवारिसे सुतली बम फ्याँक्ने क्रममा विस्फोट हुँदा दाहिने तिघ्रामा छर्रा लागि घाइते भए। पीडितको उपचार जिल्ला अस्पताल, इनरुवामा भयो।

बेपत्ता/अपहरण

वाईसीएलबाट

झापा लखनपुर गाविस-३ का ३२ वर्षीय किशोर राई र गौरादह गाविस-४ का ३५ वर्षीय चन्द्रबहादुर न्यौपानेलाई ०६४ वैशाख २२ गते वाईसीएल कार्यकर्ताले हिन्दू सापेक्ष राज्यको प्रचारप्रसारको पम्पलेटसहित इटहरी नपास्थित सगरमाथा लजबाट अपहरण गरे। पीडितहरूलाई सोही दिन इटहरीबाट मुक्त गरे।

धरान नपा-१९ का ४५ वर्षीय तेजबहादुर राईलाई व्यक्तिगत रिसइवीका कारण ०६४ वैशाख २२ गते वाईसीएल कार्यकर्ताले धरान नपा-१३ बाट अपहरण गरे। पीडितलाई सोही दिन धरान नपा-८ बाट मुक्त गरे।

तालिका : ३

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	मधेसी जनअधिकार फोरमबाट			मधेसी मुक्ति टाइगर्सबाट		
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
धम्की	१	१	१			
अपहरण	१	२	२	३	७	७
जम्मा	२	३	३	३	७	७

बराहक्षेत्र गाविस-१ का २८ वर्षीय बालगोपाल श्रेष्ठले माओवादीका नाममा चन्दा असुलेको र सिमकार्डको गैरकानुनी व्यापार गरेको आरोपमा ०६४ जेठ २ गते उनलाई वाईसीएल कार्यकर्ताले बराहक्षेत्र गाविस-१ चतराबाट अपहरण गरे। पीडितलाई परिवारको रोहबरमा चतरास्थित वाईसीएल सम्पर्क कार्यालयबाट जेठ ११ गते मुक्त गरे।

धटकुटा नपा-२ का ३५ वर्षीय रामबहादुर राई लुटपाटमा संलग्न रहेको आरोपमा ०६४ जेठ ११ गते उनलाई वाईसीएल कार्यकर्ताले बराहक्षेत्र गाविस-१ चतराबाट अपहरण गरे। पीडित सोही दिन उनीहरूको कब्जाबाट भागी परिवारको सम्पर्कमा पुगे।

इटहरी नपा-४ का ३८ वर्षीय मेहरमान इजमले भतिजा-भतिजीहरूलाई कुटपिट तथा यातना दिने गरेको आरोपमा ०६४ जेठ २३ गते उनलाई वाईसीएल कार्यकर्ताले घरबाटै अपहरण गरे। पीडितलाई जेठ २४ गते मानवअधिकारकर्मीको रोहबरमा इटहरी नपा-४ बाट मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

सत्तेरझोरा गाविस-६ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का सैन्य कमाण्डर कर्णवीर भनिने ३७ वर्षीय विजय सरदारलाई ०६४ असार ३१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले सोहीबाट ठाउँबाट अपहरण गरे। पीडितलाई असार ३२ गते मानवअधिकारकर्मीको रोहबरमा सत्तेरझोरा गाविसबाट मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

इलाम निवासी माओवादीको सुनसरी ३ नं. क्षेत्रीय संयोजकका रूपमा कार्यरत ३४ वर्षीय भूगोल राईलाई ०६३ फागुन २६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सत्तेरझोरा गाविस-९ मझौबाट अपहरण गरे। पीडितलाई फागुन २७ गते सत्तेरझोराको जनता माविबाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

काभ्रे जिल्ला बनेपा नपा-११ निवासी इनरुवा जिविसका प्राविधिक कर्मचारी ४५ वर्षीय पर्शुराम बैदवार, इनरुवा नपा-१० बलाहाका छिटाहा गाविस सचिव ३८ वर्षीय सरोज भट्टराई तथा सोही गाविस-९ का हुलाक कर्मचारी ४२ वर्षीय सोमप्रसाद पोखरेललाई ०६३ फागुन २८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले छिटाहा गाविसबाट नागरिकता वितरण गरी घर फर्कने अवस्थामा सत्तेरझोरा गाविस-९ मझौबाट अपहरण गरे। पीडितहरू चैत ३ गते मानवअधिकारकर्मीको रोहबरमा सत्तेरझोरा गाविसबाट मुक्त भए।

प्रकाशपुर गाविस-७ का माओवादी जिल्ला सदस्य राजन भनिने ३२ वर्षीय ध्रुव कटुवाललाई ०६३ फागुन २८ गते छिटाहा गाविसबाट आफ्नो काम सकेर घर जाने क्रममा इनरुवा नपा-६ सुनसरी खोलाछेउबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले इनरुवा नपा-६ बाट अपहरण गरे। पीडितलाई चैत २ गते सत्तेरझोराको हलैया भन्ने ठाउँबाट मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

इनरुवा नपा-८ निवासी शिक्षक ३६ वर्षीय गणेश मेहतालाई ०६३ चैत ८ गते जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वाला सिंह) का दुई जना कार्यकर्ताले घरबाटै अपहरण गरे। पीडितलाई विद्यालयमा आर्थिक हिनामिना गरेको आरोप लगाइएको थियो। पीडित भोलिपल्ट मानवअधिकारकर्मीको रोहबरमा सत्तेरझोरा गाविसबाट मुक्त भए।

इनरुवा नपा-५ का २१ वर्षीय भूपाल राजभर र सोही ठाउँकी १८ वर्षीया सुनिता राजभरलाई ०६३ चैत २७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले बबिया गाविस-१ बजारबाट अपहरण गरे। उनीहरूलाई यौन दूराचार गरी समुदायमा विकृति फैलाएको आरोप लगाइएको थियो। पीडितहरूको विवाह गराई भोलिपल्ट परिवारको रोहबरमा इनरुवा नपाबाट मुक्त गरे।

प्रहरीको गोलीबाट मारिएका हरि मेहता

मध्यहर्षाही गाविस-९

निवासी वकिल ४० वर्षीय बलराम मेहतालाई ०६४ असार १९ गते किशोर-किशोरीको नाता कायमसम्बन्धी मुद्दाको विषयमा छलफल गर्ने क्रममा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले इनरुवा नपा-१ बजारबाट अपहरण गरे। पीडितलाई सोही दिन मानवअधिकारकर्मीको रोहबरमा बबिया गाविसबाट मुक्त गरे।

मधुवन गाविस-३ निवासी मध्यहर्षही गाविस सचिव ४५ वर्षीय नरेन्द्र श्रेष्ठले गाविसको रकम हिनामिना तथा भ्रष्टाचार गरेको आरोपमा ०६४ साउन ४ गते उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले भोक्राहा गाविसबाट अपहरण गरे। पीडितलाई सोही दिन नरसिंह गाविस-३ बाट मुक्त गरे।

भोक्राहा गाविस-४ का ४२ वर्षीय लोकेन्द्र डाँगीले सर्वसाधारणलाई बढी ब्याजमा ऋण दिई ठगी गरेको आरोपमा ०६४ साउन १९ गते उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सोही गाविस-३ बाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीको रोहबरमा कप्तानगञ्ज गाविसबाट मुक्त गरे।

मधेसी मुक्ति टाइगर्सबाट

हरिपुर गाविस-१ का २० वर्षीय लक्ष्मण राई, २७ वर्षीय लखमान राई, ३२ वर्षीय हरिबहादुर राई, १९ वर्षीय गोविन्द लिम्बू र ५५ वर्षीय अमर तामाङलाई ०६३ फागुन १६ गते मधेसी मुक्ति टाइगर्सका हतियारधारी कार्यकर्ताले घरबाटै अपहरण गरे। उनीहरूलाई घरजग्गा खाली गर्ने उर्दी जारी गरेका थिए। पीडितहरू हरिपुर गाविसको कोसी ब्यारेजबाट मानवअधिकारकर्मीको रोहबरमा फागुन १९ गते मुक्त भए।

मधुवन गाविस-९ का ५५ वर्षीय केदार विष्टलाई ०६४ जेठ १० गते मोटरसाइकलमा घर जाँदै गर्दा मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले मधुवन बजारछेउबाट अपहरण गरे। पीडितलाई सुरक्षाकर्मीले जेठ १४ गते कोसी टप्पु क्षेत्रबाट अपहरणकारीको कब्जाबाट मुक्त गराई सोही दिन परिवारको जिम्मा लगाए।

इनरुवा नपा-७ का ७३ वर्षीय कमलबहादुर कटुवाललाई ०६४ पुस १ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ता बताउने पाँच/छ जनाको हतियारधारी समूहले सत्तेरझोरा गाविस-६ बाट अपहरण गऱ्यो। उनी सोही गाविसमा रहेको खेत हेर्न गएका थिए। पीडितलाई पुस २ गते स्थानीय गाउँलेको उपस्थितिमा सोही गाविसबाट मुक्त गरे।

मधेसी जनअधिकार फोरमबाट

हाँसपोसा गाविस-२ तरहराका श्रीसिसा राई र इटहरी नपा-४ का रामप्रसाद सिग्देललाई ०६४ जेठ ८ गते मधेसी जनअधिकार फोरमले गरेको बन्दका बखत *श्रीजनमत* दैनिकको काम विशेषले आउँदै गर्दा फोरम कार्यकर्ताले दुहवी गाविसबाट अपहरण गरे। पीडित पत्रकारद्वयलाई सोही दिन दुहवी गाविसबाट मुक्त गरे।

प्रहरीद्वारा मारिएका श्यामसुन्दर मेहता

अन्यबाट

राजगञ्ज सिनुवारी ८ का माओवादी जिल्ला कमिटी सदस्य सागर भनिने अमरेशकुमार मेहतालाई ०६४ असार ३० गते भारतीय तस्कर समूहले अवैध रूपमा सुपारी भारततर्फ लैजाने क्रममा दोहोरो झडपपछि कप्तानगञ्ज गाविसबाट अपहरण गरे। पीडितलाई साउन २ गते खनार गाविसबाट मुक्त गरे।

इटहरी नपा-४ निवासी होलसेल ब्याग व्यापारी २८ वर्षीय गणेश पोखरेललाई ०६४ साउन ३१ गते अज्ञात हतियारधारी समूहले श्रीपुर गाविस-९ शिवचोकबाट भाण्टाबारीदेखि इटहरीतर्फ आउँदै गर्दा अपहरण गरे। पीडित अपहरणकारीको नियन्त्रणबाट साउन ३२ गते भागेर परिवारको सम्पर्कमा आए।

धरान नपा-८ निवासी ५० वर्षीय निरकुमार राजभण्डारीलाई अज्ञात समूहले मनिङ्वाक गर्न गएको अवस्थामा ०६४ असोज २४ गते सोही नपा– १५ बाट अपहरण गरे। पीडित फिरौती बापत ७ लाख रुपियाँ दिएर सोही दिन मुक्त भएको पीडित आफैंले बताए ।

सप्तरीको हनुमाननगर गाविस- ५ निवासी ६० वर्षीय उद्योगपति सीताराम कावरा इटहरीबाट काम सकेर घरतर्फ जाँदै गर्दा हरिपुर गाविस-९ भाण्टाबारीबाट अज्ञात हतियारधारी समूहले ०६४ कात्तिक १५ गते गाडी रोक्न लगाई अपहरण गरे। पीडितलाई सोही दिन प्रहरीले लौकही गाविसबाट मुक्त गराए।

धम्की/कुटपिट

राज्यबाट

काठमाडौँ जिल्ला ताथली गाविस– ५ का १४ वर्षीय दिलकुमार तामाङलाई राजविराज नपा-

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा मारिएका किरण अर्याल

१० निवासी प्रहरी जवान ३३ वर्षीय वीरेन्द्रकुमार यादवले चार सय रुपियाँ र साइकल लिई भागेको आरोपमा ०६४ भदौ १६ गते कुटपिट गरे। पीडकलाई जिल्ला प्रहरी कार्यालय इनरुवाबाट कारबाही भयो।

इटहरी नपा-८ निवासी पत्रकार महासङ्घ सुनसरीका सभापति ४० वर्षीय गोविन्द घिमिरेलाई डीआईजी ठाकुरमोहन श्रेष्ठको समाचार प्रकाशन गरेको आरोपमा ०६४ मङ्सिर ८ गते सशस्त्र प्रहरीका डीएसपी जनक पुरीको नेतृत्वमा गएको प्रहरी टोलीले कुटपिट गऱ्यो। पीडकलाई घटनापछि सरुवा गरियो।

मध्यहर्षही गाविस-७ निवासी २४ वर्षीय पत्रकार वीरेन्द्र केएम समाचार सङ्कलन गर्न गएको अवस्थामा ०६४ मङ्सिर २० गते सशस्त्र प्रहरीका जवानहरूले इनरुवा बजारमा कुटपिट गरी सञ्चार सामग्रीसमेत खोसे।

माओवादीबाट

इलाका प्रहरी कार्यालय, इटहरी नपाले आयोजना गरेको रेस्टुरेन्ट र होटलसम्बन्धी अन्तरक्रिया कार्यक्रममा पत्रकारहरू शालिग्राम पाण्डे, अर्जुन अधिकारी, अमर खड्का, चेतन धमला, शेखर अधिकारी तथा कृष्ण भट्टराईले समाचार छापेको आरोपमा ०६३ चैत ७ गते उनीहरूलाई माओवादीनिकट होटल व्यवसायी सङ्गठनका कोषाध्यक्ष ३७ वर्षीय रितेश श्रेष्ठले सोही ठाउँमा मार्ने धम्की दिए।

वाईसीएलबाट

इनरुवा नपा-३ निवासी *ब्लास्ट* दैनिकका इनरुवा प्रतिनिधि ४२ वर्षीय राजन निरौलाले 'वाईसीएलले ज्यादती गऱ्यो' भनी समाचार लेखेको आरोपमा ०६४ भदौ ९ गते डुम्राहा गाविस-६ निवासी वाईसीएल कार्यकर्ता बताउने ३४ वर्षीय रूपेश साहले फोन गरी मार्ने धम्की दिए।

धरान नपा-१४ विजयपुरका ३० वर्षीय गोपाल श्रेष्ठले मदिरा सेवन गरेको आरोपमा ०६४ भदौ २२ गते उनलाई वाईसीएल कार्यकर्ताहरूले बाँसको भाटा, मुक्का र लात्तीले कुटपिट गरी घाइते बनाए। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

धरान नपा-१६ निवासी ५६ वर्षीय कुमारबहादुर कार्कीलाई शाही समर्थक भई जनआन्दोलनको समयमा दमन गरेको आरोपमा ०६४ असोज २४ गते वाईसीएल कार्यकर्ताले घरबाटै कब्जामा लिई मोसो दलेर नगर परिक्रमा गराए।

मधेसी जनअधिकार फोरमबाट

विराटनगर उमनपा-५ घर भई हाल इनरुवा नपा-७ बस्ने ३५ वर्षीय वेदराज पौडेलले मधेसी जनअधिकार फोरमका बारेमा *कान्तिपुर* दैनिक र एफएममा समाचार प्रसारित नगराएको आरोपमा ०६३ माघ १५ गते उनलाई इनरुवा नपा-८ का ३५ वर्षीय नन्दलाल मेहताले मोबाइल फोनबाट गालीगलौज गरी मार्ने धम्की दिए। पीडित सो घटनापश्चात् विस्थापित भई विराटनगर गए।

गैरकानुनी गिरफ्तारी

इनरुवा नपा-९ बलाहा निवासी उप्का नेपाल इनरुवाका कार्यक्रम संयोजक ३८ वर्षीय भेषराज पोखरेल, सोही ठाउँ वार्ड नं. ६ की ३२ वर्षीया सतनीदेवी राम, २६ वर्षीया मीना देवी राम र सोही ठाउँ वार्ड नं. ३ का ३५ वर्षीया सावित्री सदालाई ०६४ साउन १६ गते बाढीपीडितहरूको राहतसम्बन्धी वकालत तथा अगुवाई गरेको आरोपमा प्रहरी जवानले जिल्ला प्रशासन परिसर तथा बस चोकबाट गिरफतार गरे। पीडितमध्ये तीन जना महिलालाई साउन १७ गते रिहा गरे भने पोखरेललाई २१ गते २ हजार धरौटीमा जिल्ला प्रहरी कार्यालय इनरुवाबाट रिहा गरे।

सप्तरी लोहजरा गाविस-४ का २८ वर्षीय राजकुमार यादव र सोही ठाउँकी मधेसी मुक्ति टाइगर्सकी कार्यकर्ता १५ वर्षीया शर्मिला रामलाई ०६४ जेठ १४ गते प्रहरीले केदार विष्टलाई कोसी टप्पु क्षेत्रमा लुकाइराखेको सुराकका आधारमा दोहोरो भिडन्तपछि हरिपुर गाविस-१ बाट गिरफ्तार गरे। पीडितलाई जिल्ला अदालतको आदेशमा जेठ २८ गते पुर्पक्षका लागि जेल चलान गरियो।

इनरुवा नपा-६ का मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताहरू २५ वर्षीय रञ्जित मेहता, भारतको बिहार प्रदेश सकरपुरा बत्तियारपुर घर भई इटहरी नपा-८ निवासी २४ वर्षीय ओम मण्डल, मोरङ टङ्कीसिनुवारी गाविस-३ निवासी २८ वर्षीय विश्वेश्वर यादव, सप्तरी पोर्ताहा गाविस-६ निवासी २६ वर्षीय रामेश्वर मण्डल र सोही ठाउँका २८ वर्षीय अजितकुमार मण्डललाई ०६४ मङ्सिर १० गते दुहवी गाविस-७ बजारबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई हातहतियार तथा खरखजानासम्बन्धी मुद्दामा मङ्सिर २० गते

पुर्पक्षका लागि विराटनगर जेल चलान गऱ्यो।

पूर्वकुशाहा गाविस-१ निवासी मधेसी मुक्ति टाइगर्स एरिया इञ्चार्ज ३१ वर्षीय कृष्ण भन्ने हरेराम मण्डल र नरसिंह गाविस-५ निवासी टाइगर्सको सैन्य कमाण्डर बारुद सिंह भन्ने विष्णुदेव यादवलाई विभिन्न आतङ्ककारी गतिविधिमा संलग्न भएको आरोपमा ०६४ पुस ३ गते दुहवी गाविसबाट प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूलाई पुस १० गते प्रहरीले पुर्पक्षका लागि मोरङ कारागार शाखा, विराटनगर पठायो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

इनरुवा नपा-८ का विपीन साह, बबिया गाविस-८ का रामी मेहता, इनरुवा नपा-६ का जगन्नाथ मण्डल, डुम्राहा गाविस-९ का राजकुमार मेहता, इनरुवा नपा-६ का मुनाई मेहता, बबिया गाविस-१ का शिवनारायण मेहता, सत्तेरझोरा गाविस-३ का तेतर साह, सोही ठाउँका लक्ष्मी सरदार, खुसाई सरदार, भोक्राहा गाविस-९ का समरु मियाँ, भुताहा गाविस-८ का फुलेश्वर मलाहा, बबिया गाविस-५ का कुसुमलाल खत्वे, भोक्राहा गाविस-२ का अजमल हुसेन, सोही ठाउँका रामजतन मण्डल, श्रीपुर गाविस-५ का ओमप्रसाद यादव, इनरुवा नपा-४ का गन्नु मण्डल, इनरुवा नपा-१ का सुशीलकुमार मेहता, हरिनगरा गाविस-३ का सुकराम राम, इनरुवा नपा-६ का शिवचरण यादव, भोक्राहा गाविस-७ का मायालाल उराँव, बबिया गाविस-८ का रामी मेहता, डुम्राहा गाविस-८ का उपेन्द्र मेहता, भोक्राहा गाविस-८ का सीताराम मेहता, नरसिंह गाविस-३ का राजेन्द्रप्रसाद मेहता, डुम्राहा गाविस-९ का छुतहरु खत्वे, सत्तेरझोरा गाविस-३ का शिवनारायण यादव, इनरुवा नपा-८ का विद्धिलाल मेहता, सोही ठाउँका सुरेश मेहता, इनरुवा नपा-६ का संसाद अन्सारी, इनरुवा नपा-४ का रामकुमार पण्डित, सत्तेरझोरा गाविस-३ का दुखाई सरदार र नरसिंह गाविस-६ का भोला यादव ०६३ माघ १८ गते मधेसी जनअधिकार फोरमले मधेसीहरूको माग राखी प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरी अन्धाधुन्ध गोली र लाठी चार्ज गर्दा घाइते भए। पीडितहरू मधेसी जनअधिकार फोरमका कार्यकर्ता हुन्। घाइतेहरूको उपचार जिल्ला अस्पताल, इनरुवा र धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो।

इनरुवा नपा-६ का २९ वर्षीय महेन्द्र पौदार, सोही गाविस-१ का ३२ वर्षीय सूर्यकुमार ठाकुर र बबिया गाविस-४ का ३५ वर्षीय जयनारायण यादवलाई ०६३ माघ १९ गते मधेसी जनअधिकार फोरमको आन्दोलनमा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। घाइतेहरूको उपचार जिल्ला अस्पताल, इनरुवामा भयो।

सोनापुर गाविसस्थित अरिहन्त मल्टी फाइवर प्रालिका मजदुर ३० वर्षीय गोपीकृष्ण खतिवडा, २२ वर्षीय टीकाराम खतिवडा, ३५ वर्षीय प्रदीप चौधरी, ३५ वर्षीय सोमबहादुर विक र ३५ वर्षीय कृष्णहरि दनुवारलाई ०६४ वैशाख ७ गते दैनिक ज्यालावृद्धि र महँगी भत्ता वृद्धिको माग राखी आन्दोलन गरिरहेका बेला प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरू धरौटीमा अदालतको आदेशअनुसार वैशाख २३ गते जिल्ला प्रहरी कार्यालय, इनरुवाबाट रिहा भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा गराइएको बम विस्फोटबाट घाइते आशीष अर्याल

इटहरी नपा-१ निवासी २८ वर्षीय माओवादी कार्यकर्ता राजेश श्रेष्ठ, झापा जिल्ला आँपगाछी गाविस-५ का प्रदीप श्रेष्ठ, सोही ठाउँका २५ वर्षीय चन्दन साह, प्रकाशपुर गाविस-५ का घनश्याम मण्डल, सोही गाविस-१ का रितेश श्रेष्ठ, पूर्वकुशाहा गाविस-४ का २५ वर्षीय विश्वजीत थारु, झापा जिल्ला महारानीका विशाल वली, सोही गाविस-२ का भविन्द्र आचार्य, सन्तोष न्यौपाने, भोजराज कोइराला, प्रकाशपुर गाविस-५ का लक्ष्मण राई, देवकुमार खड्का, इटहरी नपा-६ का अशोक चौधरी, उपेन्द्रकुमार श्रेष्ठ र सोही गाविस-७ का मीनबहादुर तामाङलाई ०६४ असार १० गते गिरफ्तार गरिएको थियो। इटहरी बजार बन्द तथा यातायात अवरोध गर्ने क्रममा सुरक्षाकर्मीले इटहरी बजार परिसरबाट उनीहरूलाई गिरफ्तार गरेको थियो। पीडितहरू सोही दिन मानवअधिकारकर्मीको रोहबरमा जिल्ला प्रहरी कार्यालय, इनरुवाबाट रिहा भए।

इनरुवा नपा-९ बलाहा निवासी, उप्का नेपाल इनरुवाका कार्यक्रम संयोजक ३८ वर्षीय भेषराज पोखरेल, सोही गाविस-६ की ३२ वर्षीया सतनीदेवी राम, २६ वर्षीया मीनादेवी राम र सोही गाविस-३ का ३५ वर्षीया सावित्री सदालाई ०६४ साउन १६ गते बाढीपीडितहरूको राहतसम्बन्धी वकालत तथा अगुवाइ गरेको आरोपमा प्रहरीले जिल्ला प्रशासन परिसर तथा बस चोकबाट गिरफ्तार गरे। पीडितमध्ये तीन जनालाई भोलिपल्ट रिहा गरे भने पोखरेल २१ गते दुई हजार धरौटीमा जिल्ला प्रहरी कार्यालय, इनरुवाबाट रिहा भए।

इनरुवा नपा-६ निवासी ३२ वर्षीय डोमा मन्सुरी, सोही ठाउँका ३० वर्षीय दिलीप मण्डल,

मधेसी मुक्ति टाइगर्सद्वारा अपहरण गरिएका कमलबहादुर कटवाल

घनश्याम ठाकुर, सोही नपा-५ की सीता शर्मा, हँसियादेवी सदा, सोही नपा-६ का सन्तोष मेहता, शुकदेव ऋषिदेव, सोही ठाउँ ५ का देविनन्दन सदा, मनोज मेहता, दीपेन्द्र सदा, बुधसेन खत्वे र सुमित्रा शर्मालाई ०६४ साउन १६ गते बाढीपीडितले पाउनुपर्ने राहतको माग गर्दै सडकमा प्रदर्शन गरिरहेका बेला प्रहरीले हस्तक्षेप गरी अन्धाधुन्ध लाठीचार्ज गर्दा घाइते भए। पीडितहरूको उपचार जिल्ला अस्पताल, इनरुवामा भयो।

पूर्वकुशाहा गाविस-१ निवासी मधेसी मुक्ति टाइगर्सका कार्यकर्ता ३५ वर्षीय मनोज यादव, सोही ठाउँका ३२ वर्षीय प्रभातकुमार यादव, कप्तानगञ्ज गाविस-३ निवासी २९ वर्षीय भुवन मेहता र सोही गाविस-६ निवासी ३४ वर्षीय अजय मेहतालाई पाँचदिने मधेस बन्दको प्रचार-प्रसार गरेको आरोपमा ०६४ भदौ ६ गते सई सुनिल यादवको नेतृत्वमा गएको प्रहरी टोलीले गिरफ्तार गऱ्यो। उनीहरूलाई प्रशासनको आदेशमा भदौ ७ गते विराटनगरस्थित मोरङ कारागार चलान गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गतवर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दातर्फ २ सय ४८ थान र यस वर्ष दर्ता भएका १ सय ९६ थान गरी जम्मा ४ सय ४४ थान मुद्दामध्ये १ सय २६ थान फर्स्यौट भए। यसैगरी, सरकारी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ७५ थान र यस वर्ष दर्ता भएका ८२ थान गरी जम्मा २ सय ५७ थान मुद्दामा ७१ थान मुद्दा फर्स्यौट भए। देवानी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका ६ सय ३६ थान र यस वर्ष दर्ता भएका ३ सय ५२ थान गरी जम्मा ९ सय ८८ थान मुद्दामध्ये २ सय २८ थान मुद्दा फर्स्यौट भए। यस वर्षको अन्त्यसम्मा जम्मा १ हजार २ सय ५४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यस वर्ष जिल्लामा वृद्धा, विधवा, ज्येष्ठ र अशक्तका लागि २ करोड ६२ लाख २० हजार रुपियाँ निकासा भएकामा २ करोड १५ लाख ३५ हजार ८ सय ५० रुपियाँ वितरण भयो भने ४६ लाख ८५ हजार १ सय ५० रुपियाँ बाँकी रहयो।

बालअधिकार

इटहरी नपा-३ की १६ वर्षीया एक बालिकालाई ०६३ फागुन १० गते सोही नपा-३ का २५ वर्षीय नवीन लिम्बू र ३० वर्षीय पदम लिम्बूले ट्युसन पढेर घर फर्कने क्रममा एकान्त भएको ठाउँमा बलात्कार गरे। पीडकलाई जिल्ला अदालतको आदेशमा फागुन २१ गते मोरङ कारागार शाखा विराटनगर पठाइयो।

काठमाडौँ जिल्ला ताथली गाविस-५ का १४ वर्षीय दिलकुमार तामाङलाई ०६४ भदौ १६ गते राजविराज नपा-१० निवासी प्रहरी जवान ३३ वर्षीय वीरेन्द्रकुमार यादवले ४ सय रुपियाँ र साइकल लिई भागेको आरोपमा कुटपिट गरे। पीडकलाई जिल्ला प्रहरी कार्यालय इनरुवाबाट कारबाही भयो।

पकली गाविस-५ की १२ वर्षीया एक बालिकालाई ०६४ मङ्सिर ७ गते सोही गाविस-३ बस्ने २० वर्षीय भहदिश मियाँ, सोही ठाउँका १८ वर्षीय नवि मियाँ र २२ वर्षीय मो. मखबुल मियाले कोही नभएको अवस्थामा घरबाट उठाएर एकान्तमा पुऱ्याई सामूहिक बलात्कार गरे। पीडकहरूमध्ये दुई जनालाई इलाका प्रहरी कार्यालय पकलीको हिरासतमा राखिएको छ।

धरान नपा-८ की १६ वर्षीया एक बालिकालाई सोही ठाउँका १९ वर्षीय महेश दर्जी, २० वर्षीय सविन कार्की र सोही नपा-१७ बस्ने २२ वर्षीय रमेश तामाङले मैनबत्ती किन्न पसल गएको अवस्थामा ०६४ पुस ५ गते नियन्त्रणमा लिई बलात्कार गरे। पीडकहरूलाई कानुनी कारबाही भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार ओसारपसार

काठमाडौँ बालाजुकी २८ वर्षीया गङ्गा तामाङ र धरान नपा-१६ की १६ वर्षीया रमिता राणालाई मोरङ बेलबारी गाविस-३ निवासी राधा लामाले फिल्ममा नायिका बनाइदिने प्रलोभन देखाई भारततर्फ लान तयार हुँदा ०६४ मङ्सिर १९ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडकलाई कानुनी कारबाही भयो।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

विष्णुपादुका गाविस-४ की २१ वर्षीया महिला र बराहक्षेत्र गाविस-५ की १९ वर्षीया एक किशोरीलाई ०६४ वैशाख १ गते सोही ठाउँका २४ वर्षीय दिनेश भट्टराई, १८ वर्षीय प्रल्हाद खड्का तथा सोही गाविस-१ का मुकेश तामाङले चतरास्थित अर्धकुम्भ मेलाभरि आफन्तको घर जाँदै गर्दा बाटोमा समाती बलात्कार गरे। पीडकहरूमध्ये दिनेश र प्रल्हादलाई अदालतको आदेशमा वैशाख ३१ गते विराटनगरस्थित कारागारमा थुनाका लागि पठाइयो।

दुहवी गाविस-७ की ४० वर्षीया एक महिलालाई सोही गाविस-२ का ३६ वर्षीय जाहिर मियाँ, सोही ठाउँका ३८ वर्षीय मुस्लिम मियाँ र सोही गाविस-३ का ४२ वर्षीय उस्मान मियाँले घरमा कोही नभएको अवस्थामा ०६४ असोज ४ गते सामूहिक बलात्कार गरे। पीडकहरूलाई कानुनी कारबाही भयो।

पारिवारिक हिंसा

खनार गाविस-५ की १८ वर्षीय जुमा खातुनलाई ०६३ चैत १ गते उनका पति २२ वर्षीय जबुल अन्सारीले दाइजो कम ल्याएको भन्दै कुटपिट, गालीगलौज तथा खान नदिनेजस्ता दुर्व्यवहार गरे। पीडकलाई कानुनी कारबाही भएन।

श्रीपुर गाविस-७ कुम्याहीकी ३२ वर्षीया सावित्री मण्डललाई सोही ठाउँका जेठाजु नाता पर्ने ३८ वर्षीय सत्यनारायण मण्डल, ४३ वर्षीय दिलीप मण्डल र ४५ वर्षीय लक्ष्मण मण्डलले महिला हिंसाविरुद्ध वकालत गरी सामाजिक परम्परा बिगारेको आरोपमा ०६४ कात्तिक २७ गते कुटपिट गरे। पीडकलाई कानुनी कारबाही भएन।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

जिल्ला कृषि विकास कार्यालय इनरुवा सुनसरीको बा.१झ. ५४२९ नम्बरको हरियो रङको पिकअप गाडी धरान नपास्थित सेउती खोलाको पुलनजिकबाट ०६४ असार १५ गते माओवादी छापामारले कब्जामा लिए। उक्त गाडी यस वर्षको अन्त्यसम्म फिर्ता भएको छैन।

वाईसीएलबाट

धरान नपा-१३ का ४५ वर्षीय हरि श्रेष्ठले सोझा जनतामाथि षड्यन्त्र गरेको आरोपमा ०६४ असोज २९ गते सोही ठाउँमा रहेको उनको २ बिघा ६ कट्ठा जग्गा वाईसीएल कार्यकर्ताले झण्डा गाडेर कब्जा गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

विराटनगर उमनपा-१६ निवासी सुनसरी क्षेत्र नं. ५ का काङ्ग्रेस सभापति सुनील पोखरेलले तराईवासीलाई शोषण गरेको आरोपमा ०६४ असोज १ गते नरसिंह गाविस-८ मा रहेको उनको १ सय ८ बिघा जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले झण्डा गाडेर कब्जा गरे।

इनरुवा नपा-४ निवासी भूपू मन्त्री ७९ वर्षीय दिलबहादुर श्रेष्ठ, शाहीकालका मन्त्री ४८ वर्षीय सिनेट श्रेष्ठ र ४५ वर्षीय क्याबिनेट श्रेष्ठको नाममा दर्ता रहेको सोही ठाउँको ३१ बिघा जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले गरिब र दलितलाई शोषण गरेको आरोपमा ०६४ असोज २२ गते पार्टीको झण्डा गाडेर कब्जा गरे।

भोक्राहा गाविस-६ स्थित अच्युत कोइरालाको ४० बिघा जग्गामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले मधेस सरकारलाई कर नबुझाएकाले ०६४ कात्तिक २१ गते मोर्चाको झण्डा गाडेर कब्जा गरे।

वसन्तपुर गाविस-७ सिसुवा धर्मपुर निवासी पूर्वगाविस उपाध्यक्ष ४५ वर्षीय मधुसूदन मण्डलले जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) लाई चन्दा नदिएको आरोपमा ०६४ मङ्सिर ९ गते बिहान मोर्चाका कार्यकर्ताले उनको घरमा बम विस्फोट गराए।

१.७ धनकुटा

जनसङ्ख्या : १,८२,१०७
साक्षरता प्रतिशत : ६४
महिला साक्षरता प्रतिशत : ४५
क्षेत्रफल (वर्ग कि. मि.) : ८९१
गाविस/नपा सङ्ख्या : ३५/१
सरकारी/निजी विद्यालय : ३१५/१२
क्याम्पस/उच्च मा.वि. : १/१२
अस्पताल/स्वास्थ्य चौकी : १/३७
मोटर सडक (कि. मि.) : २४५
प्रहरी कार्यालय सङ्ख्या : १७
मानव विकास सूचकाङ्क : ०.५०७
प्रतिपरिवार सरदर सङ्ख्या : ६

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	२	१	१	२									
घाइते									१	१			१
हिरासत वा थुनामा मृत्यु									१	१			१
कुटपिट	६	९		९	५	१५	१	१६	७	१९	३	३	२५
धम्की					२	४	१	५					
जातीय विभेद	१		१	१									
महिलाअधिकार	१३		१४	१४									
बालअधिकार	३		३	३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१									
अपहरण	२	२		२	१	१		१					
जम्मा	२८	१३	१९	३३	८	२०	२	३३	९	३१	३	३	३७

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

परेवादिन गाविस-४ का १८ वर्षीय जीवन घिमिरे नेपाली सेनाले दूरसञ्चार संस्थानको रिपिटर टावर सुरक्षाका लागि राखिएको माइन विस्फोटमा परी ०६४ असोज ९ गते घाइते भए। उनले आफू मलामी गएर घर फर्कदै गर्दा विस्फोटमा परेको र त्यस क्षेत्रमा माइन रहेको बारे अनभिज्ञ रहेको बताए। उनको उपचार सेनाको २ नं. बाहिनी हिलेको पहलमा धनकुटा अस्पतालमा भयो।

जेल र बन्दीहरू

'घ' श्रेणीको धनकुटा जेलको बन्दी क्षमता २५ जनाको रहे पनि कैद तोकिएका एक जना महिलासहित १५ जना र कैद नतोकिएका २४ जना पुरुष गरेर ३९ जना बन्दीहरू रहेका छन्। पुरानो र जीर्ण अवस्थामा रहेको यो जेलमा धेरै समयदेखि क्षमताभन्दा बढी बन्दीहरू रहेका कारण समस्याहरू देखिदै आएको छ। यस जेलका कोठाहरू साँघुरा र ओसिला रहेका छन्। महिला बन्दीलाई छुट्टै भवन नभएकाले माथिल्लो तलाको एउटा कोठामा राखिने गरेको छ।

महिला बन्दीसँग ६ वर्षीया बालिकासमेत रहेकी छन्। बन्दीहरूलाई नियमानुसार लुगाफाटो दिने गरिएको छ। जेलभित्र र बाहिर गरी जम्मा चार ओटा शौचालय छन्।

धनकुटा नपा-२ घर भई बन्दी जीवन बिताइरहेका ६० वर्षीय प्रेमबहादुर तामाङ रगत बान्ता गरी मूर्च्छित अवस्थामा कारागारको शौचालयमा भेटिएपछि उपचारार्थ विराटनगर लगिएकामा ०६४ भदौ १४ गते उनको मृत्यु भयो। उपचारका क्रममा नै कोसी अञ्चल अस्पताल, विराटनगरमा उनको मृत्यु भएको र लास परिवारलाई जिम्मा लगाइएको कारागार शाखाले जनाएको छ।

धम्की/कुटपिट

राज्यबाट

भेडेटार गाविस-३ सिंसुवाका २१ वर्षीय कपिल सुब्बा, १५ वर्षीय कुमार सुब्बा, १९ वर्षीय सुरेन्द्र सुब्बा, २० वर्षीय सुखध्वज सुब्बा, १९ वर्षीय रुजन सुब्बा र १६ वर्षीय जीगर सुब्बाले स्थानीय युवासँग झगडा गरेको आरोपमा ०६४ वैशाख १५ गते भेडेटार प्रहरी चौकीका प्रमुख बखतबहादुर बस्नेतले प्रहरी चौकीभित्र लगेर कुटपिट गरे। पीडकलाई कारवाही भएन।

पाखीवास गाविस-३ की ४७ वर्षीया पासाङ शेर्पालाई ०६४ वैशाख ३० गते जिल्ला प्रहरी कार्यालय धनकुटाका इन्स्पेक्टर विष्णु कार्कीले प्रहरी कार्यालय, धनकुटाको परिसरमा कुटपिट गरे। शेर्पा आफूलाई सुनसरी जिल्ला चतारीको ३० वर्षीय मित्र मगर भन्ने व्यक्तिले यौन दुर्व्यवहार गरेको घटनाको छानबिनका क्रममा सो कार्यालयमा पुगेकी थिइन्। इन्स्पेक्टरको कुटपिटपछि उनलाई चार घण्टा हिरासतमा राखिएको थियो। इन्सेक तथा महिला सुरक्षा दबाव समूहको पहलमा उनलाई रिहा गरियो। सो घटनाका बारेमा

०६४ जेठ १० गते जिल्ला प्रहरी कार्यालय प्रमुखले माफी मागे।

परेवादिन गाविस सिन्धुवाका २६ वर्षीय अरुण राई, ३८ वर्षीय लाक्पा शेर्पा, १५ वर्षीय दीपक खड्का, २७ वर्षीय सन्तोष श्रेष्ठ, २८ वर्षीय मेनुका पराजुली, १९ वर्षीय लक्की शेर्पालगायत नौ जनालाई सिन्धुवा प्रहरी चौकीका सुरक्षाकर्मीले ०६४ साउन १८ गते बन्दुकको कुन्दा र लौरोले कुटपिट गरे। मादक पदार्थ सेवन गरी आएका सुरक्षाकर्मीले कुटपिट गरेको आरोप स्थानीय बासिन्दाको रहेको थियो। उपचार गराउने सहमतिमा साउन १९ गते दुवै पक्षबीच सहमति भयो।

परेवादिन गाविस-५ की ५ वर्षीया करुणा गौतमलाई बिरामी भएर घरमा सुतिरहेको अवस्थामा सिन्धुवा प्रहरी चौकीका असई अम्बिका केसीलगायतका सुरक्षाकर्मीले ०६४ साउन १८ साँझ लछारपछार गरे। स्थानीय युवा समूहसँगको कुटपिटपछि सुरक्षा अनुगमन गर्न गएका सुरक्षाकर्मीले बालिकालाई लछारपछार गरेको पीडितका अभिभावकले बताए।

धनकुटा जिल्ला राजारानी गाविस-९ का ७१ वर्षीय कालवीर राईलाई ०६४ असोज ९ गते राजारानी प्रहरी चौकीमा पुऱ्याई हवल्दार हरि मगर र असई कृष्ण बस्नेतले लाठीले कुटपिट गरे। कुटपिटका कारण उनी एक हप्तासम्म ओछ्यानमा थला परेपछि उनको उपचार प्रहरी चौकीको पहलमा भयो।

डाँडागाउँ गाविस-२ निवासी ३७ वर्षीय चन्द्रबहादुर महत र उनका काका लालबहादुर महतलाई स्थानीय चानुवा प्रहरी चौकीका हवल्दारले ०६४ मङ्सिर ८ गते गिरफ्तार गरी कुटपिट गरे। कुटपिटबाट चन्द्रबहादुर महत गम्भीर घाइते भए।

माओवादीबाट

राजपाका जिल्ला नेता कुमारबहादुर थापाको आवासभित्र गई राजपाका नेता लीला शर्मालाई ०६३ माघ ८ गते राति माओवादीका कार्यकर्ताहरू रमेश थापा, रोशन र अग्नि दाहालले प्रतिगमनकारीको राजनीति गर्न जिल्लाभित्र आएको भन्दै लछारपछार गरे। माओवादी कार्यकतालाई सोही ठाउँमा बसिरहेका जिल्ला प्रहरी कार्यालय, धनकुटाका डीएसपी हरिहर श्रेष्ठ र इन्स्पेक्टर दुर्गालाल चौधरीलाई समेत 'प्रतिगमनलाई साथ दिन आएको र जिल्लामा प्रतिगामीहरूलाई प्रवेश बन्द गरिएको' भन्दै अभद्र व्यवहार गरे।

महाभारत गाविस-९ का ६१ वर्षीय भक्तबहादुर राईलाई ०६४ साउन ८ गते राति राजनीतिक आस्थाका कारण माओवादीका कार्यकर्ताहरूले घरमा सुतिरहेको अवस्थामा घर घेराउ गरी मार्ने धम्की दिँदै घरबाट अपहरण गरी खोल्सामा लगी मरणासन्न हुने गरी कुटपिट गरे। कुटपिटबाट उनका दुवै खुट्टा भाँचियो। घटनामा संलग्न समूहको खोजी गरिने जिल्ला प्रहरी कार्यालयमा बसेको राजनीतिक दलबीच सहमति भए पनि टुङ्गो नलागेको पीडितले बताए।

धनकुटा बहुमुखी क्याम्पसमा बीएड अध्ययनरत नेविसङ्घका कार्यकर्ताहरू तेह्रथुमका १८ वर्षीय महेश नेपाली, दुर्गा सञ्जेल, सङ्खुवासभाका १८ वर्षीय हरिमोहन न्यौपाने, रेवत भुजेल, १८ वर्षीय दीपक सञ्जेललाई ०६४ साउन २८ गते अनेरास्ववियु (क्रान्तिकारी) धनकुटाका सचिव राजेन्द्र बस्नेतको नेतृत्वमा गएको एक टोलीले क्याम्पस परिसरमा कुटपिट गरे।

धनकुटा नपा-३ का २४ वर्षीय अनेरास्ववियुका जीवन न्यौपानेलाई अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला सचिव २५ वर्षीय माधव तिम्सिना, विशाल, जीवन घिमिरेलगायतका १० जनाको समूहले ०६४ साउन ३२ गते धनकुटा बजारमा कुटपिट गऱ्यो। ०६४ साउन २० गते धनकुटा नपा-६ स्थित अनेरास्ववियु (क्रान्तिकारी) को कार्यालय तोडफोड गर्ने नेविसङ्घ भनेर कुटपिट गरेको र पछि अनेरास्ववियु (क्रान्तिकारी) पक्षले ०६४ भदौ २ गते माफी मागेपछि स्थिति सामान्य भयो।

वाईसीएलबाट

सुनसरी जिल्ला चतारा घर भई धनकुटा नपा कार्यालयका ट्याक्टर चालक ३१ वर्षीय वेचन सरदारलाई ०६४ साउन १७ गते वाईसीएलका चन्द्र तामाङ, रवीन राईलगायतको समूहले लगाएको काम नगरेको आरोप लगाउँदै जागिर खाइदिने धम्की दिँदै कुटपिट गरे।

डाँडागाउँ गाविस-२ निवासी ६५ वर्षीय पदमबहादुर महत र उनका छोरा २६ वर्षीय दोर्णबहादुर महतलाई ०६४ मङ्सिर १० गते उपचारका क्रममा सदरमुकाम जान लाग्दा स्थानीय वाईसीएलले गाडीबाट बाहिर निकाली नियन्त्रणमा लिई कुटपिट गरे। उनीहरूलाई मङ्सिर ११ गते वाईसीएल कार्यकर्ताले सदरमुकाममा ल्याई जिल्ला प्रहरी कार्यालयमा बुझाए।

अन्यबाट

भोजपुर जिल्ला घर भई धनकुटा बहुमुखी क्याम्पसमा बीएड अध्ययनरत अनेरास्ववियु

(क्रान्तिकारी) जिल्ला सचिव २५ वर्षीय माधव तिम्सिनालाई ०६४ साउन ३१ गते नेविसङ्घ धनकुटाका सिद्धि राई, महेश नेपाली र दुर्गा सञ्जेलले क्याम्पस परिसरमा कुटपिट गरे। साउन २० गते धनकुटा नपा-६ स्थित क्रान्तिकारीको कार्यालय तोडफोड गरेको जिम्मा नेविसङ्घले लिनुपर्ने दबाब दिएपछि उत्पन्न विवादले सो घटना भएको थियो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राप्रपा जिल्ला अध्यक्ष ६८ वर्षीय टीकाप्रसाद घिमिरे र राप्रपाका केन्द्रीय सदस्य मुगा गाविस-२ का हरिप्रसाद घिमिरेलाई ०६४ भदौ १५ गते दिउँसो पार्टीको जिल्ला अधिवेशनमा अध्यक्षता र प्रमुख आतिथ्यता गरिरहेको अवस्थामा माओवादीका कार्यकर्ताहरूले कोठाबाहिर निकालेर जुत्ताको माला लगाएर बजार घुमाए। उनीहरूले अधिवेशनस्थलमा रहेका पार्टीका दस्तावेजहरू च्याते। हरिप्रसाद घिमिरेलाई जिल्लामा फर्किएर नआउन र आएको खण्डमा नराम्रो हुने धम्की दिँदै गाडीमा चढाएर जिल्ला बाहिर पठाए। यस घटनासँगै माओवादीले राप्रपालाई जिल्लामा केही पनि कार्यक्रम नगर्न र कुनै पनि कार्यक्रममा सहभागी नहुन धम्कीसमेत दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

धनकुटा जिल्लामा जिल्ला अदालत र पुनरावेदन अदालत गरी दुईओटा अदालत रहेका छन्।

पुनरावेदन अदालततर्फ फौजदारीका १७ थान मुद्दामा चार थान मुद्दा फर्स्यौट भए भने सरकारी फौजदारीका ५८ थान मुद्दामा १५ थान मुद्दा फर्स्यौट भए। यसैगरी, देवानीतर्फका ४६ थान मुद्दामा छ थान मुद्दा फर्स्यौट भए। यस वर्षको अन्त्यसम्म जम्मा ९६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। त्यसैगरी पुनरावेदन अदालतमा परेका नौ थान रिटमा तीन थान फर्स्यौट भए। निशेधाज्ञा परेको चार थान रिटमा एउटा फर्स्यौट भयो। परमादेशतर्फ पाँच थान रिटमा दुई थान फर्स्यौट भए। यसैगरी, साधकमा एक थान जाहेरी परेकामा यस वर्षको अन्त्यसम्म फर्स्यौट हुन सकेन।

जिल्ला अदालततर्फ फौजदारी मुद्दा ५१ थानमा १९ थान मुद्दा फर्स्यौट भए। यसैगरी सरकारी फौजदारीका २९ थान मुद्दामध्ये १० थान मुद्दा फर्स्यौट भए। देवानीतर्फका ६७ थान मुद्दामध्ये ३७ थान मुद्दा फर्स्यौट भए। यस वर्षको अन्त्यसम्ममा जम्मा ७४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

सङ्खुवासभा जिल्ला मुडेशनिश्चरे गाविस-७ घर भई धनकुटा नपा-७ हुलाकटोल बस्ने बालसंसार बोर्डिङ् स्कुलमा कक्षा ८ मा अध्ययनरत १३ वर्षीया बालिकालाई ०६३ पुस २२ गते बेलुका छिन्ताङ गाविस-६ घर भई धनकुटा नपा-७ हुलाकटोलमा होटल गरी बस्ने ३४ वर्षीय उमेश राईले आफ्नै कोठामा लगी बलात्कार गरे। पीडक राई पुर्पक्षका लागि कारागार शाखा, धनकुटामा थुनामा छन्।

पाखिवास गाविस-८ की १६ वर्षीया सुनिता राईलाई ०६३ वैशाख २५ गते माओवादीका अञ्चल भन्ने कार्यकर्ताले अपहरण गरे। उनी ०६३ कात्तिक २३ मा माओवादीको नियन्त्रणबाट भागेर घर फर्किइन्।

मारेककटहरे गाविस-५ घुमाउनेकी १२ वर्षीया बालिकालाई ०६४ कात्तिक २२ गते उनका बुबा ५४ वर्षीय हर्कबहादुर गुरुङले उनकै घरमा बलात्कार गरे। पीडकलाई परिवारका सदस्य र स्थानीय छिमेकीहरूले कारबाही गर्न जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। पीडकलाई पुर्पक्षका लागि ०६४ मङ्सिर ९ गतेदेखि थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

अर्खौले जीतपुर गाविस-७ की २० वर्षीया एक युवतीलाई २० हजार लिने सर्तमा तेह्रथुम जिरीखिम्ती गाविस-७ का राज चाम्लिङसँग उनकै काका प्रेमबहादुर ताम्लीले विवाह गरिदिए। विवाह गरेर घर लाने क्रममा

माओवादीको कुटपिटबाट घाइते भएका भक्तबहादुर राई

नेपाली सेनाले नेपाल टेलिकमको रिपिटर टावरमा बिछ्याएको विस्फोटक पदार्थ विस्फोटमा परी घाइते भएका जीवन घिमिरे

चाम्लिङले युवतीलाई तेह्रथुमको एउटा होटलमा अलपत्र पारी छोडे। पीडितले पैसा लिएर आफूलाई विवाह गरेको थाहा पाएपछि जिल्ला प्रहरी कार्यालय, धनकुटामा पीडकलाई कारबाहीको माग गर्दै निवेदन दिइन्। सो क्रममा प्रेमबहादुर ताम्लीलाई जिल्ला कारागार धनकुटामा पुर्पक्षका लागि असोज ७ गते पक्राउ गरी थुनामा राखियो। अर्का पीडक राज चाम्लिङ फरार भए।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

आँखीसल्ला गाविस-८ की सुस्त मनस्थितिकी ४० वर्षीया महिलालाई ०६३ माघ ८ गते राति सोही गाविसका ३७ वर्षीय भीमबहादुर राईले घर फर्किरहेको अवस्थामा बाटोदेखि अन्दाजी १० मिटर पर लगी बलात्कार गरे। परिवारले जिल्ला प्रहरी कार्यालय धनकुटामा माघ १० गते उजुरी दिएपछि पीडक भीमबहादुर राईलाई पुर्पक्षका लागि धनकुटा कारागारमा राखियो।

पाख्रीवास गाविस-३ की होटल व्यवसायी ४७ वर्षीय महिलालाई ०६३ चैत १२ गते राति सुनसरी जिल्ला चतरा गाविसका ३२ वर्षीय मित्र मगरले पीडितको घरमा यौन दुर्व्यवहार गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरीले लेनदेन विषयको घटना भनी पीडितसँग माफी मगाएर मिलापत्र गराए।

डाँडावजार गाविस-७ की ३५ वर्षीया महिलालाई ०६४ असोज ४ गते गाई चराउन गएको अवस्थामा फाक्सिव गाविस-७ का २८ वर्षीय धनपाल लिम्बूले बन्दुक देखाई यौन दुर्व्यवहार गरे। पीडितको परिवारले पीडकविरुद्ध सार्वजनिक अपराधअन्तर्गत मुद्दा दर्ता गरे। सो उजुरीका आधारमा पीडकलाई जिल्ला प्रहरी कार्यालयले असोज ११ गते हिरासतमा राख्यो। २२ गते उनी धरौटीमा रिहा भए।

पारिवारिक हिंसा/बहुविवाह

परेवादिन गाविस-७ की २५ वर्षीय झुमादेवी दाहाललाई ०६३ चैत ३ गते पति २७ वर्षीय टङ्क दाहालले लात्तीले कुटपिट गरे। कुटपिटबाट दुई दिनपछि पीडितको पेटमा भएको अढाइ महिनाको गर्भ पतन भयो। घटनाका विरुद्धमा झुमाका माइतीले दाहालविरुद्ध प्रहरी कार्यालय, सिन्धुवामा चैत २६ गते उजुरी गरे। दाहाललाई जिल्ला प्रहरी कार्यालयले चैत २५ गते गिरफ्तार गरी मिलापत्र गराई वैशाख ७ गते रिहा गऱ्यो।

मारेककटहरे गाविस-७ का २३ वर्षीया रीता मोहराका पति २५ वर्षीय रमेश मोहराले ०६४ वैशाख २५ गते बहुविवाह गरी कान्छी पत्नी घरमा हुलेपछि रीता मोहराले बहुविवाह गरेको भनी जिल्ला प्रहरी कार्यालय धनकुटामा उजुरी दिइन्। उक्त घटनाका सम्बन्धमा जिल्ला अदालत धनकुटामा समेत मुद्दा दर्ता भयो। छनविनका क्रममा जिल्ला अदालत, धनकुटाले बहुविवाहको आरोपमा १४ हजार रुपियाँ सजाय सुनायो। उनी धरौटीमा जेठ १७ गते थुनामुक्त भए।



वाईसीएलद्वारा कुटपिट गरिएका पद्मबहादुर महत

पाखिवास गाविस-३ निवासी ३६ वर्षीया फूलबुटी शेर्पालाई ०६४ असोज १५ गते राति मादक पदार्थ सेवन गरी कुटपिट गरी शारीरिक यातना दिई उनका पति ३१ वर्षीय लाक्पा शेर्पाले आफ्नै घरमा हत्या गरे। पीडकलाई १७ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि धनकुटा कारागारमा थुनामा राखेको छ।

दुर्व्यवहार

हात्तीखर्क गाविस-२ का ५४ वर्षीया असारी लिम्बू र ७५ वर्षीया बेते माइलीलाई ०६४ जेठ २५ गते बोक्सीको आरोपमा सोही ठाउँ बस्ने ३२ वर्षीय निर्मल लिम्बूले फलामको चिम्टाले डामी कुटपिट गरी गाउँबाट विस्थापित गराए।

सबै प्रकारका जातीय विभेद

घोर्लीखर्क गाविस-३ की २३ वर्षीया बबिता विकलाई बाख्राले बाली खाएको आरोपमा ०६३ फागुन १३ गते सोही वडाका चक्रबहादुर तामाङ र उनकी पत्नीले कुटपिट गरे। पीडितले उनलाई दलित जातिको भन्ने आरोपमा यसभन्दा अघि पनि दुर्व्यवहार गरेको

जनाउँदै फागुन ४ गते जिल्ला प्रहरी कार्यालय धनकुटामा उजुरी दिइन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

धनकुटा नपा-५ माथिल्लो कोप्चेमा रहेको राजपाको कार्यालय भवन ०६४ साउन १७ गते माओवादीको भ्रातृ सङ्गठन वाईसीएल कार्यकर्ताको एक समूहले तोडफोड गऱ्यो। यस घटनाबाट पार्टी कार्यालयमा रहेका पार्टी दस्तावेजहरू, भौतिक सामग्री र एक सेट टेलिफोन नष्ट गरेको घटनाको भर्त्सना गर्दै जिल्ला पार्टीले विज्ञप्ति प्रकाशित गऱ्यो।

धनकुटा नपा-७ हुलाकटोलमा रहेको नेपाल विद्यार्थी सङ्घको जिल्ला कार्यालय ०६४ साउन १८ गते अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थी र वाईसीएलका कार्यकर्ताहरूले तोडफोड गरे। नेविसङ्घविरुद्ध नाराबाजी गर्दै कार्यालयको साइनबोर्ड झिकी तोडफोडसमेत गरेको उक्त घटना नेविसङ्घ र अनेरास्ववियु (क्रान्तिकारी) बीच केन्द्रस्तरमा भएको विवादलाई लिएर भएको थियो।

धनकुटा नपा-७ स्थित हुलाकटोलमा रहेको अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला कार्यालय र वाईसीएलको सम्पर्क कार्यालय ०६४ साउन १९ गते राति अज्ञात समूहले तोडफोड गरे। उक्त तोडफोडको जिम्मा नेविसङ्घले लिनुपर्ने वाईसीएलले दबाब दिए। नेविसङ्घले जिम्मा नलिएपछि उत्पन्न विवाद सर्वदलीय सहमतिबाट साउन २१ गते समाधान भयो।

सम्पत्ति कब्जा

धनकुटा नपा-७ सिरवनीमा सुशीला भुर्तेलका नाममा रहेको घर र तीन रोपनी जग्गा ०६४ मङ्सिर ४ गते वाईसीएलका जिल्ला अध्यक्ष निर्मलको नेतृत्वमा गएको छ/सात जनाको समूहले कब्जा गऱ्यो। भूर्तेल शाहीकालमा जिल्ला सभापति भएको तथा राप्रपा समर्थक भएको आरोप वाईसीएलले लगाएको थियो। वाईसीएलले सो घरमा डेरा गरी बस्ने धनकुटा हात्तीखर्क गाविस-९ का गोपाल कार्की र लेगुवा गाविस-७ का नारायण भण्डारीलाई घर खाली गर्ने धम्की दिँदै सो रात नजरबन्दमा राखे। घटनापछि सो घरलाई माओवादीले आफ्नो पार्टीको आवासगृह बनाए।

१.८ तेह्रथुम

जनसङ्ख्या : १,२०,८५१
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.): ६७९
गाविस/नपा सङ्ख्या : ३२/०
सरकारी/निजी विद्यालय : ३७६/८
क्याम्पस/उच्च मा.वि. : २/१२
अस्पताल/स्वास्थ्य चौकी : १/३१
मोटर सडक (कि. मि.): ६३
प्रहरी कार्यालय सङ्ख्या : ११
मानव विकास सूचकाङ्क : ०.५२३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

जेल र बन्दीहरू

'ख' श्रेणीको तेह्रथुम जेलको क्षमता ३५ जनाको रहेको छ। हाल २३ जना पुरुष र चार जना महिला गरी कूल २७ जना कैद नतोकिएका बन्दीहरू छन्। यस जेलमा महिला र पुरुषका लागि छुट्टाछुट्टै भवन छन्। जेलमा जीर्ण अवस्थाको शौचालय छ। जेलमा खानेपानी बिजुलीको पनि व्यवस्था गरिएको छ। जेलको भवन ज्यादै पुरानो भई बन्दीहरू बस्ने भवनमा पानी चुहिन थालेको छ। बन्दी सुत्ने काठका फलेकहरू मकाएर अब चिसो भुइँमा सुत्नुपर्ने अवस्था बनेको छ। महिला र पुरुष बन्दीका लागि भलिबल, चेस, क्यारामबोर्ड र लुडोजस्ता खेल सामग्रीको व्यवस्था गरिएको छ। बन्दीहरूको मनोरञ्जनका लागि राखिएको टेलिभिजन भने बिग्रिएको छ।

जेलका बन्दीहरू ढाकाका कपडाहरू टोपी, रुमाल र अन्य कपडाहरू बुन्छन्। उनीहरूले बुनेको कपडाको उचित मूल्य पाउन नसकेको गुनासो

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	१	१			१									
घाइते						१	४		४					
गिरफ्तारी/यातना										११	१७			१७
कुटपिट	३	४	२		६	१	१		१	४	५	२	५	१२
धम्की						३	२	३	५					
महिलाअधिकार	४		४		४									
बालअधिकार	३	१	१	१	३					१		१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						१	२		२					
अपहरण						४	४		४					
जम्मा	११	६	७	१	१४	१०	१३	३	१६	१६	३३	३	५	३०

बन्दीहरूको छ। बन्दीहरूलाई गुणस्तरको खाद्यान्न नदिएको पनि गुनासो छ। यस वर्ष जिल्ला कारागारमा रहेका सबै बन्दीहरूले ०६४ साउनमा आममाफी पाउनुपर्ने मागमा ऐक्यवद्धता जाहेर गर्दै अनशन गरी आन्दोलन गरेका थिए। जेलको निरीक्षण र अनुगमन गर्ने मानवअधिकारवादी संस्थालाई प्रमुख जिल्ला अधिकारीको सिफारिसमा मात्र अनुगमन र निरीक्षण गर्न दिइन्छ।

सामान्य बिरामी हुँदा जेलका कर्मचारीले जेलमा औषधि किनेर ल्याई दिन्छन्। तर, बिरामी सिकिस्त हुँदा जेलमा स्वास्थ्यकर्मी बोलाइन्छ।

धम्की/कुटपिट

राज्यबाट

म्याङलुङ गाविस-१ का ३१ वर्षीय प्रवीणनारायण लिम्बूलाई ०६४ जेठ १७ गते मादक पदार्थ सेवन गरेको आरोपमा गस्तीमा गएको प्रहरी टोलीले बिनाकारण कुटपिट गर्दा घाइते भए। पीडितको उपचार तेह्रथुम जिल्ला अस्पतालमा भयो। घाइतेको उपचार खर्च जिल्ला प्रहरी कार्यालयले दियो।

म्याङलुङ गाविस-१ का २५ वर्षीय विजयकुमार लिम्बूलाई ०६४ जेठ २७ गते प्रहरीले गस्ती टोलीलाई मादक पदार्थ सेवन गरेर आक्रमणको प्रयास गरेको आरोपमा प्रहरीले लखेटेर तम्फुला गाविस-७ स्थित मकैबारीमा पुऱ्याएर कुटपिट गर्दा घाइते भए। पीडितको उपचार तेह्रथुम जिल्ला अस्पतालमा भयो।

माओवादीका कार्यकर्ता निर्मल भनिने चन्द्रबहादुर लिम्बू र अर्का सर्वसाधारण टोमबहादुर लिम्बूलाई ०६४ साउन ८ गते सम्दु प्रहरी चौकीका प्रहरीले सर्वसाधारण लाई कुटपिट गरेको आरोपमा गिरफ्तार गरी कुटपिट गरे। प्रहरीले दुवै जनालाई साउन १० गते रिहा गरे।

म्याङलुङ गाविस-१ निवासी पत्रकार २७ वर्षीय अमृता बुढाथोकी, २६ वर्षीय नवीन खतिवडा, २३ वर्षीय नारायण दाहाल, ३१ वर्षीय कमला ढङ्गाना र दीपज्योति बोर्डिङ स्कुलका पाँच जना बालबालिकालाई म्याङलुङ गाविस-१ मा महिलामाथि भएको सामूहिक कुटपिटको विरोधमा स्थानीय महिलाद्वारा निकालिएको विरोध जुलुसमा ०६४ साउन १२ गते प्रहरीले शान्ति सुरक्षामा खलल पारेको आरोपमा कुटपिट गर्दा घाइते भए। घाइते सबै जनाको उपचार स्थानीय अस्पतालमा भयो।

ओयाक्जुङ गाविस-९ निवासी १४ वर्षीय गोपाल मिजार सार्कीलाई छिमेकीको खसी चोरेको आरोपमा ०६४ असोज २४ गते प्रहरी चौकी ओयाक्जुङका प्रहरीले गिरफ्तार गरी चौकीमा लगेर फलामको रड, लाठी र बुटले कुटपिट गर्दा घाइते भए। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसकेपछि असोज २८ गते जिल्ला अस्पतालमा उपचारका लागि ल्याए।

माओवादीबाट

सिम्ले गाविस-९ का ४० वर्षीय भरत लिम्बू, सोही ठाउँका ४५ वर्षीय आशबहादुर लिम्बू, सिम्ले गाविस-५ का २३ वर्षीय विश्व लिम्बू र २० वर्षीय चन्द्रबहादुर लिम्बूले आफ्नो घरमा आगो लगाएको

आरोपमा ०६३ पुस १७ गते उनीहरूलाई माओवादीका एरिया समिति सदस्य पवन भनिने टीका रिजालले खुकुरी प्रहार गरी घाइते बनाए। घाइतेहरूको उपचार जिल्ला अस्पताल, तेह्रथुममा भयो।

इसिवु गाविस-९ का ७५ वर्षीय पदमप्रसाद उपेतीले खेलकुदको विषयलाई लिएर विवाद गरेको आरोपमा उनलाई ०६४ असार २२ गते माओवादी कार्यकर्ता निर्मल भनिने चन्द्रबहादुर लिम्बूले कुटपिट गरी घाइते बनाए। घाइतेको उपचार जिल्ला अस्पताल तेह्रथुममा भएको थियो। प्रहरीले पीडकलाई साउन १० गते गिरफ्तार गरी मिलापत्र गर्न लगाए र सोही दिन रिहा गऱ्यो।

गैरकानुनी गिरफ्तारी

हर्मजुङ गाविस-८ का १८ वर्षीय अनिल आङखेवा र सोही ठाउँ बस्ने १८ वर्षीय खगेन्द्र कार्कीलाई ०६४ वैशाख २ गते गुण्डागर्दी गरेको आरोपमा प्रहरीले बिनापुर्जी गिरफ्तार गरेर प्रहरी हिरासतमा राखे। पीडितहरू वैशाख २५ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

धनकुटा जिल्ला परेवादिन गाविस-५ का २१ वर्षीय कन्जु शेर्पा र सोही ठाउँ निवासी २१ वर्षीय पासाङ शेर्पालाई ०६४ वैशाख ९ गते प्रहरीले म्याङलुङ बजारबाट झगडा गरेको आरोपमा बिनापुर्जी गिरफ्तार गरेर जिल्ला प्रहरी हिरासतमा राखे। पीडितहरू वैशाख २१ गते रिहा भए।

म्याङलुङ गाविस-२ का २१ वर्षीय ऐरु चोङबाङ र सोही ठाउँ निवासी १९ वर्षीय कृष्ण उप्रेतीलाई ०६४ वैशाख १३ गते प्रहरीले झगडा गरेको आरोपमा गिरफ्तार गरे। पीडित वैशाख २५ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

चुहानडाँडा गाविस-५ का १८ वर्षीय वीरबहादुर कन्दङ्वा लिम्बू र सोही ठाउँ निवासी १४ वर्षीय लोकनाथ घिमिरेलाई ०६४ साउन ३१ गते इलाका प्रहरी कार्यालयका प्रहरीले अवैध हातहतियार निर्माण गरेको आरोपमा गिरफ्तार गरेर जिल्ला प्रहरी कार्यालय तेह्रथुममा ल्याए। उनीहरूलाई प्रहरीले भदौ १० गते तारेखमा रिहा गरे।

सुङनाम गाविस-८ निवासी पूर्वगाविस उपाध्यक्ष २४ वर्षीय चित्रबहादुर रानामगरलाई ०६४ मङ्सिर २५ गते दिउँसो अस्थायी प्रहरी चौकी आक्रमण गरेको आरोपमा प्रहरीले बिनापुर्जी गिरफ्तारी गरे। पीडित प्रहरी हिरासतबाट मङ्सिर २९ गते रिहा भए।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संविधानसभाको निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय तेह्रथुमद्वारा सञ्चालित मतदाता शिक्षा कार्यक्रममा माओवादीका कार्यकर्ताले निर्वाचनसम्बन्धी आफ्नो पार्टीको कुनै पनि कार्यक्रम नभएको भनी ०६४ असोज १४ गते ओखे गाविसस्थित भगवती उमाविमा सहजकर्ता शिक्षक राधाकृष्ण बुढाथोकी र शिक्षिका शोभा निरौलालाई कार्यक्रम सञ्चालन बन्द गर्नका लागि धम्की दिएपछि कार्यक्रम सञ्चालन हुन सकेन।

संविधानसभाको निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय तेह्रथुमद्वारा सञ्चालित मतदाता शिक्षा कार्यक्रममा लिम्बूवान राज्य परिषद्का जिल्ला अध्यक्ष देउकुमार लिम्बूसहितको समूहले आम्बुङ गाविस-७ मा पूर्ण समानुपातिक निर्वाचन प्रणाली राज्यले अवलम्बन नगरेसम्म मतदाता शिक्षा कार्यक्रम बन्द गर्न गाउँमा गएका सहजकर्ता टङ्कसिंह गुरुङलाई ०६४ असोज १७ गते धम्की दिएपछि त्यस गाविसको बाँकी कार्यक्रम सञ्चालन हुन सकेन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत सालको जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी ४५ थान र यसवर्ष दर्ता भएका ३३ थान गरी ७८ थान मुद्दामा ४१ थान मुद्दा फर्स्यौट भए। यसैगरी, गतवर्षको जिम्मेवारी सरेर आएको सरकारवादी फौजदारी २२ थान र यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी ३८ थान मुद्दा गरी जम्मा ६० थान मुद्दामध्ये ४५ थान मुद्दा फर्स्यौट भए।

दुनियाँवादी देवानी र सरकारवादी फौजदारी दुवै मुद्दाका एकएक थान मुद्दा दुई वर्षभन्दा माथिका रहेकामा यस वर्षको अन्त्यसम्ममा फर्स्यौट हुन बाँकी रहे।

जिल्ला अदालतमा परेका बिगो भराउने १५ थान, चलन चलाउने एक थान र अंशबण्डा छुट्याउने पाँच थान गरी जम्मा २१ थान मुद्दामध्ये ६ थान मुद्दा मात्र फर्स्यौट भए। गतवर्ष भन्दा यस वर्ष मुद्दा दर्ता वृद्धि भएको छ।

जिल्ला अदालतले साधारण जरिवानातर्फ १९ लाख ९१ हजार ४ सय ३ रुपियाँ मध्येमा ६ लाख २६ हजार ७ सय ९५ रुपियाँ फर्स्यौट भयो भने १३ लाख ६४ हजार ६ सय ८ रुपियाँ बाँकी रहयो। यसैगरी, कैदतर्फको जरिवानामा २ सय ७२ वर्ष ३ महिना २६

दिन मध्येमा ७४ वर्ष १ महिना २२ दिन फर्स्यौट भएर १ सय ९८ वर्ष २ महिना ४ दिन बाँकी रहेको जिल्ला अदालतले जनायो।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

ताप्लेजुङ जिल्ला फुङलिङ गाविस-१ का २० वर्षीय कुमार तामाङ र तेह्रथुम जिल्ला पञ्चकन्या गाविस-३ घर भएका २४ वर्षीय धीरज तामाङलाई ०६४ वैशाख ६ गते वसन्तपुर इलाका प्रहरी चौकीका प्रहरीले झगडा गरेको आरोपमा गिरफ्तार गरेर हिरासतमा कुटपिट गरे। पीडितहरू वैशाख २१ गते तारिखमा रिहा भए।

बालअधिकार

धनकुटा जिल्ला मारेकटरे गाविस घर भएर हाल तेह्रथुम जिल्लाको ओखे गाविस-६ निवासी ३५ वर्षीय देवीमाया रोकाले जन्माएको नवजात शिशुलाई ०६४ भदौ १४ गते डोरीले घाँटी कसेर हत्या गरिन्। शिशुको हत्यापछि गाउँलेहरूले प्रहरी कार्यालयमा उजुरी दिए। पीडक महिलालाई गिरफ्तार गरी प्रहरीले आवश्यक कारबाहीपछि जेल चलान गरे।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

सुङनाम गाविस-९ निवासी ३९ वर्षीया एक महिलालाई ०६४ जेठ २ गते धनकुटा नपा-२ निवासी नेपाल विद्युत् प्राधिकरणका कर्मचारी अन्दाजी ३७ वर्षीय प्रेमबहादुर सार्कीले कोठाबाट जबरजस्ती बाहिर लगेर बलात्कार गरे। पीडित महिलाले न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी छन्। पीडक फरार छन्।

चुहानडाँडा गाविस-४ हात्तीखर्क निवासी १८ वर्षीया युवतीलाई ०६४ असोज २२ गते सोही ठाउँ निवासी ४० वर्षीय टङ्के भनिने चन्द्रबहादुर बुढाथोकी र अन्य दुई जना नाम र ठेगाना खुल्न नसकेका व्यक्तिले सामूहिक बलात्कार गरे। पीडितका आफन्तले न्यायका लागि इलाक प्रहरी चौकी चुहानडाँडामा उजुरी दिए। प्रहरीले तीनै जना पीडकलाई गिरफ्तार गरी असोज २८ गते १५ सयका दरले जरिवाना गरी पीडित महिलालाई मुख्य पीडक टङ्कबहादुरलाई जिम्मा लगाए।

पौठाक गाविस-३ निवासी १७ वर्षीया एक बालिकालाई सोही ठाउँका २१ वर्षीय नारायणप्रसाद भट्टराईले ०६४ कात्तिक १७ गते आफ्नै घरमा बलात्कारको प्रयास गरे। पीडित परिवारले प्रहरी चौकी जिरीखिम्तीमा दिएको उजुरीका आधारमा पीडकलाई गिरफ्तार गरी कात्तिक १८ गते पीडितसँग माफी मगाए। पीडितलाई कानुनी कारबाही भएन।

पारिवारिक हिंसा/बहुविवाह

सङ्क्रान्ति गाविस-९ का ३७ वर्षीय लक्ष्मी लामिछानेले ०६३ फागुन २० गते पहिलो पत्नी २५ वर्षीया बबिता लामिछानेलाई छाडी दोस्रो विवाह गरे। पीडितले अंशबण्डाका लागि जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्। पीडक हाल काठमाडौँमा बसोवास गर्दै आएका छन्

ओखे गाविस-३ का ३५ वर्षीय चन्द्रबहादुर लुईंटेलले आफ्नी पत्नी २८ वर्षीया लीलामायाँ लुईंटेललाई छाडेर २० वर्षीया चन्द्रा कार्कीसँग ०६३ फागुन ३० गते दोस्रो विवाह गरे। पीडित महिलाले अंशबण्डा गरिपाऊँ भनी जिल्ला प्रशासनमा उजुरी दिए पनि कुनै सुनुवाइ भएन।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

इसिबु गाविस-९ निवासी विस्थापित परिवार अन्दाजी ६५ वर्षीय होमप्रसाद भेटुवाल र सोही ठाउँ निवासी ६२ वर्षीय खेमप्रसाद भेटुवालको निजी आठओटा जग्गामा ०६४ मङ्सिर २ गते अनेकिसङ्घ (क्रान्तिकारी) ले छुट्टाछुट्टै झण्डा गाडेर जग्गा कब्जा गरे। कब्जा गरिएको जग्गाको अन्नबाली श्रमिक-बाली कटाएर बाँकी सबै माओवादीको एरिया कमिटीमा बुझाउनुपर्ने धम्की थिए।

१.९ भोजपुर

जनसङ्ख्या : २,०६,०२१
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४४
क्षेत्रफल (वर्ग कि. मि.): १,५०७
गाविस/नपा सङ्ख्या : ६३/०
सरकारी/निजी विद्यालय : ३६७/६
क्याम्पस/उच्च मा.वि. : १/१७
अस्पताल/स्वास्थ्य चौकी : १/६३
मोटर सडक (कि. मि.): ०
प्रहरी कार्यालय सङ्ख्या : १९
मानव विकास सूचकाङ्क : ०.४७२
प्रतिपरिवार सरदर सङ्ख्या : ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

माओवादीबाट

युँ गाविस-१ भोजपुर निवासी शिक्षा क्षमाकन्या मावि, देवानटार बयाङका विद्यार्थी १८ वर्षीय दिनेश राईलाई ०६३ फागुन १९ गते माओवादी कार्यकर्ताले थिदिङ्खा गाविस, श्याङ्रिलामा कुटपिट गरी हत्या गरे। पीडितलाई उनी विद्यालयबाट घर फर्किरहेको समयमा थिदिङ्खा गाविसका माओवादीका कार्यकर्ताले अपहरण गरेका थिए। अपहरण गरेकै दिन उनको हत्या गरियो। एमाले भोजपुरले दिनेशलाई अपहरणपछि हत्या गरिएको जनाउँदै ०६३ फागुन २३ गते विज्ञप्ति जारी गरेर विरोध जनायो। दिनेश युँ गाविस-१ मा फुपूको घरमा बसेर अध्ययन गरिरहेका थिए। दिनेशको हत्यामा संलग्न माओवादी कार्यकर्ताहरू शान्तकुमार राई, रामकुमार राई, वीरबल राई र देवानकुमार राईलाई प्रहरीले ०६३ फागुन २५ गते पक्राउ गऱ्यो। माओवादी भोजपुरका सचिव दिपेशले दिनेशको हत्यामा आफ्ना कार्यकर्ता संलग्न भएको जनाउँदै पार्टीको निर्देशनमा सो घटना नभएको बताए। उनले पीडकमाथि कानुनी कारबाही गर्न प्रहरी प्रशासनलाई बाधा नगर्ने विज्ञप्तिमार्फत जनाए।

जेल र बन्दीहरू

'ख' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका २२ जना पुरुष र दुई जना महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका नौ जना पुरुष र एक जना महिला बन्दी रहेका छन्। यसरी भोजपुर कारागारमा जम्मा ३४ जना बन्दीहरू रहेका छन्। कारागारको क्षमता २५ जनाको रहे पनि ३४ जना बस्नुपर्दा बन्दीहरूलाई असुविधा भएको छ। महिला बन्दीहरूलाई बस्नका लागि कोठा साँघुरो छ। घाम ताप्न नपाउँदा बन्दीहरूमा शरीर सुन्निने, ज्वरो आउने समस्या रहेको छ।

बन्दीहरूले आममाफी पाउनुपर्ने माग गर्दै ०६४ वैशाख २६ देखि जेठ १ गतेसम्म कारागारभित्र कालो झण्डा गाडेर, नारा जुलुस गरी विरोध प्रदर्शन गरे। पुन: तीन जना बन्दीहरूले ०६४ जेठ १ गतेदेखि आममाफी पाउनुपर्ने माग गर्दै जेठ ४ गतेसम्म आमरण अनशन बसे। कारागार परिसरमा अनशनमा बस्नेहरूमा बैकुण्ठे गाविस-८ का नारयण पाण्डे, बालङ्खा गाविस-४ का रकमसिंह राई र तिम्मा गाविस-९ का धनकुमार राई थिए।

यसैबीच, बन्दीहरूले ०६४ पुस १२ गते कारागार परिसरभित्रै थुनुवाहरू ललित साह र पङ्कज यादवलाई कुटपिट गरे। युवती बलात्कारको अभियोगमा थुनामा रहेका दुवै जनालाई १५ जना कैदीहरूले कुटपिट गरे। कुटपिटबाट थुनुवा ललित साहको अनुहार र आँखामा गहिरो चोट लाग्यो। पङ्कजको शरीरका विभिन्न भागमा चोट लाग्यो। घाइते दुवैको स्थानीय क्लिनिकमा उपचार गरियो। इन्सेक प्रतिनिधिको पहलमा कुटपिटको घटना ०६४ पुस १३ गते समाधान भयो।

बेपत्ता/अपहरण

माओवादीबाट

जरायोटार गाविस-३ का सरोज श्रेष्ठ र निर्मला श्रेष्ठले बहुविवाह गरेको आरोपमा ०६३ पुस १७ गते उनीहरूलाई माओवादी कार्यकर्ताले अपहरण गरे।

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	७	२	५	७	१	१		१				
गिरफ्तारी/यातना									१	१		१
कुटपिट	५	४	२	६	५	५		५	१	२		२
धम्की	२	२		२	३	४		४				
महिलाअधिकार	७		७	७	१		१	१	१		२	२
बालअधिकार	३		४	४								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१				
अपहरण	१		१	१	३	३	१	४				
जम्मा	२५	८	१९	२७	१४	१४	२	१६	३	३	२	५

माओवादीले उनीहरूलाई ६ महिनासम्म श्रम कैदमा राखे। दुवैलाई बहुविवाह गरेर सामाजिक संस्कार बिगारेको आरोपमा स्थानीयवासीले ०६३ पुस १५ गते हातखुट्टा बाँधेर मोसो र जुत्ताको माला लगाई कुटपिट गर्दै गाउँ घुमाएका थिए। छ महिना लामो श्रमकैद पूरा गरेर दुवै जना ०६४ असार १८ गते घर फर्किए।

चौकीडाँडा गाविस-२ निवासी एमाले कार्यकर्ता शान्तिबहादुर अधिकारीलाई ०६३ पुस २२ गते माओवादी कार्यकर्ताले पेस्तोल देखाएर घरैबाट अपहरण गरे। सडक निर्माणका लागि ल्याएको बजेट असिनापीडित कृषकलाई नदिएको भन्दै माओवादी कार्यकर्ताले अपहरण गरेका थिए। अधिकारीलाई अपहरणको १२ घण्टापछि कुलुङ गाविसबाट बिनासर्त मुक्त गरियो। अपहरण मुक्त भएपछि पनि माओवादीले एक महिनाभित्र पुनः अपहरण गर्ने धम्की दिएका थिए।

वाईसीएलबाट

देउराली गाविस-५ निवासी एमाले जिल्ला कमिटी सदस्य देवीराम चौलागाईंलाई ०६४ असोज २३ गते बिहान वाईसीएलका कार्यकर्ताले घरैबाट अपहरण गरे। गाउँ विकासका लागि आएको बजेटमध्ये १० प्रतिशत बजेट माओवादीलाई दिन अस्वीकार गरेको तथा गाउँमा सञ्चालित खानेपानी योजना निर्माणमा भ्रष्टाचार गरेको आरोपमा वाईसीएलका स्थानीय कार्यकर्ता ध्रुवराज राईको नेतृत्वको समूहले चौलागाईंको अपहरण गरेको थियो। अपहरणपछि चौलागाईंलाई वाईसीएलका कार्यकर्ताले चार घण्टा कब्जामा राखे। स्थानीयवासीको दबाबपछि पुनः उपस्थित हुने सर्तमा चौलागाईंलाई सोही दिन मुक्त गरियो। वाईसीएलका जिल्ला सचिव शिशिर शर्माले भने चौलागाईंलाई अपहरण नगरी उनले गरेको भ्रष्टाचारबारेमा सोधपुछका लागि नियन्त्रणमा लिइएको बताए।

धम्की/कुटपिट

राज्यबाट

भोजपुर गाविस-४ निवासी इन्सेक प्रतिनिधि तथा नेपाल पत्रकार महासङ्घ भोजपुरका उपसभापति २४ वर्षीय ज्ञानेन्द्र खड्का र भोजपुर गाविस-३ निवासी यशोधरा माविका शिक्षक ३० वर्षीय मानबहादुर खत्रीलाई ०६४ असार २६ गते साँझ सशस्त्र प्रहरीबल भोजपुरका १३ जना प्रहरीले ब्यारेकभित्रै कुटपिट गरे। सो ब्यारेकका इन्स्पेक्टर योग्य बस्नेतलाई भेट्न गएका दुवै जनालाई सो ब्यारेकका सई शिवनारायण महतोको निर्देशनमा असई सन्तोष कोइराला, हवल्दार भेषबहादुर कार्कीसहितका १३ जनाले बर्दी लगाएकै अवस्थामा कुटपिट गरेका थिए। कुटपिटबाट इन्सेक प्रतिनिधि खड्काको अनुहार, मुख र ढाडमा चोट लाग्यो। त्यसैगरी, शिक्षक खत्रीको अनुहारमा गहिरो चोट लाग्यो। घाइते दुवैको स्थानीय क्लिनिकमा उपचार गरियो। पीडक प्रहरीमाथि कारवाहीको माग गर्दै इन्सेक प्रतिनिधि खड्काले ०६४ असार २८ गते जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र राष्ट्रिय मानवअधिकार आयोगमा निवेदन दिए। सशस्त्र प्रहरीले घटनाबारेमा छानबिन समिति गठन गरी पीडक प्रहरीलाई कारवाही गरेको जनायो। कुटपिटमा संलग्न

माओवादीद्वारा मारिएका दिनेश राई

सई शिवनारायण महतोको तीन वर्ष बढुवा रोक्का, इन्स्पेक्टर योग्य बस्नेतको दुई वर्ष बढुवा रोक्का, असई सन्तोष कोइरालालाई घटुवा गरी हवल्दार र हवल्दार भेषबहादुर कार्कीलाई तीन वर्ष बढुवा रोक्का गरिएको सशस्त्र प्रहरीले जनायो।

माओवादीबाट

श्यामसिला गाविस-७ का ५९ वर्षीय पासाडदोर्ची शेर्पालाई ०६३ पुस १८ गते माओवादी कार्यकर्ता काशीराज राईले जरायोटार गाविस-३ पालपालेमा पेस्तोलको कुन्दाले कुटपिट गरे। श्यामसिलाबाट तराई जाँदै गरेका शेर्पालाई काशीराजले बाटो हिँडेको मान्छेलाई बाटो नछाडेको आरोपमा पेस्तोलको कुन्दाले टाउकोमा प्रहार गरी शेर्पालाई घाइते बनाएका थिए। कुटपिटपछि शेर्पाको इटहरीस्थित क्लिनिकमा उपचार गरियो। माओवादी भोजपुरका सचिव दिपेशले घटनाको छानबिन गरी पीडकमाथि कारबाही गर्ने बताए पनि कुनै कारबाही भएन।

प्याउली गाविस-५ निवासी शारदा मावि प्याउलीका शिक्षक केशरबहादुर खत्रीलाई बहुविवाहको आरोपमा माओवादी कार्यकर्ता सुरजले ०६३ पुस २० गते बाँसको भाटाले कुटपिट गरे। एमाले इलाका कमिटी सदस्यसमेत रहेका खत्रीलाई माओवादी कार्यकर्ता सुरजले बाँसको भाटाले २५ पटक कुटपिट गरेका थिए। कुटपिटबाट घाइते खत्रीको प्राथमिक स्वास्थ्य केन्द्र प्याउलीमा उपचार गरियो भने दोषीमाथि कुनै कारबाही भएन।

चौकीडाँडा गाविसस्थित पाँचओटा विद्यालयका शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई ०६३ पुस २२ गते माओवादी कार्यकर्ताले विद्यालय व्यवस्थापन समिति भङ्ग गर्ने धम्की दिए। माओवादीका स्थानीय कार्यकर्ता भविन आचार्यले व्यवस्थापन समिति भङ्ग नगरेमा भौतिक कारबाही गर्नेसमेत धम्की दिए। माओवादीका स्थानीय कार्यकर्ता भविन आचार्यले शान्तिबहादुर अधिकारी, यज्ञबहादुर अधिकारीलगायतलाई धम्की दिएका थिए। माओवादीको धम्कीका कारण सो गाविसका जाल्पा मावि चौकीडाँडाको पढाइ दुई दिनसम्म अवरुद्ध भयो।

मोरङ जिल्लाको बेलबारी निवासी दोभाने गाविस-७ स्थित इन्द्रावती निमाविका प्रधानाध्यापक रुद्रप्रसाद गिरीलाई ०६४ असोज २४ गते मागेजति चन्दा नदिएको आरोपमा माओवादी कार्यकर्ता इन्द्रले विद्यालयमै कुटपिट गरे। माओवादीका कार्यकर्ता इन्द्रले प्रधानाध्यापक गिरीको अनुहारमा मुक्काले प्रहार गरेका थिए। प्रधानाध्यापक गिरीसँग माओवादीले एक लाख चन्दा माग गरेका थिए। माओवादीको कुटपिटपछि ज्यान जोगाउन प्रधानाध्यपक गिरी मोरङको बेलबारीस्थित घर गए। उनी एक महिनापछि विद्यालय फर्के। शिक्षकमाथि कुटपिट गर्ने माओवादी कार्यकर्तालाई कुनै कारबाही भएन।

बैकुण्ठे गाविस-१ निवासी गोविन्द पाण्डेलाई एमालेको कार्यक्रम आयोजना गरेको आरोपमा ०६४ कात्तिक ३ गते माओवादीका स्थानीय कार्यकर्ता हर्कराज तामाङ र हरिबहादुर मगरले कुटपिट गरी घाइते बनाए। माओवादीको कुटपिटबाट घाइते पाण्डेको स्थानीय स्वास्थ्य चौकीमा उपचार गरियो। पीडित पाण्डेले माओवादीले बिनाकारण कुटपिट गरेको जनाउँदै ०६४ कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालयमा पीडकमाथि कारबाहीको माग गर्दै उजुरी दिए। प्रहरीले पीडकमाथि कारबाहीका लागि पहल गरेन।

चरम्बी गाविसस्थित अरुणोदय माविका प्रधानाध्यापक मकरकुमार वैद्यलाई ०६४ मङ्सिर २४ गते माओवादी जिल्ला सदस्य चन्द्र बुढाथोकीसहितका चार जनाले विद्यालयमा गएर मागेजति चन्दा नदिए हातखुट्टा भाँचेर मार्ने धम्की दिए। माओवादी कार्यकर्ताको टोलीले १ लाख रुपियाँ पार्टीलाई दिन दबाब दिँदै ०६४ मङ्सिर २५ गतेसम्म सो रकम नदिएमा मार्ने धम्की दिएका थिए। माओवादीको सो कार्यको विरोधमा जिल्लाका शिक्षक सङ्गठनहरूले ०६४ मङ्सिर २५ गते प्रेस विज्ञप्ति प्रकाशित गरेर माओवादीविरुद्ध प्रतिकारमा उत्रने चेतावनी दिए।

वाईसीएलबाट

तुङ्गेछा गाविसका इन्द्र श्रेष्ठलाई ०६३ माघ २७ गते वाईसीएल दिङ्लाक्षेत्रका कमाण्डर ठाकुर तामाङले कुटपिट गरे। तुङ्गेछा गाविसमा नागरिकता वितरण टोलीका सदस्य श्रेष्ठलाई माओवादीले 'कारबाही गरेको व्यक्तिले नागरिकता बाँड्ने ?' भन्दै कुटपिट गरेका थिए। तामाडले नागरिकता वितरण टोलीका संयोजक पुष्प बुढाथोकीलाई कुटपिटको धम्की दिएका थिए। कुटपिटबाट तामाङको अनुहारमा चोट लाग्यो। पीडकमाथि कुनै कारबाही भएन भने पीडितको स्थानीय स्वास्थ्य संस्थामा उपचार गरियो।

मूलपानी गाविस-५ दिङ्ला बजारमा संविधानसभासम्बन्धी अभियान लिएर ०६४ भदौ १२ गते पुगेका एमाले केन्द्रीय सदस्य तथा अन्तरिम संसद्का

विधायक घनेन्द्र बस्नेतमाथि वाईसीएलका कार्यकर्ता र काङ्ग्रेसका कार्यकर्ताले अमानवीय व्यवहार गरे। सांसद बस्नेतमाथि वाईसीएलका दिङ्लाक्षेत्रका संयोजक ठाकुरपाल तामाङ र काङ्ग्रेसका खुरराज श्रेष्ठले कुटपिटको प्रयास गर्दै गाउँ नफर्कन चेतावनी दिए। उनीहरूले कुटपिट गर्न खोज्दा एमाले कार्यकर्ता र प्रहरीले सांसद बस्नेतको सुरक्षा गरेका थिए। घटनामा संलग्नमाथि कुनै कारबाही भएन। एमालेले जिल्ला कमिटी सदस्य देवीराम चौलागाईंको संयोजकत्वमा ०६४ असोज १२ गते छानबिन गर्न समिति गठन गऱ्यो।

मूलपानी गाविसमा वाईसीएलका कार्यकर्ताले केउरेनीपानी गाविस-९ निवासी जीतकुमार राई र दिनेश भट्टलाई ०६४ मङ्सिर २१ गते मूलपानी गाविसको दिङ्ला बजारमा कुटपिट गरे। वाईसीएलको कुटपिटबाट जीतकुमारको टाउकोमा गहिरो चोट लाग्यो भने दिनेश पनि घाइते भए। कुटपिटमा संलग्न वाईसीएलका कार्यकर्ताहरू लोकबहादुर मगर र दिलकुमार राईलाई घटना भएकै दिन र वाईसीएलका दिङ्ला क्षेत्रका संयोजक ठाकुरपाल तामाङलाई ०६४ मङ्सिर २४ गते घरैबाट प्रहरीले गिरफ्तार गरी ज्यानमार्ने उद्योगअन्तर्गत जिल्ला अदालत भोजपुरमा मुद्दा दायर गरे। घटनाका पीडित दुवैलाई उपचारका लागि ०६४ मङ्सिर २३ गते काठमाडौं लगियो।

कुलुङ गाविस-४, काम्लेटार निवासी ३७ वर्षीया तारा बस्नेतलाई माओवादी एरिया सदस्य सुनिताले ०६४ मङ्सिर २३ गते कुटपिट गरी गम्भीर घाइते बनाइन्। ०६४ भदौमा घाँस चोरेको आरोपमा छिमेकी भक्तबहादुर रोकायाले वाईसीएललाई उजुरी गरेपछि सुनिताले तारालाई निर्घात कुटपिट गरिन्। कुटपिटबाट ताराको पाठेघर खस्यो। कुटपिटपछि उपस्वास्थ्य चौकी कुलुङमा उपचारका लागि राखिएकामा उपचार नभएपछि ०६४ मङ्सिर २५ गते सङ्खुवासभाको खाँदबारी अस्पताल लगियो। कुटपिटको विरोधमा ०६४ मङ्सिर २४ गते स्थानीय महिलाले कुलुङस्थित नौओटा विद्यालय र सरकारी एवम् गैरसरकारी कार्यालय बन्द गरे। उनीहरूले दोषीलाई कारबाही, क्षतिपूर्ति, उपचार र सार्वजनिक रूपमा माफी माग्नुपर्ने माग गरे। इलाका प्रहरी कार्यालय दिङ्लामा उनीहरूले दोषीलाई तत्काल गिरफ्तार गर्न माग गर्दै ज्ञापनपत्रसमेत बुझाए। पीडकमाथि प्रहरीले कुनै कानुनी कारबाहीको प्रक्रिया अघि बढाएन।

अन्यबाट

श्यामसिला गाविसका सचिव जगत् खत्रीलाई काङ्ग्रेस, एमाले र माओवादीका स्थानीय कार्यकर्ताले मतदाता नामावली सङ्कलनका क्रममा ०६३ माघ १२ गते आफ्नो सहमतिबिना काम गरेको भन्दै कार्यक्षेत्र छोडेर जान धम्की दिए। सहमतिबिना काम गरेको भन्दै दलका कार्यकर्ताहरूले काम गरेमा नराम्रो हुने बताएपछि असुरक्षित भएको जनाउँदै कार्यक्षेत्र श्यामसिला गाविसबाट सदरमुकाम भोजपुर बजार फर्के। दलहरूको बैठकले गाउँ गएर काम गर्न अवरोध नगर्ने लिखित प्रतिवद्धता जनाएपछि खत्री ०६३ माघ १५ गते कार्यक्षेत्र फर्के।

सशस्त्र प्रहरीद्वारा कुटपिट गरिएका इन्सेक प्रतिनिधि ज्ञानेन्द्र खड्का

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भोजपुर गाविस-५ स्थित राष्ट्रिय प्रजातन्त्र पार्टीको कार्यालय ०६४ असार २२ गते वाईसीएलका कार्यकर्ताले तोडफोड गरे। राप्रपाका केन्द्रीय नेताहरू राजाको जन्मोत्सव मनाउन ०६४ असार २१ गते नारायणहिटी राजदरबार गएको आरोपमा राप्रपाको कार्यालयमा आगो लगाउनुका साथै तोडफोड गरे। वाईसीएलको आक्रमणबाट कार्यालयका १२ ओटा कुर्सी, दुईओटा टेबल, पार्टी कार्यालयको बोर्ड र पार्टीका महत्त्वपूर्ण कागजपत्र पूर्ण रूपमा नष्ट भए। पार्टी कार्यालय तोडफोड गर्ने वाईसीएलका कार्यकर्तालाई प्रहरीले कुनै कारबाही गरेन। वाईसीएलले पार्टी कार्यालयमा आक्रमण गरेपछि राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्तालाई जिल्लामा प्रवेश गर्न नदिने घोषणा गरे।

वाईसीएलको आक्रमणपछि राप्रपाको पार्टी कार्यालय तोडफोड गरेपछि पुनः पार्टी कार्यालय खोलिएन। वाईसीएल कार्यकर्ताले पार्टी कार्यालयमा आक्रमण गर्ने धम्की दिएपछि राजपाको भोजपुर गाविस-१ देउरालीमा रहेको कार्यालय पनि ०६४ असार २३ गतेदेखि बन्द गरियो। दुवै पार्टी कार्यालयहरू ०६४ पुस १५ गतेसम्म खुलेनन्।

भोजपुर जिल्लामा कार्यरत गैरसरकारी संस्थाले राजनीतिक प्रचारप्रसार गरेको आरोपमा ०६४ असोज ३ गते माओवादीले विज्ञप्ति जारी गरेर गैससमाथि प्रतिबन्धको घोषणा गऱ्यो। माओवादी भोजपुरका कार्यालय सचिव राजेश खतिवडाले असोज ३ गते प्रेस विज्ञप्ति निकालेर संविधानसभाको चुनाव नभएसम्म

सशस्त्र प्रहरीद्वारा कुटपिट गरिएका मानबहादुर खत्री

गैससका सबै क्रियाकलापमा बन्देज लगाएको जनाए। माओवादीको गैससमाथि प्रतिबन्ध गरिएको घोषणापछि जिल्लामा क्रियाशील तीन दर्जन गैससको काममा प्रत्यक्ष असर पऱ्यो। प्रतिबन्धको घोषणापछि जिल्लाका गैससले माओवादीले प्रतिबन्ध घोषणा गरेकै दिनदेखि गाउँमा गएर सहज रूपमा काम गर्न सकेनन्। गैससमाथिको प्रतिबन्ध माओवादीले ०६४ पुस १५ गतेसम्म फिर्ता लिएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत भोजपुरमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका २५ थान मुद्दामध्ये १४ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका २६ थान मुद्दामा १२ थान फर्स्यौट भए।

यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका नौ थान मुद्दामध्ये तीन थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १३ थान मुद्दामध्ये चार थान फर्स्यौट भए।

दुनियाँवादी देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३३ थान मुद्दामध्ये पाँच थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ३९ थान मुद्दामध्ये सात थान फर्स्यौट भए।

यस वर्षको अन्त्यसम्म जम्मा १ सय २ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यसैगरी, आतङ्ककारी तथा विध्वंसात्मक ऐनअन्तर्गत परेका मुद्दा जिल्ला अदालत भोजपुरमा तीन थान फर्स्यौट हुन बाँकी रहे। यी मुद्दा सशस्त्र द्वन्द्वका क्रममा राज्यले माओवादी कार्यकर्ताविरुद्ध दायर गरेको थियो।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

लेखर्क गाविस-३ निवासी ३९ वर्षीय गर्वधन राईलाई प्रहरी चौकी लेखर्क, पाँचधारेका प्रहरीले पत्नीलाई कुटपिट गरेको अभियोगमा ०६४ पुस १० गते गिरफ्तार गरी हिरासतमा शारीरिक यातना दिए। सोही दिन घरबाट गिरफ्तार गरेर प्रहरी चौकीमा ल्याई गर्वधनलाई लात्ती र मुक्काले साँझ ७ बजेदेखि १० बजे रातिसम्म शारीरिक यातना दिए।

प्रहरी चौकी पाँचधारेका असई गौतम गिरी र सिपाही मोहन लुईटेलको नेतृत्वमा छ जना प्रहरीले पानी खन्याउँदै शारीरिक यातना दिएको पीडित राईले बताए। रक्सी खाएको आरोप लगाउँदै मुक्का र लात्तीले शरीरभरि प्रहार गरी पानी खन्याउँदै लगातार चार घण्टासम्म पिट्दै गोली हान्ने धम्की दिएका थिए। प्रहरीको शारीरिक यातनाबाट राईको टाउको फुट्नुका साथै निधार, गालामा, हातको औँला, खुट्टामा चोट लाग्यो। जिल्ला प्रहरी कार्यालय भोजपुरका इन्स्पेक्टर टङ्कप्रसाद भट्टराईले गर्वधनले प्रहरी चौकीमा नै पत्नी निरालाई कुटपिट गरेकाले उनलाई नियन्त्रणमा लिएको बताए। उनले प्रहरी चौकीका इन्चार्ज असई गौतम गिरीले राईलाई शारीरिक यातना नदिएको बताउँदै अन्य सिपाहीले यातना दिएको भए छानबिन गरी दोषीमाथि कारबाही गरिने बताए। पीडितले दोषीमाथि कारबाहीको माग गर्दै ०६४ पुस १३ गते जिल्ला प्रशासन कार्यालय भोजपुरमा निवेदन दिए।

बालअधिकार

दलगाउँ गाविस-५ स्थित चण्डिका प्राविमा स्थानीयवासीले ०६४ वैशाख ३१ गते सांस्कृतिक कार्यक्रम गर्दा सो विद्यालयका डेढ सय विद्यार्थी शिक्षा लिनबाट वञ्चित भए। विद्यालय ०६४ जेठ १ गतेदेखि सुचारु भयो।

विद्यार्थीसँग लिइने शुल्क घटाउन माग गर्दै अनेरास्ववियु (क्रान्तिकारी) ले ०६४ वैशाख २८ गते भोजपुर बजारका दुईओटा बोर्डिङ्मा तालाबन्दी गर्दा करिब १ हजार विद्यार्थी शिक्षा लिनबट वञ्चित भए। अनेरास्ववियु (क्रान्तिकारी) ले भोजपुर गाविस-३ का सिद्धकाली बोर्डिङ् र सगरमाथा बोर्डिङ्मा तालाबन्दी गरेका थिए। ताला तीन दिनपछि खोलियो।

शैक्षिक गणतान्त्रिक मञ्चले गरेको शिक्षण संस्था बन्दका कारण भोजपुरका ६० हजार विद्यार्थीले १२ दिनसम्म शिक्षा लिन पाएनन्। मञ्चसम्बद्ध प्रावि, निमावि र माविका शिक्षकले ०६४ जेठ ३ गतेदेखि विद्यालय बन्द गरेका थिए। बन्द विद्यालय ०६४ जेठ १५ गतेदेखि सुचारु भए।

माओवादीले सदरमुकामस्थित विद्योदय माविका विद्यार्थीलाई ०६४ भदौ १७ गते भोजपुर सदरमुकाममा भएको विरोध जुलुसमा प्रयोग गरे। माओवादीले विद्यालयको पोसाकसहित एक हातमा कापी-किताब र अर्को हातमा पार्टीको झण्डा बोकाएर विद्यार्थीलाई पार्टीको पक्षमा नारा लगाउन लगाए। विद्यालयबाटै ल्याइएका विद्यार्थीलाई एक घण्टासम्म नारा जुलुस लगाउन लगाएर माओवादीले घर फर्काए। माओवादीले जुलुसमा ६० जना विद्यार्थीको प्रयोग गरे।

भोजपुर सदरमुकाममा ०६४ भदौ २२ गते आयोजित बीपी स्मृति दिवसमा काङ्ग्रेसले विद्योदय माविका विद्यार्थीलाई जुलुसमा प्रयोग गरे। जुलुसमा आफ्नो पार्टीको पक्षमा नारा लगाउन भन्दै काङ्ग्रेस कार्यकर्ताले विद्यालय पोसाक र कापी-किताबसहितका विद्यार्थीहरूलाई चर्को घाममा पार्टीको झण्डा बोकाए। विद्यार्थीहरूलाई काङ्ग्रेस जिन्दावाद, गणतन्त्र जिन्दावादजस्ता नारा लगाउन लगाए। काङ्ग्रेसको कार्यक्रममा विद्यार्थी लगिएपछि विद्योदय माविको भदौ २२ गतेको पढाइ पूर्णरूपमा ठप्प भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

बोखिम गाविस-१ का मिलन राईले तीन जना किशोरीलाई जागिर लगाइदिने प्रलोभनमा पारेर बेच्न लाँदै गर्दा प्रहरीले ०६४ वैशाख २० गते तिवारीभञ्ज्याङ गाविसबाट गिरफ्तार गऱ्यो। राईले ०६४ वैशाख १९ गते बोखिम गाविस-१ का १७ र १८ वर्षीया बालिका र तिम्मा गाविस-३ की १६ वर्षीया बालिकालाई भारतमा लगेर बेच्न लगेका थिए। जिल्ला प्रहरी कार्यालय भोजपुरका अनुसार उनीहरू तीनै जनालाई राईले भारतको मुम्बईमा बिक्रीका लागि लगेको स्वीकारेका थिए। पीडितहरूलाई आवश्यक सोधपुछपछि अभिभावकको जिम्मा लगाइएको छ भने पीडकमाथि जीउ मास्ने-बेच्ने कार्यमा संलग्न भएको अभियोगमा मुद्दा चलाइएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनायो।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

साङपाङ गाविसमा-७ सत्तल घर भई शारदा उच्च मावि देउरालीमा ११ कक्षामा अध्ययनरत २१ वर्षीया एक महिलालाई इलाका प्रहरी कार्यालय साङपाङका प्रहरीहरू पङ्कज यादव र ललित साहले ०६४ कात्तिक २९ गते बलात्कार गरे। विवाह गर्ने भन्दै दुवै जनालाई इलाका प्रहरी कार्यालय नजिकैको जङ्गलमा बलात्कार गरेका थिए। ०६४ कात्तिक २९ गते भएको घटना पीडितहरूले २० दिनपछि मङ्सिर १९ गते सार्वजनिक गरे। घटना सार्वजनिक भएपछि शारदा उच्च मावि, चन्द्रसूर्य मावि, किमालुङ र महेन्द्रोदय मावि देउरालीका विद्यार्थी तथा शिक्षकहरूले दोषीमाथि कारबाही र पीडितलाई क्षतिपूर्ति माग गर्दै ०६४ मङ्सिर २० गतेदेखि २२ गतेसम्म इलाका प्रहरी कार्यालय साङपाङमा विरोध प्रदर्शन गरे। प्रहरीले घटनामा पङ्कज संलग्न भएको स्वीकारे पनि ललितको भने संलग्नता अस्वीकार गऱ्यो। जिल्ला अदालत भोजपुरले ०६४ पुस १२ गते बलात्कारका अभियोगी पङ्कजलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो भने ललितलाई १० हजार धरौटीमा साधारण तारेखमा रिहा गर्ने आदेश दियो।

नेपालेडाँडा गाविस-४ की ५२ वर्षीया एक महिलालाई ०६४ मङ्सिर १४ गते मोरङको लक्ष्मीमार्ग स्थायी घर भई कुदाकाउले गाविस-३ निवासी २१ वर्षीय राजकुमार तामाङले बलात्कार गरे। पीडित महिलाका अभिभावकले पीडकमाथि कारबाहीको माग गर्दै ०६४ मङ्सिर १८ गते इलाका प्रहरी कार्यालय दिङ्लामा उजुरी दिए। तामाङलाई ०६४ मङ्सिर २० गते इलाका प्रहरी कार्यालय दिङ्लाले गिरफ्तार गऱ्यो। तामाङमाथि मुलुकी ऐन जबरजस्ती करणीको महलअन्तर्गत प्रहरीले जिल्ला अदालत भोजपुरमा मुद्दा चलायो।

पारिवारिक हिंसा

प्याउली गाविस-८ की २७ वर्षीया तुलसा मगर (तामाङ) लाई उनकै सासू मधुमाया तामाङले अजात भएको आरोपमा ०६३ पुस २७ गते खुकुरी प्रहार गरी घरैमा हत्या गरिन्। अर्को जातिसँग विवाह गरेको आरोपमा मधुमायाले खुकुरीले प्रहार गर्दा तुलसाको घटनास्थलमै मृत्य भएको थियो। तुलसालाई अजातको छोरी भनेर मधुमायाले छोरा रोशनलाई तुलसाबाट छुट्याएर झुमना तामाङसँग बिहे गरिदिएकी थिइन्। पीडक हाल कारागार शाखा भोजपुरमा थुनामा रहेकी छन्।

मूलपानी गाविस-५ की ६५ वर्षीया तारादेवी गौतमलाई आफ्नो बारीको घाँस काटेको भन्दै उनकै छोरा भुवन गौतमले ०६३ फागुन १२ गते मरणासन्न हुने गरी कुटपिट गरे। उनको प्राथमिक स्वास्थ्य केन्द्र दिङ्लामा उपचार गरियो। पीडकलाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक रूपमा क्षमायाचना गर्न लगाई रिहा गऱ्यो।

किमालुङ गाविस-७ की ६५ वर्षीया पोल्मु शेर्पालाई उनका सौतेनी छोरा तेन्जी शेर्पाले रक्सी नदिएको भन्दै ०६३ फागुन २३ गते घरैमा बन्चरोले काटेर हत्या गरे। रक्सीले मातेका तेन्जीले राति ढोका फोडेर पोल्मुको घरमा पसी बन्चरोले प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भयो। पीडकलाई प्रहरीले ०६३ फागुन २४ गते गिरफ्तार गऱ्यो। पीडक कारागार शाखा भोजपुरमा पुर्पक्षका लागि थुनामा छन्।

मूलपानी गाविस-७ का कुमार सुवेदीले मादक पदार्थ सेवन गरी ०६३ फागुन २५ गते पत्नी कमला सुवेदीलाई घरैमा कुटपिट गरी शारीरिक यातना दिए। पतिको यातनाबाट कमलाको अनुहार र टाउकोमा गहिरो चोट लाग्यो। उनको प्राथमिक स्वास्थ्य केन्द्र दिङ्लामा उपचार गरियो। पीडकलाई स्थानीयवासीले पत्नी कुटेको भन्दै मरनणासन्न हुने गरी कुटपिट गरे। प्रहरीले पीडकलाई घटना भएकै दिन गिरफ्तार गरी १२ हजार क्षतिपूर्ति दिने सर्तमा रिहा गऱ्यो।

टक्सार गाविस-८ की ५० वर्षीया नर्वदा श्रेष्ठलाई उनका पति शक्ति श्रेष्ठ र छोरा ईश्वरले कुटपिट गरी शारीरिक यातना दिए। १० वर्षअघिदेखि आफूलाई अमानवीय व्यवहार गरी कुटपिट गरेको भन्दै पीडित नर्वदाले ०६४ वैशाख १६ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा उजुरी दिइन्। पीडितको उजुरीबमोजिम प्रहरीले पीडकलाई ०६४ वैशाख २० गते गिरफ्तार गरी अमानवीय व्यवहार र कुटपिट नगर्ने सर्तमा रिहा गऱ्यो। पीडितको अवस्था सामान्य छ।

चरम्बी गाविस-१ की ३८ वर्षीया छलिमाया विकलाई उनका पति रणबहादुर विकले ०६४ वैशाख २५ गते घरैमा मरणासन्न हुनेगरी कुटपिट गरे। मादक पदार्थ सेवन गरी रणबहादुरले लाठी र मुक्काले कटपिट गर्दा छलिमायाको देब्रे हात भाँचियो। पतिको कुटपिटबाट हात भाँचिएपछि उनको प्राथमिक स्वास्थ्य केन्द्र प्याउलीमा उपचार गरियो। पीडकलाई प्रहरीले ०६४ वैशाख २७ गते गिरफ्तार गरी पीडितको उपचार गर्ने सर्तमा रिहा गऱ्यो।

कुलुङ गाविस-१ अग्राखेकी २१ वर्षीया कमला राईलाई ०६४ कात्तिक ५ गते उनका पति २४ वर्षीय मिलन राईले घरमा भएको सामान्य विवादमा दाउराले कुटपिट गरी गम्भीर घाइते बनाए। पतिको कुटपिटबाट कमलाको टाउकोमा गहिरो चोट लाग्यो। पतिको कुटपिटबाट टाउको फुटेपछि कमलाको स्थानीय कुलुङ उपस्वास्थ्य चौकीमा उपचार गरियो। पत्नी कुटपिट गर्ने मिलन राईलाई प्रहरी चौकी कुलुङले ०६४ कात्तिक ६ गते घरैबाट गिरफ्तार गरी कारबाही गरेको जनायो।

मूलपानी गाविस-४, केराबारी निवासी २२ वर्षीया हेमा बस्नेतको उनका पति २६ वर्षीय निरोज बस्नेतले ०६४ कात्तिक १८ गते घरैमा कुटपिट गरी हत्या गरे। मादक पदार्थ पिएका बस्नेतले पत्नी हेमालाई दाउरा र बञ्चरोले प्रहार गरी हत्या गरे। हत्याको अभियोगमा प्रहरीले निरोजलाई ०६४ कात्तिक २२ गते घरैबाट गिरफ्तार गऱ्यो। आमाको हत्या र बाबु थुनामा परेपछि तीन जना नाबालक छोराहरू सात वर्षीय दीपक, पाँच वर्षीय हेमन्त र तीन वर्षीय धीरज संरक्षकको अभावमा बिचल्लीमा परे।

च्याङ्ग्रे गाविस-७ की ४९ वर्षीया टीका बास्कोटीको ०६४ मङ्सिर २१ गते ४५ वर्षीय पति बुद्धबहादुर बास्कोटीले घरैमा कुटपिट गरी हत्या गरे। मादक पदार्थ पिएका बास्कोटीले खुर्पा र ढुङ्गाले प्रहार गरी हत्या गरे। पत्नीको हत्या अभियोगमा प्रहरीले बुद्धबहादुरलाई ०६४ मङ्सिर २२ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडकमाथि ज्यान मारेको अभियोगमा जिल्ला प्रहरी कार्यालय भोजपुरले जिल्ला अदालतमा ०६४ मङ्सिर २४ गते मुद्दा दायर गरी कानुनी कारबाही अघि बढायो।

गुप्तेश्वर गाविस-१, निवासी २२ वर्षीया रमिता राईको ०६४ पुस ९ गते उनका पति २८ वर्षीय सञ्जय राईले भरुवा बन्दुकबाट गोली प्रहार गर्दा मृत्यु भयो। राईले मादक पदार्थ पिएर गोली प्रहार गर्दा गम्भीर घाइते भएकी रमिताको उपचारका लागि विराटनगर पुऱ्याएपछि ०६४ पुस ११ गते मृत्यु भयो। पत्नीको हत्या गरेको अभियोगमा प्रहरीले सञ्जयलाई ०६४ पुस ११ गते घरैबाट गिरफ्तार गऱ्यो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा/लुटपाट

देउराली गाविस-८ का टङ्कप्रसाद आचार्यको २० मुरी धान माओवादी कार्यकर्ताले ०६३ पुस २० गते कब्जा गरे । धान फिर्ताका लागि माओवादीसँग आग्रह गर्दा कुनै सुनुवाइ नभएको पीडितले बताए। माओवादीले मन्दिरको गुठीको धान भन्दै लुटेर लगेका थिए। माओवादीले ०६४ पुस १५ गतेसम्म लुटेको धान फिर्ता गरेनन्।

भोजपुरमा कार्यरत शिक्षक र कर्मचारीसँग माओवादीले ०६४ असोज १५ गतेदेखि पत्र लेखेर जनसत्ताका नाममा १ हजारदेखि १ लाख रुपियाँसम्म चन्दा माग गरे। माओवादीले पार्टीले तोकेजति रकम नदिएमा भौतिक कारबाहीको धम्की दिँदै लेवीका नाममा जबरजस्ती चन्दा माग गर्न थालेपछि सो कार्यको शिक्षकसम्बद्ध संस्थाहरू नेपाल शिक्षक युनियन, नेपाल शिक्षक सङ्घ र नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले ०६४ असोज २४ गते प्रेस विज्ञप्ति जारी गरेर विरोध गरे।

विस्थापित

देउराली गाविसस्थित सिंहदेवी प्राविका शिक्षक शेरबहादुर पौडेललाई स्थानीय एक महिलासँग तीन वर्षअघिदेखि शारीरिक सम्बन्ध राखेको आरोपमा माओवादीले कारबाही गर्ने धम्की दिएपछि ०६३ पुस २६ गते गाउँबाट विस्थापित भए। माओवादीले भौतिक कारबाही गर्ने भन्दै २५ हजार चन्दा मागेपछि पौडेल गाउँ छोडेर विस्थापित भए। माओवादीका स्थानीय नेता राजकुमार दङ्गालले सो घटनाबारेमा सोध्न खोज्दा उनी आफैं भागेको बताए। पौडेल ०६४ जेठमा गाउँ फर्के।

विगतको अनुगमन

राज्य र माओवादीको १० वर्ष लामो सशस्त्र युद्धका क्रममा युद्धरत पक्षबाट भोजपुर जिल्लाका १ सय १३ परिवार विस्थापित भएको र ३७ परिवार पुन:स्थापित भएको तथ्याङ्क जिल्ला प्रशासन कार्यालयमा रहेको छ। तर, जिल्लाबाट विस्थापित भएकामध्ये कति परिवार पुन:स्थापित भए भन्ने तथ्याङ्क प्रशासनसँग छैन। पुन:स्थापनाको माग गर्दै १ सय १३ परिवार विस्थापितहरूले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका छन्। जिल्लाबाट विस्थापित भएकाहरूमध्ये माओवादीबाट विस्थापित भएकाहरूको तथ्याङ्क धेरै रहेको छ। राज्यपक्षबाट जिल्लाका तीन परिवार मात्र विस्थापित भएको अभिलेख जिल्ला प्रशासन कार्यालयमा छ। माओवादीले विभिन्न समयमा विस्थापित भएका जिल्लाका पाँच परिवारको कब्जा गरिएको घरजग्गा फिर्ता नगर्ने जनाए।

माओवादीले ०६१ वैशाख १ गते अपहरण गरी बेपत्ता पारिएका सिद्देश्वर गाविस-५ का डिकबहादुर प्रधान ०६४ असार १० गते घर फर्के। प्रधानलाई गाउँकै एक महिलालाई यौन दुर्व्यवहार गरेको आरोपमा माओवादीले घरैबाट अपहरण गरेदेखि उनको अवस्था अज्ञात थियो। उनलाई माओवादीका जिल्ला सदस्य चन्द्र बुढाथोकीसहितका माओवादी कार्यकर्ताले घरैबाट अपहरण गरी बेपत्ता पारेका थिए। प्रधान माओवादीको कब्जाबाट उम्केर भागेपछि भारत पलायन भएको पीडितले बताए।

१.१० सङ्खुवासभा

जनसङ्ख्या : १,७२,४७०
साक्षरता प्रतिशत : ६१.५
महिला साक्षरता प्रतिशत : ३४
क्षेत्रफल (वर्ग कि. मि.) : ३,४८०
गाविस/नपा सङ्ख्या : ३३/१
सरकारी/निजी विद्यालय : ३६०/१०
क्याम्पस/उच्च मा.वि. : ३/९
अस्पताल/स्वास्थ्य चौकी : २/२५
मोटर सडक (कि. मि.) : ६३
प्रहरी कार्यालय सङ्ख्या : २१
मानव विकास सूचकाङ्क : ०.४८१
प्रतिपरिवार सरदर सङ्ख्या : ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

माओवादीबाट

बाह्रबीसे गाविस-६ का माओवादी कार्यकर्ता चन्द्रबहादुर राईको ०६४ वैशाख १६ गते माओवादीका पूर्वकार्यकर्ता तुलराम राई, विपन राई र राजु राईले बाह्रबीसेमा कुटपिट गरी हत्या गरे। पीडितको लास जिल्ला अस्पतालमा पोस्टमार्टम गरी सद्गत गरे। हत्यामा संलग्नहरू यस वर्षको अन्त्यसम्म फरार छन्।

धुपू गाविस-७ घर भएका ६७ वर्षीय निरबहादुर कालाखेतीको ०६४ वैशाख २६ गते माओवादीका कार्यकर्ता हर्कबहादुर गोलेले कुटपिट गरी हत्या गरे। माओवादीका स्थानीय कार्यकर्ता गोलेले आफ्नै घरनजिकै कुटपिट गरी खाँदवारी ल्याउँदा ल्याउँदै धुपू गाविसको डकेमा आई पुगेपछि पीडितको मृत्यु

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	४	३	१	४	४	४		४				
घाइते	१	१		१	१	१	१	३				
कुटपिट	५	६	१	७	११	९	३	१३	३	१	१	३
धम्की	१	१		१	३	३		३				
जातीय विभेद	१		१	१								
महिलाअधिकार	६		६	६								
बालअधिकार	३		३	३								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१				
अपहरण					५	६	१	७				
जम्मा	३१	११	१३	३३	३५	३४	५	३९	३	१	१	३

भएको थियो। माओवादीले भने गोलेले आफ्नो पार्टी छाडेको बताएको छ। लासको जिल्ला अस्पताल खाँदवारीमा पोस्टमार्टम गरी आफन्तले सद्गत गरे।

खाँदवारी नपा-६ का ५० वर्षीय बालकृष्ण निरौलाको ०६४ जेठ १९ गते माओवादीका कार्यकर्ता झलक गुरुङले खुकुरी प्रहार गरी हत्या गरे। पीडित खाँदवारी नपा-६ मा विस्तार गर्न लागिएको बिजुलीको उपभोक्ता समितिमा रहेको र खाँदवारी नपा-६ का झलक गुरुङको बारीबाट लाइनका लागि पोल गाडिएका कारण गुरुङले आफूकहाँ निःशुल्क विद्युत् जडान गर्नुपर्ने माग गर्दै धम्क्याउँदै आएका थिए। पीडितलगायत उपभोक्ता समितिले निःशुल्क विद्युत् जडान गर्न नसक्ने बताएपछि गुरुङले निरौलालाई खुकुरी प्रहार गरी हत्या गरेका थिए। गुरुङलाई प्रहरीले गिरफ्तार गरी जेल चलान गरेको छ।

आफ्नै बम विस्फोटबाट

सिद्धकाली गाविस-८ का अजुर्नप्रसाद अधिकारीको ०६४ कात्तिक ४ गते आफैँले सफा गर्दै गरेको सकेट बम विस्फोट हुँदा मृत्यु भयो। माओवादी अस्थायी शिविर इलामबाट उनी बिदामा घर आएका थिए। आफ्नै घरमा राखेको सकेट बम झिकेर सफा गर्दै गर्दा पड्किएर उनको मृत्यु भएको थियो। पहिला भिडन्त भएको र त्यहाँ बम छोडिकाले त्यही बम पड्किएर घटना भएको माओवादीले बतायो। सोही घटनामा २४ वर्षीय डम्बर अधिकारी र उनकी तीन वर्षीया छोरी रेणुका अधिकारी घाइते भए। पीडितहरू धरानमा उपचार गराई घर फर्किए।

जेल र बन्दीहरू

सङ्खुवासभा जिल्ला कारागार सदरमुकाम खाँदवारीमा रहेको छ। २५ जनाको क्षमता भएको यो 'ग' वर्गको कारागार हो। कारागारमा चार महिलासहित जम्मा ३८ जना बन्दी रहेका छन्। जसमध्ये १३ जना कैद तोकिएका र २५ जना कैद नतोकिएका बन्दीहरू छन्। जिल्ला कारागार र जिल्ला अदालतको दूरी निकै भएका कारण बन्दीहरूले कानुन व्यवसायीहरूको परामर्श लिन कठिन परेको छ। कारागारमा जम्मा दुई ओटा मात्र सुत्ने कोठा भएका कारण बन्दीहरूलाई सुत्न समस्या परेको छ। शौचालयको व्यवस्था राम्रो छैन, सुत्ने कोठामा रातभरि शौचालयको गन्ध आउँछ। कारागारमा पानीको समस्या रहेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

सित्तलपाटी गाविस-६ का २० वर्षीय भुवन राईलाई माओवादीले माओवादीका विरुद्धमा लागेको आरोपमा ०६४ वैशाख १७ गते अपहरण गरे। पीडितलाई कुटपिट गरी ०६४ वैशाख १८ गते मुक्त गरे।

धनकुटा जिल्ला निवासी सङ्खुवासभा जिल्लाको किमाथाङ्का गाविसका सचिव ४० वर्षीय गुरु

घिमिरेलाई सोलार बत्ती वितरणमा भ्रष्टाचार गरेको आरोपमा ०६४ असार २२ गते माओवादीका कार्यकर्ताहरूले खाँदवारी बजारबाट अपहरण गरे। पीडितलाई माओवादी कार्यालयमा पुऱ्याई रातभरि खानसमेत नदिइ कोठामा थुनेर कुटपिट गर्दै असार २३ गते कार्यालयबाट मुक्त गरे।

स्याबुन गाविस-७ घर भई सिंहदेवी प्राथमिक विद्यालयका शिक्षक ३९ वर्षीय धनञ्जय सुवेदीले विद्यालयमा नपढाई तलब लिएको आरोपमा ०६४ असार २३ गते माओवादीले अपहरण गरे। खाँदवारी बजारबाट अपहरण गरी चार महिनाको तलबसमेत खोसी शिक्षा कार्यालयमा लगी बुझाएर सोही दिन साँझमा खाँदवारीबाट उनलाई मुक्त गरे।

खाँदवारी नपा-७ निवासी ४५ वर्षीया धर्मदेवी दाहाललाई ०६४ भदौ १ गते पतिसँग सम्बन्धविच्छेद गरेको आरोपमा माओवादीले अपहरण गरी सोही दिन बेलुकी मुक्त गरे। पति टेकनाथ दाहालले कुटपिट गर्ने गरेका कारण पीडितले एक वर्षअगाडि नै जिल्ला अदालत चैनपुरमा सम्बन्धविच्छेद गरेकी थिइन्। पतिले माओवादी कार्यालयमा पुनःमिलन गराई पाऊँ भनी उजुरी गरेकाले माओवादीले अपहरण गरेको बताए। माओवादीले पीडितलाई पतिसँगै बस्न दबाब दिएका थिए। पीडितले सँगै नबस्ने बताएपछि मुक्त गरे ।

धम्की/कुटपिट

राज्यबाट

खाँदवारी नपा-११ का सवारी चालक २३ वर्षीय किरण विश्वकर्मालाई ०६४ असार १६ गते अम्मर दल गुल्मका सिपाही डेण्डी शेर्पाले मादक पदार्थ सेवन गरी शनिबारे बजारमा कुटपिट गरे। पीडक शेर्पालाई विभागीय कारबाही गरिएको सेनाले जतायो।

माओवादीबाट

खाँदवारी नपा-६ का एमाले जिल्ला कमिटी सदस्य डम्बर घलेलाई माओवादीका कार्यकर्ता झलक गुरुङले ०६३ पुस ३० गते एमालेको सङ्गठन निर्माणको काम गरेको भन्दै मार्ने धम्की दिए।

खाँदवारी नपा-१ का सर्वसाधारण रमेश विश्वकर्मालाई ०६३ माघ १३ गते माओवादी कार्यकर्ताले कुटपिट गरे। कुटपिटबाट पीडितको दाहिने हात भाँच्चियो। पीडितले खाँदवारी अस्पतालमा उपचार गराए। पीडकलाई कुनै कारबाही भएन।

सभापोखरी गाविस-४ का ३५ वर्षीय सोममाया तामाङलाई ०६३ फागुन १ गते माओवादी कार्यकर्ता विष्णु तामाङले कुटपिट गरे। पीडित र पीडक छिमेकी भएका कारण घरायसी विवाद भएको र माओवादीले धम्की दिँदै कुटपिट गरेका थिए।

धुपू गाविस-३ निवासी पूर्वगाविस अध्यक्ष टङ्क पन्तलाई ०६३ फागुन १३ गते माओवादीका कार्यकर्ताले धुपू गाविसमा कुटपिट गरे। पीडितलाई माओवादीले ०५८ सालमा सुराकीको आरोपमा कुटपिट गरी विस्थापित गराएका थिए। पीडित गाउँ परिषद्मा भाग लिन धुपू पुगेको अवस्थामा माओवादीले सुराकीको आरोप लगाउँदै कुटपिट गरे।

मादी गाविस-१ घर भई मादी बहुमुखी क्याम्पसका स्ववियु सभापति शिवराज सुवेदीलाई ०६३ फागुन १५ गते माओवादीका कार्यकर्ताले आफ्नो कार्यक्रममा गाउँलेलाई आउन नदिएको आरोपमा मार्ने धम्की दिए।

दिदिङ्ग गाविस-४ का ४० वर्षीय सर्वसाधारण मिङ्मा शेर्पा र सोही गाविस-५ का ३० वर्षीय कामी शेर्पालाई ०६४ असार १३ गते झगडा गरेको आरोपमा माओवादीले कुटपिट गरे। पीडितहरूलाई नजिकैको बाटो खन्न लगाई असार ३१ गते मुक्त गरे।

खाँदवारी नपा-३ घर भई गाडी चालक २७ वर्षीय अम्बरबहादुर कटुवाललाई ०६४ साउन १ गते गाडी नरोकेको आरोपमा माओवादीले कुटपिट गरे। खाँदवारी नपा-१२ मा माओवादी जिल्ला कमिटी सचिव राजेन्द्र कार्कीसहितका चार जनाको समूहले मोटर बाटोमा मुडा तेर्स्याएर गाडी रोकी कुटपिट गरेको थियो। पीडितले उजुरी नगरेका कारण पीडकहरू कसैलाई पनि कारबाही भएन।

मावदिन गाविस-३ का ५९ वर्षीय लाक्पा शेर्पा र उनकी बुहारी २५ वर्षीया लक्बुटी शेर्पालाई घरमा झगडा गरेको आरोपमा ०६४ मङ्सिर २६ गते माओवादी कार्यकर्ताले कुटपिट गरे। माओवादीका १० नम्बर एरिया इञ्चार्ज दावा शेर्पाको नेतृत्वमा १२ जनाको समूहमा आएका माओवादी कार्यकर्ताहरूले राति पीडितको घरमा ढोका थुनेर कुटपिट गरी घाइते बनाएका थिए। घाइतेहरूलाई प्राथमिक स्वास्थ्यचौकी चैनपुरमा उपचार गराइएको थियो। दोषीहरूलाई प्रहरीले ०६४ पुस ५ गते पक्राउ गरी माफी मगाएर छाडिदिए।

वाईसीएलबाट

खाँदवारी नपा-१ का २६ वर्षीय किशोर श्रेष्ठलाई ०६४ कात्तिक २९ गते वाईसीएल जिल्ला कमिटी सदस्य फणिन्द्र दाहाल र उनका ससुरा प्रम श्रेष्ठले कुटपिट गरी अगाडिका तीनओटा दाँत झारिदिए। प्रहरीले उनलाई पक्राउ गरी पीडित श्रेष्ठलाई

उपचार खर्च उपलब्ध गराउन लगाई मिलापत्र गराए। घाइते खाँदवारी अस्पतालमा उपचारपश्चात् घर फर्किए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा जम्मा १ सय ५७ थान मुद्दा रहे। जसमा लेनदेन २१ थान, लिखत बदर दुई थान, फर्स्यौट बदर एक थान, हकनिखन्नी दुई, बालीविगो चार थान, अंशदर्ता नौ थान, जग्गा खिचला १० थान, हजर्ना रकम दिलाई पाउँ एक थान, कुतवादी तीन थान, दपोट दुई थान, निर्णय दर्ता बदर चार थान, सम्बन्ध विच्छेद सात थान, जबरजस्ती चार थान, ठगी दुई थान, झुटा वकपत्र एक थान, जीउमास्ने बेच्ने एक थान, डाका एक थान, कर्तव्य ज्यान १६ थान, ज्यान मार्ने छ थान, करकाप चार थान, किर्ते जालसाजी नौ थान, गौबध एक थान, लुटपिट २४ थान, चोरी तीन थान, आगो लागी दुई थान, भवितव्यज्यान दुई थान, धनमाल दुई थान, कुटपिट तीन थान, जारी दुई थान, वन फँडानी दुई थान, बेइजती ५ थान, नाता कायम एक थान गरी जम्मा १ सय ५७ थान मुद्दा रहेका थिए। यी मुद्दामध्ये यस वर्षको अन्त्यसम्म जम्मा ५८ थान मुद्दा मात्र फर्स्यौट भए भने ९९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

खराङ गाविस-४ घर भई मूलखर्क गाविस-१ निवासी १२ वर्षीय दिनेश तामाङको माओवादीले राखेको बन्दुक पड्किँदा ०६४ वैशाख २० गते मृत्यु भयो। बालक स्थानीय कृष्ण जिमीको घरमा गोठाला बसेको र घरमा कोही नभएको अवस्थामा पीडितले बन्दुक लिएर घरदेखि केही पर लगेर खेलाउँदै गर्दा पड्किएर मृत्यु भएको थियो। माओवादीले बन्दुक आफ्नो पार्टीले नराखेको बताए पनि स्थानीयवासीले भने माओवादीले नै राखेको बताए।

नुम गाविस-४ का १४ देखि १६ वर्षसम्मका तीन जना बालकलाई ०६४ असार १० गते माओवादीले अपहरण गरे। माओवादीले पीडितहरूलाई १२ वर्षीया बालिकामाथि सामूहिक बलात्कार गरेको आरोपमा अपहरण गरी ढुङ्गा बोक्ने काम लगाई असार १५ गते मुक्त गरे।

आँखीभुइँ गाविस-९ की छ वर्षीया बालिका सीतादेवी दाहाल जन्मदर्ता नभएका कारण विद्यालय जानबाट वञ्चित भइन्। पीडितका पिता विवाहदर्ता नगरी घर छाडेर हिँडेको र हालसम्म बेपत्ता छन्। आमाबुबाको विवाह दर्ता नभएका कारण उनको जन्मदर्ता हुन सकेको छैन। पीडितकी आमाले ०६४ असोज ९ गते बानेश्वर प्राविमा नाम लेखाउन लाँदा जन्मदर्ता नभएका कारण प्रधानाध्यापक छत्रबहादुर राईले विद्यालय भर्ना गर्न नसकिने बताएका थिए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

वाना गाविस-७ का ३५ वर्षीया गोपीमाया विश्वकर्मालाई बोक्सीको आरोपमा ०६४ मङ्सिर १४ गते कुमार विश्वकर्माले कुटपिट गरे। कुमारलाई प्रहरीले पक्राउ गरी कानुनी कारबाही गरेको बताए।

पारिवारिक हिंसा

सिद्धपोखरी गाविस-९ का सर्वसाधारण १८ वर्षीया सुनिता डाँगीलाई ०६३ फागुन २२ गते उनका पति देवेन्द्र नेउपानेले घाँटी थिचेर हत्या गरे। पीडितको पेटमा पाँच महिनाको गर्भ रहेको र गर्भपतन गर्न खोज्दा नमानेपछि पत्नीको हत्या गरेका थिए। प्रहरीले नेउपानेलाई पक्राउ गरी जेल चलान गरे।

खाँदवारी नपा-११ की २९ वर्षीया सीता शेर्पालाई ०६४ असार २० गते साँझ खाना ढिलो पकाएको आरोपमा आफ्नै पतिले कुटपिट गरे। कुटपिटबाट पीडितको दाहिने हात भाँचिएको थियो। पीडित खाँदवारी अस्पतालमा उपचार गराई घर फर्किन् भने पतिलाई प्रहरीले पक्राउ गरी आइन्दा यस्तो गल्ती नदोहोऱ्याउने कायलनामा गरी रिहा गरे।

खाँदवारी नपा-६ की २५ वर्षीया कमला घिमिरेलाई ०६४ कात्तिक १८ गते काकाससुरा चित्रबहादुर घिमिरेले बढी बोलेको भन्दै खुकुरी प्रहार गरी घाइते बनाए। पीडकलाई प्रहरीले पक्राउ गरी उपचार खर्च बेहोर्न लगाई रिहा गरे। पीडित खाँदवारी अस्पतालमा सामान्य उपचार गराई घर फर्किइन्।

सबै प्रकारका जातीय विभेद

खाँदवारी नपा-१२ की ३७ वर्षीया सर्वसाधारण लक्ष्मी विश्वकर्मालाई ०६४ असार १२ गते पानी छोएको आरोपमा यशोदा कार्कीले स्थानीय सार्वजनिक कुवामा कुटपिट गरिन्। कुटपिटपछि पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । प्रहरीले मिलापत्र गराइदियो ।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

माओवादीबाट

राम्बेनी गाविस-२ घर भई इन्जिनियर पदमा कार्यरत रामप्रसाद दाहालको घर माओवादीले ०६४

वैशाख १५ गते ध्वस्त बनाइदिए। पीडितको घरमा काठ बढी प्रयोग गरेका कारण काठ बेच्न घर भत्काएको स्थानीयवासीले बताए।

चैनपुर गाविस-१ का भोलामान श्रेष्ठको खाँदवारी नपा-१ मा रहेको घर माओवादीले ०६४ मङ्सिर २ गते कब्जा गरेको घोषणा गरे। माओवादीले सदरमुकाम खाँदवारीमा एक आमसभाको आयोजना गरी श्रेष्ठको घर कब्जा गरेको घोषणा गरेका हुन्। यस वर्षको अन्त्यसम्म पीडितले घर फिर्ता पाएका छैनन्।

१.११ सप्तरी



जनसङ्ख्या : ६,५६,४२५
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : २२
क्षेत्रफल (वर्ग कि. मि.) : १३६३
गाविस/नपा सङ्ख्या : ११४/१
सरकारी/निजी विद्यालय : ३१४/१०
क्याम्पस/उच्च मा.वि. : २/९
अस्पताल/स्वास्थ्य चौकी : १/१२१
मोटर सडक (कि. मि.) : ३६५
प्रहरी कार्यालय सङ्ख्या : २०
मानव विकास सूचकाङ्क : ०.४५३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

दुई नम्बर योगिनिया गाविस-८ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता २५ वर्षीय जीतेन्द्र मगरदैता, देउरी भरुवा गाविस-४ का २२ वर्षीय राजेश यादव र राजविराज नपा-८ का २१ वर्षीय मुरली झाले आफ्ना पक्षका कार्यकर्ता अपहरण गरेको आरोपमा ०६३ माघ २२ गते मोटरसाइकल चढेर गइरहेको अवस्थामा मधवापुर गाविस-६ मा पर्ने भारदह मैनाकडेरी सडक खण्डमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले गोली हानी उनीहरूको हत्या गरे। तीनै जनाको लास प्रहरीले ०६४ माघ २३ गते सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमार्टम गरी सोही दिन परिवारलाई बुझायो।

प्रसवनी गाविस-२ निवासी माओवादीनिकट अनेकिसङ्घ (क्रान्तिकारी) का केन्द्रीय सदस्य रोहित भनिने ४२ वर्षीय दशरथ ठाकुरलाई ०६४ जेठ २९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाटै अपहरण गरी डिमन गाविसको बनौली भन्ने ठाउँमा कञ्चटमा गोली हानी हत्या गरे। ठाकुरको लास प्रहरीले सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमार्टम गरी भोलिपल्ट परिवारलाई बुझायो।

खोक्सर गाविस-३ निवासी माओवादीद्वारा घोषित जिल्ला जनसरकार प्रमुख दीपु भनिने ३५ वर्षीय गोविन्द चौधरीलाई ०६४ असार ९ गते मोर्चाका कार्यकर्ताले बरसाइन बजारबाट अपहरण गरी नेङ्डा गाविस-५ मुसहरनिया टोलमा पुऱ्याई गोली हानी हत्या गरे। चौधरीको लास प्रहरीले सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमार्टम गरी भोलिपल्ट परिवारलाई बुझायो।

रामनगर कोदरकट्टी गाविस-४ निवासी माओवादी एरिया कमिटी सदस्य जुक्ति यादवलाई ०६४ भदौ १३ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाटै अपहरण गरी नेङ्डा गाविस-५ बेरियाटोलमा पुऱ्याई गोली हानी हत्या गरे। यादवको लास पोस्टमार्टम गराई प्रहरीले परिवारलाई बुझायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

रूपनगर गाविस-६ का ५० वर्षीय सीताराम परियारलाई ०६३ माघ १८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरमै आई गोली प्रहार गरेपछि पनि नमरेको भन्दै खुकुरी प्रहार गरेर हत्या गरे। परियारको लास प्रहरीले सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमार्टम गराई भोलिपल्ट परिवारलाई बुझायो।

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	१८	१६	५	३१				२	२			२
घाइते	१४	१८	३	२०	१	२	२					
गिरफ्तारी/यातना								९	१५	१		१६
कुटपिट	१६	१९	३	२२	९	१५	१५	३	४			४
धम्की	६	५	२	८								
भेला/सङ्गठित हुने अधिकार								३	८		१२	१९
जातीय विभेद	१	१	३	४								
महिलाअधिकार	१२		१३	१३								
बालअधिकार	८		८	८								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१४	१८	२	२०	१	३	३					
अपहरण	१०५	१३०	३	१३३	२	३	३					
जम्मा	२०३	२१६	४२	२५८	१३	२३	२३	१८	२८	१	१२	४१

सिसवा बेल्ही गाविस-७ का ४० वर्षीय विष्णु श्रेष्ठ र ४२ वर्षीया वसन्ती श्रेष्ठलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ५ हजार रुपियाँ चन्दा नदिएको आरोपमा ०६४ असार २८ गते घरबाटै अपहरण गरी धनगढी गाविस-४ चापिन खोलामा पुऱ्याई गोली हानी हत्या गरे। श्रेष्ठद्वयको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमार्टम गरी परिवारलाई बुझायो।

सीतापुर गाविस-७ का ३२ वर्षीय मोहन गौतमलाई ०६४ साउन २१ गते सीतापुर-८ बाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अहपरण गरी भोलिपल्ट बक्धुवा गाविस-५ महुली खोलामा हातखुट्टा बाँधेर गोली हानी हत्या गरे। प्रहरीले गौतमको हत्याको आरोपमा मोर्चाका कार्यकर्ता उमेश श्रेष्ठलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, सप्तरीको हिरासतमा राखेको छ।

बेलही चपेना गाविस-३ का ४७ वर्षीय गनू मण्डलले सार्वजनिक पोखरीलाई निजी बनाएको आरोपमा ०६४ भदौ १३ गते उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले राति अपहरण गरी बेल्ही चपेना गाविस-३ स्थित खोलामा पुऱ्याई कुटेर हत्या गरे। मण्डलको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमार्टम गराई परिवारलाई जिम्मा लगाए।

कोइलाडी मधेपुरा गाविस-५ का ३६ वर्षीय डोमी मुखिया डकैती, लुटपाट, अपहरणमा संलग्न भएको आरोपमा ०६४ कात्तिक १ गते उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरमै गोली हानी हत्या गरे। घटनाको मोर्चाका केन्द्रीय सदस्य विवश विद्रोहीले जिम्मेवारी लिँदै मुखिया बलात्कारी भएकाले कारबाही गरेको बताए। मुखियाको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमार्टम गरी परिवारलाई बुझायो।

कल्याणपुर गाविस-८ भदैयाका ५५ वर्षीय पशुपति श्रेष्ठ र ३८ वर्षीय गजेन्द्र श्रेष्ठलाई ०६४ पुस ३ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरी घरदेखि एक किलोमिटर पश्चिम खेतमा पुऱ्याई गोली हानी हत्या गरे। उनीहरूसँगै अपहरण गरिएका सोही ठाउँका ५० वर्षीय भोला चालिसे र २३ वर्षीय जनक श्रेष्ठलाई सोही समयमा मुक्त गरेका थिए। श्रेष्ठद्वयको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमार्टम गराई भोलिपल्ट परिवारलाई बुझायो।

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	जतमुमो (ज्वाला) बाट				जतमुमो (गोइत) बाट				मधेसी जनअधिकार फोरमबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	६	७	१	८	४	६		६			
घाइते	३	३		३	४	३	१	४			
कुटपिट	४	४	१	५	५	४	२	६	१	३	३
धम्की	२	२	१	३							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	५	६	१	७	६	८	१	९			
अमानवीय व्यवहार											
अपहरण	४२	५३	२	५५	३३	३५	१	३६			
जम्मा	६२	७५	६	८१	५२	५६	५	६१	१	३	३

मधेसी मुक्ति टाइगर्सबाट

कमलपुर गाविस-४ का ३५ वर्षीय गुणानन्द यादवले आफूहरूलाई पेट्रोल नदिएको आरोपमा ०६३ फागुन २४ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले ठेलिया गाविस-९ सीमरा चोकमा कञ्चटमा गोली हानी उनको हत्या गरे। मोटरसाइकलमा चढेर ठेलिया गाविस-९ तर्फ जाँदै गर्दा अर्को मोटर चढी आएका मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले पीडितसँग पेट्रोल माग्दा नदिएका कारण उनको हत्या गरिएको थियो। घटनाको कुनै पक्षले सार्वजनिक रूपमा जिम्मेवारी लिएन। यादवको लास सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमार्टम गरी प्रहरीले भोलिपल्ट परिवारलाई बुझायो।

भारदह गाविस-१ डुबानमा बसोवास गरी खेती गर्दै आएका धनकुट्टे भनिने टेकबहादुर कुँवरलाई ०६४ साउन १३ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले अपहरण गरी भारदह गाविस-९ कोसी नदीको तटबन्दमा गोली हानी हत्या गरे। हत्याको जिम्मेवारी लिँदै टाइगर्सका २ नम्बर एरिया इञ्चार्ज विशालले सुराकी गरेकाले सफाया गरेको बताए। कुँवरको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमार्टम गरी परिवारलाई बुझायो।

ठेलिया गाविस-७ का ३८ वर्षीय नारायण साहलाई ०६४ कात्तिक २ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले अपहरण गरी गोली हानी घाइते बनाएकामा धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा उनको मृत्यु भयो। साहलाई टाइगर्सका कार्यकर्ताले भदौ २५ गते राति घरबाटै अपहरण गरी मैनाकडेरी गाविस-९ मा पुऱ्याई गोली प्रहार गरेका थिए। साहलाई गोली हानेको अभियोगमा प्रहरीले टाइगर्सका कार्यकर्ता ठेलिया गाविस-७ बस्ने बमबहादुर साहलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, सप्तरीको हिरासतमा राखेको छ।

अन्यबाट

मैनाहश्रबाहु गाविस-७ का ३४ वर्षीय हरिनारायण चौधरीलाई ०६३ माघ ८ गते अज्ञात हतियारधारी समूहले कल्याणपुर गाविस- २ महेन्द्र राजमार्गमा टाउकोमा धारिलो हतियारले हिर्काई हत्या गरे। घटनाको कुनै पनि समूहले जिम्मेवारी लिएनन्। चौधरीको लास सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोस्टमार्टम गरी प्रहरीले भोलिपल्ट परिवारलाई बुझायो।

छिन्नमस्ता गाविस-२ की १९ वर्षीया आशाकुमारी साहलाई अज्ञात समूहले ०६३ फागुन १४ गते राजविराज नपा-७ मा गोली प्रहार गरी हत्या गऱ्यो। पूर्व माओवादी जनमिलिसिया साहको हत्याको आरोपमा साहको प्रेमी प्रकाश झालाई गिरफ्तार गरी अनुसन्धान सुरु गरेको प्रहरीले बतायो। प्रहरीले लास सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोस्टमार्टम गरी प्रहरीले सोही दिन परिवारलाई बुझायो।

गोइठी गाविस-७ का ५२ वर्षीय शिवनारायण पर्सैला यादवलाई राजविराजवाट घरतर्फ आउँदै गर्दा

तालिका : ३

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	मधेसी टाइगर्सबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३
घाइते	३	३		३
कुटपिट	३	३		३
धम्की	३	१	१	३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	४		४
अपहरण	१६	२७		२७
जम्मा	३९	४०	१	४१

अज्ञात समूहले ०६३ चैत १९ गते डिमन गाविस-६ चन्द्र नहरको डिलमा गोली हानी हत्या गरे। हत्याको कुनै पक्षले जिम्मेवारी लिएनन्। सगरमाथा अञ्चल अस्पताल राजविराजमा लासको पोस्टमार्टम गरी प्रहरीले भोलिपल्ट परिवारलाई बुझायो।

सशस्त्र प्रहरी गण बरमझियामा कार्यरत प्रहरी सहायक हवल्दार रामबहादुर यादवलाई ०६४ असार २० गते गस्तीबाट फर्कदै गर्दा अज्ञात समूहले मधेपुरा गाविस-९ जितापुलमा गोली हानी हत्या गऱ्यो। यादवको सगरमाथा अञ्चल अस्पतालमा पोस्टमार्टम गरियो। पीडकलाई प्रहरीले गिरफ्तार गर्न सकेको छैन।

छिन्नमस्ता गाविस-८ का २८ वर्षीय हरेराम मुखियालाई ०६४ साउन १ गते सोही ठाउँ बस्ने चन्द्रेश्वर मुखियासहितको चार-पाँच जनाको समूहले जग्गा विवादका कारण घरमै बसिरहेको अवस्थामा गोली हानी घाइते बनाएकामा उपचारका क्रममा साउन २५ गते बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा मृत्यु भयो। पीडकलाई प्रहरीले गिरफ्तार गर्न सकेको छैन।

फत्तेपुर गाविस-७ का २८ वर्षीय लक्ष्मण चौधरीलाई पहिचान हुन नसकेको समूहले ०६४ साउन २ गते फत्तेपुर गाविस-८ चन्द्र नहरमा गोली हानी हत्या गऱ्यो। हत्याराका बारेमा कुनै तथ्य सार्वजनिक भएन। चौधरीको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोस्टमार्टम गरी परिवारलाई बुझायो।

भारतको आन्द्रामण्ठ निवासी नाट्यकर्मी ४२ वर्षीय थनीलाल यादवलाई सप्तरीको विषहरिया गाविस-३ मा नाटक मञ्चन गरिरहेका बेला ०६४ मङ्सिर ९ गते पहिचान हुन नसकेको एक समूहले गोली हानी हत्या गऱ्यो। गोली किन र कसले हानेको खुल्न सकेन। सामाचकेवा पर्वको अवसरमा मञ्चन गरिएको नाटकमा राजाको अभिनय गरिरहेका यादवलाई नोकर पात्रलाई खत्तम गरिदिने भनेर आदेश दिएपछि नोकर पात्रले सक्कली बन्दुकले गोली ठोकी हत्या गरेको प्रत्यक्षदर्शीले बताए।

भारतको मधुवनी बस्ने व्यापारी ४५ वर्षीय लाल मोहम्मदलाई व्यापारको सिलसिलामा राजविराजतर्फ आउँदै गर्दा सप्तरीको इटहरी विष्णुपुर गाविस-४ मा मोटरसाइकलमा चढेर आएका हतियारधारी समूहले ०६४ पुस ११ गते गोली हानी हत्या गऱ्यो। उनको पेट, छाती, कञ्चट र टाउकोमा ५ गोली लागेको थियो। घटनामा संलग्न समूह घटना लगत्तै भारततर्फ भागेकाले पहिचान हुन नसकेको प्रहरीले बतायो। मोहम्मदको लासलाई सगरमाथा अञ्चल अपस्पतालमा पोस्टमार्टम गरी परिवारलाई बुझायो।

बभनगामा कट्टी गाविस-२ निवासी जिल्ला विकास समिति सप्तरीमा कार्यरत नासु प्रभुनारायण यादवलाई कार्यालयको काम सकेर घरतर्फ जाँदै गर्दा ०६४ कात्तिक १२ गते साँझ ६.३० बजे पहिचान हुन नसकेका मानिसहरूले ०६४ कात्तिक १२ गते राजविराज-हनुमाननगर सडक खण्डको खाँडो खोलानजिक गोली हानी हत्या गरे। हत्याका विरुद्धमा कर्मचारीहरूले १४ दिन सरकारी कार्यालय बन्द गरी आन्दोलनमा उत्रेपछि कात्तिक २९ गते नेपाल सरकारले यादवलाई सहिद घोषणा गरेको थियो।

दोहोरो झडपमा मृत्यु

राजपा सुनसरीका सदस्य केदार विष्टलाई अपहरण मुक्त गराउने क्रममा सशस्त्र प्रहरी बरमझिया सप्तरी र मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताबीच ०६४ जेठ १६ गते सप्तरी जिल्ला बैरवा गाविस-९ डुवानमा भिडन्त हुँदा टाइगर्सका कार्यकर्ता प्रवीण भनिने सञ्जय बुधनगरिया यादवको प्रहरीको गोली लागि मृत्यु भयो। यादवको लास जेठ २१ गते गोबरगढा गाविसको कोसी किनारमा भेटिएको थियो। प्रहरीले सगरमाथा अञ्चल अस्पताल, राजविराजमा लासको पोस्टमार्टम गराई परिवारलाई बुझायो।

गस्तीमा गएको सशस्त्र प्रहरी र जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताबीच

रम्पुरा मल्हनिया गाविस-३ डल्वा भन्ने ठाउँमा ०६४ वैशाख १५ गते भिडन्त हुँदा प्रहरीको गोली लागी मोर्चा समर्थित भारतीय नागरिक भोला मुखियाको मृत्यु भयो। प्रहरीले दुई भारतीय नागरिक कुनौलीका गोपाल साह र मधुवनी जिल्लाका सुकोव सिंहलाई गिरफ्तार गऱ्यो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

पिप्रा पश्चिम गाविस-२ का ४० वर्षीय कमल काफ्लेले माओवादी बुद्धिजीवी सङ्गठन, सप्तरीका अध्यक्ष तारा तिम्सिनाकी पत्नीलाई विद्यालयमा शिक्षिका पदमा म्याद थप्न सहयोग नगरेको आरोपमा ०६३ फागुन २० गते राति माओवादी उदयपुरको सहायक शिविर बेलस्रोतबाट आएका माओवादी सेनाले घरमै गई गोली हानी घाइते बनाए। उक्त घटनामा सोही ठाउँका ३५ वर्षीय धने परियार पनि घाइते भए। माओवादीले सोही ठाउँको साने परियार र गोपाल खड्कालाई समेत कुटपिट गरेका थिए। घाँटीमा गोली लागी घाइते भएका काफ्लेको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरिएको थियो। घटनाका सम्बन्धमा माओवादीका जिल्ला सचिव अमरले स्थानीय गाउँलेहरूको भेलामा फागुन २३ गते माफी मागी पीडितको उपचार गर्ने र क्षतिपूर्तिको व्यवस्था गर्ने जनाए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

घनुषा जिल्ला महेन्द्रनगर गाविस-८ निवासी सप्तरी जिल्ला सीतापुर गाविस माइती आएकी ३० वर्षीय पद्मा पोखरेललाई ०६३ माघ १३ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले माइतीघरमै गोली प्रहार गरी घाइते बनाए। पीडितको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरिएको थियो।

डिमन गाविस-५ निवासी माओवादी जिल्ला सचिव अमर भनिने अशोक मण्डल ०६३ चैत १३ गते पार्टी कामको सिलसिलामा कञ्चनपुर गएको समयमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले उनलाई गोली प्रहार गरे। अमरलाई प्रहार गरेको गोली बिजुलीको पोलमा लागेकाले कुनै क्षति भएन। मोर्चाका एक नम्बर एरिया इञ्चार्ज अजयले सोही साँझ टेलिफोन गरी घटनाको जिम्मेवारी लिए।

मुस्लिम समाज सुधार सम्मेलनमा भाग लिन आएका भारतीय नागरिक मो अयुबलाई ०६४ वैशाख ३० गते सम्मेलनस्थल नेङ्गडा जाँदै गर्दा अर्नाहा गाविस-५ बेरिया चोकमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घाँटीमा गोली हानी घाइते बनाए। घाइतेको कोसी अञ्चल अस्पताल बिराटनगरमा उपचार गरियो। मोर्चाले भने घटनाको जिम्मेवारी लिएन।

डिमन गाविस-४ का ४० वर्षीय आनन्ददेव यादवलाई ०६४ साउन २६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले डिमन गाविस-४ मा गोली हानी घाइते बनाए। स्थानीय परशुराम यादवलाई मोर्चाका कार्यकर्ताले कुटपिट गर्दै गर्दा प्रतिवाद गर्न गएका आनन्दलाई उनीहरूले खुट्टामा गोली प्रहार गरेका थिए। पीडितको सगरमाथा अञ्चल अस्पतालमा उपचार भयो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा मारिएका पशुपति श्रेष्ठ

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

ठेलिया गाविस-७ का ५५ वर्षीय थिरबहादुर श्रेष्ठले सुराकी गरेको आरोपमा ०६४ साउन १४ गते उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरमै गोली प्रहार गरी घाइते बनाए। घाँटीमा गोली लागेका श्रेष्ठको बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो।

सीमावर्ती भारतीय बजार कुनौलीका १७ वर्षीय सुरेशकुमार शर्मालाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सप्तरीको रम्पुरा मल्हनिया गाविस-३ डल्वा भन्ने ठाउँमा ०६४ मङ्सिर ५ गते गोली प्रहार गरी उनको साथमा रहेको २० हजार रुपियाँ लुटेर लगे। शर्मा मलेठ गाविसमा रहेकी आफ्नी दिदी भेट्न आउँदा गोली हानेको पीडितले बताए। शर्माको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरिएको थियो।

सिराहा जिल्ला धनगढी गाविस-३ निवासी टिपर चालक ३६ वर्षीय कुमार राईलाई ०६४ पुस १ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले मधुपट्टी गाविस-९ स्थित क्रसर उद्योगमा सुतिरहेको समयमा गोली हानी घाइते बनाए। घाँटीमा गोली लागेका राईको कोसी अञ्चल अस्पताल, विराटनगरमा उपचार भयो। घटनाको कुनै पनि समूहले जिम्मेवारी लिएनन्।

मेधसी मुक्ति टाइगर्सबाट

बदगामा गाविस-८ का ५५ वर्षीय घुरन मुखियालाई ०६४ जेठ १६ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ता बताउने समूहले घरमै सुतिरहेको अवस्थामा राति गोली प्रहार गरी घाइते बनायो। कञ्चटमा गोली लागेका मुखियाको धरानस्थित बीपी स्वास्थ्य विज्ञान



जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा मारिएका गजेन्द्र श्रेष्ठ

प्रतिष्ठानमा उपचार भएको थियो। घटनाको टाइगर्सले जिम्मेवारी लिएन।

दोहोरो झडपबाट

इलाका प्रहरी कार्यालय, कञ्चनपुरबाट गस्तीमा गएको प्रहरी र जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्तासँग धरमपुर गाविस-२ बलुवामा ०६४ वैशाख १७ गते दोहोरो गोली हानाहान भयो। प्रहरीले मोर्चाका कार्यकर्ता घोघनपुर गाविस-४ का टोटला मिया भन्ने समिम उल्लाह र कमलपुर-८ का मङ्गल यादवलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशले उनीहरू जेठ ३ गते धरौटीमा रिहा भए।

अन्यबाट

खड्गपुर गाविस-३ का ३२ वर्षीय शशिकुमार यादवलाई घरबाट मोटरसाइकल चढ्ने राजविराजतर्फ आउँदै गर्दा पहिचान हुन नसकेको हतियारधारी समूहले ०६४ असार ५ गते वरही विरपुर गाविसको वीरपुर चोकमा गोली हानी घाइते बनायो। घाइते यादवको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भयो।

रम्पुरा मल्हनियाँ गाविस-४ का ३५ वर्षीय सहदेव मुखियाले भात खान नदिएको आरोपमा हतियारसहित आएको अपरिचित समूहले ०६४ साउन १३ गते उनलाई घरमै गोली हानी घाइते बनायो। खुट्टामा गोली लागेको मुखियाको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरिएको थियो।

भगवतपुर गाविस-१ का ४० वर्षीय मुसहरु सदालाई घरबाट मल किन्न भारतको सीमावर्ती बजार कुनौलीतर्फ जाँदै गर्दा पहिचान हुन नसकेका हतियारधारीको एक समूहले ०६४ मङ्सिर २४ गते राजविराज-हनुमाननगर सडक खण्डको कोसी पश्चिमी नहरको पुलमा गोली हानी घाइते बनायो। छातीमा गोली लागेका सदाको सगरमाथा अञ्चल अस्पतालमा उपचार हुन नसकेपछि धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान लगियो। उनीसँगै बन्दुकको कुन्दाले हिर्काएर घाइते बनाइएको दुई नम्बर योगिनिया गाविस-२ का सञ्जीव मण्डलको भने सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरिएको थियो। हतियारधारीको उक्त समूहले उनीहरूको साथबाट मल किन्न लगेको २० हजार रुपियाँसमेत लुटेर लगेका थिए।



जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा अपहरण गरिएका देवनारायण यादव

जेल र बन्दीहरू

'ग' श्रेणीको सप्तरी कारागार शाखाको बन्दी क्षमता १ सय २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म ७४ जना पुरुष र तीन जना महिला सहित ७७ जना कैद तोकिएका तथा एक जना महिला सहित ५५ जना कैद नतोकिएका गरी जम्मा १ सय ३२ जना बन्दी कारागारमा रहेका छन्। जेलमा १५ वर्षमुनिका १५ जना रहेका छन्। जेलमा ७ सय ग्राम खाद्य सामग्री सिधा दिइन्छ। कारागारमा रहेका बन्दीले आधा कैद मिनाह गर्न माग गर्दै ०६४ असार २४ गते अनशन बसेर विरोध प्रदर्शन गरे।

अनौपचारिक शिक्षा, पुस्तकालय, पत्रपत्रिका, सीपमूलक सामग्रीको बजार व्यवस्था आदि माग बन्दीहरूको छ। जेल भवन मर्मत गर्नुपर्ने, आधुनिक सूचनाप्रविधिहरूबाट बन्दीको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्ने जेलका लेखापाल पुष्प बस्नेतले बताए।

बेपत्ता/अपहरण

माओवादीबाट

कुशहा गाविस-४ करोडवानाका छेदी राम र मो गुल्जारलाई लहानमा मधेसी जनअधिकार फोरमको आन्दोलनमा माओवादीलाई आक्रमण गर्न संलग्न भएको आरोपमा ०६३ माघ ३ गते माओवादी कार्यकर्ता गोविन्द चौधरीको नेतृत्वमा गएको एक समूहले कदमाहा चोकबाट उनीहरूलाई अपहरण गऱ्यो। माओवादीले दुवैलाई ०६३ माघ १५ गते कदमाहा चोकमा पुऱ्याई मुक्त गरे।

छिन्नमस्ता गाविस- २ का २५ वर्षीय आनन्दकुमार यादव जनतान्त्रिक कार्यकर्ताको नातेदार भएको आरोपमा ०६३ फागुन ७ गते उनलाई वाईसीएल केन्द्रीय सदस्य उमेश यादवको नेतृत्वमा गएको एक समूहले राजविराज नपा-१ त्रिभुवन चोकबाट अपहरण गऱ्यो। यादवलाई सुराकी नगर्ने सर्तमा माओवादीको राजविराजस्थित कार्यालयबाट फागुन ९ गते मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

सुनसरी जिल्ला इटहरी नपा-१ का २१ वर्षीय भास्कर लम्साललाई ०६३ पुस २१ गते जनतान्त्रिक तराई मुक्ति

मोर्चा (गोइत) का कार्यकर्ताले सप्तरीको गोइठीबाट को.२प. ७०२४ नं.को मोटरसाइकलसहित अपहरण गरे। फिरौतीबापत १ लाख ५० हजार रुपियाँ लिई २५ गते गोइठी गाविस-५ बाट पीडितलाई मुक्त गरे।

दौलतपुर गाविस-३ का ६० वर्षीय केदार थापालाई ०६३ पुस २२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले सप्तरीको कुशहा चोकबाट अपहरण गरी ०६३ पुस २४ गते कुशहा चोकमै पुऱ्याई मुक्त गरे। अपहरणको कारण भने खुल्न सकेन।

सुनसरी जिल्ला पाँचकन्या गाविस-२ का दुर्गा सिवाकोटी र सोही गाविस-१ का २८ वर्षीय केवल श्रेष्ठलाई ०६३ पुस २७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले सप्तरी जिल्लाका ठेलिया गाविस-१ बेङ्गडीबाट अपहरण गरे। धरानमा उपचार गरिरहेका श्रेष्ठका छोराका लागि दुर्लभ 'ए-बी' नेगेटिभ रगत लिएर जनकपुरबाट मोटरसाइकल चढेर धरान जाँदै गर्दा उनीहरूलाई अपहरण गरिएको थियो। पीडितहरूबाट नगद १२ हजार रुपियाँ, घडी, मोबाइल सेट, मोटरसाइकल र रगतसमेत खोसेर पोर्ताहा गाविस-६ मुहुली खोलाबाट भोलिपल्ट बिहान उनीहरूलाई मुक्त गरे।

कञ्चनपुर गाविस-१ का ४५ वर्षीय रामबहादुर बस्नेतलाई ०६३ पुस २७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाट अपहरण गरी १५ हजार रुपियाँ फिरौती लिई पुस २९ गते भारदहबाट मुक्त गरे।

सुनसरी जिल्ला इनरुवा नपा-९ निवासी इलाका हुलाक कार्यालय, भारदहका खरिदार ४८ वर्षीय दामोदर आचार्यलाई ०६३ माघ ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यककर्ताले गोइठी गाविस-५ बाट अपहरण गरे। आचार्यलाई ४० हजार रुपियाँ फिरौती लिई ८ गते गोइठी गाविसबाटै मुक्त गरी परिवारका सदस्यलाई बुझाए।

बकधुवा गाविस-६ निवासी रतवाला निमाविका प्रधानाध्यापक शैलेन्द्रनाथ सिंहलाई ०६३ माघ ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले राति घरबाट अपहरण गरे। तराई छोड्ने सर्तमा सिंहलाई भोलिपल्ट घरमै पुऱ्याई मुक्त गरे।

राजविराज नपा-१ घर भई पुर्ख्यौली घर कल्याणपुर गाविस-६ बस्दै आएका ४२ वर्षीय केदार श्रेष्ठलाई मोर्चाका कार्यकर्ताले ०६३ माघ ९ गते कल्याणपुरस्थित घरबाटै अपहरण गरे। श्रेष्ठलाई ८ लाख रुपियाँ लिई १४ गते पातो इलाकाबाट मुक्त गरे।

भारदह गाविस-२ का ४२ वर्षीय भागवत रजकले सुराकी गरेको आरोपमा ०६३ माघ १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाट अपहरण गरी ०६३ माघ १२ गते सुराकी नगर्ने सर्तमा घरछेउमा पुऱ्याई मुक्त गरे।

सीतापुर गाविस-९ भुर्की टोलका कन्हैयालाल श्रेष्ठलाई ०६३ माघ ११ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाटै अपहरण गरे। ३० हजार रुपियाँ फिरौती लिएर ०६४ माघ १६ गते श्रेष्ठलाई प्रसवनी गाविसबाट मुक्त गरी परिवारका सदस्यलाई जिम्मा लगाए।

प्रहरीको लाठीचार्जबाट घाइते कञ्चन चौधरी

सीतापुर गाविस-८ का ४५ वर्षीय जयनारायण गौतमलाई ०६३ माघ २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाटै अपहरण गरे। जण्डौल गाविसको जण्डौल भन्ने ठाउँमा पुऱ्याई उनीसँग भएको १ हजार ५ सय रुपियाँ खोसी सोही राति मुक्त गरे।

रायपुर-८ का १५ वर्षीय मोहमद हजरतलाई ०६३ फागुन १३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाटै अपहरण गरे। हजरतलाई मोर्चाका कार्यकर्ताले नगद फिरौती लिई उनका बुबा मो. मस्तकिमको जिम्मा लगाई १५ गते मुक्त गरे। कति फिरौती लिए भन्ने पीडितले बताउन नचाहे पनि मुक्तिका लागि १ लाख मागेको बताएका थिए।

मोहनपुर गाविस-१ का ३२ वर्षीय कुमार सादालाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले बथनाहा गाविस-५ ससुराली घरबाट ०६३ फागुन २२ गते अपहरण गरे। अपहरित सादालाई २५ गते माओवादी छोड्ने सर्तमा ससुराली घरमै ल्याई मुक्त गरे।

तिलाठी गाविस घर भई स्वावलम्बन विकास ब्याङ्क रूपनीमा कार्यरत कर्मचारी जितेन्द्र मिश्र ०६३ फागुन २५ गते ऋण लगानीको रकम सङ्कलन गरी फर्कदै गरेको अवस्थामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले वीरेन्द्रबजारनजिकैबाट अपहरण गरी ६२ हजार रुपियाँ लुटेर लगे। घटना भएको थाहा पाएपछि रूपनी इलाकाबाट गएको प्रहरी टोलीलाई देखेर मिश्रलाई रूपनी जङ्गलमा छाडेर अपहरणकारी भागेका थिए।

बक्धुवा गाविस-७ मोहनपुर निवासी जनचेतना मावि घोभिदाहा भवानीपुरमा कार्यरत शिक्षक

प्रहरीको लाठीचार्जबाट घाइते शशी चौधरी

५५ वर्षीय महेश्वर कोइरालालाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६३ चैत ४ गते विद्यालयबाट घरतर्फ आउँदै गर्दा बक्धुवा गाविस-७ महुली पुलबाट अपहरण गरी लगे। कोइरालालाई शारीरिक तथा मानसिक यातना दिएर चैत ९ गते १ लाख ६० हजार रुपियाँ फिरौती लिएर पत्रकार श्यामसुन्दर यादवको रोहवरमा डिमन गाविसबाट मुक्त गरे।

काभ्रे जिल्ला बनेपा नपा-१ निवासी जिल्ला शिक्षा कार्यालय सप्तरीमा कार्यरत जिल्ला शिक्षा अधिकारी ४५ वर्षीय निभराज जोशीलाई आफ्ना कार्यकर्ताको सरुवा नगरिदिएको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६३ चैत २४ गते राति कार्यालय परिसरमा रहेको निवासबाट अपहरण गरे। जोशीलाई सशस्त्र प्रहरी बरमझियाको टोलीले बथनाहा गाविस-२ बाट अपहरण मुक्त गरायो।

राजविराज नपा-१ बस्ने कठौनास्थित स्वयम्भूनाथ राइस मिलका प्रोप्राइटर ३० वर्षीय मनोज कावरालाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ता बताउने समूहले ०६३ चैत २८ गते राइस मिलबाटै अपहरण गऱ्यो। कावरालाई १५ लाख रुपियाँ फिरौती लिएर ०६४ वैशाख ७ गते पातो इलाकाबाट परिवारका सदस्यलाई जिम्मा लगाए पनि फिरौती तिरेको विषयमा परिवारका सदस्यले केही पनि बताउन चाहेनन्।

नेपाल विद्युत् प्राधिकरण हनुमाननगर वितरण उपकेन्द्रका सहायक इन्जिनियर हरिनारायण ठाकुर र उनका भाइ शिक्षक महेन्द्र ठाकुरलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ता बताउने समूहले ०६४ जेठ ५ गते राति घरबाटै अपहरण गरे। अपहरणको कनै पक्षले जिम्मेवारी लिएन भने ठाकुर दाजुभाइलाई २ लाख रुपियाँ फिरौती लिएर जेठ १४ गते कोचाबखारी चोकमा ल्याई छोडेपछि एसपी सुभास चौधरीले ठाकुरलाई परिवारको जिम्मा लगाएका थिए।

राजविराज नपा-६ बस्ने परसवनी माविका शिक्षक प्रद्युम्न भनिने प्रदीप चालिसेलाई ०६४ जेठ १६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले विद्यालयबाट घर फर्कदै गर्दा प्रसवनीबाटै अपहरण गरे। चालिसेलाई १ लाख रुपियाँ फिरौती लिई जेठ २१ गते बनौली क्षेत्रबाट परिवारका सदस्यको जिम्मा लगाई मुक्त गरे। फिरौती दिए-नदिएको विषयमा भने पीडितले जानकारी गराउन चाहेनन्।

इलाका वन कार्यालय कञ्चनपुरका वन अधिकृत अरविन्दकुमार वर्मालाई ०६४ जेठ २८ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले कार्यालय भवनमाथि रहेको निवासबाट अपहरण गरे। वर्मालाई असार १ गते रेन्जर लालबाबु यादवको रोहवरमा जण्डौल गाविसबाट मुक्त गरे।

जिल्ला जनस्वास्थ्य कार्यालय, खोटाडबाट सरुवा भई सप्तरीको डिमन गाविसमा रहेको उपस्वास्थ्य चौकीमा हाजिर हुन आएकी मासिका भोजपुर जिल्ला टक्सार निवासी कमला श्रेष्ठ र उनका पति लीलावहादुर श्रेष्ठलाई ०६४ असार २९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले उपस्वास्थ्य चौकीबाटै अपहरण गरे। श्रेष्ठ दम्पतीलाई मानसिक तथा शारीरिक यातना दिई जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरीका कर्मचारीको पहलमा भोलिपल्ट सोही गाविसबाट मुक्त गरे।

ठेलिया गाविस-४ निवासी जण्डौल माविमा कार्यरत प्रधानाध्यापक कपलेश्वर चौधरीलाई ०६४ असार २९ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले विद्यालयबाटै अपहरण गरे। अपहरणको विरोधमा विद्यार्थीहरूले चक्काजाम लगायतका कार्यक्रमहरू सुरु गरेपछि चौधरीलाई मोर्चाका कार्यकर्ताले असार ३१ गते लोहजरा इलाकाबाट मुक्त गरे।

भारतको सुपौल जिल्ला बालुवा बस्ने अनिल झालाई ०६४ भदौ ६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले भारदह-राजविराज सडक खण्डको भारदह गाविस-२ नहरबाट अपहरण गरे। झालाई अपहरणकारीले चार घण्टा नियन्त्रणमा राखी उनीसँग रहेको २ हजार रुपियाँ नगद र मोबाइल लुटेर सोही ठाउँबाट मुक्त गरेका थिए।

उदयपुर जिल्ला रामपुर ठोक्सिला गाविस-७ निवासी सप्तरीको डाढा गाविसमा रहेको सरस्वती शिशु सदनमा अध्यापन गर्दै आएका शिक्षक प्रेम कार्कीलाई घरबाट विद्यालयतर्फ जाँदै गर्दा भारदहबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ भदौ १३ गते अपहरण गरे। उनलाई भदौ १८ गते सप्तरीको डिमनबाट १० हजार रुपियाँ फिरौती लिएर मुक्त गरिएको थियो।

कञ्चनपुर गाविस-१ का व्यापारी ४५ वर्षीय शम्भु गुप्तालाई राजविराजबाट घरतर्फ जाँदै गर्दा ०६४ असोज १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले सप्तरीको बक्धुवा गाविस-७ महुली

खोलाबाट अपहरण गरे। गुप्तालाई १ लाख फिरौती लिएर १९ गते गोइठीबाट मुक्त गरिएको थियो।

रूपनगर गाविस-१ का ३५ वर्षीय गुणराज पोखरेललाई ०६४ कात्तिक ६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले महुलीबाट मुलाको बीउ बेचेर घरतर्फ फर्कदै गर्दा ठेलिया गाविस-१ बेड्गडीबाट अपहरण गरे। पोखरेललाई कात्तिक १० गते ३५ हजार रुपियाँ फिरौती लिई त्रिकौलबाट मुक्त गरिएको थियो।

राजविराज नपा-७ सिराहा रोड बस्ने राजकुमार भगतका ६ वर्षीय छोरा कृष्णकुमार भगतलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ता बताउने बोदे बर्साइन गाविस-५ का बेचन यादवको समूहले ०६४ कात्तिक ७ गते साँझ ७ बजे घरअगाडिबाटै अपहरण गऱ्यो। उनलाई भारतीय नागरिकहरूको सहयोगमा भोलिपल्ट भारतको लौकहाबाट अपहरण मुक्त गरिएको थियो।

देउरी गाविस-७ निवासी निवर्तमान अध्यक्ष ४८ वर्षीय सूर्यप्रसाद साहलाई ०६४ कात्तिक १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले राति घरबाटै अपहरण गरे। उनलाई सर्चमा गएको सशस्त्र प्रहरी बर्साइनको टोलीले भोलिपल्ट बेल्हीबाट मुक्त गरायो।

सुनसरी जिल्ला इनरुवा नपा निवासी विद्युत् प्राधिकरण उपकेन्द्रमा कार्यरत मिटर रिडर महेन्द्र यादवलाई मिटर रिडिङ् गर्न गएको सयममा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ कात्तिक २३ गते जण्डौल गाविस-५ बाट अपहरण गरे। यादव अपहरणकारीको आँखा छलेर कात्तिक २६ गते बिहान ६ बजे जण्डौल गाविस-८ जङ्गलबाट भागेर मुक्त भए।

कल्याणपुर गाविस-३ का २२ वर्षीय टिङ्कु भनिने राकेश अग्रवाललाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ कात्तिक २८ गते साँझ कल्याणपुर गाविस-३ स्थित आफ्नै खाद्य उद्योग मारुती राइस मिलको गेटबाट अपहरण गरे। मिल मालिक श्याम अग्रवालका छोरा टिङ्कुलाई मङ्सिर ४ गते ३ लाख रुपियाँ फिरौती लिएर सप्तरीको पातो इलाकाबाट मुक्त गरे।

सुनसरी जिल्ला मधुवन गाविसस्थित इलाका प्रहरी चौकीमा कार्यरत असई अरुणकुमार चौधरीलाई राजविराजबाट मधुवनतर्फ जाँदै गर्दा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ मङ्सिर १२ गते २ नं. योगिनियाँ गाविस-९ सकरदहीबाट अपहरण गरी उनी चढेको बा.३प. ६३७ नं. को मोटरसाइकल, मोबाइल र ३ हजार नगद खोसेर दुई घण्टापछाडि सोही ठाउँबाट मुक्त गरे।

फत्तेपुर गाविस-८ का राजन पोखरेललाई राजविराजबाट घरतर्फ जाँदै गर्दा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ पुस ५ गते महेन्द्र राजमार्ग सडक खण्डअन्तर्गत सप्तरीको बक्धुवा गाविस-७ महुली खोलाबाट अपहरण गरे। पोखरेललाई सशस्त्र र जनपद प्रहरीको संयुक्त सुरक्षा टोलीले जण्डौल गाविस-५ सोना सदाको घरबाट भोलिपल्ट अपहरण मुक्त गरायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

उदयपुर जिल्ला बेलटार गाविस-३ का ३८ वर्षीय ज्ञानेन्द्र बस्नेतलाई ०६३ माघ ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सप्तरीको कमलपुर गाविस-४ आएको समयमा सोही ठाउँबाट अपहरण गरे। बस्नेतलाई १ लाख ३० हजार रुपियाँ फिरौती लिएर पाँच दिनपछि पिप्रापूर्व गाविस-३ बाट अपहरण मुक्त गरे।

रम्पुरा मल्हनिया गाविस-६ का ४२ वर्षीय लक्ष्मी राउतलाई ०६३ माघ १६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता बताउने समूहले घरबाटै अपहरण गरे। अपहरित राउतलाई १९ गते घरमै ल्याई मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का राजविराज इञ्चार्ज राज र सह-इञ्चार्ज रुद्रालाई ०६३ माघ २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले डिमन गाविस-१ बाट अपहरण गरे। अपहरित दुवै जनालाई माघ २३ गते डिमनबाटै सञ्चारकर्मीको रोहवरमा मुक्त गरे।

कल्याणपुर गाविस-३ मा रहेको गिरिधारी खाद्य उद्योगमा कार्यरत कर्मचारी बरमझिया घर भएका सुरक्षा गार्ड दशरथ वर्मा, कर्मचारी कल्याणपुर गाविस-३ का विकास श्रेष्ठ, बनौली गाविस-५ का मोहन चौधरी र हनुमाननगर गाविस-७ का शशी देवलाई ०६३ माघ २२ गते साँझ ६ बजे जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले उद्योगबाटै अपहरण गरे। लालबाबु अग्रवालको उक्त उद्योगबाट अपहरणकारीले ४० हजार रुपियाँ नगद र एक सेट मोबाइल लुटेर लगे। अपहरित सबैलाई भोलिपल्ट कल्याणपुर गाविस-३ स्थित खोलानजिकबाट मुक्त गरे।

उदयपुर जिल्लाको बेलसोतमा रहेको माओवादी सहायक शिविर विशालकुमार स्मृति ब्रिगेड

कमाण्डर राजीव भनिने रामशरण भुजेललाई ०६३ फागुन ५ गते भारतबाट छिन्नमस्ता हुँदै राजविराजतर्फ आउँदै गर्दा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले छिन्नमस्ता गाविसबाट अपहरण गरे। भुजेललाई मोर्चाका कार्यकर्ताले फागुन ८ गते स्थानीय पत्रकार अशोक शर्माको रोहवरमा छिन्नमस्ताबाट मुक्त गरे।

छिन्नमस्ता गाविस-२ का ३४ वर्षीय देवराम यादवलाई ०६३ फागुन ६ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सुराकी गरेको आरोपमा घरबाटै अपहरण गरे। यादव फागुन ९ गते भागेर अपहरण मुक्त भएका थिए।

पर्सा जिल्ला वीरगञ्ज निवासी ३४ वर्षीय तुलसी सङ्ग्रौला र उनकी पत्नी सीता सङ्ग्रौला एवम् अख्तर अली र पिन्टु सिंहलाई ०६३ फागुन १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सप्तरी जिल्लाको कल्याणपुरबाट अपहरण गरे। अपहरितमध्ये अख्तर अलीबाहेक सबैलाई साँझ बिसनपुर चोकमा ल्याई मुक्त गरे। अलीलाई भने उनी चढेको ना.२प. २५८१ नं को मोटरसाइकल खोसी भोलिपल्ट बिसनपुर चोकमै ल्याई मुक्त गरे।

पन्सेरा गाविस-३ गौरा टोल निवासी माओवादी ब्रिगेडमा कार्यरत स्वास्थ्यकर्मी राजेश रामलाई ०६३ फागुन १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे। रामलाई माओवादी छाड्ने सर्तमा २० गते घरमै ल्याई छाडिदिए।

कोवरसाइन गाविस-१ बनरझुला टोलका ४५ वर्षीय रामनारायण पण्डितलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६३ फागुन २५ गते राति घरबाटै अपहरण गरी लगे। फिरौती लिएर परिवारका सदस्यलाई २८ गते बुझाए पनि पण्डितबाट कति फिरौती लिएको भन्नेबारे परिवारका सदस्यले बताउन चाहेनन्।

कटैया गाविस-८ का ४२ वर्षीय माओवादी एक नम्बर एरिया सेक्रेटरी देवलाल मालीलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६३ चैत ७ गते घरबाटै अपहरण गरी लगे। मालीलाई माओवादी छाड्ने सर्तमा ९ गते घरमै ल्याई छाडिदिए।

ब्रह्मपुर गाविस-६ बस्ने ६० वर्षीय ब्रह्मपुर माविका प्रधानाध्यापक रामप्रसाद शरणलाई विद्यालयको आर्थिक हिनामिना गरेको आरोपमा ०६३ चैत १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले ब्रह्मपुर बजारबाट अपहरण गरे। शरणलाई चैत २० गते सशस्त्र प्रहरीको टोलीले बनरझुला गाविस-७ बाट अपहरण मुक्त गरायो।

रम्पुरामल्हनिया गाविस-५ का ३५ वर्षीय चन्द्रशेखर यादवलाई सुराकी गरेको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६३ चैत १७ गते घरबाट अपहरण गरे। यादवलाई सुराकी नगर्ने सर्तमा चैत २७ गते घरमै ल्याई अपहरण मुक्त गरे।

मोरङ जिल्ला विराटनगर उमनपा-११ का ५५ वर्षीय गणेश बस्नेत, सिङ्गिया गाविस-१ सुनसरीका मीन कार्की, भासी गाविस-१ झुम्काका मोहन अधिकारी, विराटनगर उमनपा-१ का हरि कार्कीलाई काठ तस्करी गरेको आरोपमा ०६३ चैत २२ गते सप्तरी जिल्ला घोघनपुर गाविस-५ पौडाहा खोलाबाट ना.२ख. ६८५५ र ना.२ख. ९१५१ नं को काठ बोकेको ट्रकसहित अपहरण गरे। अपहरित ट्रकका चालक दिसा बस्ने बहानामा ट्रक भगाएर मुक्त भए भने अपहरितमध्ये बस्नेतबाहेक तीन जनालाई चैत २४ गते मुक्त गरे पनि बस्नेतलाई भने स्थानीय पत्रकार राजकुमार पासवानको रोहवरमा २ लाख रुपियाँ फिरौती लिई चैत २७ गते पिप्रापूर्व गाविस-३ बाट मुक्त गरे।

मोरङ जिल्ला मिर्गौंलिया गाविस-६ का युवराज न्यौपाने र इन्द्रपुर गाविस-९ का काकु थापालाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले फत्तेपुर गाविसबाट विराटनगरतर्फ जाँदै गर्दा धरमपुर गाविस-४ बलुवा चोकबाट ०६३ चैत २६ गते अपहरण गरे। अपहरित दुवैलाई जनही १ लाख रुपियाँ लिएर पत्रकार राजकुमार पासवानको रोहवरमा पिप्रापूर्व गाविस-३ बाट चैत २९ गते मुक्त गरे।

महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन सभापति केदार यादव र सप्तरी जिल्ला अदालत बार एकाइ सदस्य डोमन साहलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ वैशाख १४ गते बसविट्टी गाविसको राजविराज रूपनी खण्डको बसविट्टी चोकबाट अपहरण गरी बसविट्टी गाउँमा लगी २ घण्टापछि उनीहरूको साथमा रहेको दुई थान मोबाइल खोसेर मुक्त गरे।

देउरी गाविस-७ का दिपेशकुमार यादवलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ जेठ ७ गते राति घरबाट अपहरण गरे। अपहरित यादवलाई जेठ ९ गते घरमै ल्याई मुक्त गरेको अपहरितका दाजु मिथिलेश यादवले बताए।

बारा जिल्ला सिम्रोनगढ निवासी व्यापारी

उमाशङ्कर रौनियारलाई ०६४ जेठ १४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सप्तरी जिल्ला मधुपट्टी गाविसको बलान नदीको पुलबाट अपहरण गरे। न.२ख. ६४६३ नं. ट्रकबाट पूर्वतर्फ जादै गरेका रौनियारलाई अपहरण गरी सिराहातर्फ लगेको र सिराहाबाटै १९ गते मुक्त गरेको प्रहरीले जनायो।

ठेलिया गाविस-१ बेड्डीका शिक्षक कृष्णप्रसाद प्याकुरेललाई ०६४ जेठ १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरी भोलिपल्ट घरनजिकै ल्याएर मुक्त गरे।

सकरपुरा गाविस-४ का २५ वर्षीय राघवेन्द्र झालाई ०६४ असार ४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे। अपहरणकारीले झालाई अपहरण गर्दा घरबाट १० तोला सुन, २० तोला चाँदी र नगद लुटेर लगेका थिए। पीडितलाई असार ९ गते झाका पिता विजकान्त झाको जिम्मा लगाए।

राजविराज नपा-५ निवासी नेपाल प्रहरीका पूर्वसई ५५ वर्षीय शिवजी दाहाललाई ०६४ असार २३ गते खेतिमा गएको समयमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले जण्डौल गाविस-५ बाट अपहरण गरी दाहाललाई ६० हजार रुपियाँ फिरौती लिई असार २६ गते जण्डौलबाटै मुक्त गरे।

भारतको लौकही घर भएका व्यापारी ४२ वर्षीय भीम अग्रवाललाई ०६४ असार २५ गते व्यापारका सिलसिलामा राजविराजबाट घरतर्फ फर्कदै गर्दा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सप्तरीको नर्घो गाविस-५ बाट अपहरण गरे। अपहरित व्यापारी असार २७ गते राति भागेर आए।

उदयपुर जिल्ला रामपुर ठोक्सिला-७ घर भई सशस्त्र प्रहरी बेस लहानमा कार्यरत असई अमर राई र उनका भाइ हरिबहादुर राईलाई ०६४ साउन ५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाट लहानतर्फ जादै गर्दा फत्तेपुर-कञ्चनपुर सडक खण्डको घोघनपुर गाविस-४ पौडाहा खोलामा गोली प्रहार गरी घाइते बनाई भाइ हरिबहादुर राईलाई अपहरण गरे। अमर अपहरणकारीको गोली छलेर भाग्न सफल भए। उनी चढेर आएको मोटरसाइकल र भाइलाई भने मोर्चाका कार्यकर्ताले अपहरण गरेर लगेका थिए। अपहरित राईलाई भोलिपल्टै मुक्त गरे तर मोटरसाइकल भने फिर्ता दिएनन्।

नेविसङ्घ सप्तरीका उपाध्यक्ष मिथिलेश्वरप्रसाद साहलाई ०६४ साउन १७ गते वैदेशिक रोजगारमा ठगी गरेको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सप्तरीको पत्थरगाडा गाविसको पत्थरगाडा चोकबाट अपहरण गरे। उनलाई साउन २१ गते ठगेको रकम फिर्ता गर्ने सर्तमा बेल्ही चपेना गाविसबाट मुक्त गरिएको थियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) द्वारा खुकुरी प्रहार गरी घाइते बनाइएका हरिलाल सरदार

उदयपुर जिल्ला हँडिया गाविस-७ निवासी सप्तरीको बक्धुवा गाविस-९ मा लाइन होटल सञ्चालन गर्दै आएका ४५ वर्षीय प्रेम कार्कीलाई ०६४ साउन २१ गते राति ८ बजे जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले होटलबाटै अपहरण गरे। ७५ हजार रुपियाँ फिरौती दिई साउन २४ गते सप्तरीको बक्धुवा-५ धिमारबाट पीडित मुक्त भए।

मलेकपुर गाविस-३ का ३७ वर्षीय एमाले कार्यकर्ता रामसुन्दर मण्डललाई ०६४ साउन २३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे। उनलाई भोलिपल्ट सञ्चारकर्मी श्यामसुन्दर यादवको रोहवरमा पत्थरगाडाबाट मुक्त गरिएको थियो।

सिम्रहा सिङ्ग्यौन गाविस-१ का ३२ वर्षीय भोगीलाल मण्डललाई ०६४ साउन २४ गते दिउँसो २ बजे जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे। मण्डललाई साउन २७ गते सप्तरीको बेल्ही चपेनाबाट फिरौती लिएर मुक्त गरिएको थियो।

बेल्ही चपेना गाविस-८ का ३८ वर्षीय महेन्द्र मण्डललाई ०६४ साउन २४ गते पहाडेको जग्गा खरिद गरेको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे। उनलाई जग्गा खरिद नगर्ने सर्तमा साउन २७ गते भाइ छोटेलालको रोहबरमा मुक्त गरिएको थियो।

कोबर्साइन गाविस-५ पिप्राहीका २२ वर्षीय इन्द्रदेव मण्डललाई ०६४ साउन २८ गते राति १ बजे जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे। उनलाई साउन ३२ गते भारतीय सीमावर्ती क्षेत्र कुनौलीबाट मुक्त गरिएको थियो।

इनरुवा फूलबडिया गाविस-३ निवासी कल्याणपुर-३ स्थित पशुपति इँटाभट्टाका मालिक

नारायण साहलाई ०६४ भदौ ३० गते बिहान ९ बजे खेतमा पानी पटाउन गएको समयमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले मैनासहस्रबाहु गाविसको लालपट्टिबाट अपहरण गरे। साहलाई असोज ५ गते उनी चढेको स.१प. ७४६९ नं. मोटरसाइकल र फिरौती लिएर मुक्त गरिएको थियो।

राजविराज नपा-६ का ३० वर्षीय सन्तोष देवलाई ०६४ असोज ७ गते राति १० बजे जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे। अपहरित देवलाई असोज १८ गते १ लाख रुपियाँ फिरौती लिएर भारतको सीमावर्ती क्षेत्रबाट मुक्त गरिएको थियो।

बरही वीरपुर गाविस-८ का ५२ वर्षीय दु:खी साहलाई ०६४ कात्तिक ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले जग्गा विवादको कारण देखाई घरबाटै अपहरण गरे। उनलाई १५ गते भारतीय सीमावर्ती क्षेत्र कुनौलीबाट मुक्त गरिएको थियो।

पत्थरगाडा गाविस-७ का ३० वर्षीय रामदेव यादवलाई ०६४ कात्तिक ८ गते राति यौन दुर्व्यवहार गरेको आरोपमा राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे। उनलाई चरित्र सुधार्ने सर्तमा भोलिपल्ट पत्थरगाडा गाविसबाट मुक्त गरिएको थियो।

बेल्ही चपेना गाविस-५ का ३५ वर्षीय शिवु यादवलाई ०६४ कात्तिक ८ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे। यादवलाई फिरौती लिएर १० गते बेल्ही इलाकाबाट मुक्त गरिएको थियो।

बनैनियाँ गाविस-५ का ललनप्रसाद सिंहलाई ०६४ कात्तिक ११ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले मोर्चाका इञ्चार्ज कैलाशसँग विवाद गरेको आरोपमा घरबाटै अपहरण गरे। उनलाई भोलिपल्ट घरमै ल्याई मुक्त गरिएको थियो।

नर्घो गाविस-३ निवासी बनैनियाँ गाविसमा कार्यरत सचिव अमिर भन्ने देवनारायण यादवलाई ०६४ कात्तिक १२ गते घरबाट साइकल चढेर राजविराजतर्फ आउँदै गर्दा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले इटहरि विष्णुपुर गाविस-४ चोकबाट अपहरण गरे। यादवलाई १ लाख फिरौती लिएर १६ गते मुक्त गरिएको थियो।

सिस्ला बेल्ही गाविस-२ निवासी महुवा गाविसका सचिव ४२ वर्षीय महेन्द्र चौधरीलाई ०६४ मङ्सिर १० गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले गाविस कार्यालयबाट अपहरण गरे। सचिव चढेको स.१प. ४७०० नम्बरको मोटरसाइकलसहित अपहरण गरिएका सचिवलाई १ लाख रुपियाँ चन्दा बुझाउने सर्तमा पाँच घण्टा पछाडि धनगढी गाविस-४ सुहर्वाबाट मुक्त गरेका थिए।

आफ्नो सङ्गठनको नाम लिएर लुटपाट गरेको आरोपमा बरही वीरपुर गाविस-५ का बिहारी यादवलाई ०६४ पुस ३ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे। यादवलाई फेरि सङ्गठनको नाम बदनाम नगर्ने सर्तमा पुस ७ गते मुक्त गरेको मोर्चाका सप्तरी संयोजक क्रान्तिले बताए।

मधेसी मुक्ति टाइगर्सबाट

बैरवा गाविस-९ को टप्पु डुवानमा खेती गरेर बसोवास गर्दै आएका लालबहादुर थापा, हरिबहादुर थापा, सरोज अधिकारी, मुकेश खड्का, अमरबहादुर तामाङ, मुकेश बस्नेत, लालबहादुर राई, दिलबहादुर सापकोटा, गङ्गा रोका, युवराज शिवाकोटी र रामबहादुर थापाले मधेसको जग्गा अतिक्रमण गरी बसेको आरोपमा ०६३ फागुन १६ गते उनीहरूलाई मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले अपहरण गरे। अपहरित सबैलाई मधेस छाड्ने सर्तमा फागुन १८ गते भारदह इलाकाबाट मुक्त गरे।

कञ्चनपुर गाविस-६ का रोशन गुप्ताले होटलमा काम गर्ने महिलालाई दुर्व्यवहार गरेको आरोपमा ०६३ चैत १ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले कञ्चनपुर गाविस-१ पेट्रोल पम्पअगाडिबाट अपहरण गरी भोलिपल्ट सोही ठाउँमा पुऱ्याई मुक्त गरे।

बोरिया गाविस-८ निवासी बरही वरपुर उपस्वास्थ्य चौकीमा पियन पदमा कार्यरत महेन्द्रप्रसाद यादवलाई ०६३ चैत ४ गते टाइगर्सका कार्यकर्ताले उपस्वास्थ्य चौकीबाट अपहरण गरे। यादव ३५ हजार रुपियाँ फिरौती दिएर १९ गते छिन्नमस्ताबाट मुक्त भएको पीडितले बताए।

कमलपुर गाविसका २७ वर्षीय शत्रुधन यादवलाई ०६३ चैत ५ गते राति मधेसी मुक्ति टाइगर्स बताउने समूहले घरबाटै अपहरण गऱ्यो। यादवलाई ०६३ चैत १६ गते घरछेउमै ल्याएर मुक्त गरेको पीडितले बताए।

सिराहा जिल्ला रण सिंह दल गण चौहर्वामा कार्यरत नेपाली सेनाका नायक सोमबहादुर पुलामी मगरलाई ०६४ वैशाख ७ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले सप्तरी जिल्लाको फत्तेपुरबाट कञ्चनपुरतर्फ जाँदै गर्दा कमलपुर-६ भगनी चोकबाट

अपहरण गरे। अपहरित सैनिक टाइगर्सलाई छलेर भोलिपल्ट कमलपुरको जङ्गलबाट भागेर फर्किए।

पोर्ताहा गाविस-१ का स्थानीय व्यापारी ५५ वर्षीय रमेशकुमार गुप्ताले सुराकी गरेको आरोपमा ०६४ जेठ ९ गते उनलाई मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले पोर्ताहा गाविस-२ स्थित उनकै हार्डवेयर पसलबाट अपहरण गरे। फिरौतीबापत १ लाख रुपियाँ दिएर ०६४ जेठ ११ गते मुक्त भएको पीडितले बताए।

महदेवा गाविस-९ का ३२ वर्षीय जीवछ मण्डल र सोही ठाउँका ३० वर्षीय बलराम मण्डललाई ०६४ असार १७ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले महेन्द्र राजमार्ग सडक खण्डको सप्तरीको पोर्ताहा गाविस-७ बाट अपहरण गरे। सशस्त्र प्रहरी बरमझियाबाट गएको टोली आएको थाहा पाई मण्डलद्वयलाई भोलिपल्ट मुक्त गरे।

राजविराज नपा-७ लिल्जा टोल निवासी दुर्गा बोर्डिङ् स्कुल राजविराजमा कार्यरत शिक्षक सुशील सिंहलाई ०६४ असार १९ गते राति मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले घरबाटै अपहरण गरे। सिंहलाई साउन २ गते १ लाख फिरौती लिएर मुक्त गरिएको थियो।

ओद्राहा गाविस-९ का ५५ वर्षीय सरोज कोइरालालाई ०६४ असार २१ गते राति मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले घरबाटै अपहरण गरे। कोइरालालाई ०६४ असार २५ गते अपहरणकारीले घरछेउमै ल्याएर मुक्त गरेका थिए।

स्वावलम्बन विकास ब्याङ्क, भारदहका फिल्ड सहायक शत्रुघन पासवानलाई ०६४ साउन २० गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले त्रिकौल गाविसबाट अपहरण गरे। बचत सङ्कलन गरेर ल्याएको नगद ५ हजार रुपियाँ खोसेर उनलाई पाँच घण्टापछि मुक्त गरिएको थियो।

खोक्सर गाविस-७ का ३४ वर्षीय अमरुल हुसेनले महिलालाई अभद्र व्यवहार गरेको आरोपमा ०६४ साउन २१ गते राति उनलाई मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले अपहरण गरे। आचरण सुधार्न चेतावनी दिँदै उनलाई ०६४ साउन २३ गते अपहरण मुक्त गरे।

ओद्राहा गाविस-८ का गोविन्द श्रेष्ठलाई ०६४ साउन २६ गते खेतमा पानी पटाउन गएको समयमा कल्याणपुर-३ स्थित खेतबाटै मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले अपहरण गरे। उनी साउन ३० गते राति बन्धक बनाई राखेको ठाउँ घोघनपुर-२ बाट अपहरणकारीको आँखा छलेर भागी मुक्त भए।

पत्थरगाडा गाविस-६ का ३२ वर्षीय देवसुन्दर महतोलाई ०६४ साउन ३२ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले घरबाटै अपहरण गरे। उनलाई ०६४ भदौ ५ गते बेल्ही चपेनाबाट मुक्त गरिएको थियो।

बरही वीरपुर गाविस-४ का ३५ वर्षीय बिहारी यादवले सुराकी गरेको आरोपमा ०६४ भदौ ५ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले घरबाट अपरण गरे। यादवलाई ०६४ भदौ ७ गते सुराकी नगर्ने सर्तमा परिवारको जिम्मा लगाई मुक्त गरेको टाइगर्सका जिल्ला इञ्चार्ज अर्जुनले बताए।

धम्की/कुटपिट

राज्यबाट

नकटी रायपुर गाविस-१ का ३० वर्षीय प्रमोदकुमार यादवलाई मोटरसाइकलको ब्लुबुक देखाउन आनाकानी गरेको आरोपमा इलाका प्रहरी कार्यालय, रूपनीका असई देवराम शर्माको नेतृत्वमा रहेको प्रहरी टोलीले ०६३ चैत १ गते कुटपिट गरी घाइते बनायो। घाइतेको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरियो।

माओवादीबाट

रायपुर गाविस-१ का ४२ वर्षीय ध्यानी मण्डललाई जग्गा विवादको विषयमा रायपुर गाविस-१ का बिन्दा खड्गले उजुरी दिएको भन्दै माओवादी कार्यकर्ता नारायण सेठ र चन्दर यादवको नेतृत्वमा रहेको टोलीले ०६३ पुस २३ गते घरमै कुटपिट गरी १ लाख रुपियाँको कागजमा सही गर्न लगाए।

हनुमाननगर गाविस-१ का २५ वर्षीय रमेश दासले बाली खाएको बाखा समातेको आरोपमा ०६३ पुस २८ गते माओवादीका स्थानीय कार्यकर्ता वीरेन्द्र मेहता र रामेश्वर ठाकुरसहितको २५-३० जनाको एक समूहले घरमै गई कुटपिट गरी घाइते बनायो। घाइतेको स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो।

नेङ्डा गाविस-४ का ३५ वर्षीय जुगेश्वर साहलाई बरसाइनमा रहेको माओवादी कार्यालयमा आगजनी गरेको आरोपमा ०६३ माघ १८ गते माओवादी क्षेत्र नं. ३ का इञ्चार्ज महेश यादवले राजविराजस्थित माओवादी कार्यालयमा बोलाई कुटपिट गरे।

राजबिराजबाट प्रकाशित हुने *राजविराज टुडे*का व्यवस्थापक र रूपनी समाचारदाता कृष्णदेव यादवलाई ०६३ माघ २९ गते पत्रिका वितरण गर्न

कल्याणपुर जाँदै गर्दा माओवादी कार्यकर्ता अजय चौधरीको नेतृत्वमा रहेको समूहले कल्याणपुर चोकमा कुटपिट गरी वितरण गर्न लगिएको पत्रिकासमेत खोस्यो।

प्राथमिक स्वास्थ्य केन्द्र, कडरबोनाका मेडिकल अधिकृत डा. महेश यादव कार्यालयमा ढिलो आएको आरोपमा ०६४ जेठ २ गते माओवादीका जिल्ला नेता गोविन्द चौधरीको नेतृत्वमा आएको चार-पाँच जनाको समूहले कार्यकक्षमै गई कुटपिट गऱ्यो। कुटपिटको विरोधमा स्वास्थ्यकेन्द्रको सेवा बन्द गरेपछि माओवादीले भोलिपल्ट स्वास्थ्य केन्द्रमै गई माफी मागे।

सगरमाथा अञ्चल अस्पताल, राजविराजको आकस्मिक कक्षमा कार्यरत स्वास्थ्यकर्मी, धनेश्वर साह, सुबोध मेहतालगायतलाई उपचारमा ढिलाइ गरेको आरोपमा ०६४ जेठ १८ गते माओवादी राजविराज नगर इञ्चार्ज केदार देवको नेतृत्वमा रहेको समूहले कुटपिट गरी दुर्व्यवहार गऱ्यो। घटनाका विरुद्ध अस्पतालका स्वास्थ्यकर्मी सम्पूर्ण सेवा बन्द गरी आन्दोलनमा उत्रिएपछि माओवादी कार्यकर्ताले लिखित रूपमा सोही दिन माफी मागेपछि अस्पताल खुला गरिएको थियो।

राजविराज नपा-१ का व्यापारी बैजु साह र दिनेशकुमार गुप्ताले माओवादी नेता दशरथ ठाकुरको हत्याको विरोधमा माओवादीद्वारा आह्वान गरेको सप्तरी बन्दको अवज्ञा गरेको आरोपमा ०६४ जेठ ३१ गते माओवादी राजविराज नपा इञ्चार्ज केदार देवको नेतृत्वमा माओवादीको एक समूहले राजविराजमा कुटपिट गऱ्यो। आक्रोशित व्यापारीले कुटपिटको विरोधमा माओवादीको राजविराज नपा-१ स्थित कार्यालय तोडफोड गरेर कार्यालयभित्रको सामान जलाइदिए भने कार्यालयबाट बरामद एक कटुवा पेस्तोल, एक माउजर पेस्तोल, एक ग्रिनेड, एक सकेट बम तथा छ राउण्ड गोली प्रहरीलाई बुझाए।

इलाका प्रहरी कार्यालय रूपनीमा कार्यरत हवल्दार राजाराम यादव, प्रहरी जवान तुलसी राय तथा खोक्सर गाविस-१ का सर्वसाधारण दुबीलाल यादवलाई ०६४ मङ्सिर ७ गते वाईसीएल सप्तरी ३ नं. इञ्चार्ज शीतल यादव र माओवादी ३ नं. इञ्चार्ज महेश यादवको समूहले जग्गा विवादमा बिना बुझी हस्तक्षेप गरेको आरोप लगाउँदै कुटपिट गरे। कुटपिटबाट घाइते तीनै जनाको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरिएको थियो। घटनाका सम्बन्धमा प्रहरीले सोही दिन माओवादी पक्षलाई जिल्ला प्रहरी कार्यालय राजविराजमा उपस्थित गराई मिलापत्र गरायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

ग्रामीण विकास ब्याङ्क, राजविराज शाखामा कार्यरत फिल्ड सहायक ताराकुमारी पोखरेललाई ०६३ पुस २६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले लगानी असुल गरेर कार्यालय फर्किरहेको अवस्थामा मलेठ गाविस-१ स्थित रूपनी राजविराज खण्डमा कुटपिट गरी उनीसँग भएको ४८ हजार रुपियाँ र एक सेट मोबाइल फोन लुटेर लगे।

ग्रामीण विकास ब्याङ्क, कल्याणपुर शाखामा कार्यरत कर्मचारी पृथबहादुर देउजालाई ०६३ माघ ४ गते लगानी असुल गरेर आउँदै गर्दा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले खोजपुर गाविसको खरचुइया चोकनजिकै पुलमा कुटपिट गरी उनीसँग भएको १६ हजार ५ सय ९० रुपियाँ लुटेर लगे।

राजविराजबाट प्रकाशित *आजको जनपुकार* दैनिकका सम्पादक देवनारायण साह र *गोरखापत्र* दैनिक राजविराज समाचारदाता ओमप्रकाश साहलाई समाचार सङ्कलन गर्न गएको समयमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ जेठ १ गते डिमन गाविसको बनौलीमा कुटपिट गरी मोबाइल फोन खोसी लगे। पीडितहरूको सगरमाथा अञ्चल अस्पतालमा उपचार भयो।

डिमन गाविस-५ की २२ वर्षीया पानोदेवी मण्डललाई ०६४ असार १२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले कुटपिट गरे। माओवादी सेक्रेटरी अमरकी आमा पानोदेवीलाई माओवादी नेता दशरथ ठाकुरको हत्याको आरोपमा गिरफ्तार परेका जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताका भाइलाई छुटाउन दबाब दिन कुटपिट गरेको पीडितले बताइन्।

गोइठी गाविस-३ का ४० वर्षीय हरिलाल सरदारलाई ०६४ भदौ १९ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाट बाहिर बोलाई खुकुरी प्रहार गरी घाइते बनाए। खुकुरी प्रहारबाट उनको हात-खुट्टामा चोट लागेको थियो। पीडितको सगरमाथा अञ्चल अस्पताल, राजविराजमा उपचार गरिएको थियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

औरही गाविस-३ निवासी गाविसका पूर्वउपाध्यक्ष मो. इस्माइल राइन र सोही ठाउँका गङ्गाराम साहलाई ०६३ चैत ३ गते राति १०-१५ जनाको सङ्ख्यामा आएका जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरमा गई कुटपिट

गरी ५ लाख रुपियाँ बराबरको धनमाल लुटेर लगे।

छिन्नमस्ता गाविस-२ का ४० वर्षीय सतुल खातुनले सुराकी गरेको आरोपमा ०६४ जेठ ९ गते उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कुटपिट गरी खुट्टा भाँचिदिए। घाइते खातुनको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो।

फूलकाही गाविस-६ का ३० वर्षीय गौरी पालले चन्दा नदिएको आरोपमा ०६४ असार ११ गते उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले मौवाहा बेल्हीमा कुटपिट गरी घाइते बनाए। घाइतेको प्राथमिक स्वास्थ्य केन्द्र, बरसाइनमा उपचार गरिएको थियो।

दौलतपुर गाविस-३ निवासी गोयल फुटवेयर इण्डस्ट्रिजमा कार्यरत बजार प्रतिनिधि सूर्यप्रसाद पोखरेललाई ०६४ असार १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले रायपुर गाविसको पाँच किलो भन्ने ठाउँमा कुटपिट गरी उनीसँग भएको ५ हजार रुपियाँसमेत लुटेर लगे।

मधेसी मुक्ति टाइगर्सबाट

भारतको सीतामढी बस्ने गिरीशनन्दनप्रसाद सिंहलाई ०६४ जेठ २३ गते राजविराजबाट दमक जाँदै गर्दा मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले राजविराज भारदह सडक खण्डको योगिनिया २ नं. गाविस-८ मा पर्ने सकरदही पुलमा कुटपिट गरी बी.आर.३२बी. २९२७ नं को मोटरसाइकल र एक थान मोबाइल फोन लुटेर लगे। मोर्चाका अर्जुनले टेलिफोन गरी घटनाको जिम्मेवारी लिए।

राजविराज नगरपालिका-६ निवासी एकल महिला समूहकी अध्यक्ष विमला पराजुलीले समूहको भवन निर्माणमा आफूखुसी गरेको आरोपमा ०६४ असार १६ गते मधेस मुक्ति टाइगर्सका कार्यकर्ता कोवितले टेलिफोन गरी भवन निर्माण गर्ने निर्णय फिर्ता नलिए मार्ने धम्की दिए।

मधेसी भाइरस किलर्स पार्टीबाट

मधेसी भाइरस किलर्स पार्टीले आहवान गरेको बन्दको अवज्ञा गरी पसल थापेको आरोपमा भाइरसका कार्यकर्ताले ०६४ साउन १८ गते कञ्चनपुर गाविस-२ हटियामा आक्रमण गर्दा भागदौडमा कञ्चनपुर गाविस-१ का ४२ वर्षीय जुगेश्वर साह, उनकी पत्नी ३५ वर्षीया विणादेवी, छोरा १२ वर्षीय सरोज साह र छोरी ४ वर्षीया शर्मिला साह घाइते भए। भागदौडमा गम्भीर घाइते शर्मिलाको बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरियो।

थारु संयुक्त राष्ट्रिय मोर्चाबाट

थारु संयुक्त राष्ट्रिय मोर्चाका कार्यकर्ताले बन्दको अवज्ञा गरेको आरोपमा ०६४ असोज १८ गते वाईसीएलका केन्द्रीय सदस्य अनिलकुमार सिंह र जिल्लास्तरीय नेता निर्मल देवलाई कुटपिट गरे।

गैरकानुनी गिरफ्तारी

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का एरिया कमाण्डर सूर्या भनिने राजेशप्रसाद साहलाई ब्रह्मपुर माविका प्रधानाध्यापक अपरहण गरेको आपरोपमा ०६३ चैत १८ गते कडरबोनाबाट गएको सशस्त्र र जनपद प्रहरीको संयुक्त टोलीले बनरझुला गाविस-७ बाट गिरफ्तार गऱ्यो। साहलाई जिल्ला प्रहरी कार्यालयकै हिरासतबाट आत्मसमर्पण गराई जिल्ला प्रशासन कार्यालयबाट दुई महिनापछि रिहा गरियो।

पुनः गिरफ्तारी

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का जिल्ला सैन्य कमाण्डर त्रिकौल गाविस-४ का कुन्दन भनिने जयप्रकाश यादवलाई पुनरावेदन अदालत, राजविराजले रिहा गर्ने आदेश दिएलगतै प्रहरीले ०६४ वैशाख २ गते अदालत परिसरबाट पुनः गिरफ्तार गऱ्यो। कुन्दनलाई ०६३ चैत २० गते गिरफ्तार गरेकामा गैरकानुनी हिरासतमा राखेको भन्दै जिल्ला अदालतले रिहा गर्ने आदेश दिएको थियो।

मधेसी मुक्ति टाइगर्स केन्द्रीय फौजी कमाण्डर फकिरा गाविस-९ का चट्टान सिंह भनिने विश्वनाथ पण्डित र टाइगर्सका कार्यकर्ता समुन भनिने गोविन्द शर्मालाई सशस्त्र प्रहरीले ०६४ वैशाख १६ गते रामपुर जमुवा गाविसको कट्टी भन्ने ठाउँबाट गिरफ्तार गऱ्यो। दुवैलाई पुनरावेदन अदालतको वैशाख २३ गतेको आदेशले रिहा गरे पनि अदालत परिसरबाटै पुनः गिरफ्तार गरिएको थियो। उनी विशेष अदालत काठमाडौंको आदेशले रिहा भएका थिए।

पुनरावेदन अदालत, राजविराजको आदेशले रिहा भएका मधेसी मुक्ति टाइगर्स सुनसरीका इञ्चार्ज मनोज यादव र कार्यकर्ता प्रशवनी गाविस-२ की सम्झना चौधरीलाई ०६४ जेठ २२ गते प्रहरीले अदालत परिसरबाटै पुनः गिरफ्तार गऱ्यो। ०६४ जेठ १६ गते भिडन्तका क्रममा गिरफ्तारीमा परेका दुवैलाई गैरकानुनी थुनामा राखेको भनी दायर भएको बन्दी प्रत्यक्षीकरण रिटमा अदालतले गैरकानुनी हिरासत ठहर गरेको थियो। पीडितरू मोरङ कारागार, विराटनगरमा थुनामा रहेका छन्।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मधेसी जनअधिकार फोरमले ०६३ चैत १२ गते निकालेको जुलुसले निषेधाज्ञाको उल्लङ्घन गरेको भन्दै प्रहरीले लाठीचार्ज गर्दा फोरमका जिल्ला अध्यक्ष शैलेन्द्र साह, कार्यकर्ता नवनित झा र गुलट साह गम्भीर घाइते भए। घाइते शैलेन्द्र साहको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो भने अरूको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरिएको थियो।

सरकारी निषेधाज्ञाको अवज्ञासभा गरेको आरोपमा प्रहरीले ०६३ चैत १२ गते मधेसी युवा फोरमका महासचिव राधेश्याम पण्डित, मधेसी कानुन व्यवसायी समाजका अध्यक्ष अशोक चौधरी, महासचिव शशिकुमार कर्ण, सदस्य जानकीरमण यादव, फोरम जिल्ला सदस्य जितेन्द्रकुमार यादव, फोरम कार्यकर्ताहरू रामपुकार भारती, श्यामनारायण यादव, बुद्धि साह, सतिशकुमार साह, बालेश्वर यादव, भोला पासवान, हरि मण्डल, कमल सदा र घुरन यादवलाई राजविराज नपा-३ स्थित नेता चोकबाट गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई साँझ जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

तराईलाई मधेस भनी सरकारले गरेको घोषणा फिर्ता गर्न माग गर्दै आह्वान गरेको बन्द सफल बनाउन अवरोध खडा गरेर बसेका थारु संयुक्त राष्ट्रिय मोर्चाका कार्यकर्तामाथि सप्तरीको शम्भुनाथ गाविसस्थित सडकमा प्रहरीले ०६४ असोज १८ गते लाठीचार्ज गर्दा मोर्चाका कार्यकर्ता बसवलपुर-१ का शशि चौधरी र सीतापुर-५ का कञ्चन चौधरी घाइते भए। उनीहरूको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरिएको थियो। लाठीचार्जपछि स्थिति अनियन्त्रित भएको भन्दै जिल्ला प्रशासन कार्यालय, सप्तरीले कोसी ब्यारेजदेखि सिराहाको बलान खोलासम्म महेन्द्र राजमार्ग र यसको आसपासको दुई किलोमिटर क्षेत्रमा १२ घण्टे कर्फ्यु आदेश जारी गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष सप्तरी जिल्ला अदालतमा ४ हजार ४ सय ८३ थान मुद्दा रहेकोमा १ हजार ९ सय ७२ थान मुद्दा फर्स्यौट भई २ हजार ५ सय ११ थान मुद्दा बाँकी रहे, जसमा दुई वर्ष नाघेका मुद्दा ४ सय १९ थान रहेका छन्।

यस वर्षको अन्त्यसम्म देवानीतर्फ १ हजार ६ सय ४ थान मुद्दामध्ये ५ सय ४७ थान फर्स्यौट भए भने १ हजार ५७ थान मुद्दा बाँकी रहे। यसैगरी, फौजदारीतर्फ ५ सय ७१ थान मुद्दामध्ये १ सय ४८ फर्स्यौट भई ४ सय २३ थान मुद्दा बाँकी रहे। जिल्ला अदालतमा रहेका ४ हजार ४ सय ८३ थान मुद्दामा साधारण ४ हजार १ सय ६३ थान, सङ्क्षिप्त १ सय ८३ थान र विशेष १ सय ३७ थान मुद्दा रहेको थिए। यस अवधिमा १६ थान जबरजस्ती करणी, जारी पाँच थान धर्मपुत्र, छ थान नाता कायम, तीन थान बहुविवाह, दुई थान जीउमास्ने बेच्ने, एक थान गर्भपतन र सम्बन्ध विच्छेदका ७१ थान मुद्दा दर्ता भए। यसैगरी, यसै अवधिमा २ सय ३२ थान मुद्दा लुटपाटका दर्ता भए।

बालअधिकार

भारदह-१ का १३ वर्षीय गणेशकुमार राउतलाई ०६३ चैत २९ गते आफ्ना कार्यकर्ता बनाउने उद्देश्यले मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले राति घरबाटै अपहरण गरे। पीडितले कार्यकर्ता बन्न अस्वीकार गरेपछि भोलिपल्ट घरछेउमा पुऱ्याई मुक्त गरे।

विषहरिया गाविस-५ की १३ वर्षीया एक बालिकालाई सोही ठाउँका १७ वर्षीय शत्रुधन साहले ०६४ जेठ १२ गते खेतमा गएको समयमा मुख थुनेर बलात्कार गरे। पीडितले पारालिगलमार्फत जेठ १५ गते जिल्ला प्रहरी कार्यालय, सप्तरीमा उजुरी गरे पनि पीडक गिरफ्तार भएका छैनन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार
बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

खोजपुर गाविस-४ की २१ वर्षीया एक युवतीलाई सोही ठाउँका भोला चौधरी र प्रमोद चौधरीले ०६४ जेठ ६ गते राति घरबाट खेतमा लगी बलात्कार गरे। पीडितले ०६४ जेठ ७ गते इलाका प्रहरी कार्यालय कडोरबोनामा उजुरी दिइन्। तर, प्रहरीले घटनाका सम्बन्धमा चासो नदिएको पीडितले बताइन्।

एक नम्बर योगिनियाँ गाविस-२ की २५ वर्षीया एक महिलालाई हतियारधारी समूहले पति चन्देश्वर सदालाई नियन्त्रणमा लिई ०६४ साउन ३० गते घरबाट ५ सय मिटर पर खेतमा पुऱ्याई सामूहिक बलात्कार गरेको पीडितले बताइन्। सोही ठाउँका पञ्चदेव शर्मालाई प्रहरीले गिरफ्तार गरी बलात्कारको अभियोगमा मुद्दा दायर गऱ्यो। आरोपीलाई अदालतको आदेशले पुर्पक्षका लागि थुनामा राखिएको छ।

पारिवारिक हिंसा

डाढा गाविस-८ की २० वर्षीया सोनीदेवी साहले दाइजो कम ल्याएकै कारणले पति विनोदकुमार साह र उनका परिवारका सदस्यले ०६४ कात्तिक २२

गते कुटपिट गरी उनको हत्या गरे। बहिनीको हत्यामा संलग्न रहेको भन्दै पीडितका माइती पक्षले किटानी जाहेरी दिएपछि प्रहरीले सासू असिया देवी र काकीसासू सीतादेवीलाई गिरफ्तार गरी कारबाही अगाडि बढायो। अन्य आरोपीहरू विनोद साह, ससुरा शम्भुलाल, देवर प्रमोद भने फरार रहेको प्रहरीले जनायो।

मलेठ गाविस-४ की २३ वर्षीय बबिताकुमारी यादवले दाइजो कम ल्याएको आरोपमा ०६४ वैशाख ३० गते पति धमेन्द्र यादव र परिवारका सदस्य मिलेर उनको हत्या गरे। प्रहरीले हत्यामा संलग्न भएको आरोपमा पति धर्मेन्द्र र सासू चननदेवीलाई गिरफ्तार गरी कारबाही चलायो। हाल दुवै जिल्ला अदालतको आदेशले राजविराज कारागारमा थुनामा छन्।

दुर्व्यवहार

रायपुर गाविस-४ की २५ वर्षीया प्रमिला साह बोक्सी भएको आरोपमा पति अनिल साहसमेत परिवारका सदस्यले ०६३ पुस १७ गते उनलाई घर निकाला गरे। ०५४ सालमा अनिलसँग विवाह बन्धनमा बाँधिएकी साहलाई विवाह भएको छ महिना नपुग्दै देवर मनोजको मृत्यु भएपछि परिवारका सदस्यले बोक्सीको आरोप लगाएर मनोजलाई मारेको बताएका थिए। यसअघि पनि घर निकाला गरिएकी प्रमिला सात वर्षपछि प्रहरीको सहयोगले ०६३ पुस १४ गते मात्र घर भित्रिएकी थिइन्।

जण्डौल गाविस-५ की ४२ वर्षीय विमला देवी र उनकी छोरी २२ वर्षीया मीनाकुमारीले बोक्सी लगाएको आरोपमा ०६४ जेठ १९ गते सोही ठाउँका भोला सरदार र उनकी पत्नी सकुनी देवीले उनीहरूलाई कुटपिट गरी घाइते बनाए। घाइते दुवैको स्थानीय उपस्वास्थ्य चौकीमा उपचार गरियो। घटना सम्बन्धमा जेठ २० गते प्रहरी चौकी महुलीमा उजुरी गरे पनि प्रहरीले कुनै कारबाही नगरेको पीडितले गुनासो गरिन्।

राजविराज नपा-८ की ५२ वर्षीय दुखनीदेवी गुप्ताले बुहारी नाता पर्ने राधा देवीलाई बोक्सी लगाएर मारेको आरोपमा ०६४ जेठ २१ गते सोही ठाउँका मदन गुप्तासमेतका मानिसले कुटपिट गरे। सर्पको टोकाइबाट मरेकी राधालाई मारेको आरोप लगाउँदै उनका आफन्त सबै दुखनीविरुद्ध खनिएपछि दुखनीले प्रहरीमा उजुरी गरे पनि प्रहरीले पीडकहरूलाई कुनै कारबाही गरेन।

सबै प्रकारका जातीय विभेद

बदगामा गाविस-८ का दलित बस्तीमा कथित उपल्लो जातका भनिने मानिसहरूले भनेको नटेरेको आरोपमा ०६४ भदौ ५ गत बदगामा गाविस-५ का आनन्द यादव, आलोक यादव, अशोक यादवको समूहले आक्रमण गरी बदगामा-८ की ३२ वर्षीया सुगिया देवी, सुकनी देवी, देवरानी सदा र घुरनी सदालाई घाइते बनाए। छ महिनाकी गर्भवती सुगिया देवीलाई अत्यधिक रक्तस्राव भएपछि उपचारका लागि कोसी अञ्चल अस्पताल लगिएको थियो। कुटपिट गरी मार्ने धम्कीसमेत दिएपछि मुसहर बस्तीका ६० जना दलितले गाउँ छाडेर कञ्चनपुर गाविस-४ स्थित यात्रु प्रतीक्षालयमा दुई रात बिताएका थिए। इलाका प्रहरी कार्यालय, कञ्चनपुरले आनन्द यादवलाई गिरफ्तार गरी मिलापत्र गराएको थियो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी

सप्तरी जिल्लामा २४ हजार ४ सय ६० सुकुम्वासी तथा अव्यवस्थित बसोवासअन्तर्गत निवेदन परेको जिल्ला भूमि सुधार कार्यालयले जनाएको छ, जसअनुसार २ सय ३७ सुकुम्वासी र ४ सय ९९ अव्यवस्थित बसोवासअन्तर्गत ३५ बिघा ८ कठ्ठा ३ धुर र १ सय ४ बिघा ५ कठ्ठा १५ धुर जग्गा वितरण भइसकेको छ। यसबाट २ करोड २६ लाख १० हजार १ सय ३९ रुपियाँ ४८ पैसा राजस्व सङ्कलन भएको जनाइएको छ।

जिविस सप्तरीका अनुसार, आव ०६४-६५ मा ज्येष्ठ नागरिक २ हजार ५ सय १८ पुरुष र २ हजार ८५ महिला गरी ४ हजार ६ सय ३, असहाय विधवा ८ हजार ८ सय ९३ र अपाङ्ग/असक्त १ सय १५ पुरुष र ३५ महिला क्रमशः १ सय ५० गरी जम्मा १३ हजार ४ सय ५३ जना रहेका छन्। जसअनुसार, यस वर्ष ७७ लाख १ हजार ४ सय रुपियाँ निकासा गरिएको जिविस सप्तरीले जनायो।

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले रामपुरा गाविस-९ मा रहेको छोटी भन्सार कार्यालयको खाली भवनमा ०६३ पुस १९ गते आगजनी गरी ध्वस्त पारे। आगजनीका कारण भवन पूर्णरूपले नष्ट भयो।

मधेसी जनअधिकार फोरमले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा पूर्वबाट पश्चिमतर्फ गइरहेको स.१च. ३५९ नम्बरको एम्बुलेन्सलाई आन्दोलनकारीले ०६३ माघ ४ गते कञ्चनपुर गाविस-४ मा ढुङ्गाले हिर्काएर क्षति पुऱ्याए। ढुङ्गा प्रहारबाट एम्बुलेन्सका सम्पूर्ण सिसा फुटेका थिए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)

का कार्यकर्ताले कोचाबखारी गाविस-८ मा रहेको लक्ष्मणशमशेर र सरिता थापाको नाममा रहेको चार बिघा जग्गा ०६३ माघ १७ गते कब्जा गरे।

औरही गाविस-१ मा रहेको दमनविक्रम राणाको ५४ बिघा जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६३ चैत ११ गते झण्डा गाडेर कब्जा गरे।

अन्तरिम सरकार गठन भएकामा विरोध जनाउँदै जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६३ चैत १९ गते जिल्ला वन कार्यालयमा बम विस्फोट गराए। विस्फोटले भवनमा सामान्य क्षति पुग्यो।

फकिरा गाविसमा रहेको सुख थापा, राज्यलक्ष्मी देवी, देवेन्द्रशमशेर थापा, नरेशविक्रम राणा र विन बस्नेतको ४४ बिघा जग्गा ०६४ वैशाख १७ गते झण्डा गाडेर कब्जा गरे।

कञ्चनपुर गाविस-४ का कौशल पोखरेल र राजीव सिंहको जगतपुर गाविस-१ मा रहेको १२ बिघा जग्गा मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले ०६४ जेठ ९ गते झण्डा गाडेर कब्जा गरे।

छिन्नमस्ता मन्दिरका गुठियार अविनास प्याकुरेल र उनका नातेदार विनोद, किरण, शङ्कर, रमा देवी, रामप्रसाद र गौरी प्याकुरेलको १४ बिघा जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ जेठ १० गते कब्जा गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले पकरी गाविसमा रहेको खाली प्रहरी चौकीमा ०६४ जेठ १४ गते राति बम विस्फोट गराई सामान्य क्षति पुऱ्याए।

सिस्वा गाविस-७ का सुधीर जोन्छेको ०६४ जेठ १६ गते पाँच बिघा जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले कब्जा गरे।

राजविराज नपा-६ का तुलाविनोद अर्यालयको राजविराज नपा-७ मा रहेको नौ कठ्ठा जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ जेठ १८ गते झण्डा गाडेर कब्जा गरे।

जण्डौल गाविस-५ का कमल श्रेष्ठ र पुरुषोत्तम श्रेष्ठको ७५ बिघा जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले ०६४ जेठ १८ गते झण्डा गाडेर कब्जा गरे।

माओवादी नेता गोविन्द चौधरी मारिएको विरोधमा माओवादीद्वारा आह्वान गरिएको बन्दको अवज्ञा गरी सवारी साधन चलाएको आरोपमा ०६४ असार ९ गते राजविराजबाट काठमाडौँतर्फ जाँदै गरेको सुपर मिथिला ट्राभल्सको ना.३ख. २६५ नम्बरको बस, पश्चिमबाट पूर्वतर्फ जाँदै गरेका ना.१ख. ८१८३, ना.ख. ८२८५ र ना.२ख. ६८०२ नम्बरका मालबाहक ट्रकलाई असार १० गते र प्याज बोकेर पूर्वबाट पश्चिम जाँदै गरेको ना.२ख. ७३३० नम्बरको ट्रकलाई असार १२ गते महेन्द्र राजमार्ग खण्डको खोक्सरमा माओवादीले आगजनी गरी ध्वस्त पारे।

गोइठी गाविस-५ का उदयप्रताप सिंहको सोही ठाउँको १६ बिघा जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का सैन्य कमाण्डर विकासको नेतृत्वमा हतियारसहित गएको एक समूहले ०६४ असार २३ गते झण्डा गाडेर कब्जा गऱ्यो। कब्जा गरिएको जग्गा गरिब दलितलाई वितरण गरिने विकासले बताए।

राजविराज नपा-४ निवासी फणिन्द्रराज पोखरेलको बक्धुवा-५ धिमारमा सगोलमा रहेको आठ बिघा जग्गा ०६४ असार २९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले कब्जा गरे।

राजविराज नपा-६ प्रेम श्रेष्ठको सोही ठाउँमा रहेको १० कठ्ठा जग्गा जनक्रान्ति मोर्चा बताउने समूहले ०६४ साउन ११ गते झण्डा गाडेर कब्जा गरेको घोषणा गऱ्यो। उक्त समूहले गाडेको झण्डा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट गएको टोलीले उखेलेर फ्याँकेको थियो।

चुरेभावर एकता समाजले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा भावरका कार्यकर्ताले ०६४ साउन २५ गते सिराहाको लहानबाट विराटनगरतर्फ जाँदै गरेको ना.३ख. १९६७ नम्बरको बसलाई महेन्द्र राजमार्ग सडक खण्डको सप्तरीको बक्धुवा गाविस-८ मा आगजनी गरे। आगजनीका कारण बस पूर्णरूपले जलेर नष्ट भयो।

उदयपुरको गाईघाटबाट विराटनगरतर्फ जाँदै गरेको को.१ख. १८५५ नम्बरको माँ दुर्गा भवानी बसलाई कञ्चनपुरबाट सोही बसमा चढेर आएका जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का पाँच जना कार्यकर्ताले ०६४ भदौ १४ गते महेन्द्र राजमार्ग सडक खण्डको सप्तरीको पोर्ताहा-७ महुलीखोलानजिक आगजनी गरी पूर्णरूपले नष्ट पारे।

रायपुर गाविस-५ मा रहेको प्राविधिक शिक्षालय युनिक एकेडेमी एजुकेसनलको विद्यार्थी ओसार्ने बसलाई अज्ञात हतियारधारी समूहले ०६४ असोज १६ गते राजविराज नपा-४ सिन्हा ग्यारेजमा रहेको अवस्थामा आगजनी गरी पूर्णरूपले क्षति पुऱ्याए।

संयुक्त थारु राष्ट्रिय मुक्ति मोर्चाले आह्वान गरेको बन्द खुलाउन गएको प्रहरीले लाठीचार्ज गरी आफ्ना दुई कार्यकर्तालाई घाइते बनाएको भन्दै मोर्चाका

कार्यकर्ताले ०६४ असोज १८ गते सप्तरीको महुलीमा रोकी राखेको ना.३ख. २६३५ नम्बरको सिन्धुसम्राट र ना.३ख. २२४० नम्बरको ध्रुवतारा ट्राभल्समा आगजनी गरी क्षति पुऱ्याए।

कटैया गाविस-४ का राजलाल माली, गेनालाल प्रमाणी र अवधलाल प्रमाणीको सोही ठाउँमा रहेको साढे तीन कठ्ठा जग्गा माओवादीनिकट वाईसीएलका कार्यकर्ताले ०६४ कात्तिक ८ गते झण्डा गाडेर कब्जा गरे। वाईसीएल केन्द्रीय सदस्य छेदी रजकको नेतृत्वमा गएको माओवादी टोलीले प्रतिवाद गर्न गएकी राजलालकी पत्नी गयावतीलाई कुटपिट गरी घाइते बनाए। पिठ्यूँ र खुट्टामा चोट लागेकी गयावतीको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरिएको थियो।

जगतपुर गाविस-१ का राजीव पोखरेलको घरमा मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले ०६४ मङ्सिर ५ गते आगजनी गरी काटेर राखेको ५० हजार रुपियाँ बराबरको धानबाली नष्ट गरे।

मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले आह्वान गरेको बन्द सफल गराउन राजविराज नपा-७ स्थित दास पेट्रोल पम्पपछाडि र राजविराज नपा-१ वाणिज्य ब्याङ्कनजिक ०६४ पुस ३ गते सुतली बम विस्फोट गराए। विस्फोटबाट कुनै क्षति भएन।

विस्थापित

मधेसी मुक्ति टाइगर्सले पत्र पठाएर मार्ने धम्की दिएपछि भारदह गाविस-१ बस्ने ५० वर्षीय प्रेमबहादुर बस्नेतसहित पाँच जनाको परिवार ०६४ साउन २१ गते विस्थापित भई झापा जिल्लामा बस्न थालेका छन्। ४० वर्षदेखि भारदह मोटर ग्यारेज सञ्चालन गरेर बस्दै आएका बस्नेत परिवारलाई टाइगर्स कार्यकर्ताले मार्ने धम्की दिएपछि जिल्ला छाड्नु परेको पीडितले बताए।

बेल्ही चपेना गाविस-५ का ४५ वर्षीय सूर्यनारायण मण्डल र लालो मण्डलले पहाडियाको जग्गा खरिद गरेको आरोपमा ०६४ साउन २५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले मार्ने धम्की दिएपछि उनीहरू विस्थापित भई राजविराज नपा-६ स्थित आफन्तको घरमा बस्न थालेका छन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा अपहरणपछि हत्या गरिएका सीतापुर गाविस-७ का मोहन गौतमको परिवार ०६४ भदौ ४ गते विस्थापित भई मकवानपुरको हेटौँडामा बस्न थालेका छन्। गौतमकी पत्नी २२ वर्षीया विणा, उनका दुई छोरी र आमा, बाबु विस्थापित भई हेटौँडातर्फ गएका हुन्।

बन्द

मधेस मुक्ति टाइगर्सले आह्वान गरेको पाँचदिने बन्दका कारण यातायातको अभावमा समयमा अस्पताल पुऱ्याउन नसक्दा गम्हरियाप्रवाहा गाविस-६ की ३२ वर्षीया कृष्णादेवी साहको मृत्यु भयो। आठ महिनाकी गर्भवती कृष्णादेवीलाई अस्पताल लग्न एम्बुलेन्स बोलाउँदा आउन नमानेपछि उनको मृत्यु भयो।

यस वर्ष माओवादीले सात, जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) ले पाँच, जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) ले सात, मधेसी जनअधिकार फोरमले २५, मधेसी मुक्ति टाइगर्सले १२, थारु कल्याणकारी समाजले तीन, दलित जनजाति पार्टीले तीन, थारु संयुक्त मोर्चाले तीन, चुरेभावरले दुई, मधेसी भाइरस किलर्स पार्टीले दुई गरी ६९ दिन सप्तरी बन्द रह्यो। यसैगरी, मधेसी जनअधिकार फोरमले सरकारी कार्यालयमा १५ दिन तालाबन्दी गरे।

१.१२ सिराहा

जनसङ्ख्या : ६,६५,११६
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : २७
क्षेत्रफल (वर्ग कि. मि.) : १,१८८
गाविस/नपा सङ्ख्या : १०६/२
सरकारी/निजी विद्यालय : ३८२/३१
क्याम्पस/उच्च मा.वि. : ३/९
अस्पताल/स्वास्थ्य चौकी : २/११२
मोटर सडक (कि. मि.) : ३०६
प्रहरी कार्यालय सङ्ख्या : २३
मानव विकास सूचकाङ्क : ०.४२७
प्रतिपरिवार सरदर सङ्ख्या : ६.२५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

मधेसी जनअधिकार फोरमद्वारा ०६३ माघ ८ गते दिउँसो लहानमा आयोजित विरोध प्रदर्शनका क्रममा इलाका प्रहरी कार्यालय अगाडि प्रहरीले चलाएको गोली लागी सोठियाइन गाविस-९ मिर्जापुरका १६ वर्षीय प्रमोद सदा, लहान नपा-४ का १९ वर्षीय विजयकुमार सहनी, ढोढना गाविस-५ मोहनपुरका ३२ वर्षीय बेचन यादव र सोनमती मझौरा गाविसका मोहम्मद अनिसको मृत्यु भयो। पीडितहरूमध्ये सदाको घटनास्थलमै मृत्यु भएको थियो भने सहनीको लहान अस्पतालमा सोही दिन साँझ मृत्यु भयो। त्यसैगरी, यादव र अनिसको काठमाडौँमा उपचारका क्रममा माघ ९ गते मृत्यु भएको थियो। पूर्वपश्चिम राजमार्गको पश्चिम दिशाबाट ४०/४५ जनाको एक समूहले नारा जुलुस लगाउँदै प्रहरी कार्यालयअगाडि आइपुगेपछि ढुङ्गामुढा प्रहार हुन थालेका कारण हवाई फायर गरिएको इन्स्पेक्टर लक्ष्मण गिरीले बताए।

सोही घटनामा लहानस्थित इलाका प्रहरी कार्यालयनजिक पुगेपछि प्रदर्शनकारीमाथि प्रहरीले चलाएको गोली लागी लहान नपा-१ का मनोजकुमार साह, नपा-२ का उपेन्द्र यादव, नपा-३ का पप्पु गुप्ता, नपा-४ का मोहमद मुमताज, नपा-५ का बबलु साह, परमेश्वर सदाय, सन्तोष कुमार साह, घुरमी देवी कामैत र नपा-७ का नन्दन खेतान घाइते भए। त्यसैगरी उक्त घटनामा बस्तीपुर गाविसका प्रदीप यादव, दोरिकलाल पासवान, गोविन्दपुर गाविसका विष्णु साह, महदेवा पोर्ताहा गाविसका रामेश्वर ठाकुर, भवानीपुर गाविसका लालुप्रसाद यादव, पोखरभिण्डा गाविसका शिवशङ्कर कामत, इन्द्रनारायण चौधरी, सोनमती मझौरा गाविसका सतिशकुमार यादव र बलही गाविसका बुधन यादव घाइते भए। घाइतेहरूमध्ये सामान्य अवस्थाकालाई लहान अस्पतालमै उपचार गरिएको र नाजुक अवस्थाका घाइतेलाई काठमाडौँ रेफर गरिएको थियो।

माओवादीबाट

लहानस्थित पूर्वपश्चिम राजमार्गमा मधेसी जनअधिकार फोरमको आह्वानमा ०६३ माघ ५ गते गरिएको चक्काजामका क्रममा फोरम र माओवादी पक्षबीच भएको विवादमा माओवादी पक्षबाट चलाइएको गोली लागी मनोकामना एकेडेमी स्कुल लहानमा अध्ययनरत मझौरा गाविस-१ का १६ वर्षीय रमेशकुमार महतोको घटनास्थलमै मृत्यु भयो। मधेसी जनअधिकार फोरमले विद्यार्थी महतो आफ्नो कार्यकर्ता भएको बतायो। माओवादीका केन्द्रीय सदस्य रामकुमार कार्कीसहित दुईओटा मिनी बसमा पूर्वबाट आएका माओवादी छापामारहरू बन्दकै क्रममा अगाडि बढ्न खोज्दा विवाद भएको थियो। सोही क्रममा गोली चलाएको आरोपमा माओवादी कार्यकर्ता सियाराम ठाकुरलाई फोरमका कार्यकर्ताले कुटपिट गरी प्रहरीलाई बुझाए। कुटपिटबाट गम्भीर घाइते भएका सियाराम ठाकुरलाई धरानस्थित बीपी मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरिएको थियो। फोरमका आक्रोशित कार्यकर्ताले सो दिन साँझ लहानमा रोकेर राखिएका १२ ओटा भन्दा बढी सवारी साधनहरूमा आगजनी गरे। आगजनीपछि लामो दूरीका ५ सयभन्दा बढी यात्रुहरू छ दिनसम्म लहानमा अलपत्र परेका थिए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

नवराजपुर गाविसस्थित देवनगर टोलका माओवादी कार्यकर्ता रामसागर ठाकुरलाई ०६३ चैत २ गते दिउँसो जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले इनर्वा गाविसको सिनुरिया भन्ने ठाउँमा गोली हानी हत्या गरे। माओवादी पक्षद्वारा लासको पोस्टमार्टम नगरी ०६३ चैत ३ गते साँझ पीडितको गाउँमै दाहसंस्कार गरिएको थियो।

सन्हैठा गाविसका पूर्वगाविस अध्यक्ष तथा राप्रपाका जिल्ला कमिटी सदस्य राजेश्वर यादवलाई ०६४ जेठ ११ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले राति घरबाटै अपहरण गरी सो ठाउँदेखि दक्षिण भारतीय सीमामा पर्ने जोगिया भन्ने ठाउँमा पुऱ्याई गोली हानी हत्या गरे। पीडितलाई मोर्चाविरुद्ध सुराकी गरेको आरोपमा हत्या गरेको जिल्ला इञ्चार्ज अमिताभले सार्वजनिक जानकारी गराए। पीडितको टाउको र कञ्चटमा दुई गोली लागेको थियो। लासको सिराहा अस्पतालमा ०६४ जेठ १२ गते पोस्टमार्टम गरियो।

ललितपुर जिल्लाको छम्की गाविस निवासी उदयपुरको गाईघाटस्थित जिल्ला प्राविधिक कार्यालयमा कार्यरत इन्जिनियर नवराज विष्टलाई ०६४ वैशाख २८ गते साँझ सखुवा नन्कारकट्टी गाविसको खयरबोना टोलबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले अपहरण गरी सो ठाउँदेखि केही दक्षिण सडकछेउमा पुऱ्याई गोली हानी हत्या गरे। पीडित सो ठाउँमा निर्माणाधीन सडक अनुगमनका लागि पुगेका

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	३३	३३	१		३३	१	१		१	१	४			४
घाइते	१०	८	४		१२					४	३५			३५
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी/यातना										६	१६	१		१८
कुटपिट	१०	१२	२		१४	५	९		९	५	१०	१		११
धम्की	६	१०	५	३३	३८					१		१		१
भेला/सङ्गठित हुने अधिकार										१	६		४	११
जातीय विभेद	१	१			१									
भूमिहीन/सुकुम्वासी समस्या										१	१०			१०
महिलाअधिकार	५		६		६									
बालअधिकार	३		३		३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१२	२०			२०	२	१	१	२					
अपहरण	५८	६२	२		६४	३	४		४					
जम्मा	१२८	१४५	३३	३३	१९१	११	१५	१	१६	२०	६४	३	४	८१

थिए। सखुवा नन्कारकट्टी गाविसस्थित खयरबोना टोलमा निर्माणाधीन सडकको अनुगमन गर्न गएका काठमाडौँ निवासी ग्रामीण सुधार पहुँच कार्यक्रम (आरएआईडीपी) का इन्जिनियर मुरली रञ्जितकार, वाईपी कन्ट्रक्सनका प्राविधिक कर्मचारी टेकबहादुर लामा र धनुषा निवासी जीप चालक रामकुमार यादवलाई पनि विष्टसँगै अपहरण गरिएको थियो। पीडितहरूमध्ये जीप चालक रामकुमार यादवलाई केही समयपछि नै मुक्त गरिएको थियो भने बाँकी अपहरितलाई ०६४ वैशाख ३१ गते सप्तरीको अज्ञात स्थलबाट मुक्त गरिएको थियो।

नहरारिगोल गाविसस्थित श्री लक्ष्मीनारायण कौशल्या जनता निमाविमा कार्यरत शिक्षक एवम् सोही गाविस-१ का सूर्यनारायण यादवलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले ०६४ जेठ २६ गते राति घरबाटै अपहरण गरी गम्हरिया भन्ने ठाउँमा पुऱ्याई गोली हानी हत्या गरे। मोर्चाका तत्कालीन पूर्वी सैन्य कमाण्ड इञ्चार्ज विक्रान्तले सञ्चारकर्मीलाई टेलिफोन गरी घटनाको जिम्मा लिए। घटनाको जिम्मेवारी लिएको सार्वजनिक भएपछि मोर्चाकै जिल्ला इञ्चार्ज अमिताभले आफ्नो पार्टीबाट सो घटना नभएको दाबी गरे। मृतकको शरीरमा चारओटा गोली लाग्नुका साथै शरीरका विभिन्न अङ्गहरूमा धारिलो हतियारले चिरिएको थियो। लासको पोस्टमार्टम ०६४ जेठ २७ गते लहान अस्पतालमा गरियो। मृतकलाई सरकारले सहिद घोषणा गरी उनको परिवारलाई क्षतिपूर्तिस्वरूप १० लाख रुपियाँ उपलब्ध गराउने निर्णय गऱ्यो।

सिराहा नपा-१ निवासी भा मण्डल भनिने २३ वर्षीय राकेशकुमार कर्णलाई ०६४ असार २१ गते राति सिराहा बजारबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले अपहरण गरी गोली हानी हत्या गरे। चतरी गाविसको खोलामा भेटिएको लासको जिल्ला अस्पताल, सिराहामा पोस्टमार्टम गरियो। मृतक राकेशकुमार कर्ण जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट सिंह) का केन्द्रीय सदस्य भएको बताउँदै सो समूहले हत्याको विरोधमा ०६४ असार २५ र २६ गते सिराहा बन्दको आह्वान गरेको थियो। पीडित जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का पूर्व जिल्ला इञ्चार्जसमेत रहेका थिए।

अयोध्यानगर गाविस-८ चियाबारी निवासी मधेस मुक्ति टाइगर्सका सिराहा जिल्ला इञ्चार्ज यमराज भनिने २६ वर्षीय गङ्गा यादवलाई ०६४ असार ३१ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले सोही गाविसको कसहा चोकबाट अपहरण गरी सुखीपुरस्थित चौरमा गोली हानी हत्या

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	वाईसीएलबाट				जतमुमो (ज्वाला सिंह) बाट			जतमुमो (गोइत) बाट		
	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या					४	४	४	६	६	६
घाइते					१	१	१	१	१	१
कुटपिट	१	३		३				३	३	३
धम्की	१	३	३३	३६	३	३	३			
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					९	१६	१६			
अपहरण	३	३		३	३३	३३	३३	१८	३३	३३
जम्मा	४	८	३३	३१	३९	५५	५५	२८	३३	३३

गरे। मोर्चाका सिराहा जिल्ला इञ्चार्ज अमिताभले गङ्गा यादवले दुई वर्षअघि मोर्चाका कार्यकर्ता सुरज भनिने विनय महतोको हत्या गरेको आरोपमा कारवाही गरिएको बताए। लासको पोस्टमार्टम असार ३२ गते लहान अस्पतालमा गरियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

लहान नपा-५ स्थित नयाँबजारको पानीटङ्की नजिकका सर्वसाधारण ५२ वर्षीय अम्बिका उप्रेतीलाई ०६४ वैशाख १२ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले गोली हानी हत्या गरे। पीडित घरबाहिर गेटमा बसिरहेका बेला उनको हत्या भएको थियो। लासको वैशाख १३ गते लहान अस्पतालमा पोस्टमार्टम गरियो।

विराटनगर उमनपा निवासी तरेगाना गोविन्दपुर गाविसका सचिव रामहरि पोखरेललाई ०६४ साउन २ गते बिहान गोविन्दपुर गाविसको झुटकी टोलनजिक खोलामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले धारिलो हतियारले घाँटी रेटी हत्या गरे। मोर्चाका कार्यकर्ताहरूले सचिव पोखरेलसँगै सोही गाविस निवासी निम्न प्रावि झिरहीका निमित्त प्रधानाध्याक गोविन्द कार्की र अर्का एक सर्वसाधारण अन्दाजी ६० वर्षीय वेदप्रसाद सापकोटालाई ०६४ असार ३१ गते साँझ तरेगानाबाट लहानतर्फ फर्किरहेका बेला बाटोमा पर्ने जङ्गलबाट अपहरण गरेका थिए। अपहरित अन्य दुई जनामध्ये कार्की ससर्त र सापकोटा नि:सर्त ०६४ साउन २ गते साँझ सिराहाको अज्ञात स्थलबाट मुक्त भए। मृतक पोखरेलको लासको पोस्टमार्टम सोही दिन लहान अस्पतालमा गरियो।

बरियारपट्टी गाविस-७ का रामकृष्ण यादवलाई ०६४ साउन ३ गते साँझ सोही गाविस निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का स्थानीय कार्यकर्ता कामेश्वर यादवले गोली हानी हत्या गरे। पीडितको टाउकोमा पछाडिबाट एक गोली लागेको थियो। पीडित र पीडक पक्षबीचको आपसी झगडाको विषयमा गाउँमा छलफल भइरहेका बेला विवाद बढ्दै गएपछि गोली चलाइएको गाउँलेले बताए। लासको लहान अस्पतालमा पोस्टमार्टम गरियो। पीडक कामेश्वर यादवलाई थुनामा राखी कारवाही भइरहेको छ।

विष्णुपुरकट्टी गाविस-५ निवासी तुलसीनारायण सत्यभामा डोटेल माविका प्रधानाध्यापक ६२ वर्षीय अरूणकुमार श्रेष्ठ संविधानसभाको प्रचारप्रसारमा संलग्न रहेको आरोपमा ०६४ भदौ २४ गते राति उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरी केही पर पुऱ्याएर धारिलो हतियार प्रहार गरी हत्या गरे। प्रधानाध्यापक श्रेष्ठको लास उनको घरदेखि दुई किलोमिटर उत्तर धान खेतमा ०६४ भदौ २५ गते बिहान फेला परेको थियो। लासको लहान अस्पतालमा पोस्टमार्टम गरियो।

अन्यबाट

मध्यौरा गाविस-१ का ६५ वर्षीय रामनारायण यादवलाई ०६३ फागुन १ गते राति घरमा सुतिरहेको बेला ९/१० जनाको सशस्त्र समूहमा रहेका अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। पीडितको छाती र

तालिका : ३

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	सजतमुमोबाट			मधेसी जनअधिकार फोरमबाट				मधेसी मुक्ति टाइगर्सबाट		
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
घाइते	१	१	१	१	१	१	२			
कुटपिट				३	४		४			
धम्की				१	१		१			
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१	१					१	२	२
अपहरण	४	४	४							
जम्मा	६	६	६	५	६	१	७	१	२	२

तीघ्रामा दुई गोली लागेको प्रहरीले बतायो। लासको फागुन २ गते लहान अस्पतालमा पोस्टमार्टम गरियो।

रामनगर मिर्चैया गाविस-९ का हार्डवेयरका व्यापारी रामप्रताप साहलाई ०६४ असोज २३ गते राति पिसाव गर्न घरबाहिर गएका बेला अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। उनलाई कसले किन हत्या गरेको भन्ने खुल्न सकेन। लासको लहान अस्पतालमा असोज २४ गते पोस्टमार्टम गरियो।

बस्तीपुर गाविस-३ निवासी पूर्वमाओवादी कार्यकर्ता सुटकुन भनिने आनन्द यादवको ०६४ कात्तिक १४ गते राति लहान नपा-१० स्थित जेएस मुरारका क्याम्पसनजिक अज्ञात समूहले हत्या गऱ्यो। पीडितको लास स्थानीय बासिन्दाले कात्तिक १५ गते बिहान फेला पारेका थिए। उनले चढ्ने गरेको बा.२०च. ५९३४ नम्बरको मोटरसाइकलले घोप्टो पारेर राखेको लास थिचिएको थियो। लासको लहान अस्पतालमा पोस्टमार्टम गरियो। हत्याको आरोपमा माओवादीका दुई जना कार्यकर्ताहरू जिल्ला सङ्गठनका सदस्य जुडी ठाकुर र चित्तर भनिने हरिनारायण पासवानलाई प्रहरीले ०६४ मङ्सिर ३ गते बिहान इलाका प्रहरी कार्यालयको हातावाट गिरफ्तार गरे। आफ्ना कार्यकर्ताहरू गिरफ्तार गरिएको विरोधमा माओवादीले सात दिनसम्म जिल्लाभरि यातायात ठप्प पारेका थिए।

सोनमति मझौरा गाविसका पूर्वअध्यक्ष तथा काङ्ग्रेस महासमितिका सदस्य ४९ वर्षीय बेचन यादवको ०६४ कात्तिक १७ गते राति लहान नपा-३ स्थित हस्पिटल चोकवाट अज्ञात समूहले अपहरण गरी हत्या गऱ्यो। उनको लास कात्तिक १८ गते दिउँसो करिब ११ बजेतिर हस्पिटल चोकदेखि पूर्व बलान खोलानजिक धान खेतमा स्थानीय बासिन्दाले फेला पारेका थिए। अपहरित यादवको खोजीमा प्रहरी सक्रिय नभएको आरोपमा पीडित पक्षले ०६४ कात्तिक १८ गते बिहान इलाका प्रहरी कार्यालय, लहानका इन्स्पेक्टर दिलबहादुर सुवेदीलाई चार घण्टासम्म स्थानीय सन्तोष गेस्ट हाउसमा थुनेर राखेका थिए।

मझौलिया गाविस-८ स्थित अरङ टोल निवासी काङ्ग्रेसका कार्यकर्ता रामबालक सिंहको ०६४ कात्तिक २० गते राति अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। पीडितको टाउको नभएको लास मिर्चैया बजारदेखि केही पश्चिम कथ्था कारखानाछेउको उखुघारीमा स्थानीय बासिन्दाले फेला पारेका थिए। लासको टाउको नभेटिएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनायो। लासको पोस्टमार्टम लहान अस्पतालमा गरियो। पीडितलाई ०६४ कात्तिक १५ गते राति मिर्चैयास्थित डेराबाट अपहरण गरिएको थियो।

आफ्नै बम विस्फोटबाट

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का जिल्ला सदस्य तथा २ नम्बर एरिया इञ्चार्ज अजय भनिने अरूण यादवको ०६४ वैशाख २७ गते साँझ इटाटार गाविस-९ स्थित एक घरमा आफ्नै प्रेसरकुकर बम विस्फोट भई मृत्यु भयो। सो बम मृतकद्वारा नै सक्रिय गराइएको हुन सक्ने इलाका प्रहरी कार्यालय लहानका प्रहरी निरीक्षक मनोज यादवले बताए।



प्रहरीद्धारा मारिएका बेचन यादव र प्रमोद सदा

बम विस्फोटबाट

सिक्रोन गाविस-४ का प्रदीपकुमार यादवका सात वर्षीय छोरा माधवकुमार यादव र उनका आठ वर्षीय भाञ्जा उपेन्द्रकुमार यादवको ०६४ भदौ १३ गते राति अज्ञात समूहले घरमा गराएको विस्फोटमा परी मृत्यु भयो। दुवै बालकहरू राति गर्मी मौसम भएका कारण घरको दलानमा सुतिरहेका बेला सो घटना भएको थियो। लासको भदौ १४ गते लहान अस्पतालमा पोस्टमार्टम गरियो। घटना कोबाट र किन गरिएको भन्ने सार्वजनिक हुन सकेन।

सुखीपुर गविसको दहिपौरी माविमा कार्यरत दुर्गापुर गाविस-५ स्थित भेल्हा गाउँका शिक्षक ४१ वर्षीय जयप्रकाश महतोको ०६४ कात्तिक १८ गते राति अज्ञात सशस्त्र समूहले गराएको बम विस्फोटमा परी मृत्यु भयो। लासको ०६४ कात्तिक १९ गते लहान अस्पतालमा पोस्टमार्टम गरियो।

झडपबाट

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ माघ २१ गते राति लगडी गदियानी गाविसस्थित अस्थायी प्रहरी चौकीमा आक्रमण गरे। आक्रमणपछि दोहोरो भिडन्त भए पनि मानवीय क्षति भएन। सो प्रहरी चौकीबाट मोर्चाले पाँच थान राइफलसहित केही गोलीहरू लुटेर लगे।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

मिर्चैया गाविसस्थित मोहन उच्च माबि व्यवस्थापन समितिका अध्यक्ष हरिकिशोर साहलाई रिहा गर्न माग गर्दै ०६४ असार १७ गते साँझ इलाका प्रहरी कार्यालय मिर्चैयामा घेराउ गरेर बसेका स्थानीय समुदायमाथि प्रहरीले चलाएको गोली लागि सोही गाविस-२ का सुनिलकुमार साह र रघुनाथ साह घाइते भए। पीडितहरू स्थानीय क्लिनिकमा उपचारपछि घर फर्किए। किटानी जाहेरीका आधारमा गिरफ्तार गरिएका अध्यक्ष साहलाई छोड्न दबाब दिँदै प्रहरी कार्यालयमा ढुङ्गामुढा फ्याँक्न थालेपछि स्थितिलाई नियन्त्रण गर्न हवाई फायर गरिएको प्रहरी कार्यालयले जनायो।

सुखीपुर गाविस-२ का व्यापारी अन्दाजी ४४ वर्षीय रामचन्द्र साह ०६४ साउन ४ गते राति बरियारपट्टीबाट मोटरसाइकलमा फर्कने क्रममा सुखीपुर बजारनजिक प्रहरीले चलाएको गोली लागि घाइते भए। पीडित धरानस्थित बीपी मेमोरियल अस्पतालमा उपचारपछि घर फर्किएका थिए। मोटरसाइकल रोक्न भन्दाभन्दै भागेपछि गोली चलाएको प्रहरीले बतायो भने पीडितपक्षले प्रहरीले नसाको सुरमा गोली चलाएको आरोप लगाए।

लहान नपा-४ स्थित रघुनाथपुर टोलका २० वर्षीय दोरिकलाल सहनी ०६४ साउन ३२ गते दिउँसो सशस्त्र प्रहरीले चलाएको गोली लागी घाइते भए। उनी धरानस्थित बीपी मेमोरियल अस्पतालबाट उपचारपछि घर फर्किए। सशस्त्र प्रहरीलाई देखेर भागेका सहनीलाई चेतावनी दिँदासमेत नरोकिएपछि गोली चलाइएको बेस क्याम्प सिराहाले जनायो। सोही घटनामा लहान नपा-४ का १७ वर्षीय जावीर अन्सारी, १८ वर्षीय रवि अन्सारी र २० वर्षीय मो साफीलाई सशस्त्र प्रहरीको टोलीले गिरफ्तार गऱ्यो। उनीहरूबाट एक थान कटुवा पेस्तोल र केही गोलीसमेत फेला परेको सशस्त्र प्रहरी उपरीक्षक हरिशचन्द्र अधिकारीले बताए। पक्राउ परेकाहरूले हतियार आफूहरूको भएको तर कुनै समूहमा संलग्न नरहेको बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

राघोपुर गाविस-२ निवासी माओवादीका सक्रिय कार्यकर्ता अन्दाजी ५५ वर्षीय रामविलास यादवलाई ०६४ पुस १५ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले सिक्रोन गाविसस्थित बाटोमा गोली प्रहार गरी घाइते बनाए। पीडितको शरीरमा तीनओटा गोली लागेको र धरानमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाले बतायो।

मधेसी जनअधिकार फोरमबाट

लहान नपा-३ स्थित हस्पिटल चोक नजिक मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले काँकरभिट्टाबाट काठमाडौँ हिँडेको ना२ख ९८२९ नम्बरको बसमा ०६३ फागुन २३ गते राति पेट्रोल बम

प्रहार गर्दा सो बसमा रहेका यात्रु झापा जिल्लास्थित चारपाने गाविस-२ का ३० वर्षीया मीना राजवंशी र उनका सात वर्षीय छोरा समिर राजवंशी घाइते भए। उनीहरू चोहर्वास्थित रणसिंह दल गणमा उपचारपछि फागुन २४ गते घर फर्किए।

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

धनगढी गाविसको मुसहर्निया नजिक संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले ०६४ असोज ६ गते बिहान गुडिरहेको नाम्बर ४५९५ नम्बरको बसमा प्रहार गरेको गोलीबाट बसका चालक बालकुमार श्रेष्ठ घाइते भए। पीडितको तिघ्रामा गोली लागेको थियो।

अन्यबाट

फुलकाहाकट्टी गाविस स्थित निम चोकका २८ वर्षीय बस खलासी ललन पासवानलाई ०६३ चैत २५ गते साँझ लहान नपा-१ स्थित पश्चिम बसपार्क नजिक सडकबाट अज्ञात समूहले अपहरण गऱ्यो। पीडित चैत २७ गते बस्तीपुर गाविसबाट मुक्त भए।

सनपुर गाविस-६ स्थित गोलबजारका व्यापारी महेश महतो सुडीलाई ०६४ जेठ १६ गते फुलकाहाकट्टी गाविस स्थित कसहा चोकबाट ०६४ जेठ १४ गते बिहान अज्ञात व्यक्तिहरूले अपहरण गरे। पीडित सिराहाको अज्ञात ठाउँबाट मुक्त भए। अपहरण गर्ने समूह र अपहरणको कारण सार्वजनिक हुन सकेन।

मल्हनिया खोरी गाविस-८ का अन्दाजी ४० वर्षीय राजकुमार कापैरलाई ०६४ जेठ ३० गते राति चन्द्रलालपुर गाविसको मैनावती खोला नजिक सडकमा अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गर्ने प्रयास गरे। गोलीबाट घाइते भएका पीडित कापैरलाई उपचारार्थ जेठ ३१ गते बिहान सिलीगुडी लगिएको उनका आफन्तले बताए।

लक्ष्मीपुर पतारी र मोहनपुर कमलपुर गाविसमा सचिव पदमा कार्यरत विद्यानगर गाविस-४ निवासी सूर्यनारायण यादवलाई ०६४ असार १८ गते साँझ अयोध्यानगर गाविसको कसहा भन्ने ठाउँबाट अज्ञात समूले अपहरण गऱ्यो। पीडित मोहनपुर कमलपुर गाविसमा समीक्षात्मक बैठक सकेर आफ्नो मोटरसाइकलद्वारा घरतर्फ गइरहेका बेला सो ठाउँमा अपहरणमा परेको बताए। पीडित असार २० गते मुक्त भए।

एमाले सिराहाको सातौँ जिल्ला अधिवेशनको माइकिङ्गद्वारा प्रचार-प्रसार गर्न जीपमा हिडेका एक

अज्ञात समूहद्वारा मारिएका बेचन यादव

कार्यकर्तालाई ०६४ असार १९ गते साँझ असनपुर गाविसको गोलबजार नजिकबाट अज्ञात व्यक्तिहरूले हतियार देखाई जीपसहित अपहरण गरे। पीडितहरू असार २० गते बिहान कविलासी गाविसबाट मुक्त भए।

लहान नपा-३ स्थित हस्पीटल चोकमा औषधि पसल गरी बस्ने सोही नपा-७ का अरबिन्द प्रधानलाई ०६४ भदौ १९ गते दिउँसो सुखीपुर गाविसस्थित बाटोबाट अज्ञात व्यक्तिहरूले अपहरण गरे। पीडित भदौ २२ गते ससर्त मुक्त भए।

प्राविधिक शिक्षालय लहानमा शिक्षण पेसामा कार्यरत लहान नपा-८ का जीतेन्द्र नायक र उनकी पत्नी गोमादेवीलाई ०६४ भदौ १९ गते साँझ उदयपुरको गाईघाटबाट मोटरसाईकलद्वारा फर्किरहेको बेला कदमाहा चोकनजिक अज्ञात व्यक्तिहरूले बाटोबाट अपहरण गरे। अपहरितहरू पत्नी गोमादेवी भदौ २२ गते र शिक्षक जीतेन्द्र नायक भदौ २६ गते राति सप्तरीको दौलतपुर गाविसबाट ससर्त मुक्त भए।

सिक्रोन गाविस-३ का २५ वर्षीय कुलेश्वर साहलाई ०६४ असोज २२ गते राति सात-आठ जना अज्ञात व्यक्तिहरूले घरबाटै अपहरण गरे। पीडित केहीदिन पछि मुक्त भए। पीडित परिवारले अपहरण वाईसीएल कार्यकर्ताहरूबाट भएको आरोप लगाए। तर, वाईसीएलका जिल्ला इन्चार्ज जगतले आफ्नो सङ्गठनबाट नभएको बताए।

मल्हनिया गम्हरिया गाविस-६ स्थित बालाजी इटा उद्योगमा कार्यरत २५ वर्षीय हरिशचन्द्र राईलाई ०६४ असोज २९ गते बिहान अज्ञात सशस्त्र समूहले सो इटा उद्योगबाटै अपहरण गरे। केहीदिनपछि मुक्त भएका पीडितले उनलाई लिवरेशन अफ तराई इलम (एलटीटीई) नामको समूहले अपहरण गरेको बताए। उनलाई कहाँबाट र कुन सर्तमा मुक्त गरिएको भन्ने बताउन चाहेनन्।

प्रहरीको गोलीबाट घाइते भएका पप्पु गुप्ता

अर्नमा प्रपी गाविस-१ स्थित ब्रह्मपुरी टोलका अन्दाजी २५ वर्षीय ब्रह्मदेव महतोलाई ०६४ कात्तिक २१ गते राति अज्ञात व्यक्तिहरूले घरबाटै अपहरण गरे। पीडित मङ्सिर २ गते राति धनुषा जिल्लाको अज्ञात स्थलबाट सशर्त रूपमा मुक्त भएको पीडितका आफन्तले बताए।

सुखीपुर गाविस-२ का व्यापारी मदन श्रीवास्तवलाई ०६४ मङ्सिर ९ गते बिहान मोटरसाइकलद्वारा जिरोमाइलतर्फ गइरहेका बेला फुल्काहाकट्टी गाविस-६ स्थित सन्तनगर भन्ने ठाउँ नजिक पछाडिबाट मोटरसाइकलमै आएका अज्ञात दुई व्यक्तिहरूले गोली प्रहार गरी घाइते बनाए। तिघ्रामा गोली लागि पीडित भुइँमा लडेपछि उनी चढेको स.१प. ७४५२ नम्बरको मोटरसाइकल लिएर सो समूह बेपत्ता भयो। पीडित श्रीवास्तव लहान अस्पतालबाट उपचारपछि घर फर्किए।

थल्हा कटाहा गाविस-६ का १९ वर्षीय ट्रयाक्टर चालक अलि हुसेनलाई ०६४ मङ्सिर १७ गते साँझ मोटरसाइकलमा घरतर्फ गइरहेका बेला हनुमाननगर गाविसको लक्ष्मीपुर चोक नजिक अज्ञात व्यक्तिहरूले गोली प्रहार गरी घाइते बनाए। पीडित धरानस्थित बीपी मेमोरियल अस्पतालमा उपचारपछि घर फर्किए।

चन्द्रलालपुर गाविस-१ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ता राजकपुर यादवलाई ०६४ पुस ८ गते राति बल्कवाबाट मोटरसाइकलमा आफ्नो घरतर्फ गइरहेका बेला राजमार्गको मैनावती पुल नजिक छ-सात जना अज्ञात व्यक्तिहरूले गोली हानी हत्याको प्रयास गरे। मोटरसाइकल रोकाउन खोज्दा नरोकी तीव्र गतिमा भागेर बाँचेको पीडिले बताए।

बेवारिसे बम विस्फोटबाट

अर्नमा प्रपी गाविस-९ की १८ वर्षीया रामकलीदेवी साफी र ४० वर्षीया बुधनीदेवी साफी ०६३ चैत २२ गते दिउँसो सोही वडाको नहरछेउमा घाँस काट्न जाँदा बेवारिसे बम विस्फोट भई घाइते भए। पीडितहरू स्थानीय अस्पतालमा उपचारपछि घर फर्किए।

अर्नमा प्रपी गाविस-५ का ८ वर्षीय बालक भरतकुमार महरा ०६४ कात्तिक २२ गते दिउँसो सोही गाविस-४ मा पर्ने नहरछेउ बाटोमा बेवारिसे बम विस्फोटमा परी घाइते भए। जिल्ला अस्पताल सिराहामा उपचारका लागि भर्ना भएका पीडित कात्तिक २९ गते उपचारपछि घर फर्किए।

बस्तीपुर गाविस-४ की ११ वर्षीया बालिका पुनिता मुखिया ०६४ मङ्सिर २८ गते दिउँसो सोही गाविसको लक्ष्मी इँटाभट्टा नजिक बेवारिसे बम विस्फोटमा परी घाइते भइन्। पीडित बालिका लहान अस्पतालमा उपचारपछि सोही दिन राति घर फर्किन्। बालिकाको खुट्टा र अनुहारमा छर्राले बढी चोट लागेको थियो।

जेल र बन्दीहरू

कुल १ सय ५० जनाको क्षमता रहेको 'घ' श्रेणीको जिल्ला कारागार शाखा सिराहामा यस वर्षको अवधिमा १ सय ३१ जना पुरुष र ६ जना महिला गरी १ सय ३७ जना बन्दीहरू रहे। जसमध्ये कैद तोकिएका ६० पुरुष र दुई जना महिला रहे भने कैद नतोकिएका ७१ पुरुष र चारजना महिला छन्। त्यसमा दुई जना १५ वर्ष उमेरका पनि रहेका छन्। थुनामा रहेकाहरूमध्ये सात जना जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता रहेका छन्। त्यसमा दुई जना नजरबन्दमा, दुई जना हातहतियार तथा खरखजाना र तीन जनालाई शान्ति सुरक्षा ऐनअन्तर्गत राखिएको पाइयो। कैद तोकिएकाहरूमध्ये सात जना भारतीय नागरिक रहेका छन्।

जेलको भवन पुरानो भएको र गत वर्ष बन्दीहरूले आन्दोलनका क्रममा भवन तोडफोड गरेका कारण मर्मत गर्नुपर्ने अवस्था रहेको छ। वर्षा मौसममा पानी चुहिने बन्दीहरूको गुनासो पाइयो। महिला राखिने कोठा साँघुरो र हावा नआउने अवस्थामा रहेको छ। उक्त कोठाभित्रै शौचालय राखिएको तर शौचालयमा ढोका नभएका कारण बढी दुर्गन्ध र असजिलो हुने गरेको पाइएको छ। जेलमा रहेका सातओटा ट्युबवेलहरूमा आर्सेनिकयुक्त पानी आउने गरेको बन्दीहरूले बताए।

जिल्ला कारागार शाखा सिराहामा ०६४ पुस ८ गते बिहान २ बजेदेखि ४ बजेसम्म बन्दी-बन्दीहरूबीच भएको झडपमा चरण थापा, बाबु लामा, नयन लामा, रणबहादुर सिंह र रामबहादुर विश्वकर्मा घाइते भए। घाइते बन्दीहरूलाई जिल्ला अस्पताल सिराहामा उपचार गरिएको जिल्ला कारागार शाखाले बतायो। केही महिनाअघि काठमाडौँबाट जेल सरुवा भई आएका ११ बन्दीहरूसँग भएको सो झडपपछि

उनीहरूलाई अन्य बन्दीहरूले भित्र बस्न नदिएका कारण सिराहा कारागारको अफिस कोठामा राखिएको जेलका कर्मचारी विन्देश्वर यादवले बताए।

बेपत्ता/अपहरण

माओवादीबाट

कर्जन्हा गाविसस्थित जनसेवा माविका प्रधानाध्यापक विश्वनाथ साहलाई ०६४ जेठ ७ गते राति माओवादी कार्यकर्ताहरूको एक समूहले आर्थिक हिनामिनाको आरोपमा घरबाटै अपहरण गऱ्यो। पीडितले जेठ १३ गते गाउँलेहरूको आमभेलामा हिसाबकिताब सार्वजनिक गरिनुपर्ने सर्तमा जेठ ८ गते सोही गाउँबाट मुक्त गराए। माओवादी जिल्ला सेक्रेटरी अविनाशले अपहरण आफ्ना कार्यकर्ताबाट नभई गाउँलेबाट भएको दाबी गरे।

असनपुर गाविस-६ स्थित गोलबजारका व्यापारी उत्तिमलाल साहलाई ०६४ असोज २ गते साँझ वाईसीएलका कार्यकर्ताहरूले आफ्नै घरबाट अपहरण गरे। पीडित असोज ३ गते मुक्त भए। गाउँको सामान्य विवादलाई लिएर व्यक्तिगत रिसइवीका कारण उनलाई अपहरण गरेको पीडितका आफन्तले बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

दूरसञ्चार कार्यालय, सिराहामा कार्यरत बर्दिवास गाविस (सर्लाही) का ३८ वर्षीय कर्मचारी नीलकमल बुर्जा मगरलाई ०६३ माघ ४ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले सिराहास्थित कार्यालय हाताभित्रको आवासगृहबाट अपहरण गरे। पीडित माघ ६ गते अज्ञातस्थलबाट ससर्त मुक्त भए।

सारस्वर गाविस-४ का ३० वर्षीय सञ्जीवकुमार तिमल्सिना र १४ वर्षीय विद्यार्थी अर्जुनकुमार गुप्तालाई ०६३ फागुन ६ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले मोटरसाइकलमा घरतर्फ गइरहेका बेला सोही गाविसस्थित बाटोबाट अपहरण गरे। पीडितलाई फागुन ८ गते साँझ लगडी गोठ गाविसबाट गाउँलेले मुक्त गराए। सोही क्रममा गाउँलेले मोर्चाका कार्यकर्ता कारीदास तत्मालाई लगडी गोठ गाउँबाट समाती प्रहरीलाई बुझाए।

इनर्वा गाविसस्थित लालपुर टोलका अन्दाजी ३० वर्षीय माओवादी कार्यकर्ता छेदी पण्डितलाई ०६३ फागुन १९ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। पीडित फागुन २० गते साँझ सोही गाविसका

प्रहरीको गोलीबाट घाइते दोस्किलाल सहनी

पूर्वअध्यक्षको रोहबरमा अज्ञात स्थलबाट मुक्त भए।

लहानस्थित स्वावलम्बन विकास ब्याङ्क शाखा कार्यालयमा फिल्ड सहायक पदमा कार्यरत कर्मचारी सूर्य थापालाई ०६३ माघ १ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ता बताउने आठ-नौ जनाको समूहले गोविन्दपुर गाविसको मलहनमा भन्ने ठाउँबाट अपहरण गऱ्यो। पीडक समूहले अपहरणपछि उनीसँग भएको १९ हजार रुपियाँ खोसेर लगेको पीडितले बताए। उनी सोही दिन मुक्त भए। आफूलाई आँखामा पट्टी बाँधेर मानसिक यातना दिएको पीडितको भनाइ थियो।

वीरगञ्ज निवासी ट्राक्टर चालक रामनाथ कुर्मी र गोलबजार निवासी मो आलमलाई ०६४ माघ १७ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले असनपुर गाविसको गोलबजारबाट अपहरण गरे। अपहरितहरूमध्ये आलमलाई बेतौना गाविसबाट माघ १८ गते बिहान र ट्राक्टर चालक कुर्मीलाई माघ २३ गते ससर्त रूपमा अज्ञात स्थलबाट मुक्त गरे।

ईंटाटार गाविसको गणेश चोकबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का जिल्ला इञ्चार्ज तुफान सिंहलाई ०६३ चैत ११ गते दिउँसो जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले अपहरण गरे। पीडित सिंह इन्सेक मानवअधिकारकर्मीको आग्रहमा सोही दिन साँझ सिराहाकै अज्ञात स्थलबाट मुक्त भए। पीडितले आफ्नो मोर्चाका पूर्वकार्यकर्ता राकेश कर्णमाथि आर्थिक अनियमितताको आरोप लगाएको र सङ्गठनबाट निष्कासन गरिएकाले उनीद्वारा गोइत समूहका कार्यकर्ताको सहयोगमा आफूलाई अपहरण गरी सो



माओवादीद्वारा अपहरण गरिएका देवचन्द्र पासवान

आरोप नलगाइएको भन्ने कागजमा सहीछाप गराएको बताए।

धनगढी गाविस-२ का ४५ वर्षीय अशोक श्रेष्ठलाई ०६४ वैशाख १३ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाटै अपहरण गरे। पीडित वैशाख १६ गते सिराहाको अज्ञात स्थलबाट परिवारकै उपस्थितिमा ससर्त मुक्त भए।

अर्नमा प्रपी गाविस-५ का ६५ वर्षीय पोनेलाल साहलाई ०६४ जेठ ९ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाटै अपहरण गरे। पीडितलाई जेठ १० गते दिउँसो सिराहाको अज्ञात स्थलबाट मुक्त गरेको उनका परिवारले बताए। अपहरण गर्ने क्रममा मोर्चाका कार्यकर्ताहरूले सो गाविस नजिक घरेलु बमसमेत विस्फोट गराएका थिए।

सन्हैठा गाविस-१ का गणेश यादवलाई ०६४ जेठ ११ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। पीडितलाई जेठ १२ गते बिहान सो गाविसदेखि दक्षिण भारतीय सीमा क्षेत्रमा पर्ने जोगिया भने ठाउँबाट कुटपिट गरी मुक्त गरे। पीडितलाई मोर्चाविरुद्ध सुराकी गरेको आरोपमा अपहरण गरेको मोर्चाका जिल्ला इञ्चार्ज अमिताभले सञ्चारकर्मीलाई जेठ १२ गते टेलिफोनमार्फत सार्वजनिक जानकारी गराए।

चतरी गाविस-१ का ५८ वर्षीय शिवु पन्तलाई ०६४ जेठ २४ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाटै अपहरण गरे। पीडितलाई जेठ २८ गते अज्ञात स्थलबाट आफन्तको जिम्मामा मुक्त गरे।

धनुषा जिल्लाको गोदार गाविस निवासी व्यापारी महादेव महतोलाई ०६४ असार २ गते साँझ अयोध्यानगर गाविसस्थित कसहा नजिकबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले अपहरण गरे। पीडितलाई मोर्चाका कार्यकर्ताहरूद्वारा असार ६ गते सिराहाको अज्ञात ठाउँबाट मुक्त गरिए पनि कुन सर्तमा मुक्त गरिएको हो भन्ने सार्वजनिक हुन सकेन।

बेल्हा गाविस-८ स्थित पदमपुर टोलका ६५ वर्षीय श्रीकृष्ण सिग्देललाई जनतान्त्रिक तराई मुक्ति मोचा (गोइत) का कार्यकर्ताहरूले ०६४ असार ७ गते घरबाटै अपहरण गरे। पीडित असार ८ गते दिउँसो सिराहाको अज्ञात स्थलबाट मुक्त भए।

रामपुर पिप्रा गाविस-९ का ४५ वर्षीय कृषक राजेन्द्र साहलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले ०६४ असार ९ गते साँझ घरबाटै अपहरण गरे। पीडित असार १२ गते सोही गाविसबाट मुक्त भए। पीडितलाई अपहरण गरिनुको कारण सार्वजनिक हुन सकेन।

राघोपुर गाविस-९ स्थित वीरपुर टोल निवासी बागवानी केन्द्र नुवाकोटमा कार्यरत अधिकृत स्तरका कर्मचारी सुरेशकुमार शर्मा (दुलाल) लाई ०६४ कात्तिक १० गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले राघोपुरस्थित घरबाटै अपहरण गरे। अपहरणको जिम्मेवारी मोर्चाका जिल्ला इञ्चार्ज अमिताभले लिए। पीडित कात्तिक १४ गते सिराहाकै अज्ञातस्थलबाट ससर्त मुक्त भए।

भेडिया गाविस-५ निवासी हाल जनकपुर बस्दै आएका अन्दाजी ३५ वर्षीय समीर माथेमालाई ०६४ मङ्सिर १२ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताहरूले रामनगर मिर्चैया गाविसस्थित सडकबाट अपहरण गरे। पीडित उक्त गाविसमा आफ्नो पुख्यौंली घर र खेतीपाती भएकाले हेर्न गएका बेला बाटोबाटै अपहरणमा परेका थिए। अपहरणको जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का जिल्ला इञ्चार्ज अमिताभले लिए। पीडित मङ्सिर १७ गते राति सिराहाको अज्ञात स्थलबाट ससर्त मुक्त भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

लहान नपा-७ का व्यापारी आसुतोष अग्रवाललाई ०६३ फागुन २८ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले भगवानपुर गाविसस्थित बाटोबाट अपहरण गरे। यातायात बन्दका कारण पीडित सो समयमा आफ्नी पत्नीसहित रिक्सा चढेर आफ्नो ससुराली घर भारतको बिहारमा पर्ने मोतीहारीतर्फ जाने क्रममा अपहरणमा परेका थिए। उनी २९ गते साँझ आभेनगरबाट ससर्त मुक्त भए।

राघोपुर गाविस-१ का ३५ वर्षीय शैलेश देवकोटालाई ०६३ चैत १६ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले सोही ठाउँको टालीभट्टाबाट अपहरण गरे। पीडित सोही दिन केही समयपछि उनीहरूसँग प्रतिकार गरी भागेर मुक्त भए। दुईओटा मोटरसाइकलमा रहेका मोर्चाका तीन जना कार्यकर्ताहरूले एक मोटरसाइकलमा बीचमा

राखेर लगिरहेका बेला गाउँनजिक पुगेपछि मोटरसाइकल चलाउने मोर्चाका कार्यकर्तालाई घाँटीमा समाएर मोटरसाइकल लडाएपछि पछाडि एसएमजी हतियार लिएर बसेका अर्का कार्यकर्ताको सो हतियार समेत खोसेर पीडित भाग्न सफल भए। मोर्चाका कार्यकर्ताबाट खोसिएको सो हतियार गाउँलेले सोही दिन राति मिर्चैया इलाका प्रहरी कार्यालयको प्रहरी टोलीलाई बुझाएको प्रहरी निरीक्षक लेखनाथ खत्रीले बताए। आफ्नो हतियार फिर्ता गर्न माग गर्दै मोर्चा पक्षले गाउँलेलाई धम्की दिए।

महेशपुरपतारी गाविस-९ का पूर्वगाविस अध्यक्ष तथा काङ्ग्रेसका कार्यकर्ता ७८ वर्षीय अनिरुद्ध केसीलाई ०६३ चैत १६ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले घरबाट अपहरण गरे। पीडित चैत १९ गते सिराहाको अज्ञात स्थलबाट अपहरणमुक्त भए। यसअघि उनका परिवारसँग मोर्चा पक्षले ३ लाख रुपियाँ फिरौती माग गरेका थिए। यद्यपि, त्यस्तो फिरौती रकम मोर्चा पक्षलाई दिए-नदिएको थाहा हुन सकेन।

इन्द्रेणी सेवा समाज गोलबजारस्थित उपाध्यक्ष मीनकुमार घिसिङ, सोही संस्थामा कार्यरत शिक्षा अधिकृत तेजीलाल लामा र शिक्षा मोटिभेटर रामस्वरूप सदायलाई ०६४ वैशाख ६ गते दिउँसो जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले सुखीपुर गाविसबाट अपहरण गरे। पीडितहरू सो समयमा बालबालिकालाई विद्यालय भर्नासम्बन्धी कार्यक्रमका लागि त्यहाँ पुगेका थिए। पीडितहरू इन्सेक मानवअधिकारकर्मीको आग्रहमा सोही दिन साँझ मुक्त भए। यद्यपि, पीडितहरूले आफूहरूको एक थान मोटरसाइकल र एक थान मोबाइल फोन सेट फिर्ता पाउन नसकेको बताए।

सिराहा नपा-२ का २३ वर्षीय शम्भु महासेठ र २० वर्षीय घुरन ठाकुरलाई ०६४ वैशाख ९ गते दिउँसो जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले घर नजिकबाट अपहरण गरे। पीडितहरू सोही दिन राति मुक्त भए। उनीहरूलाई मोर्चाविरुद्ध सुराकी गरेको आरोपमा अपहरण गरेको जिल्ला इञ्चार्ज तुफान सिंहले बताए।

भवानीपुर गाविस-९ बाखर टोलका ४५ वर्षीय हरिचन्द महतोलाई ०६४ जेठ ११ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। पीडितलाई जग्गासम्बन्धी विवादका कारण अपहरण गरिएको मोर्चाका जिल्ला इञ्चार्ज तुफान सिंहले बताए। पीडित जेठ १६ गते सिराहाको अज्ञात स्थलबाट ससर्त मुक्त भए।

मिर्चैया गाविसस्थित शिवम् अटो फ्युल सेन्टरमा कार्यरत सिन्धुलीको दुधौली निवासी प्रेम खड्कालाई ०६४ जेठ २१ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले अपहरण गरे। पीडित केही दिनपछि मुक्त भए।



जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा अपहरण गरिएका प्रल्हाद पोखरेल

लहान नपा-१ निवासी गाढा गाविसस्थित श्री प्राविका शिक्षक सिकन्दर यादवलाई ०६४ जेठ २३ गते बिहान विद्यालय जाने क्रममा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले गाढा गाविसस्थित सडकबाट अपहरण गरे। पीडितलाई जग्गासम्बन्धी विवादका कारण नियन्त्रणमा लिएको मोर्चाका एरिया इञ्चार्ज स्वामीजी यादवले बताए। पीडित जेठ २८ गते साँझ कमला खोला नजिकबाट मुक्त भए। मोर्चाबाट शारीरिक र मानसिक यातना पाएको पीडितले बताए।

लहानस्थित कृषि विकास ब्याङ्क शाखा कार्यालयमा पियन पदमा कार्यरत खरुक्याही गाविस निवासी कर्मचारी देवनाथ यादवलाई ०६४ जेठ २४ गते साँझ ५ बजेको समयमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले पडरिया गाविसको भोटियाटोल चोकबाट अपहरण गरे। पीडितलाई जेठ २५ गते दिउँसो सप्तरीको अज्ञात ठाउँबाट मुक्त गरिएको मोर्चाका सह इञ्चार्ज भैरवले बताए। मोर्चा पक्षले कब्जा गरेको सार्वजनिक पोखरीमा माछा मारेको भन्ने विषयको विवादका कारण उनलाई अपहरण गरेको मोर्चाले बतायो।

पोखरभिण्डा गाविस निवासी सिराहा क्षेत्र नं.२ का पूर्वसांसद नथुनीसिंह दनुवारलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले ०६४ असार १ गते बिहान मिर्चैया गाविसस्थित सगरमाथा इङ्लिस बोर्डिङ् स्कुलबाट अपहरण गरे। पीडितलाई अपहरण गर्ने कारण सार्वजनिक हुन सकेन। उनलाई असार ४ गते सिराहा र धनुषाको सीमावर्ती ठाउँबाट मुक्त गरिएको मोर्चाले सञ्चारमाध्यममार्फत सार्वजनिक जानकारी गरायो।

बरियारपट्टी गाविस-६ का अन्दाजी ४३ वर्षीय शिवकुमार यादवलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले ०६४ असार १२ गते राति घरबाटै अपहरण गरे। मोर्चा पक्षले पीडितमाथि

चोरी र बलात्कारको आरोप लगाए। पीडित असार १३ गते सोही गाविसबाट मुक्त भए।

धनगढी गाविस-७ स्थित नैनपुर टोलका निवासी सोही गाविसस्थित ग्रामीण महिला उद्धार सेवा केन्द्रका सामाजिक परिचालक २४ वर्षीय समीरकुमार कार्कीलाई ०६४ असार १४ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। पीडित असार २० गते साँझ सीतापुर गाविसबाट आफन्तको जिम्मामा अपहरण मुक्त भए। पीडितले आफूलाई मोर्चाका कार्यकर्ताहरूले कुनै पनि किसिमको यातना नदिएको बताए। यद्यपि, पीडित ससर्त मुक्त भएको आफन्तले बताए।

जनकपुर निवासी स्वावलम्बन विकास ब्याङ्क, शाखा कार्यालय लहानमा कार्यरत कर्मचारी २४ वर्षीय सुजित खतिवडालाई ०६४ असार २६ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले शिशवनी गाविसको गम्हरिया टोलबाट अपहरण गरे। फिल्डबाट ब्याङ्कको किस्ता रकम उठाएर फर्किने क्रममा अपहरणमा परेको सो कार्यालयका सूर्य थापाले बताए। पीडित असार ३० गते बिहान अज्ञात स्थलबाट ससर्त मुक्त भए।

असनपुर गाविस-७ स्थित गोलबजारका ४३ वर्षीय मोहन लामालाई ०६४ साउन २१ गते साँझ आफूलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता बताउने सात जनाको समूहले सोही गाविसको क्याम्पस नजिक बाटोबाट अपहरण गऱ्यो। पीडितका परिवारले सो गाविसदेखि दक्षिणमा तटबन्धसम्बन्धी ठेक्काको काम हेरेर स.१प. ३४३६ नम्बरको आफ्नो मोटरसाइकलमा फर्किरहेका बेला अपहरण गरेको बताए। पीडित साउन २६ गते ससर्त मुक्त भए। उता जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का सिराहा जिल्ला इञ्चार्ज तुफान सिंहले सो अपहरण मोर्चा पक्षबाट नभएको प्रतिक्रिया दिए।

धनगढी गाविस-१ स्थित सोनापुरका अन्दाजी ४५ वर्षीय राजन कुँवरलाई ०६४ साउन २५ गते राति सोही गाविसको छपराडी चोकबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरे। पीडित साउन २७ गते राति महेशपुर पतारी गाविसबाट ससर्त मुक्त भए।

महेशपुर पतारी गाविसमा सचिव पदमा कार्यरत पोखरभिण्डा गाविसका ५० वर्षीय ध्रुव साहलाई ०६४ भदौ ११ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले धनगढी गाविसको छपराडी चोकबाट अपहरण गरे। पीडित छपराडी बजारबाट तरकारी किनेर घरतिर जाने क्रममा बाटोबाट अपहरणमा परेका थिए। उनी भदौ १४ गते अज्ञात स्थलबाट ससर्त मुक्त भए।

भगवतीपुर तमासुइया गाविस निवासी मझौरा गाविसका सचिव लक्ष्मी यादवलाई ०६४ असोज १ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले मझौराबाट अपहरण गरे। पीडित असोज ७ गते ससर्त मुक्त भए।

लालपुर गाविस-३ स्थित टोड्केका १९ वर्षीय विश्वास राई, २० वर्षीय श्याम राई र २३ वर्षीय विवेक राईलाई ०६४ कात्तिक ९ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले लहान नपा-१ स्थित सडकबाट अपहरण गरे। पीडितहरू ढोढना गाविसको वीरनगर टोलबाट फुटबल म्याच खेलेर मोटरसाइकलमा घर फर्किरहेका बेला बाटोबाट अपहरणमा परेको आफन्तले बताए। मोर्चाका जिल्ला इञ्चार्ज तुफान सिंहले मोर्चाविरुद्ध सुराकीको आरोपमा अपहरण गरेको बताए। यद्यपि, पीडितका आफन्त राजकुमार राईले मोर्चाको सो आरोप अस्वीकार गर्दै विश्वास राई गोलबजारस्थित सिर्जना बोर्डिङ् स्कुलमा शिक्षण पेसामा कार्यरत, विवेक राई काठमाडौँमा अध्ययनरत रहेको र श्याम राई काठमाडौँमै एक कन्सल्टेन्सीमा जीप चालक रहेको बताउँदै दुवै चाड मनाउन घर आएकाले सुराकी नभएको बताए। पीडितहरू कात्तिक १२ गते राति सिराहाको अज्ञात स्थलबाट ससर्त मुक्त भए।

लहान नपा-१० निवासी जनमोर्चा नेपाल, लहान नगर कमिटीका सदस्य ५९ वर्षीय प्रल्हाद पोखरेललाई ०६४ मङ्सिर १४ गते साँझ लहान नपा-१० स्थित अस्नाहा टोलबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरे। पीडित मङ्सिर २० गते दिउँसो लहानदेखि उत्तर चुरे क्षेत्रको जङ्गलबाट भागेर मुक्त भए।

महेशपुर पतारी गाविस-९ का सर्वसाधारण वीरेन्द्र सिंह दनुवारलाई ०६४ मङ्सिर १६ गते राति ९ बजेतिर धनगढी गाविसको सोनापुर चोकबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) का कार्यकर्ताले अपहरण गरे। पीडित सो समयमा महेशपुरपतारी गाविसबाट मोटरसाइकलद्वारा लहानतर्फ गइरहेका बेला मोर्चाका कार्यकर्ताले हतियार देखाई रोकेपछि अपहरणमा परेका हुन्। मोटरसाइकलमा उनीसँगै रहेका अन्य दुई जना गाविसका प्राविधिक कर्मचारी शङ्कर वीसी र माओवादी कार्यकर्ता जहर भनिने रामऔतार यादव भाग्न सफल भए। पीडित

मङ्सिर १९ गते सिराहाको अज्ञात स्थलबाट मुक्त भए।

चन्द्रोदयपुर गाविस-५ निवासी जनमोर्चा नेपालका कार्यकर्ता अन्दाजी ५२ वर्षीय विद्यासागर तामाङलाई ०६४ मङ्सिर २८ गते राति आफूलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) को केन्द्रीय सदस्य बताउने समिजी यादवको समूहले घरबाटै अपहरण गऱ्यो। पीडित पुस ५ गते दिउँसो धनुषा जिल्लाको लकर गाउँ नजिक खोलाबाट मुक्त भए। अपहरणमा परेका बेला खाना नपाउनुका साथै शारीरिक र मानसिक यातना भएको पीडितले बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट सिंह) बाट

हनुमाननगर प्रम गाविस-१ का अन्दाजी ६० वर्षीय रासलाल कामतीलाई ०६४ साउन २ गते राति आफूहरू दोस्रो जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता बताउने समूहले घरबाटै अपहरण गरे। पीडित साउन ४ गते निसर्त मुक्त भएको बताए।

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

सिराहा नपा-१ का व्यापारी २३ वर्षीय कालु भनिने महेश पोद्दारलाई ०६४ साउन १४ गते बिहान संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले सारश्वर गाविसस्थित बाटोबाट अपहरण गरे। पीडित पोद्दार सारश्वरनाथको मन्दिरमा पूजा गरेर फर्किरहेका बेला दुईओटा अनटेस्ट मोटरसाइकलमा हतियारसहित आएका चार जनाले अपहरण गरेका थिए। पीडित साउन १८ गते ससर्त मुक्त भए।

पडरिया गाविसका सचिव सोही गाविस निवासी अमितलाल चौधरीलाई ०६४ असोज २७ गते दिउँसो सिराहा सदरमुकामस्थित सडकबाट संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरे। पीडित सिराहाबाट पडरिया फर्किनका लागि बस चढ्न जाने क्रममा अपहरणमा परेका थिए। उनी कात्तिक ९ गते राति ससर्त मुक्त भए।

चन्द्रलालपुर गाविसमा सचिव पदमा कार्यरत असनपुर गाविस-६ स्थित गोलबजार निवासी ४९ वर्षीय जीवन धितालालाई ०६४ कात्तिक ९ गते दिउँसो संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले घरदेखि केही दक्षिणमा पर्ने लक्ष्मी इँटा उद्योगतर्फ गइरहेका बेला बाटोबाट अपहरण गरे। पीडित कात्तिक १८ गते सिराहाको अज्ञात स्थलबाट ससर्त मुक्त भए। पीडितले आफूलाई शारीरिक यातना नभएको तर मानसिक यातना दिने गरिएको बताए।

सिराहा नपा-४ का मो गुड्डुलाई ०६४ कात्तिक २९ गते दिउँसो सोही नपास्थित राष्ट्रिय वाणिज्य ब्याङ्कबाट रकम झिकेर मोटरसाइकलद्वारा घरतर्फ गइरहेका बेला संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले बाटोबाट अपहरण गरे। पीडित मङ्सिर २ गते राति सिराहाको अज्ञात स्थलबाट ससर्त मुक्त भए।

अन्यबाट

मिर्चैया गाविस-२ स्थित बजारका व्यापारी ४५ वर्षीय चन्देश्वर साहलाई ०६४ वैशाख २८ गते साँझ परिवर्तन नेपाल नाम गरिएको समूहका कार्यकर्ताले पसलबाटै अपहरण गरे। पीडितलाई वाईसीएलका कार्यकर्ताले उदयपुरको कटारीमा पर्ने जङ्गलबाट वैशाख ३१ गते मुक्त गराए। साथै, अपहरणमा संलग्न भएको आरोपमा चार जना पीडकलाई समाती जिल्ला प्रहरी कार्यालय सिराहामा कारबाहीका लागि बुझाए। चारै जना हाल पुर्पक्षका लागि जिल्ला कारागार शाखामा थुनामा रहेका छन्।

मल्हनिया गम्हरिया गाविस-६ स्थित बालाजी इँटा उद्योगमा कार्यरत २५ वर्षीय हरिशचन्द्र राईलाई ०६४ असोज २९ गते बिहान अज्ञात सशस्त्र समूहले सो इँटा उद्योगबाटै अपहरण गरे। केही दिनपछि मुक्त भएका पीडितले उनलाई लिबरेसन अफ तराई इलम (एलटीटीई) नामको समूहले अपहरण गरेको बताए। उनलाई कहाँबाट र कुन सर्तमा मुक्त गरियो भन्ने बताउन चाहेनन्।

धम्की/कुटपिट

राज्यबाट

लहान नपा-३ स्थित अस्पताल चोक नजिकका होटल व्यवसायी ३२ वर्षीय चन्देश्वर साह हलुवाईलाई सशस्त्र प्रहरीले ०६३ माघ २१ गते राति सोही चोकदेखि केही पूर्व सडकमा उभिरहेका बेला बिनाकारण कुटपिट गरे। कुटपिटबाट घाइते भएका पीडित साह लहान नर्सिङ होममा उपचारपछि माघ २३ गते घर फर्किए।

माओवादीबाट

लहान नपा-१ स्थित राजमार्गको लोकतान्त्रिक चोकमा ०६४ माघ ६ गते राति लास रुङ्न बसेका मधेसी जनअधिकार फोरमलगायतका समूहमाथि माओवादी पक्षका कार्यकर्ताले कुटपिट गर्दा मभ्रौरा गाविस-१ का रामसोभित महतो, सोनमती मभ्रौरा गाविस-८ का हरिनाथ यादव, पडरिया गाविस-७ का प्रदीपकुमार साह र लहान नपा-३ का जगवीर महतो घाइते भए। कुटपिटबाट घाइते भएका पीडितहरू

लहान अस्पतालमा उपचारपछि माघ ८ गते घर फर्किए।

खरुक्याही गाविस-९ का ४२ वर्षीय चौधरी यादवलाई माओवादी कार्यकर्ताले मधेसी जनअधिकार फोरमको कार्यक्रममा सक्रिय भएको आरोपमा ०६३ माघ १३ गते दिउँसो सोही गाविसको एकान्त चौरमा कुटपिट गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता भगवानपुर गाविस-४ का २० वर्षीय देवचन्द्र पासवान र सिराहा नपा-८ का रामसोभित यादवलाई माओवादी कार्यकर्ताले ०६४ असार ४ गते बिहान लहान नपा-१० स्थित गुदीगाउँबाट अहपरण गरी सोही दिन प्रहरीलाई बुझाए। माओवादी कार्यकर्ताले मोर्चा पक्षका कार्यकर्तासँग एक थान कटुवा पेस्तोल रहेको र आफूहरूमाथि आक्रमणको प्रयास गरिएका बेला समातिएको बताए। तर, मोर्चाका कार्यकर्ता पासवानले पेस्तोल आफूहरूको नभएको बताए।

लहान नपा-३ का १९ वर्षीय रामअवतार महतोलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ता भएको आरोपमा माओवादी कार्यकर्ताहरूले ०६४ असार ५ गते दिउँसो अपहरण गरी सोही दिन इलाका प्रहरी कार्यालय लहानमा बुझाए। पीडितलाई कारबाहीका लागि जिल्ला कार्यालयमा पठाएको इलाका प्रहरी कार्यालय लहानले बतायो।

लहान नपा-६ मा चिया पसल गरी बस्ने एक महिलालाई सप्तरीस्थित माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख भनिने गोविन्द चौधरीको हत्याको विरोधमा एक्कासि बजार बन्द गराउँदै हिँडेका माओवादी कार्यकर्ताले ०६४ असार १० गते साँझ पसल बन्द किन नगरेको भन्दै दुर्व्यवहार गर्न खोजेपछि त्यसो नगर्न आग्रह गर्दा इन्सेक जिल्ला प्रतिनिधि देवराज पोखरेललाई हातपात गर्ने प्रयास गरे। चौधरी मूलका देखिने पीडकको नाम थाहा हुन सकेन।

लहान नपा-७ का व्यापारी लालबाबु चौधरीलाई माओवादीका कार्यकर्ताले बन्द आह्वानका बेला पसल खोलेको आरोपमा ०६४ असार १२ गते साँझ हातपात गर्नुका साथै पसलमा तोडफोड गरे। पीडित चौधरीले माओवादी बन्दको पूर्व जानकारी नभएको बताए।

लालपुर गाविस-५ का २७ वर्षीय नयन लामालाई ०६४ असार १८ गते साँझ माओवादी कार्यकर्ताहरूले घरमै गएर कुटपिट गरे। पीडितका अनुसार, असार १७ गते वाईसीएलका कार्यकर्ताहरूसँग विवाद र झगडा भएका कारण उनीमाथि सो आक्रमण भएको थियो।

वाईसीएलबाट

सुखचैना गाविस-७ का स्थानीय पसलेहरू नागेश्वर यादव, लटलु यादव र दिनेश यादवलाई ०६४ भदौ २१ गते दिउँसो वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। कुटपिटबाट घाइते भएका पीडितहरू जिल्ला अस्पतालमा उपचारपछि घर फर्किए।

लहान नपा-१ स्थित राजमार्गमा माओवादी कार्यकर्ताले गरेको अनिश्चितकालीन चक्काजामको अवज्ञा गरेको आरोपमा ०६४ मङ्सिर ५ गते साँझ ५ बजेतिर प्रहरी स्कर्टिङ्मा पश्चिमबाट पूर्वतर्फ गइरहेको यात्रुवाहक बसमाथि ढुङगा-मुढा प्रहार गरे। माओवादी पक्षबाट भएको उक्त घटनामा तीन-चारओटा बसका सिसाहरू फुटेका थिए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

लहान नपा-३ स्थित रघुनाथपुर चोकमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताको एक समूहले मोटरसाइकलमा काँकडभिट्टाबाट नेपालगञ्ज जान हिँडेका बाँके जिल्लाका ४५ वर्षीय नरेन्द्र गिरीलाई ०६३ फागुन १३ गते साँझ कुटपिट गरी पीडितको भे.१प. ७४५० नम्बरको एक थान मोटरसाइकल र नगद तीन हजार रुपियाँ खोसेर लगे।

इलामको बाजो गाविस-२ का सरोज श्रेष्ठले बन्दको अवज्ञा गरेको आरोपमा ०६३ फागुन १३ गते साँझ उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले लहान नपा-३ स्थित रघुनाथपुर चोक नजिक कुटपिट गरे। पीडित काठमाडौँबाट इलामस्थित घरमा जान लागेका थिए।

सुनसरी जिल्लास्थित सिङ्घिया गाविस-७ का २५ वर्षीय दुर्गा फुँयाललाई ०६३ फागुन २० गते बिहान मोटरसाइकलमा काठमाडौँ गइरहेका बेला जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले भवानीपुर गाविसको मेदनीपुर चोकबाट नियन्त्रणमा लिई कुटपिट गरे। पीडितको को.३प. ८६०९ नम्बरको एक थान मोटरसाइकल र नगद २५ हजार रुपियाँ लुटेर लगेको पीडितले बताए। मोर्चाका दुई नम्बर एरिया कमिटी इञ्चार्ज सञ्जयले टेलिफोन गरी घटनाको जिम्मेवारी लिए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

भारतको जयनगर बेल्ही निवासी ४५ वर्षीय ईश्वरदेव यादवले बन्द अवज्ञा गरेको आरोपमा ०६४ भदौ ३१ गते राति मोटरसाइकलमा चोहर्वाबाट जयनगरतर्फ गइरहेका बेला जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सिराहा नपास्थित पेट्रोलपम्प नजिक रोकेर शरीरमा मट्टीतेल खन्याई आगो सल्काए। प्रहरीको सहयोगमा पीडित सिराहा अस्पतालमा उपचार गराई घर फर्किए।

मधेसी जनअधिकार फोरमबाट

काठमाडौँ सानेपा निवासी रामबहादुर बस्याललाई ०६३ माघ २१ गते राति मोटरसाइकलमा काँकरभिट्टा गइरहेका बेला लहान नपा-३ स्थित हस्पिटल चोकनजिक सडकमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताले कुटपिट गरे। बन्द अवज्ञाको आरोपमा पीडितको मोटरसाइकलमा समेत फोरमका कार्यकर्ताले आगजनी गरी क्षति पुऱ्याए।

काठमाडौँका हीरावहादुर आले र सानुकाजी प्रजापतिलाई ०६३ माघ २१ गते साँझ इटहरीबाट मोटरसाइकलमा काठमाडौँतर्फ गइरहेका बेला लहान नपा-३ स्थित हस्पिटल चोकनजिक मधेसी जनअधिकार फोरमका कार्यकर्ताले कुटपिट गरे। पीडकहरूले बन्दको अवज्ञा गरेको आरोपमा पीडितहरूका बा.२३प. ७१६९ र बा.२३प. ९९६७ नम्बरको मोटरसाइकलमा समेत आगजनी गरी क्षति पऱ्याए।

फूलकहाकट्टी गाविस निवासी *नेपाल टेलिभिजन*का संवाददाता हीरालाल चौधरीलाई ०६३ माघ २१ गते बिहान लहान नपा-१ स्थित चोकमा समाचारको विषयलाई लिएर मधेसी जनअधिकार फोरमका कार्यकर्ताले कुटपिट गर्ने धम्की दिए। पीडित चौधरीले आफूले आफ्नो सञ्चार गृहमा 'शान्ति ज्याली निकालिने' भन्ने समाचार पठाएकामा टेलिभिजनबाट समाचार भन्ने क्रममा 'सद्भाव ज्याली' निकालिएको भनिएकाले आफूलाई धम्की दिइएको बताए।

चितवनस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालबाट एम्बुलेन्समा बिरामी लिएर राजविराजतर्फ गइरहेका झापा जिल्ला चन्द्रगढी गाविस-३ का ४२ वर्षीय चालक बेनुपप्रसाद पाठकलाई मधेसी जनअधिकार फोरमका कार्यकर्ताले बन्द अवज्ञा गरेको आरोपमा ०६३ माघ २४ गते राति धनगढी गाविसको छपराडी चोकमा रोकेर कुटपिट गरे। एम्बुलेन्स रोकेर कुराकानी गर्दागर्दै कुटपिट गर्नुका साथै एम्बुलेन्सको सिसासमेत फुटाइएको थियो। एम्बुलेन्समाथि भएको सो आक्रमणको लहानका पाँचवटै एम्बुलेन्सका चालकहरूले ०६३ माघ २५ गते एकदिन सेवा ठप्प गरी विरोध जनाए।

अन्यबाट

सोनमती मझौरा गाविसमा कार्यरत सचिव कालीदास भट्टराईले १० हजार रुपियाँ चन्दा नदिएको आरोपमा ०६३ माघ १५ गते साँझ उनलाई सोही गाविस निवासी नेपाल सद्भावना पार्टी (आ.) का कार्यकर्ता मो फिरदोषले लहान नपा-७ स्थित एक होटलमा बसेका बेला कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा जम्मा १ हजार ७ सय ८५ थान मुद्दा रहेकामा ४ सय १२ थान फर्स्योट भए भने १ हजार ३ सय ७५ थान फर्स्योट हुन बाँकी रहे। जसमा दुनियाँवादी देवानीतर्फ १ हजार ४ सय १० थान मुद्दामध्ये ३ सय ८७ थान मुद्दा फर्स्योट भए भने १ हजार २३ थान मुद्दा फर्स्योट हुन बाँकी रहे। यसैगरी, फौज्दारीतर्फ २ सय ७४ थान मुद्दामध्ये २२ थान फर्स्योट भए भने २ सय ५२ थान फर्स्योट हुन बाँकी रहे। सरकारवादी फौज्दारीतर्फ कुल १ सय १ थान मुद्दामध्ये ३ थान फर्स्योट भई ९८ थान मुद्दा फर्स्योट हुन बाँकी रहे।

यस अदालत सिरहामा दुई वर्षअघिका १ सय १० थान दुनियाँवादी देवानी तथा ३४ थान दुनियाँवादी फौजदारी र सरकारीवादी फौजदारीतर्फ १५ थान गरी जम्मा १ सय ५९ थान मुद्दा रहे। यसैगरी, एक वर्षसम्म फर्स्योट नभएका कुल ३ सय ६८ थान मुद्दामा दुनियाँवादी देवानीतर्फ २ सय ७२, दुनियाँवादी फौजदारीतर्फ ६९ र सरकारीवादी फौजदारीतर्फ २७ थान मुद्दा रहे।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

अन्तरिम व्यवस्थापिका-संसद्की विधायिका पारोदेवी यादवको सिराहा नपा-७ स्थित घरमा ०६४ साउन २६ गते राति प्रहरीले जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ता रहेको आरोपमा बिनापुर्जी छापा माऱ्यो। एमालेबाट विधायक भएकी यादवको घरमा बिनाकारण छापामारी गरिएको आरोप लगाउँदै सो पार्टीका कार्यकर्ताले साउन २७ गते बिहानदेखि ३ दिनसम्म सिराहाका बजार तथा पसलहरू बन्द गराए।

विष्णुपुरकट्टी गाविस-८ बाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता भएको

आरोपमा नौ जनालाई ०६४ भदौ ११ गते राति सशस्त्र प्रहरीको गस्ती टोलीले गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकाहरूमा सोही ठाउँका किसुन सदा, मझौरा गाविसकी पवनकुमारी सदा, हनुमाननगर गाविसका श्यामलाल सदा, नहरारिगोल गाविसका देवनचन्द्र पासवान, सिराहाका शिवु दास, कासिन्दर यादव, सुरेन्द्र यादव, नागेन्द्र साह र लहान नपा-१० का प्रशान्त भनिने वसन्त राम रहेका छन्। पवनकुमारी सदा सोही दिन साँझ अधिकारकर्मीहरूको रोहबरमा इलाका प्रहरी कार्यालय लहानबाट रिहा भइन्। त्यसैगरी, किसुन सदा, श्यामलाल सदा, शिवु दास, कासिन्दर यादव, सुरेन्द्र यादव, नागेन्द्र साह भदौ १३ गते रिहा भएको प्रहरीले बतायो, जसमध्ये देवचन्द्र पासवान र प्रशान्त भनिने वसन्त रामलाई तीन महिनाका लागि जिल्ला कारागार शाखामा नजरबन्दमा राखियो। पासवान र राम दुवै जना ०६४ पुस १६ गते जिल्ला अदालतको आदेशबाट रिहा भएकामा अदालत हाताबाहिरबाट सादा पोसाकका सुरक्षाकर्मीले सोही दिन पुनः गिरफ्तार गरे। शान्ति सुरक्षाका कारण उनीहरूलाई छोड्न नमिल्ने प्रमुख जिल्ला अधिकारी बालकृष्ण पन्थीले बताए।

बालअधिकार

लक्ष्मीपुर पतारी-२ का ११ वर्षीय नाबालक रामा यादवलाई ०६४ जेठ २३ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। पीडितलाई जेठ २५ गते दिउँसो इन्सेक जिल्ला प्रतिनिधि देवराज पोखरेल र मानवअधिकारकर्मी सुनिलकुमार साहको रोहबरमा लहान नपा-१ स्थित एक घरबाट मुक्त गरे। पीडितलाई सोही दिन दिउँसो अभिभावकको जिम्मा लगाइयो।

सिराहा नपा-१ का १२ वर्षीय रामभरोस सदा र १३ वर्षिया शिवकुमार सदालाई ०६४ पुस ४ गते दिउँसो सोही नपास्थित सिद्धार्थ शिशु निकेतनमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) को नामबाट चन्दाको चिट्ठी दिन पुगेको आरोपमा प्रहरीले गिरफ्तार गरे।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

दुर्व्यवहार

मझौरा गाविस-१ का ४५ वर्षीया देवकुमारी यादवलाई ०६४ जेठ १३ गते राति सोही गाविसका सञ्जितकुमार यादव, नवीनकुमार यादव र अरविन्दकुमार यादवलगायतका व्यक्तिहरूले बोक्सीको आरोपमा कुटपिट गरी मलमुत्र खुवाए। पीडितले प्रहरीमा जेठ १५ गते निवेदन दिए पनि पीडकलाई कारबाही भएको छैन।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

कृषि सामग्री संस्थान, लहानमा कार्यरत एक कर्मचारीकी २० वर्षीया पत्नीलाई ०६४ मङ्सिर १७ गते राति लहान नपा-१ का २७ वर्षीय वैधनाथ तत्माले आफू जनतान्त्रिकको कार्यकर्ता भएको बताउँदै धम्क्याएर बलात्कारको प्रयास गरे। पीडितका पतिले प्रतिकार गरी पीडकलाई कारबाहीका लागि इलाका प्रहरी कार्यालय, लहानमा बुझाए। पीडितको जाहेरीका आधारमा पीडकलाई आवश्यक कारबाही भइरहेको प्रहरीले बतायो।

पारिवारिक हिंसा

फूलबरिया गाविस-४ की ३० वर्षीया कमलादेवी यादवलाई ०६४ माघ २४ गते दिउँसो उनका पति सीताराम यादवले सोही ठाउँको एकान्त चौरमा घाँटी थिचेर हत्या गरे। पीडितको लासको सिराहा अस्पतालमा ०६४ माघ २५ गते पोस्टमार्टम गरी आफन्तद्वारा दाहसंस्कार गरियो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

चन्द्रलालपुर गाविस-१ की ५० वर्षीया सोनावती राईलाई ०६४ कात्तिक १९ गते राति उनका पति उत्तीमलाल राईले कुटपिट गरी हत्या गरे। स्थानीय बासिन्दाका अनुसार मदिरा सेवनबाट मातेका राईले बिनाकारण पत्नीलाई कुटपिट गरेका थिए। पीडक राई पुर्पक्षका लागि थुनामा रहेका छन्।

सबै प्रकारका जातीय विभेद

मौवाही गाविस-७ स्थित कटैया टोलका २० वर्षीय रामकुमार यादवलाई ०६४ साउन २४ गते साँझ अन्तरजातीय विवाह गरेको आरोपमा सोही गाउँका स्थानीय व्यक्तिले निर्मम कुटपिट गरे। उनलाई केटीसँग छोडपत्र नगरे मार्नेसमेतको धम्की दिए। पीडित यादवले सोही गाविसकी १८ वर्षीया सञ्जितकुमारी रामसँग ०६४ वैशाख १ गते प्रेमविवाह गरी अन्यत्रै बस्दै आएका थिए।

गोविन्दपुर गाविस-१ का अन्दाजी ४२ वर्षीय जुडीदास तत्माका छोरा बद्री दासले कथित उच्च जातकी केटीसँग प्रेम गरेको आरोपमा ०६४ साउन २९ गते स्थानीय गाउँलेको पञ्चायतले ४० हजार रुपियाँ दण्ड तिर्नुपर्ने निर्णय गऱ्यो। सोही क्रममा

गाउँलेको कुटपिटबाट घाइते भएका जुडीदास लहान अस्पतालमा उपचारपछि घर फर्किए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

राज्यबाट

तरेगाना गोविन्दपुर गाविस-५ स्थित ऐलानी जग्गामा बसोवास गर्दै आएका किराई सदा, रामचन्द्र यादव, तलसीराम मगराती, विनोद सिंह, दु:खी सदाय, फकीर सदा, ज्ञानबहादुर विश्वकर्मा, बलराम तामाङ, राजन विश्वकर्मा, डोरबहादुर समाल र अन्तरे विश्वकर्माको झुप्रो घरमा वन कार्यालयका कर्मचारीहरूले ०६४ असार १४ गते साँझ बिनापूर्वजानकारी आगजनी गरी विस्थापित गराए। आगजनीबाट विस्थापित भएका सुकुम्बासीहरूले आफ्नो सामान र लत्ता कपडासमेत झिक्न नपाएको बताए।

माओवादीबाट

सारश्वर गाविस-६ का रामकृष्ण सिंहको स.१प. ४८५ नम्बरको जीपमा ०६४ असार १२ गते राति स्थानीय माओवादी कार्यकर्ताहरूले आफ्नो सङ्गठनको बन्दको अवज्ञा गरेको आरोपमा आगजनी गरे। पीडितले आफ्नो सो जीप अर्नमा गाउँमा जन्ती पुऱ्याएर फर्किरहेका बेला माओवादीले क्षति पुऱ्याएको बताए।

लहान नपा-६ निवासी हाल राजविराज नपा-६ की एकल महिला अनिता देवकोटाको भदैया गाविसस्थित ६ बिघा जग्गामा लगाएको धानबाली माओवादी कार्यकर्ताले कब्जा गरेको ०६४ मङ्सिर १७ गते पीडितले सार्वजनिक जानकारी गराइन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

भगवतीपुर तमासुइया गाविस-२ का कन्हैया प्रजापति, उपेन्द्र प्रजापति, राजेन्द्र प्रजापति र बर्मा प्रजापतिको साढे १५ बिघा जग्गा ०६३ चैत २६ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले झण्डा गाडी कब्जा गरेको सार्वजनिक गरे।

विष्णुपुर प्रम गाविसका मुकुन्द उपाध्यायको पाँच बिघा जग्गा र एउटा पक्की भवन ०६४ जेठ ८ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले झण्डा गाडी कब्जा गरेको घोषणा गरे।

भदैया गाविस-५ का गणेशप्रसाद पोखरेलको ६ बिघा ९ कट्ठा जग्गामा ०६४ जेठ ९ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले झण्डा गाडी कब्जा गरेको सार्वजनिक जानकारी गराए।

सिसवनी गाविस-१ स्थित पर्टेवा टोलका अर्जुन बस्नेतको ६ बिघा जग्गा ०६४ जेठ २२ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कब्जा गरेको सार्वजनिक जानकारी गराए।

नहरारीगोल गाविसका चतुर्भुज सिंह, रमण सिंह, गुञ्जन सिंह, टुकनारायण सिंह र जागेश्वर सिंहको १ सय ५० बिघा जग्गा ०६४ असार २० गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कब्जामा लिएको सार्वजनिक जानकारी गराए। मोर्चाका कार्यकर्ताले झण्डा गाडी कब्जा गरिएका जग्गाहरू बिक्रीवितरण र अरूको नाममा नामसारीसमेत नगर्न धम्की दिए।

माडर गाविस निवासी झब्बुराम साहको विष्णुपुर प्रम गाविस- ७ र ८ वडामा रहेको १४ बिघा जग्गा ०६४ मङ्सिर १९ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका कार्यकर्ताले कब्जा गरेको बताए। मोर्चाका १९/२० जना कार्यकर्ताले सोही क्रममा फायरिङ्समेत गरे। मोर्चा पक्षले कब्जा गरिएको भनिएको सो जग्गा त्यसअघि माओवादी पक्षले पनि कब्जा गरेको बताएको थियो।

राजपुर गाविस-९ का डा. राजीव सिंहको १८ बिघा जग्गा ०६४ पुस १ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले झण्डा र ब्यानर गाडेर कब्जा गरेको बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट सिंह) बाट

इनर्वा गाविस-२ का कालीचरण चौधरीको ९ बिघा जग्गा ०६४ असार ३१ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट सिंह) का कार्यकर्ताले कब्जा गरेको सार्वजनिक जानकारी गराए।

मधेसी मुक्ति टाइगर्सबाट

विष्णुपुर प्रम गाविस-८ का सत्यनारायण यादव र सोही ठाउँका कारी मण्डलको एक बिघा जग्गा ०६४ मङ्सिर ४ गते राति मधेस मुक्ति टाइगर्सका कार्यकर्ताले कब्जा गरेको घोषणा गरे।

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा पक्षबाट

अर्नमा प्रपी गाविस-४ निवासी तुलसी श्रेष्ठको गौरीपुर गाविसस्थित २२ बिघा जग्गा ०६४ मङ्सिर ६

गते साँझ संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले कब्जा गरेको घोषणा गरे। तीनओटा मोटरसाइकलमा पुगेका मोर्चाका कार्यकर्ताहरूले जग्गामा ब्यानर टाँगेपछि चार-पाँच राउण्ड फायरिङ्समेत गरेको स्थानीय गाउँलेले बताए।

अन्य पक्षबाट

पडरिया गाविस-९ की अरूलिया राम र चन्देश्री रामलाई ०६४ साउन १० गते मजदुरी ज्याला बढाउन माग गर्दा सोही गाविस-६ का जीवन चौधरीले कुटपिट गरे। पीडितहरूका अनुसार, उनीहरूले मजदुरी गरेबापत पाँच किलो धान वा ७० रुपियाँ नगद माग गरेका थिए। कुटपिटपछि साउन १२ गते गाउँमा भएको सार्वजनिक छलफलमा पीडकलाई माफी मगाई घटनाको समाधान गरियो।

सामाजिक अधिकार

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

सिराहा नपा-७ स्थित माउन्ट एभरेस्ट बोर्डिङ् स्कुलमा ०६४ असोज २१ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले झण्डा गाडेर एक पत्र टाँस गरी विद्यालय कब्जाको घोषणा गरे। मोर्चाको उक्त कार्यले असोज २२ गतेसम्म पठन-पाठनमा अवरोध भएको विद्यालयले बतायो।

बेतौना गाविस-१ को श्री जनता मावि महनौर बेतौनामा ०६४ पुस ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का नामबाट एक हप्तासम्म विद्यालयमा पठनपाठन नगर्न र गरेमा प्रधानाध्यापकलाई अपहरण र आर्थिक जरिबाना लिने सूचना टाँस गरिएका कारण सो मितिदेखि ०६४ पुस १५ गतेसम्म विद्यालय बन्द रह्यो। विद्यालयका ४ सय विद्यार्थीहरू पठनपाठनबाट वञ्चित भए।

मधेसी जनअधिकार फोरमबाट

लहानमा रहेका दर्जनौँ सरकारी कार्यालयहरूमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताले माओवादी पक्षबाट लास कब्जा गरी बेपत्ता बनाएको आरोपमा ०६३ माघ ७ गते बिहान आगजनी गरे। आगजनीबाट लहानमा रहेको जिल्ला खानेपानी कार्यालय, इलाका प्रशासन कार्यालय, इलाका हुलाक कार्यालय, जिल्ला खाद्य संस्थान, नगरपालिका कार्यालय, भूमिगत जलस्रोत विकास परियोजना, आन्तरिक राजस्व कार्यालय, सगरमाथा अञ्चल यातायात व्यवस्था कार्यालय, कृषि विकास ब्याङ्क र सडक विभाग कार्यालयमा क्षति पुगेको थियो। जसमध्ये नगरपालिका, आन्तरिक राजस्व कार्यालय, घरेलु कार्यालय, अञ्चल यातायात व्यवस्था कार्यालय र कृषि विकास ब्याङ्कका भवनहरू पूर्णरूपमा ध्वस्त भए। उक्त आगजनीपछि स्थानीय प्रशासनले लहानमा दिउँसो २ बजेदेखि राति ८ बजेसम्मका लागि कर्फ्यु आदेश जारी गऱ्यो।

सांस्कृतिक अधिकार

माओवादीबाट

मझौरा गाविस-१ को घर भएका लहान नपा-१ मा गोली लागि मृत्यु भएका १६ वर्षीय रमेशकुमार महतोको लास श्रद्धाञ्जलीका लागि लहान नपा-१ स्थित लोकतान्त्रिक चोकमा राखिएका बेला ०६३ माघ ६ गते राति माओवादीका कार्यकर्ताले जबरजस्ती कब्जा गरे। महतोको माघ ५ गते साँझ माओवादीका कार्यकर्ताबाट चलाइएको गोली लागि मृत्यु भयो। लास कब्जा गर्ने क्रममा त्यहाँ बसेका मधेसी जनअधिकार फोरमका कार्यकर्तालाई माओवादी कार्यकर्ताले कुटपिट गरे।

बन्द

अन्तरिम व्यवस्थापिका सांसद पारोदेवी यादवको घरमा प्रहरीले बिनापुर्जी छापा मारेको आरोपमा एमालेका कार्यकर्ताद्वारा ०६४ साउन २७ गते आह्वान गरेको सिराहा सदरमुकाम बन्दका कारण सो ठाउँका शिक्षण संस्था, बजार तथा यातायात ठप्प रहे। सो पार्टीले साउन २९ गते साँझदेखि बन्द फिर्ता लियो।

संयुक्त थारु राष्ट्रिय मुक्ति मोर्चाले ०६४ असोज १६ गतेदेखि आह्वान गरेको अनिश्चितकालीन बन्दका कारण सिराहाका शिक्षण संस्था, यातायात, बजार र पसलहरू पूर्णरूपमा प्रभावित रहे।

मधेसी मुक्ति टाइगर्सले ०६४ पुस ३ गतेदेखि आह्वान गरेको तीनदिने बन्दका कारण पुस ४ गतेसम्म सिराहाका सम्पूर्ण शिक्षण संस्था, यातायात र बजारहरू ठप्प रहे। टाइगर्सद्वारा मुस्लिमहरूको चाडका कारण पुस ५ गतेको बन्द फिर्ता लिए।

१.१३ उदयपुर

जनसङ्ख्या : ३,४५,०१९
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : २,०६३
गाविस/नपा सङ्ख्या : ४४/१
सरकारी/निजी विद्यालय : १९२/३४
क्याम्पस/उच्च मा.वि. : ३/९
अस्पताल/स्वास्थ्य चौकी : १/४५
मोटर सडक (कि. मि.) : २५०
प्रहरी कार्यालय सङ्ख्या : १८
मानव विकास सूचकाङ्क : ०.४८८
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

सुन्दरपुर गाविस-४ शिवाई निवासी ४२ वर्षीय मीनप्रसाद बाँस्तोलालाई स्थानीय शिवाई सामुदायिक वनका अध्यक्ष रमाकान्त चौधरीको हत्या गरेको आरोपमा आक्रोशित स्थानीय बासिन्दाले ०६४ कात्तिक ४ गते प्रहरी चौकी सुन्दरपुरको हिरासतबाट निकालेर कुटपिट गरी हत्या गरे। प्रहरीले हिरासतबाट निकालेको नभई प्रहरी चौकीभित्र प्रवेश गर्ने क्रममै कुटपिट गरी हत्या गरेको बतायो। आक्रोशित भीड नियन्त्रण गर्न प्रहरीले चार राउण्ड हवाई फायर गरेको थियो। घटनाका दोषीहरूको पहिचान भएको छैन। पीडित बाँस्तोलाले सोही दिन सामुदायिक वनको गस्ती गर्ने क्रममा चौधरीलाई कट्टीले काटेर हत्या गरी प्रहरीसमक्ष आत्मसमर्पण गरेका थिए।

त्रियुगा नपा-१५ निवासी २३ वर्षीया राजनकुमारी दनुवारलाई यौन दुराचारपछि हत्या गरेको अभियोगमा ०६३ फागुन ३० गते गिरफ्तार परेका हडिया गाविस-२, भिमाका निरकुमार निरौला (खत्री) लाई प्रमाण अभावमा मुद्दा चलाउन नमिल्ने भन्दै निमित्त सरकारी न्यायधिवक्ता रोमनाथ अधिकारीको निर्णयले चैत २९ गत रिहा भए। पीडितपक्षको कडा प्रतिरोधका कारण अधिकारीको धनकुटा सरुवा भयो। पुनरावेदन सरकारी वकिल कार्यालयले अधिकारीको निर्णयलाई खारेज गर्दै पुनः अनुसन्धान गरी मुद्दा चलाउन आदेश गरेकामा आरोपित व्यक्तिहरू अदालतमा हाजिर भएपछि पुर्पक्षका लागि थुनामा राखिएको छ।

रुपाटार गाविस-४ निवासी ७२ वर्षीय मोहनबहादुर ठकुरीलाई ०६४ कातिक २८ गते अज्ञात समूहले घरैबाट अपहरण गरेर सोही रात यातनापछि हत्या गरी नजिकैको अँधेरी खोलाको भिरबाट खसाइदिए। अपहरणको भोलिपल्ट मृत अवस्थामा फेला परेका पीडितको यातनाका कारण हातखुट्टा भाँचिएको पाइएको प्रहरीले जनायो। घटनामा संलग्न भएको अभियोगमा प्रहरीले रुपाटार गाविस-४ का एम्बरबहादुर मगर, रुद्रबहादुर मगर, ताराबहादुर सार्की, भक्तबहादुर सार्की, धनबहादुर मगर र इनामे गाविस-८ का गोविन्द सार्की र बलबहादुर मगरलाई गिरफ्तार गरेकोमा हाजिर जमानीमा रिहा गरेको छ।

जेल र बन्दीहरू

कुल ५० बन्दी क्षमता भएको उदयपुर कारागारमा यस वर्षको अन्त्यसम्ममा पाँच महिलासहित ६७ जना बन्दीहरू रहेका छन्। ०५५ सालको भूकम्पबाट भवन चिरा लागेर जीर्ण बन्दै गएको यस कारागारमा महिला वार्डको अभाव हुँदा जेलरको क्वाटरमा अँधेरो ठाउँमा महिला बन्दीहरू बस्न बाध्य छन्। 'ग' वर्गको कारागारमा बाहिर र भित्र गरी सातओटा शौचालय, खानेपानीको धारा भए पनि महिलाहरूले खानेपानी र कपडा धुन कम्पाउण्डबाहिर जानुपर्ने बाध्यता छ। जीर्ण भवन र धुलोका कारण त्यहाँ रहेका बन्दीहरूलाई खाना पकाउन, खान र सुत्न गाह्रो भएको बन्दीले बताए। कारागारमा यस वर्ष १५ वर्षमुनिका बन्दी रहेनन् भने ४५ वर्षमाथिका दुई जना कैद तोकिएका र पाँच जना कैद नतोकिएका बन्दी छन्। यसैगरी, अन्य बन्दीहरूमा ३० जना कैद तोकिएका र र ३० जना कैद नतोकिएका बन्दीहरू १५ देखि ४५ वर्षभित्रका रहेका छन्।

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित		
	अन्यबाट					माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	४	४	१		५							
घाइते	१	१			१							
गिरफ्तारी/यातना										१	१	१
कुटपिट	४	४			४	४	६	१	७	३	९	९
धम्की	१		१		१	३	३		३			
भेला/सङ्गठित हुने अधिकार										१	५	५
महिलाअधिकार	१७		३३		३३							
बालअधिकार	८	३	७	१	१०							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	१	१		३							
अमानवीय व्यवहार	३	६			६							
अपहरण	६	४	३		७	३	३		३			
जम्मा	४६	३३	३५	१	५८	८	१०	१	११	४	१५	१५

कारागारमा तीनओटा टेलिभिजन, आधा दर्जन पत्रपत्रिका र रेडियोको व्यवस्था भए पनि महसुल तिर्न नसकेका कारण लामो समयदेखि टेलिफोनको लाइन काटिएको छ। यस वर्ष चारपटक बन्दीहरूले कारागार सुधारलगायतका माग राख्दै आन्दोलन गरे। राजनीतिक दल, स्थानीय प्रशासन र जिविस उदयपुरको सहयोगमा उनीहरूका सामान्य मागहरू पूरा गरियो। स्वास्थ्यकर्मीको अभावमा बन्दीहरू बिरामी हुँदा कारागार प्रशासनको अनुमति लिएर जिल्ला अस्पतालमा उपचार गर्न लानुपर्ने बाध्यता रहेको जेलरले बताए।

बेपत्ता/अपहरण

माओवादीबाट

हडिया गाविस-२ भिमाका ५० वर्षीय पर्शुराम खत्रीलाई ०६३ माघ १३ गते राति माओवादीले आफ्नै घरबाट अपहरण गरी माघ १८ गते मुक्त गरे। माआवादीका १० जना हतियारधारी कार्यकर्ताले पीडितकी बुहारीको उजुरीका आधारमा केही बुझ्नु छ भन्दै अपहरण गरेका थिए। पीडित खत्रीलाई माघ १८ गते माओवादीले मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

त्रियुगा नपा-२ गाईघाट निवासी १९ वर्षीय दिपेन्द्र राई र ५२ वर्षीय हिमालसेर राईलाई ०६३ चैत २ गते तराई जनतान्त्रिक मुक्ति मोर्चा (गोइत) का विस्फोट सिंहले मोबाइल सिम ब्लक गरेको आरोपमा एक घण्टाभित्र खुला नगरे पीडितको सबै परिवारको हत्या गर्ने धम्की दिए। दीपेन्द्रलाई अघिल्लो दिन सिराहा जिल्लाबाट अपहरण गरेका थिए।

सिंहले टेलिफोनबाट ४५ मिनेट कुरा गर्दै अघिल्लो दिन पीडितलाई अपहरण गरी लुटेको मोबाइल सिम खुला गर्न धम्की दिएका हुन्। सिंहकै नेतृत्वमा अपहरित दीपेन्द्र १ लाख रुपियाँ फिरौती तिरेर मध्यरातमा मुक्त भएका थिए।

किराँत वर्कस पार्टीबाट

वेल्टार गाविस-२ घर भई जिल्ला शिक्षा कार्यालय उदयपुरमा कार्यरत विद्यालय निरीक्षक ४९ वर्षीय विद्रबहादुर राईलाई ०६३ पुस २२ गते विद्यालय स्वीकृत नगरिदिएको आरोप लगाउँदै किराँत वर्कस पार्टीका कार्यकर्ताले कटुन्जेबवला गाविसबाट अपहरण गरे। पीडितलाई पुस २३ गते माओवादीले चौदन्डी गाविसको कटहरेबाट मुक्त गरे।

पहाडे मुक्ति मोर्चाबाट

जनता उच्च मावि गुरचौरीका प्राचार्य ६० वर्षीय चन्द्रकान्तलाल दास, ३५ वर्षीय शिक्षक जितेन्द्रलाल कर्ण, ४० वर्षीय शिक्षक वीरेन्द्र सिंह र

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	वाईसीएलबाट				जतमुमो (गोइत) बाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	महिला	जम्मा
कुटपिट	३	३		३			
धम्की					१	१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	१	१	३			
अमानवीय व्यवहार	१	१		१			
अपहरण	१	१		१	१	१	१
जम्मा	६	५	१	६	३	३	३

१५ वर्षीय विद्यार्थी ओमनारायण यादवलाई ०६३ माघ १९ गते मध्य रातमा आफूलाई पहाडे मुक्ति मोर्चा सम्बद्ध बताउने समूहले अपहरण गऱ्यो। सो समूहले अपहरणपछि एक घण्टाको बाटो हिँडाएर जङ्गलमा पुऱ्याई कान समातेर उठबस गर्न लगाउँदै दुर्व्यवहार गरी उज्यालो भएपछि गाउँ छाड्ने सर्तमा मुक्त गऱ्यो। घटनाको भोलिपल्ट स्थानीय शिक्षक, अभिभावकहरूको एक भेलाले दुवै पक्षलाई राखी समझदारी गरायो।

अन्यबाट

सिराहाको लहान नपा-८ कुमालटोलका ४६ वर्षीय व्यापारी जितेन्द्र नायक र उनकी पत्नी ३६ वर्षीया गोमा (प्रसाई) नायकलाई ०६४ भदौ १९ गते त्रियुगा नपा-११ स्थित गाईघाट-लालपत्ता सडकबाट नकाबधारी १० जनाको समूहले कुटपिट गर्दै अपहरण गरे। पीडितलाई ५ लाख रुपियाँ फिरौती लिएर गोमालाई भदौ २२ गते र जितेन्द्रलाई २५ गते फरक-फरक स्थानबाट मुक्त गरे।

धम्की/कुटपिट

राज्यबाट

त्रियुगा नपा-१७ निवासी २१ वर्षीय मिलन लिम्बू, सन्दिप पौडेल, विशाल विक, प्रदीप पौडेल, रञ्जित पौडेल, काजी भुजेल र सूर्यबहादुर बस्नेतलाई ०६४ मङ्सिर २५ गते राति सोही नपा-१६ स्थित सशस्त्र प्रहरी बल निर्वाचन सुरक्षा बेस क्याम्पमा कार्यरत प्रहरी जवान र हवल्दारले कुटपिट गरी यातना दिए। कुटपिटबाट मिलन लिम्बूको टाउकोमा गहिरो चोट लागेको थियो। उनलाई जिल्ला अस्पताल उदयपुरमा प्राथमिक उपचार गरी सशस्त्र प्रहरीको सहयोगमा विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गराइयो। कुटपिट गरिएका युवाहरू आफ्नो सङ्गठनका गाउँ स्तरका कार्यकर्ता रहेको भन्दै वाईसीएल र गाउँलेले भोलिपल्ट २६ गते उदयपुर सदरमुकाम गाईघाटमा चार घण्टा यातायात बन्द गरी घटनाको विरोध गरे।

माओवादीबाट

रामपुर गाविस-२ वरगाछी निवासी ४५ वर्षीय कर्णबहादुर थापालाई ०६३ माघ १४ गते माओवादीले त्रियुगा नपा-७ भुल्केबाट अपहरण गरे। पीडितलाई अपहरणपछि १४ घण्टा माओवादीको गाईघाटस्थित सम्पर्क कार्यालयमा थुनेर राखी भोलिपल्ट मुक्त गरे। पूर्वमाओवादी कार्यकर्ता रहेका पीडितसँग भेट गर्न गएकी पत्नी सीता थापालाई समेत माओवादीले दुर्व्यवहार गरेका थिए।

सोरुङ छविसे गाविस-४ निवासी अन्दाजी ३५ वर्षीय नरहरि राउत ०६३ माघ २५ गते सोही गाविसको भालुखोलामा हिमाल उपनामका माओवादी कार्यकर्ता र स्थानीय गोपाल मगरले कुटपिट गर्दा घाइते भए। स्थानीय बासिन्दाको सहयोगमा पीडितको प्राथमिक स्वास्थ्य केन्द्र, कटारीमा प्राथमिक उपचार गरी विराटनगरमा थप उपचार गराइयो।

आँपटार गाविस-२ स्थित रौता मन्दिर नजिक व्यापार गरी बस्ने सप्तरी जिल्लाको कुसाहाका ४२ वर्षीय छेदी शाह र भारतीय नागरिक ३५ वर्षीय श्रीप्रसाद सुडी महतोलाई ०६३ फागुन ११ गते माओवादीका उदयपुर जिल्ला कमिटी सदस्य

भावनासहितका तीन जना कार्यकर्ताले पैतालामा फलामको रडले कुटेर शारीरिक यातना दिए। घटनापछि स्थानीय बासिन्दा र व्यापारीहरूले प्रतिवाद गरेका कारण पीडकहरूले सार्वजनिक रूपमा माफी माग्दै पीडितहरूको उपचारसमेत गराए। ग्राहकसँग भएको सामान्य विवादका कारण उनीहरूलाई यातना दिइएको पीडितहरूले बताए।

कट्ञ्जे बबला गाविस-८ निवासी ४० वर्षीय नरेन्द्र अधिकारीलाई ०६४ असार २ गते राति रामपुर ठोक्सिला गाविस-२ घर भएका वाईसीएलका कार्यकर्ता २३ वर्षीय दुर्गाबहादुर तामाङले रामपुर गाविस-२ बरगाछीको एक होटलमा कुटपिट गरे।

त्रियुगा नपा-११ लालपत्ता निवासी सागर उपनामका पूर्वमाओवादी सेना १९ वर्षीय सीताराम ढुङ्गानालाई ०६४ असार १५ गते राति वाईसीएलका कार्यकर्ताले रौता गाविस-४ मुर्कुची बजारबाट नियन्त्रणमा लिई रातभरि पाता कसेर राखी शारीरिक यातना दिए। पीडितलाई असार १६ गते बिहान मोसो र जुत्ताको माला लगाई स्थानीय बजार परिक्रमा गराए। सोही दिन पीडितलाई वाईसीएलले माओवादी सम्पर्क कार्यालय गाईघाटमा बुझाए।

वाईसीएलबाट

त्रियुगा नपा-२ गाईघाटका व्यापारी २४ वर्षीय भोला साहलाई ०६४ भदौ २३ गते वाईसीएलका कार्यकर्ताले पीडितकै घरमा प्रवेश गरी पाता कसेर विद्युत्को पोलमा बाँधी कुटपिट गरे। कुटपिटबाट शरीरका विभिन्न भागमा नीलडाम भएका पीडितको प्रहरीको सहयोगमा जिल्ला अस्पताल उदयपुरमा उपचार भयो। घटनाको जिल्लाका मानवअधिकारवादीले विरोध गरेपछि पीडक पक्षले जिल्ला प्रहरी कार्यालयमा माफी माग्दै घाइतेको उपचार गराए।

किराँत राष्ट्रिय मुक्ति मोर्चाबाट

त्रियुगा नपा-८ बगाहाका दिलीप राई र मेजर राई, सोही नपा-१० स्थित उदयपुर सिमेण्ट उद्योग लिमिटेडमा कार्यरत ३९ वर्षीय ईन्द्र घिमिरे र सोही नपा-८ बगाहाकी ३७ वर्षीया गीता राईलाई ०६४ साउन १४ गते माओवादी सम्बद्ध किराँत राष्ट्रिय मुक्ति मोर्चाका जिल्ला अध्यक्ष नेत्र तेम्बे र अन्य दुई कार्यकर्ताले अनैतिक सम्बन्धको विषयमा गाईघाटस्थित आफ्नै कार्यालयमा झिकाई कुटपिट गरे।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

हर्देनी गाविस-८ हातीमारा निवासी ५३ वर्षीय एकबहादुर रानामगरले ०६४ जेठ १५ गते माओवादीद्वारा घोषित वडा जनसरकार प्रमुख ४२ वर्षीय चित्रबहादुर राउत र सोही गाविस-१ गोठडाँडा घर भई सिन्धुली जिल्लाको ३ नम्बर क्षेत्रका माओवादीका एरिया इञ्चार्ज ४२ वर्षीय शङ्करबहादुर राउतले जिल्लाको कटारी बजार काटेर बाहिर जान नपाउने गरी स्थानहद तोकेको बताए। यसअघि माओवादीले लेनदेनको आरोपमा पीडितलाई शारीरिक यातनासमेत दिएका थिए। उक्त मुद्दा जिल्ला अदालत उदयपुरमा चलिरहेको छ।

त्रियुगा नपा-२ का २६ वर्षीय देवेन्द्र साह, २९ वर्षीय उपेन्द्र साह, शिवशङ्कर साह, बद्री साह र उत्तम साहलाई ०६४ भदौ २५ गते शान्ति सुरक्षामा खलल पुऱ्याउने काम गरेको भन्दै गाईघाट बजारबाट जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीले गिरफ्तार गरी पाँच घण्टापछि रिहा गऱ्यो। वाईसीएलले कुटपिट गरेको विरोधमा उनीहरूले सोही दिन दिउँसो सदरमुकाम गाईघाटमा शान्तिपूर्ण प्रदर्शन गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत उदयपुरमा दर्ता भएका ३ सय ३० र गतवर्षको जिम्मेवारी सरेर आएका १ सय ५७ गरी जम्मा ४ सय ८७ थान मुद्दा रहे। जसमा दुनियाँवादी देवानी १ सय ९४ थान, दुनियाँवादी फौजदारी ९२ थान र सरकारवादी फौजदारी ४४ थान मुद्दा रहे।

गतवर्षबाट जिम्मेवारी सरेर आएका र यसवर्ष दर्ता भएका गरी दुनियाँवादी देवानी ३४ थान, दुनियाँवादी फौजदारी २९ थान र सरकारवादी फौजदारी ६ थान गरी जम्मा ६९ थान मुद्दा फर्स्योट भए।

अदालतमा सम्बन्धविच्छेदका १५, आसय करणीका दुई, मानाचामलका दुई, मानव बेचबिखन तथा ओसारपसारका दुई र जबरजस्ती करणीका चार थान मुद्दा दर्ता भएकोमा सम्बन्ध विच्छेदका सात थान र मानोचामलका एक थान गरी जम्मा आठ थान मुद्दा फर्स्योट भए।

यस अदालतमा दुई वर्ष नाघेका मुद्दा २१ थान, एक वर्षदेखि दुईवर्ष भित्रका ८४ थान र बाँकी सबै मुद्दा एक वर्षभित्रका रहेका छन्।

बालअधिकार

रौता गाविस-२ मुर्कुची बजार निवासी १० वर्षीया रानी साह र १५ वर्षीया मञ्जु शाहलाई बिक्री गर्न लाँदै गर्दा ०६३ माघ १० गते पीडित परिवार र आफन्तले त्रियुगा नपा-११ स्थित लालपत्तामा भेटी पीडितहरूलाई घर फर्काए। भारतको खुटौना-१ निवासी अन्दाजी ३५ वर्षीय मोहम्मद तस्वनले विवाह गर्ने बहानामा ललाइफकाई बिक्री गर्न लाँदै गर्दा पीडितहरूको उद्धार गरी पीडकलाई इलाका प्रहरी कार्यालय, जलजलेमा बुझाए। प्रहरीले मानव बेचबिखन ऐनअनुसार कारबाही चलाएकामा हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

धनकुटा नपा-१ कुवापानीकी १५ वर्षीया नावालिकालाई धरानस्थित छाता चोकका अन्दाजी २७ वर्षीय दीपक तामाङले विवाह गर्ने भन्दै ललाइफकाई वेल्टार गाविसमा ल्याइपुऱ्याएकोमा त्यहाँस्थित पारालिगल कमिटीले ०६३ फागुन २५ गते गिरफ्तार गरी इलाका प्रहरी कार्यालय वेल्टारमा बुझायो। पीडितलाई फागुन २७ गते बुबाको जिम्मा लगाए। पीडकलाई प्रहरीले पक्राउ गर्न सकेन।

त्रियुगा नपा-२, सङ्गमटोलका ९ वर्षीय बालक नारायण श्रेष्ठलाई ०६३ फागुन २० गते सोही ठाउँका ३९ वर्षीय भविकृष्ण राईले मरणासन्न हुने गरी कुटपिट गरे। कुटपिटबाट टाउकोमा गम्भीर चोट लागि बेहोस भएका पीडितको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराइयो। पीडित बालक शरीरको एक पाटो नचल्ने गरी अपाङ्ग भए।

म्याग्दी जिल्ला भगवती गाविस-६ घर भई त्रिवेणी गाविस-६ खोक्सा निवासी गोपाल पौड्यालको घरमा काम गर्दै आएकी १५ वर्षीया बालिकाले घरमालिकले पटकपटक बलात्कार गरेको भन्दै ०६४ वैशाख २८ गते प्रहरीमा उजुरी दिइन्। तीन महिनाअघिदेखि पौड्यालको घरमा काम गर्दै आएकी पीडितले पटक-पटक बलात्कृत हुनुपरेको बताइन्। पीडितले जिल्ला अस्पताल उदयपुरमा स्वास्थ्य परीक्षण गरी स्वास्थ्यकर्मीको सहयोगमा गर्भपतन गराइन्। पीडितले ओरेकको सहयोगमा जिल्ला अदालत उदयपुरमा मुद्दा दिइन्। पीडक यस वर्षको अन्त्यसम्म फरार छन्।

सुन्दरपुर गाविस-२ की १५ वर्षीया बालिकालाई ०६४ असार १६ गते सोही ठाउँका २४ वर्षीय रामचन्द्र चौधरी, १६ वर्षीय शम्भु चौधरी, १८ वर्षीय पङ्कज चौधरी र जिल्ला सप्तरी फत्तेपुर गाविस-३ का २८ वर्षीय विक्रम चौधरीले जबरजस्ती सामूहिक बलात्कार गरेको भन्दै पीडितका काका महम्मद इस्लामले असार १८ गते प्रहरीमा जाहेरी दिए। प्रहरीले चारै जना पीडकलाई गिरफ्तार गरे पनि पङ्कज चौधरीलाई अदालतको आदेशले पुर्पक्षका लागि थुनामा राखियो भने अन्य तीन जना रिहा भए।

रिस्कु गाविस-३ चारपाटा निवासी १३ वर्षीय बालक टेकबहादुर परियार र १४ वर्षीय सन्तोष खिलिङ्गेलाई ०६४ साउन २६ गते रिस्कु प्रहरी चौकीका असई खिला घिमिरेसहित चार जना प्रहरीले खोलामा नुहाउन जाने क्रममा फेला परेको पर्स फिर्ता नदिएको अभियोगमा गिरफ्तार गरी यातना दिए र साउन २७ पीडितका आफन्तलाई जिम्मा लगाई रिहा गरे। यातनाले शरीरमा नीलडाम रहेका टेकबहादुरको मानव अधिकारकर्मीहरूको सहयोगमा जिल्ला अस्पताल उदयपुरमा उपचार गराइयो। घटनाको विरोध तथा दोषी प्रहरीलाई कारबाहीको माग भएपछि जिल्ला प्रहरी कार्यालय उदयपुरले छानबिन गरी विभागीय कारबाही गर्न इलाका प्रहरी कार्यालय कटारीलाई परिपत्र गऱ्यो।

सप्तरी जिल्लाको फत्तेपुर-३ खोरियाटोल निवासी ११ वर्षीय बालक नरेश नेपालीलाई ०६४ भदौ ८ गते सशस्त्र वन गस्ती टोलीले तपेश्वरी गाविस-९ स्थित त्रियुगा नदीको पुलबाट गिरफ्तार गरी सात दिनसम्म गैरकानुनी थुनामा राखी इन्सेक प्रतिनिधि कुशलबाबु बस्नेत र वकालत मञ्चका श्यामानन्द चौधरीको रोहबरमा ०६४ भदौ १५ गते रिहा गरे। पीडितलाई अवैध काठ ओसारपसार गरेको आरोप लगाइएको थियो। नाबालक भएकाले वन कार्यालयले थुनुवा पुर्जी नदिएको जनायो। त्रियुगा नपा-११ मोहनपुरकी १६ वर्षीय बालिका निरा कार्की ०६४ असोज १४ गते घरबाट सोही नपा-१३ चुहाडेमा रहेको मावली घर जाने क्रममा एकाएक बेपत्ता भइन्। पढाइको सिलसिलामा चार वर्षदेखि मामाघरमा बसेर स्थानीय जनता उच्च माविमा ९ कक्षामा अध्ययनरत पीडितलाई ४३ वर्षीय मामा देवी राउतले बेपत्ता बनाएको भन्दै पीडितकी आमा लीला कार्कीले ०६४ असोज १६ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा हुलियासहित जाहेरी दर्ता गराइन्। प्रहरीले पीडितको खोजी कार्यमा असहयोग गरेको भन्दै खोजी कार्यमा सहयोग गरिदिन ०६४ मङ्सिर १५ गते पीडितकी आमा लीलाले मानवअधिकारकर्मी र सञ्चारकर्मीसँग आग्रह गरिन्। जाहेरीपछि प्रहरीले पीडितका मामालाई व्यक्तिगत पहुँचका आधारमा गिरफ्तार नगरी असहयोग गरेको लीलाले बताइन्। प्रहरीले दुवै पक्षको खोजी कार्य जारी राखेको जनाएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/ दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

बेल्टार गाविस-८ निवासी १७ वर्षीया ललिता थापालाई ०६४ जेठ १० गते जागिर लगाई दिने बहानामा हडिया गाविस-३ ज्यामिरेस्थित थानपोखरी माविका विज्ञान शिक्षक सुमनचन्द्र ठाकुर र सप्तरीको तिलाठीका विकास भनिने ललित झाले बिक्री गर्न सप्तरीको राजविराज पुऱ्याएकामा त्यहाँबाट जेठ १५ गते भागेर घर आउन सफल भइन्। पीडितले पीडकविरुद्धको जीउ मास्ने-बेच्ने कार्यमा संलग्न रहेकाले कारबाही गरी पाउँ भनी ०६४ असार १ गते प्रहरी र मानवअधिकारकर्मीहरूसमक्ष निवेदन दिएकी थिइन्। प्रहरीले पीडकलाई गिरफ्तार गरे पनि राजनीतिक संरक्षणका कारण शिक्षकको सरुवा गर्ने सर्तमा मिलापत्र गराई छाडिदियो।

त्रियुगा नपा-१ बोक्से निवासी २९ वर्षीया दक्षीसरा राई, २५ वर्षीया देविका राई, सोही स्थानकी २२ वर्षीया रमा राई र २१ वर्षीया मनमाया विकलाई वैदेशिक रोजगारमा लगाइदिने प्रलोभनमा भारतको मुम्बई पुऱ्याई रमा र मनमायालाई बेचेको पीडित देविका र दक्षीसराले ०६४ कात्तिक ९ गते जानकारी गराए। सोही दिन माओवादी र स्थानीयवासीले सप्तरीको फत्तेपुर गाविस-१ पर्साहाका २७ वर्षीय भगीरथ दाहाल र पत्नी २७ वर्षीय निर्मला राई (दाहाल) लाई पक्राउ गरी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय उदयपुरमा बुझाए। पीडक दुवै अदालतको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

त्रियुगा नपा-१३ निवासी एक युवतीलाई ०६३ फागुन २९ गते सोही ठाउँका २४ वर्षीय पोस्टे भन्ने प्रेम राईले जबरजस्ती बलात्कार गरेको उल्लेख गर्दै पीडित पक्षले प्रहरीमा जाहेरी दिए। प्रहरीले पीडकलाई गिरफ्तार गर्न आदेश गरे पनि पीडक फरार भए।

त्रियुगा नपा-१ बासबारीकी २६ वर्षीया एक महिलालाई नेपाली सेनाको नन्दाबक्स गण उदयपुरका प्यूठ २७ वर्षीय हस्तसिंह ठकुरी र सैनिक जवान २५ वर्षीय यादव विश्वकर्माले ०६४ जेठ ८ गते राति पीडितकै घरमा यौन दुर्व्यवहार गरे। घटनामा संलग्न पीडक दुवैलाई स्थानीय बासिन्दाले पक्राउ गरी प्रहरीलाई बुझाए। पीडितले किटानी जाहेरी नदिएपछि प्रहरीले दुवै पक्षलाई मिलापत्र गरायो। पीडितलाई परिवारले अस्वीकार गरेपछि ओरेक उदयपुरमा १५ दिनसम्म सुरक्षावासमा रही हाल स्वतन्त्र रूपमा छिन्।

ओखलढुङ्गा जिल्लाको दियाले गाविस-९ निवासी दुई युवतीलाई ०६४ भदौ ८ गते कटारी बजारको एक लजमा कटारी गाविस-४ का विजयकुमार श्रेष्ठ र सुवास कार्कीले जबरजस्ती बलात्कार गरेको उल्लेख गर्दै ०६४ भदौ ९ गते पीडितका आफन्तले प्रहरीमा जाहेरी दिए। जाहेरीका आधारमा मुद्दा अदालतमा पुगे पनि पीडित र पीडक पक्षले मिलापत्र गरेको भनी जाहेरवालाले अदालत र प्रहरीबाट मुद्दा फिर्ता लिए। पीडितले पुनः भदौ २१ गते आफूलाई जबरजस्ती मुद्दा फिर्ता लिन लगाएको जनाउँदै अदालतसमक्ष कारबाहीको माग गरिन्।

पारिवारिक हिंसा

त्रियुगा नपा-८ निवासी तिलीमायादेवी चौधरीले पति रुद्रनारायण चौधरीले कुटपिट गरेको जनाउँदै ०६३ पुस २३ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा निवदेन दिइन्। प्रहरीले पीडितको जाहेरीपछि दुवै पक्षबीच मिलापत्र गरायो। मादक पदार्थ सेवन गरेर पति रुद्रनारायणले यातना दिएपछि पीडितले महिला मानवअधिकार रक्षक सञ्जालसमक्ष कानुनी कारबाहीमा सहयोग गरिदिन आग्रह गरेकी थिइन्।

रिस्कु गाविस-७ निवासी २८ वर्षीया विमला ढुङ्गाना र १७ वर्षीया निला ढुङ्गानाले बुबा पितानाथ ढुङ्गानाले आफूहरूलाई अवहेलना गरी हेरचाह नगरेको उल्लेख गर्दै ०६३ माघ २८ गते छोरासरह अंश भराई पाऊँ भनी जिल्ला अदालत उदयपुरमा मुद्दा दर्ता गरे। चार छोरी र आमालाई बाबु पितानाथले अवहेलना गरेको र बहुविवाह गरी छुट्टै बस्दै आएपछि आफूहरूले पटकपटक हेरचाहका लागि आग्रह गर्दा सुनुवाइ नभएपछि अदालतमा अंश मुद्दा दिएको पीडितहरूले बताए। उक्त मुद्दा अदालतमा विचाराधीन छ।

हडिया गाविस-७ अँधेरी निवासी २६ वर्षीया माया खत्री र दुई नाबालकलाई ०६३ फागुन २६ गते अधिकारकर्मी र प्रहरीको पहलमा पुनःस्थापित गरियो। पीडित छ महिनाअघिदेखि नाबालक छोरा, छोरीसहित ओरेक नेपाल, उदयपुर शाखामा सुरक्षावास लिएर बस्दै आएकी थिइन्। पीडितका पति वैदेशिक रोजगारमा गएका बेला उनलाई सासूससुराले अनैतिक सम्बन्धको आरोपमा घरनिकाला गरेका थिए।

त्रियुगा नपा-११ जलजले निवासी २२ वर्षीया ज्ञानु भट्टराईले २७ वर्षीय पति शम्भु भट्टराईले बहुविवाह गरेको जनाउँदै कानुनी कारबाहीको माग गर्दै ०६४ वैशाख १ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिइन्। पीडकले ०६३ फागुन १८ गते २२ वर्षीया शोभा पोखरेलसँग दोस्रो विवाह गरेका थिए। प्रहरीले शोभालाई

गिरफ्तार गरेकामा मुद्दा नचलाउने निर्णय गरी रिहा गऱ्यो भने शम्भु फरार छन्।

त्रियुगा नपा-१५ निवासी ३२ वर्षीया द्रौपती खड्काले पति ३७ वर्षीय शरद खड्काले बहुविवाह गरेको उल्लेख गर्दै कानुनी कारबाहीको माग गर्दै ०६४ वैशाख ६ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिइन्। पीडकले ०६३ फागुन ३० गते शान्ता खड्कासँग दोस्रो विवाह गरेपछि दुवैलाई कारबाहीको माग गर्दै पीडितले जाहेरी दिएकी हुन्। प्रहरीले पीडकहरूलाई गिरफ्तार गर्न आदेश गरे पनि हालसम्म गिरफ्तार गरेको छैन।

हडिया गाविस-७ अँधेरी निवासी ३५ वर्षीय धनबहादुर खत्रीले बहुविवाह गरेको उल्लेख गर्दै जेठी पत्नी २६ वर्षीया माया खत्रीले ०६४ असार ७ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिइन्। प्रहरीले पीडकलाई गिरफ्तार गरी थुनामा राखेकामा जिल्ला अदालत उदयपुरको आदेशले ०६४ असोज २७ गते धरौटीमा रिहा भए।

त्रियुगा नपा-२ निवासी २२ वर्षीया लक्ष्मी (खड्का) गुप्ताले अन्तरजातीय विवाह गरेपछि आफू घरेलु हिंसापीडित भएको उल्लेख गर्दै ०६४ साउन १ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिइन्। १० वर्षअघि सोही स्थानका २९ वर्षीय काँशी गुप्तासँग प्रेमविवाह गरेकी गुप्ताले सासू र ससुरा धनवीरको दबाबपछि ०६४ असारमा पतिले दोस्रो विवाह गरेपछि आफू र दुई नाबालक छोराछोरीलाई खानलाउन नदिई विवाह र जन्मदर्तासमेत नगरिदिएको बताइन्। प्रहरीले छलफल गराई पीडितको विवाह दर्ता र बच्चाहरूको जन्मदर्ता गरिदिने र पालनपोषणको जिम्मा लिने कागज गराई छाडिदियो।

सिद्धिपुर गाविस-४ निवासी २५ वर्षीया एक महिलालाई परपुरुषसँग सम्बन्ध राखेको आरोप लगाउँदै वाईसीएल कार्यकर्ता र सासू विष्णुमाया मगर, ससुरा बलबहादुर मगर, जेठाजु विनोद मगरसहितले ०६४ भदौ १ गते कुटपिट गरी घर निकाला गरेर घरमा ताला लगाइदिए। घाइतेको प्राथमिक स्वास्थ्य केन्द्र बेलटारमा उपचार गराई पीडितलाई प्रहरी र स्थानीयवासीको सहयोगमा पुनःस्थापना गराइयो।

रौता गाविस-८ निवासी मोतीमाया विकले त्रियुगा नपा-१ बोक्से निवासी हरि कार्कीसँग अन्तरजातीय प्रेमविवाह गरेकामा घरपरिवार र पतिले अस्वीकार गरेकाले नाता कायम गरी पाऊँ भनी ०६४ असोज १२ गते जिल्ला अदालनमा मुद्दा दिइन्। उक्त मुद्दाको कारबाही किनारा लागेको छैन। विवाहपछि पतिले तिरस्कार गरेको र घरपरिवारबाट समेत बहिष्कृत हुनुपरेको बताउने पीडितले उदयपुर बार एकाइ महिला विभागको सहयोगमा मुद्दा दिएकी हुन्।

त्रियुगा नपा-१५ निवासी पदमकुमारी खत्रीले ०६४ मङ्सिर ३ गते पति वीरबहादुर खत्रीले आफूलाई कुटपिट गरी खानलाउन नदिएको भन्दै जिल्ला प्रशासन कार्यालय उदयपुरमा निवेदन दिएकामा प्रशासनले पीडित र पीडक पक्षलाई छलफल गराउन खोज्दा दुवै पक्ष उपस्थित भएनन्। पीडकले मादक पदार्थ सेवन गरी दोस्रो विवाह गर्छु भन्दै आफूलाई शारीरिक र मानसिक यातना दिने गरेको पीडितले बताइन्। पीडितले महिला मानवअधिकार रक्षक सञ्जाललाई कानुनी कारबाहीमा सहयोग माग गर्दै निवेदन दिइन्।

दुर्व्यवहार

खोटाङ जिल्लाको साउनेचौर गाविस-६ बगदुवा घर भई उदयपुरको बेल्टार बजारमा आफन्तकोमा आएका दुई युवतीलाई ०६३ फागुन १८ गते बेल्टार गाविस-२ का राजेन्द्र राई, सन्देश मगर, मनोज थापा, दीप श्रेष्ठ र अंशु सेढाईले यौन दुर्व्यवहार गरे। घटनामा संलग्न पीडकहरूमध्ये दीप श्रेष्ठ र अंशु सेढाईलाई सोही दिन इलाका प्रहरी कार्यालय बेल्टारले गिरफ्तार गऱ्यो। दुई दिनपछि २० गते पीडित र पीडक दुवै पक्षको बयानपश्चात् स्थानीय बुद्धिजीवीहरूको उपस्थितिमा मिलापत्र गराई पीडकलाई छाडियो।

बेल्टार गाविस-६, भुल्केकी ३८ वर्षीया रत्नादेवी चौधरीलाई ०६४ वैशाख २८ गते बोक्सीको आरोपमा सोही ठाउँका श्यामनारायण चौधरी, भगतनारायण चौधरी, आशाराम चौधरी र सोभितलाल चौधरीको समूहले शारीरिक यातना दिए। यातनाका कारण घाइते भएकी पीडितको प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारमा उपचार भयो। प्रहरीले पीडकहरूलाई गिरफ्तार गरी पाँच दिनपछि दुवैबीच सहमति गराई छाडिदियो।

बेल्टार गाविस-९ माडीबास निवासी ४० वर्षीय बाबुराम कार्कीलाई ०६४ जेठ १७ गते पदाधिकारीमाथि अविश्वासको प्रस्तावमा हस्ताक्षर गराएको आरोपमा चुनिया चित्रे सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी र उपभोक्ताहरूले मोसो र जुत्ताको माला लगाएर अमानवीय व्यवहार गर्दै बजार घुमाई प्रहरीलाई बुझाए। प्रहरी, आठ दल र स्थानीय बासिन्दाको रोहबरमा छलफल गरी पीडकले सार्वजनिक रूपमा माफी मागेपछि सोही दिन मिलापत्र गरे।

त्रियुगा नपा-११ निवासी मञ्जु विश्वकर्मा र विमला विश्वकर्माले सोही नपा-१५ निवासी प्रेम

चौधरीले आफूहरूलाई यौन दुर्व्यवहार गर्ने प्रयास गरेको जनाउँदै ०६४ जेठ २५ गते जिल्ला अदालत उदयपुरमा जाहेरी दर्ता गराए।

बसाहा गाविस-१ निवासी ३६ वर्षीय डोराकुमारी आचार्यलाई सोही ठाउँका ३८ वर्षीय रितबहादुर निवासीतले ०६४ असार २० गते राति घरबाहिर बोलाई दुर्व्यवहार गरे। पीडितका अनुसार, पीडकले विभिन्न बहाना बनाई पीडितलाई जबरजस्ती गर्न खोजेपछि रुँदै होहल्ला गरेपछि गाउँ समाज भेला भएर पीडकलाई स्थानीय एक विद्यालयको मैदान खन्ने गरी सामाजिक दण्ड गरेर मिलापत्र गराए।

त्रियुगा नपा-१६ निवासी ३७ वर्षीया मुखीमाया दनुवारलाई ०६४ कात्तिक ११ गते साँझ पीडितका देवर ४३ वर्षीय फाइबर दनुवारले बोक्सीको आरोप लगाउँदै कुटपिट गरी शारीरिक यातना दिए। पीडितले कात्तिक १२ गते कारबाही गरिपाऊँ भनी प्रहरीमा निवेदन दिएकामा सोही दिन पीडकलाई गिरफ्तार गरी मिलापत्र गराएर प्रहरीले रिहा गऱ्यो। यातनाबाट घाइते पीडितले जिल्ला अस्पतालमा उपचार गराइन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

वाईसीएलबाट

त्रियुगा नपा-१७, स्थित रातमाटेमा रहेको राजपाका केन्द्रीय सदस्य तथा पूर्वशिक्षामन्त्री हरिबहादुर बस्नेतको पुख्यौंली घर ०६३ चैत २ गते वाईसीएलले कब्जामा लिई चैत ५ गतेबाट आफ्नो कार्यालय खोले। घटनाको विरोध भएपछि प्रहरीले चैत ७ गते घर नियन्त्रणमा लिई वाईसीएललाई हटायो।

विगतको अनुगमन

त्रियुगा नपा-६ खैजनपुरका माओवादी कार्यकर्ता ३३ वर्षीय घनश्याम खड्काको खोजी गरिदिन पीडितकी पत्नी कमला खड्काले ०६४ असार १६ गते एक विज्ञप्ति जारी गर्दै सम्बन्धित पक्षसँग आग्रह गरिन्। पत्नी खड्काले पति पहिलो युद्धविरामताका अन्तिमपटक घर आएको बताउँदै ०५९ चैतमा दाङ जिल्लाबाट फोन सम्पर्क गरेपछि बेपत्ता भएको बताइन्।

१.१४ खोटाङ

जनसङ्ख्या :	२,४२,७९५
साक्षरता प्रतिशत :	५०
महिला साक्षरता प्रतिशत :	३९
क्षेत्रफल (वर्ग कि. मि.) :	१,५९१
गाविस/नपा सङ्ख्या :	७६/०
सरकारी/निजी विद्यालय :	५७१/७
क्याम्पस/उच्च मा.वि. :	१/११
अस्पताल/स्वास्थ्य चौकी :	१/७१
मोटर सडक (कि. मि.) :	०
प्रहरी कार्यालय सङ्ख्या :	१२
मानव विकास सूचकाङ्क :	०.४४२
प्रतिपरिवार सरदर सङ्ख्या :	५.५५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

खिदिमा गाविस-३ निवासी ३५ वर्षीया अस्मिता राईको ०६४ कात्तिक ५ गते सोही गाविस-१ स्थित लामीडाँडा जङ्गलमा टाउको काटेको अवस्थामा लास फेला पऱ्यो। पीडित ०६४ असोज १९ गते भोजपुर जिल्लाको लेखर्क गाविसमा रहेको माइती घर जान हिँडेकी थिइन्। प्रहरीले पीडकको पहिचान हुन नसकेको बतायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

सुन्तले गाविसस्थित सुनापातल रिपिटर टावरमा सुरक्षार्थ बसेका सुरक्षाकर्मीले बिछ्याएर

छाडेको माछाजस्तो देखिने विस्फोटक पदार्थ विस्फोट हुँदा ०६३ चैत २८ गते सुन्तले गाविस-२ का १० वर्षीय वीरबहादुर दाहाल घाइते भए। पीडितले घाँस काट्दै गर्दा माछा जस्तो लामो वस्तु अचानक विस्फोट भएको थियो। विस्फोटमा परी पीडितको खुट्टामा गहिरो चोट लाग्नुका साथै आँखा र गालामा समेत चोट लागेको थियो। पीडितको नन्दबक्स गण उदयपुर गाईघाटको सहयोगमा उदयपुर जिल्ला अस्पतालमा उपचार भएको थियो।

बेवारिसे बम विस्फोटबाट

लिच्कीराम्चे गाविस-६ का ५५ वर्षीय ललितबहादुर विश्वकर्मा ०६३ माघ ५ गते बेवारिसे अवस्थामा जङ्गलमा भेटिएको विस्फोटक पदार्थलाई आरनमा तताउँदै गर्दा विस्फोट भई घाइते भए। पीडितको दाहिने हातका तीनओटा औँला, दाहिने खुट्टाको पिँडुला र पेटमा चोट लागेको थियो। पीडितको उदयपुरस्थित जिल्ला अस्पतालमा उपचार गरियो। सो जंगलमा ०६२ जेठ ५ गते माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा सुरक्षाकर्मीले हेलिकप्टरबाट बम वर्षा गरेका थिए।

जेल र बन्दीहरू

कुल ३० जनाको क्षमता भएको खोटाङ जिल्ला कारागार शाखा 'घ' श्रेणीको हो। हाल यस कारागार शाखामा बन्दीको सङ्ख्या एक जना रहेको छ। ०६२ असार ५ गते माओवादीले कारागारमाथि आक्रमण गरेपछि कारागार भवन ध्वस्त भएको हुँदा हाल कारागारको जग्गा र अवशेष मात्र भएकाले बन्दीहरू राख्ने ठाउँ नभएको हुँदा बन्दीहरूलाई मोरङ जिल्लाको विराटनगरस्थित कारागारमा पठाइने गरिएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

ओखलढुङ्गा जिल्ला वाक्सा गाविस-६, नागीका २२ वर्षीय रामबहादुर कार्की र सोही ठाउँका २१ वर्षीय रामबहादुर कटुवाललाई ०६३ चैत १२ गते माओवादी कार्यकर्ताहरूले हलेसी महादेवस्थान गाविसबाट अपहरण गरी रातभरि बाँसको लाठीले कुटपिट गरे। कुटपिटका कारण पीडितको टाउको, ढाड र पिठ्यूँमा नीलडाम थियो। पीडित हलेसी महादेवस्थानमा मेला हेर्न आएका बेला स्थानीय व्यापारीहरूको कपडा चोरेको आरोपमा उनलाई नियन्त्रणमा लिई कारबाही गरेको माओवादी एरिया सेक्रेटरी ओकेले बताए। माओवादीले रातभर शारीरिक र मानिसिक यातना दिएको पीडितले बताए। पीडितलाई ०६३ चैत १३ गते इन्सेक खोटाङ प्रतिनिधि र राष्ट्रिय मानवअधिकार आयोग सम्पर्क कार्यालय खोटाङका अजितकुमार ठाकुरको रोहरबरमा हलेसी गाविसबाट मुक्त गरियो।

धम्की/कुटपिट

माओवादीबाट

सुन्तले गाविस-१ सिस्नेरीका ३५ वर्षीय शालिकराम बञ्जरालाई ०६३ माघ १० गते माओवादी कार्यकर्ता बमबहादुर दाहालले कुटपिट गरे। माओवादी कार्यकर्ता दाहालले गाउँ परिषद् सञ्चालन हुँदै गर्दा गाविसको १० प्रतिशत रकम छुट्याउन प्रस्ताव गरेपछि त्यसको विरोध गरेको आरोपमा कुटपिट गरेको पीडितले बताए। माओवादी खोटाङ जिल्ला इञ्चार्ज पासाङले घटनाको छानबिनपछि कारबाही गर्ने सहमति गरी मिलापत्र गरे।

सिम्पानी गाविस-६ निवासी पूर्वजिविस सभापति पर्शुराम कार्की, दिक्तेल गाविस-२ का माधव आचार्य, गाविस सचिव बलराम आचार्य, तोसल श्रेष्ठसमेतलाई भ्रष्टाचारी, बाक्सिला उमाविका शिक्षक युवराज सुनुवारलाई व्यभिचारी, जयामिरे गाविसका लवकुमार राईलाई फटाहा, नेपाली सेनाका क्याप्टेन सुवास केसीलाई हत्यारा, काङ्ग्रेस (प्र.) का महासमिति सदस्य अटलसेर राईलाई बलात्कारी, च्यानडाँडा गाविस-१ का मदन देउजालाई सुराकी र सप्तेश्वर छिचापोखरीका ताकमान श्रेष्ठलाई बदमास-फटाहा भएको भन्दै ०६३ चैत ७ गते वाईसीएलका जिल्ला अध्यक्ष सविन र संयुक्त क्रान्तिकारी जनपरिषद् खोटाङका अध्यक्ष देवान किराँतीले कारबाही गर्ने लिखित धम्की दिए।

दिक्तेल गाविस निवासी ४० वर्षीय राजन दर्जी परियारलाई ०६३ चैत १५ गते माओवादी कार्यकर्ता राजन राईले पीडितकै घरभित्र प्रवेश गरी कुटपिट गरे। आफ्नै घरभित्र कपडा सिइरहेको अवस्थमा माओवादी कार्यकर्ता राजन घरभित्र प्रवेश गरी कुटपिट गरी हिँडेका पीडितले बताए। पीडितले जिल्ला प्रहरीमा उजुरी गरे। माओवादीको जिल्ला कार्यालयमा बोलाई उक्त उजुरी फिर्ता गर्न दबाब दिएको पीडितले बताए। जिल्ला प्रहरीले सुनुवाइ नगरेको भन्दै पीडितले ०६३ चैत २१ गते राष्ट्रिय मानवअधिकार आयोग सम्पर्क कार्यालय खोटाङमा उजुरी गरे। प्रहरीले ०६३ चैत २९ गते मिलापत्र गरायो।

समाज सुधार रिलेक नेपाल, सुन्तले गाविस-

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित			
	अन्यबाट					माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	८	५	४		९									
घाइते	३	१	१		३						१	१		१
कुटपिट	५	५			५	५	४	१		५	१	१		१
धम्की	४	१३		१	१४	३	३		७३	७५				
महिलाअधिकार	७		७		७									
बालअधिकार	८	५	३	१८५०	१८५७	३			१४००	१४००	१		३	३
अमानवीय व्यवहार	३	३			३	१	१			१				
अपहरण	१	१			१	४	४	१		५				
जम्मा	३७	३३	१४	१८५१	१८९७	१५	११	३	१४७३	१४८६	३	३	३	४

१ का सचिव फडिराज तिमिल्सेनालाई ०६४ जेठ ६ गते माओवादीका १३ नं. इलाका सदस्य विष्णु भन्ने बमबहादुर दाहालले कुटपिट गरे। सोही गाविसको कुटानी-पिसानी मिलमा दुई घण्टा थुनेर राखेपछि पीडितलाई इन्सेक प्रतिनिधि लोकनाथ घिमिरेको रोबहरमा सोही दिन मुक्त गरियो। विष्णुले सोही गाविसको कुटानी-पिसानी मिल खरिद गर्दा अनियमितता गरेको आरोपमा रिलेकका सचिव फडिराज तिमिल्सेनाले उक्त विषयमा गाविसमा उजुरी गरेको आरोपमा कुटपिट गरेको पीडितले बताए।

इन्सेक खोटाङ प्रतिनिधि लोकनाथ घिमिरेलाई ०६४ असार २० गते माओवादीका खोटाङ जिल्ला इञ्चार्ज रामबहादुर राई भन्ने पासाङले आवतजावतमा रोक लगाउने धम्की दिए। पीडितले ०६३ कात्तिक र मङ्सिर महिनामा खोटाङ जिल्लाका विभिन्न गाविसबाट बालबालिकाहरूलाई अपहरण गरी लगेको सूचना बाहिर ल्याएको, क्यान्टोनमेन्टमा राखेका बालबालिकाहरूको उमेर प्रमाणीकरणका लागि संयुक्त राष्ट्रसङ्घलाई सहयोग गरेको, विद्यालयबाट बालबालिकाको उमेर प्रमाणित गराई बालबालिकाका अभिभावकहरूसँग भेटघाट गरी फिर्ताका लागि मञ्जुरनामा गराएको आरोप लगाई इन्सेक, राष्ट्रिय मानवअधिकार आयोगलगायतका संस्थाहरूलाई गाउँमा जान रोक लगाउने धम्की दिएका थिए। उक्त धम्कीको सर्वत्र विरोध भएपछि माओवादीले आफ्नो गल्ती स्वीकार गऱ्यो।

चिउरीडाँडा गाविस-५ घर भई जालपादेवी प्रावि दोर्पामा कार्यरत शिक्षिका सुनिता राईलाई ०६४ साउन १९ गते माओवादी कार्यकर्ता इन्द्रकला राईसहित चार जनाको समूहले कुटपिट गऱ्यो। कुटपिटबाट पीडितको टाउकोमा चोट लागेको थियो। उनको स्थानीय चिउरीडाँडा उपस्वास्थ्य चौकीमा उपचार भएको थियो। ०६४ साउन २२ गते माओवादी कार्यकर्ता उत्तरसहितको टोलीले गल्ती स्वीकार गर्दै उपचारमा लागेको खर्च बेहोर्ने सर्तमा मिलापत्र भएको थियो।

वाईसीएलबाट

अर्खौंले गाविस-४ का २९ वर्षीय गजेन्द्र राईलाई ०६३ चैत २१ गते हलेसी महादेवस्थान गाविसबाट वाईसीएलका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। पीडितले हलेसी गाविसमा नक्कली माओवादी बनी चन्दा असुली र धम्की दिँदै हिँडिरहेकाले नियन्त्रणमा लिई कारबाही गरेको वाईसीएलका जिल्ला संयोजक सविनले बताए। पीडितको टाउको तथा शरीरका अन्य भागमा नीलडाम, चोटपटक लागेको थियो। पीडितलाई रातभरि नियन्त्रणमा राखी त्यस्ता कार्य नगर्ने सर्तमा ०६३ चैत १३ गते हलेसी बजारबाट मुक्त गरे।

खाल्ले गाविसका सचिव कटक खतिवडालाई ०६३ चैत १९ गते गाउँ परिषद् सञ्चालन गर्दागर्दै वाईसीएल जिल्ला कमिटी सचिवालय सदस्य झङ्कारले १० प्रतिशत रकम माओवादी पार्टीलाई नछुट्याए भौतिक कारबाही गर्ने धम्की दिए। माओवादीलाई रकम नदिए गाउँ परिषद् रोक्न र घरका घोडा, भैंसी र जग्गा बेचेर भए पनि पैसा दिनुपर्ने नत्र कारबाही गर्ने मौखिक

धम्की दिएको पीडितले बताए। जनयुद्धको समयमा घाइते कार्यकर्ताको उपचारका लागि पैसा आवश्यक भएका कारण गाविससँग १० प्रतिशत रकम मागेको माओवादीले स्वीकार गऱ्यो।

जलेश्वरी गाविस-२ निवासी ६१ वर्षीय गणेशबहादुर केसीलाई वाईसीएल जिल्ला सदस्य ओकेको नेतृत्वमा रहेको आठ जनाको समूहले ०६४ भदौ २ गते घरमै गई तपाईंसँग केही बुझ्नु छ भनी सोही गाविसको सिण्डे निमावि पुऱ्याई भ्रष्टाचार गरेको आरोपमा बाँसको लट्ठीले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट पीडितको ढाड, तिघ्रामा नीलडाम लागेको थियो। उनको प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कमा उपचार हुन नसकेपछि जिल्ला अस्पताल खोटाङमा उपचार गरिएको थियो। राजनीतिक दलको सामूहिक छलफलपछि घटनामा संलग्न दोषीमाथि कारवाही गर्न छानबिन समितिको गठन गरी ०६४ भदौ ८ गते मिलापत्र भएको पीडितले बताए।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राष्ट्रिय जनशक्ति पार्टीको जिल्ला सम्मेलन सञ्चालनका लागि ०६३ फागुन ३ गते दिक्तेलस्थित हेलिप्याडबाट निकालिएको जुलुसमाथि एमाले जिल्ला कमिटी सदस्य दीपनारायण रिजाल, नेविसङ्घका सन्तोष भट्टराई अनेरास्ववियु (क्रान्तिकारी) का दीपक ढकालसहित १५/२० जनाको समूहले हस्तक्षेप गरी सम्मेलन बिथोले। सम्मेलनको तयारी गरिरहेका संयोजक रत्न राई र बाम्राङ गाविसका राप्रपा कार्यकर्ता जीवन राईलाई विद्यार्थीहरूले कुटपिट गर्दा सामान्य घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष खोटङ जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका ५३ थान मुद्दामध्ये ४० थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ३८ थान मुद्दामध्ये १० थान फर्स्यौट भए।

सरकारी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १५ थान मुद्दामध्ये १० थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १३ थान मुद्दामध्ये दुई थान फर्स्यौट भए। यसैगरी, देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १७ थान मुद्दामध्ये १० थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका २९ थान मुद्दामध्ये तीन थान फर्स्यौट भए। यस वर्षको अन्त्यसम्म जम्मा ९० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बतासे गाविस-९ का ५३ वर्षीय यज्ञकुमार राईलाई हिरासतमा रहेको समयमा ०६४ भदौ २२ गते राति जिल्ला प्रहरी कार्यालय खोटाङका इन्स्पेक्टर सुदीप पाठकले लाठी र मुक्काले कुटपिट गरे। कुटपिटबाट पीडितको देब्रे हातको पाखुरा र पिठ्यूँमा नीलडाम लाग्नुका साथै शरीरको अधिकांश भाग सुन्निएको थियो। पीडितलाई कर्तव्य गरी ज्यान मारेको अभियोगमा ०६४ भदौ १३ गते काठमाडौँको जोरपाटीबाट वाईसीएलका कार्यकर्ताले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिएका थिए। यज्ञकुमारलाई जिल्ला अदालत खोटाङको आदेशमा पुर्पक्षका लागि मोरङ कारागार पठाइएको छ। पीडकलाई कारबाही भएन।

बालअधिकार

इन्द्रध्वज गण मुडेव्यारेकका सिपाही बालकुमार अधिकारीले ०६३ माघ ८ गते बाक्सिला गाविस-७ की १६ वर्षीया बालिकालाई बाक्सिला बजारमा छुरी प्रहार गरे। पीडितको दाहिने हातमा सामान्य चोट लागेको थियो। पीडकलाई प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमार्फत इन्द्रध्वज गण मुडेव्यारेकमा बुझाइदिएको डीएसपी रामचन्द्र भण्डारीले बताए। पीडकलाई ०६३ माघ १० गते सैनिक हिरासतमा राखी कारबाही अगाडि बढाएको गणका कर्नेल रमेश थापा मगरले बताए।

सावाकटारे गाविस-९ स्थित सावाकाली माविं सावाकटहरेमा ०६३ फागुन १५ गते माओवादी कार्यकर्ताहरूले जनचेतना अभिवृद्धि गर्ने भन्दै नाटक आयोजना गरेपछि विद्यालय अवरुद्ध भयो। माओवादीको उक्त कार्यक्रमबाट ७ सय बालबालिका अध्ययनबाट वञ्चित भएको प्रधानाध्यापक प्रेम थापाले बताए।

फेदी गाविस-१ निवासी सरस्वती उमावि दिक्तेलमा कक्षा ७ मा अध्यनरत १३ वर्षीया एक बालिकालाई ०६३ फागुन १५ गते माओवादीले जागिर लगाइदिने प्रलोभन देखाई दिक्तेल गाविसस्थित सरस्वती उच्च माविबाट अपहरण गरे। पीडितका बुबा युवराज राईले लिखित निवेदनमार्फत सकुशल मुक्त गराइदिन राष्ट्रिय मानवअधिकार आयोग खोटाङ, इन्सेक प्रतिनिधि खोटाङ र सञ्चारकर्मीलाई अनुरोध गरे। माओवादीका कार्यालय संयोजक उत्तरले बालिका स्वत:स्फूर्त पार्टीमा प्रवेश गरेको बताए।

अर्खौले गाविस-८ का दुई बालिकामाथि प्रहरी चौकी अर्खौलेका प्रहरी जवान दिनेश चौधरी र खडेन्द्र

कार्कीले ०६३ चैत १३ गते बलात्कार प्रयास गरे। स्थानीय विद्यालयमा कक्षा ७ र ८ मा अध्ययनरतकी दुई बालिका सोही गाविसको नवलपुर भन्ने ठाउँमा पसलमा सुतिरहेको अवस्थामा सादा पोसाकमा दुई जना प्रहरी जवान प्रवेश गरी राति १० बजे जबरजस्ती हात समातेर ताने। पीडितहरू कराएपछि प्रहरीहरू भागेर चौकीतर्फ गएको पीडितले बताए। ०६३ चैत १४ गते अर्खौले प्रहरी चौकीमा जाहेरी दिन जाँदा प्रहरीले उजुरी नलिएको प्रत्यक्षदर्शी मञ्जु बस्नेतले बताइन्। सो चौकीका सई जयकुमार राईले घटना सार्वजनिक नगर्न अनुरोध गर्दै पीडक प्रहरी जवानलाई कुटपिट गरे। पीडक दुवै जना प्रहरीलाई जिल्ला प्रहरी कार्यालयमा फिर्ता बोलाई अनुसन्धान गरिरहेको बतायो।

साउनेचौर गाविस-७ का १६ वर्षीय एक बालकलाई ०६३ चैत १३ गते माओवादीद्वारा घोषित गाउँ जनअदालत प्रमुख राजेन्द्र तामाङ र स्थानीय कार्यकर्ता शिव पौडेलले सोही गाविसको जनविकास निमावि नजिकबाट अपहरण गरी रातभरि कुटपिट गरे। माओवादीको पिटाइबाट पीडितको नाक र मुखबाट रगत बग्नुका साथै चोटपटकसमेत लागेको थियो। उनको स्थानीय उपस्वास्थ्य चौकीमा उपचार भयो। सोही ठाउँकी एक युवतीसँग गफ गरेको आरोपमा अपहरण गरेका थिए। माओवादीका जिल्ला इञ्चार्ज पासाङले पीडकलाई कारबाही गर्ने बताए।

सिम्पानी गाविस-१ स्थित चौतारेडाँडा प्राविको प्राङ्गणमा ०६४ वैशाख २४ गते किराँत राई यायोख्याले चण्डी नाच कार्यक्रमको आयोजना गर्दा उक्त विद्यालयमा अध्ययन गर्ने करिब ३ सय बालबालिका अध्ययनबाट वञ्चित भए। त्यस्ता प्रकारका कार्यक्रम नगर्न समुदायले अनुरोध गर्दा किराँत राई यायोख्याका अध्यक्ष नवीनचन्द्र राईले किराँतको मुख्य थलो भएका कारण संस्कृतिको संरक्षण गर्ने उक्त कार्यक्रम आयोजना गरेको बताए।

दुर्छिम गाविस-१ का १५ वर्षीय बालकलाई ०६४ असार ४ गते माओवादी कार्यकर्ताले दुर्छिम माबि दुर्छिमबाट अपहरण गरे। पीडितका बुबा पञ्चसेर राईले छोराको सकुशल मुक्तिको पहल गरिदिन इन्सेक खोटाङमा लिखित रूपमा अनुरोध गरे। माओवादीले बालकलाई अपहरण नगरेको बताए पनि असार ६ गते बुइपा गाविसबाट मुक्त गरे।

छितापोखरी गाविस-५ निवासी ९ वर्षीया एक बालिकालाई ०६४ भदौ ५ गते सोही ठाउँका १७ वर्षीय आङ्किपा शेर्पाले घरमा कोही नभएको मौका छोपी पीडितको घरभित्र प्रवेश गरी बलात्कार गरे। पीडकलाई कारबाही माग गर्दै पीडितले ०६४ भदौ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि पीडकलाई प्रहरीले गिरफ्तार गर्न सकेन।

चिसापानी गाविस-८ स्थित चिसापानी उच्च माध्यमिक विद्यालयमा ०६४ असोज १६ गते वाईसीएल र प्रहरीबीच झडप हुँदा दुई दिन विद्यालय बन्द भएपछि ६ सय बालबालिका अध्ययन गर्नबाट वञ्चित भए। शैक्षिक गणतान्त्रिक मञ्चले विद्यालयमा पेनडाउन गराएको र अनेरास्ववियु (क्रान्तिकारी) ले कक्षा ८ का विद्यार्थीलाई जबरजस्ती सङ्गठनमा राखेको आरोपमा स्थानीयवासीले प्रहरीसमक्ष गुनासो गरेपछि प्रहरी चौकी चिसापानीका असई भीम बाँस्तोला हतियारसहित विद्यालय पसेको आरोपमा वाईसीएलका १२ नं सेक्रेटरी हान्दिप र अनेरास्ववियु (क्रान्तिकारी) का १२ नं सेक्रेटरी बद्रीले प्रहरीलाई अपहरण गर्ने, चौकीमा आगजनी गर्ने धम्की दिएपछि झडप भएको थियो।

शैक्षिक गणतान्त्रिक मञ्च र वाईसीएल खोटाङले अस्थायी शिक्षकलाई स्थायी गर्नुपर्ने, बेपत्ता शिक्षकलाई सार्वजनिक गर्नुपर्ने माग राख्दै ०६४ असोज २० गते जिल्लाभरका ४ सय ६० विद्यालयमा तालाबन्दी गरे। विद्यालय बन्द हुँदा ८० हजार विद्यार्थी एक दिन पढ्नबाट वञ्चित भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार पारिवारिक हिंसा

बाँझे च्यानडाँडा गाविस-२ निवासी ३१ वर्षीय जिराधन राईले ०६३ पुस २४ गते ३० वर्षीया पत्नी लक्ष्मी राईको इच्छाविपरीत यौन सम्पर्क गर्न लाग्दा त्यसको प्रतिकार गरेको आरोपमा खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए। पीडितलाई खुकुरी प्रहार गरेको देखेर छुट्याउन जाँदा पीडितका बडाबाबु सरधन राईसमेतलाई खुकुरी प्रहार गरी घाइते बनाए। पीडकलाई प्रहरीले गिरफ्तार गरी जिल्ला अदालतमा मुद्दा दर्ता गरी अदालतको आदेशमा थुनामा राखेको छ।

सप्तेश्वर छितापोखरी गाविस-९ निवासी ३० वर्षीया गीता खड्का (थापा) लाई उनका पति ताराकुमार थापाले छोरा नजन्माएको आरोपमा ०६४ जेठ २५ गते कुटपिट गरी १५ दिनकी नवजात शिशुसहित गीतालाई समेत खान नदिई घर निकाला गरे। पीडितले सामाजिक न्यायको माग गर्दै ०६४ जेठ २६ गते प्रहरी चौकी छितापोखरीमा उजुरी गरेपछि ०६४ जेठ ३१ गते आधा अंश दिने कागज गरी मिलापत्र गराएको पीडितले बताइन्।

बराहापोखरी गाविस-३ निवासी ३८ वर्षीय

हस्तबहादुर राईले ०६४ असार २२ गते ३७ वर्षीया उनकी पत्नी माया राईलाई कुटपिट गरी घर निकाला गरे। उनले सोही गाविस-४ की मीनकुमारी राईसँग बहुविवाह गरेर ल्याएपछि त्यसको विरोध गरेको आरोपमा कुटपिट गरी घर निकाला गरे। पीडितले न्याय माग गर्दै ०६४ असार २३ गते प्रहरी चौकी बराहापोखरीमा उजुरी दिएपछि ०६४ असार २५ गते स्थानीय राजनीतिक दलहरूको उपस्थितिमा पीडितलाई आधा अंश दिने लिखित सहमतिमा मिलापत्र गरियो।

नेर्पा गाविस-९ निवासी २६ वर्षीया एक महिलालाई देवर २५ वर्षीय डिकराज पराजुलीले घरको काम नगरेको आरोपमा ०६४ मङ्सिर १० गते कुटपिट गरी घरको कोठाभित्र थुनेर राखे। पीडितका पति टेकप्रसाद पराजुली एक वर्षअगाडि रोजगारका क्रममा विदेश गएपछि देवरले पटकपटक कुटपिट गर्ने गरेको पीडितले बताइन्। कुटपिटपश्चात् पीडितलाई घरको कोठाभित्र थुनेर राखिएको अवस्थामा उनका ससुराको मृत्यु भएपछि काजकिरिया गर्न गाउँलेले खोजी गर्दा पीडितलाई कोठाभित्र घाइते अवस्थामा फेला पारी ०६४ मङ्सिर १४ गते जिल्ला अस्पताल खोटाङमा उपचार भयो। अस्पतालले पीडितको मानसिकतासमेत बिग्रन लागेकाले उपचार नहुने भन्दै मङ्सिर १५ गते डिस्चार्ज गऱ्यो। पीडितको ढाड, पिठ्यूँ, खुट्टा र पाखुरामा चोटपटक र नीलडाम थियो। उनले न्यायको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि ०६४ मङ्सिर २० गते काठमाडौँ लगी उपचार गराउने र आइन्दा कुटपिट नगर्ने लिखित सहमतिमा देवरसँग मिलापत्र भयो।

दिक्तेल गाविस-३ निवासी पप्पु भनिने २९ वर्षीय पूर्णबहादुर श्रेष्ठले ०६४ पुस ४ गते बहुविवाह गरे। पीडकले जेठी पत्नी निर्मला श्रेष्ठ र आठ वर्षीय छोरालाई ०६० सालदेखि खान नदिई घर निकाला गरेका थिए। निर्मलीडाँडा गाविस-१ की सुमिना राईलाई विवाह गरेको र आफूलाई खान-लाउन नदिएको भन्दै ०६४ पुस ४ गते पीडितले जिल्ला प्रहरीमा उजुरी गरेपछि प्रहरीले पुस १० गते पीडक दुवै जनालाई गिरफ्तार गरी हिरासतमा राख्यो।

दुर्व्यवहार

दिक्तेल गाविस-१ घर भई जिल्ला प्रशासन कार्यालय खोटाङका खरदार कुलबहादुर बस्नेतलाई नागरिकता बनाउँदा ५ हजार घूस लिएको आरोपमा ०६४ भदौ १७ गते वाईसीएलका जिल्ला अध्यक्ष विक्रमसहित ५० जना कार्यकर्ताले कार्यालयबाहिर निकाली मोसो दलेर बजार घुमाए। घूसबापत लिएको रकम पीडकले पीडितसँग लिई जिल्ला प्रशासन कार्यालयमा बुझाए। पीडितलाई मुक्त गराउने क्रममा वाईसीएल र प्रहरीबीच झडप भयो। पीडितलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राखी १५ दिनपछि काठमाडौँ पठायो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

माओवादी जिल्ला सङ्गठन समिति खोटाङ क्षेत्रीय कमिटी र एरिया कमिटीहरूले ०६३ माघ १ गतेबाट ७६ वटै गाविसहरूमा गाविसको १० प्रतिशत रकम माओवादी पार्टीका नाममा नछुट्याए गाउँ परिषद् सञ्चालन गर्न नदिने मौखिक रूपमा धम्की दिए। माओवादीका कार्यालय संयोजक उत्तरले भने माओवादी कार्यकर्ता घाइते भएकाले उनीहरूको स्वास्थ्य उपचारका लागि गाउँ परिषद्बाट १० प्रतिशत रकम पास गर्न दबाब गरेको बताए। माओवादी जिल्ला इञ्चार्ज पासाङले ०६४ वैशाख ७ गते गाविससँग १० प्रतिशत रकम नमाग्ने लिखित प्रतिबद्धता जाहेर गरे।

किराँत वर्कस पार्टीबाट

किराँत वर्कस पार्टीका कार्यकर्ताहरूले ०६३ फागुन २४ गते बोपुङ गाविसको गाउँ परिषद् सञ्चालनमा रोक लगाए। किराँत वर्कस पार्टीको सशस्त्र समूह गाउँपरिषद् सञ्चालन हुन लाग्दा गाविसभित्र प्रवेश गरी ५० हजार रकम जबरजस्ती पास गराउन दबाब दिएपछि परिषद्मा सहभागी राजनीतिक दलसमेत आतङ्कित भई परिषद् रोकेको सचिव भगवान दाहालले ०६३ चैत २९ गते बताए।

विगतको अनुगमन

माओवादी कार्यकर्ताहरूले ०६१ असोजमा अपहरण गरी बेपत्ता बनाएका सप्तेश्वर छितापोखरी गाविस-४ का बद्री भुजेललाई ०६४ वैशाख २० गते माओवादीले मुक्त गरे। माओवादीले सोही गाविसका कालु राईलाई हत्या गरेको आरोपमा पीडितलाई अपहरण गरी बेपत्ता बनाए। स्थानीय मानव अधिकारकर्मीको दबाबमा अपराध गरेको भन्दै माओवादी शिविरबाट मुक्त गरेका हुन्। स्थानीय छिमेकीको भुजेलले हत्या गरेको किटानी उजुरी परेपछि ०६४ वैशाख २० गते माओवादीले स्थानीयवासीको रोहबरमा प्रहरी चौकी छितापोखरीमा बुझाए। भुजेललाई कर्तव्य ज्यानअन्तर्गत मुद्दा दर्ता गरी जिल्ला

कारागार मोरङमा पठाइएको डीएसपी रामचन्द्र भण्डारीले बताए।

अपहरणपछि हत्या

हौचुर गाविस-४ घर भई वागेश्वरी सशस्त्र प्रहरी गण नेपालगञ्जमा कार्यरत २४ वर्षीय उदयबहादुर कार्कीलाई घर आउने क्रममा ०६० भदौ ९ गते लामीडाँडा गाविसको रबुवा बजारबाट माओवादी कार्यकर्ताले अपहरण गरी सोही दिन हत्या गरेको खुल्न आयो। माओवादी जिल्ला इञ्चार्ज पासाडले इन्सेक जिल्ला प्रतिनिधिसँग ०६४ असार २१ गते अपहरण गरेकै दिन कार्कीको हत्या गरिएको सार्वजनिक गरे। मृतकका परिवारले क्षतिपूर्तिका लागि जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल सरकारसँग माग गरेका छन्।

१.१५ ओखलढुङ्गा

जनसङ्ख्या : १,६९,९९५
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : २३
क्षेत्रफल (वर्ग कि. मि.): १,०७४
गाविस/नपा सङ्ख्या : ५६/०
सरकारी/निजी विद्यालय : ३४८/५
क्याम्पस/उच्च मा.वि. : २/८
अस्पताल/स्वास्थ्य चौकी : २/५५
मोटर सडक (कि. मि.): ३३
प्रहरी कार्यालय सङ्ख्या : १९
मानव विकास सूचकाङ्क : ०.४८१
प्रतिपरिवार सरदर सङ्ख्या : ६

जेल र बन्दीहरू

कुल ५० जना क्षमता रहेको ओखलढुङ्गा जेल 'घ' श्रेणीको हो। हाल यस जेलमा चार महिला र १३ जना पुरुष गरी १७ जना बन्दी रहेका छन्। जसमा दुई जना कैद नतोकिएका तथा ११ जना कैद तोकिएका पुरुष र चार जना कैद तोकिएका महिला बन्दी छन्। महिलातर्फ एक आश्रित नाबालक छन्। बन्दीहरू जेलभित्र टोपी तथा झोला बुन्ने काम गर्छन्। सञ्चारका साधनमा *गोरखापत्र* र *कान्तिपुर* पत्रिका तथा रेडियो, टीभी रहेका छन्। घरेलु तथा साना उद्योग कार्यालयले झोला बुन्ने तालिम दिएको बन्दीहरूले बताए।

बेपत्ता/अपहरण

माओवादीबाट

फूलबारी गाविस-२ का ३४ वर्षीय रत्नबहादुर कार्कीलाई ०६४ असार ४ गते माओवादीले अपहरण गरे। पीडितले आफ्नै पत्नी कोपिला कार्कीलाई अंश नदिएका कारण अपहरण गरिएको माओवादीले बताए। पीडितलाई अपहरणपश्चात् कुटपिटसमेत गरी असार ७ गते फूलबारीबाट मुक्त गरे।

धम्की/कुटपिट

माओवादीबाट

गाम्नाङ्गटार गाविस-५ का ४८ वर्षीय इन्द्रबहादुर पौडेललाई ०६४ कात्तिक ७ गते माओवादीले लाठी र लात्ती प्रयोग गरी कुटपिट गरे। पीडितलाई कुटपिट गर्नुको कारण विगतमा माओवादी कार्यकर्ता सुन्दर र फणिन्द्रलाई बिनाकारण कुटपिट गरेको आरोप माओवादी कार्यकर्ताले लगाए।

च्यानम गाविस-७ का ४४ वर्षीय अर्जुनकुमार कटवाललाई ०६४ मङ्सिर २३ गते माओवादी कार्यकर्ता डिल्ली ढकालको नेतृत्वमा गएको सात जनाको समूहले कुटपिट गऱ्यो। पीडितका पिता नृपध्वज कटवाल विगतदेखि विस्थापित रहेको र पिताको अंशबापतको ७ हजार रुपियाँ आफूहरूलाई बुझाउनुपर्ने माओवादीले बताए। पीडितले सो रकम बुझाउन नसक्ने बताएपछि सोही महिनाको २७ गते रकम ठीक पार्न धम्की दिए।

अन्यबाट

जनमोर्चा नेपाल जिल्ला समितिले ०६३ चैत १६ गते शिक्षक प्रेमप्रसाद भट्टराई, शिवकुमार अधिकारी, दाताराम लुईंटेल, भरतमणि भट्टराईलाई परीक्षा सञ्चालन गर्न अयोग्य, लोकतन्त्रविरोधी, परीक्षार्थी पक्राउ गर्न लगाउनेजस्ता आरोप लगाई कालो

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित							
	अन्यबाट				माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा
कुटपिट	२	२		२	२	२		२
धम्की	१	४		४	३	१८	९	२७
जातीय विभेद	१	१		१				
महिलाअधिकार	३		३	३				
बालअधिकार	४		४	४				
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	२		२				
अमानवीय व्यवहार					१	१		१
अपहरण	१		१	१	१	१		१
जम्मा	१४	९	८	१६	६	२२	९	३१

सूचीमा राखी विज्ञप्तिमार्फत कारबाही गर्ने धम्की दिए।

यसम गाविस-६ का ७ नं. इलाका वाईसीएल सदस्य २८ वर्षीय शान्त भट्टराईलाई ०६४ कात्तिक ५ गते बेलुकी काङ्ग्रेस जिल्ला समिति सदस्य तथा पूर्व गाविस अध्यक्ष अशोक कार्की, घनबहादुर कार्कीसमेत पाँच-सात जनाको समूहले धारिलो हतियार प्रयोग गरेर दुवै खुट्टाको पिँडौलामा काटी घाइते बनायो। हाल पीडित उपचार भई घर फर्केका छन्। पीडकउपर ज्यान मार्ने उद्योगको मुद्दा जिल्ला प्रहरी कार्यालयमा दायर भई कारबाही चलिरहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सारेर आएका दुनियाँवादी देवानीतर्फका ५५ थान र यस वर्ष दर्ता भएका ३३ थान गरी जम्मा ८८ थान मुद्दामध्ये ६८ थान मुद्दा फर्स्यौट भए।

यसैगरी सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २२ थान र यस वर्ष दर्ता भएका ११ थान गरी जम्मा ३३ थान मुद्दामध्ये १९ थान फर्स्यौट भए।

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४४ थान र यस वर्ष दर्ता भएका १३ थान गरी जम्मा ५७ थान मुद्दामध्ये २५ थान फर्स्यौट भए।

यस वर्षको अन्त्यसम्म जम्मा ७१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे, जसमा दुई वर्ष नाघेका मुद्दा छ थान रहेका छन्।

यसैगरी, जिल्ला विकास समितिमार्फत विधवा भत्ता २ हजार ४ सय १६ जना, ज्येठ नागरिक भत्ता २ हजार २ सय ७४ जना र अपाङ्ग भत्ता ७५ जना गरी जम्मा ४ हजार ७ सय ६५ जनाले राज्यले दिएको विशेष सुविधा प्राप्त गरे। यस जिल्लामा ४ सय २४ जना भूमिहीन सुकुम्बासीहरूले आफ्नो नाम दर्ता गराएकोमा हालसम्म जग्गा वितरण भएको छैन।

बालअधिकार

ओखलढुङ्गा गाविस-२ रमाइलोडाँडास्थित दिजेन होटलमा काम गर्ने १६ वर्षीया एक बालिकालाई ०६३ पुस २५ गते राति सोही गाविस बस्ने कृष्ण गिरीले सुतेको कोठामा प्रवेश गरी औषधी प्रयोग गरी बेहोस बनाई बलात्कार गरे। पीडकउपर प्रहरीले सार्वजनिक अपराधको मुद्दा चलायो। तत्काल पीडक फरार रहेको भए पनि जिल्ला प्रशासन कार्यालयबाट १० दिने म्यादमा ०६४ साउन २६ गते हाजिर भई २० हजार धरौटी राखी तारेखमा छुटे।

रगनी गाविस-५ निवासी खिजीचण्डेश्वरी गाविस-९ स्थित गोठमा बसिरहेकी १६ वर्षीया एक बालिकालाई रगनी गाविस-३ का २३ वर्षीय गोपाल भन्ने रुद्रबहादुर भुजेलले ०६३ चैत २४ गते राति कुटपिट गरी बलात्कार गरे। पीडकलाई जिल्ला अदालतले ०६४ भदौ २ गते छ वर्ष कैद र आधा अंश क्षतिपूर्ति पाउने फैसला गऱ्यो।

तलुवा गाविस-१ की ८ वर्षीया एक बालिकालाई ०६४ जेठ ५ गते सोही गाविसका १६ वर्षीय प्रकाश कटवालले बलात्कार गरे। पीडितले ०६४

जेठ ८ गते प्रहरीमा जाहेरी दिई हाल जिल्ला अदालतमा मुद्दा विचाराधीन छ। पीडक प्रकाश पुर्पक्षका लागि जिल्ला कारागार शाखामा थुनामा रहेका छन्।

गाम्नाङ्गटार गाविसकी १० वर्षीया बालिकालाई सोही गाविस निवासी ७३ वर्षीय आफ्नै हजुरबुबा डम्बरबहादुर विश्वकर्माले ०६४ असार १३ गते बलात्कारको प्रयास गरे। पीडितले ०६४ असार १७ गते उजुरी गरे तापनि पीडक यस वर्षको अन्त्यसम्म फरार छन्।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा/बहुविवाह

वर्णालु गाविस-६ का २३ वर्षीय उर्केन शेर्पाले घरमा पत्नी र दुई छोराछोरी हुँदाहुँदै ०६३ पुस २५ गते सोही ठाँउकी फूर्लाकी शेर्पासँग दोस्रो विवाह गरे। पीडकका पत्नीले प्रहरीमा ०६३ पुस २६ गते उजुरी गरेको भए पनि कारबाही भएन।

कटुञ्जे गाविस-४ का २६ वर्षीय दलबहादुर खत्रीले घरमा पत्नी हुँदाहुँदै सोही गाविस-१ की २२ वर्षीया कुमारी कटवालसँग ०६३ चैत २७ गते दोस्रो विवाह गरे। पीडकका पत्नीले जिल्ला प्रहरी कार्यालयमा ०६४ चैत २८ गते उजुरी गरे पनि आफन्तको अनुरोधपछि चैत ३० गते मुद्दा फिर्ता लिइन्।

वर्णालु गाविस-६ की ३८ वर्षीया डोल्मा शेर्पालाई सडक निर्माणमा रेखदेख गरेबापत जिविसबाट पारिश्रमिक नलिएको भनी ०६४ जेठ २६ गते पतिले कुटपिट गरी घाइते बनाए। पीडित महिलाको मिसन अस्पताल ओखलढुङ्गामा उपचार भयो।

सबै प्रकारका जातीय विभेद

गाम्नाङ्गटार गाविस-२ का ४८ वर्षीय दीर्घबहादुर खड्कालाई सोही गाविसकी दलित महिलासँग अनैतिक सम्बन्ध राखेको आरोपमा ०६४ कात्तिक १ गते खड्का समाजले सामाजिक बहिष्कार गरे।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा/चन्दा

माओवादी पार्टीका जिल्ला इञ्चार्ज बालकृष्ण ढुङ्गेलद्वारा हस्ताक्षरित पत्रमार्फत ओखलढुङ्गा जिल्लाका सम्पूर्ण विकासमुखी कार्यालयका कर्मचारी, निजामती कर्मचारी र शिक्षकहरूसँग ०६४ असोज १५ गते गणतन्त्र घोषणा र समानुपातिक संविधानसभाको निर्वाचनको लागि १० दिनको रकम सहयोग गर्नुपर्ने माग गरे।

वाईसीएलबाट

यसम गाविस-७ का ४२ वर्षीय दीपबहादुर काफ्लेले आफ्ना कार्यकर्ता शान्ता भट्टराईलाई कुटपिट गरेको आरोपमा ०६४ मङ्सिर ६ गते वाइसीएलले घर तालाबन्दी गरी सम्पत्ति कब्जामा लिए। प्रहरीको नेतृत्वले मङ्सिर १० गते ताला खोली दिएकामा कुनै अप्रिय घटना भएन।

यसम गाविस-५ का ४५ वर्षीय मेखबहादुर कार्कीलाई वाईसीएल कार्यकर्ता शान्ता भट्टाराईलाई कुटपिटमा संलग्न भएको र राज्यले कारबाही नगरेको आरोपमा ०६४ मङ्सिर ८ गते वाईसीएलका कार्यकर्ताले उनको घरमा तालाबन्दी गरी सम्पत्ति कब्जामा लिए। प्रहरीले मङ्सिर १० गते पीडितको घरको ताला खोलिदिए।

१.१६ सोलुखुम्बु

जनसङ्ख्या : १,१५,६१४
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३६
क्षेत्रफल (वर्ग कि. मि.) : ३,३१२
गाविस/नपा सङ्ख्या : ३४/०
सरकारी/निजी विद्यालय : २५२/१
क्याम्पस/उच्च मा.वि. : २/८
अस्पताल/स्वास्थ्य चौकी : ३/३४
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय सङ्ख्या : १७
मानव विकास सूचकाङ्क : ०.४७९
प्रतिपरिवार सरदर सङ्ख्या : ५

जेल र बन्दीहरू

नवनिर्मित 'ग' श्रेणीको जिल्ला कारागारमा २५ जनाको क्षमता रहे पनि क्षमताभन्दा बढी कैदी राखिएका छन्। हाल कारागारमा कैद तोकिएका १० जना पुरुष र कैद नतोकिएका २६ जना पुरुष बन्दीहरू पुर्पक्षमा रहेका छन्। यसैगरी, कैद तोकिएका दुई जना र कैद नतोकिएका तीन जना महिला बन्दी रहेका छन्। यस कारागार शाखामा सात वर्षभन्दा मुनिका चार जना आश्रित बालिकासमेत गरी जम्मा ४५ जना रहेका छन्। आश्रित बालिकाहरूलाई कारागारबाटै नजिकैको बालमन्दिरमा पढ्ने प्रबन्ध मिलाइएको छ। कैद तोकिएका बन्दीहरूमध्ये ज्यान मुद्दाका १५, चोरीको अभियोग चार, चेलीबेटी बेचबिखन अभियोगका तीन, बलात्कार अभियोगका दुई, बाल अङ्गभङ्ग अपराधका एक, सार्वजनिक अपराधमा एक, वन मुद्दा अभियोगका दुईलगायत अन्य रहेका छन्।

दुई वर्ष बिताएका बन्दीहरूलाई मात्र कारागारमा ओढ्ने र ओछ्याउने कपडाको व्यवस्था छ। पुरुष कैदीहरूका लागि दुईओटा शौचालय रहेका छन्। तर, दुवै शौचालयका पाइप फुटेर पानी चुहिने समस्या छ। कारागारको भान्साघरमा चिम्नी नहुँदा सुत्ने कोठामा धूवाँ आउने समस्या रहेको, औषधि र उपचार नियमित नभएको, पत्रपत्रिका पढ्ने व्यवस्था नभएको, मनोरञ्जनका साधनमा पुरुष बन्दीहरूको एउटा कोठामा मात्र श्यामश्वेत टेलिभिजन रहेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

सल्लेरी गाविस-५ निवासी चौरीखर्क गाविस-८ लुक्लाका होटल मालिक २५ वर्षीय पूर्ण तामाङले माओवादी कार्यकर्ता रमेश राईलाई दिएको सापटी पैसा फिर्ता माग्दा झगडा गरेको आरोपमा माओवादी इलाका सेक्रेटरी अभियानले ०६४ जेठ ३ देखि १० गतेसम्म उनलाई लुक्ला बजारको बाटो बनाउन लगाई सोही स्थानबाट मुक्त गरे।

सल्लेरी गविस-२ का २१ वर्षीय राजु तामाङ, २० वर्षीय बुदे राउत, ३० वर्षीय सुनिल राजभण्डारी, २१ वर्षीय पासाङ लामा र ३२ वर्षीय अशोक राईले माओवादीद्वारा निर्माण गरिएको सल्लेरी गाविस-२ फाप्लुस्थित स्वागत गेट फागुन १८ गते राति भत्काएको आरोपमा ०६३ फागुन १९ गते उनीहरूलाई सोही ठाउँका माओवादीले फाप्लुबाट अपहरण गरी माओवादी कार्यालयमा दिउँसो १२ बजेदेखि ३ बजेसम्म राखेर सोही दिन मुक्त गरे।

केरुङ गाविस-२ बस्ने ३२ वर्षीय कामे शेर्पालाई ०६३ फागुन १४ गते माओवादीले सदरमुकाम सल्लेरीबाट अपहरण गरी नीलडाम हुनेगरी कुटपिटपश्चात् घटना सार्वजनिक गरेमा हत्या गर्ने धम्की दिँदै भोलिपल्ट मुक्त गरे।

टाप्टिङ गाविस-१ का ५५ वर्षीय पदमबहादुर मगरले मादक पदार्थ सेवन गरी हल्ला गरेको आरोपमा ०६४ जेठ २४ गते उनलाई माओवादीका जिल्ला संरक्षक गोपाल गिरी, इलाका सेक्रेटरी करुणा, झरना, तामाङ मुक्ति मोर्चा प्रमुख सङ्गीनलगायत आठ जनाको समूहले बेलुकी ५ बजे बेहोस हुनेगरी कुटपिट गऱ्यो। पुनः सोही दिन बेलुकी ७ बजे चार जना हतियारसहितका माओवादीले उनलाई घरबाटै अपहरण गरी मादक पदार्थ सेवन नगर्ने सर्तमा कागज गरी बेलुकी ८ बजे मुक्त गरे।

धम्की/कुटपिट

माओवादीबाट

टाक्सिन्दु गाविस-८ का २८ वर्षीय पासाङ शेर्पा, सोही गाविस-७ का २४ वर्षीय काजी शेर्पा र सोही गाविस-६ का २५ वर्षीय तेण्डी शेर्पाले दूधकुण्डो सामुदायिक वनका उपभोक्ताहरूबाट माओवादीले जबरजस्ती चन्दा उठाएको विषयमा विवाद गरेको आरोपमा ०६४ भदौ ९ गते उनीहरूलाई माओवादीका जिल्ला सदस्य श्यामलगायत अन्य छ जनाको एक समूहले दूधकुण्डो मेलामा कुटपिट गऱ्यो। पीडितहरूले जिल्ला प्रशासन कार्यालयमा ०६४ भदौ १७ गते उजुरी दिए तापनि पीडकहरूलाई कारवाही भएन।

टाक्सिन्दु गाविस-८ का चौंरी व्यवसायीहरू पासाङ शेर्पा, सोही गाविस-७ का काजी शेर्पा र तेण्डी शेर्पाबाट वाईसीएलले ०६४ भदौ ८ र ९ गते प्रतिचौंरी ५० देखि २ सयको दरले जबरजस्ती चन्दा उठाए। चन्दा नदिएमा ज्यान मार्ने धम्कीसमेत दिएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत, सोलुखुम्बुमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारीतर्फका चार थान मुद्दामध्ये तीन थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ४९ थान मुद्दामध्ये १६ थान फर्स्यौट भए।

सरकारवादी फौजदारी मुद्दा तर्फ गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थान मुद्दामध्ये एउटा मात्र फर्स्यौट भयो भने यस वर्ष दर्ता भएका २० थान मध्ये दुई थान फर्स्यौट भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्य				माओवादी							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३	१	३								
घाइते	१	१		१								
गिरफ्तारी/यातना									१	३		३
कुटपिट	३		३	३	१	३		३				
धम्की					३	५		५				
महिलाअधिकार	६		८	८					३		३	३
बालअधिकार	६	१	५	६								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	३		३				
अपहरण					६	११	१	१३				
जम्मा	१८	४	१७	२१	१०	२१	१	२२	३	३	३	४

यसैगरी, देवानी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थान मुद्दामध्ये एउटा फर्स्यौट भयो भने यस वर्ष दर्ता भएका २४ थान मुद्दामध्ये पाँच थान मुद्दा फर्स्यौट भए।

यस वर्षको अन्त्यसम्म जम्मा १ सय १७ थान मुद्दामा २८ थान फर्स्यौट भएको छ भने ८९ थान फर्स्यौट हुन बाँकी रहे। यीमध्ये दुई वर्ष नाघेका मुद्दामा देवानीतर्फका दुई थान रहे।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बाँकु गाविस-५ का ३७ वर्षीय दिलमान राई र हुलु निमावि पावैका शिक्षक वियस राईलाई ०६४ असार १५ गते मादक पदार्थ सेवन गरी झगडा गरेको आरोपमा इलाका प्रहरी कार्यालय सोताङका असई राजेन्द्र खड्कासहितका छ जना प्रहरीले गिरफ्तार गरी कोठामा थुनी चरम यातना दिए। सोही यातनाका कारण घाइते पीडित दिलमान राईलाई गाउँलेले बोकेर सदरमुकाम उपचारका लागि ल्याए पनि उपचार नहुँदा काठमाडौँ लगी उपचार गरे। डीएसपी तेजजङ थापाले प्रहरीद्वारा पीडितलाई यातना दिएको स्वीकार गर्दै कारबाही गर्ने भनिए तापनि कुनै कारबाही गरिएन।

माओवादीद्वारा कुटपिट गरिएका पदमबहादुर मगर

बालअधिकार

काँकु गाविस-२ की १७ वर्षीया बोल्न नसक्ने एक बालिकालाई सोही गाविसका २१ वर्षीय रामप्रसाद राईले ०६३ माघ १७ गते घाँस काट्न गएको अवस्थामा बलात्कार गरी बालिकाले कानमा लगाएको सुनसमेत लुटे। पीडकलाई गाउँलेहरूले समाती प्रहरीसमक्ष बुझाए। पीडकलाई ०६३ माघ १९ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ। मुद्दा जिल्ला अदालतमा विचाराधीन छ।

सल्लेरी गाविस-५ की ८ वर्षीया बालिकालाई आफ्नै बुबा ३८ वर्षीय निमा तामाङले मादक पदार्थ सेवन गरी ०६४ साउन १७ गते र साउन १९ गते दुईपटक कुटपिट गरी दुवै हात र देब्रे खुट्टा भाँचिदिए। पीडित काठमाडौँमा उपचार गराई घर फिर्ता भए। पीडकलाई जिल्ला अदालतले थुनामा राखी पुर्पक्ष गर्ने आदेश दिएको छ।

सल्लेरी गाविस-२ फाप्लुको स्थानीय होटलमा काम गर्ने बासा गाविस-७ की २८ वर्षीया प्रीतिमाया राईले ०६४ असार ११ गते जन्मनासाथ शिशुलाई धारिलो चक्कु प्रहार गरी हत्या गरिन्। पीडकलाई ०६४ भदौ ९ गते पक्राउ गरी ०६४ मङ्सिर २३ गते सर्वस्वसहित जन्मकैद गर्ने गरी जिल्ला अदालतले फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

हिमाल दर्शन उच्च मावि नेचाको कक्षा १० मा अध्ययनरत १६ वर्षीया एक बालिकालाई भारत लगी बेच्न खोज्ने सल्लेरी गाविस-२ का ३८ वर्षीय राम घिमिरे, काठमाडौं जोरपाटी-४ का कर्फु लामा, नुवाकोट गाविस-२ का शेखर गुरुङलाई ०६४ वैशाख १४ गतेदेखि पुर्पक्षका लागि थुनामा राखी कारबाही भइरहेको छ भने अन्य अभियुक्त नेचा गाविस-२ का मित्रबहादुर दमाई, नेचा गाविस-१ का मनबहादुर विक, विदुर नपा-४ का ल्यामु शेर्पा भने फरार छन्। विदेश लाँदै गर्दा पीडितलाई कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा प्रहरी र माइती नेपालद्वारा ०६३ माघ २१ गते नेपाल-भारतको सीमा क्षेत्रबाट उद्धार गरिएको थियो भने पीडकहरू सोही स्थानबाट फरार भएका थिए। पीडितले पीडकहरूलाई मुलुकी ऐन जीउ मास्ने बेच्ने महलको १ नम्बरअनुसार कारबाही गरी पाऊँ भनी ०६३ चैत १२ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकी थिइन्।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

सल्लेरी गाविस-५ निवासी होटल व्यवसायी ३० वर्षीया एक महिलालाई ०६४ असार ३० गते बेलुकी जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान सन्तोष श्रेष्ठले रक्सी खाएर बलात्कार गर्ने प्रयास गरे। पीडकलाई हिरासतमा राखी प्रहरी ऐनबमोजिम विभागीय कारबाही गरिएको डीएसपीले बताए।

सल्लेरी गाविस-५ की ३२ वर्षीया एक महिलालाई ०६४ भदौ १२ गते बेलुकी घरबाट सय मिटर टाढा जङ्गलमा पुऱ्याई सोही स्थानका ३५ वर्षीय दावा लामा, ३२ वर्षीय पेम्बा शेर्पा, ३६ वर्षीय ग्यलजेन शेर्पा र ३२ वर्षीय दावा शेर्पाले बलात्कारको प्रयास गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गरी ०६४ भदौ २८ गते पुर्पक्षका लागि थुनामा राख्यो। आरोपी चार जनामध्ये पेम्बा शेर्पा र दावा लामा ०६४ असोज २० गते र दावा शेर्पा ०६४ असोज २२ गते जनही ५० हजार धरौटी राखी तारिखमा छुटेका छन्। ग्यलजेन शेर्पालाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

नेचाबतासे गाविस-१ की अबोध अशक्त ४० वर्षीया एक महिलालाई सोही ठाउँका २९ वर्षीय जीवनकुमार सार्कीले ०६४ कात्तिक ४ गते बेलुकी बलात्कार गरे। पीडक सार्कीलाई ०६४ कात्तिक १३ गते नेचा प्रहरी चौकीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

प्रहरीद्वारा यातना दिइएका दिलमान राई

बेनी गाविस-८ निवासी पूर्वमाओवादी कार्यकर्ताहरू २६ वर्षीय फुरी शेर्पा, २२ वर्षीय लाक्पा शेर्पा र सल्लेरी गाविस-५ का २२ वर्षीय निमा शेर्पा, २० वर्षीय पेम्बा शेर्पा र १८ वर्षीय गेलु शेर्पाले सामूहिक रूपमा एक थान पेस्तोल, तरबार र खुकुरी देखाई ०६४ मङ्सिर ५ गते ४५ वर्षीया एक महिलालाई जङ्गलमा र ३६ वर्षीया अर्की एक महिलालाई ०६४ चैत १२ गते घरैमा सामूहिक बलात्कार गरे। आरोपीमध्ये गेलु शेर्पा र पेमा शेर्पालाई प्रहरीले पक्राउ गरी मुद्दा चलाइरहेको छ भने अन्य पीडकहरू यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

पारिवारिक हिंसा

सल्यान गाविस-६ बस्ने ४२ वर्षीय दाङिमा शेर्पाले आफ्नी ५५ वर्षीया आमा फुर्वा ङिमा शेर्पालाई घरायसी झगडा हुँदा कुटपिट गरी ०६३ माघ २५ गते खुकुरी प्रहार गरी दाहिने हात काटिदिए र बाबुको समेत हत्या गरे। आमाको स्थानीय स्वास्थ्य चौकीमा उपचार हुन नसक्दा जिल्ला अस्पताल फाप्लुमा राखी उपचार गरिएको थियो। सोही घटनाका पीडकलाई ज्यानसम्बन्धी महलको दफा १३ को उपदफा ३ अनुसार ०६४ असार १३ गते सर्वस्वसहित जन्मकैदको फैसला गरी कारागारमा पठाइएको छ।

पञ्चन गाविस-१ का ३५ वर्षीया अनिता नेपालीलाई खाजा बनाउन नमानेको निहुँमा ०६४ भदौ २४ गते दिउँसो उनका पति ४४ वर्षीय भव नेपालीले कोदालीले कुटपिट गरी हत्या गरे। पीडकलाई गाउँलेले नियन्त्रणमा लिई प्रहरीलाई बुझाएपछि ०६४ भदौ २५ गतेदेखि उनलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

माओवादीको सोलुखुम्बु सङ्गठन समितिले गणतन्त्र नेपाल स्थापना नहुञ्जेलसम्मका लागि प्रत्येक कर्मचारीले मासिक एक दिन बराबरको तलब आर्थिक सहयोगस्वरूप आफ्नो पार्टीलाई बुझाउनुपर्ने ०६४ मङ्सिर २१ गते लेखी सबै कार्यालयमा पत्र पठाई चन्दा माग गरे।

अनेकिसङ्घ (क्रान्तिकारी) ले ०६४ वैशाख २९ गते विस्थापित कुसाङ शेर्पा र दासोना शेर्पाको चौलाखर्क गाविस-८ र ९ मा रहेको जग्गा कब्जा गरे। माओवादीद्वारा हाल सो जग्गामा सामूहिक अलैंची खेती गरिएको छ ।

विगतको अनुगमन

बेपत्ता

माओवादीबाट

माओवादी जनयुद्ध सुरु भएपछि माओवादीबाट अपहरित चार जना पुरुष र एक जना महिलाको अवस्था यस वर्षको अन्त्यसम्म अज्ञात रहेको छ। यसरी बेपत्ता पारिएकाहरूमा सोताङ्ग गाविस-४ केल्चाककी ३९ वर्षीया चन्द्रकुमारी बस्नेतलाई माओवादीले ०६१ वैशाख २० गते घरबाट अपहरण गरे। केरुङ गाविस-३ का एकै परिवारका २२ वर्षीय कामीदाबा शेर्पा र १९ वर्षीय पेम्बा शेर्पा, त्यस्तै केरुङ गाविस-४ का २१ वर्षीय पेम्बा शेर्पा र १८ वर्षीय ग्याल्जेन शेर्पालाई आ-आफ्नो घरबाट ०६१ माघ ९ गते माओवादीले अपहरण गरेका थिए।

मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौँ
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

(१) रौतहटको गौरमा एकै दिन एकै समयमा मधेसी जनअधिकार फोरम र माओवादीनिकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाको आमसभास्थलमा भएको झडपमा २७ जना माओवादी कार्यकर्ता मारिएका थिए। (२) झडप हुनुअघि मधेसी जनअधिकार फोरमले निकालेको जुलुस (३) माओवादीनिकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाले निकालेको जुलुस (४) झडपमा मारिएका माओवादी कार्यकर्ताहरू (५) झडपमा प्रयोग गरिएको बाँसको भाटा।

२.१ धनुषा

जनसङ्ख्या : ७,७७,०२७
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,१८०
गाविस/नपा सङ्ख्या : १०१/१
सरकारी/निजी विद्यालय : ३७१/९
क्याम्पस/उच्च मा.वि. : ७/१८
अस्पताल/स्वास्थ्य चौकी : ३/१०२
मोटर सडक (कि. मि.) : ६६०
प्रहरी कार्यालय सङ्ख्या : ३८
मानव विकास सूचकाङ्क : ०.४४९
प्रतिपरिवार सरदर सङ्ख्या : ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

महोत्तरी जिल्ला फूलहट्टा परिकौली गाविस-२ का १९ वर्षीय राजेश ठाकुरलाई ०६३ माघ १४ गते सशस्त्र प्रहरीले जनकपुर नपा-४ मा मधेसी जनअधिकार फोरमको जुलुसमा सहभागी भएका बेला कुटपिट गरी घाइते भएकामा ०६४ माघ २० गते उनको मृत्यु भयो। जनकपुर अञ्चल अस्पतालमा उपचार गराइरहेका ठाकुरलाई ०६३ माघ १७ गते अस्पतालमा प्रहरी प्रवेश गरी पुन: कुटपिट गर्दा स्थिति अरू बिग्रेकाले थप उपचारका लागि धरान लाँदै गर्दा बाटोमा नै उनको मृत्यु भएको थियो।

भरतपुर गाविस-४ का १८ वर्षीय ब्रह्मदेव ठाकुरलाई ०६४ वैशाख १२ गते ढुङ्गामुढा गरेको आरोपमा प्रहरीले गोली हानी हत्या गऱ्यो। जन्तीको बसमा मधेसी जनअधिकार फोरमलगायतका कार्यकर्ताहरूले सोही गाविसको पूर्वपश्चिम राजमार्गको वीरेन्द्रबजार सडक खण्डमा तोडफोड, लुटपाट र आगजनी गर्दा प्रहरीले लखेटेर उनकै घरनजिक गोली प्रहार गरेको थियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

हैरने गाविस-५ निवासी माओवादी कार्यकर्ता २० वर्षीय विनोद मल्लिकलाई ०६४ साउन ५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले सोही गाविसमा नियन्त्रणमा लिई गोली र धारिलो हतियारले प्रहार गरी हत्या गरे। उनको टाउको पछाडि एक गोली लागेको थियो भने बायाँ हत्केला काटिएको थियो। जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भएको भए पनि कोही पक्राउ परेका छैनन्।

चोराकोयलपुर गाविस-८ का ४५ वर्षीय सत्यनारायण महतोलाई ०६४ कात्तिक १८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले उनकै घरबाट अपहरण गरी गोली र धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडितको लास भोलिपल्ट सोही गाविसको धानखेतमा भेटिएको थियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

सिराहा जिल्ला मलहनिया गाविस-२ निवासी जेटीए ४५ वर्षीय राजकुमार जोशीको ०६४ असार २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले मधेस नछाडेको आरोपमा अपहरणपछि गोली हानी हत्या गरे। राष्ट्रिय धान बाली अनुसन्धान कार्यालय बनिनियाबाट अपहरित जोशीको लास गोपालपुर गाविस-८ मा भेटिएको थियो।

सर्लाही जिल्ला लालबन्दी गाविस-५ का ४० वर्षीय केदार कटुवाललाई ०६४ भदौ २५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सुराकीको आरोपमा बधचौडा गाविसमा रहेको इँटाभट्टाबाट अपहरण गरी केही पर पुऱ्याएर गोली हानी हत्या गरे। जनकपुर अञ्चल अस्पतालमा पोस्टमार्टम गरी आफन्तले लास बुझे।

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

सुनसरी जिल्ला धरान नपा-४ का ३२ वर्षीय कमल राईलाई ०६४ मङ्सिर २५ गते संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले जनकपुर नपा-७ मा गोली हानी घाइते बनाए। जनकपुर अञ्चल

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३१	१६	५	३१					३	३		३
घाइते	९	१३	३	१४					१	१		१
गिरफ्तारी/यातना									६	१३		१३
कुटपिट	५	११	१०	३१					१	१		१
धम्की	३	६		६	१	१		१				
भेला/सङ्गठित हुने अधिकार									३५	३३९	१७	३५६
महिलाअधिकार	११		१३	१३	१		१	१				
बालअधिकार	३	१	१	३					१		१	१
अपहरण	३४	३६	३	३८	३	४	१	५				
जम्मा	६५	६३	३३	१०४	५	५	३	६	३६	३५६	१८	३६४

अस्पतालले थप उपचारका लागि धरान जान सिफारिस गरेकामा उपचारका क्रममा उनको धरान अस्पतालमा मृत्यु भयो । पीडित जनकपुरमा मासु व्यवसाय गरी बस्दै आएका थिए।

तराई टाइगर्सबाट

दिगम्बरपुर गाविस-५ का ६० वर्षीय खड्ग श्रेष्ठलाई ०६४ मङ्सिर २९ गते तराई टाइगर्सका कार्यकर्ताले सोही गाविसको जलाद खोलामा हत्या गरे। बाखा बेच्न सखुवा बजार गई फर्कदै गर्दा उनको दिगम्बरपुर गाविसस्थित जलाद खोलामा हत्या भएको थियो। आर्थिक अभावका कारण कालगतिले मरेको भनी प्रहरीको सर्जमिन मुचुल्कामा सही गरेको पीडित पक्षले बतायो।

अन्यबाट

यज्ञभूमि गाविस-५ निवासी ४५ वर्षीय बाबुनारायण यादवलाई ०६३ माघ १९ गते यज्ञभूमि गाविस-९ निवासी ३० वर्षीय मेघबहादुर लामा, ३१ वर्षीय राजेश लामा, २६ वर्षीय दिलबहादुर घिसिङ, २८ वर्षीय श्यामकुमार लामा, २८ वर्षीय सुधीर लामा, २७ वर्षीय दिलबहादुर लामा, २८ वर्षीय नरेन्द्र राई र सर्लाही जिल्ला पर्कौली गाविस-४ निवासी २७ वर्षीय मनीष लामाले पहाडियाविरुद्ध नाराबाजी गरेको आरोपमा कुटपिट गर्दा सख्त घाइते भए। जनकपुर अञ्चल अस्पतालले थप उपचारका लागि भारतको दरभङ्गा सिफारिस गरेकामा त्यहाँ उपचार सम्भव नभएपछि पटना लाँदै गर्दा माघ २१ गते बाटोमै यादवको मृत्यु भयो। मधेसी जनअधिकार फोरमले आयोजना गरेको मसाल जुलुसमा सहभागी भई लामा बस्तीमा पुग्दा झडप भएको थियो। सोही घटनामा यज्ञभूमि गाविस-५ का ११ वर्षीय सुदीपकुमार मण्डल र १२ वर्षीय रामकुमार मण्डल घाइते भए। उनीहरूको स्थानीय स्वास्थ्य संस्थामा उपचार भएको थियो।

प्रहरीको गोलीबाट मारिएका ब्रह्मदेव ठाकुर

महोत्तरी जिल्ला माईस्थान गाविस-८ का ४० वर्षीय प्रेमबहादुर थापाको ०६४ साउन ३२ गते धनुषाको हरिहरपुर गाविसमा हत्या भयो। महोत्तरीको माईस्थानबाट ट्र्याक्टरमा परबल बेच्न धनुषाको सखुवा महेन्द्रनगर आउँदै गर्दा हरिहरपुर गाविस-४ का रामउदगार महरा, किशोरी महतो, राजकुमार महतोलगायतले कुटपिट गर्दै कोदालो

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	जतमुमो (ज्वाला सिंह) बाट			जतमुमो (गोइत) बाट				संयुक्त जतमुमोबाट			मधेसी टाइगर्सबाट		
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	२	२	२	२	२		२	१	१	१			
घाइते	१	१	१										
कुटपिट	१	१	१	१	४	३	७						
धम्की	१	१	१	२	५		५						
अपहरण	६	७	७	१२	१३	२	१५	१	१	१	१	१	१
जम्मा	११	१३	१३	१७	२४	५	२९	२	२	२	१	१	१

प्रहार गरी हत्या गरे। जिल्ला अदालत धनुषाले तीनै जनालाई पुर्पक्षका लागि भदौ २८ गते जेल चलान गरेको छ।

पतनुका गाविस-७ निवासी काङ्ग्रेस कार्यकर्ता ४२ वर्षीय पवन मण्डललाई ०६४ मङ्सिर ३ गते अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गरे। जनकपुरस्थित घरबाट मङ्सिर २ गते कपलेश्वर महुवा जान भनी हिँडेका मण्डलको बेङ्गाशिवपुर गाविस-७ मा भोलिपल्ट लास भेटिएको थियो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

गोदार गाविस-२ का ७९ वर्षीय वीरबहादुर थापालाई ०६४ साउन २७ गते राति अस्थायी प्रहरी चौकी चिसापानीका असई बलबहादुर खत्रीले उनकै घरमा गोली हानी घाइते बनाए। थापाले आफ्नी नातिनी नदेखाइदिएको आरोपमा मादक पदार्थ सेवन गरी मातिएका असई खत्रीले गोली प्रहार गरेका थिए। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। पीडकलाई छ महिना निलम्वन गरी जिल्ला अदालतमा मुद्दा चलाइएको छ।

तराई बागीबाट

जनकपुर नपा-६ की ३५ वर्षीया कासीदेवी साह ०६४ जेठ ८ गते जनकपुर नपा-१० मा तराई बागी नामक समूहले गराएको सकेट बम विस्फोटमा परी सख्त घाइते भइन्। उनी साँझ किनमेल गर्न बजार गएका बेला विस्फोटमा परेकी थिइन्। उनको पेटमा चोट लागेको थियो। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। उक्त घटनाको जिम्मा तराई बागी तथा जनतान्त्रिक तराई मुक्ति मोर्चा दुवै समूहले लिएका थिए।

सिन्धुली जिल्ला टाँडी गाविस-६ का २५ वर्षीय ध्रुवहरि गौतम, जनकपुर नपा-१० का रामबाबु साह, सोही नपा-६ का २५ वर्षीय सोहन ठाकुर र सोही नपा-११ का ५० वर्षीया दुलारीदेवी ०६४ जेठ १५ गते साँझ जनकपुर नपा-१० मा पाइपबम विस्फोटमा परी घाइते भए। विस्फोटबाट रामबाबु साहको पिठ्यूँ र पेटमा, दुलारी देवीको पेटमा, हरि गौतमको हातमा र सोहन ठाकुरको दायाँ गाला, पिठ्यूँ, बायाँ खुट्टामा घाउ लागेको थियो। उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। सो घटनाको जिम्मेवारी तराई बागी नाम गरेको समूहले लियो।

बेवारिसे बमबाट

उमाप्रेमपुर गाविस-७ का १९ वर्षीय सत्यनारायण राउत ०६४ भदौ ३१ गते उनकै घरभित्र

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) ले अपहरण गरी हत्या गरिएका राजकुमार जोशी

सशस्त्र प्रहरीको कुटपिटबाट घाइते भई उपचारका क्रममा मृत्यु भएका राजेश ठाकुर

रहेको सकेटबम विस्फोट हुँदा घाइते भए। हात र अनुहारमा बमको छर्राले लागी घाइते भएका उनको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। बम कहाँबाट आयो भन्नेबारे पीडितले केही बताउन चाहेनन्।

गोदार गाविस-२ निवासी २६ वर्षीय श्यामबहादुर आले ०६४ पुस ८ गते घाँसदाउरा गर्न सोही गाविस-स्थित दमार जङ्गलमा गएका बेला बेवारिसे बम खेलाउँदा विस्फोट भई घाइते भए। उनको धरानमा उपचार भइरहेको छ।

अन्यबाट

जनकपुर नपा-४ निवासी ४७ वर्षीय तेजनारायण चौधरीलाई अज्ञात समूहले ०६३ पुस १९ गते आफ्नै घरबाट पसलतर्फ आइरहेका बेला नगरपालिकाको विश्वकर्मा चोकमा गोली हानी घाइते बनाए। उनको उपचार जनकपुर अञ्चल अस्पतालमा भएको थियो।

उमाप्रेमपुर गाविस निवासी माओवादी कार्यकर्ता ४० वर्षीय रामजी राउतलाई ०६४ मङ्सिर २९ गते अज्ञात समूहले जनकपुर नपाको महावीर चोकनजिक गोली हानी घाइते बनाए। उनको हात र पिठ्यूँमा गोली लागेको छ। पीडितको थप उपचार धरानमा भयो। जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ असार २९ गते उनलाई उनकै गाउँमा गोली हानी घाइते बनाएका थिए।

बेपत्ता/अपहरण

माओवादीबाट

धनुषाधाम गाविस-४ का ५० वर्षीय रियासत अली नदाफ र उनकी पत्नी ४५ वर्षीय सोनावती खातुनलाई ०६४ वैशाख १५ गते माओवादीले हत्यामा संलग्न भएको आरोपमा उनकै घरनजिकैबाट अपहरण गरे। बरमझिया गाविस-२ का सेना नदाफलाई विदेश पठाइदिन्छु भनी रियासतका छोराले नदाफको हत्या गरी फरार भएको विषय बुझ्न भनी दुवै जनालाई अपहरण गरेका थिए। उनीहरू दुवैलाई वैशाख २३ गते बरमझिया गाविस-२ बाट स्थानीय बासिन्दाको उपस्थितिमा क्षतिपूर्तिबापत २ लाख रुपियाँ तिर्ने सर्तमा मुक्त गरे।

लक्ष्मीपुरवगेवा गाविस-७ का २४ वर्षीय मनोज झा, ४८ वर्षीय विद्यानन्द झा र सिनुरजोडा गाविस-३ का २४ वर्षीय श्रीनारायण साहलाई ०६४ भदौ १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) लाई सहयोग गरेको आरोपमा माओवादीले मनोज र श्रीनारायणलाई जनकपुर नपा-१४ र विधानन्द झालाई सोही नपा-८ बाट अपहरणपछि कुटपिट गरे। पीडितहरूमध्ये श्रीनारायण साह सोही दिन राति जनकपुर नपा-१ बाट मुक्त भए भने मनोज र विद्यानन्द झा सञ्चारकर्मी ईश्वरचन्द्र झाको रोहबरमा ०६४ भदौ ११ गते राति जनकपुर नपा-१० बाट मुक्त भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

बेङ्गाडावर-७ निवासी ७० वर्षीय चित्रबहादुर कार्की र ३० वर्षीय शङ्कर सार्कीलाई ०६४ वैशाख १८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले चुरेभावर एकता समाजलाई सहयोग गरेको आरोपमा शान्तिपुर गाविसबाट अपहरण गऱ्यो। शान्तिपुर गाविसबाट ट्रयाक्टरमा आउँदै गरेका दुवै जनालाई मोर्चाका कार्यकर्ताले अपहरण गरी विग्ही खोलामा पुऱ्याई सो ट्रयाक्टरमा आगजनी गरे। पीडितहरूलाई सोही दिन सोही खोलाबाट मुक्त गरे।

जनकपुर नपा-४ का ३८ वर्षीय नवल साह र सोही नपा-६ का ३५ वर्षीय राजन साहलाई ०६४ जेठ ११ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले आफ्नो घोषणाविरुद्ध हेमबहादुर मल्लको आँपको बगैँचा ठेक्का लिएको आरोपमा धनुषाधाम गाविसबाट अपहरण गरे। पीडितहरूलाई ०६४ जेठ १३ गते सोही गाविसबाट मुक्त गरे।

रघुनाथपुर गाविस-९ का ४० वर्षीय हुसैन नदाफलाई ०६४ जेठ २३ गते जनतान्त्रिक तराई मुक्ति

मोर्चा (गोइत) का कार्यकर्ताले आफ्नो घोषणाविरुद्ध हेमबहादुर मल्लको आँपको बगैँचा ठेक्का लिएको आरोपमा धनुषाधाम गाविस-६ बाट अपहरण गरे। उनलाई भोलिपल्ट घरनजिकबाट मुक्त गरे।

बटेश्वर गाविस-१ का २६ वर्षीय सञ्जीतराज श्रेष्ठले चन्दा नदिएको आरोपमा ०६४ असार ५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले उनकै घरबाट अपहरण गरे। पीडितलाई स्थानीय बासिन्दाको पहल र रोहबरमा सोही राति उनकै घरमा पुऱ्याई मुक्त गरे। पीडित हाल विस्थापित भएका छन्।

जनकपुर नपा-८ का ३० वर्षीय वीरेन्द्र यादवले चन्दा नदिएको आरोपमा ०६४ असार १९ गते उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले बघचौडा गाविस-९ बाट अपहरण गरे। पीडितलाई स्थानीय बासिन्दाको दबाबपछि सोही दिन सुगामधुकरही गाविसबाट मुक्त गरे। उनी निमावि बेल्हीका शिक्षक हुन्।

उमाप्रेमपुर गाविस-५ का माओवादी कार्यकर्ता ४० वर्षीय चन्दर दासलाई ०६४ असार ३१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरनजिकैबाट अपहरण गरी कुटपिट गरी घाइते बनाए। दाहिने खुट्टा भाँचिएका पीडितको धरान अस्पतालमा उपचार गरियो। पीडित हाल विस्थापित भएका छन्।

यज्ञभूमि गाविस-६ का ७२ वर्षीय हर्कबहादुर खड्कालाई ०६४ साउन १४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले चन्दा नदिएको आरोपमा उनकै घरबाट अपहरण गरी कुटपिट गरे। पीडितलाई स्थानीय बासिन्दाको पहल र रोहबरमा सोही राति उमाप्रेमपुर गाविसबाट मुक्त गरे। पीडित हाल विस्थापित भई काठमाडौँमा बस्दै आएका छन्।

रघुनाथपुर गाविस-६ का २२ वर्षीय नरेन्द्रशमशेर राणाले चन्दा नदिएको आरोपमा ०६४ साउन २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घर नजिकैको पोखरीबाट अपहरण गरे। पीडितलाई रामलखन यादव, रामवृक्ष यादव, कलिम मियाँ, हेमप्रसाद राउतको रोहबरमा ०६४ साउन २९ गते सोनिगामा गाविस नजिकबाट मुक्त गरे। पीडित हाल काठमाडौँमा विस्थापित भएका छन्।

भरतपुर गाविस-९ का ५६ वर्षीय शिवपुजन जयसवालले चन्दा नदिएको आरोपमा ०६४ असोज १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले उनलाई घरबाटै अपहरण गरे। पीडित अपहरण गरी राखिएको सिङ्गयाहीमरान गाविसबाट ०६४ असोज १७ गते भागी प्रहरीको सम्पर्कमा आएका थिए। हाल पीडित विस्थापित भई जनकपुरमा बस्दै आएका छन्।

यज्ञभूमि गाविस-५ निवासी शिक्षक ४५ वर्षीय शङ्कर थापालाई ०६४ असोज २२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) को कार्यकर्ताले धनुषाधाम गाविसबाट अपहरण गरे। पीडित स्थानीय शिक्षकको रोहबरमा ०६४ असोज २३ गते कुश्माहा गाविसबाट मुक्त भए।

झडपमा मारिएका बाबुनारायण यादव

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

बटेश्वर-१ का ५५ वर्षीय रामहरि निरौलालाई चन्दा नदिएको आरोपमा ०६४ जेठ २ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले उनकै पसलबाट अपहरण गरे। पीडितलाई चन्दा दिने सर्तमा सोही दिन साँझ ढल्केवर गाविसको औरही खोलाबाट आफन्तको जिम्मामा मुक्त गरे।

लक्ष्मीपुर बगेवा-७ का ३२ वर्षीय वीरेन्द्र झाले आफूविरुद्ध सुराकी गरेको आरोपमा ०६४ जेठ १५ गते उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले समूहले लक्ष्मीपुर वगेवा-५ बाट अपहरण गरे। पीडितलाई राष्ट्रिय मानवअधिकार आयोग जनकपुरका शेरबहादुर वीसी र पत्रकार वीरेन्द्र रमणको रोहबरमा जेठ २३ गते धनुषा महोत्तरीको सिमानाबाट मुक्त गरे।

जनकपुर नपा-७ निवासी २७ वर्षीय ओमप्रकाश चौधरीलाई ०६४ भदौ ८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले विद्यालयको रकम हिनामिना गरेको आरोपमा जनकपुर नपा-१४ बाट अपहरण गरी भदौ ११ गते जनकपुर नपा-१० बाट सञ्चारकर्मी र स्थानीय माओवादी कार्यकर्ताको रोहबरमा मुक्त गरे। पीडित ओमप्रकाशलाई अपहरणको समयमा कुटपिट गरे। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) ले ओमप्रकाश चौधरीलाई र माओवादीले मनोज झा र विद्यानन्द झालाई साटासाट गरी अपहरण मुक्त गरेका थिए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) द्वारा अपहरण गरिएका नरेन्द्रशमशेर राणा

महोत्तरी जिल्ला नैन्ही गाविस-९ का प्रहरी जवान २८ वर्षीय राजकुमार मिश्रले सुराकी गरेको आरोपमा ०६४ भदौ ३१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले उमाप्रेमपुर गाविसबाट अपहरण गरे। उनलाई राष्ट्रिय मानवअधिकार आयोग जनकपुरका शेरबहादुर वीसी र पत्रकार वीरेन्द्र रमणको रोहबरमा ०६४ असोज २ गते सखुवा महेन्द्रनगर गाविसबाट मुक्त गरे।

पौडेश्वर गाविस-४ का ४४ वर्षीय रामचन्द्र यादव र महोत्तरी जिल्ला मेघरौल गोरहन्ना गाविस निवासी ४९ वर्षीय महेन्द्र सिंहलाई चन्दा नदिएको आरोपमा ०६४ असोज १६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले जनकपुर नपा-४ बाट अपहरण गरे। पीडितहरूलाई गाविस सचिव हकहित संरक्षण केन्द्र धनुषाका अध्यक्ष रामपुकार यादवको रोहबरमा ०६४ असोज १७ गते राति जनकपुर नगरपालिकाको रामानन्द चोकबाट मुक्त गरे। सिंह कनकपट्टी गाविसका सचिव हुन् भने यादव प्राविधिक सहायक पदमा कार्यरत छन्।

सिङ्गायाहीमरान गाविस-७ का ४६ वर्षीय उमेश मण्डलले विद्यालयको रकम हिनामिना गरेको आरोपमा ०६४ मङ्सिर ११ गते उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे । पीडितलाई स्थानीय बासिन्दा र शिक्षकहरूको उपस्थितिमा ०६४ मङ्सिर १२ गते सोही गाविसस्थित विद्यालयबाट मुक्त गरे। पीडित दिलक बौकु माविका प्रधानाध्यापक हुन्।

मधेसी मुक्ति टाइगर्सबाट

सिनुरजोडा गाविस निवासी ३२ वर्षीय राजु सुवेदीलाई ०६४ पुस २ गते मधेसी मुक्ति टाइगर्सले बटेश्वर बजारबाट अपहरण गरे। पीडितलाई ०६४ पुस ७ गते आफन्तको जिम्मा लगाई सोही ठाउँबाट मुक्त गरे।

अन्यबाट

सिन्धुली जिल्ला सिर्थौली गाविस-३ को महिला सांस्कृतिक उत्थान केन्द्र महोत्तरी, बर्दिवासमा कार्यरत २९ वर्षीय गणेश आचार्यलाई ०६४ साउन २३ गते अज्ञात समूहले जनकपुर नपा-१ बाट साथमा रहेको ९ लाख १४ हजार रुपियाँ र एक थान मोबाइलसहित अपहरण गऱ्यो। पीडितलाई कुटपिट गरी ०६४ साउन २५ गते जनकपुर नपाको जिरोमाइलबाट मुक्त गरे।

भुतही पटेर्वा गाविस निवासी ५६ वर्षीय राजकिशोर यादवलाई ०६४ कात्तिक १४ गते अज्ञात समूहले जनकपुर नपा-२ बाट अपहरण गरे। जिल्ला विकास समितिको कार्यालयबाट काम सकी डेरातर्फ फर्कंदै गर्दा उनी अपहरणमा परेका थिए। पीडितलाई गाविस सचिव हकहित संरक्षण केन्द्र धनुषाका अध्यक्ष रामपुकार यादव र सामाजिक कार्यकर्ता मनोज झाको रोहबरमा ०६४ कात्तिक १६ गते ठेराकचुरी गाविसबाट मुक्त गरे।

गोदार गाविस-३ निवासी ५० वर्षीय महादेव महतोलाई ०६४ कात्तिक १४ गते अज्ञात समूहले उनको घरअगाडिबाट अपहरण गरे। मोटरसाइकलबाट आएका चार जना हतियारधारी समूहले अपहरण गरी पीडितलाई दुई दिनपछि मुक्त गरे। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) केन्द्रीय सदस्य राजन मुक्तिले मोर्चाका नाममा स्वामीजी भन्ने व्यक्तिले अपहरण गरी फिरौती लिई मुक्त गरेको बताए।

धम्की/कुटपिट

राज्यबाट

जनकपुर नपा-७ निवासी २३ वर्षीय शेखर कार्कीलाई ०६४ जेठ २३ गते प्रहरीले चोरी गरेको आरोपमा घरबाट बोलाएर लगी जनकपुर नपा जिरोमाइलस्थित रामचन्द्र साहको पसलमा थुनेर कुटपिट गरे । कुटपिटबाट पीडितको पिठ्यूँ, कम्मर, तिघ्रा र हातमा नीलडाम भएको थियो।

माओवादीबाट

काठमाडौँ जिल्ला कामनपा-१० निवासी ३० वर्षीय केशव तोनाबासुले माओवादीलाई पुरानो बक्यौता चन्दा नदिएको आरोपमा ०६३ चैत १६ गते मार्ने धम्की दिए। उनी खजुरी चन्हा गाविसस्थित केएचएसएचबीको भवन निर्माण गर्ने ठेकेदार हुन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

मोरङ जिल्ला इटहरा गाविस-३ का ३५ वर्षीय विष्णुप्रसाद निरौलाले चन्दा नदिएको आरोपमा ०६४ मङ्सिर २८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत)

का कार्यकर्ताले मार्ने धम्की दिए। सामुदायिक भूमिगत जल सिँचाइ सेक्टर आयोजना जनकपुरमा लेखापाल पदमा कार्यरत निरौलासँग ५ लाख रुपियाँ चन्दा मागेकामा हाल उनी सरुवा भई काठमाडौँमा छन्।

दिगम्बरपुर गाविस-८ निवासी ५९ वर्षीय हेमप्रसाद श्रेष्ठ, ३२ वर्षीय ओमकृष्ण श्रेष्ठ, १८ वर्षीय दुर्गा श्रेष्ठ, १६ वर्षीय रेणु श्रेष्ठलगायत चार जना ०६४ भदौ १ गते विस्थापित भए। जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले दुर्गा र रेणुलाई अपहरण गरी मार्ने धम्की दिएकाले श्रेष्ठ परिवार विस्थापित भयो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

सपही गाविस-१ निवासी ३५ वर्षीय लक्ष्मेश्वर यादवलाई ०६४ जेठ १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) ले लक्ष्मीपुरबगेवा गाविस-५ मा बसिरहेको अवस्थामा खुकुरी प्रहार गरी घाइते बनाए। उनको स्थानीय क्लिनिकमा उपचार भयो।

चुरेभावर एकता समाजबाट

ढल्केबर गाविस निवासी ४५ वर्षीय रामकृपाल साहलाई ०६४ साउन २८ गते चुरेभावर एकता समाजका कार्यकर्ताले बन्द अवज्ञा गरेको आरोपमा बेङ्गाडावर गाविस-९ स्थित रातु खोलानजिक कुटपिट गरे। महोत्तरीको टुटेश्वर महादेवको दर्शन गर्न स-परिवार जाने क्रममा कुटपिट गरेका थिए। कुटपिटको विरोधमा स्थानीय बासिन्दा र पीडित परिवारले ढल्केबर बजार बन्द गराए भने स्थितिलाई नियन्त्रणमा लिन प्रशासनले कर्फ्यु लगायो।

गैरकानुनी गिरफ्तारी

जनकपुर नपा-१३ का १६ वर्षीय शङ्कर राउत, १६ वर्षीय शम्भु राउत, १६ वर्षीय जीतेन्द्र पासवान र नपा-१४ का अनवर धोबीलाई ०६४ वैशाख ८ गते प्रहरीले डकैती गरेको आरोपमा घरघरबाट गिरफ्तार गऱ्यो। उनीहरूलाई बिनापुर्जी तथा कुनै मुद्दा नलगाई ११ दिनसम्म गैरकानुनी थुनामा राखी वैशाख १९ गते रिहा गरियो।

नौवाखोर पर्साही गाविस-४ का आठ वर्षीय रामएकवाल ठाकुर, झटियाही गाविसका २० वर्षीय देवन ठाकुर र नौवाखोर पर्साही गाविसका २२ वर्षीय इसराइल नदाफलाई ०६४ असार ७ गते प्रहरीले झगडा गरेको आरोपमा माचिलगमा गाविसबाट गिरफ्तार गऱ्यो। उनीहरूलाई बिनापुर्जी र कुनै मुद्दा नलगाई ०६३ असार १३ गते जिल्ला प्रहरी कार्यालय जनकपुरबाट रिहा गरियो।

जनकपुर नपा-१४ निवासी ३५ वर्षीय रामनरेश यादव र कास्की जिल्ला निघुरे गाविस-२ निवासी २५ वर्षीय विष्णु गुरुङलाई ०६३ चैत १७ गते राति नगरका विभिन्न स्थानमा बम विस्फोट गराएको आरोपमा प्रहरीले घरबाट गिरफ्तार गऱ्यो। पक्राउ पुर्जी र थुनुवा पुर्जीबिना गिरफ्तार गरिएका दुवै जना केही दिनपछि रिहा भए।

प्रहरीद्वारा यातना दिइएका लालबाबु मण्डल

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जनकपुर नपा-८ का जीतेन्द्र पाण्डे, महाशङ्कर ठाकुर, जिवछी साह, सञ्जयकुमार यादव, अरविन्दकुमार कर्ण, नपा-७ का ओमप्रसाद चौधरी, मनोजनाथ झा, पप्पुकुमार झा, नपा-४ का उमेश साह, जिवछ ठाकुर, नपा-२ का श्यामसुन्दर यादव, नपा-१६ का कैलाश साह, नपा-१ का तौवीर आलम, धनेश्वर पासवान, सिराहा नपा-४ का २४ वर्षीय वीरेन्द्रप्रसाद साह, बलहाकठाल गाविस-६ का ५० वर्षीय विष्णुदेव यादव, महोत्तरी खैरबन्नी गाविस-५ का कुशलकिशोर यादव, सर्लाही जिल्लाका राजन ठाकुर, हंसपुर गाविसका रमेशकुमार यादव, महोत्तरीका सञ्जय ठाकुर, हंसपुर गाविस-३ का रामसागर, सिसवाकटैया गाविस-४ का अमेन्द्र कर्ण, जमुनिया गाविस-३ का विनोदकुमार यादव, महोत्तरी कविलासा गाविस-८ का सञ्जय यादव, धनुषा देवरारूपैठा गाविस-६ का प्रदीपकुमार साह, सर्लाही सिसौटिया गाविस-१ का मुरारीकुमार झा, महोत्तरी एकरहिया गाविस-१ का सञ्जय ठाकुर, धनुषा माचिझिटकहिया गाविस-६ का शम्भु यादवलाई ०६३ माघ १० गते प्रहरीले मधेसी जनअधिकार फोरमले गरेको प्रदर्शनका क्रममा जनकपुर नपाको मिल्स एरिया र भानुचोकमा लाठी प्रहार गरी घाइते बनाए। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

जनकपुर नपा-१२ का रामविहारी राय, अजयकुमार यादव, जनकपुर नपा-११ का रञ्जित झा, नपा-२ का पवनकुमार साह, राजकुमार कर्ण, चन्द्रशेखर साह, विजय मिश्र, नपा-९ का माधव महतो, जनकपुर नपा-८ का सञ्जयकुमार यादव, मो हुसैन, सत्यनारायण राय, नपा-७ का विकेस साह, नपा-४

मालिकद्वारा कुटपिट गरिएका सरोज चौधरी

का राजेश कर्ण, राकेशकुमार साह, दीनबहादुर ठाकुर, अरविन्दकुमार मण्डल, महेशकान्त झा, विक्रम झा, सरोज झा, नपा-६ का शिवकुमार ठाकुर, नपा-३ का अजितकुमार मण्डल, नपा-५ का विलम्वर झा, सिराहा नपा-३ का अशोककुमार यादव, महोत्तरी सुन्दरपुर गाविस-२ का कामेश्वर यादव, धनुषा लोहना गाविस-४ का केशव ठाकुर, सिराहा मिर्चैया गाविस-३ का रञ्जित साह, सर्लाही हंसपुर गाविस-२ का राजेश कुमार, सिसौटिया गाविस-३ का अखलेश साह, पेशवकुमार यादव, धनुषा सुगामधुकरही गाविस-८ का उमेशकुमार राउत, बेङ्गाशिवपुर गाविस-२ का हीरालाल यादव, सत्तोखर गाविस-६ का मनोजकुमार दत्त, हरिहरपुर गाविस-४ का ओमप्रकाश मण्डल, धनुषाधाम-३ का प्रमोद साह, वसबिट्टी गाविस-३ का नागेन्द्र मण्डल, महोत्तरी साँढा गाविस-२ का सुशीलकुमार सिंह, महोत्तरी हतिसर्वा गाविस-३ का रमेन्द्रकुमार चौधरी, जमुनिया गाविस-२ का उमेशकुमार यादव, सिराहा मिर्चैयाकाका वीरेन्द्रकुमार साह, धनुषा कुर्था गाविस-८ का माधव साह, घोरघास गाविस-८ का विजयकुमार महतो, बनिनिया गाविस-६ का सरोज यादव, बिन्ही गाविस-६ का शिवकुमार दास र सन्तोषकुमार साहलाई सशस्त्र र जनपथ प्रहरीले मधेसी आन्दोलनका क्रममा जनकपुर नपा-४ मा कर्फ्यु उल्लङ्घन गरेको आरोपमा ०६३ माघ ११ गते लाठीचार्ज गरी घाइते बनाए। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

जनकपुर नपा-४ का रञ्जित महतो, राजेश झा, सञ्जय पाण्डे, सुधेशकुमार पाण्डे, चन्देश्वर साह, दीपेन्द्र झा, पारस ठाकुर, देवनारायण कर्ण, हरिवसन्त यादव, श्रीप्रसाद पण्डित, नपा-३ का पतेश्वर साह, राजेश झा, नपा-२ का विजय साह, धर्मनाथ साह, सजय मेस्तर, रामपुकार मेस्तर, धमेन्द्र साह, मुकेश कर्ण, नपा-१३ का रामप्रसाद राउत, नपा-८ का जिवछ मुखिया, राकेश यादव, लोकेन्द्र साह, विर्जुकुमार यादव, बाबुल कुमार साह, कमललाल कर्ण, जितेन्द्र झा, दीनबन्धु ठाकुर, नपा-१ का राजेश जालान, नपा-७ का फौची दास, मोहन पण्डित, नपा-६ का पवन साह, सिराहा कविलासी गाविस-२ का राजकुमार यादव, नपा-२ का सन्तोषकुमार सिंह, महोत्तरी पिपरा गाविस-३ का बबुलप्रसाद साह, झोली तनौजी गाविस-३ का बबुल झा, धनुषा लगमा-३ का दिलीपकुमार योइत, यदुकुहा गाविस-५ का सन्तोषकुमार मण्डल, बिन्ही गाविस-६ का अशोककुमार यादव, शान्तिपुर गाविस-१ का शिवकुमार झा, कुर्था गाविस-४ का वीरेनकुमार साह, सोही गाविस-६ का श्रवणकुमार साह, सोही गाविस-२ का लक्ष्मीनारायण साह, बघचौडा गाविस-६ का विजयकुमार यादव, पिपरिया गाविस-८ का रामसरोज सहनी, यदुकुहा गाविस-६ का बेचनी खातुन, जिल्ला सर्लाही बरथवा गाविस-४ का छोटा राजन ठाकुरलाई ०६३ माघ १२ गते सशस्त्र र जनपदका प्रहरीले कर्फ्यु उल्लङ्घन गरेको आरोपमा जनकपुर नपाको भानुचोक, मिल्स ऐरिया, बसहिया रोड, रामानन्द चोकमा मधेसी आन्दोलनका क्रममा लाठी प्रहार गरी घाइते बनाए। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

जनकपुर नपा-४ का प्रदीपकुमार ठाकुर, मुहिम नदाफ, मो जाकिर, ध्रुवनारायण, विजय मिश्र, भरत पजियार, रामराजी देवी, शङ्कर शर्मा, नपा-६ का १७ वर्षीया सल्मा खातुन, १२ वर्षीया तुसीम अन्सारी, १२ वर्षीया ताहिर अन्सारी, २० वर्षीया अजिमा खातुन, ३५ वर्षीया बुरेसा खातुन, २५ वर्षीया हमिदा खातुन, १८ वर्षीया कलाम अन्सारी, ४८ वर्षीया मोती नदाफ, १४ वर्षीया इसराफिल अन्सारी, जितेश्वर कापड, ईश्वरदेव मण्डल, नपा-७ का शम्तियाज अहमद, अब्दुल अहमद, नपा-६ का बाबु साह, नपा-८ का सुरज यादव, रामदेव मण्डल, नपा-५ का मुन्नादर्जी, नपा-५ का ४० वर्षीय राजु ठाकुर, नपा-८ का २२ वर्षीय दिनवन्दु ठाकुर, धनुषा मखनाहा-४ की रेशमा देवी, सोही गाविस-८ की गङ्गावती देवी, करैया गाविस-४ का बाबुजी मास्टर, अरिहानी गाविस-६ का सञ्जयकुमार साह, फूलगामा गाविस-७ का विन्देश्वर ठाकुर, महेन्द्रनगर-८ का शत्रुधन यादव र शम्भु यादव, मखनाहा गाविस-८ की सीतादेवी, भुल्ली देवी, बुद्धिदेवी, धनुषाधाम-२ की राधादेवी, उर्मिला देवी, देवपुरा रूपैठा गाविस-३ का २५ वर्षीय प्रदीप ठाकुर, यज्ञभूमि गाविस-५ का १२ वर्षीय सञ्जीवकुमार मण्डल, भुतही पर्टेवा गाविस-६ की २९ वर्षीया सीतादेवी, सर्लाही

बबरगञ्जका रूपेशप्रसाद साह, जिल्ला महोत्तरी सोनामाई गाविस-७ का विपीन चौधरी, रतौली गाविस-४ का विजय ठाकुर, महोत्तरी गाविस-१ का माधव साह, सोही गाविस-५ का राजु ठाकुर, सन्तोष ठाकुर, सोही गाविस-६ का गिरधारी कापड, मटिहानी गाविस-४ का रञ्जीत साह, राजेन्द्र साह, जिल्ला महोत्तरी सोनामाई गाविस-४ का २० वर्षीय विपीन चौधरी, जिल्ला सिराहा चोहर्वा गाविस-१ का २७ वर्षीय साधुराम महतो, भारत सीतामढीका राजन ठाकुरलाई ०६३ माघ १४ गते सशस्त्र र जनपद प्रहरीले जनकपुर नपाको विद्यापति चोक, जानकी चोक, रामानन्द चोक, जनकचोक, भानुचोक र मिल्स ऐरियामा मधेसी आन्दोलनका क्रममा लाठी प्रहार गरी घाइते बनाए। सो क्रममा जानकी मन्दिरपछाडि रहेको मुस्लिम बस्तीमा मदरसा र घरघरमा प्रवेश गरी सर्वसाधारण महिला तथा प्रदर्शनकारीहरूलाई प्रहरीले कुटपिट गरे। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

जनकपुर नपा-६ का अजाबुन अहमद, शम्भु ठाकुर, नपा-५ का खुसमुदा खातुन, वसिर खान, नपा-८ का १७ वर्षीय विनिता कुमारी, नपा-४ का शिवम् ठाकुर, असेश्वर ठाकुर, नपा-९ का रोशनकुमार साह, राहुलकुमार मण्डल, कृष्ण साह, नपा-१ का विनयकुमार साह, इजाज अहमद, मो अरमान, नपा-१३ का रेशम मण्डल, धनुषा बमनगामा टोलका रामबाबु राउत, चोहराकोयलपुर गाविस-१ का विजयकुमार यादव, बसहिया गाविस-९ का विपीन यादव, भुतहीपर्टेवा गाविस-३ का धीरज साह, बहुहर्वा गाविस-२ का गङ्गा यादव, शिवनाथ यादव, कुर्था गाविस-६ का लालबाबु साहलाई ०६३ माघ १५ गते सशस्त्र र जनपद प्रहरीले कर्फ्यु उल्लङ्घन गर्दै सार्वजनिक सम्पत्ति तोडफोड गरेको आरोपमा जनकपुर नपा विद्यापति चोक र रामानन्द चोकमा मधेसी आन्दोलनका क्रममा प्रदर्शनकारी सर्वसाधारणलाई लाठी प्रहार गरी घाइते बनाए। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

जनकपुर नपा-२ का महेन्द्र शर्मा, नपा-१४ का सुरेश ठाकुर, मिथिलेश शर्मा, मनीषकुमार साह, नपा-३ का प्रताप पौडेल, बेचन साह, नपा-८ का भूषण यादव, शैलेन्द्र यादव, बरमझिया गाविस-८ का सञ्जीतकुमार यादव, कनकपटी गाविस-८ का विजयकुमार यादव, जिल्ला महोत्तरी दनौली बनौली गाविस-८ का सुन्नी चौधरीलाई ०६३ माघ १६ गते जनपद तथा सशस्त्र प्रहरीले सार्वजनिक तथा निजी सम्पत्ति तोडफोड गरेको आरोपमा जनकपुर नपामा मधेसी आन्दोलनका क्रममा लाठी प्रहार गरी घाइते बनाए। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

जनकपुर नपा-६ का २७ वर्षीय मोहम्मद कैफ र जिल्ला महोत्तरी गौशाला-७ का २९ वर्षीय भुल्ला सहनीलाई ०६३ माघ १७ गते सशस्त्र प्रहरीले जनकपुर नपामा मधेसी आन्दोलनका क्रममा लाठी प्रहार गरी घाइते बनाए। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

जनकपुर नपा-३ का ३२ वर्षीय भरत साह, २५ वर्षीय गोविन्द खड्का, नपा-५ का २८ वर्षीय राजकुमार शर्मा, कनकपटी गाविस-३ का सत्रुधन यादव र मिथिलेश्वर निकास गाविस-९ का ३१ वर्षीय कमल हुसेनलाई ०६३ माघ १९ गते सशस्त्र प्रहरीले सरकारी र निजी सम्पत्ति तोडफोड गरेको आरोपमा जनकपुर नपा-२ मा मधेसी आन्दोलनका क्रममा लाठी प्रहार गरी घाइते बनाए। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

जनकपुर नपा-६ का जितेन्द्र मण्डल यज्ञभूमि गाविस-५ का परीक्षण यादव, सञ्जीतकुमार मण्डल, रामकुमार यादव, विसरभोरा गाविस-५ का चन्द्रदेव यादव, जिल्ला महोत्तरी धिरापुर गाविस-६ का पास यादव, लालबाबु यादव, पप्पु यादव, अजङ्कार गाविस-५ का रूपेश यादवलाई ०६३ माघ २० गते सशस्त्र प्रहरीले सवारी साधन तोडफोड गरेको आरोपमा जनकपुर नपा-८ मा मधेसी आन्दोलनका क्रममा लाठी प्रहार गरी घाइते बनायो। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

जनकपुर नपा-६ का ४२ वर्षीय रामकृपाल यादव ०६३ माघ २१ गते जनकपुर नपा-६ का ३० वर्षीय रविकुमार साह, नपा-१ का २४ वर्षीय बुधेश्वर साह, नपा-४ का २१ वर्षीय बद्रीनारायण ठाकुरलाई ०६३ माघ २५ गते सशस्त्र प्रहरीले उच्छृङ्खल गतिविधि गरेको आरोपमा जनकपुर नपा-४ मा मधेसी आन्दोलनका क्रममा लाठी प्रहार गरी घाइते बनाए। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

जनकपुर नपा-१ का शत्रुधन साह, सोही नपा-५ का दीपककुमार साह, सोही नपा-१० का झगरु दास, सोही नपा-१३ का मिथिलेश्वर, सोही नपा-१४ का सत्यनारायण यादव, गोविन्द साह, अनवर साफी, सूर्यनारायण यादव, राजेश राउत, उपेन्द्र यादव, सोही नपा-१६ का पार्वती देवी, लक्षिपुर बगेवा गाविस-७ का

राजकिशोर झा, बसबिटी गाविस-३ का नागेन्द्र मण्डल, धनुषाधाम गाविस-३ का तेजीलाल साह, जमुनिया गाविस-४ का उमेशकुमार, जिल्ला महोत्तरी दनौली बनौली गाविस-८ का योगितानन्द झालाई ०६३ माघ २२ गते सशस्त्र प्रहरीले साम्प्रदायिकता भड्काउन खोजेको आरोपमा मधेसी आन्दोलनका क्रममा लाठी प्रहार गरी घाइते बनाए। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

जनकपुर नपा-१ का लालबाबु झा, सोही नपा-४ का लक्ष्मीदेवी, सोही नपा-९ का रामउदित राय, सोही नपा-१२ का अनिलकुमार चौधरी, बसैया गाविस-६ का सञ्जीतकुमार राय र जयशङ्कर रायलाई ०६३ माघ २३ गते सशस्त्र प्रहरीले तोडफोड र आगजनी गरेको आरोपमा मधेसी आन्दोलनका क्रममा जनकपुर नपामा लाठी प्रहार गरी घाइते बनाए। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्के।

महोत्तरी जिल्ला महोत्तरी गाविस-३ का २७ वर्षीय दीपककुमार झा, जनकपुर नपा-१ का २९ वर्षीय राजेश जलान, हरनी गाविसका सञ्जय साह, शम्भुनाथ झा, महोत्तरी सरहा गाविसका २६ वर्षीय सुशील सिंहलाई ०६४ वैशाख ८ गते सशस्त्र प्रहरीले जनकपुर नपाको जनकचोकमा टायर बालेको आरोपमा लाठीचार्ज गरी सख्त घाइते बनाए। पीडितहरूमध्ये दीपककुमार झा र सुशील सिंहको पटनास्थित इन्दिरा गान्धी इन्स्टिच्युटमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा ६ सय १ थानमध्ये ३ सय ३ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ६ सय ८० थानमध्ये ३ सय ७३ फर्स्यौट भए।

त्यसैगरी सरकारी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ६३ थानमध्ये २९ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ७० थान मुद्दामध्ये ३० थान फर्स्यौट भए।

देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १ हजार ६ सय ३७ थान मुद्दामध्ये ६ सय ७८ फर्स्यौट भए भने यसवर्ष दर्ता भएका १ हजार ३ सय २४ थान मुद्दामध्ये ७ सय २३ फर्स्यौट भए । यसरी यस अदालतमा २ हजार २ सय ३९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माचिभिटकैया गाविस-५ निवासी २४ वर्षीय लालबाबु मण्डल सोही गाविस-६ निवासी २० वर्षीय सुभास यादव र बलहासघारा गाविस-५ निवासी २० वर्षीय मनोजकुमार मण्डललाई ०६४ असार ७ गते प्रहरीले हतियार राखेको आरोपमा धबौली गाविसबाट गिरफ्तार गरी इलाका प्रहरी कार्यालय यदुकुहामा लाठीले कुटपिट गरी यातना दिए। कुटपिटबाट उनीहरू तीनै जनाको पिठ्यूँ, टाउको र हातमा चोट लागेको थियो। प्रहरीले उनीहरूलाई हातहतियार तथा खरखजाना मुद्दा लगाएकामा जिल्ला प्रशासन कार्यालयबाट ०६४ असार १४ गते जनही १ हजार २ सय रुपियाँ धरौटीमा रिहा भए। उनीहरू माओवादीका एरिया कमिटी सदस्य हुन्।

बालअधिकार

फूलगामा गाविस-९ की १० वर्षीया रिनाकुमारी यादवलाई ०६३ माघ २३ गते अज्ञात समूहले आफ्नो घरबाट दिदीको घर जाँदै गर्दा फूलगामा गाविस-१ मा बलात्कार गरी हत्या गऱ्यो। पीडितको लास भोलिपल्ट भेटिएको थियो। पीडकको पहिचान हुन सकेको छैन।

महोत्तरी जिल्ला डाम्हीमडै गाविस-३ घर भएका होटल मजदुर १२ वर्षीय सरोज चौधरीलाई ०६४ वैशााख २८ गते जनकपुर नपा-६ निवासी मिठाई पसल सञ्चालक ४२ वर्षीय हंसराज साहले विवाहको लगनमा काम नगरेको आरोपमा सोही पसलको भान्सा कोठामा थुनेर रडले कुटपिट गरे। कुटपिटबाट बालकको पिठ्यूँ, पाखुरा, तिघ्रा, हातमा चोट लागेको थियो। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भएकामा थप उपचारका लागि काठमाडौँस्थित वीर अस्पतालमा लगिएको थियो। प्रहरीले पीडकलाई गिरफ्तार गरी औषधि खर्च र क्षतिपूर्तिबापत १ लाख रुपियाँ तिराई रिहा गऱ्यो।

भरतपुर गाविस-४ का १५ वर्षीया एक बालिकालाई ०६४ भदौ २७ गते सोही ठाउँका ३० वर्षीय रामबाबु जयसवालले उखुबारीमा बलात्कार गरे। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भएको थियो। पीडिकलाई अदालतको आदेशले पुर्पक्षका लागि थुनामा राखिएको छ।

खरियानी गाविस-८ की आठ वर्षीया श्यामकलाकुमारी यादवको ०६४ कात्तिक १९ गते अज्ञात समूहले हत्या गरे। कात्तिक १५ गते छिमेकीको

घरमा टीभी हेर्न घरबाट हिँडेकी बालिका यादवको हात-पाखुरामा धारिलो हतियारले काटी टाउको गाडिएको अवस्थामा घरनजिकैको धानखेतमा लास भेटियो। आफ्नी छोरीसँग यौन दुर्व्यवहार गरी हत्या गरिएको आशङ्का पीडितका पिताले व्यक्त गरे। घटनामा संलग्न कोही पनि पक्राउ परेका छैनन्।

लक्ष्मीपुरबगेवा गाविस-५ का १० वर्षीय अमरजीत यादवको ०६४ मङ्सिर ५ गते सोही गाविसका २५ वर्षीय रोशनकुमार झा र २२ वर्षीय अलिक कवारीले बिस्कुट चोरेको आरोपमा हत्या गरे। पीडित बालकको सोही गाविसमा राखिएको पुरानो बसभित्र घाँटीमा पासो लगाइ झुण्ड्याइएको अवस्थामा भोलिपल्ट लास भेटिएको थियो। घटनामा संलग्न भएको आरोपमा सोही गाविसकी ४० वर्षीय उषादेवी झालाई प्रहरीले पक्राउ गरेको छ।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

भरतपुर गाविस-५ निवासी ३५ वर्षीया एक महिलालाई ०६४ वैशाख १० गते सोही वडाका ३२ वर्षीय मुस्तफा लहेरीले पेस्तोल देखाई सोही गाविसमा रहेको पूर्व-पश्चिम महेन्द्र राजमार्गको वीरेन्द्र बजार सडक खण्डमा राति ९ बजे बलात्कार गरे। पीडकलाई स्थानीय बासिन्दाले आर्थिक जरिवाना र कुटपिट गरे। पीडितले न्यायमा चित्त नबुझेको भन्दै प्रहरीमा उजुरी गरिन्। पीडक पक्राउ परेका छैनन्।

चक्कर गाविस-७ की ३५ वर्षीया र ३२ वर्षीया दुई महिलालाई ०६४ भदौ २५ गते सोही गाविस-२ का २८ वर्षीय वैधनाथ साह, ४० वर्षीय डोमा सहनी, ३८ वर्षीय गफुर मनसुरी, ३० वर्षीय नथुनी साह र सोही गाविस-३ का २८ वर्षीय विनय पाण्डेलगायतले पीडितहरूकै घरमा लुटपाट गरी बलात्कार गरे। पीडितहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भएको थियो। घटनामा संलग्न कोही पनि पक्राउ परेका छैनन्।

पारिवारिक हिंसा

गोदार गाविस निवासी २९ वर्षीय शान्तिदेवी साहलाई ०६४ वैशाख २२ गते उनकै देवर २७ वर्षीय मिठु साहले सिमाना मिचेको आरोपमा दाउराको चिरपटले कुटपिट गरी सख्त घाइते बनाए। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भएको थियो। प्रहरीले दुवै पक्षलाई बोलाई छलफलपश्चात् पीडकलाई ०६४ जेठ १ गते ७ हजार रुपियाँ क्षतिपूर्तिबापत जरिवाना तिरायो। यस्तैखाले सातओटा घटनामा सात जना महिला पीडित भए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

मधेसी जनअधिकार फोरमको अगुवाइमा धनुषामा यस वर्ष चलेको आन्दोलनका क्रममा भएको तोडफोड, आगजनी र लुटपाटबाट सरकारी र निजी गरी कुल ७ करोड २१ लाख १७ हजार ६४ रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयले जनायो। यस अवधिमा डा. रामवरण यादवको ६ लाख ८६ हजार ९ सय २०, देवराज राईको ४ लाख १९ हजार ६ सय ६५, गणेशप्रसाद खरेलको ३ हजार ७ सय, सन्देश श्रेष्ठको ९ लाख, भोलानाथ महतोको ३ लाख, कृष्ण गिरीको ९४ लाख ६६ हजार, श्रवणकुमार सिंहको २५ लाख ७२ हजार ३ सय २०, भरतप्रसाद अधिकारीको १५ लाख ६५ हजार ४ सय ६४, यज्ञबहादुर श्रेष्ठको ३ लाख १६ हजार ७०, जनज्योति श्रेष्ठको ५० हजार, गोपाल श्रेष्ठको १५ लाख ८० हजार, राजेश थापाको ८ लाख २५ हजार, दामोदरप्रसाद उपाध्यायको ३ लाख ४४ हजार ६ सय ७८, सरस्वती श्रेष्ठको २ लाख ८१ हजार ३ सय ५०, निरञ्जन श्रेष्ठको ५२ लाख ५७ हजार ४ सय २६, राम खतिवडाको ७२ हजार ७५, सञ्जय श्रेष्ठको ९ लाख ९४ हजार ४ सय २५, धमेन्द्रकुमार साहको २० हजार, लक्ष्मण अर्यालको ९ लाख ६४ हजार ६ सय ४४, चन्द्रदेव देवानको ३ लाख ८८ हजार र विजय टान्सपोर्टको ६ लाख ५४ हजार गरी जम्मा २ करोड ८८ लाख ८५ हजार ७ सय ३७ रुपियाँ बराबरको निजी सम्पत्ति क्षति भएको पीडितहरूले जिल्ला प्रशासन कार्यालय धनुषामा दिएको निवेदनमा दाबी गरेको पाइयो।

मधेसी आन्दोलनका क्रममा आगजनी, तोडफोड र लुटपाटबाट बृहत् जनकपुर क्षेत्र विकास समितिको ५ लाख ९३ हजार २ सय, पशुविकास सेवा कार्यालको १६ लाख ८० हजार, आन्तरिक राजस्व कार्यालयको २ लाख २५ हजार, भन्सार कार्यालयको ६० लाख, जनकपुर नपाको १० लाख ५० हजार, कमला सिँचाइ परियोजनाको १ लाख ५५ हजार, निर्वाचन कार्यालयको १२ हजार, कर कार्यालयको ३ हजार, यातायात व्यवस्था कार्यालयको १ लाख २५ हजार, शिक्षा कार्यालयको २५ लाख, शिक्षाका लागि खाद्य कार्यालय एकाइको २८ लाख, अञ्चल आयुर्वेदिक

औषद्यालयको १ लाख ५ हजार, मत्स्य विकास तालिम केन्द्रको २२ लाख, शैक्षिक तालिम केन्द्रको १ लाख, जनकी प्रहरी चौकीको ६ लाख, क्षेत्रीय कृषि विकास तालिम केन्द्रको ५६ लाख ८६ हजार १ सय २७ र इलाका वन कार्यालयको ३ लाख, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको २० लाख ३५ हजार, वन कार्यालयको १ लाख ५० हजार, ट्राफिक कार्यालयको १२ लाख, प्रशासन कार्यालयको ६२ लाख, प्रहरी कार्यालयको १२ लाख, प्राविधिक कार्यालयको ३५ लाख, मध्यमाञ्चल सिँचाइ कार्यालयको ४० लाख, मुजेलिया क्याम्पभित्र रहेको गाडी तोडफोडबाट १० लाख, राष्ट्रिय वाणिज्य ब्याङ्कको ५ हजार, नेपाल खाद्य संस्थानको ३ लाख र कृषि सामग्री कम्पनी लिमिटेडको ५ लाख गरी कुल ४ करोड ३२ लाख २४ हजार ३ सय २७ बराबरको सरकारी सम्पत्ति नष्ट भएको जनाइएको छ। अनुमानित लागतका आधारमा सम्बन्धित कार्यालयहरूले दिएको जानकारीका आधारमा उक्त क्षतिको विवरण तयार गरिएको हो।

लक्कड गाविस-५ निवासी नेमलाल पासवान, प्रेम पासवान, रामकिशन पासवान, भोला पासवान, गुलसन पासवान, रोहित पासवान, रामआशीष पासवान, रामकुमार पासवान, सोनाई पासवान, रञ्जित पासवान, मुकेश पासवान, लालबाबु पासवान, कमल पासवान, मीना पासवान, रामनाथ पासवान र शत्रुघन पासवानको घरमा ०६४ पुस ५ गते सिराहा जिल्लाबाट गएका अपहरित परिवार, गाउँले तथा आक्रोशित समूहले आगजनी गरे। सिराहा चन्द्र अयोध्यापुर गाविसका विद्यासागर तामाङलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) ले अपहरण गरी सोही ठाउँमा राखेको आरोपमा आगजनी गरेका थिए। आगजनीबाट पासवान बस्तीका १० घर पूर्णरूपमा नष्ट भए। आगलागीबाट करिब ८ लाख रुपियाँ बराबरको धनसम्पत्ति नष्ट भएको स्थानीय प्रशासनले जनायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) र ज्वाला सिंहले यसवर्ष उमाप्रेमपुर गाविसका ठक्करशमशेरको ४५ बिघा, बटेश्वर गाविसका पितानाथ पोखेलको १२ बिघा, धवौली गाविसका बाबु साहेबको १ सय ५ बिघा, सखुवा मेहन्द्रनगर गाविसका अर्जुन गिरी र अनुराग गिरीको २० बिघा र तीनओटा पोखरी, धनुषाधाम गाविस-८ का हेमबहादुर मल्लको २ सय बिघा जग्गा, २० बिघामा रहेको आँपको बगैँचा र १० ओटा पोखरी, हरिहरपुर गाविस-१ निवासी सिके सिंहको १२ बिघा, धनुषागोविन्दपुर गाविस निवासी जमिनदार पहाडीको १ सय बिघा जग्गा र पाँच कठ्ठामा रहेको घर, यज्ञभूमि गाविस-४ निवासी भक्तबहादुर लामाको २० बिघा, यज्ञभूमि गाविस-६ निवासी सानै पहाडी र हेडम पहाडीको २५ बिघा, धनुषा गोविन्दपुर निवासी काङ्ग्रेसका प्रमुख सचेतक आनन्दप्रसाद ढुङ्गानाको १ बिघा १५ कठ्ठा, मधुमन ढुङ्गानाको २५ बिघा, रामप्रसाद ढुङ्गानाको पाँच बिघा, मुकुन्दप्रसाद ढुङ्गानाको पाँच बिघा, शान्तिपुर गाविसमा रहेको पितानाथ पोखेलको २५ बिघा, तीनओटा पोखरी, बटेश्वर गाविसका अर्जुन राजा र हरिहरपुर गाविसमा रहेको राधा गोयन्काको ५२ बिघा, उमाप्रेमपुर गाविसमा रहेको यादवपन्थ सुब्बाको ६ सय बिघा जग्गा, आँपको बगैँचा, घर-घडेरी र बजारको जग्गा, दिगम्बरपुर गाविसमा रहेको खोबे श्रेष्ठको २० बिघा जग्गा, १२ बिघामा रहेको आँपको बगैँचा र पाँचओटा पोखरी, शान्तिपुर गाविसमा रहेको माधव आचार्य र तुलसा आचार्यको सात बिघा, अमिकप्रसाद कोइरालाको घर-घडेरीसमेत २५ बिघा, बेङ्गाशिवपुरका शङ्कर कार्कीको २६ बिघा, रघुनाथपुर गाविसमा रहेको सुदीप पाठक र निरञ्जन पन्थको १० बिघा, जनकपुर नपा-९ निवासी काङ्ग्रेसका महामन्त्री डा. रामवरण यादवको जनकपुरस्थित घर-घडेरी, लक्ष्मीपुर बगेवा गाविस-१ निवासी केदार पौडेल र हरि पौडेलको पाँच बिघा जग्गा मोर्चाको दुवै समूहले विभिन्न मितिमा कब्जा गरेको दाबी गर्दै जग्गा बिक्री-वितरण वा हकभोग गर्न खोज्नेलाई भौतिक कारबाही गर्ने धम्की दिए।

विस्थापित

बटेश्वर गाविस-१ निवासी ६३ वर्षीय विष्णुप्रसाद श्रेष्ठ ०६४ असार २८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) र ज्वाला सिंहले ज्यान मार्ने धम्की दिएका कारण सपरिवार विस्थापित भए।

२.२ महोत्तरी

जनसङ्ख्या :	६,४८,५२७
साक्षरता प्रतिशत :	३५
महिला साक्षरता प्रतिशत :	२५
क्षेत्रफल (वर्ग कि. मि.) :	१,००२
गाविस/नपा सङ्ख्या :	७६/१
सरकारी/निजी विद्यालय :	२६७/२४
क्याम्पस/उच्च मा.वि. :	२/५
अस्पताल/स्वास्थ्य चौकी :	१/८१
मोटर सडक (कि. मि.) :	३००
प्रहरी कार्यालय सङ्ख्या :	३२
मानव विकास सूचकाङ्क :	०.४०७
प्रतिपरिवार सरदर सङ्ख्या :	७

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

जलेश्वर नपा-४ निवासी जिल्ला विकास समिति महोत्तरीमा कार्यरत सब-ओभरसियर ५१ वर्षीय पूर्णसिंह प्रधानलाई ०६४ असार ५ गते बथनाहा गाविसमा जिविसको आर्थिक सहयोगमा भएका निर्माणकार्यको निरीक्षण गरी फर्कंदै गर्दा हलखोरी गाविस-२ को सडकमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले गोली हानी हत्या गरे। लासको सोही दिन जिल्ला अस्पताल जलेश्वरमा पोस्टमार्टम गरी ६ गते सद्गत गरियो। हत्यामा संलग्न मोर्चाका कार्यकर्ता बथनाहा गाविस-४ का २६ वर्षीय दीपेन्द्र ठाकुर र सोही ठाउँका राकेश मिश्रविरुद्ध पीडित पक्षले किटानी जाहेरी दिएकाले प्रहरीले दीपेन्द्रलाई गिरफ्तार गरी कारबाही अघि बढाएको छ भने मिश्रलाई गिरफ्तार गर्न सकेको छैन।

जनकपुर नपा-१४ का २० वर्षीय दिलेश्वर साहलाई सुराकी भएको आरोपमा ०६४ कात्तिक १९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले भ्रमरपुरा गाविस-८ मा गोली प्रहार गर्नाका साथै जलाएर हत्या गरे। मृतकको ०६४ कात्तिक २० गते जनकपुर अञ्चल अस्पतालमा पोस्टमार्टम गरी आफन्तले सोही दिन सद्गत गरे। पीडित परिवारले यस वर्षको अन्त्यसम्म क्षतिपूर्ति पाएनन्।

रामनगर गाविस-९ निवासी जनज्योति उच्च मावि सर्लाही, लालबन्दीमा कक्षा १२ मा अध्ययनरत १८ वर्षीय वसन्त किडरिडलाई ०६४ मङ्सिर २७ गते लक्ष्मीनियाँ गाविसस्थित मामाघर जाँदै गर्दा सोही गाविस-४ स्थित बूढीखोलानजिक जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले गोली हानी हत्या गरे। मृतकको प्राथमिक स्वास्थ्य केन्द्र, गौशालामा मङ्सिर २८ गते पोस्टमार्टम गरी सोही दिन सद्गत गरियो भने पीडित परिवारले क्षतिपूर्ति पाएका छैनन्।

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

खुट्टापिपराडी गाविस-१ निवासी सोही गाविसस्थित निमाविका शिक्षक ४५ वर्षीय नागेन्द्रकुमार यादव सुराकी भएको आरोपमा ०६४ असोज २२ गते उनलाई अपहरण गरी सोही दिन रतौली गाविस-८ रतनपुरा टोलमा गोली हानी हत्या गरे। मृतकको जलेश्वर अस्पतालमा असोज २३ गते पोस्टमार्टम गरी शवयात्रा गराई जलेश्वरमै सद्गत गरियो।

अन्यबाट

सीतापुर भङ्गाहा गाविस-४ निवासी माओवादीका एरिया कमिटी सदस्य ६० वर्षीय कृष्ण गिरीलाई ०६३ पुस २१ गते राति अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। कञ्चट र कोखामा गोली लागेका गिरीको घटनास्थलमै मृत्यु भएको थियो। उनको लास जिल्ला अस्पताल जलेश्वरमा पोस्टमार्टम गरी परिवारको जिम्मा लगाई जलेश्वरमै सद्गत गरिएको थियो।

धिरापुर गाविस-९ निवासी नेविसङ्घका जिल्ला अध्यक्ष ३२ वर्षीय रामदयाल यादव आफ्नै घरमा सुतिरहेको अवस्थामा ०६४ जेठ २४ गते राति अज्ञात सशस्त्र समूहले गोली प्रहार गर्दा घाइते भएपछि उपचारका लागि एम्बुलेन्समा जनकपुरतर्फ लाँदै गर्दा बाटैमा उनको मृत्यु भयो। पीडितको लासलाई जनकपुर

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट					माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१३	१३	१		१३							
घाइते	१०	१५	२		१७				१	१		१
हिरासत वा थुनामा मृत्यु									१	१		१
गिरफ्तारी/यातना									६	१३	२	१४
कुटपिट	७	११			११							
धम्की	२	२	१		३							
भेला/सङ्गठित हुने अधिकार									५	३३		३३
जातीय विभेद	३	६	६		१२							
महिलाअधिकार	३३		३३		३३							
बालअधिकार	५	२	३	१५०	१५५							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१५	३०	३		३३	१	१	१				
अमानवीय व्यवहार	१	१			१							
अपहरण	३६	३९	१		३०							
जम्मा	१०४	९८	४०	१५०	२८८	१	१	१	१३	३७	२	३९

अञ्चल अस्पतालमा पोस्टमार्टम गरी ०६४ जेठ २५ गते धिरापुर गाविसमै लगेर सद्गत गरियो।

हलखोरी गाविस-५ निवासी माओवादीका जिल्ला सचिवालय सदस्य ३८ वर्षीय गिरेन्द्रकुमार यादवलाई ०६४ असोज ७ गते सार्वजनिक जमिनको विवादमा सोही गाविस-५ का ४७ वर्षीय सुरेशप्रसाद राय, ४५ वर्षीय घनश्याम राय, ३५ वर्षीय सुधीरकुमार राय, ३५ वर्षीय रामकुमार राय, ५५ वर्षीय जगेश्वर राय, ५४ वर्षीय रामशोभित राय, ४६ वर्षीय गुलाबकिशोर ठाकुर, ४५ वर्षीय उमेशप्रसाद यादव, ४२ वर्षीय जीवछप्रसाद यादव, ५५ वर्षीय रामपरीक्षण राय, ४८ वर्षीय सूर्यराय यादव, ४७ वर्षीय मन्द्रकला देवी, ३२ वर्षीय शम्भुराय यादव, २३ वर्षीय सन्तोष राय, ५५ वर्षीय प्रबोधराय यादव, ५८ वर्षीय रामरतन राय, सोही गाविस-३ का विन्देश्वर रायले कुटपिट गरी धारिलो हतियारले काटेर हत्या गरे। मृतकको जलेश्वर अस्पतालमा पोस्टमार्टम गरी सोही दिन जलेश्वरको रातू नदीमा सद्गत गरियो।

सर्लाही जिल्ला सिमरा गाविस-३ निवासी नैन्ही गाविसस्थित प्रहरी चौकीका प्रहरी जवान ३० वर्षीय विन्देश्वर साहलाई ०६४ कात्तिक २२ गते नैन्ही गाविस-१ सुरुयाहीटोलनजिक अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। सोही घटनामा अज्ञात समूहले चलाएको गोली लागी सर्लाही जिल्ला मानपुर गाविस-२ निवासी सोही प्रहरी चौकीमा कार्यरत अर्का प्रहरी जवान ३१ वर्षीय दिनेश साह घाइते भए। घाइतेको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरियो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

डाम्हीमडै गाविस-६ निवासी मधेसी जनअधिकार फोरमका कार्यकर्ता २७ वर्षीय विनयकुमार यादव मधेस आन्दोलनका क्रममा ०६३ माघ १६ गते जलेश्वर नपा-४ स्थित लोकसेवा आयोगको कार्यालय तोडफोड गर्न लागेको आरोपमा प्रहरीको गोली लागी घाइते भए। दाहिने खुट्टाको गोलीगाँठोनजिक गोली लागेर घाइते भएका पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार गरियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

रामनगर गाविस-६ निवासी जनमोर्चा नेपाल महोत्तरीका जिल्ला उपाध्यक्ष ५२ वर्षीय दिनेश रेग्मीलाई ०६४ भदौ ६ गते आफ्नै घरमा जनतान्त्रिक

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	जतमुमो (ज्वाला सिंह) बाट				जतमुमो (गोइत) बाट				मधेसी जनअधिकार फोरमबाट			संयुक्त जतमुमोबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३								१	१		१
घाइते	१		१	१	१	१		१							
कुटपिट					१	३		३	३	३	३				
आर्थिक/सामाजिक/सास्कृतिक अधिकार	९	१०	३	१३	५	८	१	९				१	३		३
अपहरण	१०	१३		१३	३	३		३				३	३	१	३
जम्मा	३३	३६	३	३९	१०	१४	१	१५	३	३	३	४	५	१	६

तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले गोली हानी घाइते पारे। छातीमा गोली लागेर घाइते भएका रेग्मीको बीपी कोइरालाला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरियो।

अन्यबाट

वदिया वन्चौरी गाविस-४ निवासी २० वर्षीय रोशन तिवारीलाई ०६३ माघ १ गते आफ्नै घरबाहिर सुतिरहेको अवस्थामा अज्ञात समूहले सुतली बम विस्फोट गराउँदा घाइते भए। खुट्टादेखि कम्मरसम्म जलेर घाइते भएका पीडितको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरियो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीमा कार्यरत असई ३८ वर्षीय बोधराज पोखरेल र हवल्दार २८ वर्षीय राजकुमार सापकोटालाई नागरिकता वितरण टोलीको सुरक्षामा खटिँदा खेस्राहा खैरवन्नी गाविसस्थित खेस्राहा टोलका बासिन्दाले ०६३ माघ ६ गते सुतली बम विस्फोट गराई घाइते पारे। बमको छर्रा शरीरभरि लागेर घाइते भएका पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार गरियो।

किसाननगर गाविस-३ का १७ वर्षीय रामलाल दास र सोही ठाउँका ४५ वर्षीय महेश्वर यादवलाई ०६३ चैत २ गते अज्ञात समूहले गोली हानी घाइते बनायो। सोही वडाको अर्को टोलमा होहल्ला भएको सुनी घर बाहिर निस्कँदा गोली लागेर घाइते भएका दासको कम्मरबाट छिरेको गोली तिघ्रामा अड्किएको थियो। जनकपुर अञ्चल अस्पतालमा उपचार हुन नसकी चैत ३ गते उनलाई बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा लगियो। अर्का घाइतेको जनकपुर अस्पतालमा उपचार गरियो।

खेस्राहा खैरवन्नी गाविस-७ का ४० वर्षीय नागेन्द्र यादवलाई आफ्नै घरनजिक ०६३ चैत १६ गते अज्ञात समूहले गोली हानी घाइते बनायो। दाहिने तिघ्रा गोलीले छेडेर घाइते भएका पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार गरियो।

मनरा गाविस-५ निवासी जलेश्वर नपा-२ मा डेरा गरी बस्ने रामानन्द विश्वेश्वर महेन्द्र क्याम्पस जलेश्वरमा प्रमाणपत्र तह प्रथम वर्षमा अध्ययनरत १८ वर्षीया सुजाता सिंह ०६३ चैत २१ गते सोही क्याम्पसमा अज्ञात व्यक्तिले राखेको सुतली बम विस्फोटमा परी घाइते भइन्। दुवै खुट्टाको कम्मरदेखि तलको भाग जलेर घाइते भएकी पीडितको डेरामै राखेर उपचार गरियो।

सोनमा गाविस-७ निवासी १२ वर्षीय हैदर अली, २८ वर्षीय साफी नदाफ र ३१ वर्षीय हसन अलीलाई आफ्नै घरमा ०६४ जेठ २९ गते राति अज्ञात समूहले सुतली बम विस्फोट गराई घाइते पारे। पीडितहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार गरियो।

किसाननगर गाविस- ६ निवासी वाईसीएलका कार्यकर्ता २४ वर्षीय कृष्णहरि पोखरेल र उनका भाइ १४ वर्षीय भास्कर पोखरेललाई ०६४ भदौ ९ गते आफ्नै घरमा सुतिरहेका बखत अज्ञात समूहले गोली हानी घाइते पारे। पीडितहरूको चितवन अस्पतालमा उपचार गरियो।

रघुनाथपुर गाविस-१ का ३० वर्षीय शत्रुघन राउत र उनकी पत्नी २५ वर्षीया विनादेवी राउत ०६४ पुस ३ गते कोठीमा रहेको धान निकाल्न जाँदा सुतली बम विस्फोट भई घाइते भए। विस्फोटनमा दुवै हातको हत्केला गुमाएका शत्रुघन र पेटमा छर्रा लागेर घाइते भएकी विनादेवी यस वर्षको अन्त्यसम्म बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचाररत छन्।

जेल र बन्दीहरू

'ख' श्रेणीको जलेश्वर कारागारको बन्दी क्षमता १ सय ३५ जना रहेको छ। कैद तोकिएका महिला नौ जना र पुरुष १ सय जना तथा कैद नतोकिएका छ जना महिला र १ सय २४ जना पुरुष गरी जम्मा १ सय ३९ जना बन्दी रहेका छन् । यस कारागारमा तीन जना आश्रित नाबालक रहेका छन्, जसमा दुई जना बालक र एक जना बालिका छन्। जेलभित्रको क्षेत्रफल पनि सानो, भवनहरू पुराना, जीर्ण र पानी चुहिने भएकाले बन्दीहरूलाई असुविधा छ । यस वर्ष असार र साउन महिनामा आएको बाढीमा कारागारको भुईंतल्ला डुबानमा परेकाले बन्दीहरू छानामा रेडक्रसले दिएको पाल हालेर दुई दिन त भोकै बस्न बाध्य भएका थिए। आश्रित बालबालिकाले विद्यालय जान पाएका छैनन्। जेलभित्र पुरुषतर्फ चार चापाकल र महिलातर्फ दुईओटा चापाकल रहेका छन् भने पुरुषतर्फ पाँचओटा र महिलातर्फ दुईओटा शौचालय रहेका छन्।

धनुषा जिल्ला उमाप्रेमपुर गाविस-४ निवासी जलेश्वर कारागारमा रहेका बन्दी २७ वर्षीय राकेशकुमार सिंहको ०६४ असार १६ गते उपचारका लागी जनकपुर अञ्चल अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भयो। मृतक बन्दी लामो समयदेखि दम रोगबाट पीडित भएको र उनलाई जेलभित्रै पनि औषधि उपचार गरिएको जेल प्रशासनले जनायो भने सिकिस्त भएको जानकारी गराएको दुई घण्टासम्म जेल प्रशासनले साधन नभएको भन्दै अस्पताल लैजान ढिलाइ गरेका कारण मृत्यु भएको बन्दीहरूले बताए।

बेपत्ता/अपहरण

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

पशुपतिनगर गाविस-४ निवासी सो गाविसका पूर्वगाविस अध्यक्ष ४१ वर्षीय धनीराम महतोले आर्थिक हिनामिना गरेको आरोपमा ०६४ वैशाख २३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले उनको अपहरण गरे। पीडितलाई सीतापुर भङ्गाहा गाविसको रामनगर टोलबाट वैशाख २४ गते बर्दिवास गाविसका पूर्वअध्यक्ष चिरञ्जिवी हमालको जिम्मा लगाई मुक्त गरियो।

सोनामाई गाविस-२ का ७० वर्षीय विष्णुप्रसाद उप्रेतीलाई ०६४ साउन २५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले अपहरण गरी २ लाख रुपियाँ र १३ थान तमसुक फिरौती लिएर १० दिनपछि बर्दिवास गाविसबाट आफन्तको जिम्मा लगाई मुक्त गरे।

बिजलपुरा गाविस-८ का ३१ वर्षीय हरिप्रसाद काफ्लेलाई ०६४ साउन ३२ गते जनकपुरतर्फ जाँदै गर्दा सीतापुर भङ्गाहा गाविसबाट मोर्चाका कार्यकर्ताले सुराकीको आरोपमा अपहरण गरी धनुषाको वटेश्वर गाविसबाट भदौ १ गते मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

औरही गाविस-४ निवासी आँप बगैँचाका ठेकेदार ४५ वर्षीय दशरथ चौधरीलाई कब्जा गरिएको सम्पत्ति भोगचलन गरी रकम नबुझाएको आरोपमा ०६४ असार ८ गते निगौल गाविसबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरी असार ९ गते पीडितकै परिवारको जिम्मा लगाई मुक्त गरे।

शिश्वाकटैया गाविस-४ निवासी ४१ वर्षीय ज्ञानीलाल कर्ण सुराकी भएको आरोपमा ०६४ साउन ३० गते उनलाई घरबाटै जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरी साउन ३२ गते मुक्त गरे।

सिन्धुली जिल्ला लाम्पन्टार गाविस-५ निवासी जीपचालक २६ वर्षीय निरज राईलाई ०६४ भदौ २० गते अनकार गाविस-८ बखरी चोकबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरी भदौ २२ गते सोही ठाउँबाट मुक्त गरे।

गौशाला गाविस-८ का ३२ वर्षीय इन्दल साहलाई ०६४ कात्तिक ३ गते सोही गाविसबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरी कात्तिक ४ गते मुक्त गरे।

सोनमा गाविस-४ का ३२ वर्षीय उमेश ठाकुरलाई ०६४ कात्तिक १४ गते सम्सी बजारबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरी ५ लाख रुपियाँ फिरौती लिएर सिराहाको मिर्चैयाबाट ०६४ मङ्सिर २१ गते मुक्त गरे।

खुट्टापिपराढी गाविस-७ निवासी औषधि व्यापारी ३२ वर्षीय फूलगेन साहलाई पैसा नदिएको आरोपमा ०६४ असार ३१ गते आफ्नै घरबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरी ३२ गते सोही ठाँउबाट मुक्त गरे।

खुट्टापिपराढी गाविस-५ निवासी माओवादीनिकट मुस्लिम मुक्ति मोर्चाका जिल्ला सदस्य ४५ वर्षीय हुसेनी राइनलाई ०६४ मङ्सिर ७ गते सुराकीको आरोपमा आफ्नै घरबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरी मङ्सिर १० गते मुक्त गरे।

सीतापुर भङ्गाहा गाविस-७ का ३५ वर्षीय हरि यादव र सोही गाविस-७ का ४५ वर्षीय सुरेन्द्र अमात्यलाई ०६४ मङ्सिर १५ गते आफ्नै घरबाट कब्जा गरिएको जमिन जोतभोग गरेको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरी मङ्सिर १६ गते सोही ठाउँमा ल्याएर मुक्त गरे।

हरिहरपुर हरिनमरी गाविस-१ निवासी नेविसङ्घका कार्यकर्ता २६ वर्षीय अरविन्द यादव र २४ वर्षीय सुनिल यादवलाई ०६४ मङ्सिर २७ गते सोही गाविस-८ बाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरी मङ्सिर २८ गते सोही गाविसबाट मुक्त गरे।

गौशाला गाविस-९ का ३५ वर्षीय रामशीष महतो र ३२ वर्षीय रामवलेस साहलाई ०६४ पुस २ गते कब्जा गरिएको जमिन जोतभोग गरेको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले उनकै घरबाट अपहरण गरी पुस ३ गते मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट) बाट

भरतपुर गाविस-२ निवासी सोही गाविसका पूर्वअध्यक्ष ५५ वर्षीय ध्रुवबहादुर प्रधानलाई ०६४ भदौ २ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट) का कार्यकर्ताले चन्दा नदिएको आरोपमा घरबाटै अपहरण गरी भदौ ४ गते मुक्त गरे।

मधेसी मुक्ति टाइगर्सबाट

सीतापुर भङ्गाहा गाविस-८ निवासी ३१ वर्षीय राजकरण साहलाई ०६४ पुस ४ गते बन्द अवज्ञा गरेको आरोपमा हतिसर्वा गाविस-२ बाट मधेसी टाइगर्सका कार्यकर्ताले मोटरसाइकलसहित अपहरण गरी पुस ५ गते सिडगियाही गाविसबाट मुक्त गरे।

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

वदियाबञ्चौरी गाविस-४ का ४३ वर्षीय महावीर साहले चन्दा नदिएको आरोपमा ०६४ मङ्सिर ११ गते उनलाई संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता भ्रमरपुरा गाविस-९ निवासी २५ वर्षीय मजबुल राइन र धनुषा वेङ्गाशिवपुर गाविस-७ निवासी २४ वर्षीय शत्रुघन यादवले अपहरण गरे। पीडकद्वय हाल जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि जलेश्वर जेलमा रहेका छन्।

खुट्टापिपराढी गाविस-५ निवासी संविधानसभा निर्वाचन प्रशिक्षक ३५ वर्षीय रामबाबु यादव र २८ वर्षीय मनिता झालाई संविधानसभाको प्रचार गरेको आरोपमा ०६४ असोज १५ गते आ-आफ्नै घरबाट संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरी असोज १६ गते मुक्त गरे।

अन्यबाट

धनुषा जिल्ला सखुवा महेन्द्रनगर गाविस-१ निवासी जिल्ला वन कार्यालय महोत्तरीका रेञ्जर ४२ वर्षीय तुरुन्तलाल पूर्वेलाई ०६४ मङ्सिर १६ गते बर्दिवासबाट अज्ञात समूहले अपहरण गरेकामा यस वर्षको अन्त्यसम्म उनको अवस्था अज्ञात छ। रेञ्जर पूर्वेको सकुशल मुक्तिका साथै कर्मचारीको शान्तिसुरक्षा माग गर्दै निजामती कर्मचारीले ०६४ मङ्सिरदेखि ०६४ पुस १६ गतेसम्म सम्पूर्ण सरकारी कार्यालय बन्द गरी जिल्ला प्रशासन कार्यालयअगाडि धर्ना बसेका थिए।

धम्की/कुटपिट

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

किसाननगर गाविस-४ निवासी जनमोर्चा, नेपालका जिल्ला सचिव ४१ वर्षीय विदुर कार्की र पशुपतिनगर गाविस-६ निवासी एमाले जिल्ला सदस्य भीमबहादुर आलेलाई पशुपतिनगर गाविसको पथलैया बजारमा विकास कार्यको निरीक्षण गर्ने क्रममा ०६४ वैशाख १८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) समूहले कुटपिट गऱ्यो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का महोत्तरी इञ्चार्ज तुलसी दासद्वारा ०६४ असार ५ गते सव-ओभरसियर पूर्णसिंह प्रधानको हत्याको जिम्मेवारी लिँदै जारी गरेको विज्ञप्तिमा पहाडिया कर्मचारीलाई तराई छोड्न दिएको चेतावनी बेवास्ता गरेकाले हत्या गरिएको जनाउँदै आगामी दिनमा यस्ता घटना अझ बढ्ने धम्की दिए।

महिला विकास कार्यालय महोत्तरीकी प्रमुख अधिकृत हरिलक्ष्मी मानन्धरलाई ०६४ असार ६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का महोत्तरी इञ्चार्ज तुलसीदासले मार्ने धम्की दिए। अधिकृत मान्धरलाई जिविसका सव-ओभरसियर पूर्णसिंह प्रधानको हत्याको भर्त्सना गरेको विषयलाई लिएर मार्ने धम्की दिइएको थियो। असार ७ गते नै महोत्तरी छाडेर काठमाडौँ गएकी पीडित मानन्धर फर्केकी छैनन्।

मधेसी जनअधिकार फोरमबाट

सहसौला गाविस-४ निवासी काङ्ग्रेस जिल्ला सदस्य ३५ वर्षीय रामदयाल यादवलाई सो पार्टीको कार्यालय तोडफोड गर्न गएका मधेसी जनअधिकार

फोरमको जुलुसले ०६३ माघ १८ गते ढुङ्गा हानेर घाइते पारे। आँखाका डिलमुनि चोट लागेर घाइते भएका यादवको नेपाल रेडक्रस सोसाइटी महोत्तरीको आँखा उपचार केन्द्रमा उपचार गरियो।

भ्रमरपुरा गाविस-६ निवासी नेपाल टेलिकम जलेश्वर शाखाका प्रमुख ३८ वर्षीय रामवली साहले मधेसी जनअधिकार फोरमलाई अन्य आठ दलसरह सीडीएमए टेलिफोनको सुविधा नदिएको आरोपमा ०६३ फागुन १५ गते उनलाई कार्यालय हाताभित्रै फोरमका कार्यकर्ताले कुटपिट गरे। पीडकलाई कारवाही भएन।

मालपोत कार्यालय महोत्तरीका अधिकृत ५१ वर्षीय प्रल्हाद गौतमलाई बन्दको अवज्ञा गर्दै कार्यालय खोलेको आरोपमा ०६३ चैत ८ गते कार्यालय हाताभित्रै मधेसी जनअधिकार फोरमका कार्यकर्ताले उनलाई कुटपिट गरे। प्रहरीको उपस्थितिमा कुटपिट गरिएको सो घटनामा पीडकलाई कारवाही भएन।

दलित जनजाति पार्टीबाट

महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीका अङ्गरक्षक प्रहरी हवल्दार ३५ वर्षीय राजीमान गुरुङलाई ०६४ भदौ २२ गते बन्द अवज्ञा गरी जीप चलाएको आरोपमा पिपरा गाविसस्थित जलेश्वर-जनकपुर सडकखण्डमा दलित जनजाति पार्टीका कार्यकर्ताले कुटपिट गरी प्रशासन कार्यालयको जीप तोडफोड गरे।

गैरकानुनी गिरफ्तारी

सुन्दरपुर गाविस-९ शिवनगर निवासी १५ वर्षीय नागेन्द्रकुमार यादव, १८ वर्षीय उमेशकुमार यादव, ४५ वर्षीय देवकली देवी र ३० वर्षीय उर्मिला यादवलाई हत्याको आरोपमा ०६४ जेठ २४ गते इलाका प्रहरी कार्यालय गौशालाले बिनापुर्जी गिरफ्तार गरी ०६४ जेठ ३१ गते रिहा गरे ।

गौशाला गाविस-६ निवासी २२ वर्षीय उमेशप्रसाद साहलाई ०६४ असार २ गते बाल विवाहको आरोपमा इलाका प्रहरी कार्यालय गौशालाले बिनापुर्जी गिरफ्तार गरी ०६४ असार ६ गते रिहा गऱ्यो।

सिराहा जिल्ला धनगढी गाविस-२ निवासी याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ मटिहानीमा अध्ययनरत २१ वर्षीय अच्युतम काफ्लेलाई ०६४ जेठ २९ गते जिल्ला प्रहरी कार्यालयबाट इन्स्पेक्टर लोकबहादुर बुढाथोकीको नेतृत्वमा गएको प्रहरी टोलीले जलेश्वरबाट मटिहानीतर्फ जाँदै गर्दा बाटोमा गिरफ्तार गऱ्यो। उनलाई ०६४ असार १० गते रामदयाल यादवको हत्याको आरोपमा गिरफ्तार गरिएको पुर्जी दिइए पनि साउन ३ गते जिल्ला अदालत महोत्तरीले साधारण तारेखमा रिहा गरेको छ।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मधेसी जनअधिकार फोरमका जिल्ला सचिव अभिराम शर्मा, युवा फोरमका केन्द्रीय उपाध्यक्ष युसुफ साफी, सञ्जय झा, अजित झा र नरेश यादवलाई भन्सार नाकामा प्रदर्शनका क्रममा ०६३ फागुन ३० गते प्रहरीले गिरफ्तार गरी ०६३ चैत ३१ गते रिहा गरे।

धीरापुर गाविस-८ निवासी ३५ वर्षीय जगदीश ठाकुर र रतौली गाविस-८ का २५ वर्षीय मदनकुमार ठाकुरलाई भन्सार नाकामा प्रदर्शनका क्रममा ०६३ चैत ३ गते प्रहरीले दुवै जनालाई गिरफ्तार गरी ४ गते रिहा गरे।

मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरू जलेश्वर नपा-४ निवासी इन्द्रराज सिंह, सुगा गाविस-५ का कुन्दन पाण्डे, पर्सा पतैली गाविस-३ का रामनारायण राउत, अन्कार गाविस-८ रघुनाथ शर्मा, डाम्हीमडै गाविस-८ निवासी भागीरथ रायलाई ०६३ चैत ४ गते जलेश्वर नपा-१२ भिट्ठामोरबाट प्रहरीले गिरफ्तार गरी ५ गते रिहा गऱ्यो।

मधेसी जनअधिकार फोरमका कार्यकर्ता डाम्हीमडै गाविस-४ का कौशलकिशोर झा, जलेश्वर नपा-५ का अजितकुमार झा, बथनाहा गाविसका विवेककुमार झा, अन्कार गाविस-९ निवासी रविशङ्कर शर्मा, सुगा गाविस-६ निवासी शीतषलाल कर्ण, अन्कार गाविस-९ का सरोजकुमार चौधरी, रतौली गाविस-८ का मदनकुमार ठाकुरलाई ०६३ चैत ६ गते भिट्ठामोड भन्सार नाका बन्द गर्ने क्रममा प्रहरीले गिरफ्तार गरी ७ गते रिहा गरे।

जलेश्वर नपा-१२ निवासी ३० वर्षीय धर्मेन्द्र यादव, २३ वर्षीय धर्मेन्द्र पाण्डे, २५ वर्षीय नागेन्द्र पाण्डे र ३१ वर्षीय मनोज मण्डल सोही ठाउँमा केही दिनअघि मात्र बसेको सशस्त्र प्रहरीको क्याम्प हटाउनु पर्ने माग गर्दै ०६४ जेठ १ गते स्थानीय बासिन्दाले गरेको विरोध प्रदर्शनमा सहभागी हुँदा सशस्त्र प्रहरीको ढुङ्गा प्रहारबाट घाइते भए। पीडितको जिल्ला अस्पताल जलेश्वरमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

महोत्तरी जिल्ला अदालतमा गतवर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा १ सय ३५ थान र यसवर्ष दर्ता भएका १ सय ६ थान गरी

जम्मा २ सय ४१ थान मुद्दा रहेकामा ७५ थान मुद्दा फर्स्यौट भए । यसैगरी, दुनियाँवादी देवानीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ७ सय ३ थान र यस वर्ष दर्ता भएका ४ सय २९ थान गरी जम्मा १ हजार १ सय ३२ थान रहेकामा २ सय ५४ थान फर्स्यौट भए।

त्यसैगरी, सरकारी फौजदारी मुद्दामा गतवर्षको जिम्मेवारी सरेर आएका ३८ थान र यस वर्ष दर्ता भएका २८ थान गरी जम्मा ६६ थान रहेकामा १७ थान फर्स्यौट भए । यस अदालतमा सरकारी देवानी मुद्दा छैनन्। यस जिल्लामा बालअदालत र श्रम अदालतसमेत गठन भएका छैनन् भने दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या जम्मा २४ थान मात्र रहेको छ।

गतवर्षको जिम्मेवारी सरेका जम्मा ८ सय ७६ थान मुद्दामा यस वर्ष दर्ता भएका जम्मा मुद्दा ५ सय ६३ गरी महोत्तरी जिल्ला अदालतमा जम्मा १ हजार ४ सय ३९ थान मुद्दा रहेकामा यस वर्ष ३ सय २८ थान मुद्दा फर्स्यौट भए भने १ हजार १ सय ११ मुद्दा बाँकी रहे।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

धमौरा गाविस-१ निवासी ५० वर्षीय सफीउल्लाह शेषलाई ०६४ वैशाख १६ गते लोहारपट्टी गाविसस्थित प्रहरी चौकीका सई किसुनदेव साहले गिरफ्तार गरी हातखुट्टा बाँधेर लडाई प्लास्टिकको पाइपले कुटपिट गरी यातना दिए। पीडितलाई सोही गाविस काङ्ग्रेस (प्र.) का बुथ कमिटी सभापतिलाई ०६४ वैशाख १९ गते कुटपिट अङ्गभङ्ग गरेको आरोप लगाउँदै पुर्जी दिइए पनि ०६४ जेठ १० गते जिल्ला अदालतले सो मुद्दा नै खारेज गरी पीडितलाई रिहा गऱ्यो।

बालअधिकार

बेला एकडाँडा गाविस-२ का ११ वर्षीय रहमत अन्सारीलाई ०६३ माघ १९ गते अनकार गाविस-९ का जाकिर अन्सारीले रोजगारका लागि भारतको जयपुर लगेकामा यातना दिई बिरामी भएपछि ०६४ असार १७ गते घर फर्काए। सानो गल्ती हुँदासमेत बिजुलीको करेन्ट लगाउने, लौराले कुट्ने गरेकाले बिरामी भएको र फर्काएर नेपालको सीमा भिट्टामोड ल्याएर रिक्सामा चढाई पीडक उतैबाट जयपुर गएको पीडितले बताए।

बिजलपुरा गाविस-२ का १६ वर्षीय इन्द्रदेव सिंह र १३ वर्षीया कल्पना सिंहबीच ०६४ जेठ ३ गते कल्पनाका काकाकाकी जनकपुर नपा-९ का ५० वर्षीय केशव सिंह तथा उनकी पत्नी ४२ वर्षीया सावित्री सिंहले जबरजस्ती बालविवाह गराए। इन्द्रदेवले ०६४ असार ४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि कारबाही भएन।

लक्ष्मीनियाँ बैरगिया गाविस-४ निवासी १७ वर्षीया एक किशोरीलाई ०६४ असार २७ गते सोही सोही ठाउँको आँप बगैंचामा सोही गाविस-५ निवासी २७ वर्षीय अहमद अन्सारीले बलात्कार गरे। पीडितले ०६४ असार २८ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराइन्। पीडक हाल फरार छन्।

खुट्टापिपराढी गाविस-२ निवासी १० वर्षीय विवेककुमार यादव र ६ वर्षीय रञ्जितकुमार यादव ०६४ असोज २ गते घरनजिकै रहेको बेवारिसे सुतली बम खेलाउँदा विस्फोट भई घाइते भए। घाइतेको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

लक्ष्मीनियाँ गाविस-९ निवासी ४१ वर्षीय बहरु साह र उनकी पत्नी ४० वर्षीया रामकली देवीलाई छिमेकी योगेन्द्र साहकी बुहारीलाई तन्त्रमन्त्र गरी बिरामी पारेको बोक्साबोक्सीको आरोपमा ०६४ असार ५ गते सोही गाविसका ५१ वर्षीय योगेन्द्र साह, २४ वर्षीय जयकिशोर साह, २५ वर्षीय रासिन्दर महतो, २३ वर्षीय मोहन साह, २३ वर्षीय सुरेन्द्रकुमार साह, ६१ वर्षीय बनारसी साह, ५५ वर्षीय महेन्द्र महतो, ५३ वर्षीय अशोक महतो, ५९ वर्षीय रामवृक्ष साह, २६ वर्षीय जयनारायण महतोका साथै सर्लाही जिल्लाबाट बोलाइएका नाम खुल्न नसकेका पाँच जना धामीले अभक्ष कोच्याए। पीडितहरूले पीडकहरूविरुद्ध इलाका प्रहरी कार्यालयमा सार्वजनिक अपराधको जाहेरी दर्ता गराए पनि प्रहरीले कुनै कारबाही गरेको छैन।

बेचबिखन तथा ओसारपसार

भ्रमरपुरा गाविस-९ की १८ वर्षीया एक युवतीलाई सोही गाविस-६ निवासी ३२ वर्षीय लक्ष्मण साहले जागिर लगाइदिने प्रलोभन दिई भारततर्फ लैजाँदै गर्दा ०६३ चैत ३० गते सीमा प्रहरी भिट्टमोडले उद्धार गरे। कटुवा पेस्तोल साथमा लिएका पीडक साहलाई प्रहरीले हातहतियार तथा खरखजाना ऐनअन्तर्गत कारवाही गरे भने पीडितलाई आफन्तको जिम्मा लगाए।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

पर्सादेवाड गाविस-६ की एक ३२ वर्षीया विधवालाई ०६४ असोज १४ गते उनकै घरमा सोही गाविसका ४२ वर्षीय शेष हसरत र ४१ वर्षीय शेष रहसुलले बलात्कार गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६४ असोज १७ गते जाहेरी दिएकाले प्रहरीले पीडकलाई गिरफ्तार गरी कारबाही चलाए पनि

अदालतले साधारण तारेखमा रिहा गरेको छ।

गौशाला गाविस-३ की २५ वर्षीया एक महिलालाई ०६४ असोज २१ गते जलेश्वर नपा-१ स्थित रामानन्द विशेश्वर महेन्द्र क्याम्पसको भवनमा सोही गाविस-३ का ३५ वर्षीय चन्देश्वर साह, ३२ वर्षीय रामकुमार साह, २५ वर्षीय राजनन्दन साह र ३५ वर्षीय वीरेन्द्र साहले बलात्कार गरे। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि पीडकहरू फरार भएकाले गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो।

पारिवारिक हिंसा

गौशाला गाविस-२ की २२ वर्षीया अनिताकुमारी गुप्ताले दाइजो कम ल्याएको आरोपमा ०६३ पुस २३ गते उनलाई पति २६ वर्षीय राजाबाबु गुप्ता, ससुरा ४५ वर्षीय शम्भु गुप्ता र सासू ४१ वर्षीया टुनटुनदेवी गुप्ताले कुटपिट गरी घर निकाला गरे। पीडितले न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए पनि प्रहरीले अदालत जान सल्लाह दिएको पीडित पक्षले बताए। हाल उनीहरूबीच अदलतमा अंश मुद्दा चलेको छ।

शिश्वाकटैया गाविस-४ का २५ वर्षीया समिना खातुनलाई पोखरभिण्डा गाविस-८ निवासी उनका पति २८ वर्षीय अताबुल नदाफ, ससुरा ४५ वर्षीय मोलाजिम नदाफ, सासू ४० वर्षीया शर्मिला खातुनले ०६३ माघ ८ गते घरभित्रै बेपत्ता पारे। छोरीलाई बेपत्ता पारेको भन्दै पीडितका पिता फकिर नदाफले ०६३ माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि कारबाही भएन।

खेस्राहा खेरबन्नी गाविस-३ निवासी २२ वर्षीया रुचि झालाई उनका पति ३० वर्षीय सरोज झाले ०६३ चैत १८ गते कुटपिट गरी घर निकाला गरे। पीडितले चैत २६ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए पनि पीडक फेला नपरेको जनाउँदै प्रहरीले कारबाही गरेन।

पर्सादेवाड गाविस-६ का ३५ वर्षीया बद्दु खातुनका पति ४० वर्षीय शेष अनिशुल रहमानले ०६४ वैशाख ५ गते बहुविवाह गरे। पीडितले ०६४ वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको जाहेरी दिए पनि पीडक भारततर्फ गएकाले कारबाही भएन।

सम्सी गाविस-३ निवासी ३० वर्षीया सविना खातुनलाई उनका पति ३५ वर्षीय ममताज शेषले ०६४ जेठ २५ गते कुटपिट गरी घर निकाला गरे। पीडितले न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा ०६४ जेठ २८ गते उजुरी दिए पनि कारबाही भएको छैन।

सबै प्रकारका जातीय विभेद

बथनाहा गाविस-५ का ३५ वर्षीय भोला सदा, २८ वर्षीय श्रीनारायण सदा, सोही गाविस-६ निवासी लक्ष्मी सदालगायत सो गाविस-५ र ६ निवासी दुई सय मुसहर समुदाय दलित भएकै कारण ०६३ माघ ५ गते कथित उपल्लो जातका सो गाविसका सचिव जयनन्दन दुवेले सिफारिस नगर्नाले नागरिकता पाउनबाट वञ्चित भए। पीडितहरूले प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेलाई गुनासो सुनाए पनि समस्या समाधान भएन।

लक्ष्मीनियाँ गाविस-८ की २५ वर्षीया उषा पासवान र उनकी देउरानी २० वर्षीया भूमिका पासवानलाई सार्वजनिक इनारमा पानी भर्दा छोइछिटो गरेको आरोपमा ०६४ जेठ ११ गते सोही गाविस-८ निवासी ४० वर्षीय राजेन्द्र महतो, ५० वर्षीय लालबिहारी महतो, २५ वर्षीय वीरेन्द्र महतो र २५ वर्षीया चन्द्रमाया पुलामीले कुटपिट गरी भाँडा कुच्याएर फालिदिए। पीडकहरूको दबाबका कारण पीडितहरूले उजुरी गरेनन्।

बलवा गाविस-८ का १५ घरका करिब ९० जना चमार जातका दलितहरूलाई राजनीतिमा भाग लिएको आरोपमा सोही गाविस-८ निवासी काङ्ग्रेस बुथ अध्यक्ष ४२ वर्षीय कैलाश झा, काङ्ग्रेस (प्र.) का बुथ अध्यक्ष ३८ वर्षीय वीरेन्द्र यादव र जनमोर्चाका गाउँ समिति अध्यक्ष कामेश्वर यादवले ०६४ जेठ ३१ गते अरूको जमिनमा हिँडडुल, दिसा- पिसाब, धाराको पानी उपभोग गर्न दिएनन्। सो खबर पाएर जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले दुवै पक्षलाई गाउँमा जम्मा गरी छलफलद्वारा मिलापत्र गरायो।

महदैया तपनपुर गाविस-२ का ५० घरपरिवार दलित चमारहरूलाई ०६४ साउन १४ गतेदेखि सिनो फाल्न अस्वीकार गर्दा सोही गाविस-९ का लहरुद्दिन राइन, राजनन्दन पाण्डे, अर्जुनप्रसाद पाण्डे, रामशीष पण्डित, श्यामसुन्दर सहनीको नेतृत्वको समूहले नाकाबन्दी गऱ्यो। पीडितले नाकाबन्दीका विरुद्ध उजुरी दिएकाले लोहारपट्टी प्रहरी चौकीले दुवै पक्षबीच ०६४ साउन २७ गते मिलापत्र गरायो।

पोखरभिण्डा सग्रामपुर गाविस-५, ६ र ७ का १६ घरपरिवार चमारहरूलाई ०६४ कात्तिक ७ गते सिनो नफालेको आरोपमा सोही गाविस-५ का कैलाश यादव, रामआधार यादव, पुन्नु यादव, बद्री यादव र रुदल यादवको नेतृत्वमा गाउँलेहरूले नाकाबन्दी गरे। जिल्लास्तरीय राजनीतिक दलका प्रतिनिधिले ०६४ कात्तिक २६ गते छलफल गरी दुवै पक्षबीच मिलापत्र गराएर नाकाबन्दी फुकुवा गरियो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

धनुषा जिल्ला जनकपुर नपा-१ निवासी राममणि पोखरेलको नाममा दर्ता रहेको हाथिलेट गाविस-१ र ९ मा रहेको १४ बिघा जमिन द्वन्द्वकै समयमा माओवादीले कब्जा गरेकामा ०६४ वैशाख २८ गते सोही गाविसका सुकुम्वासीलाई वितरण गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

डाम्हीमडै गाविस-८ र ९ मा स्थानीय हनुमान मन्दिरको नाममा रहेको २४ बिघा जमिन ०६४ जेठ २३ गते र सीतापुर भङ्गाहा गाविस-७ निवासी ललित सिंहको सोही गाविसमा रहेको २५ बिघा जमिन ०६४ असार ९ गते, नेपाल प्रहरीका पूर्वडीआईजी बलेन्द्रबहादुर सिंहको सोनामाई गाविस-९ मा रहेको घरजग्गा ०६४ असार ९ गते, सोनामाई गाविस-२ निवासी विष्णुप्रसाद उप्रेतीको ४० बिघा जमिन ०६४ असार १० गते, काठमाडौँ निवासी पुरुषोत्तम रेग्मीको नाममा कोल्हुवा बगेया गाविस-४ बहेडाबजारको १७ बिघा जमिन ०६४ जेठ २२ गते, काठमाडौँ मनपा-३३ निवासी मोहलक्ष्मी पाण्डे, बुद्धिराज पाण्डे र रामा पाण्डेको सहसौला गाविस-७ मा रहेको २० बिघा जमिन ०६४ साउन ३ गते, काठमाडौँ निवासी नेपाल प्रहरीका पूर्वआईजीपी श्यामभक्त थापाको सुन्दरपुर गाविस-२ मा रहेको तीन बिघा जमिन ०६४ साउन २२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले झण्डा गाडेर कब्जा गरेको घोषणा गरे।

बर्दीवास गाविस-७ निवासी कानुन व्यवसायी ५५ वर्षीय उद्धवबहादुर क्षेत्रीलाई ०६४ साउन २३ गते अदालतको काम सकेर फर्कदै गर्दा जलेश्वर-बर्दिवास सडक खण्डको गोनरपुरामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले नगद र मोटरसाइकल लुटे। लुटिएको मोटरसाइकल साउन २७ गते फिर्ता गरे पनि नगद फिर्ता गरेनन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

जनकपुर नपा-२ निवासी काङ्ग्रेसका सांसद ६० वर्षीय आनन्दप्रसाद ढुङ्गानाको सीतापुर भङ्गाहामा रहेको पाँच बिघा जमिन ०६४ जेठ १९ गते, औरही गाविस-८ चेपकटटोल निवासी भरतप्रसाद उपाध्याय, रामेश्वर उपाध्याय र दुर्गाप्रसाद उपाध्यायको ३५ बिघा जमिन ०६४ असार १० गते, हतिसर्वा गाविस-१ निवासी आनन्दप्रसाद घिमिरे, सुशीला घिमिरे, सुरेश घिमिरेको ३० बिघा जमिन ०६४ असार १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले झण्डा गाडेर कब्जा गरेको घोषणा गरे।

औरही गाविस-४ निवासी काङ्ग्रेस (प्र.) का केन्द्रीय सदस्य शरतसिंह भण्डारीको सोही गाविसमा रहेको तीन बिघा जमिन ०६४ जेठ २७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले झण्डा गाडी कब्जा गरेको घोषणा गरे।

२.३ सर्लाही

जनसङ्ख्या : ७,५८,२३३
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): १,२५९
गाविस/नपा सङ्ख्या : ९९/१
सरकारी/निजी विद्यालय : ३२१/२४
क्याम्पस/उच्च मा.वि. : ३/८
अस्पताल/स्वास्थ्य चौकी : १/१०३
मोटर सडक (कि. मि.): ४००
प्रहरी कार्यालय सङ्ख्या : १५
मानव विकास सूचकाङ्क : ०।४०८
प्रतिपरिवार सरदर सङ्ख्या : ७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

मलङ्गवा नपा-४ का १७ वर्षीय आशिक अलि मिकरानी, सलेमपुर गाविस-३ का ३२ वर्षीय

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	२५	१६	८	२५				२	५			५
घाइते	१३	२०	६	२६				३	१६		५३	६९
गिरफ्तारी/यातना								६	९			९
कुटपिट	८	१५	५	२०	२	३	३	४	१०	१		११
धम्की	१	१		१								
भेला/सङ्गठित हुने अधिकार								३	१३			१३
जातीय विभेद	१		१	१								
महिलाअधिकार	१		२	२								
बालअधिकार	७		८	८								
अपहरण	१५	१४	१	१५								
जम्मा	७१	८७	३१	९८	२	३	३	१८	५३	१	५३	१०६

रामनारायण साह र गम्हरिया गाविस-३ का २२ वर्षीय दिनेश रायलाई कर्फ्यु तोडी जुलुस प्रदर्शन गरेको आरोपमा ०६३ माघ २१ गते सशस्त्र प्रहरी र जनपद प्रहरीले मलङ्गवा नपा-२ मा गोली हानी हत्या गरे। सोही घटनामा गोलीबाट घाइते भएका जमुनिया गाविस-६ मदनपुर निवासी २५ वर्षीय सञ्जय रायको उपचारका क्रममा ०६३ माघ २२ गते काठमाडौँको वीर अस्पतालमा मृत्यु भयो । मिकरानी र साहको उपचारका लागि जिल्ला अस्पताल पुऱ्याउँदै गर्दा बाटोमा मृत्यु भएको थियो भने दिनेशको उपचारका क्रममा सोही दिन राति भारतको सीतामढीमा मृत्यु भयो। सो घटनामा प्रहरीको गोली, लाठी तथा भागदौडका क्रममा ५६ जना प्रदर्शनकारीहरू घाइते भए। पीडितहरू मधेसी जनअधिकार फोरमका कार्यकर्ता हुन्। मृतक चार जनाको परिवारलाई ०६४ मङ्सिर २७ गते जिल्ला प्रशासन कार्यालयले १०-१० लाख रुपियाँ क्षतिपूर्तिस्वरूप प्रदान गऱ्यो।

ढुङ्ग्रेखोला गाविस-१ का ४० वर्षीय मङ्गलबहादुर गुर्मछानलाई ०६४ वैशाख १५ गते बिहान प्रहरीले ढुङ्ग्रेखोला गाविस-४ महेन्द्र राजमार्गमा गोली हानी हत्या गरे। उक्त दिन प्रहरीले चुरेभावर एकता समाजले रोकी राखेको सवारी साधन स्कर्टिङ् गरी पूर्वतर्फ लाँदै गर्दा चुरेभावरका कार्यकर्तासँग प्रहरीको झडप हुँदा प्रहरीले गोली चलाएको थियो। सोही घटनामा ढुङ्ग्रेखोला गाविस-२ का ३५ वर्षीय रमित लामा र हरिवन गाविस-४ निवासी २२ वर्षीय उत्तम उप्रेती प्रहरीको गोली लागी घाइते भए भने १० जना मानिस प्रहरीको लाठी प्रहारबाट घाइते भए। घाइतेमध्ये रमित र उत्तमको काठमाडौँमा र अन्यको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। मृतक गुर्मछानको परिवारलाई ०६४ मङ्सिर २७ गते जिल्ला प्रशासन कार्यालयले १० लाख रुपियाँ क्षतिपूर्तिस्वरूप प्रदान गऱ्यो।

तराई बागीबाट

मलङ्गवा नपा-६ निवासी मलङ्गवा नपाका कर्मचारी ४० वर्षीय अरुणकुमार जयसवालको ०६४ असार १० गते राति तराई बागीका कार्यकर्ताले मलङ्गवा नपा-८ स्थित सडकमा बम विस्फोट गराउँदा मृत्यु भयो। पीडित सडकमा हिँडिरहेको अवस्थामा सो समूहका कार्यकर्ताले बम विस्फोट गराएका थिए।

तराई कोब्राबाट

हेटौँडा नपा-२ का ट्रक ड्राइभर यदु भनिने २२ वर्षीय सागर सिवाकोटीलाई पहाडे भएको आरोपमा ०६३ माघ ९ गते तराई कोब्राले मिर्जापुर गाविस-८ मा नियन्त्रणमा लिई छातीमा गोली हानी हत्या गऱ्यो। घटनास्थल वरपर तराई कोब्राको पर्चा छरिएको थियो।

सुन्दरपुर चुहडवा गाविस-९ बेलटोलका ३३ वर्षीय ठाकुर कोइरालालाई ०६३ चैत २३ गते राति तराई कोब्राका कार्यकर्ताले छिमेकी शिवचन्द्र रायको घर-आँगनमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरे। घटनामा गोली लागी घाइते भएका सोही गाविस-९ निवासी ५२ वर्षीय शिवचन्द्र रायको वीरगञ्जमा उपचार भयो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

रानीगञ्ज गाविस-८ का ३४ वर्षीय शङ्कर तिमल्सिनालाई ०६४ असोज १७ गते राति लालबन्दीबाट मोटरसाइकलमा घरतर्फ जाँदै गर्दा रानीगञ्ज गाविस-४ को बाँसघारी नजिकै जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले गोली हानी हत्या गरे।

अन्यबाट

पडरिया गाविस-१ का ५५ वर्षीय राजेन्द्रप्रसाद चौधरीलाई ०६३ माघ ७ गते अज्ञात समूहले जमुनिया गाविस-६ स्थित पोखरीको डिलमा गोली हानी हत्या गऱ्यो। हत्याको जिम्मेवारी कसैले लिएन।

मूर्तिया गाविस-७ का ११ वर्षीय सञ्जीव महतोलाई ०६३ माघ १५ गते अज्ञात समूहले नजिकैको उखुबारीमा घाँटी रेटी हत्या गरे।

श्रीपुर गाविस-६ निवासी काङ्ग्रेस (प्र.) का जिल्ला कोषाध्यक्ष ४५ वर्षीय रामएकवाल रायको ०६३ माघ २० गते दिउँसो स्थानीय जनता तथा सङ्गठित समूहले हरिऔन गाविस-९ स्थित महेन्द्र राजमार्गमा मधेसी जनअधिकार फोरमले आयोजना गरेको मोटरसाइकल च्यालीबाट जाँदै गर्दा कुटपिट गरी हत्या गऱ्यो। सोही घटनामा श्रीपुर गाविस-६ निवासी २५ वर्षीय रूपेशकुमार यादव र मलङ्गवा नपा-१ निवासी ४० वर्षीय शिवधारी राय यादव कुटपिटबाट घाइते भए। घाइतेको स्थानीय नमुना अस्पतालमा उपचार भइरहेको अवस्थामा सङ्गठित समूहले अस्पताल कोठाबाट बाहिर निकाली धारिलो हतियार प्रयोग गरी पुनः घाइते बनायो। फोरमका कार्यकर्ताले स्थानीय बासिन्दालाई कुटपिट, सवारी साधन तोडफोड र नाराबाजी गरेपछि झडप भएको थियो। घाइतेहरूको मेडिकल कलेज चितवनमा उपचार भयो। मृतक रामएकवालको परिवारलाई ०६४ मङ्सिर २७ गते क्षतिपूर्तिस्वरूप जिल्ला प्रशासन कार्यालयले १० लाख रुपियाँ प्रदान गऱ्यो।

गडैया गाविस-१ निवासी १७ वर्षीय गनिलाल रायलाई ०६३ फागुन ४ गते राति अज्ञात समूहले बरहथवा गाविसस्थित डेरामा सुतिरहेको अवस्थामा गोली हानी हत्या गऱ्यो।

गोडैता गाविस-७ निवासी मधेसी युवा फोरमका कार्यकर्ता २५ वर्षीय दिलीप भन्ने विद्यानन्द रायलाई ०६४ वैशाख १८ गते राति अज्ञात हतियारधारी समूहले मलङ्गवा नपा-४ स्थित वंशल पेट्रोलपम्पको कम्पाउण्डमा गोली हानी हत्या गऱ्यो।

मुसैली गाविस-१ निवासी मजदुर ३५ वर्षीय रामचन्द्र साहलाई ०६४ असार २२ गते अज्ञात समूहले भेल्ही गाविसको प्रिया आयल स्टोरबाट काम गरेर घरतर्फ फर्कंदै गर्दा मलङ्गवा नपा-१० स्थित भीम नदीको किनारमा गोली हानी हत्या गऱ्यो। पीडित पक्षले हत्यारा पत्ता लगाई कावारही गर्न प्रहरीसमक्ष आग्रह गऱ्यो।

जमुनिया गाविस-५ निवासी ३५ वर्षीय रामप्रसाद रायलाई घरनजिकै बाटोमा बसिरहेको अवस्थामा अज्ञात समूहले ०६४ भदौ १ गते गोली हानी हत्या गऱ्यो भने सोही ठाउँका ४० वर्षीय रामवृक्ष राय गोली लागी सख्त घाइते भए। पीडितले किटानी जाहेरी दिए पनि पीडकहरू फरार रहेका छन्।

बरहथवा गाविस-९ टाँडीटोल निवासी ५५ वर्षीय प्रकाश महतोलाई ०६४ कात्तिक ६ गते राति घरमा सुतिरहेको अवस्थामा अज्ञात समूहले गोली हानी हत्या गऱ्यो।



प्रहरीबाट मारिएका दिनेश राय, आशिकअलि मिक्रानी, मङ्गलबहादुर गुर्मछान र रामनारायण साह

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	वाईसीएलबाट			जतमुमो (ज्वाला सिंह) बाट			जतमुमो (गोइत) बाट			मधेसी जनअधिकार फोरमबाट		
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या				१	१	१						
घाइते				१	१	१						
कुटपिट										२	७	७
धम्की							१	१	१			
अपहरण	१	१	१	६	६	६	२	२	२			
जम्मा	१	१	१	८	८	८	३	३	३	२	७	७

अर्नाहा गाविस-८ निवासी औषधि व्यवसायी ३० वर्षीय तेजनारायण महतोलाई ०६४ मङ्सिर १३ गते बलरा गाविस-५ स्थित औषधि पसल बन्द गरेर घरतर्फ जाँदै गर्दा अर्नाहा गाविस र बलरा गाविसको बीच भगवानपुरमा अज्ञात समूहले छातीमा गोली हानी हत्या गऱ्यो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

हरिऔन गाविस-६ का २३ वर्षीय चन्द्रप्रकाश मैनाली र सोही गाविस-३ का २२ वर्षीय विनोदराज पाठक ०६४ साउन २६ गते बिहान प्रहरीद्वारा स्कर्टिङ् गरेर लाँदै गरिएको सवारी साधनमाथि तोडफोड गरेको आरोपमा हरिऔन गाविस-५ स्थित नयाँरोडमा प्रहरीले गोली चलाउँदा सख्त घाइते भए। घाइतेमध्ये विनोद



प्रहरीको गोली लागी घाइते भई उपचारका क्रममा मृत्यु भएका सञ्जय राय

पाँच दिनपछि र चन्द्रप्रकाश १५ दिनपछि काठमाडौँको मोडेल अस्पतालमा उपचार गराई घर फर्किए।

तराई आर्मीबाट

हरिऔन गाविस-३ निवासी ४५ वर्षीय बुँधिया दनुवार, शङ्करपुर गाविस-७ निवासी १९ वर्षीया दीपा थापा र हरिऔन गाविस-८ निवासी २८ वर्षीय शेष इलियास ०६४ असार २० गते तराई आर्मीले हरिऔन गाविस-९ स्थित कृष्णचोक बजारको रबर प्लान्टको रुखमुनि प्रेसर कुकुर बम विस्फोट गराउँदा घाइते भए। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

अन्यबाट

ब्रम्हपुरी गाविस-६ निवासी ५५ वर्षीय रामछविलाल शाह, ४५ वर्षीय ईश्वर शाह, सोही गाविस-३ का वसन्त शाह, २२ वर्षीय दिनेश शाह र सोही गाविस-४ का ३८ वर्षीय लक्ष्मी शाह ०६३ चैत १७ गते राति अज्ञात समूहले गराएको बम विस्फोटमा परी घाइते भए। घाइतेहरूको जिल्ला अस्पताल मलङ्गवामा उपचार भयो।

ईश्वरपुर गाविस-१ नरेशखोर निवासी २५ वर्षीय विनोद पण्डितलाई ०६४ वैशाख ४ गते राति सशस्त्र समूहले सकेट बम प्रहार गरी घाइते बनाए। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

महोत्तरी जिल्ला निगौल गाविस-१ निवासी ५० वर्षीय जोगेन्द्र मण्डल, हरिऔन गाविस-२ निवासी ४५ वर्षीया मायाकुमारी भण्डारी, सोही गाविस-२ निवासी १५ वर्षीय बचियाकुमारी साह ०६४ जेठ १० गते हरिऔन गाविस-९ स्थित कृष्णचोक बजारमा रहेको पीपलबोट चौतारामा बम विस्फोट हुँदा घाइते भए।

पीडितमध्ये जोगेन्द्रको वीरगञ्जमा र अन्यको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। घटनाको कसैले जिम्मेवारी लिएन।

सासापुर गाविस-५ का २५ वर्षीय विजय मोक्तान, २६ वर्षीय टीकामान मोक्तान र ४५ वर्षीय माइला दमाई ०६४ साउन ९ गते राति अज्ञात समूहले गराएको बम विस्फोटमा परी सख्त घाइते भए। पीडितहरूको वीरगञ्जमा उपचार भयो।

नेत्रगञ्ज गाविस-५ का ८ वर्षीय बालिका रिताकुमारी ४५ वर्षीया सखियादेवी र ३० वर्षीया प्रमिलादेवी चमार ०६४ पुस १० गते आँगनमा बालेको धुनी ताप्दै गर्दा अचानक गोली पड्की घाइते भए। पीडितहरूको स्थानीय स्वास्थ्य चौकीमा उपचार गरियो। पड्केको गोली एसएलआरको भएको प्रहरीको अनुमान रहेको छ।

जेल र बन्दीहरू

'ग' श्रेणीको सर्लाही कारागारको क्षमता महिला २५ जना र पुरुष ७५ जना गरी कुल १ सय जनाको रहेको छ। यस कारागारमा कैद तोकिएका २९ जना पुरुष, कैद नतोकिएका ७७ जना पुरुष र तीन जना महिला गरी कुल बन्दी १ सय ९ जना रहेका छन्। कैद तोकिएका चार जना र कैद नतोकिएका पाँच जना गरी जम्मा नौ जना भारतीय नागरिक रहेका छन्। कारगारमा पानी, शौचालय, विद्युत्, पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्री र लुगा सिलाउने मेसिनको व्यवस्था रहेको छ। बन्दीहरूको उपचारमा माथिल्लो निकायले सहयोग नगरेको गुनासो जेलर अनिलकुमार आर्चायले बताए। माओवादीले ०६२ चैत २३ गते आक्रमण गरी ध्वस्त बनाएको यो कारागार निर्माणाधीन अवस्थामा रहेको छ।

बेपत्ता/अपहरण

वाईसीएलबाट

कालिन्जोर गाविस-२ निवासी काङ्ग्रेस जिल्ला कार्यसमितिका सदस्य ३८ वर्षीय प्रमोद बरालालाई बाँके जङ्गलबाट घरतर्फ जाँदै गर्दा ०६४ साउन १४ गते वाईसीएलका कार्यकर्ताले केही दिनअगाडि माओवादी कार्यकर्तालाई कुटपिट गरिएको विषयलाई लिएर अपहरण गरी तीन घण्टापछि मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

हजरिया गाविस-७ का ५० वर्षीय जयबहादुर कार्कीलाई ०६३ चैत ७ गते साँझ घरमा बसिरहेको अवस्थामा तराई जनतान्त्रिक मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले अपहरण गरे। पीडितलाई मकौरीमा लगी बन्दुक ताकी मार्न खोज्दा गाउँलेले प्रतिवाद गरेपछि सोही दिन राति ९ बजे गोइत समूहले मुक्त गरे।

मोहनपुर गाविस-१ का ४० वर्षीय रामचन्द्र महतोलाई गाउँको पोखरीको विषयलाई लिएर ०६४ कात्तिक ४ गते राति तराई जनतान्त्रिक मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाट अपहरण गरे। पीडित ०६४ कात्तिक ७ गते पीडकको कब्जाबाट भागे।

सङ्गठित समूहद्वारा हत्या गरिएका रामएकवाल राय

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

मोहनपुर गाविस-२ पोखरियाका ४५ वर्षीय उत्तम पौडेललाई ०६४ असार ६ गते दिउँसो जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाटै अपहरण गरे। पीडित ०६४ असार ९ गते मोर्चाको कब्जाबाट भाग्न सफल भए।

लालबन्दी गाविस-१ निवासी जानकीनगर गाविसका सचिव ४५ वर्षीय चोमनप्रसाद अधिकारीलाई ०६४ असार ११ गते दिउँसो १ बजे कार्यालयमा काम गरिरहेको अवस्थाबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका कार्यकर्ताले अपहरण गरे। पीडितलाई सोही दिन राति मुक्त गरे।

बरहथवा गाविस-४ निवासी मूर्तिया गाविसका सचिव ४५ वर्षीय जगन्नाथ साहलाई ०६४ साउन ३ गते दिउँसो जनतान्त्रिक तराई मूक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले फिरौती रकमको माग गर्दै जानकीनगर गाविस-४ स्थित चौरीबाट कुटपिट गर्दै अपहरण गरे। पीडित त्यसै दिन राति हेमपुर गाविसबाट भागेर घर फर्किए ।

गौरीशङ्कर गाविस-६ श्रीनगर निवासी शिक्षक ४० वर्षीय देवनाथ साहलाई ०६४ असोज ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले खेतमा काम गर्न गएको अवस्थामा अपहरण गरे। स्थानीय प्राविका शिक्षक रहेका पीडित ०६४ असोज १३ गते मुक्त भए।

जानकीनगर गाविस-८ का ६० वर्षीय उद्धव भनिने ईश्वरीप्रसाद सिग्देललाई संविधानसभाको पक्षमा गतिविधि गरेको आरोपमा ०६४ असोज १२ गते राति तराई जनतान्त्रिक मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले घरबाट अपहरण गरी केही पर पुऱ्याई गोली हानी सख्त घाइते पारे। दाहिने कोखा र हातमा

गोली लागेका पीडितको काठमाडौँमा उपचार गरियो। पीडित राप्रपाका कार्यकर्ता हुन्।

भक्तिपुर गाविस घर भई घरेलु तथा साना उद्योग कार्यालय मलङ्गवामा कार्यरत ३४ वर्षीय मदन खड्कालाई ०६४ मङ्सिर १८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरे। पीडित अज्ञातस्थलबाट मङ्सिर १९ गते मुक्त भए।

अन्यबाट

मधुवनगोठ गाविस-३ का २८ वर्षीय रामसेवक राउत बरैलाई ०६४ असार १४ गते सोही स्थानका ४७ वर्षीय बिगु चौधरीलगायत पाँच जनाको समूहले फिरौती रकम माग गर्दै घरबाट अपहरण गऱ्यो। पीडितलाई प्रहरीले ०६४ असार १८ गते मुक्त गरायो। पीडकलाई सार्वजनिक मुद्दा लगाई ५ हजार धरौटीमा जिल्ला प्रशासन कार्यालयले ०६४ असार ३० गते रिहा गऱ्यो।

मानपुर गाविस-७ का २६ वर्षीय यदुवंशी साहलाई फिरौती रकमको माग गर्दै ०६४ कात्तिक २६ गते राति घरबाट अज्ञात समूहले अपहरण गरे। पीडित ०६४ कात्तिक ३० गते मुक्त भए।

धम्की/कुटपिट

राज्यबाट

हरिऔन गाविस-९ का २५ वर्षीय नारायण खनाललाई आफ्नै पसलअगाडि बसिरहेको अवस्थामा चुरेभावर एकता समाजको कार्यकर्ता भएको आरोपमा ०६४ साउन २४ गते सशस्त्र प्रहरीले लाठीले कुटपिट गरे। कुटपिटबाट घाइते भएका उनको स्थानीय नमुना अस्पतालमा उपचार भयो।

सासापुर गाविस-६ डावरीका ३५ वर्षीय नवीन लामा र पत्नी ३२ वर्षीय सेलु लामालाई चुरेभावर एकता समाजको कार्यकर्ता भएको आरोपमा ०६४ साउन २५ गते दिउँसो हरिऔन गाविस-६ स्थित आफ्नै होटलमा काम गरिरहेको अवस्थामा होटेलभित्र प्रवेश गरी प्रहरीले कुटपिट गरी सख्त घाइते पारे। पीडितको वीरगञ्जमा उपचार भयो। प्रहरीले पीडितलाई उपचार खर्च ५ सय रुपियाँ उपलब्ध गराए।

हरिऔन गाविस-५ का ३८ वर्षीय राजन केसी, ३७ वर्षीय सत्येन्द्र गुप्ता, २८ वर्षीय सुधीर गुप्ता, सोही गाविस-५ का ३८ वर्षीय ईश्वर कार्की, ३५ वर्षीय उमेश श्रेष्ठ, चमार सिंह लामा र सोही गाविस-२ का २३ वर्षीय गोविन्द ढुङ्गेललाई चुरेभावर एकता समाजका कार्यकर्ता भएको आरोपमा सडकमा हिँडिरहेको तथा घरमा काम गरेर बसिरहेको अवस्थामा ०६४ साउन २८ गते उनीहरूलाई प्रहरीले लाठी तथा बन्दुकको कुन्दाले प्रहार गरी घाइते पारे। पीडित सबैको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

माओवादीबाट

गोडैता गाविस-७ का ९५ वर्षीय अनुपलाल राय र २५ वर्षीय सुरेश दासलाई मोटरसाइकल विवादका कारण ०६३ चैत १३ गते माओवादी कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए। पीडितको उपचार मलङ्गवामा भयो। माओवादीले घटनामा गल्ती भएको स्वीकारे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

कविलासी गाविस-९ निवासी किसनपुर र बेला गाविसका सचिव ४५ वर्षीय हरिकान्तलाल कर्णलाई ०६४ मङ्सिर २८ गते तराई जनतान्त्रिक मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले मार्ने धम्की दिए। जिल्लाका सबै गाविसबाट एकमुष्ट २५ लाख रुपियाँ मागेको समाचार पत्रिकामा प्रकाशित गरिएको भन्दै उनलाई मार्ने धम्की दिएका थिए। पीडित गाविस सचिव हकहित संरक्षण केन्द्रका जिल्ला अध्यक्ष हुन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

धनकौल गाविस-४ का ४८ वर्षीय योग्यबहादुर सिलवाललाई ०६४ कात्तिक २७ गते राति ज्वाला सिंह समूहका कार्यकर्ता बताउने सशस्त्र समूहले धारिलो हतियार प्रयोग गरी सख्त घाइते पारे। पीडितको उपचार काठमाडौँमा भयो।

मधेसी जनअधिकार फोरमबाट

काभ्रेपलाञ्चोक जिल्ला मथुरापाटी फूलबारी गाविस-९ निवासी प्रहरी असई प्रकाश प्याकुरेल, प्रहरीहरू किशोरध्वज कार्की, सन्तोष खड्का, लोकदर्शन देवकोटा र दिनेश खरेललाई ०६३ माघ १३ गते साँझ मधेसी जनअधिकार फोरमका कार्यकर्ताले मलङ्गवामा ढुङ्गा हानी घाइते बनाए। फोरमले निकालेको जुलुसमा सहभागी भएका फोरम कार्यकर्ताले ढुङ्गा प्रहार गरेका थिए। पीडितहरूको जिल्ला अस्पतालमा उपचार भयो।

सर्लाही जिल्लाका स्थानीय विकास अधिकारी ४५ वर्षीय विन्दुप्रसाद गुरागाईं र इन्जिनियर रमेशप्रसाद यादवलाई सलेमपुर गाविसमा सशस्त्र प्रहरीले बाँध बाध्दा लागेको उपभोक्ता समूहको ढुङ्गाबापतको रकम जिबिसले नदिएको आरोपमा ०६४

मङ्सिर ३ गते कार्यालय हाताभित्र मधेसी जनअधिकार फोरमका कार्यकर्ता अशोककुमार यादव र रुद्रकान्त यादवले दुर्व्यवहार तथा कुटपिट गरे। पीडकलाई प्रहरीले पक्राउ गरी भोलिपल्ट साँझ रिहा गऱ्यो। पीडकले घटनामा आफ्नो गल्ती भएकाले भूल स्वीकारे।

अन्यबाट

लालबन्दी गाविस-९ निवासी जेसीस बोर्डिङ् स्कुलका प्रिसिन्पल ३५ वर्षीय निर्मल आचार्य, उनकी पत्नी ३२ वर्षीया सम्झना आचार्य, छोरा निश्चल, रितवीज, निसिका र हरिपुर गाविस-४ निवासी एभरेस्ट एकेडेमीका प्रिन्सिपल ३५ वर्षीय गोपाल पञ्जियार चौधरीलाई ०६३ माघ २१ गते बिहान एक सङ्गठित समूहले मलङ्गवाबाट मोटरसाइकलमा घरतर्फ आउँदै गर्दा सलेमपुर गाविसको पिडार चोकमा दुर्व्यवहार र कुटपिट गरे। पीडितहरूलाई सलेमपुरको एक घरमा राखी साँझ आ-आफ्नै घरमा पुऱ्याइयो।

बारा जिल्ला घर भई हाल कर्मैया प्रहरी चौकी वाग्मतीमा कार्यरत प्रहरी जवान २८ वर्षीय रामबाबुप्रसाद पटेललाई ०६३ चैत २ गते एक सङ्गठित समूहले ढुङ्ग्रेखोला गाविस-४ स्थित महेन्द्रराजमार्गमा ड्युटीमा गइरहेको अवस्थामा धारिलो हतियार प्रयोग गरी घाइते बनाए। पीडितको उपचार चितवनमा भयो।

ईश्वरपुर गाविस-२ का ३५ वर्षीय विष्णु गिरी र उनकी पत्नी ३१ वर्षीया लक्ष्मी गिरी तथा भक्तिपुर गाविसका भोजराज सुवेदीलाई ०६४ साउन २७ गते मधेसी समुदायको एक सङ्गठित समूहले मलङ्गवा जाँदै गर्दा कविलासीको अगर्वा र सलेमपुरमा दुर्व्यवहार तथा कुटपिट गऱ्यो। पीडितहरू प्रहरीको सहयोगमा मलङ्गवा जिल्ला अस्पतालमा उपचारपश्चात् घर फर्किए।

किसनपुर गाविस-५ लघुवा टोलका ३२ वर्षीय दिनेश शाह र उनकी पत्नी २८ वर्षीया फूलकुमारीलाई ०६४ साउन २७ गते रानीगञ्ज गाविसमा एक समूहले कुटपिट तथा दुर्व्यवहार गऱ्यो।

गैरकानुनी गिरफ्तारी

मलङ्गवा नपा-८ निवासी ४५ वर्षीय रामवली राय र मलङ्गवा नपा-१० निवासी ५० वर्षीय रामेश्वर यादवलाई ०६४ असार १५ गते जिल्लाको शान्ति सुरक्षामा खलल पुऱ्याएको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये रामेश्वरलाई ५ सय रुपियाँ धरौटी लिई र रामवलीलाई बिनाधरौटी ०६४ असार १८ गते तारेखमा रिहा गरिएको जिल्ला प्रशासन कार्यलयले बतायो। पीडित दुवैले बिनाकारण प्रहरी प्रशासनले पूर्वाग्रही भएर दुःख दिएको बताए। पीडित रामेश्वर नेपाल शिक्षक युनियनका जिल्ला अध्यक्ष हुन् भने रामवली तत्कालीन काङ्ग्रेस (प्र.) को जिल्ला कार्यसमिति सदस्य हुन्।

हरिऔन गाविस ६ का २५ वर्षीय पर्शुराम थापालाई चुरेभावर एकता समाजको कार्यकर्ता भई सवारी साधनमा ढुङ्गामुढा तथा आगजनी गरेको अरोपमा ०६४ साउन २५ गते प्रहरीले हरिऔन गाविस-५ स्थित सुखेपोखरीनजिकैबाट गिरफ्तार गरे। पीडितलाई आगजनी मुद्दा लगाई काबाही अघि बढाइएकामा ०६४ भदौ १० गते २५ हजार धरौटीमा रिहा भए।

हरिऔन गाविस-६ का ३० वर्षीय सन्तोष भुजेललाई चुरेभावर एकता समाजको बन्द कार्यक्रममा सवारी साधनमा तोडफोड तथा आगजनी गरेको आरोपमा ०६४ साउन २९ गते घरनजिकैबाट प्रहरीले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई आगजनी मुद्दामा काबारही अघि बढाइएकामा ०६४ भदौ १० गते १० हजार रुपियाँ धरौटीमा स्थानीय प्रशासनले तारेखमा रिहा गऱ्यो।

ढुङ्ग्रेखोला गाविस-४ का २१ वर्षीय कृष्णबहादुर कार्की र सोही ठाउँका ३७ वर्षीय दिनेश खड्कालाई ०६४ साउन ३१ गते बस तथा एम्बुलेन्स तोडफोड गरेको आरोपमा प्रहरीले दिउँसो घरबाट गिरफ्तार गरे। पीडित दुवैलाई सार्वजनिक मुद्दा दायर गरिएकामा ०६४ भदौ ९ गते ३/३ हजार रुपियाँ धरौटीमा रिहा भए।

लालबन्दी गाविस १ का २८ वर्षीय इन्द्र घिमिरे र सोही ठाउँका २५ वर्षीय पप्पु विश्वकर्मालाई ०६४ साउन ३१ गते साँझ सवारी साधन तोडफोड गरेको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितमध्ये इन्द्र १० हजार रुपियाँ धरौटीमा ०६४ भदौ ३ गते र पप्पु १० हजार धरौटी राखी ०६४ भदौ १० गते तारेखमा रिहा भए।

कर्मैया गाविस-१ का २७ वर्षीय महेन्द्र श्रेष्ठलाई ०६४ साउन ३१ गते सवारी साधन तोडफोड गरेको आरोपमा कर्मैया गाविस-१ स्थित महेन्द्रराजमार्गबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई सार्वजनिक अपराध मुद्दामा कारबाही अघि बढाइएकामा ०६४ भदौ १० गते १० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा गरे।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मलङ्गवा नपा-४ निवासी २२ वर्षीय सञ्जयलाल कर्ण, १९ वर्षीय मुरेन्द्रकुमार चौधरी, नपा-१० निवासी २५ वर्षीय रामचन्द्र राय, लक्ष्मीपुर गाविस-३ निवासी १७ वर्षीय ठेकु राय र नाम नखुलेका एक जना बोल्न नसक्ने व्यक्तिलाई ०६३ माघ १९ गते मधेसी जनअधिकार फोरम र मधेसी लोकतान्त्रिक मोर्चाले संयुक्त रूपमा मलङ्गवामा जुलुस प्रदर्शन गर्दा प्रहरीसँग भएको दोहोरो मुठभेडमा घाइते भए। घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भयो।

सलेमपुर गाविस-४ निवासी २५ वर्षीय राजकुमार यादव, सोही गाविस-३ का २० वर्षीय दरेश राय, सोही गाविस-५ का २४ वर्षीय अशोक चौधरी र सोही गाविस-८ का ३० वर्षीय शङ्कर झा ०६३ माघ १९ गते माओवादीनिकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाले मलङ्गवामा प्रदर्शन गरेको जुलुसमाथि प्रहरीले गरेको लाठीचार्जमा परी घाइते भए। घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भयो।

लालबन्दी गाविस-९ निवासी ४० वर्षीय केशव ढुङ्गाना, सोही गाविस-१ का ३५ वर्षीय तुलसी घिमिरे, ३५ वर्षीय राजकुमार उप्रेती र जब्दी गाविस-३ निवासी ३८ वर्षीय अर्जुन चौधरीलाई ०६३ चैत २ गते लालबन्दी गाविस-९ स्थित महेन्द्र राजमार्गमा प्रहरीले अश्रुग्यास तथा लाठी प्रहार गरी घाइते बनाए। चुरेभावर एकता समाजका कार्यकर्ता रहेका पीडितहरूले राजमार्ग अवरुद्ध गर्न खोज्ने र प्रहरीले खुलाउने क्रममा दोहोरो झडप हुँदा सो घटना भएको थियो।

मधेसी जनअधिकार फोरमनिकट मधेसी विद्यार्थी फ्रन्टका विद्यार्थी २७ वर्षीय गणेश यादव, २५ वर्षीय मुकेश यादव, २३ वर्षीय रवीन्द्र यादव र २५ वर्षीय मनोज यादवलाई ०६४ मङ्सिर १५ गते साँझ मलङ्गवा नपाको बालमन्दिरनजिक मसाल जुलुस प्रदर्शन गर्दैगर्दा प्रहरीले लाठीचार्ज गरी घाइते बनाए। घाइतेहरूको जिल्ला अस्पताल मलङ्गवामा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सर्लाही जिल्ला अदालतमा यसवर्षको अन्त्यसम्ममा गतवर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा ४ सय ७८ थान र यस वर्ष दर्ता भएका ३ सय ५२ थान समेत जम्मा ८ सय ३० थान मुद्दामध्ये २ सय ३९ थान फर्स्यौट भए । फौजदारी मुद्दा गतवर्षको जिम्मेवारी सरेर आएका १ सय ३१ थान र यस वर्ष दर्ता भएका १ सय १४ थानसमेत जम्मा २ सय ४५ थान मुद्दामध्ये ६० थान फर्स्यौट भए ।

यस वर्षको अन्त्यसम्म जम्मा देवानी ७ सय ७६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे । जिल्ला प्रशासन कार्यालयमा यस वर्ष ६९ थान मुद्दा दर्ता भएकामा आठ थान फर्स्यौट भई ६१ थान बाँकी रहे।

बालअधिकार

लक्ष्मीपुर सुखचैना गाविस-१ का १३ वर्षीय रामविनय साहलाई घरायसी विवादका कारण ०६३ चैत १ गते बिहान ६ बजे मोटरसाइकलमा गएको एक समूहले घरबाट अपहरण गऱ्यो। पीडितलाई सोही ब्रम्हपुरी गाविसबाट मुक्त गरियो। पीडकको पहिचान हुन सकेन।

सासापुर गाविस-४ निवासी १३ वर्षीया एक बालिकालाई फूपाजु नाता पर्ने सङ्ग्रामपुर गाविस-१ निवासी ३५ वर्षीय मलजुम अन्सारीले ०६३ चैत ४ गते अपहरण गरे। पीडित भारतीय प्रहरीको सहयोगमा चैत १२ गते मुक्त भइन्। पीडकलाई भारतीय प्रहरीले गिरफ्तार गरी नेपाल प्रहरीलाई बुझाए।

बलरा गाविस-४ निवासी एक वर्षीया नाबालिका खुसीकुमारी मिश्रलाई ०६४ वैशाख १७ गते राति पिता ३७ वर्षीय राकेश मिश्रले धारिलो हतियार प्रयोग गरी घाँटी रेटेर हत्या गरे। पीडक फरार छन्।

सेखौना गाविस-७ निवासी ९ वर्षीय बालक अरविन्द यादवलाई ०६४ जेठ ४ गते सिसौट गाविस-९ निवासी ३० वर्षीय जोगी राय यादवले अपहरण गरे। पीडितलाई प्रहरीले भोलिपल्ट रौतहट जिल्लाको झुनखुनवा गाविसबाट मुक्त गरी पीडकलाई गिरफ्तार गरे। पीडकलाई जिल्ला अदालत सर्लाहीले मानव बेचबिखन तथा ओसारपसार ऐनअन्तर्गत ५ सय रुपियाँ जरिवाना गरायो।

मूर्तिया गाविस-७ निवासी ९ र १० वर्षीया दुई बालिकालाई ०६४ असार ११ गते बरहथवा गाविस-८ निवासी ४५ वर्षीय श्रीप्रसाद शाहले ललाइफकाई ऊखुबारीमा लगेर बलात्कार प्रयास गरे। पीडकहरूलाई गाउँलेले समाती प्रहरीलाई बुझाए। दुई दिन प्रहरी हिरासतमा राखी माफी मगाई पीडकलाई रिहा गरियो।

छटौल गाविस-३ का १० वर्षीय बालक शम्भु रायलाई ०६४ कात्तिक १६ गते फिरौती रकम माग गर्दै अज्ञात समूहले घरबाट अपहरण गऱ्यो। पीडित ०६४ कात्तिक २१ गते मुक्त भए।

नेत्रगञ्ज गाविस-५ की १७ वर्षीया एक दलित बालिकालाई सोही ठाउँका २३ वर्षीय देव लामा, सासापुर गाविसका २५ वर्षीय कर्ण लामा र २२ वर्षीय सन्तोष मोक्तानले ०६४ कात्तिक ८ गते नेत्रगञ्ज

गाविस-६ स्थित एक होटलमा बलात्कार गरे। पीडकमध्ये कर्ण लामालाई प्रहरीले पक्राउ गरे भने अन्य दुई जना हालसम्म फरार छन्।

रानीगञ्ज गाविस-८ की सात वर्षीया एक बालिकालाई सोही गाविस-८ का १८ वर्षीय ओमबहादुर बोहराले ०६४ कात्तिक १५ गते राति बलात्कार गरे। पीडकलाई स्थानीय गाउँलेले समाती प्रहरीमा बुझाए। पीडकलाई ०६४ मङ्सिर १२ गते जिल्ला अदालतले पुर्पक्षका लागि कारागार पठायो।

परवानीपुर गाविस-७ की आठ वर्षीया एक बालिकालाई सोही ठाउँका १८ वर्षीय पशुपति कार्कीले ०६४ मङ्सिर २१ गते राति परवानीपुर-१ स्थित भोर्लेनीको मेलास्थलनजिकै बलात्कार गरे। पीडितलाई अत्यधिक रक्तश्राप भएकाले उपचारका लागि वीरगञ्ज लगियो भने पीडकलाई भोलिपल्ट प्रहरीले पक्राउ गऱ्यो।

हेमपुर गाविस-५ की ११ वर्षीया एक बालिकालाई उखुबारीमा घाँस काट्न गएको अवस्थामा ०६४ पुस १ गते सोही गाविस-६ का ३० वर्षीय उमेश चौधरीले बलात्कार गरे। पीडकलाई ०६४ पुस ८ गते प्रहरीले गिरफ्तार गरी आवश्यक कारबाही अगाडि बढायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार दुर्न्यवहार

वसन्तपुर गाविस-८ की ४५ वर्षीया सागरदेवी रायलाई ०६४ भदौ २२ गते राति सोही गाविस-५ का ३५ वर्षीय श्रीराम राय यादव, सोही गाविस-२ का ४५ वर्षीय महेन्द्र राय, सोही गाविस-७ का ५० वर्षीय जासरप्रसाद यादव सोही गाविस-५ का ५५ वर्षीय फेकु राय, सोही गाविस-३ का ४५ वर्षीय रघुदी राय र सोही गाविस-८ का ३७ वर्षीय नागेश्वर ठाकुर लोहारले सोही गाविस-३ का १२ वर्षीय बालक कैलाश रायलाई तन्त्रमन्त्र गरी मारेको आरोपमा गालीगलौज गरी कुटपिट गरे। पीडकहरूले ५० वर्षीय नथुनी रायलाई समेत तेरो पत्नी बोक्सी हो भन्दै कुटपिट गरेका थिए। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका छन् भने पीडकहरू फरार छन्।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

पारिवारिक हिंसा

सिमरा गाविस-५ फेन्हराकी २५ वर्षीया पत्नी चमेली मण्डललाई घरायसी झगडाका कारण ०६३ चैत २६ गते उनका पति ३० वर्षीय गमबहादुर मण्डलले कुटपिट गरी हत्या गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान गर्दा पीडकले घटना स्वीकारे। पीडक ०६४ वैशाख २१ गतेदेखि जिल्ला कारागार शाखामा रहेका छन्।

औरही गाविस-३ की २५ वर्षीया शान्तिदेवी रायलाई ०६४ वैशाख १४ गते उनका पति ३२ वर्षीय रामविकोज र सौता १८ वर्षीया कल्पनादेवीले कुटपिट तथा विष खुवाई हत्या गरे। पीडक दुवैलाई ०६४ वैशाख १६ गते प्रहरीले गिरफ्तार गऱ्यो। अदालतको आदेशमा पीडकहरू पुर्पक्षका लागि कारागारमा रहेका छन्।

पिपरिया गाविस-३ निवासी २५ वर्षीया शान्तिदेवी रायलाई ०६४ वैशाख २२ गते राति पति ३० वर्षीय नागेश्वर राय र सासू ४७ वर्षीया बिल्टुनियाँदेवी रायले कुटपिट गरी आगो लगाई हत्या गरे। पीडकमध्ये बिल्टुनियाँदेवीलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरिरहेकामा आपसी सहमतिमा छलफल गरी बिल्टुनियाँलाई ०६४ वैशाख २५ गते रिहा गरे।

राजघाट गाविस-३ की ४५ वर्षीया सावित्रीदेवी महतोलाई ०६४ साउन २४ गते पति ४८ वर्षीय गेनालाल भनिने सिवलाल महतोले कुटपिट गरी हत्या गरे। पीडक फरार छन्।

रौतहट जिल्ला बरियारपुर गाविस विनग्राटोल घर भएकी ३४ वर्षीया जयकलादेवी रायलाई ०६४ मङ्सिर १२ गते बिहान पति मानपुर प्रहरी चौकीमा कार्यरत प्रहरी जवान ३७ वर्षीय शिवचन्द्र रायले गोली हानी हत्या गरे। पीडकले आफैँलाई समेत गोली हानी सख्त घाइते पारे।

सबै प्रकारका जातीय विभेद

हरिऔन गाविस-१ निवासी ३५ वर्षीय बुद्धिमाया विश्वकर्मालाई ०६३ चैत १२ गते चैते दसैँमा मासु काट्दा अचानो छोएको आरोपमा सोही स्थानका २६ वर्षीय यमदास श्रेष्ठले दुर्व्यवहार गरी गालीगलौज गरे। पीडकले गल्ती स्वीकारी ५ सय १ रुपियाँ जरिवाना तिरे।

२.४ सिन्धुली

जनसङ्ख्या : ३,२६,५३४
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): २,४९१
गाविस/नपा सङ्ख्या : ५३/१
सरकारी/निजी विद्यालय : ४९४/१५
क्याम्पस/उच्च मा.वि. : ३/२०
अस्पताल/स्वास्थ्य चौकी : १/५५
मोटर सडक (कि. मि.): १५०
प्रहरी कार्यालय सङ्ख्या : २०
मानव विकास सूचकाङ्क : ०.४६९
प्रतिपरिवार सरदर सङ्ख्या : ७

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

लाम्पानटार गाविस-२ निवासी ३६ वर्षीय केदारबहादुर सार्की र सोही गाविस-३ निवासी १७ वर्षीय लक्ष्मण विक ०६४ वैशाख १९ गते सोही गाविस-३ को बेलभञ्ज्याङमा बेवारिसे बम विस्फोट हुँदा घाइते भए। सोही दिन बिहान लँगुरडाँडा विद्यालयनजिकैको बेलभञ्ज्याङ चौरमा सुँगुर काटेर आगोमा पोल्न लाग्दा जमिन मुनि गाडिएर रहेको उक्त बम विस्फोट हुँदा आफूहरू घाइते भएको केदारबहादुरले बताए। पीडितहरूलाई ०६४ वैशाख २० गते उपचारका लागि काठमाडौँ लगियो। उक्त स्थानमा ०६० फागुन ३ गते माओवादी र सुरक्षाकर्मीबीच भिडन्त भएको थियो।

जेल र बन्दीहरू

२५ जनाको बन्दी क्षमता भएको सिन्धुली जेलमा यस वर्षको अन्त्यसम्मा ५३ जना बन्दी रहेका छन्। बन्दीहरूमध्ये कैद तोकिएका ३ जना महिला र २७ जना पुरुष तथा कैद नतोकिएका २३ जना पुरुष रहेका छन्। आमाबाबु दुवै जना कर्तव्य ज्यान मुद्दामा जेल परेपछि जेलमा आश्रित जीवन बिताइरहेका जरायोटार गाविस-८ का दुई नाबालकहरू छ वर्षीय सनम लामा र चार वर्षीय सुदीप लामालाई राष्ट्रिय मानवअधिकार आयोगले ०६४ असोज ४ गते जेलबाट निकाली बालमन्दिरमा लगेर राखिदिएको छ।

कारागारको भवन जीर्ण भएकाले एक वर्ष पहिले सम्पूर्ण कारागारको मर्मतका लागि कारागार व्यवस्था विभागमा लेखी पठाएको र त्यसपछि नयाँ भवन बनाउन 'स्टमेट' गरी पठाउनु भनेकाले सो पठाएको पनि डेढ वर्ष भएको तर हालसम्म त्यसको कुनै जवाफ आएको छैन। ३० वर्षअघि तत्कालीन जनसङ्ख्या र अपराधका आधारमा निर्माण गरिएको कारागार वर्तमानको जनसङ्ख्या र अपराधमा वृद्धिका कारण भवनका कोठाहरू थप हुनुपर्ने, महिला बन्दीगृह छुट्टै बनाउनुपर्ने, बन्दीहरूको सामान्य उपचार जिल्ला अस्पतालमा गरिने र सिकिस्त भएपछि जेल सरुवा गर्ने गरिएको, नियमानुसार उनीहरूले पाउने सबै सुविधा दिएको, बजेट न्यून भएको तथा देशको अन्य जेलको तुलनामा यो जेल धेरै राम्रो भएको जेलर काशीनाथ काफ्लेले बताए। कार्यालय र सुरक्षाकर्मीको निवासमा समेत पानी चुहिने गरेको जेलका सुरक्षा इञ्चार्ज असई लालबाबु सिंहले बताए।

बेपत्ता/अपहरण

माओवादीबाट

जिनाखु गाविस-३ निवासी शिक्षक ४२ वर्षीय छविलाल काफ्लेलाई ०६४ वैशाख २८ गते बिहान कमलामाई नपा-१२ स्थित जनजागृति उच्च माबि भीमानमा ११ कक्षाको परीक्षा दिएर बाहिर निस्कनासाथै माओवादीका अरूण भनिने धर्मानन्द घिमिरेले प्रस्तावित माबि जिनाखुको विद्यालयको रकम भ्रष्टाचार गरेको आरोपमा अपहरण गरे। पीडितलाई २९ गते साँझ विद्यालयमा पुऱ्याई ०६४ चैत मसान्तभित्रमा १ लाख ५० हजार रुपियाँ तिर्ने कागज गराई मुक्त गरे।

हत्पते गाविस-७ निवासी ६० वर्षीय कृष्णप्रसाद घिमिरेलाई ०६४ जेठ १९ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई ०५४ सालमा माओवादीद्वारा मारिएका सोही गाविसका प्रेमनाथ

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	४	४		४								
घाइते	१	२		२								
कुटपिट	१०	१४	४	१८	३	३	१	४	२	२		२
जातीय विभेद	१	१		१								
महिलाअधिकार	२२		२३	२३								
बालअधिकार	१		१	१					१		१	१
अपहरण					२	२		२				
जम्मा	३९	३१	३८	४९	५	५	१	६	३	२	१	३

अधिकारीको घटनामा स्थानीय सर्वसाधारणहरूलाई लगाइएको झूट्टा मुद्दामा झूट्टा साक्षी बकेको आरोप लगाइएको थियो। पीडितलाई २० गते सोही ठाउँको एक विद्यालयमा गाउँले भेला गराई माफी माग्न लगाएर अपहरण मुक्त गरियो। उनीसँगै सोही गाउँका भक्तबहादुर श्रेष्ठ, उत्तम पोखरेल र सोमप्रसाद देवकोटालाई पनि माफी माग्न लगाइयो।

धम्की/कुटपिट

राज्यबाट

नेत्रकाली गाविस-६ निवासी कान्छामान गोलेलाई ०६४ भदौ २८ गते र सोही ठाउँकै अच्यूत श्रेष्ठलाई भदौ २९ गते राति शान्तेश्वरी गाविसको रामपुरमा रहेको प्रहरी चौकीका प्रहरीले कुटपिट गरे। पीडितहरूलाई बिनाकारण कुटपिट गरिएको स्थानीय बासिन्दाले बताए।

माओवादीबाट

हत्पते गाविस-५ नयाँ टोलका रामजी खतिवडा र उनकी पत्नी सरिता खतिवडालाई ०६३ चैत २७ गते साँझ रानीबास गाविस-६ चन्दनपुरमा रहेको माओवादीको सोलु-सल्लेरी ब्रिगेडका दुई सैनिकले आफ्नो झोला र पैसा लगेको आरोपमा घरमा गई कुटपिट गरे। दम्पती र माओवादी सेनाले बर्दिबासमा एउटै होटलमा खाजा खाँदा उनीहरूको झोला साटिएको र झोला लिन जाँदा झोलाभित्रको १ हजार ५ सय रुपियाँ झिकी झोला मात्रै दिएपछि माओवादी सेनाले बाँसको भाटाले कुटपिट गरी त्यही पैसाले उपचार गराउनु भनी हिँडेका थिए। पीडितहरूको उपचार भलुवाही स्वास्थ्य चौकीमा गरियो।

डाँडीगुराँसे गाविस-२ का १९ वर्षीय लव ढकाललाई ०६४ वैशाख १८ गते सोही गाविसका माओवादी सैनिक भोला भुकारागारले कमलामाई नपा-६ धुराबजारमा एक होटलभित्र लगी कुटपिट गरे। उनलाई डाँडीको खानेपानी योजनाको उपभोक्ता समिति गठन गर्दा दादागिरी गरी एकलौटी बनाएको आरोप लगाएका थिए।

बाशेश्वर गाविस-३ बलेनी निवासी काङ्ग्रेस कार्यकर्ता ३७ वर्षीय पृथ्वीविलास कोइरालालाई ०६४ भदौ १४ गते माओवादी कार्यकर्ता देवीदत्त देवकोटा र गौरव कार्कीले बाटोको विषयमा विवाद हुँदा कुटपिट गरे। पीडितको उपचार सिन्धुली जिल्ला अस्पतालमा र पछि काठमाडौँमा भयो।

अन्यबाट

कमलामाई नपा-४ राजपानी निवासी जनमोर्चा नेपालका जिल्ला कमिटी सदस्य २४ वर्षीय यमकुमार देवकोटालाई जनजाति महासङ्घले आह्वान गरेको नेपाल बन्दको दिन कार्यालय खोलेको आरोपमा ०६३ फागुन १६ गते जनजाति महासङ्घका कार्यकर्ताहरूले उनलाई कार्यालयमै गएर कुटपिट गरे। पार्टी कार्यालय भएको घरमा आफ्नो डेरा पनि भएकाले एउटा ढोका खोलेर कोठा सफा गरिरहेकै अवस्थामा बन्द असफल पार्न खोजेको भनी कुटपिट गरेको पीडितले बताए।

बाशेश्वर गाविस-८ निवासी एमाले कार्यकर्ता ३१ वर्षीय नारायण बरााललाई ०६३ फागुन २९ गते

बेवारिसे बम विस्फोट भई घाइते भएका केदारबहादुर सार्की

निर्माणाधीन बीपी राजमार्गको निर्माण कार्यमा भएको अवरोध खुलाउन रतनचुरा गाविस-३ खनियाँखर्कमा वार्तामा जाँदा भीमेश्वर नागरिक समाजका नामबाट आएका भूपूसैनिक भिमेश्वर गाविस-३ का रामजी थापालगायतको समूहले कुटपिट गऱ्यो। पीडितको उपचार जिल्ला अस्पताल सिन्धुलीमा भयो।

पुरानो झाँगाझोली गाविस-४ निवासी शिक्षक ३५ वर्षीय नारायण दाहाललाई झाँगाझोली रातमाटा गाविस-१ का काङ्ग्रेसका जिल्ला कार्यसमितिका सदस्य कृष्णकिशोर श्रेष्ठसहितको एक समूहले ०६४ मङ्सिर २१ गते पुरानो झाँगाझोली गाविस-४ स्थित बालाकेशर महादेवको मन्दिरमा लागेको जात्रामा कुटपिट गऱ्यो। उक्त घटनाको छलफलका लागि झाँगाझोली आएका श्रेष्ठलाई पनि ०६४ मङ्सिर २३ गते स्थानीय समूहले कुटपिट गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा गतवर्षको जिम्मेवारी सरेर आएका सात थान र यस वर्ष दर्ता भएका २६ थान गरी कुल ३३ थान मुद्दामध्ये नौ थान मुद्दा फर्स्यौट भए।

त्यसैगरी सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका तीन थान र यस वर्ष दर्ता भएका २० थान गरी कुल २३ थान मुद्दामध्ये नौ थान मुद्दा फर्स्यौट भए।

यसैगरी, देवानी मुद्दा गत वर्षबाट जिम्मेवारी सरेर आएका १२ थान र यस वर्ष दर्ता भएका ४१ थान गरी ५३ थानमध्ये २३ थान फर्स्यौट भए।

यस वर्षको अन्त्यसम्म जिल्ला अदालतमा जम्मा ६८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे । तीमध्ये दुई वर्ष नाघेको सरकारबादी फौजदारी मुद्दा एक थान बाँकी छ।

बालअधिकार

दुधौली गाविस-१ कोगटीमा रहेको जनजागृति निमाविको निर्माणाधीन भवनमा माओवादी सेनाको दोस्रो डिभिजन कार्यालय बसेपछि ०६३ मङ्सिर ५ देखि २० गतेसम्म विद्यालय बन्द भयो। विद्यालय खुल्दासम्म कुनै व्यवस्था नहुँदा विद्यार्थीहरू चौरमा बसेर पढ्न बाध्य भए। पुरानो भवनका कोठा अपुग भएकाले नयाँ भवनको निर्माण थालिएको थियो। माओवादीले पूर्वजानकारी समेत नदिई निर्माणाधीन विद्यालय भवन प्रयोग गरेका कारण तीनओटा कक्षा एउटै कोठाभित्र र एउटा कक्षा चौरमा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ। छात्र १ सय ५९ र छात्रा १ सय ९० गरी कुल ३ सय ४९ जना विद्यार्थीहरू रहेको विद्यालयमा मौसमको गडबडी हुनासाथ बिदा गर्ने गरिएको सो विद्यालयका प्रधानाध्यापक कुमार पौडेलले बताए। माओवादी दोस्रो डिभिजनका ब्रिगेडिएर कमाण्डर मिलन 'यस्तो कुरा मिलाउने जिम्मेवारी सरकारको भएको' बताउँछन्। 'हामीलाई सरकारले यहीं बस भन्यो, यहीं बस्यौं।' उनले आफ्नो शिविरभित्र परेको विद्यालय भवनलाई गोदाम र अतिथिगृहका रूपमा प्रयोग गरेको पनि बताए।

रतनचुरा गाविस-८ धुराडाँडा हिर्दिङ्की एक ७ वर्षीया बालिकालाई आफ्नै काकाका छोरा सोही ठाउँका १८ वर्षीय दिनेश भन्ने वीरबहादुर योगीले ०६४ असोज ५ गते बिहान घरदेखि केही परको तीरतीरे धारामा पुऱ्याई बलात्कार गरे। पीडकले बलात्कार गर्दा गर्दै स्थानीय बासिन्दाले देखेपछि पीडक भागेकामा असोज ६ गते गाउँलेहरूले फेला पारी प्रहरीलाई बुझाएका थिए। पीडक ०६४ असोज २३ गतेदेखि सिन्धुली जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागारमा छन्।

सिराहा जिल्ला गोलबजार निवासी १२ वर्षीया सीमा थापा मगरलाई ०६४ कात्तिक पहिलो सातादेखि इलाका प्रहरी कार्यालय भीमानमा कार्यरत महिला प्रहरी मीना विश्वकर्माले शारीरिक यातना दिँदै आएको ०६४ मङ्सिर १६ गते सार्वजनिक भयो। घरेलु कामदारका रूपमा डेरामा राखिएकी सीमालाई यातना दिने गरेको थाहा पाएपछि स्थानीय बासिन्दाले पीडकलाई कारबाहीको माग राख्दै इलाका प्रहरी कार्यालय भीमानमा उजुरी दिए। ०६४ मङ्सिर १६ गते पीडित बालिकालाई गाउँलेहरूले पीडकको कोठाबाट छुटाएर प्रहरी कार्यालय भीमानमा बुझाए। पीडकले क्षतिपूर्तिबापत ५ हजार रुपियाँ जरिवाना तिरिन्। बालिकालाई आफन्तको जिम्मा लगाइयो। पीडकलाई विभागीय कारबाही भएको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

कमलामाई नपा-५ सातपत्रेकी ३५ वर्षीया नानुमाया तोलङ्गेलाई सोही ठाउँका ४० वर्षीय लीलाबहादुर बुढाथोकीले ०६३ फागुन १४ गते र त्यसअघि पटक-पटक बोक्सीलगायतका आरोप लगाए।

पीडकले पीडितको पतिलाई तेरो पत्नीलाई तह लगाउँछस् कि म तह लगाइदिउँ भनी गाली बेइज्जती गरी धम्की दिएको पीडित महिलाले बताइन्।

कमलामाई नपा-३ निवासी निर्मला दमाईलाई उनकै ससुरा सनकबहादुर दमाई र सासू तुलसा दमाईले ०६४ मङ्सिर २१ गते र त्यसअघि पटक-पटक कुटपिट गरी घरमा बस्न दिएनन्। ०५७ सालमा विवाह भई हाल छ वर्षको छोरासमेत भइसकेपछि पति विष्णुबहादुर दमाईलाई सासूससुराले घरबाट अन्यत्र भगाई सधैँ झगडा गरी कुटपिट गर्ने गरेको र बच्चाको समेत संरक्षण नभएको पीडितले बताइन्।

पारिवारिक हिंसा/बहुविवाह

कमलामाई नपा-७ निवासी ५२ वर्षीया विष्णुकुमारी बस्नेतलाई ०६३ चैत ४ गतदेखि आफ्नै छोराहरू दीपबहादुर बस्नेत, रुद्रबहादुर बस्नेत, पृथ्वीबहादुर बस्नेत र तेजबहादुर बस्नेतलगायत चारै जना छोराहरूले पटकपटक खान-लाउन दिएनन्। तीन छोरा जिल्लाबाहिर बस्ने, एक जना ससुरालीमा बस्ने गरेको र आफूलाई खान-लाउनसमेत नदिई आफ्नो जग्गामा लगाएको बालीसमेत उनीहरूले नै लैजाने गरेको पीडितले बताइन्।

जरायोटार गाविस-९ निवासी ३३ वर्षीया गायत्री कटुवाललाई ०६३ चैत १६ गतेदेखि आफ्नै ससुरा ६० वर्षीय शान्तिबहादुर कटुवाल र पति ३६ वर्षीय डम्बरबहादुर कटुवालले घरबाट निकाली दिए। पति रोजगारका क्रममा भारत गएपछि घरका सबै सदस्यहरूले गालीगलौज, कुटपिट र दुर्व्यवहार गर्दै आएका थिए। पति घर आएपछि बाबुआमाको कुरा सुनेर दोस्रो विवाह गरेर भारत गएको, आफ्नो विवाह दर्ता पनि नभएको र दुई सन्तानहरूको जन्मदर्तासमेत नगरिदिएको, अंश माग्दासमेत नदिएका कारण माइती घरमा बस्दै आएको पीडितले बताइन्।

रानीचुरी गाविस-१ निवासी १९ वर्षीया आईतीमाया लो र उनकी दुई वर्षीया छोरी बुनुमाया लोलाई ०६४ वैशाख २८ गतेबाट उनका पति तुलबहादुर लो र सौता सुन्दरीमाया लोले खान-बस्न नदिई घरबाट निकाली दिए। रानीचुरी गाविस-१ निवासी २३ वर्षीय तुलबहादुर लो तामाङले ०६४ वैशाख २२ गते सोही ठाउँकी २० वर्षीया सुन्दरीमाया स्याङतानसँग दोस्रो विवाह गरे। पतिले दोस्रो विवाह गरेपछि कुट्ने र मार्ने धम्की दिने गरेको पीडितले बताइन्।

कमलामाई नपा-३ पातिपरान निवासी ६६ वर्षीया सतिमाया मगर्नीलाई आफ्नै भदाहा २९ वर्षीय मिठु बलम्पाकी मगरले ०६४ भदौ ३ गते घर निकाला गर्ने प्रयास गरे। पतिको मृत्युपछि आफ्नो पालनपोषणका लागि घरमा राखेको भदाहाले आफ्नो घर र सम्पत्तिमा आफूलाई कुनै निर्णय गर्न नदिएको पीडितले बताइन्।

माओवादीद्वारा कुटपिट गरिएका पृथ्वीविलास कोइराला

सबै प्रकारका जातीय विभेद

रानीचुरी गाविस-८ धाङ्गलेका ५२ वर्षीय दलबहादुर सार्कीलाई भान्सानजिकै गएको आरोपमा ०६३ फागुन ११ गते सोही ठाउँका २५ वर्षीय गञ्जबहादुर आले, २८ वर्षीय गङ्गाबहादुर आले, २६ वर्षीय हरिबहादुर खपाङ्गी र २५ वर्षीय शेरबहादुर खपाङ्गीले साइकलको चेनले कुटपिट गरे। पीडित छिमेकी तेजबहादुर धुरुन्चे मगरको छोराको छेवर खान गएका थिए। पीडकलाई कारबाही तथा पीडितलाई उचित क्षतिपूर्तिको माग राखी पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

यस वर्ष वृद्ध, असहाय र अपाङ्ग गरी ६ हजार ६ सय १८ जनाले भत्ता प्राप्त गरे। यसरी भत्ता प्राप्त गर्नेहरूमा वृद्ध ३ हजार २ सय ७१ जना, विधवा तथा असहाय ३ हजार २ सय ७२ जना र अशक्त/अपाङ्ग ७५ जना रहेका छन। असोजसम्मको भत्ता मात्र पाएको वृद्धहरूको गुनासो छ ।

जिल्लाका सुकुम्वासीहरूको यकिन तथ्याङ्क छैन। अखिल नेपाल सुकुम्वासी सङ्घ सिन्धुलीले सुकुम्वासीका माग पूरा गराउन ०६४ पुस १६ गते जिल्ला प्रशासन कार्यालय सिन्धुलीमार्फत प्रधानमन्त्रीलाई स्मरण पत्र पठायो। केन्द्रले ०६४ मङ्सिर २४ गते प्रधानमन्त्रीलाई पेस गरेको २९ बुँदे र जिल्लाले पेस गरेको ३ बुँदे माग पूरा गराउन प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई स्मरणपत्र पठाइएको अखिल नेपाल सुकुम्वासी सङ्घका केन्द्रीय सदस्य कुलबहादुर मोक्तानले बताए।

२.५ रामेछाप

जनसङ्ख्या : २,३१,२२५
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.): १,५४६
गाविस/नपा सङ्ख्या : ५५/०
सरकारी/निजी विद्यालय : ४११/५
क्याम्पस/उच्च मा.वि. : २/१०
अस्पताल/स्वास्थ्य चौकी : ३/५३
मोटर सडक (कि. मि.): २००
प्रहरी कार्यालय सङ्ख्या : २३
मानव विकास सूचकाङ्क : ०.४३४
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

तिल्पुङ गाविस-४ का पूर्वमाओवादी कार्यकर्ता ३२ वर्षीय नरबहादुर बुढाथोकीलाई सोही ठाउँका २५ वर्षीय प्रमेश बुढाथोकीले ०६४ साउन ६ गते बिहान खुकुरी प्रहार गरी हत्या गरे। प्रमेश माओवादीद्वारा ०५९ भदौ १७ गते हत्या गरिएका नारायण बुढाथोकीका छोरा हुन्। हत्यापछि प्रमेश फरार भए।

जेल र बन्दीहरू

कारागार शाखा रामेछापमा अहिले दुई जना महिलासहित १८ जना बन्दीहरू रहेका छन्, तीमध्ये कैद तोकिएका १४ जना पुरुष र दुई जना महिला तथा कैद नतोकिएका दुई जना पुरुषहरू रहेका छन्।

कारागार शाखा रामेछापका बन्दी गोपाल हायूले ०६४ पुस १५ बिहान दाउरा चिर्दा अर्का बन्दी टकबहादुर मगरलाई दाउरा चोइटिएर लागेपछि बन्दीहरूबीच झगडा भयो। प्रमुख जिल्ला अधिकारी र डीएसपी कारागारमा गई दुवै पक्षलाई आइन्दा यस्तो कार्य नदोहोऱ्याउने सहमति गराएपछि विवाद साम्य भएको थियो।

बेपत्ता/अपहरण

माओवादीबाट

खिम्ती गाविस-९ निवासी ४५ वर्षीय माइला तामाङलाई ०६३ पुस १९ गते माओवादीका ३ नम्बर एरिया इञ्चार्ज सचिनले अपहरण गरी पुस २१ गते खिम्ती गाविस-१ शिवालयमा पुऱ्याई नौ महिनाको श्रम शिविरमा राख्ने बताए। स्थानीय एक युवतीलाई हातपात गर्न उकासेको आरोपमा उनलाई अपहरण गरिएको माओवादीले बताए। पीडितले पुस २२ गतेदेखि ९ दिनसम्म जनता प्राबि खिम्तीको चौर सम्याएका थिए। स्थानीय एमालेका कार्यकर्ता दुर्गा श्रेष्ठले काम गर्नु पर्दैन भनेपछि पुस ३० गतेदेखि उनले काम छाडे।

सुकाजोर गाविस-१ निवासी अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सह-सचिव २७ वर्षीय युवराज श्रेष्ठ र सोही ठाउँका २५ वर्षीया लक्ष्मी हायूलाई ०६३ फागुन ७ गते माओवादी कार्यकर्ताहरूले बहुविवाह गरेको आरोपमा सिन्धुली जिल्लाको खनियाखर्क गाविसबाट अपहरण गरे। श्रेष्ठ फागुन १३ गते माओवादीको नियन्त्रणबाट भागेर प्रहरीको सम्पर्कमा पुगे भने हायूलाई फागुन १५ गते इन्सेक प्रतिनिधि र व्यावसायिक महिला क्लब रामेछापकी अध्यक्ष देवी खड्काको रोहबरमा मुक्त गरे।

ठोसे गाविस-५ का १६ वर्षीय योगेश श्रेष्ठ र १९ वर्षीय प्रकाश श्रेष्ठलाई ०६३ फागुन ११ गते साँझ माओवादीले अपहरण गरे। शारदा माबि ठोसेमा ठोसे बजार र एकानफेदीका विद्यार्थीबीच भएको विवादलाई लिएर पीडितहरूलाई अघिल्लो दिन पनि माओवादीले नियन्त्रणमा लिई कुटपिट गरेका थिए। सो विवाद ११ गते बिहान नै मिलेको भए पनि साँझ आएका माओवादीले उनीहरूलाई अपहरण गरेर लगेका थिए। सो कार्यको स्थानीय बासिन्दाले सामूहिक प्रतिवाद गरेपछि १२ गते हाजिर हुने सर्तमा उनीहरूलाई माओवादीले मुक्त गरे।

बेथानप्रहरी चौकीका असई ३८ वर्षीय राजेन्द्र पासवान र हिलेदेवी गाविस-५ निवासी १८ वर्षीय एक युवतीबीच अवैध सम्पर्क भएको आरोप लगाई

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित			
	अन्यबाट					माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	५	५			५									
कुटपिट	१०	१८	३		३१	१३	३३	३		३४	३	३	३	५
धम्की	३	६	१		७	२८	३९	३		३१	१	३		३
भेला/सङ्गठित हुने अधिकार						३	५			५				
जातीय विभेद	३	३			३									
महिलाअधिकार	३		३		३	१		१		१	१		१	१
बालअधिकार	८	५	३	१	९	३	३		१	३				
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	१		१	३	८	८	३	१	११				
अमानवीय व्यवहार	१	३			३									
अपहरण	३	३	१		४	१०	१३	३		१६				
जम्मा	३६	४३	११	३	५५	६५	७९	१०	३	९१	४	५	३	८

माओवादीका कार्यकर्ताहरूले ०६४ वैशाख १४ गते दुवैलाई बेथान गाविसबाट अपहरण गरे। बेथानबाट गएको प्रहरीको टोलीले वैशाख १५ गते बिहान हिलेदेवी गाविसको पशुपति प्रमाावीको भवनबाट दुवै जनालाई मुक्त गरी जिल्ला प्रहरी कार्यालय रामेछापमा पठायो।

कुभुकास्थली गाविस-९ निवासी एमाले रामेछापका जिल्ला कमिटी सचिवालय सदस्य ३६ वर्षीय चित्रबहादुर कार्कीलाई ०६४ जेठ २४ गते विश्वाससहितका दुई जना माओवादी कार्यकर्ताहरूले घरैबाट अपहरण गरे। कार्कीको घरमा पुगेका माओवादी कार्यकर्ताहरूले उनलाई ट्रयाक्टर सञ्चालनको विषयमा विवाद परेकाले सर्वदलीय बैठकमा जानुपर्ने भयो भनी घरबाट लिएर गएका थिए। बाम्ती गाविसको सोतर्मू पुऱ्याएपछि उनीहरू आपसी सल्लाह गर्न लाग्दा कार्की माओवादीको घेरा तोडी भागेका थिए।

गुम्देल गाविस-९ का बलराम कार्की तथा बाम्ती गाविस-६ का तिर्थ कार्कीलाई ०६४ भदौ २ गतेदेखि ५ गतेसम्म माओवादीले नियन्त्रणमा लिए। गुम्देल गाविसमा गाविस र स्थानीय श्रमदानबाट खनेको सडकको रकम माओवादी पार्टीलाई नदेखाएको तथा कामदारहरूलाई ज्याला नदिएको आरोप लगाई माओवादीहरूले अपहरण गरी नियन्त्रणमा राखे। नियन्त्रणमा राखिएका दुवैलाई बाम्ती गाविसको रत्नज्योति बजारमा रहेको सो पार्टीको कार्यालयमा माओवादीले थुनेर राखेका थिए।

भटौली गाविस-३ का ३० वर्षीय रुद्रबहादुर खड्का र उनका बाबु ५२ वर्षीय धनबहादुर खड्कालाई ०६४ मङ्सिर ३ गते प्रेमलगायतका माओवादीका कार्यकर्ताहरूले जग्गासम्बन्धी विवादमा घरमै गई कुटपिट गरी अपहरण गरे। कुटपिटपछि दुवैलाई माओवादीले सदरमुकाम मन्थलीस्थित माओवादीको सम्पर्क कार्यालयमा राखेकामा मङ्सिर ४ गते मुक्त गरे।

धम्की/कुटपिट

माओवादीबाट

बेथान इलाका प्रहरी कार्यालय र प्रहरी चौकी गुन्सीका प्रहरीहरूलाई ०६३ पुस २८ गते माओवादीले स्थानीय बासिन्दालाई प्रयोग गरी दिनभरि घेराउ गर्न लगाई गाउँबाट हटाउन लगाए। पाँच दिनअघि गुन्सी पुगेका १५ जना प्रहरीहरूलाई खान र बस्नसमेत नदिन माओवादीले स्थानीय गाउँलेलाई चेतावनी दिएका थिए। खाने र बस्ने ठाउँ नपाएपछि त्यहाँबाट प्रहरीहरू फर्किएका थिए। त्यस्तै, बेथान प्रहरी चौकीका प्रहरीलाई पनि माओवादीले गाउँमा पुग्नेबित्तिकै गाउँलेहरू ल्याई घेराउ गरेका थिए। माओवादीले घेराउ गरेर बस्न नदिएपछि त्यहाँका प्रहरी पनि फर्किए।

तिल्पुङ गविस-२ का ७३ वर्षीय टेकबहादुर आलेलाई ०६३ फागुन ६ गते सोही गाविस निवासी माओवादीको ४ नं. एरिया अन्तर्गतको तिल्पुङ गाविसका पार्टी प्रतिनिधि रामबहादुर श्रेष्ठले एक पत्र पठाई गाउँ नछाड्नू भनी धम्की दिए।

चिसापानी गाविस-७ निवासी भटौली गाविस-९ को कालिका प्राविका शिक्षक ३९ वर्षीय अशोककुमार कर्माचार्यलाई ०६३ फागुन १४ गते

माओवादीद्वारा अपहरण गरिएका चित्रबहादुर कार्की

भटौली गाविस-९ निवासी माओवादी कार्यकर्ता ५५ वर्षीय डम्बरबहादुर तामाङले पौष्टिक आहारको सामानसम्बन्धी विवादमा कुटपिट गरी घाइते बनाए। सदरमुकामबाट विद्यालयको पौष्टिक आहारको सामान लैजाँदा शिक्षक कर्माचार्यले पिङ्खुरी गाविसको बेँसीटोलको प्राथमिक विद्यालयको ५० किलो चिनी पनि सम्बन्धित विद्यालयमा पठाइदिने गरी जिल्ला शिक्षा कार्यालयबाट बुझेर लगेका थिए। सोही सामान सम्बन्धित विद्यालयमा पठाउँदा विद्यालयको सामान बिक्री गरेको आरोप लगाउँदै उनले श्रेष्ठलाई आँखामाथि नीलडाम बस्ने गरी कुटपिट गरे। पीडितले जिल्ला शिक्षा कार्यालयमा निवेदन दिए पनि पीडकउपर कारवाही भएन।

फुलासी गाविस-१ देवीटार निवासी एमाले कार्यकर्ता ४२ वर्षीय राजेन्द्र कार्कीलाई ०६३ चैत २१ गते बिहान माओवादीका चार जना कार्यकर्ताहरूले खान नदिएको भन्दै तह लगाउने धम्की दिए। कार्की परिवारले माओवादी सत्तामा गइसकेको अवस्थामा सित्तैँमा खुवाउन नसकिने बताएपछि उनीहरूले धम्क्याएका थिए।

भटौली गाविस-८ निवासी सोही गाविसका पूर्वअध्यक्ष ६० वर्षीय मोतीलाल तामाङलाई ०६३ चैत २१ गते माओवादीको ७ नं. एरियाको एरिया इञ्चार्ज सचेत भनिने २९ वर्षीय नेत्र मोक्तानले एक विज्ञप्ति जारी गरी कारबाही गर्ने धम्की दिए। विज्ञप्तिमा उनलाई विकास योजनाको रकम हिनामिना गरेको र एक महिलासँग अवैध यौन सम्पर्क राखेको आरोप लगाइएको थियो।

बेताली गाविस-७ निवासी सोही गाविसका पूर्वअध्यक्ष ३८ वर्षीय भैरवबहादुर कार्की, १६ वर्षीय सुदर्शन कार्की, ५० वर्षीय गोकुल कार्की, बेताली गाविस-५ का ३३ वर्षीय रामचन्द्र बस्नेत, २० वर्षीय कृष्णबहादुर कार्की, २९ वर्षीय नानिबाबु बस्नेत, बेताली गाविस-६ का २८ वर्षीय अर्जुन कार्की, ५५ वर्षीय वीरबहादुर कार्की, गुञ्जबहादुर कार्कीलगायत ११ जनालाई ०६३ चैत ३० गते माओवादीका कार्यकर्ताहरूले आफ्नो पार्टीको विरोधमा नारा जुलुस गरेको आरोप लगाई कुटपिट गरी घाइते बनाए। घाइतेमध्ये अर्जुन कार्की र सुदर्शनलाई दोलखाको जिरी अस्पतालमा उपचार गरियो।

बिजुलीकोट गाविस-९ निवासी नेपाल तरुण दलका जिल्ला सदस्य ४६ वर्षीय सिंहबहादुर तामाङलाई ०६४ वैशाख १ गते माओवादीले जिल्ला प्रशासन कार्यालयबाट लिएको विस्थापितको घर फर्कने खर्चबापतको रकम आफ्नो पार्टीमा बुझाउनुपर्ने भनी धम्की दिए। जिल्ला प्रशासन कार्यालय, रामेछापबाट बाटो खर्चबापतको रकम पाँच हजार रुपियाँ लिएका तामाङसँग उनको घरमा पुगेका माओवादी कार्यकर्ताहरूले सो रकम पार्टीलाई बुझाउन दबाब दिएका थिए। तामाङ माओवादीका कारण दुई वर्षसम्म राजधानीमा विस्थापित जीवन बिताएर घर फर्किएका थिए।

दोरम्बा गाविस निवासी काङ्ग्रेस जिल्ला समितिका पूर्वउपसभापति ६० वर्षीय डिकबहादुर योञ्जनलाई ०६४ वैशाख १९ गते लखनपुर गाविस निवासी माओवादीका ९ नं. एरिया इञ्चार्ज ३६ वर्षीय किरण भनिने कृष्णप्रसाद ढुङ्गेलले एक विज्ञप्ति प्रकाशन गरी धम्की दिए। योञ्जन कुख्यात अपराधी, दोरम्बा हत्या घटनामा सहभागी तथा जनमोर्चाका कार्यकर्ता भुवनलाल थापा मगरको रहस्यमय अपहरण र हत्या काण्डमा सहभागी भएको आरोप माओवादीले लगायो।

फुलासी गाविस-२ की ७५ वर्षीय चन्द्रकुमारी दमाई र उनका नाति १५ वर्षीय सफल बर्देवालाई दलित मोर्चामा नलागेको आरोप लगाउँदै ०६४ जेठ १० गते स्थानीय माओवादी कार्यकर्ता म्याकमिन बर्देवासहित पाँच जना माओवादीका कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए।

बाम्ती गाविस-४ का ३७ वर्षीय छोङा शेर्पालाई ०६४ असार ११ गते माओवादी कार्यकर्तालाई उनीहरूले तोकेको दरमा खाना खुवाउन नमानेको भनी माओवादी कार्यकर्ता विश्वासले बेहोस हुने गरी कुटपिट गरे। भोलिपल्ट स्थानीय बासिन्दाले माओवादीलाई ५ सय रुपियाँ जरिवाना तिराई आइन्दा त्यस्तो खालको गल्ती नदोहोऱ्याउने सर्त गराए।

फुलासी गाविसका गाविस सचिव ३२ वर्षीय रामहरि अधिकारीलाई माओवादीका ९ नं. एरिया इञ्चार्ज किरण भनिने कृष्णप्रसाद ढुङ्गेलले गाविसको रकम माओवादीलाई चन्दा नदिएको भनी ०६४ असार २० गते मार्ने धम्की दिए। उनले २० गते नै आफ्नो जीवन रक्षा गरी पीडकमाथि कारबाही गरी पाउँ भनी जिल्ला प्रशासन कार्यालय रामेछापमा निवेदन दर्ता गराए पनि पीडकउपर कारवाही भएन।

फर्पु गाविसका गाविस सचिव २७ वर्षीय

गणेशप्रसाद भट्टराईलाई ०६४ असार २५ गते भुजी गाविस-४ निवासी माओवादीका रामेछाप जिल्लाका ३ नं. एरिया इञ्चार्ज २५ वर्षीय मदन विकले मन्थली गाविस-६ स्थित उनकै कोठामा गई मागेजति चन्दा नदिएको भनी हातपात गरे।

सैंपू गाविस निवासी एमालेका वाग्मती अञ्चल कमिटी सदस्य एवम् रामेछापका पूर्वसांसद ४६ वर्षीय देवशङ्कर पौडेललाई साँघुटार गाविसको साँघुटार बजारमा ०६४ भदौ १४ गते सालू गाविस-८ निवासी माओवादी कार्यकर्ता भक्तबहादुर बलम्पाकीलगायतको एक समूहले नियन्त्रणमा लिई कुटपिट गरी मोसो लगाए। पौडेलले माओवादीविरुद्ध अभिव्यक्ति दिएको भनी सो कार्य गरेका थिए। घटनामा संलग्न चार जना माओवादी कार्यकर्तालाई स्थानीय मानिसहरूले नियन्त्रणमा लिई प्रहरी चौकी साँघुटारमा बुझाएकामा प्रहरीले उनीहरूलाई सोही साँझ छाडिदियो। माओवादीको सो कार्यको इन्सेक, मानवअधिकार तथा शान्ति समाजलगायतका देशका मानवअधिकार संस्थाहरूले विरोध गर्दै विज्ञप्ति प्रकाशित गरे। घटनामा संलग्न बलम्पाकी, देउराली गाविस-९ का निरकुमार श्रेष्ठ, हिमगङ्गा गाविस-६ का यानबहादुर श्रेष्ठ, सोही गाविस-५ का श्याम श्रेष्ठलगायत छ जनाविरुद्ध ०६४ भदौ २० गते प्रहरीमा सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा दर्ता भयो तर पीडकहरूलाई प्रहरीले पक्राउ गरेन।

चुचुरे गाविस-७ का १८ वर्षीय दुगेन लामालाई ०६४ भदौ १८ गते ठोसे गाविसको ठोसे बजारमा लागेको मेलामा माओवादी कार्यकर्तालाई जिस्क्याएको आरोपमा माओवादी कार्यकर्ता जय बस्नेतलगायतका व्यक्तिहरूले कुटपिट गरी साइकलको चेनले हिर्काई घाइते बनाए। घटनापछि भदौ १९ गते ठोसेबाट घर फर्कदै गरेका दुगेनलगायतका चुचुरे गाविस-७ का नौ जना युवाहरूको अघिल्लो रातको घटनामा संलग्न माओवादी कार्यकर्ता जय बस्नेतसँग ठोसे गाविस-७ को एकानफेदी भन्ने ठाउँमा जम्काभेट भएपछि पुनः झडप भएको थियो। वाईसीएलका जिल्ला सेक्रेटरी डीबी बस्नेतसहितका माओवादी कार्यकर्ता र स्थानीय युवाहरूबीच भएको सो झडपमा चुचुरे गाविस-७ का २३ वर्षीय दीपक श्रेष्ठको माओवादीले हानेको खुकुरीले लागि दाहिने हात काटियो। उनको हातमा सातओटा टाँका लगाइएको थियो।

हिमगङ्गा गाविस- ५ की ३६ वर्षीया सीता घिमिरेलाई ०६४ मङ्सिर २ गते माओवादीका जिल्ला कमिटी सदस्य देउराली गाविसका ३५ वर्षीय गुञ्जन भनिने यमुन बस्नेतले माओवादी पार्टीले धानबाली उठाउन रोक लगाएको जानकारी सञ्चार माध्यममा दिएको भन्दै कारबाही गर्ने धम्की दिए। उनको खेतमा लगाएको धानबाली ०६४ कात्तिक २३ गते भित्र्याउन लाग्दा माओवादीका स्थानीय कार्यकर्ता ४० वर्षीय श्याम घिमिरेले पार्टीको निर्देशन भन्दै खेतमा बिटा लगाउन लागेका मानिसहरूलाई धान झार्न रोक लगाएका थिए।

माओवादीद्वारा कुटपिट गरिएका देवशङ्कर पौडेल

टोकरपुर गाविस-८ की २८ वर्षीया कृष्णकुमारी मगरलाई ०६४ पुस ९ गते माओवादी कार्यकर्ता मित्र श्रेष्ठको ८ हजार रुपियाँ चोरेको आरोप लगाई माओवादी कार्यकर्ताहरू टोकरपुर गाविस-८ का ४० वर्षीय तकबहादुर नगरकोटी र गुन्सी गाविस-८ का मित्र श्रेष्ठलगायतका मानिसहरूले कुटपिट गरी घाइते बनाए। पिटाइका कारण उनी तीन दिनसम्म हिँडडुल गर्न सकिनन्। आफूले लिँदै नलिएको पैसा तिर्ने कागजसमेत गराएर छाडेको पीडित महिलाले बताइन्।

वाईसीएलबाट

बेतली गाविस-६ का २४ वर्षीय प्रकाश कार्कीलाई ०६३ चैत २८ गते दिउँसो उनको घरभित्र बस्न नदिएको आरोपमा माओवादीका सोही ठाउँका एरिया इञ्चार्ज मदनको नेतृत्वमा रहेको वाईसीएलका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। पिटाइबाट कार्कीको शरीरभरि नीलडाम भयो भने उनको मुखबाट रगत बगेको थियो।

सुनारपानी गाविस-३ निवासी अनेरास्वबियुका जिल्ला उपाध्यक्ष २४ वर्षीय मनोज कार्कीलाई ०६४ जेठ ६ गते वाईसीएलका कार्यकर्ताहरूले जिल्ला प्रशासन कार्यालयको हाताभित्रै हातपात गरे। नागरिकताको काम लिएर जिल्ला प्रशासन कार्यालय पुगेका कार्कीलाई जिल्ला प्रशासन कार्यालयमा धर्नामा बसेका वाईसीएलका कार्यकर्ताहरूले हातपात गरेका थिए। पीडित भागेर प्रहरी कार्यालयमा पुगेका कारण जोगिए।

गुन्सी गाविस निवासी पूर्वमन्त्री कमलप्रसाद चौलागाईं, मझुवा गाविस निवासी पूर्वजिविस सभापति ध्रुवराज लामा, बेताली गाविस निवासी पूर्वजिविस उपसभापति केदार कार्की र दोरम्बा गाविस निवासी काङ्ग्रेसका जिल्ला कमिटी सदस्य डिकबहादुर योञ्जनलाई ०६४ असोज १७ गते माओवादीनिकट

वाईसीएलले विज्ञप्ति प्रकाशित गरी कारबाही गर्ने धम्की दियो। उनीहरूले तीन जना शाही शासनकालका मानिसहरू भएको र योञ्जन दोरम्बा हत्याकाण्डको खुँखार सुराकी भएको आरोप लगाएका थिए।

कमलादेवी मावि नामाडीका नेविसङ्घका विद्यालय एकाइ सदस्य वाकसिंह तामाङ र रमेश नेपालीलाई ०६४ पुस १६ गते वाईसीएलका कार्यकर्ताहरूले विद्यालयका विद्यार्थीहरूको विवादमा हस्तक्षेप गरी कुटपिट गरे।

अन्यबाट

राकाथुम गाविसको गाउँ परिषद्मा भएको विवादको विषयलाई लिएर ०६४ जेठ ३० गते जिल्ला सदरमुकाम मन्थलीमा माओवादीका स्थानीय कार्यकर्ताहरू र काङ्ग्रेस (प्र.) का कार्यकर्ताबीच भएको झडपमा राकाथुम गाविस निवासी काङ्ग्रेस (प्र.) का महाधिवेशन प्रतिनिधि ३३ वर्षीय वीरबहादुर लामा, सोही गाविस-८ का काङ्ग्रेस कार्यकर्ता २६ वर्षीय पासाङ लामा र सोही गाविस-६ का ३२ वर्षीय पुष्कर लामा घाइते भए। त्यस्तै राकाथुम गाविस-२ का माओवादी कार्यकर्ता दिलबहादुर श्रेष्ठ पनि घाइते भए। झडपमा लाठी, रड र ढुङ्गाको प्रयोग भएका कारण घाइतेहरूको टाउकोमा चोट लागेको थियो। झगडा छुट्याउन गएका डीएसपी शिवहरि बाँस्कोटालाई समेत वीरबहादुर तामाङले हातपात गरेका थिए।

माओवादीका जिल्ला इञ्चार्ज राजन दाहाल तथा माओवादी कार्यकर्ताहरू केशव, उद्धव र सविन ०६४ मङ्सिर ८ गते राति माओवादीले किसानहरूको खेतबाट धान उठाएको विषयमा माओवादी र मन्थलीको करमबोटका गाउँलेबीचको विवादपछि भएको झडपमा टाउकोमा चोट लागी घाइते भए। लाठासहित आएका माओवादी र त्यसै गरी आएका स्थानीय बासिन्दाबीच मध्यरातमा मन्थली बजारमा भएको झडपमा घाइते भएकाहरूको तामाकोसी सामुदायिक अस्पतालमा उपचार गरियो। मङ्सिर १० गते घटनाको जिम्मा एमालेले लिएपछि विवाद साम्य भयो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मन्थली गाविस-४ स्थित मन्थली बजारमा रहेको राप्रपा रामेछाप र आकाशेमा रहेको राजपा रामेछापको बोर्ड तथा झण्डा ०६४ साउन २८ गते माओवादीहरूले कार्यालयबाट निकालेर जलाइदिए। माओवादीका जिल्ला इञ्चार्ज राजन दाहालको नेतृत्वमा गएका माओवादीका कार्यकर्ताहरूले राप्रपाको बोर्ड तथा झण्डा निकालेर देवकोटा चोकमा पुऱ्याई जलाएका थिए भने राजपाको बोर्ड र झण्डा आकाशेको भुत्याहा खोलामा लगी जलाएका थिए।

रामेछाप गाविस-३ निवासी काङ्ग्रेस रामेछापका जिल्ला उपसभापति ४५ वर्षीय लवश्री न्यौपानेलाई ०६४ भदौ १४ गते पार्टीको कामका क्रममा ओखेनी गाविसमा पुगेका बेला माओवादीका स्थानीय कार्यकर्ताहरूले काङ्ग्रेसले गणतन्त्रको पक्षमा जाने घोषणा नगरेसम्म सो पार्टीलाई गाउँ छिर्न नदिने भनी त्यहींबाट फर्काई दिए। माओवादीका एरियाका प्रमुख गुञ्जन भनिने एमुन बस्नेतले उपसभापति न्योपानेलाई गाउँ नछिर्नु भनी पत्र थमाएका थिए। पीडकउपर कुनै कारबाही भएन।

एमाले रामेछापले गुन्सी गाविसमा आयोजना गरेको राजनीतिक सभामा ०६४ भदौ १५ गते माओवादीका कार्यकर्ताहरूले लाठीसहित प्रदर्शन गरी सभामा जम्मा भएका मानिसलाई आतङ्कित बनाए। कार्यक्रम पार्टीका जिल्ला सचिव कैलाश ढुङ्गेलले बोल्न लागेपछि हातमा लाठी लिएर सुसेली हाल्दै माओवादीका ५० जनाजति कार्यकर्ताहरू सभास्थलमा पुगेर सभास्थल घेरा हाले।

एमाले रामेछापले जिल्ला सदरमुकाम मन्थली बजारमा ०६४ भदौ १८ गते आयोजना गरेको विरोध सभामा माओवादीहरूको लाठीसहितको जुलुसले घेरा हाली होहल्ला गरेर कार्यक्रममा अवरोध पुऱ्याए। माओवादीका जिल्ला इञ्चार्ज राजन दाहालको नेतृत्वमा गएको टोलीले एमालेको कार्यक्रम सुरु हुनेबित्तिकै होहल्ला सुरु गरेको थियो। एमालेले साँघुटार बजारमा सो पार्टीका वाग्मती अञ्चल कमिटी सदस्य देवशङ्कर पौडेललाई माओवादीले अपमानजनक व्यवहार गरेको विरोधमा सभा गरेको थियो। साँघुटार घटनाको विरोधमा भदौ १८ गते मन्थली बजार पनि बन्द भयो।

अनेरास्वियुका जिल्ला सचिव २५ वर्षीय दानबहादुर थापा मगरलाई ०६४ भदौ १८ गते माओवादीहरूले लखपुर गाविसमा विद्यार्थी सङ्गठनको काममा गएको बेला घेरा हाली सङ्गठनको काम गर्नबाट रोक लगाए। लखनपुर गाविसको कालिका माविमा सङ्गठन बनाउन गएका थापालाई माओवादीनिकट वाईसीएलका कार्यकर्ताहरूले कार्यक्रम गर्न लागेको ठाउँमा नै घेरा हालेर अश्लील गाली गर्दै धम्क्याएका थिए।

जिल्ला निर्वाचन कार्यालयबाट मतदाता शिक्षा कार्यक्रमका लागि गएका फर्पू गाविसका शिक्षक गोपाल

थापालाई ०६४ असोज ३ गते माओवादीका कार्यकर्ताहरूले फर्पू गाविस-९ मा निर्वाचनका लागि घरदैलो अभियान कार्यक्रम सञ्चालन गर्न रोक लगाए। डडुवा गाविसमा पनि ०६४ असोज ७ गतेबाट सो कार्यक्रम सञ्चालन गर्न रोक लगाए। जिल्ला निर्वाचन कार्यालयले संविधानसभा निर्वाचनको सचेतना कार्यक्रमअन्तर्गत घरदैलो कार्यक्रमका लागि हरेक गाविसमा शिक्षक/शिक्षिकाहरू खटाएको थियो। माओवादीहरूले चनखु, साँघुटार, ओखेनी, नागदह, बिजुलीकोट, माकादुम र सैपु गाविसमा पनि मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा रोक लगाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रामेछापमा यस वर्ष साधारण देवानी ४८ थान, साधारण फौजदारी २४ थान, सरकारवादी फौजदारी आठ थान, सङ्क्षिप्त फौजदारी चार थान र विशेष अदालतअन्तर्गतका आठ थान मुद्दाहरू दर्ता भए। त्यस्तै सो अवधिमा साधारण देवानीका २२, साधारण फौजदारीका १६, सरकारवादी फौजदारीका दुई, सङ्क्षिप्त फौजदारीका तीन र विशेष अदालतअन्तर्गतका तीन थान मुद्दाहरू फर्स्यौट भए। वर्षको अन्त्यसम्म ४४ थान मुद्दाहरू फर्स्यौट हुन बाँकी भएको अदालतले जनायो।

बालअधिकार

सालू गाविस-७ को सिद्धेश्वर प्रस्तावित निमावि गैराथोकमा ०६४ असार ३ गते असार महिनाका लागि जिल्ला शिक्षा कार्यालय रामेछापले पठाएको पौष्टिक आहारको सामानमध्ये दुई बोरा पीठोलगायतका सामान सो विद्यालयको पौष्टिक आहार व्यवस्थापन समितिका अध्यक्ष तिलकबहादुर थापाले हिनामिना गरे। पीडकलाई कारबाही भएन।

चण्डेश्वरी माविमा कक्षा ९ मा अध्ययनरत छात्र १६ वर्षीय छत्रबहादुर सुनुवार सोही विद्यालयका शिक्षक ३६ वर्षीय प्रमोद यादवको पिटाइबाट घाइते भएपछि विद्यार्थीहरूले ०६४ साउन ३१ गतेबाट सो विद्यालय बन्द गराए। विद्यालयमा साउन ३० गते सञ्चालित गणित विषयको परीक्षाको कपी शिक्षकलाई नबुझाई आफूसँगै लिएर हिँडेपछि शिक्षक यादवले उनलाई कुटपिट गरेका थिए। सो विषयलाई लिएर भदौ ४ गते विद्यार्थी, अभिभावक र शिक्षकहरूबीच भएको बैठकमा त्यस्ता गल्ती नदोहोऱ्याउने कुरामा सहमति भएपछि भदौ ५ गतेबाट विद्यालय सञ्चालन गर्ने सहमति भयो।

सुनारपानी गाविस-१ का चार वर्षीय विनोद सार्कीलाई आफ्नै झड्केलो बाबु ३५ वर्षीय हरिबहादुर सार्कीले काँटी रोप्ने, कुटपिट गर्ने तथा आफैं लडेको भनेर उपचार नगराई घरभित्रै गुम्स्याएर राखेको अभियोगमा प्रहरीले ०६४ असोज १५ गते पक्राउ गऱ्यो। सार्कीले केही समयअघि ओखलढुङ्गाको गाम्नाङ्गटारबाट छोरोसमेत अर्काकी पत्नी ल्याएका थिए। उनले झड्केलो छोरालाई उचाल्ने, पछार्ने, कुटपिट गर्ने, पैतालामा काँटीले चिर्ने मात्र होइन, हात भाँच्नेसम्मको काम गरेको प्रहरीले अनुसन्धानपछि पत्ता लगायो। स्थानीय गाउँलेले सो कुरा थाहा पाएपछि जिल्ला प्रहरी कार्यालयमा त्यसको जानकारी दिएका थिए। गाउँलेको सहयोगमा हरिबहादुरलाई प्रहरीले पक्राउ गरी बच्चाको उपचारका लागि काठमाडौं पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार दुर्व्यवहार

मन्थली गाविस-३ की ३५ वर्षीया सुन्तली भुजेलले आफ्नै देवर ३२ वर्षीय रुद्रबहादुर भुजेलले बोक्सीको आरोप लगाई मानसिक यातना दिएपछि पीडित महिलाले ०६४ साउन २१ गते जिल्ला प्रशासन कार्यालय रामेछापमा उजुरी दर्ता गराइन्। देवर रुद्रबहादुरले आफूलाई छ वर्षयतादेखि बोक्सीको आरोप लगाई गालीगलौज गर्ने गरेको पीडित महिलाले बताइन्। प्रहरीले पीडकलाई आइन्दा पीडितमाथि त्यस्तो व्यवहार नदोहोऱ्याउने कागज गराएर छोड्यो।

रामेछाप गाविस-१ की ३२ वर्षीया असली विसुन्खेलाई बोक्सीको आरोप लगाउने सोही स्थानका ५९ वर्षीय दूधे सार्कीविरुद्ध ०६४ कात्तिक १५ गते जिल्ला प्रशासन कार्यालय, रामेछापमा मुद्दा दर्ता भएकामा प्रहरीले दुवै पक्षलाई मिलापत्र गराई छोड्यो। गाउँकी एक महिला बिरामी परेपछि धामी बसेका सार्कीले असली बोक्सी लागेको भनी उनलाई कुखुराको फूलमा नचाई दिने भन्दै दुर्व्यवहार गरेका थिए।

सबै प्रकारका जातीय विभेद

रामेछाप गाविस-३ का १८ वर्षीय लेखबहादुर विकलाई ०६४ असोज २४ गते जिल्ला अस्पताल रामेछापका भान्सेले दलित भएका कारण अस्पतालको क्यान्टिनमा जानबाट रोक लगाए। भाउजू बिरामी परेका कारण उनलाई अस्पतालमा भर्ना गरी बिरामी रुङ्न अस्पतालमा बसेको बेला क्यन्टिनमा गएका उनलाई भान्सेले 'तँ कामी भएर किन क्यान्टिनभित्र

पसी भान्सा छोएको ?' भनी गाली-बेइज्जती गरेको भनी पीडितले प्रो-पब्लिकमा उजुरी गरे।

नामाडी गाविस-५ का डिल्लीबहादुर दमाईंलाई ०६४ कात्तिक २५ गते सोही स्थानका भक्तबहादुर विकको घरमा पसेको भनी स्थानीय गाउँले जम्मा भई 'अछुत भएर घरभित्र पसेको' अरोप लगाउँदै १ हजार रुपियाँ तिराए। जरिवाना लिएको रकमबाट पीडकले घरमा रुद्री लगाएर घरभित्र पसे। पीडितले पीडकपक्षका विरुद्ध उजुरी गरेनन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

दुरागाउँ गाविस-७ निवासी काङ्ग्रेस रामेछापका पार्टी सचिव ४९ वर्षीय कल्याण वाग्लेको परिवारलाई ०६३ चैत १२ गतेबाट माओवादी कार्यकर्ताले गाउँबाट पुनः विस्थापित गराए। माओवादीका कार्यकर्ताहरूले ०५७ माघ २३ गते वाग्लेको घरमा रहेको सम्पूर्ण सामानसहित घरजग्गा कब्जामा लिएपछि उनको छ जनाको परिवार गाउँबाट विस्थापित भएकामा शान्ति सम्झौतपछि घर फर्किएका थिए। पीडित परिवार अझै घर फर्कन सकेको छैन।

तिल्पुङ गाविस-१ का ५५ वर्षीय दीपबहादुर बुढाथोकीलाई ०६४ वैशाख २२ गते माओवादीले कब्जामा लिएको आफ्नो घरजग्गा फिर्ता माग्न जाँदा तिल्पुङ गाविस-८ निवासी माओवादीका गाविस प्रमुख ४० वर्षीय रामबहादुर श्रेष्ठ, तिल्पुङ गाविस-३ का ५० वर्षीय तेजबहादुर दर्लामी र तिल्पुङ गाविस-४ का २८ वर्षीय ध्रुव कार्कीले पार्टीको सदस्यता लिई पार्टी काममा नहिँडेसम्म घरजग्गा फिर्ता नगर्ने भनी उनको घरजग्गा फिर्ता गर्न मानेनन्। माओवादीका पूर्वकार्यकर्ता बुढाथोकीलाई सेनाले पक्राउ गरी रामेछाप जेलमा नजरबन्दमा राखेकामा त्यहाँबाट छुटेपछि माओवादी परित्याग गरी गाउँ छोडेर हिँडेका थिए।

सदरमुकाम मन्थली भित्रिने हरेक यातायातका साधनबाट ०६४ असोज २७ गतेदेखि माओवादीका कार्यकर्ताहरूले सदरमुकाम मन्थलीमा ढाट राखी जबरजस्ती चन्दा सङ्कलन गरे। उनीहरूले वर्षको अन्तिममा मात्र सो काम बन्द गरे। उनीहरूले यातायातका साधनबाट ५० देखि २ सय रुपियाँसम्म लिने गरेका थिए।

हिमगङ्गा गाविस-५ का ४१ वर्षीय राधाकृष्ण घिमिरेको खेतमा लगाएको धानबाली ०६४ कात्तिक २३ गते भित्र्याउन लाग्दा माओवादीका स्थानीय कार्यकर्ता ४० वर्षीय श्याम घिमिरेले पार्टीको निर्देशन भन्दै खेतबाट धान उठाउन दिएनन्। द्वन्द्वका बेलामा माओवादीहरूले जग्गा कब्जामा लिएपछि दुई वर्षसम्म उनको जग्गा बाँझै रहेको थियो। माओवादीहरूले शान्ति सम्झौतापछि उनको जग्गा फिर्ता दिएपछि गतवर्षबाट खेती लगाउन सुरु गरिएको थियो।

२.६ दोलखा

जनसङ्ख्या : २,२९,०१८
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): २,१९१
गाविस/नपा सङ्ख्या : ५१/१
सरकारी/निजी विद्यालय : ३७६/१२
क्याम्पस/उच्च मा.वि. : ३/१०
अस्पताल/स्वास्थ्य चौकी : १/५४
मोटर सडक (कि. मि.): २००
प्रहरी कार्यालय सङ्ख्या : १५
मानव विकास सूचकाङ्क : ०.४५०
प्रतिपरिवार सरदर सङ्ख्या : ६

जेल र बन्दीहरू

३० जना बन्दी क्षमता रहेको यस कारागारमा २७ जना बन्दीहरू रहेका छन्, जसमा १५ जना कैद तोकिएका पुरुष बन्दी र ११ जना पुरुष र १ जना महिला गरी १२ जना कैद नतोकिएका बन्दीहरू छन्। जीर्ण अवस्थाको यस कारागारमा ०६१ चैत २७ गते माओवादीले आगजनी गरेपछि केही समय जिल्ला प्रहरी

कार्यालयको साँघुरो कोठामा बन्दीहरू राख्ने गरेकामा कारागारको मर्मत सम्भार गरी ०६३ माघ १७ गतेदेखि पुनः सञ्चालमा रहेको छ।

कारागारमा खानेपानी, स्वास्थ्य तथा शौचालय जस्ता आधारभूत आवश्यकता सहित पुस्तक पत्रपत्रिका, रेडियो, टीभी, खेलुकद, विद्यालय सामग्रीलगायतको व्यवस्था पनि गरिएको छ।

बेपत्ता/अपहरण

वाईसीएलबाट

भीमेश्वर नपा-३ निवासी पूर्व राजपरिषद् सदस्य ५८ वर्षीय द्वारिकामान सिंहलाई ०६४ कात्तिक १८ गते राति भीमेश्वर नपा-२ स्थित दोलखाबजारको त्रिपुरा होटलबाट सुतिरहेको समयमा वाईसीएलले अपहरण गरे। काठमाडौँबाट स्तुपा जीर्णोद्धारका विषयमा छलफल गर्न आएका पीडितलाई विगतमा राजावादी भई सक्रिय रूपमा काम गर्दै हिँडेको भन्दै अपहरण गरिएकामा भोलिपल्ट चरिकोटमा आफन्तलाई जिम्मा लगाई मुक्त गरे।

धम्की/कुटपिट

राज्यबाट

डाँडाखर्क गाविस-८ का कृष्णकुमार थोकरलाई ०६३ चैत २१ गते प्रहरी चौकी मेलुडमा मादक पदार्थ सेवन गरी बसेका असई अमृतबहादुर भण्डारीले डेरामा बसिरहेका बेला कुटपिट गरे। जिल्ला प्रहरी कार्यालय दोलखाले असई भण्डारीलाई कारबाहीका लागि फिर्ता बोलाएको जनायो। पीडितको स्थानीय च्छोरोल्पा पोलिक्लिनिकमा उपचार गरियो।

मिर्गे गाविस-९ निवासी पत्रकार २९ वर्षीय लक्ष्मण खड्कालाई जिल्ला प्रहरी कार्यालय, दोलखाका असई अमृतबहादुर भण्डारीले चरिकोटमा फोन गरी ०६४ असार ७ गते गालीगलौज गर्दै 'ठीक पार्ने' धम्की दिए। समाचार सङ्कलनका लागि सूचना माग्न जिल्ला प्रहरी कार्यालयमा फोन गर्दा पीडितलाई पीडकले अपशब्द प्रयोग गरी गालीगलौज गरेका थिए। पीडित पक्षसँग पीडकले माफी मागे।

माओवादीबाट

जुगु गाविस-२ निवासी यार्सा प्राबि जुँगुका प्रधानाध्यापक ४५ वर्षीय पुष्कर खड्का, सोही ठाउँका नीलकण्ठेश्वर माविकी शिक्षिका ४१ वर्षीया उर्मिला थामी, शिक्षक ४३ वर्षीय अर्जुन खड्का, सोही ठाउँका जनउपकार सहकारीका कर्मचारी ४० वर्षीय गोविन्द पौडेल र सोही गाविस-१ का २२ वर्षीय इन्द्रबहादुर जिरेलले ०६४ जेठ २३ गते माओवादी अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीले नीलकण्ठेश्वर माबि जुँगुको प्राङ्गणमा कुटपिट गरे। सामुदायिक औषधि पसल स्थापनाको विषयमा छलफल भइरहेको समयमा अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीले सल्लाह गर्नु छ भनी बाहिर बोलाई कुटपिट गरेका थिए। घाइतेमध्ये पुष्कर खड्काको सदरमुकामस्थित च्छोरोल्पा पोलिक्लिनिकमा उपचार भयो। पीडकलाई कुनै कारबाही गरिएन।

दोलखाका प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापालाई ०६४ साउन १३ गते माओवादी कार्यकर्ताले कार्यालयकक्षमै कुटपिट गरी कार्यालय तोडफोड गरे। राजाद्वारा मनोनीत पूर्वजिविस सभापति सुन्दरप्रकाश खड्कालाई वाईसीएलले साउन ६ गते मोसो लगाएपछि माओवादी जिल्ला कमिटी सदस्य विशाल खड्काविरुद्ध स्थानीय प्रशासनले सार्वजनिक अपराधमा मुद्दा दर्ता गरेको भन्दै कुटपिट र कार्यालय तोडफोड गरिएको थियो। प्रमुख जिल्ला अधिकारीमाथि हातपात गरेपछि प्रहरीले २८ जनालाई पक्राउ गरेकामा ११ जनालाई ज्यान मार्ने उद्योग र १७ जनालाई सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा दर्ता गरिएको थियो। सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाइएकाहरूमा ललितपुर उमनपा-२१ का २३ वर्षीय अर्जुन शाक्य, सिन्धुली जिल्ला दुम्जा गाविस-९ का २९ वर्षीय बुद्ध लामा, काठमाडौँ मनपा-१० का ३० वर्षीय सन्तोष थापा, ललितपुर उमनपा-७ का २६ वर्षीय सुरेश महर्जन, कामनपा-४ का २४ वर्षीय दिलबहादुर शाही, काभ्रेपलाञ्चोक जिल्ला होक्से गाविस-८ का २९ वर्षीय बेलबहादुर तामाङ, कामनपा-३५ का २८ वर्षीय दुर्गा राई, काभ्रेपलाञ्चोक जिल्ला बोल्देफेदी गाविस-१ का ३९ वर्षीय मानबहादुर तामाङ, मकवानपुर जिल्ला टिस्टुङ गाविस-९ का ३१ वर्षीय वीरबहादुर गोले, काभ्रेपलाञ्चोक जिल्ला वितदिउराली गाविस-४ का २१ वर्षीय राजकुमार दाहाल, रामेछाप जिल्ला बेथान गाविस-१ का १९ वर्षीय तीर्थ लामा र सोही जिल्ला खनियापानी गाविस-५ का ३४ वर्षीय पदमवीर लामा, भक्तपुर जिल्ला वंशगोपाल गाविस-६ का २४ वर्षीय कृष्ण ठिमी, कामनपा-३४ का ३८ वर्षीय सतेन मानन्धर, सोही कामनपा-६ का २५ वर्षीय रीतु लामा, मकवानपुर जिल्ला हर्नामाडी गाविस-८ का ३३ वर्षीय बमबहादुर घलान र काभ्रेपलाञ्चोक जिल्ला बुढाखानी गाविस-१ का २३ वर्षीय ध्रुवबहादुर मगर (माइक्रो बस चालक) रहेका छन्। त्यसै गरी ज्यान मार्ने

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	६	४	२	६							
गिरफ्तारी/यातना									१	१	१
कुटपिट	१		१	१	३	५	२	७	१	१	१
धम्की									१	१	१
भेला/सङ्गठित हुने अधिकार	१	१		१							
महिलाअधिकार	५		५	५							
बालअधिकार	३		३	३							
अपहरण	१	१		१							
जम्मा	१७	६	११	१७	३	५	२	७	३	३	३

उद्योगअन्तर्गत मुद्दा चलाइएकाहरूमा दोलखा मिर्गे गाविस-५ का ३८ वर्षीय किरण दाहाल, भीमेश्वर नपा-१ का २६ वर्षीय मोहन थापा, सोही नपा-८ का ३१ वर्षीय राजकुमार वस्नेत, नपा-६ का २८ वर्षीय ध्रुव कार्की, जुगु गाविस-६ का २० वर्षीय राजु कार्की, खारे गाविस-७ का २२ वर्षीय दावा शेर्पा, गोरखा जिल्ला मनकामना गाविस-६ का २१ वर्षीय नारायणबहादुर थापामगर, सिन्धुपाल्चोक जिल्ला इर्खु गाविस-१ का २२ वर्षीय अजय लामा, काठमाडौँ जिल्लाका २२ वर्षीय तीर्थ तामाङ र सोही जिल्ला महाँकाल गाविस-७ का २१ वर्षीय देवराज तामाङ रहेका छन्। सोही घटनामा प्रयोग गरिएको भनी बा.१ज. ९५०५ को माइक्रो बस, बा.२४प. ६४५९, बा.११प. ३५०४ र बा.२२प. ५५४ को मोटरसाइकलसमेत प्रहरीले बरामद गरेको थियो भने ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा चलाइएका ११ जनालाई सामान्य तारेखमा साउन ३० गते र सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाइएका १७ जनालाई साउन ३२ गते जनही ५ सय रुपियाँ धरौटीमा मुक्त गरियो।

जिरी उच्च माविमा अध्ययनरत १८ वर्षीय कुमार विश्वकर्मालाई ०६४ साउन ३२ गते अनेरास्ववियु (क्रान्तिकारी) का लाक्पा शेर्पाले विद्यालय हातामै कुटपिट गरी विद्यालयमा तालाबन्दी गरे। विद्यार्थी कुटपिट र तालाबन्दीको विरोधमा विद्यालय प्रशासनले भदौ २ गते विद्यालय बन्द गरेपश्चात् आइन्दा यसो नगर्ने भनी पीडक पक्षले माफी मागेपछि विद्यालय सुचारु भयो।

गैरकानुनी गिरफ्तारी

भीमेश्वर नपा-१ का १७ वर्षीय पदमबहादुर श्रेष्ठले केबुल टीभीको तार चोरेको आरोपमा ०६४ असार ६ गते उनलाई जिल्ला प्रहरी कार्यालय दोलखाले बिनापुर्जी चरिकोटमा गिरफ्तार गऱ्यो। पीडित असार ८ गते रिहा भए।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

लादुक गाविस-३ निवासी राप्रपाका जिल्ला सदस्य ५६ वर्षीय सुन्दरप्रकाश खड्कालाई ०६४ साउन ६ गते दिउँसो चरिकोट बजारमा गफ गरेर बसिरहेको समयमा वाईसीएल कार्यकर्ताले मोसो लगाए। राजाद्वारा मनोनीत पूर्वजिविस सभापतिसमेत रहेका पीडितलाई 'राजावादी भई प्रतिगमनकारी कार्य गरेको' भन्दै मोसो लगाई 'जिल्ला निकाला' गर्ने भनी काठमाडौँतर्फ जाने बसको छतमा जबरजस्ती हालेका थिए। प्रहरीले पीडितलाई भीमेश्वर नपा-१३ स्थित चरङ्गे खोलाबाट फर्काएको थियो। यस घटनामा जुगु गाविस-४ का विशाल खड्काको नाममा पीडितले जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरेकामा जिल्ला प्रशासन कार्यालयबाट पीडकको नाममा म्याद जारी गऱ्यो। पीडक हालसम्म हाजिर हुन नगएको जिल्ला प्रशासन कार्यालयले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ४६ थान

मुद्दामध्ये ११ थान फर्स्यौट भए भने यसवर्ष दर्ता भएका २१ थान मुद्दामध्ये दुई थान फर्स्यौट भए। यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका २५ थान मुद्दामध्ये १६ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १४ थान मुद्दामध्ये एक थान मात्र फर्स्यौट भयो।

देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ८९ थान मुद्दामध्ये २२ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ३८ थान मुद्दामा एउटा पनि फर्स्यौट हुन सकेन। यसवर्षको अन्त्यसम्म जम्मा १ सय ८१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जिल्ला अदालत, दोलखामा पाँच वर्ष नाघेका मुद्दाको सङ्ख्या छैन।

बालअधिकार

भीमेश्वर नपा-२ की १३ वर्षीया एक बालिकालाई भीमेश्वर नपा-४ का ३५ वर्षीय अशोककुमार प्रधानले ०६३ फागुन २८ गते बलात्कार गरे। राति घरमा सुतिरहेका बेला झ्यालबाट भित्र पसी पीडकले बलात्कार गरेपछि परिवारले थाहा पाई पीडकलाई प्रहरीको जिम्मा लगाए। पीडक जिल्ला अदालतको आदेशमा धरौटीमा रिहा भए।

सुनखानी गाविस-३ की ६ वर्षीया बालिकालाई सोही वडाका ५५ वर्षीय झ्यापे भन्ने भीमबहादुर सिवाकोटीले ०६४ वैशाख २३ गते बलात्कार गरे। घरमा कोही नभएको मौका छोपी पीडकले बलात्कार गरेका थिए। पीडकलाई गाउँलेले प्रहरीसमक्ष बुझाएकामा हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

माओवादीद्वारा क्षतिपिट गरिएका पुष्कर खड्का

भीमेश्वर नपा-२ की १७ वर्षीया मनीषा श्रेष्ठलाई ०६४ साउन २० गते उनकै हजुरबुवा ७० वर्षीय हरिलाल श्रेष्ठले बिहान आफ्नै घरमा उम्लेको पानी जीउमा खन्याएर घाइते बनाए। चिया पकाउने विषयमा विवाद भएपछि हरिलालले उम्लेको पानी जीउमा खन्याएका थिए। पीडितको स्थानीय दोलखा हेल्थपोस्टमा उपचार भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

जफे गाविस-९ की २५ वर्षीया एक महिलालाई भीरकोट गाविस-१ का २४ वर्षीय वीरबहादुर माझीले ०६३ चैत २७ गते बलात्कार गरे। पीडित बेलुकी घर जान लाग्दा जफे गाविस-९ सिम्ले, कोइराले-डाँडामा बलात्कार गरेका थिए। पीडक जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

माओवादीद्वारा क्षतिपिट गरिएका प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापा

मेलुङ गाविस-४ की १८ वर्षीया युवतीलाई सोही गाविस-५ का बम्बु बलराम भनिने ३१ वर्षीय इन्द्रबहादुर खड्काले ०६४ असार ११ गते बलात्कार गरे। नागरिकता बनाउन सदरमुकाम चरिकोट आउने क्रममा मेलुङ गाविस-५ को भीरखोरको जङ्गलमा बिहान पीडकले बलात्कार गरेका थिए। पीडक हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

सुस्पाक्षमावती गाविस-७ की २७ वर्षीया एक महिलालाई ०६४ असोज २० गते सोही गाविस-२ मा बोच गाविस-१ का ३५ वर्षीय कुमार लामाले बलात्कारको प्रयास गरे। पीडकले चलाएको ट्रकमा धान लैजाने क्रममा ट्रकभित्रै बलात्कारको प्रयास गरेकामा पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडक हालसम्म फरार छन्।

२.७ रौतहट

जनसङ्ख्या : ६,५९,१३५
साक्षरता प्रतिशत : ४०
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१२६
गाविस/नपा सङ्ख्या : ९६/१
सरकारी/निजी विद्यालय : २९९/२०
क्याम्पस/उच्च मा.वि. : ३/७
अस्पताल/स्वास्थ्य चौकी : १/९७
मोटर सडक (कि. मि.) : २२६
प्रहरी कार्यालय सङ्ख्या : ३६
मानव विकास सूचकाङ्क : ०.४०९
प्रतिपरिवार सरदर सङ्ख्या : ६.८९

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

माओवादीबाट

पतौरा गाविस-३ का ३५ वर्षीय किसुन साह कानुलाई ०६४ साउन ५ गते माओवादी कार्यकर्ताले पतौरा गाविस-२ मा गोली हानी घाइते बनाएकामा साउन ११ गते उपचारका क्रममा नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उनको मृत्यु भयो। माओवादीका तर्फबाट अन्तरिम व्यवस्थापिका संसद्का सांसद प्रभु साहलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताद्वारा आक्रमण भएपछि मोर्चा र माओवादीबीच दोहोरो झडप हुँदा उनलाई माओवादीले गोली प्रहार गरी घाइते बनाएका थिए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

गम्हरिया पर्सा गाविस-६ लक्ष्मीपुरका ३० वर्षीय हरिनारायण ठाकुरलाई ०६३ माघ ५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले समनपुर गाविस-८ स्थित टोकार जाने बाटोमा हातखुट्टा बाँधी गोली हानी हत्या गरे। जिल्लाका विभिन्न भागमा भएको डकैतीमा संलग्न रहेकाले उनको हत्या गरिएको मोर्चाका सैन्य कमिसार अर्जुन राय यादवले जनाए।

रमौली वैरिया गाविस-२ का २२ वर्षीय रामसोगारथ सहनीलाई ०६४ वैशाख १५ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले रमौली वैरिया गाविस भवनअगाडि गोली हानी उनको हत्या गरे। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता रहेका सहनीलाई डाँकाको आरोपमा सोही साँझ गाउँबाट नियन्त्रणमा लिएका थिए। मृतकको लासलाई प्राथमिक स्वास्थ केन्द्र चन्द्रनिगाहपुरमा पोस्टमार्टम गरी परिवारलाई बुझाइयो।

सन्तपुर दोस्तीया गाविस निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का रौतहट जिल्ला अध्यक्ष अजय यादवलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ वैशाख २९ गते रौतहट जिल्लाको सरमुजवा गाविसमा गोली प्रहार गरी हत्या गरे। ज्वाला सिंहका नाममा जिल्लामा हत्या, अपहरण, चन्दा आतङ्क र वन विनास बढेकाले उनको हत्या गरिएको गोइत समूहका सैन्य कमिसार अर्जुन यादवले जानकारी गराए।

जयनगर गाविस-५ का ३५ वर्षीय लालबाबु साह सोनारलाई ०६४ भदौ १६ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले महमदपुर गाविस-९ स्थित सपही मन्दिरनजिकै गोली हानी उनको हत्या गरे। सोनारले मोर्चाविरुद्ध सुराकी गरेको र विभिन्न डकैती काण्डमा संलग्न रहेकाले हत्या गरिएको मोर्चाका २ नं. एरिया इञ्चार्ज नितेश यादवले जनाए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

गेडहीगुठी गाविस निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ता नागेन्द्र बैठा र पिपरिया गाविसका परमानन्द सहनीलाई ०६४ जेठ १ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले धरमपुर गाविस-९ स्थित नहरमा पुऱ्याई गोली हानी हत्या गरे। धरमपुर गाविस-३ को एक घरमा बसिरहेका दुवै जनालाई मोर्चाका कार्यकर्ताहरूले राति नियन्त्रणमा लिई बिहान हत्या गरेका थिए। उनीहरू दुवै जनाको लास धरमपुर गाविस-९ स्थित नहरमा फेला परेको थियो। मोर्चाका जिल्ला अध्यक्ष शेर सिंहले मोर्चाका तत्कालीन अध्यक्ष

अजय यादवको हत्यामा संलग्नता रहेको पाइएकाले उनीहरूको हत्या गरिएको जानकारी गराए।

टेङ्ग्राहा गाविस-२ निवासी माओवादीका एरिया कमिटी सदस्य तथा वाईसीएलका गौर नगर इञ्चार्ज २८ वर्षीय मन्त्री भनिने कृष्णमोहन जयसवाललाई ०६४ जेठ २२ गते दिउँसो जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले गोली हानी हत्या गरे। सन्तपुर दोस्तीया गाविसमा गएका बखत मोर्चाका कार्यकर्ताले नियन्त्रणमा लिई सोही गाविस-९ स्थित स्थानीय बकैया खोलामा पुऱ्याएर गोली हानी उनको हत्या गरेका थिए।

माधोपुर गाविस-९ निवासी माओवादीका जिल्ला कमिटी सदस्य ३० वर्षीय रामप्रवेश साह कानुलाई ०६४ असार १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले धरमपुर गाविस-९ स्थित वाग्मती नदीको किनारामा पुऱ्याई गोली हानी हत्या गरे। आफ्नै घरमा बसिरहेका कानुलाई मोर्चाका दुई जना कार्यकर्ताले सोही बिहान नियन्त्रणमा लिएका थिए।

जेठरहिया गाविस-७ की ३९ वर्षीया सरोजदेवी राउतलाई ०६४ साउन १६ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) ले उनकै घरमा गोली हानी उनको हत्या गरे। मोर्चाका १०-१२ जनाको सङ्ख्यामा आएको हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा टाउकामा गोली हानी भागेको मृतकका पति रामसोगारथ राउतले बताए। मृतकका पति माओवादीका कार्यकर्ता भएको र उनलाई हत्या गर्न आएको समूहले गोली प्रहार गर्न थालेपछि पत्नी राउतले प्रतिकार गर्दा उनलाई मोर्चाका कार्यकर्ताले गोली प्रहार गरेका थिए।

गम्हरिया पर्सा गाविस-६ का ४० वर्षीय ऐनुल मियाँ कवारीलाई ०६४ असोज १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सोही गाविस-७ स्थित नहरमा पिठ्यूँमा गोली प्रहार गरी हत्या गरे। हत्या गरिएका कवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ता भएको सो समूहले जनायो।

डुमरिया मटिऔन गाविस-२ का ३० वर्षीय मुक्ति कार्कीलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ कात्तिक ९ गते राति पिपरिया दोस्तिया गाविस-६ मा गोली हानी र घाँटी रेटी हत्या गरे। आफ्नो काम विशेषले जिल्लाको पिपरिया दोस्तिया गाविसमा गएका बखत सोही बिहान मोर्चाका कार्यकर्ताहरूले नियन्त्रणमा लिई राति हत्या गरेका थिए। मोर्चाका सैन्य कमाण्डर शक्ति सिंहले स्थानीय सञ्चारकर्मीहरूलाई टेलिफोन गरी कार्कीले मोर्चाविरुद्ध सुराकी गरेकाले हत्या गरेको जनाए। कार्कीको लास कात्तिक १० गते टाउको काटिएको र ढाडमा गोली लागेको अवस्थामा प्रहरीले फेला पारेको थियो। प्राथमिक स्वास्थ केन्द्र चन्द्रनिगाहपुरमा लासको पोस्टमार्टम गरी परिवारलाई बुझाइयो।

तराई कोब्राबाट

गड्गापिपरा गाविस-३ निवासी सोही गाविसका सचिव रामवृक्ष राय यादवको ०६३ फागुन १८ गते राति पीडितकै घरअगाडि गोली हानी हत्या गरियो। आफ्नै घरमा बसिरहेका यादवलाई चार-पाँच जनाको सङ्ख्यामा आएका व्यक्तिहरूले घरबाहिर बोलाई चार गोली प्रहार गरी हत्या गरेका थिए। सो घटनाको तराई कोब्रा नामक सङ्गठनले जिम्मा लियो।

अन्यबाट

इनरवारी गाविस-२ निवासी माओवादी एरिया कमिटी सदस्य रामकृपाल ठाकुरलाई ०६३ चैत १८ गते राति अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। आफ्नै घरमा सुतिरहेका ठाकुरलाई छ-सात जनाको सङ्ख्यामा आएका व्यक्तिहरूले घरबाट बाहिर बोलाई २ सय मिटर पर पुऱ्याएर गोली हानी हत्या गरिएको थियो।

धरमपुर गाविस-२ का २५ वर्षीय मोहनारायण दास तत्मालाई ०६४ वैशाख १३ गते अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। घाँटी थिचेर र पेटमा धारिलो हतियार प्रयोग गरी हत्या गरेर वरियारपुर गाविस-३ वीरनगरा जाने बाटोमा उनको लास फ्याँकिएको अवस्थामा फेला परेको थियो। प्रहरीले लासको पोस्टमार्टम गराई आफन्तलाई बुझायो।

शीतलपुर बैरगनिया गाविस निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता २० वर्षीय विनोद मुखियालाई ०६४ साउन ११ गते अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। लक्ष्मीपुर गाविस-१ स्थित मोर्चाको ५ नं. एरिया सेक्रेटरी खहेरु देवानको घरमा सुतिरहेका मुखियालाई आठ-दस जनाको सङ्ख्यामा गएका अज्ञात हतियारधारी समूहले अपहरण गरी भसेडवा गाविसमा पुऱ्याई टाउकोमा दुई गोली प्रहार गरी हत्या गरेका थिए। मोर्चाले आफ्ना कार्यकर्ताको हत्या माओवादीले गरेको जनायो भने माओवादीले उनको हत्यामा कुनै संलग्नता नरहेको जनायो।

सखुअवा धमौरा गाविस-६ का २७ वर्षीय सुमन सहनी, सोही ठाउँका २५ वर्षीय बनुदास सहनी र

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित		
	अन्यबाट					माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३५	४३	८	३	५३	१	१		१			
घाइते	१५	८५	९		९४	१	१		१			
गिरफ्तारी/यातना										८	५६	५६
कुटपिट	४	३३	१		३३	४	३३		३३			
धम्की	३	१०			१०	१	१		१			
भेला/सङ्गठित हुने अधिकार										१	१६	१६
जातीय विभेद	४	६	१		८							
महिलाअधिकार	१		१		१	१		१	१			
बालअधिकार	३		३		३							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१०	३३	१		३४	१	१		१			
अमानवीय व्यवहार	१		१		१	१	१		१			
अपहरण	५६	८५			८५	५	६		६			
जम्मा	१३१	२६५	३४	३	३०१	१५	३३	१	३४	९	६३	६३

हथियाही गाविस-७ जमुनियाका २९ वर्षीय लखिन्द्र राय यादवलाई ०६४ साउन १८ गते राति रमौली वैरिया गाविस-८ का स्थानीय बासिन्दाले कुटपिट गरी हत्या गरे। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता रहेका उनीहरूसहित मोर्चाका अन्य कार्यकर्ताहरू रमौली वैरिया गाविस-८ का पुनित ठाकुरको घरमा डकैती गर्न आएका बखत प्रतिकारमा उत्रिएका गाउँलेहरूको कुटाइबाट उनीहरूको मृत्यु भएको थियो भने मोर्चाका अन्य कार्यकर्ताहरू भागेका थिए। मृतकका साथबाट प्रहरीले एक थान नलकटुवा बन्दुक, दुई थान गोली, एक थान मोबाइल सेट र दुईओटा मोटरसाइकल बरामद गरेको थियो।

प्रेमपुर गोनाही गाविस-९ का ४५ वर्षीय देवीलाल महतोलाई ०६४ भदौ १० गते राति अज्ञात समूहले गोली हानी घाइते बनाएकामा भदौ १२ गते उनको काठमाडौं शिक्षण अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो। माओवादी द्वन्द्वका कारण विगत चार वर्षदेखि आफ्नो घरबाट विस्थापित भई गरुडा बजारमा बस्दै आएका महतो आफ्नो काम विशेषले घर गई फर्कने क्रममा महम्मदपुर गाविसस्थित झाँझ नदीको किनारमा महतोलाई अज्ञात समूहले गोली प्रहार गरेको थियो।

आफ्नै हतियारबाट

टेङ्ग्राहा गाविस-८ मेवा टोल निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ता मनोज पण्डितको ०६३ माघ ५ गते आफैंले बोकेको बन्दुक पड्किएर मृत्यु भयो। समनपुर गाविसको टोकार टोलमा गम्हरिया पर्सा-६ का हरिनारायण ठाकुरलाई हत्या गरी फर्कने क्रममा आफैंले बोकेको बन्दुक पड्किएर गोली लाग्दा उनको मृत्यु भएको मोर्चाका राजनीतिक कमिसार अर्जुन राय यादवले बताए।

दोहोरो झडप

गौर नपा-५ स्थित राइस मिलको चौरमा ०६३ चैत ७ गते मधेसी जनअधिकार फोरम र माओवादीनिकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाको आमसभाका क्रममा झडप हुँदा मधेसी जनअधिकार फोरमका समर्थकले माओवादीका कार्यकर्तालाई कुटपिट गर्दा पाँच जना महिलासहित २७ जनाको मृत्यु भयो। मृत्यु हुनेहरूमा रौतहट पोठियाही गाविसका वाईसीएल इलाका संयोजक रामाकान्त जयसवाल, सरमुजवा गाविसका एसीएम नर्मधेश्वर उपाध्याय, चन्द्रनिगाहपुर गाविस-१ की २० वर्षीया सरस्वती उप्रेती, जिङ्गडवा बेलबिछवा गाविसकी प्रतिमा खातुन, जुडीबेला गाविस-

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	जतमुमो (ज्वाला सिंह) बाट				जतमुमो (गोइत) बाट			मधेसी जनअधिकार फोरमबाट					मधेसी टाइगर्सबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	६	६	१	७	४	४	४	२	३०	५	२	३७			
घाइते	३	४		४				१	४८	५		५३			
कुटपिट								३	३०	१		३१			
धम्की	३	१०		१०											
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	६	७		७				२	१४	१		१५	१	१	१
अपहरण	३५	५५		५५	६	१३	१३								
जम्मा	५३	८२	१	८३	१०	१७	१७	८	१०२	१२	२	११६	१	१	१

९ की १७ वर्षीया रेखा परियार, गौर नपाका प्रवीण अन्सारी, जुडीबेला गाविस-४ का २० वर्षीय दीपक पाण्डे, लक्ष्मीनियाँ गाविस-९ का रामशरण राय यादव, बारा जिल्ला निजगढ गाविस-२ की उषा थापा क्षेत्री, बारा जिल्ला टेढाकट्टी गाविसका धर्मेन्द्र साह, बारा जिल्ला निजगढका रामकाजी कार्की, बारा जिल्ला सिमराका हस्तबहादुर श्रेष्ठ, मकवानपुर जिल्ला पदमपोखरी गाविस-३ ठूलोथलीका छते वाइवा, मकवानपुर जिल्ला बसामाडी गाविस-१ का उर्मिला लो, मकवानपुर जिल्ला हेटौँडा नपा-७ चिसापानीका गोविन्द अधिकारी, मकवानपुर जिल्ला हेटौँडा नपा-७ चिसापानीका राजन पोखरेल, मकवानपुर जिल्ला पदमपोखरी गाविस-१ वनस्पतिका नारायण दाहाल, मकवानपुर जिल्ला छतिवन गाविस-८ कर्मचुलीका मुनाल विश्वकर्मा, मकवानपुर जिल्ला रातोमाटे गाविस-२ का रोहन पाखिन, मकवानपुर जिल्ला पदमपोखरी गाविस-१ का उज्ज्वल दाहाल, सिन्धुली जिल्ला शीतलपाटी गाविस-८ का कुमार तोलाङ्गे, हापुर गाविस-१ दाडका जितेन्द्र थापा मगर, गोर्खा जिल्ला पृथ्वीनारायण नपा-८ का विविन्द्र मगराती, बाजुरा जिल्लाका रत्न बोगटी, पर्सा जिल्ला निर्मलवस्ती गाविस-६ का पूर्ण श्रेष्ठ रहेका थिए भने अन्य दुई जनाको सनाखत हुन सकेन।

सो झडपमा ५२ जना घाइते भएका थिए, जसमध्ये सर्वसाधारण तीन जना, फोरम समर्थक चार जना र अन्य सबै जना माओवादी कार्यकर्ता थिए। उनीहरूलाई गौर अस्पतालमा सामान्य उपचार गरिएपछि नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगञ्जमा सिफारिस गरिए तापनि चितवनको मेडिकल कजेलमा भर्ना गरिएको थियो। घाइते हुनेहरूमा पतौरा गाविसका मनोजकुमार यादव, हथियाही गाविसका सियाराम प्रसाद कुसवाह, प्रेमपुर गोनाही गाविस-९ उचिडिहका राजेन्द्र कुसवाह, कटहरिया-९ रौतहटका रामसेवक मुखिया, वरियारपुर गाविस वीरनगराका वीरेन्द्र पटेल, रङ्गापुर गाविस-५ का सुशीलकुमार खतिवडा, राजपुर फरहदवा गाविसका सेख मयर, हथियाही गाविसका पुनित शर्मा, चन्द्रनिगाहपुर गाविस-१ की १९ वर्षीया सन्तोषी न्यौपाने, प्रेमपुर गोनाही गाविसकी कविता चौरसिया, डुमरिया परोह गाविसकी कुमारी साह, कटहरिया गाविसकी सियापति देवी माझी, सखुअवा गाविस-६ का लक्ष्मण सहनी, डुमरिया परोहा गाविस-६ का लालबाबु साह, बगही गाविस फत्तेपुरका राजकिशोर कुसवाह, चन्द्रनिगाहपुर गाविस-२ का मङ्गल लामा, रङ्गापुर गाविस-५ का ज्वाला खतिवडा, हथियाही गाविस जमुनियाका किशोर साह, रौतहट गौर नपा-९ की मीनादेवी मुखिया, जेठरहिया गाविसका शिवराम पटेल, गौर नपाका नवीन मन्सुरी, ठेगाना नखुलेका राकेश मुखिया, बारा जिल्ला महेशपुर गाविसका जितेन्द्र सहनी, बारा जिल्ला सिमराका रमेश विश्वकर्मा, बारा जिल्ला प्रगतिनगरका तर्कबहादुर मगर, बारा जिल्ला सुरहीका वीरेन्द्र पटेल, सोही ठाउँका राजु पटेल, मकवानपुर जिल्ला आमभञ्ज्याङ गाविस-३ का नवराज तिमल्सिना, मकवानपुर जिल्ला पदमपोखरी गाविस-४ का रवीन्द्र केसी, मकवानपुर जिल्लाका विष्णु गजुरेल, मकवानपुर जिल्ला हटिया गाविसका वलराम पण्डित, मकवानपुर जिल्ला हेटौँडा नपाका प्रकाश लामा, मकवानपुर जिल्ला छतिवन गाविस-४ का विनोद विश्वकर्मा, मकवानपुर जिल्लाका वीरबहादुर लामा, मकवानपुर जिल्लाका श्याम थापा, सर्लाही जिल्ला ढुङ्ग्रेखोला गाविस-७ का सरोज थापा, चितवन जिल्ला कोराक गाविस-४ का रामबहादुर लामा, रुकुम जिल्लाकी विमला विश्वकर्मा, सिन्धुली जिल्ला शीतलपाटी गाविस-४ का नानीबाबु

बिसङ्खे, दाङ जिल्ला तुलसीपुर नपा-७ का दीपककुमार विश्वकर्मा, दोलखा जिल्ला सुन्द्रावती गाविस-२ का हिमाल सिवाकोटी, सप्तरी जिल्ला विसमपुरका सुरज चौधरी, दाङ जिल्ला हापुर गाविस-१ का महेश बुढामगर, काभ्रे जिल्ला दाप्चाका वसन्त थापा रहेका थिए।

यस घटनाको मानवअधिकार सन्धि अनुगमन समितिले स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरेको थियो।

प्रतिवेदनमा सभास्थलमा दुई पक्षबीच झडप हुँदा गोलीसमेत चलेको, घटनास्थलमा छ जना, गौर नगरपालिका क्षेत्रभन्दा बाहिर हजममिनिया गाविसमा ११ जना, मुडबलवा गाविस जाने बाटोमा दुई जना, लक्ष्मीपुर बेलविछुवा गाविसमा दुई जना तथा उपचारका क्रममा गौर अस्पतालमा चार जना र भरतपुर लैजाँदै गर्दा बाटोमा दुई जना गरी कुल २७ जनाको मृत्यु भएको थियो। मृतकहरू सबैको टाउकोमा गहिरो चोट लागेको थियो। उनीहरूलाई बाँसको भाटा, ढुङ्गा, इँटा प्रहार गर्नुका साथै आगोसमेत लगाइएको थियो। मारिनेहरू सबै माओवादी कार्यकर्ता हुन्। महिलाहरूको संवेदनशील अङ्गमा चोट पुऱ्याइएको निष्कर्ष प्रतिवेदनले निकालेको छ।

स्थलगत अध्ययन प्रतिवेदनको निष्कर्षमा भनिएको छ- "आमसभास्थलमा सबैभन्दा पहिले फोरमका समर्थकहरूले माओवादीहरू जुलुसमा रहेको समयमा उनीहरूको मञ्च तोडफोड गरेको पाइयो। त्यसको करिब सात मिनेटपछि माओवादीका कार्यकर्ताहरू राइस मिल्सको चौरको उत्तरपट्टीबाट दौड्दै एक्कासि फोरमको मञ्चतर्फ गएर तोडफोड गर्न थाले। मञ्च वरिपरिको क्षेत्रबाट दुईओटा गोलीको आवाज आएको थियो। मञ्चको वरिपरि माओवादीका कार्यकर्ताहरू मात्र रहेका थिए। त्यहीबेला फोरमको मञ्चको पश्चिम-दक्षिण कुनाबाट एक फायरको आवाज आएको र त्यसपछि मञ्चका विभिन्न कुनाबाट बन्दुक तथा बमको ठूलो-ठूलो आवाज आएको थियो। नियन्त्रणमा लिएकाहरूलाई मन्दिर परिसरमा ल्याई बबरतापूर्वक हत्या गरिएको पाइयो। फोरमका समर्थकहरूले बाँसको भाटा, लाठी, इँटा तथा ढुङ्गा प्रहार गरी हत्या गरेको तथा घाइते बनाएको पाइयो। सबै मृतक तथा घाइतेहरूको टाउकोमा प्रहार गरिएको थियो, जसबाट उक्त आक्रमण नियोजित र सङ्गठित रूपमा भएको देखिन्छ। मधेसी जनअधिकार फोरमले ०६३ चैत ७ गते बुधबार उक्त राइस मिल्सको चौरमा आमसभा गर्ने भनी एक साता अघिदेखि नै प्रचार-प्रसार गरेको थियो। माओवादी निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाले सोही मिति र स्थानमा आफ्नो पनि आमसभाका लागि एक दिन अघि प्रचार गरेको पाइयो। यसरी एकै मिति र स्थानमा कार्यक्रम राखिनु माओवादीको गलत निर्णय थियो भन्ने देखिन्छ। दुवै पक्षले एकै स्थानमा कार्यक्रम गर्ने पूर्वजानकारी हुँदाहुँदै पनि स्थानीय प्रशासनले समयमै उचित सतर्कता नअपनाउनुका साथै समयमै आवश्यक कदम नचालेका कारण धेरै सङ्ख्यामा मानवीय क्षति भएको पाइयो।"

गोली/विस्फोटक पदार्थद्वारा घाइते

माओवादीबाट

सन्तपुर दोस्तीया गाविस-८ पेटभर्वाका २५ वर्षीय रामबालक राय यादवलाई ०६४ साउन ३ गते माओवादीले गोली हानी घाइते बनाए। सन्तपुर दोस्तीयास्थित बजारमा माओवादी र जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का बीच झगडा भइरहेको स्थानमा छुट्याउन भनी गएका यादवलाई माओवादीका कार्यकर्ताले गोली हानी घाइते बनाएको स्थानीय बासिन्दाले बताए। माओवादीले भने यादव मोर्चाको कार्यकर्ता भएको र उनले आक्रमण गर्न लाग्दा प्रतिरक्षाका लागि गोली चलाउनु परेको बताएको छ।



मधेसी जनअधिकार फोरम र माओवादीबीचको झडपमा मारिएका गोविन्द पोखरेल, दीपक पाण्डे, रेखा परियार र सरस्वती उप्रेती

घाइते यादवको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

वाईसीएलका कार्यकर्ता २० वर्षीय राजेश र २१ वर्षीय राकेशलाई ०६३ फागुन २६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले विश्रामपुर गाविस-८ अन्तर्गत बलेरी जङ्गलमा गोली हानी घाइते बनाए। जङ्गलको सुरक्षार्थ खटिएका वाईसीएलका कार्यकर्तालाई सातओटा मोटरसाइकलमा गएका मोर्चाका कार्यकर्ताले गोली हानी घाइते बनाएका थिए। घाइतेहरूको चन्द्रनिगाहपुरस्थित क्लिनिकमा उपचार भयो।

रङ्गपुर गाविस-३ मैराका ३० वर्षीय नारायण न्यौपानेलाई ०६४ असार १९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सन्तपुर दोस्तीया गाविस-६ मा गोली हानी घाइते बनाए। आफ्नै घरमा बसिरहेका न्यौपानेलाई मोर्चाका ५ नं. एरिया सेक्रेटरी खहेरु देवानको नेतृत्वमा पाँचओटा मोटरसाइकलमा गएका मोर्चाका कार्यकर्ताहरूले उनको बा.१६प.३२६१ नं. को मोटरसाइकलसहित अपहरण गरेकामा पीडितलाई सन्तपुर दोस्तीया गाविसमा पुऱ्याएपछि इलाका प्रहरी कार्यालय सन्तपुरका प्रहरीसँग मोर्चाका कार्यकर्ताहरूको दोहोरो भिडन्त हुँदा उनलाई मोर्चाका कार्यकर्ताहरूले खुट्टामा गोली प्रहार गरी घाइते बनाएका थिए। गोली लागी घाइते भएका पीडितको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार गरियो।

तराई आर्मीबाट

चन्द्रनिगाहपुर गाविस-१ की इन्द्रमाया राना, उनकै ८ वर्षीय छोरा भीमबहादुर राना, चन्द्रनिगाहपुर गाविस-३ गैंडाटारकी सन्तमुनि गुरो, सखुअवा धमौरा गाविस-९ का ५० वर्षीय गफुर मियाँ, ठेगाना नखुलेका नौसाद अन्सारी, सोयब अन्सारी, आजाद हुसैन, अब्दुल अन्सारी, सलमज अन्सारी, रङ्गपुर गाविस-३ मैराका बलबहादुर श्रेष्ठ, सन्तपुर मटिऔन गाविस-२ का प्रेम चौधरी, चन्द्रनिगाहपुर गाविस-१ का लीला विश्वकर्मा, सोही ठाउँका दिनेश विश्वकर्मा र अम्बिका राय ०६४ वैशाख ३१ गते तराई आर्मी नामक सङ्गठनले चन्द्रनिगाहपुर गाविस-१ स्थित वीरेन्द्र राजमार्गको मैरा जाने बसपार्कछेउको चौतारामा राखेको पाइप बम विस्फोट गराउँदा घाइते भए। घाइतेहरूको स्थानीय क्लिनिक र वीरगञ्जमा उपचार भयो। घाइतेमध्ये सखुअवा धमौरा गाविसका गफुर मियाँ अपाङ्ग भएका छन्।

तराई कोब्राबाट

गौर नपा-९ का ४५ वर्षीय लालबहादुर केसरी, सोही ठाउँका ४२ वर्षीय शिवशङ्कर गुप्ता र भारत मोतीहारी निवासी ५० वर्षीय अवधकिशोर साह तराई कोब्रा नामक सङ्गठनले ०६४ असार २ गते बम विस्फोट गराउँदा घाइते भए। साँझको समयमा लालबहादुर केसरीको पसलमा लक्षित गरी प्रहार गरिएको सकेट बम ढोकामा नै विस्फोट भएको थियो। घाइतेहरूको गौर अस्पतालमा उपचार भयो।

आफ्नै बम विस्फोटबाट

सर्लाही जिल्ला गडैया डुमरिया गाविस निवासी तराई कोब्राका अध्यक्ष ४५ वर्षीय रामेश्वरप्रसाद सिंह र रौतहट जिल्ला गङ्गा पिपरा गाविसका ३८ वर्षीय वीरेन्द्र पाण्डे ०६४ असार १७ गते आफैँ बम बनाउन लाग्दा बम विस्फोट भई घाइते भए। घाइते भएका मध्ये वीरेन्द्र पाण्डे प्रहरीलाई झुक्याई भागे भने रामेश्वरप्रसाद सिंहको काठमाडौँस्थित नेपाल मेडिकल कलेज जोरपाटीमा प्रहरीको निगरानीमा उपचार गरियो।

अन्यबाट

हथियाही गाविस-२ का रामचन्द्र बढई, विद्यालाल बढई, कैलाश राय यादव, चतुरराय यादव, सत्यनारायण राय यादव, नारायण भुइचर, पिपरा पोखरिया गाविसका दिनेश पण्डित र बिर्ती प्रस्टोका गाविसका रामेश्वर राय यादव ०६४ वैशाख १५ गते अज्ञात समूहले चलाएको गोली लागी घाइते भए। हथियाही गाविसका रामचन्द्र राय यादवको घरमा विवाहको नाच भइरहेको स्थानमा ५/६ जनाको सङ्ख्यामा आएका हतियारधारी समूहले अन्धाधुन्ध गोली चलाउँदा उनीहरू घाइते भएका थिए। घाइतेहरूको वीरगञ्ज र गौरमा उपचार भयो।

पौराई गाविस-२ का ३५ वर्षीय मणिराज श्रेष्ठलाई ०६४ भदौ ६ गते राति अज्ञात समूहले खुकुरी प्रहार गरी घाइते बनाए। सर्लाही जिल्लाबाट आफ्नो घर रौतहटको पौराई गाविसतर्फ मोटरसाइकलमा जाँदै गर्दा राति करिब ९ बजे तीन जनाको सङ्ख्यामा रहेका अज्ञात समूहले खुकुरी प्रहार गरी घाइते बनाई भागेको पीडितले बताए। पीडितको काठमाडौँमा उपचार भयो।

सर्लाही जिल्ला सिमरा गाविस-४ घर भएका

माओवादीद्वारा आगजनी गरिएको यात्रुबाहक बस

काङ्ग्रेस (प्र.) महासमिति सदस्य ४१ वर्षीय जवाहरलाल राय यादव र सर्लाही जिल्ला कडौना गाविस-५ निवासी काङ्ग्रेस (प्र.) जिल्ला कार्यसमिति सदस्य ४२ वर्षीय सुरेशचन्द्र राय यादवलाई ०६४ भदौ २५ गते चन्द्रनिगाहपुर-निजगढ सडक खण्डको लमाहा जङ्गलमा २५-३० जना कम्ब्याट ड्रेस लगाएको अज्ञात समूहले राति गोली प्रहार गर्दा उनीहरू घाइते भए। वीरगञ्जबाट सर्लाहीतर्फ जाँदै गरेको ज.२प. २८३८ नम्बरको मोटरसाइकलमा यात्रा गरिरहेका घाइते दुवै जना नेपाली काङ्ग्रेस (प्र.) को वीरगञ्जमा भएको अञ्चलस्तरीय कार्यकर्ता भेलामा भाग लिई सर्लाहीतर्फ जाँदै गरेका थिए। घाइतेमध्ये जवाहरलाल यादवको देब्रे खुट्टामा गोली लागेको थियो भने सुरेशचन्द्र यादवको दाहिने हातमा गोलीको छर्रा लागेको थियो। घाइते दुवै जनाको प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुरमा सामान्य उपचार गरी वीरगञ्जमा लगियो।

माधोपुर गाविस-३ का २४ वर्षीय हरिशङ्कर ठाकुरलाई ०६४ असोज १६ गते बिहान अज्ञात समूहले गोली हानी घाइते बनायो। आफ्नो घरबाट बिहान दिसा गर्न खेतमा गएका बखत उनलाई अज्ञात व्यक्तिले दुई गोली हानी फरार भएको थियो। ठाकुरको पिठ्यूँमा दुईओटा गोली लागेको थियो। घाइते ठाकुरको गौर अस्पतालमा उपचार हुन नसकी वीरगन्जस्थित नारायणी उप-क्षेत्रीय अस्पतालमा गरियो।

गौर नपा-३ का ३५ वर्षीय गणेश राउतलाई ०६४ असोज १६ गते अज्ञात व्यक्तिले गोली प्रहार गरी घाइते बनायो। गौर नपा-३ स्थित आफ्नै घरनजिक बसिरहेका राउतलाई साँझ करिब ७ बजेको समयमा अज्ञात व्यक्तिले गोली प्रहार गरी भारततर्फ भागेको स्थानीय प्रत्यक्षदर्शीले बताए। घाइते राउत गौर अस्पतालमा उपचारपछि घर फर्किए।

राजपुर फरहदवा गाविस-२ का ३० वर्षीय किरणकुमार साह र वसन्तपट्टी गाविस-६ का ३२ वर्षीय बीरबासिनी सहनीलाई ०६४ असोज २९ गते अज्ञात समूहले गोली हानी घाइते बनायो। गौर नपा-५ स्थित बीपीचोकमा बसिरहेको अवस्थामा साँझ अज्ञात समूहले दुवै जनालाई लक्षित गरी गोली प्रहार गरेको थियो। पीडितमध्ये बीरबासिनी सहनीको ढाडमा र किरणकुमार साहको हातमा गोली लागेको थियो। घाइतेमध्ये बीरबासिनी सहनीको गौर अस्पतालमा उपचार हुन नसकी नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो भने किरणकुमार साहको गौर अस्पतालमा उपचार गरियो। माओवादी कार्यकर्ताहरूले गोली प्रहार गरेको पीडितले दाबी गरेका छन् भने माओवादीले उक्त घटनामा आफ्नो कुनै संलग्नता नरहेको जनायो।

दोहोरो भिडन्त

अस्थायी प्रहरी चौकी चेतनगरका प्रहरी र जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बीच ०६४ वैशाख ४ गते दोहोरो भिडन्त हुँदा चौकीका प्रहरी सहायक निरीक्षक पूर्णबहादुर धामी घाइते भए। मोर्चातर्फ १० जना घाइते भएको हुनसक्ने प्रहरीले जनाए पनि त्यसको पष्टि हुन सकेन। घाइते प्रहरीको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार गरियो।

जेल र बन्दीहरू

'ग' श्रेणीको रौतहट कारागार शाखामा ६५ जना बन्दी अट्ने क्षमता रहेको छ। यस वर्षको अन्त्यसम्म जम्मा ७७ जना बन्दी रहे, जसमा कैद तोकिएका ३६ जना बन्दीहरूमा ३४ जना पुरुष र दुई जना महिला रहेका छन्। यसैगरी, कैद नतोकिएका ४१ जना बन्दीहरूमा ४० जना पुरुष र एक जना महिला रहेका छन्।

जेलको अवस्था सामान्य छ। पानी, शौचालय, विद्युत्, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्री आदि उपलब्ध छन्।

वि.सं. १९९० मा निर्माण भएको रौतहट जिल्लाको कारागार वि.सं. २००१ देखि प्रयोगमा आएको थियो। जम्मा ६५ जना बन्दी राख्ने क्षमता भएको यस कारागारमा १ सय ३२ जनासम्म बन्दी राखिने गरिएको छ। महिला बन्दीगृह र पुरुष बन्दीगृहसमेत दुईओटा रहेको यस कारागारमा पुरुषतर्फ चारओटा र महिलातर्फ तीनओटा शौचालय रहेका छन्।

मनोरञ्जनका साधनमा सरकारी टीभी दुईओटा र अन्य व्यक्तिगत टीभी तथा रेडियो रहेका छन्। पत्रपत्रिकामा जिल्लामा उपलब्ध हुने सबै पत्रिका दिइने गरे पनि बन्द र हडतालका कारण पत्रिका नियमित नआएकाले अहिले पत्रिका बन्द गरिएको जेलर महेन्द्र दासले बताए। खेलकुदका सामानमा लुडो, चेस दिइए पनि सो अपर्याप्त रहेको बन्दीहरूले बताए।

रौतहट कारागारमा रहेका कैदी गगनदेव राय यादव सरकारले तोकिएको कैदको एकतिहाइ कैद भुक्तान गरेकालाई माफी दिई रिहा गर्ने निर्णय गरे पनि सर्वोच्च अदालतले समयमा साधक सदरको फैसला नगरेका कारण हालसम्म कारागारमा बस्न बाध्य भएका छन्। रौतहट पिपरिया परोहा गाविस-२ का यादवलाई *रासस*का प्रतिनिधि तथा काङ्ग्रेसका कार्यकर्ता शम्भु पटेलको हत्या गरेको अभियोगमा प्रहरीले ०५८ वैशाख २५ गते पक्राउ गरी कर्तव्य ज्यान मुद्दा चलाएको थियो। सो मुद्दामा रौतहट जिल्ला अदालतले यादवलाई जन्मकैद हुने गरी ०६१ साउन २५ गते फैसला गरेकामा पुनरावेदन अदालत हेटौंडाले सो कैद घटाई १० वर्ष हुने गरी ०६१ चैतमा फैसला गरेको थियो।

यादवले कारागारभित्र दुईपटक आमरण अनशन बसे पनि प्रमुख जिल्ला अधिकारी र एसपीको अनुरोधमा अनशन फिर्ता लिएको बताए। कारागार शाखा, रौतहटले यादवको कैद मिनाहाका लागि पटक-पटक सरकार र विभागमा सिफारिस गरे पनि हासम्म कुनै सुनुवाइ नभएको जेलर महेन्द्र दासले बताए। सरकारले गरेको निर्णय कार्यान्वयन भएमा रौतहट कारागारबाट मात्र १० जना कैदी कारागार मुक्त हुने जेलर दासले बताए। हाल रौतहट कारागारमा आफू मात्र आस्थाको बन्दी भएको यादवले दाबी गरेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

गम्हरिया बिर्ता गाविस-८ का ४० वर्षीय रामाज्ञा राय यादवलाई ०६३ माघ ८ गते माओवादीले प्रतापपुर गाविसबाट अपहरण गरे। काठका ठेकेदार रहेका यादवलाई जङ्गलबाट टायर गाडामा काठ लैजाँदै गरेको अवस्थामा अपहरण गरेका थिए। अपहरित यादवलाई माघ १० गते मुक्त गरे।

श्रीराम सुगर मिल्स, गरुडामा कार्यरत चालक ३४ वर्षीय उमेश झालाई ०६३ माघ २९ गते माओवादीले सोही मिल परिसरबाट अपहरण गरे। माओवादीको फागुन १ गते काठमाडौँमा हुने आमसभाका लागि मिलको जीप माग गरेकामा जीप नदिएपछि माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख विन्देश्वर राय यादव, जिल्ला कमिटी सदस्य उग्रसेन भनिने जयराम यादवसहितका कार्यकर्ताहरूले चालकसहित बा.५च. ३३७२ नं. को जीप अपहरण गरेका थिए। अपहरित चालकलाई फागुन १ गते पत्रकार शैलेन्द्र गुप्ताको रोहबरमा जिल्ला सदरमुकाम गौरबाट मुक्त गरे भने जीप उनीहरूले नै कब्जामा राखी एक महिनापछि फिर्ता गरे।

गौर नपा-८ घर भई रौतहट जिल्ला अदालतमा पियन पदमा कार्यरत ४५ वर्षीय वीरेन्द्र मण्डललाई ०६३ फागुन २७ गते माओवादीले रौतहट जिल्ला अदालतबाट अपहरण गरे। फागु पूर्णिमाका दिन स्थानीय एक महिलासँग भएको विवादमा महिलाले माओवादीसमक्ष उजुरी गरेको आधारमा उनलाई अपहरण गरिएको पीडितले बताए। उनलाई पत्रकार विवेकानन्द मिश्रको रोहबरमा फागुन २८ गते गौरबाट मुक्त गरे।

हथियाही गाविस-६ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता ब्रम्हनाथ महतोलाई ०६३ चैत ३ गते राति माओवादीले उनकै घरबाट अपहरण गरे। मोर्चाका कार्यकर्ताले माओवादीका कार्यकर्ता अपहरण गर्न थालेपछि मोर्चाका पनि कार्यकर्ता अपहरण गरिएको माओवादीले जनाए। महतोलाई चैत ४ गते साँझ मुक्त गरे।

हर्दिया पल्टुवा गाविस-६ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता ४८ वर्षीय वीरेन्द्र राय यादव र सोही ठाउँका मनोजराय यादवलाई माओवादीले ०६३ चैत ४ गते कटहरिया गाविसबाट अपहरण गरे। मोर्चाका कार्यकर्ताले माओवादीका दुई कार्यकर्ता अपहरण गरेकाले उनीहरूको पनि अपहरण गरिएको माओवादीले जनाए। पीडितहरूलाई चैत ४ गते राति कटहरिया बजारबाट मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

माओवादीका एरिया कमिटी सदस्य राजाराम राय यादव र बद्री पटेललाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६३ माघ २४ गते समनपुर गाविसबाट अपहरण गरे। पार्टीको कामले समनपुर गाविसमा गएका बखत उनीहरूलाई अपहरण गरेका थिए। अपहरित दुवै जनालाई गैसस महासङ्घ रौतहटका अध्यक्ष रामकल्याणप्रसाद यादवको रोहबरमा माघ २५ गते समनपुर गाविसबाट मुक्त गरियो।

रमौली वैरिया गाविस निवासी सो गाविसका निवर्तमान गाविस उपाध्यक्ष ५१ वर्षीय नागेन्द्र पटेललाई ०६४ जेठ २२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले पीडितकै घरबाट अपहरण गरे। घरमा खाना खाएर बसिरहेको अवस्थामा ८-१० जनाको सङ्ख्यामा आएका मोर्चाका कार्यकर्ताले अपहरण गरी लगेका थिए। स्थानीय वृन्दावन सामुदायिक वनका अध्यक्षसमेत रहेका पटेललाई वनको काठ हिनामिना गरेको आरोपमा अपहरण गरिएको मोर्चाले जनायो। पटेललाई जेठ २४ गते विश्रामपुर गाविसको जङ्गलबाट मुक्त गरे।

चन्द्रनिगाहपुर गाविस-५ का ४१ वर्षीय हरिमहरा राम र सोही ठाउँका ३६ वर्षीय साने महरा रामलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६३ चैत २९ गते विश्रामपुर गाविसको बलेरी जङ्गलबाट ट्रयाक्टरसहित अपहरण गरे। अपहरितमध्ये हरि महरा रामलाई सोही राति मुक्त गरेका थिए भने साने महरा राम मोर्चाको कब्जाबाट दुई दिनपछि भागेर घर फर्किए।

मलाही गाविस-१ चिलमिलिया टोलका ३७ वर्षीय लालबाबु सहनी र सोही ठाउँका २९ वर्षीय बृज सहनीलाई ०६४ साउन २३ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले पीडितहरूकै घरबाट अपहरण गरे। तराई आर्मीका नाममा जिल्लाका विभिन्न स्थानमा चन्दा उठाउँदै हिँडेको आरोपमा उनीहरूलाई नियन्त्रणमा लिइएको मोर्चाले जनायो। अपहरितमध्ये लालबाबु सहनीलाई साउन २४ गते मुक्त गरे भने बृजकुमार सहनीलाई साउन २८ गते मुक्त गरे।

रमौली वैरिया गाविस-७ का काङ्ग्रेसका कार्यकर्ता ३५ वर्षीय शम्भु पटेल, विश्रामपुर गाविस-१ का ३८ वर्षीय शङ्कर साह, सोही गाविस-९ घर भई उपस्वास्थ्य चौकी हर्दिया पल्टुवामा कार्यरत ३६ वर्षीय गणेशी साह र विश्रामपुर गाविस-९ घर भई बिर्तीप्रस्टोका गाविसमा सचिव पदमा कार्यरत ५० वर्षीय रामलोचन साह र रमौली वैरिया गाविस-७ घर भएका एमालेका पूर्व गाविस उपाध्यक्ष ५१ वर्षीय नागेन्द्रप्रसाद पटेलसहित पाँच जनालाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ असोज २ गते राति पीडितहरूकै घरबाट अपहरण गरे। अपहरित पाँचै जनालाई सशस्त्र र जनपद प्रहरीको संयुक्त टोलीले असोज ३ गते दिउँसो विश्रामपुर गाविसको बलेरी जङ्गलबाट सकुशल मुक्त गराई इन्सेक जिल्ला प्रतिनिधि विपीन गौतम र *कान्तिपुर* संवाददाता शिव पुरीको रोहबरमा उनीहरूका आफन्तलाई जिम्मा लगायो।

चन्द्रनिगाहपुर गाविस-१ का ५० वर्षीय शम्भु साह कल्वारलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले ०६४ असोज ६ गते डुमरिया गाविस-१ बजारबाट अपहरण गरे। स्थानीय डुमरिया बजारमा गएका बखत साँझ उनलाई मोर्चाका कार्यकर्ताहरूले अपहरण गरी लगेको उनका भाइ वीरेन्द्र साहले बताए। पीडकलाई असोज २० गते मुक्त गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

चन्द्रनिगाहपुर गाविस-१ का ८५ वर्षीय विष्णुबहादुर थापालाई ०६३ फागुन १८ गते राति चारओटा मोटरसाइकलमा गएका मोर्चाका कार्यकर्ताले सखुअवा धमौरा गाविस-७ मा रहेको पीडितको इँटाभट्टाबाट अपहरण गरे। पीडितलाई फागुन १९ गते बिहान मुक्त गरे।

हथियाही गाविस-६ निवासी माओवादी एरिया कमिटी सदस्य जवाहर महतो कुसवाह र सोही ठाउँका वाईसीएल सदस्य भोला राय यादवलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६३ चैत ३ गते राति सोही गाविस-६ छेदी चोकबाट अपहरण गरे। अपहरित माओवादी कार्यकर्तालाई मोर्चाका कार्यकर्ताले कुटपिट गरी चैत ४ गते साँझ कटहरिया गाविसको वलिरामपुर गाउँबाट मुक्त गरे। कुटपिटबाट घाइते भएका दुवै जनाको प्राथमिक स्वास्थ्य केन्द्र कटहरियामा उपचार गरिएको माओवादीका जिल्ला सह-इञ्चार्ज हिमालले बताए।

सन्तपुर मटिऔन गाविस-२ का ५५ वर्षीय चन्द्रशेखर चौधरीलाई ०६३ चैत १३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सरमुजवा गाविसमा रहेको पीडितको खाँडसारी चिनी उद्योगबाट अपहरण गरे। सो उद्योगका सञ्चालक रहेका चौधरीलाई माओवादीलाई पालनपोषण गरेको र मोर्चाविरुद्ध सुराकी गरेको आरोपमा नियन्त्रणमा लिइएको मोर्चाका जिल्ला अध्यक्ष अजय यादवले जनाए। चौधरीलाई चैत १५ गते जिल्लाको अज्ञात स्थानबाट मुक्त गरे।

बारा जिल्ला घर भएका माओवादीका जनमुक्ति सेनाका सदस्य लालबहादुर माझीलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ वैशाख १५ गते कनकपुर गाविस-५ बलुवा गाउँबाट अपहरण गरे। पार्टी कामको सिलसिलामा कनकपुर आएका बखत उनलाई मोर्चाले अपहरण गरेकामा वैशाख १७ गते

जिल्लाको अज्ञात स्थानबाट मुक्त गरे।

देवाही गाविस-८ निवासी माओवादीका एरिया कमिटी सदस्य २५ वर्षीय मनोज पटेललाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६३ चैत २६ गते सोही गाउँमा नागरिकता वितरण भइरहेको स्थानबाट मोटरसाइकलसहित अपहरण गरे। १५-२० जनाको सङ्ख्यामा गएका मोर्चाका कार्यकर्ताले अपहरण गरेका पटेललाई चैत २८ गते जिल्लाको अज्ञात स्थानबाट मुक्त गरे।

रङ्गपुर गाविस-३ मैराका ४० वर्षीय पल्टु तामाङलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६३ चैत २९ गते सोही गाविस-५ स्थित सिम्री रेञ्जपोस्टबाट अपहरण गरे। अपहरित तामाङलाई चैत ३० गते रङ्गपुर गाविस-३ बाट मुक्त गरे।

चन्द्रनिगाहपुर गाविस-१ का ३५ वर्षीय दिलीप थापालाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ वैशाख १६ गते सखुअवा धमौरा गाविस-७ स्थित पीडितको इँटाभट्टामा गएका बखत विहान अपहरण गरे। मोर्चाका जिल्ला अध्यक्ष शेर सिंहको नेतृत्वमा गएका सात जना कार्यकर्ताले मोटरसाइकलसहित उनलाई अपहरण गरेका थिए। अपहरणपछि थापाको परिवारलाई २ लाख रुपियाँ फिरौती माग गरिएकामा सोही साँझ ८० हजार रुपियाँ फिरौती बुझाई जिल्लाको अज्ञात स्थानबाट उनी मुक्त भए। मोटरसाइकल र मोबाइल भने अहिलेसम्म फिर्ता नगरेको पीडितले बताए।

जिल्ला वन कार्यालय रौतहटमा कार्यरत ४८ वर्षीय रेञ्जर अन्सारुल हकलाई ०६४ वैशाख १९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले कनकपुर गाविस-५ बलुवाबाट अपहरण गरे। कार्यालयको कामले गाउँमा गएका बखत मोर्चाका ५ नं. एरिया सेक्रेटरी खहेरु देवानको नेतृत्वमा आएका मोर्चाका १०-१२ जनाको समूहले अपहरण गरेकामा सोही राति १ हजार रुपियाँ लिएर मुक्त गरेको पीडितले बताए।

कनकपुर गाविस-५ का शेख सहगिर र सोही ठाउँका शङ्करसाह बनियाँलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ वैशाख २१ गते बिहान पीडितहरूकै घरबाट अपहरण गरे। आफ्नै घरमा सुतिरहेका दुवै जनालाई मोर्चाका ५ नं. एरिया सेक्रेटरी खहेरु देवानको नेतृत्वमा आएका २०/२१ जनाको समूहले बिहान अपहरण गरेका थिए। कनकपुर गाविसमा रहेको अञ्जुमन सामुदायिक वनका सदस्य रहेका दुवै जनालाई अपहरण गर्नुअघि मोर्चाका कार्यकर्ताले कुटपिट गरेको, सेख सगिरको साथमा रहेको ३४ हजार र शङ्कर साहको साथमा रहेको २१ हजार रुपियाँ नगद लुट्नुका साथै सामुदायिक वनको सुरक्षार्थ राखेको थान थान बन्दुकसमेत लुटेका थिए। अपहरित दुवै जनालाई २१ गते राति सोही गाविसको जङ्गलबाट मुक्त गरे।

सोनरनिया गाविस-७ का विनोद तिवारीलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ वैशाख २५ गते बारा जिल्लाको भगवानपुरदेखि रौतहटको बड्कुल बजारतर्फ जाँदै गर्दा नम्बर नखुलेको मोटरसाइकलमा आएका (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरे। पीडित तिवारी मोर्चाको कब्जाबाट सोही दिन भागेर घर फर्किए।

भसेडवा गाविस-६ निवासी माओवादी कार्यकर्ता नरेश साहलाई मोर्चाका कार्यकर्ताले ०६४ वैशाख २९ गते उनकै घरबाट अपहरण गरे। आफ्नै घरमा बसिरहेका साहलाई मोटरसाइकलमा गएका मोर्चाका छ/सात जना कार्यकर्ताले अपहरण गरी लगेकामा जेठ १ गते मुक्त गरे।

कनकपुर गाविस-८ का २८ वर्षीय कृष्णप्रसाद पोखरेल र सोही ठाउँका २५ वर्षीय उज्ज्वल पोखरेललाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ जेठ ९ गते साँझ कनकपुर बजार घुम्न गएका बखत अपहरण गरे। दुवै जनालाई मोर्चाका ५ नं. एरिया सेक्रेटरी खहेरु देवानको नेतृत्वमा रहेका १५/१६ जना कार्यकर्ताले मोटरसाइकलसहित अपहरण गरेकामा सोही राति मोर्चाको कब्जाबाट उनीहरू भागेर घर फर्किए।

गरुडा गाविस-९ का ३८ वर्षीय रामसोगारथ साहलाई ०६४ जेठ १२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सङ्ग्रामपुर गाविस-४ बाट अपहरण गरे। मोर्चाले आह्वान गरेको रौतहट बन्दको समयमा ट्र्याक्टर चलाएको भन्दै सो गाविसको सुन्दरपुर टोलबाट बिहान पीडितले चलाएको ट्र्याक्टर जलाउनुका साथै उनलाई अपहरण गरेका थिए। अपहरित साहलाई स्थानीय सञ्चारकर्मीको रोहबरमा सोही गाविसबाट राति मुक्त गरे।

कनकपुर गाविस-५ का ४० वर्षीय भगवान चौधरीलाई ०६४ जेठ १२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कनकपुर गाविस-८ पोखरभिण्डा टोलबाट अपहरण गरे। मोर्चाले आह्वान गरेको रौतहट बन्दको समयमा ट्र्याक्टर चलाएको भन्दै उनलाई अपहरण गरेकामा सोही साँझ

स्थानीय बासिन्दाको रोहवरमा सोही गाविसबाट मुक्त गरे।

रङ्गपुर गाविस-३ मैराका ४२ वर्षीय भरत भट्टराईलाई ०६४ जेठ १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले उनकै घरबाट अपहरण गरे। एमालेको गाउँ कमिटीका रहेका भट्टराईलाई ५० हजार रुपियाँ फिरौती लिई रङ्गपुर गाविसका निवर्तमान गाविस अध्यक्ष रामस्वरूप बण्ठाको जिम्मा लगाई सोही राति कनकपुर गाविसको बलुवा जङ्गलबाट मुक्त गरे।

विर्तीप्रस्टोका गाविस निवासी माओवादीका एरिया कमिटी सदस्य रामसेवक ठाकुरलाई ०६४ जेठ १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले उनकै घरबाट अपहरण गरे। आफ्नै घरमा बसिरहेका ठाकुरलाई आठ-दस जनाको सङ्ख्यामा आएका मोर्चाका कार्यकर्ताले अपहरण गरी लगेकामा जेठ १९ गते मुक्त गरे।

बारा जिल्ला मधुवन गाविस घर भई डिप्रोक्स विकास ब्याङ्क गरुडामा कार्यरत ३६ वर्षीय होमप्रसाद बजगाईंलाई ०६४ जेठ २५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कनकपुर गाविस-८ पोखरभिण्डा टोलबाट अपहरण गरे। कार्यालयको काम सकेर घरतर्फ मोटरसाइकलमा गइरहेका बखत उनलाई अपहरण गरेका थिए। अपहरित बजगाईंलाई सोही राति पत्रकार सञ्जय मिश्रको रोहवरमा कटहरिया गाविसबाट मुक्त गरे।

रघुनाथपुर गाविस-५ का २९ वर्षीय अहेरु पासवान र सोही ठाउँ निवासी ३२ वर्षीय गोकुलबहादुर श्रेष्ठलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ जेठ २७ गते सोही गाउँको श्रीपुर टोलबाट अपहरण गरे। गाउँकै श्रीपुर टोलतर्फ घुम्न गएका बखत दिउँसो उनीहरूलाई अपहरण गरेका थिए। मोर्चाका जिल्ला अध्यक्ष शेर सिंहले उनीहरू डकैतीमा संलग्न रहेकाले अपहरण गरिएको जनाए। अपहरित दुवै जनालाई जेठ २९ गते गम्हरिया पर्सा गाविसबाट मुक्त गरे।

पिप्रा पोखरिया गाविस-३ का ५० वर्षीय तेजिलाल राय यादवलाई ०६४ जेठ ३१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले उनकै घरबाट अपहरण गरे। आफ्नै घरमा सुतिरहेका यादवलाई मोर्चाका आठ-दस जनाको सङ्ख्यामा आएका हतियारधारी समूहले अपहरण गरेका थिए। उनलाई जग्गासम्बन्धी विवादका कारण अपहरण गरिएको उनको परिवारले जनायो। पीडित यादवलाई गाउँघरमा नै बसी विवाद मिलाउने सर्तमा असार २ गते सोही गाउँमा ल्याएर मुक्त गरे।

काभ्रे जिल्ला घर भएका नारायण त्रिपाठीलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ असार ९ गते सखुअवा धमौरा गाविस-७ बाट अपहरण गरे। रौतहट जिल्लाको सखुअवा धमौरा गाविस स्थित हरसाहामा आफ्नै ट्रक लिएर आएका बखत मोर्चाका आठ-दस जनाको सङ्ख्यामा गएका हतियारधारी समूहले उनको अपहरण गरेका थिए। पीडित त्रिपाठीलाई मोर्चाका कार्यकर्ताहरूले यसअघि चन्दा माग गरेकामा नदिएकाले अपहरण गरिएको मोर्चाका सैन्य कमाण्डर अभय सिंहले टेलिफोनबाट सञ्चारकर्मीलाई जानकारी गराए। पीडितलाई असार १० गते बिहान सोही गाविसबाट मुक्त गरे।

कर्कच कर्मैया गाविस-५ का ३६ वर्षीय उपेन्द्र महरा चमारलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले ०६४ असार १० गते अपहरण गरे। स्थानीय कटहरिया बजारबाट आफ्नो घरतर्फ जाँदै गरेका उपेन्द्रलाई मोर्चाका कार्यकर्ताले साँझ अपहरण गरेका थिए। पीडितलाई असार ११ गते पोठियाही गाविसमा पुऱ्याई स्थानीय बासिन्दाको रोहबरमा मुक्त गरे।

रङ्गपुर गाविस-३ मैराका ३० वर्षीय नारायण न्यौपानेलाई ०६४ असार १९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले उनकै घरबाट अपहरण गरे। आफ्नै घरमा बसिरहेको अवस्थामा मोर्चाका ५ नं. एरिया सेक्रेटरी खहेरु देवानको नेतृत्वमा पाँचओटा मोटरसाइकलमा आएका मोर्चाका कार्यकर्ताले उनको बा.१६प.३२६१ नं. को मोटरसाइकल समेत लगेका थिए। अपहरणपश्चात् न्यौपानेलाई सन्तपुर दोस्तिया गाविसमा पुऱ्याएपछि इलाका प्रहरी कार्यालय सन्तपुरका प्रहरीसँग मोर्चाका कार्यकर्ताहरूको दोहोरो भिडन्त हुँदा उनलाई त्यहीं छाडी मोर्चाका कार्यकर्ताहरू भागेका थिए। दोहोरो भिडन्तमा गोली लागी घाइते भएकाले पीडितको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो।

डुमरिया मटिऔन गाविस-५ निवासी प्रतापपुर पल्टुवा गाविसका सचिव ४० वर्षीय अमिरी चौधरीलाई ०६४ साउन १३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले पीडितकै घरबाट अपहरण गरे। अपहरितलाई साउन १४ गते साँझ डुमरिया (म.) गाविस-८ का बसी महमदको जिम्मा लगाई मुक्त गरे।

विश्रामपुर गाविस-९ का ३० वर्षीय सुरेन्द्रराय यादवलाई ०६४ साउन १३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले पीडितकै घरबाट अपहरण गरे। आफ्नै घरमा सुतिरहेका यादवलाई मोर्चाका कार्यकर्ताहरूले राति अपहरण गरी लगेका थिए। मोर्चाले यादवसँग २ लाख रुपियाँ फिरौती रकम माग गरेको थियो। अपहरित यादवलाई साउन १४ गते राति ७ बजे नरकटिया-९ का अजयप्रसाद साहको जिम्मा लगाई मुक्त गरे।

विश्रामपुर गाविस-९ का २८ वर्षीय सञ्जयकुमार साहलाई ०६४ साउन १३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले उनकै घरबाट अपहरण गरे। आफ्नै घरमा सुतिरहेका साहलाई मोर्चाका कार्यकर्ताले राति करिब अपहरण गरी लगेको पीडितका बाबु रामलोचन साहले बताए। पीडितलाई साउन १४ गते राति नरकटिया-९ का अजयप्रसाद साहको जिम्मा लगाई मुक्त गरे।

सखुअवा धमौरा गाविस-६ निवासी माओवादीका एरिया कमिटी सदस्य ३० वर्षीय समसुल मन्सुरीलाई ०६४ साउन १७ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले पीडितकै घरबाट अपहरण गरे। आफ्नै घरमा सुतिरहेका मन्सुरीलाई राति २०-२५ जनाको सङ्ख्यामा आएका हतियारधारी समूहले अपहरण गरी लगेको माओवादीका जिल्ला कमिटी सदस्य देवेन्द्र पटेलले जनाए। अपहरितलाई साउन १८ गते स्थानीय पत्रकारको रोहबरमा मुक्त गरे।

शीतलपुर बैरगनिया गाविस-८ का ३८ वर्षीय बाबुलालप्रसाद यादवलाई ०६४ असार ३२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले पीडितकै घरबाट अपहरण गरे। आफ्नै घरमा बसिरहेका यादवलाई मोर्चाका चार-पाँच जनाको सङ्ख्यामा आएका कार्यकर्ताले अपहरण गरेका थिए। मोर्चाका सैन्य कमाण्डर अभय सिंहले यादवले मोर्चाविरुद्ध प्रहरीलाई सुराकी गरेकाले अपहरण गरिएको जानकारी गराए। पीडितलाई साउन २ गते दिउँसो मुक्त गरे।

रघुनाथपुर गाविस-९ का ४५ वर्षीय हविउल्लाह मियाँलाई ०६४ भदौ १ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले गम्हरिया पर्सा गाविस-५ बाट अपहरण गरे। पीडित मियाँ आफ्नो ससुराली घर गम्हरिया पर्सा गाविसमा गएका बखत मोर्चाका चार जनाको हतियारधारी समूहले अपहरण गरेको थियो। उनलाई भदौ ५ गते मुक्त गरे।

बिसुनपुर्वा मानपुर गाविस-७ निवासी ३५ वर्षीय जयलाल मुखियालाई ०६४ भदौ १० गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले वीरेन्द्र राजमार्गअन्तर्गतको गरुडा शिवनगरबीचको सडक खण्डबाट अपहरण गरे। मोर्चाका चार-पाँच जनाको समूहमा रहेका कार्यकर्ताहरूले उनलाई अपहरण गरेका थिए। पीडितलाई भदौ ११ गते जिल्लाको अज्ञात स्थानबाट मुक्त गरे।

पोठियाही गाविस-६ का रामविश्वास भन्ने ठगाराय यादवलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ भदौ २२ गते राति पीडितकै घरबाट अपहरण गरे। आफ्नै घरमा बसिरहेका यादवलाई मोर्चाका १०-१२ जनाको सङ्ख्यामा आएका हतियारधारी कार्यकर्ताले अपहरण गरी लगेको स्थानीय राजदेव चौधरीले बताए। अपहरित यादवलाई भदौ २३ गते साँझ सोही गाविसबाट मुक्त गरे।

चितवन जिल्ला भण्डारा गाविस-८ का ५५ वर्षीय जयप्रकाश गौतम, सोही ठाउँका नीलकण्ठ गौतम र कुलप्रसाद गौतमलाई ०६४ असोज २१ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले धरमपुर गाविसबाट अपहरण गरे। सो गाविसमा धान काट्ने मजदुर खोज्न आएका बखत सोही गाविसका विजय चौधरीको घरमा सुतिरहेका उनीहरूलाई राति १४/१५ जनाको सङ्ख्यामा आएका मोर्चाका कार्यकर्ताले अपहरण गरेका थिए। अपहरणपश्चात् ३ लाख रुपियाँ फिरौती रकम ल्याउने सर्तमा जयप्रकाश गौतमलाई २२ गते मुक्त गरेका र कुलप्रसाद गौतम र नीलकण्ठ गौतमलाई ०६४ असोज २४ गते ३ लाख रुपियाँ फिरौती रकम लिएर धरमपुर गाविस-९ बखरीटोलबाट मुक्त गरे।

सखुअवा गाविसका सचिव ४७ वर्षीय रामचरित्र राय यादवलाई ०६४ असोज २१ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले चन्द्रनिगाहपुर-गौर सडक खण्डको शिवनगर बजार नजिकबाट अपहरण गरे। पीडितलाई २२ गते बिहान मुक्त गरे।

डुमरिया मटिऔन गाविस-२ का ३० वर्षीय मुक्ति कार्कीलाई ०६४ असोज २३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले

महमदपुर गाविसबाट अपहरण गरे। आफ्नो कामले महमदपुर गाविसमा गएका बखत उनलाई मोर्चाका ५ नं. एरिया सेक्रेटरी खहेरु देवानसहित चार-पाँच जनाको सङ्ख्यामा गएका मोर्चाका कार्यकर्ताले अपहरण गरेका थिए। पीडित कार्कीलाई पोठियाही गाविसको एक घरमा राखेको अवस्थामा सशस्त्र प्रहरीको टोलीले असोज २३ गते राति छापा मारी २४ गते बिहान मुक्त गराएको थियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ कात्तिक १२ गते साँझ पाँचओटा ट्रयाक्टरसहित १५ जना मजदुरलाई विश्रामपुर गाविस-८ बलेरी जङ्गलबाट अपहरण गरे। रौतहट जिल्लाको विश्रामपुर गाविसअन्तर्गतको चाँदी नदीमा बालुवा लिन गएका ना.१त. ७०५५, ना.२त. ६९७९, ना.१त. १४३५ ना.१त. ९१५६ र ना.१त. ९३१२ नं. को ट्रयाक्टरका चालक र बालुवा लोड गर्ने मजदुरलाई साँझ मोर्चाका २०-२५ जना हतियारधारीले अपहरण गरी जङ्गलतर्फ लगेका थिए। अपहरणको खबर पाएपछि सर्चमा गएको प्रहरी टोलीले १२ गते साँझ जङ्गलबाट एउटा ट्रयाक्टर र १३ गते बिहान बाँकी चारओटा ट्रयाक्टर फेला पारेको थियो। प्रहरीले सोही दिन दिउँसो १५ जना कामदार र ट्रयाक्टर चालकलाई मुक्त गरायो।

डुमरिया मटिऔन गाविस-३ का ४५ वर्षीय बजरङ्गी साहलाई ०६४ मङ्सिर १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले पीडितकै घरबाट अपहरण गरे। आफ्नै घरमा बसिरहेका साहलाई मोर्चाका सात-आठ जनाको सङ्ख्यामा आएका हतियारधारी कार्यकर्ताले राति अपहरण गरेका थिए। पीडित साहलाई मङ्सिर २१ गते जिल्लाको अज्ञात स्थानबाट मुक्त गरे।

तराई आर्मीबाट

भेडियाही गाविस-६ का उद्धव राय यादवलाई ०६४ जेठ १९ गते साँझ तराई आर्मी नामक सङ्गठनका कार्यकर्ताले झुनखुनुवा गाविसको बजारमा गएका बखत अपहरण गरे। उनलाई किन अपहरण गरिएको हो, खुलाइएन। अपहरित यादवलाई २० गते सोही गाविसबाट मुक्त गरे।

अन्यबाट

गढो गाविस-५ का २५ वर्षीय राजेश साहलाई ०६४ असार १२ गते अज्ञात समूहले अपहरण गऱ्यो। आफ्नै घरमा सुतिरहेका साहलाई हतियारसहित आएका अज्ञात समूहले रातको करिब १२ बजे ढोका खोल्न लगाई बन्दुक देखाएर उनकै ना.६प. ५६६ नं. को मोटरसाइकलसहित अपहरण गरे। पीडितलाई असार १५ गते सर्लाही जिल्लाबाट मुक्त गरे। उनलाई किन अपहरण गरियो र कुन सर्तमा मुक्त गरियो भन्ने जानकारी हुन सकेन।

धरमपुर गाविस-१ का ३५ वर्षीय शिवजी राय यादवलाई ०६४ साउन ८ गते अज्ञात समूहले अपहरण गऱ्यो। श्रीराम सुगर मिल्स गरुडामा कार्यरत यादवलाई बिहान ९ बजेको समयमा गेडही गुठी गाविसबाट अपहरण गरेका थिए। उनलाई किन र कसले अपहरण गरेको हो, खुल्न सकेन। अपहरित यादवलाई साउन १० गते मुक्त गरे।

फतुहा महेशपुर गाविस-४ का २३ वर्षीय नन्दकिशोर हजारालाई ०६४ साउन १२ गते अज्ञात समूहले अपहरण गऱ्यो। आफ्नै घरमा बसिरहेका हजरालाई दुईओटा मोटरसाइकलमा आएका अज्ञात समूहले साँझ ५ बजेको समयमा अपहरण गरेको थियो। अपहरणपश्चात् हजारालाई आँखामा पट्टी बाँधी अज्ञात स्थानतर्फ लगेको पीडितले बताए। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका इन्स्पेक्टर नरेश सुवेदीको नेतृत्वमा गस्तीमा गएको प्रहरी टोलीले हजारालाई विश्रामपुर गाविसको बलेरी जङ्गलमा साउन १२ गते बेहोस अवस्थामा फेला पारी ल्याएपछि उनलाई औषधि उपचार गरी सोही दिन आफन्तलाई जिम्मा लगाइयो। हजारालाई कुन समूहले किन अपहरण गऱ्यो भन्ने खुल्न सकेन।

बरियारपुर गाविस-५ का दीपक कापरी र सोही ठाउँका साने ठारेलाई ०६४ साउन १८ गते अज्ञात समूहले अपहरण गऱ्यो। आफ्नै घरमा सुतिरहेका पीडितहरूलाई राति करिब ११ बजेको समयमा अज्ञात समूहले अपहरण गरी लगेको पीडितहरूको परिवारले बताए। पीडितहरूलाई साउन २५ गते मुक्त गरे। कसले र किन अपहरण गरेको र कुन सर्तमा मुक्त गरेको हो, जानकारी हुन सकेन।

हथियाही गाविस-८ का ५० वर्षीय सराजुल देवानलाई ०६४ भदौ १७ गते राति अज्ञात समूहले अपहरण गरे। आफ्नै घरमा बसिरहेका देवानलाई राति ४-५ जनाको सङ्ख्यामा गएका हतियारधारी समूहले अपहरण गरेका थिए। पीडित एमालेबाट निर्वाचित गाविस उपाध्यक्ष रहेकामा पछि माओवादीमा प्रवेश गरेका थिए। पीडित भदौ १८ गते मुक्त भए।

धम्की/कुटपिट

माओवादीबाट

धरहरी गाविस निवासी काङ्ग्रेस कार्यकर्ता वीरेन्द्रराय यादव, जादेलाल साह कानु, जयपाल साह

कानु, सिकिन्दर राय यादवलाई ०६३ माघ १० गते माओवादीका कार्यकर्ता निलम साह र रामचन्द्र साहले कुटपिट गरे। गाउँमा राजनीतिक वर्चस्व कायम राख्ने क्रममा माओवादीले उनीहरूलाई कुटपिट गरेको पीडितहरूले बताए। पीडितहरूको स्थानीय क्लिनिकमा उपचार भयो। पीडितहरूको अवस्था हाल सामान्य रहेको छ।

सरमुजवा गाविस-५ का ३० वर्षीय खहेरु राय यादवलाई ०६३ फागुन २५ गते माओवादीका कार्यकर्ताले सोही गाविसमा रहेको भकुवा नदीको किनारामा रहेको मन्दिरको छेउमा बसिरहेको अवस्थामा कुटपिट गरी घाइते बनाए। पीडितको गौर अस्पतालमा उपचार गरियो। पीडितको अवस्था हाल सामान्य रहेको छ।

सरुअठा गाविसका ब्रजभूषणप्रसाद सिंहको जेठरहिया गाविस-६ मा रहेको घरमा ०६३ पुस २७ गते माओवादीले घरभाडा उठाउन रोक लगाए। घरमा भाडामा बसिरहेका व्यक्तिलाई माओवादीका एरिया सेक्रेटरी उग्रसेनले अबदेखि घरको भाडा 'हामीलाई दिनुपर्छ, नदिए जनकारबाही गर्छौं' भनी धम्काएको पीडितले बताए। आफूलाई राजावादी भएको आरोप लगाउँदै घरजग्गा कब्जा गरिएको उनले बताए। हाल सो घर घरधनीले नै भोगचलन गरिरहेका छन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

सन्तपुर दोस्तीया गाविस-८ रामदासी टोलका ४१ घर पहाडिया समुदायका मानिसहरूलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६३ चैत १ गते १ लाख रुपियाँ चन्दा दिनुपर्ने, नदिए सबैलाई अपहरण गर्ने र मार्ने धम्की दिए। धम्कीका कारण सो स्थानका पुरुषहरू गाउँ छाडेर विस्थापित भए। मोर्चाको धम्कीका कारण अहिले सो गाउँका आठ घर विस्थापित भई हेटौंडालगायतका स्थानमा बसाइँ सरेका छन्।

चन्द्रनिगाहपुर गाविस-१ निवासी *कान्तिपुर* दैनिकका संवाददाता शिव पुरी, इन्सेक जिल्ला प्रतिनिधि विपीन गौतम, *नेपाल समाचारपत्र* दैनिकका संवाददाता सञ्जय कार्की, रेडियो वीरगञ्जका संवाददाता फणि महत, *तराई एक्सप्रेस* साप्ताहिकका अशोक पहाडी र *रेडियो नेपाल*का रौतहट संवाददाता रत्न अधिकारीलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता प्रभु ठाकुरले ०६४ जेठ ४ गते ज्यान मार्ने धम्की दिए। स्थानीय रेडियो वीरगञ्जमा केही दिनअघि प्रसारित समाचारको विषयलाई लिएर उनले पहाडिया पत्रकार र अधिकारकर्मीलाई आठ दिनभित्र मार्ने धम्की दिएका थिए। धम्कीको सबै क्षेत्रबाट विरोध भएपछि मोर्चाका जिल्ला अध्यक्ष शेर सिंहले माफी मागेका थिए।

रौतहटका प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारी र स्थानीय विकास अधिकारी रामाधीन राय यादवलाई ०६४ असार २८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले मार्ने धम्की दिए। जिल्ला विकास समिति रौतहटको ठेक्का मनपरि ढङ्गले लगाएको, विकास बजेट आठ दललाई अनियमितता गर्न बाँडेको आरोप लगाउँदै फोन गरी मार्ने धम्की दिएका थिए। मोर्चाका सैन्य कमाण्डर अभय सिंहले टेलिफोनबाट सञ्चारकर्मीलाई जानकारी दिँदै प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारीलाई भौतिक कारबाही गर्ने बताएका थिए।

कान्तिपुर दैनिकका रौतहट संवाददाता शिव पुरी र *अन्नपूर्ण पोस्ट*का रौतहट संवाददाता प्रभातकुमार झालाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता बताउने जसवन्त सिंहले ०६४ मङ्सिर १५ गते गोली हानी मार्ने धम्की दिए। नेपाल पत्रकार महासङ्घको साधारण सदस्यता वितरणको विषयलाई लिएर सिंहले मधेसी पत्रकारहरूलाई सदस्यता वितरणमा रोक लगाएको भन्दै फोन गरी दुई दिनभित्र गोली हानी मार्ने धम्की दिएको पत्रकार पुरीले बताए। आफू ज्वाला सिंहको कुन तहको कार्यकर्ता हो भन्ने बताउन नचाहने र केवल कार्यकर्ता मात्र भनेर धम्की दिएको पुरीले बताए। यसैगरी, पत्रकारलाई ज्यान मार्ने धम्की दिएको विषयलाई लिएर नेपाल पत्रकार महासङ्घ, रौतहटका १० जना पत्रकारहरूले साधारण सदस्यबाट सामूहिक राजीनामा दिए। राजीनामा दिनेहरूमा शिव पुरी, *नेपाल टेलिभिजन*का शैलेन्द्र गुप्ता, प्रभातकुमार झा, *नेपाल एफएम*का रत्न अधिकारी, फणि महत, वीपीन गौतम र सञ्जय कार्की, *नेपाल वान टेलिभिजन*का मनोज साह, अशोक पहाडी, कला महत, गोपाल आचार्य रहेका थिए। पत्रकारहरूको सदस्यता वितरणको विषयलाई लिएर जनतान्त्रिक तराई मुक्ति मोर्चाले ज्यान मार्ने धम्की दिएपछि असुरक्षाको कारण राजीनामा दिएको पत्रकारहरूले बताए।

मधेसी जनअधिकार फोरमबाट

जिल्ला प्रहरी कार्यालय रौतहटमा कार्यरत प्रहरी मोहमद साहबुद्धिन अन्सारी, सोही कार्यालयका असई अर्जुन देवकोटा, प्रवल्दारहरू छविराम नेपाल, जुलुसराय यादव, जुगाराय यादव, गणेश वुर्जा, केशव तिमल्सिना, प्रहरी जवानहरू रेलबहादुर घलान, दीपक

थापा, रमेश कुसवाह, शिवशङ्कर सिंह, युगेश्वर दास, शेख मसरुल, मनु आले, रामकुमार सार्की, मोहन सिंह, अजय पटेल, कमला खड्का र यमबहादुर लुङ्गेलीसमेत १९ जना प्रहरीहरूलाई ०६३ माघ १४ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले गौरमा जुलुस प्रदर्शन गर्ने क्रममा कुटपिट गरी घाइते बनाए। फोरमको जुलुसले गौरमा रहेका सराकारी कार्यालयहरू तोडफोड गर्ने क्रममा प्रहरीसँग भएको मुठभेडमा फोरमका कार्यकर्ताहरूले लाठी, ढुङ्गाले प्रहार गरी घाइते बनाएका थिए। घाइते प्रहरीहरूको गौर अस्पतालमा उपचार भयो।

मकवानपुर जिल्ला हेटौँडा नपा घर भएका ना.२ख.१०९७ नं. ट्रक चालक २७ वर्षीय देव लामा र परिचालक २२ वर्षीय रामचन्द्र बर्तौलालाई ०६४ साउन २७ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए। सर्लाही जिल्लाको नयाँरोडमा मधेसी समुदायका तीर्थयात्रीहरूलाई चुरेभावर एकता समाजका कार्यकर्ताहरूले कुटपिट गरेको विरोधमा फोरमका कार्यकर्ताहरूले रौतहटको गरुडा बजारमा विरोध प्रदर्शन गर्ने क्रममा पहाडी समुदायका मानिसलाई देख्नेबित्तिकै कुटपिट गर्न थालेको पीडितहरूले बताए। पीडितहरूको चन्द्रनिगाहपुरको निजी क्लिनिकमा उपचार गरियो।

मधेसी जनअधिकार फोरमले जुलुस प्रदर्शन गर्ने क्रममा ०६३ माघ १२ गते फोरमका कार्यकर्ताहरूले जिल्ला सदरमुकाम गौरस्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, गौर भन्सार कार्यालय, जिल्ला निर्वाचन कार्यालय, माइती नेपालको कार्यालय, काङ्ग्रेसको कार्यालय, एमालेको कार्यालय, माओवादीको कार्यालय, एमालेका महासचिव माधवकुमार नेपालको घर र गौर नपा-८ मा रहेको बीपीको सालिक तोडफोड गर्नुका साथै आगजनी गरी ध्वस्त पारे। आगजनीबाट ध्वस्त भएका कार्यालयहरूको वास्तविक क्षतिको मूल्याङ्कन हुन बाँकी रहेको जिल्ला प्रशासन कार्यालय रौतहटले जनायो।

मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले गौर नपा-५ मा रहेको कृषि विकास व्याङ्कमा ०६३ माघ १४ गते आगजनी गरी सिलिण्डर बम विस्फोट गराई ध्वस्त बनाए।

अन्यबाट

सरमुजवा गाविसका माओवादी कार्यकर्ता मदन बैठा र गङ्गा बैठालाई ०६३ फागुन २७ गते स्थानीय बासिन्दाले कुटपिट गरी घाइते बनाए। गाउँमा नागरिकता प्रमाणपत्र वितरण भइरहेको स्थानमा आक्रमण गरी गोली फायर गरेपछि आक्रोसित भएका गाउँलेहरूले उनीहरूलाई कुटपिट गरी प्रहरीलाई बुझाए।

गैरकानुनी गिरफ्तारी

गौर नपा-८ का २५ वर्षीय सन्तोष पौडेललाई ०६३ माघ ८ गते प्रहरीले गिरफ्तार गरी गैरकानुनी हिरासतमा राखी माघ २५ गते रिहा गरे। जिल्लाको गरुडास्थित श्री मध्य क्षेत्रीय प्रहरी आवासीय माध्यमिक विद्यालयमा अध्यापन गराउने शिक्षक पौडेलले सोही विद्यालयमा कक्षा १० मा अध्यनरत एक छात्रालाई भगाएर लगेकामा छात्राका अभिभावकले शिक्षक सन्तोष पौडेललाई काठमाडौँबाट नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय गरुडामा बुझाएकामा प्रहरीले कुनै कारबाही पनि नगरी र पक्राउ पुर्जीसमेत नदिई हिरासतमा राखेको थियो।

गौर नपा-४ का विनोद राउत, सोही ठाउँका लालबाबु पासवान, बब्लु राउत, धर्मेन्द्र राउत, रामजनम दासलाई गौर हत्या काण्डमा संलग्न रहेको आशङ्कामा प्रहरीले ०६३ चैत १२ गते गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकाहरूलाई थुनुवा पुर्जी दिइएन। उनीहरू निर्दोष देखिएको भन्दै २० गते हिरासतबाट रिहा गरे।

मधेसी जनअधिकार फोरमका केन्द्रीय कोषाध्यक्ष ३८ वर्षीय अमर राय यादव, रौतहट जिल्ला अध्यक्ष गणेश राय यादव, जिल्ला सचिव राघो राय यादव, मधेसी युवा फोरमका जिल्ला अध्यक्ष नन्दकिशोर साह, युवा फोरमका जिल्ला सदस्य राधे राय यादव, युवाका एरिया सदस्य तेजनारायण राय यादव, बुद्धिजीवी फोरमका नगरसचिव गौरीशङ्कर राय यादव, युवा फोरमका नगर उपाध्यक्ष शैलेन्द्र केसरी, युवा फोरमका जिल्ला सदस्य रामाशङ्कर पटेलसमेत नौ जनालाई ०६४ असार ३२ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला विकास समितिको बजेट आठ राजनीतिक दललाई मात्र वितरण गर्न लागेको भन्दै कोष तथा लेखा नियन्त्रण कार्यालयमा आठ राजनैतिक दलसँग झगडा गरेका फोरमका कार्यकर्ताहरूले जिल्ला प्रशासन कार्यालय घेराउ गर्न लाग्दा प्रहरीले उनीहरूलाई गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएका फोरमका नेता तथा कार्यकर्ताहरूलाई सार्वजनिक अपराधअन्तर्गत मुद्दा दायर गरी साउन ९ गते जिल्ला प्रशासन कार्यालयले साधारण तारेखमा रिहा गरेको थियो।

बिसुनपूर्वा मानपुर गाविस-६ का सञ्जय माली,

बारा जिल्ला खोपुवा गाविस-८ का अच्छेलाल सहनी र रौतहट शीतलपुर बैरगनिया गाविस-७ का प्यारेप्रसाद यादवलाई ०६४ साउन ५ गते प्रहरीले गिरफ्तार गरे। माओवादी विधायक प्रभु साहलाई बिहान आक्रमण गर्न आएका जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता रहेका उनीहरूलाई प्रहरीले दुई थान नलकटुवा बन्दुक र चार थान गोलीसहित गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएका उनीहरूलाई प्रहरीले हातहतियार तथा खरखजना अन्तर्गत मुद्दा चलाएकामा हाल उनीहरू गौर कारागारमा थुनाामा रहेका छन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का सैन्य कमाण्डर बारुद सिंहलाई ०६४ कात्तिक १६ गते राति सशस्त्र प्रहरी टोलीको सीमा सुरक्षा बेस क्याम्प रौतहटको टोलीले गिरफ्तार गऱ्यो। पोठियाही गाविस-८ को अमरपट्टी टोलमा हतियारसहित मोर्चाका कार्यकर्ताहरू बैठक गरिरहेको सूचनाका आधारमा त्यहाँ पुगेको प्रहरी टोलीले छापा मारी सिंहलाई गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएका सिंहलाई असोज १७ गते सशस्त्र प्रहरीले नै रिहा गऱ्यो।

माओवादीका रौतहट जिल्ला ५ नं. एरिया सेक्रेटरी प्रल्हाद पौडेल, दलित मुक्ति मोर्चाका केन्द्रीय सल्लाहकार तथा रौतहट अध्यक्ष रामनाथ माझी, वाईसीएलका जिल्ला संयोजक देवेन्द्र पटेल, एरिया कमिटी इञ्चार्ज तथा अखिल नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका केन्द्रीय सदस्य रामानन्द महतो, अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष सियाराम कुशवाह, वाईसीएलका चन्दन साह, चन्दन महतो, नागेन्द्र यादव, प्रेमलाल साह, नागेन्द्र यादव, सत्यनारायण राम, शम्भु यादव, सुरेन्द्र पण्डित, प्रेमलाल राम, सेतो गिरी, ब्रम्हनारायण यादव, साजन साह कल्वार, श्रवण हजरा, मेघु पासवान, मुकेश उपाध्याय, उज्ज्वल अन्सारी, रोहित कुसवाह, जगेश्वर माझी, रामविनय पासवान, फगुनी यादव, समिर आलम, माइकल साह, हरि यादव, रामविश्वास यादव, मनोज लामा, मञ्जित कुसवाह, वीरेन्द्र यादव, सुरेन्द्र यादव, माधव यादव, जवाहर महतो र विर्ता परियारसहित ३५ जनालाई प्रहरीले ०६४ मङ्सिर ६ गते राति गिरफ्तार गऱ्यो। माओवादीको वाईसीएल बेस क्याम्प चन्द्रनिगाहपुरमा राति प्रहरीहरू प्रवेश गरी यात्रुवाहक बसमा आगजनी गरेको आरोपमा उनीहरूलाई गिरफ्तार गरेको थियो। पक्राउ परेकाहरूमध्ये प्रल्हाद पौडेल र सुरेन्द्र पण्डितलाई प्रहरीले सोही साँझ रिहा गरी पुन: पक्राउ गरेको थियो। पक्राउ गरिएका माओवादी कार्यकर्ताहरूलाई जिल्ला वन कार्यालय चन्द्रनिगाहपुरमा राखिएपछि मङ्सिर ८ गते एसपी योगेश्वर रोमखानीसँग माओवादीको मागका सम्बन्धमा सम्झौता भएपछि रिहा गरियो।

वसन्तपुर गाविस-१ निवासी नेसपा (महतो) का नेपाल युवा मञ्चका रौतहट जिल्ला अध्यक्ष पवनकिशोर साहलाई ०६४ मङ्सिर १२ गते प्रहरीले गिरफ्तार गऱ्यो। वसतपुर-१ स्थित आफ्नै घरमा बसिरहेका साहलाई दिउँसो प्रहरी चौकी वसतपुरका प्रहरीहरूले केही काम छ भनी प्रहरी चौकीमा ल्याएका र सो समयदेखि उनको अवस्था अज्ञात रहेको नेसपा (महतो) ले जनायो। प्रहरीले भने उनलाई सामान्य सोधपुछका लागि बोलाइएको र तत्काल रिहा गरिएको बतायो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मधेसी जनअधिकार फोरमले जिल्ला सदरमुकाम गौरमा ०६३ चैत ३ गतेदेखि *कान्तिपुर* दैनिक र *गोरखापत्र* दैनिक बिक्री गर्न प्रतिबन्ध लगायो। फोरमका जिल्ला अध्यक्ष अमर राय यादवले दुवै पत्रिकाले कम्तीमा एक पेज स्थानीय भाषामा समाचार प्रकाशित नगरेको भन्दै पत्रिका बिक्री नगर्न बिक्रेतालाई चेतावनी दिएका थिए। नेपाल पत्रकार महासङ्घका महासचिव महेन्द्र विष्टसहितको टोलीले फोरमका नेताहरूसँग वार्ता गरेपछि चैत २२ गते देखि पत्रिका बिक्री फुकुवा गरियो।

गौर नपा-९ का सञ्जय मुखिया, सोही ठाउँका हरदेव मुखिया, पिपरा गाविस-९ का नरेश ठाकुर, गौर नपा-९ का जितन सहनी, गौर नपा-५ का राधेश्याम साह, वरियारपुर गाविस-३ का रामअयोध्या राय यादव, दिपही गाविस-२ का गगनदेव महतो, गौर नपा-५ का नीराजन जयसवाल, सोही ठाउँका इस्माइल मन्सुरी, ठेगाना नखुलेका देवेन्द्र अधिकारी, रामनाथ साह, प्रभु राय यादव, वरुणकुमार झा, सञ्जिव गुप्ता, विकास साह, राममिलन कुमार र सुरेन्द्र पण्डितसमेत १६ जनालाई प्रहरीले ०६३ माघ १४ गते गौर नगरपालिका क्षेत्रमा कुटपिट गरी घाइते बनाए। मधेसी जनअधिकार फोरमले आयोजना गरेको जुलुसले प्रहरीमाथि आक्रमण गर्दा प्रहरीले लाठीचार्ज गर्दा उनीहरू घाइते भएका थिए। घाइतेहरूको स्थानीय क्लिनिक र गौर अस्पतालमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ९१ थान र

यस वर्ष दर्ता भएका १ सय १ थानसमेत जम्मा २ सय ९२ थानमध्ये यस वर्ष फर्स्यौट भएका ८४ थान र नभएका २ सय ८ थान रहे। यस वर्षको अन्त्यसम्म बाँकी रहेका दुनियाँवादी फौजदारी मुद्दा जम्मा २ सय ८ थान रहेका छन्। यसैगरी सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ५० थान र यस वर्ष दर्ता भएका २७ थानसमेत जम्मा ७७ थानमध्ये यस वर्ष फर्स्यौट भएका २७ थान र नभएका ५० थान रहे। यस वर्षको अन्त्यसम्म बाँकी रहेका सरकारवादी फौजदारी मुद्दा जम्मा ५० थान रहेका छन्। दुनियाँवादी देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ७ सय ४९ थान र यस वर्ष दर्ता भएका ४ सय ४० थानसमेत जम्मा १ हजार १ सय ८९ थानमध्ये यस वर्ष फर्स्यौट भएका ४ सय ५ थान र नभएका ७ सय ८४ थान रहेका छन्।

यस वर्षको अन्त्यसम्म बाँकी रहेका दुनियाँवादी देवानी मुद्दा जम्मा ७ सय ८४ थान रहे।

तीमध्ये दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या दुनियाँवादी फौजदारी तीन थान, सरकारवादी फौजदारी एक थान, दुनियाँवादी देवानी २३ थान गरी जम्मा २७ थान र एक वर्ष नाघेको दुनियाँवादी फौजदारी ४८ थान, सरकारवादी फौजदारी १४ थान, दुनियाँवादी देवानी १ सय ४७ थान गरी जम्मा २७ थान रहेका छन्। त्यसैगरी बिगोतर्फ २ सय १७, चलनतर्फ ५० र बण्डातर्फ ४७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन् भने रौतहट जिल्ला अदालतको हालसम्म १ हजार ५ सय ७३ वर्ष ४ दिन १५ घण्टा कैद असुल हुन र १ करोड ५२ लाख ५ सय ९७ रुपियाँ जरिवाना असुल हुन बाँकी रहेको छ।

बालअधिकार

रघुनाथपुर गाविस-५ का एक वर्षीय बालक आदित्य साहलाई ०६३ पुस २१ गते राति अज्ञात समूहले अपहरण गऱ्यो। अपहरित बालकलाई प्रहरीले खोजी गर्दै जाँदा अपहरणकारीले नहरको डिलमा राति छाडेर भागेकाले सोही राति परिवारलाई जिम्मा लगाइएको प्रहरीले जनायो।

प्रतापपुर पल्टुवा गाविस-८ की मनीता देवी यादवले आफ्नै दुई वर्षीय छोरा पारस राय यादवलाई ०६३ माघ ६ गते विष खुवाई हत्या गरिन्। घरायसी झगडाका कारण आफू पनि मर्ने र छोरालाई पनि मार्ने उद्देश्यले विष सेवन गरेकामा छोराको मृत्यु भएको र आफू बाँच्न सफल भएको उनले प्रहरीसमक्ष स्वीकार गरिन्। उनलाई प्रहरीले पक्राउ गरी ज्यान मुद्दाअन्तर्गत कारबाही चलाएको छ।

तेजापाकड गाविस-८ का सेख असरुलका १२ वर्षीय छोरा सेख जुनेरलाई ०६३ माघ २९ गते अज्ञात समूहले अपहरण गऱ्यो। करुनिया गाविसस्थित मदरसामा अध्ययन गर्दै आएका उनलाई वकैया नदीको बगरबाट अपहरण गरेका थिए। अपहरित बालकलाई फागुन १ गते लक्ष्मीनियाँ गाविसको जङ्गलमा छाडिएको अवस्थामा स्थानीय बासिन्दाले फेला पारी परिवारलाई जिम्मा लगाइएको थियो।

पौराई गाविस-६ की १२ वर्षीया एक बालिकालाई ०६३ फागुन २७ गते सोही ठाउँका ६२ वर्षीय हर्कसिंह ठोकरले बलात्कार गरे। जङ्गलमा गाई चराउन गएका बखत बालिकालाई एक्लै भेट्टाएपछि बलात्कार गरेको बालिकाको छिमेकीले बताए। पीडित बालिकालाई माओवादीले प्राथमिक स्वास्थ केन्द्र चन्द्रनिगाहपुरमा उपचार गराए भने पीडक फरार रहेका छन।

बारा जिल्ला कलैया नपा घर भई रौतहट ब्रम्हपुरी गाविसस्थित मामाको घरमा बसी अध्ययन गर्दै आएका १३ वर्षीय कुन्दनकुमार सिंहलाई ०६४ भदौ ८ गते राति अज्ञात समूहले अपहरण गऱ्यो। रातको समयमा चार-पाँच जनाको सङ्ख्याले घरमै बसिरहेका बालकलाई अपहरण गरेको पीडितका मामा बबन सिंहले बताए। अपहरित बालकलाई साउन ९ गते बिहान मुक्त गरे। उनलाई कसले किन अपहरण गरेको र कुन सर्तमा मुक्त गरिएको हो भन्नेबारेमा अभिभावकले केही बताउन चाहेनन्।

बिर्तीप्रस्टोका गाविस-७ का ११ वर्षीय शङ्कर साहलाई ०६४ भदौ २० गते अज्ञात समूहले अपहरण गऱ्यो। १०-१२ जनाको सङ्ख्यामा आएका अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेका साहलाई अपहरण गरी लगेको पीडित बालकका बाबु अकलु साहले बताए। पीडित बालकलाई जिल्लाकै धरमपुर गाविसबाट पीडितका दाजुसँग २४ हजार रुपियाँ फिरौती रकम लिई भदौ ३१ गते मुक्त गरे।

गौर नपा-५ की चार वर्षीया एक बालिकालाई ०६४ भदौ २४ गते दिउँसो सन्तपुर दोस्तिया गाविस घर भई हाल गौर नपा-५ मा बस्दै आएका ३२ वर्षीय नुरआलम अन्सारीले बलात्कार गरे। आफ्नै छिमेकी कोठामा बस्ने बालिकालाई दिउँसो करिब ३ बजे ललाइफकाई कोठामा लगी बोलेमा मारिदिन्छु भनी बलात्कार गरेको बालिकाका अभिभावकले बताए। पीडकविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराए पनि पीडक फरार रहेकाले हालसम्म कुनै कारबाही हुन सकेको छैन।

गौर नपा-१३ सिर्सिया टोलका कमल साहकी १४ वर्षीया छोरी रीताकुमारी साहलाई ०६४ भदौ २५ गते अज्ञात समूहले हत्या गरे। बालिका साहको लास दुवै हातखुट्टा काटिएको, कपाल पूरै खौरिएको अवस्थामा उनको घरभन्दा ५ सय मिटरपूर्व खेतमा ०६४ भदौ २६ गते बिहान फेला परेको थियो। भदौ २५ गते मङ्गलबार घाँस काट्न भनी घरबाट हिँडेकी साह सोही दिनदेखि बेपत्ता रहेकी थिइन्।

विश्रामपुर गाविस-६ का १७ वर्षीय चन्दन साह कल्वारलाई ०६४ कात्तिक १८ गते साँझ अज्ञात समूहले अपहरण गऱ्यो। जिल्लाको कटहरिया बजारमा सख्खर बिक्री गर्न गएका बखत चार-पाँच जनाको सङ्ख्यामा रहेको अज्ञात हतियारधारी समूहले उनलाई अपहरण गरेको थियो। साह कात्तिक १९ गते मुक्त भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

माधोपुर गाविस-६ की ६१ वर्षीया लखपतिदेवी साहलाई सोही ठाउँका ४२ वर्षीय रामसेवक चौधरी कल्वार, ३९ वर्षीय रामविश्वास चौधरी कल्वार र २० वर्षीय सिउपुजन चौधरी कल्वारले ०६४ साउन १२ गते बोक्सीको आरोपमा मानव मलमूत्र खुवाई कुटपिट गरे। पीडितको घरबाट गएको पानीको नाला पीडकहरूले थुनिदिएपछि दुवै पक्षबीच वादविवाद भएकामा पीडकहरूले यो बोक्सी हो भन्दै कुटपिट गरी मानव मलमूत्र खुवाएको पीडितले बताइन्। पीडकहरूउपर कारबाहीका लागि इलाका प्रहरी कार्यालय माधोपुरमा निवेदन दिए पनि कुनै कारबाही नभएकाले जिल्ला प्रहरी कार्यालयमा पीडितले उजुरी दिएकी छन्। प्रहरीले हालसम्म पनि पीडकहरूलाई पक्राउ गर्न सकेको छैन।

ब्रम्हपुरी गाविस-३ की शिवदुलारीकुमारी चमैनलाई ब्रम्हपुरी गाविस-१ का जगरनाथ सिंह, सोही ठाउँका बबन सिंह, शङ्कर सिंह, जगरनाथ ठाकुर, उपेन्द्र महरा, ब्रम्हपुरी गाविस-३ का गोली महरासमेतले ०६४ जेठ ३२ गते बलात्कार पछि हत्या गरी वाग्मती नदीमा लास फ्याँकिदिएको भनी उनीहरूउपर किटानी जाहेरी दिइए पनि हालसम्म कुनै कारबाही भएन।

पारिवारिक हिंसा

पौराई गाविस-८ की ५८ वर्षीया नन्दमाया विश्वकर्मालाई उनकै पति ६० वर्षीय माइला विश्वकर्माले ०६४ जेठ २७ गते खुकुरी प्रहार गरी घाइते बनाए। दुवै पतिपत्नीबीच सात वर्षदेखि सम्बन्ध नराम्रो रहेको र पत्नीले सधैँ नराम्रो व्यवहार गर्ने गरेकाले आफू पनि मर्ने र पत्नीलाई पनि मार्ने उद्देश्यले खुकुरी प्रहार गरिएको पीडकले जनाए। घाइते विश्वकर्माको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार गरियो।

सबै प्रकारका जातीय विभेद

गौर नपा-७ का राजेन्द्र मरिक डोमलाई गौर नपा-८ का होटल मालिक राजेन्द्र पटेलले ०६३ पुस २८ गते कथित तल्लो जाति भएकै आधारमा आफूले खाएको चियाको गिलास उनैलाई माझ्न लगाए। दलितले खाएको होटलमा अरूले चिया खान नआउने भएकाले उनले खाएको चियाको गिलास उनैलाई माझ्न लगाएको होटल मालिक पटेलले बताए। दलित नेटवर्कका प्रतिनिधिले होटल मालिकलाई दलितले खाएको चियाको गिलास पुनः माझ्न लगाएपछि सो घटनाको कतै उजुरी गरिएन।

धरमपुर गाविसकी २५ वर्षीया नसीमा दर्जीलाई ०६३ पुस २३ गते राति प्रतापपुर पल्टुवा गाविस-९ का बच्चु अन्सारी र रहमान अन्सारीले अन्तरजातीय विवाह गरेका कारण अपहरण गरे। प्रतापपुर पल्टुवा गाविस-९ का सुरेस पासवानसँग अन्तरजातीय विवाह गरेकी दर्जीलाई विवाह गरेकै कारण अपहरण गरिएको पीडितले बताइन्। उनका पति सुरेस पासवानलाई मुस्लिम धर्म मान्न दबाब दिएकामा नमानेकाले अपहरण गरिएको सुरेशले बताए। अपहरणकारीको पञ्जाबाट उनी ०६३ पुस २८ गते भागेर पतिको सम्पर्कमा आएकी थिइन्। हाल उनी आफ्नै पतिसँग बसेकी छन्।

सखुअवा धमौरा गाविस-१ का ३५ वर्षीय अमिरी पासवान, सोही ठाउँका २६ वर्षीय सन्तोष पासवान, सत्यनारायण पासवान, दुर्गा पासवान, राजु पासवान, नरेश पासवानसमेतलाई ०६३ फागुन २१ गते सोही वडाका मदनपाल भेडिहर, उमेशपाल भेडिहर, किशोरी पडित कुम्हार, हिफायत मन्सुरी, रामविलास राउत, जयमङ्गल यादवसमेतका व्यक्तिहरूले दलितले उपल्लो जातिका मानिससँग झगडा गरेको भनी कुटपिट गरे। कुटपिटबाट अमिरी पासवानको दाँत भाँचिएको थियो भने अन्यको शरीरभरि नीलडाम रहेको थियो। फागु पूर्णिमाका दिन कथित उपल्लो जातिका रामबहादुर पडितको पसलमा कोकाकोला किन्न गएका सत्यनारायण पासवानलाई दलितलाई दुई रुपियाँ बढी पर्ने बताएपछि भएको विवादमा उपल्लो जातिसँग झगडा गर्ने भनी कुटपिट गरिएको थियो। कुटपिटपछि

पूरै दलित बस्ती गाउँबाट विस्थापित भएको थियो। फागुन २२ गते इन्सेक प्रतिनिधि, दलित नेटवर्कका प्रतिनिधि र इलाका प्रहरी कार्यालय गरुडाका प्रतिनिधि बसी छलफल गरी कुटपिट गर्ने पीडकहरूले माफी माग्नुपर्ने र घाइतेलाई उपचार खर्च दिने सहमति भएपछि दलितहरू घर फर्किएका थिए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

पतौरा गाविसका लक्ष्मण पटेलको एक बिघा जग्गामा लगाएको उखुबाली ०६३ माघ ८ गते माओवादीले काटेर लगे। सशस्त्र द्वन्द्वको समयमा सो जग्गा खरिदबिक्री गर्न प्रतिबन्ध लगाएकामा पटेलले खरिद गरी उखु लगाएकाले सो उखु काटेको माओवादीले जनाए। हाल जग्गाधनीले नै उपभोग गरिरहेका
छन्।

माओवादीका कार्यकर्ताहरूले काठमाडौँबाट धरानतर्फ गइरहेको एक यात्रीवाहक बसमा ०६४ मङ्सिर ६ गते राति रौतहटमा आगजनी गरी ध्वस्त पारे। माओवादीले आह्वान गरेको अनिश्चितकालीन रौतहट बन्दको अवज्ञा गरेको भन्दै माओवादी कार्यकर्ताहरूले चन्द्रनिगाहपुरमा पेट्रोल छर्केर ना.३ख. २६०१ नम्बरको सुपर बासुकी यातायात बसमा आगजनी गरेका थिए। आगजनीबाट बस पूर्णरूपमा जलेको छ भने यात्रीहरूले बसबाट समानसमेत झिक्न नपाएको यात्रीहरूले बताए। यसैगरी, माओवादी कार्यकर्ताहरूले मङ्सिर ७ गते बिहान रौतहटको पौराही सडक खण्डमा दुईओटा ट्याङ्करमा आगजनी गरे। पूर्वबाट पश्चिमतर्फ गइरहेका ना.१ख.५४३४ र ना.२ख. ६५०६ नं. को ट्याङ्करमा आगजनी गरेका र प्रहरीले आगो नियन्त्रणमा लिएको थियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

इन्सेक जिल्ला प्रतिनिधि विपीन गौतमको ना.६प. २७४० नं.को मोटरसाइकल जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६३ चैत १ गते कब्जामा लिए। मानवअधिकार अनुगमनको सिलसिलामा लक्ष्मीनियाँ गाविस-२ विजयपुर बजारमा गएका बखत मोर्चाका तीन जना हतियारधारी कार्यकर्ताले जबरजस्ती मोटरसाइकल लगेका थिए। कब्जामा लिइएको मोटरसाइकल एक दिनपछि स्थानीय पत्रकारहरूसमेतको रोहबरमा फिर्ता गरे।

चन्द्रनिगाहपुर गाविस-१ का रामचन्द्र दाहालको न.२प. १३५४ नं. को पल्सर मोटरसाइकल र १ लाख रुपियाँ नगद जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले ०६३ चैत २२ गते प्रतापपुर पल्टुवा गाविसबाट कब्जामा लिए। काठको व्यवसाय गर्दै आएका दाहाल कामका सिलसिलामा सो गाविसमा पुग्दा मोर्चाका चार-पाँच जनाको सङ्ख्यामा रहेका हतियारधारी कार्यकर्ताले कब्जामा लिएका थिए।

डुमरिया मटिऔन गाविस-२ नजरपुर टोलमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६३ चैत २६ गते २२ ओटा घरमा प्रवेश गरी हरिप्रसाद घिमिरे र मुक्ति कार्कीका दुईओटा मोटरसाइकल, सीडीएमए फोन सेट, मोबाइल सेट र नगद तथा गहना लुटपाट गरे।

कनकपुर गाविस घर भई हाल काठमाडौँ बस्दै आएका रघुनाथप्रसाद कायस्थको हथियाही गाविसमा रहेको २५ बिघा जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ जेठ ७ गते राति झण्डा गाडेर कब्जा गरे। हाल जग्गाधनीले नै भोगचलन गरिरहेका छन्।

सोनरनिया गाविसका पूर्व गाविस अध्यक्ष रामएकवाल राय यादवको सोही गाविसमा रहेको १५ बिघा जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ जेठ ७ गते राति झण्डा गाडेर कब्जा गरे।

डुमरिया मटीऔन गाविस-८ वलुवाका लक्ष्मीशङ्कर श्रेष्ठको सोही वडामा रहेको २५ बिघा जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६४ जेठ २२ गते मोर्चाको झण्डा गाडी कब्जा गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट सिंह) बाट

इनर्वा गाविस-२ का कालीचरण चौधरीको सोही गाविसमा रहेको १० बिघा जग्गा र एक बिघाको फूलबारी तथा कामदार बस्ने घर ०६४ असार ३२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट सिंह) का कार्यकर्ताले झण्डा गाडी कब्जा गरे। अहिले जग्गा घरधनीले नै भोगचलन गरिरहेका छन्।

मधेसी मुक्ति टाइगर्सबाट

गौर नपा-१ का सत्यनारायण श्रेष्ठको सोही वडामा रहेको दुईतले पक्की घरमा ०६४ भदौ १० गते मधेसी मुक्ति टाइगरका कार्यकर्ताहरूले पर्चा टाँसी

तालाबन्दी गरे। पर्चामा पहाडी समुदायका मानिसले मधेस नछाडेकाले तालाबन्दी गरेको जनाउनुका साथै सो घरको भाडाबापतको रकम टाइगर्सलाई तिर्नुपर्ने जनाइएको थियो। घरमा लगाइएको ताला प्रहरीले भोलिपल्ट खुलायो।

मधेसी जनअधिकार फोरमबाट

डुमरिया मटिऔन गाविस-२ वस्तीपुरका मित्रप्रसाद पोखरेल, सोही ठाउँका मोहनप्रसाद पोखरेल र ईश्वरराज तिमल्सिनाको घर मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले ०६३ माघ १७ गते आगजनी गरी ध्वस्त पारे। मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले माघ १६ गते चन्द्रनिगाहपुरमा भएको फोरमका कार्यकर्तामाथि भएको कुटपिटको विरोधमा जुलुस ल्याउने क्रममा पोखरेलको घरमा आगजनी गरेका थिए। सो समूहले सोही वडाका सुवाघर वाग्ले, युवराज तिमल्सिना, केदार लम्साल, धर्मकुमारी वाग्ले, दधिराम पोखरेल, नैनदत्त पोखरेल, बुद्धिमान गुरुङ, धैवु पोखरेल, श्यामलाल पोखरेल, राममणि पोखरेल, खिमलाल पौडेल, रामबहादुर क्षेत्री, रवीन्द्र वाग्ले, गोरीमाया पौडेलसमेत १४ घरमा लुटपाट गरे। लुटपाट गर्ने क्रममा फोरमका कार्यकर्ताहरूले घरका सम्पूर्ण सामान तथा बाखासमेत लुटेर लगेका थिए। सो आगजनी र लुटपाटबाट ४३ लाख बराबरको क्षति भएको पीडितहरूले बताए। उनीहरूलाई हालसम्म कसैले पनि सहयोग नगरेको पीडितहरूले बताए।

अन्य/अज्ञात समूहबाट

कृषि विकास ब्याङ्क गरुडा उपशाखा कार्यालयमा तराई आर्मी नामक सङ्गठनले ०६४ असार ३२ गते दिउँसो लुटपाट गऱ्यो। मोटरसाइकलमा चढेर गएका तीन जना व्यक्तिले कार्यालयका कर्मचारीलाई बन्दुक तेर्स्याएर ३ लाख ९ हजार रुपियाँ लुटेर लगेका थिए।

काठमाडौँबाट धरानतर्फ गइरहेको ना.२ख. ४१८५ नं. को उग्रचण्डी ट्राभल्सको यात्रुवाहक बसलाई ०६४ साउन २७ गते बिहान चन्द्रनिगाहपुरको लमाहा जङ्गलमा अज्ञात समूहले जलाएर ध्वस्त पारे। सोही बसमा यात्री बनेर काठमाडौँबाट आएका ११ जनाको समूहले बन्दको समयमा बस चलाएको भन्दै आगजनी गरेको चालक दुर्गाबहादुर राउतले बताए।

गौर नपा-३ का मुकेशकुमार अग्रवालको घरमा ०६४ भदौ ४ गते राति अज्ञात समूहले बम विस्फोट गराए। रातिको समयमा मोटरसाइकलमा चढी गएका अज्ञात समूहले बम विस्फोट गराएको थियो। विस्फोटबाट अग्रवालको घरमा सामान्य क्षति भए पनि मानवीय क्षति भएन।

कार्यालय तालाबन्दी

मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले ०६३ फागुन २२ गते जिल्ला सदरमुकाम गौरमा रहेका सबै सरकारी र संस्थानका कार्यालयहरूमा तालाबन्दी गरिदिए। फोरमका माग सरकारले पूरा नगरेको भन्दै उनीहरूले तालाबन्दी गरिदिएका थिए। सो तालाबन्दी चैत १८ गते मात्र खुलाइएको थियो।

मधेसी शिक्षक फोरम रौतहटद्वारा आफ्नो नौ सूत्रीय माग पूरा नभएको भन्दै ०६४ भदौ १० गते जिल्ला शिक्षा कार्यालयमा तालाबन्दी गरे।

२.८ बारा

जनसङ्ख्या : ६,८५,७९८
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,१९०
गाविस/नपा सङ्ख्या : ८९/१
सरकारी/निजी विद्यालय : ३६५/६८
क्याम्पस/उच्च मा.वि. : २/१०
अस्पताल/स्वास्थ्य चौकी : १/९८
मोटर सडक (कि. मि.) : ३२५
प्रहरी कार्यालय सङ्ख्या : २७
मानव विकास सूचकाङ्क : ०.३०९
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

कलैया नपा-८ निवासी व्यापारी २५ वर्षीय सेख असरफ भन्ने अब्दुल असरफको ०६३ माघ १३ गते दिउँसो प्रहरीले चलाएको गोली नाकमा लागी कलैया नपा-६ भरतचोकदेखि पूर्व दुर्गा टेण्ट हाउस नजिक तत्कालै मृत्यु भयो। मधेसी जनअधिकार फोरमले आयोजना गरेको विरोध कार्यक्रममा सहभागी भएको अवस्थामा प्रहरीले गोली प्रहार गरेको थियो। घटनापछि स्थानीय प्रशासनले कलैया नपाभित्र कर्फ्यु लगायो। मृतकको कलैया अस्पतालमा पोस्टमार्टम गरी माघ १४ गते कलैया कबरगाहमा सद्गत गरियो। मृतकका परिवारलाई ०६४ मङ्सिरमा सरकारबाट १० लाख रुपियाँ क्षतिपूर्तिस्वरूप प्रदान गरियो।

फेटा गाविस-१ जगतपुर निवासी सिलाई काम गर्ने २४ वर्षीय मजिर महमद मन्सुर ०६३ माघ १४ गते प्रहरीले कलैया-४ देवकोटा चोक नजिक कर्फ्युको समयमा चलाएको गोली पेटमा लागी घाइते भए। माघ १३ गते मारिएका असरफको लास दाहसंस्कार गरी फर्केको भीडमा प्रहरी गोली चलाउँदा घाइते भएका उनको उपचारका लागि अस्पताल लाने क्रममा बाटोमै मृत्यु भयो। मृतकको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा पोस्टमार्टम गरी माघ १५ गते आफ्नै गाउँमा सद्गत भयो। मृतकका परिवारलाई ०६४ मङ्सिरमा सरकारबाट १० लाख रुपियाँ क्षतिपूर्ति प्रदान गरियो।

गडहल गाविसका जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ता १७ वर्षीय अर्जुन सहनीको ०६४ भदौ ५ गते साँझ गडहल गाविसमै प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। उनको रक्षात्मक कारबाहीमा मृत्यु भएको प्रहरीले जनायो। मोर्चाका बाराका संयोजकले प्रहरी र वाईसीएलको संयुक्त टोलीले आफ्ना सदस्यलाई समातेर हत्या गरेको दावी गरे। मृतकका बुबाले आफ्नो छोरालाई प्रहरीले समातेर खेतमा पुऱ्याई हत्या गरेको भन्दै स्थानीय मानवअधिकार संस्थामा उजुरी गरे। मृतकको कलैया अस्पतालमा पोस्टमार्टम गरी भदौ ६ गते आफ्नै गाउँमा सद्गत भयो।

हर्दिया गाविस-२ चरमोहना टोलका जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ता ४५ वर्षीय जमुना सिंहको ०६४ भदौ १३ गते बिहान सोही गाविसमा जनपद र सशस्त्र प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। जिल्ला प्रहरी कार्यालय बाराले दोहोरो झडपमा उनको मृत्यु भएको र ज्वाला सिंह समूहका जिल्ला कमाण्डर भएको जनायो। ज्वाला सिंह समूहले जमुना सिंह आफ्नो कार्यकर्ता नभएको बतायो भने गोइत समूहले पहिले आफ्नो सक्रिय कार्यकर्ता भनेकामा दुई दिनपछि सहयोगी मात्र भएको जनायो। मृतकका परिवारले प्रहरीले नियन्त्रणमा लिई हत्या गरेको भन्दै राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दिए। मृतकको कलैया अस्पतालमा पोस्टमार्टम गरी भदौ १४ गते हर्दिया गाविस-२ चरमोहनामा सद्गत गरियो।

निजगढ गाविस-४ कछडिया टोलका गौरीशङ्कर उच्च मावि निजगढमा कक्षा ७ मा अध्ययनरत १५ वर्षीय रञ्जित कुमर (थारु) को काठ तस्करी गरेको आरोपमा ०६४ मङ्सिर २२ गते राति सोही स्थानमा प्रहरीले गोली हानी हत्या गरे। उनको नारायणी उपक्षेत्रीय अस्पताल, वीरगञ्जमा पोस्टमार्टम गरी मङ्सिर २३ गते निजगढमा सद्गत गरियो।

माओवादीबाट

कलैया नपा-६ निवासी प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य वीरेन्द्र साह र पिप्राका पत्रकार रामदेव दासलाई ०६४ असोज १८ गते माओवादीका कार्यकर्ताहरू लालबहादुर चौधरी, कुन्दन फौजदार, रामएकवाल सहनी र हरेराम पटेलले उमजन गाविस, पिपरा बजारबाट अपहरण गरे। अपहरितमध्ये रामदेवलाई कुटपिटपछि पर्सौना गाविस नजिकबाट मुक्त गरियो भने साहको ०६४ कात्तिक २२ गते डुमरवाना-७ भौमतघाट जङ्गलमा दिउँसो गाडिएको अवस्थामा लास फेला पऱ्यो। माओवादीले सो घटनामा आफ्नो पार्टीको संलग्नता नरहेको जनाउँदै आएकोमा इन्सेक, पत्रकार महासङ्घलगायतका संस्थाहरूद्वारा गरिएको स्थलगत अध्ययनबाट घटनामा माओवादीको जिल्ला तहका नेता कुन्दन फौजदार, रामएकवाल सहनी र लालबहादुर चौधरीसमेतको संलग्नता रहेको तथ्य सार्वजनिक भयो। राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा माओवादीको उक्त कार्यको व्यापक विरोध भएपछि माओवादीले अन्तरिम विधायक हरिभक्त कँडेलको संयोजकत्वमा छानबिन समिति बनायो। उक्त समितिले पत्रकार साहको हत्यामा माओवादी कार्यकर्ताको संलग्नता रहेको जनायो। माओवादीको छानबिन समितिले लास गाडिएको ठाउँसमेत जानकारी गराएपछि प्रहरी र स्थानीय पत्रकार तथा मानवअधिकारकर्मीको सहभागितामा खोजी कार्य गर्दा वीरेन्द्र साहको लास फेला परेको थियो। साहका परिवारलाई सरकारले क्षतिपूर्तिस्वरूप १० लाख रुपियाँ प्रदान गऱ्यो।

पीडकहरूविरुद्ध प्रहरी आफैंले मुद्दा दायर गरे पनि गिरफ्तार गरेको छैन।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

कास्की जिल्ला हेम्जा गाविस निवासी प्राथमिक शिक्षक तालिम केन्द्रका प्रशिक्षक ५० वर्षीय वासुदेव पौडेललाई ०६४ वैशाख ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले राति तालिम केन्द्रबाट नियन्त्रणमा लिई तालिम केन्द्रदेखि उत्तर-पश्चिम बन्जरिया-४ स्थित गहुँ खेतमा पुऱ्याई तौलियाले हात बाँधी टाउकोमा एक राउण्ड गोली र धारिलो हतियारले छातीमा प्रहार गरी हत्या गरे। तालिम केन्द्रको आवासगृह परिसरमा रहेको चमेनागृहमा रातको खाना खाने क्रममा रहेका २३ प्रशिक्षार्थी शिक्षक/शिक्षिकालाई मोर्चाका कार्यकर्ताले नियन्त्रणमा लिई एकै कोठामा थुनेपछि उनीहरूको हल्ला सुनी त्यहाँ पुगेका पौडेललाई नियन्त्रणमा लिएका थिए। पीडितको लास भोलिपल्ट कलैया अस्पतालमा पोस्टमार्टम गरी हेलिकप्टरबाट उनकै घर पुऱ्याई सद्गत गरियो।

पिप्रा वसन्तपुर गाविस निवासी माओवादी इलाका सदस्य २५ वर्षीय मुन्ना जैसवाललाई ०६४ जेठ २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले हहियार गाविसको वगडमपुरमा गोली हानी हत्या गरे। कामको सिलसिलामा मोटरसाइकलमा वरियारपुरतर्फ जाँदै गर्दा मोर्चाका कार्यकर्ताले उनलाई सुनसान सडकमा घेरा हाली कञ्चट तथा कोखामा गोली हानेका थिए। पीडितको कलैया अस्पतालमा पोस्टमार्टम गरी आफ्नै गाउँमा सोही दिन सद्गत गरियो।

बरियारपुर गाविस-६ निवासी ४० वर्षीय शङ्करमानसिंह बस्नेतलाई ०६४ साउन १४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले घरबाट नियन्त्रणमा लिई बरियारपुर गाविस-१ स्थित खेतमा पुऱ्याई कञ्चट र ढाडमा दुई राउण्ड गोली हानी हत्या गरे। पीडितको कलैया अस्पतालमा पोस्टमार्टम गरी सोही दिन वरियारपुरमा सद्गत गरियो।

भवानीपुर जितपुर गाविस-६ बकुलिया निवासी खुटुवा प्रसौनी गाविसका सचिव ५० वर्षीय रामबाबु शर्मालाई ०६४ असोज २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले जीतपुर बजारबाट घर फर्कने क्रममा सोही गाविस बकुलिया पानीटङ्की नजिक कञ्चट र पिठ्युमा दुई राउण्ड गोली हानी घाइते बनाए। घाइते शर्माको उपचारका लागि वीरगञ्ज लाँदै गर्दा बाटैमा मृत्यु भयो। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा पोस्टमार्टमपछि आफ्नै गाउँमा भोलिपल्ट सद्गत गरियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

इनर्वासिरा गाविस-८ निवासी ३२ वर्षीय पूर्व माओवादी कार्यकर्ता मनोज पासवानलाई ०६४ वैशाख ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सोही गाविसमा गोली हानी घाइते बनाए। टाउकोमा दुई र ढाडमा एक गोली लागेका उनलाई उपचारका लागि नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज लगिएकामा उपचारका क्रममा सोही दिन राति मृत्यु भएको थियो। उनको सोही अस्पतालमा पोस्टमार्टमपछि वैशाख १० गते आफ्नै गाउँमा सद्गत भयो।

काठमाडौँ जिल्ला घर भई हरैया गाविसमा बस्दै आएका ४५ वर्षीय मोहनबहादुर खड्कालाई ०६४ जेठ ११ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले गोली हानी हत्या गरे। अर्काको खेतीको रेखदेखमा बसेका उनलाई हरैया मधुवनस्थित कन्यावा मठबाट आठ/दस जनाको सशस्त्र समूहमा आएका मोर्चाका कार्यकर्ताले नियन्त्रणमा लिई गाउँको पश्चिममा रहेको पुल नजिकै दुई राउण्ड गोली प्रहार गरेका थिए। पीडितको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा जेठ १२ गते पोस्टमार्टम गरी सोही दिन परिवारले वीरगञ्जमा सद्गत गरे।

इनर्वामाल गाविस-४ का माओवादी जिल्ला कमिटी सदस्य तथा मधेसी राष्ट्रिय मुक्ति मोर्चा बाराका उपाध्यक्ष ३५ वर्षीय जोखन मन्सुरीको ०६४ जेठ ३१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले मन्सुरी सिम्रौनगढ बजारबाट साँझ मोटरसाइकलमा घर फर्कने क्रममा सिम्रौनगढ गाविसको पावरहाउस चोक नजिक गोली हानी हत्या गरे। उनलाई पिठ्यूँ र टाउकोमा गोली लागेको थियो। असार १ गते कलैया अस्पतालमा पोस्टमार्टम गरी सोही दिन उनकै गाउँमा सद्गत भयो।

सुखीपथरा गाविस-६ निवासी ३६ वर्षीय कृषक लक्ष्मण महरालाई चोरी गरेको आरोपमा ०६४ असार १२ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले उनलाई घरबाट अपहरण गरे। उनको लास असार २३ गते महेन्द्र आदर्श गाविस-३ मा गाडिएको अवस्थामा फेला पऱ्यो। पीडितको कलैया अस्पतालमा पोस्टमार्टम गरी असार २४ गते सुखिपथरा गाविसमा सद्गत गरियो।

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३७	३९		३९	१	१		१	६	६		६
घाइते	९	३७	१	३८					३	७	१	८
गिरफ्तारी/यातना									१	३		३
कुटपिट	४	६		६								
धम्की	३	४		४								
महिलाअधिकार	१		१	१								
बालअधिकार	१		१	१								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१९	४५		४५								
अपहरण	३३	३५	३	३७	१		१	१				
जम्मा	९६	१४६	५	१५१	३	१	१	३	९	१५	१	१६

मकवानपुर जिल्ला हेटौँडा नपा घर भई सिमरा गाविस बस्दै आएका राजकुमार थापालाई ०६४ असार २६ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले सिमरा गाविसबाट नियन्त्रणमा लिई फत्तेपुर गाविसको आमाडार र कञ्चनपुरको बीचमा रहेको दामोदर मन्दिर नजिक गोली हानी हत्या गरे। मृतकको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा असार २७ गते पोस्टमार्टम गरी सद्गत गरियो।

छातापिप्रा गाविस-९ निवासी २५ वर्षीय दुर्योधन महतो धानुकलाई पार्टीको नाममा विभिन्न आपराधिक क्रियाकलाप गरेको आरोपमा ०६४ साउन १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले इनर्वासिरा गाविस-२ मा टाउकोमा गोली हानी हत्या गरे। मृतकको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा पोस्टमार्टम गरी परिवारले आफ्नै गाउँमा सद्गत गरे।

महोत्तरी जिल्ला बर्दिबास-२ घर भई लिपनीमाल गाविस-३ स्थित जोनसोन केमिकल इण्डस्ट्रीज प्रालिमा कार्यरत कम्पनीका ३५ वर्षीय प्रकाश सुवेदी ०६४ साउन २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अन्धाधुन्ध चलाएको गोली लागी घाइते भए। पिठ्युमा गोली लागी घाइते भएका उनको नारायणी उपक्षेत्रीय अस्पताल, वीरगञ्जमा उपचार हुन नसकी थप उपचारका लागि काठमाडौँ लाने क्रममा साउन २२ गते मृत्यु भयो।

भवानीपुर जीतपुर गाविस-५ का २५ वर्षीय मोमताज अन्सारीले सुराकी गरेको आरोपमा ०६४ कात्तिक ८ गते बिहान उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले जीतपुर बजारभन्दा करिब दुई किलोमिटर पर पुऱ्याई गोली हानी हत्या गरे। घटनास्थलमा मोर्चाका सुभासचन्द्र कुशवाहको हस्ताक्षर भएको पत्र र पम्प्लेट फेला पेर पनि मार्चालले हत्याको जिम्मेवारी लिएन।

फत्तेपुर गाविस निवासी २२ वर्षीय सहदेव चौलागाईं ०६४ मङ्सिर ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले भवानीपुर जीतपुर गाविस-९ रमौली गाउँछेउको कुलोमा धारिलो हतियारले घाँटी रेटी हत्या गरे। घटनास्थलमा मोर्चाका सुभासचन्द्र कुशवाहको हस्ताक्षर भएको पत्र फेलापरे पनि मोर्चालले हत्याको जिम्मेवारी लिएन।

मधेसी मुक्ति टाइगर्सबाट

पर्सा जिल्ला वगही गाविस-८ इनर्वा निवासी २९ वर्षीय मुकेश गिरीलाई पूर्व माओवादी कार्यकर्ता र सुराकी भएको आरोपमा ०६४ भदौ ६ गते उनको मधेसी मुक्ति टाइगर्सले भोडाहा र दोहरी गाविसको दोसाँधमा रहेको पसाहा खोलाको नजिक गोली हानी हत्या गऱ्यो। मृतकको कलैया अस्पतालमा पोस्टमार्टमपछि आफ्नै गाउँमा सोही दिन सद्गत गरियो।

अन्यबाट

भवानीपुर जितपुर-३ निवासी ३५ वर्षीय परवेज

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	वाइसीएलबाट			जतमुमो (ज्वाला सिंह) बाट			जतमुमो (गोइत) बाट				मधेसी टाइगर्सबाट		
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या				९	९	९	४	४		४	१	१	१
घाइते				३	३	३	१	१		१			
कुटपिट				१	१	१							
धम्की							१	१		१			
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				८	१५	१५	९	२८		२८			
अपहरण	६	७	७	२	२	२	३	३	१	४			
जम्मा	६	७	७	३३	३०	३०	१८	३७	१	३८	१	१	१

आलमको ०६३ माघ ८ गते बिहान सात/आठ जनाको हतियारधारी समूहमा आएका व्यक्तिहरूले भवानीपुर जितपुरमा गोली हानी हत्या गरे।

डुमरवाना गाविस-७ टाङ्गिया बस्तीका ५२ वर्षीय अक्कलबहादुर योञ्जनको ०६३ चैत २६ गते अज्ञात समूहले डुमरवाना गाविस-७ को वनमा गोठालो गएको अवस्थामा धारिलो हतियार प्रयोग गरी हत्या गरे। मृतकका परिवारले ०६३ चैत २९ गते आफ्नै गाउँमा लासको सद्गत गरे।

प्रस्टोका गाविस-९ का ४५ वर्षीय भागीरथ साह र सोही गाविस-६ बस्ने ३५ वर्षीय शर्मा साहलाई ०६४ वैशाख २४ गते साँझ करिब १५ जनाको सङ्ख्यामा आएका हतियारधारी समूहले प्रस्टोका गाविस-९ मा गोली हानी हत्या गरे। मुख छोपेर आएको सो समूहले किराना व्यापारी पञ्चम साहको अपहरण गर्न खोज्दा पसल र छेउछाउका पसलमा रहेका व्यक्तिहरूले प्रतिकार गर्दा अन्धाधुन्ध गोली चलाएपछि उनीहरूको मृत्यु भएको थियो।

सपही गाविस-१ हनुमानगञ्ज निवासी ६६ वर्षीय सूर्यप्रसाद उप्रेती ०६४ जेठ ९ गते बिहान अज्ञात सशस्त्र हतियारधारी समूहले आफ्नै घरअगाडि चलाएको गोली लागी घाइते भए। दोहोरो झडप हुँदा सो समूहले गोली चलाएको थियो। पेटमा गोली लागी घाइते भएका उनको उपचारका क्रममा नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा लैजाँदै गर्दा बाटोमै मृत्यु भयो।

पतरहट्टी गाविस-१ निवासीसाइकल व्यापारी ३२ वर्षीय श्यामकिशोर कुशवाहलाई ०६४ असार २४ गते बिहान पसलमा बसिरहेको अवस्थामा गोली हानी घाइते बनाए। दाहिने कञ्चट र पेटमा गोली लागेका उनको जिल्ला अस्पताल कलैया लाने क्रममा बाटोमा मृत्यु भयो। लासको कलैया अस्पतालमा पोस्टमार्टमपछि पतरहट्टी गाविसमा सद्गत भयो। मृतकका परिवारले हत्यामा माओवादीको संलग्नता रहेको आरोप लगाए पनि घटनाको कसैले जिम्मेवारी लिएनन्।

रतनपुरी गाविसका निवर्तमान गाविस अध्यक्ष एवम् तत्कालीन काङ्ग्रेस (प्रजातान्त्रिक) का जिल्ला कार्यसमिति सदस्य ४५ वर्षीय बुद्धिमान तामाङको ०६४ साउन २ गते साँझ अज्ञात समूहले धारिलो हतियार प्रयोग गरी रतनपुरी गाविस-२ मा हत्या गरे। उनलाई च्युँडो, आँखीभौँ, हत्केला, खुट्टामा धारिलो हतियारले प्रहार गरिएको थियो। लासको पोस्टमार्टम वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा गरी साउन ३ गते रतनपुरीमा सद्गत गरियो। घटनाको कसैले जिम्मेवारी लिएको छैन।

इनर्वामाल गाविस-१ निवासी ३२ वर्षीय रामनारायण यादवलाई ०६४ साउन १६ गते सशस्त्र हतियारधारी अज्ञात समूहले ढाडमा गोली हानी बाराको पकडिया-९ मा घाइते बनाए। घाइते यादवको उपचारका क्रममा ०६४ साउन १८ गते काठमाडौँमा मृत्यु भयो। जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) ले ०६४ साउन २७ गते यादव आफ्नो कार्यकर्ता भएको र उनी वाईसीएलसँगको मुठभेडमा मारिएको विज्ञप्ति प्रकाशित गऱ्यो। हत्याको विरोधमा मोर्चाले ३० र ३१ गते बारा जिल्ला बन्द गऱ्यो।

फेटा फूलबरिया गाविस निवासी देवीलाल राउत कुर्मी र विनोद सिंह ०६४ भदौ २३ गते पूर्व-पश्चिम महेन्द्र राजमार्गको धन्सार खोला नजिकै ५ सय मिटर दक्षिण जङ्गलमा मृत अवस्थामा फेला परे। कुर्मीको पेट र छातीमा, सिंहको छातीमा गोली लागेको

प्रहरीको गोलीबाट मारिएका अब्दुल असरफ, मजिद महम्मद र अर्जुन सहनी

थियो। हत्याको गोर्खाल्याण्ड आर्मी पार्टीले जिम्मा लिए तापनि पुस्टि हुनसकेन।

उचिडिह गाविस-४ का २० वर्षीय मिश्रीलाल साह कानु र सोही ठाउँका २५ वर्षीय सञ्जय साह कानु ०६४ असोज ३ गते इनर्वासिरा गाविस-८ बस्डीलवास्थित कठोइ खोला नजिक उखुबारीमा मृत अवस्थामा फेला परे। हत्याको जिम्मेवारी कसैले लिएनन्।

देवापुरटेटा गाविस निवासी माओवादी निकट वाईसीएलका कार्यकर्ता २८ वर्षीय जयकरण यादवको ०६४ असोज २० गते ९ बजे राति अज्ञात समूहले पचरौता बेनौली गाविसको धर्मनगर नजिकै जमुनी नदीको किनारमा गोली हानी हत्या गऱ्यो। हत्याको जिम्मेवारी कसैले लिएनन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

मधेसी जनअधिकार फोरम, बारासे ०६३ माघ १४ गते गरेको प्रदर्शनका क्रममा प्रहरीको गोली लागी कलैया नपा-८ का १८ वर्षीय प्रदीप जयसवाल, उत्तर भिटकैया गाविस-१ का २७ वर्षीय सुरेन्द्रप्रसाद कुशवाह, महेशपुर गाविस-८ पर्साका हरिहर महतो, धर्मनगर गाविस-सित्तलपुरका जितेन्द्रप्रसाद यादव, उत्तरभिटकैया गाविसका हरिन्द्र कुशवाह, कलैया नपा-८ का १४ वर्षीय मुन्ना अन्सारी, कलैया नपा-२ का २२ वर्षीय शिवनाथ साह घाइते भए।

निजगढ गाविस-४ कछडिया टोलकी २५ वर्षीया राजकुमारी कुमर (थारु) ०६४ मङ्सिर २२ गते प्रहरीले घरअगाडि चलाएको गोली लागी घाइते भइन्। प्रहरीले काठ ओसार्न थालेको आरोपमा गोली प्रहार गरेको थियो। नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज र काठमाडौँमा उपचार गरी उनी घर फर्किन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

कलैया नपा-५ निवासी जिल्ला विकास समिति बाराका ओभरसियर ४६ वर्षीय हरि पराजुलीलाई ०६४ कात्तिक १९ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) समूहले उनकै घरअगाडि गोली हानी घाइते बनाए। काँधमा गोली लागेका उनको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज र काठमाडौँमा उपचार भयो। उनको अवस्था सामान्य रहे पनि डरका कारण घर फर्केका छैनन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

महोत्तरी जिल्ला बेनौली गाविस-४ घर भई परवानीपुर गाविसस्थित कृषि अनुसन्धान केन्द्रमा वागवानी अधिकृत पदमा कार्यरत ५० वर्षीय कैलाश चौधरीलाई ०६४ असार ८ गते दिउँसो जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कार्यालयअगाडि गोली प्रहार गरी घाइते बनाए। पेटमा गोली लागेका उनले वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पताल र काठमाडौँमा उपचार गराए। उनको अवस्था सामान्य भए पनि कान कम सुन्ने भएका छन्।

महोत्तरी जिल्ला बर्दीवास गाविस-२ घर भई जोनसोन केमिकल इण्डस्ट्रीज प्रालि लिपनीमाल गाविस-३ मा सुरक्षा गार्डका रूपमा कार्यरत ३३ वर्षीय नारायण थापालाई ०६४ साउन २१ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कार्यालयमा गोली प्रहार गरी घाइते बनाए। पाखुरामा गोली लागी घाइते भएका उनको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज र काठमाडौँमा उपचार भयो। उनको अवस्था सामान्य छ।

सुनसरी जिल्ला घर भई न्यु अनिल टेक्सटाइल परवानीपुरमा कार्यरत २५ वर्षीय जयप्रकाश राईलाई ०६४ साउन १६ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले टेक्सटाइलको गेटअगाडि गोली प्रहार गरी घाइते बनाए। उनको उपचार वीरगञ्ज नारायणी उपक्षेत्रीय अस्पतालमा भयो। उनको अवस्था सामान्य छ।

बेवारिसे विस्फोटक पदार्थबाट

भवानीपुर जितपुर गाविस-६ का २५ वर्षीया ज्ञानु पन्त ०६४ भदौ १३ गते दिउँसो सोही वडामा रहेको बाँस काट्न गएको अवस्थामा बट्टामा रहेको बेवारिसे पान राख्ने बट्टा जस्तो बम (फलामका टुक्रा, बारुद, सिसाहरू हालेर तयार पारिएको हाते बम) विस्फोट हुँदा घाइते भइन्। पीडितको स्थानीय मेडिकलमा उपचार भयो।

अन्यबाट

बारा विशेष कार्य दल प्रहरीका इन्स्पेक्टर वेदबहादुर विष्ट ०६४ वैशाख २५ गते बिहान अज्ञात समूहले भलुही भरवलिया गाविस-५ त्रिवेणीमा चलाएको गोली पेटमा लागी घाइते भए। प्रहरी उक्त स्थानमा पुग्दा एक्कासि गोली चलेपछि भएको दोहोरो फायरिङ्गका क्रममा भलुही भरवलिया गाविस-५ त्रिवेणी निवासी गोरख मुखिया बिन पनि घाइते भए। मुखिया उपचारपछि जिल्ला प्रहरी कार्यालयमा अनुसन्धानका क्रममा रहेका छन् भने घाइते प्रहरीले काठमाडौँमा उपचार गराए।

बेपत्ता/अपहरण

वाईसीएलबाट

महेशपुर गाविस-७ का २२ वर्षीय रमेश यादव अपहरणकारी भएको आरोपमा ०६३ फागुन २५ गते वाईसीएलका कार्यकर्ताले उनलाई घरबाट अपहरण गरे। अपहरित यादवलाई ०६३ चैत १ गते जिल्ला प्रहरी कार्यालय बारामा बुझाइयो। उनी ०६३ चैत २२ गते जिल्ला प्रशासन कार्यालयको आदेशमा १५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

महेशपुर गाविस-८ का चन्द्रीका सहनी अपहरणकारी भएको आरोपमा ०६३ फागुन १६ गते वाईसीएलका कार्यकर्ताले उनलाई घरबाटै अपहरण गरे। वाईसीएलले अपहरित यादवलाई ०६३ चैत १ गते जिल्ला प्रहरी कार्यालय बारामा बुझायो। उनी ०६३ चैत २२ गते जिल्ला प्रशासन कार्यालयको आदेशमा १५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

पर्सा जिल्ला श्रीसिया गाविस-६ खल्वा निवासी ३५ वर्षीय मनोज सहनीलाई अपहरणकारी भएको आरोपमा ०६३ फागुन १८ गते वाईसीएलका कार्यकर्ताले सिमरा गाविस सिमरा बजारबाट अपहरण गरे। वाईसीएलले अपहरित यादवलाई ०६३ चैत १ गते जिल्ला प्रहरी कार्यालय बारामा बुझायो। उनी जिल्ला प्रशासन कार्यालयको आदेशमा १५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

टेढाकट्टी गाविस निवासी महेन्द्र यादव जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ता भई आपराधिक क्रियाकलापमा संलग्न रहेको आरोपमा ०६४ साउन ३० गते बेलुकी वाईसीएलका कार्यकर्ताले उनलाई कोल्हवी गाविस नजिकबाट अपहरण गरे। यादवलाई ०६३ साउन ३१ गते मानवअधिकारकर्मी र सञ्चारकर्मीको रोहबरमा सिमराबाट मुक्त गरियो।



माओवादीद्वारा अपहरण गरी हत्या गरिएका पत्रकार वीरेन्द्र साह

काङ्ग्रेस प्रजातान्त्रिक बाराले अपहरित यादव आफ्नो पार्टीको कार्यकर्ता रहेको जनायो।

इनर्वासिरा गाविस-४ का ३५ वर्षीय अब्दुल कैस देवान र सोही गाविस-६ का २३ वर्षीय श्रीराम यादवलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) को कार्यकर्ता भई सुराकी गरेको आरोपमा ०६४ साउन २२ गते वाईसीएलका कार्यकर्ताले अपहरण गरे। इनर्वासिरा गाविसका बासिन्दाको दबाबपछि वाईसीएलले उनलाई ०६४ साउन २५ गते जैतापुर प्रहरी कार्यालयमा बुझायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

डिप्रोक्स विकास ब्याङ्क कलैया शाखामा कार्यरत फिल्ड सुपरभाइजर लेखनाथ पौडेललाई बन्दको अवज्ञा गरेको आरोपमा ०६३ फागुन १० गते मोर्चाका ५ नम्बर एरिया इञ्चार्ज आनन्दको नेतृत्वमा रहेका कार्यकर्ताले नगद १८ हजार ४ सय २६ रुपियाँ र साइकलसहित पतरहट्टी गाविसबाट अपहरण गरे। अपहरित पौडेल ०६३ फागुन १३ गते मुक्त भए।

जनचेतना जागरण अभियान, बारा कलैयाका बाल केन्द्रित परियोजनाका प्रमुख सुरेन्द्र साह र सामाजिक परिचालिका सिर्जना केसीलाई ०६३ चैत १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले पिप्राढी गाविसबाट अपहरण गरे। पीडितलाई मोटरसाइकल र एक थान मोबाइल सेटसहित मोर्चाका कार्यकर्ताले अपहरण गरेका थिए। पीडितलाई संस्थामा तराई मूलका कर्मचारी नियुक्त गर्ने र तराई सरकारलाई कर तिर्ने सर्तमा सोही दिन मुक्त गरियो।

माओवादीद्वारा अपहरण गरिएका पत्रकार रामदेव दास

बारा बघवन गाविसका ३३ वर्षीय अभयराज अर्याललाई ०६४ वैशाख २७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का आकाशको नेतृत्वमा रहेका कार्यकर्ताले कलैया नगरपालिका अदालत रोडबाट मोटरसाइकलसहित अपहरण गरे। पीडित ०६४ जेठ २ गते अपहरण मुक्त भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

हरैया गाविस-६ का २२ वर्षीय दिलराज लम्साललाई ०६३ चैत १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का हतियार धारी पाँच जना मोटरसाइकल चढी आएका कार्यकर्ताले घरैबाट अपहरण गरे। लम्साललाई रौतहटको अज्ञात स्थलबाट ०६३ चैत २५ गते मुक्त गरे।

अन्यबाट

पर्सा जिल्ला, वीरगञ्ज उनपा-१२ निवासी २७ वर्षीय प्रदीप साहलाई ०६४ पुस ७ गते अज्ञात समूहले अपहरण गरी लगेकामा पुस १२ गते बाराको रौवाहीबाट अपहरणमुक्त गरिएको थियो। साह स्थानीय बासिन्दा र प्रहरीको सहयोगमा अपहरणमुक्त भए।

बेलवाडी श्रीपुर निवासी ६१ वर्षीय भरत ढकाल (देवेन्द्रपुरुष ढकाल) लाई ०६३ माघ १५ गते राति अज्ञात समूहले घरबाटै अपहरण गरेकामा ०६३ माघ २७ गते फिरौती दिएर मुक्त भए।

उचिडिह गाविस-४ का ३५ वर्षीय गम्भीरा साह तेलीलाई फागुन ४ गते सिम्रौनगढ बजारबाट ना.३प. ११२७ नम्बरको मोटरसाइकलमा घर फर्कने क्रममा गण्डकनहरबाट अज्ञात समूहले अपहरण गऱ्यो। इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी इन्स्पेक्टर विश्वराज सिंह थापाको नेतृत्वमा खटिएको टोलीले भारत, बिहार पूर्वी चम्पारणको ढाकाबाट भारतीय प्रहरीको सहयोगमा उनलाई फागुन १० गते साँझ मुक्त गराई परिवारजनको जिम्मा लगाइयो।

पत्थरहट्टी गाविस-६ निवासी २८ वर्षीय उमेशकुमार यादवलाई ०६३ फागुन १४ गते बिहान करिब ४ बजे बघवन गाविस पसाहा खोला पुल नजिकबाट अज्ञात समूहले अपहरण गऱ्यो। अपहरणकारीको कब्जाबाट भाग्न सफल भई यादव ०६३ फागुन २४ गते घर पुगेका थिए।

कलैया नपा-८ का शिक्षक ५६ वर्षीय कृष्णप्रसाद तिमल्सिनालाई ०६३ फागुन १४ गते अज्ञात समूहले घरबाटै राति अपहरण गरी लगेकामा चैत ५ गते राति ७ बजे परिवारको सम्पर्कमा आए।

पुरैनिया गाविस-५ का ६२ वर्षीय मुक्तिनारायण साहलाई ०६३ फागुन २० गते अज्ञात समूहले सोही गाविसको कुकुरभुक्का भन्ने स्थानबाट अपहरण गरी लगेकोमा फागुन ३० गते अपहरणमुक्त भए। अपहरणकारीले आफूलाई अज्ञात गाउँको एक घरमा राखेको, आँखामा पट्टी बाँधिएकाले अपहरणकारी, स्थानको पहिचान गर्न नसकेको र हातखुट्टा बाँधी कुटपिटसमेत गरेको पीडितले बताए।

इनर्वासिरा गाविस-९ का भोलि राउतलाई ०६३ चैत १७ गते राति अज्ञात हतियारधारी समूहले अपहरण गऱ्यो। मोटरसाइकलमा चढी आएका हतियारधारी समूहले निजलाई उनकै घरबाट अपहरण गरी अज्ञात स्थलतर्फ लगेकामा चैत २३ गते परिवारको सम्पर्कमा आए।

मटिअर्वा गाविस-९ घर भई सोही गाविसस्थित गण्डक नहर चोकमा औषधि पसल सञ्चालन गरी बसेका २७ वर्षीय हृदयनारायण साहलाई अज्ञात समूहले ०६४ वैशाख ५ गते अपहरण गऱ्यो। पीडित ०६४ वैशाख ३१ गते परिवारको सम्पर्कमा आएका थिए।

कलैया नपा-४ का व्यापारी ३८ वर्षीय हृदयराज गौतमलाई ०६४ असार ५ गते राति उनकै घरनजिकबाटै मोटरसाइकलमा आएका दुई जना हतियारधारी व्यक्तिले अपहरण गरेकामा ०६४ असार १३ गते अपहरण मुक्त भएका थिए।

रौवाही गाविस-९ बलुवा टोलका ३५ वर्षीय हरेन्द्रप्रसाद यादवलाई ०६४ असार १२ गते राति करिब १२ बजे हतियारधारी अज्ञात समूहले अपहरण गऱ्यो। सात-आठ जनाको सङ्ख्यामा रहेका हतियारधारी समूहले यादवको घरको ढोका खोल्न लगाई उनलाई अपहरण गरी अज्ञातस्थलतर्फ लगेका थिए। असार २० गते यादव परिवारको सम्पर्कमा आएको कुरा स्थानीय बासिन्दाले बताए।

स्याङ्जा जिल्ला घर भई डाबर नेपाल प्रालिको जुस प्लान्टमा कार्यरत २५ वर्षीय लालबहादुर थापालाई ०६४ साउन ९ गते सशस्त्र हतियारधारी समूहले अपहरण गरी लगेकामा ०६४ साउन १० गते प्रहरीले थापालाई सकुशल फेला पारेको थियो। जितपुर प्रहरी चौकीका असई वीरेन्द्र यादवको नेतृत्वमा खटी गएको

टोलीले अपहरणकारी गिरोहलाई पछ्याउँदै जाँदा अपहरित थापालाई बिहान ७ बजे पर्सा जिल्लाको बेलवा गाविसस्थित झवरा खोलाको पुलमा फेला पारेको थियो।

भोडहा गाविस-८ का ३२ वर्षीय ललन महतो कोइरी र सोही ठाउँ बस्ने २२ वर्षीय छोटन महतो कोइरीलाई ०६४ साउन १४ गते राति चार/पाँच जनाको सङ्ख्यामा आएको सशस्त्र हतियारधारी समूहले आफूलाई ज्वाला सिंहका कार्यकर्ता हुँ भन्दै घरबाट अपहरण गरेर लगेका थिए। उनीहरूलाई अपहरण गरी लाँदै गर्दा बाटोमा नै जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता देखेपछि ललन र छोटनलाई छाडेर भागेपछि मोर्चाले अपहरित व्यक्तिहरूलाई आफ्नो नियन्त्रणमा लिई ०६४ साउन १५ गते राति स्थानीय मानवअधिकारकर्मीको जिम्मा लगाएको थियो।

सिहोर्वा गाविस-८ का इसु मियाँ अन्सारीलाई सशस्त्र हतियारधारी अज्ञात समूहले ०६४ साउन १६ गते अपहरण गऱ्यो। जिल्ला प्रहरी कार्यालय बाराका अनुसार १२ जनाको सङ्ख्यामा आएको उक्त समूहले अन्सारीलाई अपहरण गरी लगेको थियो। पीडित साउन २८ गते परिवारको सम्पर्कमा आएका थिए।

बारा तेलकुवा गाविस-८ का ६० वर्षीय बिजुली पण्डितलाई ०६४ साउन १८ गते राति सशस्त्र हतियारधारी अज्ञात समूहले घरनजिकैको गोठमा सुतिरहेको अवस्थामा अपहरण गरी लगेको थियो। पण्डित ०६४ भदौ १० गते घरपरिवारको सम्पर्कमा आए।

खुटवाजब्दी गाविस-८ का व्यापारी २१ वर्षीय बलिराम साहलाई सशस्त्र हतियारधारी समूहले ०६४ साउन २९ गते राति पर्सौनी नजिकबाट अपहरण गरेको थियो। गण्डकमा रहेको पसल बन्द गरी घर फर्कदै गरेको अवस्थामा राति ९ बजे बाटोबाट चार/पाँच जनाको सङ्ख्यामा रहेको सशस्त्र जत्थाले साहलाई अपहरण गरेको कुरा जिल्ला प्रहरी कार्यालय बाराले जनाएको थियो। पीडित भदौ ३१ गते अपहरणकारीको कब्जाबाट भागेर परिवारको सम्पर्कमा आएका थिए।

पचरौता बेनौली गाविस-३ का श्री भगवान पटेलका ८ वर्षीय छोरा अजय पटेललाई ०६४ कात्तिक १० गते साँझ अज्ञात समूहले अपहरण गऱ्यो। नम्बर नखुलेका दुईओटा मोटरसाइकलमा आएका पाँच जनाको समूहले पटेललाई अपहरण गरेकामा निज बालक कात्तिक २७ गते अपहरण मुक्त भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

धर्मनगर गाविस-८ शीतलपुर निवासी विश्वनाथ साहका छोरा १६ वर्षीय सुजितकुमार साहलाई ०६४ कात्तिक २१ गते राति अज्ञात समूहले अपहरण गऱ्यो। साहलाई पाँच/छ जनाको सङ्ख्यामा आएको हतियारधारी समूहले आफ्नो घरबाटै अपहरण गरी लगेको थियो। उनी पुस १० गते परिवारको सम्पर्कमा आए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) द्वारा अपहरण गरिएका अभयराज अर्याल

धम्की/कुटपिट

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

कलैया नपा-२ घर भई ना.२त. २७८८ नम्बरको ट्रयाक्टर चालक नन्दलाल यादवलाई रोक्का गरेको बालुवा ल्याएको आरोपमा ०६४ साउन २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले मनहर्वा-५ श्रीपुरमा कुटपिट गरे। पसाहा नदीबाट बालुवा लिएर कलैयातर्फ आउँदै गरेको अवस्थामा यादवलाई कुटपिट गरिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा सरकारीवादी देवानी मुद्दा छैनन्। देवानी दुनियाँवादी मुद्दा १ हजार २ सय ७४ थानमध्ये ३ सय ४३ थान मुद्दा फर्स्यौट भए भने ९ सय ३१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। फौजदारी सरकारवादीतर्फ १ सय ५६ थान मुद्दामध्य ४५ थान फर्स्यौट भए भने १ सय ११ थान फर्स्यौट हुन बाँकी रहे। यसैगरी, फौजदारी दुनियाँवादीतर्फ २ सय ९३ थान मुद्दामध्ये ८५ थान फर्स्यौट भए भने २ सय ८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा १ हजार २ सय ५० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

लक्ष्मीपुर कोतवाली-८ निवासी ६ वर्षीय बालक कलाम देवान ०६३ पुस २२ गते बिहान शौच गर्न घरबाट निस्किएकामा बेपत्ता भए। लक्ष्मीपुर कोतवाली-८ स्थित एक पोखरीमा बोरामा बाँधी फालिएको अवस्थामा देवानको लास ०६३ पुस २३ गते फेला पऱ्यो। लासको पोस्टमार्टम जिल्ला अस्पताल कलैयामा गरी सद्गत गरियो।

कवहिजब्दी गाविस-९ बस्ने १० वर्षीया एक बालिकालाई ०६३ फागुन ५ गते सोही स्थानमा बस्ने खयरु महतो कोइरीले सोही स्थानको बासँघारीमा दिसा गर्न गएको अवस्थामा बलात्कार गरे। पीडितका परिवारले जिल्ला प्रहरी कार्यालय, बारामा उजुरी दिए। पीडक फरार छन्।

गञ्जभवानीपुर गाविस-४ निवासी १५ वर्षीया बालिका रञ्जुकुमारी यादव ०६४ असोज १७ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) ले सोही स्थानमा बम विस्फोट गराउँदा बेहोस भइन्। मोर्चाले संविधानसभाको निर्वाचनको विरोधमा आह्वानमा गरेको तीनदिने मधेस बन्द सफल पार्न बम विस्फोट गराएको थियो। उनको जिल्ला अस्पताल कलैयामा उपचार भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार दुर्व्यवहार

मनहर्वा गाविस उचिडिह निवासी ४८ वर्षीया नीलदेवी अधिकारीलाई ०६४ असार १३ गते स्थानीय बासिन्दा कुमार भण्डारीले बोक्सीको आरोपमा कुटपिट गरी दुर्व्यवहार गरे। पीडकले आफ्नी बुहारीलाई बोक्सीमन्त्र लगाई बिरामी पारेको आरोपमा कुटपिट गरका थिए। मानसिक यातना दिई आफू, पति रामप्रसाद र छोरा नवीनसमेतलाई कुटपिट गरेको पीडितले बताइन्। प्रहरीले दुवै पक्षबीच जिल्ला प्रशासन कार्यालयमा मिलापत्र गरायो।

सबै प्रकारका जातीय विभेद

बाराको कबही गोठमा आयोजित महायज्ञमा कथित उपल्लो जातिले आफूहरूलाई सामेल नगराएको बताउँदै सोही गाविसका दलितहरू ०६३ चैत ६ गते जिल्ला प्रशासन कार्यालय बारा गएका थिए। ०६३ चैत ५ गतेदेखि सुरु भएको नौदिने लक्ष्मी नारायण महायज्ञमा उपल्लो जातिले आफूहरूलाई प्रवेश गर्न नदिएको स्थानीय दलितहरूले आरोप लगाए।

बलिरामपुर गाविसमा कथित उपल्लो जातिका मानिसहरूले ०६४ साउन २८ गते स्थानीय शिव मन्दिरमा सोमबारी ब्रत बसेका दलित महिलाहरूलाई मन्दिरमा जल चढाउन दिएका थिएनन्।जल चढाउन गएका ती दलित महिलाहरूलाई देखेर उपल्लो जातका मानिसहरूले शिव मन्दिरको ढोका बन्द गरेका थिए। मन्दिरको ढोका बन्द गरेपछि दलित महिलाहरूले मन्दिरबाहिर जल चढाएका थिए। आफूहरूलाई मन्दिरमा जल चढाउन नदिएको र लखेटिएको जनाउँदै दलित महिलाहरूले जिल्ला प्रहरी कार्यालय बारामा उजुरी दिएका थिए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा/सम्पत्ति क्षति/संरचना क्षति

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

कोल्हवी गाविस-४ का गणेश सिवाकोटीको घरबाट ०६३ चैत २७ गते बिहान आफूलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ता बताउने समूहले ना.२प. ५०४५ नम्बरको मोटरसाइकल कब्जामा लियो।

उत्तर झिटकैया गाविस-४ स्थित महेश पाण्डेको अढाइ बिघा र दोहरी गाविस-८ खमवास्थित योगविक्रम शाह (राजा असई) को डेढ बिघा जग्गा ०६४ जेठ १५ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कब्जा गरे।

बारा बजारमा रहेको भरतबहादुर श्रेष्ठको १२ बिघा जग्गा ०६४ जेठ १६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कब्जा गरेको घोषणा गरे।

भोडहा गाविस-९ मा रहेको काठमाडौँ निवासी सुरेन्द्रविक्रम राणाको १० बिघा जग्गा ०६४ जेठ २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कब्जा गरे।

कलैया नपा-६ का जगदीश अग्रवालको इनर्वासिरा गाविस-७ स्थित सात बिघा जग्गा ०६४ जेठ २५ गते राति मोर्चाका कार्यकर्ताले कब्जा गरे।

वीरगञ्जका अशोक केडियाको कर्चोवा गाविस-३ मा रहेको खेतीयोग्य ४० बिघा जग्गा ०६४ असार ८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कब्जा गरे।

महेशपुर गाविसमा रहेको अरूणकुमार प्रधानको खेतीयोग्य ३२ बिघा जग्गा ०६४ असार २३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले कब्जा गरे।

कलैया नपा-४ का अरूण प्रधान र उनका सात भाइहरूका नाममा रहेको महेशपुर गाविस-२ मा अवस्थित जग्गा ०६४ असार २३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का मधेस सरकार प्रमुख तवरेज भाइको नेतृत्वमा गएको टोलीले कब्जा गऱ्यो। कब्जा गरिएको जग्गामध्ये १६ बिघा जग्गा ०६४ असोज ३ गते फुकुवा गरियो।

वीरगञ्जबाट नारायणगढ जाँदै गरेको ना.३ख. १२५४ नम्बरको बस बन्दको अवज्ञा गरी चलाएको भन्दै ०६४ साउन २ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले नितनपुरमा आगजनी गरे।

कलैया नपा-४ का शेषनाथप्रसाद साहको ना.२त. २७८८ नम्बरको ट्र्याक्टर ०६४ साउन २० गते राति मटिअर्वा मानमत सडक खण्डको मनहर्वा-५ श्रीपुर टोलमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले आगजनी गरे। बालुवा, गिट्टी निकाल्नमा प्रतिबन्ध लगाएको स्थानबाट बालुवा ल्याएको भन्दै मोर्चाका कार्यकर्ताले आगजनी गरेका थिए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

भोडाहा गाविसमा रहेका काङ्ग्रेस (प्रजातान्त्रिक) का केन्द्रीय सदस्य एवम् अन्तरिम व्यवस्थापिकाका विधायक ऋषिकेश गौतमको १० बिघा जग्गा, पूर्वडीआईजी नरनारायणशमशेर जबराको १२ बिघा जग्गा, लोकसेवा आयोगका पूर्वअध्यक्ष डम्बरबहादुर सिंहको नौ बिघा र गजेन्द्रबहादुर खड्काको आठ बिघा ०६४ जेठ ११ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले कब्जा गरे।

मनहर्वा गाविसस्थित श्रीपुर बेलवा टोलमा रहेको गङ्गाबहादुर श्रेष्ठको ३८ बिघा जग्गा, त्यसमा रहेको पोखरी र बगैंचा ०६४ जेठ १३ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले कब्जा गरे।

करैया गाविसमा रहेको कलैया नपाका शालिग्राम अधिकारीको सात बिघा, केदार अधिकारीको १२ बिघा, चन्द्र श्रेष्ठको पाँच बिघा, विश्वनाथ अधिकारीको सात बिघा, रामबालक अधिकारीको साढे तीन बिघा, विनोद अधिकारीको तीन बिघा, मधुसूदन अधिकारीको तीन बिघा, विभु अधिकारीको पाँच बिघा, डिल्ली लम्सालको तीन बिघा, मनोज अधिकारीको पाँच बिघा, मोती भण्डारीको साढे तीन बिघा, बहिदार बाजेको तीन बिघा जग्गा ०६४ जेठ १४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले कब्जा गरे।

भोडहास्थित प्रकाश गौतमको १७ बिघा, रामराजा गौतमको आठ बिघा, उद्धव भट्टराईको मनहर्वा जैतापूरमा रहेको १८ बिघा, वीरेन्द्र केसीको मनहर्वा जैतापुरस्थित १२ बिघा, मनहर्वा धोधास्थित कृष्ण दवाडीको १४ बिघा, रामहरि शर्माको श्रीपुरस्थित १७ बिघा जग्गा ०६४ जेठ १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले कब्जा गरे।

सपही गाविसका भरत भण्डारी र छविलाल उप्रेती चढेको ना.७प. ६८७ नम्बरको मोटरसाइकल, नोकिया मोबाइल एक थान र नगद १६ हजार रुपियाँ ०६४ जेठ १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले सपही गाविसबाट कब्जा गरे।

हरैया गाविस-९ का शिव पराजुलीको सात बिघा जग्गा ०६४ जेठ २४ गते राति मोर्चाका कार्यकर्ताले कब्जा गरे।

काठमाडौं जिल्ला निवासी सुन्दरप्रताप शाह र धीरेन्द्र शाहको बञ्जरिया गाविस-४ मा रहेको बगैंचासहित ४८ बिघा जग्गा ०६४ जेठ २६ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले कब्जा गरे।

फत्तेपुर निवासी श्याम बाजेको इनर्वासिरा गाविसमा रहेको आठ बिघा र कलैया निवासी नीलकण्ठप्रसादको छ बिघा जग्गा ०६४ जेठ ३१ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले कब्जा गरे।

तराई उत्थान सङ्गतबाट

करैया गाविसका श्यामप्रसाद पराजुलीको करैया गाविसमा रहेको आठ बिघा जग्गा ०६४ जेठ १२ गते तराई उत्थान सङ्गतका बरुणको नेतृत्वमा रहेको टोलीले ०६४ जेठ १२ गते कब्जा गऱ्यो।

संरचना/सम्पत्ति क्षति

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था प्लान नेपाल बाराको मोटरसाइकल ०६३ चैत ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले कब्जामा लिए। मोर्चाले ०६३ चैत १२ गते मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा मोटरसाइकल फिर्ता गऱ्यो।

एमालेका पूर्व सांसद पुरुषोत्तम पौडेल र एमाले बाराका जिल्ला सचिव अच्युत मैनालीको कलैया नपा-६ स्थित घरको पर्खालमा ०६४ पुस ८ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले सुतली बाँधेको पटका बम विस्फोट गराए। विस्फोटबाट कुनै क्षति भएन।

लिपनीमाल गाविस-३ स्थित न्यु अनिल टेक्सटाइल्समा ०६४ मङ्सिर १४ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का कार्यकर्ताले सुतली बम

विस्फोट गराए। विस्फोटबाट कारखानाको झ्यालका सिसाहरू फुटे।

तराई उत्थान सङ्गतबाट

कलैया नपा-५ पन्नाबागका प्रकाश आर्चायको घरको कम्पाउण्डमा राखिएको सुतली बम ०६४ पुस ५ गते राति ८ बजे विस्फोट भयो। विस्फोटबाट कुनै क्षति भएन।

कलैया नपा-५ स्थित महिला विकास कार्यालयको बाहिरी पर्खालमा ०६४ पुस ११ गते राति पटका बम विस्फोट भयो। विस्फोटबाट कुनै क्षति भएन।

दोहोरो झडपबाट

सदरमुकाम कलैयामा आठ पार्टीका कार्यकर्ता र मधेसी जनअधिकार फोरमले ०६३ चैत ३ गते कलैया नपा-६ को फरकफरक स्थानमा आमसभा सम्पन्न भएपछि दोहोरो झडप भयो। झडपका क्रममा ३८ जना घाइते भए। सो क्रममा काङ्ग्रेस (प्रजातान्त्रिक) का अध्यक्ष राधेचन्द्र यादवको घरमा रहेका सामानहरू, काङ्ग्रेस, एमाले र नेसपा (आ) का कार्यालयका फर्निचर तथा कागजातहरूलगायत छओटा मोटरसाइकल र १४ ओटा साइकलमा क्षति पुग्यो।

अन्यबाट

कलैया नपा-५ स्थित एमाले जिल्ला पार्टी कार्यालय परिसरमा ०६३ चैत १२ गते राति मोटरसाइकलमा चढी आएका दुई अज्ञात व्यक्तिले दुईओटा सकेट बम विस्फोट गराए। बमको छर्राले पार्टी कार्यालयको पर्खालमा लाग्यो। विस्फोटको जिम्मा नेपाल डिफेन्स आर्मीले लिए पनि पुष्टि हुन सकेन।

२.९ पर्सा

जनसङ्ख्या : ६,०६,९६०
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.): १,३५३
गाविस/नपा सङ्ख्या : ८२/१
सरकारी/निजी विद्यालय : ३३१/२६
क्याम्पस/उच्च मा.वि. : ५/८
अस्पताल/स्वास्थ्य चौकी : २/३८
मोटर सडक (कि. मि.): ३३६
प्रहरी कार्यालय सङ्ख्या : २३
मानव विकास सूचकाङ्क : ०.४४८
प्रतिपरिवार सरदर सङ्ख्या : ७

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

भारत रजौरिया घर भई वीरगञ्ज उमनपा-१५ रानीघाटमा डेरा गरी बस्ने ५० वर्षीय महावीरप्रसाद साहलाई कर्फ्यु उल्लङ्घन गरी रिक्सा चलाएको आरोपमा ०६३ माघ १३ गते सोही ठाउँमा प्रहरीले कुटपिट गऱ्यो। कुटपिटबाट घाइते भएका साहको ०६३ माघ १४ गते राति आफ्नै डेरामा मृत्यु भयो। मृतकको नारायणी उपक्षेत्रीय अस्पतालमा पोस्टमार्टम गरी सोही दिन रानीघाटमा सद्गत गरियो। मृतकका परिवारले क्षतिपूर्तिबापत जिल्ला प्रशासन कार्यालयबाट १० हजार पाए।

झौवागुठी गाविस-९ मथवल निवासी मधेसी जनअधिकार फोरमका कार्यकर्ता ३५ वर्षीय दीपेन्द्र साहको ०६३ माघ २० गते भएको आन्दोलनका क्रममा

पदमरोडस्थित पशु चिकित्सालयनजिक सशस्त्र प्रहरीले चलाएको गोली लागी उपचारार्थ अस्पताल लैजाँदै गर्दा बाटैमा मृत्यु भयो। मृतकको नारायणी उपक्षेत्रीय अस्पतालमा पोर्स्टमाटम गरी सोही दिन केहुनीया खोलामा सद्गत गरियो।

वीरगञ्ज उमनपा-१४ का ३७ वर्षीय वीरवल राउत ०६३ माघ २१ गते वीरगञ्ज उमनपा-१२ घण्टाघरमा मधेसी जनअधिकार फोरम र प्रहरीबीच झडपमा प्रहरीले चलाएको गोली लागी घाइते भए। पीडितलाई उपचारका लागि तत्कालै हेलिकप्टरबाट काठमाडौँ लगिएको थियो। वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराउन गएका उनको उपचारका क्रममा ०६४ जेठ ९ गते मृत्यु भयो। सोही घटनामा वीरगञ्ज उमनपा-१६ राधेमाई निवासी ३४ वर्षीय श्रीनारायण सिंह, २२ वर्षीय राधे साह कानु, १९ वर्षीय राजेश साह, भीमप्रसाद कुशवाह, लोरिक पासवान, मोहताव मियाँ, कमल राउत कुर्मी, साहेव मियाँ, सुरेश राउत, चनु महतो, हिरामन साह कानु, राम क्षेत्री, मुलाउन राय, सञ्जय सिंह, मुन्ना सर्राफ, सुनिल चौहान, माया साह, रमेश पट्टेल, खुर्सेद आलम, प्रह्लाद दास तत्व र चन्द्रिका चौरसिया घाइते भए। घाइतेमध्ये श्रीनारायण सिंह, राजेश साह कानु, मोहताव मिया, प्रह्लाद दास, भीम कुशवाह र लोरिक पासवान काठमाडौँमा र अन्य नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराई घर फर्किए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

वीरगञ्ज उमनपा-५ निवासी नेपाल बैङ्क लिमिटेड आदर्शनगरका कर्मचारी ५० वर्षीय मनोहरकुमार श्रेष्ठलाई मोर्चाका गतिविधिविरुद्ध सुराकी गरेको आरोपमा ०६४ पुस ८ गते मोर्चाका कार्यकर्ताहरूले तरकारी किन्दै गरेको अवस्थामा माईस्थान उत्तर मीनाबजार जाने बाटोमा गोली हानी हत्या गरे। प्रहरीले मृतकको लास नारायणी उपक्षेत्रीय अस्पतालमा पोस्टमार्टम गरी पीडितका परिवारलाई बुझायो। वीरगञ्जस्थित सम्पूर्ण वित्तीय संस्था, सरकारी कार्यालय, सङ्घसंस्थाका कार्मचारीहरूले ०६४ पुस ९ गते रानीघाटमा लासको सद्गत गरे। परिवार तथा कर्मचारीले उनलाई सहिद घोषणा र क्षतिपूर्तिको माग गर्दै सो दिन वीरगञ्ज बन्द गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

महुवन गाविस-३ निवासी काङ्ग्रेस महाधिवेशन प्रतिनिधि ४० वर्षीय फूलचन साहको ०६४ भदौ ८ गते तराई जनतान्त्रिक मुक्ति मोर्चा (ज्वाला सिंह) का पर्सा कमाण्डर चौहान सिंहको नेतृत्वमा रहेको टोलीले मोर्चाको गतिविधिका विरुद्ध लागेको आरोपमा रामनगरी र महुवनबीच सडक खण्डमा गोली हानी हत्या गऱ्यो। मृतकको लास पोस्टमार्टमपछि भदौ ९ गते प्रहरीले परिवारलाई बुझायो।

बिरुवागुठी गाविस-१ निवासी २७ वर्षीय वीरबहादुर सुब्बा थिङ्गलाई मोर्चाका कार्यकर्ता मारेको आरोपमा ०६४ पुस १० गते मोर्चाका कार्यकर्ताहरूले बिरुवागुठीबाट नियन्त्रणमा लिई हरपुरमा पुऱ्याई दायाँ पिठ्यूँमा गोली प्रहार गरी घाइते बनाए। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि चितवन जिल्ला भरतपुर अस्पतालमा लगिएकामा आठ दिनपछि मृत्यु भयो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

वीरगञ्ज उमनपा-१९ नगवा निवासी ३४ वर्षीय दिनेश साह, २६ वर्षीय काशी मुखिया, २२ वर्षीय महमद सिरु, २८ वर्षीय राजेश्वर पट्टेल, २६ वर्षीय रमेशप्रसाद कुशवाह ०६३ माघ १२ गते प्रहरी इन्स्पेक्टर ईश्वर कार्कीको कमाण्डमा खटिएको प्रहरीको टोलीले वीरगञ्ज उमनपा-१९ नगवामा चलाएको गोली लागी घाइते भए। मधेसी जनअधिकार फोरमले आयोजना गरेको विरोध प्रदर्शनका क्रममा फोरमका कार्यकर्ताले कर्फ्युको अवज्ञा गर्दै असई विष्णु थापाको पेस्तोल र प्रहरी हवल्दार सिद्धबहादुर श्रेष्ठको थ्री नट थ्री राइफल खोसेपछि दोहोरो झडप हुँदा प्रहरीले गोली चलाएको थियो। सो घटनामा मधेसी जनअधिकार फोरमका कार्यकर्ताको ढुङ्गा प्रहारबाट इन्स्पेक्टर ईश्वर कार्कीसहित नौजना प्रहरी घाइते भए। घाइते सबैको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

बारा जिल्ला परवानीपुर गाविस-६ निवासी ३५ वर्षीय नगिना पासवान, वीरगञ्ज उमनपा-१९ नगवा निवासी २१ वर्षीय रामभरोस राउत, राजेशकुमार, राहुलकुमार झा, राजकुमार गुप्ता, वीरेन्द्रप्रसाद गुप्ता, सन्तोष सर्राफ, हरिओमप्रसाद, रामबाबु गुप्ता, बृजकिशोर गुप्ता, कालिम सर्राफ, राजु साह कानु, प्रयाग ठाकुर, रामप्रवेश राय, गगनदेव साह, भुवनकुमार पट्टेल, ध्रुवप्रसाद सोनार, इन्द्रकान्त दास, रमेश सर्राफ र मजाइर अन्सारी ०६३ माघ १९ गते सशस्त्र प्रहरीले चलाएको गोली लागी वीरगञ्ज उमनपा-१६, अदालत रोड, सोही उमनपा-१९ बसपार्क र नगवामा घाइते भए। मधेसी जनअधिकार फोरमले

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	१६	१८	३		३०				३	३			३
घाइते	१८	३४	३	६	३३				९	६४	३		६६
गिरफ्तारी/यातना									३	३			३
कुटपिट	३	४			४				६	१३	४		१७
धम्की	३	३			३								
भेला/सङ्गठित हुने अधिकार									३	६		४७	५३
महिलाअधिकार	३		१०		१०								
बालअधिकार	५		७		७								
अपहरण	१५	१५			१५	३	३	३					
जम्मा	६३	६३	३१	६	९०	३	३	३	३३	८९	६	४७	१४३

आयोजना गरेको विरोध प्रदर्शनका क्रममा फोरमका कार्यकर्ताले कर्फ्युको अवज्ञा गर्दै ढुङ्गामुढा गरेपछि प्रहरीले गोली चलाएको थियो। सो घटनामा फोरमका कार्यकर्ताको ढुङ्गा प्रहारबाट सशस्त्र प्रहरीका इन्स्पेक्टर गौतम मिश्रसहित ११ जना प्रहरी घाइते भए। घाइते भएका फोरमका कार्यकर्ताहरू नगिना पासवान, राजेन्द्र चौरसिया र राम भरोस राउतलाई उपचारका लागि हेलिकप्टरबाट काठमाडौंको वीर अस्पताल लगियो भने अन्यको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। घाइतेहरू उपचारपछि घर फर्किए।

वीरगञ्ज उमनपा-१४ मुर्ली निवासी ३७ वर्षीय चन्देश्वर राउत, ३१ वर्षीय जगतमोहन कुशवाह, कुवेर सिंह, अञ्जलीकुमार शर्मा, रमेशकुमार महतो, वीरगञ्ज उमनपा-१९ नगवा निवासी २७ वर्षीय रामआषिश पण्डित, सञ्जय साह, नरेशकुमार सोनी, नरेश साह, रञ्जित राउत, मनुर आलम, परम यादव, विजय साह, वीरगञ्ज उमनपा-१६ पावरहाउस निवासी २१ वर्षीय रूपनारायण मिश्र, चन्द्रिका पट्टेल, रञ्जित सिंह, जौवाद अन्सारी र रवीन्द्र यादव ०६३ माघ २० गते सशस्त्र प्रहरीले चलाएको गोली लागी वीरगञ्ज उमनपा-१६, अलालत रोड, सोही उमनपा-१९ बसपार्क र नगवामा घाइते भए। मधेसी जनअधिकार फोरमले आयोजना गरेको विरोध प्रदर्शनका क्रममा फोरमका कार्यकर्ताले कर्फ्युको अवज्ञा गर्दै ढुङ्गामुढा गरेपछि प्रहरीले गोली चलाएको थियो। सो क्रममा फोरमका कार्यकर्ताको ढुङ्गा प्रहारबाट सशस्त्र प्रहरीका असई जितबहादुर आलेलगायत अन्य सात जना प्रहरी घाइते भए। घाइतेमध्ये रामआशिष पण्डित, सञ्जय साह, चन्देश्वर राउत र रञ्जित राउतलाई उपचारका लागि सोही दिन हेलिकप्टरबाट काठमाडौंको वीर अस्पताल लगियो भने अन्यको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। घाइतेहरू उपचारपछि घर फर्किए।

वीरगञ्ज उमनपा-१६ राधेमाई निवासी ३४ वर्षीया श्रीनारायण सिंह, २२ वर्षीय राधे साह कानु, १९ वर्षीय राजेश साह, भीमप्रसाद कुशवाह, लोरिक पासवान, मोहताव मियाँ, कमल राउत कुर्मी, साहेब मियाँ, सुरेश राउत, चनु महतो, हीरामन साह कानु, राम क्षेत्री, मुलाउन राय, सञ्जय सिंह, मुन्ना सर्राफ, सुनिल चौहान, माया साह, रमेश पट्टेल, खुर्सेद आलम, प्रहलाद दास तत्वा र चन्द्रिका चौरसिया ०६३ माघ २१ गते वीरगञ्ज उमनपा-१२ घण्टाघरमा प्रहरीले चलाएको गोली लागी घाइते भए। घाइतेमध्ये श्रीनारायण सिंह, राजेश साह कानु, मोहताव मिया, प्रहल्लाद दास, भीम कुशवाह र लोरिक पासवान काठमाडौंमा र अन्य नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराई घर फर्किए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

वीरगञ्ज उमनपा-१७ पिपरा निवासी ४४ वर्षीय रामजीप्रसाद कुम्हाललाई जग्गाको विषयमा विवाद हुँदा ०६४ जेठ २१ गते जनतान्त्रिक तराई मुक्ति

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	जतमुमो (ज्वाला सिंह) बाट			जतमुमो (गोइत) बाट			मधेसी जनअधिकार फोरमबाट		
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	२	२	२	१	१	१	१	१	१
घाइते	३	३	३						
कुटपिट							३	४	४
धम्की	२	२	२						
अपहरण	१	१	१						
जम्मा	८	८	८	१	१	१	४	५	५

मोर्चा (ज्वाला सिंह) का पर्सा संयोजक आषीश सिंह भनिने अजयकुमार प्रजापतिले वीरगञ्ज उमनपा-१७ पिपरामा गोली हाली घाइते बनाए। पाखुरामा गोली लागेका पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। पीडक हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

विरुवागुठी गाविस-७ स्थित आमादेवी भूपू सैनिक स्कुलका प्रिन्सिपल ३६ वर्षीय महेन्द्र तामाङलाई चन्दा दिन अस्वीकार गरेको आरोपमा ०६४ साउन ३१ गते अशोक ठाकुरको कमाण्डमा खटिएको मोर्चाका कार्यकर्ताहरूले विद्यालय परिसरबाहिर कोखामा गोली प्रहार गरी घाइते बनाए। सो घटनाको स्थानीयवासीले प्रतिकार गर्दा मोर्चाका कार्यकर्ता बगही गाविस-९ निवासी सञ्जय पट्टेल र विरुवागुठी गाविस-४ निवासी मेथुन पट्टेलको मृत्यु भयो। घटनास्थलमा तत्कालै पुगेको प्रहरीको टोलीले लालपर्सा गाविस-३ का पन्नालाल साह र अशोक ठाकुरलाई गिरफ्तार गऱ्यो। घाइते तामाङको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार हुन नसकेपछि थप उपचार काठमाडौँमा भयो।

वीरगञ्ज उमनपा-१४ नुनियाटोला निवासी २६ वर्षीय विक्रम महतो ०६४ भदौ २१ गते मोर्चाका कार्यकर्ताले वीरगञ्ज उमनपा-१६, श्रीपुर मेनरोड सुरेश आयलअगाडि सुतली बम विस्फोट गराउँदा घाइते भए। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

तराई आर्मीबाट

वीरगञ्ज उमनपा-१० गहवा निवासी ३७ वर्षीय दिनेश राम, ३१ वर्षीय प्रभु राम, ३५ वर्षीय राजेश राम, ४१ वर्षीय दशरथ राम र मैनपुर निवासी २९ वर्षीय प्रभु चमार ०६४ कात्तिक १५ गते तराई आर्मीका कार्यकर्ताले वीरगञ्ज उमनपा-१० घण्टाघरमा प्रेसर कुकर बम विस्फोट गराउँदा घाइते भए। पीडितहरू नारायणी उपक्षेत्रीय अस्पतालमा उपचारपछि घर फर्के।

नेपाल डिफेन्स आर्मीबाट

वीरगञ्ज उमनपा-१६ राधेमाई टोलस्थित ग्रेस बालगृहका १५ वर्षीय मुर्कुश क्षेत्री ०६४ वैशाख १२ गते नेपाल डिफ्रेन्स आर्मीले बालगृहभित्र फ्याँकेको सुतली बम विस्फोट हुँदा छर्राले दाहिने खुट्टामा लागी घाइते भए। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

जेल र बन्दीहरू

'क' श्रेणीमा पर्ने जिल्ला कारागारको कुल बन्दी क्षमता १ हजार ५ सय रहेको छ। यस वर्षको अन्त्यमा कैद तोकिएका ३ सय ३२ पुरुष र २४ महिला बन्दी रहे भने कैद नतोकिएका २ सय २५ पुरुष र १० महिला थुनुवा गरी जम्मा ५ सय ९१ बन्दी तथा थुनुवा रहेका छन्, जसमा एक बालिका र तीन बालक छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

गणतान्त्रिक राष्ट्रिय मधेसी मोर्चाका महासचिव ३२ वर्षीय गोपालप्रसाद कुर्मीलाई नागरिकहरूको

सशस्त्र प्रहरीको गोलीबाट मारिएका दीपेन्द्र साह तेली

अपहरणमा संलग्न रहेको आरोपमा ०६३ फागुन ८ गते माओवादी कार्यकर्ताले वीरगञ्ज उमनपा-१२ मेनरोडबाट अपहरण गरे। माओवादीका अन्तरिम व्यवस्थापिका-सदस्य रामश्रय रामको नेतृत्वमा ०६३ फागुन ९ गते अच्छेलाल साह अपहरण काण्डमा कारवाही गरिनुपर्ने दबाब दिँदै अपहरित कुर्मीलाई जिल्ला प्रहरी कार्यालय पर्सामा फागुन ९ गते बुझाएका हुन्। प्रहरीले छानबिन गरी ०६३ फागुन १२ गते पीडितलाई रिहा गऱ्यो।

वीरगञ्ज उमनपा-१४ श्रीपुरस्थित श्रम कार्यालयका कर्मचारी २८ वर्षीय हरि अर्याल र २४ वर्षीय जीवन श्रेष्ठलाई घूस लिएको आरोपमा ०६३ फागुन १४ गते दिउँसो माओवादीनिकट नेपाल ट्रेड युनियन महासङ्घका कार्यकर्ताहरूले कार्यालयबाट अपहरण गरे। पीडित सोही दिन बेलुका अपहरण मुक्त भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

वीरगञ्ज गुठी संस्थानका कर्मचारी ३१ वर्षीय भगवान राउतलाई ०६४ मङ्सिर ६ गते मोर्चाका कार्यकर्ताहरूले सरजाह गाविस-३ कटिमठबाट अपहरण गरे। इलाका प्रहरी कार्यालय पोखरियाको गस्ती टोलीले ०६४ मङ्सिर ७ गते मुडली गाविस-१ खोला किनारबाट पीडितलाई अपहरण मुक्त गऱ्यो।

धम्की/कुटपिट

राज्यबाट

वीरगञ्ज उमनपा-१० निवासी *जनप्रतिविम्ब* दैनिकका संवाददाता २० वर्षीय सुभासकुमार राम, वीरगञ्ज उमनपा-१३ निवासी *सत्यसन्देश* दैनिकका संवाददाता ३१ वर्षीया अमित अग्रवाल र वीरगञ्ज उमनपा-१० निवासी *देशकी आवाज* दैनिकका संवाददाता ३३ वर्षीय सीताराम चौधरीलाई कर्फ्यु आदेशको अवज्ञा गरेको आरोपमा ०६३ माघ १४ गते प्रहरीले वीरगञ्ज उमनपा-१२, घण्टाघरमा कर्फ्यु पास देखाउँदा देखाउँदै कुटपिट गरे। पीडितहरू नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरी फर्के।

वीरगञ्ज उमनपा-१६ बहुअरीकी २७ वर्षीया सीता देवीलाई मधेसी जनअधिकार फोरमको आह्वानमा भएको प्रदर्शनका सहभागीलाई घरमा लुकाएको आरोपमा ०६३ माघ १४ गते प्रहरीले घरमा प्रवेश गरी कुटपिट गऱ्यो। पीडित नारायणी उपक्षत्रीय अस्पतालमा उपचारपछि घर फर्किन्।

वीरगञ्ज उमनपा-५ निवासी फोटो पत्रकार २७ वर्षीय नितेश माथेमा, सोही उमनपा-१४ का फोटो पत्रकार राम सर्राफ र *पर्सा एक्सप्रेस* दैनिकका प्रकाशक/सम्पादक दिलीप प्रधान, *प्रतीक* दैनिकका पवन तिवारी र रितेश त्रिपाठीले मधेसी जनअधिकार फोरमको आन्दोलनका क्रममा प्रहरीविरुद्ध समाचार सम्प्रेषण गर्न प्रहरीको मात्र फोटो खिचेको आरोपमा ०६३ माघ १९ गते प्रहरीले वीरगञ्ज उमनपा-१९ नयाँ बसपार्क र वीरगञ्ज उमनपा-१२ जिल्ला प्रशासन कार्यालयअगाडि कुटपिट गरे। हातखुट्टा र पिठ्यूँमा चोट लागेका घाइते पत्रकारहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा-१४ मुर्लीका ४७ वर्षीया तिलेश्वरीदेवी, ३६ वर्षीया गिरिजादेवी र २७ वर्षीया दुर्गादेवीले मधेसी जनअधिकार फोरमको आह्वानमा भएको प्रदर्शनका सहभागीलाई घरमा लुकाएको आरोपमा ०६३ माघ २० गते प्रहरीले उनीहरूको घरमा प्रवेश गरी कुटपिट गरे। घाइतेहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

प्रहरीको कुटपिटबाट घाइते भई उपचारका क्रममा मृत्यु भएका महावीरप्रसाद साह

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

वीरगञ्ज उमनपा-१४ को *नारायणी एफएम*, वीरगञ्ज उमनपा-१० को *गढीमाई एफएम*, वीरगञ्ज उमनपा-१४ को *इन्द्रेणी एफएम* र वीरगञ्ज उमनपा-१५ को *रेडियो वीरगञ्ज*लाई ०६४ असार २० गते मोर्चाका पर्सा संयोजक विप्लवको नामबाट फ्याक्समार्फत मोर्चाका समाचार सम्प्रेषणमा उदासीनता वा पक्षपातपूर्ण रवैया अपनाइएमा भौतिक कारबाही गरिने धम्की दिइयो।

फ्याक्समा काङ्ग्रेस पर्साका सभापति राजेन्द्रबहादुर अमात्यको बहुअरी पिडारीमा रहेको १० बिघा जग्गा कब्जा गरेको दाबीसहितको समाचार समावेश थियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

वीरगञ्ज उमनपा-१० गहवाका नेपाल पत्रकार महासङ्घ पर्साका उपसभापति ३८ वर्षीय गोपालराज देवकोटासँग चन्दा माग गर्दै ०६४ वैशाख ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले फोन गरी चन्दा नदिए मार्ने धम्की दिए।

वीरगञ्जबाट प्रकाशित *सत्य सन्देश* दैनिकका प्रकाशक एवम् सम्पादक ४९ वर्षीय विजय तिवारीलाई ०६४ असोज २७ गते मोर्चाका कार्यकर्ता आकाशले फोनबाट २० हजार रुपियाँ चन्दा सहयोग माग गर्दै नदिए मार्ने धम्की दिए। यस घटनाको नेपाल पत्रकार महासङ्घ पर्सा शाखाले भर्त्सना गऱ्यो।

मधेसी जनअधिकार फोरमबाट

नेपाल फोटो पत्रकार समूह पर्साका महासचिव ३२ वर्षीय राम सर्राफले नारायणी उपक्षेत्रीय अस्पतालका चिकित्सक रवीन्द्र सिंहलाई फोरमका कार्यकर्ताहरूले गरेको दुर्व्यवहारको विरोध गर्दा ०६३ माघ १४ गते उनीहरूले वीरगञ्ज उमनपा-१० घण्टाघरमा कुटपिट गरे। छातीमा गम्भीर चोट लागेका उनी नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराई घर फर्किए।

काङ्ग्रेस पर्साका सभापति ५१ वर्षीय राजेन्द्रबहादुर अमात्य र उनका सुरक्षागार्ड ३२ वर्षीय ज्ञानबहादुर राईलाई ०६३ चैत २ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले वीरगञ्ज उमनपा-११ माईस्थान काङ्ग्रेस पार्टी कार्यालयअगाडि कुटपिट गरी घाइते बनाए। घाइते राई एएमसी अस्पतालमा उपचार गराई घर फर्किए।

गैरकानुनी गिरफ्तारी

वीरगञ्ज उमनपा-६ कुम्हालटोलका पूर्व नगरप्रमुख ५९ वर्षीय विमलप्रसाद श्रीवास्तवलाई मधेसी आन्दोलन भड्काएको आरोपमा ०६३ माघ १९ गते प्रहरीले घरबाटै बिनापूर्जी गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालय पर्सामा निवारण नजरबन्दमा राखिएका उनलाई पुनरावेदन अदालत हेटौँडाको आदेशमा ०६३ माघ २६ गते रिहा गरियो।

प्रहरीको गोली लागी घाइते भएका नगिना पासवान

प्रहरीको गोली लागी घाइते भएका राजेन्द्र चौधरी

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मधेसी जनअधिकार फोरमको आह्वानमा वीरगञ्ज-रक्सौल सिमाना मितेरी पुलमा नाकाबन्दी गरी रिले अनशनमा बसेका मधेसी जनअधिकार फोरमका उपाध्यक्ष वीरेन्द्र यादव, कोषाध्यक्ष सुधीरनाथ पाण्डे, सदस्य राजेशकुमारलगायत १७ जनालाई ०६३ फागुन २४ गते राति प्रहरीले गिरफ्तार गरी ०६३ फागुन २५ गते जिल्ला प्रहरी कार्यालय पर्साबाट रिहा गऱ्यो।

फोरमको आह्वानमा वीरगञ्ज रक्सौल सिमाना मितेरी पुलमा नाकाबन्दी गरी रिले अनशनमा बसेका फोरमका केन्द्रीय सदस्य रामबाबु यादवलगायत ३५ जनालाई ०६३ चैत १ गते प्रहरीले सोही स्थानबाट गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालय वीरगञ्जबाट रिहा गऱ्यो।

मधेसी जनअधिकार फोरमको आन्दोलनका क्रममा ०६३ माघ ८ गते वीरगञ्जमा निकालिएको जुलुसमा प्रहरीले वीरगञ्ज उमनपा-१३ आदर्शनगरमा लाठीचार्ज गर्दा मधेसी विद्यार्थी फ्रण्टका बद्री झाको टाउकोमा चोट लागी घाइते भएकामा उनको एएमसी अस्पतालमा उपचार गराइयो।

मधेसी जनअधिकार फोरमको आन्दोलनका क्रममा ०६३ माघ १३ गते वीरगञ्ज उमनपा-१९ नगवामा निकालिएको जुलुसमा प्रहरीले लाठीचार्ज गर्दा तिरुमिया धुनियाको टाउकोमा चोट लागी घाइते भएकामा उनको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

मधेसी जनअधिकार फोरमका

कार्यकर्ताहरूले ०६३ माघ १४ गते वीरगञ्जको गण्डक प्रहरी पोस्टमा आगजनी गरेको आरोपमा प्रहरीले वीरगञ्ज उमनपा-१६ गण्डकमा लाठीचार्ज गर्दा फोरमका श्रीराम महतो, अमित कुशवाह, अनिरुद्र यादव, सोमी पटेल, मोहन पटेल घाइते भएकामा उनीहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराइयो।

मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले बसपार्कस्थित (सीता लामा) एक होटलमा आगजनी गरेको आरोपमा ०६३ माघ १६ गते प्रहरीले वीरगञ्ज उमनपा-१९ बसपार्कमा लाठीचार्ज गर्दा फोरमका महेन्द्र साहको टाउको र किसनलाल साहको खुट्टामा चोट लागी घाइते भएकामा उनीहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराइयो।

फोरमका कार्यकर्ताहरूले तीर्थयात्री लिएर भारततर्फ जाँदै गरेको ना.२ख. २२३७ नम्बरको बसमाथि आक्रमण गरेको आरोपमा ०६३ चैत २ गते प्रहरीले वीरगञ्ज उमनपा-१२ घण्टाघरमा लाठीचार्ज गर्दा फोरमका उमाशङ्कर गुप्ता, अजयकुमार साह, मनोजकुमार राम, मनोज कर्ण, सीताराम प्रसाद, रवीन्द्र गोयल, लालबाबु शर्मा र सुरेश मण्डल घाइते भएकामा उनीहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराइयो।

फोरमका कार्यकर्ताहरूले भन्सार एरियामा पार्किङ्गमा रहेका गाडी तोडफोड गरेको आरोपमा ०६३ चैत २ गते प्रहरीले वीरगञ्ज उमनपा-२ भन्सार एरियामा लाठीचार्ज गर्दा फोरमका वीरेन्द्र यादव, अञ्जली शर्मा, राकेश पटेल, प्रल्लादप्रसाद साह घाइते भएकामा उनीहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियाँवादी फौजदारी गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ११ थान मुद्दामध्ये १ सय ५६ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ३ सय ४७ थान मुद्दामध्ये १ सय ९५ थान फर्स्यौट भए।

यसैगरी, सरकारवादी फौजदारीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ३३ थान मुद्दामध्ये २० थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १ सय ३ थान मुद्दामध्ये ५७ थान फर्स्यौट भए।

देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका २ सय ३६ थान मुद्दामध्ये १ सय ५५ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १ हजार ३ सय २८ थान मुद्दामध्ये ४ सय ३३ थान मुद्दा फर्स्यौट भए।

यस वर्षको अन्त्यसम्म जम्मा १ हजार २ सय ४२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

वीरगञ्ज उमनपा-१३ आदर्शनगरकी २५ वर्षीया एक महिलालाई ०६४ जेठ ३ गते उनका पति रमेश रायले इच्छाविपरीत यौन सम्पर्क गर्न नमान्दा गुप्ताङ्गमा तेजाब खन्याएर घाइते बनाए। पीडित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराई घर फर्किन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

वीरगञ्ज उमनपा-१५ स्थित *रेडियो वीरगञ्ज*मा आफ्नो पक्षमा समाचार सम्प्रेषण नगरेको आरोपमा ०६३ माघ १३ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले तोडफोड गरे। तोडफोडबाट तीनओटा मोटरसाइकल, कार्यालयका सिसाहरूमा क्षति पुग्यो। रेडियोले ३ लाख बराबरको क्षति भएको जनायो। रेडियोले क्षतिपूर्ति पाएन।

मधेसी जनअधिकार फोरमको आन्दोलनका क्रममा ०६३ माघ २३ गते फोरमका कार्यकर्ताहरूले कोष तथा लेखा नियन्त्रणको कार्यालय, वन कार्यालय, सडक विभाग, मालपोत कार्यालयमा आगजनी गर्दा लगभग १ करोड ३० लाख बराबरको क्षति भयो।

२.१० चितवन

जनसङ्ख्या : ५,७५,०५८
साक्षरता प्रतिशत : ७५
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : २,२१८
गाविस/नपा सङ्ख्या : ३६/२
सरकारी/निजी विद्यालय : ४८३/११७
क्याम्पस/उच्च मा.वि. : ६/४१
अस्पताल/स्वास्थ्य चौकी : ५/४२
मोटर सडक (कि. मि.) : ७९८
प्रहरी कार्यालय सङ्ख्या : २७
मानव विकास सूचकाङ्क : ०.५१८
प्रतिपरिवार सरदर सङ्ख्या : ५

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे विस्फोटक पदार्थबाट

कविलास गाविस-९ कुसुमटार निवासी ४० वर्षीय लीलामान तामाङ ०६३ फागुन २८ गते दिउँसो घरछेउको वनमा तारजाली लगाउँदा विस्फोट भई घाइते भए। उनको देब्रे हातको औंला पूरै क्षति, देब्रे गोडाको नलीहाड भाँच्चिएको र आँखामा छर्रा लागेको थियो। पीडितको वीर अस्पताल काठमाडौंमा उपचार भयो।

लोथर गाविस-९ निवासी २४ वर्षीय आनन्द प्रजा ०६४ साउन ७ गते दिउँसो घरनजिकै जङ्गलमा घाँस काट्न जाँदा बेवारिसे सकेटबम विस्फोट हुँदा घाइते भए। नयाँ चीज के रहेछ भनेर दायाँ हातले उठाउँदा सो बम विस्फोट भई दायाँ हातको बीचको तीन औंला झरेको र बायाँ आँखामा छर्रा लाग्यो। पीडितको महेन्द्र आदर्श चिकित्सालयमा भरतपुरमा उपचार भयो।

जेल र बन्दीहरू

'घ' श्रेणीको कारागार शाखा भरतपुर १ सय २५ जनाको प्रस्तावित क्षमता भए पनि त्यसमा २ सय ८४ जना बन्दी, आश्रित दुई बालक र तीन बालिकासमेत २ सय ८९ जना छन्। कैद तोकिएका पुरुष ८४ र महिला दुई गरी ८६ जना र कैद नतोकिएका पुरुष १ सय ७५ र महिला १५ गरी १ सय ९० जना छन्। यस कारागारमा खानेपानीका लागि ट्युबेल चार, रेडक्रसले बनाएका १० हजार लिटर क्षमताको खानेपानी ट्याङ्की र नवजीवन चर्चद्वारा दिइएको १० लिटरको १४ थान फिल्टरको व्यवस्था रहेको छ। तर, क्षमताभन्दा दोब्बर बढी बन्दी भएको बेला बन्दीहरूले बरण्डाबाहिर, चर्पी र नालानजिक उभिएर वर्षातको समयमा आधा शरीर पानीले भिजाएर खाना बनाउनु, खानु र सुत्नुसमेत बाध्यता हुने गरेको छ। ट्याङ्कीको पानी अपुग हुँदा कलधाराको स्तरहीन पानीसमेत पिउनुपर्ने र अत्यधिक गर्मीका बेला चर्पी र नालाको दुर्गन्धमा बस्नु पर्दछ। गैँडा चोरी सिकारी अभियोग लामो समय मुद्दाको किनारा नलाग्ने, अदालतमा हुने सुनुवाइमा समेत विलम्ब हुने र हिरासतमा शारीरिक तथा मानसिक यातना दिने गरेको बन्दीहरू बताउँछन्। क्यान्सरजस्ता गम्भीर बिरामीबाट अन्तिम अवस्थामा पुगेका असक्तहरूको स्याहारसुसार गर्ने जनशक्तिको अभावमा त्यस्ता बन्दीहरूले मानसिक पीडा भोग्नुपर्ने, अन्य बन्दीहरू र कारागार प्रशासनले अनावश्यक झन्झट बेहोर्नु परेको छ। पुरानो बन्दीगृहको छत जीर्ण भइसकेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

काठमाडौँ जिल्ला, काठमाण्डौ मनपा-९ बत्तीसपुतली निवासी खगेन्द्र भुसाल, विश्व गुरुङ, होम लामा र सिन्धुपाल्चोक जिल्ला नवलपुर गाविस-४ निवासी फूलबहादुर लामालाई ०६३ फागुन १८ गते ठगी गरेको आरोपमा माओवादीको एक समूहले भरतपुर नपा-५ लड्कुबाट अपहरण गऱ्यो। सोही ठाउँ निवासी विष्णु सापकोटालाई पक्राउ गर्न गएको प्रहरीलाई मुद्दाको छानबिन आफैँ गर्ने भन्दै माओवादीले फर्काइदिए। उनीहरूलाई स्थानीय बासिन्दाहरूले छानबिनका लागि बुझाएको र दुवै पक्षको सहमतिमा उनीहरूलाई ०६४ फागुन २२ गते मुक्त गरिएको माओवादी जिल्ला इन्चार्ज पथिकले बताए।

शक्तिखोर गाविस-९ निवासी १९ वर्षीय वीरेन्द्र अधिकारी र जुटपानी गाविस-३ निवासी २० वर्षीय कृष्णप्रसाद पौडेललाई माओवादीको गाडी जलाएको र

विरोधको नेतृत्व गरेको भन्दै ०६४ जेठ २ गते साँझ माओवादी जनसेनाले अपहरण गरे। पीडितहरूलाई जेठ ३ गते शिविरभित्र माओवादीका सेनाले लाठीले पिटेको र बेलनाले बेलेकाले तिघ्रा, घुँडा र पिँडुलामा नीलडाम परेको पीडितले बताए।

मेघौली गाविस-३ पहाडिया जीतपुर निवासी ४५ वर्षीय डिल्लीराम चौधरीलाई ०६४ कात्तिक १५ गते दिउँसो माओवादीका दुई कार्यकर्ताले लेनदेन कारोबारको विषयमा उनलाई घरबाट अपहरण गरे। आर्थिक कारोबार नमिलेसम्म उनीसँग भएको ट्रयाक्टर, ५० हजार रुपियाँ तथा चार कठ्ठा जग्गा बेचबिखन गर्न नपाउने सर्तमा कात्तिक १६ गते उनलाई मुक्त गरिएको पीडितले बताए। खैरहनी गाविस-८ फसेरा निवासी रत्नलाल चौधरीले लेनदेनको विषयमा माओवादीलाई उजुरी गरेका थिए।

वाईसीएलबाट

बघौडा गाविस-१ सिधवा निवासी देवीस्थान राप्राविका शिक्षक ३५ वर्षीय तुलाराम महतोलाई ०६४ भदौ १२ गते वाईसीएलका कार्यकर्ताहरूले सोही गाविस-२ भूतिया खोलाबाट अपहरण गरे। उनका भाइ २९ वर्षीय राजकान्त महतोलाई सोही दिन अपरान्ह दाजुका बारेमा सोधपुछ गर्न जाँदा भरतपुर नपा–७ स्थित वाईसीएलको तीन नं. क्षेत्रीय कार्यालयमा राखे। उनीहरूलाई दुई दिनसम्म सोही कार्यालयमा हाजिर हुन लगाएर उनका बाबु ५६ वर्षीय हठन महतोलाई समेत छलफलका लागि बोलाएर राजकान्तलाई भने मुक्त गरे। इन्सेक जिल्ला प्रतिनिधिसहित मानवअधिकारकर्मी र पत्रकारको टोलीले भदौ १५ गते दुवैलाई भेटेपछि माओवादीका चितवन इञ्चार्ज पथिकसँग छलफल गरी उनीहरूलाई सोही साँझ जिल्ला प्रहरीमा बुझाइएकोमा १६ गते बिहान रिहा गरिए।

पिप्ले गाविस-५ निवासी २१ वर्षीय चिरण पाठक, सोही ठाउँ निवासी २२ वर्षीय मुनबहादुर कार्की र २४ वर्षीय भरत डल्लाकोटीलाई ०६४ भदौ १६ गते हतियार देखाएर माओवादीको विरोध गरेको आरोपमा वाईसीएलका कार्यकर्ताहरूले अपहरण गरे। पाठकलाई प्रतीक्षालयबाट, कार्की र डल्लाकोटीलाई घरैबाट अपहरण गरी भण्डारातर्फ लान थालेपछि स्थानीय बासिन्दाले महेन्द्र राजमार्ग जाम गरेका थिए। उनीहरूलाई भण्डारा-९ डडुवाबाट मुक्त गरियो। कुटपिटबाट भरत डल्लाकोटीको अनुहारमा नीलडाम परेको थियो।

हेटौँडा नपा-१० सहमिलटोल निवासी ३८ वर्षीय वसन्त शाक्यलाई ठगी गरेको आरोपमा ०६४ कात्तिक २२ गते माओवादीले अपहरण गरी नौ दिनसम्म भरतपुर नपा-७ कृष्णपुरस्थित वाईसीएलको कार्यालयमा राखेर सोधपुछ गरी कात्तिक २९ गते जिल्ला प्रहरीमा बुझाए। शाक्यलाई प्रहरीले कात्तिक ३० गते मकवानपुर जिल्ला प्रहरीलाई हस्तान्तरण गर्न खोजे पनि उनकी पत्नी तथा पैसा ठगिएका पीडितहरूको अनुरोधमा उनलाई छ दिनपछि हिमराइट्सका मध्यमाञ्चल संयोजक प्रेम दाहालको रोहबरमा शाक्यकी पत्नी ३३ वर्षीय सविता शाक्यको जिम्मामा मङ्सिर ६ गते मुक्त गरियो।

धम्की/कुटपिट

राज्यबाट

अयोध्यापुरी गाविस–९ निवासी रमेश ठकुरी, यमराज दुरा, तेजमान दुरा र सुन्दर दुरालाई ०६४ असोज ४ गते पुरानो गोरखगणअन्तर्गतको बगाइ पोस्टका इञ्चार्ज लेफ्टिनेन्ट कन्वेन्द्र सिंह रानाभाटसमेत छ/सात जनाले सोही वडाको गोविन्द बस्तीमा कुटपिट गरे। रमेशको मुख, पिठ्यूँ र गोडामा चोट लागेको थियो। उनको वसन्तपुर हेल्थपोस्टमा उपचार भयो। पीडित रमेश ठकुरीसमेतले ०६४ असोज ५ गते इलाका प्रहरी कार्यालय वसन्तपुरमा जाहेरी दिएपछि मेजर आफैँ गाउँमा उपस्थित भएर स्थानीय बासिन्दासँग लिखित रूपमा क्षमा मागे। सोही ठाउँमा डेरा गरी बसेका सेनाका एक परिवारलाई ०६४ असोज ५ गते स्थानीय बासिन्दाले कुटपिट गरेका कारण विस्थापित हुनुपरेको सो गणका मेजर विशाल साहले बताए।

माओवादीबाट

बछौली गाविस-२ का २५ वर्षीय मन्दलाल तामाङलाई ०६३ माघ ५ गते अघिल्लो दिन विवाद भई सीताराम चौधरीलाई कुटेकामा विवाद मिलाउन गएका माओवादीका इलाका इञ्चार्ज राजु बराल क्षितिज र थारु मुक्ति मोर्चा बछौलीका अध्यक्ष जोगेन्द्र चौधरीले सौराहस्थित गोर्खा ह्यामलेट होटलमा कुटपिट गरे। पीडितको नाक र मुखमा चोट लागेको थियो।

खैरहनी गाविस-४ पर्सा निवासी ४२ वर्षीय कमला श्रेष्ठलाई ०६४ असोज २५ गते माओवादीका कार्यकर्ताहरूले सो पार्टीको लेटरप्याड र छाप दुरुपयोग गरेको भन्दै मोसो दलेर जुत्ताको माला लगाई पर्सा बजार घुमाए।

अन्यबाट

भरतपुर नपा-१ पोखरा बसपार्क निवासी

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित		
	अन्यबाट					माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१	१			१								
घाइते	२	२			२								
कुटपिट	५	६			६	५	३	२		५	२	५	५
धम्की	२	२			२	५	५	२		६	२	२	२
महिलाअधिकार	३१		३३		३३								
बालअधिकार	१५		१४	२	१६								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	३६			३६	५	३		२	५			
अमानवीय व्यवहार	१		१		१								
अपहरण	८	१२			१२	३	६			६			
जम्मा	५६	५०	३६	२	८९	१८	१८	४	२	२४	४	६	६

वाईसीएलका कार्यकर्ता २५ वर्षीय सचिन भट्टलाई ०६४ असोज ५ गते राति मोटरसाइकलमा आएका अपरिचित व्यक्तिहरूले पोखरा बसपार्कमा फलामको छडले कुटपिट गरी गम्भीर घाइते बनाए। सीटीस्क्यान गर्दा खराबी देखिएपछि उनको शिक्षण अस्पताल महाराजगञ्जमा थप उपचार भयो। सो घटनामा नेविसङ्घको संलग्नता रहेको माओवादीका जिल्ला सेक्रेटरी अविनासले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

चितवन जिल्ला अदालतमा यस वर्षको अन्तसम्म ४ सय ३२ थान मुद्दा रहेका छन्।

गत वर्षको जिम्मेवारी सरेर आएका ३५ थान दुनियाँवादी फौदारी मुद्दामा एउटा पनि फर्स्यौट भएन भने यस वर्ष दर्ता भएका १ सय ६९ थान मुद्दामध्ये १ सय ३६ थान मुद्दा फर्स्यौट भए।

यसैगरी, सरकारवादी फौजदारी तर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ११ थान मुद्दामध्ये दुई थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ९५ थान मुद्दामध्ये २४ थान मुद्दा फर्स्यौट भए।

त्यसैगरी देवानी तर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ७६ थान मुद्दामा सबै मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका २ सय ४९ थान मुद्दामध्ये १२ थान मुद्दा मात्र फर्स्यौट भए। यसवर्षको अन्त्यसम्मा जम्मा ३ सय ९९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यस अदालतमा पाँच वर्ष नाघेका एउटा पनि मुद्दा छैनन्।

बालअधिकार

वीरेन्द्रनगर गाविस-३ की ५ वर्षीया बालिकालाई ०६३ पुस २७ गते साँझ सोही ठाउँमा डेरा गरी बस्ने ना.१ख. ७४६९ का ट्रक चालक २६ वर्षीय गोपाल खरेलले आफ्नै कोठामा लगी बलात्कार गरे। पुस २८ गते डा. जागेश्वर गौतमले पीडितको स्वास्थ्य परीक्षणमा यौनाङ्गको झिल्ली च्यातिएको प्रतिवेदन दिए। पीडिका बाबु बलराम विकले माघ ३० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि पीडक खरेल यो वर्षको अन्त्यसम्म फरार रहे।

भरतपुर नपा-४ बेल्चोककी १२ वर्षीया एक बालिकालाई ०६३ माघ १ गते सुनसरी जिल्ला बक्लौटी गाविस-५ घर भई सोही वडामा डेरा गरी बस्ने १७ वर्षीय उमेश राईले बलात्कार गरे। पीडितका बाबु ठूले राईको जाहेरीले माघ ६ गते अभियुक्तलाई प्रहरीले पक्राउ गरेकामा ०६३ फागुन ३ गते चितवन जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ।

काउले गाविस-६ घर भई जुटपानी गाविस-३ निवासी पाँच वर्षीया बालिकालाई ०६३ माघ २९ गते सोही ठाउँ निवासी ५० वर्षीय मानबहादुर गुरुङले पीडित स्कुलबाट घर फर्कदै गर्दा सुन्तलाको लोभ देखाई पीडककै घरमा बोलाएर बलात्कार गरे।। माओवादीले पीडकलाई एक रात शक्तिखोरस्थित शिविरमा राखे। पीडितका बाबु कविराजको जाहेरीका आधारमा अभियुक्तलाई फागुन ३ गते प्रहरीले पक्राउ गरी जिल्ला प्रहरीको हिरासतमा राखेकामा फागुन ११ गतेको आदेशले पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

खैरहनी गाविस-४ पर्सा निवासी १३ वर्षीया एक बालिकालाई ०६४ वैशाख १६ गते सोही ठाउँ निवासी ३९ वर्षीय रामबहादुर मगरले पीडितको घरमै बलात्कार गरे। पीडकलाई सोही महिनाको २५ गते प्रहरीले पक्राउ गरेकामा ०६४ जेठ २० गते जिल्ला अदालतको आदेशमा पुर्पक्षमा लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

गुञ्जनगर गाविस-७ निवासी ११ वर्षीय एक बालिकालाई ०६४ असार ५ गते सोही ठाउँ निवासी दीपक बोहराले गाजापुरस्थित मकैबारीमा बलात्कार गरे। पीडितको सोही दिन महेन्द्र आदर्श चिकित्सालयमा स्वास्थ्य परीक्षण गरियो। पीडितकी आमा सुशीला परियारको सोही महिनाको २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि पीडक अहिलेसम्म फरार छन्। सोसम्बन्धी मुद्दाको मिसिल ०६४ साउन ७ गते चितवन जिल्ला अदालतमा पेस गरिएको छ।

भरतपुर नपा-११ निवासी तीन वर्षीया अञ्जली गुरुङलाई ०६४ असार ९ गतेदेखि तीन दिनसम्म आमा सोनु गुरुङ र बाबु जयबहादुर धितालले भनपा-११ स्थित डेरामा कुटपिट गरी दुई हात डोरीले बाँधेर कोठामा थुने। स्थानीय बासिन्दाको सूचनाका आधारमा प्रहरीले पत्रकारहरूको उपस्थितिमा अञ्जलीलाई उद्धार गरेर अभियुक्त दुवैलाई गिरफ्तार गरे। पीडित बालिकालाई प्रहरीले मामाघरकी ठूली आमा खुसीमाया गुरुङको जिम्मा लगाए। अभियुक्तहरू सोही महिनाको १८ गते तारेखमा रिहा भए।

शिवनगर गाविस-७ निवासी १० वर्षीया बालिकालाई ०६४ जेठ १६ गते सोही ठाउँ निवासी ४६ वर्षीय रेशम परियारले पीडितको घरमा बलात्कार गर्ने प्रयास गरे। पीडितले हारगुहार गरेपछि छिमेकी विमला तामाङले थाहा पाएर घटनास्थलतिर आउँदै गर्दा पीडक भागे। अभियुक्त परियारलाई ०६४ असार ६ गते प्रहरीले गिरफ्तार गरे। चितवन जिल्ला अदालतको ०६४ असार २६ को आदेशले परियारलाई पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

अनेकिसङ्घ (क्रान्तिकारी) द्वारा कब्जा गरिएको कमल थापाको जग्गा

रत्ननगर नपा-५ निवासी १७ वर्षीया ज्योति भूजेललाई ०६४ कात्तिक ५ गते भारत सीतामडी घर भई सोही ठाउँ निवासी ३५ वर्षीय विद्यादेवी झाले गाडी चलाउन सिकाएर काममा लगाइदिने भनी पीडितको घरबाटै फकाएर भारत लान लाग्दा बघौडा गाविस-२ शीतलपुरबाट भागिन्। स्थानीय बासिन्दाको सहयोगमा पीडकलाई कात्तिक १७ गते प्रहरीले पक्राउ गरे। चितवन जिल्ला अदालतको मङ्सिर ९ गतेको आदेशले पीडकलाई पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

लमजुङ जिल्ला सुन्दर बजार गाविस-८ निवासी २५ वर्षीया सीता पौडेललाई ०६४ साउन १९ गते भरतपुर नपा-११ निवासी ४० वर्षीय उमाकान्त पङ्गेनी र उनकीकी पत्नी ३५ वर्षीया कमला पङ्गेनी, पटिहानी गाविस निवासी ४० वर्षीय श्रीकान्त ओझा र रुपन्देही जिल्ला बुटवल नपा रामनगर निवासी ४० वर्षीया रमा बस्ताकोटीले ब्युटीपार्लर कम्पनीमा काम लगाइदिने भनी ५० हजार रुपियाँमा कुवेतमा बिक्री गरे। कुवेतबाट फर्केकी पौडेलले कुवेती नागरिकको घरमा यौन दुर्व्यवहार भोग्नु परेको भन्दै ०६४ असोज २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि अभियुक्तहरू पक्राउ परे। उनीहरूलाई ०६४ कात्तिक १५ गते चितवन जिल्ला अदालतले पुर्पक्षका लागि कारागार पठाएको छ। कुवेतस्थित भारतीय चर्चका कर्मचारीले कुवेतदेखि दिल्लीसम्मको हवाईजहाज भाडाको व्यवस्था गरिदिएकाले पीडित नेपाल फर्केकी थिइन्।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

भरतपुर नपा-१२ निवासी ४२ वर्षीया एक महिलालाई ०६४ असार १४ गते जुटपानी गाविस-९ गडुवा घर भई सोही नपा-११ निवासी २६ वर्षीय राजु कुमालले रामबेल सामुदायिक वनमा घाँस काट्न गएका बेला बलात्कार प्रयास गरे। पीडकलाई सोही महिनाको १७ गते पक्राउ गरेकामा ०६४ साउन ९ गते चितवन जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

कठार गाविस-१ निवासी २१ वर्षीया एक महिलालाई ०६४ असोज २३ गते सोही ठाउँ निवासी २१ वर्षीय वीरबहादुर राईले सोही स्थानको देवीनाथ सामुदायिक वनछेउ बलात्कार गरे। पीडकलाई प्रहरीले पक्राउ गरे। चितवन जिल्ला अदालतको कात्तिक १५ गतेको आदेशले पीडकलाई पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

भरतपुर नपा-५ निवासी ४२ वर्षीया एक महिला र उनीसँगै डेरामा बसेकी देवचुली गाविस-१ नवलपरासी निवासी २० वर्षीया महिलालाई ०६४ मङ्सिर २४ गते लखनपुर गाविस-१ झापा निवासी २९ वर्षीय राजु कार्की, नेवारपानी गाविस, मकवानपुर निवासी २२ वर्षीय विशाल लामा र महेन्द्रनगर निवासी भूपू सैनिक करण धामीसमेत छ जनाले नशालु पदार्थमा मासु पकाएर खुवाई बलात्कार गरे। उनीहरूले १ लाख ३१ हजार रुपियाँ बराबरको धनमालसमेत लुटे। पीडितले पुस १ गते घटना सम्बन्धमा जिल्ला प्रहरीमा उजुरी दिएपछि अभियुक्तमध्ये कार्कीलाई पुस २ गते, लामा र धामीलाई पुस २२ गते प्रहरीले पक्राउ गरी हिरासतमा राखेको छ।

जुटपानी गाविस-४ का ४० वर्षीया एक महिलालाई ०६४ मङ्सिर २७ गते पोखरा उपमनपा-१० घर भई पदमपुर गाविस-८ निवासी ३७ वर्षीय उत्तम श्रेष्ठले घाँस काट्न उदयपुर सामुदायिक वनमा गएका बेला बलात्कार गरे। पीडकलाई सोही दिन प्रहरीले पक्राउ गरी अनुसन्धानका क्रममा हिरासतमा राखेको छ।

पारिवारिक हिंसा/बहुविवाह

भरतपुर नपा-५ निवासी ३८ वर्षीय प्रेमनाथ अर्यालले ०६४ वैशाख १ गते स्थानीय ३५ वर्षीय तुलसी बोगटीसँग दोस्रो विवाह गरे। बहुविवाह गरेकामा उनकी जेठी पत्नी शान्ति अर्यालले सोही महिनाको १० गते जिल्ला प्रहरी कार्यालयमा पतिविरुद्ध उजुरी गरिन्। सोही दिन अभियुक्त अर्याललाई प्रहरीले गिरफ्तार गरेकामा चितवन जिल्ला अदालतले ०६४ वैशाख ३० गते ४५ हजार रुपियाँ धरौटी तिरी पुर्पक्षमा तारेखमा छोड्ने आदेश गरे पनि सो रकम जम्मा गर्न नसकेकाले हाल उनी कारागारमा रहेका छन्।

मङ्गलपुर गाविस-४ निवासी ५० वर्षीय विष्णुबहादुर घिमिरेले ०६४ वैशाख २० गते स्थानीय कलावती गुरुङसँग दोस्रो विवाह गरे। जेठी पत्नी हरिमाया घिमिरेले पतिविरुद्ध सोही महिनाको २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेकाले अभियुक्त घिमिरेलाई सोही दिन प्रहरीले गिरफ्तार गरे। उनलाई ०६४ जेठ ११ गते चितवन जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ।

भरतपुर नपा-१ निवासी ३० वर्षीय राजु श्रेष्ठले ०६४ असार ८ गते सोही स्थानकी सुनिता श्रेष्ठसँग दोस्रो विवाह गरे। जेठी पत्नी लक्ष्मी पुनको जाहेरीले सोही दिन प्रहरीले पक्राउ गरेकामा ०६४ साउन २ गते चितवन जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ। उनीहरूको तीन महिनाअघि मात्र अन्तरजातीय प्रेमविवाह भएकाले परिवारको दबाबमा दोस्रो विवाह गरेको प्रहरीको भनाइ रहेको छ।

दुर्व्यवहार

दारेचोक गाविस-३ कुरिनघाट का ६८ वर्षीया दिलमाया खड्गीलाई ०६३ चैत १९ गते स्थानीय २५ वर्षीय दीपक खनाल, ५९ वर्षीय डोलबहादुर घिमिरे र १९ वर्षीय हरि श्रेष्ठले बोक्सीको आरोपमा कुरिनघाट बजारमा रहेको पूर्णबहादुर श्रेष्ठको जनसेवा मेडिकलबाट लछारपछार गरी अगाडि बाटोमा लडाएर दिसा कोच्याए। बिरामी भई सो मेडिकलमा उपचार गर्न गएकी पीडितलाई पूर्णमानले जाँच गरिरहेका बेला जबरजस्ती कपाल समातेर तान्दै कोठाबाहिर निकालेका थिए। पीडितले तीनै जनाविरुद्ध ०६३ चैत २६ गते जिल्ला अदालत भरतपुरमा मुद्दा दायर गरे। जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा ०६४ भदौ २३ गते पीडकहरूले घटनास्थलमै पीडितसमक्ष सार्वजनिक माफी मागी कानुनी र स्वास्थ्य उपचार खर्चसमेत पीडकहरूले नै गरी उनको सम्मानका लागि १ लाख रुपियाँको सम्मान कोष स्थापना गरेपछि मिलापत्र भयो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

कुमरोज गाविस-६ र ९ मा रहेको पुमोरी एग्रो फरेस्ट्री प्राइभेट लिमिटेडको ८४ बिघा जग्गामा रहेको वन ०६३ फागुन १० गते कब्जा गरी १५ लाखबराबरको बाँस तथा रुखहरू काटेर निकासी गरेको सो कम्पनीको व्यवस्थापन पक्षले बताएको छ। माओवादीले कम्पनीको जग्गामा रहेको वन फँडानी गरेकाले रोकी पाउँ भनी सो कम्पनीका व्यवस्थापक राजु सिलवालले सोही महिनाको १५ गते जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए। यसै विषयलाई लिएर ०६३ फागुन २२ गते जिल्ला प्रशासन कार्यालयमा

सर्वपक्षीय बैठकसमेत भयो। माओवादी प्रतिनिधि विवेकले थप काठ कटानी नगर्ने प्रतिबद्धता सो बैठकमा गरे।

भरतपुर नपा-२ क्षेत्रपुरस्थित रामजी विष्टको दुईतले घर वाईसीएल जिल्ला समितिले ०६४ असोज २० गते शाही शासनकालमा धवलागिरि अञ्चल प्रशासक भएको भन्दै कब्जामा लिएको घोषणा गरे। ४०/५० जनासहित वाईसीएलका जिल्ला अध्यक्ष प्रकाश खनालको नेतृत्वमा घरको कम्पाउण्ड र छतमा समेत झण्डा गाडी घरभाडा रामजीलाई नभई आफूहरूलाई बुझाउन भनेको लाइभकेयर नेपाल प्रालिका प्रबन्ध-निर्देशक कृष्ण अधिकारीले बताए। सो घर प्रहरीको सक्रियतामा वाईसीएलको कब्जाबाट मुक्त गरियो।

भरतपुर नपा-२ आँपटारीमा रहेको अखिल नेपाल ट्रेड युनियन महासङ्घ (अन्टुक) को कार्यालय रहेको भवन गत कात्तिक ३० गते वाईसीएलले कब्जा लिई सम्पूर्ण सामान जफत गरेको छ। सो भवन आफूहरूले नभई कब्जा गरेकाले साझा भएको भन्दै स्थानीयबासीले नै त्यसलाई उपयोग गर्न खोज्दा विवाद चर्केको माओवादी जिल्ला इञ्चार्ज पथिकले बताए। जनमोर्चाले भने सो भवन आफ्नै पहलमा वि.सं. ०५७ मा कम्युनिस्ट नेता नरबहादुर कर्माचार्यले उद्घाटन गरेकाले उसको स्वामित्व रहेको बताएको छ।

शाही मन्त्रिपरिषद्का सदस्य कमल थापाको जुटपानी गाविस-३ गैँडाखोलास्थित ३ बिघा ६ कट्ठा जग्गा रायमाझी आयोगले दोषी ठहर गरेको भन्दै ०६४ मङ्सिर २६ गते माओवादीको भ्रातृ सङ्गठन अनेकिसङ्घ (क्रान्तिकारी) ले कब्जा गरेको घोषणा गरे। सो जग्गा गाउँका गरिब तथा सुकुम्वासी किसानहरूलाई बाँड्ने योजना भएको माओवादीका जिल्ला सेक्रेटरी अविनासले इन्सेक जिल्ला प्रतिनिधिलाई बताए।

दारेचोक गाविस-३ स्थित शेर्पा होटल लिमिटेडका नाममा रहेको तीन बिघा १८ रोपनी जग्गा ०६४ असोज २३ गते राजाको परिवारका नाममा रहेको भन्दै झण्डा गाडेर माओवादीले कब्जा गरेको घोषणा गरे। होटलका सञ्चालक सन्तबहादुर गिरीले सो जग्गा ०६४ असोज २० गते ज्ञानेन्द्र शाहका भाञ्जा विनोदविक्रम सिंहसँग २० लाख रुपियाँमा किनेका थिए।

२.११ मकवानपुर

जनसङ्ख्या : ४,५७,८३२
साक्षरता प्रतिशत : ६५
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.): २४२६
गाविस/नपा सङ्ख्या : ४३/१
सरकारी/निजी विद्यालय : ४४६/४४
क्याम्पस/उच्च मा.वि. : ४/१९
अस्पताल/स्वास्थ्य चौकी : १/४४
मोटर सडक (कि. मि.): ३५०
प्रहरी कार्यालय सङ्ख्या : ३१
मानव विकास सूचकाङ्क : ०।४७०
प्रतिपरिवार सरदर सङ्ख्या : ६

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

फापरबारी गाविस-१ झुरझुरेका नौ वर्षीय देवेन्द्र विक र १२ वर्षीय अनिल विक ०६३ माघ ८ गते दिउँसो फापरबारी गाविस-१ को चौराखोलामा फेलापरेको बम खेलाउँदा विस्फोट भएर घाइते भए। उपचारका लागि उनीहरूलाई तत्कालै काठमाडौँ लगिएको थियो। पीडितले खोलाको बगरमा फेला पारेको सकेट बम खेलाएका थिए। ०६२ माघ ८ गते सो स्थानमा माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा बम छोडिएको हुनसक्ने जिल्ला प्रहरी कार्यालयले जनायो।

जेल र बन्दीहरू

'घ' श्रेणीको यस कारागारमा ४१ जना बन्दी रहने क्षमता रहेको छ। यस वर्षको अन्त्यमा आठ जना

महिला र ६८ जना पुरुष गरी ७४ जना बन्दी रहेका छन्, जसमा कैद तोकिएका चार जना महिला र २३ जना पुरुष तथा कैद नतोकिएका चार जना महिला र ३८ जना पुरुष रहेका छन्।

जिल्ला सदरमुकामभन्दा उत्तरमा पर्ने भीमफेदीस्थित यस कारागारका बन्दीहरूले रेडियो सुन्ने तथा पत्रपत्रिकाहरू पढ्ने अवसर पाएका छन्। पुरुष र महिला कक्ष दुवैतिर टीभी रहेको छ क्षमताभन्दा बढी बन्दी राखेकाले सुत्न पनि समस्या भएको बन्दीहरूले बताए। जिल्ला प्रशासन कार्यालय मकवानपुरले १७ जना थप बन्दीलाई ०६४ असोज २० गते कारागारमा राख्न ल्याउँदा ठाउँको अभावले गर्दा बन्दीहरूले त्यसको विरोध गरी फिर्ता पठाए।

हेटौँडा नपा-१० स्थित जिल्ला प्रहरी कार्यालय हेटौँडाको प्रहरी हिरासतमा रहेका १६ जना थुनुवालाई ४० दिनसम्म नुवाइधुवाई गर्न नदिएपछि जिल्ला अदालत मकवानपुरले ०६४ वैशाख १४ गते नुवाइधुवाई गर्न आदेश दिएको थियो। अदालतको आदेशपछि हिरासतमा रहेका थुनुवाहरूलाई प्रहरी कार्यालयले नुहाउने व्यवस्था गरेको थियो। चार दशकअघि निर्माण गरेको प्रहरी हिरासत अत्यन्त साँघुरो छ, जहाँ एउटा झ्याल पनि छैन। प्रहरी कार्यालयमा पानीको समस्या भएकाले थुनुवाहरूले नियमित ढङ्गले नुवाइधुवाई गर्ने अवस्था छैन।

बेपत्ता/अपहरण

माओवादीबाट

काठमाडौँ जिल्ला बलम्बु निवासी २५ वर्षीय राजु नकर्मीलाई ०६३ माघ ३ गते माओवादीले हेटौँडास्थित जिल्ला अदालत परिसरबाट अपहरण गरी माओवादी पार्टी कार्यालयमा लगेर कुटपिट गरी सोही दिन बेलुका मुक्त गरे। एक युवतीलाई बिचल्ली पारेको आरोपमा अपहरण गरिएको माओवादीले बताए।

काकडा गाविस-४ का ४६ वर्षीय बेलमान पाखिनलाई ०६४ जेठ २४ गते माओवादीले राति मनहरी गाविस-१ प्याङचेबाट अपहरण गरी ०६४ जेठ २६ गते मुक्त गरे। माओवादी कार्यकर्ता कर्णबहादुर स्याङ्तानका हत्याराहरू लुकाएको आरोपमा उनलाई अपहरण गरिएको माओवादीले बताए।

हेटौँडा नपा-१० का ४२ वर्षीय वसन्त शाक्यलाई ०६४ कात्तिक २० गते माओवादीले पार्टी कार्यालयमा डाकेर एक साता राखेका थिए। विभिन्न क्षेत्रका युवाहरूलाई विदेश लैजान्छु भनी ठगी गरेको आरोपमा माओवादीले उनलाई आफ्नो नियन्त्रणमा लिएर एक सातासम्म बेपत्ता पारेका थिए। शाक्यलाई माओवादीले ०६४ कात्तिक २७ गते प्रहरीको जिम्मा लगाए।

टिस्टुङ गाविस-५ की १६ वर्षीया चमेलीमाया मुक्तानलाई ०६४ मङ्सिर ५ गते चितवन जुटपानीस्थित शक्तिखोरमा रहेका प्रताप स्मृति ब्रिगेडका माओवादीका सेनाले अपहरण गरे। टिस्टुङ गाविसस्थित नौखण्डेबाट उनलाई माओवादी सेनाले जबरजस्ती गाडीमा हालेर लगेका थिए। मुक्तान ०६४ भदौ १० गते शक्तिखोरस्थित माओवादी सैनिक क्याम्पबाट भागेर घर फर्किन्।

धम्की/कुटपिट

राज्यबाट

हेटौँडा नपा-३ निवासी सञ्चारकर्मी २७ वर्षीय रामकुमार एलन र सोही ठाउँका सञ्चारकर्मी २६ वर्षीय गिरिजा अधिकारीलाई ०६४ मङ्सिर ४ गते राष्ट्रिय अनुसन्धानका डीआईजी जयबहादुर खड्काले समाचार लेखेका कारण मार्ने धम्की दिएका थिए। तस्करीको माल डीआईजीको दबाबमा छुटाएको समाचारमा लेखिएको थियो।

वाईसीएलबाट

राक्सिराङ गाविस-८ का १६ वर्षीय बोधराज स्याङ्तान र सोही ठाउँ निवासी १४ वर्षीय प्रकाश स्याङ्तानलाई ०६४ कात्तिक २२ गते राती वाईसीएलका पाँच जना कार्यकर्ताले कुटपिट गरे। कुटपिटबाट उनीहरू सामान्य घाइते भएका थिए। वाईसीएलका उपाध्यक्ष सङ्गम र माओवादीका इलाका इञ्चार्ज कविले माफी मागेपछि सहमति भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुईओटा अदालत रहेका छन्। पुनरावेदन अदालतमा गतवर्षको दुनियाँवादी देवानीतर्फ जिम्मेवारी सरेर आएका ६ सय १९ थान र यस वर्ष दर्ता भएका ३ सय ५१ थान गरी जम्मा ९ सय ७० थान मुद्दामध्ये २ सय २७ थान फर्स्यौट भए भने ७ सय ४३ थान फर्स्यौट हुन बाँकी रहे। दुनियाँवादी फौजदारीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १ सय ६ थान र यस वर्ष दर्ता भएका ९१ थान गरी जम्मा १ सय ९७ थान मुद्दामध्ये ३२ थान फर्स्यौट भए भने १ सय ६५ थान फर्स्यौट हुन बाँकी रहे।

यसैगरी, सरकारवादी फौजदारीमा गत वर्षको

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित		
	अन्यबाट					माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	६	४	२		६							
घाइते	३	३	१		३							
कुटपिट	३	४			४							
धम्की										१	३	३
जातीय विभेद	३		३		३							
महिलाअधिकार	१०		१३		१३							
बालअधिकार	१०		८	३	१०							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						३	४	१	५			
अपहरण	१	१			१	४	३	१	४			
जम्मा	३४	११	३५	३	३८	७	७	३	९	१	३	३

जिम्मेवारी सरेर आएको १ सय ९७ थान र यस वर्ष दर्ता भएका १ सय ५ गरी जम्मा ३ सय २ थान मुद्दामध्ये ८० थान फर्स्यौट भए भने २ सय २२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म जम्मा १ हजार २ सय ५३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। पुनरावेदन अदालतमा जम्मा ७९ थान मुद्दा दुई वर्ष नाघेका छन्।

यसैगरी, जिल्ला अदालत मकवानपुरमा सरकारवादी र देवानी गरी गतवर्षको जिम्मेवारी सरेर आएका २ सय ११ थान र यस वर्ष दर्ता भएका १ सय २ थान गरी जम्मा ३ सय १३ थान मुद्दामध्ये ८८ थान फर्स्यौट भए भने २ सय २५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। त्यसैगरी, सरकारवादी फौजदारीतर्फ १ सय ६३ थान मुद्दा दर्ता भएकामा ४० थान फर्स्यौट भए भने देवानीतर्फ ३९ थान दर्ता भएकामा २३ थान फर्स्यौट भए।

जिल्ला अदातलतर्फ यस वर्षको अन्त्यसम्म जम्मा ३ सय ६४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

मकवानपुरमा जिल्ला अदालतमै बाल इजलास राखिएको भए पनि एक थान पनि मुद्दा छैन।

बालअधिकार

कालिकाटार गाविस-१ की ११ वर्षीया एक बालिकालाई ०६३ पुस १७ गते सोही ठाउँ निवासी २४ वर्षीय बालकुमार मैनालीले बलात्कार गरे। पीडकलाई जिल्ला अदालतले सात वर्ष कैद तोक्यो। पीडक भीमफेदी कारागारमा छन्।

कालिकाटार गाविस-१ नाम्चेका १४ वर्षीया झड्केली छोरीबाट जन्मेकी छोरीको ०६४ वैशाख १३ गते दिउँसो जङ्गलमा ३५ वर्षीय भुन्टे भन्ने दिनेश विकले घाँटी निचोरेर हत्या गरे। झड्केली छोरीलाई बलात्कार गरेर गर्भधारण गराएका थिए। पीडक अहिले थुनामा छन्।

हटिया गाविस-५ की ११ वर्षीया बालिकालाई ०६४ जेठ ९ गते घरमा कोही नभएको अवस्थामा सोही गाउँ निवासी ५१ वर्षीय बलराम पौडेलले बलात्कार गरे। पीडकलाई जिल्ला अदालतले दुई वर्ष कैद तोकेको छ।

भैंसे गाविस-८ की १७ वर्षीया एक बालिकालाई ०६४ साउन १७ गते सोही ठाउँ निवासी ४२ वर्षीय प्रेम नेगीले बलात्कार गरे। पीडक अदालतबाट तारेखमा छुटेका छन्।

मकवानपुर गढी गाविस-८ की १७ वर्षीया कल्पना पुडासैनीले ०६४ कात्तिक १३ गते दिउँसो जन्मेको नवजात शिशुको हत्या गरिन्। अवैध गर्भधारणबाट जन्मिएकी शिशुलाई अविवाहित पुडासैनीले जन्मनेबित्तिकै घरछेउको झाडीमा फालिदिएकी थिइन्। पीडक थुनामा छिन्।

हेटौँडा नपा-१० की २५ वर्षीया सुमना तामाङलाई ०६४ कात्तिक १४ गते कुवेतमा जागिर लगाइदिन्छु भनेर वेश्यालयमा बिक्री गरेकाले हेटौँडा नगरपालिका-९ की ४० वर्षीया मायाकुमारी लामालाई प्रहरीले ०६४ कात्तिक २५ गते पक्राउ गऱ्यो। पीडितको उजुरीका आधारमै प्रहरीले पीडकलाई पक्राउ गरेको

जिल्ला अदालतको आदेशमा नुहाउन पाएका प्रहरी हिरासतमा रहेका थुनुवाहरु

हो। पीडक थुनामा छन्।

हेटौँडा नगरपालिका-६ निवासी १५ वर्षीया नीतिका राईले ०६४ पुस १ गते जन्माएको नवजात शिशुको हत्या गरेर कर्रा खोलाको किनारमा फालिदिइन्। विवाहित राईलाई पति र परिवारजनले घरबाट निकालिदिएपछि आफन्तको घरमा आएर जन्माएको शिशुको हत्या गरेकी हुन्। नवजात शिशुको हत्या गरेको आरोपमा राई थुनामा छिन्।

हेटौँडा नपा-१० की १५ वर्षीया एक बालिकालाई ०६४ पुस ११ गते फापरबारी गाविस-२ का २४ वर्षीय विनोद तिमल्सिनाले हेटौँडा नपा-१० स्थित भुटनदेवी मन्दिरछेउको जङ्गलमा बलात्कार गरे। पीडकलाई प्रहरीले पक्राउ गरे।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

हटिया गाविस-८ चिसापानीका १८ वर्षदेखि २२ वर्षसम्मका तीन युवतीलाई भारतमा जागिर खुवाउन भनेर लगेर ०६४ वैशाख ११ गते सोही गाविसमा माइतीघर भई भारत लखनउमा बस्दै आएकी ४२ वर्षीया पार्वती परियार भन्ने मधु यादवले वेश्यालयमा लगेर बेचिन्। तीन युवतीलाई बिक्री गरेको ठहर गर्दै जिल्ला अदालतले पीडक यादवलाई ३८ वर्ष कैद तोकेको छ। पीडक भीमफेदी कारागारमा छन्।

गोगने गाविस-४ का २७ वर्षीया पार्वती रिजाललाई विदेशमा जागिर खान भनेर ०६४ जेठ १६ गते सोही ठाउँ निवासी ४२ वर्षीय ठाकुर मुक्तान र ३६ वर्षीय साहिँली लामाले भारतमा लगेर बिक्री गरे। पीडितका आफन्तले उजुरी दिएका आधारमा पीडकलाई पक्राउ गरेको हो। पीडकद्वय भीमफेदी कारागारमा छन्।

हेटौँडा नपा-१ का १७ वर्षीया एक बालिकालाई ०६४ असार १४ गते भारतमा लगेर बिक्री गरेकाले सोही ठाउँ निवासी २३ वर्षीय तेजबहादुर रानामगरलाई ०६४ भदौ २५ गते प्रहरीले पक्राउ गऱ्यो। पीडकले विवाह गरेर उनलाई भारत घुमाउन लगेको अवस्थामा वेश्यालयमा बिक्री गरेका थिए। पीडितको उजुरीका आधारमा पक्राउ गरिएको हो। पीडक थुनामा छन्। पीडित माइती नेपालको आश्रयमा छन्।

पारिवारिक हिंसा

आमभञ्ज्याङ गाविस-५ निवासी ४० वर्षीया मीना छत्कुली लाई ०६४ असार ७ गते आमभञ्ज्याङ गाविस-५ निवासी ४६ वर्षीय जयबहादुर थोकरले दोस्रो विवाह गरे। पीडक जयबहादुरलाई दोस्रो विवाह गरेको आरोपमा प्रहरीले पक्राउ गरी अदालतले पुर्पक्षका लागि थुनामा राखेको छ।

आँग्रा गाविस-५ की ३१ वर्षीया माया गोलेलाई ०६४ पुस १० गते घरमा सौता ल्याउन नदिएको झोकमा ३४ वर्षीय पति रामबहादुर गोलेले सुतिरहेको अवस्थामा घाँटीमा बञ्चरो प्रहार गरेर गम्भीर घाइते बनाएका छन्। पीडितलाई उपचारका लागि काठमाडौँ लगिएको छ। पीडक फरार रहेका छन्।

दुर्व्यवहार

चुरियामाई गाविस-३ निवासी २० वर्षीया बुद्धिमाया सिन्तानलाई ०६३ फागुन २३ गते सोही ठाउँ निवासी ३५ वर्षीया कमला स्याङ्तान र ३५ वर्षीया शकुन्तला स्याङ्तानले बोक्सीको आरोपमा कुटपिट गरे। पीडितले प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। प्रहरीले दुवै पक्ष झिकाएर पीडकलाई माफी मगाएको थियो।

धियाल गाविस-५ का ५२ वर्षीया माइलीमाया स्याङ्तान र पति ५३ वर्षीय रूपबहादुर स्याङ्तानलाई ०६४ मङ्सिर ७ गते सोही ठाउँ निवासी २८ वर्षीय बहादुर वाइवा र ४९ वर्षीय अमरबहादुर वाइवासहितका ११ जनाले बोक्सीको आरोपमा अपमानजनक व्यवहार गरी घरबाट निकाला गरेका थिए। ०६४ मङ्सिर २८ गते गाउँलेहरू जम्मा भएर पीडकलाई माफी माग्न लगाएर स्याङ्तान दम्पतीलाई पुनःस्थापना गराइएको थियो।

सबै प्रकारका जातीय विभेद

निबुबाटार गाविस-५ का ४८ वर्षीया धनमाया विकलाई ०६४ कात्तिक ११ गते सोही स्थान निवासी ४४ वर्षीय गणेशबहादुर डङ्गोलले तल्लो जाति भएको आरोपमा कुटपिट गरे। पीडितको छोराले पीडकको

छोरीसँग विवाह गरेको आरोपमा धनमायालाई कुटपिट गरिएको थियो। गाउँलेले पीडकलाई धनमायासँग माफी मगाएका थिए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

भारतका रहमान औतार र काठमाडौँका शान्ति सिंहको नाममा हेटौँडा नपा-४ मा रहेको २५ कठ्ठा ७ धुर जमिन ०६४ कात्तिक २९ गते दिउँसो माओवादीले झण्डा गाडेर कब्जा गरे। रहमानको ९ कठ्ठा ३ धुर र सिंहको ६ कठ्ठा ४ धुर जमिन रहेको छ।

काठमाडौँ निवासी पूर्वनिर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ र रामनारायण सिंहको बसामाडी गाविस-३ स्थित २७ बिघा जमिन ०६४ मङ्सिर १ गते माओवादीनिकट अखिल नेपाल किसान सङ्घका कार्यकर्ताले कब्जा गरी झण्डा गाडे।

हेटौँडा नपा-४ निवासी पूर्वगृहमन्त्री कमल थापाको हेटौँडा नपा-४ र ५ स्थित तीनओटा घर र आठ कठ्ठा जमिन ०६४ मङ्सिर ४ गते माओवादीनिकट अखिल नेपाल किसान सङ्घले झण्डा गाडेर कब्जा गऱ्यो।

भूमिहीन तथा सुकुम्वासी

दैवीप्रकोपका कारण मकवानपुर जिल्लामा बर्सेनि ३ सय ६१ परिवार सुकुम्वासी बन्ने गरेका छन्। राज्य वा अन्य बाह्य पक्षबाट यस वर्ष सुकुम्वासी बनेका छैनन्। तीन वर्षअघि सरकारले गरेको एक सर्भेक्षणअनुसार जिल्लाको ९४ प्रतिशत भूभाग जोखिममा रहेकाले बर्सेनि आउने बाढीपहिरोबाट थप ३ सय ६१ परिवार विस्थापित हुने क्रम छ। छ वर्षअघि सुकुम्वासी आयोगले २ हजार ८ सय परिवार सुकुम्वासी रहेको जनाएको थियो। त्यो सङ्ख्या अहिले बढेर करिब ५ हजार रहेको अनुमान गरिएको छ। ०५९ र ०६० मा आएको भीषण बाढी पहिरोले आठ सय परिवार घरबारविहीन भएका थिए। उक्त परिवारका करिब ५ हजार मानिस सुकुम्वासी बनेका थिए। अहिलेसम्म पनि उनीहरूको अवस्थामा केही परिवर्तन आउन सकेको छैन। गत वर्ष पहिरोले बगाएर १२ परिवार सुकुम्वासी बन्न पुगे भने सात जनाको मृत्यु भयो। मकवानपुरमा परम्परागत रूपमा बस्दै आएका र बाढीपहिरोबाट घरबारविहीन सुकुम्वासी सङ्ख्या करिब १० हजारको हाराहारीमा रहेको छ। यसैगरी, विगत छ वर्षदेखि हेटौँडा नपा-११ स्थित राप्ती बगरमा करिब ३ सय सुकुम्वासीहरू छाप्रो हालेर बसिरहेका छन्।

बिगतको अनुगमन

माओवादी जनयुद्ध सुरु भएयता यस वर्षको अन्त्यसम्म राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी बेपत्ता पारिएका ११ जना पुरुष रहेका छन्। यसरी बेपत्ता पारिएकाहरूमा मकवानपुरगढी गाविस-२ निवासी सन्तबहादुर वाइवा, सोही स्थानका देशी भ्लोन, मनहरि गाविस-३ रमनटार निवासी ६० वर्षीय कृष्ण घलान, मनहरि गाविस-४ निवासी ज्ञानेन्द्र कालाखेती, हेटौँडा नपा-६ निवासी माओवादीका श्रीराम लामिछाने, हटिया गाविस-४ निवासी २४ वर्षीय रञ्जित दर्नाल र सोही गाविस-४ निवासी २१ वर्षीय अमृत दर्नाल छन्। यसैगरी, बेतिनी गाविस-२ अर्जुन रखाल, फापरबारी गाविस-२ मुक्तराम विक, धियाल गाविस-८ का राजेन्द्र चौरेल र पदमपोखरी गाविस-३ का सुकलाल थिङ रहेका छन्।

२.१२ ललितपुर

जनसङ्ख्या : ४,०७,८७०
साक्षरता प्रतिशत : ७०
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.): ३८५
गाविस/नपा सङ्ख्या : ४१/१
सरकारी/निजी विद्यालय : ४४९/३१४
क्याम्पस/उच्च मा.वि. : ११/५
अस्पताल/स्वास्थ्य चौकी : ८/४१
मोटर सडक (कि. मि.): ३५०
प्रहरी कार्यालय सङ्ख्या : २०
मानव विकास सूचकाङ्क : ०.५८८
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अन्यबाट

सुनसरी जिल्ला धरान नगरपालिका घर भई क्यापिटल इन्टरन्यासनल म्यानपावर कम्पनीमा कार्यरत ३४ वर्षीय राजीव श्रेष्ठलाई ०६४ वैशाख ३० गते मोटरसाइकलमा गएका हतियारधारी समूहले ललितपुर उमनपा-२ धोबीघाटमा गोली हानी घाइते बनाए। उनको उपचारका क्रममा पाटन अस्पतालमा मृत्यु भयो। सोही घटनामा गोली लागी घाइते भएका गोरखा जिल्ला निवासी ३३ वर्षीय प्रकाश राना उपचारपछि घर फर्किए।

इमाडोल गाविस-२ निवासी नेपाल कमर्स क्याम्पस मीनभवनका प्राध्यापक ३२ वर्षीय धर्मराज विष्टको ०६४ असार २६ गते राति अज्ञात व्यक्तिहरूले ललितपुर उमनपा शङ्खमुलमा कुटपिट गरे। विष्टको उपचारका क्रममा ०६४ असार २७ गते वीर अस्पतालमा मृत्यु भयो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
अन्यबाट

मोरङ जिल्ला दुलारी गाविस-७ घर भई ललितपुर उमनपा-१० कुपण्डोल बस्ने २२ वर्षीया रञ्जिता राई ०६३ फागुन ६ गते राति ललितपुर उमनपा-१० कुपण्डोल घरमा सुतिरहेको अवस्थामा विस्फोट भएको बमको छर्रा लागी सामान्य घाइते भइन्। विस्फोटनको जिम्मा कसैले लिएनन्।

जेल र बन्दीहरू

'ग' श्रेणीको नख्खु कारगारको क्षमता १ सय ५० रहेकामा कैद तोकिएका १ सय ५२ जना र कैद नतोकिएका २ सय ३७ जना गरी जम्मा ३ सय ८९ जना बन्दी रहेका छन्, जसमध्ये १४ जना विदेशी छन्। पुरानो राणाकालीन भवनलाई प्रयोग गरिएको यस कारागारमा हालै नयाँ भवन बनेको छ। कारागारमा एकपटकमा १० जनाले प्रयोग गर्न सकिने दुईओटा शौचालय रहेका छन्। कारागारभित्र ४ सयको सङ्ख्यामा पुस्तक भएको एउटा पुस्तकालय, खेलकुदका सामग्रीहरू, पत्रपत्रिका, टीभी तथा रेडियो रहेको छ। कारागारका बन्दीलाई अदालत ल्याउन र लानका लागि ०६४ असारदेखि छुट्टै गाडीको व्यवस्था गरिएको छ। बन्दी तथा कैदीले समयमै उपचार पाउने गरेका छन्।

बेपत्ता/अपहरण
राज्यबाट

रौतहट जिल्ला बसमटी गाविस-८ घर भई ललितपुर उमनपा-१० कुपण्डोल बस्ने जगतनारायण ठाकुर र बारा जिल्ला कचरवा गाविस घर भई सोही स्थान बस्ने रामलखन ठाकुरलाई बम विस्फोटको घटनामा संलग्न भएको आरोपमा ०६४ भदौ २५ गते प्रहरीले ललितपुर उमनपा-१० कुपण्डोलबाट गिरफ्तार गरी बेपत्ता बनायो। बेपत्ता दुवै जनालाई असोज १३ गते महानगरीय प्रहरी परिसर हनुमानढोकामा सार्वजनिक गऱ्यो। प्रहरीले बेपत्ता दुवै जनालाई गिरफ्तार नगरेको बताउँदै आएको थियो। राजधानीमा भएको शृङ्खलाबद्ध बम विस्फोटमा संलग्न भएको अभियोगमा प्रहरीले दुवैलाई मुद्दा चलायो। उनीहरू हाल अदालतको आदेशमा पुर्पक्षका लागि कारागारमा रहेका छन्।

माओवादीबाट

रुकुम जिल्ला रन्मामैकोट गाविस-१ घर भई हाल ललितपुर उमनपा-१४ कुसुन्ती डेरा गरी बस्ने छाया पुनलाई आर्थिक कारोबारको विषयलाई लिएर ०६३ माघ २५ गते माओवादी कार्यकर्ता महेन्द्र बुढा मगरको नेतृत्वमा गएको समूहले उनकै कोठाबाट अपहरण गऱ्यो। माओवादी तेस्रो डिभिजन कमाण्डर 'विविध' को निर्देशन भन्दै रुकुम जिल्लाको पूर्वी इलाकाका बुद्धिजीवी तथा राजनीतिकर्मीहरूको दाङमा ०६३ माघ २६ गते भेला भन्दै पुनलाई अपहरण गरिएको थियो। पुनलाई दाङको घोराहीस्थित दाङ भ्याली होटलमा कसैसँग भेट गर्न नदिई राखे। उनलाई चैत १० गते मुक्त गरिएको माओवादी राप्ती अञ्चल इञ्चार्ज वीरताले जनाए।

वाईसीएलबाट

ललितपुर उमनपा-१३ एकान्तकुना निवासी एमाले सङ्गठित सदस्य ६१ वर्षीया कान्छी खत्रीलाई बुहारीलाई अंश नदिएको आरोपमा ०६४ असार ५ गते उनलाई घरबाटै वाईसीएलकी सदस्य शक्ति भनिने महिलाले अपहरण गरिन्। खत्रीलाई वाईसीएल जिल्ला कार्यालय, एकान्तकुनामा पुऱ्याई दुई जना महिलाले बाँसको भाटाले कुटपिट गरे। कुटपिटबाट खत्रीको घाँटी, ढाड र तिघ्रामा नीलडाम बस्यो। पीडितलाई असार ७ गते उनको नाममा रहेको ४ आना १ पैसा जग्गा बुहारी शान्तिका नाममा पास गर्नका लागि विभिन्न कागजातमा सही गराई असार ८ गते एकान्तकुनामा पुऱ्याई मुक्त गरियो। पीडितले महानगरीय प्रहरी परिसर जावलाखेलमा जाहेरी दिइन्। पीडकलाई कुनै कारवाही भएन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	६	३	३		६									
घाइते	२	१	१		२									
गिरफ्तारी/यातना										३	३			३
बेपत्ता										१	२			२
कुटपिट	३	९		२	११	१	२		२					
धम्की						४	३	१	४					
भेला/सङ्गठित हुने अधिकार										४	३	१	२५४	२५८
महिलाअधिकार	३		३		३									
बालअधिकार	४		४		४									
अपहरण	३	५	१		६	१	१		१					
जम्मा	३१	१८	१३	२	३३	६	६	१	७	८	८	१	२५४	२६३

दोलखा जिल्ला निवासी स्काई बिल्डर्स प्रालिका प्रबन्धक ५२ वर्षीय यक्षध्वज कार्की, सोही जिल्ला मेलुङ्ग गाविस-४ निवासी लेखाप्रमुख २९ वर्षीय त्रिविक्रम भण्डारी र रौतहट जिल्ला जुडवेला गाविस-४ निवासी ड्राइभर दुवेन्द्र कुँवरलाई ०६४ असोज १६ गते गुल्मी जिल्ला निवासी डिल्लीराज भुसालको उजुरीका आधारमा वाईसीएलका कार्यकर्ताले ललितपुर उमनपा-१३ जावलाखेलबाट ना.१च. ९३३५ नम्बरको गाडीसहित अपहरण गरे। पीडितहरूलाई अपहरणपछि एकान्तकुनास्थित वाईसीएलको कार्यालयमा लगियो। आँखामा कालो पट्टी बाँधी त्यहाँबाट वाईसीएलका उपत्यका संयोजक चन्द्रबहादुर थापा 'सागर' लाई भेटाउन भनी काठमाडौँ बालाजुस्थित कार्यालयमा पुऱ्याई हातखुट्टा बाँधी कुटपिट गरे। पीडितहरू असोज १८ गते मुक्त भए।

नुवाकोट जिल्ला ओखरपौवा गाविस-४ निवासी निर्माण व्यवसायी २८ वर्षीय रामकुमार घिमिरे र सोही ठाउँका ३२ वर्षीय शिव थापालाई ०६४ कात्तिक १५ गते नुवाकोट जिल्ला चाउथे गाविस निवासी वाईसीएल ललितपुरका जिल्ला सचिव विश्वास भनिने नवराज ढुङ्गानासहित पाँच जनाले ललितपुर उमनपा-१३, पुल्चोक स्थानीय विकास मन्त्रालय परिसरबाट अपहरण गरे। पीडितहरूलाई वाईसीएलको जिल्ला कार्यालय उमनपा-१३ एकान्तकुनामा पुऱ्याई कुटपिट गरी सोही दिन मुक्त गरियो। कुटपिटबाट पीडितको ढाड, हात र खुट्टामा नीलडाम बस्यो। पीडितहरू मन्त्रालयले निकालेको बोलपत्रका बारेमा बुझ्न गएका थिए।

धम्की/कुटपिट

माओवादीबाट

सिन्धुपाल्चोक जिल्ला चौतारा गाविस घर भई लगनखेल-रत्नपार्क रुटमा माइक्रोबस चलाउँदै आएका २० वर्षीय केशव श्रेष्ठ र सोही ठाउँका १९ वर्षीय सरोज श्रेष्ठलाई ०६३ फागुन १४ गते माओवादी भ्रातृ सङ्गठन तामाङ मुक्ति मोर्चा कार्यालयका सदस्य विनोद तामाङले मोर्चाको कार्यालय ललितपुर उमनपा-१०, कुपण्डोलमा पुऱ्याई बाँधेर कुटपिट गरे। घटनामा गल्ती भएको स्वीकार्दै नेवा: मुक्ति मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठले फागुन १५ गते माफी मागी पीडकलाई कारबाही र पीडितहरूको उपचार गर्ने सहमति जनाए। च्यातेको पैसाको विषयमा विवाद हुँदा उनीहरूलाई कुटपिट गरिएको थियो।

छम्पी गाविस-१ निवासी पूर्वगाविस अध्यक्ष तथा एमाले कार्यकर्ता ४२ वर्षीय मधुसूदन विष्टलाई मोटरसाइकल र पैसा मागेको भन्दै ०६४ कात्तिक १४ गते डुकुछाप गाविस फर्सिटोल निवासी माओवादी गाउँ कमिटी सचिव सुकबहादुर लामालगायतका कार्यकर्ताले घर घेरा हाली मार्ने धम्की दिए। विष्टसँग ०६४ मङ्सिर १८ गते लगेको बा.४प. ५७०४ नम्बरको मोटरसाइकल र २० हजार रुपियाँ बराबरको मालसामानको पैसा मागेको भन्दै मार्ने धम्की दिएका थिए।

वाईसीएलबाट

सिन्धुपाल्चोक जिल्ला बाह्रविसे गाविस निवासी

माइक्रोबस चालक २० वर्षीय सन्तोष भनिने आइतराम विक, सोही जिल्ला नाग्रे गाविस-२ निवासी माइक्रोबस ड्राइभर पदम तामाङलगायत दुई जनालाई ०६३ फागुन १५ गते नयाँ काठमाडौँ उपत्यका अभियान लेखिएको ड्रेस लगाएका वाईसीएलका कार्यकर्ताले ललितपुर उमनपा-१० कुपण्डोलमा खुकुरी र खुँडा प्रहार गरी घाइते बनाए। घाइतेमध्ये आइतराम र पदमको वीर अस्पतालमा र अन्यको पाटन अस्पतालमा उपचार भयो। वाईसीएलका कार्यकर्ताले बा.१ज. ५९२६, बा.१ज. ५७५८, बा.१ख. ५८२१, बा.१ज. ५९१७, बा.१ज. ६२६८, बा.१ज. ५८८५ नम्बरको माइक्रोबस र बा.१ज. ३२२८ नम्बरको ट्याक्सीसमेत तोडफोड गरी क्षति पुऱ्याए। माइक्रोबसका चालकमाथि कुटपिट भएको भन्दै कुपण्डोलमा चक्काजाम गरेको आरोपमा वाईसीएलका कार्यकर्ताले कुटपिट र तोडफोड गरेका थिए।

ललितपुर उमनपा-१२ निवासी नेविसङ्घ क्षेत्र नं. २ सभापति ३२ वर्षीय शशि श्रेष्ठलाई ०६४ साउन २९ गते वाईसीएलका कार्यकर्ताले ललितपुर उमनपा पाटनढोका, पाटन क्याम्पस हाताभित्र कुटपिट गरे। थापाथली क्याम्पसमा नेविसङ्घका विद्यार्थीलाई अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीहरूले कुटपिट गरेको विरोधमा विरोध प्रदर्शन गरी फर्कने क्रममा श्रेष्ठलाई कुटपिट गरिएको थियो। कुटपिटबाट टाउकोमा चोट लागेका श्रेष्ठले पाटन अस्पतालमा उपचार गराए।

गैरकानुनी गिरफ्तारी

काठमाडौँ जिल्ला काठमाडौँ मनपा-३५, कोटेश्वर निवासी १८ वर्षीय सन्तोष भट्टराईलाई प्राध्यापक धर्मराज विष्ट हत्यामा संलग्न रहेकालाई भगाएको आरोपमा ०६४ असार २७ गते प्रहरीले उनकै घरबाट बिनापुर्जी गिरफ्तार गऱ्यो। पीडितलाई महानगरीय प्रहरी परिसर जावलाखेलमा राखी ०६४ साउन १० गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अछाम जिल्ला घर भई माओवादीपीडितको अस्थायी शिविर तीनकुनेमा बस्दै आएका माओवादीपीडित सङ्घर्ष समितिका प्रवक्ता भोजराज तिमल्सैना, सदस्यहरू रामेछाप जिल्ला गोठगाउँ निवासी ६० वर्षीय तुलसीबहादुर महत, सोही जिल्ला गेलु गाविस-५ निवासी ५५ वर्षीय कल्याण बुढाथोकी, ५५ वर्षीया भक्तकुमारी महत, मकवानपुर जिल्ला निवासी ६४ वर्षीय शरणबहादुर भण्डारी, ४० वर्षीय गणेश भण्डारी, २१ वर्षीय दीपक भण्डारी, ६० वर्षीया पूर्णाकुमारी भण्डारी, नुवाकोट जिल्ला निवासी रीता ढकाल, मुगु जिल्ला निवासी छविलाल कार्की, धादिङ जिल्ला निवासी सुनीता तामाङ, भोजपुर जिल्ला निवासी तारा राईलगायत ७८ जनालाई मन्त्री निवास घेराउ गर्ने क्रममा ०६३ फागुन १२ गते प्रहरीले हस्तक्षेप गरी गरिफ्तार गरे। गिरफ्तार सबैलाई महानगरीय प्रहरी परिसर जावलाखेलमा राखी सोही दिन रिहा गरियो। प्रहरीको हस्तक्षेपबाट घाइते भएका रामेछाप जिल्ला निवासी १७ वर्षीया सुशीला केसी र विणा अधिकारीले पाटन अस्पतालमा उपचार गराए।



अपहरणपछि हत्या गरिएका बालक धीरज अधिकारी

कैलाली जिल्ला टीकापुर नगरपालिका निवासी वादी सङ्घर्ष समितिकी संयोजक उमादेवी वादी, डलेल्धुरा जिल्ला निवासी कलावती वादी, कैलाली जिल्ला निवासी तरुणा वादी, कञ्चनपुर जिल्ला निवासी गौमती राना, मञ्जु राना, लक्ष्मी वादी, बर्दिया जिल्ला निवासी दुर्गा वादीलगायत १ सय ४ जनालाई विभिन्न मागसहित मन्त्री निवासअगाडि धर्ना दिने क्रममा ०६४ भदौ २३ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई महानगरीय प्रहरी परिसर जावलाखेलमा राखी सोही दिन रिहा गरियो। प्रहरीको धरपकडका क्रममा वादी सङ्घर्ष समितिका मोहन वादी सामान्य घाइते भए।

काठमाडौँ जिल्ला काठमाडौँ मनपा-१० निवासी एलिको एजेन्सीका म्यानेजर ३३ वर्षीय निरज खरेल, एलिको अभिकर्ताहरू ५२ वर्षीय होमप्रसाद गौतम, ४७ वर्षीय सीताराम पन्त, ३५ वर्षीय कपिल ओली, ३३ वर्षीय शरद कार्की, ४७ वर्षीय नेत्रप्रसाद अधिकारी, २७ वर्षीय रोशन अधिकारी, ४० वर्षीय राजराम इटनी, ३४ वर्षीय पूण्यराज पाण्डे, ३७ वर्षीय नगेन्द्र भुजेल, ४० वर्षीय सञ्जय श्रेष्ठ, ३० वर्षीय योगेन्द्रप्रसाद दाहाल, २५ वर्षीय कमल सिग्देल र ३३ वर्षीय अजय तुलाधरलाई विभिन्न मागसहित एलिको कार्यालयमा धर्ना बसेको समयमा ०६४ भदौ २४ गते प्रहरीले ललितपुर उमनपा-१३, पुल्चोक नारायणी कम्प्लेक्सबाट गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई महानगरीय प्रहरी परिसर जावलाखेलमा राखी ०६४ भदौ २५ गते रिहा गरियो। सो क्रममा प्रहरीले लाठीचार्ज गर्दा भक्तपुर

वाईसीएलद्वारा अपहरण तथा कुटपिट गरिएका रामकुमार घिमिरे, शशी श्रेष्ठ, शिव थापा र कान्छी खत्री

जिल्ला निवासी ३२ वर्षीया लक्ष्मी अधिकारी, धनकुटा जिल्ला खोपु गाविस-५ निवासी ४० वर्षीया लक्ष्मी राई, नुवाकोट जिल्ला थाप्रेक गाविस-९ निवासी ३९ वर्षीय रामगोपाल खड्का, भोजपुर जिल्ला खाटम्पा गाविस-८ निवासी ३४ वर्षीय रामकुमार राई, काठमाडौँ जिल्ला काठमाडौँ मनपा-४ सुकेधारा निवासी २८ वर्षीय ध्रुव लामा, काठमाडौँ मनपा-१३ निवासी ४५ वर्षीय हर्ष शाक्य र म्यार्दी जिल्ला निवासी महेन्द्र रोक्का घाइते भए। घाइते सबैले अल्का अस्पताल जावलाखेलमा उपचार गराए।

ललितपुर उमनपा लगनखेल निवासी अनु बुक्सका सञ्चालक ३४ वर्षीय रघु महर्जनलाई ०६४ असोज १६ गते माओवादीनिकट अखिल नेपाल सञ्चार तथा छापाखाना मजदुर सङ्घका कार्यकर्ताहरूले *कान्तिपुर* दैनिक वितरण नगर्न धम्की दिए। उनीहरूले पत्रिका वितरण गरे नराम्रो हुने भन्दै त्यस दिनको *कान्तिपुर* कब्जा गरी लगे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला अदालत गरी दुईओटा अदालत छन्। पुनरावेदन अदालत पाटनमा देवानी, फौजदारी, परमादेश, निषेधाज्ञा गरी विभिन्न शीर्षकअन्तर्गत जिम्मेवारी सरेर आएका २ हजार ५ सय ३७ थान र यस वर्ष दर्ता भएका १२ सय ३८ थान गरी कुल ३ हजार ७ सय ७५ थान मुद्दा रहे। जसमध्ये ६ सय ८३ थान फर्स्यौंट भए भने ३ हजार ९२ थान मुद्दा फर्स्यौंट हुन बाँकी रहे। यस अदातलमा दुई वर्ष नाघेका १ सय ६७ थान मुद्दा फर्स्यौंट हुन बाँकी रहेका छन्।

यसैगरी, जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका १ हजार २ सय ६८ थान र यस वर्ष दर्ता भएका ४ सय ५३ थान गरी जम्मा १ हजार ७ सय २१ थान मुद्दा रहे, जसमध्ये २ सय ९१ थान फर्स्यौंट भए भने १ हजार ४ सय ३० थान फर्स्यौंट हुन बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका १ सय ६६ थान मुद्दा फर्स्यौंट हुन बाँकी रहे।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

ललितपुर उमनपा-२२, बङ्गलामुखी निवासी ४९ वर्षीय बेलकृष्ण खड्गीलाई बिनाकारण ०६४ कात्तिक ११ गते ललितपुर उमनपा-२२, बगलामुखी डेरा गरी बस्ने प्रहरी जवानहरू कृष्णबहादुर रानाभाट, दानबहादुर केसी र दामोदर थापाले ललितपुर उमनपा-२२ पाटनढोकामा नियन्त्रणमा लिए। पीडितलाई महानगरीय प्रहरी प्रभाग पाटन लगियो। उनलाई त्यहाँबाट महानगरीय प्रहरी परिसर जावलाखेलको हिरासतमा शरीरमा हातखुट्टाले कुटपिट गरी यातना दिए। यातनाबाट पीडितको पुठ्ठामा नीलडाम बस्यो। पीडितलाई कात्तिक १२ गते रिहा गरियो। पीडकहरूलाई कारबाहीका लागि महानगरीय प्रहरी परिसर जावलाखेलमा कात्तिक १३ गते पीडितले ज्ञापनपत्र दिए।

बालअधिकार

झापा जिल्ला दमक नपा-५ घर भई सैबु भैँसेपाटी गाविस-१ मा डेरा गरी बस्ने नौ वर्षीया एक बालिकालाई ०६३ फागुन १३ गते प्रहरीले सिन्धुपाल्चोक जिल्ला चौतारा गाविस-५ घर भई पेमा कार्पेट कारखाना सैँबु भैँसेपाटीमा काम गर्ने २० वर्षीय गणेश लामाले बलात्कार गरेको आरोपमा गिरफ्तार गरी जिल्ला अदालत लगनखेलमा जबरजस्ती करणीसम्बन्धी मुद्दा चलायो। पीडित हाल थुनामा रहेका छन्।

ललितपुर उमनपा जावलाखेलकी चार वर्षीया एक बालिकालाई ०६४ जेठ २७ गते भारत घर भई सोही स्थानमा बस्दै आएका १८ वर्षीय ओमप्रकाश शर्माले बलात्कार गरेको भनी महानगरीय प्रहरी परिसर जावलाखेमा पीडित परिवारले जाहेरी दिए। जाहेरीको आधारमा प्रहरीले शर्मालाई गिरफ्तार गरि जिल्ला अदालत लगनखेलमा जबरजस्ती करणी उद्योगमा मुद्दा चलायो। पीडित हाल थुनामा रहेका छन्।

ललितपुर उमनपा-७ त्यागल निवासी १५ वर्षीया एक बालिकालाई ०६४ असार ४ गते सोही स्थानका ५८ वर्षीय आशालाल महर्जनले बलात्कार गरेको भन्दै पीडितका परिवारले महानगरीय प्रहरी परिसर जावलाखेलमा जाहेरी दिए। जाहेरीका आधारमा प्रहरीले महर्जनलाई गिरफ्तार गरी जिल्ला अदालत लगनखेलमा जबरजस्ती करणी उद्योगमा मुद्दा चलायो। पीडित हाल थुनामा रहेका छन्।

सैँबु गाविस-८ निवासी सहिद धर्मभक्त बोर्डिङ् स्कुल सैँबु कक्षा दुईमा अध्ययनरत ८ वर्षीय धीरज अधिकारीलाई स्कुलबाट घर फर्कदै गर्दा ०६४ असोज १७ गते सोही स्थान निवासी २१ वर्षीय नवीन श्रेष्ठ, २३ वर्षीय राजकुमार श्रेष्ठ, लिजा क्लब सुन्धाराका बाउन्सर २३ वर्षीय टीकाराम श्रेष्ठ, भोजवहादुर लामा, टीकाभैरव गाविस निवासी ट्याक्सी ड्राइभर २८ वर्षीय राजु लामाले सैँबु गाविस-६ बाट अपहरण गरे। अपहरित अधिकारीलाई ललितपुर उमनपा बालकुमारीस्थित मनोज महर्जनको घरमा घाँटी थिचेर हत्या गरे। उनको लास असोज २१ गते काठमाडौँ मनपा बालकुमारीस्थित मनहरा पुलमुनि बोरामा फ्याँकिएको अवस्थामा फेला पऱ्यो। पीडितहरू पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

देवीचौर गाविस-४ निवासी २८ वर्षीया एक महिलालाई ०६४ साउन २३ गते मोरङ जिल्ला बयरवन गाविस-७ घर भई काठमाडौँ मनपा मैतीदेवी बस्ने २४ वर्षीय ईश्वरी निरौला र मोरङ जिल्ला मृगौलिया गाविस-४ निवासी २८ वर्षीय सुमन भट्टराईले चापागाउँ गाविस-१ मा बलात्कार गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरूलाई महनगरीय प्रहरी कार्यालयले जिल्ला अदालत लगनखेलमा मुद्दा चलायो। पीडितहरू हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

पारिवारिक हिंसा/बहुविवाह

छम्पी गाविस-२ विष्ट गाउँ निवासी २५ वर्षीया लक्ष्मी विष्टले दाइजो नल्याएको आरोपमा ०६३ चैत २३ गते उनलाई जेठाजु रामहरि विष्ट, जेठानी मुना विष्ट, सासू राजन विष्ट र पति कृष्णहरि विष्टले ढोका थुनेर कुचो र करुवाले कुटपिट गरी १० दिनसम्म घरमै थुनेर राखे। कुटपिट गरेको थाहा पाएपछि पीडकहरूलाई स्थानीय बासिन्दाले समातेर महानगरीय प्रहरी वृत्त चापागाउँमा बुझाए। पीडकहरूले उपचार खर्च, अंश र तलब दिनेमा सहमति जनाए। पीडितको आनन्दवन अस्पताल टीकाथली र वीर अस्पतालमा उपचार भयो।

चितवन जिल्ला पटिहानी गाविस-३ घर भई हाल ललितपुर उमनपा-१३ निवासी ३६ वर्षीय टीकाबहादुर पराजुलीले सोही जिल्ला पदमपोखरी गाविस-३ घर भई ललितपुर उमनपा-३ पुल्चोक निवासी ३० वर्षीया शकुन्तला पराजुलीसँग दोस्रो विवाह गरेको भन्दै ०६४ असार ३२ गते ललितपुर उमनपा-१३, जावलाखेल निवासी ३० वर्षीया राधिका पराजुलीले जिल्ला अदालत ललितपुरमा मुद्दा दायर गरिन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

मानिखेल गाविस-६ निवासी इसाई धर्मावलम्बी सुनबहादुर रुम्बाको लास इसाई धर्मावलम्बी भएकै कारण ०६४ साउन १५ गते सोही गाविसका बासिन्दाले गाड्न प्रतिबन्ध लगाए। मृतकका आफन्तले लास पशुपति लाने क्रममा मलामी हिँडेका मानिखेल गाविस-६ निवासी २४ वर्षीय प्रकाश स्याङ्तान, २४ वर्षीय ज्ञानलाल तामाङ, ३० वर्षीय रन वाइवा र चितवन जिल्ला निवासी ३० वर्षीय होमनाथ पन्तलाई ०६४ साउन १६ गते सोही गाविस-६ निवासी देह तामाङ, सोही गाविस-८ निवासी ५५ वर्षीय धोजे तामाङलगायतका स्थानीय बासिन्दाले कुटपिट गरे। पीडितहरूले इन्सेक प्रतिनिधिको पहलमा जिल्ला प्रशासन कार्यालयमा ०६४ भदौ ३ गते दोषीमाथि कारवाही र लास गाड्ने स्थान उपलब्ध गराई पाऊँ भनी निवेदन दिए।

संरचना/सम्पत्ति क्षति

बाटो निर्माणमा राजनीति भएको आरोपमा ०६३ फागुन ११ गते स्थानीय बासिन्दाले जिल्ला विकास समितिको कार्यालयमा तोडफोड गरे। तोडफोडबाट जिविस कार्यालयका भवनका सिसाहरू फुटेर नष्ट भयो। घटनामा स्थानीय विकास अधिकारी डण्डु घिमिरेलाई सामान्य चोट लाग्यो।

भूमिहीन तथा सुकुम्वासी समस्या/अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्वासी समस्या आयोग स्थापना गरिएको छैन। भूमिसुधार कार्यालयले भूमिहीन

तथा सुकुम्वासीहरूको तथ्याङ्क राख्न सकेको छैन। यस जिल्लामा वाग्मती, विष्णुमतीलगायतका अन्य खोलाको किनारमा भूमिहीन तथा सुकुम्वासीहरू अस्थायी झुप्रा बनाई बसोवास गरेको पाइन्छ। यसरी बसोवास गर्नेमा भारतीय नागरिकसमेत रहेको पाइन्छ।

विगतको अनुगमन

भारत घर भई भक्तपुर जिल्ला बस्दै आएका अमन महासेठलाई शिक्षकको थर काडेको आरोपमा ०६३ भदौ १५ गते डीएभी सुशील केडिया विश्व भारती स्कुलका शिक्षक रामचन्द्र खनालले दुर्व्यवहार गरी निर्मम यातना दिएको भनी जिल्ला अदालतमा दायर मुद्दाको फैसला गर्दै ०६४ असार २७ गते न्यायाधीश कुमार पोखरेलको इजलासले अन्तिम सुनुवाइ गर्दै पीडितलाई २० हजार क्षतिपूर्ति र पीडकलाई ५ हजार जरिवाना गर्ने निर्णय सुनायो। यस घटनाको इन्सेक, सिभिक्ट, सिविनले स्थलगत अध्ययन गरेका थिए।

२.१३ काभ्रे

जनसङ्ख्या : ४,३४,८७२
साक्षरता प्रतिशत : ६५
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.): १,३९६
गाविस/नपा सङ्ख्या : ८७/३
सरकारी/निजी विद्यालय : ६५५/७१
क्याम्पस/उच्च मा.वि. : १२/३९
अस्पताल/स्वास्थ्य चौकी : ७/९४
मोटर सडक (कि. मि.): ८०२
प्रहरी कार्यालय सङ्ख्या : २९
मानव विकास सूचकाङ्क : ०.५४३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

खनालथोक गाविस-२ भाँगेडाँडाका ५५ वर्षीय कमल न्यौपानेलाई ०६४ असार ३ गते बेलुका प्रहरी चौकी भकुण्डेका प्रहरी जवान तनहुँ जिल्ला व्यास नपा-४ घर भएका २८ वर्षीय छविलाल अछामीले कुटपिट गर्दा न्यौपानेको मृत्यु भयो। चरङ्गेफेदीबाट माइक्रो बस चौकीनजिक ओर्लिएर प्रहरीसँग भनाभन गर्दा अछामीले न्यौपानेलाई लाठी प्रहार प्रहार गरेका थिए। मृतकको दुवै गाला र कानमा चोट देखियो। असई रोशन श्रेष्ठको नेतृत्वमा सात जना प्रहरी रहेको यस चौकीमा घटनाका बेला दुई जना बिदामा थिए। प्रहरीले कर्तव्य ज्यान मुद्दामा असार ६ गते जाहेरी दर्ता गऱ्यो। पीडित पक्षलाई किरिया खर्च एवम् क्षतिपूर्तिबापत ५० हजार रुपियाँ घटनास्थलमै प्रमुख जिल्ला अधिकारीले हस्तान्तरण गरे। पीडित पक्षसँग भएको वार्तामा प्रहरी पोस्टमा कार्यरत प्रहरीलाई थप अनुसन्धान गरी विभागीय कारबाही गर्ने, लासको पोस्टमार्टम गर्ने र घटनामा देखिएका विषयलाई सञ्चार माध्यममार्फत सार्वजनिक गर्ने सहमति भयो। यस घटनामा सरकारले पीडित परिवारलाई ५ लाख रुपियाँ सहयोग उपलब्ध गरायो।

जेल र बन्दीहरू

धुलिखेलमा रहेको जेल भवन राणाकालीन समयमा बडाहाकिमले घोडा राख्ने तबेलाका रूपमा प्रयोग गर्ने गरेका थिए। वि.सं. १९६० मा जेलको रूप दिइएको यो कारागार 'घ' श्रेणीमा पर्दछ। बन्दी क्षमता ६१ जना रहेको यस कारागारमा अहिले ५५ जना कैद तोकिएका र ४३ जना कैद नतोकिएका गरी जम्मा ९८ जना बन्दी छन्। महिला र बालबालिका राख्ने व्यवस्था यहाँ छैन।

सुर्खेत जिल्ला तातोपानी गाविस-५ का ५६ वर्षीय बुद्धि दमाईको ०६४ असार २ गते सुतिरहेको अवस्थामा कारागारमा मृत्यु भयो। कर्तव्य ज्यान मुद्दामा ०५२ असार १५ गतेदेखि जेलजीवन बिताइरहेका उनी धेरैअघिदेखि बिरामी रहेको र उपचार भइरहेको कारागार शाखाले जनायो।

कारागारको मूल ढोकाबाट ०६४ कात्तिक २८ गते बेलुका तीन जना बन्दी भागे । कारागारबाट भाग्नेहरूमा नेपाली सेनाका रुद्रध्वज गणमा कार्यरत दैलेख जिल्ला रूम गाविस-१ निवासी २० वर्षीय

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	८	५	३	८					१	१		१
हिरासत वा थुनामा मृत्यु									१	१		१
कुटपिट	१०	३१	३	३४	८	१४	१	१५	१		३	३
धम्की	१	१		१	३	३	१	३				
जातीय विभेद	३	१	१	३								
महिलाअधिकार	४		४	४								
बालअधिकार	६	१	५	६								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३		३				
अपहरण	४	८		८	३	३		३				
जम्मा	३५	३८	१६	५३	१४	३१	३	३३	३	३	३	४

भक्तबहादुर शाही, रामेछाप जिल्ला गौसरा गाविस-७ निवासी २० वर्षीय कमल थापामगर र उत्तमबहादुर थापामगर छन्। शाही काभ्रे गाविस-९ निवासी ४० वर्षीया एक जना दलित महिलालाई ०६३ पुस ८ गते दिउँसो घरमा कोही नभएको अवस्थामा धुलीखेलस्थित देवीस्थान टावरमा सुरक्षार्थ खटिएका बेला बलात्कार गरेको आरोपमा अदालतको आदेशमा पुर्पक्षका लागि कारागारमा थिए। फरार भएका शाहीबाहेकलाई प्रहरीले पुन: गिरफ्तार गऱ्यो।

बेपत्ता/अपहरण

माओवादीबाट

बनखु गाविस-६ का ३६ वर्षीय मानबहादुर घलानलाई ०६३ फागुन २५ गते दिउँसो माओवादीले घरबाटै अपहरण गरेकामा ०६३ फागुन ३० गते मुक्त गरे। जटिल, प्रेमबहादुर बम्जन र तुलबहादुर मोक्तानलगायतका पाँच जना माओवादीले 'सामाजिक कामबारे केही सल्लाह गर्नु छ' भनी अपहरण गरेर कुटपिट गरेका थिए। जटिल भनिने माओवादीले उनकै दाजुको जग्गा कब्जा गरेकामा माओवादीले शान्ति प्रक्रियामा सहमति भएपछि फिर्ता नगरेको भनेर टिप्पणी गरेबापत उनलाई अपहरण गरी कुटिएको थियो। घलान जनमोर्चाको गाउँ एकाइका सदस्य हुन्। फोक्सिङटारमा पुऱ्याएर बाबुलाल भनिने माओवादीले हात बाँधी लात्ती र मुक्का हानेको पीडितले बताए।

वाईसीएलबाट

बनेपा नपा-३ निवासी ५० वर्षीय पोखरीनारायणस्थान गाविसका सचिव विवेकदास वैद्यलाई ०६४ असार ५ गते वाईसीएल कार्यकर्ताले अपहरण गरेकामा भोलिपल्ट राति १ लाख ३४ हजार रुपियाँको कागजमा सही गराई मुक्त गरे। सदरमुकाम गएका वैद्यलाई दोलालघाट गाविस-७ निवासी गोपाल तामाङ र पोखरी नारायणस्थानका बिलबहादुर तामाङलगायतका छजना माओवादीले अपहरण गरी राति पाँचखाल गाविस-९ तीनपिप्लेमा राखेका थिए। यसअघि दोलालघाट गाविस सचिवमा कार्यरत पीडितले योजनाको १ लाख ३४ हजार ७ सय ७४ रुपियाँ हिनामिना गरेको भन्दै उक्त रकम माओवादीलाई दिनुपर्ने भनी सही गराइएको थियो। पीडितका अनुसार, जसमा ९४ हजार रुपियाँ योजनामा खर्च भई बाँकी रकम जिल्ला विकास समितिको खातामा जम्मा गरी जिविसले खर्चको अनुमोदनसमेत गरिसकेको छ। पीडितले जनधनको सुरक्षा गरिपाऊँ भनी जिल्ला प्रशासन र जिल्ला विकास समितिमा निवेदन दिएका छन्। २८ वर्षअघिदेखि उनी गाविस सचिवमा कार्यरत छन्।

वाल्टिङ गाविस-७ निवासी कान्छामान मोक्तान, कान्छा कुँवर, खड्गबहादुर रुचाल र भीमखोरी गाविस-६ का बद्री श्रेष्ठ र रामचन्द्र सिँजालीलाई ०६४ साउन १९ गते वाईसीएलले अपहरण गरी रातभरि स्थानीय जोगेश्वर प्राविमा थुनेर कुटपिट गरी वाल्टिङ गाविस-९ सोरेमा भदौ १ गतेबाट देवीथान मन्दिर बनाउनुपर्ने सर्तमा मुक्त गरे। एक वर्षअघि हराएको बन्दुक स्थानीय चक्रबहादुर कुँवरसँग भेटिएपछि वाईसीएलले उनीहरूलाई नियन्त्रणमा लिएको थियो। वाल्टिङ गाविस-७ तारेका ओमबहादुर घलानको ०६४

प्रहरीको कुटपिटबाट मृत्यु भएका कमल न्यौपाने

कात्तिक १५ गते नगद तथा गहना चोरी गरेको आरोप पनि उनीहरूलाई लगाइएको थियो। वाईसीएलका कार्यकर्ता शिव ठकुरीलगायतले पीडकहरूबाट २० हजार रुपियाँ लिएर ओमबहादुरलाई दिए। चोरीको आरोप लागेकाहरूले आफूलाई प्रहरीलाई बुझाउन भन्दा 'प्रहरीलाई बुझाउँदा केही दिनमा छुटिहाल्ने र पछि गाउँमा उनीहरूले दु:ख दिने भएकाले' नबुझाइएको वाईसीएलका स्थानीय कार्यकर्ताले बताए। उनीहरूलाई हप्ताको एकपटक भीमखोरी गाविस-६ स्थित वाईसीएल कार्यालयमा उपस्थित हुने सर्तमा मुक्त गरियो।

धम्की/कुटपिट

राज्यबाट

बनेपा नपा-११ निवासी ३५ वर्षीया बेली भुजेल र ३० वर्षीया सीता भुजेललाई बुडोलको खानेपानीका विषयमा विवाद हुँदा ०६४ साउन ७ गते वीरेन्द्र सैनिक आवासीय महाविद्यालयमा काजमा रहेका सैनिक हुद्दा सचितानन्द केसीको नेतृत्वमा कुटपिट भयो। स्थानीय महिलाहरूमाथि हातपात गरी धनमालसमेत क्षति गराएकाले हाम्रो मानवअधिकारको रक्षा गरी पाऊँ भनी पीडितहरूले मानवअधिकार संस्थामा उजुरी गरे। घाइते महिलाहरूको स्थानीय अस्पतालमा उपचार भयो। जिल्ला प्रहरी कार्यालयले साउन ८ गते वीरेन्द्र सैनिक आवासीय महाविद्यालय भक्तपुरलाई पत्राचार गरी पीडकलाई कारबाही गर्न भन्यो। जिल्ला प्रशासन कार्यालय काभ्रेले पनि दोषी सैनिकलाई झिकाएर कारबाही गर्न प्रहरीलाई परिपत्र गऱ्यो। गाउँलेले आफूहरूमाथि पटक-पटक आक्रमण भएकाले सुरक्षाको माग राख्दै ०६४ साउन ८ गते राति बनेपास्थित प्रहरी चौकीमा धर्ना दिए।

माओवादीबाट

बालुवा गाविस-३ निवासी ३२ वर्षीय सुन्दर दनुवार, श्याम दनुवार, माइली दनुवार, जितबहादुर दनुवार र तोरणबहादुर दनुवारलाई ०६३ माघ २ गते माओवादीले कुटपिट गरे। माओवादीसँगै बसेर रक्सी खाएको भनेकाले 'हाम्रो कार्यकर्ताको बेइज्जत गर्ने' भनेर माओवादीले सुन्दर र श्यामलाई कुटेका थिए। सार्वजनिक स्थानको रूख काटेको विरोध गरेका कारण माइली दनुवारलाई हातखुट्टा बाँधेर तथा एमालेको प्रशिक्षणमा गएको भनेर जितबहादुरलाई माओवादीले कुटेका थिए। 'माओवादी आएर खाने र बस्ने गरेको' भनी प्रतिवाद गरेकाले तोरणबहादुरलाई कुटिएको थियो। माओवादीले सर्वसाधारणमाथि कुटपिट गर्न थालेपछि माओवादी ज्यादतीविरुद्ध आक्रोशित सर्वसाधारणले माओवादी कार्यकर्ता विष्णु मिजार र राजकुमार श्रेष्ठलाई छ घण्टा नियन्त्रणमा लिई माफी मगाए।

भूमेडाँडा गाविस-५ का ३० वर्षीय हरिशरण दाहाललाई ०६४ जेठ १० गते माओवादी कार्यकर्ता जनागाल गाविस-४ निवासी राजकुमार विष्ट र उनकै छोरा अनिल विष्टले कुटपिट गरे। घाइतेको बनेपा अस्पतालमा उपचार गरियो।

सुनसरी जिल्ला भरौली गाविसका २६ वर्षीय वसन्त बस्नेत र प्रदीप चौधरीलाई ०६४ वैशाख २६ गते बनेपा नपास्थित नयाँबस्तीमा माओवादीले कुटपिट गरे। वैशाख १८ गते प्रेमविवाहमा बाँधिएका वसन्तका भाइ २१ वर्षीय राजेन्द्र र चैतन्य उच्च माविको कक्षा ६ मा अध्ययनरत एक बालिकाबीच झगडा भएको विषयमा माओवादीले उनीहरूलाई कुटेका थिए। बनेपा नयाँबस्तीका ती बालिकाको घरनजिकै डेरा गरी बस्ने राजेन्द्र निर्माणाधीन बहुप्राविधिक महाविद्यालयमा काम गर्छन्। बालिकाको माइती घरमा लुकेर बसेका माओवादीले वसन्त र प्रदीपको कुरै नसुनी एकोहोरो कुटेका थिए। माओवादीले उनीहरू दुवैको सम्बन्धविच्छेद गराई पीडित पक्षसँग माफी मागे।

चापाखोरी गाविस-९ निवासी ६१ वर्षीय रङ्गवीर लामालाई ०६४ साउन ३ गते बेलुकी माओवादीले छलफलका लागि भनी सोही गाविसको चौतारामा बोलाएर कुटपिट गरे। 'जग्गाको विषयमा छलफल गर्नुछ' भनी माओवादी कार्यकर्ता ३५ वर्षीय धनबहादुर तामाङले बोलाएका कारण स्थानीय बासिन्दा त्यहाँ गएका थिए। माओवादीका वडाप्रमुख तिमालसिं लामा, कर्मसिं लामा, धनबहादुर र सानु माहिला आएर ०६१ असार ८ गते जग्गा कब्जा गरेका थिए। कब्जा गरिएको करिब ६० रोपनी खरपाखोको घाँस, स्याउला

र खर माओवादीले नै काट्दै आएका थिए। जग्गा कब्जापछि पीडितहरूले ०६३ भदौ १० गते माओवादी वडा कार्यालयमा कब्जा भएको जग्गा फिर्ती र क्षतिपूर्तिका लागि निवेदन दिए पनि सुनुवाइ नभएकाले ०६४ असार २५ गते जिल्ला प्रहरी कार्यालयमा गएका थिए। जिल्ला प्रहरीले मङ्गलटार चौकीलाई दुवै पक्ष राखेर छलफल गराइदिनु भनेकाले छलफलका क्रममा कुटपिट भएको थियो।

बनेपा नपा-६ का एसकुमार रञ्जित, रुसबहादुर श्रेष्ठ र लखन रञ्जितकारलाई माओवादीले ०६४ भदौ ५ गते तामाङसालिङ क्षेत्र बन्दका क्रममा सवारीसाधन चलाएको भनी कुटपिट गरे। कुटपिटको विरोधमा बेलुकी स्थानीयवासीले वाईसीएलविरुद्ध नारा लगाउँदै माओवादीको झण्डा जलाए।

बूढाखानी गाविस-५ गोठडाँडाका ५० वर्षीय टेकबहादुर थापालाई कबुलियत वन उपभोक्ता समूह गठन गर्दा आफ्नो पार्टीलाई जानकारी नगराएको भन्दै ०६४ कात्तिक १९ गते बिहान माओवादी एरिया इञ्चार्ज मेघ लामा, हीरा, जटिल, आत्मराम, हरिलगायतका कार्यकर्ताले नियन्त्रणमा लिई कुटपिट गरे। माओवादीले उनलाई नजिकैको वनमा लगेर सिस्नुपानी लगाएर मुक्का प्रहार गरेका थिए।

मायोज चाउचाउ कारखानाको जिफन्टसँग आबद्ध खाद्य तथा पेय पदार्थ स्वतन्त्र मजदुर युनियनका अध्यक्ष कान्छा गौतमलाई ०६४ कात्तिक १६ गते माओवादी मजदुरले कुटपिट गरे। माओवादीसँग आबद्ध प्रेम लिम्बू र दिनेश श्रेष्ठले साङ्घातिक हमला गरेको भन्दै एमाले काभ्रेले दोषीलाई कारबाही गर्न माग राख्यो। गौतमले आफ्नो युनियनका तर्फबाट मजदुरका पक्षमा व्यवस्थापनसमक्ष मागपत्र पेस गरेपछि सो मागपत्र माओवादी मजदुरहरूलाई नसोधी पेस गरेको भनी कुटपिट गरिएको थियो।

वाईसीएलबाट

जनविकास उच्च मावि तालढुङ्गामा ०६४ पुस १६ गते अनेरास्ववियुद्वारा आयोजित सांस्कृतिक कार्यक्रममा भाग लिन गएका विद्यार्थी नेताहरू दीपक गौतम, विपीन लामा, दुर्गा तिमल्सिना, गोविन्द ठकुरी, भोजकुमारी लामा, सुमन पौडेल, सुरेश तिमल्सिना र एमालेका स्थानीय नेता शेखर लामालाई वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। गम्भीर घाइते भएका दीपक गौतमको शिक्षण अस्पताल काठमाडौँमा उपचार भयो।

माओवादीद्वारा कुटपिट गरिएका रङ्गवीर लामा, टेकबहादुर थापा र हरिशरण दाहाल

कार्यक्रममा बोलिरहेकी दुर्गा तिमल्सिनाको हातबाट माइक खोसी वाईसीएल कार्यकर्ताले लडाएका थिए। घाइतेहरूलाई घटनास्थलबाट हेलिकप्टरमा काठमाडौँ ल्याइयो।

बनेपा नपा-१० का ३५ वर्षीय *काभ्रे टाइम्स*का सम्पादक राजन लुईंटेललाई ०६४ पुस १२ गते वाईसीएल कार्यकर्ता महेश केसी, विकास शेर्पा र नारायण तिमल्सिनाले बयानका लागि आफ्नो कार्यालयमा नगए अपहरण गर्ने धम्की दिए। चारदोबाटोस्थित आफ्नै पसलमा बसिरहेका लुईंटेललाई दीपक अधिकारीले दिएको निवेदनका आधारमा वाईसीएल कार्यकर्ताहरू बयानका लागि बोलाउन गएका थिए। वाईसीएललाई बयान लिने अधिकार नभएकाले जान्न भनेर इन्कारेपछि वाईसीएलका कार्यकर्ताहरूले 'नेताहरू चिनेको छु भनेर फूर्ति गर्ने ? पत्रकार भनेर जे गर्न पनि हुन्छ ?' भन्दै हिँडेका थिए। केही वर्षअघि लुईंटेलको गाडीले ललितपुर-२ निवासी शौनकविक्रम केसीलाई ठक्कर दिएको घटनामा सगरमाथा इन्स्योरेन्स कम्पनीले दिनुपर्ने भुक्तानी आफैंले उठाएर खाएको आरोप सम्पादक लुईंटेललाई लगाइयो। लुईंटेलले भने आफ्नो दायित्वको रकम दिइसकेको र इन्स्योरेन्स कम्पनीले आफूलाई भुक्तानी नदिएको बताए।

रविओपी गाविस-२ निवासी काङ्ग्रेस (प्र.) का जिल्ला सदस्य ४४ वर्षीय रघुनाथ गौतमलाई ०६४ साउन २२ गते बिहान वाईसीएल कार्यकर्ताले कुटपिट गरे। माओवादी कार्यकर्ता गणेश बजगाईंको बारीको मुहानबाट आएको पानी प्रयोग गरेको निहुँ बनाएर स्थानीय वाईसीएलका कार्यकर्ता मिलन पौडेल, रामप्रसाद दुलाल र गणेश बजगाईंले कुटेका थिए। राजनीतिक प्रतिशोध लिने उद्देश्यले आफूलाई पनि वाईसीएल कार्यकर्ताले गालामा हिर्काएको पीडितका छोरा १८ वर्षीय प्रल्हाद गौतमले बताए। गाउँलेको सहयोगमा पीडितलाई बनेपास्थित शिर मेमोरियल

वाईसीएलद्वारा कुटपिट गरिएका दिनेश तामाङ

अस्पतालमा उपचार गरियो।

बूढाखानी गाविस-३ निवासी २२ वर्षीय दिनेश तामाङलाई ०६४ असोज २७ गते बेलुकी बनेपास्थित माओवादी कार्यालयमा बोलाएर वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। माओवादीका पूर्वकार्यकर्ता तामाङको बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार भयो। चितवनस्थित माओवादी शिविरबाट ०६३ माघमा हजुरबुबा बिरामी भएको बहाना बनाएर भागेका उनी माओवादी त्याग गरी घरमा नै बसेका थिए। बनेपामा आउने-जाने गरिरहेका तामाङ असोज २७ गते नजिकैको पसलमा कौडा खेल हेरिरहेको अवस्थामा खेलाडी मानबहादुर बलले खेल हारेपछि ७ हजार रुपियाँ चोरेको आरोप लगाएर माओवादीलाई गुहारेका थिए। वाईसीएल कार्यकर्ता दूधलाल तामाङलगायतका छ जनाले तीनदोबाटोमा हिँडिरहेको अवस्थामा बोलाएर कार्यालयमा पुऱ्याई कुटपिट गरेको पीडितले बताए। कुटपिटबाट 'अब मर्छ' भन्ने भएपछि माओवादीले नै चोर ल्याएको भन्दै इलाका प्रहरी कार्यालय बनेपालाई कारबाही गर्न अनुरोध गर्दै बुझाएका थिए। प्रहरीले पीडित तामाङलाई अस्पताल लगेर उपचार गरेपछि ०६४ असोज २८ गते माओवादीमा क्रियाशील उनकै भाइ र माओवादी विद्यार्थी सङ्गठनका रोशनलाई जिम्मा लगाएर पठायो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बनेपा नपा-६ का १५ वर्षीय मुकेश कायस्थको थप उपचारका लागि दबाब समूहले ०६३ फागुन १७ गते बिहानदेखि दिउँसो १ बजेसम्म बनेपा नगर बन्दको आयोजना गऱ्यो। बनेपा तीनदोबाटोमा ०६२ चैत २७ गते प्रहरीको गोलीबाट गम्भीर घाइते भई वीर अस्पतालमा उपचारका लागि भर्ना गरिएकामा ११ महिनासम्म पनि ठीक नभएकाले फागुन १४ गते उनलाई घर ल्याइएको थियो। राजनीतिक दलहरूको आग्रहमा दबाब समूहले बन्द फिर्ता लिएको हो। वीर अस्पतालमा उपचारका लागि राखिएका कायस्थलाई अर्धचेत अवस्थामै घर पठाइएका कारण पूर्ण उपचार नेपालमा सम्भव नभएमा विदेशमा लगेर उपचार गर्नसमेत समूहले दबाब दियो।

माओवादी समर्थित अखिल नेपाल होटल तथा रेस्टुरा मजदुर सङ्घले ६ सूत्रीय माग राख्दै ०६३ माघ ७ गते धुलिखेलका होटलहरूमा तालाबन्दी गरेकामा होटल मालिक र मजदुरहरूबीचको सहमतिमा माघ ८ गते ताला खोलियो। माओवादीले धुलिखेल लज रिसोर्ट, मिरायबल रिसोर्ट, होटल अरनिको, होटल होराइजन, हाइ भ्यु रिसोर्ट, माउन्ट भ्यु रिसोर्ट, रविन सनराइज, स्नो भ्यु र हिमालय साङ्ग्रिलालगायत होटलमा तालाबन्दी गरेका थिए। माओवादी जिल्लास्तरीय मजदुर नेता जय अर्याल र खेम बस्नेतले अगुवाइ गर्दै सबै होटलका कामदारलाई जम्मा गरी ताला लगाउँदै हिँडेका थिए। दुबै माओवादीहरू कुनै पनि होटलमा काम गर्दैनन्।

जिल्ला विकास समितिको सहयोगमा सामाजिक संस्था जिल्ला समन्वय समिति काभ्रेले अनेकोट गाविस-४ माझगाउँमा ०६४ असोज ५ गते सञ्चालन गरेको संविधानसभा सचेतना अनुशिक्षण कार्यक्रम माओवादीको भ्रातृ सङ्गठन वाईसीएलका कार्यकर्ताले रोके। वाईसीएलका एरिया कमाण्डर नारायण ढकालसहित २५ जनाको सङ्ख्यामा आएको समूहले प्रशिक्षण सञ्चालन भइरहेको मनकामना महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको सभाकक्षबाट सहभागीलाई बाहिर निकाली ताला लगाएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

काभ्रे जिल्ला अदालतमा देवानीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएको २ सय ८० थान मुद्दामध्ये ४२ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ६५ थान मुद्दामध्ये नौ थान मुद्दा फर्स्यौट भए। यसैगरी, फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ७३ थान मुद्दामध्ये ३६ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ८२ थान मुद्दामध्ये ९ थान फर्स्यौट भए। यस वर्षको अत्यसम्म जम्मा छ सय थान मुद्दामध्ये जम्मा ९६ थान मुद्दा फर्स्यौट भए भने ५ सय ४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यस वर्षको अन्त्यसम्म दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या १ सय २२ थान रहेको छ। यस अदालतमा राममणि चालिसेले ०५७ साउन २९ गते जिल्ला विकास समितिविरुद्ध दायर गरेको हक कायमको मुद्दा सात वर्ष बितिसक्दा पनि फर्स्यौट भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

कात्तिकेदेउराली गाविस-९ निवासी महाविष्णु

निमावि कात्तिकेदेउराली-६ का शिक्षक विष्णुप्रसाद चौलागाईंले ०६३ चैत १८ गते आफ्नै साली नाता पर्ने सोही विद्यालयको कक्षा-८ मा अध्ययनरत १४ वर्षीया एक बालिकालाई बलात्कार गरे। विद्यालय समय सकिएपछि विद्यालयमै राखी पीडकले कक्षा-२ को कोठामा रातको ८ बजेसम्म बलात्कार गरेका थिए। प्रहरीले पीडक चौलागाईंलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

फलामेटार गाविस-८ घर भई पनौती नपा-५ मा डेरा गरी बस्ने १२ वर्षीया एक बालिकालाई ०६४ वैशाख १५ गते राति उग्रतारा जनागाल गाविस-६ निवासी २० वर्षीय दीपक खड्काले फकाएर धुलिखेल नपामाथिको चौकोट जङ्गलमा पुऱ्याएर बलात्कार गरे। आमासँग कोठामा बसी मजदुरी गर्ने पीडितको प्रसूति गृहमा उपचार गरियो। पीडकलाई प्रहरीले पक्राउ गरी धुलिखेल कारागारमा राखेको छ।

खनालथोक गाविस-६ निवासी १७ वर्षीय सञ्जय भनिने आकाश गौतमले कटुञ्जे गाविस-१ निवासी एक बालिकालाई ०६४ भदौ २६ गते मामाघरमा कोही नभएको अवस्थामा बलात्कार गरे। बिदाको बेला मामाघरमा गएकी बालिकालाई गौतमले आँगनमा खेलिरहेको अवस्थामा दुई रुपियाँ दिएर घरभित्र लगी बलात्कार गरेका थिए। पीडितको धुलिखेल अस्पतालमा उपचार गरियो। पीडित परिवारले ०६४ कात्तिक ७ गते मुद्दा दर्ता गरेकामा ०६४ कात्तिक ३० गते जिल्ला अदालत काभ्रेले पीडकलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

पारिवारिक हिंसा/बहुविवाह

सिंथली गाविस-२ निवासी २४ वर्षीय दिलीप भण्डारीले घरमा पत्नी हुँदाहुँदै ०६३ चैत ११ गते सिन्धुपाल्चोक जिल्ला सिपापोखरे निवासी २० वर्षीया रेवती लुईंटेलसँग दोस्रो विवाह गरे। दिलीप र रेवतीलाई प्रहरीले पक्राउ गरेकामा २० दिनको हिरासतपछि अदालतमा पेस हुँदा दिलीपलाई १५ हजार र रेवतीलाई १० हजार रुपियाँ धरौटी राखी तारेखमा छोडियो।

च्याले गाविस-७ निवासी ३३ वर्षीया सिर्जना सापकोटाले ०६४ जेठ २७ गते पति कान्छो सापकोटाले १७ वर्षीया पम्फासँग विवाह गरेको भनी मुद्दा दायर गरिन्। आफूसँग ०४९ फागुन २१ गते विवाह गरी छोरो विशाल जन्मिएपछि ०६० भदौ २० गते पतिसहित सासूससुराले समेत कुटपिट गर्ने गरेकाले आफू माइतमा बसेको र अब अंश माग्नुपर्छ भनी घरमा जाँदा १७ वर्षकी सिन्दुर पोते लगाएर बसेको आइमाई देखेकाले उनीहरू दुवैलाई कारबाहीको माग गरेकी छन्। पीडकलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलायो। पीडक दुवै धरौटीमा रिहा भए।

दुर्व्यवहार

बुढाखानी गाविस-४ निवासी ६९ वर्षीया माइलीमाया मोक्तानलाई ०६४ मङ्सिर १० गते बोक्सीको आरोपमा गाउँलेले सिस्नुपानी लगाएर कुटपिट गरे। स्थानीय १५ वर्षीया पातलीमाया मोक्तान माइलीमायाका कारण ज्वरो आएर १५ दिनदेखि बिरामी भएको भन्ने आरोपका आधारमा कुटपिट गरिएको थियो। भेलामा स्थानीय पुतलीमाया घिसिङ र महावीर मोक्तानले सिस्नुपानी लगाएका थिए। गाउँका ५८ जनाले आइन्दा यस्तो नगर्ने सर्त राख्दै पीडित महिलालाई हस्ताक्षर गराएर छाडेका थिए।

फूलबारी गाविस-३ निवासी ४० वर्षीया ठूलीमाया तामाङलाई ०६४ जेठ ११ गते उनकै पति ३८ वर्षीय कान्छा तामाङले मट्टीतेल छर्किएर आगो लगाएका कारण शिक्षण अस्पतालमा उपचार हुँदाहुँदै ०६४ जेठ १६ गते पीडितको मृत्यु भयो। घरायसी विवाद चर्किदै गएपछि मादक पदार्थ खाएर घरमा आई पत्नीलाई मट्टीतेल खन्याएर आगो लगाएका थिए। मृतककी छोरी ११ वर्षीया रेखा तामाङले हल्ला गरेपछि गाउँले आएर आगो निभाई घाइतेलाई अस्पताल पुऱ्याएका थिए। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

मेच्छे गाविस-३ पौवा निवासी ३८ वर्षीया ठूलीकान्छी तामाङलाई ०६३ पुस २५ गते आफ्नै ससुरा हर्कसिं तामाङलगायतले कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेका मङ्गलटार गाविस-१ का हर्कसिं तामाङ र कान्छा तामाङ, मेच्छे गाविस-३ निवासी नानीबाबु तामाङ र कान्छी तामाङ अदालतबाट साधारण तारेखमा रिहा भए।

सबै प्रकारका जातीय विभेद

फलाँटे गाविस-६ च्यानडाँडाकी ४१ वर्षीया गोमादेवी परियारले पानी छोएको आरोपमा ०६४ वैशाख १८ गते उनलाई स्थानीय ५० वर्षीय हरिकुमार लामाले लछारपछार पारी कुटपिट गर्दा उनको चारवटा करङ भाँचियो। चारवटा घरका लागि एउटै धारा भएकाले बेलुकी पानी लिन गएका बेला लामाले कुटेका थिए। स्थानीय स्वास्थ्य चौकीमा उपचारपछि काठमाडौंको बीएण्डबी अस्पतालमा पीडितको थप उपचार भयो। पीडकलाई कारबाही र उपचार खर्च

दिलाउनका लागि जिल्ला प्रशासन, प्रहरी, मानवअधिकारवादी संस्था र दलित सङ्घ-संस्थामा निवेदन दिएको पीडित परिवारले बताए। अदालतले पीडकलाई पक्राउ गर्न आदेश जारी गरे पनि उनीहरू फरार छन्।

साठीघर पलाञ्चोक गाविस-९ का २७ वर्षीय दीपक खड्कालाई तल्लो जातको पत्नी विवाह गरेको भनी ०६४ जेठ १५ गते बाबुको किरिया गर्नबाट वञ्चित गरियो। बाबु हर्कध्वज खड्काको मृत्युपछि तीन दिनसम्म पाँच दाजुभाइसँगै किरिया बसेका थिए। दीपकले रामेछाप सैँपु गाविस-७ निवासी हीरा विश्वकर्मासँग विवाह गरेका कारण दाजुभाइहरूले किरिया गर्नबाट वञ्चित गरेका हुन्। दीपकलाई किरिया बस्नबाट उनकै दाजुहरू ५० वर्षीय बालकृष्ण खड्का, ४५ वर्षीय इन्द्रबहादुर खड्का, ४१ वर्षीय कुमार खड्का र ३० वर्षीय हरिशरण खड्काले वञ्चित गरेका थिए। पीडकहरूलाई प्रहरीले पक्राउ गरी जनही २ हजार रुपियाँ धरौटीमा थप अनुसन्धान गरी कारबाही गरिने सर्तमा रिहा गऱ्यो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति कब्जा

माओवादीबाट

डराउनेपोखरी गाविस-३ का पूर्णमान तामाङको खनालथोक गाविस-९ मा रहेको ६ रोपनी ६ आना जग्गा ०६४ वैशाख १७ गते माओवादी कार्यकर्ताले खनजोत गरे। अनेमसङ्घ (क्रान्तिकारी) की नेतृ मीना तामाङको नेतृत्वमा गएका वाईसीएलका कार्यकर्ताले जग्गा कब्जा गरेको घोषणा गर्दै मकै छरेर फर्किएका थिए। कान्छी तामाङले ०३२ चैत २५ गते बेचेको उक्त जग्गाको मोल बढेकाले फिर्ता गराउन ०६३ माघ १० गते माओवादीकहाँ निवेदन हालिएको थियो। आफ्नो जग्गा कब्जा नगर्न र चित्त नबुझे अदालत जान भन्दा माओवादीले 'बढी जान्ने भएमा मारिदिने धम्की दिएको' पीडितले बताए।

२.१४ भक्तपुर

जनसङ्ख्या : २,७०,७६०
साक्षरता प्रतिशत : ७०
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.): ११९
गाविस/नपा सङ्ख्या : १६/२
सरकारी/निजी विद्यालय : ३१६/१३३
क्याम्पस/उच्च मा.वि. : १०/१९
अस्पताल/स्वास्थ्य चौकी : ५/२६
मोटर सडक (कि. मि.): १७७
प्रहरी कार्यालय सङ्ख्या : १६
मानव विकास सूचकाङ्क : ०.५९५
प्रतिपरिवार सरदर सङ्ख्या : ७

जेल र बन्दीहरू

यस जिल्लामा जेल छैन। तर, मध्यपुर थिमी नपा-१७ युसेप कार्यालयको एक भवनलाई बाल सुधार गृह बनाइएको छ। उक्त बाल सुधार गृहमा ७१ जना बाल बन्दी राखिएको छ, जसमा ५ जना बालिका र ६६ जना बालक छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

अखिल नेपाल मजदुर सङ्घ (क्रान्तिकारी) मा लेवी नतिरेको आरोपमा ०६४ असोज ३ गते धुलिखेल-काठमाडौँ रुटमा चल्ने बा.१ख. ६४०६ नम्बर बसका कण्डक्टर धीरेन रायमाझीलाई माओवादीले बिहान भक्तपुर जडीबुटीबाट अपहरण गरी छ घण्टापछि मुक्त गरे। मजदुरहरूले माओवादीले जबरजस्ती गरेको भन्दै एक घण्टा यातायात अवरुद्ध गरेपछि उनी मुक्त भए।

घटनाको प्रकार	गैरराज्यबाट पीडित						
	अन्यबाट				माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	४	३	१	४			
कुटपिट	३	६		६			
जातीय विभेद	१	६		६			
महिलाअधिकार	४		४	४			
बालअधिकार	३		३	३			
अपहरण	४	२	४	६	१	१	१
जम्मा	१९	१७	१२	३९	१	१	१

धम्की/कुटपिट

वाईसीएलबाट

मध्यपुर थिमी नपा-१५ गठ्ठाघर सडकमा नेविसङ्घका कार्यकर्ताले विरोध प्रदर्शन गरेको आरोपमा ०६४ साउन २८ गते साँझ वाईसीएल कार्यकर्ताहरूले रड तथा मुक्काले प्रहार गरी घाइते बनाए। घाइते हुनेहरूमा उदयपुर जिल्ला कटारी गाविस-८ घर भई शिक्षा क्याम्पस सानो थिमीमा बीएड दोस्रो वर्षमा अध्यनरत नेविसङ्घ एकाइ सदस्य २२ वर्षीय ज्ञानेन्द्र खड्का, रुकुम जिल्ला नुवाकोट गाविस-३ घर भई भक्तपुर डेरा गरी बस्ने नेविसङ्घ रुकुम सम्पर्क मञ्चका अध्यक्ष २० वर्षीय मुकुन्द खड्का, ताप्लेजुङ जिल्ला आम्बेगुदिन गाविस-८ घर भई भक्तपुर डेरा गरी बस्ने नेविसङ्घ भक्तपुर जिल्लाका पूर्वसचिव २४ वर्षीय कृष्ण विष्ट, रुकुम जिल्ला मगमा गाविस-२ घर भई भक्तपुर डेरा गरी बस्ने शिक्षा क्याम्पस सानो थिमीमा आईएड दोस्रो वर्षमा अध्यनरत नेविसङ्घ एकाइ सदस्य १९ वर्षीय हरिश्चन्द्र खनाल रहेका थिए। उनीहरूको मध्यपुर थिमीको कोरियन मैत्री अस्पतालमा उपचार गरियो। काठमाडौँको थापाथलीमा रहेको क्याम्पसमा वाईसीएलका कार्यकर्ताले नेविसङ्घका कार्यकर्तामाथि गरेको आक्रमणप्रति विरोध जनाउन साउन २८ गते शिक्षा क्याम्पस सानो थिमीका नेविसङ्घका विद्यार्थीहरूले विरोध प्रदर्शन गरेका थिए। यसै क्रममा नजिकै रहेको वाईसीएलको कार्यालयबाट हतियार बोकेका सयौँ जना कार्यकर्ताले नेपाल विद्यार्थी सङ्घको विरोध प्रदर्शनमा एक्कासि आक्रमण गरेका थिए। घाइतेहरूको अवस्था बुझ्ने क्रममा कोरियन मैत्री अस्पताल मध्यपुर नपा थिमीमा उपचारका क्रममा नेविसङ्घ भक्तपुर जिल्लाका पूर्वसचिव तथा घाइते कृष्ण विष्टले 'हामीले शान्तिपूर्वक विरोध प्रदर्शन गर्न लाग्दा सयौँ जना वाईसीएलका कार्यकर्ताले एक्कासि रड तथा मुक्काले हानेको' बताए।

काभ्रे जिल्ला, देउपुर गाविस-९ का २४ वर्षीय धावा तामाङलाई ०६४ भदौ १० गते कामको सिलसिलामा सार्वजनिक गाडी चढेर भक्तपुर जाँदै गर्दा वाईसीएलका कार्यकर्ता नयाँगाउँ गाविस-६ निवासी २२ वर्षीय श्यामबहादुर तामाङलगायतका आठ जनाले गाडीबाट ओरालेर कुटपिट गरे। बेहोस अवस्थामा तेलकोटको महानगरीय प्रहरी र नगरकोटबाट आएका प्रहरीले उनको उद्धार गरी बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार गराए। पीडितको आँखा सुन्निनुका साथै शरीरभरि नीलडाम थियो।

भक्तपुर जिल्ला बालकोट गाविस-९ निवासी काङ्ग्रेसका क्रियाशील सदस्य, तरुण दल भक्तपुरका सल्लाहकार तथा निर्माण व्यवसायी सङ्घ भक्तपुर शाखाका सदस्य ३३ वर्षीय रवि रानालाई ०६४ कात्तिक १३ गते मङ्गलबार बिहान वाईसीएलका कार्यकर्ताले कटुञ्जे गाविसमा रहेको सडक कार्यालयमा टेण्डर हाल्ने विषयलाई लिएर कुटपिट गरी घाइते बनाए। टेण्डर राख्ने विवादमा दुवै पक्षबीच झडप भएको र वाईसीएलका कार्यकर्ता पनि घाइते भएको भक्तपुर जिल्लाका वाईसीएल इञ्चार्ज दीपशिखाले बताए। घाइते भएका रवि रानाको भक्तपुर अस्पतालमा सामान्य उपचार भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत भक्तपुरमा दुनियाँवादी देवानी मुद्दा ४ सय ८३ थानमध्ये १ सय ७ थान फर्स्यौट भए भने सरकारवादी फौजदारी ६४ थान

मुद्दामध्ये २७ थान फर्स्यौट भए। यसैगरी, दुनियाँवादी फौजदारी मुद्दा १ सय ४५ थानमध्ये २५ थान फर्स्यौट भने सङ्क्षिप्त फौजदारी ४४ थान मुद्दामध्ये २२ थान फर्स्यौट भए। सङ्क्षिप्त देवानी मुद्दा तर्फ सात थान मुद्दामध्ये दुई थान फर्स्यौट भए।

यस वर्ष जिल्ला प्रशासन भक्तपुरमा ठाडो उजुरी १ सय १८ थान परेकामा सबै फर्स्यौट भएको र गत वर्षबाट सरेको र यस वर्ष प्रहरीबाट प्राप्त केही सार्वजनिक अपराध अन्तर्गतका २ सय ८१ थान मुद्दामध्ये १ सय ५३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

वाईसीएलद्वारा कुटपिट गरिएका धावा तामाङ

बालअधिकार

ओखलढुङ्गा जिल्ला खिजफलाटे गाविस-३ घर भई भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरपालिका-१५ मा डेरा गरी बस्दै आएकी १६ वर्षीया एक बालिकालाई ०६४ वैशाख २३ गते शनिबार सिन्धुली जिल्लाको दुधौली गाविस-६ घर भई भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरपालिका-१५ मा डेरा गरी बस्ने १४ वर्षीय सुरेन्द्र यादव र नुवाकोट जिल्लाको चौघडा गाविस-३ घर भई भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरपालिका-१४ डेरा गरी बस्ने १४ वर्षीय सुजन मानन्धरले बलात्कार गरेको आरोपमा प्रहरीले पक्राउ गऱ्यो। पीडकद्वयलाई जिल्ला अदालत भक्तपुरले जनही ८ हजार रुपियाँ लिएर धरौटीमा छाड्ने आदेश दियो। अदालतको आदेशबमोजिमको धरौटी रुपियाँ बुझाउन नसक्दा पीडकद्वयलाई प्रहरीले मध्यपुर थिमी नगरपालिका-१७ स्थित बाल सुधार गृहमा राखेको थियो। जिल्ला अदालत भक्तपुरले थुनामा रहेको दिनजति कैद सजाय तोकी रिहा गऱ्यो।

भक्तपुर नगरपालिका-१३ की १३ वर्षीया एक बालिकालाई ०६४ भदौ १ गते शनिबार दिउँसो सर्लाही जिल्ला मलङ्गवा नगरपालिका-९ घर भई भक्तपुर नगरपालिका-७ को सिद्धि स्मृति महिला तथा बाल अस्पतालमा रेडियोग्राफीमा कार्यरत २२ वर्षीय सन्तोष कुशवाहले अस्पतालमा एक्सरे लिने क्रममा बलात्कार प्रयास गरेको आरोपमा महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरीले पक्राउ गरी कारबाही चलाए। पेट दुखेकाले सिद्धि स्मृति महिला तथा बाल अस्पतालमा उपचार गर्न पुगेकी पीडित बालिकाको छाती र पेटको एक्सरे गरिएको थियो। यसै क्रममा पीडकले बलात्कार प्रयास गरेको बताइयो। पीडित बालिकाले बलात्कार प्रयास भएको बारे घरमा गएर आफ्नी आमालाई बताइन्। महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरीहरूले पीडक सन्तोष कुशवाहलाई सोही दिन राति पक्राउ गरी कारबाही चलाए। पीडकलाई ०६४ भदौ २६ गते जिल्ला अदालत भक्तपुरले ५० हजार रुपियाँ धरौटी लिएर रिहा गरेकामा पुनरावेदन अदालत पाटनले जिल्ला अदालत भक्तपुरको सो आदेश बदर गरी पीडकलाई पुर्पक्षका लागि थुनामा राखी कारबाही चलाउने आदेश दिएको छ।

भक्तपुर नगरपालिका-४ निवासी आठ वर्षीया एक बालिकालाई ०६४ जेठ २६ गते शनिबार दिउँसो भारतको मोतीहारी घर भई भक्तपुर नगरपालिका-४ कमलविनायकमा डेरा गरी बस्ने ३५ वर्षीय लालबाबुप्रसाद साहले आँप खान दिने निहुँमा आफ्नै कोठामा लगेर बलात्कार गर्ने प्रयास गरे। पीडकलाई कारबाहीको माग गरी पीडित बालिकाका बाबु विष्णुप्रसाद खाइजुले महानगरीय प्रहरी परिसर भक्तपुरमा जाहेरी दिए। पीडकलाई जिल्ला अदालत भक्तपुरले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकामा ०६४ भदौ १६ गते सात वर्ष छ महिनाको कैद सजाय तोकेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

नुवाकोट जिल्लाको सूर्यमती गाविस-९ घर भई भक्तपुर जिल्लाको भक्तपुर नपा-१७ सल्लाघारी डेरा बस्ने २० वर्षीय एक महिलालाई ०६३

वाईसीएलद्वारा कुटपिट गरिएका कृष्ण विष्ट र ज्ञानेन्द्र खड्का

फागुन २९ गते मङ्गलबार बिहान १० बजे भक्तपुर नपा-१७ सल्लाघारीका ४६ वर्षीय लोकबहादुर श्रेष्ठले बलात्कार गरेको आरोपमा प्रहरीले पक्राउ गऱ्यो। मानसिक अवस्था ठीक नभएकी ती विवाहित महिलालाई पीडक लोकबहादुर श्रेष्ठले ललाइफकाई आफ्नै कोठामा लगेर बलात्कार गरेको आरोपमा महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरीहरूले पक्राउ गरी मुद्दा चलाए। ०६४ असार ३२ गते जिल्ला अदालत भक्तपुरले अभियोग नपुगेको भनी पीडकलाई रिहा गरेको छ।

छालिङ गाविस-८ की ८६ वर्षीया एक महिलालाई ०६३ फागुन २९ गते मङ्गलबार बिहान १० बजे सोही गाविस-७ निवासी ३३ वर्षीय कृष्ण कार्कीले बलात्कार गरेको आरोपमा महानगरीय प्रहरी परिसर भक्तपुरले पक्राउ गऱ्यो। पीडक कार्कीले छालिङ गाविस-८ स्थित श्रीकृष्ण मन्दिरपछाडि चउरमा लगेर ती बृद्ध महिलालाई बलात्कार गरेको आरोप लगाइएको थियो। बलात्कार गरेको आरोपमा पीडकलाई महानगरीय प्रहरी परिसर भक्तपुरले गिरफ्तार गरेको थियो। पीडकलाई जिल्ला अदालत भक्तपुरको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

चाँगुनारायण गाविस-४ की ३४ वर्षीया विवाहित एक महिलालाई ०६४ वैशाख २९ गते शनिबार राति सोही गाविस-४ का २६ वर्षीय दीपेन्द्र तामाङले बलात्कार प्रयास गरेको आरोपमा महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरीहरूले पक्राउ गरे। हाल पीडकलाई जिल्ला अदालत भक्तपुरले १० हजार धरौटी लिएर तारेखमा रिहा गरेको छ।

पारिवारिक हिंसा

खोटाङ जिल्ला घर भई मध्यपुर थिमी नपा-३ मा डेरा गरी बस्ने २५ वर्षीय अञ्जना राईलाई ०६४ जेठ २३ गते आफ्नै डेरामा उनका पति २७ वर्षीय गणेश राईले खुकुरी प्रहार गरी हत्या गरे। मृतकको भक्तपुर अस्पतालमा पोस्टमार्टम भयो भने पीडकलाई महानगरीय प्रहरी प्रभाग थिमीले पक्राउ गरी हत्या गरेको आरोपमा मुद्दा चलाइएको छ। पीडकलाई हाल जिल्ला अदालतले पुर्पक्षका थुनामा राख्ने आदेश दिएको छ।

सबै प्रकारका जातीय विभेद

चाँगुनारायण गाविस-३ का २६ वर्षीय शैलेन्द्र बोगटी, सोही गाविस-२ का २४ वर्षीय मिने बोगटी, सोही गाविस-३ का धर्मराज मिजार, सोही गाविस-४ का १९ वर्षीय रामराज मिजार, सोही गाविस-५ का ३३ वर्षीय श्याम मिजार, सोही गाविस-६ का २१ वर्षीय रविन मिजारलाई ०६३ फागुन १९ गते सोही गाविस-३ का ३० वर्षीय हाकुचा भनिने रामप्रसाद श्रेष्ठलगायत २०-२५ जनाको समूहले दलित भएका कारणबाट कुटपिट गरे। प्रहरीले पीडितहरूलाई गिरफ्तार गऱ्यो। गिरफ्तारमा परेका दलितहरूलाई ०६३ फागुन २० गते मानवअधिकारवादी तथा दलित सङ्घ-संस्थाका प्रतिनिधिहरूको पहलमा रिहा भएका थिए। फागु पुर्णिमाका दिन हाकुचा भनिने रामप्रसाद श्रेष्ठको खाजा पसलमा खाजा खान जाँदा दलितहरूलाई यस पसलमा खाजा खान दिन्न भनी विवाद हुँदै कुटपिट भएको थियो। गिरफ्तारीमा परेका घाइते दलितहरूको भक्तपुर अस्पतालमा उपचार गरिएको थियो।

२.१५ काठमाडौं

जनसङ्ख्या : १४,९३,०७७
साक्षरता प्रतिशत : ७८
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : ३९५
गाविस/नपा सङ्ख्या : ५७/२
सरकारी/निजी विद्यालय : ९४५/१,०७५
क्याम्पस/उच्च मा.वि. : ६३/१९६
अस्पताल/स्वास्थ्य चौकी : ४०/७०
मोटर सडक (कि. मि.) : ८१०
प्रहरी कार्यालय सङ्ख्या : ४२
मानव विकास सूचकाङ्क : ०.६०३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

तराई डिफेन्स आर्मीबाट

काठमाडौँस्थित त्रिपुरेश्वर, सुन्धारा र बालाजुमा ०६४ भदौ १६ गते अपराह्न एकैपटक गराइएको शृङ्खलाबद्ध बम विस्फोटमा परी विश्व निकेतन उच्चमावि त्रिपुरेश्वरमा अध्ययनरत १८ वर्षीया अनिषा केसी, सोही उच्च माविमा अध्ययनरत थानकोटकी १८ वर्षीया सन्ध्या खड्का र बालाजु निवासी ५५ वर्षीया कमलादेवी साहीको मृत्यु भयो। त्रिपुरेश्वरको घटनामा परी अनिषा केसीको सोही दिन उपचारका क्रममा वीर अस्पतालमा मृत्यु भएको थियो भने बालाजुको विस्फोटमा परी वीर अस्पतालमा उपचारका लागि ल्याइएकी साहीको पनि सोही दिन उपचारकै क्रममा मृत्यु भयो। यसैगरी त्रिपुरेश्वरको घटनामा घाइते भएकी थानकोट निवासी १८ वर्षीय सन्ध्या खड्काको भदौ १८ गते राति वीर अस्पतलामा उपचारका क्रममा मृत्यु भयो। बम विस्फोटनमा परी नयाँबानेश्वरका ३५ वर्षीय बालकृष्ण थापा, बालाजुका २९ वर्षीय राजकुमार आचार्य, ३५ वर्षीय सुशीला कार्की, महोत्तरीकी ४० वर्षीया भगवती भण्डारी, महोत्तरीकी ३५ वर्षीया सीता आचार्य, दुई वर्षीया बालिका प्रतिष्ठा आचार्य, नुवाकोट जिल्लाका २७ वर्षीय रामकृष्ण सुनुवार, १४ वर्षीय प्रदीप केसी, तनहुँ जिल्लाका ५१ वर्षीय रामजी पन्त, चितवन जिल्लाका ४० वर्षीय लक्ष्मण ठकुरी घाइते भए।

त्यसैगरी त्रिपुरेश्वर र सुन्धाराको घटनामा घाइते हुनेहरूमा थानकोट गाविस-५ का १८ वर्षीय शवी शाह, २५ वर्षीय नरही आचार्य, १२ वर्षीय चन्द्रबहादुर नेपाली, काठमाडौँ स्थित टेकुका १२ वर्षीय सनिक शाही, सोल्टीमोडका १२ वर्षीय रुद्र ढुङ्गेल, सुनसरी जिल्ला सिडिया गाविस-८ का वसन्त चौधरी, ३८ वर्षीय इन्द्रलाल चौधरी, ३७ वर्षीय भिखन चौधरी, कालीमाटीका ५० वर्षीय मिठु विक, गावाहालका ५० वर्षीय जगत वज्राचार्य, घादिङ जिल्लाका ३० वर्षीय ज्ञानेन्द्र वाइवा, ४० वर्षीय सुस्मा थापा, मच्छेगाउँका १६ वर्षीय लक्ष्मी ढुङ्गाना, कुलेश्वरका १३ वर्षीय चन्द्रप्रकाश गुरुङ, ललितपुर जिल्लाका २५ वर्षीया सुशीला महर्जन, प्यूठान जिल्लाका २६ वर्षीय टोपराम पोखरेल, काठमाडौँ जैसीदेवलका २० वर्षीया सुशीला महर्जन, नेपाली सेनाका सिपाही २५ वर्षीय चतुरमान नेपाली रहेका थिए। सो घटनाको जिम्मेवारी तराई आर्मीका मिस्टर जोन भनिने रौतहटका कौशलकुमार सहनी र तराई उत्थान सङ्गठनले लिएका थिए।

अन्यबाट

नुवाकोट जिल्ला निवासी ट्याक्सी चालक ३५ वर्षीय श्याम लामाको ०६४ जेठ २१ गते नयाँबसपार्कस्थित सुकुम्वासी सामुदायिक ढोरपाटनअगाडि एक अज्ञात समूहले खुकुरी प्रहार गरी हत्या गरे। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले पदम अधिकारी, जेके कुँवरलगायतलाई पक्राउ गरी कारबाही अगाडि बढायो।

बारा जिल्ला कचरौवा गाविस-६ निवासी ३७ वर्षीय बलराम कटुवाललाई ०६४ असार २० गते राति अज्ञात समूहले काठमाडौँ मनपा-३२ अनामनगरस्थित धोवीखोला किनारमा पाँच राउण्ड गोली हानी हत्या गऱ्यो। मृतकको टाउको, छाती र पेटमा पाँचवटा गोली लागेको थियो। घटनालगत्तै पुगेको प्रहरी प्रभाग अनामनगरको प्रहरी टोलीले लासलाई पोर्स्टमार्टमका लागि शिक्षण अस्पताल महाराजगञ्ज पुऱ्याएको थियो। घटनामा संलग्न दोषीको खोजी कार्य भइरहेको प्रहरीले जनायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अन्यबाट

काठमाडौँस्थित ठमेल गोल्खुपाखा बस्ने ४० वर्षीय वसन्त महर्जनलाई ०६३ चैत २८ गते बिहान अज्ञात व्यक्तिले ठमेलस्थित सरस्वती क्याम्पसअगाडि हिँडिरहेको अवस्थामा गोली प्रहार गरी घाइते बनाए। घाइते महर्जनको मनमोहन मेमोरियल अस्पतालमा उपचार भयो।

मकवानपुर जिल्ला घर भई हाल काठमाडौँ मनपा-१५ विजेश्वरी डेरा गरी बस्ने ३६ वर्षीय खड्गविक्रम आले ०६४ जेठ १३ गते राति विजेश्वरी गीतामाता स्कुलअगाडि अज्ञात व्यक्तिले चलाएको गोली लागि घाइते भए। घाइते आलेको वीर अस्पतालमा उपचार भयो।

जेल र बन्दीहरू

नेपालकै सबैभन्दा बढी क्षमता र सुविधासम्पन्न मानिने केन्द्रीय कारागारको बन्दी क्षमता ७ सय जनाको रहे पनि हाल ७ सय ७८ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका ३ सय ६९ जना र कैद नतोकिएका ४ सय ९ जना रहेका छन्, जसमध्ये ५५ जना विदेशी रहेका छन्। केन्द्रीय कारागारअन्तर्गतकै ७५ जना बन्दी क्षमता रहेको महिला कारागारमा जम्मा १ सय ६३ जना महिला बन्दी छन्। यसमा ८५ जना कैद तोकिएका र ७८ जना कैद

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	८	५	५	१०									
घाइते	७	३३	१३	३५									
गिरफ्तारी/यातना									५	७	१		८
बेपत्ता									१	१			१
कुटपिट	३	३		३	३	९		९	३	४			४
धम्की	३	३		३	१	१		१	१	३			३
भेला/सङ्गठित हुने अधिकार									३३	३०६	४५	५८	३०९
महिलाअधिकार	१		१	१									
बालअधिकार	३		३	३									
अपहरण	१५	३१	१	३३	७	१०	१	११					
जम्मा	३८	५३	३३	७६	११	३०	१	३१	४१	३३१	४६	५८	३३५

नतोकिएका छन्। जसमध्ये ६ जना विदेशी छन्।

भद्र बन्दी गृहमा भने २ सय २९ जना कैद तोकिएका र २ सय ८७ जना कैद नतोकिएका गरी कुल ५ सय १६ जना बन्दी छन्, जसमा ४० जना विदेशी छन्। भद्रबन्दी गृहको बन्दी क्षमता ४ सय जना रहेको छ।

कारागारमा खानेपानीको समस्या रहेको जेलर शङ्कर अर्यालले बताए। बिरामीको उपचारका लागि सहयोग भए पनि अधिराज्यभरिका जेलका बिरामी यहीँ पठाउने गरिएकाले समस्या उत्पन्न भएको छ।

चारखाल अड्डामा रहेको सदरखोर जेलको बन्दी क्षमता १ सय ५० जनाको रहेको छ । यस कारागारमा जम्मा ३ सय ४६ जना बन्दी छन्। यी बन्दीमध्ये १ सय ४८ जना कैद तोकिएका र १ सय ९८ जना कैद नतोकिएका बन्दी छन्। यस जेलमा २३ जना विदेशी छन्। जेलमा महिला बन्दीहरू रहेका छैनन्।

बेपत्ता/अपहरण

माओवादीबाट

झापा जिल्ला चकचकी गाविस-७ घोडामारा घर भई हाल काठमाडौँ मनपा-३२ घट्टेकुलो बस्ने शिव सेना नेपालका प्रवक्ता तेजप्रसाद खरेललाई ०६३ माघ १२ गते माओवादी कार्यकर्ताले काठमाडौँस्थित ठमेलबाट अपहरण गरे। उनलाई केही दिनपछि माओवादीले मुक्त गरे।

सर्लाही जिल्ला निवासी ४८ वर्षीय नानीबाबु कार्की, उनकी पत्नी ४५ वर्षीया सावित्री कार्की र लालबन्दी गाविस निवासी २७ वर्षीय विमल तिमिल्सिनालाई ०६३ फागुन ६ गते माओवादीले बौद्ध नयाँबस्तीस्थित सम्पर्क कार्यालयमा राखे। पीडित तीनै जनालाई ०६३ फागुन ७ गते इन्सेक प्रतिनिधिको रोहबरमा मुक्त गरियो। बौद्ध नयाँबस्तीका हरिप्रसाद बजगाईंका छोरा नवराज बजगाईंको ०६३ कात्तिक २८ गते भएको मृत्युमा नानीबाबु कार्की र उनको परिवारको हात रहेको भन्दै बजगाईंले माओवादी कार्यालयमा जानकारी गराएपछि माओवादीले पीडितहरूलाई अपहरण गरेका थिए।

काठमाडौँस्थित दरबारमार्गस्थित होटल उडल्यान्डका सञ्चालक ५९ वर्षीय हरि श्रेष्ठले चन्दा नदिएको आरोपमा ०६३ चैत ४ गते साँझ उनलाई माओवादी कार्यकर्ताले होटल परिसरबाटै अपहरण गरी बुद्धनगरस्थित सूर्य कार्पेटमा पुऱ्याई कुटपिट गरे। माओवादीले होटल सञ्चालक श्रेष्ठसँग चार महिनादेखि २० लाख रुपियाँ चन्दा माग्दै आएका थिए भने होटल सञ्चालक माओवादीको डरले पन्छिदै आएका थिए। पीडितलाई सोही दिन कागज गराई बबरमहलस्थित कर कार्यालयबाट माओवादीले सोही रात मुक्त गरे। कुटपिटबाट घाइते भएका श्रेष्ठको वीर अस्पतालमा उपचार भयो।

अर्घाखाँची जिल्ला धनचौर गाविस-९ घर भई काठमाडौँ बस्दै आएका एमाले अर्घाखाँची-काठमाडौँ

तराई डिफेन्स आर्मीद्वारा गराइएको बम विस्फोटमा परी मृत्यु भएका कमलादेवी शाही, अनिषा केसी र सन्ध्या खड्का

सम्पर्क मञ्चका सचिव ३८ वर्षीय विष्णु आचार्यलाई ०६३ चैत ६ गते भनेअनुसारको पारिश्रमिक नदिएको भनी माओवादीनिकट अखिल नेपाल ट्रेड युनियन महासङ्घअन्तर्गत सेक्युरिटी सङ्घका कार्यकर्ताहरूले कार्यालयमै औषधिसमेत खान नदिई नियन्त्रणमा राखे। पीडित ०६३ चैत ७ गते मुक्त भए। अपहरित आचार्यले कालीमाटीस्थित नेपाल सेक्युरिटी सर्भिस नामक कार्यालय सञ्चालन गर्दै आएका छन्।

काठमाडौं मनपा-२९ नयाँबसपार्क मित्रनगर निवासी तमु छाँज धींको केन्द्रीय सहकोषाध्यक्ष ६४ वर्षीय दिलीपसिंह गुरुङ र मैतीदेवीका ५२ वर्षीय भोज गुरुङलाई ०६३ चैत १५ गते माओवादीले गोङ्गबुबाट अपहरण गरे। भोज गुरुङका छोरा र मानबहादुर गुरुङका छोराबीच १२ हजार रुपियाँको लेनदेन विवाद मिलाउन गएको बेला उनीहरूलाई अपहरण गरी दाङको घोराहीमा पुऱ्याएकोमा सोही ठाउँबाट ०६३ चैत १९ गते मुक्त गरे।

कानपुर गाविस-७ कोटतिमाल निवासी ३० वर्षीय राजकुमार कोइराला र जगदीश कोइरालालाई ०६४ भदौ ९ गते माओवादीले काठमाडौंबाट अपहरण गरी ०६४ भदौ ११ गते प्रहरीलाई बुझाए। कानपुर गाविस-७ कोटतिमाल पाटीचौर निवासी २३ वर्षीया अञ्जु भण्डारीलाई ०६४ साउन १२ गते राति राजकुमार कोइरालालगायतले अपहरण गरेकामा साउन १७ गते काठमाडौंबाट मुक्त गरेको विषयमा माओवादीले अपहरण गरेका थिए। सामुदायिक वनसम्बन्धी विवादका कारण स्थानीय राजकुमार कोइराला र गणेश कोइरालालगायतले घरको ढोका फोरी भित्र पसेर अञ्जुलाई अपहरण गरेका थिए। अपहरणका क्रममा पीडकहरूले घरका सामान तोडफोड गरे। पीडितका बाबु ५३ वर्षीय अर्जुनले माओवादीको आडमा वन समूहको पैसा नतिरेको भनी अञ्जुलाई अपहरण गरिएको पीडकहरूले बताए।

काठमाडौं मनपा-५ विशालनगर खहरेखोलाका काङ्ग्रेसनिकट दलित सङ्घ काठमाडौं जिल्ला सभापति ३९ वर्षीय सुरेन्द्रकुमार रसाइली पार्टीको गतिविधिमा लागेको आरोपमा ०६४ कात्तिक १२ गते उनलाई माओवादी कार्यकर्ताले सुकेधाराबाट अपहरण गरी कुटपिट तथा अमानवीय व्यवहार गरी सोही राति मुक्त गरे। रसाइलीलाई माओवादीनिकट सोलुखुम्बु-काठमाडौं गणतान्त्रिक मञ्चका कार्यकर्ताहरूले सुकेधाराबाट अपहरण गरेका थिए। अपहरित रसाइलीले अपहरणपछि माओवादी कार्यकर्ताहरूले 'काङ्ग्रेस दलितको पार्टी हैन, दलितहरू पनि त्यो पार्टीमा बस्छन् ?' भन्दै वाईसीएलको कार्यालय बालाजु कार्यालयमा पुऱ्याई लाठी, खुट्टा, हातले शरीरभरि कुटपिट गरेको बताएका थिए। माओवादीले कब्जा गरेको रसाइलीको मोटरसाइकल भोलिपल्ट फिर्ता गरेका थिए।

वाईसीएलबाट

ओखलढुङ्गा जिल्ला फूलबारी गाविस-१ घर भई ललितपुर जिल्लामा बस्दै आएका कानुन व्यवसायी ३५ वर्षीय राजनकुमार कार्कीलाई जग्गा लेनदेनसम्बन्धी मुद्दामा माओवादीको कार्यालयमा निवेदन परेको भनी ०६३ फागुन १४ गते माओवादीले काठमाडौंस्थित डिल्लीबजारबाट अपहरण गरे। कार्कीलाई मानवअधिकारकर्मीको सहयोगमा ०६३ फागुन १८ गते बालाजु औद्योगिक क्षेत्रस्थित वाईसीएल कार्यालयबाट मुक्त गरियो।

काठमाडौं मनपा-१५ छाउनी निवासी ५० वर्षीय सुरेशबहादुर मल्लले रकम ठगी गरेको आरोपमा ०६३ चैत ३ गते वाईसीएलका काठमाडौं ६ नम्बर क्षेत्रीय कमाण्डर विशाल डङ्गोलको नेतृत्वमा आएको समूहले अपहरण गरी गुर्जुधारास्थित माओवादीको कार्यालयमा पुऱ्याई कुटपिट गऱ्यो। पीडितलाई मानवअधिकारकर्मीको सहयोगमा चैत ४ गते बेलुका

माओवादीको कार्यालय गुर्जुधाराबाट मुक्त गरियो। पीडित छाउनीस्थित मल्ल प्रेसका सञ्चालक हुन्।

सुनसरी जिल्ला इनरुवा घर भई काठमाडौँ मनपा-३५ कोटेश्वरमा डेरा गरी बस्ने मधेसी जनअधिकार युवा मञ्चका केन्द्रीय सदस्य २९ वर्षीय जीतेन्द्र साहलाई ०६३ जेठ ३१ गते साँझ अज्ञात व्यक्तिहरूले अपहरण गरे। पीडितका परिवारले साहलाई वाईसीएलका कार्यकर्ताहरूले मोटरमा चढाई अपहरण गरेको बताए। अपहरित साहको स्थिति अझै अज्ञात रहेको छ।

काठमाडौँस्थित बौद्ध जोरपाटी नयाँबस्तीका ३४ वर्षीय किरण पुडासैनीलाई वाईसीएलको बौद्धस्थित कार्यालयबाट हात बाँधेर कपाल मुडेको अवस्थामा ०६४ असार ६ गते अपराध अनुसन्धान महाशाखाका प्रहरी टोलीले मुक्त गरायो। पुडासैनीलाई मादक पदार्थ सेवन गरी मान्छेलाई दुःख दिने गरेको भन्दै वाईसीएलका कार्यकर्ताहरूले सोही दिन अपहरण गरी वाईसीएलको आफ्नो कार्यालयको सानो कोठामा राखेका थिए।

रसुवा जिल्ला ठूलोगाउँ गाविस-९ का जीतबहादुर गुरुङलाई त्रिशूली र स्याङ्जा जिल्ला एलादी गाविस-४ निवासी केशव गुरुङलाई राजधानीको सामाखुसीबाट मूर्ति र बाघको छालासहित ०६४ असार १० गते वाईसीएलका कार्यकर्ताहरूले अपहरण गरी असार १३ गते बालाजुस्थित कार्यालयबाट सार्वजनिक गरे। वाईसीएलका कार्यकर्ताहरूले दुवैलाई ०६४ असार १३ गते महानगरीय प्रहरी वृत्त बालाजुमा बुझाए।

सिन्धुपाल्चोक जिल्ला सिङपाल गाविस-३ घर भएका काङ्ग्रेस क्षेत्रीय प्रतिनिधि र नेपाल सांस्कृतिक सङ्घ सिन्धुपाल्चोकका सदस्य ३५ वर्षीय बडले लामाले बेलुका गुण्डागर्दी गरेको आरोपमा ०६४ कात्तिक १४ गते उनलाई माओवादी कार्यकर्ताहरूले काठमाडौँस्थित बौद्धबाट अपहरण गरी कपनस्थित वाईसीएलको कार्यालयमा पुऱ्याए। अपहरित लामालाई कुटपिट गरी कात्तिक १५ गते मुक्त गरे। यसभन्दाअघि पनि लामालाई ०६३ कात्तिक ११ गते गुण्डागर्दी गरेको आरोपमा काठमाडौँको बानेश्वरस्थित सेतोपुलबाट वाईसीएलका कार्यकर्ताले अपहरण गरेकामा युद्धविरमा अचारसंहिता राष्ट्रिय अनुगमन समितिको पहलमा बबरमहलस्थित समितिको कार्यालयबाट कात्तिक १५ गते मानवअधिकारकर्मीको रोहवरबाट उनीहरूलाई मुक्त गरिएको थियो।

काठमाडौँस्थित दरबारमार्ग घर भएका सीताराम प्रसाईंलाई ०६४ जेठ २० गते आर्थिक अनियमितता गरेको आरोपमा वाईसीएलका कार्यकर्ताले कमलादीस्थित घरेलु तथा साना उद्योग विकास ब्याङ्क कार्यालय परिसरबाट अपहरण गरे। पीडितलाई २१ गते खुलामञ्चमा सार्वजनिक गरी सोही दिन महानगरीय प्रहरी परिसर हनुमानढोकामा बुझाए। प्रसाईं महानगरीय प्रहरी परिसर हनुमानढोकाबाट धरौटीमा रिहा भए।

अपहरणपछि हत्या गरिएका बालक रोहित गुप्ता

मोरङ जिल्ला विराटनगर तिनपैनी निवासी नोबेल मेडिकल कलेजका अध्यक्ष ५४ वर्षीय डा. ज्ञानेन्द्र गिरी, विराटनगर नपा-६ निवासी नोबेल मेडिकल कलेजका प्रबन्ध सञ्चालक ३५ वर्षीय नवराज पाण्डे, निर्देशक २८ वर्षीय उमेश पाण्डे, विराटनगर नपा-५ मुनालपथ निवासी कलेजका निर्देशक २८ वर्षीय आदित्यकुमार खनाल, विराटनगर नपा-५ कञ्चनवारी निवासी कलेजका प्रमोटर जनक रिजाल, विराटनगर नपा-७ पिचरा निवासी एकेडेमीका निर्देशक ३५ वर्षीय सन्तोषमणि न्यौपानेलाई विराटनगरमा रहेको नोबेल मेडिकल कलेज र काठमाडौँस्थित नोबेल एकेडेमीमा रहेको सेयर विवाद सुल्झाउन राजधानी आएको बेला वाईसीएलका कार्यकर्ताहरूले ०६४ मङ्सिर २ गते काठमाडौँस्थित तिलगङ्गाबाट अपहरण गरे। ३०-४० जनाको सङ्ख्यामा रहेको सो समूहले कुटपिटपछि अपहरण गरी काभ्रे जिल्लाको एक अज्ञात स्थलमा पुऱ्याई मङ्सिर ३ गते बिहान ४ बजे कामीडाँडा बल्थली गाउँबाट मुक्त गरे। सुनिल शर्माको नेतृत्वमा रहेको सो समूहले अपहरण गरी चरम यातना दिएको थियो।

अन्यबाट

काभ्रे जिल्ला घर भई काठमाडौँस्थित शान्तिनगरमा डेरा गरी बस्ने नेपाल कमर्स क्याम्पस मीनभवनमा अध्ययनरत २६ वर्षीय मधुसूदन लुईंटेललाई ०६४ साउन १० गते बिहान ७ बजे क्याम्पस जाने क्रममा अज्ञात व्यक्तिले बानेश्वरबाट अपरहण गरे। उनको स्थित हालसम्म अज्ञात रहेको छ।

झापा जिल्ला मेची नपा बरमेली टोल निवासी मितेरी बसका सेयरधनी ४५ वर्षीय शेखरराज शर्मा गुरागाईंलाई ०६४ कात्तिक १५ गते राति कलङ्कीबाट

तराई डिफेन्स आर्मीद्वारा गराइएको बम विस्फोटमा परी घाइते भएका वसन्त चौधरी, सीता आचार्य, भगवती भण्डारी र मिठू विक

लछारपछार गर्दै अज्ञात समूहले अपहरण गऱ्यो। कलङ्कीस्थित मकालु काउण्टरमा हरहिसाब गरिरहेको समयमा तीनवटा मोटर साइकलमा गएका सात-आठ जनाको सो समूहले गुरागाईंलाई अपहरण गरेको थियो। अपहरण गरी १ करोड फिरौती माग गरिएको र ५० लाखमा सहमति भएपछि रकम बुझाउने क्रममा प्रहरीले हस्तक्षेप गरी कात्तिक १७ गते पीडितलाई मुक्त गरायो। अपहरणमा संलग्न बाबु भन्ने विश्वक्रान्ति सिंह, सुर्वण तामाङ र भोला खड्कालाई प्रहरीले गिरफ्तार गऱ्यो। गुरागाईंसँगै रहेका धादिङ जिल्ला सुनौला बजार गाविस-१ निवासी मितेरी बस व्यवसायी सञ्चालक ३८ वर्षीय ऋषिबहादुर श्रेष्ठलाई भने कुटपिटपछि कलङ्कीबाट नै कात्तिक १५ गते मुक्त गरे।

काठमाडौँ बत्तीसपुतली निवासी पशुपति पेन्ट्सका प्रमुख निर्देशक ५० वर्षीय महेश मुरारकालाई ०६४ पुस १ गते ९ बजे बेलुका नयाँ बानेश्वरबाट घर जाने क्रममा चार जनाको सङ्ख्यामा गएको एक समूहले उनकै बा.४च. ३२९८ नम्बरको गाडीसहित अपहरण गऱ्यो। अपहरित मुरारका ०६४ पुस ७ गते मुक्त भए। उनलाई कहाँबाट कसरी मुक्त गरियो भन्ने खुल्न सकेको छैन। अपहरणमा पर्दा अपहरणकारीले मुरारकाका परिवारसँग १ करोड रुपियाँ माग गरेको पारिवारिक स्रोतले जनाएको थियो।

धम्की/कुटपिट

राज्यबाट

धादिङ जिल्ला किरानचोक गाविस-७ घर भई धापासी बसुन्धारा-८ मा मिठाई पसल गरी बसेका २८ वर्षीय बुद्ध लामा र चितवन जिल्ला घर भई काठमाडौँ जिल्लाको धापासी गाविस-७ मा साइकल मर्मत पसल खोलेर बसेका ३० वर्षीय राजु घिमिरेले प्रहरी जवान प्रकाश केसीलाई कुटपिट गरेको आरोपमा ०६४ कात्तिक २६ गते महाराजगञ्ज प्रहरी वृत्तका प्रहरीले गिरफ्तार गरी कुटपिट गरे। गिरफ्तार गरिएका दुवैलाई ०६४ कात्तिक ३० गते जनही ३ हजार रुपियाँ धरौटी लिई प्रहरीले रिहा गऱ्यो।

माओवादीबाट

काठमाडौँ मनपा-११ बबरमहल निवासी उपभोक्ता हित संरक्षण मञ्चका महासचिव ४० वर्षीय अधिवक्ता ज्योति बानियाँलाई ०६३ माघ २४ गते अखिल नेपाल होटल तथा रेस्टुरेन्ट मजदुर सगठन सङ्घका अध्यक्ष रमेश पन्तले अदालतमा विचाराधीन मुद्दा फिर्ता नलिए मार्ने धम्की दिए।

काभ्रे जिल्ला गोकुले गाविस-३ घर भई ठिमी बस्ने नेपाल ट्रेड युनियन काङ्ग्रेसनिकट नेपाल गलैँचा मजदुर सङ्घका महासचिव ३६ वर्षीय जयबहादुर योञ्जनलाई ०६३ फागुन १२ गते बौद्ध तीनचुलेमा कार्यक्रम गर्न लग्दा माओवादी कार्यकर्ताले कुटपिट गरी गम्भीर घाइते बनाए। घाइते योञ्जनको मोडेल अस्पतालमा उपचार भयो। सो घटनामा मकवानपुर फापरबारी गाविस घर भई काठमाडौँ दक्षिणढोका बस्ने ३१ वर्षीय कमल लामा र २८ वर्षीया सीता लामा घाइते भएका थिए।

एमालेनिकट नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका वाग्मती अञ्चल उपाध्यक्ष ४२ वर्षीय ठाकुरकुमार श्रेष्ठ, काभ्रे जिल्ला घर भई कपनमा बस्दै आएका सो सङ्गठनका कपन एकाइ सचिव २० वर्षीय रवि केसी, नुवाकोट जिल्ला घर भई कपन बस्ने २२ वर्षीय सीताराम थामा, ३८ वर्षीय विनोदकुमार तामाङ र २२ वर्षीय प्रकाश लामिछानेलाई ०६३ चैत २२ गते सुन्धाराको गाडी पार्किङ्को विषयलाई लिएर माओवादी कार्यकर्ताले जमलमा कुटपिट गरी घाइते बनाए। घाइते सबैको उपचार वीर अस्पतालमा भयो।

भूमेस्थान गाविस-३ का २१ वर्षीय आशीष सुनारलाई ०६४ भदौ १३ गते सापटी लगेको पैसा माग्न

जाँदा माओवादी भ्रातृ सङ्गठन वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरी घाइते पारे। काठमाडौँ जिल्ला गोलढुङ्गा गाविसस्थित एक फर्निचर पसलमा काम गर्ने नुवाकोट जिल्ला नर्जामण्डप गाविस-६ का पूर्ण तामाङ, गोपाल बस्नेत र निरञ्जन नाम गरेका वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरी सुनारलाई स्वयम्भूस्थित वाईसीएल कार्यालयमा बुझाए। स्वयम्भू वाईसीएल इञ्चार्ज रूपेशसहितले कुटपिटको घटना सार्वजनिक नगर्न दबाब दिँदै एउटा कागजमा सही गराएर छाडिदिएको पीडितले बताए। सुनारलाई रड, दाउराको चिरपटले कुटपिट गरेका कारण शरीरभरि नीलडाम बस्यो। उपचार गराउने पैसासमेत नभएकाले पीडित भदौ १५ गते घर फर्किए।

वाईसीएलबाट

मोरङ जिल्ला बनीगमा-१ घर भई काठमाडौँ मनपा-३२ घट्टेकुलो बस्ने नेविसङ्घका पूर्वअध्यक्ष गुरुराज घिमिरेलाई ०६४ जेठ २९ गते वाईसीएलविरुद्ध बोलेको भनी आफूलाई वाईसीएल बताउने पाँच/छ जनाको समूहले बत्तीसपुतलीस्थित पेट्रोलपम्पनजिक कुटपिट गरे। कुटपिटबाट घाइते भएका घिमिरेको उपचार शिक्षण अस्पताल महाराजगञ्जमा भयो।

नेपाल कानुन व्यवसायी सङ्घका अध्यक्ष तथा काठमाडौँस्थित कालिकास्थान निवासी ४६ वर्षीय बाबुराम कुँवर र काठमाडौँ मनपा-३५ कोटेश्वर निवासी ३५ वर्षीय देवीप्रसाद कोइरालालाई ०६४ साउन २१ गते वाईसीएलका कार्यकर्ताहरूले काठमाडौँ जिल्ला अदालत परिसरमा बहस नगर्न धम्की दिए। काठमाडौँ किलागालमा ०६४ वैशाख २९ गते भएको एक युवकको हत्या अभियोग लागेका आशीषमान सिंहका तर्फबाट मुख्य न्यायाधीश नारायण दाहालको इजलासमा बहस गर्न पुगेका कुँवर र कोइरालालाई त्यस मुद्दामा बहस नगर्न धम्की दिएका थिए।

मधेसी मुक्ति मोर्चाबाट

नेपाल पत्रकार महासङ्घ *कान्तिपुर टेलिभिजन* शाखा सचिव विजय पौडेललाई ०६४ जेठ २६ गते कार्यक्रमस्थलबाट समाचार सङ्कलन नगरी हिँडेको भन्दै माओवादीनिकट मधेसी मुक्ति मोर्चाका कार्यकर्ताहरूले बानेश्वरमा आक्रमण गरे। आक्रमणका क्रममा पौडेलको ढाडमा चोट लाग्यो। उनीहरूले पीडितको मोटरसाइकलको हेडलाइटसमेत फुटाइदिएका थिए।

माओवादीद्वारा अपहरण गरी कुटपिट गरिएका सावित्री कार्की, नानीबाबु कार्की र विमल तिमल्सिना

अन्यबाट

धादिङ ज्यामरुड-१ निवासी रिपोर्टस् क्लबका अध्यक्ष ३२ वर्षीय ऋषि धमलालाई ०६४ असोज १५ गते राति मोबाइल, घर र क्लबको कार्यालयमा रहेको टेलिफोनमा बारम्बार फोन गरी अज्ञात समूहले हत्या गर्ने धम्की दियो। धमलालाई एक हप्ताभित्रमा क्लब पनि बन्द गराइने धम्की दिइएको थियो।

गैरकानुनी गिरफ्तारी

मोरङ जिल्ला शनिश्चरे घर भई हाल भत्केपूलमा बस्दै आएका १७ वर्षीय रोशन खरेललाई ०६३ फागुन ४ गते शुक्रबार साँझ पशुपतिनाथ मन्दिर क्षेत्रमा राजा ज्ञानेन्द्रमाथि ढुङ्गामुढा प्रहारमा संलग्न रहेको आरोपमा महानगरीय प्रहरी प्रभाग बौद्धले गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका खरेललाई ०६३ फागुन ११ गते रिहा गरिएको थियो। खरेल धुम्बाराहीस्थित इनसाइड भिजन स्कुलमा १० कक्षामा अध्ययनरत छन्।

रामेछाप जिल्ला गेलु गाविस-१ निवासी ४४ वर्षीया कल्याण बुढाथोकी, पिङ्खुरी गाविस-६ निवासी ३० वर्षीया कल्पना भण्डारी, अछाम जिल्ला कुइका गाविस-२ निवासी ३१ वर्षीय भोजराज तिमल्सिना र ओखलढुङ्गा जिल्ला तारकेराबारी गाविस निवासी ७० वर्षीय डिल्लीबहादुर खड्कालाई ०६४ जेठ ३ गते माओवादी पीडित सङ्घको १५ सूत्रीय मागप्रति सरकारले बेवास्ता गरेको भन्दै काठमाडौँस्थित कोटेश्वरमा विरोध प्रदर्शन गर्ने क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका चारै जनालाई महानगरीय प्रहरी वृत्त बानेश्वरबाट ०६४ जेठ १३ गते रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

शान्ति र प्रजातन्त्रका लागि नागरिक समाजका डा. देवेन्द्रराज पाण्डे, पत्रकार श्याम श्रेष्ठ, डा.सुन्दरमणि दीक्षित, महेश मास्के, नेपाल पत्रकार महासङ्घका अध्यक्ष विष्णु निष्ठुरी, महासचिव महेन्द्र विष्ट, बुद्ध सायमी, लेखक खगेन्द्र सङ्ग्रौलालगायतलाई ०६३ पुस १७ गते अन्तरिम संविधान जारी गर्नुपर्ने, अन्तरिम सरकार चाँडै गठन गरिनुपर्ने र संविधानसभाको मिति तत्काल घोषणा गरिनुपर्नेलगायतका माग राख्दै प्रधानमन्त्री निवास बालुवाटारमा धर्ना दिने क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई सशस्त्र प्रहरी बल २ नं. गण महाराजगञ्जबाट सोही दिन रिहा गरियो।

प्रहरी हस्तक्षेपमा घाइते बनाइएका अनेरास्ववियुका अध्यक्ष ठाकुर गैरे

भक्तपुर जिल्ला नगरकोट गाविस-९ निवासी १९ वर्षीय भीमबहादुर तामाङ, २९ वर्षीय रामभक्त नगरकोटी, नगरकोट गाविस-५ निवासी माइली तामाङलगायतलाई ०६३ पुस २७ गते नगरकोट घटनामा घाइते भएका पीडितका परिवारलाई सरकारले उचित क्षतिपूर्ति नदिएको भन्दै सिंहदरबार घेराउ गर्ने क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरबाट सोही दिन रिहा गरियो।

मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवसहित फोरमका उपेन्द्र झा, नीलम वर्मा, बीपी यादव, अम्रेशनारायण झा, रामकुमार शर्मा, अधिवक्ता अवधेशकुमार सिंह, किशोरकुमार विश्वास, पूर्वसांसद रामेश्वर राय यादव, सियाराम चौधरी थारु, विजयकुमार चौधरी, विष्णुनारायण यादव, बलराम यादव, बरुण यादव, रामभजन यादव, ओमप्रकाश चौधरी, भगवानी यादव, सुरज मेहता, राजकुमार यादव, यदुवंशी मनोजकुमार, श्याम महरा, रामकिशोर सिंह, कपिलेश्वर यादव, रामछविलाल यादव, नथुराम यादव, कुमार कमलेन्द्र (कमल यादव), जयकरण शाह र मनोज यादवलाई अन्तरिम संविधान जलाएको आरोपमा ०६३ माघ २ गते माइतीघर मण्डलाबाट प्रहरीले गिरफ्तार गरे। गिरफ्तार सबैलाई जिल्ला प्रहरी कार्यालय, हनुमानढोकाबाट ०६३ माघ ५ गते रिहा गरियो।

वाईसीएलद्वारा अपहरण गरी कुटपिट गरिएका डा. ज्ञानेन्द्र गिरी

रोल्पा जिल्ला निवासी २६ वर्षीया रामकुमारी डाँगी, दोलखा जिल्ला लुभु-४ निवासी ५४ वर्षीय कुलबहादुर कार्की, रामेछाप जिल्ला पुरानागाउँ-४ निवासी ३४ वर्षीय कल्पना भण्डारी, नुवाकोट थानसिङ-६ निवासी ३९ वर्षीया चिनीमायाँ न्यौपाने, रामेछाप गेलु निवासी ४४ वर्षीया कल्याण बुढाथोकीलाई ०६३ फागुन ९ गते १५ सूत्रीय माग राखी सिंहदरबारको गेटमा धर्ना दिने क्रममा प्रहरीले कुटपिट गरी घाइते बनाए। उनीहरूको शिविरमै सामान्य उपचार भयो।

रोल्पा जिल्ला निवासी २६ वर्षीया रामकुमारी डाँगी, विना अधिकारी, रामेछाप जिल्ला पुरानागाउँ-४ निवासी कल्पना भण्डारी, सुनीता बोहरा र डिल्लीबहादुर खड्कालाई ०६३ फागुन २० गते माइतीघर मण्डलामा विरोध प्रदर्शन गर्ने क्रममा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। घाइते सबैको वीर अस्पतालमा उपचार भयो।

कैलाली जिल्ला मालाखेती-३ निवासी ४० वर्षीय शम्भुप्रसाद भट्टराई, कीर्तिपुर नपा-१९ निवासी ५४ वर्षीय द्वारिकाप्रसाद बास्कोटा, भक्तपुर लोकन्थली निवासी ४२ वर्षीय भोजकुमार बस्नेत, काठमाडौँ मनपा-३५ सिनामङ्गल निवासी ४८ वर्षीय भोलाप्रसाद ढकाल, ४३ वर्षीय कृष्णबहादुर श्रेष्ठ, रत्ना श्रेष्ठ, क्षेत्रपाटी निवासी ३६ वर्षीया रूपा श्रेष्ठ, शिक्षण अस्पतालमा कार्यरत शोभा गुरुङ, ठमेल निवासी ३६ वर्षीय रिना महर्जन र कीर्तिपुर निवासी ३८ वर्षीया दिलिना जोशीलगायतलाई ०६३ पुस १७ गते त्रिभुवन विश्वविद्यालयको उपकुलपतिलगायतका पदाधिकारीको नियुक्तिको माग गर्दै मैनवत्ती जुलुस तथा धर्ना दिने क्रममा प्रहरीले सिंहदरबार गेटमा लाठी प्रहार गर्दा घाइते भए। घाइते सबैको मोडेल अस्पतालमा उपचार भयो।

त्रिज्योति स्कुल कपनका शिक्षक सूर्यकिशोर यादव, शैक्षिक गणतान्त्रिक मञ्चका सचिव तथा इस्टुका महासचिव ५३ वर्षीय भीम क्षेत्री, भक्तपुर गोठाटार-३ निवासी ५० वर्षीय श्यामकुमार श्रेष्ठ,

सङ्खुवासभा खराङ-८ निवासी तथा कपनस्थित रिलायन्स सेकेन्डरी स्कुलका शिक्षक २७ वर्षीय धनेन्द्र भट्टराई, ललितपुर जिल्ला निवासी प्रतिभा सुवेदी, काभ्रे जिल्ला कुसादेवी-३ निवासी २५ वर्षीय श्रीकृष्ण थापालगायतलाई शिक्षा मन्त्रालयको गेटमा प्रदर्शन गर्ने क्रममा ०६४ जेठ ११ गते प्रहरीले आश्रुग्यास तथा लाठी प्रहार गर्दा घाइते भए। घाइतेमध्ये सूर्य किशोरको टाउकोमा चोट लागेको थियो भने अन्य सामान्य घाइते भएका थिए।

काभ्रे जिल्ला पनौती नपा-९ का ३२ वर्षीय नगेन्द्र श्रेष्ठ, लम्जुङ जिल्ला चन्द्रेश्वर गाविस-४ निवासी २७ वर्षीय लक्ष्मण अधिकारी ०६४ असार १८ गते प्रहरीको लाठीचार्जबाट काठमाडौँस्थित भद्रकालीमा घाइते भए। भद्रकाली सैनिक मुख्यालयस्थित पेट्रोल पम्पमा पेट्रोल वितरण नगरेको भन्दै विरोध प्रदर्शन गर्ने क्रममा प्रहरीले लाठीचार्ज गर्दा उनीहरू घाइते भएका थिए। घाइते दुवै जनाको वीर अस्पतालमा उपचार भयो।

शान्ति र प्रजातन्त्रका लागि नागरिक समाजका अगुवा डा. देवेन्द्रराज पाण्डे, पत्रकार खगेन्द्र सङ्ग्रौला, मल्ल के. सुन्दर, महिला पुनःस्थापना केन्द्र (ओरेक) का अध्यक्ष डा. रेणुराज भण्डारी, अनिल पाण्डे, पत्रकार श्याम श्रेष्ठ, सुन्दरमणि दीक्षित, सुशीला रोक्का, दिव्य झालगायतलाई ०६४ असार २१ गते राजालाई बजेट नछुट्याउन दबाब दिनका लागि सिंहदरबार दक्षिणढोकामा धर्ना दिने क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई महानगरीय प्रहरी प्रभाग सिंहदरबार र महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरबाट सोही दिन रिहा गरियो।

इलाम जिल्ला सन्तपुर गाविस-१४ निवासी ५७ वर्षीय माओवादीका विधायक पदमलाल विश्वकर्माले माओवादीनिकट दलित मुक्ति मोर्चाका कार्यकर्ता अनुप विश्वकर्मा, दीपक विश्वकर्मालगायत ४० जनालाई ०६४ असार २७ गते संविधानसभामा समानुपातिक प्रतिनिधित्व र आगामी आर्थिक वर्षको बजेटमा राजालाई बजेट नछुट्याउन माग राखी सिहंदरबार दक्षिण ढोकामा धर्ना दिने क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई महानगरीय प्रहरी प्रभाग अनामनगर र महेन्द्र पुलिस क्लबबाट सोही दिन रिहा गरियो।

बाँके जिल्ला निवासी २८ वर्षीया अस्मिता चौधरी, बर्दिया जिल्ला निवासी २६ वर्षीया लवती चौधरी, २५ वर्षीया मनकुमारी चौधरीलाई ०६४ साउन ३ गते संविधानसभाअगावै मुक्त कमैयाहरूलाई उचित बसोवासको व्यवस्था सरकारले गरिदिनुपर्ने माग राख्दै सिंहदरबार दक्षिण ढोकामा विरोध प्रदर्शन गर्न जाने क्रममा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। घाइते तीनै जनाको उपचार वीरेन्द्र प्रहरी अस्पताल महराजगञ्जमा भयो। यसैगरी सोही क्रममा बर्दिया जिल्ला निवासी ३१ वर्षीय विष्णु चौधरी, कञ्चनपुर जिल्ला निवासी ३६ वर्षीय जगत चौधरी, दाङ जिल्ला निवासी ३८ वर्षीय रामधनी चौधरी, कैलाली जिल्ला निवासी ३२ वर्षीय लक्ष्मी चौधरीलगायत ३० जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई महराजगञ्जस्थित २ नं. गण र तीनकुनेस्थित नयाँबानेश्वर प्रहरी वृत्तबाट सोही दिन साँझ रिहा गरियो।

माओवादीद्वारा कुटपिट गरिएका जयबहादुर योञ्जन

सर्लाही जिल्ला हरिवन निवासी चुरेभावर एकता समाजका अध्यक्ष ५५ वर्षीय केशव मैनालीसहित बद्रीप्रसाद न्यौपाने, अग्नि वम, प्रमोद रेग्मी, सीताराम सुवेदीलगायतलाई ०६४ साउन २४ गते गौशालामा विरोध प्रदर्शन तथा चक्काजाम गर्ने क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरबाट सोही दिन रिहा गरियो। तराईमा आन्दोलनरत सशस्त्र समूहद्वारा हत्या गरिएका पहाडी मूलका दुई जनाको लास राजधानीमा ल्याई विरोध प्रदर्शन गर्दै त्यसप्रति ध्यानाकृष्ट गराउन खोज्दा प्रहरीले गौशालामा हस्तक्षेप गरेको थियो।

प्रेस युनियनका अध्यक्ष मुरारीप्रसाद शर्मा, पूर्वअध्यक्ष कुलचन्द्र वाग्ले, उपाध्यक्ष विन्दुकान्त घिमिरे, महासचिव समीरजङ्ग शाह, कोषाध्यक्ष दामोदरप्रसाद दवाडी, पत्रकारहरू भवानी सुवेदी, शीतल कोइराला, नवराज लम्साल, गोकर्ण अर्याल, नारद गौतम, सुर्व नेपाल, रमेश गाउँले, तेजकुमार शर्मा, बाबुराम सुवेदी, नगेन्द्र लम्साल, मणि भण्डारी, पदम सुवेदी, मुकुन्द सुवेदी, जनार्दन घिमिरे, भीम दाहाल, अञ्जना ताम्ली, अनुजा आङबुहाङ, राम गैरे, वसन्त पराजुली, दयाराम पाण्डे र चित्रकुमार आलेलाई ०६४ साउन ३१ गते सिंहदरबार दक्षिणढोकामा धर्ना दिने क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई महनगरीय प्रहरी प्रभाग सिंहदरबार, महानगरीय प्रहरी वृत्त कमलपोखरी र महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरमा राखी सोही दिन रिहा गरियो। प्रेसमाथिको माओवादी हस्तक्षेप र

प्रहरीद्वारा गरिएको लाठीचार्जबाट घाइते भएका हरिलाल वादी र रमा वादी

सरकारी सञ्चारमाध्यमबाट निकालिएका ४९ जना श्रमजीवी पत्रकारको पुन:बहालीको माग राखी प्रेस युनियनले आयोजना गरेको धर्ना कार्यक्रमबाट प्रहरीले पत्रकारहरूलाई गिरफ्तार गरेको थियो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता लालकाजी लामा, मोहनकाजी भण्डारीलगायतले संविधानसभाको निर्वाचन स्थगन गरेको विरोधमा चाबहिलमा ०६४ असोज १८ गते गरेको प्रदर्शनमा प्रहरीले लाठी तथा टियर ग्यास प्रहार गर्दा घाइते भए। घाइते सबैको चाबहिलस्थित मेडिकेयर अस्पतालमा उपचार भयो।

काठमाडौँस्थित शान्तिनगर निवासी ३५ वर्षीय किशोर सुनुवार, काभ्रे जिल्ला निवासी ३८ वर्षीय हरि खत्री, नेपाल सुकुम्वासी सङ्घ शान्तिनगर मूल एकाइ कमिटी सचिव ३३ वर्षीय डोलराज गिरी र काठमाडौँका २७ वर्षीय बालकृष्ण, नेपाल सुकुम्वासी शान्तिनगर मूल कमिटी अध्यक्ष २८ वर्षीय धनेश्वर लिम्बू, ३८ वर्षीय फत्तेमान कार्की परियारलाई ०६४ भदौ ५ गते राज्यको सबै संरचनामा दलित समुदायको २० प्रतिशत कोटाको ग्यारेन्टी गरिनुपर्ने, धर्म निरपेक्षताका आधारमा जातीय प्रथा जीवन व्यवहारमा लागू गर्नुपर्ने, समानुपातिक निर्वाचन प्रणालीको ग्यारेन्टी गरिनुपर्नेलगायतका माग राख्दै माओवादीनिकट नेपाल राष्ट्रिय तामाङ मुक्ति मोर्चा र नेपाल दलित मुक्ति मोर्चाको संयुक्त आयोजनामा उपत्यका बन्द गराउने क्रममा बुद्धनगरबाट प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई महानगरीय प्रहरी वृत नयाँबानेश्वरबाट सोही दिन रिहा गरियो।

वादी सङ्घर्ष समितिकी संयोजक उमादेवी वादी, बर्दिया जिल्ला निवासी ३८ वर्षीय प्रेम वादी, कञ्चनपुर निवासी ३५ वार्षीय बेलु वादी, दाङ जिल्ला निवासी ४१ वर्षीय बतासे वादी, दाङ जिल्ला निवासी २७ वर्षीय सञ्जय वादी, २९ वर्षीया प्रमिला वादी, कैलाली निवासी ४१ वर्षीय अर्जुन वादी, रुक्मणी वादी र दलित नागरिक आन्दोलनका अगुवा विनोद पहाडी, मोतीलाल नेपाली, विश्वकर्मा जागरण मिडिया सेन्टरका रेम विश्वकर्मा, सुभास दर्नाललगायतलाई ०६४ भदौ ५ गते वादी समस्या समाधान आयोग गठन गरिनुपर्ने, भूमिहीन वादी समुदायलाई जग्गाको व्यवस्था गरिनुपर्नेलगायतका माग राख्दै सिंहदरबार दक्षिण ढोकामा विरोध प्रदर्शन गर्ने क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई महानगरीय प्रहरी प्रभाग सिंहदरबारबाट सोही दिन रिहा गरियो। गिरफ्तार गर्ने क्रममा प्रहरीको हस्तक्षेपबाट दाङ जिल्ला निवासी २७ वर्षीय सञ्जय वादी, सोही जिल्लाकी २९ वर्षीया प्रमिला वादी, कैलाली निवासी ४१ वर्षीय अर्जुन वादी, वादी अधिकार सङ्घर्ष समितिकी संयोजक ४५ वर्षीया उमादेवी वादी, ३३ वर्षीया रुक्मणी वादी समान्य घाइते भए।

कञ्चनपुर जिल्ला निवासी १८ वर्षीय गोमती वादी, बर्दिया जिल्ला निवासी १८ वर्षीया लक्ष्मी वादी, कैलाली जिल्ला निवासी ३५ वर्षीया रोमा वादी, सुर्खेत जिल्ला निवासी २२ वर्षीय शङ्कर वादी, डोटी जिल्ला निवासी २६ वर्षीया महेश्वरी वादी, दाङ जिल्ला निवासी २७ वर्षीय सञ्जय विक्रम नेपाली, कञ्चनपुर जिल्ला निवासी २६ वर्षीय सुरत वादी, कैलाली जिल्ला निवासी २२ वर्षीय हरिलाल वादी ०६४ भदौ १० गते सिंहदरबार दक्षिण ढोकामा विरोध प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दा घाइते भए। घाइते सबैको वीरेन्द्र प्रहरी अस्पतालमा उपचार भयो भने कञ्चनपुर जिल्ला निवासी ३० वर्षीया ज्ञानु वादी, सुन्दर वादी, खेमा वादी, दिलबहादुर वादी, बाबुलाल वादीको काठमाडौँ मोडेल हस्पिटलमा र वसन्ती वादी, मिठू वादीको वीर अस्पतालमा उपचार भयो। यसैगरी, सोही विरोध प्रदर्शनका क्रममा गिरफ्तार हुनेहरूमा वादी अधिकार सङ्घर्ष समितिका संयोजक उमादेवी वादी, महिला पुन:स्थापना केन्द्र (ओरेक) का अध्यक्ष रेणुराज भण्डारी, बर्दिया जिल्ला निवासी ३८ वर्षीय प्रेम वादी, कञ्चनपुर निवासी ३५ वर्षीय बेलु वादी, दलित अधिकारकर्मी विनोद पहाडी, मोतीलाल नेपाली, वीरेन्द्र विश्वकर्मा, जागरण मेडिया सेन्टरका रेम विश्वकर्मा, सुभास दर्नाललगायत १ सय १० जनालाई प्रहरीले गिरफ्तार गरी महराजगञ्जस्थित प्रहरी गणबाट सोही दिन रिहा गऱ्यो।

सात राजनीतिक दलको एकता टुट्न नदिन र नयाँ सहमति बनाउन माग गर्दै सात राजनीतिक दलनिकट विद्यार्थी सङ्गठनका विद्यार्थीहरूले ०६४ कात्तिक १२ गते संसद् भवन घेराउ गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दा अनेरास्वियुका केन्द्रीय अध्यक्ष ठाकुर गैरे घाइते भए। प्रहरीको हस्तक्षेपबाट घाइते भएका अध्यक्ष

प्रहरीद्वारा गिरफ्तार गरी महाराजगञ्ज २ नं. गणमा राखिएका वादी महिलाहरु

गैरेको मोडेल अस्पतालमा उपचार भयो। प्रदर्शन गर्ने क्रममा अनेरास्वावियुका केन्द्रीय अध्यक्ष ठाकुर गैरेसहित मालेनिकट अनेरास्वावियुका अध्यक्ष ओम अर्याल, टङ्कविक्रम नेम्वाङ, नेविसङ्घका पूर्वमहासचिव गगन थापा, अनेरास्वावियु (क्रान्तिकारी) का महासचिव हिमाल शर्मा, अनेरास्वावियु (एकीकृत) का जागृत रायमाझीलगायतलाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका विद्यार्थीहरूलाई सोही दिन साँझ महेन्द्र पुलिस क्लबबाट रिहा गरियो।

काठमाडौँ जिल्लास्थित शिवपुरी राष्ट्रिय निकुञ्जबाट करिब दुई किलोमिटर उत्तरतर्फको जङ्गलमा बेपत्ता पारिएका नागरिकहरूलाई हत्या गरी गाडिएको आशङ्का गरिएको स्थानको समाचार सङ्कलन गर्न गएका गुल्मी पुरकोटदह-३ निवासी २९ वर्षीय *उज्यालो एफएम*का पत्रकार दीपेन्द्र कुँवर, कञ्चनपुर जिल्ला महेन्द्रनगर-६ घर भई ललितपुर सानेपा बस्ने *उज्यालो एमएम*का २८ वर्षीय खगेन्द्र पन्त, *नयाँ पत्रिका*का सागर श्रेष्ठलगायतका पत्रकारहरूलाई ०६४ पुस ५ गते नेपाली सेनाका कर्नेल राजीव शाहीले दुर्व्यवहार गरे। कर्नेल शाहीले नेपाली सेनालाई बदनाम गर्न लागेको भन्दै लास देखाउन चुनौती दिँदै सञ्चारकर्मीलाई धम्क्याएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष काठमाडौँ जिल्ला अदालतमा ८ हजार १ सय ४८ मुद्दा रहेकामा १ हजार ५ सय ३७ फर्स्यौट भई ६ हजार ६ सय ११ मुद्दा बाँकी रहेका छन्, जसमा देवानीतर्फ ४ हजार ३ सय ७२ थान मुद्दामा १ सय १९ मुद्दा फर्स्यौट भई ४ हजार २ सय ५३ मुद्दा बाँकी रहेका छन्। यसैगरी, फौजदारीतर्फ ३ हजार ७ सय ७६ मुद्दामा ८ सय १८ मुद्दा फर्स्यौट भई २ हजार ९ सय ५८ मुद्दा बाँकी रहेका छन्।

बालअधिकार

उदयपुर जिल्ला बेल्टार घर भई धुम्बाराही बस्दै आएकी ६ वर्षीया बालिका भवानी राईको नक्साल भगवतीवहालस्थित मङ्गलदास महर्जनको घरमा ०६३ चैत २० गते लास फेला पऱ्यो। उनी भगवतीवहालस्थित मामाको घरमा बस्दै आएकी थिइन्। पीडित परिवारले बलात्कार गरी हत्या गरेको भन्दै प्रहरी कार्यालयमा जाहेरी दिए। घरधनी महर्जनसहित उनका आफन्त बुद्धि महर्जन र विकास महर्जनलाई महानगरीय प्रहरी अपराध अनुसन्धान शाखा हनुमानढोकाले अनुसन्धानका लागि गिरफ्तार गऱ्यो।

काठमाडौँ जिल्लाको महाँकाल गाविस-३ निवासी चक्रबहादुर केसीका ६ वर्षीय छोरा आशुतोष केसीको ०६४ वैशाख २६ गते घरदेखि ५ सय मिटर टाढा रहेको चुनीखेल गाविसमा बेवारिसे अवस्थामा लास भेटियो। हत्यामा संलग्न भएको आरोपमा मृतकका बाबु चक्रबहादुर केसी, आमा भगवती केसी, सौतेनी दाइ, आमालगायत सात जनालाई अनुसन्धानका लागि प्रहरी वृत्त महाराजगञ्जले गिरफ्तार गऱ्यो।

सिन्धुपाल्चोक स्याउले-४ निवासी ११ वर्षीया बालिका सुकु तामाङले आँपको अचार चोरेको आरोपमा ०६४ जेठ ८ गते उनलाई घरमालिक्नी काठमाडौँ मनपा-१४ कलङ्कीकी घर भएकी ६८ वर्षीया गीता जोशीले दुवै हात बाँधेर चप्पलले कुटपिट गरिन्। जोशीले दुवै हात बाँधेर कपडाले छोपी चक्कुले घोचेको पीडित बालिकाले बताइन्। पीडित बालिका जोशीको घरमा घरेलु मजदुरका रूपमा रहेकी थिइन्। पीडितलाई महानगरीय प्रहरी वृत्त कालीमाटी महिला प्रहरी सेलले सिविन हेल्पलाइनको जिम्मा लगाएको थियो। सिविन हेल्पलाइनले ०६४ जेठ ११ गते पीडित बालकलाई बुबा धनबहादुर तामाङको जिम्मा लगायो।

कपन गाविस-३ गैरीधारा घर भएकी ६ वर्षीया बालिकालाई ०६४ जेठ ८ गते गोरखा जिल्ला थुम गाविस-४ घर भई हाल कपन गाविस-३ गैरीधारा बस्दै आएका १३ वर्षीय अर्जुन आलेले चकलेट दिई ललाइफकाई आफ्नै कोठामा लगी बलात्कार गरे। पीडित बालिकाका बाबुले महानगरीय प्रहरी वृत्त बौद्धमा पीडकलाई कानुनी कारबाही गरिनुपर्ने भनी जाहेरी दिए। बलात्कार गरेको भन्दै आक्रोशित एक समूहले पीडकको घरमा आगजनी गरे। प्रहरीले पीडक आलेलाई गिरफ्तार गरी कानुनी प्रक्रिया अगाडि बढाएको जनायो।

रामेछाप जिल्ला घर भई वसुन्धरामा बस्दै आएकी ९ वर्षीया एक बालिकालाई ०६४ जेठ १३ गते राति वसुन्धरा पुलमुनि पुऱ्याई भैरवनाथ गणका जवान जितेन्द्र खड्काले बलात्कार गरे।। पीडित परिवारले पीडकमाथि कारबाहीको माग राखी महराजगञ्ज प्रहरी वृत्तमा निवेदन दिएपछि सेनाका जवान जितेन्द्र खड्कालाई प्रहरीले पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनायो।

काठमाडौँ महादेवस्थान गाविस-६ स्थित एउटा घरमा दयनीय अवस्थामा राखिएका हुम्ला जिल्लाबाट पढाउने नाममा ल्याइएका १७ जना बालबालिकालाई ०६४ जेठ १६ गते इन्सेक, सिविन र रिलेक नेपालले उद्दार गरी सिविनको कलङ्कीस्थित ट्रान्जिट होममा लगियो।

सिन्धुपाल्चोक जिल्ला भोटेनाम्लाङ गाविस-७ घर भई काठमाडौँ डेरा गरी बस्ने पाँच वर्षीय विन्दा बिसुन्खे र तीन वर्षीय विजय बिसुन्खेलाई काठमाडौँ मनपा-३४ स्थित काठमाडौँ बाल विकास समाजबाट ०६४ जेठ २० गते मानवअधिकारकर्मीको रोहवरमा उद्धार गरियो। मानवअधिकारकर्मीको रोहवरमा तीनकुने प्रहरीले बालकका आमा गोमा विसुन्खेलाई सोही दिन ती बालकहरूलाई जिम्मा लगायो। एक महिनाअघि ती दुई बालकलाई पढाइदिन्छु भनेर बाल विकास समाजमा ल्याइएको थियो।

भारतको सीतामढी कोटबजार घर भई हाल काठमाडौँ खिचापोखरी बस्ने वासु गुप्ताका ११ वर्षीय छोरा रोहित गुप्ताको अपहरणपछि हत्या भयो। अपहरित बालकको लास दुवै हात बाँधिएको र घाँटीमा डोरीले बाँधी बोरामा फालेको अवस्थामा ०६४ असोज २८ गते गणेशस्थान कमलादीमा फेला पऱ्यो। रोहित गुप्तालाई नेपाल आदर्श स्कुल स्थित गणवहालबाट अज्ञात समूहले ०६४ असोज २४ गते अपहरण गरेको थियो। बालक गुप्ता जोरपाटीस्थित रोयल एकेडेमी इन्डियन स्कुलको कक्षा ७ मा अध्ययनरत थिए। अपहरणमा मृतक बालकका मामा राजेश गुप्ताको हात रहेको खुलेपछि उनी फरार छन्। उनको खोजीकार्य जारी रहेको महानगरीय परिसर हनुमानढोकाले जनायो। अपहरित बालकका मामा राजेश गुप्ताले घरमा फोन गरी अपहरणकारीले पैसा मागेपछि मागे अनुसारको २ लाख रुपियाँ लिई समय दिएको स्थान थानकोटस्थित त्रिभुवन पार्कमा गई सो रकम दिएको र उनीहरूले तिम्रो भाञ्जालाई छोडिदिन्छौं भने तर भाञ्जालाई नछोडी असोज २८ गते मारेर फालिदिएको अवस्थामा फेला पऱ्यो भनेर झूट्टो बनावटी भनाइ प्रहरीसमक्ष दिएको प्रहरीले जनायो।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

काठमाडौँ मनपा-५ मालीगाउँकी २७ वर्षीया जस्मिन शर्मालाई ०६३ चैत १० गते दाइजो र जातको विषयलाई लिएर पति, सासू र आमाजूले शारीरिक र मानसिक पीडा दिए। पीडितले कुटपिटबाट घाइते भई वीर अस्पतालमा उपचार गराएको जनाइन्। पीडित शर्माले महानगरीय परिसर हनुमानढोकामा जाहेरी दिइन्।

२.१६ धादिङ

जनसङ्ख्या : ३,८८,२११
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): १,९२६
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ५७४/२०
क्याम्पस/उच्च मा.वि. : ४/१८
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मोटर सडक (कि. मि.): ४८५
प्रहरी कार्यालय सङ्ख्या : २५
मानव विकास सूचकाङ्क : ०.४१०
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

पीडा गाविस-६ निवासी २१ वर्षीया राममाया भण्डारी र छोरी २ वर्षीया सविनाको ०६४ साउन ३ गते बेलुका नेपाली सेनामा कार्यरत उनकै पति किरण भण्डारीले आगो लगाई हत्या गरे। उनीहरूको उपचारका क्रममा मृत्यु भयो। पतिले घरायसी झगडाका कारण ०६४ असार ३१ गते आफ्नै पत्नी र नाबालक छोरीलाई घरबाहिर निकाली एकै ठाउँमा राखेर मट्टीतेल खन्याई आगो लगाएका थिए। आगोले पोलेर गम्भीर चोट लागेकाले छोरी सविनाको सोही दिन उपचारका लागि लाँदा र पत्नी राममायाको उपचारका क्रममा सेनाको छाउनी अस्पतालमै मृत्यु भएको थियो। सविनाको मृत्यु भएपछि पीडक पक्षले घटना लुकाउन पीडा गाविस-१ जरेबगरस्थित त्रिशूली नदीको किनारमा लास गाडेका थिए। पीडित पक्षबाट प्रहरीमा उजुरी गरेपछि ०६४ साउन २ गते लास झिकी सोही ठाउँमा पोस्टमार्टम गरिएको थियो। प्रहरीले हत्याको आरोपमा किरणलाई मुद्दा चलाएको छ।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

मुरलीभञ्ज्याङ गाविस-२ का ४५ वर्षीय खगेन्द्र कोइराला ०६४ मङ्सिर १० गते सोही गाविसको कालुपाण्डे मार्गमा प्रहरीले प्रहार गरेको गोली लागी घाइते भए। स्थानीयबासीको ढुङ्गा लागेर प्रहरी निरीक्षक सुरेशराज भट्टराई पनि घाइते भए। विद्यार्थी लिएर धादिङबेसीबाट ससाहतर्फ जाँदै गरेको बसले सोही ठाउँका विद्यार्थी ६ वर्षीय सीताराम तामाङलाई ठक्कर दिई मृत्यु भएपछि स्थानीयबासीले कालुपाण्डे मार्ग अवरुद्ध गर्दै ना.२ख. ५२४३ को बस जलाइदिएका थिए। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले पाँच राउण्ड अश्रुग्यास फायर गरेको थियो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागार धादिङमा ५७ जना बन्दी रहेका छन्। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका एक महिलासहित १० जना र कैद नतोकिएका दुई जना महिलासहित ४७ जना बन्दीहरू रहेका छन्, जसमा कैद नतोकिएका बन्दीहरूमा दुई जना भारतीय नागरिक रहेका छन्। २५ जना बन्दी क्षमता भएको धादिङ कारागारमा दोब्बरभन्दा बढी बन्दी भएका कारण उनीहरू पालो गरी सुत्न बाध्य छन्। जाडोको समयमा बन्दीहरूलाई दाद आउने र चिसोका करण खुट्टा सुन्निने गरेको बन्दीहरूको गुनासो छ। नाम्लो, टुकीमाराजस्ता सामानहरू बन्दीहरूले उत्पादन गर्ने गरेको भए पनि ती सामानहरूले सजिलैसँग बजार पाउन सकेका छैनन्।

धम्की/कुटपिट

माओवादीबाट

थाक्रे गाविस-३ निवासी *रेडियो पालुङ*का पत्रकार २१ वर्षीय रामेश्वर कार्कीलाई ०६३ पुस १७ गते आफ्नाविरुद्ध समाचार लेखेको आरोपमा माओवादी कार्यकर्ता सिर्जन भनिने रामबहादुर तामाङ, दयाराम भनिने दयाराम गोपाली, प्रभा भनिने सिर्जना रिजाल, विवेक भनिने दीपक लामिछानेलगायतले मार्ने धम्की दिए। माओवादीले उनलाई यसभन्दा पहिले कात्तिक २४ गते साँझ फोनबाट, पुस १० गते साँझ महादेवबेसीको आफ्नै पसलमा समेत 'ज्यान बचाउन मन भए आत्मसमर्पण गर्न' धम्की दिएका थिए।

बैरेनी गाविस-९ बैरेनीबजारका ३२ वर्षीय ध्रुव भण्डारी, २० वर्षीय सुवास श्रेष्ठ, ३८ वर्षीय दीपक कार्की र सोही गाविस-८ का ५२ वर्षीय श्रीकृष्ण श्रेष्ठलाई ०६३ पुस २६ गते दुर्घटनापछि माओवादीको गाडी रोकेको आरोपमा माओवादी कार्यकर्ताले कुटपिट गरे।

खाल्टे गाविस-४ निवासी *धादिङआवाज* साप्ताहिकका पत्रकार १९ वर्षीय दमन ढुङ्गानालाई ०६३ पुस २८ गते माओवादीविरुद्ध समाचार लेखेको भन्दै माओवादी कार्यकर्ताले मार्ने धम्की दिए।

केवलपुर गाविस-८ निवासी एमाले कार्यकर्ता ४२ वर्षीय रामकुमार आचार्य, सोही गाविस-१ निवासी ज्योति माविका शिक्षक ३२ वर्षीय देवमान डङ्गोल, केवलपुर गाविस-१ निवासी २९ वर्षीय रमेश डङ्गोल २८ वर्षीय जनक पण्डित ३१ वर्षीय बच्चु डङ्गोल र ५५ वर्षीय कृष्णप्रसाद ढकाललाई ०६३ पुस २९ गते बेलुका माओवादीविरुद्ध सुराकी गरेको आरोपमा माओवादी कार्यकर्ताले कुटपिट गरी मार्ने धम्की दिए।

किराञ्चोक गाविस-१ निवासी मजदुर २४ वर्षीय गोपाल मिजारलाई ०६४ जेठ ९ गते चितवनस्थित माओवादी सेनाको क्याम्पका २५ वर्षीय नवराज मिजारले कुटपिट गरे। उनलाई जेठ ५ गते किराञ्चोक गाविस-९ बेलबोटेमा मजदुरी काम गर्न गएको बेला केही कुरा गर्नुछ भनी केही पर लगी कुटपिट गरेका थिए। पीडितले किराञ्चोक उपस्वास्थ्य

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट					माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३	३		४						
घाइते									१	१	१
कुटपिट	६	३४	१	१७	४३	४	८	८			
धम्की	३	१		५०	५१	९	१४	१४			
जातीय विभेद	४	१३			१३						
महिलाअधिकार	३		५		५						
बालअधिकार	३		३		३						
जम्मा	१९	३९	१०	६७	११६	१३	३३	३३	१	१	१

चौकीमा उपचार गराए।

बसेरी गाविस-४ स्थित भैंसे प्राविका प्रधानाध्यापक रामकृष्ण ढकाल र शिक्षक नवराज ढकाललाई ०६४ भदौ ३ गते माओवादी कार्यकर्ताहरूको एक समूहले हातपात गरी विद्यालय छाड्न धम्की दिए। सो घटनापछि सात दिनसम्म विद्यालय बन्द भयो। स्थानीय माओवादी कार्यकर्ता टेकबहादुर गुरुङ र मेघबहादुर गुरुङलगायतको समूहले प्रधानाध्यापक रामकृष्ण ढकाललाई विद्यालय जाने क्रममा बाटोमा कुटपिट गरेको स्थानीयबासीले बताए। त्यसैगरी, प्रधानाध्यापक ढकालको पक्षमा बोलेको भन्दै सोही विद्यालयका शिक्षक नवराज ढकाललाई समेत माओवादी कार्यकर्ताहरूले गालीगलौज, कुटपिट तथा अभद्र व्यवहार गरे। सो घटनापछि विद्यालय १० दिनसम्म बन्द भयो। माओवादी धादिङका नेता रामबहादुर भण्डारीले 'माओवादीका नाममा अराजक समूहले पार्टीको बदनाम गराउनका लागि घटना गराएकाले छानबिन गरी दोषीमाथि कारबाही गरिने' बताए।

छत्रेदेउराली गाविस-८ का पूर्व गाविस अध्यक्ष ४५ वर्षीय रामराजा पाण्डेलाई ०६४ भदौ २२ गते भ्रष्टाचारको आरोपमा माओवादीले मार्ने धम्की दिए। माओवादी कार्यकर्ता दिनेश बास्कोटासहितको टोलीले पाण्डेलाई भ्रष्टाचार गरेको रकम फिर्ता गर्न दबाब दिँदै सो रकम फिर्ता नगरे कारबाहीको धम्की दिएका हुन्।

एमाले किराञ्चोक गाउँ पार्टी कमिटीका सचिव किराञ्चोक गाविस-१ का युवराज बराललाई ०६४ असोज ४ गते माओवादी कार्यकर्ताले कुटपिट गरे। किराञ्चोक माविको भेला सकेर घर फर्कन लाग्दा उनलाई कुटपिट गरी मोसो लगाएको एमाले जिल्ला सचिव गुरुप्रसाद बुर्लाकोटीले बताए। बराललाई गरिएको कुटपिटको घटनालाई एमालेले भर्त्सना गर्दै पीडकलाई कारबाही गर्न माग गरेको छ। सो घटनापछि विद्यार्थीहरूले बरालमाथि हातपात गर्नेलाई तुरुन्त कारबाही गरिनुपर्ने, विद्यालयमा शिक्षक र विद्यार्थीको सुरक्षाको ग्यारेन्टी गरिनुपर्ने एवम् विद्यालयमा पठनपाठन भइँरहँदा राजनीतिक गतिविधि बन्द गरिनुपर्नेलगायतका माग राखी पाँच दिनसम्म विद्यालय बन्द गराए।

मुरलीभञ्ज्याङ गाविस-६ का २६ वर्षीय राजन बराइली र करौंते प्रशिक्षक २१ वर्षीय रमेश गुरुङलाई ०६४ असोज १५ गते सितेरियो करौंते खेल खेलाएको आरोपमा माओवादी कार्यकर्ताले खेल बन्द गर्न धम्की दिए। माओवादी कार्यकर्ता नवीन धमला र हरिशरण नेपालसहित आठ/नौ जनाको समूहमा आएकाहरूले खेल नखेलाउन चेतावनी दिँदै खेल खेलाएमा कारबाही गर्ने धम्की दिएका थिए। सो घटनापछि तीन दिनसम्म खेल बन्द भयो।

मूलपानी गाविस-२ का ३५ वर्षीय शम्भु थापालाई ०६४ मङ्सिर ७ गते भ्रष्टाचार गरेको आरोपमा माओवादी कार्यकर्ताले कारबाहीको धम्की दिए। एमाले धादिङका सदस्य, मूलपानी गाविसका पूर्वअध्यक्ष थापालाई मूलपानी गाविस र विभिन्न योजनाहरूमा गरिएका विकास निर्माणका काममा लाखौँ रुपियाँ भ्रष्टाचार गरेको आरोप माओवादीले लगाएको छ।

मूलपानी गाविस-६ निवासी पूर्व गाविस अध्यक्ष ६० वर्षीय कृष्णबहादुर अधिकारीलाई भ्रष्टाचार गरेको आरोपमा ०६४ मङ्सिर ७ गते माओवादी कार्यकर्ताले जनकारबाहीको धम्की दिए। एमाले कार्यकर्ता अधिकारीलाई मूलपानी गाविस र विभिन्न विकास निर्माणका काममा लाखौँ रुपियाँ भ्रष्टाचार गरेको आरोप माओवादीले लगाएको छ।

सल्यानटार गाविस-५ निवासी नेपाली काङ्ग्रेस धादिङका उपसभापति एवम् सल्यानटार गाविसका पूर्व अध्यक्ष ५० वर्षीय फणिकान्त छत्कुलीलाई ०६४ मङ्सिर ७ गते भ्रष्टाचार गरेको आरोपमा माओवादी कार्यकर्ताले कारबाहीको धम्की दिए। माओवादीले एउटा लामो पत्र लेख्दै विभिन्न समयमा गरिएको गाविसको विकास निर्माणको काममा लाखौँ रुपियाँ भ्रष्टाचार गरेको आरोप माओवादीले लगाएको छ। माओवादी धम्कीपछि छत्कुलीले घर छाडे।

वाईसीएलबाट

शिक्षक युनियन धादिङका अध्यक्ष ३५ वर्षीय लक्ष्मण शर्मा खतिवडा, शिक्षकहरू ३३ वर्षीय एलबी राना, ३५ वर्षीय प्रकाश नेपाल, विद्यार्थीहरू १६ वर्षीय रमेश थापा र १५ वर्षीय शिव देवकोटालाई ०६४ जेठ ४ गते बन्द विद्यालय खुलाएको आरोपमा ३०/३५ जनाको सङ्ख्यामा आएका वाईसीएल कार्यकर्ताले कुटपिट र दुर्व्यवहार गरे। शैक्षिक गणतान्त्रिक मञ्चले आह्वान गरेको विद्यालय बन्द कार्यक्रमको अवज्ञा गरेको भन्दै वाईसीएल कार्यकर्ताले विद्यालय हाताभित्रै कुटपिट गरेका थिए।

साङ्कोष गाविस-२ निवासी नीलकण्ठ क्याम्पस कक्षा १२ मा अध्ययनरत २० वर्षीय कृष्ण भट्टलाई ०६४ जेठ २७ गते माओवादीनिकट वाईसीएलका नाममा अरूलाई धम्की दिँदै हिँडेको आरोपमा माओवादीनिकट वाईसीएल धादिङका कार्यकर्ताहरूले कुटपिट गरे। पीडितलाई घरबाट अपहरण गरी मुरलीभञ्ज्याङ गाविसस्थित माओवादी कार्यालयमा लगी कुटपिट गरेका थिए।

एमालेका नेता तथा कार्यकर्ताहरूलाई ०६४ असोज ९ गते बेलुका पीडा गाविस-१ जरेस्थित नेपाल विद्युत् प्राधिकरणको सबस्टेसननजिकै पृथ्वीराजमार्गमा माओवादी निकट वाईसीएल कार्यकर्ताले आक्रमण गर्दा २० जना एमाले नेता तथा कार्यकर्ता घाइते भए। आक्रमणबाट जिल्ला खेलकुद विकास समितिका अध्यक्ष एवम् प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ धादिङका उपाध्यक्ष अर्जुन श्रेष्ठ, एमाले जिल्ला सदस्य भूमि त्रिपाठी, ध्रुव विक, उपसचिव मीनराज कँडेल, जिल्ला सदस्य देवप्रसाद त्रिपाठी, माया शर्मा, राजकुमार बराकोटी, केदार खतिवडा, लक्ष्मण शर्मा, प्रमोद रूपाखेती, राजेन्द्र बराललगायतका एमाले जिल्ला नेताहरू घाइते भए। घाइतेहरूको बेनिघाट गाविस-१ स्थित मलेखुको राजमार्ग सामुदायिक अस्पताल र काठमाडौँ मोडेल अस्पताल, मनमोहन मेमोरियल अस्पताल र शिक्षण अस्पतालमा उपचार भयो। हातमा गोलो, चेप्टो डण्डी बोकेर आएका वाईसीएल कार्यकर्ताहरू जरेनजिकैको जङ्गलमा लुकेर बसेका थिए। एमालेका नेताहरू जरे पुगेपछि वाईसीएलका सुरेश मरहट्ठासँग घटनाबारे छलफल गर्न लाग्दालाग्दै एमाले नेताहरूमाथि आक्रमण गरिएको थियो। आक्रमणबाट सख्त घाइते भएका अर्जुन श्रेष्ठ, ध्रुव विक, भूमि त्रिपाठी, मीनराज कँडेललगायतलाई वाईसीएल कार्यकर्ताहरूले 'यिनीहरूलाई मार्नु पर्छ' भन्दै कुटपिट गरेका थिए। सम्भावित घटनाबारे सूचना पाएर गएको जनपद प्रहरीले प्रहरीहरूकै अगाडि भएको आक्रमणलाई रोक्ने प्रयास गरेन। सो घटनालाई लिएर एमालेले असोज १० गते धादिङ बन्द आह्वान गऱ्यो। बन्दका क्रममा अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला सदस्य टेकबहादुर नेपालमाथि धादिङबेसीमा हातपात भएको थियो। सो घटनाको अनेरास्ववियु (क्रान्तिकारी) र माओवादीले विरोध जनाए। बन्दपछि असोज १० गते बेलुका एमाले र माओवादीले धादिङबेसीमा छुट्टाछुट्टै विरोध जुलुस र कोणसभा गरेका थिए।

प्रहरीको गोली लागी घाइते भएका खगेन्द्र कोइराला

अन्यबाट

पत्रकार महासङ्घका जिल्ला सभापति राजेन्द्रप्रताप शाह, सदस्य नवीनबन्धु पहाडी र इन्सेक प्रतिनिधि सीताराम अधिकारीलाई ०६३ फागुन ११ गते जिविसले ठेक्कामार्फत गरेको पीच गुणस्तरहीन भएको सम्बन्धी अनुगमन र रिपोर्टिङ् गरेको आरोपमा जिविस अन्तर्गतको स्थानीय निकाय कर्मचारी सङ्घ धादिङले जिल्ला प्रशासन कार्यालयमा उजुरी गऱ्यो। सङ्घले पत्रकारलाई प्रशासन कार्यालयले कारबाही नगरे आफैँ कारबाही गर्ने धम्की दियो।

वाईसीएलद्वारा कुटपिट गरिएका भूमि त्रिपाठी, देवप्रसाद त्रिपाठी, माया शर्मा र राजेन्द्र बराल

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

केवलपुर गाविस-१ पण्डितपौवामा एमालेले गाउँको कार्यकर्ता भेला तथा जनसभा गर्न लाग्दा ०६३ पुस २८ गते माओवादी गाउँ र इलाकास्तरीय कार्यकर्ताहरूले हस्तक्षेप गरी कार्यक्रम हुन दिएनन्। एमालेले नागरिक बेपत्ता पारेको आरोपमा माओवादी कार्यकर्ताले कार्यक्रम बिथोलेका थिए।

माओवादी कार्यकर्ताले सल्यानटार गाविसमा ०६३ माघ ९ देखि २३ गतेसम्म र खाल्टे गाविसमा माघ १८ देखि २५ गतेसम्म संविधानसभाका लागि सङ्कलन गरिएको मतदाता नामावली सङ्कलन कार्यमा आफ्नो कार्यकर्तालाई सहभागी नगराएको आरोपमा सङ्कलित मतदाता नामावली फारम र अनुसूची फारम कब्जा गरे।

खाल्टे, बैरेनी, सल्यानकोट, कुम्पुर, जोगीमारालगायतका गाविसमा खटिएका मतदाता स्वयम्सेवकहरूलाई ०६४ असोज ४ गते आफ्नो पार्टीले संविधानसभा निर्वाचन भाँड्ने कार्यक्रम रहेकाले सो कार्यक्रम नगर्न चेतावनी दिँदै मतदाता सचेतना अभियानमा अवरोध गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

धादिङ जिल्ला अदालतमा गतवर्ष जिम्मेवारी सरेर आएका ५५ थान फौजदारी मुद्दा रहेका छन्। जिल्ला अदालतमा ०६४ साउनदेखि पुस १६ गतेसम्म १९ थान देवानी र ५० थान फौजदारी मुद्दा परे। यस अवधिमा जिम्मेवारी सरेका मध्येबाट ३३ थान देवानी र नौ थान फौजदारी मुद्दा फर्स्यौट भए। यस वर्षपछि दर्ता भएका मध्येबाट ११ थान फौजदारी मुद्दा मात्र फर्स्यौट भए भने देवानी मुद्दा फर्स्यौट भएको छैन। यसरी १ सय ९२ थान मुद्दा रहेको धादिङ जिल्ला अदालतमा यसवर्ष ५२ थान मुद्दा फर्स्यौट हुँदा १ सय ४० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

धादिङ जिल्ला प्रशासन कार्यालयमा केही सार्वजनिक २२ थान मुद्दा परेको मध्ये यसवर्ष चार थान मुद्दा फर्स्यौट भए। हातहतियार तथा खरखजानासम्बन्धी चार मुद्दामध्ये दुई थान फर्स्यौट भए। भ्रष्टाचारसम्बन्धी १० थान मुद्दा रहेकामा एक थान मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पठाएको छ भने अनुचित कार्यसम्बन्धी १३ थान मुद्दामध्ये एक राष्ट्रिय सतर्कता केन्द्रमा र एक अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको छ।

बालअधिकार

छत्रेदेउराली गाविस-४ स्थित साना किसान सहकारी विद्यालयका कक्षा ४ मा अध्ययनरत १० वर्षीय कुसुम श्रेष्ठसहित आठ जना विद्यार्थीलाई ०६४ असार ७ गते गृहकार्य नगरेको आरोपमा विद्यालयका प्रधानाध्यापक प्रमोद शर्माले कुटपिट गरी घाइते बनाए। त्यसपछि भेला भएका राजनीतिक दल र अविभावकसमक्ष आइन्दा यस्तो गल्ती नदोहोऱ्याउने भन्दै प्रधानाध्यापक शर्माले सोही दिन माफी मागे। घाइते बालबालिकाको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

मैदी गाविसस्थित संस्कृत माविका ५० जना विद्यार्थीलाई ०६४ भदौ २० गते माओवादीनिकट वाईसीएलमा लाग्न धम्की दिए। देशमा फेरि सङ्कटकाल लाग्ने र सबैले घरमा बस्न नपाउने भन्दै विद्यार्थीहरूलाई कक्षाकोठामा गई वाईसीएल कार्यकर्ता ईश्वर बस्नेत, ज्ञानु परियार, खुमबहादुर थापालगायतले धम्की दिएका थिए।

३ सयभन्दा बढी स्कुले बालबालिकालाई ०६४ मङ्सिर ४ गते माओवादीले जबरजस्ती आफ्नो कार्यक्रममा सहभागी गराए। जिल्लास्तरीय जनसभामा माओवादीले उनीहरूलाई जबरजस्ती सहभागी गराएका हुन्। जिल्लाको दक्षिणी र मध्यक्षेत्रबाट बालबालिकालाई

सहभागी गराएका हुन् । कार्यक्रममा सहभागी भएपछि बेलुकासम्म उनीहरूलाई भोकभोकै राखिएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

ढोला गाविस-५ गैरीपुर्सुकी १६ वर्षीया बालिका रेवती परियारलाई ०६३ फागुन २४ गते पति २० वर्षीय गोकर्ण परियार, ससुरा ६० वर्षीय नरबहादुर परियार, सासू ४५ वर्षीया काइता परियारले हत्या गरी नरबहादुरको घरको सिरान चोटामा लगी झुण्ड्याए। पीडितलाई पटक-पटक माइतीबाट दाइजो नल्याएको आरोपमा पीडकहरूले कुटपिट गर्ने गरेका थिए। पीडितकी दिदी सङ्गीता परियारले जिल्ला प्रहरी कार्यालयमा फागुन २६ गते जाहेरी दर्ता गराइन्। प्रहरीले हालसम्म पीडकहरूलाई पक्राउ गरेको छैन।

दुर्व्यवहार

ज्यामरुङ गाविस-७ नयाँगाउँ निवासी ५० वर्षीया मीनकुमारी शाक्यलाई ०६४ जेठ २५ गते बोक्सीको आरोपमा छिमेकी रमा शाक्यले घाँस काटेर घर फर्कन लाग्दा कुटपिट गरिन्। कुटपिटबाट बोल्न र चल्नसमेत नसक्ने भएकी मीनकुमारीको टाउकोमा चोट र शरीरभरि नीलडाम बस्यो। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। पीडकलाई कारबाही भएन।

सबै प्रकारका जातीय विभेद

थाक्रे गाविस-३ का १० वर्षीय गणेश सेञ्चुरीलाई ०६४ जेठ ३१ गते धाराको पानी छोएको आरोपमा सोही गाविस-३ स्थित महादेवबेसीमा होटेल व्यवसाय सञ्चालन गर्दै आएकी २५ वर्षीया गोमा अर्यालले कुटपिट गरिन्। पीडकले घटनामा गल्ती स्वीकार्दै ०६४ असार १ गते सार्वजनिक रूपमा माफी मागिन्।

मुरलीभञ्ज्याङ गाविस-५ निवासी दलित सेवा सङ्घ धादिङका अध्यक्ष २२ वर्षीय ठाकुर परियार, १८ वर्षीय विष्णु परियार, साङ्कोष गाविसका २८ वर्षीय दिनेश परियारलगायतका १० जना दलितहरूलाई ०६४ मङ्सिर ९ गते चिया खाएर भाँडा नमाझेको आरोपमा चैनपुर गाविस-४ का चियापसले बोधमाया उपाध्याय र नानीराम खकुरालले चिया खान दिएनन्।

विगतको अनुगमन

धादिङ जिल्लाको बैरेनी गाविस-८ गल्छीका स्थानीयवासीहरूले सडक निर्माण भएको वर्षौं बितिसक्दा पनि जग्गाको मुआब्जा यसवर्षको अन्त्यसम्म पनि पाउन सकेका छैनन्। पृथ्वीराजमार्गबाट ४ सय मिटरभित्रसम्मको दूरीको गल्छी-देवीघाट सडकले अतिग्रहण गरेको जग्गाको मुआब्जा स्थानीयवासीले नपाएका छैनन्। सडक विभागले ०५७ माघ १५ गते सार्वजनिक सूचना जारी गरी प्रतिरोपनी २ लाख ५० हजारका दरले मुआब्जा दिने बताए पनि स्थानीयवासीले अहिलेसम्म मुआब्जा पाउन सकेका छैनन्। मुआब्जा नपाउनेहरूमा मङ्गलदास महर्जन, राजेन्द्र श्रेष्ठ, रुद्र घिमिरे, चन्द्रलाल महर्जन, लक्ष्मणदास महर्जन र जीतबहादुर श्रेष्ठ रहेका छन्।

सरकारले अपाङ्ग महिला, दलित, आदिवासी, जनजाति र बालबालिकाको सशक्तीकरण र सीप विकास तथा आर्थिक उन्नतिका लागि कार्य गर्ने गरी गाविसमार्फत छुट्याउने १ लाख ५० हजार रुपियाँ ०६४ साउन १ गतेसम्म छुट्याएनन्। नीलकण्ठ, सुनौलाबजार, धूवाँकोट, दार्खा, सत्यदेवी, झार्लाङ र महादेवस्थान गाविसले सोसम्बन्धी बजेटको कार्यान्वयन नगरका हुन्। नीतिबाट नै अनिवार्य छुट्याएर खर्च गर्नुपर्ने सो रकम माग गर्दासमेत अन्यत्रै खर्च भएको भन्ने गाविसहरूले सम्बन्धित पक्षलाई भन्ने गरेका छन्। यस सम्बन्धमा यस वर्षदेखि अनिवार्य रूपमा सरकारको निर्देशन कार्यान्वयन गर्ने आदेश गरिने जिविसले जनाएको छ।

छत्रेदेउराली गाविस-८ च्यालेचौरको जङ्गलनजिक बाटोको छेउमा एक अज्ञात युवकको मानव कङ्काल ०६३ फागुन १३ गते भेटियो। तत्कालीन शाही नेपाली सेनाको टोलीले अन्दाजी २५-३० वर्षका युवकलाई ०६१ भदौ २ गते बिहान हत्या गरेपछि सो स्थानमा खाडल खनी पुरेको थियो। सो घटनास्थलनजिकै रहेका ठूलोकान्छा तामाङलाई सेनाले युवकबारे सोधपुछ गर्दा जानकारी नभएको र नचिनेको जवाफ दिएपछि करिब २ सय मिटरनजिकैको झाडीमा लगेर सेनाले ३ गोली हानी मारेको उनले बताएपछि सो ठाउँमा मानवअधिकारकर्मीसहितको टोलीले फागुन १३ गते उत्खनन गरेको थियो।

गजुरी गाविस-२ गोल्मारानीमा मकवानपुर जिल्ला आग्रा गाविस-२ का २८ वर्षीय किरण कार्कीको मानव कङ्काल ०६३ चैत २ गते राष्ट्रिय मानवअधिकार आयोगले उत्खनन गऱ्यो। कार्कीलाई घरबाट बजारतर्फ जान लाग्दा ०६० चैत ६ गते सेनाको टोलीले सोही गाविस-३ स्थित आग्राखोलाबाट पक्राउ गरी श्री नं. ६ बाहिनी अड्डा बैरेनीमा केही समय राखी ०६१ जेठ ११ गते बिहान गोल्मारानीमा लगी गोली हानी हत्या गरेको थियो।

२.१७ सिन्धुपाल्चोक

जनसङ्ख्या : ३,४१,५६६
साक्षरता प्रतिशत : ४१
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.): २,५४२
गाविस/नपा सङ्ख्या : ७९/०
सरकारी/निजी विद्यालय : ५०७/२४
क्याम्पस/उच्च मा.वि. : ६/२२
अस्पताल/स्वास्थ्य चौकी : १/७८
मोटर सडक (कि. मि.): २५०
प्रहरी कार्यालय सङ्ख्या : २६
मानव विकास सूचकाङ्क : ०.४१४
प्रतिपरिवार सरदर सङ्ख्या : ६

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अन्यबाट

हैबुङ गाविस-५ का ३९ वर्षीय सीताराम दुलाललाई ०६४ वैशाख ४ गते सोही ठाउँका ३३ वर्षीय लक्ष्मण तामाङ र ३५ वर्षीय पासाङ भनिने काले तामाङले सोही गाविस-४ स्थित चउरमा बसिरहेका बेला गोली हानी घाइते बनाए। पीडितलाई उपचारका लागि धुलिखेल अस्पताल लगियो। पीडक दुवै जना फरार छन्।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका २७ पुरुष र एक महिला बन्दी छन् भने कैद नतोकिएका २३ जना पुरुष रहेका छन्। यसरी चौतारा कारागारमा जम्मा ५१ जना बन्दी रहेका छन्। कारागारको क्षमता ३५ जनाको रहे पनि ५१ जना बस्नुपर्दा बन्दीहरूलाई असुविधा भएको छ।

धम्की/कुटपिट

राज्यबाट

यमुनाडाँडा गाविस-१ निवासी नेपाल पत्रकार महासङ्घका केन्द्रीय पार्षद ४२ वर्षीय पवित्रकुमार खड्कालाई ०६४ असार ४ गते इलाका प्रहरी कार्यालय बाह्रबिसेका असई सुरेन्द्र बस्नेतले प्रहरीविरुद्ध समाचार लेखेको आरोप लगाई टेलिफोन गरी मार्ने धम्की दिए। घटनाको विरोधमा नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाले असार ७ गते विज्ञप्ति प्रकाशन गरी पीडकलाई कारबाहीको माग गरेको थियो। पीडकलाई कारबाही भएन।

माओवादीबाट

सिपापोखरे गाविस-४ का भूपेन्द्रबहादुर तामाङलाई ०६३ चैत १४ गते स्थानीय माओवादी कार्यकर्ता सोही गाविस-७ का मङ्गले तामाङ, जेठा तामाङ, कलाङ तामाङ, ठकुरी तामाङको समूहले कुटपिट गरी घाइते बनाए। पीडितले चौतारा अस्पतालमा उपचार गराए भने पीडकहरूलाई कारबाही भएन। पीडित पाँच वर्षदेखि विस्थापित भई केही समयअघि घर फर्केका थिए।

मेलम्ची गाविस-२ का ५५ वर्षीय सिद्धिनारायण श्रेष्ठलाई ०६४ वैशाख २४ गते माओवादीले जिविस परिषद्को बैठकमा ढुङ्गा हानी घाइते बनाए। पीडित उपचारपछि घर फर्किए।

महाँकाल गाविस-८ का कृष्ण लम्साल सोही ठाउँका रामशरण लामिछाने, विनोद लामिछाने र कुमार लामिछानेलाई ०६४ असोज २३ गते माओवादीको तीन नम्बर क्षेत्रीय कार्यालयमा आगजनी गरेको आरोपमा माओवादीले मार्ने धम्की दिए। पीडितहरू राप्रपाका कार्यकर्ता हुन्।

धुस्कुन गाविस-१ का ४५ वर्षीय रामजी कार्कीलाई ०६४ मङ्सिर ८ गते भनेको नमानेको आरोपमा माओवादीले कुटपिट गरे। पीडित बाह्रबिसेमा उपचार गराई घर फर्के।

जलवीरे गाविस-६ का २६ वर्षीय भक्तदास श्रेष्ठलाई ०६४ मङ्सिर २४ गते राप्रपाको सभा हेर्न गएको आरोपमा माओवादीले मार्ने धम्की दिए।

वाईसीएलबाट

थाम्पालधाप गाविस-६ का ५५ वर्षीय गङ्गाराम श्रेष्ठलाई ०६४ जेठ २७ गते वाईसीएलका कार्यकर्ताले कुटपिट गरी धम्की दिए। घटनाको विरोधमा एमाले जिल्ला कमिटीले जेठ २९ गते प्रेस

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३		३							
घाइते	१	१		१							
कुटपिट	५	१२		१२	६	८		८			
धम्की	५	११	१	१२	३	३	१	३	१	१	१
भेला/सङ्गठित हुने अधिकार					१	१		१			
महिलाअधिकार	८		८	८	२		२	२			
बालअधिकार	५	९	९	१८							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१	२	३							
जम्मा	३८	३६	३०	५६	१२	११	३	१४	१	१	१

विज्ञप्ति जारी गऱ्यो। राम्चे गाविसका सचिव विष्णुप्रसाद पौड्याल, सरस्वती मावि राम्चेका शिक्षक रमेश पौड्याल र सोही विद्यालयका शिक्षक कृष्ण भुजेललाई ०६४ जेठ १ गते स्थानीय माओवादी कार्यकर्ता सोही गाविस-२ का ल्याङ्पा भनिने इन्द्रबहादुर तामाङको नेतृत्वमा आएको समूहले कुटपिट गरी घाइते बनाए। घाइतेमध्ये विष्णुप्रसादको काठमाडौं र अन्यको बाह्रबिसे स्वास्थ्य केन्द्रमा उपचार भयो।

शिखरपुर गाविस-४ का ३२ वर्षीय फणिन्द्र दाहाल, सोही गाविस-६ का ३४ वर्षीय सूर्य सापकोटा, सोही गाविस-७ का कान्छा चुहान, इन्द्र चुहान, राजकुमार श्रेष्ठ, शङ्कर श्रेष्ठ, नटकलाल श्रेष्ठ र टङ्कबहादुर श्रेष्ठलाई ०६४ असार ३१ गते सोही गाविसस्थित शीतलादेवी निमाविको प्राङ्गणमा बसेर सडकका बारे छलफल गरिरहँदा वाईसीएलका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। घाइते शङ्कर श्रेष्ठको उपचार काठमाडौंमा भयो भने अन्यको उपचार मेलम्ची अस्पतालमा भयो।

चौतारा गाविस-८ का प्रभातमान श्रेष्ठलाई ०६४ साउन ९ गते आफूले भनेको नमानेको आरोपमा वाईसीएलका कार्यकर्ताले आफ्नै घरअगाडि कुटपिट गरी घाइते बनाए। पीडित प्रायुसङ्घ चौतारा गाउँ कमिटी अध्यक्ष हुन्।

महाँकाल गाविस-८ का ४५ वर्षीय मानबहादुर तामाङलाई ०६४ असोज १५ गते भनेको नमानेको आरोपमा वाईसीएलका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। पीडित मेलम्ची अस्पतालमा उपचार गराई घर फर्के।

बाडेगाउँ गाविस-३ का १९ वर्षीय रवि थापालाई ०६४ असोज २२ गते सिपातीनघरे संस्कृत उच्च मावि प्राङ्गणमा खेलकुद कार्यक्रम गर्दा वाईसीएलका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। पीडित सिपाघाट बजारस्थित मेडिकलमा उपचार गराई घर फर्के। पीडित नेविसङ्घ कार्यकर्ता हुन्।

भोटेचौर गाविसका रामहरि चौलागाईंलाई ०६४ मङ्सिर ७ गते राजावादी भएको आरोपमा वाईसीएलका कार्यकर्ताले जनकारबाही गर्ने धम्की दिए। पीडित राजाको प्रत्यक्ष शासनकालमा राजावादी पत्रकारका रूपमा जिल्लाभरि चर्चामा आएका थिए।

अन्यबाट

हैबुङ गाविस-२ का ३२ वर्षीया अनु तामाङ, सोही ठाँउका अम्बर तामाङ, मङ्गले तामाङ, कमान तामाङ र भोला तामाङलाई ०६३ पुस २५ गते सोही गाविस-३ का ४६ वर्षीय वीरे भन्ने वीरबहादुर तामाङसहित चार जनाको समूहले चेलीबेटी बेचविखनको आरोपमा मुद्दा लगाई जेल राखेको भन्दै खुकुरीसहित घर घेरा हाली मार्ने धम्की दिए। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि कारबाही भएन।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

थाम्पालधाप गाविस घर भएका राप्रपाका तीन नम्बर क्षेत्रीय अध्यक्ष उदय सापकोटालाई ०६४ वैशाख २४ गते माओवादीले जिविस परिषद् बैठकमा भाषण

वाईसीएलद्वारा क्षतिग्रस्त गरिएका प्रभातमान श्रेष्ठ

गरिरहेका बेला प्रतिगामी भएको आरोपमा आक्रमण गरे। घटनाको विरोधमा सोही दिन राप्रपाद्वारा विज्ञप्ति प्रकाशन गरी अभिव्यक्ति स्वतन्त्रताको हक खोसेको आरोप लगाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा जम्मा १ सय २९ थान मुद्दा विचाराधीन छन्, जसमध्ये दुनियाँवादी फौजदारी ३१ थान, सरकारवादी फौजदारी ३५ थान र देवानी ६३ थान रहेका छन्। यस वर्ष दुनियाँवादी फौजदारी १८ थान, सरकारवादी फौजदारी १९ थान र देवानी १४ थान गरी ५१ थान मुद्दा दर्ता भए भने १० थान नयाँ र ३० थान गतवर्षको जिम्मेवारी सरेर आएका गरी जम्मा ४० थान मुद्दा फर्स्यौट भए।

बालअधिकार

कैलाली जिल्लाको धनगढी घर भई सिन्धुपाल्चोक जिल्लाको चौतारा गाविस-४ बस्दै आएकी ११ वर्षीया एक बालिकालाई ०६३ माघ १५ गते दिउँसो चौतारा गाविस-४ का २२ वर्षीय गौरबबहादुर श्रेष्ठले दाउरा लिन लाम्पाते जङ्गलमा गएका बेला यौन-दुर्व्यवहार गरेको भनी पीडितका बाबु धनीराम चौधरीले कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकमा उजुरी दिए। प्रहरीले पीडकलाई पक्राउ गरी थुनामा राखे।

माङ्खा गाविस-७ की सात वर्षीया एक बालिकालाई ०६४ जेठ २७ गते सोही ठाउँका २२ वर्षीय गङ्गाप्रसाद पराजुलीले घरभन्दा केही तल बारीमा लगी बलात्कार गरे। पीडितको स्वास्थ्य परीक्षण गरी घर पुऱ्याइयो भने पीडक थुनामा छन्।

मेलम्ची गाविस-२ की ७ वर्षीया एक बालिकालाई ०६४ असोज २ गते सोही ठाउँका ५० वर्षीय जेठा कान्छा श्रेष्ठले पीडितकै घरमा बलात्कार गरे। पीडितलाई उपचारका लागि चौतारा अस्पताल लगियो भने पीडक थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार/दुर्व्यवहार

पाङ्ग्रेटार गाविस-२ कापिङकी ५० वर्षीया चनमती मिजारलाई ०६३ चैत २ गते सोही ठाउँका ३५ वर्षीय अमृत मिजार र ३८ वर्षीय टुके मिजारले बोक्सीको आरोपमा गाली-बेइज्जती गरी मार्ने धम्की दिए। पीडितले कारबाहीका लागि गाविसको कार्यालयमा उजुरी दिइन्। पीडकहरूलाई कारबाही भएन।

फुल्पिङकट्टी गाविस-८ की १८ वर्षीया एक महिला र मानेश्वारा गाविस-४ की २० वर्षीया एक महिलालाई ०६४ पुस १ गते फुल्पिङकट्टी गाविस-८ का दावा तामाङले बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा कञ्चनपुर जिल्ला महेन्द्रनगरको प्रहरीले गिरफ्तार गरेकामा पीडितले जाहेरी नदिएको भन्दै पीडकलाई कारबाही भएन भने पीडितहरूलाई अभिभावकले बुझेर लगे।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

बाडेगाउँ गाविस-८ की २४ वर्षीया एक महिलालाई ०६४ असार २५ गते आफ्नै जेठाजु २६ वर्षीय लक्ष्मण सार्कीले डर देखाई बलात्कार गरे। पीडितले मङ्सिर २ गते प्रहरी चौकी नवलपुरमा उजुरी दर्ता गरिन् तर पीडकलाई कारबाही भएन।

भोटेचौर गाविस-१ पातलगुफास्थित वाटर टप रिसोर्ट कम्पनीकी मजदुर ५२ वर्षीया एक महिलालाई ०६४ मङ्सिर १० गते राति काठमाडौँ जिल्ला लप्सीफेदी गाविस-३ झुला घर भएका ३० वर्षीय रामबहादुर तामाङसहित मुखमा नकाप लगाई आएका तीन जनाले सामूहिक बलात्कार गरे। पीडकहरूमध्ये रामबहादुर तामाङलाई प्रहरीले घटनास्थलबाटै गिरफ्तार गऱ्यो। पीडक थुनामा छन्।

पारिवारिक हिंसा

बतासे गाविस-३ का श्याम विश्वकर्माले घरमा एक छोरी र पत्नी हुँदाहुँदै ०६३ फागुन १० गते दोस्रो विवाह गरे। पीडित रमिला विकले कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय चौतारामा उजुरी दिइन्। पीडकलाई कारबाही भएन।

चौतारा गाविस-१ का २४ वर्षीय लक्ष्मण तामाङले घरमा एक छोरासहित पत्नी सविता तामाङ हुँदाहुँदै ०६४ जेठ १२ गते १५ वर्षीया विना तामाङसँग दोस्रो विवाह गरे। पीडितले कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा उजुरी दिन डराइन्। हाल पीडक फरार छन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

मेलम्ची बजारस्थित माओवादी र वाईसीएलको

तीन नम्बर क्षेत्रीय कार्यालय ०६४ असोज १५ गते राप्रपाका कार्यकर्ताले तोडफोड र आगजनी गरी ध्वस्त बनाए। सागाचोक गाविसस्थित सागाचोक भञ्ज्याङ प्रहरी चौकीमा ०६४ वैशाख २१ गते माओवादीले आक्रमण गरी चौकीको साइनबोर्ड फालिदिए।

जलवीरे गाविसस्थित आनन्द उच्च मावि जलवीरेमा ०६४ चैत १६ गते राति अज्ञात समूहले तोडफोड गरी विद्यालय क्षतिग्रस्त बनायो।

२.१८ नुवाकोट

जनसङ्ख्या : ३,२२,८२५
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४३
क्षेत्रफल (वर्ग कि. मि.) : १,१२१
गाविस/नपा सङ्ख्या : ६१/१
सरकारी/निजी विद्यालय : ५०१/५३
क्याम्पस/उच्च मा.वि. : ४/२४
अस्पताल/स्वास्थ्य चौकी : १/६६
मोटर सडक (कि. मि.) : २४०
प्रहरी कार्यालय सङ्ख्या : २०
मानव विकास सूचकाङ्क : ०.४६३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

विदुर नपा-३ बट्टारस्थित बाराही जङ्गलमा बेवारिसे अवस्थामा फेला परेको विस्फोटक पदार्थ खेलाउँदा ०६४ साउन ९ गते सूर्यमति गाविस-७ घर भई विदुर नपा-३ बट्टार निवासी १२ वर्षीय सुमन राईको घटनास्थलमै मृत्यु भयो भने राईकी आमा ३२ वर्षीया जानुका राईको वीरेन्द्र सैनिक अस्पतालमा उपचारका क्रममा ०६४ साउन १० गते मृत्यु भयो। सो घटना नेपाली सेनाको सैन्य तालिम केन्द्रको क्षेत्रभित्र भएको थियो। सोही घटनामा परी विदुर नपा-६ की ६० वर्षीया मीठु लामिछाने घाइते भइन्। पीडितहरूमध्ये मृतकका परिवारलाई प्रतिव्यक्ति १ लाख ५० हजार र घाइतेलाई १ लाख रुपियाँ नेपाल सरकारले राहतस्वरूप उपलब्ध गरायो।

जेल र बन्दीहरू

'घ' श्रेणीमा रहेको यस जिल्लाको कारागारमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका पाँच जना र कैद नतोकिएका ४० जना गरी जम्मा ४५ जना बन्दी रहे। पाँच जना पुरुष कैद तोकिएका छन् भने २८ जना पुरुष र १२ जना महिला कैद नतोकिएका बन्दी रहेका छन्। जेलमा दुई वर्षीय बालक सोमराज तामाङ आमा सीतादेवी तामाङसँगै कारागारमा बस्दै आएका छन्। महिला बन्दी कक्ष छुट्टै नभएकाले महिला बन्दीहरूलाई हालसम्म जिल्ला प्रहरी कार्यालयमा राखिएको छ। जिल्ला सहकारी सङ्घको भवनमा बस्दै आएको जेल प्रशासन र बन्दीहरूलाई ०६४ जेठ २१ गते विदुर नपा-१ स्थित आफ्नै नवनिर्मित भवनमा सारिएको छ। पीडित सेवा सङ्घको सहयोगमा ०६४ मङ्सिर २४ गते जेलभित्र पुस्तकालय स्थापना भएको छ।

धम्की/कुटपिट

माओवादीबाट

साल्मे गाविस-४ निवासी ३४ वर्षीय छेदेन लामाले काङ्ग्रेसका नेताहरूलाई भात खुवाएको आरोपमा ०६३ चैत २ गते उनलाई माओवादीका इलाका सदस्य सोही गाविस-४ निवासी ४४ वर्षीय बमबहादुरले हत्या गर्ने धम्की दिए।

जिलिङ गाविस-७ का एमाले गाउँ कमिटी सचिव ३० वर्षीय माधव गजुरेललाई ०६४ असार २१ गते जिल्ला विकास समितिको कार्यालयमा गाविसको बजेट विनियोजनका सम्बन्धमा गाविस सचिवसँग छलफल हुँदा माओवादीका कार्यकर्ता नवराज ढुङ्गाना र दीपक ढुङ्गानाले हत्या गर्ने धम्की दिए।

वाईसीएलबाट

विदुर नपा-४ का राजपाका जिल्ला सदस्य झनक प्याकुरेलको घरमा ०६४ असोज १६ गते भित्तेलेखन गरी वाईसीएलका कार्यकर्ताले एक हप्ताभित्र

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	११	५	६	१२						
घाइते	१		१	१						
गिरफ्तारी/यातना								१	१	१
कुटपिट	१	१		१						
धम्की	१	१		१	२	२	२			
भेला/सङ्गठित हुने अधिकार								१	२	२
महिलाअधिकार	२		२	२						
बालअधिकार	३	२	१	३						
जम्मा	१९	९	११	२०	२	२	२	२	३	३

घर खाली गर्न र घरभाडामा बस्नेलाई एक हप्ताभित्र घर खाली गर्न धम्की दिए। भाडामा बस्नेहरूले घर खाली गरे भने पीडित घरमै बस्दै आएका छन्।

रसुवा जिल्ला थुमन गाविसका ४५ वर्षीय लाक्पा गोल्जेन तामाङ, भक्तपुर जिल्ला चित्तपोल गाविसका ४० वर्षीय प्रमोद देउजा, सिन्धुपाल्चोक जिल्लाका ३८ वर्षीय डम्बर गुवाजुलाई तस्कर भएको भन्दै ०६४ मङ्सिर ३ गते वाईसीएल रसुवाका जिल्ला नेता ध्रुव केसीसहितका कार्यकर्ताले रसुवा जिल्लाको धुञ्चेबाट आउँदै गर्दा गेर्खु गाविस-३ मा कुटपिट गरे। पीडितहरू चढेको कार उनीहरूले त्रिशूली नदीमा फ्याँकिदिए।

गैरकानुनी गिरफ्तारी

सामरी गाविस-६ निवासी ४५ वर्षीय रैता तामाडले गाई काटेको आरोपमा ०६४ वैशाख १७ गते उनलाई इलाका प्रहरी कार्यालय, सामरीले गिरफ्तार गरी हिरासतमा राखेकामा ०६४ जेठ ११ गते प्रहरीले बोलाएको बेला हाजिर हुने गरी रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

विदुर नपा-९ का विनयप्रसाद लामिछाने, सोही नपा-३ का निर्मल श्रेष्ठ, सोही नपा-१० का मोहनबहादुर श्रेष्ठ ०६३ फागुन ८ गते जिल्ला प्रशासन कार्यालय विदुरमा नुवाकोट उद्योग वाणिज्य सङ्घको कार्यालयमा तालाबन्दी गर्ने क्रममा प्रहरीले लाठीचार्ज गर्दा सामान्य घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा २४ थानमध्ये नौ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका २१ थान मुद्दामध्ये सात थान फर्स्यौट भए।

यसैगरी, गतवर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा २७ थानमध्ये दुई थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १४ थान मुद्दामा एक थान मुद्दा पनि फर्स्यौट भएन। त्यसैगरी, गत वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा ५६ थान रहेकामा १६ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ४१ थान मुद्दामध्ये पाँच थान फर्स्यौट भए।

यस जिल्लामा यस वर्षको अन्त्यसम्ममा जम्मा १ सय ४४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

गोर्स्याङ गाविस-७ निवासी १४ वर्षीय बलराम रिमाललाई चोरी गरेको देखेको आरोपमा ०६४ वैशाख ७ गते सोही गाविस-४ निवासी १८ वर्षीय चन्द्रबहादुर तामाङ, १८ वर्षीय रामचन्द्र तामाङ र १८ वर्षीय सूर्य तामाडले घाँटीमा खुकुरी प्रहार गरी हत्या गरे। पीडक हाल पुर्पक्षका लागि कारागारमा रहेका छन्।

रातमाटे गाविस-९ का १४ वर्षीय अशोक राईलाई आफ्नै सौतेनी आमा कमला राईले ०६४ असार २५ गते आफ्नै घरमा कुटेर हत्या गरिन्। पीडक हाल पुर्पक्षका लागि कारागारमा छन्।

छाप गाविस-८ निवासी ३० वर्षीय माइली

तामाङले आफ्नै नवजात शिशुलाई ०६४ साउन २ गते हत्या गरिन्। पीडक जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागारमा छन्।

सुनखानी गाविस-१ का २५ वर्षीय शर्मिला भनिने छलीमाया तामाङले आफ्नै नवजात शिशु ०६४ भदौ ८ गते हत्या गरिन्। पीडक हाल पुर्पक्षका लागि कारागारमा छन्।

तुप्चे गाविस-२ की सातमहिने नाबालिका नानीमैया नेपाललाई आफ्नै हजुरबुबा भोजराज नेपालले ०६४ मङ्सिर १९ गते दूधमा विष मिलाई खुवाएर घरमै हत्या गरे। पीडक हाल पुर्पक्षका लागि कारागारमा छन्।

बेवारिसे बम विस्फोटमा घाइते भएकी मिठू लामिछाने

गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

विदुर नपा-१ निवासी २३ वर्षीया दुर्गा थपलियालाई ०६४ साउन ३२ गते पति २९ वर्षीया बलराम भन्ने हरिप्रसाद थपलिया र सासू ७० वर्षीया रत्नमाया थपलियाले कुटपिट गरी हत्या गरे। मृतकका बुबाले लोग्ने हरिप्रसाद थपलिया र सासू रत्नमाया थपलियामाथि ज्यान मार्न उद्योग गरेको भनी दिएको किटानी जाहेरीका आधारमा जिल्ला अदालत नुवाकोटले ०६४ भदौ २६ गते पीडक हरि थपलिया र रत्नमाया थपलियालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

सामरी गाविस-८ का ५८ वर्षीया लिङजङ तामाङलाई ०६४ असोज ४ गते पति चतुरमान तामाङले रिसको झोकमा घाँटी थिची हत्या गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी जिल्ला अदालत नुवाकोटमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाएको छ। जिल्ला अदालत नुवाकोटको आदेशमा पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

राउतबेसी गाविस-९ निवासी २१ वर्षीया तोक्पा तामाङलाई ०६४ जेठ २९ गते ललाइफकाई भारतमा लगी राउतबेशी गाविस-६ का गोपीलाल तामाङले बिक्री गरे। पीडक फरार रहेको प्रहरीले जनायो।

पारिवारिक हिंसा

विदुर नपा-५ पीपलटारकी २० वर्षीय सीता पुडासैनीलाई ०६४ वैशाख १५ गते बेलुका पति १८ वर्षीय श्रीराम पुडासैनी, ४० वर्षीय सासू पूर्णकुमारी पुडासैनी र ४० वर्षीय ससुरा देवराज पुडासैनीले घाँटी थिची हत्या गरी घरपछाडिको वनमा झुण्ड्याई राखेको आरोप लगाए। पीडकलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलायो।

गेर्खु गाविस-३ गेर्खुटारकी २२ वर्षीया सुनिता खतिवडा ०६४ साउन २३ गते घरमा झुण्डिएर मरेको अवस्थामा फेला परिन्। सुनिता आफैं नझुण्डिएर सासू धनकुमारी खतिवडा र ससुरा रामप्रसाद खतिवडाले मारेर झुण्ड्याएको आरोप लगाई मृतकका दाइ पर्शुराम आर्चायले किटानीका साथ उजुरी दिएपछि सासू धनकुमारी र ससुरा रामप्रसादलाई बुहारी मारेको आरोपमा नुवाकोट जिल्ला अदालतले ०६४ भदौ १९

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

फिकुरी गाविस-४ सातदोबाटोस्थित प्रहरी कार्यालय ०६४ साउन २४ गते माओवादीका जिल्ला नेता सन्देश भनिने राजकुमार रेग्मीको नेतृत्वमा आएको करिब ३० जना कार्यकर्ताको समूहले नियन्त्रणमा लियो। उनीहरूले प्रहरी कार्यालयबाट दुई थान थ्री नट थ्री राइफल, एक थान चाइनिज पेस्तोल, १ सय राउण्ड राइफलको गोली, १४ राउण्ड चाइनिज पेस्तोलको गोली र दुइओटा हत्कडी लुटे। लुटिएको हतियारहरू ०६४ साउन २७ गते माओवादी सासंद हितबहादुर तामाङको उपस्थितिमा वाईसीएलका केन्द्रीय सदस्य विज्ञानले जिल्ला प्रहरी कार्यालयका डीएसपी धीरजप्रताप सिंहलाई बुझाए। प्रहरीले राजकुमार रेग्मीलाई डाँका मुद्दा चलाए पनि उनी माओवादी नियन्त्रणमा रहेका छन्।

२.१९ रसुवा

जनसङ्ख्या : ५१,२७६
साक्षरता प्रतिशत : ४७
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): १५४४
गाविस/नपा सङ्ख्या : १८/०
सरकारी/निजी विद्यालय : १०८/३
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : १/१८
मोटर सडक (कि. मि.): ९७
प्रहरी कार्यालय सङ्ख्या : ८
मानव विकास सूचकाङ्क : ०.३९४
प्रतिपरिवार सरदर सङ्ख्या : ५.५६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

धैबुङ गाविस-३ की ३४ वर्षीया सेतीमाया तामाङको ०६४ असार १ गते साँझ उनका पति ३६ वर्षीय लाले भनिने कृष्णबहादुर लोप्चनले पिर्का तथा खुर्पा प्रहार गरी हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरी कारागारमा थुनामा राखेको छ। कुटपिटमा संलग्न भएको आरोपमा मृतकको ६५ वर्षीया सासू सन्तमाया र ९२ वर्षीय ससुरा वीरबहादुर तामाङलाई पनि प्रहरीले असार २ गते पक्राउ गऱ्यो। चार छोरीकी आमा सेतीमायालाई छोरा नजन्माएको र आफूसँग भएको रकम नदिएको आरोपमा हत्या गरेको बताए। पीडकको सासू र ससुरालाई जिल्ला अदालतले जनही १०/१० हजार रुपियाँ धरौटीमा रिहा गरेको छ।

जेल र बन्दीहरू

'ङ' श्रेणीमा पर्ने २५ जना बन्दी क्षमता रहेको रसुवा जिल्ला कारागार शाखामा १५ जना बन्दी रहेका छन्। कैद तोकिएका १० र नतोकिएका पाँच जना पुरुष बन्दी रहेका छन्। यस वर्षको अन्त्यसम्म महिला बन्दी छैनन्। जिल्ला कारागारमा खानेपानी, औषधि उपचारको उचित व्यवस्था छैन। कारागारमा यसवर्ष पुस्तकालयको स्थापना भएको छ भने बन्दी आफैंले टेलिभिजन र भीसीडीको व्यवस्था गरेका छन्। बन्दीहरूलाई दैनिक ७ सय ग्राम खाद्यान्न र ३० रुपियाँ दिने व्यवस्था रहेको छ। बन्दीहरूसँग आफन्तलाई भेट्नका लागि शनिबार र बिहानको समय पनि उपलब्ध गराइनुपर्ने माग उनीहरूको रहेको छ। बाबु जेलमा रहेका र आमाले पनि छाडेपछि रसुवाको गत्लाङ गाविस-५ का दुई बालक कुनै दाताको सहयोगमा पढ्न पाउने आशामा बाबुसँगै कारागारमा बसेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

धैबुङ गाविस-७ घुम्ती निवासी कालिका हिमालय उच्च माविका लेखापाल शङ्करप्रसाद लामिछानेलाई ०६४ असोज २२ गते माओवादीले त्रिशूली जान लागेका बेला बस रोकेर लहरेपौवा-१ पालेको वनबाट अपहरण गरे। अपहरित लामिछानेलाई उनीहरूले ५० हजार क्षतिपूर्ति लिएर छाड्ने सहमति भएपछि २० हजार रुपियाँ तत्काल लिएर असोज २५ गतेभित्रमा ३० हजार रुपियाँ तिर्ने सहमतिमा सोही दिन साँझ मुक्त गरे।

धैबुङ गाविस-७ धुम्ती बजारका व्यापारी बासु प्याकुरेललाई ०६४ असोज २३ गते माओवादी कार्यकर्ताले लहरेपौवा गाविस-१ पालेको वनबाट अपहरण गरे। कालिकास्थानबाट त्रिशूली बजारतर्फ जाँदै गर्दा दुई जना माओवादी कार्यकर्ताले ट्रक रोकेर उनलाई केही कुरा गर्न भनी अज्ञातस्थलतर्फ लगेका थिए। ०६४ कात्तिक १४ गतेदेखि माओवादी दबाबका कारण जिल्लाबाट पीडित विस्थापित भएका छन्। उनलाई माओवादीले जासुसी गरेको समेत आरोप लगाएका थिए।

वाईसीएलबाट

धैबुङ गाविस-३ निवासी शाहीकालका निवर्तमान जिविस सभापति ४३ वर्षीय खेसमबहादुर मगरलाई ०६४ फागुन २३ गते वाईसीएलका कार्यकर्ताले सोही गाविस-३ को धारापानीबाट अपहरण

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट					माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१		१		१						
घाइते	१	१			१						
गिरफ्तारी/यातना									१	१	१
कुटपिट	८	७	१		८						
धम्की	३	१५	१	१	१७	३	३	३	१	१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	३			३	५	५	५			
अपहरण	३	३			३	३	३	३			
जम्मा	१७	३८	३	१	३३	९	९	९	३	३	३

गरे। सभापति पदमा रहँदा कमिसन खाएको र आफ्ना कार्यकर्तामाथि दमन गरेको जस्ता आरोपमा उनलाई अपहरण गरेका थिए। इन्सेकलगायतका मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा उनलाई भोलिपल्ट कालिकास्थानबाट माओवादी कार्यकर्ता मेघनाथ घिमिरेले मुक्त गरे।

जिविस रसुवाका लेखापाल ३७ वर्षीय गणेशप्रसाद रेग्मीलाई धैबुङ गाविस-४ कटुन्जेबाट ०६४ असार २७ गते वाईसीएलका कार्यकर्ताले अपहरण गरे। कार्यालयको कामका सिलसिलामा काठमाडौँतर्फ जान लाग्दा बस रोकेर केही कुरा गर्ने भन्दै रेग्मीलाई ओरालेका थिए। विगतमा भएको जिविसको अनियमितताबारे सोधपुछ गर्ने नाममा अपहरण गरिएका उनलाई साढे तीन घण्टापछि मुक्त गरेका थिए।

धैबुङ गाविस-८ जिबजिबे निवासी प्राथमिक स्वास्थ्य केन्द्रका अहेव अणप्रसाद पौडेललाई ०६४ साउन ३० गते वाईसीएलका कार्यकर्ताले अपहरण गरे। उनलाई ०६४ साउन ३१ गते साँझ मानवअधिकारकर्मीको रोहबरमा प्रहरी चौकी कालिकास्थानमा बुझाए। स्थानीय पाँच जना युवकलाई रोजगार लगाइदिने भनी आर्थिक अनियमितताको आरोपमा पौडेललाई ३२ गते जिल्ला प्रहरी कार्यालयमा पठाइएकामा जिल्ला अदालतले तारेखमा छाडेको छ।

धम्की/कुटपिट

माओवादीबाट

कान्तिपुर जिल्ला संवाददाता २७ वर्षीय कृष्ण थापालाई ०६३ माघ १ गते धैबुङ गाविस-२ धारापानीमा माओवादीद्वारा स्थापित चेक पोस्टमा विदेशी पर्यटकसँग चन्दा उठाइरहेको तस्बिर खिच्नलाग्दा माओवादी कार्यकर्ताले दुर्व्यवहार गरे। बिनासोधपुछ तस्बिर खिचेकाले 'तँ भिजिलान्ते होस्' भन्दै तस्बिर नखिच्न उनीहरूले धम्की दिएको पीडितले बताए।

वाईसीएलबाट

रसुवाका व्यवस्थापिका-संसद्का सदस्य डीबी लामा, शाहीकालका सभापति खेसमबहादुर मगर, पूर्वजिविस सभापति मिलन तामाङ, पूर्वजिविस सदस्य दावाफिन्जो तामाङ, एमालेका जिल्ला सदस्य कर्णेल लामा, रेडक्रस सभापति बाबुलाल तामाङ, रेडक्रसका लामारेञ्जन घले, काङ्ग्रेस कार्यकर्ता रेवकुमार पौडेल तथा ठाकुर न्यौपाने, श्याम गुरुङ, शशि अधिकारी, शान्ता अधिकारी, राजपाका जिल्ला अध्यक्ष वाङ्गेल थोक्रा, नुर्बु साङ्बो घले, यार्सा गाविसका पूर्व उपाध्यक्ष राजाराम थोक्रा, घ्युर्मी तामाङ, बमबहादुर तामाङ, डीएसपी दिनेश आचार्यसहित १८ जनालाई ०६३ माघ ८ गते वाईसीएलले एक विज्ञप्ति प्रकाशन गरी कालोसूचीमा रहेको भन्दै कारबाही गर्ने धम्की दियो। पीडितहरूलाई भ्रष्टाचार, प्रतिगमन, आफ्ना कार्यकर्ताको हत्या र चेलीबेटी बेचबिखनजस्ता घटनामा संलग्न भएको आरोप वाईसीएलले लगाएको छ।

गोल्जुङ गाविस-६ निवासी राप्रपाका जिल्ला अध्यक्ष एवम् पूर्व जिविस सभापति मिलन तामाङलाई ०६४ असार ६ गते वाईसीएलका कार्यकर्ताले रक्तचन्दन तस्करीमा लागेको आरोपमा कुटपिट गरी नियन्त्रणमा लिएर पाँच घण्टापछि प्रहरीलाई बुझाए। घरनजिकैको जग्गामा गाडेर राखिएको अवस्थामा रक्तचन्दन

भेटिएपछि माओवादीले उनलाई अपहरण गरी प्रहरीमा बुझाएका थिए। उनी जिल्ला अदालत रसुवाबाट ०६४ असोज ७ गते धरौटीमा रिहा भए।

डाँडागाउँ गाविस-२ मा रहेको प्रहरी चौकीका प्रहरीहरूलाई ०६४ वैशाख २४ गते वाईसीएलका कार्यकर्ताले तत्काल चौकी छाड्न उर्दी गरे। उनीहरूले भनेको नमानेपछि त्यहाँ रहेका १५ जना प्रहरीलाई जबरजस्ती निकाली चौकीमा तालाबन्द गरे। प्रहरीहरू बाध्य भई बेत्रावती चौकीमा आश्रय लिन पुगे। सुरक्षा निकाय र राजनीतिक दलको सहमतिपछि वैशाख २६ गते प्रहरीहरू चौकीमा फर्किए।

वाईसीएलद्वारा कुटपिट गरिएका दलबहादुर गुरुङ

धैबुङ गाविस-३ धारापानीका ४६ वर्षीय शिवबहादुर लामिछानेलाई ०६४ साउन २७ गते वाईसीएल कार्यकर्ताहरूले धैबुङ गाविस-३ का दिवाकर लामिछानेको घरबाट ६५ हजार रुपियाँ चोरी गरेको आरोपमा नियन्त्रणमा लिई कुटपिट गरे। अनुसन्धानका नाममा माओवादी कार्यकर्ताले उनलाई रकम चोरेको स्वीकार गर्न लगाई रुपियाँ तिर्न दबाब दिए पनि उनले चोरी गरेको कुरा स्वीकारेनन्।

धैबुङ गाविस-९ ज्याङ्लङ निवासी काङ्ग्रेसका कार्यकर्ता चङ्खे भनिने कृष्णबहादुर थिङलाई ०६४ भदौ १५ गते अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष दावा तामाङले धैबुङ गाविस-७ कालिकास्थानको घुम्तीबजारमा कुटपिट गरे। मदिरा सेवन गरी आफूमाथि गालीगलौज गरेको आरोपमा दावाले थिङलाई पिटेका थिए। सोही दिन थिङलाई पिटेको आरोपमा आक्रोशित स्थानीयबासीले वाईसीएलको कार्यालय तोडफोड गरी फर्निचरहरू सडकमा फ्याँकिदिए। कार्यालयबाट ६० हजार रुपियाँ नगद र तीन थान मोबाइल सेट हराएको वाईसीएलले दाबी गरेको छ।

धैबुङ गाविस-७ निवासी नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका सह-सचिव यज्ञप्रसाद न्यौपानेलाई ०६४ भदौ १५ गते साँझ वाईसीएल कार्यकर्ताले धैबुङ गाविस-७ कालिकास्थानको घुम्तीबजारमा कुटपिट गरी घाइते बनाए। उनलाई वाईसीएलको कार्यालय तोडफोड गर्न स्थानीय मानिसलाई उक्साएको आरोपमा कुटपिट गरेका थिए।

धैबुङ गाविस-७ निवासी धैबुङकाली युवा समूहका अध्यक्ष सागर भनिने दलबहादुर गुरुङलाई ०६४ भदौ १६ गते बिहान त्रिशूलीतर्फ जान लागेका बेला वाईसीएल कार्यकर्ताले धैबुङ गाविस-५ कालिकास्थानमा मोटरसाइकल रोकेर कुटपिट गरे। कुटाइबाट उनको मुख र नाकबाट रक्तस्राव भएको थियो भने टाउको र शरीरमा चोट लागेको थियो। उनको बा.२२प. ६२५० को मोटरसाइकलमा पनि आगजनी गरी क्षति पुऱ्याएका थिए। सो घटनापछि आक्रोशित स्थानीयवासी र विद्यार्थीले नजिकै रहेको एड्रा भवनको माओवादीनिकट सांस्कृतिक महासङ्घको कार्यालयका सामग्री तोडफोड गरी आगजनी गरे। सो झडपमा एक जना बेपत्ता भएको र आफ्ना पाँच कार्यकर्ता घाइते भएको माओवादीले बतायो।

रसुवा भन्सार कार्यालयका मुखिया ४६ वर्षीय कृष्णबहादुर हमाललाई स्याफ्रु गाविस-५ ठूलोभार्खुमा ०६४ असोज २ गते वाईसीएलका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। वाईसीएलका कार्यकर्ताले अपहरण गरी आफूसँग भएको नगद १ लाख ३५ हजार रुपियाँ लुटेर लगेको पीडितले बताए। भन्सारबाट दसैँका लागि आयातीत भेँडाच्याङ्ग्राको राजस्वको रकम लुटिएको समेत उनले बताए। माओवादीले घटनामा आफ्ना कार्यकर्ताको संलग्नता नरहेको बताएको छ।

भोर्ले गाविस-३ निवासी पूर्वगाविस अध्यक्ष ४६ वर्षीय मेन लामालाई ०६४ कात्तिक १६ गते राति वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए। आठ जनाको सङ्ख्यामा घरमै आएका वाईसीएल कार्यकर्ताले काङ्ग्रेसनिकट आदिवासी जनजाति महासङ्घको जिल्ला अध्यक्ष पदबाट राजीनामा गर्नुपर्ने र १ लाख रुपियाँ नगद दिनुपर्ने माग राखे। उनीहरूले भनेको नमानेमा मार्ने धम्की दिए। कार्यकर्ताले उनकी पत्नीलाई समेत कुटपिट गरेका थिए। घाइतेको उपचार त्रिवि शिक्षण अस्पतालमा गरिएको थियो।

अन्यबाट

भोर्ले गाविस-६ निवासी जनमोर्चा नेपालका सहसचिव तथा धारापानी-रुप्सेपानी कृषि सडक निर्माण समितिका उपाध्यक्ष तीर्थराज पौडेललाई बैठक बस्न जाँदै गर्दा भोर्ले गाविस-५ निवासी विष्णुबहादुर तामाङलगायतले ०६३ माघ २६ गते कुटपिट गरे। पीडितलाई धारापानी-रुप्सेपानी कृषिसडक निर्माणका क्रममा व्यवस्थापन समितिका सदस्यहरूबीच भएको विवादका कारण कुटपिट गरियो। सो सडक निर्माण समितिका अध्यक्ष भोर्ले गाविस-९ का ठाकुरप्रसाद देवकोटाको उक्साहटमा बैठकमा कुटपिट गरिएको

पीडितको दावी छ। पिटाइको कारण उनको कान तथा टाउकोमा चोट लाग्यो। हालसम्म पनि पीडकलाई कारवाही नभएको गुनासो पीडितले गरे।

लाङटाङ राष्ट्रिय निकुञ्जको वृद्धिम गाविस-९ लिङलिङ जङ्गलमा ०६४ असोज १४ गते राति वन्यजन्तुको तस्करी रोक्न गएका दुर्गा बक्स गणका सैनिक अमल्दार नवराज शाक्यमाथि अज्ञात व्यक्तिले धारिलो हतियार प्रयोग गरी गम्भीर घाइते बनाए। खुकुरी र खुर्पाले हिर्काई भीरबाट लडाएर करिब २० मिटर तल खसाली छाडिएका उनलाई सेनाले उद्धार गरी हेलिकप्टरबाट उपचारका लागि काठमाडौँ लग्यो। उनको टाउको र शरीरमा गम्भीर चोट लागेको थियो।

गैरकानुनी गिरफ्तारी

धैबुङ गाविस-३ धारापानीका ४६ वर्षीय शिवबहादुर लामिछानेलाई ०६४ साउन ३० गते प्रहरीले पुनःगिरफ्तार गरी यातना दियो। साउन १५ गते धैबुङ गाविस-३ का दिवाकर लामिछानेको घरबाट ६५ हजार रुपियाँ चोरी गरेको आरोपमा उनलाई पुनः गिरफ्तार गरिएको थियो। अनुसन्धानका लागि गिरफ्तार गरिएको भनिएका उनलाई साउन ३१ गते कालिकास्थान प्रहरी चौकीबाट हत्कडी लगाएर जिल्ला सदरमुकाम पठाएकामा साँझ मानवअधिकारकर्मी तथा पत्रकार ज्ञानेन्द्रनाथ न्यौपानेको रोहवरमा छाडियो। उनलाई यसअघि साउन २१ गते पनि प्रहरीले गिरफ्तार गरी छाडेको थियो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

धैबुङ गाविस-४ निवासी एमालेका जिल्ला कमिटीका सदस्य एवम् पूर्व गाविस अध्यक्ष ४१ वर्षीय भवानीप्रसाद न्यौपानेलाई ०६३ चैत २२ गते माओवादी जिल्ला सदस्य प्रभाकर भनिने मेघनाथ घिमिरेले गाउँ परिषद् बैठकमा धम्क्याए। उनलाई आर्थिक अनियमितता गरेको भन्दै बोल्नसमेत रोक लगाएका कारण उक्त दिन गाउँ परिषद् नै अवरुद्ध भयो।

संविधानसभाका लागि ऐक्यबद्धता (कोकास) को आयोजनामा ०६४ असोज १३ गते सञ्चालित प्रशिक्षक प्रशिक्षण तालिमको समापन समयमा आएर माओवादी कार्यकर्ताले त्यहाँ वितरणका लागि ल्याएका चुनाव प्रचार सामग्रीहरू लुटेर लगे। उनीहरूले सो तालिम गर्न दिए पनि राष्ट्रिय समझदारी नभएसम्म गाउँमा निर्वाचनको प्रचार नगर्न भन्दै गएको कार्यक्रमका प्रशिक्षक वसन्त बस्नेतले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्षको अन्त्यसम्ममा जिल्ला अदालतमा दुनियाँवादी फौजदारी एक थान, सरकारवादी फौजदारी दुई थान, दुनियाँवादी देवानी दुई थान, ज्यान मार्ने उद्योगका दुई थान, मूर्ति ओसार-पसार एक थान, ठगी एक, सम्बन्धविच्छेद दुई थान गरी ११ थान मुद्दाहरू परे, जसमध्ये आठ मुद्दा फर्स्यौट भए भने तीन थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। अदालतमा गत वर्ष जिम्मेवारी सरेर आएको कुनै पनि मुद्दा थिएन।

वाईसीएलद्वारा कब्जा गरिएको पीपलबहादुर क्षेत्रीको घर

बालअधिकार

धुञ्चे गाविस-६ का १५ वर्षीय जोनमेजर लामालाई ०६४ फागुन १० गते मध्यराति स्थानीय सुनर्नुपु तामाङको घरमा सामान्य विवादपछि धुञ्चे गाविस-८ का सञ्जय लामा, अजय लामा, दिनेश घले, राजीव घले, वीरु तामाङ र धुञ्चे गाविस-६ का कमल तामाङले सामूहिक कुटपिट गरी घाइते बनाए। पीडकलाई कारवाही भएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

नेपाल कृषि वन प्रतिष्ठान (न्याफ) ले गरेको सर्वेक्षणले रसुवा जिल्लाबाट यो वर्षको अन्त्यसम्म ४ सयभन्दा बढी चेलीबेटी बेचिएको तथ्याङ्क सार्वजनिक गरेको छ।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

लहरेपौवा गाविस-२ सिम्ले निवासी पूर्वमन्त्री रामकृष्ण आचार्यको ७२ रोपनी जग्गा, घर, बगैँचा र वन क्षेत्रसमेत माओवादीले ०६३ पुस २२ गते कब्जा गरे। कब्जामा लिएको जमिन भूमिहीनलाई वितरण गर्ने भएकाले किनबेच नगर्न उनीहरूले उर्दी जारी गरे।

गत्लाङ गाविस-५ मा रहेको दरबारका पूर्वसचिव ऋषिकुमार पाण्डेको पार्वती कुण्डनजिकै रहेको सयौँ रोपनी जग्गा र स्याउबारी ०६३ पुस २९ गते माओवादीले कब्जामा लिए। कब्जामा लिएको जमिन भूमिहीनलाई वितरण गर्ने भएकाले किनबेच नगर्न उनीहरूले उर्दी जारी गरे।

गत्लाङ गाविस-५ मा रहेको पूर्वसेनापति

सचितशमशेर राणाको पार्वती कुण्डनजिकै रहेको रिसोर्ट स्याउबारी तथा त्यहाँ रहेका जग्गा ०६३ पुस २९ गते माओवादीले कब्जामा लिए। कब्जामा रहेको जमिन भूमिहीनलाई वितरण गर्ने भन्दै उनीहरूले खरिद-बिक्री नगर्न उर्दी जारी गरे।

स्याफ्रु गाविस-९ मा रहेको रसुवा भन्सार कार्यालयका सामानहरू ०६४ असार १ गते वाईसीएलका कार्यकर्ताले निकालेर फ्याँकिदिए। तीन वर्षअघि तिब्बतको सिमाना टिमुरे गाविसको रसुवागढीबाट असुरक्षाको कारण देखाएर स्याफ्रुबेसी सरेको रसुवा भन्सार कार्यालय पुरानै ठाउँमा पुन:स्थापित हुनुपर्ने दबाब दिँदै आएका वाईसीएलका कार्यकर्ताले कार्यालय नसारेको भन्दै सो कार्य गरेका थिए।

गोल्जुङ गाविस-६ निवासी राप्रपाका जिल्ला अध्यक्ष मिलन तामाङको घर तथा जग्गा ०६४ असार ९ गते वाईसीएलका कार्यकर्ताले कब्जा गरे। उनीहरूले राजनीतिक सहमतिपछि घरको बन्द ताला असार ३ गते खोलिदिए पनि उनका घरको टेलिभिजन तथा अन्य सामानहरू भने अझै फिर्ता गरेनन्। पीडितले आफ्नो स्याफ्रु गाविसमा रहेको घर २१ दिनसम्म कब्जा गरी सुन, नगद १९ हजार रुपियाँसहित १ लाख ६० हजार रुपियाँ बराबरको धनमाल माओवादीले लुटेर लगेको बताए।

सरमथली गाविस-८ का पीपलबहादुर क्षेत्रीको बन्द अवस्थामा रहेको घर वाईसीएलका कार्यकर्ताले ०६४ साउन ९ गते कब्जामा लिए। उनीहरूले सो घरको बन्द ताला खोली त्यहाँ रहेका कपडा, औषधिलगायतका सामानहरू जलाएर नष्ट गरी घर कब्जा गरे। सो घरलाई उनीहरूले आफ्नो कार्यालय बनाउन कब्जामा लिएर तालाबन्दी गरी पार्टीको झण्डा गाडेर छाडेका छन्। काभ्रे जिल्लाका स्वास्थ्यकर्मी क्षेत्रीले पाच्याङ स्वास्थ्य चौकीमा रहँदा घर बनाएर छाडेका थिए।

टिमुरे गाविसमा रहेको रसुवागढी भन्सारमा ०६४ भदौ ७ गतेदेखि माओवादीका कार्यकर्ताले आफैँ कर उठाउन थालेका छन्। सशस्त्र द्वन्द्वको समयमा स्याफ्रुबेसी सरेको भन्सार कार्यालय सर्वदलीय बैठक बसेर पुन: टिमुरेको रसुवागढी फर्कनका लागि निर्णय गरे पनि कार्यालय नफर्केपछि स्याफ्रुबेसीमा रहेको भन्सार कार्यालयका बोर्ड र सामानहरू वाईसीएलका कार्यकर्ताले फ्याँकिदिएका थिए। त्यसपछि उनीहरूले टिमुरेमा आफ्नो पार्टीको सहयोग रसिद काटेर रकम उठाए। २२ दिनपछि सो कार्य बन्द भयो।

यार्सा गाविस-१ निवासी पूर्व गाविस उपाध्यक्ष रामराजा लामाको घरमा ०६४ असोज ६ गते साँझ अनेकिसङ्घ (क्रान्तिकारी) ले तालाबन्द गरी कब्जामा लिए। बम्बईमा चेलीबेटी बेचबिखन गरेको आरोपमा घर कब्जामा लिएर ताला लगाएको माओवादीका जिल्ला सदस्य मेघनाथ घिमिरे 'प्रभाकर'ले बताएका छन्। उनलाई ६० जनाभन्दा बढी चेली बम्बईको वेश्यालयमा लगेर बेचेकाले उनीहरूलाई फिर्ता नल्याएमा मार्ने धम्कीसमेत दिएका थिए।

भूमिहीन तथा सुकुम्वासी समस्या/अशक्त भत्ता आदि

जिल्लाको यार्सा गाविसका डेढ सयभन्दा बढी जनताले गत वर्षको असहाय र अशक्त भत्ता नपाएको गुनासो गरेका छन्।

तालाबन्दी

धुञ्चे गाविस-५ कृषि विकास ब्याङ्ककको उपशाखा कार्यालयमा ०६४ जेठ २३ गते वाईसीएल कार्यकर्ताले तालाबन्दी गरे। पाँच दलको सर्वदलीय बैठकको सहमतिपछि फिर्ता लिएका छन्। उनीहरूले ११ दिनपछि असार २ गते सो बन्द ताला खुलाएका हुन्। विगत द्वन्द्वको समय ०५२ सालदेखि जनताले लिएको ५० हजार रुपियाँसम्मको ऋण मिनाहाको माग राखेर ब्याङ्कमा तालाबन्दी गरेका थिए।

माओवादीले ०६३ फागुन २० गते विद्युत् प्राधिकरणको कालिकास्थान शाखामा तालाबन्दी गरे। विद्युत् महसुल नतिरेकाले काटिएका सबै लाइन तत्काल जोड्न माग गरी तालाबन्दी गरेको माओवादीले बतायो। २३ गते बन्द ताला खुला भयो।

विगतको अनुगमन

मानवअधिकार वर्ष पुस्तक २००७ को पृष्ठ ३५८ को बलात्कार/बलात्कार प्रयास शीर्षक अन्तरगत लहरेपौवा गाविस-३ बनुवाँमा भएको बलात्कार सम्बन्धी घटनामा पीडितलाई माओवादीले पीडकसँग ४२ हजार क्षतीपूर्ती दिलाएको हुनुपर्नेमा अन्यथा भएको।

माओवादीबाट अपहरण भएका घटनाहरूमा इन्सेक प्रतिनिधि, अन्य मानवअधिकारकर्मी र पत्रकारको रोहवरमा मुक्त गरेको हुनुपर्नेमा अन्यथा भएको।

पश्चिमाञ्चल

३.१ तनहुँ

३.२ गोरखा

३.३ लमजुङ

३.४ स्याङ्जा

३.५ कास्की

३.६ मनाङ

३.७ नवलपरासी

३.८ रुपन्देही

३.९ पाल्पा

३.१० कपिलवस्तु

३.११ अर्घाखाँची

३.१२ गुल्मी

३.१३ वाग्लुङ

३.१४ पर्वत

३.१५ म्याग्दी

३.१५ मुस्ताङ

(१) कपिलवस्तु जिल्लामा आगजनी गरिएका ट्रकहरु। कपिलवस्तु जिल्लामा ०६४ भदौ ३० गते मोहित खाँको हत्यापश्चात् भड्केको हिंसात्मक घटनामा १४ जनाको मृत्यु भएको थियो। १ सय ६० ओटा सवारी साधनमा तोडफोड तथा आगजनी गरियो। (२) हिंसात्मक घटनामा लुटपाटपछि आगजनी गरिएको एक पसल। उक्त घटनामा ७ सय ६० वटा भन्दा बढी घर तथा पसलहरूमा लुटपाट, तोडफोड तथा आगजनी गरिएको थियो। (३) हिंसात्मक घटनामा मारिए भनिएका स्थानीय मानवअधिकारकर्मी शिवकुमार गुप्ता लुम्बिनी अञ्चल अस्पतालमा उपचार गराउँदै । उक्त घटनामा करिब २० जना घाइते भएका थिए। (४ र ५) हिंसात्मक घटनाका कारण विस्थापितहरू। उक्त घटनामा करिब ८ हजार स्थानीय बासिन्दाहरू विस्थापित भएका थिए।

३.१ तनहुँ



जनसङ्ख्या : ३,५२,७७०
साक्षरता प्रतिशत : ६३
महिला साक्षरता प्रतिशत : ५६
क्षेत्रफल (वर्ग कि. मि.): १,५४६
गाविस/नपा सङ्ख्या : ४६/१
सरकारी/निजी विद्यालय : ५५०/८४
क्याम्पस/उच्च मा.वि. : ४/१८
अस्पताल/स्वास्थ्य चौकी : २/४६
मोटर सडक (कि. मि.): ६८४
प्रहरी कार्यालय सङ्ख्या : २०
मानव विकास सूचकाङ्क : ०.५२४
प्रतिपरिवार सरदर सङ्ख्या : ५.५

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा २५ जनाको क्षमता तोकिएको छ। यस वर्षको अन्त्यसम्म जम्मा ६० जना बन्दीहरू रहेका छन्। बन्दीहरूमा कैद तोकिएका ३१ जना र कैद नतोकिएका २९ जना रहेका छन्। बन्दीहरूमध्ये कर्तव्य ज्यान मुद्दामा कैद तोकिएका आठ जना र कैद नतोकिएका १० जना, डाँका चोरी मुद्दामा कैद तोकिएका १० जना र कैद नतोकिएका १० जना, लागूऔषध ओसारपसार मुद्दामा कैद तोकिएका एक जना र कैद नतोकिएका एक जना, जबरजस्ती करणी मुद्दामा कैद तोकिएका छ जना र कैद नतोकिएका दुई जना, चोरी मुद्दामा कैद तोकिएका तीन जना, जबरजस्ती चोरी मुद्दामा कैद तोकिएका एक जना, नकबजनी चोरी मुद्दामा कैद तोकिएका दुई जना र कैद नतोकिएका पाँच जना र ज्यानमार्ने उद्योग मुद्दामा कैद नतोकिएका एक जना बन्दी रहेका छन्। जेलमा महिला बन्दी र बालबालिकाहरू रहेका छैनन्।

बन्दीलाई उनीहरूबाटै पढाउने व्यवस्था गरिएको छ। जेलको भौतिक अवस्था अत्यन्त जीर्ण छ। बन्दीहरूलाई जेलमा खानेपानीको अभाव छ।

बेपत्ता/अपहरण

वाईसीएलबाट

व्यास नपा-१० देउराली नगरका १८ वर्षीय आशबहादुर तामाङ, २० वर्षीय मोतीकुमार श्रेष्ठ र २० वर्षीय तिलबहादुर थापालाई ०६४ भदौ ३१ गते साँझ वाईसीएलका कार्यकर्ताले सोही ठाउँबाट अपहरण गरी कुटपिटपश्चात् सोही दिन राति जिल्ला प्रहरी कार्यालय, तनहुँमा बुझाए। आफूलाई बलात्कार गरेको भनी पीडित युवतीले दिएको उजुरीका आधारमा उनीहरूलाई अपहरण गरिएको वाईसीएलले बतायो। दमौली अस्पतालले गरेको युवतीको स्वास्थ्य परीक्षणको रिपोर्ट र अनुसन्धानपछि युवकहरू निर्दोष रहेको बताउँदै प्रहरीले ०६४ असोज २ गते उनीहरूलाई रिहा गऱ्यो।

दाङ जिल्ला घर भएका समरसुर गुल्म दमौलीमा कार्यरत सैनिक जवान दीपक गुरुङले अर्काकी पत्नीसँग अवैध सम्बन्ध राखेको आरोपमा ०६४ असोज ७ गते वाईसीएलका कार्यकर्ताले उनलाई दुलेगौँडा गाविसको बेलचौतारावाट अपहरण गरी भोलिपल्ट सोही ठाउँबाट गुल्मपति सुनिल घलेको जिम्मा लगाई मुक्त गरे। अवैध यौन सम्बन्धका कारण छानबिनका लागि नियन्त्रणमा लिइएको वाईसीएलका जिल्ला अध्यक्ष प्रकाश बुढामगरले बताए।

पोखरीभञ्ज्याङ गाविस-७ रिफुटारका ५२ वर्षीय भीमबहादुर परियार र २२ वर्षीय मीनबहादुर परियारलाई ०६४ असोज १५ गते वाईसीएलका कार्यकर्ताले धरमपानी गाविसको हुस्लाङबाट अपहरण गरी कुटपिटपश्चात् सोही दिन जिल्ला प्रहरी कार्यालयमा बुझाए। केशवटार गाविस-९ की एक वृद्धाको हत्या गरेको आरोपमा उनीहरूलाई अपहरण गरिएको वाईसीएलले जनायो। परियारद्वय पुर्पक्षका लागि तनहुँ कारागारमा रहेका छन्।

धम्की/कुटपिट

माओवादीबाट

आँबुखैरेनी गाविस घर भई सोही ठाउँस्थित रामशाह उच्च माविको कक्षा ११ मा अध्ययनरत १७ वर्षीय उत्तम थापालाई ०६३ फागुन २३ गते बिहान माओवादी कार्यकर्ताले विद्यालय प्राङ्गणमा कुटपिट गरे। कार्यक्रमको प्रचार-प्रसारका क्रममा सो विद्यालय पुगेका माओवादी कार्यकर्तासँग विद्यार्थीहरूको विवाद भएपछि माओवादीले उनलाई कुटपिट गरेका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट							
	अन्यबाट					माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१	१			१			
कुटपिट	७	११			११	१	१	१
धम्की	१	२			२	२	२	२
भेला/संगठित हुने अधिकार	१	१			१	१	१	१
महिलाअधिकार	३		४		४			
बालअधिकार	२		२		२			
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१			१	१			
अमानवीय व्यवहार	१	१			१			
अपहरण	४	७			७			
जम्मा	२१	२३	६	१	३०	४	४	४

वाईसीएलबाट

खैरेनीटार गाविस-८ निवासी अनेरास्वियुका जिल्ला सचिव खिमबहादुर कुमाल, जिल्ला सदस्यहरू नवराज विक र पर्वत क्षेत्रीलाई ०६४ असोज ८ गते अनेरास्वियु (क्रान्तिकारी) र वाईसीएलका कार्यकर्ताले भानुभक्त क्याम्पस बेल चौतारामा कुटपिट गरे। पोखरामा अनेरास्वियु (क्रान्तिकारी) विद्यार्थीले आफ्नो सङ्गठनका विद्यार्थीलाई आक्रमण गरेको घटनाको विरोधमा अनेरास्वियुले जिल्लामा विरोध कार्यक्रम गर्ने तयारी गरिरहेको समयमा आफूहरूमाथि आक्रमण भएको पीडित कुमालले बताए।

अन्यबाट

तनहुँसुर गाविस घर भई आदिकवि भानुभक्त बहुमुखी क्याम्पस दमौलीमा अध्ययनरत अनेरास्वियु (क्रान्तिकारी) का जिल्ला सचिवालय सदस्य २० वर्षीय अविलास आर्चायलाई ०६३ चैत ४ गते नेविसङ्घका कार्यकर्ताले व्यास नपा-१० मा रहेको चौरमा कुटपिट गरे। राजनीतिक आस्थाका कारण विवाद हुँदा आफ्ना कार्यकर्तामाथि कुटपिट भएको अनेरास्वियु (क्रान्तिकारी) ले जनायो ।

बन्दीपुर गाविस-१ छापथोकका ४५ वर्षीय शिरबहादुर सुनारी मगरलाई ०६४ साउन २२ गते जनमोर्चा नेपालका कार्यकर्ताले छापथोकमा कुटपिट गरे। कुटपिटपछि सख्त घाइते भएका मगरलाई परिवारका सदस्यले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा लगी उपचार गरे। खेतमा पानी लगाउन गएका बेला जनमोर्चा नेपालका कार्यकर्ताहरूले अपहरणको शैलीमा नियन्त्रणमा लिई कुटपिट गरेको पीडितले बताए। जनमोर्चा नेपालका अध्यक्ष गुणनीधि शर्माले भने उक्त घटनामा आफ्नो पार्टीको कुनै संलग्नता नरहेको र माओवादीले केही व्यक्तिलाई उचालेर जनमोर्चा नेपालका विरुद्धमा प्रयोग गरेको बताए।

व्यास नपा-१० निवासी दमौलीबाट प्रकाशन हुने *लोकवाणी* साप्ताहिकका कार्यकारी सम्पादक ३७ वर्षीय प्रेमप्रसाद पौडेल र सोही साप्ताहिकका सह-सम्पादक २४ वर्षीय प्रकाशचन्द्र भट्टराईलाई अनेरास्वियुका जिल्लास्तरीय कार्यकर्ताले ०६४ मङ्सिर २५ गते मार्ने धम्की दिए। उक्त साप्ताहिकमा प्रकाशित समाचारको विषयलाई लिएर अनेरास्वियुले प्रेस विज्ञप्तिमार्फत र फोनमार्फत धम्की दिएका थिए। अनेरास्वियुको उक्त धम्कीको नेपाल पत्रकार महासङ्घ, तनहुँ शाखाले प्रेस विज्ञप्ति प्रकासित गरी आपत्ति जनायो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राजपाले ०६३ माघ २५ गते व्यास नपा-१० दमौली बजारस्थित जिल्ला सभागृह हलमा आयोजना गरेको व्यास नगर अधिवेशनमा जिल्लामा क्रियाशील सात विद्यार्थी सङ्गठनका कार्यकर्ताले हस्तक्षेप गरे। विद्यार्थीहरूले सो कार्यक्रममा प्रमुख अतिथि रहेका सो पार्टीका केन्द्रीय सदस्य नगेन्द्रराज बाग्लेलाई दुर्व्यवहार

गरेका थिए। सो घटनापछि माओवादी कार्यकर्ताले व्यास नपा-१० मा रहेको राजपाको जिल्ला कार्यालयसमेत तोडफोड गरे।

काङ्ग्रेस क्षेत्रीय कार्यसमिति क्षेत्र नं.१ ले ०६४ साउन २६ गते बन्दीपुर गाविसमा आयोजना गरेको लोकजागरण कार्यक्रममा माओवादी कार्यकर्ताले अवरोध सिर्जना गरे। हातमा लाठी लिएका करिब ५० जना माओवादी कार्यकर्ताले कार्यक्रमका प्रमुख अतिथि रहेका पूर्वगृहमन्त्री एवम् काङ्ग्रेसका केन्द्रीय सदस्य गोविन्दराज जोशीमाथि आक्रमणको प्रयाससमेत गरेका थिए। माओवादी कार्यकर्ताले जोशीविरुद्ध चर्काचर्की नाराबाजीसमेत गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत तनहुँमा यस वर्षको अन्त्यसम्म २ सय ३८ थान मुद्दा रहेका छन्। यस वर्षको अन्त्यसम्ममा दुनियाँवादी फौजदारी मुद्दा १ सय ३ थान रहेका छन्। तीमध्ये गतवर्षको जिम्मेवारी सरेर आएका ४८ थान र यस वर्ष दर्ता भएका ५५ थान रहेका छन्। तीमध्ये २८ थान फर्स्यौट भए भने ७५ थान फर्स्यौट हुन बाँकी रहे।

गतवर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा ३५ थान, यस वर्ष दर्ता भएका २७ थान गरी ६२ थान मुद्दामध्ये १६ थान मुद्दा फर्स्यौट भए भने ४६ थान मुद्दा बाँकी रहेका छन्।

गतवर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा १ सय १ थान, यस वर्ष दर्ता भएका ४८ थान गरी १ सय ४९ थान रहेकामा तीमध्ये ३२ थान मुद्दा फर्स्यौट भए भने १ सय १७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

बालअधिकार

व्यास नपा-११ दमौली बजार निवासी नौ वर्षीया एक बालिकालाई मकवानपुर जिल्ला भैसे गाविस-४ घर भई हाल दमौली बजारमा डेरा गरी बस्ने १८ वर्षीय विक्रम तामाङले ०६३ फागुन ५ गते बालिकाको घरमा नै बलात्कार गरे। बालिकाको दमौली अस्पतालमा सामान्य उपचार गरियो। पीडक हाल जिल्ला कारागारमा थुनामा रहेका छन्।

मनपाङ गाविस-१ छविसेकी १४ वर्षीया एक बालिकालाई सोही ठाउँका १९ वर्षीय विनबहादुर आलेले ०६४ जेठ २६ गते दिउँसो बालिकाको घरनजिकै रहेको बारीमा बलात्कार गरे। प्रहरीको सहयोगमा पीडितको दमौली अस्पतालमा उपचार गरियो। बालिकाको हालको अवस्था सामान्य रहेको छ। पीडक हालसम्म फरार रहेका छन्।

आफ्नै बाबुद्वारा कुटपिट गरिएका बद्रिनाथ पौडेल

भारतको रक्सौल घर भएका १६ वर्षीय बालक रोहन यादवलाई ०६४ असार ३१ गते व्यास नपा-२ दमौली बजारमा वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। कुटपिटपछि सख्त घाइते भएका यादवको दमौली अस्पतालमा उपचार गरियो। पैसा चोरेर भागेको आरोपमा वाईसीएलका कार्यकर्ताले उनलाई नियन्त्रणमा लिई कुटपिट गरेका थिए। कुटपिटपछि यादवलाई प्रहरीको जिम्मा लगाइएको थियो। प्रहरीले यादवलाई ०६४ साउन ४ गते रिहा गरी घर पठायो।

पोखरीभञ्ज्याङ गाविस-३ निवासी सोही ठाउँमा रहेको जनजागृति गङ्गा माविमा कक्षा ८ मा अध्ययन गर्ने १३ वर्षीय बालक अमृत पौडेललाई ०६४ असोज ४ गते साँझ आफ्नै घरमा उनका बुबा बद्रीनाथ पौडेलले कुटपिट गरे। कुटपिटबाट घाइते भएका पौडेललाई गाउँलेहरूले दमौली अस्पतालमा उपचार गराए। पौडेलको दमौलीपछि पोखराको गण्डकी अञ्चल अस्पतालमा उपचार गरियो। छोरालाई कुटपिट गरेका कारण प्रहरीले बद्रीनाथलाई गिरफ्तार गरी पाँच दिनसम्म थुनामा राख्यो। उपचार खर्च दिने सहमतिमा प्रहरीले मिलापत्र गरायो। बद्रीनाथले अर्की पत्नी ल्याएपछि अमृत र उनकी आमा विगत १३ वर्षदेखि अलग बस्दै आएका छन्। पीडित बालक इन्सेकसँग आबद्ध बालअधिकार चेतना समूहका सचिव हुन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार दुर्न्यवहार

खैरेनीटार गाविस-९ की २३ वर्षीया नीरा श्रेष्ठलाई बोक्सीको आरोपमा ०६४ असोज २७ गते उनका जेठाजुका छोरीहरू नवीना श्रेष्ठ र सवीना श्रेष्ठले घरमै कुटपिट गर्दै यातना दिए। पीडित पक्षले इलाका प्रहरी कार्यालय, बेलचौतारामा दिएको उजुरीका आधारमा प्रहरीले दुवै पक्षलाई राखी ०६४ असोज ३० गते मिलापत्र गरायो।

माओवादीद्वारा विस्थापित भएका प्रदीपकुमार गहतराजको परिवार

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

अरुणोदय गाविस-२ निवासी ४० वर्षीय प्रदीपकुमार गहतराज ०६४ असार २४ गते माओवादी कार्यकर्ताको धम्कीका कारण जिल्ला सदरमुकाममा विस्थापित भए। माओवादी कार्यकर्ताले घर छाड्न धम्की दिएका कारण गहतराज घर छाडेर सदरमुकाम गएका थिए। उनलाई आफ्नो बारीको अन्नसमेत प्रयोग गर्न दिइएको थिएन। मानवअधिकारकर्मी र पत्रकारको पहलमा उनलाई ०६४ असार २८ गते पुन:स्थापित गराइयो।

तालाबन्दी

खैरेनीटार गाविस-८ मा अवस्थित खैरेनीटार नगरोन्मुख गाविसको कार्यालयमा माओवादी कार्यकर्ताले ०६३ पुस २८ गते तालाबन्दी गरी ०६३ माघ २ गते खुला गरे। तालाबन्दीपछि गाविस सचिव बुद्धिमान श्रेष्ठलाई माओवादीले काम नगर्न धम्की दिएका थिए।

एसएलसी परीक्षाको केन्द्र ग्रामीण तहसम्म विस्तार गर्नुपर्ने एकसूत्रीय मागसहित अनेरास्ववियु (क्रान्तिकारी) ले ०६३ फागुन ११ गते जिल्ला शिक्षा कार्यालयमा तालाबन्दी गरेकामा ०६३ फागुन १४ गते खुला गरे।

विगतको अनुगमन

हत्या

देवघाट गाविस-७ निवासी सर्वसाधारण ४० वर्षीय मोतीलाल गुरुङको ०६१ मङ्सिर १२ गते राति माओवादीले सोही ठाउँमा रहेको कर्तापु भीरबाट खसालेर हत्या गरे। पीडितलाई माओवादी कार्यकर्ताले सोही दिन राति स्थानीय बुद्धसिंह गुरुङको घरबाट अपहरण गरेका थिए। पीडितको लास ०६१ मङ्सिर १३ गते माओवादी कार्यकर्ताले भीरबाट निकालेपछि परिवारजनले परम्पराअनुसार दाहसंस्कार गरेका थिए। माओवादीले गुरुङलाई अपहरण गरेको स्वीकार गरे पनि हत्या गरेको स्वीकार गरेको छैन। माओवादीले उक्त घटनाका सम्बन्धमा कसैलाई केही कुरा नगर्न भन्दै धम्की दिएको गाउँलेहरूले बताए।

३.२ गोरखा

जनसङ्ख्या : ३,१५,८३५
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ५३
क्षेत्रफल (वर्ग कि. मि.): ३,६१०
गाविस/नपा सङ्ख्या : ६६/१
सरकारी/निजी विद्यालय : ४९६/२४
क्याम्पस/उच्च मा.वि. : १/१२
अस्पताल/स्वास्थ्य चौकी : २/७४
मोटर सडक (कि. मि.): १२०
प्रहरी कार्यालय सङ्ख्या : २६
मानव विकास सूचकाङ्क : ०.४५४
प्रतिपरिवार सरदर सङ्ख्या : ५

जेल र बन्दीहरू

गोरखा जेल 'घ' श्रेणीको हो। यसको क्षमता ५५ जनाको रहेको छ। हाल यस जेलमा ४८ जना बन्दी रहेका छन्, जसमा कैद तोकिएका २५ जना पुरुष तथा आठ जना महिला गरी ३३ जना र कैद नतोकिएकामा १३ जना पुरुष र दुई जना महिला गरी १५ जना बन्दी छन्। कारागारमा दुई जना आश्रित बालक रहेका छन्। कारागारभित्र बन्दीहरूको महिला र पुरुष दुवैतर्फ एक-एकओटा रङ्गीन टीभी, खेलकुद सामग्री र पत्रपत्रिका पढ्ने सुविधा उपलब्ध रहेको छ।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मतदाता नामावली सङ्कलनका क्रममा ०६३ माघ १० गते पृथ्वीनारायण नपा-११ पुगेको टोलीको सामग्री खोसी माओवादीले मतदाता नामावली सङ्कलन गर्न अवरोध पुऱ्याए। मतदाता नामावली सङ्कलन

गरिरहेका बेला गएका तीन जना माओवादीले 'कसको आदेशमा काम गरेको ?' भन्दै मतदाता नामावली सङ्कलन फाराम, त्रुटि सच्याउने फारामलगायतका सामग्री रहेको झोला खोसेका थिए। माओवादीले ती सामग्री ०६३ माघ १२ गते फिर्ता गरे।

गोरखनाथ मन्दिरमा लागेको रोट महोत्सवमा सहभागी हुन जुलुससहित 'राजतन्त्र जिन्दावाद, हिन्दू राष्ट्र नेपाल जिन्दावाद' लगायतका नारा लगाएर ठिङ्गुरेश्वाराबाट अगाडि बढेका जोगीहरूको जुलुसमाथि पृथ्वीनारायण नपा-३ हरमटारीमा ०६४ वैशाख १९ गते वाईसीएलका कार्यकर्ताले हस्तक्षेप गरी जुलुसको नेतृत्व गर्ने दीपक योगीलाई कुटपिट गरे।

मुच्चोक गाविस-१ निवासी राप्रपाका कार्यकर्ता धर्मदत्त देवकोटाले विगतमा माओवादीविरुद्ध सुराकी गरेको, राजतन्त्र टिकाउने अभियानमा लागेको आरोपमा ०६४ असोज २ गते वाईसीएलले उनलाई मोसो दली गाउँ घुमाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गोरखा जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ११ थान र यस वर्ष दर्ता भएका १४ गरी दुनियाँवादी फौजदारी मुद्दा जम्मा २५ थान रहेकामा १६ फर्स्यौट भई नौ थान फर्स्यौट हुन बाँकी रहेका छन्। त्यस्तै गत वर्षको जिम्मेवारी सरेर आएका २६ थान र यस वर्ष दर्ता भएका १२ थान गरी सरकारवादी फौजदारी मुद्दा ३८ थान बाँकी रहेकामा तीन थान मुद्दा मात्र फर्स्यौट भए भने ३५ मुद्दा बाँकी रहेका छन्। त्यसैगरी देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २५ थान र यस वर्ष दर्ता भएका आठ थान गरी कुल ३३ थान मुद्दामध्ये सात थान फर्स्यौट भई २६ थान फर्स्यौट हुन बाँकी रहेका छन्।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माओवादीबाट

फुजेल गाविस-३ बस्ने ६० वर्षीय नरेन्द्र भण्डारी र सोही गाविस-१ बस्ने ३० वर्षीया एक महिलाबीच अनैतिक सम्बन्ध रहेको आरोपमा ०६४ असोज ५ गते अनेमसङ्घ (क्रान्तिकारी) का कार्यकर्ताहरूले मोसो दली फुजेल गाविसमा गाउँ परिक्रमा गराए। दुवैलाई माओवादी कार्यकर्ताको निगरानीमा स्थानीय दीर्घेश्वर निमाविमा पाँच दिनसम्म श्रमदानसमेत गर्न लगाइएको थियो।

जौवारी गाविसस्थित जनज्योति माबि, चिप्लेटीका प्रअ शिवराज सापकोटाले विद्यालयको रकम हिनामिना गरेको आरोपमा ०६४ असोज १५ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले सापकोटालाई विद्यालयमै मोसो दले।

तान्द्राङ गाविस-२ निवासी सोही गाविसका पूर्वअध्यक्ष लेखनाथ खनालले महिलाहरूमाथि अनैतिक व्यवहार र गाविसको रकम हिनामिना गरेको आरोपमा ०६४ असोज १८ गते अनेमसङ्घ (क्रान्तिकारी) का कार्यकर्ताहरूले खनाललाई घरमा मोसो दली गाउँ परिक्रमा गराए।

नेपाल दलित मुक्ति मोर्चा (एकीकृत) बाट

गोरखनाथ मन्दिरका पुजारी प्रदीप योगी राजतन्त्रलाई टिकाउन डिफेन्स आर्मी गठन गरी सक्रिय भएको आरोपमा ०६४ असोज १ गते माओवादीको भ्रातृ सङ्गठन नेपाल दलित मुक्ति मोर्चा (एकीकृत), गोरखाका कार्यकर्ताहरूले मोसो दलेर र जुत्ताको माला लगाएर गोरखा बजार परिक्रमा गराए। मोर्चाले उनलाई गोरखनाथ मन्दिरमा भक्तजनहरूले चढाउने भेटीको रकम हिनामिना गरेको, हिन्दू धर्मका नाममा दलितहरूमाथि शोषण गरेको आरोपसमेत लगाएको थियो।

बालअधिकार

राज्यबाट

गोरखा घ्याल्चोक गाविस-५ की १५ वर्षीया एक बालिकालाई धादिङ जोगीमारा गाविस-९ फजिमटारस्थित दुर्गा बक्स गणअन्तर्गतको बेसक्याम्पमा कार्यरत धादिङ घर भएका प्यूठ मोतीराम भट्टले ०६४ असार १० गते राति छुरा देखाएर बालिकाकै घरमा जबरजस्ती बलात्कार प्रयास गरे। पीडक र उनलाई साथ दिएका रसुवा घर भई ६ नम्बर हवाई सुरक्षा ब्याट्रीका अमलदार रामचन्द्र सापकोटालाई ०६४ असार ११ गते गाउँलेले समाती जिल्ला प्रहरी कार्यालय, गोरखाबाट गएको प्रहरी टोलीलाई बुझाए। मोतीरामलाई १० हजार रुपियाँ धरौटीमा गोरखा जिल्ला अदालतले रिहा गऱ्यो भने सापकोटालाई जबरजस्ती करणीअन्तर्गत अनुसन्धानपछि जिल्ला अदालतको ०६४ असार २८ को आदेशमा गोरखा कारागारमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

अन्यबाट

बक्राङ गाविस-७ का १९ वर्षीय बलबहादुर

घटनाको प्रकार	गैरराज्यपक्षबाट								राज्यपक्षबाट		
	अन्यबाट				माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा	घटना सङ्ख्या	महिला	जम्मा
कुटपिट	१	१		१	१		१	१			
बालअधिकार	३		३	३					१	१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	३		३	३		३	३			
अमानवीय व्यवहार	१	१		१	४	५		५			
अपहरण	१	४		४							
जम्मा	८	८	३	११	८	५	३	८	१	१	१

विकले पृथ्वीनारायण नपा-१० वडहरे बस्ने १२ वर्षीया बालिका विमला विकलाई ०६३ फागुन २१ गते ललाइफकाई बालविवाह गरे। बालविवाह भएकामा पीडित बालिकाकी आमा पूर्णकुमारी विकले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि पीडक बलबहादुर र उनका बाबु मीनबहादुरलाई प्रहरीले पक्राउ गऱ्यो। पीडित बालिका भूराजवृक्ष प्राबि, बडहरेमा कक्षा २ मा अध्ययनरत छिन्। गोरखा जिल्ला अदालतको आदेशअनुसार तारेखमा बलबहादुर ०६३ चैत २३ गते रिहा भए भने मीनबहादुर पुर्पक्षका लागि केही दिन थुनामा राखिएकोमा रिहा भए ।

मुच्चोक गाविस-६ कुसुण्डेकी नौ वर्षीया एक बालिकालाई सोही ठाउँ बस्ने १६ वर्षीय भुसाल परियारले ०६४ जेठ १८ गते बलात्कार गरे। पीडितका बाबुले जिल्ला प्रहरी कार्यालय, गोरखामा उजुरी दिएपछि पीडकलाई प्रहरी हिरासतमा राखी अनुसन्धान गरिएको थियो। पीडकलाई ०६४ असार २५ देखि पुर्पक्षका लागि जिल्ला कारागार, गोरखामा थुनामा राखिएको छ।

देउराली गाविस-६ सुनारगाउँ बस्ने १२ वर्षीया एक बालिकालाई सोही ठाउँ बस्ने २२ वर्षीय खलाने सुनारले ०६४ असार ९ गते बालिकाकै घरमा कोही नभएका अवस्थामा बलात्कार गरे। पीडितका तर्फबाट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइए पनि पीडक यस वर्षको अन्त्यसम्म फरार छन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

यस जिल्लामा भूमिहीन, सुकुम्वासी समस्या समाधानका लागि हालसम्म कुनै पनि निकायले पहल गरेको पाइन्न। सामाजिक सुरक्षाअन्तर्गत गाविसमार्फत वृद्ध, विधवालगायतका भत्ताहरूको व्यवस्था भए पनि अहिले शान्तिका समयमा समेत गाविस सचिवहरू गाउँ नफर्किएकाले विगतमा जस्तै भत्ता समयमा प्राप्त हुन नसकेको जनगुनासो रहेको छ।

विस्थापित

द्वन्द्वका समयमा विभिन्न कारणले विस्थापित भएकाहरूमध्ये यस वर्षको अन्त्यसम्म सरकारको राहत कार्यक्रमअन्तर्गतको राहत रकम बुझेर सात जना र दोस्रो चरणमा भरणपोषण, शैक्षिक राहत, घर पुनःनिर्माण र घर मर्मत शीर्षकमा राहत बुझेर १७ घर-परिवारका ६० जना मानिसहरू गाउँ फर्किएका छन्।

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

वाईसीएलबाट

पृथ्वीनारायण नपा-८ लक्ष्मीबजारस्थित पूर्वप्रधानसेनापति सत्चितशमशेर जबराको स्वामित्वमा रहेको करिब २५ रोपनी क्षेत्रफलको जग्गा र त्यहाँ अवस्थित भवनहरूमा ०६३ चैत ५ गते वाईसीएलले पार्टीको झण्डा गाडेर कब्जा गऱ्यो। विगतमा गोरखा हिल रिसोर्ट सञ्चालित सो स्थानमा माओवादीहरूले ०६१ साउन १ गते बम विस्फोट गराएपछि रिसोर्ट बन्द भएको थियो। सो रिसोर्टमा हाल वाईसीएलको कार्यालय रहेको छ।

राप्रपा (राष्ट्रवादी) का अध्यक्ष राजेश्वर देवकोटाको गोरखा आँपपीपल गाविस-२ मा रहेको घरसहित सात रोपनी जग्गा ०६४ असोज २७ गते वाईसीएलका कार्यकर्ताहरूले कब्जा गरे। देवकोटा माघ १९ को राजाको कदमको समर्थन गर्ने पहिलो व्यक्ति भएको र राष्ट्रको ढुकुटी दुरुपयोग गरेर सम्पत्ति कमाएको आरोप वाईसीएलले लगायो।

तमु राष्ट्रिय मुक्ति मोर्चाबाट

राजपरिवारका नाममा रहेको गोरखा दरबार आसपासका करिब ६ सय हेक्टर क्षेत्रफलको रानीवन, कुइरेभीर र मोहोरे भीरलगायतको वन 'दरबारियाको

सम्पत्ति राष्ट्रियकरण गर्ने केन्द्रीय कार्यक्रम भएको' बताउँदै माओवादी निकट तमु राष्ट्रिय मुक्ति मोर्चाले ०६४ जेठ २३ गते कब्जा गऱ्यो।

माओवादीबाट

ताक्लुङ गाविस-३ राइनासटारस्थित साना किसान विकास आयोजनाको चारकोठे भवन ०६४ जेठ २९ गते माओवादीनिकट क्रान्तिकारी जनपरिषद्ले कब्जा गऱ्यो। द्वन्द्वका कारण सो भवनबाट साना किसान विकास आयोजना ०५६ सालमा विस्थापित भएको थियो। उक्त भवनमा परिषद्ले माओवादीको झण्डा गाडेको छ।

३.३ लमजुङ

जनसङ्ख्या	१,९५५२६
साक्षरता प्रतिशत	६०
महिला साक्षरता प्रतिशत	४६
क्षेत्रफल (वर्ग कि. मि.)	१,६९२
गाविस/नपा सङ्ख्या	६१/०
सरकारी/निजी विद्यालय	५३०/२२
क्याम्पस/उच्च मा.वि.	६/१६
अस्पताल/स्वास्थ्य चौकी	१/६१
मोटर सडक (कि. मि.)	११९
प्रहरी कार्यालय सङ्ख्या	१३
मानव विकास सूचकाङ्क	०.४९२
प्रतिपरिवार सरदर सङ्ख्या	५

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

चन्द्रेश्वर गाविस-३ निवासी शिव मन्दिर प्रावि, सिन्दूरका शिक्षक ३९ वर्षीय गोविन्द मजाकोटीलाई ०६४ कात्तिक २२ गते स्कुलबाट घर फर्कदै गर्दा अज्ञात समूहले अपहरण गरेकामा उनको लास ०६४ कात्तिक ३० गते सिन्दूरे गाविस-३ वनकट्टा जङ्गलमा भेटियो। पोस्टमार्टम रिपोर्टमा उनलाई दाउरा र हतियार प्रयोग गरी हत्या गरिएको जनाइएको छ। घटनाको अनुसन्धानका लागि प्रहरीले शिव मन्दिर प्राविका व्यवस्थापन समितिका अध्यक्ष सिन्दूरे गाविस-३ का भीमबहादुर दुरा र विद्यालयका प्रधानाध्यापक मनबहादुर दुरालाई गिरफ्तार गऱ्यो। पीडित परिवारले दुवै जना हत्यामा संलग्न रहेको किटान गरेको छ। प्रहरीले घटनाको अनुसन्धान भइरहेको भन्दै दुवै जनालाई तारेखमा रिहा गऱ्यो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

बाहुनडाँडा गाविस-३ भीरपुस्तुनस्थित टेलिफोन रिपिटर टावर सुरक्षार्थ बसेको सेनाले लगाएको तारबारनजिक रहेको विस्फोटक पदार्थ कुल्चिँदा विस्फोट भई ०६४ वैशाख ३१ गते घेर्मू गाविस-३ की २१ वर्षीया सुनीता घले, भूलभूले गाविस-९ की २२ वर्षीया शान्ताकुमारी विक र २२ वर्षीय दलबहादुर विक घाइते भए। पीडित तीनै जनालाई सोही दिन सेनाले हेलिकप्टरबाट उपचारार्थ काठमाडौं लग्यो। घाइतेमध्ये सुनीताको एउटा खुट्टा नभएको र अन्य दुईको अवस्था सामान्य भएको सेनाले बतायो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १४ जना पुरुष र तीन जना महिला बन्दी रहेका छन्, जसमध्ये कैद नतोकिएका २० जना पुरुष र दुई जना महिला बन्दी रहेका छन्। यसरी लमजुङ कारागारमा जम्मा ३९ जना बन्दीहरू रहेका छन्। यस कारागारको क्षमता २५ जना रहे पनि ३९ जना वस्नुपर्दा बन्दी तथा थुनुवाहरूलाई असुविधा भएको छ। जेलमा बन्दी तथा थुनुवाहरूका लागि टीभी, रेडियो तथा पानीको सुविधा छ।

धम्की/कुटपिट

माओवादीबाट

बन्सार गाविस-६ का ३५ वर्षीय अनन्तबहादुर तामाङले भैंसीको पाडो चोरेको आरोपमा ०६३ फागुन २२ गते माओवादी कार्यकर्ताहरूले उनलाई चिती गाविसको स्याउतामा कुटपिट गरे।

नौथर गाविस-३ का ३१ वर्षीय सन्तबहादुर

घटनाको प्रकार	गैरराज्यपक्षबाट									राज्यपक्षबाट		
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	महिला	जम्मा
हत्या	३	३	१	३								
घाइते										१	३	३
कुटपिट	६	९		९	४	१४	३	४	३०			
धम्की					१		१		१			
महिलाअधिकार										१	१	१
बालअधिकार	३		३	३								
अमानवीय व्यवहार					१	६	१		७			
अपहरण	१	१		१	३	५			५			
जम्मा	१३	१३	३	१५	८	३५	४	४	३३	३	४	४

परियारलाई ०६४ वैशाख ५ गते माओवादीले कुटपिट गरी प्रहरीमा बुझाए। सोही ठाउँ निवासी ५० वर्षीया चिनीमाया गुरुङको हत्याको विषयमा परियारसँग सूचना हुनसक्ने अनुमानका आधारमा माओवादीका कार्यकर्ताले उनलाई नियन्त्रणमा लिई कुटपिट गरी प्रहरीमा बुझाएका थिए।

वाईसीएलबाट

बेसीसहर गाविस-२ का ६० वर्षीय रघुप्रसाद पौडेलले चर्को ब्याज लिएको आरोपमा ०६४ असार २ गते बिहान १० बजे वाईसीएलका कार्यकर्ताले पौडेलको मुखमा कालोपट्टी बाँधी कुटपिट गरे। कुटपिट गरेको कसैलाई भनेमा थप कारबाही गर्ने धम्की दिँदै पौडेलले ऋण दिएका काजीराम परियारलाई रकम तिर्नु नपर्ने र उल्टो काजीराम परियारलाई नै पौडेलले २० हजार रुपियाँ दिनुपर्ने तमसुक बनाएर मुक्त गरे।

बन्सार गाविसका ३४ वर्षीय शुलबहादुर गुरुङले चलाएको ना.१ज. १८६२ नम्बरको गाडीले वाईसीएलका एक कार्यकर्ताले चलाएको मोटरसाइकललाई ठक्कर दिएको आरोपमा ०६४ असोज १३ गते राति बेसीसहर शेरा बजारमा वाईसीएल कार्यकर्ताले उनलाई कुटपिट गरे।

चन्द्रेश्वर गाविस-३ सर्वोदय उच्चमाविको वार्षिकोत्सव समारोहमा सहभागी हुन गएका काङ्ग्रेसका अन्तरिम विद्यायक सांसद हरिभक्त अधिकारी विकासविरोधी भन्दै ०६४ कात्तिक २० गते माओवादीले अधिकारीलाई कुटपिट गरे। सो घटनामा काङ्ग्रेस क्षेत्र नं. २ का क्षेत्रीय सभापति गणेशप्रसाद नेउपाने र कार्यकर्ताहरू रामचन्द्र अधिकारी र गमप्रसाद गुरुङलाई समेत माओवादीले कुटपिट गरे। घटनाको काङ्ग्रेसले भर्त्सना गऱ्यो। माओवादीले भने आफ्नो आक्रमण गर्ने योजना नभएको र उक्त घटना स्थानीय जनताले गरेको दाबी गऱ्यो।

अन्यबाट

परेवाडाँडा गाविस-१ निवासी माओवादी कार्यकर्ता विषलाल श्रेष्ठलाई ०६४ कात्तिक २५ गते भोटेओडार गाविसका एमाले कार्यकर्ता उज्ज्वल सापकोटाले सामान्य विवादमा भोटेओडार गाविसको सिउँडीबारमा कुटपिट गरे। माओवादी जिल्ला सचिव बुद्धिराम तमुले प्रेस विज्ञप्तिमार्फत घटनाको भर्त्सना गरे।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बेसीसहर गाविस-९ सेराबजारस्थित होटल टुकुचे पिकमा भेला भएका राप्रपाका नेता तथा कार्यकर्तालाई ०६३ माघ २८ गते दिउँसो माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। बेसीसहर गाविस-२ निवासी राप्रपाका जिल्ला अध्यक्ष ४५ वर्षीय हेमजङ गुरुङ, बेसीसहर गाविस-९ निवासी राष्ट्रिय पत्रकार महासङ्घका जिल्ला अध्यक्ष नवराज पहाडी, भोटेओडार गाविस निवासी नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका जिल्ला अध्यक्ष ४५ वर्षीय हरिप्रसाद रेग्मी, अर्चलबोट गाविस-२ निवासी राप्रपाका केन्द्रीय प्रतिनिधि ४४ वर्षीय गोपाल लामिछानेलाई कुटपिट गरियो। घटनाका

गम्भीर घाइतेहरूलाई बेसीसहर सामुदायिक अस्पतालमा सामान्य उपचार गराई थप उपचारका लागि काठमाडौँ लगिएको थियो। माओवादी कार्यकर्ताले पीडितहरूलाई कुटपिट गर्नुका साथै मोसो दली जुत्ताको माला लगाएर अपमानजनक व्यवहारसमेत गरेका थिए। उक्त घटनामा प्रजातान्त्रिक महिला सङ्घकी केन्द्रीय सदस्य विन्दु पहाडीलगायत श्रीप्रसाद गुरुङ, मोहनलाल श्रेष्ठ, भक्तबहादुर घले, खड्कबहादुर गुरुङ, जङ्गबहादुर थापा, युद्धजङ गुरुङ, मोहनबहादुर गुरुङ, सुनीता गुरुङ गरी १३ जना सामान्य घाइते भएका थिए।

माओवादीद्वारा कुटपिट गरिएका सन्तबहादुर परियार

बालअधिकार

स्थानीय बागेश्वरी माविमा कक्षा ९ मा अध्ययनरत विचौर गाविस-९ निवासी १५ वर्षीय बालकृष्ण दवाडी, सोही गाविस-६ निवासी लोकनाथ नेउपाने, सोही गाविस-२ निवासी १५ वर्षीय वेदप्रसाद दवाडी र सोही गाविस-५ निवासी १५ वर्षीय नरेन्द्र नेउपानेलाई ०६३ फागुन १८ गते माओवादी कार्यकर्ताहरूले विद्यालयबाट अपहरण गरे। उनीहरूमध्ये बालकृष्ण र लोकनाथ ०६३ चैत २४ गते माओवादी कब्जाबाट भागेर काठमाडौँ गए भने वेदप्रसाद र नरेन्द्र पनि ०६४ वैशाखमा माओवादी कब्जाबाट भागेर काठमाडौँ गए।

भार्ते गाविस-९ का १२ वर्षीया एक बालिकालाई ०६४ जेठ १७ गते महिला आपसी सहयोग केन्द्रका परिचर प्रेमबहादुर पराजुलीले बलात्कार गरे। पीडक हाल प्रहरी नियन्त्रणमा छन्।

प्रभात शान्तिपूर्ण माविमा कक्षा ७ मा अध्ययनरत भूलभूले गाविस-२ निवासी १४ वर्षीया ललिता गुरुङलाई ०६४ असार ४ गते माओवादीले उनकै घरबाट फकाएर आफ्नो पार्टीमा भर्ना गर्न लगे। उनी माओवादीको कब्जाबाट ०६४ असार १८ गते भागेर घर फर्किन्। हाल उनी सोही विद्यालयमा अध्ययनरत छिन्।

दुराडाँडा गाविस-४ का १३ वर्षीय डिलबहादुर बसेलले आफ्नो घरमा चोरी गरेको आरोपमा ०६४ असार २२ गते दुराडाँडा गाविसका वाईसीएल अध्यक्ष शिवलाल सेढाईंले अपहरण गरी हातखुट्टा बाँधी कुटपिट गरे। सेढाईंले बालकलाई असार २३ गते चन्द्रेश्वरस्थित प्रहरी चौकीमा बुझाए। प्रहरीले उनलाई असार २५ गते परिवारको जिम्मा लगायो।

बाँझाखेत गाविस-६ की ११ वर्षीया एक बालिकालाई ०६४ असोज १९ गते सोही ठाउँका २२ वर्षीय ठागु भनिने डिलबहादुर गुरुङले घरमा कोही नभएका बेला बलात्कार प्रयास गरे। पीडक हाल जेलमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

त्राहुनडाँडा गाविस-५ का २६ वर्षीया एक युवतीलाई ०६४ पुस १६ गते राति सोही ठाउँस्थित प्रहरी चौकीका प्रहरी जवान ३२ वर्षीय कृष्णबहादुर केसीले बलात्कार प्रयास गरे। पीडकलाई विभागीय कारबाही गरिने डीएसपी प्रमोदकुमार खरेलले बताए।

३.४ स्याङ्जा



जनसङ्ख्या :	३,३५,०५६
साक्षरता प्रतिशत :	७२
महिला साक्षरता प्रतिशत :	५७
क्षेत्रफल (वर्ग कि. मि.):	१,१६४
गाविस/नपा सङ्ख्या :	६०/२
सरकारी/निजी विद्यालय :	६९१/६४
क्याम्पस/उच्च मा.वि. :	१३/४५
अस्पताल/स्वास्थ्य चौकी :	१६०
मोटर सडक (कि. मि.):	३७५
प्रहरी कार्यालय सङ्ख्या :	२०
मानव विकास सूचकाङ्क :	०.५३५
प्रतिपरिवार सरदर सङ्ख्या :	५

घटनाको प्रकार	गैरराज्यपक्षबाट				राज्यपक्षबाट			
	अन्यबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२				
घाइते	२	६		६				
गिरफ्तारी/यातना					१		१	१
कुटपिट	४	६	१	७	१	१		१
महिलाअधिकार	४		४	४				
बालअधिकार	४	२	२	४				
जम्मा	१६	१५	८	२३	२	१	१	२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

खिलुङदेउराली गाविस-९ निवासी काङ्ग्रेसका सक्रिय सदस्य ४५ वर्षीय शोभाकान्त अर्यालको हेलु बजारबाट घरतर्फ फर्कदै गर्दा ०६४ वैशाख २६ गते राति सोही ठाउँको मार्तमास भन्ने ठाउँमा छिमेकी रामबहादुर खाम्चाले व्यक्तिगत रिसइवीका कारण खुकुरीले घाँटी रेटी हत्या गरे। सोही दिन साँझ स्थानीय बासिन्दा दीपक कोइरालाले उनको लास देखेपछि प्रहरीलाई खबर गरेका थिए। लासको पोस्टमार्टम ०६४ वैशाख २७ गते गरियो। खाम्चाले हत्या गरेको स्वीकार गरेका छन्। उनी हाल जिल्ला कारागारमा थुनामा रहेका छन्।

जेल र बन्दीहरू

यस जिल्लामा ३५ जना बन्दी क्षमता भएको 'ङ' श्रेणीको जिल्ला कारागारमा नौ जना महिलासहित ४० जना बन्दी रहेका छन्, जसमध्ये १५ जना कैद तोकिएका र २५ जना कैद नतोकिएका बन्दीहरू रहेका छन्। कारागारमा पत्रपत्रिका एवम् टीभीको व्यवस्था छ। बिजुलीको व्यवस्था राम्रो छ। तर, बन्दीहरूको स्वास्थ्य परीक्षणको व्यवस्था उचित समयमा हुन सकेको छैन।

धम्की/कुटपिट

झडपबाट

वालिङ बहुमुखी क्याम्पसमा अनेरास्ववियु (क्रान्तिकारी), नेविसङ्घ र अनेरास्ववियुका कार्यकर्ताहरूबीच ०६३ चैत ६ गते सोही क्याम्पस प्राङ्गणमा भएको झडपमा अनेरास्ववियु (क्रान्तिकारी) का सभापति रमणि डुम्रे, नेविसङ्घ एकाइ सभापति महेश पङ्गेनी र अनेरास्ववियुका दामोदर तिवारी र प्राध्यापक अमृत खनाल घाइते भए। घाइतेमध्ये रमणि र महेशको पोखरामा उपचार भयो भने दामोदरको भरतपुर अस्पतालमा उपचार भयो। शिक्षकले विद्यार्थीलाई बलात्कार गरेको विषयमा वादविवाद भएपछि सो त्रिपक्षीय झडप भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत, स्याङ्जामा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा ३७ थान रहेकामा यस वर्ष २२ थान फर्स्यौट भई १५ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ४४ थानमध्ये १६ थान फर्स्यौट भई २८ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म ४३ थान दुनियाँवादी फौजदारी मुद्दा बाँकी रहेका छन्।

यसैगरी, सरकारी फौजदारी मुद्दा २२ थान दर्ता भएकामा पाँच थान फर्स्यौट भए भने १७ थान बाँकी रहेका छन्। सरकारवादी फौजदारी मुद्दा ३३ थान भएकामा १४ थान फर्स्यौट भए भने १९ थान बाँकी रहे। यसैगरी सरकारवादी फौजदारी मुद्दा गत वर्षका ११ थान रहेकामा नौ थान फर्स्यौट भए भने दुई थान बाँकी रहे। देवानीतर्फ १ सय ९० थान मुद्दामा गत वर्षका ३८ थान मुद्दा फर्स्यौट भए भने ५८ थान बाँकी रहे। नयाँ दर्ता भएका देवानीतर्फ ५४ थान फर्स्यौट भए भने ५८ थान बाँकी रहे।

यस वर्षको अन्त्यसम्म १ सय ५८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

यातना तथा अन्य क्रूर/ अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

चोरीको आरोपमा गिरफ्तार गरिएकी वालिङ नपा-२ की २७ वर्षीया राधा सार्कीलाई ०६४ कात्तिक १ गतेदेखि तीन दिनसम्म इलाका प्रहरी कार्यालय, वालिङका असई हरिकृष्ण देवकोटाले प्रहरी हिरासतमा पाइपको लट्ठीले गुप्ताङ्ग र शरीरका विभिन्न भागमा कुटपिट गर्दै यातना दिए। पीडित कात्तिक ३ गते रिहा

भएपछि इन्सेक जिल्ला प्रतिनिधिलाई भेटी न्यायका लागि पहल गरिदिन अपिल गर्दै निवेदन दिइन्। पीडकलाई माफी मगाएर उपचारखर्चस्वरूप तीन हजार रुपियाँ तिराइएको थियो। सोही घटनामा वालिङ नपा-२ निवासी ४५ वर्षीय भोला भनिने टसबहादुर सार्कीलाई समेत हिरासतमा ०६४ कात्तिक ३ गते खुट्टामा कीला ठोक्दै यातना दिइएको थियो। मानवअधिकारकर्मीको पहलमा पीडितको उपचारस्वरूप तीन हजार रुपियाँ पीडकबाट असुल गरी माफ मगाइएको थियो। दुवैको उपचार वालिङस्थित गरौंकालिका उपस्वास्थ्य चौकीमा भयो।

बालअधिकार

पुतलीबजार नपा-५ की १४ वर्षीया अपाङ्ग एक बालिकालाई मिठाईको प्रलोभन देखाई बहाकोट गाविस-६ घर भई पुतलीबजार नपा-५ बस्ने ५० वर्षीय नरबहादुर हमालले ०६४ असार २८ गते बिहान शौचालयमा लगी बलात्कार गरे। पीडक जिल्ला कारागार शाखा, स्याङ्जामा रहेका छन्।

वालिङ महोत्सवमा जय सम्राट जेम्नेस्टिक सर्कसमा जोखिमपूर्ण काममा लगाइएका बालबालिकाहरूलाई ०६३ फागुन १ गते स्याङ्जा इन्सेक जिल्ला प्रतिनिधि र जिल्ला बालकल्याण समितिको पहलमा उद्दार गरी मकवानपुरको हेटौंडास्थित बालकल्याण संस्थामा पुऱ्याइयो। त्यसरी सर्कसमा प्रयोग गरिएका बालबालिकाहरूमा विराटनगर उमनपा-१९ की १६ वर्षीया करुणा तामाङ, मोरङ जिल्ला केराबारी गाविस-९ की १४ वर्षीया गोमा तामाङ, १४ वर्षीया मन्दिरा तामाङ, सुनसरी जिल्ला सम्पोस गाविस-९ की १९ वर्षीया तारा दियाली रहेका थिए। हाल उनीहरू उक्त संस्थामा नै रहेका छन्।

३.५ कास्की



जनसङ्ख्या	४,५६,०४७
साक्षरता प्रतिशत	७२
महिला साक्षरता प्रतिशत	६१
क्षेत्रफल (वर्ग कि. मि.)	२,०१७
गाविस/नपा सङ्ख्या	४३/२
सरकारी/निजी विद्यालय	५५९/१९६
क्याम्पस/उच्च मा.वि.	१३/५६
अस्पताल/स्वास्थ्य चौकी	७/४८
मोटर सडक (कि. मि.)	४०५
प्रहरी कार्यालय सङ्ख्या	२९
मानव विकास सूचकाङ्क	०.५५०
प्रतिपरिवार सरदर सङ्ख्या	५

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ३४ जना पुरुष र चार जना महिला तथा कैद नतोकिएका ९६ जना पुरुष र १० जना महिला गरी १ सय ४४ जना बन्दी रहेका छन्। त्यसैगरी, एक जना आश्रित बालक पनि कारागारमा रहेका छन्। कास्की कारागारमा जम्मा १ सय ४५ जना बन्दी रहेका छन्, जसमा एक जना भारतीय नागरिक पनि कर्तव्य ज्यानको मुद्दामा कारागारमा छन्। ४० जना पुरुष र २० जना महिला गरी ६० जनाको क्षमता रहे पनि १ सय ४५ जना बस्नुपर्दा बन्दीहरूलाई असुविधा भएको छ। जीर्ण बन्दै गएको कारागारमा आईसीआरसीको पहलमा ०६४ कात्तिक महिनाबाट भौतिक निर्माण सुरु गरिएको छ। कारागारमा बन्दी तथा थुनुवाहरूलाई प्रशासनले सबै सुविधा उपलब्ध गराएको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट							राज्यपक्षबाट				
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	३	१	१	३								
घाइते	३	१५	३	१८	१	३	३					
गिरफ्तारी/यातना								३	३			३
कुटपिट					४	११	११	३	४	१	८	१३
धम्की	३	३		३	१	१	१					
जातीय विभेद	१		१	१								
महिलाअधिकार								१		१		१
बालअधिकार	३		३	३								
अमानवीय व्यवहार	१	१		१	१	३	३					
अपहरण	५	१३	३	१६	५	८	८					
जम्मा	१५	३३	९	४३	१३	३४	३४	५	८	३	८	१८

बेपत्ता/अपहरण

माओवादीबाट

पोखरा उमनपा-१७ निवासी अरुण निर्माण सेवाका सञ्चालक ३१ वर्षीय कृष्ण लम्साललाई ०६३ फागुन १४ गते बिहान माओवादीका कार्यकर्ताले डिभिजन सडक कार्यालय नं. २ सहिदचोकबाट अपहरण गरे। डिभिजन सडक कार्यालयले आह्वान गरेको टेण्डर हाल्न पुगेका लम्साललगायतका निर्माण व्यवसायीलाई 'माओवादीले टेण्डर बहिष्कार गर्नु भनेकामा त्यसको अवज्ञा गरेको' भन्दै लम्साललाई अपहरण गरिएको थियो। अपहरित लम्सालको मुक्तिको माग गर्दै व्यवसायीहरूले माओवादीको सिर्जनाचोकस्थित पार्टी कार्यालयअगाडि दुई घण्टा चक्काजाम गरी विरोध जनाएपछि माओवादीले गल्ती भएको भन्दै क्षमा मागे। पीडितलाई सोही दिन दिउँसो सिर्जनाचोकस्थित पार्टी कार्यालयबाट समितिका अध्यक्ष ओम गौचनको जिम्मामा मुक्त गरे।

गोरखा जिल्ला मसेल गाविस-९ घर भई पोखरा उमनपा-६ हल्लनचोकस्थित होटल स्टेवेलमा कार्यरत १८ वर्षीय सवीन अधिकारीलाई ०६३ फागुन २३ गते साँझ माओवादीले होटलबाटै अपहरण गरे। अधिकारीलाई अनुसन्धानका लागि भन्दै माओवादीले अपहरण गरेको वडा प्रहरी कार्यालय, वैदामले जनायो। माओवादीद्वारा ०६३ फागुन २४ गते पोखरामा आयोजना गर्न लागिएको आमसभाका लागि पृथ्वीचोकमा निर्माण गरिएको स्वागत गेट ०६३ फागुन २३ गते साँझ गोरखाका माओवादी पीडित नुरप्रसाद अधिकरीले पेट्रोल छर्किएर जलाएपछि माओवादीले उनका आफन्त सविनलाई अपहरण गरेका थिए। पीडित ०६३ फागुन २४ गते साँझ सिर्जनाचोकस्थित माओवादीको पार्टी कार्यालयबाट मुक्त भए। स्वागत गेट जलाउने नुरप्रसादलाई प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा राखेकामा ०६३ फागुन ३० गते इन्सेक प्रतिनिधिको रोहबरमा रिहा भए।

गोरखा जिल्ला निवासी ३२ वर्षीय सुकबहादुर श्रेष्ठ, पोखरा उमनपा-५ का २४ वर्षीय बबी लामा, तनहुँ जिल्लाका २५ वर्षीय प्रकाश गुरुङ र २१ वर्षीय अशोक भुजेल नक्कली वाईसीएल बनी चन्दा सङ्कलन गर्ने र सर्वसाधारणलाई धम्क्याउँदै हिँडेको आरोपमा ०६४ असार १४ गते माओवादी कार्यकर्ताले उनीहरूलाई पोखराका विभिन्न स्थानबाट अपरहण गरे। उनीहरूले सार्वजनिक स्थलमा आफ्नो गल्ती स्वीकार गरी माफी मागेपछि माओवादीले भोलिपल्ट प्रहरी कार्यालयमा बुझाए।

पोखरा उमनपा-१३ कुँडहरका ४० वर्षीय गङ्गाबहादुर गुरुङलाई ०६४ भदौ २३ गते दिउँसो माओवादीले पोखरा उमनपा-१० रामघाटबाट अपरहण गरे। 'पार्टी कार्यालयमा निवेदन परेको छ' भन्दै तीन जनाको सङ्ख्यामा गएका माओवादी कार्यकर्ताले गुरुङलाई अपहरण गरेका थिए। गुरुङ-पत्नीले आफू र

बालबच्चाको हेरचाह नगरेको भन्दै पतिविरुद्ध माओवादी पार्टी कार्यालयमा निवेदन दिएका आधारमा माओवादीले अनुसन्धानका लागि भन्दै गुरुङलाई अपहरण गरेका थिए। परिवारको हेरचाह गर्ने सर्तमा गुरुङ भोलिपल्ट मुक्त भए।

पोखरा उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्पसमा हतियारसहित प्रवेश गरेको भन्दै प्रहरी हवल्दार मोहन श्रेष्ठलाई ०६४ असोज ६ गते बिहान अनेरास्वियु (क्रान्तिकारी) ले क्याम्पस परिसरबाट अपहरण गरे। सो घटनालगत्तै प्रहरीले तत्काल क्रान्तिकारीको कार्यालयमा छापा मारी श्रेष्ठलाई मुक्त गराएका थिए भने विद्यार्थीलाई कुटपिट गरे। प्रहरीको लाठीचार्जबाट क्रान्तिकारीका क्याम्पस एकाइ अध्यक्ष गोविन्द केसी, जिल्ला सचिव दिनेश पौडेल, सहसचिव सुवास पौडेल र सदस्य युवराज सिटौला घाइते भएका थिए।

वाईसीएलबाट

पोखरास्थित सशस्त्र प्रहरी तालिम महाविद्यालय, लामापाटनमा कार्यरत सशस्त्र प्रहरी निरीक्षकद्वय नवराज सुवेदी र प्रकाशचन्द्र भट्टले मादक पदार्थ सेवन गरी होहल्ला गरेको आरोपमा ०६३ फागुन १३ गते वाईसीएलले उनीहरूलाई पोखरा उमनपा-९ पृथ्वीचोकस्थित होटल गल्कोटबाट अपहरण गरे। पीडितद्वयलाई स्थानीय पृथ्वीचोकमा एक सार्वजनिक कार्यक्रम गरी वडा प्रहरी कार्यालय, बैदामका प्रहरी निरीक्षक केदार खनालको जिम्मामा ०६३ फागुन १३ गते साँझ मुक्त गरे।

पोखरा उमनपा-१० रामबजारका राजु गुरुङ, पोखरा उमनपा-२ अर्चलबोटका विराट केसी, पोखरा उमनपा-१० लाँलीगुराँस टोलका प्रकाश गुरुङ, मनबहादुर गुरुङ, पोखरा उमनपा-३ नदीपुरका नारायण गुरुङ, आर्वा गाविसका मनबहादुर नेपाली र सोही ठाउँका किरण बरालले हतियारसहित गुण्डागर्दी गर्दै हिँडेको आरोपमा ०६३ फागुन १४ गते वाईसीएलका कार्यकर्ताले उनीहरूलाई पोखरा उमनपा-८ महेन्द्रपुलबाट अपहरण गरे। पीडितहरूलाई ०६३ फागुन १५ गते परिवारको जिम्मामा मुक्त गरे।

लेखनाथ नपा-३ अर्घौं निवासी सेभेन लेक रेष्टुरेण्टका सञ्चालिका ४७ वर्षीया मीना भण्डारी र सोही ठाउँका ३२ वर्षीय हरिबहादुर जीसीलाई ०६४ असार २० गते साँझ वाईसीएलका कार्यकर्ताले उनीहरूकै पसलबाट अपहरण गरी भोलिपल्ट सार्वजनिक रूपमा माफी माग्न लगाई लेखनाथ नपा-३ अर्घौंबाट मुक्त गरे। वाईसीएलले पीडितद्वयले वेश्यावृति गराएको र जुवा-तास खेलाएको तथा ठगी गरेको आरोपमा अनुसन्धानका लागि भन्दै अपहरण गरेको जनायो।

वाईसीएलद्वारा अपहरण गरी मार्ने धम्की दिइएका लोकप्रसाद अधिकारी

पोखरा उमनपा-६ हल्लनचोकस्थित गार्डेन रेस्टुराँका सञ्चालक राम गौतम, कर्मचारीहरू कृष्ण थापा, सपना श्रेष्ठ र पवित्रा थापालाई ०६४ असार २८ गते राति वाईसीएलका कार्यकर्ताले सोही रेस्टुराँबाट अपहरण गरे। समाजमा विकृति फैलाएको र वेश्यावृति गरेको आरोपमा माओवादीनिकट मजदुर सङ्गठन अखिल नेपाल होटल तथा रेस्टुराँ मजदुर सङ्घको सहयोगमा वाईसीएलका कार्यकर्ताले अपहरण गरेका थिए। अपहरणमा परेका चार जनालाई सार्वजनिक रूपमा माफी माग्न लगाई वाईसीएलले भोलिपल्ट प्रहरीमा बुझाएका थिए।

पोखरा उमनपा-७ का ३२ वर्षीय दीपक राना नक्कली वाईसीएल बनी चन्दा सङ्कलन गर्दै हिँडेको अवस्थामा ०६४ असार २८ गते वाईसीएलका कार्यकर्ताले उनलाई पोखरा उमनपा-१५ नयाँगाउँबाट अपहरण गरे। रानाले पोखरा उमनपा-१५ नयाँगाउँका सोमबहादुर गुरुङको घरबाट वाईसीएलका नाममा ५१ हजार नगद चन्दा सङ्कलन गरेको सूचनाका आधारमा वाईसीएलले नियन्त्रणमा लिई कारबाहीका लागि भोलिपल्ट प्रहरीमा बुझाएको थियो।

धम्की/कुटपिट

माओवादीबाट

पोखरा उमनपा-१३ कुँडहर निवासी नेपाल ट्रेड युनियन महासङ्घ गण्डकी अञ्चल सदस्य ३८ वर्षीय नरबहादुर केसी र नेपाल स्वतन्त्र खाद्य तथा पेय मजदुर युनियन औद्योगिक क्षेत्र एकाइ समितिका सदस्य २४ वर्षीय विष्णुकुमार श्रेष्ठलाई ०६३ पुस १७ गते बिहान माओवादीनिकटको मजदुर सङ्गठन अखिल नेपाल ट्रेड युनियन महासङ्घका कार्यकर्ताले कुटपिट गरे। माओवादीनिकटका मजदुर सङ्गठनका सुरेश गुरुङ,

प्रहरीद्वारा कुटपिट गरिएका आँखा नदेख्ने लक्ष्मण सुवेदी

राम घले, दिलीप थापासहितका आठ जनाले राजनीतिक आस्थाका आधारमा धम्कीसहित कुटपिट गरेको पीडितले बताए। पोखरा नुडल्स प्रालिमा कार्यरत ९० जना मजदुरलाई प्रशासनले एकैसाथ निष्कासन गरेको भन्दै विरोध गर्दै आएका माओवादीनिकट मजदुरले उद्योगमा तालाबन्दी गर्दा जिफण्टले सहयोग नगरेको भन्दै पीडितहरूलाई कुटपिट गरिएको थियो।

लाहाचोक गाविसका सचिव ३५ वर्षीय एकनाथ पौडेलले माओवादी पार्टीले भनेको नमानेको आरोपमा ०६४ असार १३ गते उनलाई माओवादी इलाका नं. १४ का इञ्चार्ज जगन तिवारीले कुटपिट गरी मार्ने धम्की दिए।

स्वीजरल्याण्डका नागरिक ३१ वर्षीय स्टेभ जिन्नेरिटले माओवादीलाई चन्दा नदिएको आरोपमा ०६४ मङ्सिर १९ गते उनलाई माओवादीले कुटपिट गरे। उनी राउण्ड अन्नपूर्ण क्षेत्रमा १८ दिनको पदयात्रा सम्पन्न गरी पोखरातर्फ फर्कदै गर्दा सल्यान गाविसको वीरेठाँटीमा इलाका नं. १४ का माओवादी कार्यकर्ताहरू घाचोक गाविस-४ का २४ वर्षीय राजेश लम्साल र रिभान गाविस-५ का २० वर्षीय विजय विकले जिन्नेरिटसँग चन्दा माग गर्दा नदिएको भन्दै दाउराले टाउकोमा प्रहार गरी कुटपिट गरेका थिए। कुटपिटबाट उनको टाउको, खुट्टा, तिघ्रा र घुँडामा चोट लागेको थियो। कुटपिटमा संलग्न माओवादी कार्यकर्ता लम्साल र विकलाई ०६४ मङ्सिर २१ गते प्रहरीले सल्यान गाविसको वीरेठाँटीबाट गिरफ्तार गऱ्यो। गिरफ्तारपछि जिल्ला प्रहरी कार्यालयबाट सार्वजनिक अपराधको मुद्दा चलाइएकामा उनीहरू ०६४ पुस २ गते जिल्ला अदालतबाट धरौटीमा रिहा भए ।

पोखरा उमनपा-१८ मा रहेको वन विज्ञान अध्ययन संस्थानमा अनेरास्ववियु (क्रान्तिकारी), अनेरास्ववियु र नेविसङ्घका विद्यार्थीबीच ०६४ मङ्सिर २६ गते झडप हुँदा पाँच जना विद्यार्थी घाइते भए। घाइते हुनेहरूमा नेविसङ्घका एकाइ समिति सभापति रामकुमार भण्डारी, सदस्यहरू विपीन सुवेदी, प्रवल राना, सागर गौतम र रवीन धामी रहेका छन्। घाइतेको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा र फेवासिटी अस्पतालमा उपचार भयो। मोबाइल हराएको विषयलाई लिएर उत्पन्न विवाद मिलाउन छलफल भइरहेको अवस्थामा सो झडप भएको थियो। सो घटनाका सम्बन्धमा माओवादी जिल्ला सदस्य ३७ वर्षीय दिलीपविक्रम शाहीलाई ०६४ मङ्सिर २७ गते प्रहरीले उनकै घरबाट गिरफ्तार गरी पुस १ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरेको थियो।

वाईसीएलबाट

लाहाचोक गाविस-८ बाटुलेथरका ५२ वर्षीय लोकप्रसाद अधिकारीलाई ०६४ भदौ १६ गते वाईसीएलका कार्यकर्ताले मार्ने धम्की दिए। अधिकारीलाई अपहरण गरी मार्ने धम्की दिएको र घर घेरा हाल्न गएको अवस्थामा घरबाट भाग्न सफल भएका थिए। उनलाई स्थानीय एक महिलासँग अवैध सम्बन्ध राख्ने प्रयास गरेको र माओवादी पार्टीको बदनाम गरेको भन्दै माओवादीले मार्ने धम्की दिएका थिए। पीडितले न्याय तथा जीवनरक्षाका लागि भदौ १९ गते पोखरास्थित इन्सेकलगायत मानवअधिकारवादी सङ्घ-संस्थामा निवेदन दिएका थिए। पीडितको अवस्था हाल सामान्य छ। उनी ०६४ भदौ २५ गतेदेखि घरमा नै पुन:स्थापित भई सामान्य जीवन बिताइरहेका छन्।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कास्कीकोट गाविस निवासी नेपाल नेत्रहीन सङ्घका जिल्ला सचिव ३२ वर्षीय लक्ष्मण सुवेदीलाई ०६४ जेठ २४ गते जिल्ला प्रहरी कार्यालयका निरीक्षक रमेश मल्लसहितका प्रहरीले जिल्ला प्रहरी कार्यालयअगाडि होटलमा निर्घात कुटपिट गरे। प्रहरीले नेत्रहीन सुवेदीलाई मजदुरहरूको आन्दोलनमा सहभागी भएको भन्दै कुटपिट गरेका थिए। उनको शरीरभरि नीलडाम रहेकामा स्थानीय फिस्टेल अस्पतालमा उपचार भयो। उक्त दिन माओवादीनिकटको मजदुर सङ्गठन नेपाल ट्रेड युनियन महासङ्घले जिल्ला प्रहरी कार्यालयअगाडि दिएको धर्नामा प्रहरीले हस्तक्षेप गरेपछि उक्त घटना भएको थियो। घटनामा महासङ्घका जिल्ला संयोजक शान्ति लामिछाने, गगनसिंह घर्तीलगायतका १० जना मजदुरसमेत घाइते भएका थिए। मजदुरहरूले अपराधीलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा धर्ना दिएपछि प्रहरी र मजदुरबीच झडप भएको थियो। सोही घटनापछि अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले अनेरास्ववियुका अञ्चल सचिव दुधप्रसाद घलेलाई

कुटपिट गरी घाइते तुल्याएका थिए। घलेको उपचार काठमाडौँमा भएको थियो।

अनेरास्ववियु र अनेरास्ववियु (क्रान्तिकारी) बीच ०६४ असोज ४ गते राति पोखरा उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्पस गेट परिसरमा भएको झडपमा १४ जना विद्यार्थी घाइते भए। झडपका क्रममा क्रान्तिकारीका केन्द्रीय सदस्य मदन आले, जिल्ला सदस्य चन्दा दाहाल, पृथ्वीनारायण क्याम्पस एकाइ सदस्यहरू होमबहादुर थापा, सिर्जना पौडेल, रामचन्द्र अधिकारी र अनेरास्ववियुका जिल्ला अध्यक्ष इमानराज पौडेल, सचिव सुशील बस्नेत, सदस्यहरू चन्द्रबहादुर बुढा, कुलप्रसाद पौडेल, कृष्ण घिमिरे, राजेन्द्र गौतम, दीपक रिजाल, शङ्कर पौडेल र जीवन गुरुङ घाइते भए। घाइते आलेको टाउकोमा गहिरो चोट लागेको थियो भने बायाँ हात भाँचिएको थियो। घाइतेमध्ये क्रान्तिकारीका विद्यार्थीहरूको मणिपाल शिक्षण अस्पतालमा उपचार भयो भने अनेरास्ववियुका विद्यार्थीहरूको चरक अस्पतालमा उपचार भयो। पोखरा उमनपा-१६ स्थित इन्जिनियरिङ् क्याम्पसमा सोही दिन दिउँसो भएको अनेरास्ववियु प्राकको भेलामा सम्बोधनका क्रममा एमालेनिकट विद्यार्थी नेताहरूले क्रान्तिकारीलाई लक्षित गरी गाली-गलौज गरेको विषयलाई लिएर दुवै पक्षबीच झडप भएको थियो।

माओवादीनिकटको अखिल नेपाल औद्योगिक मजदुर सङ्घ र एमालेनिकटको नेपाल स्वतन्त्र खाद्य पेय मजदुर युनियनबीच ०६४ असोज १७ गते साँझ पोखरा उमनपा-१३ औद्योगिक क्षेत्रमा भएको झडपमा दुवै पक्षका गरी पाँच जना घाइते भए। दसैँखर्च र बोनसलगायतका विभिन्न १३ सूत्रीय माग राखी आन्दोलनमा उत्रिएका पोखरा नुडल्समा कार्यरत माओवादीनिकटका मजदुरहरूले एमालेनिकट मजदुरलाई प्रशासनले वार्तामा सहभागी बनाएको भन्दै झडप भएको थियो। झडपमा कौशल थापा, विष्णु खत्री, बृहस्पति पराजुली, नरबहादुर केसी र विष्णु श्रेष्ठ घाइते भए। व्यवस्थापन पक्षसँगको वार्ता एमालेनिकटका मजदुरले बिथोल्न खोजेपछि झडप भएको माओवादीनिकटका मजदुर एकाइ अध्यक्ष बालकृष्ण बाँस्तोलाले बताए।

माओवादीद्वारा कुटपिट गरिएका स्विट्जरल्याण्डका नागरिक स्टेभ जिन्नेरिटले

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत पोखरामा फौजदारी मुद्दातर्फ जिम्मेवारी सरेर आएका ९१ थान र यस वर्ष दर्ता भएका ७७ थान गरी कुल १ सय ६८ थान मुद्दामध्ये यस वर्षको अन्त्यसम्म ६२ थान मात्र मुद्दा फर्स्यौट भए भने १ सय ६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसैगरी देवानी मुद्दातर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका ९३ थान र यस वर्ष नयाँ दर्ता १ सय ९ थान गरी कुल २ सय २ थान मुद्दामध्ये ६७ थान मात्र फर्स्यौट भए भने १ सय ३५ थान मुद्दा फर्स्यौट हुन बाँकी छन्। त्यसरी नै विविध मुद्दातर्फ गत वर्षबाट जिम्मेवारी सरेका २४ थान, यस वर्ष दर्ता भएका १८ थान गरी कुल ४२ थान मुद्दामध्ये २७ थान फर्स्यौट भई १५ थान मुद्दा बाँकी रहे। यसरी पुनरावेदन अदालतमा कुल ४ सय १२ मुद्दामध्ये १ सय ५६ थान फर्स्यौट भई २ सय ५६ थान बाँकी रहेका छन्।

जिल्ला अदालत, कास्कीमा देवानीतर्फ जिम्मेवारी सरेर आएका ४ सय ४० थान र यस वर्ष दर्ता भएका १ सय १८ थान गरी कुल ५ सय ५८ थान मुद्दामध्ये यस वर्षको अन्त्यसम्म १ सय ६९ थान मात्र मुद्दा फर्स्यौट भई ३ सय ८९ थान मुद्दा फर्स्यौट हुन बाँकी छन्। यसैगरी, फौजदारी मुद्दातर्फ जिम्मेवारी सरेर आएका ३ सय ३९ थान र यो वर्ष नयाँ दर्ता १ सय ६९ थान गरी कुल ५ सय ८ थान मुद्दामध्ये १ सय ९५ थान मात्र फर्स्यौट भई ३ सय १३ थान मुद्दा फर्स्यौट हुन बाँकी छन्। यसरी जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्मका कुल १ हजार ६६ थान मुद्दामध्ये ३ सय ६४ थान फर्स्यौट भई ७ सय २ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माओवादीबाट

पोखरा उमनपा-२ मिरुवा निवासी राप्रपा कार्यकर्ता ६५ वर्षीय लीलाविक्रम राणा र पोखरा उमनपा-१७ का ३० वर्षीय प्रेमकुमार राईलाई ०६३ माघ २८ गते माओवादीनिकटको अखिल नेपाल सुकुम्वासी मजदुर सङ्घका कार्यकर्ताले मोसो दली बजार परिक्रमा गराए। उनीहरूले सुकुम्वासीबाट १ सय २५ रुपियाँका दरले रकम सङ्कलन गर्दै हिँडेको र दरबारिया शक्तिका रूपमा चलखेल गरेको आरोप माओवादीले लगाए।

अनेरास्ववियु र अनेरास्ववियु (क्रान्तिकारी) बीच झडप हुँदा घाइते भएका दुधप्रसाद घले, इमानराज पौडेल र मदन आले

पीडितकी आमाले बताइन्। बालिका रोइरहेको र गुप्ताङ्गमा रगतसहितको घाउ देखेपछि आमाले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेपछि पीडक युवकलाई प्रहरीले पक्राउ गरी जबरजस्ती करणीको मुद्दा चलाएको छ। बालिकाको स्वास्थ्य स्थिति सामान्य छ।

जिल्ला बाल सञ्जालका अध्यक्ष १४ वर्षीय बलराम अधिकारी र सल्लाहकार १५ वर्षीय भगवान गिरीलाई ०६४ असार २१ गते बिहान अज्ञात व्यक्तिले मार्ने धम्की दिए। पीडितद्वयले सुरक्षाका लागि मानवअधिकारवादी र प्रशासनसमक्ष अनुरोध गरेका थिए। धम्कीपछि ०६४ असार २१ गतेदेखि २६ गतेसम्म उनीहरू इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालयमा आश्रय लिएर बसेका थिए। ०६४ असार २६ गते प्रशासनले सुरक्षाको ग्यारेण्टी दिने बताएपछि उनीहरू घर फर्किए।

वाईसीएलबाट

पुम्दी भुम्दी गाविस-५ निवासी सोही गाविसका नेपाल तरुण दलका संयोजक ३२ वर्षीय प्रेमप्रसाद बरालले एक महिलालाई बलात्कार गरेको आरोपमा ०६४ असोज ६ गते वाईसीएलका कार्यकर्ताले मोसो दलेर गाउँ घुमाई तीन महिनासम्म श्रमशिविरको कारबाही सुनाए। छिमेकी एक १३ वर्षीया बालिकालाई ०६४ भदौ २७ गते घरनजिकैको खोल्सामा बलात्कार गरेको भन्दै वाईसीएलले बराललाई १ लाख रुपियाँ क्षतिपूर्ति दिनुपर्ने र ३ महिनासम्म स्थानीय सरस्वती प्राविमा सरसफाइ गर्नुपर्ने गरी फैसला सुनाएको थियो। परिवारको उजुरीका आधारमा अनुसन्धान गर्दा पीडकले घटना स्वीकार गरेको माओवादीले जनाएको छ।

बालअधिकार

लेखनाथ नपा-७ पुरानोकुला निवासी सात वर्षीया एक बालिकालाई सोही ठाउँका १७ वर्षीय कृष्णप्रसाद ढकालले ०६३ चैत १६ गते साँझ बालिकाको घरमा नै बलात्कार गरे। घरमा कोही नभएको समयमा विभिन्न प्रलोभनमा पारी उक्त युवकले बालिकालाई बलात्कार गरेको इलाका प्रहरी कार्यालय, डाँडाकोनाकले जनायो। बलात्कारको अभियोग लागेका ढकाललाई प्रहरीले पक्राउ गरी जबरजस्ती करणीको मुद्दा चलाएको छ। पीडित बालिकाको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा स्वास्थ्य परीक्षण गरियो। बालिकाको अवस्था हाल सामान्य छ।

गोरखा जिल्ला घर भई हाल पोखरा उमनपा-१० रामघाटमा डेरा गरी बस्ने पाँच वर्षीया बालिकालाई सोही ठाउँ बस्ने १७ वर्षीय युवक सुरेश गुरुङ (विक) ले ०६३ चैत १३ गते दिउँसो घरमा नै बलात्कार गरे। घरमा कोही नभएको समय पारेर उक्त युवकले बालिकालाई ललाइफकाई बलात्कार गरेको

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

पोखरा उमनपा-६ वैदामस्थित सो गर्ल डान्स रेस्टुरेण्टमा कार्यरत १८ वर्षीया एक युवतीलाई वडा प्रहरी कार्यालयका सई नवराज अधिकारीले ०६४ कात्तिक १२ गते पेस्तोल देखाई फेवाताल किनारस्थित जङ्गलमा बलात्कार गरे। डान्स रेस्टुरेन्टमा कार्यरत ती युवतीलाई होटल सञ्चालकहरूले नाङ्गै नाँच्न भनेको र नमानेपछि कुटपिट गरी राति ११ बजे सई अधिकारीको जिम्मा लगाएका थिए। उनलाई नियन्त्रणमा लिएपछि सई अधिकारीले फेवाताल किनारमा लगी बलात्कार गरेको पीडित युवतीले ०६४ कात्तिक १४ गते पत्रकार सम्मेलनमार्फत बताइन्। उनले कात्तिक १४ गते नै जिल्ला प्रहरी कार्यालयमा न्यायको माग गर्दै उजुरी दिएकी छन्। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

पोखरा उमनपा-१७ छोरेपाटन निवासी ३४ वर्षीया सीता विकलाई सोही ठाउँ निवासी मीठू पनेरुले सार्वजनिक धारामा पानी छोएको आरोपमा ०६४ असार ९ गते पोखरा उमनपा-१७ छोरेपाटनामा कुटपिट र

दुर्व्यवहार गरिन्। धारामा पानी भर्न गएकी सीतालाई धाराबाट पाइप जोडेर घरमा पानी लगेको र गाग्रीको पानी छोएको आरोपमा मीठूले कुटपिट गरी सार्वजनिक रूपमा बेइज्जत गरेको पीडितले बताइन्। पानी भर्न गएकी सीतालाई धारादेखि टाढा रहन र सार्वजनिक धारा छुन नहुने भन्दै मीठूले गाली-बेइज्जत र कुटपिट गरेको उनले जानकारी दिइन्। यसअघि पनि आफूलाई पानीको पाइप बिछ्याएको बाटो हिँड्न बन्देज लगाउने, बाटो-घाटोमा हिँड्डुल गर्दा समेत गाली गर्नेजस्ता मानसिक यातना दिँदै आएको बताउँदै पीडितले न्यायका लागि पहल गरिदिन मानवअधिकारकर्मीसमक्ष अनुरोध गरेकी थिइन्। मानवअधिकारकर्मीको पहलमा मिठूले सीतालाई दुर्व्यवहार नगर्ने प्रतिबद्धताका साथ ०६४ असार ११ गते सार्वजनिक रूपमा माफी मागिन्।

३.६ मनाङ



जनसङ्ख्या : १४,२३५
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): २,२४६
गाविस/नपा सङ्ख्या : १३/०
सरकारी/निजी विद्यालय : ३१/१
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१३
मोटर सडक (कि. मि.): ०
प्रहरी कार्यालय सङ्ख्या : ४
मानव विकास सूचकाङ्क : ०.५०२
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

नार गाविस-१ का ४६ वर्षीय पेम्वा साङ्गे लामालाई ०६४ जेठ १२ गते बेलुकी नम्म्याखर्क लेकमा चितवन घर बताउने २४ वर्षीय रामे चेपाङले दाउरा प्रहार गरी हत्या गरे। लामा स्थानीय वन उपभोक्ता समितिका सदस्य रहेकाले उनी यार्सागुम्बा टिप्नेहरूको पुर्जी निरीक्षण गर्न गएका बेला एक समूहसँग पुर्जीको विवाद हुँदा सो घटना भएको थियो। प्रहरीले घटनामा संलग्न भएको आरोपमा चार जनालाई गिरफ्तार गरी मुद्दा चलायो।

जेल र बन्दीहरू

भाडामा लिएको जिल्ला कारागार शाखाको कार्यालयमा बन्दी राख्ने स्थानको अभाव हुँदा बन्दीहरूलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिने गरिएको छ। यस वर्षको अन्त्यसम्म तीन जना पुरुष बन्दी रहेकामा उनीहरूलाई प्रहरी कार्यालयमा राखिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष मनाङ जिल्ला अदालतमा तीन थान मुद्दा दायर भएकामा तीनै थान मुद्दा बाँकी रहेका छन्, जसमा ज्यानमारा दुई, जबरजस्ती करणी एक रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

तिलिचो बेस क्याम्पस्थित एक होटलमा २० वर्षीया एक फ्रेञ्च युवतीलाई ०६३ चैत ४ गते राति खाडसार गाविस-१ का ४१ वर्षीय छाङ नुर्पा गुरुङले बलात्कार गरे। पीडितले गण्डकी अञ्चल प्रहरी कार्यालय, पोखरामा उजुरी दायर गरेकी छन्। पीडकलाई प्रहरीले गिरफ्तार गरी जिल्ला अदालतमा मुद्दा दायर गरेकामा उनी जिल्ला अदालतको तारेखमा रिहा भए।

पारिवारिक हिंसा

ताचैबजारछाप गाविस-७ घर भई हाल चामे गाविस-३ तिमाङमा बस्दै आएका ४६ वर्षीय पाँते घलेलाई ०६४ भदौ १० गते उनका पति ६० वर्षीय रतन घलेले बञ्चरो प्रहार गरी हत्या गरे। पीडकलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट			
	अन्य			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३
जातीय विभेद	१	१		१
महिलाअधिकार	१		१	१
जम्मा	४	३	१	४

सबै प्रकारका जातीय विभेद

चामे गाविस-५ चामेका ३७ वर्षीय सोमराज परियारलाई ०६४ वैशाख २६ गते जिल्ला विकास समिति, मनाङका स्थानीय विकास अधिकारी रामजीप्रसाद बरालले जिविस सभाहलबाट निष्कासन गरे। दलित विकास कोषमा दुईपक्षबीच विवाद भएपछि परियारलाई निष्कासन गरिएको थियो। सो घटनापछि पीडितले नागरिक समाजमा निवदेन गरे। पीडकले आफ्नो गल्ती स्वीकार्दै नागरिक समाजका व्यक्तिसमक्ष माफी मागेपछि दुई पक्षीबीच सहमति भएको थियो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

लमजुङ तथा मनाङ जिल्ला प्रशासनको सहमतिमा बेसीसहर चामे सडक निर्माण गर्दै आएको नेपाली सेनाले सडक निर्माण गर्ने क्रममा बम विस्फोट गराउँदा ढिस्को खसेर ०६४ मङ्सिर ११ गतेदेखि पुस १७ गतेसम्म आवत-जावत तथा खच्चड ढुवानीमा पूरै बाधा परी सम्पूर्ण मनाङवासीहरूलाई खाद्यान्नलगायत अति आवश्यक वस्तुहरूको अभाव भयो, जसले गर्दा लामो समय जनजीवन प्रभावित भयो।

चन्दा असुली

अन्नपूर्ण क्षेत्रका पदयात्री पर्यटकहरूबाट माओवादीले मनाङ जिल्लाको नाका तालमा ०६४ असोजको दोस्रो हप्ताबाट प्रत्येक व्यक्तिबाट प्रतिदिनको १ सय रुपियाँका दरले चन्दा असुल गरे।

३.७ नवलपरासी



जनसङ्ख्या : ६,७१,३६४
साक्षरता प्रतिशत : ६३
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.): २,१६२
गाविस/नपा सङ्ख्या : ७३/१
सरकारी/निजी विद्यालय : ५४६/९३
क्याम्पस/उच्च मा.वि. : ७/२८
अस्पताल/स्वास्थ्य चौकी : ३/८२
मोटर सडक (कि. मि.): ३९०
प्रहरी कार्यालय सङ्ख्या: ३५
मानव विकास सूचकाङ्क: ०.४८२
प्रतिपरिवार सरदर सङ्ख्या: ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

सोमनी गाविस-५ का काङ्ग्रेस कार्यकर्ता ३५ वर्षीय बेचई यादव र भुजहवा गाविस-४ निवासी काङ्ग्रेसका गाउँ एकाइ उप-सभापति ३६ वर्षीय गोवरी यादवलाई ०६४ असार १८ गते भुजहवा गाविस-२ कुटीचोकमा अज्ञात हतियारधारी समूहले गोली प्रहार गरी हत्या गऱ्यो। हत्याको कारण खुल्न सकेको छैन। काङ्ग्रेस जिल्ला समितिले आफ्ना दुई कार्यकर्ताको हत्या माओवादी कार्यकर्ताले गरेको विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ। तर, सो घटनामा माओवादीले आफ्नो हात नरहेको जनायो।

रामनगर गाविस-९ फरौली निवासी माओवादी कार्यकर्ता ३१ वर्षीय हरिजनलाई ०६४ भदौ ६ गते अज्ञात समूहले घरबाटै अपहरण गरेकामा उनको ०६४

भदौ ७ गते रुपन्देही जिल्लाको देवदह गाविस-८ स्थित जङ्गलमा हत्या गरी फ्याँकिएको अवस्थामा लास फेला पऱ्यो। पीडक र हत्याको कारण खुल्न सकेको छैन।

माकर गाविस-६ निवासी माओवादी कार्यकर्ता ४५ वर्षीय कृष्णबहादुर विकलाई ०६४ जेठ १२ गते अज्ञात समूहले घरबाटै अपहरण गरेकामा जहदा गाविस-५ स्थित खेतमा हत्या गरेको अवस्थामा भोलिपल्ट लास फेला पऱ्यो ।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

पक्लिहवा गाविस-४ रतनगञ्जमा बेवारिसे अवस्थामा छाडिएको बम ०६४ मङ्सिर २८ गते विस्फोट हुँदा पक्लिहवा गाविस-४ रतनगञ्जकी ४५ वर्षीया पानमति गुप्ता, ६० वर्षीया गङ्गाजली कुशवाह, नौ वर्षीय मुकेश गुप्ता, ४६ वर्षीया केस्रावती गुप्ता, भारत उत्तर प्रदेशकी ४४ वर्षीया प्रभावती गुप्ता र पक्लिहवा गाविस-४ की सात वर्षीया गुड्डी कुशवाह घाइते भए। घाइतेमध्ये पानमतिको लुम्बिनी अञ्चल अस्पताल, बुटवलमा उपचार भयो भने अन्यको स्थानीय उपस्वास्थ्य चौकीमा उपचार भयो।

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जिल्लाको कारागार शाखाको क्षमता ३५ जनाको रहेको छ। यस वर्षसम्मको अन्त्यसम्ममा ४५ जना बन्दीहरू रहेका छन्, जसमा पाँच जना कैद तोकिएका र ४० जना कैद नतोकिएका बन्दीहरू रहेका छन्। जेलको अवस्था अत्यन्त जीर्ण रहेको छ। सामान्य मर्मतपछि दुईओटा पुरुषका लागि र एउटा महिलाका लागि कोठा सञ्चालनमा आएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

जहदा गाविस-८ घर भई माकर बहुमुखी सहकारी संस्थाका व्यवस्थापक ३० वर्षीय रघुनाथ चौधरीले उधारो सामान लिएर पैसा नतिरेको आरोपमा ०६३ पुस १७ गते माओवादी कार्यकर्ताले उनलाई माकर गाविस-४ बाट अपहरण गरे। पीडितलाई १ लाख रकम तिर्ने सर्तमा पाँच घण्टा नियन्त्रणमा राखी सोही दिन अज्ञात स्थलबाट मुक्त गरे ।

मुकुन्दपुर गाविस-६ मा रहेको गोरखा ब्रुअरीमा कार्यरत कर्मचारीहरू विकास अमात्य, निरज दुलाल, टङ्कमणि काफ्ले, पदम सङ्ग्रौला, सुरेश सेन, नवीनमान तुलाधरलगायत ४० जनालाई माओवादीको ट्रेड युनियनका कार्यकर्ताले ०६३ फागुन १७ गते दिउँसो तीन घण्टासम्म कार्यकक्षमा बन्धक बनाए। उनीहरू माओवादीका जिल्ला सेक्रेटरी दर्शन र इलाका नं.१ इञ्चार्ज प्रकाशको उपस्थितिमा भएको छलफलपछि मुक्त गरिए।

रुचा गाविसका निवर्तमान गाविस अध्यक्ष ३८ वर्षीय होमनाथ पाण्डे र सोही गाविसका सचिव ३२ वर्षीय चिरञ्जीवी आचार्यले गाविसको रकम हिनामिना गरेको आरोपमा ०६३ फागुन २० गते माओवादी कार्यकर्ताले उनीहरूलाई सोही गाविस-५ तल्लोकुवाकोटस्थित स्वास्थ्य चौकीबाट अपहरण गरे। पीडितलाई रकुवा गाविस-७ स्थित नलराज पाण्डेको घरमा पुऱ्याई ०६३ फागुन २५ गते सोही ठाउँबाट मुक्त गरे।

सुनवल गाविस-४ निवासी होटल व्यवसायी ४५ वर्षीय बुद्धिप्रसाद पाण्डेले स्थानीय कम्प्युटर इन्स्टिच्युटको कम्प्युटर चोरी गरेको आरोपमा ०६३ चैत २१ गते माओवादी कार्यकर्ताले उनलाई होटलबाटै अपहरण गरे। पीडितलाई रुपन्देहीको देवदह खैरेनी पुऱ्याई एक घरमा रातभर थुनेर राखी भोलिपल्ट बिहान सुनवल-४ स्थित चौराहामा पुऱ्याई माओवादीले मुक्त गरे। उनी निर्दोष भएको स्थानीयवासीले बताए।

तिलकपुर गाविस-५ निवासी माओवादी कार्यकर्ता ३३ वर्षीय ऋषिराज भार क्याम्पबाट भागेको आरोपमा ०६४ असार १५ गते माओवादीका कार्यकर्ताले उनलाई रामग्राम नपा-१२ बैकुण्ठपुरबाट अपहरण गरे। पीडित केही घण्टापछि सोही स्थानबाटै माओवादीको नियन्त्रणबाट भाग्न सफल भए।

कास्की जिल्ला पोखरा उमनपा-८ सिर्जनाचोक निवासी माओवादी चौथो डिभिजनमा कार्यरत २५ वर्षीय दीपक गुरुङ क्याम्पबाट भागेको आरोपमा ०६४ साउन २३ गते माओवादी कार्यकर्ताले उनलाई सुनवल गाविस-१ बाट अपहरण गरी कुटपिट गरे। पीडितलाई स्थानीय बासिन्दाको सहयोगमा सोही दिन प्रहरीको जिम्मा लगाइयो। उनी क्याम्पबाट हतियारसहित भागेको माओवादी कमाण्डर प्रतीक्षाले जानकारी दिए। पीडित हाल माओवादी शिविरमै छन्।

रुपन्देही जिल्ला मर्चवार घर भई मनरी गाविसका गाविस सचिव ५५ वर्षीय ओमप्रकाश त्रिपाठी र सोही गाविसका मुखिया ५३ वर्षीय प्रेम चौधरीलाई ०६४ भदौ १० गते माओवादी कार्यकर्ताले सोही गाविस परिसरबाट अपहरण गरे। पीडितलाई सोही दिन राति ९ बजे तिलकपुर गाविस-१ बाट मुक्त गरे।

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१२	८	५	१३									
घाइते	३	११	५	१६									
गिरफ्तारी/यातना										३	५		५
कुटपिट	१०	२८	६	३४	७	११	५		१६	३	४	३	७
महिलाअधिकार	१४		१७	१७									
बालअधिकार	१३		१४	१४									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१				
अमानवीय व्यवहार	३	३		३									
अपहरण	६	८	१	९	९	१६		३४	५०				
जम्मा	६०	५८	४८	१०६	१७	२८	५	३४	६७	४	९	३	१२

चितवन जिल्ला भण्डारा गाविस-८ घर भई ना.३ख. २१९१ नं. का ट्रक चालक ३२ वर्षीय मोहन दाहालले सोही ट्रकमा यात्रा गरेकी बोल्न नसक्ने अन्दाजी २० वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा ०६४ भदौ १६ गते माओवादीका कार्यकर्ताले उनलाई सुनवल गाविस-१ बाट अपहरण गरे। अपहरणपछि माओवादीले दाहाललाई भदौ १७ गते प्रहरीको जिम्मा लगाए।

बुलिङटार गाविस-९ घर भई जिविसका निवर्तमान सदस्य ५० वर्षीय टोलबहादुर पाटामगरले जिविसको रकम हिनामिना गरेको आरोपमा ०६४ असोज २१ गते माओवादी कार्यकर्ताले पाटामगरलाई अर्खला गाविसबाट अपहरण गरे। उनलाई सोही दिन साँझ अर्खला गाविसबाट मुक्त गरियो।

वाईसीएलबाट

कुमारवर्ती गाविसस्थित सुकुम्वासी टोल बस्ने ४२ वर्षीय राजेन्द्र नेपालीले एक महिलालाई कुटपिट गरेको आरोपमा ०६४ जेठ ३१ गते वाईसीएलका नेता रकेटको नेतृत्वमा गएका वाईसीएल कार्यकर्ताले नेपालीलाई घरबाटै अपहरण गरी कुटपिट गर्दै लगेकामा पीडित बीचबाटोबाट भागेर घर फर्किए।

मधेसी जनअधिकार फोरमबाट

अन्तरिम व्यवस्थापिका-संसद्का माओवादी विधायक चिनक कुर्मी र माओवादी इलाका इञ्चार्ज रोहित सहनीले फोरमको कार्यक्रम बिथोल्न खोजेको आरोपमा ०६३ माघ २३ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले दुवैलाई रामग्राम नपा-८ बाट अपहरण गरे। पीडितहरूलाई रामग्राम नपा-५ महेशपुर चोकमा माफ मगाई सोही दिन मुक्त गरे।

वञ्जारिया गाविस-१ निवासी माओवादी कार्यकर्ता राजेन्द्र चौधरी र क्षेत्र नं.४ का इञ्चार्ज आजादलाई पार्टीद्वारा आयोजित कार्यक्रमको प्रचार-प्रसार गरिरहेको अवस्थामा ०६३ फागुन १२ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले स्वाँठी गाविस-४ स्थित बाटोबाटै अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीको रोहवरमा रामग्राम नपा-८ बाट ०६३ फागुन १४ गते मुक्त गरे।

भुजहवा गाविस-६ की २० वर्षीया माओवादी कार्यकर्ता अनिता हरिजन र हकुई गाविस-८ बस्ने १६ वर्षीय समिर केवटले माओवादीको प्रचार-प्रसार गरेको भन्दै ०६३ फागुन १२ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले दुवैलाई हकुई गाविसबाट अपहरण गरे। पीडितलाई सोही दिन जिल्ला प्रहरी कार्यालयमा बुझाइएकामा भोलिपल्ट रिहा भए।

रामग्राम नपा-६ पोखरापाली निवासी माओवादीनिकट किसान सङ्घका केन्द्रीय सदस्य ३८ वर्षीय रामधनी केवटलाई ०६३ चैत १८ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले रामग्राम नपा-५ बाट अपहरण गरे। माओवादीले कब्जामा लिएका तीनओटा ट्याक्टर फिर्ता नगरेको आरोपमा उनीहरूलाई अपहरण गरिएको थियो। कब्जामा लिइएका ट्याक्टर फिर्ता गर्ने सर्तमा पीडितलाई सोही दिन साँझ मुक्त गरे।

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	वाइसीएलबाट			मधेसी जनअधिकार फोरमबाट			
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
कुटपिट	४	१२	१२	५	१५	६	२१
अमानवीय व्यवहार	१	२	२				
अपहरण	१	१	१	४	६	१	७
जम्मा	६	१५	१५	९	२१	७	२८

धम्की/कुटपिट

राज्यबाट

दुम्कीबास गाविस-५ दाउन्ने बजारका होटल व्यवसायीहरू २० वर्षीय पञ्च गुरुङ, १८ वर्षीया माया बुढाथोकी, १६ वर्षीय सञ्जु गुरुङ, ३० वर्षीया सावित्री पाण्डे, ११ वर्षीया आरती पाण्डेलाई ०६३ माघ २६ गते दाउन्नेस्थित टावरमा कार्यरत सैनिकद्वय दीपक कार्की र विनोद क्षेत्रीले मादक पदार्थ सेवन गरी कुटपिट गरे। घटनामा घाइते पञ्च, माया र सञ्जुलाई चितवनको भरतपुरस्थित मेडिकल कलेजमा उपचार भयो। पीडक दुवै निलम्बित भए।

त्रिवेणी सुस्ता गाविस-१ का २१ वर्षीय सुमेश्वर सिंह र सोही ठाउँका १६ वर्षीय सन्तोष पौडेलले स्थानीय क्लबद्वारा सञ्चालित सांस्कृतिक कार्यक्रममा हो-हल्ला गरेको आरोपमा ०६४ कात्तिक ६ गते त्रिवेणी ब्यारेकमा कार्यरत सैनिक वसन्तबहादुर बस्नेत र हस्तबहादुर थापामगरले उनीहरूलाई कुटपिट गरे। पीडितको भारतको भैसालोटनमा उपचार भयो।

माओवादीबाट

वेणिमणिपुर गाविस-१ का ४६ वर्षीय विशालबहादुर रानामगरले माओवादी पार्टीविरुद्ध बोलेको आरोपमा ०६३ पुस २९ गते माओवादी कार्यकर्ताले उनलाई सङ्गमचोकमा कुटपिट गरे।

हकुई गाविस-८ अमवाका ४७ वर्षीय छेदी चुरिहारले पार्टीलाई चन्दा नदिएको आरोपमा ०६३ फागुन ६ गते हतियारसहित पल्टन थारुको नेतृत्वमा रहेका माओवादी कार्यकर्ताले उनलाई घरमै कुटपिट गरे।

माओवादीद्वारा अपहरण गरी कुटपिट गरिएका बुद्धिप्रसाद पाण्डे

पाल्पा जिल्ला कुसुमखोला घर भएका मालेनिकट अनेरास्वावियुका केन्द्रीय सदस्य २१ वर्षीय गणेश आचार्यले माओवादी पार्टीको पोस्टर च्यातेको आरोपमा ०६३ चैत २० गते माओवादी कार्यकर्ताले उनलाई माकर गाविस-४ बर्दघाटमा कुटपिट गरे।

अनेरास्वावियु (क्रान्तिकारी) का जिल्ला सदस्य रमेश बस्याल र दिव्यज्योति बहुमुखी क्याम्पसका एकाइ अध्यक्ष नारायण न्यौपानेको नेतृत्वमा २ सयको सङ्ख्यामा गएका व्यक्तिले ०६४ असार १३ गते दाउन्ने इङ्लिस बोर्डिङ् स्कुलमा तोडफोड गर्दा सो विद्यालयमा अध्ययनरत विद्यार्थी १३ वर्षीया रीचा दास, आठ वर्षीया लया ढुङ्गाना, सात वर्षीया निशा खरेल, १५ वर्षीया सिरुमाया गुरुङ र १५ वर्षीया रचना लम्साल घाइते भए। उनीहरूको स्थानीय अस्पतालमा उपचार भयो। सोही विद्यालयका एक शिक्षकले एक विद्यार्थीलाई बलात्कार गरेको आरोपमा अनेरास्वावियु (क्रान्तिकारी) हरू तोडफोडमा उत्रिएका थिए। घटनामा संलग्न विद्यार्थीद्वय रमेश बस्याल र नारायण न्यौपानेलाई प्रहरीले गिरफ्तार गऱ्यो।

नयाँबेलाहनी गाविस-८ अरुणखोलाका २४ वर्षीय नरबहादुर दर्लामी, सोही ठाउँका सन्तोष गुरुङ, बुद्धिराम महतो, विष्णुबहादुर कामुमगर र धनबहादुर विक, रामबहादुर माझीले आफ्नो मुखमा लाइटको फोकस पारेको आरोपमा ०६४ भदौ २८ गते राति माओवादी चौथो डिभिजनमा कार्यरत जनमुक्ति सेनाले उनीहरूलाई लाठी प्रहार गरी कुटपिट गरे। घटनामा घाइतेमध्ये दर्लामी र महतोको भरतपुरस्थित शिक्षण अस्पतालमा उपचार भयो।

बडहरा दुवौलिया गाविस-७ जीतपुरका ४५ वर्षीय बेचई यादव र उनका दाजु ५० वर्षीय जगन्नाथ यादवले भैंसी चोरेको आरोपमा ०६४ मङ्सिर २२ गते माओवादी कार्यकर्ताले यादवलाई घरबाटै अपहरण गरी जहदा गाविस-६ पुऱ्याई लाठी र मुक्का प्रहार गरी कुटपिट गरे।

वाईसीएलबाट

सुनवल गाविस-५ गैडाखाल घर भई स्थानीय वन उपभोक्ता समितिका अध्यक्ष ४७ वर्षीय शेषकान्त अधिकारी, सोही ठाउँका २६ वर्षीय रवीन्द्र बुढामगर र ३६ वर्षीय लीलावल्लभ पाण्डेले काठ तस्करी गरेको आरोपमा ०६४ असार २८ गते वाईसीएलका कार्यकर्ताले उनीहरूलाई गैँडाखालबाट अपहरण गरी कुटपिट गरे। घटनालाई लिएर स्थानीय बासिन्दाले चक्काजाम गरी विरोध प्रदर्शन गरेपछि पीडितद्वयलाई सोही दिन साँझ सुनवल गाविसस्थित वाईसीएलको कार्यालयबाट मुक्त गरियो।

माकर गाविस-४ नयाँवस्तीका २५ वर्षीय राज सुनार, १८ वर्षीय सन्तोष थकाली १९ वर्षीय गणेश थकाली, १८ वर्षीय विश्वभर भट्टराई, १८ वर्षीय वासुदेव चौधरी, २० वर्षीय रामचन्द्र चौधरी र २३ वर्षीय दीपक पल्लीले सोही ठाउँको सार्वजनिक स्थलमा मादक पदार्थ सेवन गरी सुतिरहेको अवस्थामा ०६३ चैत १८ गते वाईसीएलका कार्यकर्ताले एकै ठाउँमा बाँधी कुटपिट गरी प्रहरीको जिम्मा लगाए। पीडितहरू ५/५ हजार रुपियाँ धरौटी राखी जेठ २९ गते रिहा भए।

मधेसी जनअधिकार फोरमबाट

बञ्जरिया गाविस-४ का ४५ वर्षीय अलि हुसेन धुनिया, उनका पिता ६५ वर्षीय अकलु अलि हुसेन, पत्नी ३५ वर्षीय लाली पुन निशा र भाइ २३ वर्षीय अलि महमद हुसेन माओवादी भएको आरोपमा ०६३ फागुन १२ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले उनीहरूलाई घरमै लाठी र मुक्का प्रहार गरी कुटपिट गरे।

रामग्राम नपा-६ घर भई अखिल नेपाल किसान सङ्घका केन्द्रीय सदस्य ३८ वर्षीय रामधनी केवटलाई रमपुरवा गाविस-७, महेशपुरमा भारतीय सीमावर्ती ठुठीबारी बजारबाट समान लिएर फर्कदै गर्दा ०६४ जेठ १८ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले उनलाई कुटपिट गरे।

मधेसी मुक्ति मोर्चाका जिल्ला अध्यक्ष राजु हरिजन, वाईसीएलका कार्यकर्ता विश्वास, माइकल, भण्डारी र सरोजलाई ०६४ जेठ २५ गते मधेसी जनअधिकार फोरमको क्षेत्रीय अध्यक्ष मुरारी कुशवाहको नेतृत्वको एक समूहले पक्लिहवा गाविस-४ रतनगञ्जमा तीन घण्टा कब्जामा लिई कुटपिट गरे। कुटपिटबाट राजुको टाउको र पिठ्यूँमा चोट लागेको थियो भने अन्यको अवस्था सामान्य रहेको थियो। फोरमको नेतृत्वले सो घटना आफ्ना पार्टी कार्यकर्ताबाट नभई व्यक्तिगत रिसइवीका कारणले भएको बतायो।

माओवादी कार्यकर्ताहरू ३० वर्षीय सुशील बोटे, ३० वर्षीय जनक घिमिरे, १९ वर्षीया उर्मिला राना, ३० वर्षीया प्रगति रोक्का, १९ वर्षीया सपना पन्थी, २० वर्षीया मोनिका घर्ती, १८ वर्षीय विमल परियार, रामग्राम नपा-८ की २२ वर्षीया रेखा हरिजन, गोविन्द चौधरी र डेन्जर चौधरीले फोरमले आह्वान गरेको जिल्ला बन्द कार्यक्रमविरुद्ध प्रचार-प्रसार गरेको भन्दै ०६३ माघ २३ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले उनीहरूलाई रामग्राम नपा-८ वैरवामा लाठी प्रहार गरी कुटपिट गरे। घटनामा गम्भीर घाइते सुशील र जनकको चितवन जिल्लाको भरतपुर मेडिकल कलेजमा उपचार भयो।

दोहोरो झडप

गैँडाकोट गाविस-२ मा रहेको भृकुटी पेपर एण्ड पल्प मिलमा कार्यरत मजदुरहरूबीच ०६४ असोज १८ गते सोही मिलमा एकआपसमा झडप हुँदा जिफण्टका केन्द्रीय सदस्य टीकाराम पौडेल, मजदुरहरू डिल्लीराम पौडेल, ललित श्रेष्ठ, रामप्रसाद पौडेल, खुनबहादुर सारु, जीवन थापा, अशोक राई, दामोदर तिवारी, देवबहादुर गुरुङ र छत्र पौडेल घाइते भए। घाइतेहरूको भरतपुरस्थित मेडिकल कलेजमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत, नवलपरासीमा गतवर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी कुल १ हजार २ सय ६८ थान मुद्दा रहेकामा ५ सय २६ फर्स्यौट भए भने ७ सय ४२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष ४० थान मुद्दा दर्ता भएका छन्, जसमा चार थान हातहतियार खर-खजाना र बाँकी ३६ थान मुद्दा सार्वजनिक अपराधका रहेका छन्, जसमा १८ थान फर्स्यौट भएका छन् भने २२ थान बाँकी रहेका छन्।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माकर गाविस-४ वर्दघाटका १८ वर्षीय कृष्ण चौधरीले स्थानीय एक महिलालाई बलात्कार गरेको आरोपमा ०६३ चैत ९ गते माओवादीका कार्यकर्ताले उनलाई चारपाटा मुडेर कुटपिट गरी प्रहरीसमक्ष बुझाए।

बालअधिकार

कावासोती गाविस-७ की १३ वर्षीया एक बालिकालाई ०६३ चैत ८ गते सोही ठाउँमा बस्ने २८ वर्षीय विष्णुबहादुर महतोले बालिकाको घरमै बलात्कार गरे। पीडक फरार रहेका छन् भने पीडकको अंशबाट पीडितलाई अंश दिलाउन प्रहरीले कारबाही अगाडि बढाएको छ।

कास्की जिल्ला देउराली गाविस-२ बस्ने १६ वर्षीया विमला विक र सिन्धुली जिल्ला कपिलाकोट गाविस-४ बस्ने पविना घलाइलाई ०६४ वैशाख ३ गते रुकुम जिल्ला खलङ्गा बस्ने ३८ वर्षीया लक्ष्मी स्वर्णकारले भारततर्फ बिक्री गर्न लैजाँदै गर्दा माकर गाविस-७ स्थित जिमिरेभारचोकबाट स्थानीय बासिन्दाको सहयोगमा प्रहरीले उनलाई गिरफ्तार गऱ्यो। पीडित दुवै जनालाई माइती नेपालको जिम्मा लगाइयो। पीडकलाई अनुसन्धानपछि ४० हजार धरौटीमा ०६४ वैशाख २६ गते तारेखमा छाडियो।

जहदा गाविस-१ की ८ वर्षीया एक बालिकालाई ०६४ जेठ ९ गते दिउँसो सोही ठाउँ बस्ने १४ वर्षीय गोपाल यादव र सोही ठाउँका १३ वर्षीय मुन्सी यादवले गोठमा बलात्कार गरे। पीडकहरू दुवै जनालाई गिरफ्तार गरी कारबाही अगाडि बढाएकामा नाबालक भएको भन्दै अदालतले रिहा गरेको छ।

हकुई गाविस-२ लालपाटी घर भई पवन मावि परासीमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीया एक छात्रालाई रामग्राम नपा-६ बस्ने २६ वर्षीय कमल कशौधनले पीडितका मामा बिरामी भएको झूटो कुरा गरेर मामासँग भेट्ने बहानामा विभिन्न ठाउँमा घुमाई ०६४ जेठ २५ गते प्रगतिनगर दलदलेस्थित शुभकामना गेस्ट हाउसमा बलात्कार गरी घर फर्काए। पीडकलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान सुरु गरेको छ।

दाउन्नेदेवी गाविस-९ की १२ वर्षीया एक बालिकालाई ०६४ असार ४ गते सोही गाविस-५ बस्ने ३० वर्षीय प्रेमबहादुर क्षेत्रीले सोही गाविस-५ स्थित खजुरा खोलामा बाखा चराइरहेका बेला बलात्कार गरे। पीडक फरार छन् भने पीडित परिवारले घटनालाई सार्वजनिक नगर्न अनुरोध गरे।

बैदौली गाविस-५ की १४ वर्षीया एक बालिकालाई घरनजिकैको उखुवारीमा घाँस काटिरहेको अवस्थामा ०६४ असार २६ गते सोही ठाउँका ५५ वर्षीय मङ्गल राजभरले उखुबारीमै बलात्कार गरी घाँटी थिचेर हत्या गरी लास भारती नहरमा बगाए। पीडक फरार छन्।

माकर गाविस-४ घर भई नवजीवन माविमा कक्षा ३ मा अध्ययनरत आठ वर्षीया एक बालिकालाई सोही ठाउँका ५२ वर्षीय टेकबहादुर थापाले विभिन्न प्रलोभनमा ०६४ असार २६ गते उनकै घरमा बोलाई बलात्कार गरे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएको भए पनि पीडक फरार छन्।

तिलकपुर गाविस-६ की एक १२ वर्षीया बालिकालाई ०६४ भदौ ९ गते स्थानीय वसन्त सामुदायिक वनमा गाई चराउन गएको बेला धुर्कोट गाविस-७ का २५ वर्षीय पुरन परियारले बालिकालाई बलात्कार गरे। पीडक हाल जिल्ला प्रहरी कार्यालयमा थुनामा छन्।

कुडिया गाविस-७ की ११ वर्षीया एक बालिकालाई त्रिवेणी सुस्ता गाविस-१ का ४४ वर्षीय राजु भन्ने राजेन्द्र जीसीले ०६४ भदौ २४ गते त्रिवेणी गाविस-१ स्थित बजारमा बलात्कार गरे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि पीडक फरार छन्।

माकर गाविस-२ चिसापानीकी १२ वर्षीया एक बालिकालाई सोही ठाउँका ३५ वर्षीय कमल रास्कोटीले ०६४ कात्तिक ७ गते घरनजिकको खेतमा बलात्कार गरे। पीडक फरार छन्।

धौवादी गाविस-७ भैसीघाटकी ७ वर्षीया बालिकालाई सोही ठाउँका १९ वर्षीय चन्द्रकान्त भुसालले ०६४ कात्तिक ७ गते विभिन्न प्रलोभन देखाई घरमा बोलाई बलात्कार गरे। पीडक थुनामा छन्।

राँकाचुली गाविस-८ की ११ वर्षीया एक बालिकालाई नयाँ बेलानी गाविस-८ का ३४ वर्षीय बुद्धि गौतमले ०६४ मङ्सिर २१ गते आफ्नै घरमा लगी बलात्कारपछि हत्या गरे। पीडक जिल्ला प्रहरी कार्यालयमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

प्यूठान जिल्ला मरनठाना गाविस-२ बस्ने २४ वर्षीया विमा परियार र सोही ठाउँ बस्ने २१ वर्षीया वसन्ता पाण्डेलाई ०६४ जेठ २ गते रुपन्देही जिल्ला आनन्दवन गाविस-७ बस्ने ३२ वर्षीय बमबहादुर

परियार र करैया गाविस-२ बस्ने २४ वर्षीय सोमबहादुर परियारले बिक्रीका लागि भारततर्फ लैजाँदै गर्दा त्रिवेणी सुस्ता गाविस-६ स्थित ब्यारेज पुलबाट प्रहरी र माइती नेपालको संयुक्त प्रयासबाट गिरफ्तार गरी पीडित दुवैलाई माइती नेपालको जिम्मा लगाएको छ भने पीडकहरू थुनामा छन्।

माकर गाविस-४ की एक महिलालाई आफ्नै पति ३२ वर्षीय वेदप्रसाद पड्गेनीले पटक-पटक इच्छाविपरीत यौन सम्पर्क गर्दै आएको भन्दै ०६३ फागुन १७ गते उनले प्रहरीमा उजुरी गरिन्। पीडकसँग प्रचलित कानुन अनुसार अदालतले चार हजार पाँच सय रुपियाँ धरौटी माग गरेकामा धरौटी राख्न नसकी ३ महिना कारागार बसी मुक्त भए।

नयाँबेलानी गाविस-७ की २० वर्षीया सङ्गीता चौधरीलाई चितवन जिल्ला खैरनी गाविस-६ का ३२ वर्षीय हरिशरण चौधरीले ०६३ चैत १२ गते भारतमा लगी बिक्री गरे। पीडकलाई घर फर्किएको बेला ०६४ मङ्सिर १६ गते प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

माकर गाविसकी २७ वर्षीया एक महिलालाई सोही ठाउँ बस्ने २० वर्षीय कृष्ण चौधरी र १९ वर्षीय रामबहादुर चौधरीले ०६३ चैत ९ गते माकर गाविसस्थित घरमा बलात्कार गरे। पीडक दुवै जनालाई माओवादी कार्यकर्ताले सोही दिन राति अपहरण गरी कारबाहीका लागि प्रहरीलाई बुझाए।

नर्सही गाविस-२ बस्ने ३६ वर्षीया एक महिलालाई नर्सही गाविस-१ का ४१ वर्षीय आशुतोषजङ्ग राणा, ३८ वर्षीय सुरेन्द्र कोइरी, ३५ वर्षीय केशवर कोइरीलगायत आठ/नौ जनाले ०६४ वैशाख २८ गते महिलाको घरमै बलात्कार गरे। पीडितले घटनाका बारेमा प्रहरीमा उजुरी दिइन्। पीडकहरूले आरोप झूटो भएको बताए।

दुर्व्यवहार

कुरिया गाविस-६ की ६० वर्षीया जडावती हरिजनलाई बोक्सीको आरोप लगाई ०६३ पुस २७ गते जेठाजु तुलसी हरिजन र जेठानी इन्द्रावती हरिजनले घरमै कुटपिट गरे।

ग्रेमी गाविस-८ की ४८ वर्षीया बुधनादेवी कहारलाई बोक्सीको आरोपमा ०६४ असोज २१ गते छिमेकीहरू सोमई कहार, गोरख कहार, धर्मेन्द्र कहार र परशुराम कहारले घरमै कुटपिट गरे।

अम्रोट गाविस-२ ऐचावलकी २१ वर्षीया सुनीता गुप्तालाई बोक्सीको आरोपमा ०६४ असोज २६ गते स्थानीय अभिमन्यु यादव र विष्णु यादवले घरमै कुटपिट गरे।

विगतको अनुगमन

जातीय विभेद

सुनवल गाविस-८ का १६ वर्षीय सुजित शर्मा बढही र बञ्जरिया गाविस-९ की २० वर्षीया खिमकुमारी महतोबीच अन्तरजातीय प्रेमविवाह भएकामा सुजितका बाबु चुन्नीलाल बढही शर्माको निर्देशनमा सुजित र भारत निवासी राजन शर्माले बञ्जरिया गाविस-९ स्थित धर्मदेवी सामुदायिक वनमा ०६३ पुस १६ गते छुरा प्रहार गरी हत्या गरे। तीमध्ये चुन्नीलाल धरौटीमा रिहा भएका छन् भने सुजित हालसम्म पनि थुनामा रहेका छन्।

३.८ रुपन्देही

जनसङ्ख्या : ८,७४,२३१
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ४६
क्षेत्रफल (वर्ग कि. मि.) : १३६
गाविस/नपा सङ्ख्या : ६९/२
सरकारी/निजी विद्यालय : ४९८/६२
क्याम्पस/उच्च मा.वि. : १६/३३
अस्पताल/स्वास्थ्य चौकी : ६/६९
मोटर सडक (कि. मि.) : ३५२
प्रहरी कार्यालय सङ्ख्या : ५२
मानव विकास सूचकाङ्क : ०.५००
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

माओवादीबाट

तेनुहवा गाविस-७ का ३५ वर्षीय अब्दुल वकिल मुसलमानलाई ०६४ कात्तिक १६ गते कपिलबस्तु पतरिया गाविस-७ बाट अज्ञात समूहले अपहरण गरेकोमा ०६४ कात्तिक २५ गते लुम्बिनी आदर्श गाविस- ६ मा गाडिएको अवस्थामा प्रहरीले उनको लास फेला पऱ्यो। पीडितका दाजु अब्दुल मोकीमले जोगेन्द्र कहार, रामदास लगायतको १५ जना जतिको एक समूहले अपहरण गरेको र उनीहरू माओवादी भएको दाबी गरे। माओवादी सेक्रेटरी घनश्याम यादवले घटनामा माओवादी पार्टीको संलग्नता नभएको र आरोपितहरूलाई पार्टीले कारबाही गरी निस्काशन गरिसकेको बताए। घटनाबारेमा प्रहरीसँग बुभदा अनुसन्धान भइरहेको र पीडकहरूको खोजी भइरहेको एसपी रविराज श्रेष्ठले बताए। मृतक काँग्रेसका क्रियाशील सदस्य भएको काँग्रेसका सभापति रामचन्द्र ढकालले जनाए।

मधेसी जनअधिकार फोरमबाट

तनहुँ जिल्ला आबुखैरेनी गाविस-३ निवासी वाईसीएलका केन्द्रीय सदस्य ३८ वर्षीय जीतेन्द्र भनिने विनोद पन्त, सोही जिल्ला बन्दीपुर गाविस-८ का वाईसीएल रूपन्देहीका जिल्ला सदस्य २५ वर्षीय शेषमणि लामिछाने ०६४ जेठ ३० गते खुर्दलोटन बाँधको अनुगमन गर्न जाँदै गर्दा मधेसी जनअधिकार फोरमका कार्यकर्ता ओमप्रकाश यादव (गुल्जारी) को नेतृत्वमा रहेका केही व्यक्तिहरूले दुवैलाई गोनाहा गाविस-२ शिवपुरबाट कब्जामा लिई हत्या गरे। अपहरणपश्चात् शेषमणिलाई मर्यादपुर गाविस-७ डाली भन्ने ठाउँमा रुखमा झुण्ड्याएर सोही दिन साँझ गोली प्रहार गरी हत्या गरे भने जीतेन्द्रलाई केही पर खेतमा पुऱ्याई लाठी र भालाले प्रहार गरी हत्या गरे। एक महिनाअगाडि माओवादी कार्यकर्ताले फोरम कार्यकर्ता ओमप्रकाशलाई कुटपिट गरेको घटनालाई लिएर फोरमका कार्यकर्ताले माओवादीमाथि आक्रमण गरेका थिए। उक्त घटनाको फोरमले जिम्मा लिएको छैन भने जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) ले चार दिनपछि सञ्चारमाध्यममाफर्त घटनाको जिम्मेवारी लियो। घटनापछि माओवादीले शिवपुरमा रहेको यादवको घरमा अगजनी गरी क्षति पुऱ्याएका थिए।

संयुक्त जनतान्त्रिक मोर्चाबाट

कपिलवस्तु जिल्ला पिपरा गाविस-६ का पारस भनिने ५० वर्षीय पर्शुराम पाठकले मधेसीको विरोध गरेको आरोपमा ०६४ असोज १६ गते तेनुहवा गाविस-४ मा संयुक्त तराई जनतान्त्रिक मोर्चाले गोली हानी हत्या गरे। उक्त घटनाको प्रेस विज्ञप्तिमार्फत मोर्चाले जिम्मा लिएको थियो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अन्यबाट

केरवानी गाविस-९ निवासी जनजाति पत्रकार सङ्घ, रूपन्देहीका अध्यक्ष ४५ वर्षीय भीम गुरुङलाई ०६४ असोज २६ गते राति अज्ञात समूहले घरमै गोली प्रहार गरी घाइते तुल्याई धनमाल लुटे। पीडितको काठमाडौँमा उपचार भयो।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १ सय २ जना पुरुष बन्दीहरू रहेका छन् भने कैद नतोकिएका ९७ पुरुष र पाँच महिला थुनुवा रहेका छन्। यसरी रूपन्देही कारागारमा जम्मा २ सय ४ जना बन्दी तथा थुनुवा रहेका छन्। कारागारको क्षमता ६० जना रहे पनि २ सय ४ जना बस्नुपर्दा बन्दी तथा थुनुवाहरूलाई असुविधा भएको छ।

कारागार सुधार समितिले ०६४ भदौ १८ गते कारागारको निरीक्षण गरी स्थानीय बुद्धिजीवी, राजनीतिक दल, अधिकारकर्मी तथा विभिन्न सङ्घ-संस्थाहरूसँग छलफल गरेको थियो।

लागूऔषध मुद्दामा कारागारमा थुनामा रहेका २१ वर्षीय राजकुमार थापाको बिरामी भई उपचारका क्रममा भीम अस्पताल भैरहवामा ०६४ वैशाख २२ गते मृत्यु भयो।

बेपत्ता/अपहरण

माओवादीबाट

गजेडी गाविस-२ निवासी पूर्वमाओवादी कार्यकर्ता ३५ वर्षीय दीपक थापालाई पार्टीमा फर्कन दबाब दिँदै ०६३ माघ २५ गते दाङबाट गएका माओवादी कार्यकर्ताहरूले उनलाई घरबाट अपहरण गरी दाङ जिल्ला पुऱ्याएका थिए । उनी दाङबाट चैत १५ गते माओवादी कब्जाबाट भागेर घर फर्किए।

करौता गाविस-४ का ४५ वर्षीय प्रल्लाद शुक्लाले आफ्नो पार्टीविरुद्ध मधेसी जनअधिकार फोरमका कार्यकर्ता परिचालन गरेको आरोपमा ०६३ फागुन १३ गते माओवादीले उनलाई घरबाट अपहरण गरी सोही दिन प्रहरीको जिम्मा लगाए। पीडितलाई प्रहरीले भोलिपल्ट रिहा गऱ्यो।

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट							
	अन्यबाट				माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	४		४	१	१		१
घाइते	१	१		१				
कुटपिट	९	१६	४	३०	१०	३७	१	३८
महिलाअधिकार	५		५	५				
बालअधिकार	४		४	४				
अमानवीय व्यवहार	१	१		१	१	३		३
अपहरण	५	९		९	११	१५	४	१९
जम्मा	३८	३१	१३	४४	३३	४५	५	५०

पटखौली गाविस-३ का ६० वर्षीय विष्णुप्रसाद चौधरी मधेसी जनअधिकार फोरमको कार्यकर्ता भएको भन्दै ०६३ चैत १८ गते माओवादी कार्यकर्ताहरूले उनलाई सिद्धार्थनगर नपा-१२ बाट अपहरण गरी भोलिपल्ट धकधई गाविसबाट मुक्त गरे।

रुद्रपुर गाविस-३ का ३६ वर्षीय बमबहादुर दर्लामीले चेलीबेटी बेचविखन गरेको आरोपमा ०६४ वैशाख २९ गते माओवादी कार्यकर्ताहरूले उनलाई अपहरण गरी भोलिपल्ट प्रहरीको जिम्मा लगाए। प्रहरीले सामान्य सोधपुछपछि दर्लामीलाई रिहा गरे।

नवलपरासी जिल्ला त्रिवेणी सुस्ता गाविस-८ घर भई बुटवल नपा-११ मा डेरा गरी बस्ने १९ वर्षीय अर्जुन अर्यालले ०६४ वैशाख ३१ गते बुटवल नपा-१३ मा आगजनी गरेको आरोपमा ०६४ जेठ २१ गते राति माओवादी कार्यकर्ताहरूले उनलाई अपहरण गरी जेठ २३ गते प्रहरीको जिम्मा लगाए। अपराध स्वीकार गरेपछि प्रहरीले अर्याललाई जेठ ३१ गते तारेखमा रिहा गऱ्यो।

छोटकी रामनगर गाविस-३ निवासी राष्ट्रिय जनमोर्चाका क्षेत्रीय सदस्य ५३ वर्षीय सानोओरी केवट गाउँलेको जग्गा विवादमा साक्षी बसेको आरोपमा ०६४ असार २७ गते माओवादीले केवटलाई सोही ठाउँबाट अपहरण गरी कुटपिटपछि सोही दिन साँझ मुक्त गरे।

विष्णुपुरा गाविस-४ का ३० वर्षीय राममिलन केवट आफ्ना नेताको हत्यामा संलग्न भएको आरोपमा ०६४ असोज १४ गते माओवादीले केवटलाई विष्णुपुरा बजारबाट अपहरण गरी असोज १६ गते इलाका प्रहरी कार्यालय लुम्बिनीमा बुझाए। उनी प्रहरी थुनामा छन्।

सद्धार्थनगर नपा-१ का वाईसीएल कार्यकर्ता २८ वर्षीय उज्ज्वल पोखेल, २५ वर्षीय मनोज गुप्ता, सोही ठाउँका सर्वसाधारण ३० वर्षीय निहाल खान, २० वर्षीय अमर गुरुङ, २९ वर्षीय पप्पु खानले तस्करी गरेको आरोपमा ०६४ कात्तिक १८ गते वाईसीएल कार्यकर्ताहरूले उनीहरूलाई अपहरण गरे। कुटपिटपछि स्थानीयवासीको दबाबमा भोलिपल्ट मुक्त गरे।

मैनहिया गाविस-५ का २५ वर्षीय रामचन्द्र यादवले जग्गा खरिद गरेको आरोपमा ०६४ पुस ३ गते माओवादी कार्यकर्ता मोहर अली मुसलमानको नेतृत्वमा गएका माओवादीले यादवलाई घरबाट अपहरण गरी माओवादी एरिया इञ्चार्ज भरत अर्यालको घरमा पुऱ्याए। पीडित यादव माओवादीको कब्जाबाट सोही दिन राति भाग्न सफल भई पुस ७ गते जिल्ला प्रहरी कार्यालयको सम्पर्कमा आए। माओवादी जिल्ला सचिवले घटना पार्टी नीतिविपरीत रहेकाले उक्त कार्य गर्नेलाई कारबाही गर्ने बताए।

मधेसी जनअधिकार फोरमद्वारा हत्या गरिएका माओवादी नेता विनोद पन्त

वाईसीएलबाट

गुल्मी जिल्ला घर भई काठमाडौँ बस्दै आएका लोक दोहोरी गायक तथा पत्रकार ३८ वर्षीय रामप्रसाद खनालले माओवादी पार्टीको नामबाट रकम असुल गरेको आरोपमा ०६४ भदौ २२ गते वाईसीएलका कार्यकर्ताहरूले सिद्धार्थनगर नपा-४ बाट अपहरण गरी ०६४ भदौ २४ गते मधवलिया गाविसबाट पत्रकारहरूको रोहवरमा मुक्त गरे।

नेपाल तरुण दल, रूपन्देहीका जिल्ला सदस्य सिद्धार्थनगर नपा-१३ का ३५ वर्षीय सेते भनिने सोमबहादुर गुरुङले गुण्डागर्दी गरेको आरोपमा सिद्धार्थनगर नपा-१२ बाट ०६४ कात्तिक ३० गते

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	वाइसीएलबाट			मधेसी जनअधिकार फोरमबाट				संजतमुमोबाट		
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या				१	२		२	१	१	१
कुटपिट	२	३	३	६	१२	१	१३			
अपहरण	३	७	७							
जम्मा	५	१०	१०	७	१४	१	१५	१	१	१

वाईसीएलका कार्यकर्ताहरूले गुरुडलाई अपहरण गरेकोमा स्थानीय बासिन्दाहरूको दबाबमा सोही दिन सिद्धार्थनगर नपा-८ बाट मुक्त गरे।

अन्यबाट

वयरघाट गाविस-८ का ३० वर्षीय असलम पठानलाई ०६४ जेठ ३१ गते सिद्धार्थनगर नपा-८ बाट अज्ञात समूहले अपहरण गरेकोमा उनको अवस्था हालसम्म अज्ञात छ। पीडितका बाबु साहबुद्धिन पठानले माओवादीले अपहरण गरेको भनी पत्रकार सम्मेलन गरेका थिए। तर, माओवादी जिल्ला सेक्रेटरी घनश्याम यादवले भने उक्त घटनामा आफ्नो पार्टीको संलग्नता नरहेको बताएका छन्।

धम्की/कुटपिट

माओवादीबाट

सिद्धार्थनगर नपा-१ घर भई बुटवल नपा-४ मा डेरा गरी बस्ने ४० वर्षीय रिक्सा चालक भुटु खानले पत्नीलाई कुटपिट गरेको आरोपमा ०६३ पुस १८ गते माओवादी कार्यकर्ताले उनलाई घरमै कुटपिट गरे। पीडितकी पत्नीको निवेदनका आधारमा सामान्य सोधपुछ मात्र गरिएको माओवादीले बताए।

परौंहा गाविस-२ का ४० वर्षीय हरिराम चौधरी र सोही ठाउँका ३५ वर्षीय हर्षबहादुर चौधरी मधेसी जनअधिकार फोरमको कार्यकर्ता भएको आरोपमा ०६३ फागुन २० गते माओवादी कार्यकर्ताले उनीहरूलाई कुटपिट गरे। पीडितहरू काङ्ग्रेसका कार्यकर्ता हुन्।

गोनाहा गाविस-२ का ३२ वर्षीय मधेसी जनअधिकार फोरमका कार्यकर्ता गुल्जारी भनिने ओमप्रकाश यादवलाई ०६३ चैत २७ गते हाटीवनगाई गाविस-१ मा माओवादी कार्यकर्ताले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे। उक्त घटनामा माओवादी कार्यकर्ता अर्जुन कुँवर पनि घाइते भएका थिए। पीडितको मेडिकल कलेज, भैरहवामा उपचार भयो। सोही घटनामा मझगवा गाविस-१ का ३६ वर्षीय प्रकाश यादवलाई माओवादीले अपहरण गरेकोमा चैत ३० गते मजगवा गाविसबाट मुक्त गरे।

गजेडी गाविस-२ का ३२ वर्षीय दुवे चौधरी, सोही गाविस-९ का घनश्याम लोध, भरत मल्लाह र बुद्ध गुप्ता र सोही गाविस-८ का रामप्रसाद लोधले काठ तस्करी गरेको आरोपमा ०६४ वैशाख ८ गते माओवादीले उनीहरूलाई रुद्रपुर गाविस-३ बाट अपहरण गरे। अपहरणपश्चात् सबैलाई माओवादीले कुटपिट गरी जिल्ला वन कार्यालय, रूपन्देहीमा ०६४ वैशाख ११ गते बुझाए। पीडितहरू साधारण तारेखमा वैशाख १२ गते रिहा भए।

रुकुम जिल्ला विजेश्वरी गाविस-४ घर भई २ नं. ग्यारेजीड गण, भैरहवामा कार्यरत प्यूठ २२ वर्षीय तुलाराम गिरी अवैध यौन कार्यमा संलग्न भएको आरोपमा ०६४ वैशाख १८ गते माओवादी कार्यकर्ताले उनलाई सिद्धार्थनगर नपा-३ बसपार्कमा कुटपिट गरे। पीडितले आफूलाई माओवादीले बिनाकारण कुटपिट गरेको बताए।

माओवादीद्वारा कुटपिट गरिएका दुर्गाप्रसाद भुसाल र मीनबहादुर राना

कम्हरिया गाविस-८ का ३५ वर्षीय आजाद मुसलमानले रक्सी सेवन गरी होहल्ला गरेको आरोपमा ०६४ वैशाख २२ गते माओवादी कार्यकर्ताले उनलाई आमा गाविस-२ मा कुटपिट गरे।

मेची-महाकाली साइकलयात्रामा हिँडेका अनेरास्ववियु (छैटौँ) का नेताहरूलाई ०६४ जेठ १४ गते माओवादी कार्यकर्ताले सिद्धार्थनगर नपा-९ बर्मेलीटोलमा हात, मुक्का र लाठीले कुटपिट गरे। वाईसीएल विरोधी चर्का नारा लेखेको विरोधमा माओवादी कार्यकर्ताले आक्रमण गरेका थिए। सो घटनामा सङ्गठनका केन्द्रीय अध्यक्ष बाग्लुङ जिल्ला घुल्लुबासकोट गाविस-१ का २८ वर्षीय राजेन्द्र ढुङ्गाना, सोही जिल्ला सुखौरा गाविस-४ का २० वर्षीय लालप्रसाद शर्मा, कपिलवस्तु जिल्ला निग्लीहवा गाविस-२ का सिर्जना सुवेदी, सोही जिल्ला कोपहा गाविस-८ का केशवराज पाण्डे, दाङ जिल्ला सिसहनिया गाविस-१ का दुर्गाप्रसाद भुसाल, गुल्मी जिल्ला फोक्सिङ गाविस-४ का मीनबहादुर राना, अर्घाखाँची जिल्ला बागी गाविस-८ का वीरेन्द्र कुँवर र देवेन्द्र कुँवर घाइते भए। घाइतेहरूको भीम अस्पताल, भैरहवामा उपचार भयो।

धमौली गाविस-४ निवासी नेकपा (मार्क्सवाणदी) कार्यकर्ता ४० वर्षीय रामदास पासी, १७ वर्षीय शैलेन्द्र पासी, २० वर्षीय भागीरथी पासी, २१ वर्षीय विशाल अर्याल, २० वर्षीय राम विचारी गुप्ता, १९ वर्षीय बालकिसन गुप्ता, १७ वर्षीय राजेश पासी र २७ वर्षीय बालकृष्ण धवलले पार्टीविरुद्ध होहल्ला गरेको आरोपमा ०६४ जेठ २ गते माओवादी कार्यकर्ताहरूले उनीहरूलाई सोही गाविसमा कुटपिट गरे।

सिद्धार्थनगर नपा-१२ का ३५ वर्षीय कृष्ण विक, परौंहा गाविस-२ का २० वर्षीय पप्पु दमाई, २१ वर्षीय प्रेम विक, कपिलवस्तु जिल्ला कृष्णनगरका २२ वर्षीय शुक्ला गुप्ताले पकेट मारेको आरोपमा ०६४ असार २१ गते वाईसीएलका कार्यकर्ताले उनीहरूलाई सिद्धार्थनगर नपा-३ मा कुटपिट गरे।

मानमटेरिया गाविस-६ निवासी एमाले कार्यकर्ता ५६ वर्षीय फटिकबहादुर खनाललले सार्वजनिक सम्पत्ति हिनामिना गरेको आरोपमा ०६४ भदौ १५ गते माओवादी बताउने एक समूहले खनाललाई घरमै कुटपिट गरे।

मकहर गाविस-८ का ३५ वर्षीय कृष्णप्रसाद भण्डारी र सोही ठाउँका भगवतीप्रसाद चौधरीले चन्दा असुलेको आरोपमा ०६४ कात्तिक २७ गते वाईसीएलका कार्यकर्ताहरूले उनीहरूलाई कुटपिट गरे। आफूहरूले कुटपिट नगरेको तथा ती व्यक्तिहरूलाई स्थानीय बासिन्दाले समातेर आफूहरूलाई बुझाएको वाईसीएलका एरिया इञ्चार्ज सन्देशले दावी गरे।

मधेसी जनअधिकार फोरमबाट

बोदवार गाविस-७ निवासी माओवादी जिल्ला सेक्रेटरी ४७ वर्षीय घनश्याम यादव, सिद्धार्थनगर नपा-३ का २५ वर्षीय वाईसीएल कार्यकर्ता सुरज पाण्डेले आफ्नो कार्यक्रम भाँड्न खोजेको आरोपमा ०६३ फागुन ११ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले उनीहरूलाई सिद्धार्थनगर नपा-६ मा कुटपिट गरी घाइते तुल्याए। पीडितमध्ये सुरजको स्थानीय अस्पतालमा उपचार भयो भने घनश्यामको उपचार काठमाडौँमा गरियो।

गुल्मी जिल्ला रुरु गाविस-३ घर भई रूपन्देही एफएममा कार्यरत पत्रकार २५ वर्षीय छवि ज्ञवालीले आफ्नो समाचार प्रसारण नगरेको भन्दै ०६३ फागुन ११ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले ज्ञवालीलाई सिद्धार्थनगर नपा-६ मा कुटपिट गरे।

सिलौटिया गाविस-६ का एकै परिवारका १६ वर्षीय जीतेन्द्र यादव, ७० वर्षीय शङ्कर यादव, ३७ वर्षीय बलिराम यादव, ३२ वर्षीय विन्ध्याचल यादव र आठ वर्षीया सरिता यादव माओवादी भएको आरोपमा ०६३ फागुन १२ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले उनीहरूलाई घरमै कुटपिट गरे। पीडितहरूको स्थानीय अस्पतालमा उपचार गरियो।

मसिना गाविस-९ मोग्लाहाका पत्रकार ३२ वर्षीय विन्दुकुमार चौहानले एकपक्षीय रूपमा समाचार लेखेको आरोपमा ०६३ फागुन १२ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले चौहान मझगवा गाविस-३ मा समाचार सङ्कलन गर्न पुगेका बेला उनको क्यामेरा, साइकल र मोबाइल खोसी लछार-पछार गरे। उनलाई मधेसी एकता जिन्दावादको नारा भन्न लगाई समान फिर्ता गरी मुक्त गरे।

दयानगर गाविस-१ निवासी माओवादी कार्यकर्ता २५ वर्षीय रामदेव यादव माओवादी भएको आरोपमा ०६४ वैशाख २५ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले यादवलाई सिपवा गाविस-३ मा 'मधेसी भएर पनि माओवादी हुने ?' भन्दै कुटपिट गरे।

अन्यबाट

गुल्मी जिल्ला बम्घा गाविस-६ घर भई नेपाल पत्रकार महासङ्घ, रूपन्देही शाखाका सचिव ३२ वर्षीय दीपक ज्ञवालीलाई बुटवल बहुमुखी क्याम्पसमा आयोजित सार्वजनिक समारोहको समाचार सङ्कलनका

निम्ति पुगेको अवस्थामा ०६३ फागुन १५ गते राजावादीहरूले सोही स्थानमा कुटपिट गरे। पीडितको उपचार काठमाडौँमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत, बुटवलमा गतवर्षबाट जिम्मेवारी सरेर आएका १ सय ५९ थान दुनियाँवादी फौजदारी मुद्दा र यस वर्ष दर्ता भएका १ सय ३९ गरी २ सय ९८ थानमध्ये गतवर्षबाट सरेर आएका सबै र यस वर्ष दर्ता भएका मध्ये ६७ फर्स्यौट भई यस वर्ष ७२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

त्यसैगरी गतवर्षबाट जिम्मेवारी सरेर आएका १ सय ३ सरकारवादी फौजदारी मुद्दा र यस वर्ष दर्ता भएका २ सय ९५ गरी ३ सय ९८ थानमध्ये गतवर्षबाट सरेर आएका १ सय थान र यस वर्ष दर्ता भएका १ सय ६५ फर्स्यौट भई १ सय ३३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

जिल्ला अदालत रुपन्देहीमा गतवर्षबाट जिम्मेवारी सरेर आएका ३ सय ९२ देवानी मुद्दा र यस वर्ष दर्ता भएका ६ सय ३५ गरी १ हजार २७ थान मुद्दामध्ये गतवर्षबाट सरेर आएका मध्ये २ सय ६३ थान र यस वर्ष दर्ता भएकामध्ये ३ सय १७ गरी ५ सय ८० थान फर्स्यौट भई ४ सय ४७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

पुनरावेदन अदालत, बुटवलमा ०६३ पुस १७ देखि ०६४ पुस १६ गतेसम्म ६ सय ५२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

गतवर्षबाट जिम्मेवारी सरेर आएका १ सय ४५ थान दुनियाँवादी फौजदारी मुद्दा र यस वर्ष दर्ता भएका २ सय ४२ गरी ३ सय ८७ थानमध्ये गतवर्षबाट सरेर आएकामध्ये १ सय २२ र यसवर्ष दर्ता भएकामध्ये ९९ गरी २ सय २१ थान फर्स्यौट भई यस वर्ष १ सय ६६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

त्यसैगरी गतवर्षबाट जिम्मेवारी सरेर आएका १ सय ३३ सरकारवादी फौजदारी मद्दा र यस वर्ष दर्ता भएका २ सय १६ गरी ३ सय ४९ थानमध्ये गतवर्षबाट सरेर आएका १ सय १३ थान र यस वर्ष दर्ता भएका १ सय १५ थान गरी २ सय २८ थान मुद्दा फर्स्यौट भई १ सय २१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

गतवर्षबाट जिम्मेवारी सरेर आएका ५ सय २४ देवानी मुद्दा र यस वर्ष दर्ता भएका ६ सय ५५ गरी १ हजार १ सय ७९ थान मुद्दामध्ये गतवर्षबाट सरेर आएकामध्ये ४ सय ५२ थान र यस वर्ष दर्ता भएका मध्ये १ सय ६० गरी ६ सय १२ थान फर्स्यौट भई ५ सय ६७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

जिल्ला अदालत, रूपन्देहीमा ०६३ पुस १७ देखि ०६४ पुस १६ गतेसम्म ५ सय ६७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

रूपन्देही जिल्ला अदालतमा ०६३ कात्तिक १३ गते बाल इजलास गठन गरिएको थियो। उक्त इजलासबाट कर्तव्य ज्यान मुद्दाका आरोपी सूर्यपूरा गाविस-२ का १५ वर्षीय सेतु सुनारलाई ०६४ असार ३२ को आदेशले बाल सुधारगृह सानोठिमी भक्तपुरमा पठाइएको छ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा यस वर्ष ४ सय २९ मुद्दा दर्ता भए।

बालअधिकार

टिकुलीगढ गाविस-६ की १३ वर्षीया एक बालिकालाई ०६४ असार १८ गते सोही ठाउँ घर भएका ६३ वर्षीय मनमोहन मल्लले बलात्कार गरे। पीडक जिल्ला अदालत रूपन्देहीको आदेशमा थुनामा छन्।

टिकुलीगढ गाविस-९ की ९ वर्षीया एक बालिकालाई ०६४ कात्तिक ६ गते सोही ठाउँका २६ वर्षीय बाबुराम न्यौपानेले बालिकाको बलात्कार प्रयास गरे। पीडक थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

सिन्धुपाल्चोक तराडमराड गाविस-३ की १७ वर्षीया सम्झना तामाङ र २० वर्षीय गीता तामाङलाई सोही ठाउँका हरिहर तामाङ र जानकी तामाङले ०६४ जेठ २२ गते भारततर्फ बिक्री गर्न लैजाँदै गर्दा सिद्धार्थनगर नपा-१ बाट प्रहरीले पक्राउ गरी पीडितहरूलाई अभिभावकको जिम्मा लगायो भने पीडकहरूलाई थुनामा राख्यो ।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

बुटवल नपा-९ दीपनगर अञ्जु होटलमा मजदुरी गरी बस्ने नवलपरासी जिल्ला निसौली गाविस-७ की २२ वर्षीया एक युवतीलाई होटल मालिक मधु बोहराको मिलेमतोमा पाल्पा जिल्ला मालुङ मैनादी गाविस-६ का २१ वर्षीय सूर्य कुँवर र २२ वर्षीय विष्णु कुँवरले ०६४ कात्तिक २९ गते बलात्कार गरी कुटपिट गरे। पीडितको मेडिकल कलेज, भैरहवामा उपचार भयो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

कपिलवस्तु जिल्लामा मोहित खाँको हत्यापछि भएको हिंसामा ०६४ भदौ ३० गते बुटवल नपा-४ को रजाए मुस्तफा मस्जिदमा अराजक भीडले आगजनी र तोडफोड गरी किताब, कम्प्युटर, पङ्खा, जेनेटर, मस्जिदका अन्य सामग्रीसमेत गरी लाखौँको सम्पत्ति नष्ट गऱ्यो। जिल्ला प्रशासन कार्यालयले स्थितिलाई नियन्त्रणमा लिन भन्दै दिउँसो १ बजेदेखि अनिश्चितकालीन कर्फ्यु लगाएको थियो। उक्त घटनाको भोलिपल्ट रूपन्देहीका राजनीतिक दलले साम्प्रदायिक सद्भाव कायम राख्न अपिल गर्दै भोलिपल्ट बुटवलमा सद्भाव ऱ्याली निकाले। स्थिति सामान्य हुँदै गएपछि जिल्ला प्रशासनले भोलिपल्ट कर्फ्यु हटायो।

३.९ पाल्पा



जनसङ्ख्या : २,९३,५६५
साक्षरता प्रतिशत : ७०
महिला साक्षरता प्रतिशत : ४५
क्षेत्रफल (वर्ग कि. मि.) : १,३७३
गाविस/नपा सङ्ख्या : ६२/१
सरकारी/निजी विद्यालय : ४/२५
क्याम्पस/उच्च मा.वि. : ५/२५
अस्पताल/स्वास्थ्य चौकी : २/६५
मोटर सडक (कि. मि.) : ४८१
प्रहरी कार्यालय सङ्ख्या : १३
मानव विकास सूचकाङ्क : ०.४८६
प्रतिपरिवार सरदर सङ्ख्या : ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

सुर्खेत जिल्ला वीरेन्द्रनगर घर भई तानसेनस्थित रणबम गणमा कार्यरत सुरक्षाकर्मी २० वर्षीय मनबहादुर रानाको ०६३ फागुन २ गते रणबम गणभित्रै गोली प्रहारबाट हत्या भयो। गुल्ममा कार्यरत दुई सैनिक जवानहरूबीच झगडा भई गोली चलेको थियो। घटनाको अनुसन्धान भइरहेको रणबम गणका गणपति भूपेन्द्र खड्काले बताए। पीडकको नाम सार्वजनिक गरिएको छैन।

बेवारिसे बम विस्फोटबाट

गोठादी गाविस-३ भुटुकेका ताराबहादुर ठाडाको घरमा ०६४ जेठ १५ गते बिहान बाल्टिन बम विस्फोट हुँदा घटनास्थलमै नौ जनाको मृत्यु भयो। विस्फोटमा ठाडाको तीनतले घर पूर्णरूपमा ध्वस्त भयो भने सबै जनाको त्यही घरमा पुरिएर मृत्यु भएको हो। घटनामा मृत्यु हुनेहरूमा घरमूली ताराबहादुरका छोराहरू ३५ वर्षीय कृष्णबहादुर ठाडा, २८ वर्षीय डम्बरबहादुर ठाडा, बुहारी डिलकुमारी ठाडा, नातिहरू सात वर्षीय जीवन ठाडा र डेढ महिनाका बुद्धिसागर ठाडा एकै परिवारका रहेका छन् भने छिमेकी ५६ वर्षीय यमबहादुर ठाडा, उनका छोरा १६ वर्षीय ओमबहादुर ठाडा, ३६ वर्षीय डुलबहादुर ठाडा र २९ वर्षीय मानबहादुर कनौजे रहेका छन्। पीडित परिवारहरूले हालसम्म पनि राज्यबाट कुनै सहयोग पाएका छैनन्।

जेल र बन्दीहरू

पाल्पा जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ९० जना पुरुष र चार जना महिला गरी जम्मा ९४ जना बन्दीहरू रहेका छन् भने कैद नतोकिएका ४० पुरुष र ८ महिला गरी जम्मा ४८ जना बन्दीहरू रहेका छन्। यसरी पाल्पा कारागारमा जम्मा १ सय ४२ जना बन्दीहरू रहेका छन्, जसमा चार जना भारतीय नागरिक रहेका छन्। कारागारको क्षमता १ सय ७५ जनाको रहेको छ। कारागारमा पानी, स्वास्थ्य सेवा, रेडियो, पत्रपत्रिकाको सुविधा छ। तर, कारागारको भौतिक अवस्था जीर्ण देखिन्छ। जीर्ण भवनहरू नियमित रूपमा मर्मत नभएको बन्दीहरूको गुनासो छ।

घटनाको प्रकार	गैरराज्यबाट							राज्यपक्षबाट			
	अन्यबाट				माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	२	८	२	१०				१	१		१
कुटपिट	५	४	१	५							
धम्की	१	२		२	१	१	१				
महिलाअधिकार	१		१	१							
बालअधिकार	१		१	१				१		१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	२		२							
अपहरण	२	३	३	६							
जम्मा	१३	१९	८	२७	१	१	१	२	१	१	२

बेपत्ता/अपहरण

वाईसीएलबाट

तानसेन नपा-१० भुसालडाँडाका २८ वर्षीय प्रेम भट्टराईलाई ०६४ जेठ २९ गते बिहान वाईसीएलका कार्यकर्ताले उनकै घरबाट अपहरण गरी तानसेन नपा-१२ धरमपानीस्थित वाईसीएलको कार्यालयमा नियन्त्रणमा राखे। नियन्त्रणमा रहँदा लट्ठी र जुत्ताले टाउको, ढाड र छातीमा कुटपिट गरिएको थियो। पीडितलाई ०६४ असार १ गते कार्यालयबाट मुक्त गरे। आफूहरूसँग भएको पैसाको कारोबारलाई लिएर अपहरण गरेको वाईसीएल जिल्लाका अध्यक्ष धीरज रानाले बताए।

धम्की/कुटपिट

माओवादीबाट

रामपुर गाविस-७ का ५६ वर्षीय विमल भण्डारीलाई जग्गा कारोबारको विषयलाई लिएर ०६३ चैत २३ गते माओवादी कार्यकर्ता रामपुर गाविस-३ का भीम भट्टराईले आफ्नो घरमा बोलाई वैशाख महिनाभित्र १ लाख ५० हजार रुपियाँ दिनुपर्ने, नदिए भौतिक कारबाही गर्ने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पाल्पा जिल्ला अदालतमा यस वर्षसम्ममा जम्मा १ सय १५ थान मुद्दाहरू रहेका छन्, जसमध्ये अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी मुद्दा ४९ थान, दुनियाँवादी फौजदारी मुद्दा १६ थान र सरकारवादी फौजदारी मुद्दा १७ थान गरी जम्मा ८२ थान रहेका छन्। पाल्पा जिल्ला अदालतमा यस वर्ष दुनियाँवादी देवानी मुद्दा १३ थान, दुनियाँवादी फौजदारी मुद्दा तीन थान र सरकारवादी फौजदारी मुद्दा १७ गरी जम्मा ३३ थान मुद्दा रहेका छन्। तीमध्ये फर्स्यौट भएका दुनियाँवादी देवानी मुद्दा तीन, दुनियाँवादी फौजदारी मुद्दा दुई र सरकारवादी फौजदारी मुद्दा तीन गरी जम्मा फर्स्यौट मुद्दा आठ रहेका छन् भने अन्य बाँकी छन्। पाल्पा जिल्ला अदालतमा बाल इजलास र श्रम अदालत छैन।

माओवादीद्वारा कुटपिट गरिएका प्रेम भट्टराई

बालअधिकार

दर्छा गाविस-१ गण्डकीढीकका गीता गौतमलाई जेठानी सावित्रा गौतम र छिमेकी मीना दुवाडीले ०६३ माघ १० गते हरि दुवाडीसँग जबरजस्ती दोस्रो विवाह गराए। इलाका प्रहरी कार्यालय रामपुर र स्थानीय बासिन्दाको सहयोगमा पीडकहरू सावित्रा, हरि र मीनाले प्रतिव्यक्ति १० हजार रुपियाँ क्षतिपूर्ति र जरिवानास्वरूप गीतालाई दिने निर्णयमा मिलापत्र गरायो। १५ वर्षीया गीताको ०६३ वैशाख १० गते दर्छा गाविस-१ गण्डकीढीक निवासी ३५ वर्षीय शालिकराम गौतमसँग विवाह भएको थियो।

यम्घा गाविस-५ का पाँच जना बालबालिकाहरूलाई ०६४ साउन ९ गते वाईसीएलले घरबाटै अपहरण गरे। अपहरणमा पर्ने बालबालिकाहरूमा स्थानीय सीता माविको कक्षा ७ मा अध्ययनरत १५ वर्षीया सीता विक, कक्षा ६ मा पढ्ने विष्णुमाया विक, कक्षा ७ मा पढ्ने १५ वर्षीया विष्मा विक, कक्षा ८ मा पढ्ने १७ वर्षीय विक्रम विक र कक्षा ७ मा पढ्ने १५ वर्षीय हिमाल विक रहेका छन्। उनीहरू एक महिनासम्म वाईसीएल कार्यकर्ताका रूपमा काम गरी केही दिनपछि घर फर्किए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

मुझुङ गाविस-८ की ३५ वर्षीया एक महिलालाई ०६३ माघ ७ गते फेक गाविस-९ का २१ वर्षीय प्रकाश कुँवरले स्थानीय वनमा गोठालो जाँदा यौन दुर्व्यवहार गरे। प्रहरीले पीडकलाई गिरफ्तार गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढायो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

तानसेन नपा-१२ धरमपानीस्थित उदयराज पाण्डेय र किरण पाण्डेयको घर ०६३ माघ ६ गतेदेखि वाईसीएलका कार्यकर्ताहरूले कब्जा गरे। वाईसीएल कार्यकर्ताहरूले उक्त घरमा खाने-बस्ने गर्नुका साथै कार्यालय स्थापना गरेका छन्।

३.१० कपिलवस्तु

जनसङ्ख्या :	५,७६,५४२
साक्षरता प्रतिशत :	४५
महिला साक्षरता प्रतिशत :	३०
क्षेत्रफल (वर्ग कि. मि.):	१,७३८
गाविस/नपा सङ्ख्या :	७७/१
सरकारी/निजी विद्यालय :	३५५/३१
क्याम्पस/उच्च मा.वि. :	२/१०
अस्पताल/स्वास्थ्य चौकी :	३/७८
मोटर सडक (कि. मि.):	३५६
प्रहरी कार्यालय सङ्ख्या :	३७
मानव विकास सूचकाङ्क :	०.४३७
प्रतिपरिवार सरदर सङ्ख्या :	७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

बुद्ढी गाविस-४ जोतपुर निवासी दलित गैरसरकारी संस्था महासङ्घ, कपिलवस्तुका जिल्ला अध्यक्ष ४० वर्षीय पूर्णबहादुर सुनार ०६४ साउन २४ गते साँझ कपिलवस्तु जिल्ला सदरमुकाम तौलिहवाबाट मोटरसाइकलमा घरतर्फ फर्कदै गर्दा पक्रेटा भन्ने स्थानमा मोटरसाइकलमा रहेका हतियारधारी व्यक्तिहरूले उनलाई नियन्त्रणमा लिई गोली प्रहार गरी हत्या गरे। एउटा गोली मृतकको फोक्सो छेडी बाहिर निस्किएको र अर्को गोली मुटुमै अड्किएको थियो। पक्रेटा गाउँका स्थानीय महिलाले बेलुका सडकको किनारमा मोटरसाइकलसहित सुनार ढलेको देखेर पीडित परिवारलाई खबर गरेका थिए। तराई जनतान्त्रिक मुक्ति मोर्चा (गोइत) ले विज्ञप्ति प्रकाशन गरी सो घटनाको जिम्मेवारी लियो।

बिठुवा गाविस-९ का ४० वर्षीय त्रियोगी भन्ने रामेश्वर पाण्डेयको ०६४ कात्तिक १० गते साँझ अज्ञात हतियारधारी समूहले हथिहवा गाविस-८ मा गोली प्रहार गरी हत्या गऱ्यो। ०६१ सालमा भएको माओवादीविरुद्धको प्रतिकार समूहमा संलग्न भएका कारण भारतमा विस्थापित पाण्डेय ०६३ चैत महिनामा अन्य विस्थापितहरूसँगै पुन:स्थापित भएका थिए। उनी कात्तिक १० गते दिउँसो किनमेल गर्न भनी भारतीय सीमा सिवलवा भन्सार गई साँझ घर फर्कने क्रममा हतियारधारी समूहले कञ्चट र कोखमा दुईओटा गोली प्रहार गरी हत्या गरेको थियो। उनको हत्याको जिम्मा अहिलेसम्म कसैले लिएको छैन। पीडित परिवारले माओवादीले सो घटना गराएको बताए। प्रहरीले पीडकहरूको खोजी भइरहेको बतायो।

वीरपुर गाविस-४ कुदरबेटवा निवासी लोकतान्त्रिक मधेसी मोर्चाका नेता ६० वर्षीय मोहित खाँ ०६४ भदौ ३० गते बिहान ८ बजे मोटरसाइकलमा खेतबाट घरतर्फ फर्कदै गर्दा मोटरसाइकलमा रहेका दुई जना अज्ञात व्यक्तिले शिवपुर गाविस-५ बालापुर गाउँनजिकै गोली प्रहार गरी उनको हत्या गरे।

खाँको हत्यापछि कपिलवस्तु जिल्लामा भएको हिंसात्मक घटनामा १४ जनाको ज्यान गयो भने करिब २० जना गम्भीर घाइते भए। घटनाबाट ७ सय ६० भन्दा बढी घर, पसल, होटलमा आगजनी, तोडफोड र लुटपाट भयो। १ सय ६० ओटा सवारी साधनमा आगजनी र तोडफोड भयो, जसबाट करिब २ अर्ब

रुपियाँ बराबरको भौतिक क्षति भयो। घटनापछि प्रभावित स्थानका हजारौँ मानिस विस्थापित भए। विस्थापित भई भारतमा बसेका धेरैजसो मानिस राजनीतिक दल, प्रशासन, मावअधिकारकर्मीको पहलमा घर फर्किसकेका छन् भने आन्तरिक विस्थापितहरूमध्ये केही पथ्थरदेहियाको शङ्करपुरताल, बरकलपुरको बरकलपुर र गजेहडाको वाणगङ्गा क्याम्पसनजिकै गरी करिब ५ सय परिवार अस्थायी शिविरमा बसेका छन्।

०६४ भदौ ३० गते विहान खाँको हत्याको खबरलगत्तै एक समूहले पूर्व-पश्चिम राजमार्गको चन्द्रौटा खण्डमा बाटो अवरुद्ध गर्दै चन्द्रौटा बजारमा रहेका यातायातका साधनमा तोडफोड गर्नुका साथै पसल, होटल, ट्याङ्की र घरहरूमा लुटपाट, आगजनी, तोडफोड तथा व्यक्तिलाई कुटपिट र हत्या गर्नेजस्ता हिंसात्मक क्रियाकलाप गऱ्यो। सोही अवधिमा बजारमा सामान खरिदका लागि गएका सशस्त्र प्रहरी गण चन्द्रौटाका प्रहरी जवान हसन पुरीलाई चन्द्रौटा बजारमा ५०/६० जनाको समूहले कुटेर हत्या गऱ्यो।

चन्द्रौटा बजारमा भड्किएको हिंसाको केही समयपछि जिल्लाका विभिन्न स्थानहरूमा पनि हत्या, आगजनी, लुटपाटका घटना भए, जसबाट खुरुहुरिया गाविस-७ खजानीका ४० वर्षीय धनबहादुर थापा, गणेशपुर गाविस-६ मानपुरका ५० वर्षीय हीरामणि खरेल, विसनपुर गाविस-३ देवीपुरका ३० वर्षीय शोभाराम सुनार, २२ वर्षीय दिलबहादुर सुनार, ४० वर्षीय हरि बस्नेत र ३८ वर्षीय झवीन्द्र खनाल, शिवगढी गाविस-५ रमवादहका ३८ वर्षीय मैते भनिने दलबहादुर पुन र शिवपुर गाविस-५ हल्लानगरका ४२ वर्षीय चन्द्रबहादुर घर्ती मगरलाई करिब ५०/६० जनाको सङ्ख्यामा रहेका व्यक्तिहरूले भाला, खुकुरी, बञ्चरो, लाठी प्रयोग गरी हत्या गरे। कृष्णनगर गाविस-२ का १२ वर्षीय अर्जुन ठठेरको ०६४ असोज १ गते घरमा लगाएको आगोबाट बिजुलीको तार जली भुइँमा खसेपछि करेन्ट लागेर मृत्यु भएको थियो।

पत्थरदेहिया गाविस-३ कडियारका ३५ वर्षीय लालजी चौधरी र ३० वर्षीय नरसिंह चौधरीलाई हिंसात्मक घटना गराएको भन्दै ०६४ असोज २ गते वाईसीएलले अपहरण गरे। वाईसीएलको अपहरणमा रहेका लालजी र नरसिंहलाई मुक्त गराउन जाने क्रममा ०६४ असोज ३ गते जगदीशपुर प्रहरी चौकीमा दुईपक्षीय झडप हुँदा गणेशपुर गाविस-२ का ४५ वर्षीय रामेश्वर चौधरी, ४० वर्षीय नुरुद्दीन मुसलमान र ३८ वर्षीय दूधनाथ तेलीको हत्या भयो। रामेश्वर, नुरुद्दीन र दूधनाथलाई प्रहरीको नियन्त्रणबाट खोसी हत्या गरिएको थियो। घटनाका क्रममा प्रहरीले दर्जनौँ राउण्ड हवाई फायर, लाठीचार्ज गरेको भए पनि प्रहरीले हिंसा नियन्त्रण गर्न सकेन।

कपिलवस्तुमा भदौ ३० गते भड्किएको हिंसात्मक गतिविधिबाट जिल्लाका वीरपुर, विसनपुर, कृष्णनगर, गणेशपुर, खुरुहुरिया, गुगौली, शिवपुर, चनई, पथ्थरदेहिया, बरकलपुर, मोतीपुर, वाणगङ्गा, बुड्ढी, राजपुरलगायतका गाविस र कपिलवस्तु नपा प्रभावित भयो। वीरपुर, चनई, विसनपुर, गणेशपुर, पथ्थरदेहिया, गुगौली, कृष्णनगरलगायतको स्थानबाट करिब ५ हजारको सङ्ख्यामा नागरिकहरू विस्थापित भई सशस्त्र प्रहरी क्याम्प, कृष्णनगर, चन्द्रौटा, शिवपुर गाविसको सुन्दरीडाँडा, जयनगरको गोरुसिङ्गेलगायतका स्थानमा विस्थापित भई बसेका थिए। भदौ ३१ गतेको प्रतिहिंसाबाट शिवपुर, चनई, वीरपुर, गणेशपुर, खुरुहुरियालगायतका गाविस र विभिन्न स्थानबाट करिब ३ हजारको सङ्ख्यामा नागरिकहरू बहादुरगञ्ज, जभावारी, महाराजगञ्ज, कृष्णनगर र भारततर्फ विस्थापित भएका थिए।

त्यसरी भड्किएको हिंसा-प्रतिहिंसात्मक घटनामा परी विसनपुर गाविस-३ देवीपुरका ५५ वर्षीय अब्दुल मियाँ, २० वर्षीय सकिरन खातुन, ६ वर्षीय अनुसा निश्रा र पथ्थरदेहिया गाविस-५ का ६५ वर्षीय दलबहादुर थापा, तुलबहादुर जीसी, यमबहादुर थापा, देवबहादुर खत्री, राजु थापालाई ०६४ भदौ ३० गते घरमै बसिरहेको अवस्थामा कुटपिटबाट घाइते तुल्याइएको थियो।

त्यसैगरी ०६४ असोज ३ गते जगदीशपुरस्थित प्रहरी चौकीमा भएको दोहोरो झडपमा परी बहादुरगञ्ज गाविस-२ निवासी मानवअधिकारकर्मी ४४ वर्षीय शिवकुमार गुप्ता, पथ्थरदेहिया-४ का ५५ वर्षीय महबुल आलम, ४० वर्षीय जय उल्ला, ४२ वर्षीय हकी जुल्ला, ३८ वर्षीय शाहवीर हसन र ४० वर्षीय मोहमद मुस्थफालगायत १० जना घाइते भएका थिए। प्रहरीद्वारा घाइतेको उद्धार गरी लुम्बिनी अञ्चल अस्पतालमा उपचार गराइएको थियो।

जेल र बन्दीहरू

जिल्ला कारागार शाखा, कपिलवस्तुको क्षमता १ सय जनाको हो। 'घ' श्रेणीको कारागारमा यस वर्षको अन्त्यसम्म ९२ जना बन्दी रहेका छन्, जसमध्ये कैद तोकिएका २३ जना पुरुष रहेका छन् भने कैद नतोकिएका एक जना महिला र ६८ जना पुरुष गरी ६९ जना बन्दीहरू रहेका छन्।

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट									राज्यपक्षबाट			
	अन्यबाट					माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा
हत्या	१४	१८	२		२०								
घाइते	४	१२	२		१४	१	१		१				
कुटपिट	३	३			३	३	३	६	९	३	९	३८	३६
महिलाअधिकार	३		३		३								
बालअधिकार	६	१०	४	११०	१२४								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	२			२	२	२		२				
अपहरण	४	४			४	४	६		६				
जम्मा	३५	४८	११	११०	१६९	१०	१२	६	१८	३	९	३८	३६

यस शाखामा विभिन्न मुद्दामा जेल सजाय भोगेका बन्दीहरूले न्यूनतम सुविधा नभएको गुनासो गरेका छन्। जेलमा रेडियो र टेलिभिजन उपलब्ध छ। शौचालय सफा र राम्रो नभएको, पत्रपत्रिका पढ्न नपाएको बन्दीहरूले गुनासो गरे। वि.सं. १९९५ मा निर्माण भएको सो जेल अत्यन्तै जीर्ण बन्दै गएपछि यस वर्षदेखि करिब ३ करोडको लागतमा नयाँ जेल निर्माण सुरु भएको छ। तीन वर्षमा निर्माण सम्पन्न गर्ने भनिएको सो जेल सुविधासम्पन्न हुने बताइएको छ।

तनहुँ जिल्ला घर भई कपिलवस्तु कारागारमा बन्दी जीवन बिताइरहेका लक्ष्मण श्रेष्ठलाई ०६३ फागुन १ गते राति कारागारकै कैदीहरूले घाँटी थिचेर हत्या गरे। श्रेष्ठ सो जेलका चौकीदारसमेत थिए। सोही दिन साँझ ६ बजे कोठा नं. ६ मा रहेका १४ जना बन्दीमध्ये ११ जनाले सुरुङ खनेर भाग्न सर-सल्लाह गरेकामा चौकीदार श्रेष्ठलगायत अन्य दुई जनाले विरोध गरेका कारण राम विलास, नन्दलाल यादव, रहिस मुसलमानलगायत ११ जनाले श्रेष्ठको घाँटी थिचेर हत्या गरेका थिए। अन्य दुई जनालाई समेत हातखुट्टा बाँधेर मुखमा रुमाल कोचाएर राखेका थिए। जेल तोडेर भाग्न लागेका बेला सुरक्षाकर्मीले सबैलाई नियन्त्रणमा लिएका थिए।

बेपत्ता/अपहरण

माओवादीबाट

वैदौली गाविस-७ मुडिलाका ४२ वर्षीय देवेन्द्र मिश्र र उनका छोरा २४ वर्षीय मनीष मिश्रलाई ०६३ पुस २९ गते बिहान ५०/६० जनाको सङ्ख्यामा लाठी, भाला, खुकुरीसहित गएका माओवादी कार्यकर्ताले घरबाट कुटपिट गर्दै अपहरण गरे। ०६३ पुस २६ गते दुई पक्षबीच सामान्य भनाभन तथा झगडा भएपछि माओवादीको काममा अवरोध पुऱ्याएकाले अपहरण गरिएको माओवादी एरिया इञ्चार्ज शेरमानले बताए। पीडितहरू मुडिलाबाट पुस ३० गते मुक्त भए।

एमालेका जिल्ला कमिटी सदस्यद्वय कपिलवस्तु नपा-२ निवासी ४३ वर्षीय बाबुराम खनाल र मोतीपुर गाविस-३ का ४१ वर्षीय विश्राम चौधरी पार्टी कामको सिलसिलामा बैदौली गाविसको बुढापार भन्ने स्थानमा गएको अवस्थामा ०६३ माघ १ गते माओवादीका ४०/५० जना कार्यकर्ताले उनीहरूलाई बुढापारबाट अपहरण गरे। पीडितहरूलाई मानवअधिकारकर्मीको पहलपछि सोही स्थानबाट चार घण्टापछि मुक्त गरियो। माओवादीले बैदौली गाविसका देवेन्द्र मिश्र र उनका छोरा मनीष मिश्रलाई ०६३ पुस २९ गते अपहरण मुक्त गराउन सहयोग गरेकाले उनीहरूलाई कब्जामा लिइएको माओवादीले बताए।

हथिहवा गाविस-४ का ७० वर्षीय मसुहर मुसलमानले माओवादी कार्यकर्तालाई तिर्नुपर्ने रकम नतिरेको आरोपमा ०६४ भदौ २३ गते माओवादी कार्यकर्ताले मसुहरलाई उनको घरबाटै अपहरण गरी नन्दनगर गाविसमा पुऱ्याई मानवअधिकारकर्मीको पहलमा भोलिपल्ट लबनीबाट मुक्त गरे।

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

लालपुर गाविसको उपस्वास्थ चौकीका अहेव जीतेन्द्र वीसीलाई ०६४ मङ्सिर २६ गते दिउँसो संयुक्त जनतान्त्रिक तराई मुक्तिमोर्चाका कार्यकर्ताले लालपुर उपस्वास्थ्य चौकीबाट मोटरसाइकलसहित अपहरण गरी

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	वाइसीएलबाट			मधेसी जनअधिकार फोरमबाट			संजतमुमोबाट		
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
घाइते	१	५	५	१	३	३			
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१	१				१	१	१
अपहरण	१	१	१				३	३	३
जम्मा	३	६	६	१	३	३	३	३	३

करिब १ कि.मि. पश्चिम पुऱ्याई मुक्त गरे भने उनको लु.२प. ८९५८ नम्बरको मोटरसाइकल लुटेर लगे।

शिवनगर गाविस निवासी काङ्ग्रेसका सक्रिय कार्यकर्ता ४३ वर्षीय माधवकुमार बेल्वासेलाई ०६४ मङ्सिर २७ गते दिउँसो संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चाका चार जना कार्यकर्ताले अपहरण गरे। पीडितहरूलाई भोलिपल्ट भारतीय सीमाक्षेत्रबाट मुक्त गरे। उदयपुर गाविसको इट्रोल भन्ने ठाउँमा रहेको इँटाभट्टाका सञ्चालकसमेत रहेका बेल्वासेलाई इँटाभट्टामा गएको बखत अपहरण गरिएको र सो समूहले पीडितको दुईओटा मोटरसाइकलसमेत लुटेको उनले बताए।

धम्की/कुटपिट

माओवादीबाट

मौवा गाविसमा खटिएको नागरिकता वितरण टोलीका प्रमुख ३८ वर्षीय मोहनप्रसाद पोखरेलसहित छ जनाले अङ्गीकृत नागरिकता वितरण नगरेको भन्दै ०६३ माघ ७ गते माओवादीनिकट मधेसी मुक्ति मोर्चाका कार्यकर्ता क्रम हुसेनको नेतृत्वमा गएको ५०/६० जनाले उनीहरूलाई लछार-पछार गर्दै कुटपिट गरी चार घण्टा गाविस भवनमा थुने। सोही साँझ जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले पीडितहरूको उद्धार गरी सदरमुकाम ल्याएको थियो।

माओवादी प्रतिकार समूहबाट

खुरहुरिया गाविस-७ खजानी घर भएका माओवादी भ्रातृ सङ्गठन मधेसी राष्ट्रिय मुक्ति मोर्चाका जिल्ला सदस्य मिठाइलाल चौहानलाई ०६३ माघ १६ गते राति माओवादी प्रतिकार समूहका अगुवा दूधनाथ तेलीको नेतृत्वमा १० जनाको हतियारधारी समूहले साङ्घातिक आक्रमण गरी गम्भीर घाइते तुल्यायो। पीडितको उपचार भारतमा भयो।



अज्ञात व्यक्तिद्वारा गोली हानी हत्या गरिएका मोहित खाँ

अन्यबाट

नेपाल टेलिकम, तौलिहवाका प्रमुख रामकुमार गुप्ताले आफ्नो पार्टीको काम छिटो नगरिदिएको आरोपमा ०६४ पुस १६ गते विहान जनमोर्चा नेपाल कपिलवस्तुका जिल्ला सचिव कमलेश भनिने वृजबिहारी शुक्लाले उनलाई अपशब्द प्रयोग गर्दै कार्यालयमै कुटपिट गरे। कुटपिटपछि टेलिकमका कर्मचारीहरूले शुक्लामाथि कारवाहीको माग राख्दै पुस १६ गते काम-काज ठप्प गरेका थिए। सोही दिन प्रमुख जिल्ला अधिकारीले दुवै पक्षबीच वार्ता गराई मिलापत्र गराए।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

लबनी गाविस-१ निवासी सद्भावना पार्टी जिल्ला कार्यसमितिका सदस्य ४५ वर्षीय तौलनप्रसाद कलवारलाई ०६३ माघ १७ गते माओवादीनिकट मधेसी मुक्ति मोर्चाका कार्यकर्ताले कुटपिट गरी गम्भीर घाइते तुल्याए। सद्भावना पार्टीले विभिन्न माग राख्दै जिल्ला बन्दको आयोजना गरेका बेला मोर्चाका कार्यकर्ताहरूले त्यसका विरुद्ध बजार खुलाउँदै हिँडेको अवस्थामा कलवारलाई कुटपिट गरिएको थियो। पीडितको उपचार भैरहवा मेडिकल कलेजमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

नमुना जिल्ला अदालत कपिलवस्तुमा यस वर्ष १ हजार १ सय १५ थान मुद्दा दर्ता भएकामा ६ सय ४४ थान मुद्दा फर्स्यौट भए भने ४ सय ७१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे, जसमध्ये

अज्ञात समूहद्वारा गोली हानी हत्या गरिएका पूर्णबहादुर सुनार

देवानी ८ सय ३४ थान मुद्दा परेकामा ४ सय ४० थान मुद्दा फर्स्यौट भई ३ सय ९४ थान मुद्दा बाँकी रहे। फौजदारीतर्फ २ सय ८१ थान मुद्दा परेकामा २ सय ४ थान फर्स्यौट भए भने ७७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

कोपवा गाविस-८ मनहरिपुरकी १३ वर्षीया बालिका महाँराजिया थारुलाई बोक्सीको आरोपमा ०६४ साउन २९ गते बिहान सोही गाविसका उनका आफन्त भीमकुमारी थारु, थारु चौधरी, गुलमान चौधरी, नखिया चौधरी, रतिया चौधरी, रामरजिया चौधरी, पतिया चौधरी र लखपति चौधरीलगायतले कुटपिट गरे। पीडितको जिल्ला अस्पताल, तौलिहवामा उपचार भयो। छिमेकी एक बालिका बिरामी परेको र धामीले बोक्सी लागेर बिरामी भएको बताएपछि उनलाई कुटपिट गरिएको थियो।

शिवपुर गाविस-३ का १६ वर्षीय हरि चौधरी, १५ वर्षीय शिवनारायण चौधरी, १६ वर्षीय मङ्गल चौधरी, १५ वर्षीय सुरेश चौधरी, १५ वर्षीया सीता चौधरी, १५ वर्षीया रञ्जीता चौधरीलगायतका १२ जना बालबालिकालाई चार महिनादेखि भारतको बस्ती जिल्ला गौरको मधैयामा बन्धक बनाएर राखेको अवस्थामा ०६४ साउन १ गते कपिलवस्तुस्थित साथी नामक संस्था र इलाका प्रहरी कार्यालय, कृष्णनगरको सहयोगमा नेपाल ल्याइयो। हाल उनीहरू आ-आफ्ना परिवारको जिम्मा रहेका छन्।

निग्लीहवा गाविस-७ पचेराकी १४ वर्षीया एक बालिका खेतमा तरकारी रेखदेख गर्न गएको अवस्थामा ०६४ असार ७ गते दिउँसो सोही गाविस-७ का २० वर्षीय त्रियोगी केवटले डर-त्रास देखाई उनलाई बलात्कार गरे। पीडितको स्वास्थ्य परीक्षण तौलिहवास्थित पृथ्वीवीर अस्पतालमा गरियो। पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा ०६४ असार १० गते किटानी जाहेरी दिएपछि प्रहरीले पीडकलाई जाहेरी परेकै दिन गिरफ्तार गऱ्यो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

चनई गाविस-८ बनकट्टीकी ३५ वर्षीया उमा थापालाई ०६३ मङ्सिर १९ गते कृष्णनगर गाविस-२ पानीट्याङ्की बस्ने ४० वर्षीय अम्बिकासरा खातुनले विभिन्न लालच देखाई सउदी अरबमा राम्रो काममा लगाइदिने बहानामा साउदी अरबमा बेचे। १० हजार भारतीय रुपियाँमा विदेश पठाउने र राम्रो काममा लगाइदिने लोभ-लालच देखाई भारतको बम्बईबाट अरब पठाइएकी पीडितले त्यहाँका दलालले ६ सय रियालमा बेचेको र २४ सै घण्टा श्रम र यौन शोषण गरेको ०६४ वैशाख २ गते घरमा फोन गरी जानकारी गराएकी थिइन्। पीडक अम्बिकासराले अन्य दुईजना महिलालाई समेत सँगै लगेकामा उनीहरूमध्ये सरस्वती विक असार महिनामा विदेशबाट भागेर घर फकिइन्। उनले प्रहरीमा उजुरी गरेपछि ०६४ असार १८ गते अम्बिकासरालाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जीउ मास्ने-बेच्ने मुद्दाअन्तर्गत रहेकी आरोपी धरौटीमा रिहा भएकी छन्।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

कपिलवस्तु नपा-९ छोड्की तौलिहवा निवासी ३५ वर्षीया एक महिलालाई ०६३ चैत २९ गते सोही गाउँका ४० वर्षीय इस्लाम खान र उनका छोरा १९ वर्षीय शाह बुद्धिन मुसलमानले कुटपिट र अभद्र व्यवहार गरे। पीडकहरूले बलात्कारको प्रयास गर्दा खातुनले प्रतिकार गर्दा उनीहरूले कुटपिट गरेको पीडित पक्षले जनायो। पीडकलाई प्रहरीले १ हजार ५ सय रुपियाँ जरिवाना तिरायो।

पारिवारिक हिंसा

पर्सोहिया गाविसका ३५ वर्षीय मोहमद सोफिकले घरमा एक पत्नी र छोरा-छोरी हुँदाहुँदै ०६३ फागुन २२ गते भारतको सिद्धार्थनगर जिल्ला शारदानगरबाट १५ वर्षीया बालिका दराना खातुनसँग बहुविवाह गरे। आफ्नो छोरीलाई ललाइ-फकाई मोहमदले भगाएको भन्दै बालिकाकी आमाले इन्सेकलगायत अन्य सङ्घ-संस्थासमक्ष पीडकलाई कारवाही गर्न माग गर्दै निवेदन दिएकी थिइन्।

सबै प्रकारका जातीय विभेद

जयनगर गाविस-८ का ४० वर्षीय भानीकुमारी कामीले आफूले उपयोग गर्दै आएको जग्गाधनी पुर्जासमेत रहेको १ कट्ठा ३ धुर जग्गा जयनगर गाविसका केही व्यक्तिहरूले ०६३ फागुन १८ गते सो जग्गाप्रति आपत्ति जनाउँदै उनको घरसमेत भत्काई दिए। त्यसको नेतृत्व स्थानीय बुद्धिजीवीले गरेका थिए। 'दलितको कसरी यत्रो जग्गा भयो, यो नक्कली पुर्जा हो' भन्दै सो पुर्जा बदरका निम्ति जिल्ला प्रशासनमा

नक्कली कागज गराएका थिए। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएकी थिइन्। मानवअधिकारकर्मीको पहलमा पछि त्यो जग्गा उनलाई नै दिलाइयो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

निग्लीहवा गाविस-६ जरलैयाका ४५ वर्षीय दीपक गुरुङको दुई बिघा क्षेत्रफलमा रहेको आँपको बगैँचा ०६४ जेठ १७ गते माओवादीका जिल्ला कमिटी सदस्य एवम् एरिया इन्चार्ज सीमाको नेतृत्वमा गएको १४/१५ जनाको एक समूहले कब्जा गऱ्यो। पीडित ०६१ सालदेखि विस्थापित भई काठमाडौँमा बस्दै आइरहेका थिए।

भलवाड गाविस-२ का ४५ वर्षीय सोमबहादुर रायमाझीको डेढ बिघा खेतमा ०६४ जेठ २६ गते माओवादी कार्यकर्ताले झण्डा गाडेर कब्जा गरे। माओवादी जिल्ला सदस्य सीमाको नेतृत्वमा गएको ३० जनाले आफूहरू ६ नम्बर वाईसीएल रहेको बताउँदै सो खेत आफ्नो कब्जामा रहेको घोषणा गरेका थिए।

माओवादी प्रतिकार समूहका नेता वीरपुर गाविसस्थित मोहित खाँको घरमा रहेको सेनाको क्याम्प तत्काल हटाउन माग गर्दै माओवादीले ०६४ जेठ २६ गतेदेखि अनिश्चितकालीन जिल्ला बन्दको घोषणा गरेकामा सो बन्द आह्वानको अवज्ञा गरेको भन्दै जेठ २६ गते राति शिवपुर गाविसको बेलौतेमा रोकी राखेका एक दर्जन सवारी साधनमा आगजनी तथा तोडफोड गरी करिब ३ करोड रुपियाँ बराबरको क्षति पुऱ्याए।

संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चाबाट

पुरुषोत्तमपुर गाविसस्थित नेत्र बेलवासेको आयल सेन्टर ०६४ मङ्सिर १२ गतेदेखि संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा कपिलवस्तुले कब्जामा लिएको घोषणा गऱ्यो। मोर्चाका ब्युरो प्रमुख राजबाबुले विज्ञप्ति प्रकाशन गरी मोर्चाको नीति, कार्यक्रम पटक-पटक उल्लङ्घन गर्ने काम गरेकाले बाध्य भएर सो आयल सेन्टर कब्जा गरेको जनाए। हालसम्म सो आयल सेन्टर बन्द रहेको छ।

३.११ अर्घाखाँची



जनसङ्ख्या : २,३०,००८
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.): १,१९३
गाविस/नपा सङ्ख्या : ४२/०
सरकारी/निजी विद्यालय : ४८४/१५
क्याम्पस/उच्च मा.वि. : २/१८
अस्पताल/स्वास्थ्य चौकी : १/४१
मोटर सडक (कि. मि.): ५८
प्रहरी कार्यालय सङ्ख्या : १४
मानव विकास सूचकाङ्क : ०.४७१
प्रतिपरिवार सरदर सङ्ख्या : ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

खिदिम गाविस-४ देओलचउर निवासी ५४ वर्षीय शिवबहादुर कुमाल बोक्सो भएको आरोपमा ०६४ मङ्सिर २ गते सोही गाउँका चार जनाले शिवबहादुरको देओलचउरमा खुकुरी प्रहार गरी हत्या गरे। पीडितको लास १७ दिनपछि स्थानीय रिडी खोलामा बालुवामा गाडिएको अवस्थामा प्रहरीले फेला पाऱ्यो। सोही ठाउँ बस्ने २४ वर्षीय महेन्द्रबहादुर कुमाल, २५ वर्षीय कृष्णबहादुर कुमाल, २० वर्षीय झपेन्द्र कुमाल र १९ वर्षीय प्रचण्ड कुमालले शिवबहादुरको हत्या गरेका थिए। पीडक महेन्द्रबहादुरको १४ दिनको छोरा एक्कासि बिरामी भई मृत्यु भएपछि शिवबहादुर बोक्सो लागेर मरेको भनी आरोप लगाइएको थियो। मृतक शिवबहादुरका छोराले जिल्ला प्रहरी कार्यालय,

घटनाको प्रकार	गैरराज्यपक्षबाट						
	अन्यबाट				माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३	१	३			
कुटपिट	६	१५		१५	१	१	१
धम्की	१	१		१	१	१	१
बालअधिकार	३		३	३			
अपहरण	१	१		१	४	५	५
जम्मा	१३	१९	३	२२	६	७	७

अर्घाखाँचीमा किटानी जाहेरी दिएका थिए। पीडकहरू हाल जिल्ला प्रहरी कार्यालयमा थुनामा छन्।

जेल र बन्दीहरू

यस जिल्लामा कारागार छैन। जिल्ला अदालतबाट फैसला भएका बन्दीहरूलाई गुल्मी र कपिलवस्तुका कारागार शाखामा पठाइने गरिएको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

मरेङ गाविस-७ का ४० वर्षीय रामेश्वर श्रेष्ठले माओवादी पार्टीलाई सहयोग नगरेको आरोपमा ०६४ असार २२ गते माओवादी कार्यकर्ताले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई सोही दिन साँझ छोरा परमेश्वरको रोहबरमा देउरालीबाट मुक्त गरे।

खाँचीकोट गाविस-५ का २६ वर्षीय वसन्त परियारले बहुविवाह गरेको र जेठी पत्नीलाई हेला गरेको आरोपमा ०६४ असोज २२ गते माओवादी कार्यकर्ताले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई ०६४ असोज २४ गते पाली गाविस-५ बहखोरबाट परिवारको रेखदेख गर्ने सर्तमा पत्रकार सहयोगी बीसीको रोहबरमा मुक्त गरे।

धातिवा गाविस-२ निवासी ३२ वर्षीय मेघबहादुर रास्कोटीले पार्टीविरुद्ध गतिविधि गरेको आरोपमा ०६४ कात्तिक ९ गते माओवादी कार्यकर्ताले उनलाई घरबाटै अपहरण गरे। माओवादीविरुद्ध कुनै पनि गतिविधि नगर्ने सर्तमा पीडितलाई पाली गाविस-१ बाट ०६४ कात्तिक ११ गते मुक्त गरियो।

धातिवा गाविस-३ निवासी स्थानीय शिक्षक ३८ वर्षीय हिमलाल पौडेल र सोही ठाउँका ४० वर्षीय मित्रदेव पौडेलले माओवादीविरुद्ध सुराकी गरेको आरोपमा ०६४ कात्तिक १० गते माओवादी कार्यकर्ताले दुवैलाई घरबाटै अपहरण गरे। पीडित हिमललालाई काङ्ग्रेस जिल्ला उप-सभापति विष्णु मुस्कानको रोहबरमा भोलिपल्ट धातिवाबाट मुक्त गरे भने मित्रदेवलाई कात्तिक १२ गते पाली गाविस-१ बाट मुक्त गरे। मित्रदेव स्थानीय स्वास्थ्य चौकीका अहेव हुन्।

धम्की/कुटपिट

माओवादीबाट

ढिकुरा गाविस-२ सलिनडाँडाका ५५ वर्षीय नारायण खनालले माओवादी पार्टीको गतिविधि सञ्चालनमा बाधा पुऱ्याएको आरोपमा ०६३ माघ ७ गते माओवादीका इलाका सचिव सेवक भनिने बाबुराम सुनारले उनलाई उनको घरमै गई मार्ने धम्की दिए।

ढिकुरा गाविस-४ का ४९ वर्षीय शिवलाल मरासिनीलाई चन्दा नदिएको आरोपमा ०६३ चैत ४ गते माओवादी इलाकास्तरीय नेता सेवक भनिने बाबुराम सुनारले ढिकुरा गाविस-२ को गैरागोठबजारमा कुटपिट गरी मार्ने धम्कीसमेत दिए।

वाईसीएलबाट

खनदह गाविस-७ देउरालीका ३३ वर्षीय नारायण चौहानले माओवादीविरुद्ध कार्य गरेको आरोपमा ०६४ असार १२ गते वाईसीएलका कार्यकर्ताले देउरालीस्थित उनकै घरमा कुटपिट गरी मार्ने धम्की दिए। सो धम्कीपछि खनदह गाविस-७ का ४५ वर्षीय माओवादी जिल्ला कमिटी सदस्य जीवन चौहानलाई एमाले कार्यकर्ता नारायण चौहानले सोही दिन देउरालीमै राजनीतिक आस्थाका कारण कुटपिट गरेका थिए।

खिल्जी गाविस निवासी राष्ट्रिय जनमोर्चा नेपालका खिल्जी गाउँ कमिटी सचिव ३५ वर्षीय अमर थापाले माओवादी गतिविधिको विरोध गर्दै हिँडेको भन्दै ०६४ असार १६ गते वाईसीएल कार्यकर्ता हिमालको नेतृत्वमा गएको समूहले उनलाई कुटपिट गरे।

एमालेका कार्यकर्ताहरू जुकेना गाविस-८ का ४८ वर्षीय रमेश शर्मा र सोही ठाउँका २७ वर्षीय सागर परियारको ०६४ असार १७ गते वाईसीएलका कार्यकर्ताले राजनीतिक आस्थाका कारण घर तोडफोड गरी ज्यान मार्ने धम्कीसमेत दिए। माओवादी र एमालेका जिल्लास्तरीय नेताबीचको छलफलपछि पीडितपक्षलाई ५८ हजार ६ सय रुपियाँ माओवादीले उपलब्ध गराउने सहमतिमा विवाद मिलेको थियो।

खनदह गाविस-७ निवासी काङ्ग्रेस गाउँ समिति सचिव ३८ वर्षीय हुमप्रसाद खनाललाई राजनीतिक आस्थाका आधारमा ०६४ भदौ ८ गते

वाईसीएलका कार्यकर्ताले अर्घातोष गाविस-३ स्थित चौरमा कुटपिट गरी मार्ने धम्की दिए।

बाँगी गाविस-१ बरम्कोट निवासी नेविसङ्घ जिल्ला समिति सदस्य २२ वर्षीय विजय क्षेत्रीलाई ०६४ भदौ ९ गते वाईसीएलका कार्यकर्ताले राजनीतिक आस्थाका कारण अर्घा गाविस-५ कालीमाटीमा कुटपिट गरी मार्ने धम्की दिए।

स्थानीय व्यवसायीद्वारा कुटपिट गरिएका खिमबहादुर विक

झडपबाट

सन्धिखर्क गाविस-७ निवासी जीप चालक किरण सारुलाई सामान्य विवादका कारण वाईसीएलका कार्यकर्ताले ०६४ कात्तिक १३ गते सन्धिखर्क गाविस-७ को भद्रीखोलामा कुटपिट गरे। उक्त घटनाको विरोधमा बाँगी गाविस-४ का ४५ वर्षीय माओवादी जिल्ला कमिटी सदस्य खिमबहादुर विक, सोही ठाउँका वाईसीएल कार्यकर्ता मोहन भुसाल, सन्तोष विक र सुरज विकलाई जीप व्यवसायीले सोही दिन भद्रीखोलामा कुटपिट गरेका थिए। घटनाको विरोधमा माओवादीले ०६४ कात्तिक १४ गते जिल्ला बन्दसमेत गरे।

अन्यबाट

धारापानी गाविस-५ निवासी नेकपा (एकीकृत) का कार्यकर्ताहरू ३५ वर्षीय विष्णुप्रसाद बञ्जाडे, सोही ठाउँका ३० वर्षीय अर्जुन प्रकाश, धारापानी गाविस-८ का ३५ वर्षीय सुभासचन्द्र बञ्जाडे, धारापानी गाविस-६ का टीका भुसाल र धारापानी गाविस-८ का सौरभ गाहालाई राजनीतिक विवादका कारण ०६४ कात्तिक २४ गते राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले धारापानी गाउँमा भैलो खेलिरहेको अवस्थामा कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गतवर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा ८८ थान र फौजदारी मुद्दा ४१ थान गरी जम्मा १ सय २९ थान मुद्दामध्ये गतवर्षका देवानी ३० थान र फौजदारी १४ थान मुद्दा फर्स्यौट भए भने गतवर्षका ८५ थान मुद्दा फर्स्यौट हुन बाँकी छन्। त्यसैगरी यस वर्ष दर्ता भएका देवानी मुद्दा १ सय २ थान र फौजदारी ४७ थान गरी जम्मा १ सय ४९ थान मुद्दामध्ये देवानीतर्फ २ थान र फौजदारीतर्फ ४ थान मुद्दा फर्स्यौट भए भने यस वर्षका १ सय ४३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

ढिकुरा गाविस-५ का २५ वर्षीय काशीराम नेपालीले सोही ठाउँ बस्ने आठ वर्षीया एक बालिकालाई ०६४ वैशाख २१ गते ढिकुरा गाविस-५ स्थित सुवर्णखाल भन्ने ठाउँमा बलात्कार गरे। पीडकलाई वैशाख ३० गते प्रहरीले सुवर्णखालबाट गिरफ्तार गरी थुनामा राखेको छ।

किमडाँडा गाविस-७ गाँजरीका ११ वर्षीया एक बालिकालाई सोही ठाउँका ४५ वर्षीय अजित पाण्डेले ०६४ असार २० गते गाँजरीमा बलात्कार प्रयास गरे। पीडित बालिकाका परिवारले ०६४ असार २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडक फरार छन्।

३.१२ गुल्मी

जनसङ्ख्या :	३,१९,८२१
साक्षरता प्रतिशत :	६०
महिला साक्षरता प्रतिशत :	५५
क्षेत्रफल (वर्ग कि. मि.):	१,१४९
गाविस/नपा सङ्ख्या :	७९/०
सरकारी/निजी विद्यालय :	५४५/२२
क्याम्पस/उच्च मा.वि. :	२/१८
अस्पताल/स्वास्थ्य चौकी :	१/७०
मोटर सडक (कि. मि.):	२००
प्रहरी कार्यालय सङ्ख्या :	१२
मानव विकास सूचकाङ्क :	०.४६७
प्रतिपरिवार सरदर सङ्ख्या :	५

जेल र बन्दीहरू

२५ जना बन्दी क्षमता रहेको 'घ' श्रेणीको कारागार शाखा, तम्घासमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका चार जना महिला र १५ जना पुरूषसहित १९ जना र कैद नतोकिएका चार जना पुरुष गरी जम्मा २३ जना बन्दीहरू रहेका छन्। यस कारागारमा एक जना आश्रित नाबालक पनि रहेका छन्। आममाफीको माग राखी कारागारका बन्दीहरूले यस वर्ष विभिन्न चरणमा धर्ना, जुलुस, रिले अनशन, आमरण अनशन र नाराबाजीजस्ता आन्दोलनका कार्यक्रमहरू गरे ।

आममाफीको माग राखी ०६४ असार ६ गतेदेखि आमरण अनशनमा बसेका बुद्धिसागर बेलबासे, नरबहादुर रोका र भगवती जीसीको स्वास्थ्य स्थिति बिग्रिँदै गएपछि ०६४ असार १३ गते मानवअधिकारकर्मी, राजनीतिक दलका प्रतिनिधि र स्थानीय प्रशासनको पहलमा उनीहरूले आमरण अनशन तोडेका थिए। साथै, उनीहरूले असार १५ गते गर्ने भनेको सामूहिक आत्मदाहको कार्यक्रम पनि फिर्ता लिएका थिए।

बेपत्ता/अपहरण

माओवादीबाट

तुराङ गाविस-१ मजुवा निवासी आँपचौर गाविसका गाविस सचिव ४८ वर्षीय लोकनाथ पोखरेलले माओवादीको निर्देशन नमानेको आरोपमा ०६३ चैत ३ गते माओवादी कार्यकर्ता अनिश र जोशीले उनलाई घरबाट अपहरण गरे। पीडितलाई आँपचौर गाउँ परिषद्को ०६३ पुस २० गतेको निर्णयलाई बदर गरी पुन: ०६३ चैत १५ गतेभित्र परिषद् गराउनुपर्ने र जिविसमा पेस गरेका निर्णयहरू फिर्ता गर्ने सर्तमा भोलिपल्ट दिब्रुङको नुनडाँडाबाट मुक्त गरिएको थियो।

नेपाली सेनाको वीरदल गण, बाग्लुङको सुरक्षा बेसक्याम्प भीमगिठीमा कार्यरत सैनिक जवान जैसीथोक गाविस-७ कोरापानी निवासी २० वर्षीय इमानबहादुर कुमाललाई ०६३ चैत २३ गते बिहान माओवादी कार्यकर्ता प्रकाशको नेतृत्वमा गएका तीन जनाले अर्खले गाविस-५ सेउघाबाट अपहरण गरे। घरबिदामा आएको अवस्थामा आफ्नै कामले सदरमुकामतर्फ जान लाग्दा सेनाको जागिरे भएका कारण १० हजार रुपियाँ दिनुपर्छ भनी माओवादीले अपहरण गरेका थिए। उनलाई माओवादी कार्यकर्ताहरूले आफ्नै घरमा साँझसम्म थुनेर १० हजार रुपियाँ चन्दा दिएपछि मुक्त गरेका थिए। घटना सार्वजनिक भएपछि माओवादीको जिल्ला तहबाट उक्त रकम फिर्ता गराइएको थियो।

दोहोली गाविस-४ कुभिण्डे निवासी तुराङ गाविस सचिव ३४ वर्षीय मेघप्रसाद पोखरेललाई माओवादी पार्टीले भनेको ठाउँमा गाविस कार्यालय सञ्चालन नगरेको आरोपमा ०६४ वैशाख १५ गते माओवादी कार्यकर्ता बाबुराम बोहराको नेतृत्वमा गएको २०/२५ जनाको समूहले उनलाई तुराङ गाविस-१ को मजुवा बजारबाट अपहरण गऱ्यो। तुराङ गाविस-१ मजुवा बजारमा रहेको गाविस भवन माओवादीले द्वन्द्वको समयमा जलाएपछि गाविसको काम तुराङ हेल्थसेन्टरबाट सञ्चालन गरिएको थियो। हाल माओवादीले उक्त कार्यालय वडा नं.५ को पीपलपाटामा सार्नुपर्छ भनेको र अन्य दलले मजुवामै राख्नुपर्छ भनेको अवस्थामा उनलाई माओवादीले अपहरण गरी पीपलपाटा पुऱ्याई ०६४ वैशाख १६ गते शङ्करप्रसादको घरमा स्थानीय जनता भेला गरी गाविस कार्यालय उद्घाटन गर्न लगाई अबदेखि गाविसको काम यहींबाट सञ्चालन हुनेछ भनेर दिउँसो मुक्त गरेका थिए। हाल उनले गाविसको काम सदरमुकाम तम्घासमा बसेर सञ्चालन गरिरहेका छन्।

छापहिले गाविस-२ निवासी काङ्ग्रेस गाउँ कार्यसमितिका सचिव २८ वर्षीय रेखकुमार थापालाई ०६४ भदौ ४ गते माओवादी एरिया इञ्चार्ज अमृतको नेतृत्वमा गएका करिब १२ जनाको समूहले हस्तिचौर गाविस-६ को छल्दी पनाहामा जीपबाटै अपहरण गऱ्यो। आफ्ना कार्यकर्ताहरूलाई प्रहरी लगाई गिरफ्तार गराएको भन्दै माओवादीले उनलाई अपहरण गरेका थिए। अपहरणपश्चात् कुटपिटसमेत गरी घरमा पुऱ्याइएका पीडित थापालाई मानवअधिकारकर्मी र पत्रकारहरूको टोलीले उद्धार गरी ०६४ भदौ ६ गते उपचारका लागि सदमुकाम ल्याएको थियो।

रूरू गाविस-६ रातामाटा निवासी २४ वर्षीय अमर जोगी कुँवर एमाले कार्यकर्ता भएको आरोपमा ०६४ असोज १२ गते बिहान माओवादी एरिया इञ्चार्ज ईश्वरी ज्ञवालीको नेतृत्वमा गएका करिब २० जनाले कुँवरलाई घरबाट अपहरण गरी घरनजिकैको होटलमा पाँच घण्टा थुनेर कुटपिट गरी एमाले कार्यकर्ता भएमा थप कारबाही गर्ने धम्की दिएर मुक्त गरे।

भुर्तुङ्ग गाविस-९ निवासी ७५ वर्षीय देवेन्द्र शाह एमाले कार्यकर्ता भएको आरोपमा ०६४ असोज १५ गते दिउँसो माओवादी कार्यकर्ता सञ्जयको नेतृत्वमा गएका १० जनाले शाहलाई घरबाट अपहरण गरी खड्कोट गाविस-१ मा पुऱ्याई पाँच घण्टा थुनेर एमाले कार्यकर्ता भएमा थप कारबाही गर्ने धम्की दिई सोही दिन मुक्त गरे।

घटनाको प्रकार	गैरराज्यपक्षबाट						
	अन्यबाट				माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	२	१	१	२			
कुटपिट	२	६		६	१	२	२
धम्की	१		१	१	७	१२	१२
जातीय विभेद	२		२	२			
महिलाअधिकार	२		२	२			
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					२	२	२
अपहरण	१	१		१	९	९	९
जम्मा	१०	८	६	१४	१९	३५	३५

रूपाकोट गाविस-३ निवासी एमाले गाउँ कमिटी सचिव ५५ वर्षीय अनन्त भण्डारीलाई ०६४ असोज १७ गते माओवादी एरिया सेक्रेटरी निसानाको नेतृत्वमा गएको एक समूहले घरबाट अपहरण गरे। माओवादीले उनलाई नजिकको जङ्गलमा पुऱ्याई कुटपिट गरेर ५० हजार नगद असुल गरी थप ५० हजार रुपियाँ पछि दिने सर्तमा सोही राति मुक्त गरे।

हर्मीचौर गाविस-५ निवासी एमाले गाउँ कमिटीका उपसचिव ४१ वर्षीय भीमबहादुर विश्वकर्मालाई ०६४ मङ्सिर २० गते बिहान माओवादी इलाका इञ्चार्ज फटिक विकको नेतृत्वमा गएका चार/पाँच जनाले घरबाट अपहरण गरी जङ्गलमा पुऱ्याई २० हजार रुपियाँ चन्दा माग गरे। पीडितका अनुसार चन्दा नदिएमा भौतिक कारबाही गर्ने धम्की दिएकाले उनले १० हजार रुपियाँ चन्दा दिन मञ्जुर भई ३ हजार रुपियाँ सोही दिन घरमा आई दिएको र बाँकी ७ हजार रुपियाँ ०६४ पुस १ गते दिने सर्तमा उनलाई माओवादीले घरबाट मुक्त गरे।

नयाँगाउँ गाविस-२ निवासी काङ्ग्रेसका पूर्व गाउँ सभापति ५३ वर्षीय तोमबहादुर जीसीलाई ०६४ वैशाख १६ गते अपरान्ह माओवादी कार्यकर्ताहरूले नयाँगाउँ गाविस-२ को दहचौरबाट अपहरण गरी कुटपिट गरे। पीडितका अनुसार उनलाई माओवादीले भोलिपल्ट बिहान माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुखको घरमा उपस्थित हुने सर्तमा साँझ मुक्त गरेका थिए। यस घटनाका बारेमा काङ्ग्रेस र माओवादीको जिल्ला नेतृत्वबीच छलफल भई यस्ता घटना नदोहोऱ्याउने सहमति भयो।

वाईसीएलबाट

खड्गकोट गाविसका निवर्तमान अध्यक्ष एवम् एमाले जिल्ला कमिटी सदस्य खड्कोट गाविस-४ निवासी ५२ वर्षीय टीकाराम ढकाललाई ०६४ जेठ २३ गते बिहान वाईसीएलका कार्यकर्ताहरू खड्गकोट गाविस-१ खनियापाटा निवासी २८ वर्षीय गोविन्द नेपाली र २९ वर्षीय छत्रबहादुर थापाले पूर्तिघाट गाविस-१ को बजारबाट अपहरण गरी बजारभन्दा केहीमाथि टेकबहादुर विकको घरमा पुऱ्याई कुटपिट गरे। पीडितको भोलिपल्ट लुम्बिनी अञ्चल अस्पताल, बुटवलमा उपचार भयो। यसको केही दिनपछि एमाले र माओवादी जिल्ला नेतृत्वबीच छलफल भई यस्ता घटना नदोहोऱ्याउने सहमति भएर पीडितलाई घर फर्कन भनिए तापनि स्थानीय माओवादी कार्यकर्ताहरूसँग कुरा नमिलेका कारण पीडित हालसम्म विस्थापित भएर बुटवलमा बसेका छन्।

धम्की/कुटपिट

माओवादीबाट

छापहिले गाविस-२ निवासी काङ्ग्रेस गाउँ सभापति ५८ वर्षीय जगतबहादुर थापा र उनका छोरा २८ वर्षीय गोविन्द थापाले माओवादीको विरोध गरेको आरोपमा ०६४ भदौ ४ गते माओवादी कार्यकर्ताहरूले उनीहरूलाई घरनजिकै चौरमा गाई चराउँदै गरेको अवस्थामा कुटपिट गरे। माओवादी कार्यकर्ता विवश र काङ्ग्रेस कार्यकर्ता रेखा कुमार थापाबीच विवाद हुँदा माओवादी कार्यकर्ता विवश, सीता घर्ती र कमला

घर्तीलाई ०६४ भदौ २ गते प्रहरीमा बुझाएको आरोपमा माओवादीले उनीहरूलाई कुटपिट गरेका थिए।

अमरअर्वाथोक गाविस-९ निवासी ४६ वर्षीय कविराज कँडेलले सार्वजनिक जमिनको रूख काटेको आरोपमा ०६३ माघ १३ गते केशव परियारको नेतृत्वमा छ/सात माओवादी कार्यकर्ताहरूले कँडेलले १४ हजार रुपियाँ ०६३ माघ २० गतेभित्र नबुझाए श्रमशिविरमा राख्ने धम्की दिए। उक्त धम्कीका कारण सदरमुकाममा विस्थापित भएका उनी ०६३ माघ २१ गते माओवादी कार्यकर्ताको सहमतिमा अनुमतिपत्र लिई घरमा फर्किए।

जिविस गुल्मीका सहायक इन्जिनियरहरू सप्तरी जिल्ला मानराजा गाविस-१ निवासी ३४ वर्षीय रामबाबु शाह र भक्तपुर जिल्ला इनाचोक गाविस-६ निवासी ३२ वर्षीय रामप्रसाद ख्याँजुलाई ०६३ चैत ५ गते तल्लाफाँट-दिब्रुङ मोटरबाटोको सर्वेक्षण गर्न जाँदा माओवादी कार्यकर्ताहरू नवीन र आशीषसहितका तीन जनाले आँपचौर गाविस-१ पीपलको रूखमा रोके। उनीहरूले माओवादीसँगको लिखित सम्झौता लिएर नआउँदासम्म काम गर्न नदिने र गएमा अन्यथा हुने धम्की दिएकाले पीडितहरू काम नगरी ०६३ चैत ६ गते सदरमुकाम फर्किए।

हुँगा गाविस-९ झँदी निवासी शिक्षक सङ्घको क्षेत्रीय सदस्य ३६ वर्षीय पदमपाणि न्यौपानेलाई ०६४ असोज २४ गते साँझ माओवादी कार्यकर्ता उज्ज्वलको नेतृत्वमा आएको करिब ३० जनाको समूहले हुँगा गाविस-१ देउरालीको सहिद चौतारी भत्काएको आरोप लगाई कारवाही गर्ने धम्की दिए।

जिल्ला शिक्षा कार्यालयका शाखा अधिकृत वाग्ला गाविस-७ निवासी ४१ वर्षीय थानेश्वर घिमिरे, हिमालय उच्चमावि, वस्तुका स्रोतव्यक्ति पीपलधारा गाविस-३ निवासी ३८ वर्षीय खिमबहादुर महत, देउराली मावि खड्गकोटका प्रधानाध्यापक खड्गकोट गाविस-३ निवासी ४४ वर्षीय कृष्ण ज्ञवाली, मैनडाँडा मावि, हर्दिनेटाका प्रधानाध्यापक हर्दिनेटा गाविस-३ निवासी ५५ वर्षीय नरपति काफ्ले र नेपाल शिक्षक युनियनका पूर्व जिल्ला अध्यक्ष तथा महेन्द्र उच्च मावि, तम्घासका पूर्व प्रधानाध्यापक तम्घास गाविस-१ निवासी ५६ वर्षीय छवि खरेललाई ०६४ असोज १८ गते अनेरास्ववियु (क्रान्तिकारी) गुल्मीका अध्यक्ष महेन्द्र बीसीले विज्ञप्तिमार्फत 'शिक्षालाई व्यापार गर्ने र नाफा कमाउने ठाउँका रूपमा स्थापित गरेको, विद्यार्थी र जनताको रगत-पसिना चुसेर भ्रष्टाचार गरेको' आरोप लगाई कारवाही गर्ने धम्की दिए। तीमध्ये खिमबहादुर माओवादी धम्की र त्रासका कारण हालसम्म पेसामा जान नसकेको बताए।

उत्पीडित समुदाय उत्थान केन्द्र, गुल्मीका अध्यक्ष तथा मानवअधिकार सचेतन संस्था, नेपालका उपाध्यक्ष अर्खले गाविस-९ निवासी ४८ वर्षीय गणेश विश्वकर्माले दलितको नाममा संस्था सञ्चालन गरी आर्थिक हिनामिना गरेको र कर्मचारीहरूमाथि दमन गरेको आरोपमा ०६४ असोज २७ गते माओवादीनिकट नेपाल दलित मुक्ति मोर्चा (एकीकृत) ले एक विज्ञप्तिमार्फत विश्वकर्मालाई कारवाही गर्ने धम्की दिए। त्यसैगरी ०६४ मङ्सिर ६ गते सो मोर्चाले उत्पीडित समुदाय उत्थान केन्द्रद्वारा सञ्चालित कार्यक्रम नगर्न चेतावनी दियो।

अन्यबाट

माओवादी कार्यकर्ताहरू हर्मिचौर गाविस-३ निवासी ४० वर्षीय झवि भुसाल, ३५ वर्षीय नूमकान्त पाण्डे, सोही गाविस-१ निवासी २३ वर्षीय मोहनीलाल भट्टराई र अर्बेनी गाविस निवासी ३६ वर्षीय फटिक विकलगायत ६ जनाले आफ्नो पार्टीका उपसचिवसँग चन्दा मागेको आरोपमा ०६४ मङ्सिर २२ गते एमाले कार्यकर्ताहरूले उनीहरूलाई हर्मिचौर गाविस-५ को बजारमा कुटपिट गरे। हर्मिचौर गाविस-५ निवासी भीमबहादुर विकलाई माओवादीले ०६४ मङ्सिर २० गते अपहरण गरी चन्दा मागेको, चन्दा नदिए ज्यान लिने धम्की दिएकाले एमाले कार्यकर्ताहरू आक्रोशित भई उनीहरूलाई कुटपिट गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष गुल्मी जिल्ला अदालतमा रहेका १ सय ८३ थान मुद्दामध्ये ७६ थान फर्स्यौट भई १ सय ७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे, जसमा दुनियाँवादी फौजदारी मुद्दामा गतवर्ष जिम्मेवारी सरेर आएका ७७ थान र यस वर्ष दर्ता भएका ३६ थान गरी जम्मा १ सय १३ थान मुद्दामध्ये ४४ थान फर्स्यौट भए भने ६९ थान मुद्दा बाँकी रहे।

त्यस्तै सरकारी फौजदारी मुद्दामा गतवर्षको जिम्मेवारी सरेर आएका पाँच थान र यस वर्षको दर्ता भएका नौ थान गरी १४ थान मुद्दा फर्स्यौट भए भने १२ थान फर्स्यौट हुन बाँकी रहे । देवानी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका ३० थान र यस वर्ष दर्ता भएका २६ थान गरी जम्मा ५६ थान मुद्दामध्ये ३० थान फर्स्यौट भए भने २६ थान फर्स्यौट हुन बाँकी रहे। यी मुद्दामा एक वर्षदेखि फर्स्यौट हुन नसकेका मुद्दाहरू

५५ थान छन्। एक वर्षभन्दा पहिलेका मुद्दाहरू फर्स्यौट हुन बाँकी रहेका छैनन्।

जिल्लामा बाल र श्रम अदालत गठन भएका छैनन्। जिल्ला प्रशासन कार्यालयमा यस वर्ष एक थान सार्वजनिक अपराधको मुद्दा दर्ता भएकोमा उक्त मुद्दा फर्स्यौट भएको छैन।

सबै प्रकारका जातीय विभेद

तुराङ गाविस-५ निवासी १५ वर्षीया जुना नेपाली, स्थानीय शिव मन्दिरमा प्रवेश गरी पूजा गरेको आरोपमा ०६३ चैत ३० गते बिहान सोही ठाउँका ५२ वर्षीय खगराज अर्यालको नेतृत्वमा आएका १ सय ५० जनाको समूहले नेपालीलाई घरबाट बोलाई सोही ठाउँको पीपलपाटा प्रावि प्राङ्गणमा लगी लछार-पछार गरे। पीडितका तर्फबाट ०६४ वैशाख १४ गते मानवअधिकार सचेतन संस्था, प्रशासन कार्यालयमा उजुरी दिएपछि प्रशासनले पीडकहरूलाई उपस्थित गराई पीडितलाई ४ हजार रुपियाँ क्षतिपूर्ति दिलाएको थियो। पीडितले ०६३ चैत २६ गते उक्त मन्दिरमा प्रवेश गरेर पूजा गरेकी थिइन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा/तालाबन्दी

दरबारदेवीस्थान गाविस-६ हटिया निवासी ५१ वर्षीय अशोकुमार श्रेष्ठको हटियास्थित घडेरीमा ०६४ पुस २ गते अनेकिसङ्घ (क्रान्तिकारी) का कार्यकर्ताहरूले झण्डा गाडी 'यो जग्गा जनताको हुनेछ' भनेर घोषणा गरे। उक्त सङ्गठनका १४ नं. एरिया इञ्चार्ज मुक्तिका अनुसार अशोक श्रेष्ठले अनेकिसङ्घ (क्रान्तिकारी) का पूर्व अध्यक्ष हरि कँणेललाई हत्या गराउने कार्यमा संलग्न रहेको आरोप र जनआन्दोलन दबाउन निर्देशन दिएका कारण उक्त जग्गा कब्जा गरेको बताए।

माओवादी कार्यकर्ता नवीनको नेतृत्वमा गएको एक समूहले ०६३ पुस २० गते भएको गाउँ परिषद्को निर्णयप्रति असहमति जनाउँदै ०६३ पुस २० गते आँपचौर गाविसको कार्यालयमा तालाबन्दी गरे। गाविस कार्यालयमा ताला लगाएपछि गाविसको काम सो ठाउँभन्दा एक घण्टा तल रहेको कफी विकास केन्द्रको भवनबाट सञ्चालन गरिएको थियो। स्थानीय राजनीतिक दलहरूको पहलमा कार्यालयको ताला ०६३ माघ १४ गते मात्र खोलिएको थियो।

जुभुङ गाविस-२ स्थित काब्रेपोखरी माविमा ०६४ जेठ ५ गते राति अज्ञात समूहले आगो लगाउँदा विद्यालयका आठओटा कोठा र फर्निचरहरू जलेर नष्ट भए। आगजनीबाट करिब ३५ लाख रुपियाँ बराबरको क्षति भएको मूल्याङ्कन गरिएको छ। २ सय ८२ छात्र र २ सय ८१ छात्रा गरी कुल ५ सय ६३ जना विद्यार्थीहरूले अध्ययन गरिरहेको यो विद्यालयमा ०६० सालदेखि स्थानीय स्रोतमा माबि कक्षा सञ्चालन गरिएको थियो। हाल विभिन्न निकायहरूबाट सहयोग जुटाई विद्यालय निर्माण गर्ने कार्य भइरहेको छ ।

३.१३ वाग्लुङ



जनसङ्ख्या :	२,९७,६५६
साक्षरता प्रतिशत :	६२
महिला साक्षरता प्रतिशत :	४७
क्षेत्रफल (वर्ग कि. मि.):	१,७८४
गाविस/नपा सङ्ख्या :	५९/१
सरकारी/निजी विद्यालय :	४९६/११
क्याम्पस/उच्च मा.वि. :	४/२०
अस्पताल/स्वास्थ्य चौकी :	१/५९
मोटर सडक (कि. मि.):	३५
प्रहरी कार्यालय सङ्ख्या :	१९
मानव विकास सूचकाङ्क :	०.४९२
प्रतिपरिवार सरदर सङ्ख्या :	५

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १५ जना पुरुष र पाँच जना महिला गरी २० जना बन्दी रहेका छन् भने कैद नतोकिएका १० जना पुरुष रहेका छन्। एक जना बालक कारागारमा रहेका छन्। यसरी जिल्ला

घटनाको प्रकार	गैरराज्यपक्षबाट								राज्यपक्षबाट		
	अन्यबाट					माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	२	१		३						
गिरफ्तारी/यातना									१	१	१
कुटपिट	८	१२	१		१३	४	६	६			
धम्की						१	२	२			
जातीय विभेद	१			१००	१००						
महिलाअधिकार	२		२		२						
बालअधिकार	१		१		१						
अपहरण	२	३			३	१	१	१			
जम्मा	१७	१७	५	१००	१३३	६	९	९	१	१	१

कारागारमा जम्मा ३१ जना बन्दी तथा थुनुवा रहेका छन्। १८ पुरुष र सात महिला गरी २५ जनाको क्षमता रहेको कारागारमा क्षमताभन्दा बढी बन्दीहरू रहेकाले बस्न असुविधा रहेको छ। ०२८ सालमा निर्माण भएको पुरानो भवन जीर्ण अवस्थामा रहेको छ भने पानी चुहिने समस्या छ। कारागारमा खानेपानी, रेडियो, टेलिभिजन, खेलकुद सामग्री र पुस्तकालयको व्यवस्था छ। बन्दीहरूले सीपमूलक तालिम नपाएको गुनासो छ । कारागारका बन्दीहरूले आममाफीको माग गर्दै विरोधस्वरूप ०६४ वैशाख १० गतेदेखि १६ गतेसम्म विरोध प्रदर्शन गरे।

बेपत्ता/अपहरण

अन्यबाट

सुखौरा गाविसका माओवादी कार्यकर्ता २८ वर्षीय खिमबहादुर विक र जनमोर्चा आले समूहका कार्यकर्ता ३५ वर्षीय देवेन्द्र पौड्याललेे महेन्द्र माविका शिक्षकहरूलाई धम्की दिएको आरोपमा ०६३ चैत ६ गते जनमोर्चा नेपाल केसी समूहका कार्यकर्ताहरूले उनीहरूलाई सुखौरा गाविसबाट अपहरण गरी कुटपिट गरे। पीडितलाई ०६३ चैत ८ गते सुखौराबाट मुक्त गरे।

जनकल्याण प्रावि सुखौराका प्रधानाध्यापक जयन्द्र पुनले विद्यालयमा आर्थिक अनियमितता गरेको आरोपमा ०६३ चैत २५ गते माओवादी र जनमोर्चा नेपाल आले समूहका कार्यकर्ताले पुनलाई सुखौरा गाविस-३ स्थित घरबाट अपहरण गरे। पीडितलाई ०६३ चैत २६ गते महेन्द्र माविबाट मुक्त गरे।

धम्की/कुटपिट

माओवादीबाट

अमलाचौर गाविस-७ का २२ वर्षीय तुलबहादुर जिसी नक्कली माओवादी बनेर सर्वसाधारणलाई धम्क्याउँदै हिँडेको आरोपमा ०६३ चैत १६ गते माओवादी कार्यकर्ता निसान विकको नेतृत्वमा रहेको एक समूहले जीसीलाई अमलाचौर गाविस-३ मा कुटपिट गरे। घाइतेको जिल्ला अस्पताल, बाग्लुङमा उपचार भयो।

छिस्ती गाविस-३ नेपानेका कुलबहादुर विक र उनका छोरा खड्कबहादुर विकलाई ०६४ कात्तिक ३ गते माओवादी कार्यकर्ताले छिमेकीसँग भैँसी बिक्री गरेको विषयलाई लिएर कुटपिट गरे। घाइतेहरूको छिस्ती उपस्वास्थ्यचौकीमा उपचार भयो।

वाईसीएलबाट

सल्यान गाविस-६ निवासी एमालेका सङ्गठित सदस्य २७ वर्षीय यमबहादुर खत्रीले माओवादी पार्टीको कार्यक्रम बिथोल्न खोजेको आरोपमा ०६४ जेठ १९ गते वाईसीएलका सल्यान गाविस संयोजक केयरसिंह कुँवर 'कञ्चन' ले खत्रीलाई सल्यान गाविस-४ मा खुकुरी प्रहार गरी घाइते तुल्याए। खत्रीको कुममा चोट लागी घाइते भएकामा उनको सल्यान उपस्वास्थ्य चौकीमा उपचार भयो।

बोहरागाउँ गाविस-३ निवासी राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरू हीराबहादुर शाही र अर्जुन चन्दलाई खेलकुद प्रतियोगितामा उत्पन्न विवादका क्रममा ०६४ मङ्सिर ११ गते वाईसीएलका कार्यकर्ताहरूले बोहरागाउँमा खुकुरी प्रहार गरी घाइते

तुल्याए। घाइतेहरूको बोहरागाउँ उपस्वास्थ्य चौकीमा सामान्य उपचारपछि तानसेन अस्पताल, पाल्पामा उपचार भयो।

अन्यबाट

पैयुथन्थाप गाविस-५ का ३५ वर्षीय बुद्धिराम परियारलाई राजनीतिक आस्थाका कारण ०६३ पुस २६ गते सोही ठाउँका जनमोर्चा नेपाल (आले) समर्थक दीपेन्द्र थापाले राङखानी गाविस-५ मा कुटपिट गरे। घटनामा घाइते परियारको राङखानी उपस्वास्थ्य चौकीमा उपचार भयो।

सुखौरा गाविसका पूर्व उपाध्यक्ष टीकाराम शर्मा र सोही गाविसस्थित महेन्द्र माविका प्रधानाध्यापक लालप्रसाद शर्माले महेन्द्र माविमा आर्थिक अनियमितता गरेको आरोपमा ०६३ चैत २६ गते माओवादी र जनमोर्चा नेपाल (आले) का कार्यकर्ताले विद्यालय परिसरमै कुटपिट गरे। पीडितको सुखौरा उपस्वास्थ्य चौकीमा उपचार भयो।

राङखानी गाविस-३ का ६८ वर्षीय नरबहादुर काउचा, २५ वर्षीय गिरीप्रसाद श्रीस, २१ वर्षीय नवीन काउचा र २१ वर्षीय प्रकाश श्रीसलाई राजनीतिक प्रतिशोधका कारण ०६३ चैत १६ गते जनमोर्चा नेपाल (केसी) का कार्यकर्ता पूर्णबहादुर घर्तिमगर र प्रकाश छन्त्यालको नेतृत्वमा रहेको करिब ५० जनाले राङखानी गाविस-५ को नाम्दुकमा कुटपिट गरे। पीडितहरूको राङखानी उपस्वास्थ्य चौकीमा उपचार भयो।

अमलाचौर गाविस-१ निवासी काङ्ग्रेसका अमलाचौर गाउँ एकाइ समितिका सभापति हुतराज शर्मालाई पृथ्वी उच्चमाविमा शिक्षक भर्नाको विषयलाई लिएर ०६४ भदौ ६ गते अनेरास्ववियु (क्रान्तिकारी) र नेकपा (एकीकृत) समर्थक विद्यार्थीहरूले विद्यालय परिसरमा कुटपिट गरे। कुटपिटबाट सख्त घाइते शर्माको जिल्ला अस्पतालमा उपचार भयो।

सुखौरा गाविस-५ निवासी पत्रकार भाषा शर्मालाई महेन्द्र मावि सुखौरामा उत्पन्न आर्थिक अनियमितताको विवादको समयमा मानवअधिकारकर्मी र पत्रकारलाई गाउँ ल्याएको भन्दै स्थानीय युवाहरूको समूहले ०६४ कात्तिक ६ गते शर्माको घरमै कुटपिट गरे। कुटपिटबाट घाइते शर्माको सुखौरा उपस्वास्थ्य चौकीमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १३ थानमध्ये चार थान फर्स्यौट भए भने यस वर्ष दर्ता

प्रहरीद्वारा यातना दिइएका मोहदत्त पौडेल

भएका २४ थानमध्ये १० थान फर्स्यौट भए। सरकारवादी फौजदारीतर्फ गतवर्षबाट जिम्मेवारी सरेर आएका १४ थानमध्ये चार थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १४ थानमध्ये छ थान फर्स्यौट भए। देवानीतर्फका जिम्मेवारी सरेका छ थानमध्ये तीन थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका नौ थानमध्ये तीन थान फर्स्यौट भए। यस वर्षको अन्त्यसम्म पुनरावेदन अदालतमा ५४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६४ थानमध्ये १९ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १८ थानमध्ये नौ थान फर्स्यौट भए। सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४८ थानमध्ये १६ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ३२ थानमध्ये ८ थान मुद्दा फर्स्यौट भए । देवानीतर्फ गतवर्षको जिम्मेवारी सरेका ३८ थान मुद्दामध्ये १४ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १९ थानमध्ये सात थान फर्स्यौट भए । यसरी जिल्ला अदालतमा १ सय ४६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

जिल्ला अस्पतालका पियन ३७ वर्षीय मोहदत्त पौडेल बाग्लुङ नपा-११ की झरना केसीको हत्यामा संलग्न भएको आशंकामा ०६४ वैशाख २४ गते प्रहरीले अस्पतालबाट गिरफ्तार गरी यातना दिए। यातनापछि ०६४ वैशाख २५ गते रिहा भएका पौडेलको जिल्ला अस्पतालमा उपचार भयो। झरनालाई ०६३ चैत २१ गते अस्पतालको सेफ्टी ट्याङ्कीमा मृत अवस्थामा फेला पारिएकोमा सो घटनाको अनुसन्धान गर्न भन्दै पौडेललाई प्रहरीले गिरफ्तार गरेको थियो।

सबै प्रकारका जातीय विभेद

सिगाना गाविस-१ मा रहेको कोत मन्दिरमा स्थानीय दलित समुदायले पूजा गर्न पाउनुपर्ने माग

गरेपछि उत्पन्न विवादका कारण ०६४ असोज २७ गतेदेखि स्थानीय बासिन्दाले मन्दिरमा तालाबन्दी गरे। दलितलाई पूजा गर्न मन्दिर व्यवस्थापन समितिले अनुमति नदिएपछि उत्पन्न विवादले स्थानीय बासिन्दा र स्थानीय प्रशासनले मन्दिरमा तालाबन्दी गरेका थिए। मन्दिरको ताला ०६४ पुस १५ गतेसम्म खुलेन।

विगतको अनुगमन

ग्वालीचौर गाविस-७ की एक १२ वर्षीया बालिकालाई ०६३ मङ्सिर १७ गते ग्वालीचौर गाविस-७ का २४ वर्षीय थमबहादुर विकले बलात्कार गरे। पीडकलाई प्रहरीले जिल्ला अदालतमा मुद्दा दायर गरेकामा ०६३ माघ ७ गते १२ वर्ष कैद सजाय र पीडित बालिकालाई आधा अंश दिलाउने फैसला गऱ्यो।

३.१४ पर्वत



जनसङ्ख्या : १,६८,९०९
साक्षरता प्रतिशत : ६७
महिला साक्षरता प्रतिशत : ५६
क्षेत्रफल (वर्ग कि. मि.) : ४९४
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ३२७/१३
क्याम्पस/उच्च मा.वि. : ४/२१
अस्पताल/स्वास्थ्य चौकी : २/५३
मोटर सडक (कि. मि.) : ३८०
प्रहरी कार्यालय सङ्ख्या : १५
मानव विकास सूचकाङ्क : ०.५०४
प्रतिपरिवार सरदर सङ्ख्या : ५

जेल र बन्दीहरू

'घ' श्रेणीको पर्वत कारागारको क्षमता २५ जना रहेको छ। कारागारमा यस वर्षको अन्त्यसम्म २४ जना पुरुष र दुई जना महिला गरी २६ जना बन्दी रहेका छन्, जसमा १२ जना पुरुष र २ जना महिला गरी १४ कैद तोकिएका र १२ जना पुरुष कैद नतोकिएका बन्दी रहेका छन्। कारागारमा खानेपानी बिजुली, टीभीलगायतका सबै सुविधा छ।

बेपत्ता/अपहरण

माओवादीबाट

लिमिठाना गाविस-१ का २२ वर्षीय बैकुण्ठ भुसालले चोरी गरेको आरोपमा ०६३ माघ १८ गते माओवादी कार्यकर्ताले उनलाई कुश्माबाट अपहरण गरी शिवालयचोकबाट अपहरण गरे। पीडितलाई अनुसन्धान गरेको भन्दै कुटपिट गरी माघ २७ गते ठानामौला गाविसबाट मुक्त गरे।

ठानामौला गाविस-९ का १८ वर्षीय रमेश विकले चोरी गरेको आरोपमा ०६३ माघ १८ गते माओवादी कार्यकर्ताले उनलाई कुश्माबाट अपहरण गरी माघ २७ गते ठानामौला गाविस भवनबाट मुक्त गरे।

ठानामौला गाविस-१ का २२ वर्षीय मनबहादुर विकले चोरी गरेको आरोपमा ०६३ माघ २२ गते माओवादी कार्यकर्ताले उनलाई घरबाट अपहरण गरे। पीडित सोही दिन ठानामौला गाविसबाट मुक्त भए।

ठानामौला गाविस-१ निवासी १८ दीपक विक र सोही गाविस-१ का १८ वर्षीय मनबहादुर नेपालीले भगरा गाविस-६ की एक महिलालाई ०६० पुस २४ गते बलात्कार गरी हत्या गरेको आरोपमा ०६३ माघ २४ गते माओवादी कार्यकर्ताले उनीहरूलाई घरबाटै अपहरण गरी हत्या गरेको स्वीकार गरेको लिखत बयानसँगै जिल्ला प्रहरी कार्यालयमा बुझाए। उनीहरू थुनामा छन्।

धम्की/कुटपिट

माओवादीबाट

देउपुर गाविस-९ स्थित जननेत्र माविका प्रधानाध्यापक ४० वर्षीय प्रेम शर्मा सुवेदी र देउराली गाविस-६ का ३८ वर्षीय डम्बरबहादुर विकलाई ०६३ माघ १ गते माओवादीबाट नियुक्त गरिएका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भूमिराज शर्मालगायतका पाँच/छ जनाले विद्यालय परिसरमा कुटपिट गरे।

देउपुर गाविस-७ निवासी विद्यालय व्यवस्थापन समितिका सदस्य दाताराम शर्माले सर्वदलीय बैठकमा

घटनाको प्रकार	गैरराज्यपक्षबाट								राज्यपक्षबाट		
	अन्यबाट				माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१	१		१							
गिरफ्तारी/यातना									१	१	१
कुटपिट	१३	३५	८	४३	३	३		३			
धम्की	३	३		३	३	३	१	४			
जातीय विभेद	३	५	३	८							
महिलाअधिकार	१		१	१							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१		१	१	१	१		१			
अमानवीय व्यवहार	३	३		३							
अपहरण					८	९		९			
जम्मा	३१	४८	१३	५८	१४	१८	१	१८	१	१	१

छलफल भएको विषय जिल्लामा टेलिफोनमार्फत सूचना गरेको आरोपमा ०६३ माघ ८ गते अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीले उनलाई विद्यालयमा कुटपिट गरे।

इन्सेकका पर्वत जिल्ला प्रतिनिधि माधवराज पाण्डेयले *कान्तिपुर* राष्ट्रिय दैनिक पत्रिकामार्फत ०६३ माघ ६ गते माओवादी ज्यादतीको विरोध गरेको आरोपमा ०६३ माघ ९ गते माओवादी जिल्ला कार्यालयका सचिव यामबहादुर विकले उनलाई कारबाही गर्ने धम्की दिए।

धाइरी गाविस-८ धारापानी निवासी स्थानीय धाइरी युवा क्लबका अध्यक्ष राजु आचार्यलाई ०६४ भदौ १५ गते साँझ माओवादी कार्यकर्ताले घरबाट अपहरण गरी नजिकैको भूमि प्राविमा पुऱ्याई कुटपिट गरे। उक्त घटनापछि स्थानीय गाउँलेले आगाखेत भन्ने ठाउँमा पुगेका माओवादी कार्यकर्तालाई समेत कुटपिट गरेपछि दुवै पक्षबीच झडप भएको थियो। गाउँलेले माओवादीका जिल्ला सदस्य तथा इलाका नं १ का इन्चार्ज मानबहादुर भनिने बाबुराम कार्की, धाइरी गाविस-७ का सोमबहादुर विक, बाच्छा गाविसका डिलबहादुर नेपाली र रुकुमका महेशबहादुर मल्ललाई राति १ बजे नियन्त्रणमा लिई गाउँमा बाँधेर राखिएकामा ०६४ भदौ १६ गते मुक्त गरे। हाल राजु आर्चाय घरबाट सदरमुकाम विस्थापित भएका छन्।

माझफाँट गाविस-१ मिलनचोकका ३५ वर्षीय घनश्याम सुवेदीलाई ०६४ भदौ १५ गते वाईसीएल कार्यकर्ताले कुटपिट गरी हातखुट्टा भाँचे। सुवेदीको घरमा बिहानै पुगेका माओवादीका जिल्ला सचिवालय सदस्य बाबुराम कार्कीको नेतृत्वमा रहेका वाईसीएलका कार्यकर्ताहरूले दुवै खुट्टा भाँचिदिएका हुन्। घाइतेको पोखरामा उपचार भयो। आर्चायलाई सोही ठाउँ बस्ने दलित समुदायकी एक १२ वर्षीया बालिकालाई साउन २४ गते बलात्कारको प्रयास गरेको अभियोगमा वाईसीएलले कारबाही गरेको बताए भने पीडितले ५० हजार रुपियाँ चन्दा नदिएका कारण कुटपिट गरेको बताए।

वाईसीएलबाट

पीपलटारी गाविस-१ घर भई भारतीय सीमा सुरक्षामा कार्यरत ३४ वर्षीय प्रकाश परियारले माओवादी कार्यकर्तासँग प्रश्न सोधेको आरोपमा ०६४ जेठ ४ गते वाईसीएल कार्यकर्ताहरूले परियारलाई अपहरण गरी कटुवाचौपारी गाविसस्थित एक विद्यालयमा पुऱ्याई कुटपिट गरी देब्रे खुट्टा भाँची दिए। पीडितको पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो।

होश्राङ्दी गाविस-५ निवासी गोर्ल्याङधाम निमाविका प्रधानाध्यापक ४२ वर्षीय ईश्वरीप्रसाद भुसाललाई मोटरबाटोको विषयलाई लिएर ०६४ जेठ २२ गते राति वाईसीएल कार्यकर्ताहरू दिनेश गुरुङ, सञ्जीव गुरुङ, दुर्गाबहादुर सारुलगायतले घरमा गई कुटपिट गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गरी सार्वजनिक शान्ति सुरक्षा ऐनअर्न्तगत मुद्दा चलाएकामा हाल धरौटीमा रिहा भएका छन्। घटनामा भुसालकी

पत्नी सावित्रा र नारायणप्रसाद रेग्मीसमेत घाइते भएका थिए।

बाजुङ गाविस-८ भूमे भन्ने स्थानका २५ वर्षीय नगेन्द्र सुवेदीलाई ०६४ भदौ २१ गते राति वाईसीएलका कार्यकर्ताले उनकै घरमा कुटपिट गरे। वाईसीएलले स्थानीय ४४ वर्षीय तेजबहादुर क्षेत्री, उनकी पत्नी ३९ वर्षीया कृष्णकुमारी क्षेत्री र छोरा १८ वर्षीय जीतेन्द्र क्षेत्रीलाई समेत वाईसीएलको कार्यालयमा बोलाई कुटपिट गरेका थिए।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राप्रपा कार्यकर्ताको शिवालय गाविस-४ स्थित राजहोटेलमा ०६४ जेठ १३ गते भइरहेको जिल्ला भेलामा वाईसीएल र अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताले राजावादी पार्टीको कार्यक्रम भन्दै हस्तक्षेप गरे। माओवादीले राप्रपाका कार्यकर्ता केन्द्रीय सदस्य मधुप्रसाद रिसाल, जिल्ला अध्यक्ष रणबहादुर क्षेत्री, सदस्यहरू कर्णबहादुर गुरुङ, महादेव गिरी, कलाधर गिरी, चूडामणि उपाध्याय, पर्शुराम केसी, तेजनाथ अर्याल, धनबहादुर अधिकारी, इन्द्रबहादुर मल्ल, खडानन्द पौडेल, यामबहादुर भण्डारी, हेमलाल शर्मा, जगत पौडेल, भीमराज उपाध्याय, हेमप्रताप सेन, जसुदा विक, विष्णुप्रसाद शर्मालगायतलाई कुटपिट गरेका थिए।

वाईसीएलद्वारा कुटपिट गरिएका इश्वरीप्रसाद भुसाल

घटनाको फोटो खिचिरहेका प्रेस चौतारीका केन्द्रीय सदस्य दुर्गाप्रसाद शर्मालाई वाईसीएलका कार्यकर्ताले कुटपिट गरेका थिए। सोही दिन शिवालय गाविसस्थित साझाचोकमा होटल व्यवसाय गरी बस्ने ६२ वर्षीय इन्द्रबहादुर क्षेत्रीलाई र पत्नी ५१ वर्षीय तीर्थकुमारी पौडेललाई राजावादीलाई सहयोग गरेको आरोपमा ०६४ जेठ १३ गते माओवादीले उनीहरूकै होटलमा गई कुटपिट गरेका थिए।

कटुवाचौपारीमा संविधानसभाका बारेमा जनचेतना जगाउँदै हिँडेका स्वयम्सेवकद्वय पीताम्बर शर्मा र कमलादेवी पौडेलसँग माओवादी कार्यकर्ताले ०६४ असोज २ गते संविधानसभा निर्वाचन मतदाता शिक्षा सामग्री खोसेर कब्जामा लिए। उनीहरूले कुनै पनि चुनावी कार्यक्रम नगर्नसमेत स्वयम्सेवकलाई धम्क्याए।

बाच्छा गाविसमा सामुदायिक वन उपभोक्ता महासङ्घ जिल्ला समितिद्वारा सञ्चालित संविधानसभासम्बन्धी जनचेतना कार्यक्रम ०६४ असोज महिनाभर गर्नबाट माओवादीले रोक लगाए। सो कार्यक्रम वर्ल्ड भ्यू नेपाल र सेसी नेपालको सहयोगमा सञ्चालन भएको थियो। कार्यक्रममा पुगेका सहजकर्ता पुष्कलराज पाण्डेयलाई कार्यक्रम नगर्नु भनी रोक लगाएको पीडितले बताए। वाईसीएलका कार्यकर्ता उत्तम परियारले गणतन्त्रको घोषणा नभएसम्म कुनै पनि संविधानसभासम्बन्धी कार्यक्रम नगर्न चेतावनी दिएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत पर्वतमा गत वर्षबाट जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारीतर्फ १७ थान र यस वर्ष दर्ता भएका १७ गरी जम्मा ३४ थानमध्ये १५ थान फर्स्यौट भए भने १९ थान फर्स्यौट हुन बाँकी रहे। गत वर्षबाट जिम्मेवारी सरेर आएका सरकारी फौजदारीतर्फ आठ थान र यस वर्ष दर्ता भएका पाँच थान गरी १३ थानमध्ये पाँच थान फर्स्यौट भए भने आठ थान फर्स्यौट हुन बाँकी रहे।

यसैगरी, गतवर्षबाट जिम्मेवारी सरेर आएका देवानीतर्फका मुद्दा ३६ थान र यस वर्ष दर्ता भएका २७ थान गरी ६३ थानमध्ये २० थान फर्स्यौट भए भने ४३ थान फर्स्यौट हुन बाँकी रहे। गतवर्षबाट जिम्मेवारी सरेर आएका सङ्क्षिप्त देवानी तीन थान र यस वर्ष दर्ता भएका एक थान गरी चार थानमध्ये एक थान फर्स्यौट भए भने तीन थान फर्स्यौट हुन बाँकी रहे।

जिल्ला प्रहरी कार्यालय, पर्वतमा महिलासम्बन्धी घरेलु हिंसाका सात ओटा उजुरी दर्ता भई सबै मिलापत्र भएका छन्।

सबै प्रकारका जातीय विभेद

माझफाँट गाविसस्थित फटेकदुङ्गा निमाविमा कक्षा ७ मा अध्ययनरत छ जना दलित विद्यार्थीलाई ०६३ चैत ११ गते सम्पन्न पाक शिक्षाको परीक्षामा सामेल हुनबाट वञ्चित गराइयो। घटनाको विरोध भएपछि ०६४ वैशाख ८ गते सार्वजनिक कार्यक्रम राखी पुनः परीक्षा दिलाइयो।

दुर्लुङ्ग गाविस-४ थुमका धनीलाल विकले आफूले चिया खाएको गिलास नधोएको भन्दै ०६४ भदौ १० गते शिवालय गाविस-३ दुर्लुङ्गचोक घर भएका कुमार जोशी र उनका छोराले उनलाई कुटपिट गरे।

आफूले चिया पिएको गिलास माझ्न नमान्दा पीडकका बाबुछोरा मिलेर आफूलाई कुटपिट गरेको पीडितले बताए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

रानीपानी गाविस-१ का ६९ वर्षीय बखतबहादुर कुँवरको घर-जग्गा ०६४ जेठ ७ गतेदेखि माओवादीले पुन:कब्जामा लिए। यसअघि कब्जामा लिएको उक्त घरजग्गा ०६३ माघ २२ गते माओवादीले फिर्ता गरेका थिए। अनेकिसङ्घ (क्रान्तिकारी) का अध्यक्ष पुण्यप्रसाद आचार्यले प्रेस विज्ञप्तिमार्फत घर-जग्गा पुन:कब्जा गरेको जनाए।

३.१५ म्यार्दी



जनसङ्ख्या :	१,२५,१९०
साक्षरता प्रतिशत :	५६
महिला साक्षरता प्रतिशत :	४०
क्षेत्रफल (वर्ग कि. मि.):	२,२९७
गाविस/नपा सङ्ख्या :	४०/०
सरकारी/निजी विद्यालय :	२३०/१०
क्याम्पस/उच्च मा.वि. :	१/६
अस्पताल/स्वास्थ्य चौकी :	१/४२
मोटर सडक (कि. मि.):	४५
प्रहरी कार्यालय सङ्ख्या :	९
मानव विकास सूचकाङ्क :	०.४९८
प्रतिपरिवार सरदर सङ्ख्या :	५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

बाँके जिल्ला बेलवा गाविस-७ राजगाउँ स्थायी घर भई अर्थुङ्गे गाविस-५ स्थित जामुनाखर्क मावि कक्षा ६ मा अध्ययनरत १३ वर्षीया कमला साहको ०६४ असार १० गते अर्थुङ्गे गाविस-५ स्थित डेरामा बसिरहेको अवस्थामा बज्रदल गण, अर्थुङ्गे ब्यारेकबाट प्रहार भएको गोली लागी उनको घटनास्थलमै मृत्यु भयो। सो ब्यारेकका सैनिक जवान भीमसेन थापाले गणभित्रबाट चलाएको गोली लागी उनको मृत्यु भएको थियो। सो घटनाका सम्बन्धमा ब्यारेकका गणपति नवजीवन महराले भूलबस गोली चल्न गई सो घटना भएको बताए। थापा ०६४ साउन २२ गतेको जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

जेल र बन्दीहरू

२५ जना क्षमता रहेको 'घ' वर्गको कारागार शाखा, म्यार्दीमा २६ जना पुरुष तथा चार जना महिला गरी कुल ३० जना बन्दी छन्, जसमध्ये १३ जना पुरुष कैद तोकिएका र १७ जना कैद नतोकिएका बन्दी छन्। यसमध्ये १५ जना कर्तव्य ज्यान, दुई जना जबरजस्ती करणी, एक जना जबरजस्ती करणी उद्योग, पाँच जना डाँका-चोरी, दुई जना चोरी, दुई जना हातहतियार र तीन जना बहुविवाहको मुद्दामा जेल परेका छन्।

आममाफीको माग गर्दै बन्दीले कारागारमा ०६४ वैशाख १० गते आगो लगाए। आगोबाट कारागारका झ्याल र अन्य काठका फर्निचरहरू जले। सो आगजनीपछि प्रशासनले टेलिभिजन, पत्रपत्रिका, टेलिफोनलगायतका बन्दीका सबै सुविधाहरू कटौती गरेको थियो। बन्दी र जेल प्रशासनबीच र बन्दीबीच ०६४ असार ६ गते कटौती गरिएका सुविधाहरू फुकुवा गर्ने र जेलभित्र खानेपानी मर्मत गरिदिने, कारागारभित्रका बन्दी कोठाहरूमा झ्याल-ढोका बनाउनेलगायतका विषयमा सम्झौता भयो।

धम्की/कुटपिट

राज्यबाट

ग.१ज. ५९५ नम्बरको गाडीका चालक सुरेश नेपाली र ग.१ज. १३८२ का किशोर केसीसँग भाडाको विषयमा विवाद हुँदा ०६४ जेठ ७ गते दिउँसो प्रहरीले दुवैलाई कुटपिट गरे। जिल्ला प्रहरी कार्यालयबाट घतान गाविस-६ ठूलोसल्लेरी सामुदायिक वनमा खरिद

घटनाको प्रकार	गैरराज्यपक्षबाट									राज्यपक्षबाट			
	अन्यबाट					माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१			१					१		१	१
कुटपिट										१	३		३
धम्की						१	१	१	३				
महिलाअधिकार	३		३		३								
बालअधिकार	१			१	१								
अमानवीय व्यवहार	१	१			१								
अपहरण	१	१			१								
जम्मा	६	३	३	१	६	१	१	१	३	३	३	१	३

गरिएको सल्लाका मुडाहरू लिन गएका झण्डै १५ जना प्रहरीहरू मुडा लिई बेनी फर्कने क्रममा प्रहरी र गाडी चालकबीच भाडाको विषयमा विवाद भएपछि प्रहरीले उनीहरूलाई कुटपिट गरेका थिए। प्रहरीले हँसिया प्रहार गर्दा चालक किशोरलाई गर्दन तथा पाखुरामा र सुरेशको अनुहारमा चोट लाग्यो। डीएसपी रामकृपाल साहले कुटपिटमा संलग्न प्रहरीहरूलाई विभागीय कारबाही गर्ने प्रतिबद्धता जनाउँदै माफी मागे।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

ताकम गाविसमा पुगेका संविधानसभा निर्वाचन मतदाता शिक्षा स्वयम्सेवकलाई ०६४ असोज ३ गते माओवादी कार्यकर्ताले धम्क्याउँदै फिर्ता पठाए। ताकम गाविसमा खटिएका मतदाता शिक्षा स्वयम्सेवक कौशिला केसी र ओमप्रकाश केसीलाई संविधानसभाका कुनै पनि काम नगर्न धम्क्याउँदै घर फर्काएका थिए। त्यसैगरी, ज्यामरुककोट गाविसमा कार्यरत स्वयम्सेवकहरूलाई पनि संविधानसभा निर्वाचनको काम नगर्न भन्दै माओवादीका कार्यकर्ताले फर्काएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत, म्याग्दीमा यस वर्षको अन्त्यसम्म १७ थान सरकारवादी फौजदारी, १९ थान दुनियाँवादी फौजदारी र ५५ थान देवानी मुद्दा दर्ता भए। यसवर्ष दर्ता भएका र गतवर्षबाट जिम्मेवारी सरेर आएका ४२ थान गरी जम्मा १ सय ३३ थान मुद्दामध्ये ८० थान मुद्दा फर्स्यौट भए। यसवर्षको अन्त्यसम्ममा जम्मा ५३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे, जसमध्ये दुइटा मुद्दा दुई वर्षभन्दा पुराना छन्। द्वन्द्वकालमा अत्यन्त न्यून मुद्दा पर्ने यस अदालतमा शान्ति प्रक्रिया सुरु भई माओवादी सरकारमा पुगेपछि झण्डै दुई सय प्रतिशत बढी मुद्दा दर्ता भएको अदालतले जनायो।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

घतान गाविस-६ गलेश्वर स्थाई घर भई हाल काठमाडौँ बसोवास गर्दै आएका ४८ वर्षीय रुद्रबहादुर केसी, सदरमुकाम बेनीस्थित आफन्तको घरमा गएका बेला ०६३ माघ १९ गते वाईसीएलका कार्यकर्ताले उनलाई आफन्तको घरबाटै अपहरण गरे। केसी राप्रपा थापा समूहका कार्यकर्ता तथा विघटित राजपरिषद् सदस्यसमेत हुन्। 'राजावादी भएको र राजाको चालअनुसार प्रतिगमन प्रयास गर्न जिल्ला आएको' भन्दै तीन घण्टा अपहरणपछि केसीलाई वाईसीएलका कार्यकर्ताहरूले जुत्ताको माला र मोसो दली जबरजस्ती बजार परिक्रमा गराई म्याग्दीको सिमाना पारि पर्वत जिल्ला पुऱ्याई मुक्त गरे। जिल्लास्थित अनेरास्ववियु, नेविसङ्घ र अनेरास्ववियु (एकीकृत) समर्थित विद्यार्थी पनि मोसो दल्ने र बजार परिक्रमा गराउन सरिक भएका थिए।

बालअधिकार

भगवती गाविस-५ की काली दर्जीले ०६३ माघ १२ गते एक नवजात शिशुको जन्म दिएपछि घाँटी थिचेर हत्या गरिन्। प्रहरीले दर्जीलाई ०६३ माघ १४ गते गिरफ्तार गरी जिल्ला अदालतको ०६४ वैशाख ५ गतेको आदेश अनुसार पुर्पक्षका लागि थुनामा राखेको छ। चार वर्षअघि माओवादीले म्याग्दी सदरमुकाम बेनी आक्रमण गर्दा सेनाले खसालेको बमबाट पतिको मृत्यु भएपछि एक्लै रहेकी कालीले अवैध यौनसम्पर्कबाट

जन्मेको शिशुलाई लोकलाजका कारण हत्या गरेको बताइन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार दुर्न्यवहार

कुहुँ गाविस-६ की ६५ वर्षीया रुपीसरा दर्जीलाई बोक्सीको आरोपमा ०६४ कात्तिक १४ गते साँझ उनलाई बाबियाचौर गाविस-४ का पटके दर्जीले चिर्पट दाउराले टाउकोमा हिर्काई घाइते बनाए। ज्वरोले थलिएकी आफ्नी छोरी एक हप्तादेखि निको नभएपछि पटके दर्जीले नातामा काकी पर्ने रुपीसरालाई खरानीको लड्डु बनाई खुवाउन लाग्दा नमानेपछि 'तँ बोक्सी होस्, मेरी छोरी खान लागिस्, ला यो लड्डु खा' भन्दै चिर्पट दाउराले टाउकामा हिर्काएका थिए। पीडित स्थानीय कुहुँ उपस्वास्थ्य चौकीमा उपचार गरी घर फर्केकी छिन्।

३.१६ मुस्ताङ



जनसङ्ख्या : १५,४८१
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.): ३,५७३
गाविस/नपा सङ्ख्या : १६/०
सरकारी/निजी विद्यालय : ६५/५
क्याम्पस/उच्च मा.वि. : ०/१
अस्पताल/स्वास्थ्य चौकी : २/१८
मोटर सडक (कि. मि.): २५
प्रहरी कार्यालय सङ्ख्या : १४
मानव विकास सूचकाङ्क : ०.४८२
प्रतिपरिवार सरदर सङ्ख्या : ५

जेल र बन्दीहरू

'ङ' श्रेणीमा रहेको जिल्ला कारागार शाखामा यस वर्षको अन्त्यसम्म पाँच जना कैद तोकिएका र दुई जना कैदी नतोकिएका गरी जम्मा ७ जना बन्दी रहेकोमा जिल्लामा चिसो बढेको र स्वास्थ्यकर्मीको अभावका कारण केही महिनाअघिदेखि जिल्ला कारागार शाखा कास्कीमा स्थानान्तरण गरिएको छ। हाल यस कारागारमा कुनै पनि बन्दीहरू रहेका छैनन्।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्लामा रहेका १ सय ९९ जना अपाङ्गहरूले निःशुल्क शिक्षा, स्वास्थ्य तथा रोजगारको माग गर्दै ०६४ मङ्सिर ८ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा रहेको जिल्ला अदालतमा एउटा पनि मुद्दा छैन। विगतदेखि यहाँ मुखिया प्रथा प्रचलनमा रहेको छ। मुखियाले नै गाउँमा मुद्दाको फैसला गर्ने चलन यस जिल्लामा रहेको जिल्ला अदालतमा एउटा पनि मुद्दा छैन। विगतदेखि यहाँ मुखिया प्रथा प्रचलनमा रहेको छ। मुखियाले नै गाउँमा मुद्दाको फैसला गर्ने चलन यथावत् कायम छ। त्यसैले गाउँघरमा हुने झैँझगडा तथा अन्य मुद्दाहरू जिल्ला सदरमुकामसम्म आइपुग्दैनन्। यसैगरी, सरकारवादी मुद्दाहरू पनि यस जिल्लामा कमै हुने हुनाले जिल्ला अदालतमा मुद्दा नहुनु सामान्य मानिन्छ।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बालअधिकार

अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला कमिटी, मुस्ताङले सरकारसँग विभिन्न १३ सूत्रीय शैक्षिक मागहरू राखी ०६४ वैशाख ६ गतेदेखि ८ गतेसम्म जिल्लाका सम्पूर्ण शिक्षण संस्थाहरू बन्द गराए।

अखिल नेपाल शिक्षक सङ्गठन तथा अस्थायी शिक्षक तदर्थ समितिको आयोजनामा अस्थायी शिक्षकलाई स्वतः स्थायी गरिनु पर्नेलगायतका मागहरूसहित ०६४ जेठ ६ गते जिल्लाका सम्पूर्ण शिक्षण संस्था बन्द गरे।

यस जिल्लामा घरेलु बालश्रमिक राख्ने प्रचलन यथावत् रहेको छ। जिल्लामा घरेलु कामदारका रुपमा बालबालिकालाई होटल, लज र सम्पन्न परिवारका

घरमा काममा लगाइने गरेको पाइन्छ। उनीहरूलाई पढ्नबाट बञ्चित गरिएको छ। जिल्लामा १ सय ५० देखि २ सय बालबालिकालाई बालश्रमिकका रुपमा प्रयोग गरिएको छ

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

जिल्लामा प्रचलित बौद्ध धर्ममा आफ्नो परिवारको माइली छोरीलाई अझै पनि 'झुमा' का रुपमा गुम्बामा चढाउनुपर्ने प्रचलन विद्यमान छ। यसरी गुम्बामा चढाइएका झुमाहरूको विवाह नगरी आजीवन कुमारी बस्नुपर्ने बाध्यता छ। यो प्रचलन मुक्तिनाथ क्षेत्रमा बढी छ। झुमाहरूले कपाल मुड्छन्। गेरु रङका कपडा लगाउँछन्। उनीहरूले बौद्ध शिक्षा ग्रहण गर्दछन्। ध्यान-तपस्यामा तल्लीन रहन्छन्। सरल, सादा र शान्त जीवन बिताउँछन्। तर, हिजोआज यदाकदा माइली छोरीहरूले उक्त प्रथा तोड्दै जान थालेका छन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

चन्दा सङ्कलन

माओवादीका कार्यकर्ताले ०६४ भदौ महिनादेखि ०६४ पुस महिनासम्म जिल्ला सदरमुकाम जोमसोमको पैन्ता खोला एक्लेभट्टीमा चेकपोस्ट खडा गरी पर्यटकसँग चन्दा सङ्कलन गरे। पार्टीलाई सहयोग भन्दै प्रतिपर्यटक १ सय रुपियाँदेखि माथि असुल गरिएको थियो।

मध्यपश्चिमाञ्चल

४.१ दाङ

४.२ प्यूठान

४.३ रोल्पा

४.४ सल्यान

४.५ रूकुम

४.६ बाँके

४.७ बर्दिया

४.८ सुर्खेत

४.९ जाजरकोट

४.१० दैलेख

४.११ डोल्पा

४.१२ जुम्ला

४.१३ कालीकोट

४.१४ मुगु

४.१५ हुम्ला

(१) दाङ जिल्लामा फैलिएको दङ्गाका क्रममा ०६४ असोज ३ गते तुलसीपुर नगरपालिका-५, तुलसीपुर बजारमा भएको तोडफोड र आगजनी (२) सोही दङ्गामा ०६४ असोज ३ गते चैलाही गाविस-२ लमहीस्थित मस्जिदका सामानहरू बाहिर फ्याँकिएको्रे थियो। (३) सोही दङ्गामा सिसहनिया गाविसमा ०६४ असोज २ गते प्रदर्शनकारीहरूद्वारा आगजनी गरिएको रात्रिबस (४ र ५) दङ्गाका क्रममा सिसहनिया गाविसमा ०६४ असोज ३ गते राति तोडफोड र आगजनी गरिएका घरहरू। सोही दङ्गा तथा अन्य घटनामा गरी दाङ जिल्लामा जम्मा १ सय ६७ ओटा घरटहरा तोडफोड र आगजनी गरिएका थिए।

४.१ दाङ



जनसङ्ख्या : ५,५५,६५८
साक्षरता प्रतिशत : ६९
महिला साक्षरता प्रतिशत : ४७
क्षेत्रफल (वर्ग कि. मि.) : २,९५५
गाविस/नपा सङ्ख्या : ३९/२
सरकारी/निजी विद्यालय : ४२३/८४
क्याम्पस/उच्च मा.वि. : ५/१५
अस्पताल/स्वास्थ्य चौकी : ५/४०
मोटर सडक (कि. मि.) : ६३०
प्रहरी कार्यालय सङ्ख्या : २८
मानव विकास सूचकाङ्क : ०.४०९
प्रतिपरिवार सरदर सङ्ख्या : ५

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

सोनपुर गाविस-६ बनकट्टाका ६५ वर्षीय मानबहादुर चौधरी र उनकी नातिनी सात वर्षीया अनीता चौधरी ०६३ पुस २९ गते बिहान डेटोनेटर बम विस्फोट हुँदा घाइते भए। गाउँमा क्याप फिट गरेको डेटोनेटर भेटाएर अनीताले घरमा ल्याई चुलोमा हालेपछि सो विस्फोट भएको थियो। पीडित अनीताको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो भने मानबहादुर चौधरीको लमहीमा उपचार भयो। अनिताको दायाँ हात नाडीदेखि चुँडिएको छ।

पुरन्धारा गाविस-६ पदमपुर निवासी ४० वर्षीया वाली खत्री सोही ठाउँको बाटामा रहेको सकेट बम ०६४ भदौ ९ गते विस्फोट हुँदा घाइते भइन्। बेवारिसे अवस्थामा रहेको सो बम आफ्नै घरको कान्छो देवर १८ वर्षीय तिलक केसीले चलाउँदा विस्फोट भएको थियो। घाइते वाली खत्रीलाई खुट्टा र हातमा सामान्य चोट लागेकामा तुलसीपुरस्थित स्वास्थ्य चौकीमा उपचारपछि घर फर्किन्।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागार शाखा तुलसीपुरको बन्दी क्षमता १ सय जना रहेको छ। यस कारागारमा कैद तोकिएका ५३ पुरुष र तीन महिला गरी जम्मा ५६ बन्दी रहेका छन्। त्यसैगरी कैद नतोकिएका दुई पुरुष र तीन महिला गरी जम्मा पाँच जना थुनुवा गरी कैद तोकिएका र नतोकिएका बन्दीहरूको सङ्ख्या ६१ जना रहेको छ। जेलमा पानी, शौचालय, विद्युत्, पत्रपत्रिका, रेडियो, टीभी तथा खेलकुद सामग्रीको व्यवस्था रहेको छ।

यसैगरी 'ङ' श्रेणीको जिल्ला कारागार शाखा घोराहीको बन्दी क्षमता ५० जना रहेको छ। यो कारागारमा हाल कैद तोकिएका ४३ पुरुष रहेका छन् भने कैद नतोकिएका २४ पुरुष थुनुवा रहेका छन्। यसरी कैद तोकिएका र कैद नतोकिएका गरी कुल बन्दीको सङ्ख्या ६७ जना रहेको छ। जेलका बन्दीहरूसँग आश्रित दुई जना बालक रहेका छन्। जेलमा पानी, शौचालय, विद्युत्, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टीभी तथा खेलकुद सामग्री आदि रहेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

रामपुर गाविस-६ मोतीपुरका २९ वर्षीय शान्तु चौधरीले आफ्नी पत्नीलाई कुटपिट गर्नुका साथै खुकुरी प्रहार गरेको आरोपमा ०६३ फागुन २१ गते माओवादीहरूले उनलाई अपहरण गरी घाइते हुने गरी कुटपिट गरे। पीडितलाई सोही दिन प्रहरीसमक्ष बुझाउने भनी माओवादीले भोलिपल्ट मुक्त गरे।

लोहारपानी गाविस-१ रिवानका ३५ वर्षीय फनबहादुर घर्ती क्षेत्रीले अर्काकी पत्नीसँग विवाह गरेको आरोपमा ०६३ फागुन २६ गते माओवादीहरूले उनलाई अपहरण गरे। पीडितकी पत्नी कालगतिले मरेको हुँदा उनले स्थानीय गाउँलेकी पत्नीसँग विवाह गरेको थाहा पाएपछि पीडितलाई ०६३ फागुन ३० गते मुक्त गरे।

धनौरी गाविस-४ बगाले सानो तुलसीपुर बस्ने २६ वर्षीय ओपेन्द्रबहादुर वलीले जग्गासम्बन्धी विवाद गरेको आरोपमा ०६३ फागुन २८ गते माओवादीहरूको एक समूहले उनलाई राति घरबाटै अपहरण गऱ्यो। पीडित माओवादीहरूको कब्जाबाट उम्की राति नै

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३	१	३								
घाइते	४	७	३	९								
कुटपिट	३	३		३	८	१३	१	१३	१	१		१
धम्की	३	३		३	१	१		१				
भेला/सङ्गठित हुने अधिकार									३	१३	३३	४५
महिलाअधिकार	३		४	४								
बालअधिकार	१		१	१								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१								
अमानवीय व्यवहार					१	१		१				
अपहरण	४	४		४	१०	१३	३	१४				
जम्मा	३०	१८	८	३६	३०	३६	३	३९	३	१४	३३	४६

भागेर खिलतपुर प्रहरी चौकीमा आई बसेकोमा भोलिपल्ट प्रहरीले परिवारको जिम्मा लगायो। पीडितलाई माओवादीहरूले ज्यान मार्ने धम्की दिएको कारण जीवनरक्षाका लागि पहल गरिदिन इन्सेकसमक्ष आग्रह गरे। इन्सेक जिल्ला प्रतिनिधिले माओवादीको नेतृत्वसमक्ष सो कुरा राख्दा पार्टीले अपहरण नगरेको बताएको थियो। उनको स्थिति सामान्य रहेको छ।

त्रिभुवननगर नपा-२ का ३० वर्षीय ईश्वरी नेपालीले चेलीबेटी ओसारपसार गरेको आरोपमा ०६३ चैत ४ गते उनलाई माओवादीको एक समूहले अपहरण गऱ्यो। अपहरणका क्रममा पीडितलाई दिइएको चर्को यातनाका कारण उनको खुट्टा नचल्ने भएको छ। ०६३ चैत ७ गते माओवादीहरूले मुक्त गरेपछि पीडित घरमै बसेका छन्। उनको महेन्द्र अस्पताल घोराहीमा उपचार भए पनि एउटा खुट्टा चल्दैन।

सिसहनिया गाविस-२ जितपुरका ४४ वर्षीय शालिकराम पोखरेलले चन्दा नदिएको आरोपमा ०६४ असार २६ गते कपिलवस्तुका माओवादी कार्यकर्ता रामुकुर्मी र क्षितिजले घरैबाट मोटरसाइकलमा हाली उनलाई अपहरण गरे। दुई वर्षअगाडि कपिलवस्तुमा ठेक्कापट्टाको काम गर्ने बेला मागिएको चन्दा नदिएकामा उनलाई अपहरण गरिएको पीडितले बताए। उनलाई ३० हजार रुपियाँ बुझाएपछि ०६४ साउन ९ गते कपिलवस्तुबाट माओवादीले मुक्त गरे।

बेला गाविस-४ बेलाका २८ वर्षीय पाटेश्वर यादवले आफ्नै विद्यालयकी छात्रासँग अनैतिक सम्बन्ध राखेको आरोपमा ०६४ मङ्सिर १० गते पटौलीनाकाका स्थानीय माओवादी कार्यकर्ता र युवाहरूको समूहले यादव र श्री जनज्योति माविका प्रअ ५२ वर्षीय रहमदतुल्ला हलवाईलाई विद्यालय परिसरबाट अपहरण गऱ्यो। बेला-३ पटौलीनाकाकी १७ वर्षीय कक्षा १० मा अध्ययनरत एक छात्रासँग सोही विद्यालयमा पढाउने शिक्षक यादवको सम्बन्ध रहेको आरोपमा अपहरण गरेका थिए। माओवादी कार्यकर्ता जमानसिंह गिरी, मनबहादुर घर्तीसहितको टोलीले प्रअ र शिक्षक यादवलाई नेपाल-भारत सीमा क्षेत्र पटौलीनाकातर्फ लगेपछि प्रहरीले ०६४ मङ्सिर १२ गते दुवैलाई मुक्त गरायो। अपहरणकर्ताहरू १९ वर्षीय जमानसिंह गिरी, १६ वर्षीय विवेक घर्ती, १६ वर्षीय ज्ञानबहादुर घर्ती, ३६ वर्षीय मनबहादुर घर्ती, २२ वर्षीय कमलबहादुर पुन, १९ वर्षीय मानसिंह गिरी र ३८ वर्षीय अमर गिरीलाई प्रहरीले गिरफ्तार गऱ्यो। इलाका प्रहरी कार्यालय, लमहीमा राखिएका सबैलाई अनेरास्ववियु (क्रान्तिकारी) को दबाबमा ०६४ मङ्सिर १७ गते प्रहरीले रिहा गऱ्यो।

वाईसीएलबाट

रुकुम तकसेरा निवासी हाल त्रिभुवननगर नपा-१० मा बस्दै गरेका ३८ वर्षीय वीरमान बुढाले तकसेरा-३ का सिरुपति बुढाको हत्या गरेको र नक्कली

माओवादी बनी चन्दा सङ्कलन गरेको आरोपमा ०६३ फागुन १९ गते रुकुमबाट आएको वाईसीएलको एक टोलीले उनलाई अपहरण गरी रुकुमतर्फ लग्यो। नौ वर्षअघि बुढाको हत्यामा संलग्न हुनुका साथै नक्कली माओवादी बनी काठमाडौँमा चन्दा आतङ्क मच्चाएको आरोपमा उनको अपहरण गरिएको आफन्तहरूले बताए। यस वर्षको अन्त्यसम्म पीडितको अवस्था अज्ञात रहेको छ।

गढवा गाविस-९ चन्दनपुर निवासी हाल काठमाडौँ मनपा-११ सुन्धारामा बस्दै आएका ४० वर्षीय छविलाल केसीले गाउँका एक युवकलाई लेनदेनमा ठगी गरेको आरोपमा ०६४ जेठ ९ गते वाईसीएलका कार्यकर्ताले उनलाई मानपुर-१ मानपुरबाट बिहान अपहरण गरी नौ घण्टा नियन्त्रणमा राखी मुक्त गरे। वाईसीएलका स्थानीय कार्यकर्ता रवीबहादुर वली र वेगेन्द्र वलीसहित पाँच जनाले सोही गाउँका एक युवकको अनुरोधमा उनीहरूलाई नियन्त्रणमा लिएका थिए।

अन्यबाट

त्रिभुवननगर नपा-८, वडहराका ३० वर्षीय पत्रकार तथा कलाकार विष्णु 'आर्ट' लाई ०६३ चैत १७ गते गढवाबाट तीन जनाको सङ्ख्यामा रहेको अज्ञात समूहले अपहरण गऱ्यो। पीडित सोही दिन त्यहाँबाट भागी आउन सफल भए। हाल उनको स्थिति सामान्य रहेको छ।

पवननगर गाविस-८ भमके घर भई तुलसीपुर नगरपालिका-५, उद्योग वाणिज्य सङ्घ चोक बसोबास गर्दै आएका ४५ वर्षीय प्रकाश आचार्य र ४२ वर्षीय निर्मल आचार्यलाई ०६४ कात्तिक १४ गते साँझ धान बाँडेर पवननगरबाट तुलसीपुरतर्फ फर्कदै गर्दा सोही ठाउँको अर्याल राइसमिलबाट आफूलाई नेपाल गणतान्त्रिक योङ् टाइगर्स ग्रुप बताउने चार जनाको समूहले अपहरण गऱ्यो। अपहरणपछि पीडित दुवैलाई फूलबारी गाविसको इमिलिया तुलसीपुर रोडमा पर्ने डाँडाको जङ्गलमा राखेकामा सो समूहले राखेका पाँचसूत्रीय माग पूरा गराउन प्रकाश आचार्यलाई ०६४ कात्तिक २४ गते बिहान सोही ठाउँबाट रिहा गरे। सो समूहले राखेका मागहरूमा मोहीहरूलाई जग्गा मिलाइदिनुपर्ने, महेन्द्र, अरविन्द्र र अजयसँगको जग्गासम्बन्धी विवाद मिलाउनुपर्ने, थारुहरूलाई श्रम शोषण नगर्ने, पाँच भाइले ठगेको नेपालगञ्जमा रहेको हिमा आचार्य बसेको घरजग्गा हिमा आचार्यका नाममा पास गरिदिनुपर्ने, पाँच जना व्यक्तिलाई कुमार आचार्यले ठगेको पैसा फिर्ता दिनुपर्ने रहेका थिए। आफ्ना पाँचओटा माग पूरा नभए ज्यान लिने धम्की दिँदै आएको उक्त समूहले आफ्ना माग पूरा भएपछि ०६४ पुस १६ गते निर्मल आचार्यलाई रोल्पा र सल्यान सीमाक्षेत्रमा पर्ने ग्वारखोलाबाट मुक्त गऱ्यो। अपहरणमा सो समूहले मानसिक तथा शारीरिक यातनासमेत दिएको पीडितले बताए। सो समूहले आफूलाई नेपाल गणतान्त्रिक योङ् टाइगर्स ग्रुप बताए पनि मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले प्रकाशन गरेको स्थलगत अध्ययन प्रतिवेदनमा माओवादीको औपचारिक संलग्नता नभए पनि माओवादी कार्यकर्ताको समर्थन र संलग्नतामा उक्त अपहरण गरिएको उल्लेख छ।

नेपाल गणतान्त्रिक योङ् टाइगर्स ग्रुपद्वारा अपहरण गरिएका निर्मल आचार्य

धम्की/कुटपिट

माओवादीबाट

काभ्रे गाविस-४ कमिरेचौर निवासी काङ्ग्रेसका कार्यकर्ता धनेश्वर भण्डारी र चूडामणि भण्डारीले प्रहरी चौकी स्थापना गर्न सहयोग गरेको आरोपमा ०६३ पुस २७ गते माओवादीका स्थानीय कार्यकर्ता तेजबहादुर भुसालको नेतृत्वमा रहेको एक समूहले उनीहरूलाई कुटपिट गऱ्यो।

लक्ष्मीपुर गाविस-२ भैँसकुर्माका ४३ वर्षीय श्रीधर गिरी क्षेत्रीले चोरी गरेको आरोपमा ०६३ माघ ४ गते माओवादीहरूले उनलाई निर्घात कुटपिट गरे। भारतबाट घर आउने क्रममा छिमेकीको पैसा चोरेको आरोपमा माओवादी कार्यकर्ता तुफान, चन्दबहादुर दमाईलगायत चार/पाँच जनाको सङ्ख्यामा रहेका माओवादीको एक समूहले कुटपिट गरेको थियो। पीडितले अन्याय सहन नसकेको भन्दै ०६३ माघ ६ गते साँझ विष सेवन गरी आत्महत्या गर्ने प्रयाससमेत गरेको इन्सेक जिल्ला प्रतिनिधिलाई बताए।

उरहरी गाविस-८ बेलगनारका ३० वर्षीय जोगीलाल चौधरी, टरीगाउँ-९, वनगाउँका ३२ वर्षीय शोभाराम चौधरी र सोही ठाउँका ३० वर्षीय नारायण चौधरीले नेपाल आदिवासी जनजाति महासङ्घको आयोजनामा तुलसीपुर बजार बन्द गराएको आरोपमा ०६३ फागुन १६ गते माओवादीहरूले ढुङ्गामुढा प्रहार गर्दा उनीहरू घाइते भए। माओवादीका जिल्ला कमिटी सदस्य रामबहादुर थापा र मिलन चौधरीको नेतृत्वमा

बिजौरी गाविसबाट ट्याक्टरमा गएका ५० जनाभन्दा बढी माओवादीका कार्यकर्ताहरूले तुलसीपुर बजार खुलाउन ढुङ्गामुढा गरेका थिए। घाइतेमध्ये शोभाराम चौधरीको उपचार भारतको लखनउमा भयो। सोही दिन माओवादीहरूले वोट फर कम्युनिटी डेभलपमेन्ट (वीसीडी) संस्थाका अध्यक्ष ३८ वर्षीय जनक चौधरीलाई अपहरण गरी बिजौरी पुऱ्याए। इन्सेक जिल्ला कार्यक्रम सल्लाहकार सुशील चौधरी, इन्सेक जिल्ला प्रतिनिधि विमलकुमार अधिकारी र कार्यक्रम संयोजक केशवकुमार शर्माको पहलमा उनलाई सोही साँझ मुक्त गरियो भने घटनामा नेतृत्व गर्ने माओवादी कार्यकर्ताले जनतासामु माफी माग्ने, घाइतेहरूलाई उपचार खर्च उपलब्ध गराउने र दुवैलाई कारबाही गर्ने सहमतिमा ०६३ फागुन १९ गते आयोजकहरूले चक्काजाम र बन्द फिर्ता लिएका थिए। पछि पीडकहरूले सहमतिअनुसार कार्य गरेका थिए।

हलवार गाविस-७ तरुले बस्ने ५८ वर्षीय प्रेमकुमार ढकालले चन्दा नदिएको र माओवादी पार्टीको सदस्यता नलिएको आरोपमा ०६३ चैत २४ गते माओवादी कार्यकर्ता रेवेन्द्र सेनले उनलाई घाइते हुने गरी कुटपिट गरे। पीडितको तुलसीपुरस्थित स्थानीय औषधि पसलमा उपचार भयो। सो कुरा प्रकाशमा ल्याएमा माओवादीले ज्यान मार्ने धम्की दिएकाले पीडितले घटनाका बारेमा कतै पनि उजुरी गरेनन्।

त्रिभुवननगर नपा-६ रझेनाकी ४५ वर्षीय मीना चौधरीले बाटो बनाउने काममा अवरोध गरेको आरोपमा ०६४ वैशाख १४ गते माओवादी कार्यकर्ता विशाल बुढाले उनलाई रझेनामा कुटपिट गरे। पीडितलाई घोराहीमा प्राथमिक उपचार गरी नेपालगञ्ज रिफर गरिएको थियो।

टटीगाउँ गाविस-४ ड्डाका ३६ वर्षीय कुइके भनिने कुवेर चौधरीले आफ्नो धर्मभाइलाई अंश नदिएको आरोपमा ०६४ वैशाख १७ गते माओवादी जिल्ला सदस्य मिलन चौधरी र नवीन चौधरीले उनलाई ज्यान मार्ने धम्की दिए। पीडितका बाबु फूलीराम चौधरीले ०३५ सालमा धर्मपुत्रका रूपमा पालेका पञ्चु चौधरीलाई पीडित कुवेरले अंश नदिएको भनी माओवादी कार्यकर्ताद्वयले मार्ने धम्की दिएका थिए। इन्सेक जिल्ला प्रतिनिधिसमक्ष निवेदन दिई जीउज्यानको रक्षाका लागि पहल गर्न अनुरोध गरेपछि इन्सेक जिल्ला प्रतिनिधिको पहलमा माओवादीका मिलन र नवीनले त्यसो नगर्ने प्रतिबद्धता व्यक्त गरे।

काङ्ग्रेस दाङका सल्लाहकार लोकमणि गिरीलाई ०६४ वैशाख २३ गते तुलसीपुर नगरपालिकाको सभाकक्षमा छलफल भइरहेको समयमा माओवादी समर्थकहरूले कुटपिट गरे। माओवादीले दाङमा कब्जा गरेको सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराई, काङ्ग्रेसका केन्द्रीय सदस्यद्वय डा.शेखर कोइराला र बलदेव मजगैयाँबीच नगरपालिका भवनमा छलफल भइरहेको अवस्थामा उनीहरूकै उपस्थितिमा गिरीलाई कुटपिट गरिएको थियो। घाइते गिरीको काठमाडौँमा उपचार गरियो। गिरीलाई कुटपिट गर्दा त्यहाँ रहेका प्रहरी उपरीक्षक राजेन्द्र श्रेष्ठ र केही जवानहरूलाई पनि माओवादी कार्यकर्ताले हातपातको प्रयास गरेका थिए। माओवादी कार्यकर्ताले प्रहरीको लाठीसमेत खोसेका थिए। माओवादी कार्यकर्ताले जमिन फिर्ता गरे सो पार्टीविरुद्ध लाग्ने चेतावनीसहितका नाराबाजीहरू गरेका थिए। माओवादी नेता डा.भट्टराईले उक्त घटनालाई 'अप्रिय घटना' भनी प्रतिक्रिया दिँदै घटनाका बारेमा छानबिन गर्ने आश्वासन दिए पनि यस वर्षको अन्त्यम्म छानबिन सम्बन्धमा माओवादीको धारणा सार्वजनिक भएको छैन।

नारायणपुर गाविस-१ नारायणपुरका नेविसङ्घ जिल्ला अध्यक्ष २५ वर्षीय दीपक पाण्डे, राजपुर-६ नौसराका स्वयिु सदस्य २५ वर्षीय पवन यादव र रामपुर-१ रामपुरका काङ्ग्रेस (प्र.) कार्यकर्ता ४० वर्षीय कमलकिशोर घिमिरेले अनेरास्वयिु (क्रान्तिकारी) का कार्यकर्तालाई ज्यान मार्ने धम्की दिएको आरोपमा ०६४ साउन २९ गते साँझ उनीहरूलाई घाइते हुने गरी कुटपिट गरे। पीडितहरूको इन्सेक नेपालगञ्जको सहयोगमा काठमाडौँमा उपचार भयो।

वाईसीएलबाट

लालमटिया गाविस-२ खुरुरियाका ३५ वर्षीय लख्खु चौधरीले भाइलाई अंशमा ठगेको आरोपमा ०६४ असार १ गते वाईसीएलका कार्यकर्ता शिव र सङ्गमले उनलाई निर्घात कुटपिट गरे। कुटपिटबाट चौधरीको आँखा र ढाडमा गम्भीर चोट लागेको थियो। पीडितको स्थानीय औषधि पसलमा उपचारपछि अवस्था सामान्य रहेको छ।

दोहोरो झडप

सोनपुर गाविस-६ बनकट्टाका लालबहादुर चौधरीले सोही गाउँकी एक युवतीसँग अवैध सम्बन्ध रहेको आरोपमा ०६४ असार १४ गते वाईसीएलका कार्यकर्ता आक्रान्तले उनलाई कुटपिट गरेपछि स्थानीय गाउँले र वाईसीएलबीच झडप हुँदा छ जना घाइते

भए। उक्त भिडन्तमा सोही गाउँका सर्वसाधारण विशाल चौधरी र वाईसीएलका रवि थापा, पूर्णबहादुर कार्की, सन्तोष चौधरी, हिमानन्द शर्मा, असन चौधरी घाइते भए। घाइतेमध्ये विशाल चौधरी र वाईसीएलका रवि थापा, पूर्णबहादुर कार्कीलाई सोही दिन राति लमहीमा उपचार गरी थप उपचारका लागि नेपालगञ्ज रिफर गरिएको थियो। यस वर्षको अन्त्यसम्ममा सबै जना उपचारपछि घर फर्किसकेका छन्।

अन्यबाट

नेपाल पत्रकार महासङ्घ, दाङ शाखा सदस्य एवम् *युगबोध* राष्ट्रिय दैनिकका तुलसीपुरस्थित समाचारदाता प्रवल रेग्मीले जनजाति महासङ्घको समाचार लेखेको विषयलाई लिएर अज्ञात समूहले ०६३ फागुन १७ गते ज्यानमार्ने धम्की दिए।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सशस्त्र द्वन्द्वका क्रममा ज्यान गुमाएका प्रहरी परिवार तथा अशक्त प्रहरीको धर्नामा ०६३ माघ ११ गते हस्तक्षेप गरी प्रहरीले ४३ जनालाई गिरफ्तार गरी छ घण्टा नियन्त्रणमा राखी सोही दिन रिहा गऱ्यो। ३५ सूत्रीय माग राखी ०६३ माघ ९ गतेदेखि जिल्ला प्रशासन कार्यालयको मूल ढोकामा उनीहरूले धर्ना दिँदै आएका थिए। जिल्ला प्रशासन कार्यालय दाङले कार्यालयको काम-कारबाहीमा अवरोध उत्पन्न भएकाले उनीहरूलाई पक्राउ गरिएको जनायो। बहालवाला तथा सेवानिवृत्त सबै प्रहरी कर्मचारीलाई गत वर्ष २० प्रतिशत तलब र निवृत्तिभरण भत्ता वृद्धि गराउँदा मृतक प्रहरी परिवार र अशक्त प्रहरीको सुविधामा भेदभाव भएकाले तलबवृद्धि भएको मितिदेखि उनीहरूलाई पनि सुविधा दिनुपर्ने, अशक्त प्रहरीको मृत्यु भएमा सन्ततिले सुविधा पाउने नियमावली स्पष्ट हुनुपर्ने, तलब सुविधा आजीवन हुनुपर्ने, अमर प्रहरी तथा अशक्त प्रहरीका सन्तानलाई स्नातकसम्म निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्नेलगायतका माग राखी आन्दोलन गरेका थिए। प्रहरीले ११ पुरुष र ३२ महिलालाई गिरफ्तार गरेको थियो।

जिल्ला प्रशासन कार्यालय, दाङमा ज्ञापनपत्र पेस गरी फर्किरहेका माओवादीका जनवर्गीय सङ्गठनका कार्यकर्ताले जिल्ला भूमिसुधार कार्यालय दाङमा ०६४ वैशाख २६ गते दिउँसो आगजनी गरे। आगजनीबाट भूमिसुधार कार्यालयको मोहियानी, हदबन्दी, प्रशासन, मुद्दा, मुक्त कमैया, सुकुम्वासी र दर्ता फाँटका महत्त्वपूर्ण कागजातहरू जलेर नष्ट भए।

माओवादीका भ्रातृ सङ्गठनहरू अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी), अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी), अखिल नेपाल ट्रेड युनियन महासङ्घ, जनक्रान्तिका महान् सहिद परिवार समाज, जनक्रान्तिका अपाङ्ग तथा घाइते समाज, अखिल नेपाल जनसांस्कृतिक महासङ्घले ०६४ वैशाख २६ गते दिउँसो जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएका थिए। उक्त घटनापछि प्रहरीले ३९ जनालाई गिरफ्तार गरेकामा आठ जनालाई केही समयपछि इन्सेक जिल्ला प्रतिनिधिको रोहबरमा छाडेको थियो भने १४ जनालाई राति पत्रकारहरूको रोहबरमा छाडेको थियो। बाँकी ११ जनालाई अनुसन्धानपछि रिहा गरियो भने अदालतको आदेशमा भोलिपल्ट थुनामा पठाइएका लेकाली खड्का, सचिन थारु, रामबहादुर दहित, कुशल थारु, श्याम चौधरी र शङ्कर जीएमलाई माओवादीको दबाबका कारण प्रहरीले ०६४ वैशाख ३१ गते रिहा गरेको थियो। माओवादीले अराजक समूहबाट उक्त आगजनी गरेको बताए पनि गिरफ्तार हुनेहरूमा अनेमसङ्घ (क्रान्तिकारी) का केन्द्रीय सदस्य विमला केसी, जिल्ला अध्यक्ष सुधा रेग्मी, उपाध्यक्ष प्रमिता चौधरी, अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय सदस्य लेकाली खड्का, माओवादी जिल्ला सदस्य विश्वराज आचार्य, थारु मुक्ति मोर्चाका केन्द्रीय सदस्य रामबहादुर दहितलगायत कार्यकर्ताहरूमा कुशल थारु, सचिन थारु, कञ्चन थारु, श्याम थारु, जीवन थारु, जीवन विष्ट, प्रवेश, उदय, राजु, शङ्कर जीएम, विद्रोही बुढा र विवशलगायतका रहेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला अदालत गरी दुईओटा अदालत रहेका छन्। पुनरावेदन अदालत दाङमा दुनियाँवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी २० थान र यस वर्ष दर्ता भएका तीन थान गरी जम्मा २३ थान मुद्दा फर्स्यौट भएनन्।

सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका २२ थान मुद्दा रहेकोमा चार थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ५० थानमा २६ थान मुद्दा फर्स्यौट भए।

यसैगरी, देवानी मुद्दा तर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३२ थान मुद्दामा तीन थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १८ थानमा कुनै पनि मुद्दा फर्स्यौट भएनन्। यो वर्षको अन्त्यसम्ममा पुनरावेदन अदालत, दाङमा जम्मा १ सय १२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

जिल्ला अदालतअन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३४ थान दुनियाँवादी फौजदारी मुद्दामा ३१ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ९१ थान मुद्दामा सात थान मुद्दा फर्स्यौट भए।

यसैगरी, सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका ६७ थान मुद्दा मध्ये २३ थान फर्स्यौट भए। सरकारवादी फौजदारी मुद्दा तर्फ यस वर्ष ३७ थान दर्ता भएकामा फर्स्यौट भएका २३ र नभएका १४ थान। यस वर्ष दर्ता भएका ३७ थानमध्ये सबै फर्स्यौट भए।

देवानी मुद्दातर्फ भने गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ५ थान मुद्दामा ६४ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १ सय ४ थान मुद्दामा चार थान मुद्दा मात्र फर्स्यौट भए। यस वर्षको अन्त्यसम्ममा जिल्ला अदालतमा जम्मा ४ सय ८६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जिल्ला अदालतमा पाँच वर्ष नाघेका मुद्दा छैनन्।

बालअधिकार

धनौरी गाविस-४, कुमलगढीका ५५ वर्षीय केशवराज भण्डारीले सोही गाउँकी ११ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गर्ने प्रयास गरे। माओवादीहरूले ०६३ चैत ३ गते उनलाई जुत्ताको माला र मोसो दली गाउँ घुमाए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

बुढागाउँ गाविस-९ रोल्पाकी २२ वर्षीया विर्जना विक र झेनाम-७ गैरा की १८ वर्षीया देवा खड्कालाई विदेश पठाइदिने भनेर ललाइ-फकाई भारत लैजान लागेका बेला दाङ जिल्ला त्रिभुवननगर नपा, घोराहीबाट ०६४ असार १८ गते प्रहरीले फेला पारेको थियो। ती महिलाहरूलाई भारत बिक्री गर्न लैजान लागेको आरोपमा सोही दिन नै दाङ जिल्ला तुलसीपुर नपा-३ की ४५ वर्षीय नन्नी गुरुङ, सोही जिल्ला श्रीगाउँ गाविस-३ की धनमायाँ केसी, सल्यान जिल्ला भिम्पे-२ की २३ वर्षीया सुनिता सुनार (घर्ती) लाई प्रहरीले दाङ घोराहीबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, रोल्पा पठाएको थियो। पीडित महिलाहरूले किटानी उजुरी दिएपछि मुद्दामा आरोपितहरूलाई जिल्ला अदालत, रोल्पाले पुर्पक्षका लागि रोल्पा कारागार चलान गरेको छ।

दुर्व्यवहार

बेला गाविस-८ कालिपुरवाकी ६० वर्षीया कानी अहिर बोक्सी भएको आरोपमा ०६३ चैत १५ गते उनलाई प्रमुदास यादवले धारिलो हतियार प्रयोग गरी घाइते बनाए। पीडित गढवा हेल्थपोस्टमा उपचार गराई घर फर्किइन्। पीडक भने फरार रहेका छन्। पीडितले कतै उजुरी गरिनन्।

पुरन्धारा गाविस-९ सीमलकुनाका ५८ वर्षीया लक्ष्मी बैजाली बोक्सी भएको आरोपमा उनकै बुहारी डन्नी बैजालीको नेतृत्वमा रहेका महिलाहरूले ०६३ चैत २१ गते कुटपिट गरी घाइते बनाए। पीडितले सात राजनीतिक दलसमक्ष ०६३ चैत २२ गते न्यायका लागि उजुरी दिएपछि बुहारीले माफी मागिन्।

पारिवारिक हिंसा

हलवार गाविस-५ गहतेराकी २० वर्षीया मनीषा पुन बोक्सी भएको आरोपमा ०६३ माघ १२ गते साँझ उनका ससुरा ४५ वर्षीय झगबहादुर पुनले हत्या गरे। पीडकलाई माओवादीको जनसेवा समितिले ०६३ फागुन २६ गते अपहरण गरी ०६३ फागुन २८ गते प्रहरीलाई बुझायो।

जातीय विभेद

फूलवारी नमूना प्राथमिक विद्यालय वराखुटीकी शिक्षक अभिभावक सङ्घकी सदस्य नमा न्यौपानेले जातीय विभेद गरेको आरोपमा ०६३ माघ १२ गते राष्ट्रिय दलित नेटवर्क दाङले, उनलाई माफी माग्न लगायो। फूलबारी नमूना प्राथमिक विद्यालय वराखुटीमा जातीय विभेदसम्बन्धी एक कार्यक्रमको आयोजना गरी न्यौपानेलाई माफि माग्न लगाइयो। उक्त कार्यक्रममा न्यौपानेले अबदेखि त्यस प्रकारको काम नगर्ने भन्दै माफी मागेकी थिइन्। सो विद्यालयनजिक रहेका घरमा बालबालिकाहरु कुवाको पानी खान जाँदा न्यौपानेले पानी छुन नदिई जातीय विभेद गरेकी थिइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

गड्गापरस्पुर गाविस-१ सालझण्डी निवासी राजे यादवले गाउँमा चौकीदार नबस्ने भनेपछि सोही गाविस-२ का अगुवा कटकन्दार चौधरीले ०६३ फागुन ३० गते मोसो, जुत्ताको माला र थुक चाट्न लगाई गाउँ घुमाए। चौकीदार बसेको दुई दिनपछि आफ्नो घरायसी समस्याका कारण चौकीदारी गर्न नसक्ने पीडितले बताएका थिए। गाउँको अगुवाले यसरी अराजक, असामाजिक र अपमान गर्ने क्रियाकलाप गरेकामा गाउँलेहरूले विरोध जनाए पनि राजे यादवले न्याय पाउन सकेका छैनन् भने उनले कतै उजुरी गरेनन्।

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

तुलसीपुरस्थित पुनरावेदन अदालतमा ०६३ फागुन १७ गते दिउँसो अज्ञात समूहले ढुङ्गामुढा गरी क्षति पुऱ्यायो। २०-३० जनाको समूहले कार्यालयमा जबरजस्ती प्रवेश गरी क्षति पुऱ्याएको अदालतले जानकारी गरायो भने सोही विषयलाई लिएर नेपाल बार एसोसिएसन, पुनरावेदन बार एकाइका अध्यक्ष प्रदीप धितालले ०६३ फागुन १७ गते प्रेस विज्ञप्ति प्रकाशित गरी अदालतजस्तो संवेदनशील क्षेत्रभित्र भएको सो घटनाको विरोध जनायो।

दाङ जिल्लामा तोडफोड तथा दङ्गा भएपछि असुरक्षाका कारण १ हजार १ सय २१ जना मुस्लिम समुदायका मानिसहरू विस्थापित हुन बाध्य भए। कपिलवस्तु तथा रुपन्देहीमा फैलिएको दङ्गापछि ०६४ भदौ ३१ गते दाङ जिल्लामा फैलिएको दङ्गाबाट करिब ५० घर तथा पसल तोडफोड भयो। जिल्ला प्रशासन कार्यालय दाङले घटनामा २ करोड ४३ लाख ६४ हजार २ सय ५० रुपियाँ बराबरको क्षति भएको भन्दै क्षतिपूर्तिका लागि सरकारसँग सिफारिस गरेको छ। तर, दाङ जिल्लामा बसेको सर्वपक्षीय समितिले भने ४ करोड १४ लाख ९६ हजार ५ सय ५० रुपियाँ क्षति भएको भन्दै क्षतिपूर्तिका लागि सिफारिस गरेको थियो। लालमटिया गाविस भालुवाङमा ०६४ भदौ ३१ गते साँझ प्रदर्शनकारीहरूले मुसलमानहरूको घर-पसल र मस्जिदमा तोडफोड गरे भने मस्जिदमा आगो लगाउने प्रयास गर्दा प्रहरीले हस्तक्षेप गरी स्थिति नियन्त्रणमा लिएको थियो। पीडितहरूको सुरक्षाका लागि सोच्न इन्सेक जिल्ला प्रतिनिधिले आग्रह गरेपछि ०६४ असोज ३ गते जिल्ला प्रशासन कार्यालयबाट भालुवाङमा पाँच जनाभन्दा बढी मानिस हिँड्न नपाउने गरी निषेधाज्ञा लगाइयो। उक्त घटनाबाट २५ घरपरिवारका करिब १ सय ५० व्यक्तिहरू प्रभावित भएका थिए। ०६३ असोज ३ गते बिहानैदेखि प्रदर्शनकारीहरूले बजार बन्द गराउँदै प्रगन्ना सिँचाइ कार्यालयअगाडिको मदरसा तोडफोड गरे भने अर्को समूह राजमार्ग छेउछाउ रहेका घर, सटर तथा पसलहरू तोडफोड गर्नुका साथै स्टोरका सामानहरू राजमार्गमा ल्याएर जलाइए। प्रहरीको हस्तक्षपले केही साइकिलहरू सुरक्षित गरिए पनि खोलाको किनारमा रहेको मासु व्यापारीको मासु र अन्य सर-सामानहरू खोलामा बगाइयो। स्थिति नियन्त्रणभन्दा बाहिर जान थालेपछि जिल्ला प्रशासन कार्यालय, दाङले साँझ ४ बजेदेखि कर्फ्यु आदेश जारी गऱ्यो।

सिहनिया गाविस भगवानपुर गाउँमा ०६४ असोज ३ गते राति करिब पचास व्यक्तिहरूको एक समूहले खुकुरी, हँसिया, लट्ठीसहित नारा लगाउँदै सबै मुसलमानहरूको घरमा तोडफोड र आगजनी गरे। आठ परिवारका १७ ओटा घरगोठ र टहराहरू जले, जसमा मुसलमान बच्चाहरू पढ्ने मदरसा पनि जलेर खरानी भए। आक्रमण हुने थाहा पाएर मुसलमान परिवार सबै सुरक्षाका लागि इलाका प्रहरी कार्यालय लमहीमा शरण लिन पुगेका थिए। १ सय जनाजतिको सङ्ख्यामा रहेका ती परिवारहरू हाल पुनःस्थापित भइसकेका छन्। ती परिवारहरूको सुरक्षाका लागि सशस्त्र प्रहरी बलका २० जवानसहितको अस्थायी प्रहरी बिटको स्थापना असोज १० गते गरियो। तुलसीपुरको वीरेन्द्रचोकबाट सुरु भएको आगजनी र तोडफोडले गम्भीर रूप लिएपछि जिल्ला प्रशासन कार्यालयले बिहानैदेखि कर्फ्यु आदेश जारी गऱ्यो। श्रीगाउँमा ३७ जना व्यक्तिहरू विस्थापित भएका थिए। तिनीहरूलाई नेपाल रेडक्रसले ओढ्ने कम्मल, दाल, चामल, चिउरा, फलफूल उपलब्ध गराएको थियो। तुलसीपुरमा साम्प्रदायिक दङ्गाका कारण ८० परिवारका ६ सय २० जना विस्थापित भएका थिए। त्यस दिन प्रमुख जिल्ला अधिकारीको पहलमा तुलसीपुरको विमानस्थलमा बसेको सर्वदलीय बैठकले ती परिवारलाई पुनःस्थापना गर्ने निर्णय गरेकामा यो वर्षको अन्त्यसम्म सबै पुनःस्थापित भइसकेका छन्।

विगतको अनुगमन

हाँसीपुर गाविस-४ सल्लीकुनाका २४ वर्षीय गोरै कुँवरलाई माओवादीहरूले ०६१ कात्तिक १६ गते गाउँकै एक वृद्ध ७० वर्षीय जोगी कुँवरको हत्या गरेको आरोपमा कुटी-कुटी हत्या गरी नजिकै जङ्गलमा गाडिएको बाबु शिवे कुँवरले बताए। विगतमा भय र त्रासका कारण कुनै पनि ठाउँमा जानकारी नगराएको र शान्ति स्थापनापश्चात् जानकारी गराएको उनका बाबुले बताए।

४.२ प्यूठान



जनसङ्ख्या : २,४२,५७४
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : १,३०९
गाविस/नपा सङ्ख्या : ४९/०
सरकारी/निजी विद्यालय : ३३३/१३
क्याम्पस/उच्च मा.वि. : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/११
मोटर सडक (कि. मि.) : २१६
प्रहरी कार्यालय सङ्ख्या : १५
मानव विकास सूचकाङ्क : ०.४१६
प्रतिपरिवार सरदर सङ्ख्या : ५

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

खलङ्गा गाविस-७ का ११ वर्षीय अर्जुन सुनार ०६३ चैत १४ गते चण्डीप्रसाद गण खलङ्गाको तारबारभित्र पर्ने घाँसे मैदानमा खेल्न गएको अवस्थामा सेनाले राखेको माइन एक्कासि विस्फोट हुँदा पिठ्यूँमा चोट लागी घाइते भए। घाइतेको नेपाली सेनाको सहयोगमा छाउनी अस्पताल काठमाडौँमा उपचार भयो।

जेल र बन्दीहरू

'ज' श्रेणीको प्यूठान जिल्ला कारागार शाखाको बन्दी क्षमता २५ जनाको छ। यस जेलमा हालसम्म ११ जना कैदी र २८ जना थुनुवा गरी जम्मा ३९ जना पुरुष कैदी र थुनुवा रहेका छन्। यस जेलमा पत्रपत्रिका, खेलकुद सामग्री, रेडियो र टीभी उपलब्ध छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

उदयपुरकोट गाविस-३ की २० वर्षीया एक युवती र सोही ठाउँका ३५ वर्षीय ओमबहादुर राउतले अवैध यौन सम्बन्ध राखेको आरोपमा ०६४ जेठ २६ गते माओवादीले उनीहरूलाई सोही गाविस-३ उदयपुरकोटबाट अपहरण गरे। पीडितहरू ०६४ भदौ २५ गते मुक्त भए।

धम्की/कुटपिट

माओवादीबाट

तिराम गाविस-६ का एमाले कार्यकर्ता तथा निवर्तमान गाविस अध्यक्ष ४९ वर्षीय तुलबहादुर रोका, ४१ वर्षीय अम्मर रोका, ५८ वर्षीय प्रेमबहादुर सार्कीले नारायण ठेडीकी पत्नीलाई गरिबी निवारण कोष कार्यक्रमद्वारा सञ्चालित समुदायमा आधारित कार्यक्रमको अनुगमन समितिमा राखेको आरोपमा माओवादी कार्यकर्ता श्यामबहादुर रामजाली र नारायण ठेडीले भरुवा बन्दुक देखाई उनीहरूलाई ०६४ कात्तिक २ गते ज्यान मार्ने धम्की दिए। पीडित तुलबहादुरका अनुसार यी दुवै जनाले कात्तिक २ गते राति मार्ने धम्की दिएका थिए। नारायण माओवादीको छापामार शिविरबाट भारत भागेका थिए भने श्यामबहादुर पछिल्ला दिनमा पनि माओवादीसँग सम्बन्धित रही काम गर्दै आएका थिए। पीडित तुलबहादुरले स्थानीय प्रहरी चौकीमा आफ्नो जीवन रक्षाका लागि निवेदन दिए। प्रहरीले पीडक नारायण ठेडीको घरबाट बन्दुकको चापघोडा बरामद गरिसकेको छ। यी दुवै जनालाई माओवादीले आफ्नो नियन्त्रणमा लिई माओवादी एरिया नेता तुलसीराम अधिकारी, एमाले जिल्ल्ला सचिव धनबहादुर रायमाझी, सिद्धार्थ ग्रामीण विकास संस्थाका गरिबी निवारण कोष कार्यक्रमका संयोजक गोविन्द पोखरेल र हरिहर गौतमको उपस्थिति तथा स्थानीय जनताको बीचमा दुवै जनाले पीडितसँग माफी मागेपछि ०६४ कात्तिक १२ गते उनीहरूलाई मुक्त गरिएको थियो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्यूठान समाचार दैनिकका सम्पादक तथा प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य नूमराज खनाललाई खैरा-१ का १९ वर्षीय श्यामबहादुर नेपाली, १७ वर्षीय विशाल नेपाली र १६ वर्षीय अरूण रसाइलीले खलङ्गा सदरमुकामस्थित रेडियो प्यूठानको रेडियो स्टेसनबाट प्यूठान समाचारको कार्यालयतर्फ जाँदै गर्दा ०६४

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१	१		१							
घाइते									१	१	१
कुटपिट	३	३	३	४							
धम्की					१	३		३			
भेला/सङ्गठित हुने अधिकार	१	१		१							
महिलाअधिकार	३		३	३							
बालअधिकार	३		३	३							
अपहरण					१	१	१	३			
जम्मा	९	४	६	११	३	४	१	५	१	१	१

मङ्सिर १५ गते साँझतिर खलङ्गा-९ बूढाचौरमा आक्रमण गरे। आक्रमणपछि जिल्लामा रहेका विभिन्न क्रियाशील सङ्घ-संस्थाले आक्रमणको घोर भर्त्सना गर्दै दोषीमाथि कडा कारबाहीको माग गरेका थिए। पीडित खनाल, मानवअधिकारकर्मी, एमालेका हरिप्रसाद रिजाल, काङ्ग्रेसका हुकुमबहादुर विष्ट, पत्रकार र पीडकका घरपरिवारको रोहबरमा पीडकले अब आइन्दा यसो नगर्ने भनी ०६४ मङ्सिर १९ गते माफी मागेपछि जिल्ला प्रहरी कार्यालय खलङ्गा प्यूठानमा मिलापत्र भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमामा दुनियावादी फौजदारी मुद्दाअन्तर्गत गत वर्षको जिम्मेबारी सरेर आएका ५३ थान मुद्दामा दुई थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १७ थान मुद्दामा एउटा मुद्दा मात्र फर्स्यौट भए।

यसैगरी, गत वर्षको जिम्मेवारी सरेर आएका १९ थान सरकारवादी फौजदारी मुद्दामा कुनै पनि मुद्दा फर्स्यौट भएनन्। यो वर्ष दर्ता भएका १६ थान सरकारीवादी फौजदारी मुद्दामा भने एउटा मुद्दा फर्स्यौट भयो

देवानी मुद्दाअन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएका ५३ थान मुद्दामा एउटा र यो वर्ष दर्ता भएका ३० थान मुद्दामा पनि एउटा गरी जम्मा दुई थान मुद्दा मात्र फर्स्यौट भए। यो वर्षको अन्त्यमा यस जिल्ला अदालतमा जम्मा १ सय ८२ थान मुद्दा मात्र फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

मरन्ठाना गाविस-७ का १४ वर्षीया र १५ वर्षीया बालिकालाई राम्रो काम लगाइदिने र पढाइदिने प्रलोभन देखाएर ०६३ फागुन २८ गते सोही ठाउँका ५५ वर्षीया ढकुला गिरी र उनकी छोरी २० वर्षीया कमला गिरीले भारततर्फ लाँदै गर्दा सोही दिन पीडित परिवार र स्थानीय गाउँलेले विजुवार गाविस-१ बाट उनीहरूलाई समातेर प्रहरी चौकी बिजुवारमा बुझाए। घटनामा संलग्न आमाछोरीलाई सोही दिन जिल्ला प्रहरी कार्यालय, खलङ्गामा कारबाहीका लागि लगिए पनि आवश्यक पर्ने दिन उपस्थित हुने सहमतिमा सोही दिन उनीहरूलाई रिहा गरियो।

विजयनगर गाविस-३ की ७ वर्षीया एक बालिकालाई ०६४ वैशाख २९ गते सोही ठाउँका ३७ वर्षीय खुमबहादुर कुमालले आफ्नै घरमा बलात्कार गरे। पीडितको प्यूठान जिल्ला अस्पतालमा उपचार गरियो। पीडक खुमबहादुर कुमाललाई स्थानीय बासिन्दाले सोही राति समातेर प्रहरी चौकी बिजुवारमा बुझाए। बिजुवार प्रहरी चौकीले खुमबहादुरलाई अनुसन्धानका लागि ०६४ वैशाख ३० गते जिल्ला प्रहरी कार्यालय खलङ्गामा चलान गरेकामा उनी जेठ ११ गतेदेखि जिल्ला अदालतको आदेशअनुसार जिल्ला कारागार प्युठानमा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

विजयनगर गाविस-४ सापडाँडाकी २५ वर्षीया सरस्वती केसीले आफूसँग मुख लागेको आरोपमा उनका ससुरा चन्द्रबहादुर केसीले ०६४ कात्तिक १९ गते उनलाई कुटपिट गरी सख्त घाइते बनाए। पीडितको जिल्ला अस्पताल र लुम्बिनी अञ्चल अस्पताल भैरहवामा उपचार भयो। पीडकलाई दाजुभाइ तथा स्थानीय जनताले नियन्त्रणमा लिई १९ गते साँझ प्रहरी चौकी विजुवारमा बुझाए। उनलाई २० गते कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय खलङ्गामा पठाइयो। कात्तिक २३ गते आइन्दा यसो नगर्ने सर्तमा लिखित कागज बनाई उनलाई प्रहरीले रिहा गऱ्यो।

४.३ रोल्पा



जनसङ्ख्या : २,३४,०३८
साक्षरता प्रतिशत : ४२
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.): १,८७९
गाविस/नपा सङ्ख्या : ५१/०
सरकारी/निजी विद्यालय : २९७/८
क्याम्पस/उच्च मा.वि. : १/२
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मोटर सडक (कि. मि.): ९५
प्रहरी कार्यालय सङ्ख्या : १७
मानव विकास सूचकाङ्क : ०.३८७
प्रतिपरिवार सरदर सङ्ख्या : ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

बेवारिसे बमबाट

धबाङ गाविस-४ धाङ्सीका ६ वर्षीय विक्रम बुढाले ०६३ चैत २२ गते घरमा कोही नभएको समयमा बेवारिसे अवस्थामा रहेको सकेटबम आफ्नै घरनजिकको बारीमा फेला पारेर घरभित्र ल्याई खेलाउन लाग्दा बम विस्फोट हुँदा उनको घटनास्थलमा मृत्यु भयो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बमबाट

ह्वामा गाविस-१ कर्तमकी पाँच वर्षीया लुकमती डाँगी र उनका भाइ तीन वर्षीय लेखनाथ डाँगीले ०६३ चैत २ गते बिहान घरनजिकैको तुसाराको रुखमुनि बेवारिसे बम फेला पारी सोही गाउँका इन्द्रबहादुर खत्रीको आँगनमा ल्याएर खेलाउँदा बम विस्फोट भई उनीहरू घाइते भए। उपचारका लागि लुकमती डाँगीलाई नेपालगञ्ज लगिएको थियो। नेपालगञ्जमा पनि उपचार हुन नसकेपछि उनलाई काठमाडौँ लगिएको थियो। उपचारपछि उनी सञ्चो भई घर फर्किएकी छन्। लेखनाथ डाँगीलाई जिल्ला अस्पताल, रोल्पामा नै उपचार गरिएको थियो। पीडित लुकमती डाँगीको दायाँ आखाँ, दायाँ खुट्टा र शरीरका अन्य भागमा चोट लाग्नुका साथै दायाँ हात नाडीबाट चुँडिएको थियो।

सखी गाविस-३ चिसापानीका १७ वर्षीय भूपेन्द्र खातीले आफ्नो घरनजिकैको ओडारबाट बेवारिसे अवस्थामा रहेको सकेटबम ०६३ चैत ३ गते बिहान फेला पारी घरमा ल्याएर खेलाउँदा विस्फोट भई घाइते भए। उनको देब्रे हातको बूढीऔँला, चोरऔँला र माझीऔँला छिनिएको छ। घाइते भएपछि माओवादी सेनाको पाँचौँ डिभिजन कार्यालय दहवन र स्वास्थ्य केन्द्र होलेरीमा सामान्य उपचारपछि उनलाई नेपालगञ्ज लगिएको थियो। नेपालगञ्जमा उपचारपश्चात् प्लास्टिक सर्जरी गर्नुपर्ने भएकाले उनलाई काठमाडौँ लगिएको थियो। यस वर्षको अन्त्यमा उनी उपचारपछि घर फर्किएका छन्। उक्त बम माओवादीले युद्धकालमा छाडेको आशङ्का स्थानीय बासिन्दाले गरेका छन्।

जेल र बन्दीहरू

'घ' श्रेणीको कारागार शाखा रोल्पाको बन्दी क्षमता ५० जनाको रहेको छ। यस जेलमा हाल मुद्दा

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित		
	अन्यबाट					माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	४	३	३		५							
घाइते	३	३	१		३							
गिरफ्तारी/यातना										१	४	४
कुटपिट	१	१			१	१	५	४	९			
महिलाअधिकार	१		१		१							
बालअधिकार	१			१	१							
अपहरण						१	३	१	४			
जम्मा	९	५	५	१	११	३	८	५	१३	१	४	४

फैसला भई कैद तोकिएका बन्दी महिला दुई र पुरुष पाँच गरी जम्मा सात जना बन्दी रहेका छन् भने मुद्दा फैसला नभएका पुर्पक्षका लागि थुनामा रहेका महिला पाँच जना र पुरुष नौ जना गरी जम्मा २१ जना बन्दी र थुनुवाहरू रहेका छन्। जेल पुरानो भएकाले जीर्ण अवस्थामा रहेको छ। कहिलेकाहीं खानेपानीको समस्या हुँदै आएको छ। जेलमा पुरानो बिग्रिएको टीभी भएको हुँदा समाचार हेर्न समस्या रहेको, पत्रपत्रिकाको व्यवस्था नभएको, खेलकुदका सामग्री नभएको बन्दीहरूले बताए।

धम्की/कुटपिट

माओवादीबाट

भावाङ गाविस-३ भावाङका २४ वर्षीय दुर्गा पुन, ३४ वर्षीय मोतीलाल डाँगी, १८ वर्षीय भीमसेन थापा, ४३ वर्षीय भर्मता थापा, ३३ वर्षीय भीमकला डाँगी, ३० वर्षीय खर्कबहादुर डाँगी, ५२ वर्षीय भक्तबहादुर थापा, ३८ वर्षीय लालबहादुर डाँगी, ३३ वर्षीय धनसिं ओली, १८ वर्षीय नन्दु सुवेदी, गमु डाँगी, सखी गाविस-३ चिसापानी निवासी राष्ट्रिय जनमोर्चा नेपालका केन्दीय सदस्य ३४ वर्षीय दुर्गा तिरुवा र मिजिङ गाविस-६ निवासी सोही पार्टीका कार्यकर्ता ३१ वर्षीय मेखबहादुर रोकाले माओवादी कार्यकर्ता कमानसिं खत्रीलाई कुटपिट गरेको, माओवादीविरुद्ध नारा-जुलुस गरेको आरोपमा ०६३ जेठ १६ गते राति उनीहरूलाई सयौंको सङ्ख्यामा गएका माओवादी कार्यकर्ताले भावाङ गाविस-३ का भक्तबहादुर थापाको घरमा सुतेको समयमा घर घेरा हाली कुटपिट गरे। मोतीलाल डाँगी, खड्कबहादुर डाँगी, भीमसेन थापा र मेखबहादुर रोकालाई माओवादीले कुटपिट गर्नुका साथै अपहरण गरी लगेका थिए। खर्कबहादुर डाँगी, भीमसेन थापा र मेखबहादुर रोकायालाई भोलिपल्ट जेठ १७ गते बिहान छाडेका थिए भने मोतीलाल डाँगीलाई खाली घरमा ताला लगाएर राखेको अवस्थामा जेठ १८ गते इलाका प्रहरी कार्यालय घर्तीगाउँबाट खोजतलासमा गएका प्रहरीले अचेत अवस्थामा फेला पारेका थिए। मोतीलाल डाँगी र दुर्गा पुन गम्भीर घाइते भएका कारण सामान्य उपचारपछि काठमाडौं लगिएको थियो भने अन्यलाई जिल्ला अस्पताल रोल्पामा उपचार गरिएको थियो। सो घटनापछि भावाङ गाविस-३ का जनता सदरमुकाम लिबाङ आएर विरोध जुलुस निकाली विरोधसभा गरेका थिए। आठ राजनीतिक दल, इन्सेक जिल्ला प्रतिनिधि तथा मानवअधिकार सचेतन केन्द्र (हुरेक) को सक्रियतामा स्थानीय सर्वसाधारण र माओवादीबीच सबै मिलेर बस्ने सहमति भएको थियो।

अन्यबाट

भावाङ गाविस-३ भावाङ निवासी माओवादी कार्यकर्ता सगरमाथा भनिने ३६ वर्षीय कमानसिं खत्रीले सशस्त्र द्वन्द्वको समयमा माओवादीद्वारा सञ्चालित सहकारी बैंकमा जनताबाट उठाएको रुपियाँ, वैदेशिक रोजगारमा गएका प्रतिव्यक्तिबाट ३० हजारका दरले उठाएको रकम र सर्वसाधारण जनताबाट सहयोग उठाइ भावाङ गाविस-३ मा जम्मा भएको रुपियाँ कुनकुन ठाउँमा खर्च भएको हो, सार्वजनिक गर्न नसकेको आरोपमा ०६४ चैत २१ गते उनलाई भावाङ

बेवारिसे बम खेलाउँदा विस्फोट भई घाइते भएका लुक्मती डाँगी र भूपेन्द्र खाती

गाविस-३ का स्थानीय जनताले कुटपिट गरे। कुटपिटपछि स्थानीय जनताले माओवादी पार्टीविरुद्ध मसाल जुलुस गरेका थिए। सो घटनापछि कमानसिं खत्री सदरमुकाममा विस्थापित भए। घटनाको विषयमा छलफल गर्न आठ राजनीतिक दल, इन्सेक जिल्ला प्रतिनिधि र मानवअधिकार सचेतन केन्द्रको सक्रियतामा ०६४ असार १७ गते सर्वपक्षीय बैठक बसी स्थानीय सर्वसाधारण र माओवादी सबै मिलेर बस्ने सहमति भएपछि कामानसिं खत्री आफ्नै घर फर्के।

गैरकानुनी गिरफ्तारी

जुगार गाविस-८ काउलाबोटका १७ वर्षीय चन्द्रबहादुर पुन, १५ वर्षीय दीपेश पुन, १९ वर्षीय टेकबहादुर पुन र १५ वर्षीय भूपराज पुनले सोही गाउँका १८ वर्षीय गोकुल रानाको ०६० चैतमा हत्या गरेको आरोपमा ०६४ जेठ १ गते इलाका प्रहरी कार्यालय, जुगारबाट गएको प्रहरी टोलीले आ-आफ्नो घरबाट उनीहरूलाई बिनापुर्जी गिरफ्तार गऱ्यो। गिरफ्तार भएको छ दिनपछि मात्र उनीहरूलाई थुनुवा पूर्जी दिइएको थियो। पीडितहरूलाई कर्तव्यज्यान मुद्दामा जिल्ला अदालत रोल्पाले ०६४ जेठ २७ गते पुर्पक्षका लागि जेल चलान गरेको छ। हाल उनीहरू कारागार शाखा, रोल्पामा थुनामा रहेका छन्। पीडितहरूले रानाको हत्या गरेको आरोपमा माओवादीले ०६० चैत २८ गते उनीहरूलाई आ-आफ्नो घरबाट अपहरण गरेका थिए। टङ्कबहादुर पुन ०६२ फागुन १६ गते माओवादीले तोकेको श्रमकैद पूरा गरी मुक्त भएका थिए भने चन्द्रबहादर पुन, दिपेश पुन र भूपराज पुन माओवादी श्रमशिविरमा भइरहेको समयमा घरमा आएका बेला प्रहरीले गिरफ्तार गरेको थियो। आफूहरू निर्दोष भएको पीडितहरूले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारी मुद्दाअन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएका २५ थान मुद्दामा सात थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ४१ थान मुद्दामा पाँच थान फर्स्यौट भए।

यसैगरी सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका नौ थान मुद्दामध्ये दुई थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका चार थान मुद्दामा कुनै पनि मुद्दा फर्स्यौट भएनन्।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका नौ थान मुद्दामध्ये दुई थान फर्स्यौट भए भने यो वर्ष दर्ता भएका १७ थान मध्ये नौ थान मुद्दा फर्स्यौट भए। यो वर्षको अन्यसम्म जम्मा ८० थान मुद्दा बाँकी रहे।

बालअधिकार

कुरेली गाविस-३ डालिमकी २४ वर्षीया मनकुमारी पुनले अवैध बच्चा जन्माएर हत्या गरी फालेको आरोपमा प्रहरीले उनलाई गिरफ्तार गरेर कर्तव्य ज्यान मुद्दा लगायो। लिवाङ गाविस-५ पीपलचौताराका भुवन आचार्यको शौचालयको सेप्टी ट्याङ्कीमा ०६३ चैत २८ गते नवजात शिशुको लास भेटिएपछि प्रहरीले उनलाई गिरफ्तार गरेको थियो। पुनलाई जिल्ला अदालतको आदेशमा पुर्पुक्षका लागि कारागार शाखा रोल्पामा थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

खुङ्ग्री गाविस-४ खुङ्ग्रीकोटकी २३ वर्षीया खिमाकुमारी सिंहका पति ३० वर्षीय विष्णु सिंहले दोस्रो विवाह गरी छोरीसहित ०६३ चैत १३ गते कान्छी पत्नीलाई घर ल्याएपछि घरमा झगडा उत्पन्न भएको थियो। सोही दिन राति खिमाकुमारीले आफ्नै कोठामा झुन्डिएर आत्महत्या गरिन्।

मिझिङ गाविस-५ मिझिङकी २१ वर्षीया देवा घर्तीका पतिले विदेशबाट उनलाई घडी पठाएपछि घडीको विषयमा सासू-ससुरासँग झगडा भयो। मिझिङ गाविस-३, घायथानमा २०६४ वैशाख ११ गते झुन्डिएर मृत्यु भएको अवस्थामा लास भेटिएको थियो। बुहारीको हत्या गरेको आरोपमा ससुरा ४६ वर्षीय समरबहादुर घर्ती र सासू ४० वर्षीय यामकली घर्तीलाई

प्रहरीले गिरफ्तार गऱ्यो। कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत, रोल्पाले पुर्पक्षका लागि कारागार चलान गऱ्यो। पीडक हाल कारागार शाखा रोल्पामा थुनामा रहेका छन्।

उवा गाविस-६ की ३० वर्षीया भगवती नेपालीको आफ्नै घरमा कुटपिटबाट ०६४ भदौ ३० गते राति मृत्यु भयो। पत्नीको हत्या गरेको आरोपमा उनका पति नारायण नेपालीलाई प्रहरीले गिरफ्तार गऱ्यो। कर्तव्य ज्यान मुद्दा दर्ता भएपछि रोल्पा जिल्ला अदालतबाट नेपालीलाई पुर्पक्षका लागि जिल्ला कारागार शाखा, रोल्पामा चलान गरिएको छ। पीडक हाल थुनामा रहेका छन्।

४.४ सल्यान



जनसङ्ख्या : २,३८,७५५
साक्षरता प्रतिशत : ५४
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.): १,४६२
गाविस/नपा सङ्ख्या : ४७/०
सरकारी/निजी विद्यालय : ३६०/५
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : १/४७
मोटर सडक (कि. मि.): २०२
प्रहरी कार्यालय सङ्ख्या : ८
मानव विकास सूचकाङ्क : ०.३९९
प्रतिपरिवार सरदर सङ्ख्या : ६

गोली/विस्फोटक पदार्थद्वारा घाइते

विस्फोटक पदार्थबाट

डाँडागाउँ गाविस-९ का ३५ वर्षीय हुमलाल पुरी ०६४ जेठ १६ गते सोही गाविस-८ बोजेरी चौरस्थित बारीमा जोत्न गएका बेला बेवारिसे अवस्थामा जर्किनमा रहेको बारुदमा आगो लाग्न गई विस्फोट हुँदा विस्फोटनमा परी घाइते भए। बारीको फोहर जलाउँदा उक्त बारुदको जर्किनमा आगो लागी विस्फोट भएको थियो। घाइतेको जिल्ला अस्पताल सल्यानमा उपचार भयो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २० जना बन्दीको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका आठ जना पुरुष र दुई जना महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका सात जना पुरुष थुनुवा रहेका छन्। यसरी सल्यान कारागारमा जम्मा १७ जना बन्दी तथा थुनुवा रहेका छन्। यस जेलमा सबै सेवा-सुविधाहरू ठीक भएको, जेलका कर्मचारी, सुरक्षाकर्मी र बन्दीहरूबीच राम्रो सम्बन्ध रहेको छ। यस जेलमा कुनै किसिमका ठूलाखाले आन्दोलन नभए तापनि जेल बन्दीहरूको केन्द्रीय सङ्घर्ष समितिले बन्दीहरूलाई आममाफी हुनुपर्छ भनी सञ्चालन गरेको आन्दोलनमा यहाँका बन्दीहरूले समेत पत्रद्वारा ऐक्यबद्धता जनाएका थिए।

बेपत्ता/अपहरण

माओवादीबाट

दार्माकोट गाविस-७ निवासी माओवादी जिल्ला कमिटी सदस्य (डीसीएम) सञ्जीव भनिने ३१ वर्षीय डम्मर रोकाया र रिम गाविस-५ की विद्या भनिने १९ वर्षीया माओवादी कार्यकर्ता सीता बोहराले अवैध यौन सम्बन्ध राखी गर्भधारण गराएको आरोपमा माओवादीले उनीहरूलाई ०६३ माघ ६ गतेदेखि अनिश्चितकालीन श्रमकैदमा राखे। डम्मर रोकाया, शिउरथ गाविस-६ सिर्पामा माओवादीद्वारा निर्मित आवासीय नमुना विद्यालयको श्रमकैदमा रहेका छन् भने सीता बोहरा झिम्पे गाविसमा श्रमकैदमा रहेकी छन्।

सेजवालटाकुरा गाविस-९ सुन्टाकुराका ६१ वर्षीय गेविराम रेउलेले बहुविवाह गरेका आफ्ना छोरालाई भारततिर भगाएको आरोपमा ०६४ वैशाख २५ गते बिहान माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई १५ हजार रुपियाँ बुझाउने सर्तमा सोही दिन साँझ कुपिण्डे गाविस-९ बाट माओवादीले मुक्त

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	४	२	२	४								
घाइते	२	५		५								
गिरफ्तारी/यातना										१	९	९
कुटपिट	४	५		५	२	३			३			
धम्की	२	३	३	६	३	९			९			
भेला/संगठित हुने अधिकार					२	२	२	१	५			
महिलाअधिकार	६		६	६								
बालअधिकार	२	२	२	४	१	१			१			
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१	२	२			२			
अमानवीय व्यवहार					२		४		४			
अपहरण	२	२		२	६	१०			१०			
जम्मा	२४	२०	१४	३४	१८	२६	६	१	३४	१	९	९

गरे। अधिकारकर्मीको पहलका कारण यस वर्षको अन्त्यसम्म सो रकम बुझाउन परेको छैन।

हिवल्चा गाविस-६ का १९ वर्षीय शालिकराज कुँवर र सोही ठाउँका १४ वर्षीय बालक खुमबहादुर बुढाथोकीले चोरी गरेको आरोपमा ०६४ साउन ९ गते माओवादीले उनीहरूलाई आ-आफ्नै घरबाट अपहरण गरे। अपहरित दुवैलाई ०६४ साउन १० गते सोही गाउँबाट मुक्त गरियो।

कोटवाडा गाविस-८ का २३ वर्षीय हुमबहादुर केसीले मादक पदार्थ सेवन गरी छिमेकी लुकेश्वर गौतमको घरमा गई अश्लील शब्द प्रयोग गरेको आरोपमा ०६४ कात्तिक ५ गते सोही गाविस-६ निवासी माओवादीद्वारा घोषित गाउँ जनसरकार उपप्रमुख शोभाराम भण्डारीको नेतृत्वमा गएका माओवादी कार्यकर्ता र स्थानीय जनताले थारमारे गाविस-५ बाट उनलाई अपहरण गरे। अपहरितलाई सोही दिन आफ्नै गाउँ टाट्केमा लगी खुट्टा पसार्न लगाई बाँसको लट्ठी खुट्टाको तलमाथि राखी बेलना लगाए भने एकरात हातखुट्टा बाँधेर लुकेश्वरको घरमा राखी ०६४ कात्तिक ८ गते इलाका प्रहरी कार्यालय थारमारेमा बुझाए। पीडितलाई प्रहरीले पुरानो चोरीको मुद्दा चलाई पुर्पक्षका लागि जिल्ला कारागारमा राखेको छ।

कोटवाडा गाविस-५ का २७ वर्षीय राजेन्द्रविक्रम चन्द, सोही ठाउँका २३ वर्षीय महेन्द्रप्रकाश चन्द, २३ वर्षीय प्रकाश चन्द, ४८ वर्षीय तुलसीराम चन्दले माओवादी समर्थक जनएकता क्लबका पदाधिकारीसँग झगडा गरेको र 'मधेसी जनअधिकार फोरमका कार्यकर्ता हौं' भनेको आरोपमा ०६४ मङ्सिर ६ गते माओवादीका एरिया इञ्चार्ज सोही गाविस-३ निवासी माइकल भनिने ज्ञानबहादुर वलीको नेतृत्वमा आएका १५/२० जना माओवादीले उनीहरूलाई आ-आफ्नै घरबाट अपहरण गरी सोही गाविस-१ कोटवाडा गाउँमा लगी लाठीले शरीरभरि नीलडाम हुने गरि कुटपिट गरे। अपहरित चारै जनालाई सोही दिन साँझ गाउँ निकाला गरिएको भनी नारा लगाउँदै थारमारे गाविस-४ बाघचौर पुऱ्याई कोणसभामार्फत तुलसीराम र राजेन्द्रलाई गाविस निकालाको घोषणा गरी मुक्त गरेको भनिए तापनि यस वर्षको अन्त्यसम्म दुवैको अवस्था अज्ञात छ भने अन्य दुई जना श्रमशिविर शिउरत गाविस-६ सिर्पाबाट माओवादीको कब्जामा रहेको अवस्थामा ०६४ मङ्सिर २२ गते भागेर घर आए। भागेर घर आएका महेन्द्रप्रकाश चन्द माओवादीको डरले घरमा बस्न नसकी विस्थापित भई ०६४ मङ्सिर २६ गतेदेखि तीन जनाको परिवारसहित भारत गए भने प्रकाश चन्द घरमै बसेका छन्।

वाईसीएलबाट

कुपिन्डे गाविस-७ निवासी निवर्तमान गाविस अध्यक्ष ४४ वर्षीय कृष्णबहादुर खड्काले गाविस अध्यक्ष हुँदा सोही गाविस-५ का टङ्के पुनलाई नामसारीको सिफारिस दिएको आरोपमा ०६४ मङ्सिर १० गते वाईसीएलका कार्यकर्ताले उनलाई सोही गाविस-९ जयतपानीबाट अपहरण गरे। पीडितलाई वाईसीएलले कब्जामा लिई हातले मुखमा नीलडाम हुने गरी कुटेका थिए भने राजाको शासनकालमा जिविस सदस्य भई खाएको भत्ता दिनुपर्ने र २५ हजार रकम नदिए मार्ने धम्की दिए। अपहरित ०६४ मङ्सिर १२ गते सोही गाविस-३ बाट पिसाब फेर्न जान्छु भनी भागे। पीडित यस वर्षको अन्त्यसम्म घर बस्न नसकी सदरमुकाम खलङ्गामा विस्थापित भई बसेका छन्।

धम्की/कुटपिट

माओवादीबाट

मर्म गाविसको राँगेचौर, भल्चौर गाविसको फारुलाचौर र दमाचौर गाविसको दमाचौरस्थित इलाका प्रहरी चौकीहरूमा माओवादीका जिल्ला सदस्य रमेश कोइराला भनिने भीमप्रकाश शर्माको नेतृत्वमा गएको समूहले चौकी एकदिनभित्र छाड्न धम्की दिएपछि ०६४ वैशाख २ गतेदेखि तीनओटै चौकीका प्रहरीहरू थारमारे गाविस-४, थारमारेस्थित इलाका प्रहरी चौकीमा आई बसे। विस्थापित प्रहरी चौकीहरूमध्ये रागेचौरस्थित प्रहरी चौकी स्थापना गर्नका लागि सात राजनीतिक दल र माओवादीबीच सहमति भई ०६४ वैशाख १६ गते पुनः स्थापित भयो। अन्य दुई चौकीलगायत काभ्रा गाविसको राम बजार, सिउरथ गाविसको सिमखोली, काप्रेचौर गाविसको घुँइहेबारी गरी पाँच ठाउँमा स्थापना हुनुपर्ने चौकीहरू भने माओवादी असहमतिका कारण हालसम्म स्थापना हुनसकेका छैनन्।

भल्चौर गाविस-१ का १९ वर्षीय नारायण दाहाल र २० वर्षीय कमल केसी, सोही गाविस-३ का २० वर्षीय उमेश चन्द र दरमाकोट गाविस-५ का १९ वर्षीय रमेश चन्दले माओवादीले आफ्ना छिमेकीलाई कुटपिट गरेकामा विरोध गरेको र सो कुटपिटबारे पत्रकारलाई सूचना दिएको आरोपमा ०६४ असार १४ गते विशाल नामका माओवादीले रुकुम जिल्लाको मलामीडाँडाको फोनबाट हातखुट्टा भाँचिदिने धम्की दिए। पीडितले कतै उजुरी गरेका छैनन्।

वाइसीएलद्वारा कुटपिट गरिएका पुरुषोत्तम भट्टराई

कोटवाडा गाविस-८ निवासी नवयुवा जनजागृति असल शासन युवा क्लबका सचिव १९ वर्षीय वामदेव गौतम र सोही क्लबका कोषाध्यक्ष दामोदर दाहले गाविसको रकम फ्रिज (रोक्का) गराउन भूमिका खेलेको आरोपमा ०६४ साउन ४ गते माओवादीका स्थानीय कार्यकर्ता सोही ठाउँ निवासी डिल्लीबहादुर वलीले उनीहरूलाई २४ घण्टाभित्र क्लब कार्यालयका सामानहरू घरतर्फ फिर्ता नलगेमा दुवै जनाको टाउकोमा बम विस्फोट गराउने धम्की दिए। त्यस घटनाको विरोधमा असल शासन जिल्ला क्लबका प्रतिनिधिले माओवादीका जिल्ला नेता डिल्लीराज शर्मासँग छलफल गरेपछि स्थानीय कार्यकर्ताले माफी मागे।

माओवादीद्वारा अपहरण गरी यातना दिइएका हुमबहादुर केसी

देवस्थल गाविस-५ का ५४ वर्षीय बुद्धिसिं विष्ट र उनका भाइ ५० वर्षीय बेलधर विष्टले सिँचाइ कुलोसम्बन्धी मुद्दा जितेको आरोपमा ०६४ भदौ ५ गते माओवादीका एरिया इन्चार्ज बादलको निर्देशनमा उनको साथमा आएका माओवादी कार्यकर्ता घाजरी पीपल गाविस-८ का खिउरो कामीले उनकै घरमा कुटपिट गरे। कुटपिटपछि पीडितका सम्पूर्ण परिवारलाई मार्ने धम्की दिए। पीडितहरू त्रासका कारण विस्थापित भई जिल्ला सदरमुकाममा बस्दै आएका छन्।

बाँफुखोला गाविस-२ निवासी निवर्तमान गाविस अध्यक्ष ५९ वर्षीय नोखीराम वलीले गाविस अध्यक्ष हुँदा भ्रष्टाचार गरेको, भत्ता खाएको र माओवादीले मागेको १ लाख १२ हजार रुपियाँ दिन अस्वीकार गरेको आरोपमा ०६४ मङ्सिर ७ गते माओवादीका एरिया इन्चार्ज माइकल भनिने ज्ञानबहादुर वलीको नेतृत्वमा गएको टोलीले उनलाई हातखुट्टाले शरीरभरि नीलडाम हुने गरी कुटपिट गर्नुका साथै बाँफुखोला, कोटवाडा, शिवरथ, कोडमौला, थारमारे र पीपलनेटा गाविसहरूमा प्रवेश निषेधको घोषणा गऱ्यो। घटनापश्चात् माओवादीको डरका कारण पीडित दाङ जिल्लाको तुलसीपुर बसेका छन्। पीडित ०५४ सालमा विस्थापित भई शान्ति सम्झौतापछि घर फर्किएका थिए।

माओवादीद्वारा कुटपिट गरी सम्पूर्ण परिवारलाई मार्ने धम्की दिइएका बुद्धिसिं विष्ट

वाईसीएलबाट

भल्चौर गाविस-१ फारुलाचौरका २३ वर्षीया तोला बुढाथोकीले मदिरा बिक्री गरेको आरोपमा ०६४ असार १० गते वाईसीएलका इलाका कमाण्डर तैनाथले उनलाई अबदेखि मदिरा बेचेमा मदिरासँगै जलाई दिने धम्की दिए। तोलाका पति २५ वर्षीय इन्द्रबहादुर बुढाथोकीले उक्त धम्कीको विरोध गर्दा उनलाई कुटपिट गरे।

माझकाँडा गाविस-९ का ३० वर्षीय जोगी बुढा, उनका भाइहरू २२ वर्षीय अमरबहादुर बुढा र २० वर्षीय चूडामणि बुढाले सोही ठाउँका ४५ वर्षीय तीर्थबहादुर पुनलाई कुटपिट गरेको आरोपमा उनीहरूलाई ०६४ असार ३० गते वाईसीएल कार्यकर्ताले घर घेरा हाली मिलमा ताला लगाए। घरपरिवारलाई अमरबहादुरका तीन दाजुभाइ खोजी नल्याए घरसम्पत्ति कब्जा गर्ने धम्की दिए। वाईसीएलको डरले अमरका तीन दाजुभाइ घरमा बस्न नसकी सदरमुकाम खलङ्गा बसेका थिए। ०६४ साउन ११ गते राजनीतिक दल, अधिकारकर्मी, सञ्चारकर्मी, नागरिक समाज र सरकारी निकायका प्रतिनिधिहरूको साथ घर फर्कने क्रममा तीन दाजुभाइलाई वाईसीएल कार्यकर्ताले आफ्नै गाउँमा कुटपिट गरी लखेटे। मिलमा लगाइएको ताला ०६४ भदौ १२ गते सोही टोली बसेर मिलापत्र गरेपछि खोलियो।

काल्चे गाविस-७ निवासी राष्ट्रिय सिँचाइ उपभोक्ता महासङ्घका केन्द्रीय सदस्य ४० वर्षीय पुरुषोत्तम भट्टराईले राजावादी भई संविधानसभाका बारेमा भ्रम फिजाएको आरोपमा ०६४ मङ्सिर ७ गते दिउँसो काँरागिठी गाविस-३ निवासी वाईसीएलका कार्यकर्ता ३१ वर्षीय प्रेमबहादुर पुन, सोही ठाउँका २७ वर्षीय विनाराम घर्ती, सोही गाविस-४ का जोगबहादुर राम्जा, सोही गाविस-८ का प्रेमबहादुर विक र काभ्रा गाविस-७ का गोविन्द थापाको नेतृत्वमा आएका वाईसीएलका कार्यकर्ताहरूले काभ्रा गाविस-७ रामबजारमा संविधानसभाको निर्वाचनको महत्त्व विषयक सार्वजनिक सुनुवाइ कार्यक्रम भइरहेको समयमा कार्यक्रमस्थलमा गई हात र मुक्काले मुखमा कुटे।

काल्चे गाविस-७ का ५५ वर्षीय गिन्द्र खड्काले पत्नीसँग झगडा गरेको आरोपमा ०६४ पुस २ गते उनलाई वाईसीएल जिल्ला कमिटी सदस्य गमबहादुर रावत र वाईसीएल कार्यकर्ता प्रेमबहादुर वलीले घरमै गई कुटपिट गरे। सोही समयमा कुटपिट गरेको विरोध गर्दा गिन्द्र खड्काकी दिदी सोही ठाउँकी ६० वर्षीया ठगीसरा वलीलाई सिस्नोले मुखमा हाने।

काल्चे गाविस-७ का ३० वर्षीय बेलबहादुर चन्द र सोही ठाउँका ५२ वर्षीय इन्द्रबहादुर खत्रीलाई एक हप्ताअघि जुवा खेलेको आरोपमा ०६४ पुस ३ गते लक्ष्मीपुर गाविस-४ निवासी वाईसीएलका जिल्ला कमिटी सदस्य पहाड भनिने गमबहादुर रावलको नेतृत्वमा आएका वाईसीएलले सुनचौर गाउँमा हातखुट्टाले शरीरभरि कुटपिट गरी बेलबहादुर चन्दबाट २ हजार र इन्द्रबहादुरबाट १ हजार रूपैयाँ लिए।

गैरकानुनी गिरफ्तारी

फालावाङ गाविस-२ पिमखोलाका ३४ वर्षीय कमानसिंह डाँगी सोही ठाउँका ३३ वर्षीय कृष्णबहादुर डाँगी, ५३ वर्षीय वीरबहादुर डाँगी, ५३ वर्षीय डिल्लीबहादुर घर्ती, २४ वर्षीय खगेन्द्र घर्ती, ५२ वर्षीय जुद्धबहादुर घर्ती, ४५ वर्षीय कमलसिंह बुढा, ३९ वर्षीय कमानसिंह बुढा र ३९ वर्षीय शशीराम केसीले सोही ठाउँका ५० वर्षीय नोखेन्द्रबहादुर डाँगीको हत्या गरेको आशङ्कामा ०६३ फागुन २० गते जिल्ला प्रहरी कार्यालयका प्रहरीले उनीहरूलाई सोही गाउँबाट बिनापुर्जी गिरफ्तार गऱ्यो। गिरफ्तार सबै ०६३ फागुन २३ गते तारेखमा आउने सर्तमा रिहा भए। हत्या गरिएको आशङ्का गरिएका नोखेन्द्रले आफैँ आत्महत्या गरेको पुष्टि जिल्ला अस्पताल सल्यानको रिपोर्टले गरेको छ।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बाफुखोला गाविस-४ स्थित हारीचार प्राविमा शारदा सल्यानको आयोजनामा संविधानसभा सचेतनासम्बन्धी कार्यक्रम गर्नका लागि सहजकर्ताका रूपमा गएका कमला डाँगी, देउकली बस्नेतले आठ दलको सिफारिसबिना कार्यक्रम गर्न आएको आरोपमा ०६४ जेठ २६ गते माओवादीका जिल्ला सदस्य माइकलको आदेशमा सोही गाविसका माओवादी कार्यकर्ता पदमबहादुर वलीले कार्यक्रम गर्न नदिई फर्काईदिए।

काराागिठी गाविस-३ का २८ वर्षीय लालीगुराँस नेपालीले आठ राजनीतिक दलको सिफारिस नलिई कार्यक्रम गर्न आएको आरोपमा ०६४ असार

२५ गते जिमाली गाविसस्थित माओवादी कार्यकर्ता विशाल भनिने जङ्गबहादुर चन्दले जिमाली गाविसस्थित महेन्द्र माविमा संविधानसभाका लागि नागरिक सचेतना कार्यक्रम गर्न दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १७ थान मुद्दामध्ये तीन थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ३३ थान मुद्दामध्ये दुई थान फर्स्यौट भए । त्यसैगरी सरकारवादी फौजदारी मुद्दा गत वर्षका बाँकी ६ थान मुद्दामध्ये चार थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका सात थान मुद्दामा कुनै पनि मुद्दा कुनै फर्स्यौट भएनन्।

दुनियाँवादी देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १३ थान मुद्दामध्ये १० थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ३७ थान मुद्दामध्ये १३ थान मुद्दा फर्स्यौट भए।

यो वर्षको अन्त्यसम्ममा जम्मा ८१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

माओवादीबाट

कालीमाटी रामपुर गाविस-३ झिँगानेका १७ वर्षीय रिमप्रसाद भण्डारीले सोही ठाउँकी एक पाँच वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा ०६३ माघ १४ गते उनलाई माओवादीले घरनजिकैको विद्यालयबाट अपहरण गरी माघ १५ गते मुक्त गरे। पीडितलाई सोही आरोपमा ०६४ वैशाख ३ गते बिहान माओवादीले घरबाट पुन अपहरण गरी सोही दिन साँझ सोही ठाउँबाट मुक्त गरे। माओवादीले उनलाई शरीरमा नीलडाम हुने गरी कुटपिट गरेका थिए। पीडितले जिल्ला अदालत सल्यानमा उजुरी दर्ता गराएका छन्।

काँरागिठी गाविस-३ शङ्खपीपलका १५ वर्षीय कमल परियारले चोरी गरेको आरोपमा ०६३ चैत २३ गते उनलाई माओवादीका एरिया इन्चार्ज उमाकान्त शर्मा र गाविस इन्चार्ज नेत्रप्रकाश पुनले काभ्रा गाविस-७ रामबजारस्थित घरबाट अपहरण गरे। पीडितलाई ०६३ चैत २७ गते माओवादीले लुहाम इलाका प्रहरी चौकीमा बुझाए। कमललाई लगाइएको आरोप गलत साबित भएपछि चैत २८ गते रिहा गरियो।

माओवादीद्वारा घरमा तालाबन्दी गरी विस्थापित गराइएका भीउसेन नेपालीको परिवार

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयासअ/यौन दुर्व्यवहार

सिनवाङ गाविस-५ की २० वर्षीया एक युवतीलाई ०६४ असार ३२ गते राति खलङ्गा गाविस-२ निवासी काङ्ग्रेस जिल्ला कार्यसमिति सदस्य ४३ वर्षीय जीतबहादुर गिरीले खलङ्गा गाविस-३ शीतलपाटीस्थित प्राण राईको घरमा काम गर्न बसेको अवस्थामा बलात्कार गरे। पीडितले ०६४ साउन २ गते इलाका प्रहरी कार्यालय श्रीनगरमा उजुरी दिएपछि पीडकलाई ०६४ साउन २ गते प्रहरीले गिरफ्तार गरी कुनै कारवाही नगरी सोही दिन रिहा गऱ्यो। सोही इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर रामबहादुर बस्नेतको रोहबरमा वाईसीएलले घटनाका पीडितलाई १ लाख ५० हजार पीडकमार्फत दिन लगाई ०६४ साउन ६ गते मिलापत्र गराइयो।

पारिवारिक हिंसा/बहुविवाह

छायाक्षेत्र गाविस-३ निवासी माओवादीद्वारा घोषित तत्कालीन गाउँ जनसरकार प्रमुख ३५ वर्षीय कुमार घर्तीले घरमा २८ वर्षीया पत्नी, एक छोरा र एक छोरी हुँदाहुँदै ०६३ फागुन २ गते सोही गाविस-५ की छोरा-छोरीसहितकी अर्काकी नयाँ पत्नी २६ वर्षीया वाली बुढाथोकीसँग बहुविवाह गरे। हाल पीडक कान्छी पत्नीका साथ गाउँ छाडेर भारतमा बस्दै आएका छन्।

थारमारे गाविस-४ कन्याचौरकी २४ वर्षीया सीता परियारलाई ५० वर्षीया सासू रती परियारको निर्देशनमा २१ वर्षीय देवर भद्रबहादुर परियारले ०६४ वैशाख २२ गते बोक्सीको आरोपमा आफ्नै घरमा कुटपिट गरे। पीडितले सोही दिन दिउँसो इलाका प्रहरी कार्यालयमा मौखिक उजुरी गरिन्। उनको स्थानीय गाउँको औषधि पसलमा उपचार भयो। उपचारपछि उनको अवस्था समान्य रहेको छ।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

कालीमाटीरामपुर गाविस-२ का ३९ वर्षीय टेकबहादुर वलीले मजदुरहरूलाई काम गरेको ज्याला नदिएको आरोपमा ०६४ मङ्सिर २८ गते दिउँसो अनेकिसङ्घ (क्रान्तिकारी) का जिल्ला कमिटी सदस्य शालिकराम भट्टराईको नेतृत्वमा आएको समूहले जबरजस्ती घरको ढोका बन्द गरी उनकै घरनजिकैको पुतलीबजारमा कोणसभा गर्दै देशनिकाला गर्ने धम्की दियो। ०६४ पुस १४ गते '२८ गतेसम्म सो समस्या समाधान नगरे सदाका लागि घर कब्जा गर्ने' धम्कीसहितको पत्र उनको घरमा टाँस गरेका थिए। यो वर्षको अन्त्यसम्म उनको घरको ताला खोलिएको छैन र उनी सदरमुकाममा विस्थापित जीवन बिताइरहेका छन्।

वाईसीएलबाट

काँरागिठी गाविस-३ निवासी एमाले जिल्ला कमिटी सदस्य ३५ वर्षीय भिउसेन नेपालीले विद्यालयमा राहत कोटाबाट सहमतिबिना शिक्षक भर्ना गरेको आरोपमा ०६४ कात्तिक ४ गते सोही ठाउँका वाईसीएल कार्यकर्ता ३० वर्षीय खिमबहादुर घर्ती, ३१ वर्षीय प्रेमबहादुर पुन, ३० वर्षीय देवसिं पुन, २७ वर्षीय वीरमान घर्ती, पोस्कर घर्ती, कुलबहादुर घर्ती, जनमुक्ति सेनामा कार्यरत कलम भनिने थुमबहादुर राम्जाको नेतृत्वमा गएको समूहले घर घेरा हाली मार्ने धम्की दिएपछि दुवै पक्षबीच भएको झडपमा सोही ठाउँका ४२ वर्षीय जै पुनलाई भिमसेनतर्फका मानिसले दाउराले हानी टाउको फुटालेका थिए। सोही विषयमा वाईसीएलका कार्यकर्ताले ०६४ मङ्सिर ८ गते भिउसेन नेपालीको काँरागिठी गाविस-३ मा भएको चारकोठे घर र काभ्रा गाविस-७ रामबजारमा भएको पाँचकोठे घरमा ताला लगाए। ताला लगाएपछि उनका १७ परिवार कोही आफन्तको घरमा त केही उनकै घरको आँगनमा बसे। दुवै घरमा लगाइएको ताला माओवादी र एमालेबीच घाइतेलाई उपचार खर्च दुवै पक्षले दिने भनी भएको सहमतिपछि ०६४ पुस ५ गते खोलियो।

४.५ रूकुम



जनसङ्ख्या :	२,१५,२७०
साक्षरता प्रतिशत :	४५
महिला साक्षरता प्रतिशत :	३५
क्षेत्रफल (वर्ग कि. मि.):	२,८७७
गाविस/नपा सङ्ख्या :	४३/०
सरकारी/निजी विद्यालय :	३०५/५
क्याम्पस/उच्च मा.वि. :	१/५
अस्पताल/स्वास्थ्य चौकी :	१/४४
मोटर सडक (कि. मि.):	४९
प्रहरी कार्यालय सङ्ख्या :	८
मानव विकास सूचकाङ्क :	०.३८६
प्रतिपरिवार सरदर सङ्ख्या :	६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

माओवादीबाट

हुकाम गाविस-९ निवासी जिल्ला विकास समिति, रुकुमका पूर्वसदस्य ४५ वर्षीय बखतबहादुर मल्लले सोही गाविसका इन्द्र रोकाको हत्या गरेको आरोपमा ०६४ असार ८ गते माओवादी जनसेनामा कार्यरत भरम रोका र उनका दाजुभाइ धनसिंह रोका, बलु रोका र सुन्दरलाल रोकाले धारिलो हतियार प्रहार गरी उनको हत्या गरे। पीडितको लाससमेत उनीहरूले गायब पारे। पीडकहरू हालसम्म माओवादीको नियन्त्रणमा छन्। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा किटानी उजुरी दिए पनि प्रहरीले यस वर्षको अन्त्यसम्म आरोपीहरूलाई गिरफ्तार गरेको छैन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

साँख गाविस-५ का ५८ वर्षीय पदमबहादुर विक ०६४ भदौ ५ गते सोही ठाउँका कर्णबहादुर कुँवरकी पत्नीले जङ्गलबाट ल्याएर दिएको बम आरनमा तताउँदा विस्फोट भई घाइते भए। पीडितको उपचार नेपालगञ्जमा भयो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३० जना रहेकामा यो वर्षको अन्त्यसम्ममा कैद तोकिएका तीन जना पुरुष बन्दीहरू रहेका छन् भने कैद नतोकिएका १३ जना पुरुष र तीनजना महिला थुनुवा रहेका छन्। यसरी रुकुम कारागारमा जम्मा १९ जना बन्दी तथा थुनुवा रहेका छन्।

जेलभित्र खानेपानीको पर्याप्त व्यवस्था नहुनु, खेलकुद सामग्रीहरूको अभाव र महिला कारागारको पर्खाल साँघुरो भएकाले बन्दीहरूले घाम ताप्न नपाउनु लगायतका समस्या रहेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

मग्मा गाविस-१ का ५५ वर्षीय मनवीर खत्रीले अदालतमा मुद्दा हाल्न अरू मानिसलाई प्रोत्साहन गरेको आरोपमा ०६४ साउन ११ गते उनलाई स्थानीय माओवादी कार्यकर्ता चम्किलो तारा भनिने नरबहादुर खत्रीको नेतृत्वमा गएको माओवादीको एक समूहले सोही गाविस-६ बाट अपहरण गरी सोही गाविसको भम्पू लेकमा पुऱ्याई पीडितको हात डोरीले बाँधी लात्ती, मुक्का र लाठीले कुटपिट गर्दै चार प्रति सादा कागजमा ल्याप्चे लगाउन लगाई साउन १२ गते साँझ मुक्त गरे।

विजयश्वरी गाविस-८ का २६ वर्षीय गणेश केसीले जिल्ला अदालतमा उनका बुबाले दिएको जग्गासम्बन्धी मुद्दा फिर्ता नलिएको आरोपमा ०६४ साउन १६ गते उनलाई नकाबधारी माओवादीले राति घरबाटै अपहरण गरे। अपहरणपछि पीडितलाई जङ्गलमा लगेर राति कम्मरमुनिको भागमा लाठी, बुट र मुक्काले कुटपिट गरी मध्यराति घरमै पुऱ्याएर मुक्त गरे। पीडितको चौरजहारी मिसन अस्पतालमा उपचार भयो।

राङ्सी गाविस-६ का २८ वर्षीय भीमबहादुर बिटालुले सोही ठाउँका स्रेस्ता पुनको हत्या गरेको आरोपमा ०६४ भदौ १८ गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडितलाई यस वर्षको अन्त्यसम्म मुक्त गरिएन।

राङ्सी गाविस-६ का ३८ वर्षीय चक्रबहादुर बुढा र सोही गाविस-७ का २३ वर्षीय मोहनभक्त बुढाले सोही गाविस-६ का स्रेस्ता पुनको हत्या गरेको आरोपमा ०६४ असोज २२ गते उनीहरूलाई माओवादीले घरैबाट अपहरण गरे। पीडितहरूमध्ये चक्रबहादुर बुढा ०६४ कात्तिक ४ गते माओवादीको कब्जामा रहेको अवस्थामा रुकुमकोटबाट भागेर कात्तिक १३ गते सदरमुकाम आइपुगे। पीडित हाल पोखरामा बस्दै आएका छन्। अर्का पीडित मोहनभक्तलाई ०६४ मङ्सिर १२ गते आफ्नै गाउँबाट मुक्त गरे।

माओवादीद्वारा हत्या गरिएका बख्तबहादुर मल्ल

विजयश्वरी गाविस-३ निवासी काङ्ग्रेसका कार्यकर्ता ३५ वर्षीय हरिप्रसाद शर्मा र सोही गाविस-४ का ४८ वर्षीय झूपबहादुर गिरीले मजदुरको ज्याला ठगी गरेको आरोपमा ०६४ कात्तिक ६ गते उनीहरूलाई माओवादीले घरबाट अपहरण गरे। अपहरित हरिप्रसादबाट ९ हजार र झूपबहादुरबाट ३५ हजार रुपियाँ लिएर ०६४ कात्तिक ८ गते विजयश्वरी गाविसबाट मुक्त गरे।

कोटजहारी गाविस-५ निवासी काङ्ग्रेसका कार्यकर्ता कालीबहादुर बुढाथोकीले ज्यामीहरूलाई ठगेको आरोपमा ०६४ कात्तिक ७ गते माओवादीले उनलाई घरैबाट अपहरण गरे। अपहरितबाट ७ हजार रुपियाँ लिएर ०६४ कात्तिक ९ गते विजयश्वरी गाविसबाट मुक्त गरे।

कोटजहारी गाविस-५ काङ्ग्रेस कार्यकर्ता १९ वर्षीय शशीराम बुढालाई ०६४ कात्तिक १७ गते माओवादीले खेतबाट धान बोकेर फर्किरहेको अवस्थामा घरनजिकै बाटोबाट अपहरण गरे। पीडित स्वेच्छाले वाईसीएलमा संलग्न भएका छन्।

राङ्सी गाविस-६ का ६३ वर्षीय नन्दसिंह बुढाले सोही ठाउँका स्रेस्ता पुनको हत्या गरेको आरोपमा ०६४ मङ्सिर १३ गते उनलाई माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई यस वर्षको अन्त्यसम्म मुक्त भएका छैनन्।

विजयश्वरी गाविस-८ का ५९ वर्षीय लछु जैसीले विद्यालयको रकम दुरुपयोग गरेको आरोपमा ०६४ मङ्सिर २४ गते उनलाई माओवादीले घरबाटै अपहरण गरी बुट र लाठीले शरीरभरि नीलडाम हुने गरी कुटपिट गरे। पीडितलाई २८ हजार रुपियाँ निमावि

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१		१	१	१	१		१			
घाइते	१	१	१	२							
कुटपिट	१	१		१	११	१३		१३	१	१	१
धम्की	३	१	१	३	३	३	१	३			
महिलाअधिकार	१		१	१							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	२		२			
अपहरण	४	४		४	८	१०		१०			
जम्मा	१०	६	४	११	२४	२८	१	२९	१	१	१

लहरे सीमलमा सात दिनभित्र बुझाउने सर्तमा कागज गराई ०६४ मङ्सिर २५ गते विजयश्वरी गाविसबाट मुक्त गरे। पीडितले मुक्त भएको एक हप्तापछि कबोल गरेबमोजिम रुपैयाँ बुझाए।

वाईसीएलबाट

खलङ्गा गाविस-८ निवासी जिल्ला पशुसेवा कार्यालय रुकुमका जेटीए ३२ वर्षीय शेरबहादुर खड्काले माओवादीविरुद्ध अदालतमा मुद्दा दिएको र विभिन्न व्यक्तिहरूलाई विदेश पठाउने बहानामा ठगी गरेको आरोपमा ०६४ वैशाख २४ गते दिउँसो उनलाई वाईसीएलका कार्यकर्ताले उनकै कार्यकक्षबाट अपहरण गरे। पीडितलाई खलङ्गा गाविस-७ मा पुऱ्याइ रातिभरि खुट्टा बाँधेर झुण्ड्याइ पैतालालगायत शरीरका अन्य भागमा कुटपिट गरे। पीडितलाई वैशाख २५ गते बिहान सोही गाविस-३ बाट 'आफ्नो सुरक्षा आफैँ गर्नू' भन्ने धम्की दिई मुक्त गरे।

शोभा गाविस-२ निवासी दलित सेवा सङ्घ, रुकुमका अध्यक्ष ३२ वर्षीय थलबहादुर विकले संस्थाको रकम हिनामिना गरेको आरोपमा ०६४ असार ९ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले सोही गाविस-६ बाट अपहरण गरी वाईसीएल जनसेवा कार्यालय, रुकुमकोटमा राखे। पीडित असार १३ गते त्यहाँबाट भागेर सदरमुकाम फर्किए।

खोलागाउँ गाविस-७ का ३५ वर्षीय खड्कबहादुर खत्रीले छिमेकीसँग जग्गाको विवाद गरेको आरोपमा ०६४ कात्तिक ९ गते वाईसीएलका कार्यकर्ताले उनलाई घरबाट अपहरण गरी कात्तिक ११ गते विजयश्वरी गाविसबाट मुक्त गरे।

धम्की/कुटपिट

माओवादीबाट

बाँफीकोट गाविस-६ निवासी एमाले रुकुमका सचिवालय सदस्य ३४ वर्षीय ठगेन्द्रप्रकाश पुरी लोकतान्त्रिक जागरण कार्यक्रमका लागि विजयश्वरी गाविसबाट कोटजहारी गाविसतर्फ जाँदै गर्दा ०६३ माघ ६ गते शीतल उच्च माविनजिकै माओवादी जिल्ला सचिवालय सदस्य विशाल भनिने रामप्रसाद शर्माको नेतृत्वमा गएको माओवादीको समूहले हातपात गऱ्यो।

विजयश्वरी गाविस-३ निवासी एमाले कार्यकर्ता ३२ वर्षीय सुरेन्द्र नेपालीले माओवादीविरुद्ध काम गरेको आरोपमा ०६३ माघ ७ गते उनलाई माओवादीले चौरजहारी बजारमा कुटपिट गरे।

पीपल गाविस-३ निवासी काङ्ग्रेस (प्र.) का जिल्ला सहसचिव ३६ वर्षीय वीरबहादुर केसीले सुराकी गरेको आरोपमा ०६३ माघ १८ गते उनलाई पीपल गाविस-३ मा माओवादीले कुटपिट गरे।

पुर्तिमकाँडा गाविस-७ निवासी एमाले कार्यकर्ता ३४ वर्षीय डम्बर पुनले माओवादीविरोधी काम गरेको आरोपमा ०६३ फागुन ४ गते उनलाई माओवादीले उनकै घरमा हातपात गर्नुका साथै ढिकी, जाँतोलगायतका सामानहरू तोडफोड गरे।

विजयश्वरी गाविस-८ निवासी निमावि लहरे सीमलका प्रधानाध्यापक ३८ वर्षीय बलबहादुर खत्रीले विद्यालयमा निजी शिक्षक भर्ना गरी आर्थिक अनियमितता गरेको आरोपमा ०६४ साउन ४ गते उनलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा माओवादीको ८ नम्बर एरिया इञ्चार्ज प्रभाकर भनिने

बालाराम केसीले मार्ने धम्की दिए। धम्की दिएपछि विस्थापित भएका पीडित इन्सेकको पहलमा ०६४ साउन १९ गते घर फर्किए।

काँक्री गाविस-१ निवासी एमाले कार्यकर्ता तथा निवर्तमान गाविस अध्यक्ष ४८ वर्षीय कामी पुनले एमाले जिल्ला सचिव नन्दलाल शर्माको पत्र बोकेको र गाँउमा राजनीति गरेको आरोपमा ०६४ साउन ८ गते माओवादी कार्यकर्ताहरू सत्य नेपाली, कला बुढा र भक्तिराम बुढाको नेतृत्वमा गएका माओवादीले सोही ठाउँको प्राथमिक विद्यालयमा काम गरिरहेको अवस्थामा लट्ठी, मुक्का र बुटले दुवै आँखा र जीउभरि नीलडाम हुने गरी कुटपिट गरे। घाइतेको उपचार जिल्ला अस्पताल रुकुममा गरियो।

काँडा गाविस-२ का ४२ वर्षीय रामबहादुर बुढाले माओवादी विरुद्ध काम गरेको आरोपमा ०६४ साउन २८ गते उनलाई माओवादीले मोराबाङ गाविस-१ सीमामा हातले कुटपिट गरे।

साँख गाविस-३ घर भई हाल खलङ्गा गाविस-१ निवासी काङ्ग्रेस जिल्ला कार्यसमिति कोषाध्यक्ष लालबहादुर महतलाई सामान्य विवादका क्रममा ०६४ साउन ३१ गते अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीहरूले हातले शरीरभरि नीलडाम हुने गरी कुटपिट गरे। घाइतेको स्थानीय औषधि पसलमा उपचार गरियो।

कैलाली जिल्ला घर भई हाल जिल्ला प्रहरी कार्यालय, रुकुममा कार्यरत ३२ वर्षीय प्रहरी हवल्दार टङ्क ताम्राकार र दाङ घर भई सोही कार्यालयमा कार्यरत असई ३३ वर्षीय मिठे थापाले अनेरास्ववियु (क्रान्तिकारी) को विरोध कार्यक्रममा लाठीचार्ज गरेको आरोपमा ०६४ साउन ३१ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताले जिल्ला प्रशासन कार्यालयअगाडि डिउटीमा बसेको अवस्थामा ढुङ्गा प्रहार गरी घाइते बनाए। प्रहरीद्वयको टाउकोमा चोट लागेको थियो भने दुवैको औषधि उपचार प्रहरी कार्यालयमा भयो।

चुनवाङ गाविस-७ निवासी काङ्ग्रेस जिल्ला कार्यसमिति सदस्य ३५ वर्षीय नन्दबहादुर विष्ट र नेविसङ्घका केन्द्रीय सदस्य ३२ वर्षीय खड्क डाँगीलाई एकदिनअगाडि वाईसीएलका कार्यकर्ताले नेविसङ्घका कार्यकर्तालाई कुटेको विषयमा छलफल गर्न गएको अवस्थामा दुवै पक्षबीच विवाद हुँदा ०६४ साउन ३१ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताले कुटपिट गरे। सो घटनामा माओवादी कार्यकर्ता साँख गाविसका अरुण पनि घाइते भए।

बाँफीकोट गाविस-४ निवासी एमाले कार्यकर्ता ४२ वर्षीय अनन्त जैसीले फरक राजनीति गरेको आरोपमा ०६४ भदौ २८ गते माओवादीद्वारा घोषित पूर्वगाजस उपप्रमुख भीमु जैसीको नेतृत्वमा आएका माओवादी कार्यकर्ताहरूले हातले शरीरभरि नीलडाम हुने गरी कुटपिट गरे। घटनापछि पीडकहरूलाई प्रहरीले सोही दिन गिरफ्तार गरी सार्वजनिक माफी माग्न लगाउनुका साथै पीडितलाई तीन हजार रुपियाँ औषधि खर्च दिलाई सोही दिन रिहा गऱ्यो।

बेवारिसे बम विस्फोटबाट घाइते भएका पदमबहादुर विक

आठबीसकोट गाविस-२ निवासी नेपाल पत्रकार महासङ्घ रुकुमका सभापति तथा *जन्तीधारा* साप्ताहिकका सम्पादक ३२ वर्षीय नारायणकुमार शाहले माओवादीविरुद्धमा समाचार लेखेको आरोपमा ०६४ असोज १८ गते उनलाई माओवादी जिल्ला सचिव मार्शल भनिने जितमान पुनले सार्वजनिक सभामा समाचारको पुष्ट्याइ नगरेमा हातखुट्टा भाँच्ने धम्की दिए। पीडितलाई यसअघि पनि दुईपटक समाचार लेखेकै आरोपमा माओवादीले धम्की दिएका थिए।

नुवाकोट गाविस-७ घर भई हाल खलङ्गा गाविस-१ मा सिलाई व्यवसाय गरी बस्ने २७ वर्षीय खड्कबहादुर वस्त्राकारले दलितसम्बन्धी संस्था दलित उत्थान विकास प्रतिष्ठानको रकम हिनामिना गरेको आरोपमा ०६४ पुस ३ गते उनलाई माओवादीनिकट दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य पुष्प वादीको नेतृत्वमा गएका माओवादीले पीडितकै पसलमा हात र मुक्काले कुटपिट गर्नुका साथै सिलाई मेसिन, इन्टरलक, तीनओटा कैची, सिलाई मेसिनको पाउदानलगायतका सामानहरू तोडफोड गरे। घटनामा पीडितको एक थान मोबाइल सेट र १० हजार रुपियाँ हरायो।

वाईसीएलबाट

आठबीसकोट गाविस-२ निवासी अनेरास्ववियु रुकुमका उपाध्यक्ष २२ वर्षीय मनोज शाही र *जन्तीधारा* साप्ताहिकका संवाददाता शोभा गाविस-५ का २० वर्षीय सुशील गौतमले वाईसीएलविरुद्ध काम गरेको आरोपमा ०६३ चैत २१ गते उनीहरूलाई वाईसीएल कार्यकर्ताले रुक्मिणी उच्च माविनजिकै कुटपिट गरे।

अनेरास्ववियु (क्रान्तिकारी) को ढुङ्गा प्रहारबाट घाइते भएका प्रहरी हवल्दार मिठे थापा

अर्मा गाविस-८ का २९ वर्षीय घमण्डबहादुर विकले वाईसीएलका कार्यकर्तासँग विवाद गरेको आरोपमा वाईसीएल कार्यकर्ताहरू भरत मल्ल र केशव केसीले ०६३ चैत २४ गते खलङ्गा गाविसस्थित होटलमा बसिरहेको अवस्थामा छुरी हान्ने प्रयास गर्नुका साथै हातपात गरे। पीडकलाई प्रहरीले घटनास्थलबाट सोही दिन गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय रुकुमबाट चैत २७ गते रिहा गऱ्यो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आठबीसकोट गाविस-४ स्थित निमावि दाँजेमा एमालेद्वारा आयोजित संविधानसभा प्रचार सभा ०६४ भदौ २८ गते माओवादीले बिथोले। सभामा बोलिरहेका एमाले जिल्ला कमिटी सदस्य ठगेन्द्रप्रकाश पुरीको माइक खोस्नुका साथै गाउँमा आउने आँट नगर्न एमाले कार्यकर्तालाई धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ३८ थान मुद्दामा २५ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ३५ थान मुद्दामा छ थान मुद्दा फस्यौट भए । यसैगरी, दुनियाँवादी देवानीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ४६ थान मुद्दामध्ये ११ थान मुद्दा फर्स्यौट भए।

यस वर्ष दुनियाँवादी देवानीतर्फ कुनै मुद्दा दर्ता भएनन्। यस वर्षको अन्त्यसम्म जम्मा ७७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा/बहुविवाह

भलाक्चा गाविस-५ की ३० वर्षीया खिमा कामीले अर्की महिलासँग विवाह गर्न नदिएको आरोपमा ०६३ चैत १२ गते उनका पति ३४ वर्षीय कृतबहादुर कामीले रक्सीमा मेटासिड हालेर खुवाई हत्या गरे। पीडक हाल पुर्पक्षका लागि रुकुम जेलमा थुनामा छन्।

गराएला गाविस-८ की ३५ वर्षीया कवली खड्काका पति ४५ वर्षीय सार्के खड्का मगरले घरमा पत्नी र छोराछोरी हुँदाहुँदै ०६४ कात्तिक ७ गते सोही गाविस-२ की उषाकला पुनसँग दोस्रो विवाह गरे। कवलीले ०६४ पुस ४ गते प्रहरी कार्यालयमा उजुरी दिएपछि पीडकको सम्पूर्ण चलअचल सम्पत्ति पीडितका नाममा नामसारी गरियो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

मैकोट गाविस-९ का २८ वर्षीय चक्कर पुन, जाङ गाविस-६ का २७ वर्षीय गणेश मल्ल र हुकाम गाविस-२ का लोकेन्द्र मल्लले यार्चाकुन्भूको व्यक्तिगत व्यापार गरेको आरोपमा ०६४ असार ११ गते उनलाई मैकोटीपाटनमा माओवादीले कुटपिट गरी चक्कर पुनको ६४ लाख नगद र तीन किलो यार्चाकुन्भु लुटे।

माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका कामी पुन

माओवादीले लुटिएको रकममध्ये ६० लाख एक महिनापछि फिर्ता गरे भने बाँकी रकम यस वर्षको अन्त्यसम्म फिर्ता गरेका छैनन्।

विगतको अनुगमन

पोखरा गाविस-८ का ६६ वर्षीय सूर्य कामीले माओवादीद्वारा मारिएका आफ्ना छोरा शक्तबहादुर विकको लास खोज्न गएको आरोपमा ०५९ असार १० गते माओवादीले पीपल गाविसबाट अपहरण गरी उनकै घरमा लगेर लाठी, बुट र मुक्काले शरीरभरि कुटपिट गरी घाइते बनाए। पीडितलाई दिनभरि यातना दिएर साँझ मुक्त गरे। माओवादी यातनाका कारण पीडितको दुवै खुट्टा नचल्ने, शरीर झमझमाउने गरेको छ।

४.६ बाँके



जनसङ्ख्या : ४,७४,८५७
साक्षरता प्रतिशत : ६१
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.): २,३३७
गाविस/नपा सङ्ख्या : ४६/१
सरकारी/निजी विद्यालय : ४८०/६५
क्याम्पस/उच्च मा.वि. : ६/१५
अस्पताल/स्वास्थ्य चौकी : १६
मोटर सडक (कि. मि.): ४८०
प्रहरी कार्यालय सङ्ख्या : ४३
मानव विकास सूचकाङ्क : ०.४७९
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

बेतहनी गाविस-३ निवासी मधेसी जनअधिकार फोरम बाँकेका जिल्ला सदस्य ५५ वर्षीय माताप्रसाद वर्मालाई ०६३ चैत १४ गते हतियारधारी समूहले बिहान गोली प्रहार गरे। गोली लागी सख्त घाइते भएका वर्माको उपचारको लागि नेपालगञ्ज ल्याउने क्रममा बाटैमा मृत्यु भएको थियो। उक्त हतियारधारी समूहले मृतकका छोरा दुर्गाप्रसाद बर्मालाई समेत तरबार प्रहार गरेका थिए। तरबार प्रहारबाट दुर्गाप्रसाद वर्माको पेटको दायाँतर्फ चोट लागेको थियो। हाल उनको अवस्था सामान्य रहेको छ। सो घटनाका बारेमा प्रहरीमा उजुरी दिएको तर हालसम्म पीडक पत्ता नलागेको मृतकका छोरा दुर्गाप्रसाद बर्माले बताए।

इन्द्रपुर गाविस-६, बन्जारे गाउँ निवासी माओवादीका एरिया कमिटी सदस्य ४८ वर्षीय नागेश्वर रैदासलाई ०६४ भदौ १३ गते राति एक समूहले घरमै गई गोली हानी हत्या गऱ्यो। पछाडि दायाँ ढाडमा गोली लागी घाइते भएका रैदासको भेरी अञ्चल अस्पतालमा उपचारका क्रममा सोही दिन राति मृत्यु भएको थियो। सो हत्याको आरोपमा खजुराखुर्द गाविस-१ निवासी, मधेसी जनअधिकार फोरमका उपाध्यक्ष हीरालाल लोनियालाई ०६४ भदौ १३ गते नेपालगञ्ज नपा-१३ बाट माओवादीले अपहरण गरे। माओवादीले ०६४ भदौ १६ गते मुक्त गरेका लोनियालाई जिल्ला प्रहरी कार्यालय, बाँकेले ०६४ भदौ १६ गते गिरफ्तार गरेकामा जिल्ला अदालत, बाँकेको आदेशमा ०६४ असोज २ गते पुर्पपक्षका लागि कारागार चलान गरिएको छ।

कोहलपुर गाविस, निवुवा गाउँका ३० वर्षीय गयाप्रसाद चौधरीको ०६४ मङ्सिर १६ गते अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। उनको छातीमा गोली लागेको थियो। राती साढे १० बजेतिर गएको ८/१० जनाको हतियारधारी समूहले ढोका फोरेर चौधरीलाई गोली प्रहार गरेको थियो। गोली लागेर गम्भीर घाइते भएका चौधरीको कोहलपुर शिक्षण अस्पतालमा उपचारका क्रममा ०६४ मङ्सिर १७ गते बिहान मृत्यु भएको थियो। पीडित पक्षले इलाका प्रहरी कार्यालय, कोहलपुरमा ०६४ मङ्सिर १८ गते निवेदन दिएका थिए। इप्रका कोलहपुरले हालसम्म पीडकको पत्ता नलागेको र अनुसन्धान जारी रहेको बताएको छ।

दोहोरो झडप

पुरैना गाविस-१ पुरैनाका २५ वर्षीय मनीष गोडिया (खोड्हे) र सोही गाविस-८ का ६५ वर्षीय कोइले कोरीको ०६३ फागुन १५ गते माओवादी र मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूबीच भएको दोहोरो झडपमा परी मृत्यु भयो। मृतक गोडियाको सोही दिन घटनास्थलमै मृत्यु भएको थियो भने मृतक कोरीको सोही दिन राति नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो। सोही झडपमा मधेसी फोरमका कार्यकर्ता, माओवादी र सर्वसाधारण गरी १६ जना घाइते भएका थिए। घाइते हुनेहरूमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरू पुरैना-६ का ३५ वर्षीय लम्बु साही, ४० वर्षीय साविर खाँ र सोही गाविस-१ का ५० वर्षीय रियासत बाबा रहेका थिए। त्यसैगरी, माओवादीतर्फ ड्याङ्गलु-१ मुगुका २० वर्षीय रोशन शाही, शमशेरगञ्ज गाविस

तालिका : १

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	४	८		८										
घाइते	६	३२	५	३६	२	१२			१२	२	१२			१२
गिरफ्तारी/यातना										२	८			८
कुटपिट	१	१		१	१	२		५	६	२	२			२
धम्की					१	१			१					
भेला/संगठित हुने अधिकार										१	३	१	५	९
महिलाअधिकार	३		३	३										
बालअधिकार	३		३	३						१		१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१	१	१			१					
अपहरण	३	२	१	३	८	१२	१		१३					
जम्मा	२२	४४	१२	५६	१३	३८	१	५	३४	८	३५	२	५	३२

हवलदारपुर बाँकेकी २० वर्षीया प्रतीक्षा खड्का, बनियाभार गाविस-९ बर्दियाकी शान्ति चौधरी, धेनकोट गाविस-३ मुगुकी १९ वर्षीया नमुना जैसी रहेका थिए भने सोही झडपमा घाइते हुने सर्वसाधारणहरूमा उदयपुर गाविस-६ बाँकेका ३७ वर्षीय सिसराम, लोनियापुरैना गाविस-७ का १४ वर्षीय मर्दान शेख, उदयपुर गाविस-४ का २७ वर्षीय देशराज खटिक, सोही गाविस-७ का ४२ वर्षीय खलिल राई, १८ वर्षीया मौसमी चौहान, २५ वर्षीय किशुन चौहान, ४० वर्षीय मनोहर लोनिया, नौमहिने बालिका कञ्चन चौहान र कारकाँदो गाविस-७ बाँकेका २६ वर्षीय दीपक बीसी रहेका थिए। घाइते सबैको उपचार भेरी अञ्चल अस्पतालमा भएको थियो। जसमध्ये घाइते मर्दान शेखको स्थिति चिन्ताजनक रहेको हुँदा उनको थप उपचार काठमाडौँमा भएको थियो।

नेपालगञ्जमा आयोजित माओवादीको जनसभामा माओवादीहरूले स्थानीयवासीलाई सहभागी गराउनका लागि ना२ख ३७९० नम्बरको एक ट्रकसहित पुरैना गाविसमा पुग्दा मधेसी जनअधिकार फोरमद्वारा आह्वान गरेको यातायात बन्दका बेला सवारी साधन चलाउन नपाउने भनी फोरमका कार्यकर्ताले ट्रक रोक्न खोज्दा दिउँसो दुवै समूहबीच झडप भएको थियो। त्यसपछि थप माओवादी कार्यकर्ताहरू पुन: दिउँसो गाउँमा गाई आक्रमण गर्दा सर्वसाधारणहरू घाइते हुन पुगेका थिए।

खजुराखुर्द गाविस-४ का ४५ वर्षीय तुलाराम त्रिपाठी, बेलहरी गाविस-२ का २५ वर्षीय काशीराम हरिजन र बागेश्वरी गाविस-५ का ५० वर्षीय देवबहादुर खत्रीको ०६३ फागुन २५ गते मधेस आन्दोलनका क्रममा झडपमा परी मृत्यु भयो। मधेसी जनअधिकार फोरमले ०६३ फागुन २२ गतेदेखि आह्वान गरेको पाँचदिने आमहडतालका क्रममा ०६३ फागुन २५ गते त्यसको अवज्ञा गर्न खोज्ने स्थानीय युवा, मधेसी जनअधिकार फोरमका कार्यकर्ता र सुरक्षाकर्मीबीच नेपालगञ्ज-गुलरिया सडक खण्डको मानपुरमा उक्त झडप भएको थियो। मृतक त्रिपाठी र खत्रीको भेरी अञ्चल अस्पतालमा उपचारका क्रममा ०६३ फागुन २५ गते मृत्यु भएको थियो भने काशीराम हरिजनको ०६३ फागुन ३० गते भारतको लखनउमा उपचारका क्रममा मृत्यु भएको थियो। उक्त झडपमा घाइते हुनेहरूमा खजुराखुर्द गाविस-३ का ३० वर्षीय राजितराम यादव, बागेश्वरी गाविस-२ का ६० वर्षीय आशाराम कुमाल, खजुराखुर्द गाविसका ५२ वर्षीय खेदु चमार, बागेश्वरी गाविस-२ का ६० वर्षीय प्रशान्त देवकोटा र सशस्त्र प्रहरीका वरिष्ठ हवल्दार २९ वर्षीय मानबहादुर सुनार रहेका थिए। घाइतेहरूको भेरी अञ्चल अस्पताल र शिक्षण अस्पताल, नेपालगञ्जमा उपचार भएको थियो। यो वर्षको अन्तसम्म मृतकहरू कसैले पनि क्षतिपूर्ति पाएका छैनन्।

मधेसी जनअधिकार फोरमले गरेको पाँचदिने

तालिका : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

घटनाको प्रकार	वाईसीएलबाट			मधेसी जनअधिकार फोरमबाट			
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
घाइते				२	१५	३	१८
कुटपिट				१	१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१	१				
अपहरण	२	२	२				
जम्मा	३	३	३	३	१६	३	१९

आमहडतालको पहिलो दिन ०६३ फागुन २२ गते राति बाँकेको गनापुरतिरबाट गस्तीमा आइरहेको सशस्त्र प्रहरीका एसपी रवि थापा चढेको गाढीमा बन्दकर्ताहरूले ढुङ्गामुढा गरेका थिए। यसरी आमहडताका क्रममा शृङ्खलाबद्ध आन्दोलनलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय, बाँकेले ०६३ फागुन २५ गते दिउँसोदेखि अर्को दिन बिहानसम्मका लागि नेपालगञ्जको पश्चिमस्थित नन्दनी मिलदेखि धनौली इलाका प्रहरी चौकी (खजुरा बजार खण्ड) सम्म कर्फ्यु जारी गरेको थियो।

बागेश्वरी गाविस-१ खजुराका ३१ वर्षीय नेत्र रानाभाट, २८ वर्षीय आनन्द थापा, जीवन थापा, २४ वर्षीय महेश सुनार, २४ वर्षीय विक्रम सुनार, २२ वर्षीय कपिल शर्मा र ३० वर्षीय देवबहादुर सुनार गरी सात जना सर्वसाधारण मधेसी जनअधिकार फोरम र स्थानीय युवाहरूबीच ०६३ फागुन २४ गते नेपालगञ्ज-गुलरिया सडक खण्डको इन्द्रपुर गाविसको मानपुरमा झडप हुँदा घाइते भए। घाइते सबैको टाउकोमा गहिरो चोट लागेको थियो। सबैको उपचार भेरी अञ्चल अस्पतालमा भएको थियो।

बागेश्वरी गाविस खजुरा बजारका स्थानीय व्यक्ति जसबहादुर गुरुङ ०६३ फागुन २४ गते दिउँसोतिर साइकलमा घर फर्किरहेका बेला मानपुरमा बाटोमा अवरोध गरी बसेका फोरमका कार्यकर्ताहरूले कुटपिट गरेका थिए। सो कुरा घरमा पुगेर बताएपछि करिब २५ जनाको सङ्ख्यामा खजुराका स्थानीय युवाहरू मानपुरमा पुगेपछि दुवै पक्षबीच झडप भएको थियो।

घटनाको अनुगमन गर्न पुगेका मानवअधिकारकर्मी र समाचार सङ्कलन गर्न पुगेका सञ्चारकर्मीहरू *नेपाल बानका* श्रीराम सिग्देल, *अन्नपूर्ण पोस्ट* राष्ट्रिय दैनिकका संवाददाता सुरेन्द्र काफ्लेलाई समेत फोरमका कार्यकर्ताले दूर्व्यवहार गरे।

नेपालगञ्ज-कोहलपुर सडक खण्डको कोठारपुरमा प्रहरी र मधेशी जनअधिकार फोरमका कार्यकर्ताबीच ०६३ फागुन २५ गते दिउँसो भएको झडपमा दुबैतर्फ गरी २० जना घाइते भए। सो झडपमा घाइते भएका सर्वसाधारणहरूमा गनापुर गाविस-७, पिपरहवाका २८ वर्षीय मन्नी बाहुन र १२ वर्षीय रामकुमार चौहान रहेका थिए। त्यसैगरी, फोरमका कार्यकर्ताहरू गनापुर गाविस-७ पिपरहवाका ४८ वर्षीय झगरु हरिजन, १९ वर्षीय पाडेश्वर गोडीया, ४५ वर्षीय मङ्गल हरिजन, ५४ वर्षीय छेट्टे गोडिया,

माओवादी र मधेसी जनअधिकार फोरमबीच झडप हुँदा मारिएका खोड्हे भनिने मनीष गोडिया

५६ वर्षीय दुलारे चौहान र सोही गाविस-५ का ५३ वर्षीय हजारी धोवी रहेका थिए। उनीहरूको भेरी अञ्चल अस्पतालमा उपचार भएको थियो।

सोही घटनामा घाइते भई नेपालगञ्ज शिक्षण अस्पतालमा उपचार हुने फोरमका कार्यकर्ताहरूमा गनापुर गाविस-५ का २४ वर्षीय हरिशङ्कर वर्मा, ३१ वर्षीय राजेशकुमार गुप्ता, २४ वर्षीय सुमिजन हरिजन, २६ वर्षीय दिनेशकुमार गुप्ता र सोही गाविस-९ का ४० वर्षीय मुवारक गाइने रहेका थिए। सोही घटनाम प्रहरीतर्फ घाइते हुनेहरूमा त्रिपुरा सशस्त्र प्रहरी गण कोहलपुरका हवल्दार २५ वर्षीय सुधीर यादव, २८ वर्षीय टेकबहादुर विष्ट, चुनुवा चौधरी, बागेश्वरी सशस्त्र प्रहरी गण महादेवपुरी गाविसका हवल्दार दसबहादुर थापा, गोपलदास पासवान, प्रहरी जवान पूर्ण घर्ती र पूर्णबहादुर बोहरा रहेका थिए। उनीहरूको भेरी अञ्चल अस्पतालमा उपचार भएको थियो।

बेवारिसे बम विस्फोट हुँदा घाइते भएका उमेश खटिक

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

मनिकापुर गाविस-२ का २८ वर्षीय नारायण तिवारी, सोही गाविस-२ का ४५ वर्षीय लोकबहादुर बुढाथोकी ०६४ वैशाख २ गते प्रहरीको गोलीबाट घाइते भए। नेपालगञ्ज कोहलपुर सडक खण्डको भुजइगाउँमा ०६३ चैत ३० गते राति कोहलपुरतिर गइरहेको भे१ख ६८२ नम्बरको गाडीले भे१प ३२८५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा उक्त मोटरसाइकलमा सवार भैरवी बल गण रुकुममा नेपाली सेनामा कार्यरत ३४ वर्षीय कुलबहादुर राना र मनिकापुर गाविस-८ का शशी नेपालीको घटनास्थलमा मृत्यु भएको थियो। सोही घटनाको पीडित परिवारहरूले क्षतिपूर्तिको माग गर्दै ०६३ वैशाख १ गतेदेखि नेपालगञ्ज-कोहलपुर सडक खण्डको भुजइगाँउ, राँझा चोक र पिपरहवामा बाटो अवरुद्ध पारेका थिए। सोही क्रममा ०६४ वैशाख २ गते बिहान राँझा विमानस्थलको गेटमा पीडितहरूले बाटो अवरुद्ध गरिरहेको समयमा सुरक्षाकर्मीको ट्रक जबरजस्ती अगाडि बढाउन खोज्दा दुवै पक्षबीच झडप हुँदा प्रहरीले पाँच राउण्ड गोली प्रहार गरेको थियो। घाइते बुढाथोकीको स्थानीय क्लिनिकमा र तिवारीको शिक्षण अस्पताल, नेपालगञ्जमा उपचार भएको थियो।

बेवारिसे बम विस्फोटक पदार्थबाट

पिप्रहवा गाविस-२, जमुनाहाका १२ वर्षीय उमेश खटिकले ०६४ वैशाख २३ गते बेलुका बेवारिसे विस्फोटक पदार्थ बाटोमा भेटी खेलाउँदै गर्दा विस्फोट भई उनी सख्त घाइते भए। जमुनाहा प्रहरी चौकीनजिकै फोहर फाल्ने ठाउँबाट एउटा डिब्बा भेटी घरनजिकै ल्याई खेलाउँदै गर्दा विस्फोट भएको थियो। विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते बालकको अनुहारको देब्रेतर्फ धेरै चोट लाग्नुका साथै शरीरभरि छर्रा लागी घाउ भएको थियो। उनको नेपालगञ्ज नपा-१६ स्थित नेपालगञ्ज शिक्षण अस्पतालमा उपचार भयो।

अन्यबाट

कोहलपुर गाविस-३ का ५५ वर्षीय केशव आचार्यलाई ०६४ कात्तिक २० गते बिहान आँगनमा सुतिरहेका बेला ८/१० जनाको अज्ञात समूहले छातीमा गोली हानी घाइते बनायो। उनको प्राथमिक उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा भई थप उपचार भारतको लखनउमा भएको थियो। खेतीको कामले उदयपुर गाविस-५ स्थित आफन्तको घरमा सुतिरहेका बेला उक्त घटना भएको थियो। हाल उनको अवस्था सामान्य छ। पीडित आचार्यकी छोरी सिर्जना आचार्यले घटनास्थलमा प्रहरी आफैँ पुगेको र घटनाका बारेमा सम्पूर्ण जानकारी प्रहरीलाई रहेकाले प्रहरी कार्यालयमा उजुरी नगरेको बताइन्।

खजुराखुर्द गाविस-२, बेलहनियाका ३५ वर्षीय अतिराम घर्तीलाई ०६४ मङ्सिर २६ गते राति घरमै सुतिरहेका बेला छ जनाको समूहमा गएको हतियारधारी समूहले खुट्टामा गोली हानी घाइते बनायो। घाइतेको स्थानीय औषधि पसलमा उपचार भएको थियो। सो घटनाका बारेमा पीडितले ०६४ पुस २ गते खजुराखुर्द, इलाका प्रहरी कार्यालयमा उजुरी गरेका थिए। खजुराखुर्द इप्रकाले पीडक हालसम्म पत्ता नलागेको र अनुसन्धान जारी रहेको बताएको छ।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागार बाँके शाखाको बन्दी क्षमता २ सय जना रहेको छ। यो कारागारमा कैद तोकिएका ९६ पुरुष र २३ महिला गरी जम्मा १ सय १९ जना रहेका छन् भने कैद नतोकिएका १ सय ७

पुरुष र १३ महिला गरी जम्मा १ सय २० जना थुनुवा रहेका छन्। यसरी कारागारमा कुल बन्दीको सङ्ख्या २ सय ३९ रहेको छ। कारागारमा आश्रित बालक एक र बालिका तीन गरी जम्मा चार बालबालिका रहेका छन्। कारागारमा पानी, शौचालय, विद्युत्, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्री आदिको व्यवस्था रहेको छ तर शौचलयको ट्याङ्की फुटेको छ।

आमरण अनशन

बन्दीले आममाफी पाउनुपर्ने तथा ०५७ माघ १ गते नेपालगञ्ज कारागारमा प्रहरीले गोली चलाउँदा मृत्यु भएका दाङका घनश्याम ओली र बर्दियाका विजय चौधरीलाई सहिद घोषणा गर्नुपर्ने माग राख्दै नेपालगञ्ज कारागारका बन्दीहरूले ०६४ असोज १६ देखि २४ गतेसम्म आमरण अनशन बसे। आफ्ना माग पूरा नभए कारागारमा आत्मदाह गर्ने धम्की दिँदै फलामको सुइरोले आफ्ना दुवै हात छेडेर ०६४ असोज २३ गतेदेखि मानवताला बनाएका प्रताप पौडेलसमेतले सात दलले स्थानीय माग स्थानीय स्तरमा पूरा गर्ने र अन्य माग पूरा गराउन पहल गर्ने प्रतिबद्धता जनाएपछि हातमा लगाएको मानवताला खोलेका थिए।

सरकारले आफूहरूको मागप्रति बेवास्ता गरेको भन्दै ०६४ मङ्सिर ७ गतेदेखि माओवादी आस्थाका बन्दी नरबहादुर कुँवर र अर्का बन्दी सुशील रोकाले एक-एकओटा हातमा फलामको सुइरो रोपेर जेलको ढोकामा तालाबन्दी गरेकामा ०६४ मङ्सिर ८ गते स्थानीय प्रशासन र बन्दीहरूबीच सहमति भएर आन्दोलनका कार्यक्रम स्थगित भएको थियो।

जेलभित्र मृत्यु

त्रिभुवननगर नपा-११ दाङका २८ वर्षीय टीकाबहादुर वलीको जेलमा उपचार नपाई ०६४ कात्तिक १४ गते मृत्यु भयो। डाँका/चोरीको अभियोगमा थुनामा रहेका वलीलाई दाङ जिल्लाबाट उपचारका लागि ०६४ कात्तिक १३ गते नेपालगञ्ज कारागारमा ल्याइएकामा कारागार प्रशासनले सुरक्षाकर्मीको कमी देखाइ उपचार नगराई राखेकामा उनको मृत्यु भएको थियो।

बेपत्ता/अपहरण

माओवादीबाट

महादेवपुरी गाविस गुरुवा गाउँका लोकबहादुर वली, पूर्णबहादुर वली र दुर्गाबहादुर वलीले चोरी गरेको आरोपमा ०६३ माघ १२ गते राति तीन जनाको

बाँके कारागारमा आफ्ना माग पूरा गराउन दबाब दिन आन्दोलन गर्ने क्रममा आफ्ना दुवै हातमा फलामले छेडेर मानवताला बनाएका बन्दी प्रताप पौडेल

सङ्ख्यामा गएका माओवादीले उनीहरूलाई अपहरण गरे। माओवादीले अपहरित सबैलाई ०६३ माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा बुझाए। ०६३ माघ १३ गते नै तीनै जनालाई जिप्रकाबाट रिहा गरियो।

सोनपुर गाविस निवासी मधेसी जनअधिकार फोरम, बाँकेका समर्थक सलिम खाँले फोरमको समर्थन गरेको आरोपमा ०६३ फागुन १५ गते माओवादीले खजुराबाट अपहरण गरी बर्दियाको मैनापोखरस्थित माओवादीको पार्टी कार्यालयमा राखे। माओवादीका कार्यकर्ताले अपहरित खाँलाई कोठाभित्रै थुनी माओवादीका अध्यक्ष प्रचण्डले नेपालगञ्जमा सम्बोधन गर्ने कार्यक्रममा सहभागी हुन ०६३ फागुन १५ गते पीडकहरू नेपालगञ्ज आएको समयमा एक जना बालकले ढोकाको चुकुल खोलिदिएपछि सलिम माओवादीको कब्जाबाट भाग्न सफल भए।

वनकट्टी गाविस-५ निवासी *भेरी एफएम*, नेपालगञ्जका सञ्चालक २५ वर्षीय विनयराज त्रिपाठी, *भेरी एफएम*कै अर्का सञ्चालक २८ वर्षीय सीताराम पाल, भवानीपुर गाविस, बाबुगाउँ निवासी मधेसी जनअधिकार फोरमका युवा कोषाध्यक्ष २३ वर्षीय मुस्ताक अलि र नेपालगञ्ज नपा-४, एकलाइनी निवासी फोरमका कार्यकर्ता २४ वर्षीय राजु जसगढ (गुड्डु) ले मधेसी जनअधिकार फोरमलाई समर्थन गरेको आरोपमा माओवादीले २०६३ फागुन १५ गते अपहरण गरे। अपहरितमध्ये *भेरी एफएम* सञ्चालकद्वय विनयराज त्रिपाठी र सीताराम पाललाई माओवादी कार्यकर्ताले नेपालगञ्ज नपास्थित फुलटेक्राबाट अपहरण गरी टाँगा स्टेसनमा रहेको धर्मशालामा एकदिन राखी भोलिपल्ट फागुन १६ गते जिप्रकामा बुझाएका थिए भने मुस्ताक

माओवादीद्वारा अपहरण गरीएका मधेसी जनअधिकार फोरमका जिल्ला उपाध्यक्ष हीरालाल लोनिया

अली र राजु जसगढलाई अपहरण गरेकै दिन फागुन १५ गते जिप्रकामा बुझाएका थिए। अपहरित चार जना ०६३ फागुन १६ गते साँझ जिल्ला प्रहरी कार्यालयबाट आफन्तको जिम्मामा रिहा भए।

कोहलपुर गाविस-३ का ३५ वर्षीय रवीन्द्र श्रेष्ठलाई ०६३ चैत ७ गते बेलुकी माओवादीका कार्यकर्ताले घरबाटै अपहरण गरी लगेकामा नेपालगञ्जस्थित माओवादीको दैनिक पत्रिका *जनसन्देश*को कार्यालयबाट ०६३ चैत ८ गते बिहान मुक्त गरे। पीडित श्रेष्ठलाई माओवादीले बिनाकुनै कारण देखाइ अपहरण गरी एक रात नियन्त्रणमा राखी त्यत्तिकै छाडेको पीडित परिवारले जनाए।

खजुराखुर्द गाविस-१ निवासी, मधेसी जनअधिकार फोरमका उपाध्यक्ष हीरालाल लोनिया माओवादीको कार्यकर्ता नागेश्वर रैदासको हत्यामा संलग्न रहेको आरोपमा ०६४ भदौ १३ गते नेपालगञ्ज नपा-१३ बाट माओवादीले अपहरण गरे। अपहरित लोनियालाई ०६४ भदौ १६ गते इन्सेकका क्षेत्रीय संयोजक भोला महत, राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई र जिल्ला प्रहरी कार्यालय, बाँकेका एसपी उत्तम कार्कीको रोहवरमा मुक्त गरी जिप्रकामा हिरासतमा राखियो। उनलाई ०६४ असोज २ गते पुर्पक्षका लागि कारागार चलान गरियो। हाल उनी बाँके जिल्ला कारागारमा रहेका छन्।

वाईसीएलबाट

कोहलपुर गाविस-३ निवासी ठेकेदार ४५ वर्षीय अजत डाँगीले पुरानो सम्झौताको रकम नदिएको आरोपमा ०६४ जेठ १९ गते वाईसीएलले उनलाई कोहलपुरबाट नियन्त्रणमा लिई सोही दिन बेलुका मुक्त गरे। जिल्ला विकास समिति बाँकेबाट ढुङ्गा/गिट्टी/छर्राको वार्षिक ११ लाखको ठेक्का लिँदै आएका अर्जुन जनरल स्टोर्स एण्ड सप्लायर्स लिबाङ, रोल्पाका प्रोपराइटर डाँगीलाई माओवादी कार्यकर्ताले मोटरसाइकलमा राखेर कोहलपुरस्थित माओवादी सम्पर्क कार्यालयमा नियन्त्रणमा राखेका थिए।

काठमाडौँ निवासी मध्यपश्चिमाञ्चल स्वास्थ्य कार्यालय, सुर्खेतका निर्देशक पीयुषकुमार राजेन्द्रलाई भ्रष्टाचारको आरोपमा ०६४ असार ६ गते दिउँसो माओवादीको भ्रातृ सङ्गठन वाईसीएलका कार्यकर्ताले अपहरण गरे। अपहरित क्षेत्रीय निर्देशकलाई वाईसीएलले नेपालगञ्जस्थित उनको आफ्नै क्वार्टरबाट अपहरण गरी नेपालगञ्ज नपा-१३ स्थित वाईसीएलको पूर्वपार्टी कार्यालयमा नियन्त्रणमा राखेका थिए। प्रहरीले क्षेत्रीय निर्देशकलाई मुक्त गर्न वाईसीएलको कार्यालयमा ०६४ असार ६ गते बेलुकातिर छापा मारी राति कब्जामुक्त गरायो।

अन्यबाट

मनिकापुर गाविस-४ की १८ वर्षीया द्रुपति अहिर (कलौती) लाई ०६४ मङ्सिर १७ गते घरनजिकै रहेको गोठमा काम गरिरहेको समयमा पाँच जनाको एक समूहले अपहरण गरी गऱ्यो। ससुरासँगै गोठमा काम गरिरहेका बेला ससुरा नामु अहिरलाई उक्त समूहले डोरीले बाँधी पीडित महिलालाई अपहरण गरी लगेका थिए। अपहरित महिलाको अवस्था यो वर्षको अन्तसम्म अज्ञात छ। उक्त घटनाको उजुरी पीडित परिवारले ०६४ मङ्सिर १८ गते गनापुर अस्थायी प्रहरी पोस्टमा गरेका थिए। प्रहरीले घटनाको अनुसन्धान जारी रहेको जनाएको छ।

धम्की/कुटपिट

राज्यबाट

नेपालगञ्ज नपा-१३ निवासी रिक्सा चालक २८ वर्षीय राजु बुढाक्षेत्रीले रिक्सामा सवार मानिसलाई ठगेको आरोपमा ०६३ चैत ३ गते नेपालगञ्जस्थित जमुनाह प्रहरी चौकीका प्रहरीले बिनापुर्जी गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई सोही दिन रिहा गरिएको थियो। पीडितकी पत्नी मीना बुढाक्षेत्रीका अनुसार, ०६३ चैत ३ गते दिउँसो जमुनाह प्रहरी चौकीका प्रहरीले रिक्सामा सवारी ल्याइरहेका बेला सवार रहेको व्यक्तिलाई रिक्साबाट ओराली पीडित बुढाक्षेत्रीलाई जमुनाह प्रहरी चौकी लगी 'तैँले रिक्सामा सवार व्यक्तिसँग १ हजार रुपियाँ असुलेको होस्, सो रकम

मलाई दे' भन्दै लात्ती र डण्डीले निर्मम कुटपिट गरे। सो घटनाको न्यायका लागि जमुनाह प्रहरी चौकीमा गएकामा चौकी इन्चार्ज पवन पछाईले दोषीलाई कारबाही गर्ने आश्वासन दिए तर कुनै कारबाही नभएको बताउँदै पीडितकी पत्नीले इन्सेक नेपालगञ्जमा निवेदन दिएकी छन्। कुटपिटका कारण घाइते भएका बुढाक्षेत्रीको शरीरभरि नीलडाम हुनुका साथै पिठ्यु, छाती र दुवै हातमा रगत जमेको थियो। घाइते रिक्सा चालकलाई प्रहरीले हात र आँखामा पट्टी बाँधी कुटपिट गरेका थिए। घाइतेको भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा उपचार भएको थियो।

दैलेख जिल्लाको चामुण्डा गाविस निवासी हाल नेपालगञ्जस्थित असल शासन क्लबको मासिक बुलेटिनमा सञ्चारकर्मीका रूपमा कार्यरत २४ वर्षीय सुरेन्द्र शाहीलाई ०६३ वैशाख १७ गते राति सशस्त्र प्रहरीले लठ्ठी तथा बुटले कुटपिट गरे। घरेलु महासङ्घ बाँकेले सञ्चालन गरेको मेलामा सांस्कृतिक कार्यक्रम भइरहेका ठाउँमा युवकहरूले हुटिङ गरेको भन्दै होहल्ला नियन्त्रण गर्ने क्रममा प्रहरीले पीडित शाहीलाई कुटपिट गरेको थियो। आयोजकद्वारा प्रदान गरिएको प्रेस पास घाँटीमा झुण्ड्याइरहेको अवस्थामै प्रहरीले पीडित शाहीलाई कुटपिट गरेको थियो। उनको शरीरभरि नीलडाम रहेको थियो। उनको शिक्षण अस्पताल, नेपालगञ्जमा उपचार भएको थियो। पीडक प्रहरीहरूलाई कुनै कारबाही भएन।

माओवादीबाट

कटकुइयाँ गाविसस्थित सुइँया इलाका प्रहरी चौकीमा ०६४ वैशाख १७ गते राति माओवादी निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चा बाँकेका उपाध्यक्ष नन्दकिशोर पाण्डेको नेतृत्वमा गएको एक टोलीले आक्रमण गऱ्यो। घटनामा उक्त प्रहरी चौकीमा कार्यरत प्रहरी जवान ललित परियार, टेकबहादुर रानालगायतका माओवादीको कुटाइबाट घाइते भए भने चौकीका इन्चार्ज सई मुकेश कुँवरलाई माओवादीले तीन थान हतियारसहित नियन्त्रणमा लिई भोलिपल्ट बिहान मुक्त गरे। रातितिर घरेलु हतियारसहित सयौँको सङ्ख्यामा गएका माओवादीले चौकीमा रहेका फर्निचर र भाँडा प्रहरी विटमा लगी आगो लगाई ध्वस्त पारेका थिए। साथै, प्रहरीसँग रहेको नगद ३१ हजार, लत्ताकपडा, खाद्यान्नसमेत लुटेर लगेको चौकी इन्चार्ज मुकेश कुँवरले बताए। माओवादी नेता नन्दकिशोर पाण्डेले सिमाना चौकीमा रहेका प्रहरीले धेरै समयदेखि यहाँस्थित जनतालाई विभिन्न तरिकाले सताउने गरेकाले यहाँका सर्वसाधारणले सोही दिन राति प्रहरी चौकीमा आगलागी तथा कुटपिट गरेको र सो कुरा थाहा पाएपछि चौकी इन्चार्ज कुँवरलाई जोगाउन सुरक्षाका लागि आफूले लिएर गएको बताए।

प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य सुरेन्द्र काफ्ले तथा ठाकुरसिंह थारुलाई माओवादीले सर्वसाधारणको घर भत्काएर लैजाँदै गरेको समाचार सङ्कलन गर्न गएका बेला ०६४ कात्तिक २९ गते दुर्व्यवहार गरे। माओवादीले नौबस्ता-१ लघौराका खडकसिंह थारुको घर भत्काएर लैजाँदै गर्दा त्यहाँ पुगेका बेला पत्रकारद्वयलाई फोटो खिच्न नदिनुका साथै समाचार सङ्कलनमा समेत रोक लगाएका थिए। थारुको घर भत्काएर लैजाँदै गर्दा प्रहरीले घर भत्काएर लैजान खोज्ने हरिकृष्ण न्यौपाने, शिवशङ्कर थारु, अर्जुन थारु, दिलीप थारु, करिङ्गा थारु, रेशम चौधरी, ईश्वर थारु र सुन्दर चौधरीलाई पक्राउ गरेको थियो। पछि पीडित र माओवादीबीच मिलापत्र भएपछि पक्राउ परेकाहरूलाई रिहा गरिएको थियो। पीडित थारुले ०५९ सालदेखि नेपालगञ्जमा विस्थापित जीवन बिताउँदै आएका छन्।

मधेसी जनअधिकार फोरमबाट

होलिया गाविस, छिटाइपुर्वाका माओवादी कार्यकर्ता ४० वर्षीय आशाराम मौर्यले माओवादीको प्रचार प्रसार गर्न हिँडेको आरोपमा ०६३ फागुन १३ गते राति घरमै बसिरहेका बेला मधेसी जनअधिकार समर्थक नरेश मौर्य, कुँवरजित मौर्यलगायत चार-पाँच जनाको समूहले मरणासन्न हुने गरी कुटपिट गरे। 'तँ माओवादी कार्यकर्ता भई गाउँमा माओवादीको प्रचार-प्रसार गरी हिँडने् ? तैँले त्यसो गर्न पाउँदैनस्' भन्दै उक्त समूहले पीडित आशारामलाई कुटपिट गरेको माओवादीका बाँके जिल्ला सेक्रेटरी चन्द्रकान्ताले बताए। शरीरका विभिन्न भागमा नीलडाम र आँखा खोल्नै नमिल्ने गरी कुटपिट गरिएका मौर्यको ०६३ फागुन १४ गते नेपालगञ्जस्थित भेरी अञ्चल अस्पताल र फेत्तवाल आँखा अस्पतालमा उपचार भएको थियो।

गैरकानुनी गिरफ्तारी

थारु राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ता रामशङ्कर पासी, पतिराम थारु, सभापति थारु, विष्णु थारु र कर्णबहादुर थापाले सार्वजनिक सम्पत्ति तोडफोड गरेको र घरेलु हतियार प्रयोग गरेको आरोपमा ०६४ वैशाख २३ गते प्रहरीले बिनापुर्जी गिरफ्तार गरी सार्वजनिक मुद्दा लगायो। थारु राष्ट्रिय मुक्ति मोर्चाको आयोजनामा ०६४ वैशाख २३ गते जिल्ला प्रशासन

कार्यालय, बाँकेमा ज्ञापनपत्र बुझाउन गएका प्रदर्शनकारीहरूले तोडफोड गर्ने क्रममा उनीहरूलाई गिरफ्तार गरिएको थियो। उनीहरू सबैलाई ०६४ जेठ ४ गते जिल्ला प्रशासन कार्यालय, बाँकेबाट साधारण तारेखमा रिहा गरियो।

थारुवान मुक्ति मोर्चाका केन्द्रीय कोषाध्यक्ष भुवनकुमार थारु, जिल्ला सदस्य मङ्गल थारु र ४ नम्बर एरिया सदस्य रामबहादुर थारुलाई मालपोत कार्यालय तालाबन्दी गर्न खोजेको आरोपमा ०६४ वैशाख २५ गते प्रहरीले गिरफ्तार गरे। उनीहरू सबैलाई ०६४ जेठ ४ गते जिल्ला प्रशासन कार्यालयको आदेशमा रिहा गरियो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कोहलपुर गाविस-३, शान्तिनगरका रामकुमार थारु, रनियापुर गाविस-१ की २० वर्षीया सिर्जना थारु, ढकेरीकी २५ वर्षीया औली थारु, थारु राष्ट्रिय मुक्ति मोर्चाका सचिव गणेश चौधरी र मुक्त कमैया समाजका कार्यकर्ता शक्तिमान चौधरीले जिल्ला प्रशासन कार्यालय बाँके अगाडि प्रदर्शन गरेको आरोपमा ०६४ वैशाख २३ गते प्रहरीले कुटपिट गरी घाइते बनाए। कमैयाको उचित पुनःस्थापनालगायतका माग राखी थारु राष्ट्रिय मुक्ति मोर्चाको नेतृत्वमा मुक्त कमैया समाजका व्यक्तिहरूसहित कोहलपुरबाट पाँचओटा बसमा नेपालगञ्ज आई नारा-जुलुससहित जिल्ला प्रशासन कार्यालय, बाँकेमा प्रदर्शन गरिरहेका बेलामा प्रहरीले प्रदर्शनकारीलाई पछाडि धकेल्दै लाठीले कुटपिट गरेका थिए। घाइतेमध्ये केहीको नेपालगञ्ज शिक्षण अस्पताल र केहीको भेरी अञ्चल अस्पतालमा उपचार भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत र पुनरावेदन अदालत गरी दुई ओटा अदालत रहेको यस जिल्लामा जिल्ला अदालतअन्तर्गत दुनियाँवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ४४ थान मुद्दामध्ये ५५ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १ सय २ थान मुद्दामध्ये २० थान मुद्दा मात्र फर्स्यौट भए । यसैगरी सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय १९ मुद्दामध्ये २३ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ७९ मुद्दामध्ये ७ थान मुद्दा फर्स्यौट भए।

त्यसैगरी, देवानी मुद्दा तर्फ गत वर्षको जिम्मेवारी सरेर आएका बाँकी ६ सय ५३ थान मुद्दामध्ये १ सय ६६ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ३ सय १३ थान मुद्दामध्ये १९ थान मुद्दामात्र फस्यौट भए। यस वर्षको अन्त्यसम्म जिल्ला अदालतमा जम्मा१ हजार २ सय २० थान मुद्दा बाँकी रहे पनि पाँच वर्ष नाघेका मुद्दा बाँकी रहेको छैनन्।

बाल अदालतमा अन्तर्गत जम्मा चारओटा मुद्दा परेकोमा एउटा मुद्दा फर्स्यौट भई तीन थान मुद्दा बाँकी रहेका छन्।

पुनरावेदन अदालत तर्फ दुनियाँवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका ६५ थान मुद्दामध्ये १८ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका २३ थान मुद्दामध्ये चार थान मुद्दा फर्स्यौट भए।

यसैगरी, सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका ८१ थान मुद्दामध्ये २७ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ६४ थान मुद्दामा एउटा मुद्दा मात्र फर्स्यौट भयो।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर २ सय ३३ मुद्दामध्ये ४६ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १ सय १० थान मुद्दामध्ये छ थान मुद्दा फर्स्यौट भए।

पुनरावेदन अदालतमा यस वर्षको अन्त्यसम्म जम्मा मुद्दा ४ सय ७४ थान बाँकी रहे पनि पाँच वर्ष नाघेका मुद्दा छैनन्।

बालअधिकार

माओवादीबाट

गङ्गापुर गाविस-८ का १६ वर्षीय हेमकुमार यादवलाई जागिरको प्रलोभन देखाई ०६३ पुस १८ गते जनमुक्ति सेनामा भर्ना भनी माओवादीले सुर्खेत पुऱ्याए। स्थानीय माओवादी कार्यकर्ता रामुदयाल भनिने तीर्थराम यादवले जनमुक्ति सेनामा लेखापालको जागिर लगाइदिने प्रलोभन देखाई हेमकुमार यादवलाई गङ्गापुर गाविसबाट सुर्खेत जिल्लाको लेखपर्सा गाविस-६ स्थित घोराही सदवरिया ब्रिगेडमा पुऱ्याएपछि पीडित यादवका दाइ सोहनलाल यादव सुर्खेत पुगी भाइ हेमकुमारलाई ०६३ पुस २६ गते घर फर्काएर ल्याए।

बैजापुर गाविस-५, नरैनापुरकी १५ वर्षीया बालिका जगमोती थारुलाई जागिरलगायतका विभिन्न प्रलोभन देखाई ०६३ माघ ५ गते माओवादी कार्यकर्ताले गाउँबाट लगे। जगमोतीसँग उनका दाजुले ०६३ माघ ७ गते फत्तेपुर गाविसस्थित सिद्धेश्वरी उच्च माविको पछाडि मैदानमा माओवादीको एरिया भेला भइरहेका बेला भेट्दा घरको आर्थिक अवस्था कमजोर रहेकाले पढ्न र भनेजस्तो लाउन-खान नपाएको हुँदा

माओवादीमा आएपछि नै केही राम्रो होला भनी आएको कुरा बताइन्। हालसम्म उनले घरमा कुनै सम्पर्क नगरेको पीडित परिवारले बताए।

अन्यबाट

वासुदेवपुर गाविस-१ की १४ वर्षीया एक बालिकालाई ०६४ वैशाख २५ गते कम्दी गाविस-९ का ६० वर्षीय जगबहादुर घर्तीमगरले बलात्कारको प्रयास गरे। पीडक जगबहादुर घर्ती मगरले सुस्त मनस्थितिकी बालिकालाई वासुदेवपुरस्थित डोढुवा खोलानजिकै भैंसी चराइरहेका बेला फेला पारी बलात्कारको प्रयास गरेका थिए। पीडक हालसम्म फरार छन्।

नेपालगञ्ज नपा-१ फूलबारी टोलकी १३ वर्षीया एक बालिकालाई ०६४ भदौ ८ गते बिहान खजुरा रोडस्थित पसलबाट सामान किनेर घर फर्किने बेला असई खिमबहादुर डीसीले बलात्कारको प्रयास गरे। इलाका प्रहरी कार्यालय, रुकुममा कार्यरत प्रहरी तालिम केन्द्र, नेपालगञ्जमा काजमा आएका बेला नेपालगञ्ज नपा-१ स्थित नन्दनी मिलनजिकको निर्माणाधीन घरमा लगी बलात्कारको प्रयास गरेका थिए। पीडकलाई जिल्ला प्रहरी कार्यालयले सोही दिन गिरफ्तार गरी भदौ १९ गते कारागार चलान गरेकोमा हाल जिल्ला अदालतको आदेशमा ०६४ असोज २६ गते ३५ हजार धरौटी राखी तारेखमा छुटेका छन्।

रुकेना गाविस-३ स्वतन्त्र नगरकी १० वर्षीया बालिकालाई ०६४ भदौ १२ गते उनकै सौतेला बाबु ४५ वर्षीय प्रेम परियारले राति सुतिरहेका बेला बलात्कार गरे। पीडितको रुकेना स्वास्थ्य चौकीमा उपचार भयो। पीडकलाई इलाका प्रहरी कार्यालय, कोहलपुरले भदौ १३ गते गिरफ्तार गऱ्यो। पीडकलाई जिल्ला अदालत, बाँकेको आदेशमा ०६४ असोज ७ गते कारागार चलान गरिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/ दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

नेपालगञ्ज नपा-८ मा डेरा गरी बस्दै आएकी २३ वर्षीया हासुन इद्रिसले दाइजो नल्याएको आरोपमा उनको परिवारले ०६४ कात्तिक २२ गते मट्टीतेल खन्याई आगो लगाएर हत्या गर्ने प्रयास गरे। उनको प्राथमिक उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा भई थप उपचार हालसम्म काठमाडौंको वीर अस्पतालमा भइरहेको छ। पीडितका पति उसिम इद्रिसी, सासू रुक्साना इद्रिसी र देवरद्वय अहमद इद्रिसी र रिजवान इद्रिसीलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकामा जिल्ला अदालत, बाँकेको आदेशमा कारागार चलान गरिएको छ। उनीहरू जिल्ला कारागारमा रहेका छन्।

कोहलपुर गाविस-१ मन्नापुरकी ३२ वर्षीया एक महिलालाई ०६४ मङ्सिर १६ गते राति पाँच जनाको हतियारधारी समूहले सामूहिक बलात्कार गऱ्यो। राति घरमै झ्यालनजिकै सुतिरहेका बेला उक्त समूहमा रहेका मध्ये एकले झ्यालबाट पीडितका पति चित्रबहादुर बुढाको छातीमा बन्दुक तेर्स्याइ ढोका खोल्न पठाए। पीडितका पति चित्रबहादुर बुढालाई बाँधी सो समूहले उनलाई बलात्कार गऱ्यो। पीडित पक्षले घटनाका बारेमा प्रहरीसमक्ष उजुरी दिएको छैन।

पारिवारिक हिंसा

रुकेना गाविस-९ की ४५ वर्षीया दहनी थारुले आफ्नो छोराको हत्या गरेको आरोपमा ०६४ साउन १९ गते राति उनलाई मुन्सी थारुले कुटपिट गरे। दुई वर्षअगाडि मुन्सी थारुको छोराको इन्सिफ्ल्याटिस रोगबाट लागी मृत्यु भएको थियो। पीडक मुन्सी थारुले आफ्नो गल्ती मनन गर्दै सार्वजनिक रूपमा गाउँवासीसमक्ष माफी मागेपछि दुवै पक्षबीच मिलापत्र भयो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पति क्षति/सम्पति कब्जा

माओवादीबाट

नेपालगञ्ज नपा-१४, त्रिभुवनचोकका ५० वर्षीय मङ्गलप्रसाद वैस्यको गनापुर गाविस-५, कपासी गाउँमा रहेको चार बिघा जग्गाबाट उब्जेको करिब १५ क्विन्टल धान ०६३ पुस २३ गते माओवादी कार्यकर्ता अशोक, आवित खाँ र माधव कुर्मीले लुटी लगे।

वाईसीएलबाट

नेपालगञ्ज नपा-१, धम्बोझीका व्यापारी शिवशङ्कर गुप्ताको कवाड सामान अवैध रहेको भन्दै ०६४ असार ५ गते वाईसीएलले नेपालगञ्जदेखि भारततर्फ लैजादै गर्दा नियन्त्रणमा लियो। सो सामान असार ६ गते प्रहरीले नेपालगञ्ज नपा-१३ स्थित वाईसीएलको पूर्व क्षेत्रीय कार्यालयमा छापा मारी कब्जामुक्त गरायो। उक्त ट्रक यूपी ३१ डी ५३३ भारतीय नम्बरको रहेको थियो।

४.७ बर्दिया



जनसङ्ख्या : ४,६३,४३७
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.): २,०२५
गाविस/नपा सङ्ख्या : ३१/१
सरकारी/निजी विद्यालय : ४००/६५
क्याम्पस/उच्च मा.वि. : १/१६
अस्पताल/स्वास्थ्य चौकी : १/३३
मोटर सडक (कि. मि.): २९३
प्रहरी कार्यालय सङ्ख्या : २९
मानव विकास सूचकाङ्क : ०.४२९
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

माओवादीबाट

गुलरिया नपा-२ का ५७ वर्षीय जिलेराम यादवको ०६३ फागुन १४ गते उपचारको क्रममा मृत्यु भयो। अघिल्लो दिन विवाहमा सहभागी हुन गइरहेका बेला माओवादी र मधेसी समुदायबीच सोही नपा-३ खैरापुरमा भएको झडपनजिक पुग्दा उनलाई माओवादीले ढुङ्गा, लाठी र धारिलो हतियारले हिर्काइ घाइते बनाएका थिए। घाइते भएका यादवको भारतको बहराइचमा उपचारका क्रममा मृत्यु भएको थियो। सोही दिन माओवादीको कुटपिटबाट गुलरिया नपा-३ का ४४ वर्षीय अरूणकुमार यादव पनि घाइते भए। पीडितको भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा उपचार भयो। मृतक जिलेरामकी पत्नी ललिता यादवले ०६३ फागुन २९ गते क्षतिपूर्तिका लागि जिल्ला प्रशासन कार्यालय, बर्दियामा निवेदन दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म क्षतिपूर्ति पाएकी छैनन्।

जेल र बन्दीहरू

१ सय जना बन्दी क्षमता भएको 'घ' श्रेणीको बर्दिया जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ३७ जना पुरुष र सात जना महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका २४ जना पुरुष र दुई जना महिला थुनुवा रहेका छन्। यसरी बर्दिया कारागारमा जम्मा ७१ जना बन्दी तथा थुनुवा रहेका छन्। जसमा पाँच जना विदेशी पुरुष रहेका छन्। विदेशीहरू अधिकांश भारतीय रहेका छन्। त्यस्तैगरी, एक जना बालक पनि कारागारमा रहेका छन्। कारागारमा ज्यान मुद्दामा परेका मोतीपुर गाविस-५ का थुनुवा धनबहादुर थारू ०६४ मङ्सिर २० गते दिउँसो प्रहरीले कारागार वरपरको खर काट्न भनी बाहिर निकालेको बेला भागेपछि कारागारका अन्य थुनुवा बन्दीलाई कारागार प्रशासनले सोही दिनदेखि फोन सेवा रोकेको छ। धनबहादुरसँगै भागेका र प्रहरीले पक्राउ गरी ल्याइएका बाँके रनियापुर गाविस-८ का मुस्तकिम खानलाई सो दिनदेखि कारागार प्रशासनले कसैसँग भेटघाट गर्न दिएको छैन। एकतिहाइ कैद काटेका कैदीलाई नछाडिएको, कारागारमा सीपमूलक तालिमको व्यवस्था नभएको, शुद्ध खानेपानीको अभाव र पानी पर्दा छत रसाएर पानी चुहिने, झ्याल-ढोकाको जाली फाटेको र समयमा पत्रपत्रिका पढ्न नपाउने समस्या यस कारागारमा रहेका छन् भने जेलमा सचेतना तथा साक्षरता कक्षाको माग थुनुवा बन्दीले गरेका छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

खैरीचन्दनपुर गाविस-९ का २२ वर्षीय आशीष सन्ज्यालको गाउँलेहरूसँगको पुरानो लेनदेनको विषयमा सोधपुछ गर्नु छ भनी ०६३ फागुन २४ गते दिउँसो उनलाई माओवादीले घरनजिक बाटोबाट अपहरण गरे। सन्ज्याल ०६४ जेठ ९ गते कैलालीको मसुरियाबाट माओवादीको कब्जाबाट भागेर घर आए।

महम्मदपुर गाविस-७ का ४० वर्षीय समसुद्दीन शेखलाई ०६४ वैशाख २७ गते माओवादीको भ्रातृ सङ्गठन थारू राष्ट्रिय मुक्ति मोर्चाले जमिनदारको जग्गा कब्जा गर्ने क्रममा जुत्ताको माला लगाई गाउँ घुमाई घरदेखि दुई किलोमिटर दक्षिण गणेशपुर चोकमा पुऱ्याई कोणसभा गरेर मुक्त गरे। कोणसभामा माओवादीले शेखको घरपरिवारको नाममा रहेको १६ बिघा जमिन मोर्चाले कब्जा गरेको बताउँदै जमिनमा मोर्चाको झण्डा गाडे पनि यस वर्षको खेती लगाउन कुनै अवरोध गरेनन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	२	१	१		२	१	१			१					
घाइते	२	४	६	३२	४२	१	१			१					
गिरफ्तारी/यातना											६	४२	११		५३
कुटपिट	१	२			२	५	१७	४	७	२८					
धम्की						३	८			८					
भेला/सङ्गठित हुने अधिकार											२	७		११	१८
भूमिहीन/सुकुम्बासी समस्या						१	१			१	३	३		२	५
महिलाअधिकार	४		४		४										
बालअधिकार	४		४		४	२	३			३					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			१	५	१४	४		१८					
अमानवीय व्यवहार	२	२			२	१	१			१					
अपहरण	२	३			३	३	३			३					
जम्मा	१८	१३	१५	३२	६०	२२	४९	८	७	६४	११	५२	११	१३	७६

मुक्त कमैयाबाट

गुलरिया नपा-८ का ६० वर्षीय लोकनाथ पराजुली र वनियाभार गाविस-२ का ८० वर्षीय गङ्गाबहादुर भुसालले कमैयाहरू बसेको जमिन आफ्नो नाममा दर्ता गर्न लागेको आरोपमा ०६३ फागुन ७ गते उनीहरूलाई मुक्त कमैयाहरूले बनियाभार गाविस-१ बाट अपहरण गरे। गुलरिया नपा-६ निवासी हेभी इक्युपमेन्ट बाँकेमा कार्यरत डिल्ली आचार्य, आफूहरू बसेको जमिन दर्ता गराउनेको अगुवा रहेको भन्दै मुक्त कमैयाहरूले फागुन २१ गतेसम्म आचार्यलाई उपस्थित गराउने सर्तमा दुवै अपहरितलाई ०६३ फागुन १४ गते बनियाभार गाविस-१ बाट माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख चक्रबहादुर थारू र इलाका प्रहरी कार्यालय, बनियाभारका सईको रोहबरमा रिहा गरियो।

अन्यबाट

मनाउ गाविस-८ निवासी इन्सेक सहजकर्ता ३७ वर्षीय मदनचन्द्र रिमालले गाउँमा अगुवा गर्ने, नेतागिरी गर्ने गरेको आरोप लगाई ०६४ साउन ११ गते साँझ उनलाई छ जनाको सङ्ख्यामा गएको अज्ञात व्यक्तिको समूहले घर गइरहेका बेला खैरीचन्दनपुर गाविस-४ बाट अपहरण गरे। अपहरित रिमाललाई राजापुर गाविस-४ पुऱ्याई लाठी, हातले कुटपिट गर्ने, भुइँमा सुताई छातीमा खुट्टाले टेक्ने, कपाल तानी हँसियाले कपाल काट्ने र हँसियाको पछाडि भागबाट टाउकोमा हिर्काई यातना दिई घाइते बनाए। सो समूहले घाइते रिमाललाई सोही दिन राति राजापुर गाविसको दलै गाउँस्थित आफ्नै डेरामा पुऱ्याइछोडेका थिए। रिमालले ०६४ साउन १६ गते सार्वजनिक अपराधको मुद्दा इलाका प्रहरी कार्यालय राजापुरमा दिए पनि प्रहरीले यो वर्षको अन्त्यसम्म पीडक पत्ता लगाउन सकेको छैन।

अज्ञात समूहद्वारा कुटपिट गरिएका इन्सेकका सहजकर्ता मदनचन्द्र रिमाल

धम्की/कुटपिट

माओवादीबाट

प्यूठान जिल्ला पकला गाविस-५ निवासी जिल्ला प्रहरी कार्यालयका असई ३१ वर्षीय चेतबहादुर थापासहित आठ जना प्रहरी र खैरीचन्दनपुर गाविस-७ की सर्वसाधरण नैना बोहरालाई खैरीचन्दपुर गाविस-७ मा अवस्थित प्रहरी चौकी पुनःस्थापनाका क्रममा ०६३ पुस २८ गते खैरीचन्दनपुर गाविस-७ मा माओवादीले हात र लाठीले कुटे। घाइतेहरूको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

नेपालगञ्ज नपा निवासी प्रहरी चौकी पाताभारका असई ३० वर्षीय अनुरुप ऐरी, सोही चौकीका प्रहरी जवानहरू रामबहादुर चन्द (सल्यान), प्रदीप चन्द (दैलेख), घनश्याम बस्नेत (रोल्पा), जय बोहरा (हुम्ला), तिलक रोकाय (हुम्ला), केशव पुन

माओवादीद्वारा मार्ने धम्की दिइएका जयद अली सैयद

(दाङ), तुरन्त थारू (बर्दिया) र विष्णु चौधरी (बर्दिया) लाई प्रहरी चौकी पुन:स्थापनाका क्रममा ०६३ माघ ६ गते माओवादीले पाताभार गाविस-९ मा लाठी, हात र मुक्काले कुटपिट गरी घाइते बनाए। पीडितहरूको वीरेन्द्र प्रहरी अञ्चल अस्पताल, नेपालगञ्जमा उपचार भयो।

मगरागाडी गाविस-४ का २५ वर्षीय पुष्कर बुढाथोकीले रक्सी सेवन गरेको आरोपमा ०६३ फागुन २१ गते माओवादीले उनलाई घरमै गई कुटपिट गरी घाइते बनाए। पीडितको स्थानीय औषधि पसलमा उपचार भयो।

महम्मदपुर गाविस-७ का ३२ वर्षीय जयद अली सैयदले सम्सुद्दीन शेखको जग्गामा माओवादीले गाडेको झण्डा उखेलेर फालेको आरोपमा ०६४ वैशाख ३१ गते माओवादीले मुक्त कमैया, सुकुम्वासीका नामबाट पत्र लेखी उनलाई मार्ने धम्की दिए। धम्कीपछि पनि पीडित घरमै बस्दै आएका छन्।

राजापुर गाविस-५ का बालकृष्ण चौधरी, सोही ठाउँका गङ्गाराम थारू, सुन्दरलाल थारू, सुन्दर थारू, यदुमणि गौतम, इतेन्द्र थारू र दौलतपुर गाविसका डोलराज शर्मालाई माओवादी कार्यकर्ता अज्ञातले अवैध यौन सम्बन्ध राखेको भनी गाउँलेद्वारा उनलाई कुटपिट गरेको घटनामा संलग्न भएको आरोपमा ०६४ जेठ ३ गते माओवादी क्षेत्र नं. ३ का इन्चार्ज प्रतीकले प्रेस विज्ञप्तिमार्फत आफ्नो पार्टीका कार्यकर्तालाई झूटो आरोप लगाई कुटपिट गर्ने मानिसलाई पार्टीले कारबाही गर्ने धम्की दिए।

मनाउ गाविस-५ निवासी एमाले कार्यकर्ता ४० वर्षीय छटक चौधरी विस्थापित जमिनदारहरूको पक्षमा भएको आरोपमा ०६४ असार ८ गते उनलाई माओवादी जिल्ला सदस्य गणेश अर्यालले किसान, जोताहालाई उक्साएर मानवअधिकारकर्मी, आठ दल र संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्चायुक्तको कार्यालयका प्रतिनिधिका अगाडि हात र खुट्टाले कुटपिट गरी घाइते बनाए। पीडितको जिल्ला अस्पताल, गुलरियामा उपचार भयो।

धधवार गाविस-९ का २० वर्षीया अनिता चौधरी, सोही ठाउँका १६ वर्षीय रञ्जित चौधरी, २० वर्षीय राजकुमार चौधरी, २७ वर्षीया हसदैया चौधरी, १३ वर्षीय विराजु चौधरी, २८ वर्षीया रामप्यारी चौधरी, २५ वर्षीय जनक चौधरी, १८ वर्षीय गरिब चौधरी, १६ वर्षीया सीता चौधरीले स्थानीय ज्ञानज्योति युवा क्लबको संरक्षणमा रहेको पाँच बिघामा लगाइएको आँप र लिची टिप्न नदिएको आरोपमा ०६४ जेठ १६ गते दिउँसो माओवादीनिकट थारू राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताहरूले हात र लाठीले कुटपिट गरी घाइते बनाए। घाइते सीता केही समय बेहोस भएकी थिइन्। घाइतेहरूको स्थानीय औषधि पसलमा उपचार गरियो। मोर्चाले सो दिन सोही ठाउँका निरञ्जन स्वार, रञ्जन स्वार, बलबहादुर स्वार, अञ्जली स्वार, देवका स्वार, सञ्जीव स्वार, सुजित स्वारको घरपरिवारका नाममा रहेको ७२ बिघा जमिनमा सङ्गठनको झण्डा गाडेर जमिन कब्जा गरेको घोषणा गरेका थिए। पीडितहरूले यस वर्षको अन्त्यसम्म जग्गाको भोगचलन गर्न पाएनन्।

वाईसीएलबाट

महम्मदपुर गाविस-५ का ४२ वर्षीय गयाप्रसाद यादव र सोही ठाउँका ३५ वर्षीय हंसराज यादवलाई ०६३ फागुन १७ गते मधेसी जनअधिकार फोरमले अवरोध गरेको सडक खुलाउन भनी गुलरियाबाट गएका वाईसीएलका कार्यकर्तालेसोही गाविसको लालपुरमा फोरमको अध्यक्ष यही हो भनी हात र लाठीले कुटपिट गरी घाइते बनाए। पीडितहरूको जिल्ला अस्पताल, गुलरियामा उपचार गरियो। पीडितहरू फोरममा आवद्ध थिएनन्।

गैरकानुनी गिरफ्तारी

गुलरिया नपा-४ का २६ वर्षीय किट्टु यादवले माओवादी कार्यकर्ता नन्कौ गोडियाको हत्या गरेको आरोपमा ०६३ फागुन ११ गते दिउँसो उनलाई गुलरिया नपा-१२ मा नागरिकता टोलीलाई सहयोग गरिरहेका बेला जिल्ला प्रहरी कार्यालयका प्रहरीले बिनापुर्जी गिरफ्तार गरे। पीडित ०६३ चैत २३ गते कारागार शाखा, तुलापुर बर्दियाबाट जिल्ला अदालतको आदेशमा रिहा भए।

मोतीपुर गाविस-७ निवासी वाईसीएलका जिल्ला संयोजक विनय थारू, सोही गाविस-५ का १५ वर्षीय भुवन खत्री र १७ वर्षीय जुद्धबहादुर विक, ३० वर्षीय कर्णबहादुर योगी, २० वर्षीय बाबु चौधरी, १८ वर्षीय सागर चौधरी, १५ वर्षीय अर्जुन चौधरी, २३ वर्षीय सुरज जागा, १७ वर्षीय महेश थारू, ३२ वर्षीय शेरबहादुर विक, १८ वर्षीय रामबहादुर थापा, ३० वर्षीय राजेश चौधरी, २४ वर्षीया अस्मिता चौधरी, २१ वर्षीया लक्ष्मी चौधरी, २० वर्षीया सपना नेपाली,

मैनापोखर गाविस-१ का १९ वर्षीय जीवन पुलामी, २१ वर्षीय मानसरोवर थारू, १७ वर्षीय मनोजकुमार थारू, २२ वर्षीय अशोक थारू, २० वर्षीय राजकुमार थारू, २४ वर्षीय सेवकराम थारू, २४ वर्षीय रमेश थारू, २० वर्षीय सङ्गीता बुढा, २७ वर्षीया लक्ष्मी चौधरी, १८ वर्षीया पुष्पा चौधरी, जमुनी गाविस-३ का २८ वर्षीय दु:खीराम थारू, बनियाभार गाविस-८ का २७ वर्षीय धनीराम चौधरी, खैरीचन्दनपुर गाविस-३ का २३ वर्षीय कविराम थारू, २० वर्षीय राजकुमार चौधरी, १८ वर्षीया गरिमा थारू, कालीकोट दाहा गाविस-३ का २२ वर्षीय सरोज शाही, भिम्मापुर गाविस-८ का २३ वर्षीय दिनेश चौधरी, गुलरिया नपा-५ की २० वर्षीया तारा विक, ३१ वर्षीय टोपबहादुर सोमई, १७ वर्षीय कृष्णचन्द्र थारू, पाताभार गाविस-६ का १८ वर्षीय रामबहादुर थारू, बेलवा गाविस-३ का १८ वर्षीय राजु पहाडी, सूर्यपटुवा गाविस-६ का २२ वर्षीय कमल थारू, २३ वर्षीय पहाडी चौधरी, गोला गाविस-६ की १९ वर्षीया गीता चौधरी, मगरागढी गाविस-३ की २१ वर्षीया सुमित्रा चौधरी, धधवार गाविस-८ का २० वर्षीय जगत् रसाइली, सोरहवा गाविस-३ का २५ वर्षीय विरु चौधरी, २५ वर्षीय अशोक थापा, मुगु जिल्ला, काले गाविस-३ का २० वर्षीय रमेश शाही र मानपुरटपरा गाविस-२ की २५ वर्षीया मीना चौधरीले सरकारी कार्यालयमा आगजनी र तोडफोड गरेको आरोपमा ०६४ वैशाख २२ गते उनीहरूलाई प्रहरीले जिल्ला प्रहरी कार्यालय अगाडिबाट गिरफ्तार गऱ्यो। गिरफ्तारमध्ये आठ जना वैशाख २६ गते जिल्ला प्रहरी कार्यालयबाट अभिभावकको जिम्मामा रिहा भए भने अन्य ३८ जनामाथि फौजदारी मुद्दा लगाइएकामा ०६४ जेठ ६ गते बर्दिया जिल्ला अदालतको आदेशमा उनीहरू साधारण तारिखमा रिहा भए।

गुलरिया नपा-१२ का ५१ वर्षीय लक्ष्मण विक, सोही ठाउँका २६ वर्षीय इस्माइल धोवी र सोही नपा-११ का ४७ वर्षीय इन्द्रबहादुर पुनले जमिन कब्जा गरी सुकुम्वासी, कमैयालाई बसाल्न खोजेको आरोपमा ०६४ जेठ १ गते उनीहरूलाई जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर बलिराम यादवको नेतृत्वमा गएको टोलीले गुलरिया नपा-१२ बाट बिनापुर्जी गिरफ्तार गऱ्यो। पीडितहरूलाई ०६४ जेठ २ गते इन्सेक जिल्ला प्रतिनिधि नारायण सुवेदीको रोहबरमा र माओवादी जिल्ला सचिव सन्तराम थारूको जिम्मामा रिहा गरियो।

दौलतपुर गाविस-१ का २८ वर्षीय गोविन्द घर्तीले सोही ठाउँका रणबहादुर शाहीको हत्या गरेको आरोपमा ०६४ असार ८ गते बिहान उनलाई घरबाटै इलाका प्रहरी कार्यालय, राजापुरका प्रहरीले बिनापुर्जी गिरफ्तार गरे। पीडितलाई ०६४ असार २६ गतेदेखि जिल्ला प्रहरी कार्यालय, गुलरियामा राखिएको छ। २६ गतेअघि पीडितलाई राजापुर गाविसस्थित इलाका प्रहरी कार्यालयमा राखिएको थियो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मुक्त कमैयाहरूद्वारा कपास विकास समितिको गोदाम, सानोश्रीमा सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय बसेको विरोधमा ०६४ वैशाख १७ गते सानोश्री गाविस-३ मा निकालिएको जुलुस प्रहरीको घेरा तोडी भित्र पस्न खोजेपछि प्रहरीको लाठीचार्ज, अश्रुग्याँस र हवाई फायरबाट मुक्त कमैयाहरू बनियाभार गाविस-१ का नारायण चौधरी, थीरमान चौधरी, बुद्धिराम थारू, सानोश्री गाविस-३ का भरथरी थारू, छुइया थारूलगायत् १० जना मुक्त कमैया सुकुम्वासी घाइते भए। सो घटनामा प्रहरीतर्फ इन्स्पेक्टर बलिराम यादव, असई मानबहादुर बस्नेतलगायत पाँच जना घाइते भए। पीडितहरूको जिल्ला अस्पताल, गुलरियामा उपचार भयो। सो दिन रातिदेखि बिहानसम्म सानोश्री क्षेत्रमा जिल्ला प्रशासन कार्यालयले कर्फ्यु लगाएको थियो

मुक्त कमैया र प्रहरीबीच झडप हुँदा घाइते भएका प्रहरी इन्स्पेक्टर बलिराम यादव

कपास विकास समितिको गोदाम, सानोश्रीमा सशस्त्र प्रहरी सीमा सुरक्षा बलको कार्यालय स्थापना भएको विरोधमा ०६४ वैशाख १९ गते मुक्त कमैयाहरूद्वारा आह्वान गरेको बजार बन्दको विरोध गर्दै स्थानीय व्यापारीहरूले जुलुस निकालेपछि मुक्त कमैया र व्यापारीबीच सशस्त्र प्रहरी कार्यालयअगाडि झडप भयो। सो झडप नियन्त्रण गर्नका लागि प्रहरीले लाठीचार्ज र हवाईफायर गर्दा सानोश्री गाविस-५ का माओवादी कार्यकर्ता मेवालाल गौतम, मुक्त कमैया बनियाभार गाविस-८ का तेजु थारूसहित सातजना घाइते भए। सो घटनामा प्रहरीतर्फ सई छवि रावत, गोविन्द लामिछाने, प्रहरी हवल्दार बलबहादुर चौधरीलगायत नौ जना घाइते भए। पीडितहरूको स्थानीय औषधि पसल र जिल्ला अस्पताल, गुलरियामा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५८ थानमध्ये ३८ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता

भएका ७३ थान मुद्दामध्ये २६ थान मुद्दा फर्स्यौट भए।

यसैगरी सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका ५० थान मुद्दामध्ये ३९ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ६१ थान मुद्दा मध्ये ३० थान मुद्दा फर्स्यौट भए।

दुनियाँवादी देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ६० थान मुद्दामध्ये१ सय १३ थान मुद्दा फर्स्यौट भए भने यस यस वर्ष दर्ता भएका १ सय ९४ थानमध्ये ३५ थान मुद्दा फर्स्यौट भए ।

यसरी जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म जम्मा ३ सय १५ थान मुद्दा बाँकी रहेका छन्।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

राज्यबाट

सानोश्री गाविस-५ का ३० वर्षीय ओमबहादुर गुरुङले आफन्तहरूसँग झगडा गरेको विषयमा ०६३ माघ २१ गते इलाका प्रहरी कार्यालय सानोश्रीले उनलाई घरबाट बिनापुर्जी गिरफ्तार गऱ्यो। झगडाको विषयमा सोधपुछ गर्दै बुढीऔंला र घाँटीमा एउटै डोरीले बाँधी पिठ्यू, छाती, खुट्टा र हातमा कटबासको लाठी र बुटले हिर्काए। उनका हातखुट्टा सुन्निएका थिए भने शरीरका अन्य भागमा नीलडाम परेको थियो। पीडितको उपचार जिल्ला अस्पताल, गुलरियामा भयो। आइन्दा झगडा नगर्ने सर्तमा मिलापत्र गरी इलाका प्रहरी कार्यालय सानोश्रीबाट माघ २२ गते रिहा भएका गुरुङले क्षतिपूर्तिका लागि उजुरी दिएनन्।

माओवादीबाट

ढोढरी गाविस-९ का ८० वर्षीय नारायणविक्रम राणा जमिनदार भएको आरोपमा ०६४ जेठ ५ गते उनलाई माओवादीको भगिनी संस्था अनेकिसङ्घ (क्रान्तिकारी) ले मोसो र जुत्ताको माला लगाई गाउँ घुमाए। राणाको घर र खेतमा अनेकिसङ्घ (क्रान्तिकारी) को झण्डा गाडी जमिन कब्जा गरेको घोषणा गरे। चार वर्षअघि माओवादीबाट विस्थापित राणा ०६४ वैशाखमा घर फर्किएका थिए।

अन्यबाट

खैरीचन्दनपुर गाविस-२ निवासी माओवादी कार्यकर्ता सूर्यलाल चौधरीले राजापुर गाविस-५ की २१ वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा ०६४ जेठ २ गते उनलाई राजापुर गाविस-५ टेडीया गाउँका जनताले मोसो दले।

बालअधिकार

माओवादीबाट

माओवादीनिकट थारू राष्ट्रिय मुक्ति मोर्चा, नेपालको आह्वानमा सानोश्री गाविसस्थित कपास विकास समितिको गोदाममा सशस्त्र प्रहरी बसेको विरुद्ध सुकुम्वासी र कमैयाले गरेको आन्दोलनको विषयलाई लिएर गरिएको आमहडतालका कारण ०६४ वैशाख २७ गते सानोश्री गाविसस्थित सरकारी एवम् निजी विद्यालयहरूमा एकदिन पठनपाठन भएन। पठनपाठन नहुँदा जिल्लास्थित २ सय ७४ विद्यालयका १ लाख २१ हजार बालबालिकाको पढाइ प्रभावित बन्न पुग्यो।

वाईसीएलबाट

मोतीपुर गाविस-७ का १५ वर्षीय एक बालकलाई अपहरण गरी ०६३ चैत ५ गतेदेखि माओवादीले वाईसीएलमा प्रयोग गर्दै आएका छन्। आठ कक्षामा अध्ययनरत बालक इच्छाले गएको बालकको आमा बसन्ती थारूले बताइन्। वाईसीएलले बालकलाई केही महिना कराँते तालिम दिई हाल बासगढीस्थित पार्टी कार्यालय सुरक्षार्थ खटाउनाका साथै अन्य ठाउँमा पनि लाने गरेका छन्।

अन्यबाट

मगरागाडी गाविस-८ की १३ वर्षीया एक बालिकालाई ०६४ वैशाख १ गते सांस्कृतिक कार्यक्रम हेरी घर फर्किरहेका बेला राति बाटो कुरेर बसेका सोही गाविस-६ का १७ वर्षीय प्रदीप पुरीले घरनजिक बाटोमा समात्न खोजेपछि चिच्चाउँदै खेततिर दौडिएपछि कोही बोलेको आवाज सुनेपछि पीडक भागेका थिए। पीडितले ०६४ वैशाख २ गते इलाका प्रहरी कार्यालय, मगरागाडीमा जाहेरी दिइन्। यस घटनाका सम्बन्धमा प्रदीप पुरी र सोही ठाउँका १५ वर्षीय चन्द्रबहादुर विसीलाई माओवादीले ०६४ वैशाख २ गते घरबाट अपहरण गरी सोही गाविस-७ हर्नवा पुऱ्याइ मोसो दली चारपाटा मुडेर मुक्त गरेका थिए। पीडक दुवैलाई हालसम्म कुनै कारबाही गरिएको छैन।

नेपाल शैक्षिक गणतान्त्रिक मञ्च र नेपाल विद्यालय पियन समाजद्वारा विभिन्न मागहरू राखी ०६४ जेठ ३ गतेदेखि अनिश्चितकालीन शैक्षिक संस्था बन्द गरेका कारण जिल्लास्थित २ सय ७४ विद्यालयका १ लाख २१ हजार बालबालिकाले ०६४ जेठ १३ गतेसम्म विद्यालयमा पढ्न पाएनन्।

मनाउ गाविस-१ की ८ वर्षीया एक बालिकालाई 'एकछिन काम छ' भनी मुखमा रुमालले

बाँधी ०६४ कात्तिक २३ गते राति सोही ठाउँका २५ वर्षीय भरतबहादुर शाहीले घरका मानिसहरू भैलो खेलेको हेर्न गएको अवस्थामा पीडितको घरदेखि २५ मिटर उत्तर तोरीबारीमा लगी बलात्कार गरे। बलात्कारपछि शरीरमा रगतैरगत र माटो लागेको घाइते अवस्थामा पीडितलाई घरमा ल्याइदिएका थिए। घाइते बालिकाको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार गरियो भने पीडक भरतलाई प्रहरीले कारबाहीका लागि गिरफ्तार गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

ठाकुरद्वारा गाविस-४ की ६० वर्षीया एक महिलालाई ०६४ असार ३ गते सोही ठाउँका ३५ वर्षीय सूर्यबहादुर थापाले राति पीडितको घरनजिक खेतमा बलात्कार गरे। घटना भएकै दिनदेखि पीडक फरार छन् भने पीडितले ०६४ असार ५ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन।

पारिवारिक हिंसा

बगनाहा गाविस-१ की २७ वर्षीया नेपालिया थारूका तीन छोरी र एक छोरा घरमा हुँदाहुँदै ०६३ माघ ८ गते उनका पति २६ वर्षीय लछीराम थारूले घरपरिवारको सल्लाहबिना कामका सिलसिलामा भारत गएका बेला शान्ता श्रेष्ठसँग विवाह गरे। अर्को विवाहपछि पति र सौताले आफूलाई कुटपिट र हेला गर्ने गरेको पीडितले बताइन्। आफू अन्यायमा परेको भनी गाउँ-समाज एकपटक बोलाएको र समाजले आइन्दा कुटपिट नगर्नु र हेला नगर्ने भनी मिलाए पनि पतिको व्यवहार नसुध्रिएको पीडितले बताइन्। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी गरिनन्।

दौलतपुर गाविस-८ की २५ वर्षीया रनु चौधरीका पति २७ वर्षीय खुशीराम थारूले घरमा पत्नी र दुई छोरा हुँदाहुँदै घरपरिवारसँग सल्लाह नगरी ०६४ वैशाख ८ गते नयाँगाउँ गाविस-१ निवासी २६ वर्षीया आशा चौधरीसँग विवाह गरे। दोस्रो विवाह गरेपछि पतिले घरको वास्ता नगरी कान्छी पत्नीसँग सदरमुकाम गुलरिया बसेका छन्। बहुविवाह गरेपछि ०६४ जेठ ८ गते आफूलाई हातले कुटपिट गरेको पीडितले बताइन्। पीडितले माओवादी कार्यालयबाहेक अन्य कहीं उजुरी दिइनन्। हाल दुवै पक्ष मिलापत्र गरी बसेका छन्।

मगरागाडी गाविस-२ की २४ वर्षीया दिलमाया स्वर्णकारका पति २७ वर्षीय भूपेन्द्र स्वर्णकारले दुई छोरी घरमा हुँदाहुँदै ०६४ असार २ गते घर-परिवारको सल्लाहबिना बनियाभार गाविस-१ की २२ वर्षीया एलिसिवा विकसँग विवाह गरे। बहुविवाह गरेपछि भूपेन्द्र कान्छी पत्नी लिएर धनगढी गएपछि दिलमायाले जिल्ला अदालतमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म फैसला भएको छैन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्वासी समस्या/अशक्त भत्ता आदि राज्यबाट

ठाकुरद्वारा गाविस-४ का ९० घर-परिवार निजी भूमिबाट वञ्चित रहेका छन्। सुतैया गाउँका जमिन्दार राजेन्द्रबहादुर शाह र उनकी पत्नी ओमकुमारी शाहको नाममा रहेको ५४ बिघा जमिन ०२१ सालमा छुटमा रहेको थियो। सोही जमिनमा ०२१ सालदेखि भोगचलन गरेका ९० घर-परिवारले जोतभोगका आधारमा जमिन दर्ता गराई पाउँ भन्दै ०६३ माघ १७ गते जिल्ला प्रशासन कार्यालय, बर्दियामा निवेदन दर्ता गराए पनि हालसम्म कुनै कारबाही भएको छैन।

बर्दिया जिल्लाका छ गाविसमा बसोवास गर्ने २ सय २० परिवार निजी भूमिबाट वञ्चित रहेका छन्। जसअनुसार, नेउलापुर, मगरागाडी, बगनाहा, बनियाभार, धधवार र सूर्यपटुवाका २ सय २० परिवारले जोतभोगका आधारमा जमिन दर्ता गराई पाउँ भन्दै ०६३ फागुन १४ गते जिल्ला प्रशासन कार्यालय बर्दियामा निवेदन दर्ता गराए पनि हालसम्म कुनै कारबाही भएको छैन।

डेउढाकला र मैनापोखर गाविसका ५ सय घर-परिवार निजी भूमिबाट वञ्चित रहेका छन्। ४० वर्षअघिदेखि जोतभोग गर्दै आएको सुगरमिलका नाममा रहेको जमिन जोतभोगका आधारमा दर्ताका लागि सम्बन्धित पक्षले चासो नदिएको भन्दै ०६३ चैत १५ देखि १८ गतेसम्म भूमिसुधार कार्यालयमा तालाबन्दी गरे पनि हालसम्म कुनै कारबाही भएको छैन। ०२१ सालको भूमिसुधार लागू हुनुअघि पृथ्वीशमशेर जबरालेउद्योगका नाममा डेउढाकला गाविसमा २ सय ७६ बिघा र मैनापोखर गाविसमा ४९ बिघा जमिन राखेका थिए।

अन्यबाट

गुलरिया नपा-६ का रामकिसन थारू सोही ठाउँका मिहिलाल थारूसहित ३१ मुक्त कमैया सुकुम्वासीहरूको घर सामुदायिक वनको जमिनमा बसेको आरोपमा ०६४ भदौ १३ गते दिउँसो रामवाग

सामुदायिक वनका मानिसहरूले आगो लगाए। सो आगलागीबाट दुलारे थारू, भोकारी थारू, सुकुनी थारू र दु:खराम थारू घाइते भए। घाइते दु:खरामको उपचार नेपालगञ्ज गरियो भने अन्यको उपचार जिल्ला अस्पतालमा गरियो। मुक्त कमैयाहरूको ३१ घरपरिवारमा आगो लगाइएपछि गुलरिया बजारमा विस्थापित भएका मुक्त कमैयालाई इन्सेक र नागरिक समाजको पहलमा ०६४ भदौ १९ गते घर फर्काइयो।

गुलरिया नपा-६ की २६ वर्षीया सपना चौधरी, सोही ठाउँकी ४५ वर्षीया भोजिया थारू, २८ वर्षीया राजारानी थारू, सानोश्री गाविस-३ की ३५ वर्षीया लक्ष्मी थारू, मगरागाडी गाविस-१ की ६० वर्षीया चैती थारूलगायत ३६ जना मुक्त कमैया सुकुम्वासीलाई रामवाग सामुदायिक वनका अध्यक्ष कृष्णमोहन चौधरीको घर तोडफोड गर्न खोजेको आरोपमा ०६४ भदौ १६ गते दिउँसो गुलरिया नपा-६ सुहेलवामा नारा जुलुस लगाउँदै गएको अवस्थामा सुहेलवास्थित रामवाग सामुदायिक वनका कार्यकर्ताहरूले लाठीले कुटेर घाइते बनाए। पीडित मध्ये चैतेको हात भाँचिएको थियो। घाइतेहरूको उपचार नेपालगञ्ज र जिल्ला अस्पतालमा गरियो।

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

महम्मदपुर गाविस-७ का ४० वर्षीय सम्सुद्दिन शेखको घरबाट ०६३ पुस १८ बिहान सोही गाविस निवासी माओवादी कार्यकर्ता पल्टु थारू र जाकिर मनिहारले पार्टीलाई सहयोग भन्दै जबरजस्ती ४० क्विन्टल धान लगे। पीडितले जिल्ला प्रहरी कार्यालयमा नाम किटान गरी उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म पीडकलाई कुनै कारबाही भएन।

भिम्मापुर गाविस-८ का विस्थापित ४५ वर्षीय कुमुद घिमिरेको १० वर्षअघि एक बिघा व्यक्तिगत जमिनमा लगाएको सिसौका रूख ०६३ माघ १२ गते माओवादीले काटेर लगे। द्वन्द्वका समयमा विस्थापित भएका घिमिरे हालसम्म घर फर्कन नसकी काठमाडौँ बसेका छन्। यो वर्षको अन्त्यसम्म घिमिरेको घरजग्गा माओवादीको कब्जामा रहेको छ।

पाताभार गाविस-९ का विस्थापित ४४ वर्षीय कृष्णबहादुर रावलको काठको कच्ची घर ०६३ माघ २५ गते माओवादीले भत्काएर लगे। माओवादीको कारणले ०५९ साउन १५ गते विस्थापित भएका रावलको परिवार यो वर्षको अन्त्यसम्म घर फर्कन सकेको छैन। रावलको घर-परिवारका नाममा रहेको २ बिघा ११ कट्ठा जमिन यो वर्षको अन्त्यसम्म माओवादीको कब्जामा रहेको छ।

पदनाहा गाविस-८ निवासी विस्थापित प्रतीकबहादुर शाहका चारओटा काठका घर ०६३ फागुन १४ गते माओवादीले भत्काएर लडियामा हाली घरका काठहरू लगे। शाहको पक्की घर भने माओवादीले केही गरेनन्। शाहको परिवार तीन वर्षअघिदेखि काठमाडौँ बस्दै आएको छ। तीन वर्षअघिदेखि शाहको परिवारका नाममा रहेको १५ बिघा जमिनबाट माओवादीले शाहलाई वर्षको १५ क्विन्टल धान किसानमार्फत बुझाउने गरेका छन् भने बाँकी धान पार्टीलाई सहयोग भनी राख्ने गरेका छन्।

मनाउ गाविस-५ का विस्थापित ५१ वर्षीय जनकराज ज्ञवालीलाई ०६४ वैशाख ४ गते माओवादीद्वारा घोषित विघटित गाउँ जनसरकार प्रमुख विन्तीराम थारूले जमिन आफैँ जोत्नुपर्ने, मजुरी र ट्याक्टर लगाएर खेती गर्न नपाइने, जमिन खाली राख्न नपाइने, केरा खेती गर्न नपाइने आदि नियम मान्नुपर्ने, नमाने घर-जमिन फिर्ता नगरिने बताए। घर फर्केका ज्ञवाली उक्त नियम मन नपरी ०६४ वैशाख ६ गते पुन सदरमुकाम फर्केका छन्। ज्ञवालीको ९ बिघा १६ कट्ठा जमिन ०६१ सालदेखि माओवादीले कब्जामा लिएका छन्। यस वर्षको अन्त्यसम्म कब्जा गरेको घर-जमिन फिर्ता गरेका छैनन्।

धधवार गाविस-९ निवासी विस्थापित अञ्जनीकुमार स्वाँरको घर-परिवारका नाममा रहेको ४० बिघा जमिन ०६४ वैशाख १५ गते माओवादीका स्थानीय कार्यकर्ता अनिलकुमार चौधरीले जिल्ला र केन्द्रबाट फिर्ता गर्ने सम्बन्धमा कुनै जानकारी आएको छैन भनी गाविसस्तरीय सर्वदलीय बैठकमा फिर्ता गर्न मानेनन्। स्वारको परिवार हालसम्म घर फर्कन नसकी नेपालगञ्जमा बसेको छ। माओवादी जनयुद्धका समयमा कब्जा गरिएको उनको जमिन यस वर्षको अन्त्यसम्म फिर्ता भएको छैन।

वेलवा गाविस-३ का ६० वर्षीय विनयशमशेर राणाका चार दाजुभाइका नाममा सोही गाविस- १, ३ र ९ मा रहेको जग्गा र घर ०६४ जेठ २४ गते सोही ठाउँ निवासी माओवादी कार्यकर्ता २८ वर्षीय दत्ते थारू र २४ वर्षीय फुलाराम थारूको नेतृत्वमा ३०/४० जनाको समूहमा आएका मानिसहरूले कब्जा गरे। सो समूहले पीडितको खपडाको छानो भएको ठाँटी दुईतले घर, भान्साघर, धनसारलगायत घरका भाँडाकुडा, पलङ, कुर्सी टेबल, भान्साका सामान र घरका सम्पूर्ण काठ लुटेर लगे।

दौलतपुर गाविस-८ का २९ वर्षीय ब्रविमजङ्ग

राणाको घर-परिवारका नाममा रहेको १६ बिघा जमिन ०६४ जेठ २५ गते सोही ठाउँ निवासी बिफू चौधरी र दयाराम चौधरीको अगुवाइमा आएको समूहले राणाको किसानले बिउ राख्न लागेको बेला रोकी उनीहरू आफैँले बिउ राखी खेती लगाए। पीडितले कब्जा गरिएको जमिन फिर्ता गराई पाउँ भनी ०६४ असार २१ गते जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन। पीडितले यस वर्षको खेती लगाउन पाएनन्।

माओवादीबाट

गुलरिया नपा-९ निवासी सोमनाथ रेग्मीको घरमा भाडामा बसेको दुईतले पक्की १३ कोठाको मालपोत कार्यालय र आफ्नै भवनमा बसेको नेपाल विद्युत् प्राधिकरणको कार्यालयमा सानोश्रीको कपास विकास समितिको गोदाममा सशस्त्र प्रहरी बसेको विरुद्धमा ०६४ वैशाख २२ गते माओवादीको अगुवाइमा मुक्त कमैया सुकुम्वासीले आगो लगाए। आगलागीबाट मालपोत कार्यालयको २० लाख र विद्युत् कार्यालयको २३ लाख ७६ हजार ४ सय २२ रुपियाँ बराबरको क्षति भएको मालपोत र जिल्ला प्रहरी कार्यालय, बर्दियाले बताए। सो घटनाका कारण मालपोतमा २२ दिन र विद्युत् प्राधिकरणमा १० दिनसम्म काम भएन।

पदनाहा गाविस-३ स्थित साना किसान सहकारी संस्था लिमिटेडका सम्पूर्ण कागजात ०६४ वैशाख २७ गते माओवादीनिकट थारू राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताले कृषि विकास बैंकको कार्यालय भनी कार्यालयका लेटरप्याड, चेक, लेजर, सेयरधनी किताब सबै लगे। ०६४ जेठ २ गते बनियाभार गाविसवाट सम्पूर्ण कागजात फिर्ता गरे।

अन्यबाट

सोरहवा र मैनापोखर गाविसका १५ घर-परिवारका नाममा रहेको २ सय ५० बिघा जमिन ०६४ वैशाख २८ गते माओवादीको भ्रातृ सङ्गठन थारू राष्ट्रिय मुक्ति मोर्चाले झण्डा गाडी कब्जा गऱ्यो। जमिन कब्जा भएकाहरूमा सोरहवा गाविसका भोलाई खाँको २२ बिघा, मानसिंह श्रेष्ठको २० बिघा, तखियामान श्रेष्ठको १५ बिघा, शर्वमान श्रेष्ठको १० बिघा, बेगममैया श्रेष्ठको १० बिघा, विजयमान श्रेष्ठको ८० बिघा, वासुदेव शर्माको आठ बिघा, परमेश्वर बुताही कुर्मीको आठ बिघा, गयाप्रसाद कुर्मीको १२ बिघा, कृष्ण भण्डारीको दुई बिघा, रामजानकी मन्दिरको तीन बिघा, रामप्रसाद मिश्रको कित्ता नं. ६८०, ७६१ र ६७९ मा रहेको जग्गा, मैनापोखर गाविसकी पुष्पा राणाको १० बिघा, सोही गाविस-६ का गीता राणाको घर-बगैँचा र सोही गाविस-१ का वैकुण्ठशमशेरको घर-जग्गा रहेका छन्। माओवादीले कब्जा गरेको घोषणा गरे पनि जग्गाको भोगचलन पीडित पक्षले गरे।

विगतको अनुगमन

हत्या/गोली

राज्यबाट

धधबार गाविस-६ का ३४ वर्षीय बलीराम चौधरीलाई माओवादीको आरोपमा ०५८ असोज १६ गते राति बाँकेको चिसापानीबाट गएका नेपाली सेना र सशस्त्रको टोलीले सोही गाउँमा जङ्गली जनावर धपाउन निम्दान घरमा बसेका बेला गोली हानी हत्या गरे। घटनापछि लास सुरक्षाकर्मीले नै लगे। सोही दिन सुरक्षाकर्मीले त्यही ठाउँबाट आकृति चौधरी र रङ्गी चौधरीलाई गिरफ्तार गरेको थियो। गिरफ्तार दुवैलाई ०५८ असोज १७ गते बाँकेको चिसापानी सैनिक व्यारेकबाट रिहा गरियो।

बालअधिकार

मोतीपुर गाविस-३ की १७ वर्षीया एक बालिकालाई माओवादीले ०६३ असोज २८ गतेदेखि माओवादी सेनामा प्रयोग गर्दै आएका छन्। आफ्नै इच्छाले गएकी बालिका हाल माओवादीको पिली स्मृति ब्रिगेड, सुर्खेतमा कार्यरत छिन्। विद्यालयमा अध्ययनरत बालिका सेनामा गएका कारण उनको पठनपाठन अवरुद्ध भएको छ।

महिलाअधिकार

सानोश्री गाविस-२ की १६ वर्षीया मीना परियार सोही ठाउँकी १९ वर्षीय पुतली परियार, गुलरिया नपा-२ की ४१ वर्षीया भविसरा सुनार, सोही ठाउँकी ३० वर्षीया जुना परियार, सोही नपा-१ की २१ वर्षीय पार्वती चौधरीलाई विदेशमा राम्रो काम र तलब पाइन्छ भनी ०६३ असोज ६ गते सानोश्री गाविस-२ का ३२ वर्षीय शेरबहादुर विक र सोही ठाउँकी २१ वर्षीया शारदा वेगमले आफ्नै लगानीमा नागरिकता, पासपोर्ट र भिसा बनाई भारतको मुम्बई हुँदै कुवेत लगे। पीडित मीना परियारकी आमा राममाया परियारले ०६३ चैत ११ गते कुवेतमा अलपत्र परेकी छोरीलाई झिकाई दिन इन्सेकसमक्ष निवेदन दिएपछि इन्सेकको पहलमा मीना ०६४ जेठ ५ गते नेपाल फर्किइन्।

४.८ सुर्खेत



जनसङ्ख्या : ३,४१,७९९
साक्षरता प्रतिशत : ६८
महिला साक्षरता प्रतिशत : ५२
क्षेत्रफल (वर्ग कि. मि.): २,४५१
गाविस/नपा सङ्ख्या : ५०/१
सरकारी/निजी विद्यालय : ५२७/२३
क्याम्पस/उच्च मा.वि. : २/८
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मोटर सडक (कि. मि.): ३६०
प्रहरी कार्यालय सङ्ख्या : १४
मानव विकास सूचकाङ्क : ०.४८६
प्रतिपरिवार सरदर सङ्ख्या : ६

जेल र बन्दीहरू

'ग" श्रेणीको जिल्ला कारागार शाखा सुर्खेतको क्षमता २५ जना बन्दीको रहेको छ। यस कारागारमा कैद तोकिएका पुरुष १५ जना रहेका छन् भने कैद नतोकिएका पुरुष ४० र महिला चार गरी कैद तोकिएका र नतोकिएका बन्दीको सङ्ख्या ५९ रहेको छ। कारागारमा पानी, शौचालय, विद्युत्, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद तथा विद्यालय सामग्री उपलब्ध छन्। तर, क्षमताभन्दा दोब्बर कैदी तथा थुनुवाहरूलाई एकै स्थानमा कोचिएर राख्नुपर्दा, बन्दीहरू चिसो भुइँमा सुत्न बाध्य छन्। साथै, यसको सुधारका लागि पटकपटक माथिल्लो निकायमा पहल गर्दासमेत कुनै सुनुवाइ नभएको जेलर सहदेव खड्काको भनाइ छ।

कारागार शाखा सुर्खेतमा रहेका प्रताप पौडेलसहितका पाँच जना आस्थाका बन्दीहरूले यसवर्ष आफूहरूको मुद्दा फिर्ता लिई तत्काल रिहाइ गर्नुपर्ने माग राखी विरोध प्रदर्शन तथा कारागारको मूलद्वारमा ०६४ वैशाख ५ गते तालाबन्दीसमेत गरेका थिए।

बेपत्ता/अपहरण

माओवादीबाट

साटाखानी गाविस-५ का २५ वर्षीय लोकप्रसाद पौडेलले माओवादी जनमुक्ति सेना छाडेर भागेको आरोपमा ०६४ वैशाख ५ गते माओवादीले कल्याण गाविस-७ बाट अपहरण गरे। पौडेललाई माओवादीले कल्याण गाविसस्थित जित स्मृति ब्रिगेडमा बुझाए। सोही दिन जित स्मृति ब्रिगेडबाट भागेर भारत गएका पौडेल यो वर्षको अन्त्यसम्म घर फर्केका छैनन्।

गुमी गाविस-५ का ३९ वर्षीय टेकबहादुर घर्तीले सामुदायिक वनको काठ-दाउरा माओवादी सेनाले जथाभावी फाँडेको सूचना सञ्चारकर्मीलाई दिएको आरोपमा ०६४ वैशाख २९ गते उनलाई गुमी गाविसस्थित पिली स्मृति ब्रिगेडका जनमुक्ति सेनाले घरबाट अपहरण गरी सोही दिन ब्रिगेडबाट मुक्त गरे।

दहचौर गाविस-२ का २० वर्षीय इन्द्रबहादुर रोका मगरले सुराकी गरेको आरोपमा ०६४ असार २८ गते गुमी गाविसस्थित पिली स्मृति ब्रिगेडका जनमुक्ति सेनाले ब्रिगेडनजिकै क्याम्पबाट उनलाई अपहरण गरे। रोका १८ दिनपछि सोही क्याम्पबाट मुक्त भए। माओवादी सेनाको त्रासका कारण पीडितले कहीं उजुरी गरेनन्।

दशरथपुर गाविस-५ का १९ वर्षीय हरिबहादुर खत्रीले एक माओवादी सेनाकी पत्नीसँग अवैध सम्बन्ध राखेको आरोपमा माओवादीले ०६४ भदौ १० गते घरनजिकैबाट अपहरण गरे। खत्री २० दिनपछि दशरथपुर गाविसस्थित माओवादी सेनाको छैटौँ डिभिजन क्याम्पबाट मुक्त भए।

छिञ्चु गाविस-८ का २० वर्षीय गोपाल विक, २२ वर्षीय सुरज पुन र ३० वर्षीय नरेन्द्र विष्टले माओवादीविरुद्ध काम गरेको आरोपमा ०६४ असोज १५ गते माओवादीले उनलाई दशरथपुर गाविस-६ बाट अपहरण गरे। सबै जना सात दिनपछि दशरथपुर गाविसस्थित माओवादी सेनाको छैटौँ डिभिजन क्याम्पबाट मुक्त भए। पीडितले कहीं उजुरी गरेनन्।

लेखफर्सा गाविस-५ का २१ वर्षीय डिलबहादुर फौजाले सुराकी गरेको आरोपमा ०६४ कात्तिक १६ गते माओवादी सेनाले उनलाई घरबाटै अपहरण गरे। फौजा लेखफर्सा गाविसस्थित माओवादी सेनाको घोराही सतबरिया क्याम्पबाट सोही दिन मुक्त भए। पीडितले कहीं उजुरी गरेनन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
गिरफ्तारी/यातना									८	३१			३१
कुटपिट	३	३	१	४	१६	१६		१६	१०	११	३		१३
धम्की	३	३		३	३७	३६	४	४०	३	३			३
भेला/सङ्गठित हुने अधिकार					१	३		३	१		१	३३	३३
जातीय विभेद	३		३	३									
महिलाअधिकार	३		३	३									
बालअधिकार	५		६	६									
अमानवीय व्यवहार					१	१		१					
अपहरण	१	१		१	७	९		९					
जम्मा	१६	७	११	१८	६३	६५	४	६९	३३	३५	३	३३	६०

लेखफर्सा गाविस-६ का ३५ वर्षीय आनन्द गुरुङले सुराकी तथा माओवादीविरुद्ध लागेको आरोपमा ०६४ मङ्सिर २१ गते माओवादी सेनाले उनलाई घरबाटै अपहरण गरे। गुरुङ तीन दिनपछि लेखफर्सा गाविसस्थित माओवादी सेनाको घोराही सतबरिया क्याम्पबाट मुक्त भए। पीडितले कहीं उजुरी गरेनन्।

वाईसीएलबाट

रामघाट गाविस-६ निवासी एमाले कार्यकर्ता ५८ वर्षीय टीकाराम सुवेदीले एमालेको राजनीति गरेको आरोपमा ०६४ असार २४ गते वाईसीएलले उनलाई घरबाट अपहरण गरे। सुवेदी ०६४ असार २४ गते मैनतडा गाविसबाट स्थानीय शिक्षक झगबहादुर जीसीको रोहबरमा बिनासर्त मुक्त भए।

धम्की/कुटपिट

राज्यबाट

वीरेन्द्रनगर नपा-५ का यातायात मजदुरद्वय २७ वर्षीय पदम चुनारा र २६ वर्षीय शालिकराम सोनीले गाडी नरोकेको आरोपमा ०६३ चैत २० गते सशस्त्र प्रहरी निरीक्षक दर्शन गिरीले उनीहरूलाई वीरेन्द्रनगरमा कुटपिट गरे। पीडितले कहीं उजुरी गरेनन्।

वीरेन्द्रनगर नपा-६ निवासी ३५ वर्षीय व्यापारी हरि विष्टले सरकारी वकिल लक्ष्मीकान्त आचार्यले घूस मागेको प्रकरणबारे सार्वजनिक गर्दा ०६४ वैशाख ३१ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतका इन्स्पेक्टर नैनसिं कार्कीले आफ्नो पनि नाम जोडेको आरोपमा घाँटी छिनालेर बुलबुले तालमा फ्याँकिदिन्छु भनी धम्की दिए। सो घटनापछि स्थानीय राजनीतिक दल, मानवअधिकारकर्मी, पत्रकार र प्रशासनको रोहबरमा पीडकले माफी मागे।

बजेडीचौर गाविस-६ निवासी शिक्षक रुद्र केसीलाई प्रहरीले ०६४ जेठ ४ गते अस्थायी शिक्षकहरूलाई स्थायी गर्नुपर्ने माग राखी जिल्ला शिक्षा कार्यालय सुर्खेतमा ज्ञापनपत्र बुझाउन खोज्दा प्रहरीले कुटपिट गरे।

धारापानी गाविस-४ निवासी ४२ वर्षीय शिक्षक गङ्गाबहादुर वली माओवादी भएको आरोपमा ०६४ असार १ गते प्यूठान जिल्लामा कार्यरत नेपाली सेनाका जवान दुर्गबहादुर खड्काले उनलाई फोन गरी मार्ने धम्की दिए।

वीरेन्द्रनगर नपा-६ का ४० वर्षीय मुमताज अली, ४२ वर्षीय भुरे कबाडी र २७ वर्षीय असिप कबाडीले मासिक घूस नदिएको आरोपमा ०६४ साउन २७ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा कार्यरत घुमुवा असई जयबहादुर थापाले उनीहरूलाई घरमै कुटपिट गर्नुका साथै पेस्तोल देखाई मार्ने धम्की दिए। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि पीडकलाई प्रहरीले १५ दिन हिरासतमा राखी कारबाही गरेको थियो।

घुमखहरे गाविस-७ का एमाले कार्यकर्ता ५२ वर्षीय कुलबहादुर घर्तीले छिमेकीसँग विवाद गरेको आरोपमा ०६४ भदौ ५ गते प्रहरी चौकी घुमखहरेका प्रहरीले चौकीमा ल्याई एमाले र माओवादी भनेका एकै हुन् भन्दै चौकीमै घर्तीलाई कुटपिट गरे। पीडितले कहीं उजुरी गरेनन्।

रामघाट गाविस-७ निवासी एवम् जिल्ला प्रहरी कार्यालय सुर्खेतमा कार्यरत प्रहरी जवान प्रेमबहादुर बुढाले आदेश पालना नगरेको आरोपमा इन्स्पेक्टर योगेन्द्र खड्काले ०६४ भदौ ११ गते कार्यालयमै कुटपिट गर्नुका साथै पेस्तोल ताकेर बुढालाई उडाइदिने धम्की दिए। पीडितले कहीं उजुरी गरेनन्।

जिल्ला प्रहरी कार्यालय सुर्खेतमा कार्यरत प्रहरी जवान २२ वर्षीय सुरेन्द्र थापाले डिउटीमा जाने आदेश पालना नगरेको आरोपमा ०६४ असोज १८ गते जिप्रका सुर्खेतका सई दीपेन्द्र खत्री र असई जयबहादुर थापाले उनलाई कुटपिट गरे। लात्ती, मुक्का र लाठी प्रहारबाट सख्त घाइते भएका थापाको सुर्खेत अस्पतालमा उपचार भएको थियो। पीडितले क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दिए पनि कुनै कारबाही भएन।

माओवादीबाट

मैनतडा गाविस-१ घारीवनका ५७ वर्षीय शशीराम डाँगीले आफूबाट माओवादीले जरिवानास्वरूप लिएको ५० हजार रुपियाँ फिर्ता गर्न माग गरेको आरोपमा ०६३ पुस १८ गते माओवादीले उनलाई मैनतडा गाविसकै जरेघाटमा मार्ने धम्की दिए। स्थानीय माओवादीले यसरी लिएको रकम फिर्ता गर्न नसकिने बताए।

लाटीकोइली गाविस-१ चौकेढुङ्गाका ३२ वर्षीया खगीसरा खत्रीले जनमुक्ति सेना छाडेर आएका उनका १९ वर्षीय छोरा यामबहादुर खत्रीलाई भारत पठाएको आरोपमा ०६३ पुस २३ गते माओवादीले उनलाई घरमै धम्की दिए। पीडितका अनुसार, यामबहादुर खत्रीलाई माओवादीले ०६३ कात्तिक २९ गते माओवादी सेनामा भर्ना गर्न धुलियाबिटबाट अपहरण गरेका थिए। पीडित ०६३ पुस २० गते जनमुक्ति सेना छाडेर घरमा आएको लगत्तै भारत गएका थिए।

कुनाथरी गाविस-४ निवासी निवर्तमान गाविस अध्यक्ष ३६ वर्षीय ताराकेशर गौतम र ४० वर्षीय परशुराम कँडेलले माओवादीद्वारा घोषित पूर्वगाजस प्रमुख ४८ वर्षीय क्षेत्रबहादुर खड्काले सोही स्थानका एक महिलासँग अवैध यौन सम्बन्ध राखेकामा स्थानीय जनताले ०६३ पुस २७ गते कब्जामा लिई कारबाही गर्न खोज्दा दुवै जनालाई घरमा पेस्तोल छ भन्दै मार्ने धम्की दिए। पीडितले कहीं उजुरी गरेनन्।

लेखपराजुल गाविस-५ मोहतीका ४८ वर्षीय कर्णबहादुर बुढाले विस्थापितहरूलाई पुनःस्थापनाका लागि वार्ता गर्न खोज्दा ०६३ पुस २८ गते माओवादीले उनलाई वीरेन्द्रनगरमा जुनसुकै कारबाही गर्न सकिने धम्की दिए। सुराकीको आरोपमा माओवादीले ०५८ चैत २५ गते सर्वस्वहरण गरेपछि पीडित यस वर्षको अन्त्यसम्म वीरेन्द्रनगरमा बस्दै आएका छन्।

गुटु गाविस-८ निवासी नेविसङ्घ, सुर्खेतका कार्यसमिति सदस्य २५ वर्षीय भोजराज जोशीले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६३ पुस ३० गते उनलाई माओवादी कार्यकर्ता रतन विकसहितका तीन जनाले वीरेन्द्रनगर नपा-६ स्थित माओवादीको जिल्ला पार्टी कार्यालयअगाडि फलामको रडले टाउको र खुट्टामा कुटपिट गरे। जोशीको काठमाडौँमा उपचार गरियो।

साहारे गाविस-७ का ५६ वर्षीय लालबहादुर वलीले माओवादीको नीतिविरुद्ध मालपोत बुझाएको आरोपमा ०६३ माघ ५ गते सोही गाविसको कार्यलयमा मार्ने धम्की दिए। गाविस कार्यालय गाउँ फर्केको लगत्तै मालपोत असुलीमा अवरोध गर्दै आएका माओवादीले सो गाविसका जनतालाई मालपोत नतिर्न उर्दी जारी गरेका थिए।

रानीबास गाविस-३ निवासी एमाले कार्यकर्ता ४० वर्षीय नरबहादुर खड्काले एमालेमा आस्था राखेको आरोपमा ०६३ माघ ६ गते माओवादीका कार्यकर्ता यामराज भनिने खड्कबहादुर खड्कासहित १४ जनाको समूहले उनलाई गाउँमै कुटपिट गरी दाहिने खुट्टा भाँचिदिए। पीडितको सुर्खेत अस्पतालमा उपचार भयो। यस घटनाको विरोधमा एमाले सुर्खेतले प्रेस विज्ञप्ति जारी गरेको थियो।

मालारानी गाविस-९ का बुद्धिप्रसाद गैरेले मालपोत बुझाउन खोज्दा ०६३ माघ १६ गते माओवादीले गाविस भवनमा मालपोत नबुझाउन धम्की दिए। माओवादीको धम्कीका कारण मालपोत बुझाउन नपाएपछि सो गाविसका जनता कृषि विकास ब्याङ्कबाट कृषि ऋण लिन तथा आफ्नो घरजग्गा किनबेच गर्नबाट एक महिनासम्म वञ्चित भएका थिए। एक महिनापछि माओवादीले मालपोत बुझाउन फुकुवा गरेका थिए।

हरिहरपुर गाविस-६ निवासी एमालेबाट निर्वाचित गाविसका पूर्वअध्यक्ष दलबहादुर खड्काले

सुराकी गरेको आरोपमा ०६३ माघ १८ गते उनलाई माओवादीले वीरेन्द्रनगर नपा-६ स्थित खड्काकै घरमा आई राजनीति नगर्न र जबरजस्ती घर फर्कन धम्की दिए।

बिजौरा गाविस-९ का एमाले कार्यकर्ता धनीराम जैसीले एमालेको राजनीति गरेको आरोपमा ०६३ माघ २० गते उनलाई माओवादीले घरमा गई कुटपिट गरे। उनको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

दैलेख जिल्ला अवलपराजुल गाविस-१ चौखडाका ७२ वर्षीय जङ्गबहादुर उनलाई शाहीले 'राजा आऊ देश बचाऊ' भन्ने ब्यानर बोकेर गाउँ-सहर घुमेको आरोपमा ०६३ फागुन १२ गते माओवादीले लाटीकोइली गाविस-४ घुस्रामा कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए पनि पीडकलाई कुनै कारबाही भएन।

गुमी गाविस-२ शिवनगरमा जिल्ला प्रहरी कार्यालय, सुर्खेतबाट चौकी पुनःस्थापनाका लागि सई मानबहादुर चन्दको नेतृत्वमा गएको १० जनाको प्रहरी टोलीले पाँच किलोमिटरनजिक चौकी राख्न लागेको आरोपमा ०६३ फागुन १२ गते उनीहरूलाई माओवादी जनमुक्ति सेनाले चौकी तत्काल छाड्न धम्की दिए। धम्कीका कारण चौकी पुनःस्थापना हुन सकेको छैन।

वीरेन्द्रनगर नपा-२ निवासी ५६ वर्षीय झुप्रा बृहत् खानेपानी योजना, सुर्खेतका अध्यक्ष बालाराम शर्माले पुरानो सहमतिअनुसार ४ लाख चन्दा रकम नबुझाएको आरोपमा ०६३ फागुन १६ गते उनलाई माओवादीले खानेपानी योजना निर्माणकार्य तत्काल बन्द गर्न धम्की दिए। धम्कीका कारण योजना निर्माणकार्य आठ दिनसम्म बन्द भयो। माओवादीले यस्तो धम्की दिए पनि आठ दिनपछि काम सुरु भई हाल खानेपानी योजना सञ्चालनमा आइसकेको छ।

कञ्चनपुर जिल्ला दोधारा गाविस-८ का ३५ वर्षीया जानकी शर्माले पार्टीको बदनाम गर्न घरमा नफर्किएको आरोपमा ०६३ चैत ५ गते उनलाई माओवादीले वीरेन्द्रनगर नपा-६ मा धम्की दिए। पीडित ०६२ असार १ गतेदेखि विस्थापित भएका थिए। पीडितले कहीं उजुरी गरिनन् र यो वर्षको अन्त्यसम्म फर्किएका छैनन्।

मैनतडा गाविस-७ का १८ वर्षीय खीमबहादुर पुनले माओवादी सेना छाडेर घरमा आएको आरोपमा ०६३ चैत १२ गते उनलाई माओवादीले घरमै मार्ने धम्की दिए। धम्कीका कारण ०६३ चैत १३ गते भारत गएका पुन यस वर्षको अन्त्यसम्म घर फर्केका छैनन्।

दशरथपुर गाविस-५ का ३२ वर्षीय टेकबहादुर बोहराले डुङ्गा छिटो चलाउन नमानेको आरोपमा ०६४ वैशाख १४ गते उनलाई हिटलर भनिने माओवादी सेनाले रामघाट र दशरथपुर गाविस जोड्ने पुलनजिक हात र खुट्टाले कुटपिट गरे। हिटलरले खुकुरी प्रहार गर्न खोजेकामा गाउँलेले समाई माओवादीको छैटौं डिभिजन क्याम्प दशरथपुर बुझाए पनि यस वर्षको अन्त्यसम्म पीडकलाई कुनै कारबाही भएको छैन।

तरङ्गा गाविस-३ का ३९ वर्षीय नन्दबहादुर बुढाले ऐलानी जग्गामा घर बनाएको आरोपमा ०६३ वैशाख १८ गते उनलाई माओवादी जिल्ला सदस्य मणि थापाको नेतृत्वमा आएको समूहले घरमै भैंसी बान्ने किलाले शरीरमा नीलडाम हुने गरी कुटपिट गऱ्यो। माओवादीद्वारा घरमै नजरबन्दमा राखिएका बुढा वैशाख २१ गते राति भागेर वीरेन्द्रनगर आई उपचार गराए। पीडितले जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी गरे पनि कारबाही भएन।

तरङ्गा गाविस-३ निवासी ३६ वर्षीय शिक्षक धनबहादुर राजीले एमालेको राजनीति गरेको आरोपमा ०६४ वैशाख १७ गते उनलाई माओवादीले गाउँमै कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी गरे पनि कारबाही भएन।

तरङ्गा गाविस-३ का ३५ वर्षीय खड्कबहादुर बुढाले माओवादीद्वारा कुटपिट गरिएका उनका दाजु नन्दबहादुर बुढाको उपचारमा सहयोग गरेको आरोपमा ०६४ वैशाख २२ गते उनलाई माओवादीले वीरेन्द्रनगरमा टेलिफोन गरी मार्ने धम्की दिए।

वीरेन्द्रनगर नपा-६ का २२ वर्षीय व्यापारी अम्मर शर्मा अनेरास्ववियु (क्रान्तिकारी) को कोणसभालाई बिथोल्न आएको आरोपमा ०६४ जेठ १ गते उनलाई अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले कुटपिट गरे।

वीरेन्द्रनगर नपा-११ निवासी सुर्खेतका जिल्ला शिक्षा अधिकारी ४५ वर्षीय भक्त ढकालले आफ्ना मागप्रति बेवास्ता गरेको आरोपमा ०६४ जेठ ७ गते उनलाई माओवादीले कार्यालयमै जे पनि गर्न सकिने भनी धम्की दिए।

लेखफर्सा गाविस-६ का २८ वर्षीय गाविस मुखिया यामलाल पौडेललाई ०६४ जेठ १६ गते गाविस भवनका कागजात कब्जा गर्न गएका माओवादीले गाविस भवनमा कुटपिट गरे। सो घटनापछि गाविसको काम तीन दिनसम्म ठप्प भएको थियो।

रामघाट गाविस-५ निवासी मैनतडा गाविसका सचिव ४४ वर्षीय ललित वलीले गाविसको कामकाज

सञ्चालन गरेको आरोपमा ०६४ जेठ १८ गते उनलाई माओवादीले गाविस भवनमा गई तत्काल कामकाज सञ्चालन नगर्न धम्की दिए। सो घटनापछि गाविसको काम तीन दिनसम्म ठप्प भएको थियो।

गुमी गाविस-२ निवासी ५२ वर्षीय गाविस सचिव हर्षबहादुर थापाले गाविसको कामकाज सञ्चालन गरेको आरोपमा ०६४ जेठ २० गते उनलाई माओवादीले गाविस भवनमा गई तत्काल कामकाज बन्द गर्न धम्की दिए। धम्कीका कारण गाविसको कामकाज सात दिनसम्म बन्द भयो।

दशरथपुर गाविस-२ का ३५ वर्षीय झकबहादुर घर्तीले मदिरा सेवन गरी मात्तिएका माओवादी सेनाले आफ्नी पत्नी ३२ वर्षीया गौमती घर्ती र छिमेकी गङ्गा दमाईलाई कुटपिट गरेको घटनाको कारबाही नभएको भनी माओवादीको छैटौँ डिभिजन क्याम्प दशरथपुर क्याम्पको गेट तोडफोड गरेको आरोपमा ०६४ जेठ २५ गते उनलाई माओवादी छैटौँ डिभिजन मुख्यालयका सेनाले हातखुट्टाले कुटपिट गरी घाइते बनाए। तीन दिनसम्म मुख्यालयमा बाँधेर राखिएका घर्तीको इन्सेकको सहयोगमा सुर्खेत अस्पतालमा उपचार भयो।

तातापानी गाविस-६ निवासी सिर्जन माबि तातापानीका प्रधानाध्यापक ४६ वर्षीय बलबहादुर बोहराले आफ्नो विद्यालयका अपहरित विद्यार्थीहरूका बारेमा मानवअधिकारकर्मीलाई सूचना दिएको आरोपमा ०६४ असार २ गते उनलाई माओवादीले घरमा गई अबदेखि सूचना दिए राम्रो हुने छैन भनी धम्की दिए।

तातापानी गाविस-६ का ४० वर्षीया अमृता विकले अपहरणपछि जनमुक्ति सेनामा भर्ना गरिएका छोरा धर्मेन्द्र विकलाई छुटाउनका लागि इन्सेकसमक्ष निवेदन दिएको आरोपमा ०६४ असार ५ गते उनलाई माओवादीले घरमा गई अबका दिनमा छोरा घरमा फर्कन पाउँदैन भनी धम्की दिए। पीडितले कहीं उजुरी गरेनन्।

रानीबास गाविस-५ का २८ वर्षीय कर्णबहादुर खड्काले एमालेको राजनीति गरेको आरोपमा ०६४ असार १० गते उनलाई माओवादीले घरमै कुटपिट गरे। एमाले सुर्खेतले एक प्रेस विज्ञप्ति जारी गरी घटनाको विरोध जनाएको थियो।

तातापानी गाविस-६ का १६ वर्षीय नरेन्द्र विक (लामिछाने) ले माओवादी सेनाबाट भागेर आएको आरोपमा ०६४ असार १४ गते उनलाई माओवादी सेना घरमा आई जबरजस्ती लैजाने भनी धम्की दिए। सो धम्कीपछि भारत गएका विक यस वर्षको अन्त्यसम्म फर्केका छैनन्।

छिञ्चु गाविस-८ की २७ वर्षीया मित्रकला गुरुङले सुराकी गरेको आरोपमा ०६४ असार १८ गते माओवादीले घरमै यस्ता सुराकीलाई जे पनि गर्न सकिने भनी धम्की दिए। पीडितले इलाका प्रहरी कार्यालय छिञ्चुमा उजुरी दिए पनि पीडकलाई कारबाही भएन।

मैनतडा गाविस-५ का २४ वर्षीय रामबहादुर बुढाले सुराकी गरेको आरोपमा ०६४ असार ३१ गते उनलाई माओवादीले घरमै आई मार्ने धम्की दिए। पीडितले कहीं उजुरी गरेनन्।

तातापानी गाविस-७ का ४२ वर्षीय प्रवल विकले पिली स्मृति ब्रिगेड जनमुक्ति सेना गुमीमा कार्यरत नाबालक छोरा मीनबहादुर विकका बारेमा मानवअधिकारकर्मीलाई सूचना दिएको आरोपमा ०६४ भदौ ८ गते विकलाई माओवादीले घरमै मार्ने धम्की दिए। सो धम्कीपछि पनि विक घरमा बस्दै आएका छन्।

दशरथपुर गाविस-५ का ४६ वर्षीय गोपीलाल खत्री र इन्सेक सहजकर्ता लोकेन्द्र थापाले माओवादी सेनाको नियन्त्रणमा राखिएका खत्रीका छोरा हरिबहादुर खत्रीको स्थितिबारे बुझ्न खोज्दा ०६४ भदौ १५ गते उनीहरूलाई माओवादी सेनाको छैटौँ डिभिजन क्याम्प दशरथपुरका जनमुक्ति सेनाले दुवै जनालाई 'तपाईंहरू बढी नहुनुहोस् भनी धम्की दिए।

साहारे गाविस-६ का ४२ वर्षीय रत्नबहादुर खड्काले सुराकी गरेको आरोपमा ०६४ भदौ १८ गते उनलाई माओवादीले घरमै मार्ने धम्की दिए। पीडितले कहीं उजुरी गरेनन्।

बावियाचौर गाविस-६ का ५२ वर्षीय रामप्रसाद तिमिल्सिनाले पार्टीको अनुमतिबिना आफ्नो घरमा फर्केको आरोपमा ०६४ भदौ २० गते माओवादीले उनलाई घरमै मार्ने धम्की दिए। धम्कीपछि तिमिल्सिना वीरेन्द्रनगरमा बस्दै आएका छन्।

उत्तरगङ्गा गाविस-२ का २५ वर्षीय टीका सुनारले माओवादीमा संलग्न हुन इन्कार गरेको आरोपमा ०६४ भदौ २२ गते माओवादीले उनलाई घरमै गई कुटपिट गरे। पीडितको सुर्खेत अस्पतालमा उपचार भयो।

कुनाथरी गाविस-९ का ३८ वर्षीय मणिराज कार्कीले आफ्नो इजाजतबिना घर फर्किएको आरोपमा ०६४ भदौ २५ गते माओवादीले उनलाई तत्काल घर छोड्नुपर्ने धम्की दिए। धम्कीपछि पनि यस वर्षको अन्त्यसम्म कार्की वीरेन्द्रनगरमा बस्दै आएका छन्।

गढी गाविस-४ का ६० वर्षीय हरि हमालले सुराकी गरेको आरोपमा ०६४ भदौ ३० गते माओवादीले हातहतियारसहित घरमै आई मार्ने धम्की

दिए। सो धम्कीपछि हमाल वीरेन्द्रनगरमा बस्दै आएका छन्। ०५८ मङ्सिर महिनादेखि विस्थापित भई वीरेन्द्रनगर बस्दै आएका हमाल ०६३ भदौ २० गते घरमा फर्किएका थिए।

कुनाथरी गाविस-९ का ९२ वर्षीय ठड्कबहादुर कार्कीले सुराकी गरेको आरोपमा ०६४ असोज ५ गते माओवादीले उनलाई घरमै मार्ने धम्की दिए। पीडितले कहीं उजुरी गरेनन्।

छिञ्चु गाविस-८ का २४ वर्षीय टीकाराम विक र ३५ वर्षीय सुनील विकले आफ्नो पार्टीको नीतिविपरीत लागेको आरोपमा ०६४ असोज २५ गते माओवादीले दुवै जनालाई घरमै मार्ने धम्की दिए। पीडितहरूले इलाका प्रहरी कार्यालय, छिञ्चुमा उजुरी दिए पनि कारबाही भएको छैन।

वाईसीएलबाट

मेहेलकुना गाविस-५ निवासी एमाले कार्यकर्ता ५२ वर्षीय प्रताप पुनले वाईसीएलले युद्धकलासम्बन्धी तालिम सञ्चालन गरेको सूचना मानवअधिकारकर्मीलाई दिएको आरोपमा ०६४ वैशाख १९ गते माओवादीले घरमै मार्ने धम्की दिए।

लाटीकोइली गाविस-१ का २० वर्षीय गोपाल बुढाले पार्टीका विरुद्ध बोलेको आरोपमा ०६४ असोज २ गते वाईसीएलका कार्यकर्ताले उनलाई घरमै कुटपिट गरे। उनको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो। पीडितले कहीं उजुरी गरेनन्।

उत्तरगङ्गा गाविस-२ का ४० वर्षीय धनबहादुर सुनार र उनकी गर्भवती पत्नी ३६ वर्षीया पदमकला सुनारलाई माओवादीको सुराकी गरेको आरोपमा ०६४ असोज १९ गते वाईसीएलका कार्यकर्ताहरूले घरमै लाठी मुक्का प्रहार गरी कुटपिट गरे। दुवै जनाको सुर्खेत अस्पतालमा उपचार गरिएको थियो। पीडितले कहीं उजुरी गरेनन्।

उत्तरगङ्गा गाविस-२ का ५० वर्षीय बमबहादुर शाहीले सुराकी गरेको आरोपमा ०६४ असोज २२ गते वाईसीएलका कार्यकर्ताहरूले शाहीलाई घरमै मार्ने धम्की दिए। पीडितले कहीं उजुरी गरेनन्।

अन्यबाट

गुटु गाविस-२ का एमाले गाउँ कमिटी सचिव ४६ वर्षीय गजराज वयकले एमालेको राजनीति गरेको आरोपमा ०६३ पुस १८ गते उनलाई नेविसङ्घ समर्थित भोजराज जोशी र चन्द्र जोशीले घरमै कुटपिट गरे। सो क्रममा उनीहरूले गुटु बजारमा रहेको पुष्पलाल स्मृति प्रतीक्षालयसमेत तोडफोड गरेका थिए। सो घटनाको एमाले सुर्खेतले प्रेस विज्ञाप्ति जारी गरी विरोध जनायो।

गैरकानुनी गिरफ्तारी

उत्तरगङ्गा गाविस-८ का १६ वर्षीय प्रदीप चौधरी, १७ वर्षीय चन्द्रबहादुर चौधरी, २० वर्षीय कृष्ण चौधरी, १६ वर्षीय रमेश चौधरी, २० वर्षीय प्रेमलाल चौधरी र १८ वर्षीय वसन्त चौधरी र गढी गाविस-२ का २४ वर्षीय डम्बरबहादुर दर्लामीले सार्वजनिक स्थलमा खुकुरी देखाई सडक अवरोध गरेको आरोपमा ०६३ फागुन २८ गते उनीहरूलाई प्रहरीले गढी गाविस-४ बाट बिनापुर्जी गिरफ्तार गरे। पीडित सबै जना ०६३ चैत २ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतबाट रिहा भए।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

उत्तरगङ्गा गाविस-८ तातापानी निवासी पीडित प्रहरी परिवार सङ्घ, सुर्खेतका संयोजक ३५ वर्षीया रामकुमारी थापाले शान्तिपूर्ण विरोध प्रदर्शनको नेतृत्व गरेको आरोपमा ०६३ माघ १६ गते उनलाई प्रहरीले बिनापुर्जी गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट रिहा गरे। २२ जनाको सहभागिता रहेको उक्त विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी संयोजकलाई गिरफ्तार गरेको थियो।

लेखगाउँ गाविस-४ निवासी एमालेबाट निर्वाचित पूर्वगाविस अध्यक्ष ५२ वर्षीय बलबहादुर घर्ती, काङ्ग्रेस प्रजातान्त्रिकका ३६ वर्षीय प्रदीप जीसी, गाविस सचिव प्रेमबहादुर शाहीले गाउँ परिषद्को बैठकबारे आफ्नो पार्टीलाई खबर नगरेको आरोपमा ०६३ चैत २ गते उनीहरूलाई माओवादी कार्यकर्ता यामबहादुर मन्दिरले गाविसको कागजपत्र च्याती परिषद्मा अवरोध पुऱ्याए। अवरुद्ध गाउँ परिषद्को बैठक भोलिपल्ट सम्पन्न भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन अदालत र जिल्ला अदालत गरी दुई ओटा अदालत रहेका छन्।

पुनरावेदन अदालतअन्तर्गत दुनियाँवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएको दुई थान मुद्दामा दुवै मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १० थान मुद्दामध्ये कुनै पनि फर्स्यौट भएनन्।

यसैगरी सरकारवादी फौजदारी मुद्दामा गतवर्षको जिम्मेवारी सरेर आएका ९ थान मुद्दामध्ये चार थान मुद्दा फर्स्यौट भए भने यसवर्ष दर्ता हुन भएका १९ थान मुद्दामा कुनै पनि मुद्दा फर्स्यौट भएनन्।

फौजदारी दुनियाँवादीमा गतवर्षको जिम्मेवारी सरेर आएका २ थान मुद्दामध्ये एउटा फर्स्यौट भयो भने

यस वर्ष दर्ता भएका तीन थान मुद्दामा कुनै पनि मुद्दा फर्यौट भएनन् ।

यसवर्ष दर्ता भएको बन्दी प्रत्यक्षीकरण एक थान मुद्दा फर्स्यौट भयो भने यसवर्ष दर्ता भएको एक थान परमादेश मुद्दा फर्स्यौट भएन । पुनरावेदन अदालत तर्फ यस वर्षको अन्त्यसम्म जम्मा ३९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे ।

जिल्ला अदालत तर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १ सय २१ थान देवानी दुनियाँवादी मुद्दामध्ये १५ थान मुद्दा फर्स्यौट भए भने यसवर्ष दर्ता भएका ३४ थान मुद्दामा कुनै पनि मुद्दा फर्स्यौट भएनन् । यसैगरी, फौजदारी सरकारवादी तर्फ गतवर्षको जिम्मेवारी सरेर आएको ७७ थान मुद्दामध्ये १४ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता हुन आएका ३१ थान मुद्दामा कुनै पनि मुद्दा फर्स्यौट भएनन्।

फौजदारी दुनियाँवादी तर्फ गतवर्षको जिम्मेवारी सरेर आएको ६५ थान मुद्दामध्ये १६ थान मुद्दा फर्स्यौट भए भने यसवर्ष दर्ता हुन आएका १८ थान मुद्दामा कुनै पनि मुद्दा फर्स्यौट भएनन्।

यसैगरी, फौजदारी सङ्क्षिप्त तर्फ गतवर्षको जिम्मेवारी सरेर आएका पाँच थान मुद्दा मध्ये तीन थान फर्स्यौट भए भने यसवर्ष दर्ता भएका १० थान मध्ये तीन थान मुद्दा फर्स्यौट।

देवानी सङ्क्षिप्त तर्फ गतवर्षको जिम्मेवारी सरेर आएका दुई थान मुद्दामा दुवै मुद्दा फर्स्यौट भए । यसैगरी, फौजदारी विशेषमा गतवर्षको जिम्मेवारी सरेर आएका सात थान मुद्दामध्ये तीन थान फर्स्यौट भए भने यसवर्ष दर्ता भएका चार थानमध्ये एउटा मुद्दा मात्र फर्स्यौट भयो। यसरी यो वर्षको अन्त्यसम्ममा जम्मा ३ सय १७ थान मुद्दा बाँकी रहे। तीमध्ये पाँच वर्ष नाघेका मुद्दा जम्मा ८३ थान छन्।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

राज्यबाट

उत्तरगङ्गा गाविस-९ का १५ वर्षीय सुरज कार्कीले छिमेकीसँग झगडा गरेको आरोपमा ०६३ चैत ८ गते उनलाई प्रहरीले घरबाट गिरफ्तार गरी हिरासतमा लाठी-बुटले शरीरमा नीलडाम हुने गरी कुटपिट गरे। कार्कीको स्थानीय नर्सिङ् होम सुर्खेतमा उपचार भयो।

वीरेन्द्रनगर नपा-६ का २५ वर्षीय यातायात मजदुर जमीर बक्सले गाडी नरोकेको आरोपमा ०६३ चैत १७ उनलाई प्रहरीले लात्तीमुक्काले घाइते हुने गरी कुटपिट गरे। घाइतेको सुर्खेत अस्पतालमा उपचार भयो। पीडितले कहीं उजुरी गरेनन्।

उत्तरगङ्गा गाविस-८ निवासी पूर्वअसई ४० वर्षीय ऐनबहादुर बुढा, वीरेन्द्रनगर नपा-१ का ४० वर्षीय दिलबहादुर खड्का र भारत, बहराइचका ३६ वर्षीय राजा खानले अफिम ओसारपसार गर्ने गरेको आरोपमा ०६४ वैशाख १२ गते उनीहरूलाई प्रहरीले जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा लाठी र बुटले शरीरमा नीलडाम हुने गरी कुटपिट गरे। तीनै जनालाई प्रहरीले ०६३ चैत ३० गते वीरेन्द्रनगर नपा-६ बाट गिरफ्तार गरेको थियो। सबै जनाको सुर्खेत अस्पतालमा उपचार गरियो।

दैलेख जिल्ला नारायण नपा-८ निवासी ३८ वर्षीय शिक्षक रामबहादुर कार्की र बावियाचौर गाविस-६ का ३२ वर्षीय मानबहादुर शाहीले दुई बालिकालाई बेच्न लैजान खोजेको आरोपमा ०६४ वैशाख २५ गते उनलाई प्रहरीले कुनाथरी गाविस-९ बाट बिनापुर्जी गिरफ्तार गरे। अनुसन्धानका क्रममा प्रहरीले दुवैलाई आँखा र शरीरमा नीलडाम हुने गरी कुटपिट गरे। दुवै जना ०६४ जेठ २८ गते जिल्ला अदालत सुर्खेतको आदेशमा धरौटीमा रिहा भए।

जुबिथा गाविस-५ कालीकोटका २६ वर्षीय कुलबहादुर शाहीले गुण्डागर्दी गरेको आरोपमा ०६४ साउन १७ गते प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी हिरासतमा लात्तीमुक्का प्रहार गरेर यातना दिए। पीडित दुई दिनपछि जिप्रका सुर्खेतबाट रिहा भए।

वीरेन्द्रनगर नपा-६ का २७ वर्षीय हरिलाल विक, २५ वर्षीय भीमबहादुर विक, २४ वर्षीय सुनील विक, २६ वर्षीय प्रेम रामदाम र १८ वर्षीय राजकुमार विकले एक युवतीलाई बलात्कार गरेको आरोपमा ०६४ साउन २४ गते उनलाई प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी हिरासतमा लात्तीमुक्का प्रहार गरेर यातना दिए। पीडितहरू हाल कारागार शाखा, सुर्खेतमा बन्दी जीवन बिताइ रहेका छन्।

साटाखानी गाविस-५ का १९ वर्षीय कमल ढकालले वीरेन्द्रनगर नपा-६ का विकास श्रेष्ठका हत्याराहरूलाई भगाउन सहयोग गरेको आरोपमा प्रहरीले ०६४ मङ्सिर ६ गते घरबाटै गिरफ्तार गरी उनलाई लाठीमुक्का प्रहार गरी यातना दिए। ढकाल तीन दिनपछि जिल्ला प्रहरी कार्यालय, सुर्खेतबाट रिहा भए।

बालअधिकार

राज्यबाट

वीरेन्द्रनगर नपा-३ का १५ वर्षीय पदम हमालले सार्वजनिक रूपमा हतियार देखाएको आरोपमा

प्रहरीले ०६४ साउन १५ गते गिरफ्तार गरी उनलाई गैरकानुनी रूपमा तीन दिनसम्म थुनामा राखे। जिल्ला अदालत सुर्खेतले नाबालकलाई रिहा गर्न आदेश दिए पनि प्रहरीले आफूलाई तीन दिनसम्म गैरकानुनी रूपमा थुनामा राखेको पीडितको भनाइ छ।

वीरेन्द्रनगर नपा-६ का १५ वर्षीय रमेश गिरीले चोरी गरेको आरोपमा प्रहरीले ०६४ साउन २१ गते घरबाटै गिरफ्तार गरी उनलाई लाठी-मुक्का प्रहार गरी कुटपिट गरे। गिरी इन्सेक प्रतिनिधि दुर्गा थापा र विष्णु पोखरेलको रोहवरमा दुई दिनपछि जिल्ला प्रहरी कार्यालय, सुर्खेतबाट रिहा भए।

माओवादीबाट

गुमी गाविस-२ शिवनगर निवासी माओवादीका पूर्वसेना १५ वर्षीया निर्मला सार्कीले माओवादी सेना छाडेको आरोपमा ०६३ चैत १२ गते उनलाई माओवादी सेनाले घरमै मार्ने धम्की दिए। इन्सेकको पहलमा उद्दार गरी वीरेन्द्रनगर ल्याइएकी निर्मला हाल आवाज संस्थाको संरक्षणमा छिन्।

गुमी गाविस-४ कृष्णनगरका १७ वर्षीय पूर्वमाओवादी सेना श्रवण गुरुङले जनमुक्ति सेनामा नफर्किएको आरोपमा ०६४ असार २ गते माओवादी सेनाले उनलाई घरमै मार्ने धम्की दिए।

साटाखानी गाविस-४ का १७ वर्षीय पूर्वमाओवादी सेना सोमबहादुर टमटाले माओवादी सेनामा नफर्किएको आरोपमा ०६४ असार २० गते माओवादी सेनाले उनलाई घरमै गई मार्ने धम्की दिए। सो घटनापछि टमटा वीरेन्द्रनगरमा बस्दै आएका छन्।

रामघाट गाविस-७ का १५ वर्षीय पूर्वजनमुक्ति सेना कर्णबहादुर राना माओवादी सेनामा नफर्किएको आरोपमा ०६४ साउन २३ गते माओवादीले उनलाई घरमै मार्ने धम्की दिए। सो धम्कीपछि भारत गएका राना हालसम्म फर्केका छैनन्।

अन्यबाट

रामघाट गाविस-८ की १५ वर्षीया एक बालिकालाई जर्बुटा गाविस-१ का २६ वर्षीय नेपाली सेनाका जवान रामनारायण भट्टराई र लाटीकोइली गाविस-१ का २४ वर्षीय यादव थापाले ०६४ साउन ३ गते लाटीकोइली गाविस-१, भेरी पुलनजिकको जङ्गलमा बलात्कार गरे। आरोपी सैनिक जवान हाल कारागारमा बन्दी जीवन बिताइरहेका छन् भने थापा सो घटनापछि फरार रहेका छन्।

डाँडाखाली गाविस-५ का १५ वर्षीया एक बालिकालाई वीरेन्द्रनगर नपा-६ का २४ वर्षीय सुनील विक, २५ वर्षीय भीमबहादुर विक, १८ वर्षीय राजकुमार विक, २६ वर्षीय प्रेम रामदाम र २७ वर्षीय हरिलाल विकले ०६४ साउन १९ गते वीरेन्द्रनगरकै एक होटलमा सामूहिक रूपमा बलात्कार गरे। पीडकहरू सबै जना हाल बन्दी जीवन बिताइरहेका छन्।

सालकोट गाविस-६ की ११ वर्षीया बालिकालाई आफ्नै बुबा ३१ वर्षीय खुमबहादुर विकले घरमा कोही नभएको मौका छोपी ०६४ पुस १३ गते घरमै बलात्कार गरे। विक हाल प्रहरी हिरासतमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

वीरेन्द्रनगर नपा-६ का ४६ वर्षीया नैना विश्वकर्मालाई सोही स्थानका रिठे टमटाले बोक्सीको आरोपमा ०६३ फागुन २० गते त 'बोक्सीलाई मारिदिन्छु' भनी अपमानजनक व्यवहार गरे। टमटाले नैनालाई ज्यान मार्ने धम्की पनि दिएका थिए। यसबारेमा पीडितले हालसम्म कहीं उजुरी गरेकी छैनन्।

सबै प्रकारका जातीय विभेद

वीरेन्द्रनगर नपा-४ भैरवस्थानका २२ वर्षीया तुलसी शर्माले कथित तल्लो जाति (सार्की) सँग विवाह गरेको भनी शर्माका बुबा रामप्रसाद शर्माले ०६३ चैत २५ गते घरमा गई फर्केर पनि माइतीघरमा नआउन धम्की दिए। उनी यो वर्षको अन्त्यसम्म माइतीघर गएकी छैनन्।

लेखफर्सा गाविस-६ निवासी शिक्षिका २२ वर्षीया पार्वती रसाइलीलाई कथित तल्लो जाति भएको भनी ०६४ वैशाख २० गते घुमखहरे गाविस-३ निवासी नेराप्राविका प्रधानाध्यापक वीरबहादुर खत्रीले तल्लो जातकाले गाउँमा डेरा पाइँदैन भनी अपमानजनक व्यवहार गरे। सो घटनापछि खत्रीलाई जिल्ला शिक्षा कार्यालय सुर्खेतले ०६४ जेठ ३ गते ५ सय जरिवानासहित एक वर्षका लागि प्रअबाट घटुवा गऱ्यो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

यस जिल्लामा ५८ हजारभन्दा बढी भूमिहीन छन्। सुकुम्वासी समस्या समाधान सङ्घर्ष समिति, सुर्खेत र माओवादीनिकट अखिल नेपाल सुकुम्वासी सङ्घर्ष समितिले पटकपटक जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाए पनि सुनुवाइ भएन्। यसवर्ष अपाङ्ग, विधवा, वृद्ध र अशक्त भत्ता वितरणमा कुनै अवरोध आएन।

विस्थापित

यस जिल्लामा दैलेखका ८२, जाजरकोटका ३४, कालीकोटका आठ, हुम्लाका दुई, मुगुका एक र सुर्खेतका छ घरपरिवारको गरी १ सय ३३ घरपरिवारका ६ सय ६५ जनाले विस्थापित जीवन बिताइरहेकामा इन्सेकको पहल तथा सेभ द चिल्ड्रेन यूएस र यूएस एडको सहयोगमा जाजरकोट जिल्लाका १५ घरपरिवारका ९९ जना र दैलेख जिल्लाका ३१ घरपरिवारका १ सय ४५ जना गरी २ सय ४४ जना ०६४ पुस १५ गते पुनःस्थापना गरिए।

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

वाईसीएलबाट

वीरेन्द्रनगर नपा-६ का चन्द्र प्याकुरेलले सडक मिचेर घर बनाएको आरोपमा ०६४ असोज १६ गते वाईसीएलका कार्यकर्ताहरूले प्याकुरेलको घर-टहरा ध्वस्त पारे। सर्वोच्च अदालतले दिएको परमादेश आदेशविपरीत वाईसीएलका कार्यकर्ताले घर-टहरा ध्वस्त बनाउँदा २ लाख ५० हजारबराबरको क्षति भएको पीडितको भनाइ छ।

विगतको अनुगमन

धम्की/कुटपिट

माओवादीबाट

दशरथपुर गाविस-५ दशरथपुरका ४८ वर्षीय नन्दलाल चपाईं, ४० वर्षीय डिलबहादुर रावत र ५२ वर्षीय आनन्दलाल ज्ञवालीले माओवादी क्याम्पमा रहेका जनमुक्ति सेनाले गरेको गल्ती-कमजोरीका बारेमा मानवअधिकारकर्मीलाई सूचना दिएको आरोपमा ०६३ पुस ५ गते उनीहरूलाई माओवादी छैटौं डिभिजन क्याम्प दशरथपुरका सेनाले क्याम्पमा बोलाई जे पनि गर्न सकिने धम्की दिए।

दशरथपुर गाविस-३ निवासी शिक्षक ४२ वर्षीय पूर्णप्रसाद सापकोटाले माआवादीको अनुमतिबिना गाउँमा कार्यक्रम गरेको आरोपमा ०६३ पुस ११ गते उनलाई सोही स्थानका माओवादी कार्यकर्ता केदार भुसालले कुनै पनि कार्यक्रम गर्न नपाइने भनी कुटपिट गरे।

गढी गाविस-४ निवासी व्यापारी ३९ वर्षीय अभयराज शाहीले माओवादीबाट जरिवानास्वरूप लिएको रकम फिर्ता गर्न माग गरेका कारण ०६३ पुस १५ गते उनलाई माओवादीले घरमै जे पनि गर्न सकिने भनी धम्की दिए। सुराकीको आरोपमा माओवादीले शाहीबाट ०५९ मङ्सिर ६ गते ५० हजार नगद लिनुका साथै कुटपिटसमेत गरेका थिए।

बेपत्ता/अपहरण

खानीखोला गाविस-७ पसनाउलाका २३ वर्षीय यानबहादुर खत्रीले सुराकी गरेको आरोपमा ०५६ वैशाख १५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितका बुबा टङ्कबहादुर खत्रीका अनुसार माओवादीले यो वर्षको अन्तसम्म उनको स्थिति सार्वजनिक गरेको छैन।

लेखपराजुल गाविस-१ मनमकाँडाका २९ वर्षीय मानबहादुर खड्काले सुराकी गरेको आरोपमा ०६२ कात्तिक १७ गते माओवादीले उनलाई घरबाटै कुटपिट गर्दै अपहरण गरे। पीडितकी पत्नी चन्द्रकला खड्काका अनुसार, माओवादीले यो वर्षको अन्तसम्म उनको स्थिति सार्वजनिक गरेको छैन।

४.९ जाजरकोट



जनसङ्ख्या : १,५१,५५१
साक्षरता प्रतिशत : ४४
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.): २,२३०
गाविस/नपा सङ्ख्या : ३०/०
सरकारी/निजी विद्यालय : ३४७/७
क्याम्पस/उच्च मा.वि. : १/४
अस्पताल/स्वास्थ्य चौकी : २/३३
मोटर सडक (कि. मि.): २२
प्रहरी कार्यालय सङ्ख्या : १४
मानव विकास सूचकाङ्क : ०.३४३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

जेल र बन्दीहरू

'घ' श्रेणीको जाजरकोट जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। सो कारागारमा कैद तोकिएका एक जना पुरुष कैदी तथा कैद नतोकिएका तीन पुरुष र दुई महिला गरी जम्मा छ जना बन्दी रहेका छन्। जेलमा विद्युत्, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्री आदिको अभाव रहेको छ।

बेपत्ता/अपहरण

माओवादीबाट

पजारु गाविस-३ निवासी एवम् शान्ति प्राबि राजीकोट व्यवस्थापन समितिका सदस्य २४ वर्षीय सार्की बस्नेत र सोही विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बुढाले अनुमतिबिना विद्यालय भवन निर्माण गरेको आरोपमा ०६३ फागुन १६ गते उनीहरूलाई माओवादीले घरबाट अपहरण गरे। पीडितहरू फागुन १९ गते बिनाकुनै सर्त सोही गाउँबाट स्थानीय गाउँलेको रोहबरमा मुक्त भए।

वाईसीएलबाट

खलङ्गा गाविस-८ पीपेका ४२ वर्षीय वीरबहादुर रानाले गाउँमा चोरी गरेको आरोपमा ०६४ भदौ २ गते राति घरमा सुतिरहेको अवस्थामा चार-पाँच जनाको सङ्ख्यामा आएका वाईसीएल कार्यकर्ताले अपहरण गरी यातना दिए। पीडितलाई खुट्टामा लठ्ठीले पेल्ने, भेरी नदीमा चोपल्ने र लाठीले शरीरभरि जथाभावी हिर्काइ यातना दिएका थिए। अपहरण गरेको घटना सार्वजनिक नगर्ने सर्तमा भदौ ४ गते दिउँसो खलङ्गा गाविस-८ पीपेखोलाबाट पीडितलाई मुक्त गरे।

खलङ्गा गाविस-८ पीपेका ३५ वर्षीया अभि रानालाई उनका पतिले गाउँमा चोरी गरेको आरोपमा ०६४ भदौ ३ गते दिउँसो वाईसीएलले अपहरण गरी तीन घण्टासम्म नियन्त्रणमा लिई सोही दिन दिउँसो सोही ठाउँबाट मुक्त गरे।

खलङ्गा गाविस-९ रावत गाउँका २४ वर्षीय प्रयास नेपालीले स्थानीय मेलामा मदिरा सेवन गरी होहल्ला गरेको आरोपमा ०६४ मङ्सिर ५ गते १०/१५ जनाको सङ्ख्यामा गएका वाईसीएलका कार्यकर्ताले पुन्मा गाविस-३ मटेलाबाट अपहरण गरी रुकुम जिल्लाको विजेश्वरी गाविसतर्फ लगेका थिए। पीडितलाई मदिरा सेवन नगर्ने सर्तमा मङ्सिर ६ गते रुकुम जिल्लाको विजेश्वरी गाविसबाटै मुक्त गरे।

धम्की/कुटपिट

राज्यबाट

वाईसीएलद्वारा अपहरण गरी कुटपिट गरिएका वीरबहादुर राना

खलङ्गा गाविस-२ थाप्लेका २८ वर्षीय गोपी शाही, सोही गाविस-२ ठाटीका ५८ वर्षीय मोहन केसी, ६१ वर्षीय डिलाराम पुन, आठ वर्षीय राजु नेपाली, १६ वर्षीया प्रतिमा पुन, २८ वर्षीय कर्ण केसीलगायत १५ जना स्थानीय गाउँलेहरूलाई ०६४ कात्तिक ४ गते खलङ्गा गाविस-२ ठाटीमा स्थापना गरिएको सशस्त्र प्रहरी जिल्ला निर्वाचन सुरक्षा बेस क्याम्पमा कार्यरत प्रहरीहरूले मदिरा सेवन गरी स्थानीय महिलालाई अभद्र व्यवहार गरेपछि गाउँलेसँग विवाद हुँदा डीएसपी झिल्कबहादुर श्रेष्ठको नेतृत्वमा गएको सशस्त्र प्रहरी गस्ती टोलीले कुटपिट गऱ्यो। ०६४ कात्तिक ५ गते बिहान स्थानीय गाउँलेले पीडकलाई कारबाहीको माग गरेपछि पीडक प्रहरीलाई २४ घण्टाभित्र सशस्त्र प्रहरी केन्द्रीय कार्यालय, काठमाडौँमा उपस्थित हुनुपर्ने आदेश दिइएको थियो।

माओवादीबाट

सक्ला गाविस-४ सुवाकोटका ४५ वर्षीय वेदबहादुर थापाले माओवादीको समर्थन नगरेको आरोपमा ०६४ वैशाख ९ देखि २४ गतेसम्म माओवादीले उनलाई घर कब्जामा राखे। पीडितले वैशाख २४ गते स्वयम् कब्जा तोडी उम्कन सफल भए। हाल उनी घरमै रहेका छन्।

वाईसीएलबाट

अर्छानी गाविस-४ भेटुखानास्थित भगवती प्रस्तावित माविमा कार्यरत शिक्षक हरिचन्द्र बस्नेत, महेन्द्र बस्नेत, नवराज भण्डारी, पर्शुराम गिरी र सोही विद्यालयका छात्र कर्णबहादुर बस्नेत, कृष्णबहादुर जैसी, विष्णु बस्नेत, कृष्णबहादुर बस्नेत, विश्व बस्नेतले

प्रहरी गस्ती टोलीद्वारा कुटपिट गरी घाइते बनाइएका प्रतिमा पुन र राजु नेपाली

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	१	१	१		३									
गिरफ्तारी/यातना										१	१			१
कुटपिट	३	११			११					१	६	१	८	१५
धम्की	१			१	१	३	१	१	३					
महिलाअधिकार	४		५		५									
बालअधिकार	३		३		३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						१		१	१					
अपहरण	३	३	१		३	३	३		३					
जम्मा	१४	१४	९	१	३४	५	३	३	५	३	७	१	८	१६

विद्यालयमा निर्धारित समयभन्दा बढी समयसम्म कार्यक्रम गर्न नदिएको आरोपमा ०६४ पुस ८ गते दिउँसो वाईसीएल कार्यकर्ताहरूले विद्यालय परिसरभित्र कुटपिट गरी घाइते बनाए। अनेरास्ववीयु (क्रान्तिकारी) ले विद्यालय समयमा आमसभा गर्न मागेको समयभन्दा बढी समय लगाएकाले सोही विषयमा शिक्षक र वाईसीएलबीच विवाद भएपछि वाईसीएलका कार्यकर्ताले शिक्षक र विद्यार्थीलाई कुटपिट गरे। उक्त दिन साँझ शिक्षक हरिचन्द्र बस्नेतको नेतृत्वमा गएका गाउँलेले अनेरास्ववियु (क्रान्तिकारी) का सदस्य जीवन शाहीलाई नियन्त्रणमा लिई ०६४ पुस ९ गते प्रहरीलाई बुझाए।

अन्यबाट

खलङ्गा गाविस-२ ठाटीमा रहेको सशस्त्र प्रहरी जिल्ला निर्वाचन सुरक्षा बेस क्याम्पका प्रहरीहरूले ०६४ कात्तिक ४ गते राति स्थानीय बासिन्दामाथि गरेको ज्यादतीका विरुद्ध ०६४ कात्तिक ५ गते बिहान स्थानीयवासीले विरोध गरेपछि उत्तेजित भीडले ढुङ्गामुढा गर्दा सुरक्षार्थ खटिएका जिल्ला प्रहरी कार्यालय, जाजरकोटमा कार्यरत इन्स्पेक्टर रामकुमार दानी घाइते भए। पीडितको जिल्ला अस्पताल, जाजरकोटमा उपचार भयो।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्लाको सदरमुकाम खलङ्गामा रहेको राष्ट्रिय जनशक्ति पार्टीको कार्यालय ०६३ चैत ७ गते अपरान्ह जिल्लास्थित अनेरास्ववियु, नेविसङ्घ, अनेरास्ववियु (क्रान्तिकारी) र नेविसङ्घ (प्रजातान्त्रिक) का विद्यार्थीहरूले कब्जामा लिई साइनबोर्ड, झण्डा र आवश्यक कागजपत्रहरू जलाई दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका ११ थान मुद्दामध्ये चार थान मुद्दा फर्स्यौट भए। यसैगरी, सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका तीन थान मुद्दामा दुईटा मुद्दा फर्स्यौट भए। देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ११ थान मुद्दामा चार थान फर्स्यौट भए। जिल्ला अदालतमा यस वर्ष कुनै पनि नयाँ मुद्दा दर्ता भएनन्। यस वर्षको अन्त्यसम्ममा जम्मा १५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

खलङ्गा गाविस-२ स्याँला बस्ने २८ वर्षीय वीरबहादुर कामीले ०६३ पुस १९ गते राति खलङ्गा गाविस-२ थाप्लेकी नौ वर्षीया एक बालिकालाई ललाइफकाई बलात्कार गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि पीडकलाई प्रहरीले ०६३ पुस २० गते गिरफ्तार गरी पुर्पक्षका लागि ०६३ पुस २६ गते कारागार चलान गरिएको छ।

शैक्षिक गणतान्त्रिक मञ्चले विभिन्न माग राख्दै गरेको देशव्यापी विरोध कार्यक्रमका कारण ०६४ जेठ ३ देखि ११ गतेसम्म जिल्लाभरिका विद्यालय बन्द भयो। बन्दबाट १० हजारभन्दा बढी विद्यार्थी प्रभावित भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

भगवती गाविस-६ घर भई डोल्पा जिल्ला हुलाक कार्यालयमा कार्यरत हुलाकी पृथ्वीबहादुर शाहीले सोही गाविस-३ की एक महिलालाई ०६३ चैत ९ गते

राति बलात्कार गरे। पीडितले स्थानीय प्रहरी चौकीमा उजुरी गरिन्। तर, पीडकलाई कुनै कारबाही भए।

पारिवारिक हिंसा

खलङ्गा गाविस-२ सिमलगैरीका ४५ वर्षीय लीलाबहादुर दमाईले आफ्नै पत्नी ३२ वर्षीया भगवती दमाईलाई ०६३ माघ १७ गते राति सुतिरहेको समयमा टाउकोमा धारीलो बञ्चरो प्रहार गरी गम्भीर घाइते बनाए। घाइतेको उपचार नेपालगञ्जमा भयो।

खलङ्गा गाविस-२ स्याँलाका ४२ वर्षीय शिक्षक पदम सुनारले घरमा पत्नी हुँदाहुँदै ०६४ वैशाख १७ गते अर्को विवाह गरे। पीडित पक्षले ०६४ जेठ २४ गते उजुरी दिएकामा पीडक ४० हजार धरौटीमा जिल्ला अदालत, जाजरकोटबाट रिहा भए।

४.१० दैलेख



जनसङ्ख्या : २,५५,८५८
साक्षरता प्रतिशत : ५४
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,५०२
गाविस/नपा सङ्ख्या : ५५/१
सरकारी/निजी विद्यालय : ३५१/१३
क्याम्पस/उच्च मा.वि. : २/६
अस्पताल/स्वास्थ्य चौकी : १/६२
मोटर सडक (कि. मि.) : ६८
प्रहरी कार्यालय सङ्ख्या : ११
मानव विकास सूचकाङ्क : ०.३८१
प्रतिपरिवार सरदर सङ्ख्या : ५

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

सात्तला गाविस-८ मानकोटका १८ वर्षीय भानु आचार्य बेवारिसे बम विस्फोटमा परी ०६३ फागुन २ गते घाइते भए। घरको माथिल्लो तलामा करिब एक वर्षअघि माओवादीका जनसेना बस्ने गरेको कोठा सफा गर्ने क्रममा भेटिएको कलम खोलेर हेर्नलाग्दा अकस्मात् कलम पड्किएको थियो। सामान राख्न सफा गर्ने क्रममा सो बम भेटिएको पीडितले जनाए। विस्फोटमा परी उनको दाहिने हातका तीनओटा औँला काम नलाग्ने भए। उनको सुर्खेत जिल्ला अस्पतालमा उपचार भएको थियो।

जेल र बन्दीहरू

१६ जना बन्दी क्षमता रहेको 'घ' श्रेणीको जिल्ला कारागार शाखा दैलेखमा हाल १९ जना रहेका छन्। जेलमा कैद सजाय तोकिएका आठ जना कर्तव्य ज्यान मुद्दाका कैदी छन्। ११ जना थुनुवामा एक जना हातहतियार तथा खरखजानाअन्तर्गत, एक जना ज्यान मार्ने उद्योगअन्तर्गत। बाँकी नौ जना कर्तव्य ज्यानका कैदी छन्। ज्यान मार्ने उद्योगअन्तर्गत एक महिला थुनुवा यस जेलमा छिन्। कारागारमा स्थानीय पत्रिका उपलब्ध भए पनि राष्ट्रियस्तरका पत्रिकाको सुविधा छैन। कारागारमा रेडियो र टेलिभिजनको व्यवस्था बन्दीहरू आफैँले गरेका छन्। १ सय वर्ष पुरानो जेल भएका कारण यसको अवस्था जीर्ण छ।

धम्की/कुटपिट

राज्यबाट

डाँडापराजुल गाविस-५ का २२ वर्षीय टीकाराम न्यौपानेले जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारी तथा प्रहरीलाई गाली गरेको भन्दै ०६३ माघ १४ गते जिल्ला प्रशासन कार्यालयमा कार्यरत झलक मल्ललगायत नाम नखुलेका दुई जना प्रहरी जवानहरूले जिल्ला प्रशासन कार्यालय अगाडि कुटपिट गरे। टाउकोमा चोट लागेका पीडितको स्थानीय मेडिकलमा उपचार भएको थियो। पीडितले कुनै उजुरी दिएनन्। कुटपिट गर्ने प्रहरीलाई कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

दुल्लु गाविस-४ का ५५ वर्षीय दिलबहादुर सुजी, सोही ठाउँका ४५ वर्षीय प्रताप सिंह, २३ वर्षीय जगत् सिंह, टीकाराम सिंह र चामुण्डा गाविस-४ का जगत्बहादुर शाहीलाई ०६३ चैत १२ गते मदिरा सेवन गरेका भवानी वक्स गण दुल्लु बेस क्याम्पमा कार्यरत

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट					माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३			३							
घाइते	३	१४	३		१८				१		३	३
गिरफ्तारी/यातना									१	१		१
कुटपिट	१	१			१	१	१	१	३	६		६
महिलाअधिकार	१		१		१							
बालअधिकार	१		१		१							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१			१०५	१०५							
अमानवीय व्यवहार	१	१			१							
जम्मा	१०	१८	४	१०५	१२६	१	१	१	४	६	३	१०

नेपाली सेनाका जवानले बिनाकारण क्याम्पबाहिर निस्की जथाभावी कुटपिट गरे। पीडितहरूको स्थानीय प्राथमिक स्वास्थ्य केन्द्र, दुल्लुमा उपचार भयो। भवानी बक्स गणका गणपति सूर्यबहादुर थापाले पीडक जवानलाई आन्तरिक कारबाही गरिएको जनाए।

माओवादीबाट

रानीवन गाविस-५ का ६५ वर्षीय लीलाराम जैसीलाई आफ्नो परिवारिक झगडाका कारण ०६३ फागुन २२ गते माओवादी एरिया कमिटी सदस्य आकाश भनिने अग्निप्रसाद जैसीले कुटपिट गरे। पीडितको रानीवनस्थित स्थानीय मेडिकलमा उपचार भएको थियो। पीडितले यसका बारेमा कुनै उजुरी दिएका छैनन्। कुटपिट गर्ने माओवादी कार्यकर्तालाई कुनै कारबाही गरिएको छैन।

दोहोरो झडप

जिल्ला विकास समितिको १४ औं जिल्ला परिषद् भइरहेका बेला स्थानीय आमा समूहले मदिरालाई जिल्ला परिषद्बाट निषेध गर्न माग राख्दै निस्किएको जुलुसलाई परिषद् चलेको हलमा प्रवेश गर्न रोक्दा ०६४ वैशाख १४ गते भएको महिला र प्रहरीबीचको झडपमा सुरक्षाकर्मी र सर्वसाधारण गरी १७ जना घाइते भए। घाइते हुनेहरूमा प्रहरीतर्फ डीएसपी मोहनराज जोशी, असई राजनकुमार मल्ल, प्रहरी जवान प्रेम लामिछाने, अमर सुनार, महिला प्रहरी दुर्गा मल्ल, अस्मिता चन्द र सशस्त्रका प्रहरी हवल्दार दानबहादुर गुरुङ, नेत्रपाणि न्यौपाने, दानबहादुर रोकाया, सहायक हवल्दार कमल राउत, ज्ञानेन्द्र वली, दत्तबहादुर चन्द, सूर्यबहादुर राउत र खगेन्द्र चन्द रहेका छन्। पीडितहरूको स्थानीय थापा मेडिकल र जिल्ला अस्पतालमा उपचार गरिएको थियो। सर्वसाधारणहरूमा इन्द्रा थापा, ज्ञानु थापा र भूमिसरा जैसी घाइते भएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा अन्तर्गत गतवर्षको जिम्मेवारी सरेर आएका २५ थान मुद्दामध्ये २० थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ५३ थान मुद्दामध्ये १२ थान फर्स्यौट भए।

यसैगरी, सरकारवादी फौजदारी मुद्दामा गतवर्षको जिम्मेवारी सरेर आएका १० थान मुद्दामध्ये पाँच थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १ सय ३४ थान मुद्दामध्ये ४९ मुद्दा फर्स्यौट भए । यस जिल्लामा देवानी तर्फका कुनै पनि मुद्दा नभएको र यस वर्षको अन्त्यसम्म जम्मा १ सय ३६ थानमुद्दा फर्स्यौट हुन बाँकी रहे।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

इलाका प्रहरी कार्यालय शेरीले ०६३ चैत १६ गते ना२ख २९३२ नम्बरको ट्रकमा कार्यरत खलासी जमिल बक्सलाई नियमविपरीत गाडी चलाएको आरोपमा बिनापुर्जी गिरफ्तार गरी हिरासतमा कुटपिट गरी यातना दिए। यातनाका कारण पीडितको जीउभरि नीलडाम थियो। पीडितलाई सोही दिन साँझ प्रहरी

कार्यालयबाट रिहा गरियो। पीडितको सुर्खेतमा उपचार गरियो।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

नारायण नपा-५ भैसेखोरकी बोल्न नसक्ने एक महिलालाई ०६३ माघ १२ गते दिउँसो स्थानीय खड्कबहादुर सिंहले घरनजिकैको खोल्सामा रहेको रूखमा चढ्न लाग्दा खुट्टा तानी जबरजस्ती बलात्कार गरेको उनकी देउरानीले बताइन्। स्थानीय संस्था महिला सशक्तीकरण मञ्चको सहयोगमा पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६३ माघ १५ गते मुद्दा दायर गरिन्। हाल पीडितको अवस्था सामान्य छ भने पीडक फरार छन्।

सबै प्रकारका जातीय विभेद

कृष्णजन्माष्टमीको अवसरमा सदरमुकामस्थित पुरानो बजारमा रहेको नारायण मन्दिरमा पूजापाठ गर्न मन्दिर पस्न लागेका दलितहरूलाई स्थानीयवासीले ०६४ भदौ १८ गते मन्दिर पस्न रोक लगाए। स्थानीय गैरदलितले दलित मन्दिरमा पसे अशुभ हुने भन्दै दलितलाई मन्दिर पस्नबाट रोकेका थिए। मन्दिर पस्न नपाएपछि दलित समुदायले कानुनी प्रक्रिया अगाडि बढाइदिन माग राख्दै जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए पनि यस वर्षको अन्त्यसम्म सो निवेदनको कुनै सुनुवाइ भएको छैन। हाल पनि स्थानीय दलितलाई मन्दिर पस्न निषेध नै गरिएको छ। विगतका वर्षमा पनि दलितलाई मन्दिर पस्न बन्देज गरिए पनि जिल्लास्थित राजनीतिक दल, नागरिक समाज, पत्रकार, मानवअधिकारकर्मी र स्थानीय प्रशासनको सहयोगमा ०६३ फागुन ४ गते दलितलाई पनि मन्दिरमा पूजापाठ गर्न खुला गरिएको थियो।

४.११ डोल्पा



जनसङ्ख्या : ३३,१७७
साक्षरता प्रतिशत : ३९
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.): ७,८८९
गाविस/नपा सङ्ख्या : ३३/०
सरकारी/निजी विद्यालय : १३७/२
क्याम्पस/उच्च मा.वि. : १/२
अस्पताल/स्वास्थ्य चौकी : १/२३
मोटर सडक (कि. मि.): ०
प्रहरी कार्यालय सङ्ख्या : १०
मानव विकास सूचकाङ्क : ०.३७९
प्रतिपरिवार सरदर सङ्ख्या : ५

जेल र बन्दीहरू

'ङ' श्रेणीको डोल्पा कारागार शाखाको बन्दी क्षमता २५ जनाको छ। यस जेलमा हालसम्म चारजना कैदी र एकजना थुनुवा गरी जम्मा पाँचजना पुरुष कैदी तथा थुनुवा रहेका छन्। यस जेलमा पत्रपत्रिका र खेलकुद सामग्री उपलब्ध छैनन्। टीभीको व्यवस्था कैदीहरू आफैंले गरेका छन् भने रेडियोको व्यवस्था छैन। यस जेलमा चिसोको समयमा कैदी तथा थुनुवाले कपडा पाएका छैनन्। बन्दीगृहको पर्खाल ठाउँठाउँमा चर्केर जीर्ण अवस्थामा पुगेको छ। यो कारागार माओवादीको ०५७ कात्तिक ७ गतेको आक्रमणबाट बन्द भएपछि पुनः सञ्चालन भएको एक वर्ष मात्र भएकाले पनि यस जेलमा कुनै सुविधा पुऱ्याउन नसकिएको जेल प्रशासनको भनाइ छ।

धम्की/कुटपिट

माओवादीबाट

सूँ गाविस-९, निवासी जिल्ला विकास समितिका पूर्वसभापति तथा एमाले जिल्ला कमिटी सदस्य

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित						
	अन्यबाट				माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
कुटपिट					१	३	३
धम्की					३	४	४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	३	१	४			
जम्मा	३	३	१	४	३	६	६

ओमबहादुर बुढाले आफ्नो ध्वस्त उद्योगको बढी मूल्याङ्कन गराउन खोजेको आरोपमा ०६४ असार १८ गते उनलाई माओवादीले भौतिक कारबाही गर्ने धम्की दिए। जिल्ला प्रशासन कार्यालय, डोल्पामा बसेको बैठकमा माओवादी जिल्ला कार्यसमिति, डोल्पाका सचिव रामलाल विकले प्रमुख जिल्ला अधिकारी नन्दीकेशर त्रिपाठीकै अगाडि भौतिक कारबाही गर्ने धम्की दिए। त्यसैगरी, दुनै गाविस-२ निवासी किर्डाक, डोल्पाका मानवअधिकार अधिकृत ३६ वर्षीय रामप्रसाद बुढाले विभिन्न लेख तथा प्रतिवेदनमा 'माओवादीले लुटेको' भन्ने शब्द राखेको आरोपमा सोही बैठकमा उनलाई पनि भौतिक कारबाही गर्ने धम्की दिए। रामप्रसाद बुढालाई धम्की दिने क्रममा इन्सेक डोल्पा जिल्ला प्रतिनिधिलाई समेत त्यही शब्द प्रयोग गरेको भन्दै भौतिक कारबाही गर्ने धम्की दिए।

कालिका गाविस-१ का ३५ वर्षीय धर्मराज हमाल र सोही वडाका ४४ वर्षीय तीर्थबहादुर शाही लामो समयसम्म विस्थापित रहेका दत्तबहादुर रोकाय घर फर्कंदा स्वागत गर्न गएको आरोपमा ०६४ कात्तिक १ गते उनी दुई जनालाई माओवादी कार्यकर्ताहरूले कुटपिट गर्दै मार्ने धम्की दिए।

नर्कू गाविस-३ का डोल्पा सर्वाङ्गीण विकास समाजका संयोजक ३२ वर्षीय गोपालबहादुर शाहीले संस्थामा जागिर खाएर आफ्नो पार्टीविरुद्ध काम गरेको आरोपमा ०६४ मङ्सिर १२ गते माओवादी जिल्ला कमिटी, डोल्पाका सचिव रामलाल विकले डिप्रोक्स नेपाल डोल्पाले आयोजना गरेको एक कार्यक्रमस्थलमै भौतिक कारबाही गर्ने धम्की दिए। पीडितले जिल्ला प्रशासन कार्यालय, डोल्पामा ज्यान सुरक्षा गरिपाऊँ भनेर निवेदन दिए। पीडकलाई कुनै कारबाही भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका १५ थान र यस वर्ष दर्ता भएका आठ थान गरी जम्मा २३ थान मुद्दामध्ये २० थान मुद्दा फर्स्यौट भए। यसैगरी सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका ८ थान र यो वर्ष दर्ता भएका एक गरी नौ थान मुद्दामध्ये छ थान फर्स्यौट भए। यो वर्षको अन्तसम्म बाँकी मुद्दा छ थान यस जिल्ला अदालतमा मुलतबीमा माओवादीसँग सम्बन्धित चार र तामेलीमा एक गरी पाँचओटा धेरै पुराना मुद्दा रहेका छन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

सहरतारा गाविसका सर्वसाधारणबाट रुकुमका हतियारधारी वाईसीएलका कार्यकर्ताले उक्त गाविसमा आएर ०६४ असार १ देखि असार ३० गतेसम्म प्रतिगोटा २ सयदेखि ३ सय मूल्य पर्ने यार्चाकुन्भु जबरजस्ती १ सय ५० रुपियाँ प्रतिगोटामा खरिद गरे।

छार्का गाविसका पूर्वगाविस अध्यक्ष ४३ वर्षीय टसीछेवाङ गुरुङ र खोला भनिने एक तिब्बतीयन केटीले आफूले खरिद गर्ने यार्चाकुन्भू (जीवन बुटी) किनिदिएको आरोपमा ०६४ असार ८ गते रुकुमका हतियारधारी वाईसीएलका कार्यकर्ताले उनीहरूको ६२ लाख रुपियाँ लुटे। पीडितले रकम फिर्ता गर्न पहल गरिदिन राजनीतिक दल, मानवअधिकारकर्मी, पत्रकार र उद्योग वाणिज्य सङ्घलाई अनुरोध गरे पनि फिर्ता भएन।

लावन गाविस-१ का ३२ वर्षीय सिंहवीर भाँक्रीले आफूले खरिद गर्ने यार्चाकुन्भू किनेको आरोपमा ०६४ असार १६ गते वाईसीएलले सहरतारको गुम्बागाउँबाट ६ लाख ५० हजार लुटेर लगे। रुकुमबाट आएका हतियारसहितका वाईसीएलका कार्यकर्ताहरूले लुटेको उक्त रकम सबै पक्षबाट विरोध भएपछि साउन ३ गते फिर्ता गरेका थिए।

दुनै गाविस-१ निवासी शाही शासनकालका मनोनित सभापति ३५ वर्षीय धनबहादुर बुढाले युवराज पारसको पैसा ल्याएर यार्चाकुन्भुको व्यापार गरेको आरोपमा रुकुमका हतियारधारी वाईसीएलका कार्यकर्ताले उनीबाट ०६४ असार ३० गते सहरतारावाट १७ लाख ५० हजार रुपियाँ लुटे। धनवहादुर बुढाको यार्चाकुन्भू किन्ने जिम्मा लिएका लोकेन्द्र रानाबाट १७ लाख ५० हजार र उनको साथमा रहेका अर्का आफ्नै व्यापार गर्ने कमल बुढाको १२ लाख गरेर जम्मा २९ लाख ५० हजार रुपियाँ लुटेर लगेका थिए। रकम फिर्ताका लागि पीडितहरूले जिल्लास्थित उद्योग वाणिज्य सङ्घ, विभिन्न राजनीतिक दलहरू, मानवअधिकारकर्मी, पत्रकारहरूसँग पहल गरिदिन अनुरोध गरे पनि रकम हालसम्म फिर्ता गरेका छैनन्।

४.१२ जुम्ला



जनसङ्ख्या :	१,०२,०९१
साक्षरता प्रतिशत :	३७
महिला साक्षरता प्रतिशत :	२३
क्षेत्रफल (वर्ग कि. मि.):	२,५३१
गाविस/नपा सङ्ख्या :	३०/०
सरकारी/निजी विद्यालय :	१२८/४
क्याम्पस/उच्च मा.वि. :	१/२
अस्पताल/स्वास्थ्य चौकी :	१/२९
मोटर सडक (कि. मि.):	१२०
प्रहरी कार्यालय सङ्ख्या :	८
मानव विकास सूचकाङ्क :	०.३४८
प्रतिपरिवार सरदर सङ्ख्या :	६

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागार शाखा जुम्लाको बन्दी क्षमता २५ रहेको छ। माओवादीले ०६१ भदौमा गरेको आक्रमणबाट ध्वस्त भएको यस कारागारको पूर्ण रूपमा निर्माण अझै भइसकेको छैन। यस वर्ष कैद तोकिएका कैदीहरू छैनन्। थुनुवा (कैदी नतोकिएका) को सङ्ख्या पुरुष नौ, महिला एक गरी जम्मा १० छ। कारागारमा पानी, शौचालय तथा विद्युत्को व्यवस्था छ तर टीभी, रेडियो, खेल सामग्रीको व्यवस्था छैन। कारागारमा प्रत्येक महिनाको एकपटक स्वास्थ्य परीक्षण गरिन्छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत र जिल्ला अदालत गरी दुई ओटा अदालत रहेका छन्। जिल्ला अदालत तर्फ दुनियाँवादी फौजदारी मुद्दामा यस वर्षको अन्त्यसम्म आठ थान मुद्दा दर्ता भएकोमा पाँच थान फर्स्यौट भए। यसैगरी देवानी मुद्दामा यो वर्षको अन्त्यसम्म दर्ता भएका ६१ थान मुद्दामा १६ थान मुद्दा फर्स्यौट भए। यस वर्षको अत्यसम्म यस जिल्ला अदालतमा ४८ थान मुद्दा बाँकी रहेकोमा पाँच वर्ष नाघेका मुद्दा भने छैनन्।

यसैगरी, पुनरावेदन अदालत तर्फ सरकारवादी फौजदारी मुद्दामा यस वर्षको अन्त्यसम्म दुई थान मुद्दा दर्ता भएकोमा कुनै पनि मुद्दा फर्स्यौट भएनन्।

देवानी मुद्दा तर्फ यस वर्षको अन्त्यसम्म दर्ता भएका २५ थान मुद्दामा नौ थान मुद्दा फस्यौट भए। यसरी यो वर्षको अन्त्यसम्म पुनरावेदन अदालतमा जम्मा १८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेकोमा तीमध्ये पाँच वर्ष नाघेका मुद्दा भने छैनन्। आतङ्ककारी तथा विध्वंसात्मक ऐनअन्तर्गत यस वर्ष एउटा मुद्दा परेको छ।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माओवादीबाट

कर्णाली प्राविधिक शिक्षालय जुम्लाका प्रमुख ५३ वर्षीय दीपक नेपाली क्षेत्रीले भ्रष्टाचार गरेको आरोपमा ०६४ असार १७ गते माओवादीनिकट भ्रातृ सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी) र अखिल नेपाल शिक्षक सङ्गठनका कार्यकर्ताले उनलाई मोसो दली जुत्ताको माला लगाइ बजार परिक्रमा गराएर जिल्ला प्रशासन कार्यालयमा बुझाए। त्यसको केही समयपछि कर्णाली प्राविधिक शिक्षालय, जुम्लाका विद्यार्थीहरू उत्तेजित भई माओवादीको पार्टी कार्यालयमा भएको भौतिक संरचना र विभिन्न सामानहरू तोडफोड गरी

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१		१	१						
घाइते	१	२		२						
कुटपिट								१	१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	२	२			
अमानवीय व्यवहार					१	१	१			
अपहरण					१	१	१			
जम्मा	२	२	१	३	३	४	४	१	१	१

२० लाख बराबरको क्षति पुऱ्याएको माओवादी जिल्ला सेक्रेटरी पदम भण्डारी (उदय) ले जनाए। उक्त घटनाका सम्बन्धमा राजुशरण न्यौपानेको संयोजकत्वमा गठित छ सदस्यीय समितिले छानबिन गरी तयार गरेको प्रतिवेदनमा कर्णाली प्राविधिक शिक्षालय, जुम्लाका शिक्षालय प्रमुख ५३ वर्षीय दीपक नेपाली क्षेत्रीको कुनै पनि गल्ती उल्लेख नगरेको भन्दै माओवादीले उक्त प्रतिवेदनको विरोध गरे। भ्रष्टाचारमा शिक्षालय प्रमुखकोको संलग्नताको छानबिन गर्नका लागि प्रमुख जिल्ला अधिकारीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सिफारिस गरेका छन्। हालसम्म दुवै पक्षले क्षतिपूर्ति पाएका छैनन्।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

नराकोट गाविस-२ का ३५ वर्षीय जग्गीप्रसाद उपाध्याय र सोही ठाउँका २३ वर्षीय मुरली शर्माले आफ्ना कार्यकर्ता सुधार र सिर्जनालाई कुटेको आरोपमा ०६४ असार १० गते माओवादी कार्यकर्ताहरूले उनीहरूको घरमा भएका चारओटा खाट तोडफोड गर्नुका साथै नगद २५ हजार लुटेर लगे। उक्त घटनाको विरोधमा स्थानीयवासीले विरोध प्रदर्शन गरेका थिए।

४.१३ कालीकोट



जनसङ्ख्या : १,१९,०४९
साक्षरता प्रतिशत : ४२
महिला साक्षरता प्रतिशत : २२
क्षेत्रफल (वर्ग कि. मि.) : १,७४१
गाविस/नपा सङ्ख्या : २९/०
सरकारी/निजी विद्यालय : १८६/७
क्याम्पस/उच्च मा.वि. : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/३०
मोटर सडक (कि. मि.) : ६७
प्रहरी कार्यालय सङ्ख्या : १०
मानव विकास सूचकाङ्क : ०.३२२
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
बेवारिसे बमबाट

कोटवाडा गाविस-४ का १३ वर्षीय जगे दमाईले ०६३ चैत १३ गते आफ्नो घरनजिकैको जङ्गलमा गाई चराउन गएका बेला फेला पारेको बेवारिसे बम लिएर आउँदा घरनजिकै विस्फोट भई उनको मृत्यु भयो।

अन्यबाट

स्युना गाविस-३ निवासी माओवादी जनसांस्कृतिक परिवारमा कार्यरत १५ वर्षीय खड्क दर्जीलाई ०६३ चैत १९ गते एक अज्ञात समूहले सदरमुकाम मान्माबाट तीन किलोमिटर दक्षिण पर्ने सेरी भन्ने ठाउँमा कुटपिट गरी हत्या गरे। मृतकको हत्यारा पत्ता लगाउन राष्ट्रिय अनुसन्धान विभाग, काठमाडौँको नेतृत्वमा केन्द्रस्तरीय छानबिन समिति बनेको थियो। उक्त छानबिन समितिले यस वर्षको अन्त्यसम्म कुनै प्रतिवेदन सार्वजनिक गरेको छैन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
बेवारिसे बमबाट

बदालकोट गाविस-७ का १५ वर्षीय दिलबहादुर शाहीले ०६३ चैत १२ गते जङ्गलमा घाँस काट्न गएका बेला फेला परेको सकेट बम चलाउँदा विस्फोट भई घाइते भए। घाइतेको दायाँ हातको पाखुरामा गहिरो चोट लागेको थियो। घाइतेको सदरमुकाम मान्मास्थित जिल्ला अस्पतालमा उपचार भएको थियो।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागार कालिकोटको क्षमता २५ जना बन्दीको रहेको छ। यो कारागारमा कैद तोकिएका दुई पुरुष बन्दी रहेका छन् भने कैद नतोकिएका दुई पुरुष तथा एक महिलासहित कैद तोकिएका र कैद नतोकिएका कुल पाँच जना बन्दीहरू रहेका छन्। उक्त कारागारमा बन्दीहरूसँग एक नाबालक आश्रितसमेत रहेका छन्। जेल निर्माणाधीन अवस्था रहेकाले बन्दीहरूलाई हाल मान्मा गाविसस्थित जिल्ला प्रहरी कार्यालयको भवनमा राखिएको छ। उक्त भवनमा शौचालय, विद्युत्, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्री आदिको अभाव रहेको छ।

बेपत्ता/अपहरण
माओवादीबाट

बर्दिया, मोतीपुर गाविस-७ निवासी दाँहा गाविस सचिव ३१ वर्षीय यमबहादुर थापाले मदिरा सेवन गरेको आरोपमा ०६३ फागुन १२ गते उनलाई डेराबाट माओवादीले अपहरण गरी वाईसीएलको जिल्ला कार्यालयमा कुटपिट गरी एक घण्टापछि मुक्त गरे। घटनाका विरुद्धमा निजामती कर्मचारी सङ्गठन, कालीकोटले एक विज्ञप्तिमार्फत भर्त्सना गऱ्यो।

पाँखा गाविस-४ निवासी पूर्वमाओवादी सैनिक २४ वर्षीय धनकृष्ण चौलागाईंले सेनाभित्र यौन दुर्व्यवहार गरेको र पार्टी परित्याग गरेको आरोपमा माओवादी कार्यकर्ताले ०६३ चैत ८ गते उनलाई सदरमुकाम मान्मास्थित उनको ससुराली घरबाट अपहरण गरी वाईसीएलको कार्यालयमा लगी कुटपिट गरे। चौलागाईंलाई दुई घण्टापछि सो कार्यालयबाट मुक्त गरियो। पीडितलाई माओवादीले ज्यानमार्ने धम्की दिएपछि उनी तीन दिनसम्म जिल्ला प्रहरी कार्यालयमा बसेका थिए। यो वर्षको अन्त्यसम्ममा उनी पत्नीसहित काठमाडौँमा विस्थापित भई बस्दै आएका छन्।

गेला गाविस-९ निवासी इलाका प्रहरी कार्यालय, पात्मघाटमा कार्यरत २८ वर्षीय हस्तबहादुर शाहीले प्रहरीमा जागिर खाएको आरोपमा ०६३ चैत

वाईसीएलद्वारा कुटपिट गरिएका मनरुप बुढा, दानबहादुर बुढा, एमाले कार्यालय सचिव धीरबहादुर बम र एमाले जिल्ला सचिव तुलाराज विष्ट

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	२	२		२						
घाइते	१	१		१						
गिरफ्तारी/यातना								१	१	१
कुटपिट	९	३०	६	३६						
धम्की	३	७	१	८	२	२	२			
अपहरण					३	३	३			
जम्मा	१५	४०	७	४७	५	५	५	१	१	१

२० गते माओवादी कार्यकर्ताले उनलाई कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्कीसमेत दिए। पीडितलाई 'डण्डेको जागिर किन खाइस्' भन्दै कुटपिट गरिएको थियो। माओवादीको कुटाइबाट उनको बायाँ आँखामा गम्भीर चोट लाग्नुका साथै अनुहारमा नीलडाम परेको थियो। घाइतेको उपचार जिल्ला अस्पताल कालीकोटमा भएको थियो।

धम्की/कुटपिट

माओवादीबाट

पाँखा गाविस-४ निवासी एमाले जिल्ला कमिटी सदस्य ४५ वर्षीय मानबहादुर मल्लले गाउँ परिषद्मा धेरै बोलेको आरोपमा ०६३ चैत १४ गते उनलाई माओवादीका कार्यकर्ताले ज्यान मार्ने धम्की दिए। धम्की दिने क्रममा माओवादीले पीडित मल्ललाई घाँटी समाई खुकुरीसमेत देखाएका थिए।

राचुली गाविस-३ निवासी पूर्वसांसद ६० वर्षीय तिलकप्रसाद न्यौपानेले माओवादी पार्टीविपरीत काम गरेको आरोपमा ०६४ वैशाख २४ गते माओवादीले उनलाई अभद्र व्यवहार गरी धम्की दिए। माओवादीले काङ्ग्रेसका न्यौपानेलाई सङ्गठन विस्तारका क्रममा छाप्र गाविस-९ बाट जाँदै गर्दा बाटोमा रोकी फेरि यता आएमा खुट्टा भाँच्ने धम्की दिँदै फिर्ता पठाएका थिए।

वाईसीएलबाट

गेला गाविस-९ की ३६ वर्षीया जर्मा भण्डारी, २४ वर्षीया धन रोकाय र २१ वर्षीय अजबहादुर रोकाय माओवादी पार्टीविरुद्ध लागेको आरोपमा ०६३ चैत १७ गते वाईसीएलका कार्यकर्ताले उनीहरूलाई घरभित्र हुली कुटपिट गरे। घाइतेहरूको उपचार सुर्खेतमा भएको थियो।

सुकाटिया गाविस-५ निवासी हिमालय सामुदायिक स्रोत विकास केन्द्र (एचसीआरडीसी) का अध्यक्ष २९ वर्षीय कर्णप्रसाद चौलागाईं र पाँखा गाविस-४ की सदस्य २२ वर्षीया देवकला आचार्यले आफ्नो पार्टीको अनुमति नलिई कार्यक्रम सञ्चालन गरेको आरोपमा ०६४ वैशाख १८ गते उनीहरूलाई वाईसीएलका जिल्ला सदस्य गणेश शाही 'आकाश' सहित पाँच जनाको टोलीले उनीहरूलाई सुकाटिया गाविसमा स्टाफ मिटिङ् बसिरहेकै बेला हलबाहिर बोलाई ज्यानमार्ने धम्की दिए।

इलाका स्वास्थ्य चौकी स्यूनामा कार्यरत फुकोट गाविस-५ निवासी ३५ वर्षीय गोपाल शाहीले झाडापखालाका कारण मृत्यु भएका वाईसीएलका कार्यकर्ताहरूको सङ्ख्या कम दिएको आरोपमा ०६४ असार २५ गते सोही गाविसमा रहेको स्वास्थ्य कार्यालयमा कुटपिट गरी सख्त घाइते बनाए। पीडितको उपचार जिल्ला अस्पताल मान्मामा गरियो। उपचारपश्चात् पीडितको अवस्था सामान्य रहेको छ।

पाँखा गाविस-५ निवासी एमाले जिल्ला सचिव ५५ वर्षीय तुलाराज विष्ट र थीर्पु गाविस-४ निवासी ३५ वर्षीय धीरबहादुर वमले वाईसीएलका दलित कार्यकर्ताहरूलाई उपेक्षित शब्द बोलेको भन्दै वाईसीएलका कार्यकर्ताहरूले स्यूना गाविसमा ०६४ भदौ १३ गते एमालेको चुनावी सभामै आक्रमण गरी कुटपिट गरी सख्त घाइते बनाउनुका साथै मोसो दली दुर्व्यवहार गरे। पीडितहरूको उपचार सदरमुकामस्थित जिल्ला

अस्पतालमा गरियो। उपचारपछि पीडितको अवस्था सामान्य छ।

स्यूना गाविस-४ निवासी पूर्वजिविस उपसभापति ५५ वर्षीय सत्यबहादुर शाही राजाको शासनकालमा उपसभापति भएको आरोपमा वाईसीएलले उनलाई ०६४ कात्तिक ७ गते उनको आफ्नै घरमा कुटपिट गर्नुका साथै मोसो दली जुत्ताको माला लगाई गाउँ घुमाए।

धौलागोह गाविस-८ की ६ वर्षीया निर्मला बुढा, ६४ वर्षीय गोर्ख बुढा, १९ वर्षीय दानबहादुर बुढा, १५ वर्षीय रजबहादुर बुढा, १८ वर्षीय शङ्कबहादुर बुढा, १३ वर्षीय डगे बुढा, ११ वर्षीय दुर्ग बुढा, ६३ वर्षीय मनी बुढा, ३१ वर्षीय धीरबहादुर बुढा, ५० वर्षीय वासु बुढा, १७ वर्षीय पटे बुढा, ५० वर्षीया मैना बुढा, ३५ वर्षीय मनसुरे बुढा, मनरुप बुढा, १७ वर्षीया बेला बुढा र ३६ वर्षीय पानकी बुढाले पुरानो धर्मलाई जगेर्ना गरेको र परम्परावादी सोच भएको आरोपमा ०६४ कात्तिक ९ गते वाईसीएलका कार्यकर्ताले उनीहरूलाई सोही गाविसस्थित कालापानी मन्दिरनजिकै कुटपिट गरी घाइते बनाए। घाइतेहरूमध्ये मनरूप बुढा र दानबहादुर बुढाको उपचार जिल्ला अस्पताल मान्मामा भएको थियो भने अन्य सबै घाइतेहरूको उपचार स्थानीय मेडिकलमा गरिएको थियो। उपचारपछि पीडितहरूको अवस्था सामान्य रहेको छ।

पाँखा गाविस-१ का ६० वर्षीय हंशबहादुर मल्ल, ४५ वर्षीय लालबहादुर मल्ल, ४० वर्षीय पदमबहादुर मल्ल, ४१ वर्षीय पूर्णबहादुर मल्ल, २० वर्षीय दिलबहादुर मल्ल, १९ वर्षीय भरत मल्ल, १८ वर्षीय खगेन्द्र मल्लले सोही गाविस-४ मा रहेको लिङ्गा सैनी मन्दिरमा पूजा गर्न स्थानीयवासीलाई उक्साएको आरोपमा वाईसीएलले ०६४ कात्तिक ९ गते राती मोसो दलेर गाउँ घुमाउने र हातखुट्टा भाँच्ने धम्की दिए। धम्कीका कारण पीडितहरू सोही रात सदरमुकाम मान्मामा विस्थापित भए।

अन्यबाट

रुप्सा गाविस-३ निवासी माओवादी कार्यकर्ता २९ वर्षीय अप्सरा बोगटीले ०६३ चैत १७ गते गेला गाविसमा माओवादीले सात दलका नेता तथा कार्यकर्तालाई कुटपिट गर्ने कार्यमा सहयोग गरेको आरोपमा ०६३ चैत १९ गते उनलाई एमाले, काङ्ग्रेस (प्र.) र काङ्ग्रेसका भ्रातृ सङ्गठनका कार्यकर्ताले कुटपिट गरे। कुटाइबाट पीडितको चार महिनाको गर्भ तुहिएको थियो। पीडितको उपचार जिल्ला अस्पतालमा भएको थियो।

माओवादी क्षेत्रीय ब्युरो सदस्य ३५ वर्षीय धनजित शाही, जिल्ला सेक्रेटरी ३४ वर्षीय खुमबहादुर बुढा, शिक्षक सङ्गठनका केन्द्रीय सदस्य सर्पराज सिंह र *जनसन्देश* कालीकोटका पत्रकार जया रेग्मीले ०६३ चैत १७ गते गेला गाविसका सात दलका नेता तथा कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६३ चैत १९ गते उनीहरूलाई काङ्ग्रेस, काङ्ग्रेस (प्रजातान्त्रिक) र एमालेनिकट कार्यकर्ताले कुटपिट गरी सख्त घाइते बनाए। घाइतेहरूको उपचार सुर्खेतमा भएको थियो। पीडितहरूले ०६३ चैत १७ गते गेला गाविसमा सात दलका नेता तथा कार्यकर्तालाई घरभित्र थुनेर कुटपिट गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका नौ थान मुद्दामध्ये दुई थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका पाँच थान मुद्दामध्ये एउटा मुद्दा मात्र फर्स्यौट भयो।

देवानी मुद्दामा गतवर्षका जिम्मेवारी सरेर आएका दुई थान मुद्दा र यस वर्ष दर्ता भएका १३ थान मुद्दामा एकएक थान मुद्दा मात्र फर्स्यौट भए।

यस वर्षको अन्त्यसम्म जम्मा मुद्दा २४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे भने पाँच वर्ष नाघेका मुद्दा एउटा पनि छैन।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

मान्मा गाविस-९ का २० वर्षीय पुरादी पाण्डेलाई ०६३ माघ ३ गते जिल्ला प्रहरी कार्यालय, कालीकोटका इन्स्पेक्टर मानबहादुर चौधरीको टोलीले घरबाटै गिरफ्तार गरी प्रहरी हिरासतमै खुट्टा माथि झुण्ड्याएर पैतालामा लाठीले हिर्काइ यातना दिए। पीडितलाई उनको घरनजिकै हत्या गरी फालिएको रकु गाविसका खट देवकोटाको लासको अनुसन्धानका क्रममा बयान लिँदा यातना दिइएको थियो। उनले क्षतिपूर्तिका लागि एड्भोकेसी फोरम नेपालगञ्जको सहयोगमा जिल्ला अदालत कालीकोटमा उजुरी दिए। उक्त मुद्दा अदालतमा विचाराधीन अवस्थामा रहेको छ।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

गेला गाविस-९ का ३५ वर्षीय भीमप्रसाद अधिकारी, ३६ वर्षीय नन्दबहादुर शाही, ३८ वर्षीय विर्ख भण्डारी, ३१ वर्षीय धन रोकाय, २९ वर्षीय जग रोकाय, २६ वर्षीय पञ्च शाहीले ०६३ चैत १९ गते मान्मामा माओवादीको कार्यालय तोडफोड गर्ने घटनामा सहयोग गरेको आरोपमा माओवादीले ०६४ असार २२ गते पीडितहरूकै घरमा गई ज्यान मार्ने धम्की दिए। धम्कीका कारण भीमप्रसाद अधिकारी सदरमुकाम मान्मामा विस्थापित भए भने अन्य सबै भारततिर विस्थापित भए। पीडितहरू यो वर्षको अन्त्यसम्म पनि विस्थापित अवस्थामा रहेका छन्।

४.१४ मुगु



जनसङ्ख्या : ५०,०९०
साक्षरता प्रतिशत : ३२
महिला साक्षरता प्रतिशत : १७
क्षेत्रफल (वर्ग कि. मि.) : ३,५३५
गाविस/नपा सङ्ख्या : २४/०
सरकारी/निजी विद्यालय : १२३/३
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/२५
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय सङ्ख्या : ९
मानव विकास सूचकाङ्क : ०.३०४
प्रतिपरिवार सरदर सङ्ख्या : ५

जेल र बन्दीहरू

कुल १५ जना बन्दी क्षमता भएको 'घ' श्रेणीको जिल्ला कारागार शाखा मुगुको आफ्नै बन्दी गृह नभएकाले ज्यानसम्बन्धी चार जना, बलात्कारसम्बन्धी चार जना र अन्य दुई जना गरी १० जनालाई जुम्ला जिल्ला कारागारमा चलानी गरेको छ। १५ जना बन्दी क्षमता भएको कारागार शाखालाई हालसम्म सरकारले बन्दी गृह बनाउन सकेको छैन।

धम्की/कुटपिट

राज्यबाट

पिना गाविस-१ का २० वर्षीय तिलक नेपालीले बजारमा हिँड्दा अगाडि-पछाडि गरेको भन्दै ०६४ असार २७ गते उनलाई जिल्ला प्रहरी कार्यालय, मुगुका प्रहरीले लात्ती र मुक्काले कुटपिट गरी घाइते बनाए। उनको त्रिशक्ति मेडिकल, गमगढीमा उपचार भयो।

माओवादीबाट

धैना गाविस-३ का ४९ वर्षीय अङ्गत मल्ललाई ०६३ चैत १९ गते माओवादीका कार्यकर्ता सूर्य भनिने बुद्धि जैशीको नेतृत्वमा गएका छ जनाको समूहले कुटपिट गरी घाइते बनायो। पीडित र धैना गाविस-३ का गाउँलेबीच गाई लिनेदिनेबारे छलफल भइरहेका बेला कुरा नमिलेपछि माओवादीले उनलाई कुटपिट गरे। पीडितको जिल्ला अस्पतालमा उपचार भयो।

श्रीकोट गाविस-३ का ४३ वर्षीय हीरा टमटाले द्वन्द्वका क्रममा माओवादीद्वारा कब्जा गरेको सामान फिर्ता ल्याएको आरोपमा ०६४ वैशाख २१ गते माओवादी कार्यकर्ता मदन रोकायको नेतृत्वमा गएका १७ जनाको समूहले घरमै सुतिरहेका बेला टमटा र उनकी पत्नी ३५ वर्षीय जौमती टमटालाई कुटपिट गऱ्यो। कुटपिटपश्चात् माओवादीले पीडित दुवैलाई घरभित्र थुनी गोठमा रहेको भैंसी, नगद रुपियाँ, भाँडाकुडासमेत लुटेर लगे। लुटिएको सामान यस वर्षको अन्त्यसम्म फिर्ता भएको छैन। सामान फिर्ताका लागि जिल्ला प्रहरी कार्यालय मुगुमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएको छैन।

जिल्ला प्रहरी कार्यालय, मुगुका प्रहरी जवान प्रदीप थापाले आफूहरूलाई हातपात गरेको आरोपमा ०६४ जेठ २ गते माओवादी कार्यकर्ताहरूले उनलाई कुटपिट गरे। विद्यार्थीहरूले ०६४ जेठ २ गते शिक्षा कार्यालयमा नाराबाजी गरिरहेका बेला सुरक्षार्थ खटिएका प्रहरीले आफूहरूलाई हातपात गरेको आरोप माओवादी कार्यकर्ताले लगाएका थिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१								
गिरफ्तारी/यातना									१	३		३
कुटपिट	३	३		३	४	४	१	५	३	४		४
धम्की					१	१		१				
भेला/सङ्गठित हुने अधिकार									१	३	१	४
महिलाअधिकार	१		३	३								
बालअधिकार	१		१	१								
अपहरण					३		४	४				
जम्मा	५	३	३	६	७	५	५	१०	५	९	१	१०

सुकाढीक गाविस-६ का ३५ वर्षीय शङ्कर कार्कीले गाउँमा गुण्डागर्दी गरेको आरोपमा ०६४ असार ५ गते माओवादीका कार्यकर्ता अजबहादुर शाही र लालबहादुर रावतसहितका १७ जनाले उनलाई निर्घात कुटपिट गरी सख्त घाइते बनाए। घाइते कार्कीले खेतको कुलामा काम गरिरहेका बेला माओवादीले उनको हात पछाडि बाँधी बञ्चरो र चक्कु प्रहार गरी दुवै खुट्टा भाँचिदिए। घटना भएको एक घण्टापछि मात्र घर-परिवारले थाहा पाएपछि पीडितलाई उपचारका लागि हेलिकप्टरबाट बाँकेको कोहलपुर मेडिकल कलेज पुऱ्याइयो। उनी उपचार गरी घर फर्किए।

अन्यबाट

कार्कीवाडा गाविस-६ निवासी महिला विकास कार्यालय, मुगुका पियन २८ वर्षीय कमल बुढाले आफूले भनेको काम नमानेको भनी ०६४ असार १३ गते सोही कार्यालयकी महिला अधिकृत पुनम घिमिरेले उनलाई कार्यालयमै कुटपिट गरिन्। पीडक महिला अधिकृतले पीडित बुढालाई जागिरबाट हटाउने धम्की दिएको भनी पीडितले मानवअधिकारकर्मी र पत्रकारलाई जानकारी दिएका थिए।

गैरकानुनी गिरफ्तारी

श्रीनगर गाविस-२ का ४८ वर्षीय पूर्णबहादुर मल्ल र कार्कीवाडा गाविस-४ का ४३ वर्षीय धनप्रसाद भामले मदिरा सेवन गरेको आरोपमा ०६३ चैत २ गते उनीहरूलाई चैना प्रहरी चौकीका प्रहरीले कार्यालयबाट घर फर्कदै गर्दा प्रहरी चौकी चैना गाउँबाट गिरफ्तार गरी कुटपिट गर्दै लगे। पीडितको हातमा हतकडी लगाई बाटोभरि कुटपिट गर्दै प्रहरी चौकी लगेकामा ०६३ चैत ३ गते रिहा गरियो। जिल्लास्थित राजनीतिक दल तथा प्रशासनको दवाबमा पीडक प्रहरीले ०६३ चैत ३ गते सार्वजनिक रूपमा माफी मागे।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कार्कीवाडा गाविस-७ का १८ वर्षीय दिनेश मल्ल, माङ्ग्री गाविस-९ का १६ वर्षीय पेमा कामी, कार्कीवाडा गाविस-७ का १५ वर्षीय दोर्ण रावल र श्रीनगर गाविस-५ की १७ वर्षीय सुमित्रा शाहीले शिक्षकहरूको दरबन्दी कटौती गरेकामा जिल्ला शिक्षा कार्यालयअगाडि नाराबाजी गरिरहेका बेला ०६४ जेठ २७ गते प्रहरीले उनीहरूलाई लाठीचार्ज गरी घाइते बनाए। घाइते सबैको त्रिशक्ति मेडिकल, गमगडीमा उपचार भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दामा गतवर्षको जिम्मेवारी सरेर आएका १६ थान मुद्दामध्ये १० थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका २४ थान मुद्दामध्ये यस वर्ष कुनै पनि मुद्दा फर्स्यौट भएनन्।

यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका सात थान मुद्दा र यस वर्ष दुई थान मुद्दामा कुनै पनि मुद्दा फर्स्यौट भएनन्।

यस वर्षको अन्त्यसम्म जम्मा ३९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

श्रीनगर गाविस-५ की १५ वर्षीया सुशीला चौलागाईं र १६ वर्षीया मुनदेवी चौलागाईंलाई सांस्कृतिक फाँटको कलाकार बनाउने प्रलोभन देखाई ०६४ जेठ १६ गते माओवादी कार्यकर्ताले उनीहरूलाई घरबाटै अपहरण गरे। पीडित दुवैका बाबुआमा र गाउँले सबै ०६४ जेठ १८ गते माओवादीको पार्टी कार्यालयमा गई उनीहरूलाई फर्काएर ल्याए।

श्रीनगर गाविस-६ का १३ वर्षीया सम्झना तिरुवा र १५ वर्षीया मनमाया विटालुलाई ०६४ असार ७ गते माओवादीले सांस्कृतिक फाँटमा कलाकार बनाइदिने प्रलोभनमा पारी घरबाटै अपहरण गरे। पीडित दुवैका बुबाआमाले छोरीलाई फर्काइदिन माओवादीलाई दबाब दिएपछि ०६४ असार ९ गते सदरमुकाम गमगडीबाट मुक्त गरे।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

सप्रोस नेपालका कर्मचारी २८ वर्षीय लग्नसिंह सेजुवाल, २६ वर्षीय विष्णु थापा, २३ वर्षीय अमर सेजुवाल र रोवा गाविस-२ का राजबहादुर सेजुवालले सामूहिक बलात्कार गरेको भनी माड्ग्री गाविस-२ की ३६ वर्षीया एक महिला र १३ वर्षीया एक बालिकाले ०६४ जेठ २२ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। पीडितहरू सो दिन आफ्नो घरको चामल खरिद गर्न सदरमुकाम गमगढीस्थित पीडक राजबहादुरको होटल गएका बेला चामल मिलाई दिन्छु भनी कोठामा चुकुल लगाई बलात्कार गरेको जाहेरीमा उल्लेख छ। पीडक लग्नसिंह सेजुवाल, विष्णु थापा र राजबहादुर सेजुवाल र अमर सेजुवाल जुम्ला जिल्ला कारागारमा रहेका छन्।

विगतको अनुगमन

बेपत्ता

राज्यबाट

रारा गाविस-८ का १९ वर्षीय दड्गाली रोकायालाई माझघट्टमा ०६१ पुस १४ गते सेनाले दाहिने खुट्टामा गोली हानी घाइते बनाएपछि उपचारका लागि आफन्तहरूले नेपालगञ्जको भेरी अञ्चल अस्पतालमा उपचार गराउँदा गराउँदै ०६१ पुस २८ गतेदेखि बेपत्ता भएका छन्। यो वर्षको अन्त्यसम्म पीडकको अवस्था अज्ञात रहेको छ।

माओवादीबाट

सेरी गाविस-३ का १९ वर्षीय कर्मसिंह बुढालाई माओवादीले ०६० पुस ९ गते दैलेख जिल्लाको दुल्लुमा बिदा लिई घर जान खोज्दा सोही दिनदेखि बेपत्ता गरे। पीडित ०५९ कात्तिक १८ गते माओवादी सेनामा गएका थिए। यस वर्षको अन्त्यसम्म पीडकको अवस्था अज्ञात रहेको छ।

४.१५ हुम्ला



जनसङ्ख्या : ४६,३४४
साक्षरता प्रतिशत : ३०
महिला साक्षरता प्रतिशत : १५
क्षेत्रफल (वर्ग कि. मि.) : ५,६५५
गाविस/नपा सङ्ख्या : २७/०
सरकारी/निजी विद्यालय : ११२/६
क्याम्पस/उच्च मा.वि. : ०/१
अस्पताल/स्वास्थ्य चौकी : १/२६
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय सङ्ख्या : १७
मानव विकास सूचकाङ्क : ०.३६७
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
माओवादीबाट

दार्म गाविस-१ का काङ्ग्रेस (प्र.) का कार्यकर्ता ३० वर्षीय नेत्रबहादुर शाहीले गाउँमा गुण्डागर्दी गरेको आरोपमा ०६३ फागनु २६ गते दिउँसो १२ बजे माओवादीले उनलाई श्रीमष्ठा गाविसको दर्बी भन्ने ठाउँबाट अपहरण गरी हत्या गरे। माओवादीले नेत्रबहादुर शाहीलाई अपरहण गरेकै दिन साँझ प्रहरी चौकी पीपलाडमा बुझाउन खोज्दा प्रहरी चौकी नजिकैबाट भागेको बताए। उनको ०६४ असार ४ गते श्रीनगर गाविसको जिउला डोप्का नदी किनारमा लास फेला परेको थियो। दाहिने हात र खुट्टा चुँडिएको र अनुहार चिन्न नसकिने अवस्थामा फेला परेको उक्त लासलाई पीडितको परिवारले चिनेर श्रीनगर प्रहरी चौकीमा सनाखत गरी लास बुझेका थिए।

तर, माओवादीले उक्त लास नेत्रबहादुर शाहीको होइन भनी खण्डन गरेपछि ०६४ असार १० गते डीएनए परीक्षणका लागि उक्त लास गृह मन्त्रालयले हेलिकप्टरबाट काठमाडौँ पुऱ्याएको थियो। डीएनए टेस्टको रिपोर्ट यस वर्षको अन्त्यसम्म आएको छैन। सो घटनामा संलग्न रहेको आशङ्कामा मेल्छाम गाविस-८ का २२ वर्षीय नन्दबहादुर शाही 'नवीन' लाई ०६४ असार १५ गते दिउँसो प्रहरी चौकी पिप्लाङ्गले गिरफ्तार गऱ्यो। हाल उनलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। जाहेरी निवेदनमा उल्लिखित बाँकी नौ जना फरार छन्।

यसैबीच, छोराको स्थिति सार्वजनिक गर्न माग गर्दै शाहीका ७१ वर्षीय पिता अजवीर शाहीले जिल्ला प्रशासन कार्यालय, हुम्ला र ६८ वर्षीया आमा सुन्तली शाहीले माओवादी पार्टी कार्यालयमा ०६३ चैत २५ गतेदेखि धर्ना दिए। चार दिनपछि चैत २९ गते बिनानिष्कर्ष धर्ना कार्यक्रम फिर्ता लिए। यसैगरी, माओवादीद्वारा अपहरित नेत्रबहादुर शाहीको खोजबिनमा कमी देखाएको भन्दै जिल्लास्थित सात दलका नेता-कार्यकर्ताले जिल्ला प्रशासन कार्यालय हुम्लामा ०६३ फागुन २६ गतेदेखि तालाबन्दी गरे। जिल्ला प्रशासन कार्यालयमा लगाइएको ताला शाहीको अपहरणका बारेमा छानबिन समिति गठन गर्ने सहमतिमा ०६३ चैत ३० गते खोलियो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
अन्यबाट

कालिका गाविस-१ की ५९ वर्षीया देउकला शाही र उनका १४ वर्षीय छोरा मदन शाहीले जङ्गलमा फालिएको तारबम घरमा ल्याई रेडियोमा जोड्न खोज्दा ०६४ वैशाख २२ गते साँझ घरभित्रै विस्फोट हुँदा आमाछोरा घाइते भए। घाइते दुवैको घरेलु उपचारपश्चात् स्थानीय लौठी इलाका स्वास्थ्य केन्द्रमा उपचार भयो।

जेल र बन्दीहरू

२० जना बन्दी क्षमता रहेको "घ" श्रेणीको जिल्ला कारागार शाखा हुम्लामा यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि एक जना माओवादी कार्यकर्ता थुनुवा छन्। जेलको अवस्था जीर्ण छ। जेलमा बिजुली, पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्रीहरू छैनन्।

बेपत्ता/अपहरण
माओवादीबाट

श्रीनगर गाविस-४ निवासी एमाले जिल्ला कार्यालय सचिव ३५ वर्षीय दलबहादुर फडेराले बालबालिका बेचविखन गरेको आरोपमा ०६३ पुस १६ गते माओवादीले उनको घर घेरा हाली हात बाँधेर राति अपहरण गरे। माओवादीले ०५८ सालदेखि विस्थापित फडेरालाई काठमाडौँबाट घरमा पुगेकै दिन अपरहण गरेका थिए। पीडितलाई १५ दिनपछि माघ १ गते सदरमुकाम सिमिकोटबाट मुक्त गरे। माओवादीले पीडितलाई बिनासर्त प्रमुख जिल्ला अधिकारीको रोहवरमा मुक्त गरे।

मैला गाविस-१ का ४० वर्षीय नरप्रसाद जैसीले एमाले जिल्ला कमिटीका सचिव शिवराज शर्मालाई खाना खुवाएको आरोपमा ०६३ पुस १६ बिहान उनलाई माओवादीले अपहरण गरे। माओवादीले पीडितलाई अबदेखि सात दलका नेता-कार्यकर्तालाई खान-बस्न दिए राम्रो हुने छैन भन्दै भोलिपल्ट मैला गाउँबाट मुक्त गरे।

कालिका गाविस-२ निवासी सल्लाघारी निमावि बारीगाउँका शिक्षक २७ वर्षीय खड्कबहादुर शाहीले सदरमुकाम सिमिकोटमा संविधानसभासम्बन्धी गोष्ठीमा सहभागी भई गाउँमा कार्यक्रम नगरेको आरोपमा ०६४ वैशाख २९ गते राति उनलाई घरबाट माओवादीले अपहरण गरी लगे। पीडितलाई लौठी हेल्थ पोस्ट भवनमा कुटपिट गर्नुका साथै गाउँमा कार्यक्रम गर्न भनी लिएको २ हजार ४ सय रुपियाँ खोसेर ०६४ वैशाख ३० गते मुक्त गरे।

कालिका गाविस-७ का २४ वर्षीय मानबहादुर टमटा र सोही गाउँका ३१ वर्षीय धनलाल टमटाले जिविस हुम्लाको उत्पीडित उपेक्षित जातीय उत्थानबाट

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित						
	अन्यबाट				माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या					१	१	१
घाइते	१	३		३	१	३	३
कुटपिट	१	१		१	३	३	३
धम्की					३	३	३
महिलाअधिकार	१		१	१			
अमानवीय व्यवहार	१	१		१			
अपहरण					५	६	६
जम्मा	४	५	१	६	१३	१४	१४

दलित जाति आयआर्जन कार्यक्रम गाउँमा ल्याएको आरोपमा ०६४ जेठ १ गते माओवादी निकट दलित मुक्ति मोर्चाका कार्यकर्ताले उनलाई अपहरण गरे। अपहरणपछि इलाका हेल्थ पोस्ट बारीगाउँमा लगेर कार्यक्रमको २४ हजार ७ सय रुपियाँसहित कब्जा गरी भोलिपल्ट २ गते मुक्त गरे। तर, रकम भने फिर्ता भएको छैन।

कालिका गाविस-९ निवासी माओवादीद्वारा घोषित पूर्व गाउँ जनसरकार प्रमुख ३० वर्षीय मनरूप सुनारले पार्टी त्याग गरेको आरोपमा ०६४ जेठ १५ गते घरमा गएका बेला उनलाई माओवादीले अपहरण गरी लगे। पीडितलाई पाँच दिनसम्म मोसो दली कालिका गाविसभरि घुमाएर जेठ २० गते मुक्त गरे।

धम्की/कुटपिट

माओवादीबाट

छिप्रा गाविस-७ निवासी पूर्वगाविस उपाध्यक्ष तथा एमाले कार्यकर्ता ४५ वर्षीय गोरखबहादुर शाहीले गाउँमा सङ्गठन निर्माण गरेको भनी ०६४ चैत २५ गते माओवादीले उनलाई घरमै गएर ज्यान मार्ने धम्की दिए। माओवादीले गाउँमा आफ्नो सङ्गठनबाहेक अरूको सङ्गठन निर्माण विस्तार गर्न नपाइने भनी धम्क्याएका थिए।

मैला गाविस-१ का पूर्वमाओवादी कार्यकर्ता ३५ वर्षीय रूपचन्द्र जैसीले रक्सी सेवन गर्ने गरेको र गाउँमा रक्सी बेचविखन गरेको आरोपमा उनलाई ०६४ वैशाख १ गते माओवादीले गाउँमा बोलाई कुटपिट गरे। उनी पूर्व माओवादी कार्यकर्ता हुन्।

मदना गाविस-१ निवासी एमाले जिल्ला कमिटी सदस्य ३० वर्षीय पूर्णप्रसाद ढकालले एमालेको प्रतिनिधि भई गाउँ परिषद्मा सहभागी भएको आरोपमा ०६४ जेठ १० गते माओवादीका कार्यकर्ताले कुटपिट गरी उनलाई सभास्थलबाट लखेटे। कार्यक्रममा सदरमुकामबाट परिषद्को अतिथि भएर गएका एमाले जिल्ला सचिव शिवराज शर्मालाई समेत माओवादीले भाषण गर्न दिएनन्। घटनाको विरोध गर्दै अन्य राजनीतिक दलले परिषद् बहिष्कार गरेपछि माओवादीले एकलौटी ढङ्गले गाउँ परिषद् सञ्चालन गरे।

कालिका गाविस-७ निवासी पूर्वगाविस उपाध्यक्ष ५९ वर्षीय बलराम जैसीले एमाले पार्टी प्रतिनिधि भई गाउँ परिषद्मा सहभागी भएको आरोपमा ०६४ जेठ १७ गते दिउँसो माओवादीले उनलाई परिषद् हलभित्रै लात्ती र मुक्का प्रहार गरे। परिषद्मा एमाले हुम्लाका सचिव शिवराज शर्मा, सदस्य सुरेन्द्र कार्की, हस्तबहादुर शाही र काङ्ग्रेस पार्टी प्रतिनिधि नरसुर बुढालाई भाषण गर्न दिएनन्। माओवादीले एकलौटी ढङ्गले गाउँ परिषद् सञ्चालन गरे।

वाईसीएलबाट

श्रीनगर गाविस-१ का २८ वर्षीय लोकेन्द्र भण्डारीले माओवादीसँग राजनीतिक असहमति राखेको आरोपमा ०६४ भदौ २४ गते कालिका गाविस-५ पाल्सा गाउँमा वाईसीएलका कार्यकर्ताले उनलाई मुक्का हानी कुटपिट गरे।

दोहोरो झडप

मिमी गाविस निवासी माओवादी जिल्ला सम्पर्क

कार्यालय संयोजक ४५ वर्षीय सूर्यवीर ऐडीलाई ०६३ चैत २८ गते राति जिल्ला प्रहरी कार्यालय, हुम्लाका प्रहरीले डेराबाट 'केही बुझ्न छ' भनी गिरफ्तार गरे। प्रजातान्त्रिकका कार्यकर्ता नेत्रबहादुर शाहीको घटनाबारे बुझ्न पक्राउ गरेका हुन्। भोलिपल्ट २९ गते माओवादीले दबाब दिएपछि ऐडी रिहा भए । पीडितलाई पुनः ०६४ वैशाख १० गते प्रहरीले पक्राउ गर्दा प्रजातान्त्रिक र माओवादीबीच सदरमुकाममा तीन दिनसम्म भएको दोहोरो झडपमा प्रजातान्त्रिकका कार्यकर्ता ४५ वर्षीय दलबहादुर शाही र माओवादी कार्यकर्ता वृषबहादुर शाही र एक वर्षीय विशाल ढकाल ११ गते राति घाइते भएका थिए। उनी जिल्ला प्रहरी कार्यालय हुम्लाबाट वैशाख १३ गते रिहा भए।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मैला गाविस-१ निवासी एमाले निकट अनेकिसङ्घ जिल्ला कमिटी सदस्य ४० वर्षीय कृष्णप्रसाद जैसीले गाउँमा एमालेको सङ्गठन विस्तार गरेको आरोपमा ०६३ फागुन ५ गते माओवादीले उनलाई सदरमुकामबाट घरमा गएका बेला पदबाट राजीनामा गर्न लगाए। यस वर्षको अन्तसम्म उनी सदरमुकाम आएका छैनन्।

एमाले गाउँ कमिटी दार्मले आफ्नो निर्णयविपरीत गाउँमा पार्टी कार्यालय स्थापना गरेको भन्दै ०६३ फागुन १५ गते राति माओवादीले एमालेको झण्डा फ्याँकी दिए। माओवादीले आफ्नोबाहेक अन्य पार्टीको कार्यालय गाउँमा स्थापना गर्न नपाइने बताउँदै आएका थिए। एमालेले उक्त घटनाको निन्दा गर्दै प्रेस विज्ञप्ति प्रकाशित गऱ्यो। हाल उक्त गाउँमा अन्य पार्टीका पनि कार्यालय स्थापना भएका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा तर्फ गत वर्षको जिम्मेवारी सरी आएका चार थान मुद्दामा एउटा मुद्दा मात्र फर्स्यौट भयो भने यस वर्ष दर्ता भएका पाँच थान मुद्दामा कुनै पनि मुद्दा फर्स्यौट भएनन्।

यसैगरी, सरकारवादी फौजदारी मुद्दा तर्फ गत वर्षको जिम्मेवारी सरी आएका छ थान मुद्दामा एउटा मुद्दा मात्र फर्स्यौट भयो भने यस वर्ष नयाँ मुद्दा दर्ता भएन।

जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्ममा जम्मा १३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा/बहुविवाह

कालिका गाविस-३ की २८ वर्षीय कमला रावल र मदना गाविस-८ का माओवादीद्वारा घोषित पूर्व गाउँ जनसरकार प्रमुख ३५ वर्षीय अज बुढा दुवैले ०६४ असोज १० गते दोस्रो विवाह गरे। पहिलो विवाहबाट अज बुढाका पाँच र कमलाका तीन बालबालिका छन्। दुवै पूर्व माओवादी कार्यकर्ता हुन्। पीडितका आफन्तले कहीं उजुरी दिएनन्।

सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेल्धुरा

५.८ बैतडी

५.९ दार्चुला

(१) बैतडी जिल्लाका दलितहरु। गत दसैंमा यस जिल्लाका विभिन्न मन्दिरहरुमा ३ सय २५ वटा राँगाको बलि दिइएको थियो। बलि दिइएका राँगाको मासु दलितहरुले नै स्वानुपर्ने विभेदपूर्ण परम्पराको विरोध गर्दै स्थानीय दलित समुदायले बलि दिइएका राँगाको मासु बहिष्कार गरेका थिए। (२) पाटन गाविसको उदयदेव मन्दिर परिसरमा राँगाको बलि दिन लागिँदै। यहाँ २२ ओटा राँगाको बलि दिइएको थियो। दलित समुदायले बहिष्कार गरेपछि मन्दिरभन्दा करिब २ सय मिटरको दूरीमा ती राँगाहरु गाडिएका थिए। (३) बलि दिइएका राँगाको मासु बहिष्कार गरेको आरोपमा उदयदेव गाविसस्थित मन्दिर परिसरमै कुटपिट गरिएका ७० वर्षीय भगीरथ दयाल। (४) उदयदेव गाविसस्थित उदयदेव मन्दिर जहाँ ३६ ओटा राँगाको बलि दिइएको थियो। दलित समुदायले बहिष्कार गरेपछि घेरैजसो मन्दिर परिसरमै गाडियो भने केही राँगाहरु मन्दिरभन्दा करिब ५ सय मिटरको दूरीमा त्यत्तिकै फालिएको थियो। यही मन्दिर परिसरमा दलितहरुलाई कुटपिट गरिनुका साथै उनीहरुले थापेका अस्थायी पसलहरुमा समेत लुटपाट गरिएको थियो। (५) देहीमाडौं गाविसस्थित निगड्लासैनी मन्दिरमा २ सय ६७ ओटा राँगाको बलि दिइएको थियो । दलित समुदायले बहिष्कार गरेपछि मन्दिरपछाडि फालिएको सिनो।

५.१ कैलाली

जनसङ्ख्या : ८,०५,५४२
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): ३,२३५
गाविस/नपा सङ्ख्या : ४२/२
सरकारी/निजी विद्यालय : ४६५/९९
क्याम्पस/उच्च मा.वि. : ४/१८
अस्पताल/स्वास्थ्य चौकी : २/४९
मोटर सडक (कि. मि.): ४५०
प्रहरी कार्यालय सङ्ख्या : २३
मानव विकास सूचकाङ्क : ०.४१३
प्रतिपरिवार सरदर सङ्ख्या : ७

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

संयुक्त थारू राष्ट्रिय मोर्चाद्वारा गरिएको आमहडतालका क्रममा प्रतापपुर गाविस-१ चाकाबाघका ३१ वर्षीय चुन्नुलाल चौधरी, पहलवानपुर गाविस-७ टप्पाका ४० वर्षीय जवाहारलाल कठरिया, जोशीपुर गाविस-५ का २७ वर्षीय भगवानसिंह चौधरी र मनुवा गाविस-१ का साहिल चौधरी ०६४ असोज १८ गते प्रहरीले हानेको अश्रुग्यास र गोली लागी चुहा गाविसस्थित पूर्व-पश्चिम राजमार्गमा घाइते भए। पीडित र प्रत्यक्षदर्शीका अनुसार, इन्स्पेक्टर विष्णु अवस्थीको नेतृत्वमा गएको प्रहरीले साइकल गाडीमा हालेर लगेको र केही साइकलहरू नालामा फालेको बताए। इन्स्पेक्टर अवस्थीले आफूहरू प्रतिरक्षामा रहेका कारण सम्पूर्ण घटनाको जिम्मेवारी लिन नसकिने बताए। घाइतेहरूमध्ये भगवानदिन चौधरी र जवाहारलाल चौधरीको उपचार काठमाडौँमा भएको थियो भने अन्य दुई जनाको उपचार सेती अञ्चल अस्पताल धनगढीमा भएको थियो।

माओवादीबाट

मसुरिया गाविस-२ मनिकापुरका ३२ वर्षीय माधुराम डगौरा माओवादीले सोही ठाउँका ३५ वर्षीय रामकुमार चौधरीको घरमा लुकाएर राखेका विस्फोटक पदार्थहरू ०६४ वैशाख २६ गते साँझ विस्फोट हुँदा घाइते भए। विस्फोटका कारण घरमा आगो लागेको थियो। विस्फोटबाट रामकुमार चौधरीको घर जलेर पूर्णरूपमा नष्ट भयो। माओवादीले घाइते डगौराको उपचार नेपालगञ्जस्थित मेडिकल कलेजमा गराए। द्वन्द्वकालीन समयदेखि नै माओवादीले आफ्नो घरमा बम राख्दै आएकामा पटकपटक माओवादीलाई बम लैजान आग्रह गर्दा माओवादीले वास्ता नगरेको पीडित रामकुमार चौधरीले जनाए। आगो निभाउने क्रममा तीनओटा ग्रिनेट, तीनओटा माइन बम, चारओटा भरुवा बन्दुक र बाह्रबोरको बन्दुक एक थान फेला परेको थियो। ती सबै हतियारहरू माओवादीले तालबन्दस्थित शिविरमा लगे।

बेवारिसे बम विस्फोटबाट

भजनी गाविस-३ अछामी टोलका ३८ वर्षीय भुवनराज नेउपाने ०६४ साउन २ गते दिउँसो बेवारिसे अवस्थामा रहेको विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भए। सोही गाउँस्थित खेतमा रहेको विस्फोटक पदार्थको डल्लोलाई खेलाउँदा विस्फोट भएको थियो। पीडितको उपचार नेपालगञ्जस्थित मेडिकल कलेजमा भएको थियो।

पण्डौन गाविस-२, कोल्तरीका नौ वर्षीय लक्ष्मणप्रसाद देवकोटा ०६४ कात्तिक २२ गते विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भए। घरनजिकै रहेको बाटोमा फेला परेका विस्फोटक वस्तु चलाउँदा उनी घाइते भएका थिए। विस्फोटबाट उनका दायाँ हातका तीनओटा औँला नष्ट भए भने हत्केलामा गहिरो खाल्डो पऱ्यो। पीडितको उपचार सेती अञ्चल अस्पतालमा भइरहेको छ।

अन्यबाट

मालाखेती गाविस-३ का वीरबहादुर महरा ०६३ फागुन २ गते राति घरमा सुतिरहेको अवस्थामा आफूलाई माओवादी बताउने सशस्त्र समूहले प्रहार गरेको गोली लागी घाइते भए। पीडितको उपचार सेती

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	११	१०	१	११							
घाइते	३	३	१	४	१	१		१	१	४	४
गिरफ्तारी/यातना									३	४	४
कुटपिट	८	१०	१	११	६	१३		१३	३	९	९
धम्की	१	१		१	१	१		१			
जातीय विभेद	१	१		१							
महिलाअधिकार	६		६	६							
बालअधिकार	३		३	३							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	२		२	७	७	४	११			
अमानवीय व्यवहार	३	२	१	३							
अपहरण	४	४	१	५	११	१६		१६			
जम्मा	४२	३३	१५	४८	३६	३७	४	४१	७	१७	१७

अञ्चल अस्पतालमा भयो। माओवादीले उक्त घटनामा आफ्नो संलग्नता नरहेको जनायो।

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जेलको कुल बन्दी क्षमता ७२ जनाको छ। कैद तोकिएका ४८ पुरुष र दुई महिला एवम् कैद नतोकिएका ४० पुरुष र चार महिला गरी जम्मा बन्दीको सङ्ख्या ९४ रहेको छ। जेलमा एक जना आश्रित बालक पनि रहेका छन्। जेलमा पानी, शौचालय, विद्युत्, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टीभी उपलब्ध छ। तर, खेलकुद सामग्रीहरू पर्याप्त छैन। बजेटको अभावका कारण खेलकुद सामग्री उपलब्ध गराउन नसकिएको जेलर हेमराज भट्टले बताए।

बेपत्ता/अपहरण

माओवादीबाट

महलवानपुर गाविस-२ का २१ वर्षीय भागीराम चौधरीले सोही ठाउँका बजिरसिंह बमको ऋण नतिरेको आरोपमा ०६३ माघ ६ गते उनलाई चार जनाको सङ्ख्यामा गएका माओवादी कार्यकर्ताहरूले घरबाट अपहरण गरे। बमको १ लाख १५ हजार रुपियाँ तिर्ने सर्तमा सात घण्टापछि मसुरियाबाट उनी मुक्त भए।

मसुरिया गाविस-८ अैठाका ३७ वर्षीय जगतराम चौधरीले धनगढी नगरपालिका निवासी जनस्वास्थ्य कार्यालयका खरिदार मोहनसिंह साहुबाट लिएको ऋण नतिरेको आरोपमा ०६३ माघ २० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६३ माघ २३ गते मसुरियाबाट स्थानीय बासिन्दाको रोहबरमा मुक्त गरे।

धनगढी नपा-३ बोराडाँडीका २८ वर्षीय भरतबहादुर चन्दले गाउँमा झगडिया युवाहरूका बारेमा जानकारी नदिएको आरोपमा ०६३ फागुन २० गते माओवादीले उनलाई घरबाट अपहरण गरी ०६३ फागुन २१ गते उनकै घरमा पुऱ्याई मुक्त गरे।

बझाङ जिल्ला चौधरी गाविस-३ का २६ वर्षीय रवीन्द्र थापाले डोटी जिल्ला गौरा गाविस-६ निवासी माओवादीको बहुवीर योद्धा ब्रिगेड सहजपुरमा कार्यरत जनमुक्ति सेनाका २३ वर्षीय माओवादी अग्रगमन भनिने भीमबहादुर कठायतलाई कुटपिट गरेको आरोपमा ०६४ असार २७ गते उनलाई माओवादी जनमुक्ति सेना सहजपुरले अपहरण गऱ्यो। इन्सेक क्षेत्रीय कार्यालय धनगढीका प्रलेख अधिकृत दीपकराज तिवारीको नेतृत्वमा गएको मानवअधिकारकर्मी तथा पत्रकारको रोहबरमा ०६४ साउन १० गते पीडितलाई सहजपुरबाट मुक्त गरे। पीडित थापा आफ्ना दुई छोरी र पत्नीसहित भारतको बेड्लोरबाट घर फर्किने क्रममा असार २७ गते धनगढीको अत्तरियाबाट बझाङतर्फ गइरहेको अवस्थामा माओवादी सेनाले नियन्त्रणमा लिएका थिए। पीडित थापा अपहरणमा परेपछि साथमा रहेकी उनकी पत्नी थापासँगै माओवादी क्याम्पमा बसेकी थिइन्।

बझाङ जिल्ला चौधरी गाविस-२ घर भई महेन्द्रनगर नपा-६ हल्दुखाल निवासी यातायात व्यवसायी २८ वर्षीय सन्तोष विष्टले माओवादी सेना अग्रगमन भनिने भीमबहादुर कठायतलाई कुटपिट गरेको आरोपमा ०६४ साउन १२ गते माओवादी सेनाले कैलालीको सहजपुरबाट अपहरण गरे। पीडित इन्सेक क्षेत्रीय कार्यालय धनगढीका प्रलेख अधिकृत दीपकराज तिवारी, इन्सेक जिल्ला प्रतिनिधि कृष्णबहादुर विक र राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीका मानवअधिकार अधिकृत बद्री सुवेदीको रोहबरमा साउन १४ गते माओवादीको बहुवीर योद्धा ब्रिगेड सहजपुरबाट मुक्त भए। माओवादी नियन्त्रणबाट मुक्त भएका विष्टलाई साउन १४ गते उनका दाजु टेकबहादुर विष्ट र कञ्चनपुर बस व्यवसायी समितिका सचिव डम्बरराज पन्तको जिम्मा लगाइयो। कञ्चनपुरबाट बझाङतर्फ गइरहेको म.१ख. ३४८ नम्बरको बसमा यात्रा गरिरहेका माओवादी सेना अग्रगमन भनिने भीमबहादुर कठायतलाई ०६४ असार २७ गते विष्टलगायतका व्यक्तिहरूले कुटपिट गरेपछि सहजपुरस्थित माओवादीको बहुवीर योद्धा ब्रिगेडले अपहरण गरेको थियो।

श्रीपुर गाविस-७ मजगाउँका ३२ वर्षीय फलराम चौधरीले पार्टीका कार्यकर्ताहरूले गरेको निर्णय स्वीकार नगरेको आरोपमा ०६४ भदौ ६ गते माओवादी कार्यकर्ताहरूले उनलाई घरबाट अपहरण गरी धनगढीस्थित माओवादीको जनन्याय सहयोग समितिमा उपस्थित गराई बोलाएको समयमा उपस्थित हुने सर्तमा भदौ ७ गते मुक्त गरे।

वाईसीएलबाट

पथरिया गाविस-२ अमौराका ४२ वर्षीय विमलसिंह राठौरले अवैध व्यापार गरेको आरोपमा ०६४ वैशाख २९ गते वाईसीएलका कार्यकर्ताले अपहरण गरी नेपालगञ्जस्थित वाईसीएल कार्यालयमा राखे। पीडितलाई असार ८ गते प्रहरीले नेपालगञ्जस्थित वाईसीएलको कार्यालयमा छापा मारी मुक्त गरायो।

धनगढी नपा-३ सन्तोषी टोल निवासी सरिता होटल एण्ड रेस्टुरेन्टका मालिक ३८ वर्षीय रमेश बमले होटलमा अवैध यौन व्यापार गराउँदै आएको आरोपमा ०६४ कात्तिक ९ गते साँझ वाईसीएल र अखिल नेपाल ट्रेड युनियनका कार्यकर्ताहरूले होटलबाटै अपहरण गरे। सोही आरोपमा होटलमा काम गर्ने दुई जना महिला कामदारहरूलाई पनि अपहरण गरेका थिए। अपहरित

प्रहरीद्वारा प्रहार गरिएको अश्रुग्यास र गोली लागी घाइते भएका भगवानसिंह चौधरी

महिलाहरूलाई ०६४ कात्तिक ११ गते धनगढीस्थित माइती नेपाललाई जिम्मा लगाए भने बमलाई अबउपरान्त होटलमा यौन व्यापार नगराउने सर्तमा कागज गर्न लगाई इन्सेक प्रतिनिधिको रोहबरमा पीडितका भाञ्जा खगेन्द्र बोगटीको जिम्मा लगाए।

अन्यबाट

फूलबारी गाविस-१ निवासी माओवादीका तत्कालीन क्षेत्रीय ब्युरो सदस्य रोशन भनिने ३० वर्षीय लक्ष्मण चौधरी थारूलाई ०६३ चैत ७ गते अज्ञात व्यक्तिहरूले माओवादी सेती ब्युरोको अत्तरियामा हुने कार्यक्रममा भाग लिन गइरहेको अवस्थामा कैलाली जिल्लाको गेटा गाविस क्षेत्रबाट अपहरण गरे। अज्ञात समूहले अपहरण गरी आफूसँग १० लाख रुपियाँ माग गरेको, माग गरिएको रकम नदिएमा ज्यान खतरामा रहेको बताउँदै आफ्नो पार्टीमा जानकारी गराइदिन र आफ्नो जीवनरक्षाका लागि अपिल गरिदिन इन्सेक क्षेत्रीय कार्यालयका संयोजक खडकराज जोशीलाई ०६३ चैत ७ गते साँझ भारतको अज्ञातस्थलबाट चौधरीले फोन गरेका थिए। ०६३ चैत ८ गते बिहान अपहरणकारी र लक्ष्मण चौधरीको हस्ताक्षरसहितको एक फ्याक्स इन्सेक क्षेत्रीय कार्यालय धनगढीमा पठाइएको थियो। फ्याक्स कपीमा अपहरणकारीहरूले आफूहरू टी.एम.डन. ग्रुप भएको उल्लेख गरेका थिए। सोही फ्याक्समा चौधरीले आफूलाई चैत ७ गते धनगढीबाट अत्तरिया जाँदै गर्दा बिहान गेटानजिकैबाट अज्ञात समूहले नियन्त्रणमा लिएको र आफ्नो रिहाइका लागि सम्पूर्ण नागरिक समाज, राजनीतिक पार्टी, मानवअधिकारकर्मी र माओवादी सबैलाई अनुरोध गर्दछु भनी लेखेका थिए। चौधरीले ०६३ चैत ९ गते अत्तरियामा पत्रकार सम्मेलन गरी आफू टी.एम.डन.को

नियन्त्रणबाट भाग्न सफल भएको बताए। माओवादीले उक्त घटना वास्तविक नभई नाटक गरेको भनी जनाए।

बेवारिसे बम विस्फोटबाट घाइते भएका लक्ष्मणप्रसाद देवकोटा

धम्की/कुटपिट

राज्यबाट

हसुलिया गाविस-९ हसुलिया बजारका ३१ वर्षीय सुदर्शन ठाकुरले माओवादीलाई सहयोग गरेको आरोपमा ०६४ असार ४ गते राति इलाका प्रहरी कार्यालय हसुलियामा कार्यरत प्रहरी हवल्दार गोविन्द डाँगी र प्रहरी जवान दीपक बोहराले कुटपिट गरे। पसलमा सामान किन्न गएको समयमा आफूलाई थारू बताउँदै माओवादीलाई सहयोग गर्ने भन्दै आफूमाथि आक्रमण गरी कुटपिट गरेको पीडितले बताए। आक्रमणको विरोध गर्दै स्थानीय बासिन्दाहरूले कुटपिटमा संलग्न सुरक्षाकर्मीलाई कारबाही गर्न माग गर्दै सोही रात इलाका प्रहरी कार्यालयमा पुगी नाराबाजी गरे। हसुलिया बेस क्याम्पका लेफ्टिनेन्ट सोभितबहादुर चन्दले पीडकहरूलाई विभागीय कारबाही गरिने बताएपछि विवाद साम्य भएको थियो।

धनगढी नपा-२ बैयाबेहडीका ३५ वर्षीय रामप्रसाद चौधरी, ३० वर्षीय खुसीराम चौधरी, विमल चौधरी, प्रेम चौधरी, ज्याक चौधरी, राजेश चौधरी र बालकुमार चौधरीले अनैतिक कार्य गर्न लागेको आरोपमा ०६३ माघ २५ गते राति गस्तीमा गएको सुरक्षाकर्मीको टोलीले छिमेकी जगवीर चौधरीको घरमा नाचगान गरिरहेको अवस्थामा कुटपिट गरे। कुटपिटबाट घाइते भएकाहरूको उपचार बैयाबेहडीस्थित स्थानीय स्वास्थ्य चौकीमा भएको थियो।

माओवादीबाट

जानकीनगर-३ खर्गौलाका ४८ वर्षीय भरथरी चौधरी, उनका २५ वर्षीय छोरा वीरबहादुर चौधरी र २२ वर्षीय सन्तराम चौधरीलाई ०६३ फागुन २१ गते राति माओवादीका एरिया इञ्चार्ज गणेश भनिने रामकृष्ण चौधरीको नेतृत्वमा गएको माओवादी समूहले घरबाट नियन्त्रणमा लिई छिमेकीको गोठमा पुऱ्याई डोरीले बाँधेर कुटपिट गरी सोही दिन मुक्त गरे।

बलिया गाविस-१ का ५० वर्षीय धनराज गिरी र चुहा गाविस-६ का नृप रावलले माओवादीका एरिया नम्बर आठका इञ्चार्ज अजयमाथि आक्रमण गर्न खोजेको आरोपमा ०६४ वैशाख १९ गते १०/१२ जनाको सङ्ख्यामा रहेका माओवादी कार्यकर्ताहरूले घरबाट नियन्त्रणमा लिई चुहा गाविसको गुलारामा पुऱ्याई कुटपिट गरे। चुहा गाविस-६ लोहारपुरस्थित जनहित बाल प्राथमिक विद्यालयका विषयमा आठ राजनीतिक दल र स्थानीय बासिन्दाबीच भइरहेको छलफलमा विवाद भएपछि माओवादीले पीडितलाई कुटपिट गरेका थिए। पीडितको उपचार टीकापुर अस्पतालमा भएको थियो।

मालाखेती गाविस-४, चौकीडाँडा निवासी काङ्ग्रेस कार्यकर्ता ४० वर्षीय डम्बर पाली, २५ वर्षीय दीपक पाली, सोही गाविस-५ का २० वर्षीय टेकराज भट्ट र ३५ वर्षीय भीमबहादुर मडैले नागरिकता वितरण कार्यमा समस्या खडा गरेको अरोपमा ०६३ माघ २९ गते उनलाई माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। पीडितहरूको उपचार अत्तरियास्थित पद्मा अस्पतालमा भयो। नागरिकताको सिफारिस सम्बन्धमा दुवै पक्षबीच भएको झडपमा माओवादी कार्यकर्ता लोकेश, निरज, भरत, जानकी र मोहित घाइते भए।

साडेपानी गाविस-८ दीपनगरका ४३ वर्षीय दलबहादुर महतरा सामन्ती भएको आरोपमा ०६४ असार २६ गते राति सोही ठाउँका माओवादी कार्यकर्ता उत्तम चौधरी, लाहानु चौधरी र लालबहादुर चौधरीले उनको घरमा गई मार्ने धम्की दिए। पीडितका भाइ कृष्ण महतराले गाउँका मानिसहरूलाई दिएको ऋण असुल गर्न गएको अवस्थामा माओवादीले धम्की दिएका थिए।

बेलादेवीपुर गाविस-२ सेहरीका ४० वर्षीय ईश्वरी राना सामन्ती भएको आरोपमा ०६४ असार २७ गते राति सोही ठाउँ बस्ने माओवादी कार्यकर्ता डम्बर राना र राजकुमार रानाले उनकै घरमा गई कुटपिट गरे। ०६३ जेठ २ गते पीडकहरूले कुटपिट गरी विस्थापित बनाएका रानालाई परिवारहरूसँग भेटघाट गर्न गएको समयमा पुनः कुटपिट गरेका थिए। पीडितको उपचार सेती अञ्चल अस्पतालमा भएको थियो।

वाईसीएलबाट

जिल्ला प्रशासन कार्यालय कैलालीका प्रशासकीय अधिकृत गुञ्जबहादुर यमसीलाई ०६४ वैशाख २५ गते दिउँसो वाईसीएलका कार्यकर्ताहरूले

कुटपिट गरे। प्रशासनमा सुरक्षाका लागि खटिएका प्रहरीहरूले वाईसीएलका कार्यकर्ताहरूलाई रोक्न खोज्दा आन्दोलनकारीको ढुङ्गा प्रहारबाट प्रहरी जवान गणेश धामी पनि सामान्य घाइते भए। बर्दियामा प्रहरीले पक्राउ गरेका आफ्ना कार्यकर्ताहरूको रिहाइको माग गर्दै ७०/८० जनाको सङ्ख्यामा गएका वाईसीएलका कार्यकर्ताहरू जिल्ला प्रशासन कार्यालय कैलालीको परिसरभित्र प्रवेश गरी यमसीलाई कुटपिट गरेका थिए। पीडितको सेती अञ्चल अस्पतालमा सामान्य उपचार गरेपछि थप उपचारका लागि काठमाडौँ पुऱ्याइयो। प्रहरी जवान गणेश धामीको उपचार सेती अञ्चल अस्पतालमा भएको थियो। पीडकहरूलाई कुनै कारबाही भएन।

मालाखेती गाविस-८ तेघरीका यज्ञराज विष्टले चोरी गरेको आरोपमा ०६३ चैत १८ गते राति उनलाई वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। सोही दिन सोही ठाउँका दिलीप नेपाली, शेरबहादुर विक र पुष्प विकलाई वाईसीएलका कार्यकर्ताले अत्तरिया प्रहरी चौकीमा छानबिनका लागि भनी बुझाए। अत्तरिया प्रहरी चौकीले अनुसन्धान गर्दा चोरीमा संलग्न रहेको भन्ने पुष्टि हुन नसकेको बतायो। वाईसीएलका कमाण्डर ताराले आफ्ना कार्यकर्ताहरूले गल्ती गरेको भन्दै माफी मागेपछि दुवै पक्षबीच ०६३ चैत १९ गते मिलापत्र भएको थियो। पीडित विष्टको अत्तरियास्थित अस्पतालमा उपचार भयो।

धनगढी नपा-८ निवासी तत्कालीन काङ्ग्रेस (प्र.) निकटको नेविसङ्घका लेखराज जोशीलाई आफ्नो पार्टीका विरुद्धमा नाराजुलुस लगाएको आरोपमा ०६३ फागुन २४ गते साँझ वाईसीएलका कार्यकर्ताले सेती अञ्चल अस्पताल परिसरभित्र कुटपिट गरे। उनको उपचार सेती अञ्चल अस्पतालमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत कैलालीमा दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४९ थानमध्ये १२ थान मुद्दा फर्स्यौट भई ३७ थान बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ३८ थान दर्ता भएकामा १५ थान फर्स्यौट भई २३ थान बाँकी रहे। दुनियाँवादी फौजदारीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका तथा यो वर्ष दर्ता भएका जम्मा ८७ थान मुद्दामा २७ थान मुद्दा यस वर्षको अन्त्यसम्ममा फर्स्यौट भई ६० थान मुद्दा बाँकी रहे।

माओवादीद्वारा अपहरण गरिएका रवीन्द्र थापा र सन्तोष विष्ट

यसैगरी, सरकारवादी फौजदारी मुद्दा गतवर्षको जिम्मेवारी सरेर आएका ८० थानमध्ये २० थान फर्स्यौट भई ६० थान बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ३८ थान दर्ता भएकामा पाँच थान फर्स्यौट भई ३३ थान बाँकी रहे। गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा १ सय १८ थान सरकारवादी फौजदारी मुद्दाहरूमध्ये २५ थान फर्स्यौट भई ९३ थान मुद्दाहरू बाँकी रहे।

देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १ सय १९ थान मुद्दामध्ये ३२ थान फर्स्यौट भई ८७ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ३७ थान देवानी मुद्दाहरूमा दुई थान फर्स्यौट भई ३५ थान मुद्दा बाँकी रहे। गतवर्षको जिम्मेवारी सरेर आएका तथा यो वर्ष दर्ता भएका जम्मा १ सय ५६ थान देवानी मुद्दाहरूमा ३४ थान फर्स्यौट भई १ सय २२ थान मुद्दाहरू बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म जम्मा ३ सय ६१ थान मुद्दाहरूमध्ये ८६ थान मुद्दाहरू फर्स्यौट भई २ सय ७५ थान मुद्दा बाँकी रहे। सबै मुद्दाहरूमध्ये पाँच वर्ष नाघेका मुद्दाहरू जम्मा १६ थान रहेका छन्।

बालअधिकार

धनगढी नपा-१ त्रिवेणी चोकका १४ वर्षीय राजेश चौधरी र उनकै १३ वर्षीय भाइ सञ्जु चौधरीले गलत सूचना दिएको आरोपमा ०६३ चैत १४ गते राति सोही ठाउँका २३ वर्षीय वीरबहादुर चौधरी र २० वर्षीय नरबहादुर चौधरीलगायतका व्यक्तिहरूले उनकै घरमा गई कुटपिट गर्नुका साथै मार्ने धम्की दिए। पीडितहरू धम्कीका कारण दुई दिनसम्म घर छोडेर आफन्तको घरमा बसेका थिए। पीडितका परिवारजनहरूले जिल्ला प्रहरी कार्यालय धनगढीमा निवेदन दिए। जिल्ला प्रहरी

वाईसीएलद्वारा कुटपिट गरिएका कैलाली जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत गुञ्जबहादुर थमसि

कार्यालयले दुवै पक्षलाई बोलाई ०६३ चैत १६ गते मिलापत्र गरायो।

पहलवानपुर गाविस-३ सिसैया निवासी कान्ति उच्च मावि कक्षा १० मा अध्ययनरत १७ वर्षीय पदम बडुवाल, कक्षा ९ मा अध्ययनरत १५ वर्षीय ज्ञानबहादुर रावतले मोटरसाइकल चोरी गरी जथाभावी चलाएर बिगारिदिएको आरोपमा ०६४ जेठ ९ गते माओवादीको बहुवीर योद्धा स्मृति ब्रिगेड सहजपुरमा कार्यरत जनमुक्ति सेनाका प्रतिरोध भनिने गोविन्द विष्टको नेतृत्वमा गएका क्रान्ति, विकास र सचेतले उनीहरूलाई अपहरण गरी सहजपुरस्थित माओवादी शिविरमा राखे। गोविन्द विष्ट ०६४ वैशाख २७ गते रामशिखरझाला गाविस-८ निवासी सानीआमा नाता पर्ने कृष्णा विष्टलाई भेट्न गएको अवस्थामा उनको मोटरसाइकल बडुवाल र रावतले चोरेर लगेका कारण माओवादी सेनाले उनीहरूलाई नियन्त्रणमा लिएको प्रत्यक्षदर्शीले बताए। बिग्रिएको मोटरसाइकल मर्मतका लागि अभिभावकहरूले एक महिनापछि १२ हजार रुपियाँ दिएपछि पीडित बालकहरूलाई मुक्त गरे।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

दुर्व्यवहार

उर्मा गाविस-५ घसिटाकी ५२ वर्षीय एक महिला बोक्सी भएको आरोपमा ०६४ असार ३ गते राति उनलाई सोही ठाउँका २३ वर्षीय किशोर राना र २२ वर्षीय जोगी रानाले उनलाई सुतिरहेको अवस्थामा घर बाहिर निकाली कुटपिट गरे। कुटपिटबाट उनको खुट्टा भाँचियो भने दायाँ आँखा र शरीरका अन्य भागहरूमा नीलडामहरू परे। घाइते चौधरीको सेती अञ्चल अस्पतालमा उपचार भयो। पीडकहरू फरार रहे।

रामशिखरझाला गाविस-७ सिमथरीकी ६५ वर्षीया एक महिला बोक्सी भएको आरोपमा ०६४ असोज २ गते दिउँसो उनलाई सोही गाउँका गुरुवाको काम गर्ने कालिचरण चौधरीलगायतका व्यक्तिले कुटपिट गरे। पीडितको उपचार सुख्खडस्थित स्वास्थ्य चौकीमा भयो।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

उर्मा गाविस-३ धुर्जन्नाकी एक १३ वर्षीया बालिकालाई चौमालास्थित आफ्ना बाजेबजैसँग गाडीमा घर गइरहेको अवस्थामा ०६४ कात्तिक १८ गते राति चौमाला गाविस-८ का २८ वर्षीय जोगी राना, राजु चौधरी, परशुराम राना र तेजबहादुर खड्काले बलात्कार गरे। पीडितको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा भयो। स्वास्थ्य परीक्षण गर्दा बलात्कार गरेको प्रमाणित भएपछि पीडितका परिवारले ०६४ कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। प्रहरीले पीडक जोगीराम रानालाई पक्राउ गरी जिल्ला कारागार कैलालीमा थुनामा राखे भने अन्य आरोपीहरू फरार छन्।

टीकापुर नगरपालिका-४ बागमाराका दुई जना महिलालाई ०६४ मंसिर २९ गते सोही ठाउँका मायाराम चौधरी र रामलौटन चौधरीले बलात्कारको प्रयास गरे। बलात्कारको प्रयासपछि फरार भएका मायाराम चौधरी ०६४ पुस १ गते पीडित परिवार र सत्ती प्रहरी चौकीको सहयोगमा धनसिंहपुर गाविस-२ बाट पक्राउ परे। रामलौटन चौधरी हालसम्म पनि फरार छन्।

चौमाला गाविस-४ झिलस्थित कालिका सुकुम्वासी शिविरकी १८ वर्षीया एक युवतीलाई ०६४ भदौ २६ गते राति सोही शिविरका चन्द्र विक र चौमाला गाविस-४ भोजपुरका महेन्द्र शाहीले बलात्कार गर्ने प्रयास गरे। पीडकहरूले रक्सी सेवन गरी बलात्कारको प्रयास गर्नुका साथै शिविरका बासिन्दालाई गोली हानी मार्ने धम्की दिएका थिए। सोही राति शिविरका बासिन्दाहरूले दुवै जनालाई नियन्त्रणमा लिई चौमाला प्रहरी कार्यालयमा बुझाएका थिए। विक र शाहीले आफ्नो गल्ती स्वीकार गर्दै आइन्दा त्यस्तो कार्य नगर्ने बताएपछि प्रहरीले कागज बनाउन लगाई सोही दिन रिहा गऱ्यो।

सबै प्रकारका जातीय विभेद

चौमाला गाविस-७ राजीपुरका ३१ वर्षीय भरत विश्वकर्माले गैरदलित महिलासँग विवाह गरेको आरोपमा ०६४ असार ३१ गते वाईसीएलका कार्यकर्ता उत्तम सापकोटाको नेतृत्वमा गएको एक समूहले अपहरण गरी कुटपिट गऱ्यो। पीडितलाई ०६४ साउन ३ गते वाईसीएलका कार्यकर्ताहरूले चौमालास्थित प्रहरी चौकीलाई बुझाए। प्रहरीले पीडित विश्वकर्माको उपचार सेती अञ्चल अस्पतालमा गराए। पीडितलाई उपचारपछि प्रहरीले साउन ३ गते काङ्ग्रेस कैलालीका उपसभापति वीरबहादुर हमाललाई बुझाए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

दुगौली गाविस-१ दुगौलीकी १७ वर्षीया रीता चौधरीलाई ०६४ असार २५ गते सोही ठाउँका रामबहादुर बमले कञ्चनपुर जिल्ला स्थायी घर भई हाल भारतको पलियामा घरपरिवारसहित बस्दै आएका रामपाल रानासँग भारतकै पलियामा जबरजस्ती विवाह गराए। पीडितलाई ०६४ साउन २ गते पीडित परिवार र स्थानीय बासिन्दाको सहयोगमा उद्धार गरियो। पीडितका परिवारले आफूहरूलाई कुनै जानकारी नगराई रीता चौधरीलाई भारतमा लगेर बेचेको दाबी गरे। तर, बमले सहमतिमा विवाह गराइदिएको जनाए। पीडितले प्रहरीमा उजुरी गरेपछि प्रहरीले बमलाई पक्राउ गरी ९० हजार रुपियाँ धरौटीमा रिहा गरिएको जनायो। हाल जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

गदरिया गाविस-८ वनकनरीका ३२ वर्षीय प्रकाश चौधरीको घरगोठमा ०६३ चैत १९ गते बेलुकी माओवादीले राखेको विस्फोटक पदार्थ विस्फोट हुँदा करिब ३ लाख रुपियाँ बराबरको क्षति भयो। भाइ प्रकाश चौधरी ०५७-०५८ सालदेखि माओवादीमा संलग्न भएका कारण माओवादीले विस्फोटक पदार्थ गोठमा राख्दै आएको पीडितका दाजु शिवलाल चौधरीले बताए।

श्रीपुर गाविस-५ हरैयाका ४७ वर्षीय रणबहादुर शाहको ३० बिघा जग्गा ०६४ जेठ २६ गते अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी) ले कब्जा गरेको घोषणा गरे। ठूलो सङ्ख्यामा गएका सङ्घका कार्यकर्ताहरूले जेठ २६ गते साँझ शाहको जग्गामा पार्टीको झण्डा गाडी कब्जा गरेको घोषणा गरेका थिए। पीडितको जग्गा यो वर्षको अन्त्यसम्ममा फिर्ता गरिएन।

मसुरिया गाविस-५ निवासी काङ्ग्रेस (प्र.) महासमितिका सदस्य ४२ वर्षीय टेकराज जोशी र जिल्ला कार्यसमिति सदस्य लालबहादुर सिंहको क्रमश: ३० बिघा र छ बिघा जग्गा अनेकिसङ्घ (क्रान्तिकारी) ले ०६४ जेठ ५ गते कब्जा गरे। पीडितहरूको जग्गा यस वर्षको अन्त्यसम्ममा फिर्ता गरिएको थिएन।

जिल्ला वन कार्यालय कैलालीको रा.१झ. ८६ र बा.१ज. १०५३, इलाका प्रहरी कार्यालय लम्कीको बा.१झ. ७४२६, नेपाल खानेपानी संस्थानको बा.१झ. ११४२, दूरसञ्चार कार्यालय कैलालीको बा.५च. ८०८३ नम्बरका गाडीहरू ०६४ जेठ ३ गते कैलालीस्थित तालबन्द बडैपुर र गोरुङ्गे शिविरका माओवादी सेनाहरूले कब्जा गरे। कब्जा गरिएका सबै गाडीहरू असार महिनाको अन्तिम सातासम्मा फिर्ता भइसकेको इलाका प्रहरी कार्यालय लम्कीले जनायो।

वाईसीएलबाट

धनगढी नपा-२ का हरिनाथले वाईसीएलले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा ०६४ वैशाख २२ गते साँझ वाईसीएलका कार्यकर्ताहरूले उनको म.१ज. ८६ नम्बरको जीपलाई धनगढीको चौराहाबाट नियन्त्रणमा लिएर जलाए। भन्सार रोडबाट बिरामी लिन अत्तरिया जाँदै गरेको अवस्थामा उक्त जीपलाई नियन्त्रणमा लिइएको थियो। जिल्ला प्रशासन कार्यालय कैलालीमा क्षतिपूर्तिका लागि निवेदन परेको र क्षतिपूर्तिको प्रक्रिया अगाडि बढेको जिल्ला प्रशासन कार्यालय, कैलालीले जानकारी गरायो।

संयुक्त थारू राष्ट्रिय मोर्चाबाट

धनगढी नपा-७ क्याम्पस रोडका २२ वर्षीय

वाईसीएलद्वारा आगजनी गरिएको जीप

कृष्णबहादुर विष्टले बन्दको अवज्ञा गरेको आरोपमा ०६४ साउन २८ गते बिहान संयुक्त थारू राष्ट्रिय मोर्चाका कार्यकर्ता अङ्कित र सुरेन्द्र चौधरीले विष्टको पसलमा तोडफोड गरी बन्द गर्न धम्की दिए। मोर्चाका कार्यकर्ताहरूले पसल तोडफोड गरी बन्द गर्न धम्की दिएपछि क्याम्पस रोडस्थित व्यापारीहरूले प्रतिकार गरे। प्रतिकारका क्रममा मोर्चाका कार्यकर्ता अङ्कित भाग्न सफल भए भने सुरेन्द्र चौधरीलाई प्रहरीले सोही दिन गिरफ्तार गरी ०६४ भदौ १९ गते रिहा गऱ्यो।

धनगढी नपा-५ जाई निवासी संयुक्त थारू राष्ट्रिय मोर्चाका कार्यकर्ता विनय चौधरी र थारू कल्याणकारिणी सभा कैलालीका अध्यक्ष भानुराम चौधरीले सवारी साधन तोडफोड गरेको आरोपमा ०६४ असोज १७ गते प्रहरीले धनगढी बसपार्कबाट गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका भानुराम चौधरीलाई सोही साँझ जिल्ला प्रहरी कार्यालयबाट रिहा गरिएको थियो भने विनय चौधरीलाई ०६४ असोज १९ गते मात्र जिल्ला प्रहरी कार्यालयले रिहा गरेको थियो। आफूहरूले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा ०६४ असोज १७ गते मोर्चाका कार्यकर्ताहरूले महेन्द्रनगरबाट यात्रु बोकेर आएको ना.३ख. १४०३ नम्बरको बस धनगढी बसपार्कभित्र प्रवेश गरिरहेको अवस्थामा ढुङ्गा प्रहार गरी क्षति पुऱ्याएका थिए।

अन्यबाट

मालाखेती गाविसस्थित अत्तरियामा रहेको माओवादीको क्षेत्रीय ब्युरो कार्यालयमा ०६३ फागुन १ गते काङ्ग्रेस कार्यकर्ता, मालाखेती गाविसस्थित श्री ग्वासी उच्च माविमा अध्ययनरत विद्यार्थी र स्थानीय बासिन्दाले तोडफोड गरी तालाबन्दी गरे। मालाखेती गाविस-४ का ४० वर्षीय डम्बर पाली, २७ वर्षीय दीपक पाली, मालाखेती गाविस- ५ का २० वर्षीय टेकराज भट्ट र २५ वर्षीय भीमबहादुर मडैलाई माओवादीले कुटपिट गरेको आरोपमा माओवादी कार्यालयमा तोडफोड तथा तालाबन्दी गरिएको थियो। जिल्लास्थित आठ राजनीतिक दलका नेताहरूको सर्वदलीय बैठकले कुनै पनि पक्षबाट तोडफोड तथा बन्द नगर्ने सहमति गरी ०६३ फागुन २ गते माओवादी क्षेत्रीय ब्युरो कार्यालयको ताला खुलेको थियो।

गेटा गाविसस्थित मुक्त कमैया शिविरका मुक्त कमैयाहरूले गेटा गाविस-३ बोराडाँडीका भीमराज पाण्डेको हत्या गरेको आरोपमा ०६४ भदौ ११ गते मृतक पाण्डेका परिवार र आफन्तहरूले मुक्त कमैयाहरूको बस्तीमा आगो लगाए। आगलागीबाट मुक्त कमैयाहरूका सम्पूर्ण घरहरू जलेर नष्ट भए। मुक्त कमैयाहरूले पाण्डेको ०६४ भदौ १० गते राति आफ्नै मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको दाबी गरे। प्रहरीले घटनाको अनुसन्धान भइरहेको बताएको छ। गैरसरकारी संस्था बेसले जलेर नष्ट भएका घरहरू निर्माण गर्न सहयोग गरेको थियो। तत्कालका लागि माओवादी र रेडक्रसले खाद्यान्न सहयोग गरेका थिए।

५.२ अछाम

जनसङ्ख्या : २,५७,३९९
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,६८०
गाविस/नपा सङ्ख्या : ७५/०
सरकारी/निजी विद्यालय : ३७७/८
क्याम्पस/उच्च मा.वि. : २/६
अस्पताल/स्वास्थ्य चौकी : २/७६
मोटर सडक (कि. मि.) : ८६
प्रहरी कार्यालय सङ्ख्या : १७
मानव विकास सूचकाङ्क : ०.३५०
प्रतिपरिवार सरदर सङ्ख्या : ६

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १३ जना पुरुष र कैद नतोकिएका तीन जना पुरुष गरी जम्मा १६ जना बन्दीहरू रहेका छन्। ०५८ फागुन ४ गते राति माओवादी आक्रमणबाट ध्वस्त भएको जेल हाल निर्माण भइसकेको छ। जेलमा बन्दीहरूका लागि सामान्यतया टीभी र एउटा भलिबल मात्र छ। जेलमा पाउने अन्य सामान्य सुविधा भने पाइराखेका छन्।

धम्की/कुटपिट

माओवादीबाट

वस्ती गाविस-७ का पूर्व माओवादी कार्यकर्ताद्वय ३५ वर्षीय गोरे दमाई र सोही गाविस-६ का २३ वर्षीय प्रकाश थापाले माओवादीमा छुँदा दु:ख दिएको आरोपमा ०६३ माघ ४ गते उनलाई माओवादीको कैलालीस्थित तालबन्द ब्यारेकमा कार्यरत वस्ती गाविस-७ निवासी लोचन उपनाम भएका २१ वर्षीय कालु विक र १९ वर्षीय लोग ढोलीले मार्ने धम्कीपत्र पठाए। यसै गरी पीडित गोरे दमाईलाई ०६३ माघ ८ गते माओवादीको तालबन्द ब्यारेकमै कार्यरत वस्ती गाविस-३ निवासी अर्जुन भनिने २४ वर्षीय अमित विकले पनि उनलाई मार्ने धम्कीपत्र पठाए।

रानीवन गाविस-३ निवासी एमाले इलाका कमिटी सचिव २७ वर्षीय हर्कबहादुर बुढालाई ०६३ फागुन २९ गते माओवादीका जिल्ला कमिटी सदस्य ३० वर्षीय प्रकाश विकले सोही गाविस-३ नाओगडेमा चलेको स्थानीय मेलामा कुटपिट गरे।

सेरा गाविस-८ का ५२ वर्षीय लोकबहादुर भण्डारीले गाउँमा राजनीति गरेको आरोपमा ०६४ असार २ गते माओवादीका गाउँस्तरका कार्यकर्ता सोही गाविस-८ का २५ वर्षीय जमन भण्डारी, २० वर्षीय दीपक भण्डारी र २९ वर्षीय भरत भण्डारीले उनलाई घर छोड्न धम्की दिए।

धमाली गाविस-९ का ४५ वर्षीय सर्प लुहारले ऋण दिएको पैसा मागेको आरोपमा ०६४ साउन २२ गते उनलाई सोही गाविस-९ का माओवादीका एरिया कमिटी सदस्य ३५ वर्षीय जीते लुहार (जलान्दर) ले घरबाट लखेटी धम्की दिई कुटपिट गरे। पीडकले पीडितको घरको खम्बा बञ्चरोले काटिदिएका थिए। पीडकले ऋण लिएको पैसा भने दिएका छैनन्। पीडकले पैसा फिर्ता गर्ने कागज गरेपछि ०६४ साउन २४ गते गाउँमा नै मिलापत्र भयो।

भैरवस्थान गाविस-८, लकान्द्रा निवासी बसुन्धरा माविका शिक्षक २४ वर्षीय पूर्णबहादुर बुढालाई ०६४ मङ्सिर २५ गते सोही गाविस-२ निवासी थाल्पाटा माओवादी गाउँ कमिटी सचिव ३२ वर्षीय मुक्ति भनिने जगत टमटाले विद्यालयमा नै प्रवेश गरी कुटपिट गरे। पीडकले ०६४ मङ्सिर २८ गते समाजका सामु माफी मागेपछि गाउँमा मिलापत्र भयो।

वाईसीएलबाट

भैरवस्थान गाविस-८ लकान्द्रा निवासी एमाले इलाका कमिटी सदस्य ५३ वर्षीय रतिराम बुढाले खोटो कम्पनीमा भ्रष्टाचार गरेको आरोपमा ०६४ साउन १४ गते वाईसीएलका कार्यकर्ता भैरवस्थान गाविस-८ का ४० वर्षीय भजन सिंह बुढा, २७ वर्षीय नरबहादुर बुढा र २० वर्षीय उदयराम बुढाले उनलाई घरबाट खोटो कम्पनीमा जान लागिरहेको अवस्थामा भैरवस्थान गाविस-७ रिङ्दामा कुटपिट गरे। कुटपिटपछि पीडितले ०६४ साउन १८ गते जिल्ला प्रशासन कार्यालयमा कारबाहीका लागि निवेदन दिए। पीडकलाई कुनै कारबाही भएन।

अन्यबाट

सिउडी गाविस-४ का २३ वर्षीय पदमबहादुर आउजीले माओवादीको पक्षमा कुरा गरेको आरोपमा ०६३ माघ १६ गते सोही गाविस-४ का २५ वर्षीय दलबहादुर साउँद र २५ वर्षीय बुद्धि साउँदले उनलाई गाउँमा नै कुटपिट गरेका थिए। गाउँमा राजनीतिक कुराकानी भइरहँदा माओवादीको कार्यकर्ता भन्दै कुटपिट गरेका थिए।

वाईसीएलद्वारा कुटपिट गरिएका रतिराम बुढा

बान्नातोली गाविस-५ निवासी माओवादी जिल्ला कमिटी सदस्य २६ वर्षीय रूप रावलले माओवादीमा हुँदा दु:ख दिएको आरोपमा ०६४ असोज ६ गते जुपु गाविस-७ का २६ वर्षीय भीम रावल, ३० वर्षीय नन्द रावल, २२ वर्षीय बम रावल, २४ वर्षीय तर्क रावल र स्वास्थ्य चौकीका पियन सर्जन विकले जुपु गाविस ठानाखोल्लामा कुटपिट गरे। पीडितको उपचार जिल्ला अस्पतालमा भयो। दुवै पक्षबीच ०६४ असोज १० गते गाउँमा मिलापत्र भयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								
	अन्यबाट					माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा
हत्या	१	१			१				
घाइते	१		१		१				
कुटपिट	८	९			९	४	४		४
धम्की	३	३		१	३	४	३	२	५
जातीय विभेद	१	१			१				
महिलाअधिकार	५		६		६				
बालअधिकार	२		२		२				
जम्मा	२१	१३	१०	१	२४	८	६	२	९

घोडासैन गाविस निवासी माओवादीका एरिया कमिटी सदस्य ४५ वर्षीय निडर भनिने तुलाराम उपाध्यायले पहिला माओवादी जनअदालतमा आफ्नो विरुद्धमा मुद्दा हालेको आरोपमा ०६४ कात्तिक ४ गते घोडासैन गाविस-९ का ३२ वर्षीय झपे जैशी सोही गाविस-५ का ३५ वर्षीय वसन्त विष्टले उनलाई घरमा कुटपिट गरे। पीडितको अवस्था सामान्य छ।

बयाला गाविस-७ निवासी माओवादीका पार्टी सदस्य ३८ वर्षीय गणेश सुनारलाई प्रहरी प्रशासन राख्नका लागि निकालेको जुलुसमा सहभागी नभएको आरोपमा ०६४ मङ्सिर ९ गते मुली गाविस-८ का ३७ वर्षीय कृष्ण ढकाल, सेरा गाविस निवासी कमल, बजार व्यवस्थापन समितिका अध्यक्ष ४० वर्षीय गणेश भण्डारी, बयाला गाविस-७ का २५ वर्षीय जङ्ग कुँवर, सोही गाविस-८ का २६ वर्षीय मिने विष्टले उनलाई कमलबजारमा कुटपिट गरे।

बयाला गाविस-६ निवासी माओवादीका एरिया कमिटी सदस्य ३८ वर्षीय सक्षम भनिने नेत्र खड्काले गाउँ परिषद् सञ्चालन गर्दा सहिद कोष स्थापना गर्न आग्रह गरेको आरोपमा ०६४ पुस १ गते सोही गाविस-८ निवासी एमालेका कार्यकर्ता बलबहादुर कुँवरले गाविस भवनमा परिषद् सञ्चालन भइरहेको अवस्थामा कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत अछाममा दुनियाँवादी फौजदारी मुद्दाअन्तर्गत गतवर्षको जिम्मेवारी सरेर आएका नौ थानमध्ये चार थान मुद्दा फर्स्यौट भए, पाँच थान फर्स्यौट भएनन्। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा १५ थान दर्ता भएकामा दुई थान फर्स्यौट भए, १३ थान फर्स्यौट भएनन्। दुनियाँवादी फौजदारीतर्फ गतवर्षका सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा २४ थान मुद्दामा छ थान मुद्दा यस वर्षको अन्त्यसम्ममा फर्स्यौट भई १८ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दा १० थान दर्ता भएकामा चार थान फर्स्यौट भई छ थान बाँकी रहे।

यस वर्ष दर्ता भएका १० थान देवानी मुद्दाहरूमा तीन थान फर्स्यौट भई सात थान मुद्दा बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म जम्मा ३४ थान मुद्दामध्ये १० थान मुद्दाहरू फर्स्यौट भई २४ थान मुद्दाहरू बाँकी रहे।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

लुङ्ग्रा गाविस-८ की ७५ वर्षीया एक महिला बोक्सी भएको आरोपमा ०६४ असार ३ गते सोही गाविस-३ की २४ वर्षीया ईश्वरा पाण्डे र २५ वर्षीया पवित्रा पाण्डेले उनलाई घरमा नै कुटपिट गरी बेइज्जती गरे। पीडितलाई पीडक दुवै जनाले आ-आफ्नो पतिलाई बोक्सी लगाएको आरोपमा कुटपिट गरेका थिए। पीडितले स्थानीय पारालिगल कमिटीमा कुटपिट गरेको भन्दै निवेदन दिएपछि सो घटना गाउँमा नै मिलापत्र भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार दुर्न्यवहार

जुपु गाविस-३ की ४५ वर्षीया चन्द्रा रावल, २५ वर्षीया पशुपति रावल, २८ वर्षीया देवसरा रावललगायतका महिलालाई महिनाबारी हुँदा घरमा बसेको आरोपमा ०६४ भदौ १५ गते सोही गाविस-३

का ३० वर्षीय रूप रावलले सार्वजनिकस्थल पटकानीमा गाली गरे। महिनाबारी हुँदा घरमा बसेको आरोप लगाई गाली गर्दा सो गाविसका महिलाहरूले पीडकलाई ०६४ भदौ १६ गते सार्वजनिक रूपमा माफी माग्न लगाए।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

कालिका गाविस-२ की १५ वर्षीया बालिकालाई ०६४ असार २ गते धनुषा जिल्ला नगरनी गाविस-२ निवासी नन्दा मावि, अछामका शिक्षक २९ वर्षीय उपेन्द्र यादवले बलात्कार गरे। सोही कारण उनलाई स्थानीयवासीले कुटपिट गरी जयगढी प्रहरी चौकीमार्फत जिल्ला प्रहरी कार्यालयमा बुझाए। पीडकलाई जिल्ला अदालतले सात वर्ष कैद गर्ने सजायको फैसला सुनाइसकेको छ। तर, पीडकले फैसलाउपर चित्त नबुझेको भनी पुनरावेदन अदालत, डोटीमा निवेदन दिएका छन्।

पारिवारिक हिंसा

जुपु गाविस-५ की ३६ वर्षीया मञ्जु रावलले अंशबण्डाका लागि गालीगलौज गरेको आरोपमा ०६३ चैत्र २५ गते उनका जेठाजु नाता पर्ने ३९ वर्षीय कृष्ण रावलले घरमा बसिरहेको अवस्थामा जुत्ता-चप्पलले कुटपिट गरे। कुटपिटपछि पीडितको उपचार जुपु उपस्वास्थ्य चौकीमा भयो। झगडा गाउँमा नै मिलापत्र भएको थियो। पीडकले औषधि उपचार खर्च बिल अनुसार पीडित पक्षलाई तिरेका थिए।

भागेश्वर गाविस-३ की ३५ वर्षीया काली विष्ट र २० वर्षीय प्रकाश विष्टलाई ०६४ जेठ २० गते सोही गाविस-३ का आफ्नै जेठाजु नाता पर्ने ४५ वर्षीय गजेन्द्र विष्टले घरमा बसिरहेको अवस्थामा कुटपिट गरे। अंशबण्डाका लागि भएको झगडाका कारण भालाले हानेपछि पीडित काली विष्टको टाउकोमा १७ ओटा टाँका लगाउनु परेको थियो। पीडितहरूको स्वास्थ्य उपचार स्थानिय औषधि पसल, बयालपाटामा भयो।

५.३ डोटी

जनसङ्ख्या : २,४०,१४८
साक्षरता प्रतिशत : ४७
महिला साक्षरता प्रतिशत : २४
क्षेत्रफल (वर्ग कि. मि.): २,०२५
गाविस/नपा सङ्ख्या : ५०/१
सरकारी/निजी विद्यालय : ३२२/१७
क्याम्पस/उच्च मा.वि. : १/६
अस्पताल/स्वास्थ्य चौकी : ४/५१
मोटर सडक (कि. मि.): २३५
प्रहरी कार्यालय सङ्ख्या : १२
मानव विकास सूचकाङ्क : ०.४२०
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

दिपायल सिलगढी नपा-३ का १९ वर्षीय खडक मलासीको उपचारका क्रममा ०६३ चैत १६ गते काठमाडौँस्थित छाउनी अस्पतालमा मृत्यु भयो। सुदूरपश्चिम पृतना हेडक्वार्टर राजपुरका प्रशिक्षक विशाल बुढाथोकी र ज्ञानबहादुर भुजेलले ०६३ चैत १० गते राति मलासीलाई कुटपिट गरेका थिए। मृतकका बुबा नीरबहादुर मलासीले ०६३ चैत १८ गते नै जिल्ला प्रहरी कार्यालय, डोटीमा छोराको मृत्यु कुटपिटबाट भएको हो भनेर जाहेरी दरखास्त दिएका थिए। मृतकको पोस्टमार्टम काठमाडौँस्थित महाराजगञ्ज शिक्षण अस्पतालमा गरिएको थियो। टाउकोमा चोटपटक लागी मृत्यु भएको प्रमाणित भएको पोस्टमार्टम रिपोर्ट प्राप्त भएपछि प्रहरीले कुटपिट गर्ने

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित		
	अन्यबाट					माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	५	४	१		५	१	१	१	१	१	१
कुटपिट	११	१५	१	१	१७	२	२	२	२	२	२
जातीय विभेद	४	९			९						
महिलाअधिकार	२		२		२						
बालअधिकार	२		२		२						
अमानवीय व्यवहार	२	१	५		६						
जम्मा	२६	२९	११	१	४१	३	३	३	३	३	३

प्रशिक्षकलाई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय डोटीमा पठाइदिन पूतना हेडक्वार्टरलाई पत्र पठाएको थियो। पूतनाले उनीहरूलाई नियन्त्रणमा राखिएको जनाए पनि हालसम्म पनि दोषीहरूलाई जिल्ला प्रहरी कार्यालयमा बुझाएको छैन। मृतकका बाबु नीरबहादुर मलासीले दोषीहरूलाई कारबाही गर्नका लागि ०६४ वैशाख २६ गते जिल्ला प्रहरी कार्यालय, डोटीमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दायर गरेका छन्। मृतक ०६३ साउन २२ गते सेनामा भर्ना भएका थिए।

माओवादीबाट

बछैन गाविस-८ का १० वर्षीय बालक देवबहादुर बुढामगरको ०६३ चैत ३० गते माओवादीले उनको घरमा राखेको विस्फोटक पदार्थ विस्फोट हुँदा घटनास्थलमै मृत्यु भयो। सशस्त्र द्वन्द्वको समयदेखि नै राख्दै आएको विस्फोटक पदार्थ एक्कासि पड्किँदा निस्केको धूवाँले गुम्सिएर बालक बुढामगरको मृत्यु भएको थियो। सोही घटनामा मृतक परिवारका अन्य चार जना पाँच दिनसम्म मूर्छा परेका थिए। विस्फोटनबाट घर पूरै जलेर नष्ट हुनाका साथै नगद/जिन्सी सबै नष्ट भयो। माओवादीले सो घटनाको आत्मालोचना गर्दै केही दिनपछि पीडित परिवारलाई सहयोगस्वरूप १० हजार रुपियाँ दिए। जिल्ला प्रशासन कार्यालयले भने कुनै सहयोग नगरेको पीडित पक्षले बताए।

जेल र बन्दीहरू

'घ' श्रेणीको डोटी जिल्ला कारागार ४५ जना बन्दी राख्न सकिने क्षमता भएको कारागार हो। यस कारागारमा जम्मा ११ जना बन्दी रहेका छन्, जसमध्ये आठ जना कैद तोकिएका र तीन जना कैद नतोकिएका बन्दी रहेका छन्। जेलमा अन्तर्राष्ट्रिय रेडक्रसले खानेपानी ट्याङ्कीको निर्माण गरिदिएको छ। खानेपानीको र विद्युत्को राम्रो व्यवस्था छ। तर, शौचालयको राम्रो व्यवस्था छैन। स्वास्थ्य तथा स्थानीयस्तरका पत्रपत्रिकाहरू उपलब्ध गराइएको छ। सङ्घसंस्थाहरूले सामयिक रूपमा मानवअधिकार सम्बन्धी प्रकाशन र बुलेटिनहरू उपलब्ध गराउँदै आएका छन्। खेलकुदका लागि क्यारेमबोर्ड, लुडो, भलिबल उपलब्ध छ।

बेपत्ता/अपहरण

माओवादीबाट

लाटामाडौँ गाविस-४ का ३९ वर्षीय देवबहादुर कुँवर माओवादी कार्यकर्तालाई कुटपिट गर्न गएको आरोपमा ०६४ असार २८ गते उनलाई लाटामाडौँ गाविसका माओवादी सचिवालय सदस्य विवेक भनिने रमेश विकको नेतृत्वमा गएको चार जनाको एक समूहले घरबाट अपहरण गरी कुटपिट गऱ्यो। ०६४ असार २९ गते माग गरेको १५ हजार रुपियाँमध्ये १० हजार रुपियाँ तुरुन्तै दिने र ५ हजार रुपियाँ पछि बुझाउने सर्तमा पीडितलाई सोही ठाउँबाट मुक्त गरे। घाइते कुँवरको डोटीस्थित कुनै पनि अस्पतालमा उपचार हुन नसकेपछि उपचारका लागि भारत लगियो। उपचारपश्चात् कुँवर घर फर्किएका छन्।

धम्की/कुटपिट

राज्यबाट

दिपायल सिलगढी नपा-७ का १७ वर्षीय गणेश कठायतलाई ०६४ कात्तिक ३ गते दिउँसो खानेपानी

तथा ढल निकास कार्यालय राजपुरकाअगाडि पुनरावेदन अदालतका सादा पोसाकमा रहेका सुरक्षागार्डहरू रूपसिंह खत्री, करन विष्ट, सुरेन्द्र कामी र नरेश थापाले मरणासन्न हुने गरी कुटपिट गरे। कुटपिट गर्ने प्रहरी सुरक्षागार्डलाई सशस्त्र प्रहरी सुरक्षा बेसक्याम्प राजपुरको गस्ती टोलीले समाती पुनरावेदन अदालत, राजपुरमा राखेका थिए। पीडित बालकको राजपुरस्थित सुजङ अस्पतालमा उपचार भयो। जिल्ला प्रहरी कार्यालयले दोषी प्रहरीहरूलाई आवश्यक कारवाही गरिएको जनाए पनि कस्तो कारवाही गरेको हो, सार्वजनिक गरेन।

माओवादीबाट

चौमाला गाविस-८ भोया स्थायी घर भई हाल बर्छैन गाविस-५ देवली उपस्वास्थ्य चौकीमा कार्यरत ४० वर्षीय रामसिं खड्काले उपस्वास्थ्य चौकीले वितरण गरेको पौष्टिक पीठो आफ्नी पत्नीलाई नदिएको अरोपमा ०६४ असोज ५ गते उनलाई सुर्खेत जिल्ला स्थायी घर भई बर्छैन गाविस-३ बर्छैनमा अस्थायी रूपमा बस्ने माओवादीका परिवन भनिने प्रेम शर्माले गाविसको खोपकेन्द्रमा कुटपिट गरी मार्ने धम्की दिए। पीडित पीठो वितरण गर्न गएको समयमा सोही गाविस-२ निवासी भूकम्प भनिने माओवादी कार्यकर्ता भीमबहादुर भाटले पीडितसँग काम छ भनी छेउतिर बोलाएपछि छेउमा लुकेर बसेका प्रेम शर्माले कुटपिट गरेका थिए। पीडितले ०६४ असोज ६ गते जिल्ला प्रहरी कार्यालय डोटीमा उजुरी दिएका थिए। प्रहरीले घटनाको अनुसन्धान भइरहेको र दोषीलाई कारवाही गरिने बतायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत डोटीमा दुनियाँवादी फौजदारी मुद्दा गतवर्षको जिम्मेवारी सरेर आएका चार थानमध्ये कुनै पनि फर्स्यौट भएनन्। यस वर्ष दर्ता भएका नौ थान मुद्दाहरूमध्ये एक थान फर्स्यौट भई आठ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा दुनियाँवादी फौजदारी मुद्दाहरू जम्मा १३ थानमध्ये एक थान मात्र फर्स्यौट भई १२ थान मुद्दाहरू बाँकी रहे।

सरकावादी फौजदारीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका चार थान मुद्दामध्ये एक थान फर्स्यौट भई तीन थान बाँकी रहे। यस वर्ष दर्ता भएका नौ थान सरकारवादी फौजदारी मुद्दाहरूमध्ये एक थान फर्स्यौट भई आठ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा सरकारवादी फौजदारी मुद्दाहरू जम्मा १३ थान मुद्दामध्ये दुई थान मात्र फर्स्यौट भई ११ थान मुद्दा बाँकी रहे।

देवानीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १२ थान मुद्दामध्ये दुई थान फर्स्यौट भई १० थान बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका १२ थान मुद्दामध्ये दुई थान मात्र फर्स्यौट भई १० थान मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा देवानीतर्फ जम्मा २४ थान मुद्दामध्ये चार थान मात्र फर्स्यौट भई २० थान मुद्दा बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म जम्मा ५० थान मुद्दामध्ये सात थान मुद्दाहरू फर्स्यौट भई ४३ थान मुद्दाहरू बाँकी रहे।

पुनरावेदन अदालत, राजपुर डोटीमा दुनियाँवादी फौजदारी मुद्दाअन्तर्गत गतवर्षको जिम्मेवारी सरेर आएका दुई थान मुद्दामध्ये कुनै पनि फर्स्यौट भएनन्। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा तीन थान दर्ता भएकामा दुई थान फर्स्यौट भए, एक थान फर्स्यौट भएन। दुनियाँवादी फौजदारीतर्फ गतवर्षका सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा पाँच थान मुद्दामा दुई थान मुद्दा यस वर्षको अन्त्यसम्ममा फर्स्यौट भई तीन थान मुद्दा बाँकी रहे।

यसैगरी, सरकारवादी फौजदारी मुद्दा गतवर्षको जिम्मेवारी सरेर आएका २३ थानमध्ये दुई थान फर्स्यौट भई २१ थान बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा २२ थान दर्ता भएकामा एक थान फर्स्यौट भई २१ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा ४५ थान सरकारवादी फौजदारी मुद्दामध्ये तीन थान फर्स्यौट भई ४२ थान मुद्दाहरू बाँकी रहे।

देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ४६ थान मुद्दामध्ये १५ थान फर्स्यौट भई ३१ थान मुद्दा बाँकी रहे। यो वर्ष दर्ता भएका २१ थान देवानी मुद्दाहरूमा दुई थान फर्स्यौट भई १९ थान मुद्दा बाँकी रहे। गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा ६७ थान देवानी मुद्दाहरूमा १७ थान फर्स्यौट भई ५० थान मुद्दाहरू बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म ९५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

दुर्गामाडौं गाविस-६, भाडागाउँकी २१ वर्षीया बिस्नाकुमारी विकलाई ०६४ भदौ ३० गते दिउँसो सोही गाविस-८ का ३७ वर्षीय दलपते कोली, ४५ वर्षीय चन्नरे कोली, प्रजा लुहार (क), भीम लुहार, ३७ वर्षीय

नरपते लुहार, २५ वर्षीय लोगे कोली, १९ वर्षीय प्रजा लुहार (ख), २२ वर्षीय बहादुर लुहार र २२ वर्षीय नाथ विकले दुर्गामाडौँ गाविसको बामनखोलामा घाँस काटिरहेका बेलामा बलात्कार गरी हत्या गरे। मृतकको पोस्टमार्टम ०६४ असोज १ गते जिल्ला अस्पताल डोटीमा भयो। पीडकहरूलाई प्रहरीले ०६४ भदौ ३१ गते गिरफ्तार गऱ्यो। पक्राउ गरिएकामध्ये बहादुर लुहार, प्रजा लुहार (ख) र भीम विकलाई जिल्ला प्रहरी कार्यालयबाटै रिहा गरियो भने अन्य छ जनामध्ये प्रजा लुहार (क), नरपते लुहार, लोगे कोली र नाथ विकलाई अदालतले जनही ५ हजारका दरले धरौटीमा रिहा गऱ्यो। दलपते कोली र चन्नरे कोलीलाई पुर्पक्षका लगि कारागार चलान गरेकामा पुनरावेदन अदालतका न्यायाधीश गिरीशचन्द्रलाल र शम्भुबहादुर खड्काको संयुक्त इजलासले दुवै आरोपीलाई ०६४ पुस १२ गते साधारण तारेखमा रिहा गर्न आदेश दियो।

वाजककानी गाविस-३ की ३५ वर्षीया एक महिलालाई सोही ठाउँकै २९ वर्षीय गोविन्दबहादुर खड्काले ०६४ वैशाख २७ गते राति घरभित्र पसी बलात्कार गरे। पीडकलाई ०६४ जेठ ४ गते स्थानीय गाउँलेले समाती इलाका प्रहरी कार्यालय, दिपायलमा बुझाए। पीडकलाई ०६४ जेठ ३० गते जिल्ला अदालतबाट भएको आदेशअनुसार जिल्ला कारागार शाखामा पुर्पक्षका लागि थुनामा राखिएको छ।

पारिवारिक हिंसा

लडागडा गाविस-९ गोदडाका २७ वर्षीय डिकरादेवी साउँदलाई उनकी नन्द र सासूले ०६४ कात्तिक २८ गते बिहान खेतमा गइरहेको अवस्थामा घरेलु हतियार प्रहार गरी कुटपिट गरी कानमा लगाएको गहना खोसे। कुटपिटबाट गम्भीर घाइते भएकी पीडितको उपचार जिल्ला अस्पतालमा भयो। पीडितले आफूलाई कुटपिट गर्ने सासू विरमादेवी साउँद र नन्द मन्धरा साउँद (माझी) विरुद्ध जिल्ला अदालत, डोटीमा ०६४ मङ्सिर २० गते मुद्दा दायर गरिन्।

सबै प्रकारका जातीय विभेद

लाटामाडौँ गाविस-८ गोपघाटका ३२ वर्षीय रामबहादुर दमाईले आफ्नो चियापसलभित्र बसेर चिया पिएको आरोपमा ०६३ माघ ४ गते साँझ उनलाई सोही गाविस-८ का ३४ वर्षीय भीमबहादुर बलायर, ३६ वर्षीय खिमबहादुर बलायर र २८ वर्षीय भोजबहादुर बलायरले कुटपिट गरे। पीडकहरूलाई जिल्ला प्रहरी कार्यालयमा उपस्थित गराई अबदेखि यस्तो विभेदपूर्ण व्यवहार गरेमा हदैसम्मको सजाय भोग्नेछु भनी मिलापत्रको कागजमा हस्ताक्षर गराई ०६३ माघ १० गते मानवअधिकारकर्मीको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

खातिवडा गाविस-९ स्वाणाका २३ वर्षीय कृष्ण नागरीलाई सोही ठाउँका २४ वर्षीय दानी साउँदले तल्लो जात भनी हेपी ०६४ कात्तिक ११ गते राति ९ बजे गालीगलौज र कुटपिट गर्नुका साथै उनको घरको आधा छानासमेत भत्काइदिए। पीडितले घटनाको भोलिपल्ट जिल्ला प्रहरी कार्यालय डोटीमा निवेदन दिए। पीडकहरूलाई सोही दिन प्रहरीले पक्राउ गरी दुवै पक्षबीच मिलापत्र गराई पीडकहरूलाई रिहा गऱ्यो।

लामीखाल गाविस-१ का भोजसिं लुहार, सोही गाविस-२ का २३ वर्षीय तेजबहादुर लुहार र पदम लुहारलाई ०६४ कात्तिक २५ गते सोही गाविस-२ का नाथबहादुर रोकाया, भीमबहादुर रोकाया र हर्कबहादुर रोकायाले तल्लो जातिले पनि देउसी भैलो खेल्ने भन्दै कुटपिट गरे। सोही अवस्थामा सोही गाविस-२ पालीका पाहुना लुहारको घरको छानासमेत भत्काइदिए। पीडितहरूको उपचार स्थानीय स्वास्थ्यचौकीमा भयो। इलाका प्रहरी चौकी बानेडुङ्रीसैनमा पीडितपक्षले उजुरी गरेपछि २७ गते आइन्दा त्यस्ता घटना दोहोऱ्याएमा हदैसम्मको कारबाही गरिने भनी प्रहरीले मिलापत्र गरायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

डौड गाविस-६ सुण्डका राष्ट्रिय हलिया मुक्ति समाजका कार्यकर्ता ३५ वर्षीय डम्मर विकले हलिया राखेको विरुद्ध उजुरी गरेको आरोपमा ०६४ कात्तिक ३ गते राति सोही गाविस-२ का ४५ वर्षीय तेजबहादुर सिंह र भक्तबहादुर सिंहले कुटपिट गरी गाउँ छोड्न धम्की दिए। चार पुस्ताअघिदेखि पीडितले पीडकका घरमा हलिया बस्दै आएकामा अघिल्लो वर्ष मात्र पीडकका नाममा उजुरी हालेका थिए।

५.४ बाजुरा

जनसङ्ख्या : १,२२,१५३
साक्षरता प्रतिशत : ३७
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१८८
गाविस/नपा सङ्ख्या : २७/०
सरकारी/निजी विद्यालय : २०१/३
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : १/२७
मोटर सडक (कि. मि.) : ११
प्रहरी कार्यालय सङ्ख्या : ८
मानव विकास सूचकाङ्क : ०.३१०
प्रतिपरिवार सरदर सङ्ख्या : ५

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

बिच्छ्याँ गाविस-२ बैयाका १० वर्षीय शमशेर लुहार घरनजिकैको मूल बाटोमा बेवारिसे अवस्थामा फ्याँकिएको विस्फोटक पदार्थ विस्फोट हुँदा ०६४ असार २९ गते घाइते भए। उनको बायाँ आँखा र दायाँ हातका चार औँलासमेत गुमेका छन्। उनको उपचार काठमाडौँको तिलगङ्गा आँखा अस्पतालमा भयो। हाल उनको अवस्थामा सुधार भए पनि मानसिक अवस्था भने केही असन्तुलित रहेको पीडितका बुबा रङ लुहारले बताए।

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। हाल यस कारागारमा कैद तोकिएका १० जना र एक जना कैद नतोकिएका गरी जम्मा ११ जना पुरुष बन्दी रहेका छन्। ०३९ सालमा माटोको गारो लगाएर निर्माण गरिएको यो कारागार भवन जीर्ण अवस्थामा छ। एउटै गोलघरको यो कारागारमा खानेपानीको सुविधा भए पनि व्यवस्थित छैन। कैदीहरू बिरामी परे प्राथमिक उपचारका लागि औषधि दिइने गरिएको जेलरले बताए। कैदीका लागि एउटा क्यारेमबोर्ड उपलब्ध गराइएको छ।

धम्की/कुटपिट

माओवादीबाट

साप्पाटा गाविस-१ फयाल गाउँ निवासी स्थानीय राधुमाता प्रस्तावित निमाविको व्यवस्थापन समितिका अध्यक्ष ४० वर्षीय चतुरे भण्डारीले माओवादी पार्टीले सिफारिस गरेको व्यक्तिलाई शिक्षक नियुक्त नगरेको आरोपमा ०६४ असार ९ गते उनलाई माओवादीका गाउँ कमिटी इञ्चार्ज नवीन भनिने नरेन्द्र बुढाले गाउँ छोड्न धम्की दिए।

दहकोट गाविस-३ माझपालीका २० वर्षीय नरेश रोकायाले माओवादीको गतिविधिमा अवरोध पुऱ्याएको आरोपमा ०६४ असार १३ गते उनलाई माओवादीका जिल्ला सदस्य पवन शाहीले मार्ने धम्की दिएको बेहोराको पत्र पठाए। पत्रमा शाहीले रोकायालाई फटाहा भएको र जनभावनाविरुद्ध क्रियाकलाप गरेको उल्लेख गरेका थिए। स्थानीय बालविकास माध्यमिक विद्यालयमा अध्ययनरत बालबालिकालाई माओवादीले जबरजस्ती माओवादी सेनामा भर्ना गराउन खोज्दा रोकायाले विरोध गरेका थिए।

गोत्री गाविस-५ थारीकाँडाका २६ वर्षीय दल खत्रीले पार्टीको ६० हजार रुपियाँ लिएको आरोपमा ०६४ असोज ९ गते उनलाई माओवादीले कुटपिट गरे। माओवादीमा सक्रिय रहेका खत्रीले दुई वर्षअघि सदरमुकाम मार्तडीमा प्रशासनसमक्ष आत्मसमर्पण गरेका थिए। एक वर्षसम्म सदरमुकाममै बसेका खत्री शान्ति सम्झौतापछि घर फर्किएका थिए।

गोत्री गाविस-२ कोटगोत्रीका २२ वर्षीय तुलबहादुर बुढाले पार्टीको २ लाख रुपियाँ हिनामिना गरेको आरोपमा ०६४ असोज १७ गते उनलाई माओवादीका जिल्ला सदस्य पवन शाहीले मार्ने धम्की दिए। विगतमा माओवादीमा संलग्न रहेका बुढाले ०६२ मङ्सिर २८ गतेदेखि पार्टी छोडिसकेका थिए। उनी हाल मार्तडीमा ११ कक्षामा पढ्दै आएका छन्।

गुदुखाती गाविस-५ धुर्तोलाका ३० वर्षीय दीपक रावतलगायत पाँच जनाले स्थानीय भवानी निमाविमा झगडा गराएको आरोपमा ०६४ कात्तिक २६ गते

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								
	अन्यबाट					माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा
घाइते	१	१			१				
कुटपिट	३	३	३		४	३	३	४	६
धम्की						३	३		३
महिलाअधिकार	१		१		१				
बालअधिकार	३		३	१५०	१५३				
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						१		१	१
अमानवीय व्यवहार						१	१		१
जम्मा	८	३	५	१५०	१५८	७	६	५	११

उनीहरूलाई माओवादीको जनसेनामा कार्यरत रही हाल मसुरिया क्याम्पमा रहेका पप्पु सुनारलगायतले विद्यालयमा भइरहेको छलफलमा कुटपिट गरे। कुटपिटविरुद्ध रावतले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। यस विषयमा छानबिन भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

वाईसीएलबाट

रुगिन गाविस-५ निवासी एमालेका कार्यकर्ता तथा पूर्व गाविस अध्यक्ष ४५ वर्षीय जयबहादुर भण्डारीले सशस्त्र द्वन्द्वका क्रममा आफ्नो घरमा माओवादीले लुटपाट गरेको भन्दै त्यस कार्यको विरोध गरेको आरोपमा ०६४ जेठ ३१ गते उनलाई वाईसीएलका जिल्ला इञ्चार्ज खगेन्द्रको नेतृत्वमा गएको ३० जनाको समूहले भण्डारीको घरमै कुटपिट गरी गम्भीर घाइते बनायो। ढाडमा चोट लागेका भण्डारीको उपचार नेपालगञ्जमा गरिएको थियो। यस विषयमा दलहरूबीच विवाद भएपछि जिल्ला प्रशासन कार्यालयले इन्सेक प्रतिनिधिलगायत जिल्लास्थित मानवअधिकार संस्थाको रोहबरमा वाईसीएललाई त्यस्ता गतिविधि नदोहऱ्याउन लिखित प्रतिबद्धता गराएको थियो।

जगन्नाथ गाविस डाँडाबाडाका ३५ वर्षीय रामलाल विष्ट र उनकी पत्नी निर्मला विष्टले माओवादीविरुद्ध सुराकी गरेको तथा माओवादी कार्यकर्ता रवीन्द्रमाथि हातपात गरेको आरोपमा ०६४ असार २ गते उनीहरूलाई वाईसीएलका रवीन्द्र भनिने कार्यकर्ताको नेतृत्वमा गएको ८/१० जनाको एक समूहले घरमै कुटपिट गऱ्यो। विष्ट दम्पतिको उपचार आफ्नै खर्चमा कोल्टीस्थित प्राथमिक स्वास्थ्य चौकीमा भएको थियो। मार्तडीमा माओवादीका इञ्चार्ज सहदेव बोगटीले जिल्ला प्रशासनमा इन्सेक प्रतिनिधिलगायत मानवअधिकारकर्मी तथा राजनीतिक दलका प्रतिनिधिसमक्ष आफूहरूबाट त्रुटि भएको बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत बाजुरामा दुनियाँवादी फौजदारी मुद्दाअन्तर्गत गतवर्षको जिम्मेवारी सरेर आएका दुई थानमध्ये दुवै थान मुद्दाहरू फर्स्यौट भए।

यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा पाँच थान दर्ता भएकामा दुई थान फर्स्यौट भए भने तीन थान फर्स्यौट भएनन्।

दुनियाँवादी फौजदारीतर्फ गतवर्षका सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा सात थान मुद्दामा चार थान मुद्दा यस वर्षको अन्त्यसम्ममा फर्स्यौट भई तीन थान मुद्दा बाँकी रहे।

यसैगरी, सरकारवादी फौजदारी मुद्दा गतवर्षको जिम्मेवारी सरेर आएका दुई थानमध्ये दुई थान नै फर्स्यौट भए।

यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा सात थान दर्ता भएकामा पाँच थान फर्स्यौट भई दुई थान बाँकी रहे।

गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा नौ थान सरकारवादी फौजदारी मुद्दाहरूमध्ये सात थान फर्स्यौट भई दुई थान मुद्दाहरू बाँकी रहे।

देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएको एक थान मुद्दा यस वर्ष फर्स्यौट भयो।

यसरी यस वर्षको अन्त्यसम्म जम्मा १७ थान

मुद्दाहरूमध्ये १२ थान मुद्दाहरू फर्स्यौट भई पाँच थान मुद्दाहरू बाँकी रहे।

बालअधिकार

मानाकोट गाविस-७ पडीकोटकी १४ वर्षीया एक बालिकालाई महिनावारी भएर छाउपडी गोठमा सुतिरहेको अवस्थामा जिल्ला पशु सेवा कार्यालयमा कार्यरत कर्मचारी हरिवंश दानीले सदरमुकामबाट मतदाता नामावली सङ्कलन गर्न गएको रातको समयमा ०६३ माघ ३० गते बलात्कार गरे। पीडकलाई गाउँलेहरूले घटनास्थलमै पक्राउ गरी मोसो दलेर गाउँ घुमाएका थिए। पीडितका परिवारले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरेपछि पीडक दानीलाई एक महिनासम्म कारागारमा राखियो। पीडित पक्षले जाहेरी फिर्ता लिएको करणले उनी रिहा भए।

बुडीगङ्गा गाविस-४ की १६ वर्षीया एक बालिकालाई कैलाशमाडौँ गाविस-४ ताम्सुका दलबहादुर थापाको अगुवाइमा आठ जनाको समूहले दलबहादुर थापाको पत्नी बनाउने उद्देश्यले ०६४ असार १० गते बुढम विद्यालयबाट फर्किरहेका बेला जबरजस्ती गरी तिपाडानजिकै हातपात गरे। स्थानीय पार्वती निमाविमा कक्षा ७ मा अध्ययनरत बालिकालाई तानेर जबरजस्ती गरेको विरोधमा दोस्रो दिन दुवै पक्षका गाउँलेहरूले बीच झगडा भयो। सो घटनाको विरोधमा बालिका पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि ०६४ असार १२ गते दलबहादुर थापा पक्राउ परे। अनुसन्धानकै क्रममा पुर्पक्षका लागि थुनामा रहेका थापाविरुद्धको उजुरीमा केटी स्वयम्ले ०६४ मङ्सिर २३ गते जिल्ला अदालतसमक्ष आफूलाई जबरजस्ती नगरेको बकपत्र गरेपछि आरोपी रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

कुल्देवमाडौँ गाविस-३ की २० वर्षीया एक युवतीलाई कैलाशमाडौँ गाविस-३ खिरपाटका पदमबहादुर शाहीलगायतका पाँच जनाले पदमबहादुर शाहीको पत्नी बनाउने उद्देश्यले सोही गाविसका गोरख अेडीको घरमा ०६४ जेठ २९ गते जबरजस्ती गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयले पीडितको उजुरीका आधारमा पदमबहादुर शाही, लक्ष्मण शाही, धन शाहीलाई पक्राउ गऱ्यो। पदमबहादुरलाई प्रहरीले पुर्पक्षका लागि थुनामा राख्यो र अन्यलाई जनही ११ हजार धरौटीमा ०६४ असार ५ गते रिहा गऱ्यो। ०६४ पुस ३ गते पीडक पक्षले अदालतसमक्ष उजुरी फिर्ता लिएपछि पदमबहादुर रिहा भए।

५.५ बझाङ

जनसङ्ख्या :	१,८९,७३३
साक्षरता प्रतिशत :	३८
महिला साक्षरता प्रतिशत :	२२
क्षेत्रफल (वर्ग कि. मि.):	३।४२२
गाविस/नपा सङ्ख्या :	४७/०
सरकारी/निजी विद्यालय :	३०१/९
क्याम्पस/उच्च मा.वि. :	१/११
अस्पताल/स्वास्थ्य चौकी :	१/४६
मोटर सडक (कि. मि.):	७०
प्रहरी कार्यालय सङ्ख्या :	१५
मानव विकास सूचकाङ्क :	०.३४३
प्रतिपरिवार सरदर सङ्ख्या :	६

जेल र बन्दी

'घ' श्रेणीको कारागार भएको यस जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। हाल यस कारागारमा कैद तोकिएका ११ जना पुरुष र एक जना महिला बन्दी रहेका गरी १२ जना रहेका छन्। कारागारमा खानेपानीको सुविधा भए पनि व्यवस्थित छैन। महिला र पुरुषका लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था छ। अन्य मनोरञ्जनका सामग्रीहरूमा टीभी, क्यारेमबोर्ड छ। पत्रपत्रिका उपलब्ध गराउने गरिएको छ भने कैदीहरूले पाउने सुविधाहरू पनि निरन्तर पाइरहेका छन्।

धम्की/कुटपिट

वाईसीएलबाट

बाँझ गाविस-८ निवासी श्री सिद्धिगणेश प्रावि बाँझका शिक्षक ३५ वर्षीय जगतबहादुर मल्लले वाईसीएललाई गाली गरेको आरोपमा ०६४ साउन २६

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित				राज्यपक्षबाट पीडित			
	अन्यबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा
हत्या	३	३	१	३				
गिरफ्तारी/यातना					१	१		१
कुटपिट	७	११		११				
धम्की	१	३		३				
जातीय विभेद	११	९	३	११				
महिलाअधिकार	३		३	३				
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१		१	१
अमानवीय व्यवहार	३	३		३				
जम्मा	३६	३६	५	३१	३	१	१	३

गते उनलाई वाईसीएलका उपप्रमुख निडरलगायतका कार्यकर्ताले मरणासन्न हुने गरी कुटपिट गरे। पीडितले दोषीउपर कारबाहीका लागि ०६४ साउन २७ गते प्रहरी चौकी, देउरामा उजुरी दिए तर सुनुवाइ भएन। पीडित उपचारपछि ०६४ भदौ ५ गते घर फर्किए।

रिठापाटा गाविस-२ का २८ वर्षीय जनकराज जोशी र चैनपुर गाविस-१ का २७ वर्षीय भीमबहादुर चित्रकारले माओवादीलाई बलात्कारी भनेको आरोपमा ०६४ भदौ ३ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले कुटपिट गरे। पीडितले सदरमुकामस्थित स्वास्थ्य चौकीमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६४ भदौ ४ गते उजुरी दिए। प्रहरीले स्थानीय स्तरमा समाजसेवी, पत्रकार, मानवअधिकारकर्मीको रोहबरमा सोही दिन सदरमुकाममा मिलापत्र गरायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत बझाङमा दुनियाँवादी फौजदारी मुद्दाअन्तर्गत गतवर्षको जिम्मेवारी सरेर आएका पाँच थानमध्ये चार थान मुद्दा फर्स्यौट भए भने एक थान फर्स्यौट हुन बाँकी रह्यो। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा सात थान दर्ता भएकामा एक थान फर्स्यौट भयो भने छ थान फर्स्यौट हुन बाँकी रहे। दुनियाँवादी फौजदारीतर्फ गतवर्षका सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा १२ थान मुद्दामा पाँच थान मुद्दा यस वर्षको अन्त्यसम्ममा फर्स्यौट भई सात थान मुद्दा बाँकी रहे।

यसैगरी सरकारवादी फौजदारी मुद्दा गतवर्षको जिम्मेवारी सरेर आएका १० थानमध्ये पाँच थान फर्स्यौट भई पाँच थान बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा छ थान दर्ता भएकामा एक थान फर्स्यौट भई पाँच थान बाँकी रहे। गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा १६ थान सरकारवादी फौजदारी मुद्दाहरूमध्ये छ थान फर्स्यौट भई १० थान मुद्दाहरू बाँकी रहे।

देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका २३ थान मुद्दामध्ये सात थान फर्स्यौट भई १६ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका १७ थान देवानी मुद्दाहरू कुनै पनि फर्स्यौट भएनन्।

गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा ४० थान देवानी मुद्दाहरूमा सात थान फर्स्यौट भई ३३ थान मुद्दाहरू बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म जम्मा ६८ थान मुद्दाहरूमध्ये १८ थान मुद्दाहरू फर्स्यौट भई ५० थान मुद्दाहरू बाँकी रहे।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

महिला हिंसा

दङ्गाजी गाविस-७ की शारीरिक रूपमा अशक्त एक ३० वर्षीया दलित महिलालाई सोही गाविस-६ का ३२ वर्षीय कालु थापाले विवाह गर्छु भनी ललाइफकाई गरी गर्भवती बनाएको पीडितले बताइन्। ०६३ भदौ २६ गते पीडितले सो कुरा गाउँलेहरूलाई खुलासा गरिन्। पीडितले ०६३ असोज ३ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्। तर, कुनै कारबाही भएन।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

कालुखेती गाविस-४ की १८ वर्षीया एक युवतीलाई माझीगाउँ गाविस-९ का ५५ वर्षीय धोजबहादुर रावल, ३२ वर्षीय लक्ष्मण रावल, ३३ वर्षीय ओमप्रकाश रावल, २६ वर्षीय वीरेन्द्र रावल र २४ वर्षीय भरत रावलले ०६४ वैशाख २५ गते राति सामूहिक बलात्कार गरे। पीडितले ०६४ वैशाख २६ गते प्रहरी चौकी, छान्नामा उजुरी दिएपछि पीडकहरूलाई गिरफ्तार गरी कारागार चलान गऱ्यो।

सबै प्रकारका जातीय विभेद

सुवेडा गाविस-८ नौराका २८ वर्षीय झलकबहादुर नेपालीले स्थानीय ३२ वर्षीय जगतबहादुर सिंहको होटलमा चिया खाई गिलास सफा नगरेको आरोपमा ०६३ माघ १८ गते सोही ठाउँका २८ वर्षीय नरेन्द्र सिंहलगायतका स्थानीय बासिन्दाले कुटपिट गरी गाउँलेहरूका अगाडि गिलास सफा गर्न लगाए।

चैनपुर गाविस-१ का जयबहादुर विकले आफ्नो होटलमा चिया खाई गिलास नमाझेको आरोपमा ०६४ वैशाख १ गते उनलाई सोही ठाउँका ३५ वर्षीय बालमुकुन्द श्रेष्ठले डुम भनी गाली-बेइज्जती गरे। पीडितले जिल्ला प्रशासन कार्यालयमा ०६४ वैशाख २ गते उजुरी दिए तर पीडकलाई कुनै कारबाही भएन।

रोल्पा जिल्ला जेलवा गाविस-३ स्थायी घर भई हाल सदरमुकाम चैनपुर गाविस-१ डेरा गरी बस्ने ३४ वर्षीय विमा नेपालीले हेमन्तवाडा गाविस-९ घर भई हाल सदरमुकाममा डेरा गरी बस्ने ४५ वर्षीया पार्वतीदेवी ओलीको होटलमा गई मासु छानेर लिन खोज्दा डुमिनीले छोएको भनेर जातीय विभेद गरिन्। पीडितले ०६४ जेठ १८ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएपछि प्रमुख जिल्ला अधिकारी हरिकृष्ण पौडेलले पीडक महिलालाई 'आइन्दा यस्तो गल्ती गर्ने छैन' भन्ने कागज गराई माफी माग्न लगाए।

सुमास गाविस-८ सैनगाउँका ३५ वर्षीय कालु कामीले हिमालमा यार्साकुम्भू सङ्कलन गर्न गएको समयमा नास्ता छोएको आरोपमा ०६४ असार १९ गते सोही ठाउँका ३५ वर्षीय रणबहादुर बोहराले 'डुमले मेरो नास्ता किन छोइस्' भन्दै गाली गरी नगद २ सय रुपियाँ तिर्न लगाए। घटनाका बारेमा कुनै पनि पक्षलाई जानकारी नगराएको पीडितले बताए।

चैनपुर गाविस-१ की ३२ वर्षीया बिस्नादेवी नेपाली होटलभित्र पसेको आरोपमा ०६४ असार २८ गते सोही ठाउँमा होटल गरी बसेका २८ वर्षीय देवबहादुर सिंहले डुमिनी भन्दै बेइज्जत गरेपछि पीडितले ०६४ असार २९ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्। पीडकउपर कुनै पनि कारबाही भएन।

चैनपुर गाविस-१ डाँडागाउँका २१ वर्षीय बलबहादुर सार्कीले होटलभित्र राखेको जगको पानी खाँदा ०६४ साउन २५ गते सदरमुकाममा होटल व्यवसाय गरी बसेका रिलु गाविस-५ का ३९ वर्षीय लालबहादुर बोहराले डुम भन्ने अपशब्द बोली बेइज्जत गरे। पीडितले ०६४ साउन २६ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। तर, पीडकउपर कुनै कारबाही भएन।

चैनपुर गाविस-१ का २८ वर्षीय प्रेमबहादुर बि.क. ले रक्षा बन्धनका दिन डोरी बाधी दिन भनेको आरोपमा ०६४ भदौ ११ गते उनलाई सोही ठाउँका पण्डीत जयराज जोशीले डुमलाई के को रक्षा बन्धन बाध्ने भनेर अपशब्द बोली बेइज्जत गरे। पीडितले ०६४ भदौ १२ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिँदा कुनै सुनुवाई नभएको बताए।

रिठापाटा गाविस-८ देवलका ३८ वर्षीय मुलु नेपालीले कपडा समयमा नसिलाई दिएको आरोपमा ०६४ भदौ १५ गते सोही ठाउँका २५ वर्षीय भक्तराज जोशीले डुम भन्ने अपशब्द बोली बेइज्जत गर्नुका साथै कुटपिट गरे। पीडितले न्यायका निम्ति ०६४ भदौ १७ गते प्रशासनमा उजुरी दिए। प्रमुख जिल्ला अधिकारी हरिकृष्ण पौडेलले सबै पक्ष बोलाई पीडकलाई आइन्दा यस्तो गर्ने छैन भने कागज गर्न लगाए।

लुयाटा गाविस-४ निवासी भूपू वडा अध्यक्ष ५४ वर्षीय गोरखबहादुर कामी गरिबी निवारण परियोजनाअन्तर्गत बाखा पालन समूहको अध्यक्ष भएपछि ०६४ भदौ २९ गते सोही गाविस-४ का ५२ वर्षीय खड्क कठायतले डुम भन्ने अपशब्द प्रयोग गरी धारिलो हतियार प्रहार गर्दा दायाँ हातमा १२ वटा टाँका लागेका छन्। पीडितले कारबाहीका लागि ०६४ भदौ ३१ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। प्रमुख जिल्ला अधिकारी हरिकृष्ण पौडेलका अनुसार, पीडकलाई १५ दिनको तारिखमा ११ हजार धरौटीमा मुक्त गरेको र दोस्रो फैसलामा कारबाहीको भागी हुनसक्ने बताए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

रिठापाटा गाविस-८ देवलका २६ वर्षीय साधु नेपालीलाई प्रत्येक वर्ष स्थानीय गाउँमा खेलिने भुव (भस्यो) मा बाजा नबजाएको आरोपमा सोही ठाउँका

२४ वर्षीय डम्बरबहादुर खड्कालगायतका स्थानीय गैरदलितहरूले ०६३ पुस ४ गते कुटपिट गरे। घटनाका बारेमा कुनै पनि पक्षलाई जानकारी नगराएको पीडितले बताए।

बझाङ जिल्लाका उद्योगी, व्यापारी, कर्मचारी, ठेकेदार, शिक्षकलगायत सङ्घ/संस्थालाई ०६३ फागुन १० गते माओवादीहरूले कम आम्दानी हुनेबाट ५ सय र बढी आम्दानी हुनेबाट पाँच सय रुपियाँभन्दा बढीका हिसाबले जबरजस्ती रकम उठाए। ०६३ फागुन १९ गते माओवादीका अध्यक्ष प्रचण्डको धनगढीमा आमसभा गर्ने कार्यक्रमको सहयोगका लागि अनिवार्य रूपमा माओवादीहरूले उक्त रकम उठाएका थिए।

हेमन्तवाडा गाविसका सम्पूर्ण जनताले सामूहिक रूपमा उपभोग गरिरहेको जग्गा ०५९ कात्तिक १६ गते तत्कालीन शाही नेपाली सेनाले जबरजस्ती जग्गा कब्जा गरे। नेपाली सेनाले हालसम्म पनि जग्गा फिर्ता गरेको छैन। उचित मुआब्जाको मागका लागि ०६४ वैशाख ३ गते प्रशासन कार्यालय घेराउ गरेपछि जिल्ला प्रशासनको पहलमा सबै जग्गाधनीलाई प्रतिरोपनी ७ हजार ४ सय रुपियाँका दरले बालीको क्षतिपूर्ति उपलब्ध गराए। पाँच वर्षको मुआब्जा माग गरेकामा तीन वर्षको मात्र दिएका कारण जनताले उचित मुआब्जा नपाएको आरोप लगाइरहेका छन्।

विगतको अनुगमन

काभ्रे जिल्ला नारायणस्थान गाविस-६ स्थायी घर भई हाल चौधारी गाविस-२ भाडेबगरमा बसोवास गरिरहेका १७ वर्षीय विक्रम गिरीलाई ०६१ माघ १५ गते माओवादीहरूले ७ हजार रुपियाँको प्रलोभन देखाई माओवादी सेनामा भर्ना गराए। पीडित बालकलाई हालसम्म पनि कैलाली जिल्लाको मसुरिया गाविसमा रहेको माओवादीको सातौँ डिभिजनमा राखेका छन्।

रिठापाटा गाविस-४ का १५ वर्षीय दीपकबहादुर नेपालीलाई स्थानीय जाल्पा माविको कक्षा ७ मा अध्ययन गरिरहेको अवस्थामा ०६२ मङ्सिर १३ गते माओवादीहरूले आफ्नो सेनामा मासिक ७ हजार तलब दिने प्रलोभन देखाई भर्ना गराए। पीडित ६२ मङ्सिर २० गते आफैँ मुक्त भई हाल पीडित भारतमा मजदुरी काम गरिरहेका छन्।

५.६ कञ्चनपुर

जनसङ्ख्या : ४,९१,२९६
साक्षरता प्रतिशत : ६५
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : १६१०
गाविस/नपा सङ्ख्या : १९/१
सरकारी/निजी विद्यालय : ३१९/५१
क्याम्पस/उच्च मा.वि. : ८/१७
अस्पताल/स्वास्थ्य चौकी : ३/२१
मोटर सडक (कि. मि.) : २२०
प्रहरी कार्यालय सङ्ख्या : २५
मानव विकास सूचकाङ्क : ०.४६३
प्रतिपरिवार सरदर सङ्ख्या : ७

जेल र बन्दीहरू

यस जिल्लामा 'ग' श्रेणीको कारागार छ। ७५ जनाको क्षमता रहेको यस कारागारमा कैद नतोकिएका ५६ जना पुरुष र चार महिला छन्। यसैगरी १८ जना पुरुष र तीन जना महिला गरी २१ जना बन्दीहरू छन्। जेलमा पानी, शौचालय, विद्युत्, स्वास्थ्य तथा रेडियो, टीभी, खेलकुद सामग्री आदि उपलब्ध छन्। कारागारका बन्दीहरूले यसवर्ष पटक-पटक आममाफीको माग गरी समय-समयमा विरोध कार्यक्रमहरू गरे। पछिल्लोपटक ०६४ कात्तिक १२ गतेदेखि मङ्सिर ३० गतेसम्म चरणबद्ध आन्दोलन गरे।

बेपत्ता/अपहरण

माओवादीबाट

प्यूठान जिल्ला बेलवास गाविस-७ का ३५ वर्षीय मिलन बरालले वैदेशिक रोजगारका नाममा ठगी गरेको आरोपमा ०६३ पुस २५ गते उनलाई माओवादी

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३								
गिरफ्तारी/यातना									४	१९		१९
कुटपिट	६	९	१	१०	४	९		९				
धम्की	३	३		३	३	५	३	८	३	३		३
भेला/संगठित हुने अधिकार									३	४	३	७
जातीय विभेद	१	१		१								
महिलाअधिकार	३		३	३								
बालअधिकार	३		३	३					१		१	१
अमानवीय व्यवहार	१	१		१	१	१		१				
अपहरण	६	३	४	७	३	३	४	६				
जम्मा	३३	१९	९	३८	११	१७	६	३३	११	३६	४	३०

समर्थित ट्रेड युनियन महासङ्घका जिल्ला अध्यक्ष सन्तोष नाथसहितका कार्यकर्ताहरूले महेन्द्रनगरको खप्तड होटलबाट अपहरण गरी भोलिपल्ट मानवअधिकारकर्मी र सञ्चारकर्मीको रोहबरमा जिल्ला प्रहरी कार्यालयमा बुझाए। बरालले सुर्खेत जर्बटा गाविस-१ का ३५ वर्षीय जितप्रसाद लामिछाने र रोल्पाको हिकलाडका १९ वर्षीय दिलबहादुर सिँजालीबाट जनही १ लाख २० हजार रुपियाँ लिएको स्वीकारे। बराललाई वैदेशिक रोजगारका नाममा ठगीको आरोपमा थुनामा राखिएको छ।

पीपलाडी गाविस-६ निवासी एमाले पीपलाडीका सचिव विष्णुदत्त भट्टले सङ्कटकालका बेला क्रियाशील नरहेको सङ्गठन पुनः सक्रिय बनाउन खोजेको आरोपमा ०६३ माघ २० गते सोही ठाउँमा एमालेले आयोजना गरेको लोकतान्त्रिक थारु सङ्घको कार्यक्रममा हस्तक्षेप गरी कार्यक्रमस्थलबाट माओवादीले अपहरण गरी तीन घण्टापछि कार्यक्रमस्थलबाट केही टाढा लगी मुक्त गरे।

वाईसीएलबाट

दैजी गाविस-६ जडेपानीका २५ वर्षीय रामप्रसाद रानाले सुराकी गरेको आरोपमा ०६४ असार २४ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले अपहरण गरी मरणासन्न हुने गरी कुटपिट गरे। मरणासन्न अवस्थामा सुडाको सिसैयास्थित वाईसीएलको कार्यालयमा राखिएका रामप्रसादलाई ०६४ असार २६ गते प्रहरीले उद्धार गरी उपचारका लागि महाकाली अञ्चल अस्पताल पुऱ्यायो। कुटपिटमा सङ्लग्न रहेको आशङ्कामा प्रहरीले नियन्त्रणमा लिएका दैजी गाविस-१ का ३५ वर्षीय लौटन चौधरी, २० वर्षीय प्रकाश नेपाली, १७ वर्षीय विनोद ओखेडा र सोही गाविस-३ का २५ वर्षीय कल्चु चौधरीमाथि मार्ने उद्योगमा मुद्दा चलाएकामा जिल्ला अदालतले ०६४ साउन १० गते उनीहरूलाई तारेखमा रिहा गर्न आदेश दियो। ०६१ सालमा नेपाली सेनाको २५ नं. बाहिनीमा कार्यरत रानाले माओवादीकै दबाबमा सेनाको जागिर छोडेका थिए। माओवादीले भने रानालाई वाईसीएलले कुटेको नभई स्थानीय एक घरमा चोरी गर्न गएका बेला गाउँलेले कुटपिट गरेको दावी गरे।

वाईसीएलद्वारा अपहरण गरी बेपत्ता पारिएका पत्रकार प्रकाश ठकुरी

महेन्द्रनगर नपा-१ भाँसीमा डेरा गरी बस्ने राष्ट्रिय पत्रकार महासङ्घका क्षेत्रीय उपसभापति प्रकाश ठकुरीलाई ०६४ असार २१ गते डेरानजिकबाट अज्ञात व्यक्तिहरूले अपहरण गरेका थिए। पीडितको अवस्था हालसम्म अज्ञात छ। पीडित पक्षले वाईसीएलले अपहरण गरेको बताए। अपहरणमा संलग्न रहेको आशङ्कामा ०६४ कात्तिक २७ गते गिरफ्तार गरिएका महेन्द्रनगर नपा-

झुडपमा घाइते भएका नरबहादुर शाही

४ निवासी माओवादीसम्बद्ध जनस्वास्थ्यकर्मी सङ्घका जिल्ला सचिव ४७ वर्षीय पोमलाल शर्मालाई मार्ने उद्योगमा मुद्दा चलाइएकोमा जिल्ला अदालत कञ्चनपुरले ०६४ मङ्सिर २५ गते २७ हजार रुपियाँ धरौटी लिएर तारेखमा रिहा गर्न आदेश दियो। शर्मासँगै मुद्दा चलाइएका शिवखाना गाविस-८ कालीकोटका वाईसीएलका तत्कालीन नगर संयोजक २४ वर्षीय जगत क्षेत्री र रूपाल गाविस-९ डडेल्धुरा घर भएका २० वर्षीय चन्द्रकान्त भट्टलाई प्रहरीले पक्राउ गर्न सकेको छैन। ०६४ असार २४ गते कहिल्यै नाम नसुनिएको नेसनल रिपब्लिकन आर्मीका नामबाट ठकुरी राजावादी भएकाले हत्या गरिएको भन्ने विज्ञप्ति जारी भएपछि घटना थप रहस्यमय भयो। नेपाल पत्रकार महासङ्घ र मानवअधिकार सङ्घसंस्थाहरूले गरेको अध्ययन प्रतिवेदनमा ठकुरीको अपहरण वाईसीएलले गरेको उल्लेख छ। सरकारले पीडितका परिवारलाई पाँच महिनापछि २ लाख रुपियाँ आर्थिक सहयोग प्रदान गऱ्यो।

अन्यबाट

दोधारा गाविस-१ चक्की निवासी महेन्द्रनगरबाट प्रकाशन हुने *अभियान* दैनिकका समाचारदाता ३५ वर्षीय पप्पु गुरुङ र उनकी पत्नी अमृता गुरुङलाई ०६४ असोज १६ गते १०/१२ जनाको सङ्ख्यामा रहेका अज्ञात व्यक्तिहरूले घरबाटै अपहरण गरे। भोलिपल्ट स्थानीय सामुदायिक वनबाट भागेका गुरुङको इन्सेक प्रतिनिधि र सञ्चारकर्मीहरूको पहलमा उद्धार गरियो। गुरुङलाई ०६४ असोज १५ र ११ गते माओवादीका एरिया नं. ७ का इञ्चार्ज इन्द्र रावतले विद्यालयमा भ्रष्टाचार गरेको आरोपमा अपहरणको प्रयास गरेका थिए। माओवादीले गुरुङको अपहरणमा आफ्नो संलग्नता नरहेको जनायो।

धम्की/कुटपिट

राज्यबाट

झलारी गाविस-९ कलुवापुर निवासी महेन्द्रनगर नगरपालिकाका इन्जिनियर २८ वर्षीय हिमालयसिंह ऐरले ०६३ फागुन ११ गते महेन्द्रनगर नपा-१८ को निङ्ला सैनी माविको जमिनमा बनाएको पसल तोड्न कर्मचारी नखटाएको आरोपमा जिल्ला प्रहरी कार्यालयका एसपी छविलाल बञ्जाडे (जोशी) ले गाली गर्दै थुनिदिने धम्की दिए। एसपी बञ्जाडेले ०६३ फागुन १४ गते नगरपालिका गई माफी मागेको ऐरले बताए। एसपीको धम्कीपछि नगरपालिका कर्मचारी एसोसिएसनको आह्वानमा कर्मचारीहरूले एकदिन नगरपालिकको कामकाज ठप्प पारे।

महेन्द्रनगर नपा-११ भुजेलाका २९ वर्षीय हरिश रोकायालाई ०६४ भदौ ५ गते मदिरा सेवन गरी गएका सशस्त्र प्रहरीको गड्डाचौकी बेस क्याम्पमा कार्यरत हवल्दार मणिचन्द्र रोकाया र सहायक हवल्दार नवराज भट्टले कुटपिट गर्ने धम्की दिए। सोही समयमा हवल्दार रोकायालाई स्थानीय बासिन्दाले कुटपिट गरे। सो समयमा भागेका सहायक हवल्दार नवराज भट्टसमेतलाई सशस्त्र प्रहरीले निलम्बन गरी कारबाही गरेको जनायो।

माओवादीबाट

महेन्द्रनगर नपा-१८ निवासी सिद्धनाथ बहुमुखी क्याम्पस, महेन्द्रनगरका स्ववियु सभापति महेशप्रसाद पन्त, सचिव हिमाल चन्द, क्याम्पस प्राकका

वाईसीएलद्वारा तोडफोड गरिएको प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष

अध्यक्ष रमेश धानुक र अनेरास्ववियुका जिल्ला सदस्य लोकेन्द्र बोहरालाई ०६३ माघ २६ गते महेन्द्रनगर नपा-१९ निवासी अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य वीरेन्द्र चन्दको नेतृत्वमा माओवादी कार्यकर्ताहरूले क्याम्पस हातामै प्रवेश गरी कुटपिट गरे। कुटपिटबाट अनेरास्ववियुका जिल्ला सदस्य बोहराको टाउकोमा चोट लाग्यो। विद्यार्थीको परीक्षाशुल्कको विषयमा सामान्य विवाद हुँदा अनेरास्ववियु (क्रान्तिकारी) र माओवादीका केही कार्यकर्ता प्रवेश गरी कुटपिट गरेको स्वतन्त्र विद्यार्थी युनियनले जनायो।

श्रीपुर गाविस-७ निवासी जनमोर्चाका केन्द्रीय सल्लाहकार लहानु चौधरी, श्रीपुर गाविस-५ का व्यापारी ३८ वर्षीय सुमेन्द्र गिरी र श्रीपुर गाविस-५ शान्तिपुरका अध्यक्ष ३२ वर्षीय जितेन्द्र थपलियालाई ०६३ फागुन १२ गते राति आफ्ना कार्यकर्ताहरूउपर दुर्व्यवहार गरेको आरोपमा माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। सोही राति श्रीपुर गाविस-५ बस्ने एमाले जिल्ला सदस्य पवित्रा पौडेल, श्रीपुर गाविस-६ का बलदेवसिंह बुडाल र उनका भाइ सत्यप्रकाश बुडालको घरमा पसी टेलिफोनको तार काट्नुका साथै दुर्व्यवहार गरे।

महेन्द्रनगर नपा-१, भाँसी घर भएका स्थानीय जेसिस प्राविका प्रधानाध्यापक ३९ वर्षीय खेमलाल घिमिरेलाई ०६४ वैशाख १९ गते विद्यालयमा भ्रष्टाचार गरेको आरोपमा अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीहरूले भौतिक कारबाही गर्ने धम्की दिए। भ्रष्टाचार गरेको आरोप लागेपछि विद्यालयले ०६४ वैशाख २८ मा सार्वजनिक लेखा परीक्षण गरी भ्रष्टाचार नगरेको जनायो।

वाईसीबिचवा गाविस-५ का ४५ वर्षीय भीमबहादुर मल्ललाई ०६४ भदौ १७ गते सोही गाविस-९ बस्ने गौरी बस्नेतलगायतका माओवादी कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। माओवादीको स्थानीय कमिटीले पीडितलाई भारतको पिलिभित लगी उपचार गरायो। माओवादी कार्यकर्ता बस्नेतले बिनाकारण पेस्तोल पड्काएपछि भएको विवादमा मल्ललाई कुटपिट गरेको पीडित पक्षले बताए।

कृष्णपुर गाविस-६ का २८ वर्षीय झपट थापा, लक्ष्मी खड्का र यज्ञराज कँडेललाई अछामको ऋषिदह गाविस-७ घर भएका माओवादीको जनमुक्ति सेना सातौँ डिभिजनको बताउने २६ वर्षीय दिलीप भनिने माहनसिंह धामीले ०६४ कात्तिक २३ गते पैसा नदिए जे पनि गर्न सक्ने धम्की दिए। भोलिपल्ट स्थानीय बासिन्दाले नियन्त्रणमा लिई प्रहरीलाई बुझाएका धामीलाई डाँका/चोरीको अभियोगमा प्रहरीले थुनामा राखी मुद्दा चलाएको छ।

वाईसीएलबाट

कञ्चनपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मालाई ०६४ जेठ १ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउन गएका महिलालाई प्रहरीले लाठीचार्ज गरेको आरोपमा माओवादी कार्यकर्ताले कार्यकक्षमै प्रवेश गरी प्रजिअलाई कुटपिट गरे। सोही दिन जिल्ला प्रशासन कार्यालयमा माओवादी कार्यकर्ताले तोडफोडसमेत गरे। प्रमुख जिल्ला अधिकारीमाथि कुटपिट हुँदा माओवादीका जिल्ला इञ्चार्ज टीकेन्द्र भट्टलगायतका जिल्ला नेताहरू प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमै थिए।

महेन्द्रनगर नपा-१ बस्ने नेविसङ्घका केन्द्रीय सदस्य मीनबहादुर सिंहले सोही वडामा रहेको वाईसीयलको कार्यालय तोडफोड गर्न आएको आरोपमा ०६४ भदौ २४ गते पहिचान नखुलेका वाईसीएलका कार्यकर्ताले कुटपिट गरी प्रहरीलाई बुझाएकामा प्रहरीले भोलिपल्ट रिहा गरे। महेन्द्रनगरबाट घर जाने क्रममा बिनाकारण नियन्त्रणमा लिई कुटपिट गरेका थिए।

अन्यबाट

श्रीपुर गाविस-५ बेलौरी बजारमा ०६३ फागुन १३ गते बजारमा आतङ्क मच्चाउन खोजेको आरोपमा स्थानीय बासिन्दाले माओवादीका एरिया इञ्चार्ज कालिका गाविस-५ घर भएका रमेश थापा, कार्यकर्ता डम्बर शाही, रणबहादुर बुढा र तुलसी रानालाई कुटपिट गरी इलाका प्रहरी कार्यालय बेलौरीमा बुझाएकामा सोही दिन राति प्रहरीले सदरमुकाम पुऱ्याई रिहा गरे। स्थानीय सीमा नाकामा करका नाममा चन्दा उठाएको सम्बन्धमा चलेको विवादपछि माओवादी कार्यकर्ताहरूले हातमा लाठी बोकेर व्यापारी खोज्न थालेपछि स्थानीय बासिन्दा आक्रोशित भएका थिए।

कालीकोट जिल्ला घर भएका माओवादी कार्यकर्ता रवीन्द्र शर्मा ०६३ फागुन १३ गते श्रीपुर गाविस-४ बजारनजिकको गहुँबारीमा बेहोस अवस्थामा भेटिए। अघिल्लो दिन स्थानीयबासीसँगको झडपपछि बेपत्ता भएका शर्मा स्थानीय बासिन्दाको कुटपिटबाट घाइते भएको बुझियो। टाउकोमा चोट लागेका शर्माको महाकाली अञ्चल अस्पतालमा उपचार गरियो। कुटपिटको जिम्मेवारी कसैले लिएन।

बैतडीको रुद्रेश्वर गाविस-२ घर भएका

पत्रकार सङ्घ (क्रान्तिकारी) कञ्चनपुरका अध्यक्ष २२ वर्षीय अर्जुन रानालाई ०६४ कात्तिक २० गते जिल्ला विकास समितिमा विज्ञापनको बिल भुक्तानीको विषयलाई लिएर भएको विवादमा पूर्व जिविस उपसभापति एवम् एमाले जिल्ला सचिव राजेन्द्रसिंह रावलले कुटपिट गरे। *जनदिशा* दैनिकमा प्रकाशित विज्ञापनको बिलभन्दा बढी भुक्तानी लिन खोजेको भन्दै विवाद भएपछि हातपात भएको हो।

गैरकानुनी गिरफ्तारी

महेन्द्रनगर नपा-४ वनखेत निवासी महेन्द्रनगर नपाका चौकीदार २२ वर्षीय वीरेन्द्रसिंह धामीलाई महेन्द्रनगर नपा-६ हल्दुखालस्थित घरमा चोरी गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा कार्यरत महेन्द्रनगर नपा-६ का प्रहरी जवान कर्णबहादुर चन्दसहितका तीन जना सादा पोसाकका प्रहरीले ०६३ चैत ७ गते स्थनीय पार्कबाट जिल्ला प्रहरी कार्यालयमा लगी कुटपिट गरे। उनलाई सादा कागजमा सही गर्न लगाई तीन दिनपछि हाजिर हुने सर्तमा तीन घण्टापछि रिहा गरे।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राज्यबाट

महेन्द्रनगर नपा-४ बजारमा विरोध प्रदर्शन गरिरहेको माओवादीको जुलुसमाथि ०६४ जेठ ३ गते प्रहरीले लाठीचार्ज गर्दा अनेमसङ्घ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष शारदा चौधरी, सदस्य तुलसी मल्ल, चाहना चौधरी र अनेरास्ववियु (क्रान्तिकारी) का गणेश विक घाइते भए। घाइतेहरूको महाकाली अञ्चल अस्पतालमा उपचार भयो।

कृष्णपुर गाविस-२ वाणी आरक्षपीडित शिविरका ४३ वर्षीय नरबहादुर शाही ०६४ असार १० गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउन जाने क्रममा प्रहरीले रोक्न खोज्दा भएको झडपमा परी घाइते भए। जिल्ला प्रशासन कार्यालयको गेट तानातानका क्रममा घाइते भएका शाहीलाई बेहोस अवस्थामा महाकाली अञ्चल अस्पतालमा लगी उपचार गरियो।

झलारी गाविस-२ निवासी *शुक्लाफाँटा* एफएमका स्थानीय समाचारदाता २२ वर्षीय अरुणप्रसाद भट्टले प्रहरीले चन्दा उठाएको समाचार लेखेको आरोपमा ०६४ कात्तिक २ गते उनलाई स्थानीय झलारी बजारमा इलाका प्रहरी कार्यालय, झलारीका सई गौरीप्रसाद गिरी र हवल्दार अग्निप्रसाद उपाध्यायले दुर्व्यवहार गर्दै थुनिदिने धम्की दिए। प्रहरीले लक्ष्मीपूजाका लागि स्थानीय व्यापारीहरूबाट जनही १ सय रुपियाँका दरले चन्दा उठाएका थिए।

माओवादीबाट

महेन्द्रनगरबाट प्रकाशित हुने *अभियान* दैनिकका सम्पादक खेम भण्डारीले ०६३ चैत १२ गते पत्रिकामा माओवादीविरुद्ध समाचार छापेको आरोपमा माओवादीको वाईसीएलका अञ्चल संयोजक प्रेमले मार्ने धम्की दिए। धम्की दिएको भोलिपल्ट प्रेमले विज्ञप्ति जारी गरी आफूले मार्ने धम्की नदिएको दावी गरे।

रामपुर गाविस-१ भुडाघर भएका *महाकाली* एफएमका समाचारदाता हरिश पन्तलाई महेन्द्रनगरको सिद्धनाथ बहुमुखी क्याम्पसमा ०६४ मङ्सिर २८ गते अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य देवेन्द्र ढुङ्गानाले सेना प्रवेश गरेको समाचार प्रसारण नगरे टाउको काट्ने धम्की दिए। प्रेस चौतारी र प्रेस युनियनले विज्ञप्ति निकालेर घटनाप्रति विरोध जनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत कञ्चनपुरमा गतवर्षको जिम्मेवारी सरेर आएका ८७ थान फौजदारी मुद्दा र यस वर्ष दर्ता भएका ७४ थान गरी १ सय ६१ मुद्दामध्ये ५८ थान फर्स्यौट भई १ सय ३ थान बाँकी रहे। देवयानीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १ सय ४३ र यस वर्ष दर्ता भएका ५८ गरी २ सय १ मध्ये ५७ थान मुद्दा फर्स्यौट भई १ सय ४४ थान बाँकी रहे।

यसैगरी पुनरावेदन अदालत कञ्चनपुरमा गतवर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा ११ र यस वर्ष दर्ता भएका ११ थान गरी जम्मा २२ मध्ये एक थान फर्स्यौट भई २१ थान बाँकी रहे। फौजदारी मुद्दातर्फ जिम्मेवारी सरेर आएका २१ र यस वर्ष दर्ता भएका २३ गरी जम्मा ४४ थानमध्ये ११ थान फर्स्यौट भई ३३ थान मुद्दा बाँकी रहे।

गत वर्षको जिम्मेवारी सरेर आएका ५२ र यस वर्ष दर्ता भएका २५ गरी जम्मा ७७ थान देवयानी मुद्दामध्ये १३ थान फर्स्यौट भई ६४ थान बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माओवादीबाट

कञ्चनपुरका तत्कालीन जिल्ला शिक्षा अधिकारी मोहम्मद हसरत अलिलाई ०६४ वैशाख १४ गते सङ्गठनले गरेको तालाबन्दीको अवज्ञा गरेको

आरोपमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठन (क्रान्तिकारी) का जिल्ला अध्यक्ष कृष्णदत्त जोशीको नेतृत्वमा रहेको शिक्षकहरूको समूहले बेइज्जत तथा दुर्व्यवहार गरी महेन्द्रनगर गाविस-४ को दशरथ चोक पुऱ्याए। अध्यक्ष जोशीका विरुद्ध प्रहरीले पक्राउ पुर्जी जारी गरे पनि पक्राउ गर्न सकेन।

अन्यबाट

देखतभूली गाविस-२, पर्सियाका ७५ वर्षीय रम्सी राना र उनका नाति रामदयाल रानालाई ०६३ पुस ३० गते बोक्सी भएको आरोपमा स्थानीय घुम्मन राना, गयादिन राना, श्रीपुरका शिवराज राना र शङ्करपुरका लक्ष्मण रानाले घरमै गई कुटपिट गरे। जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि पीडितहरूबाट पीडित पक्षले ८ हजार रुपियाँ जरिवाना लिएर माघ ८ गते जिल्ला प्रहरी कार्यालयमै मिलापत्र भयो।

बालअधिकार

त्रिभुवनबस्ती गाविस-८ की एक १३ वर्षीया बालिकालाई ०६४ जेठ १९ गते राति सोही ठाउँका ५१ वर्षीय बलबहादुर सायरले घरमै सुतिरहेका बेला बलात्कार गरे। पीडित पक्षको उजुरीपछि सायरलाई ०६४ जेठ २२ गते प्रहरीले पक्राउ गरी जिल्ला अदालतमा मुद्दा चलाएकामा अदालतले ०६४ मङ्सिर १६ गते बलात्कारको अभियोगमा थुनामा राख्ने आदेश दियो। आफूलाई पाँच दिनअगाडिदेखि सुन किनिदिन्छु भनेर फकाउने गरेको र बुबाआमा नभएका बेलामा घरभित्र प्रवेश गरी मुख थुनेर बलात्कार गरेको पीडितले बताइन्।

देखतभूली गाविस-६ की १४ वर्षीया एक बालिकालाई ०६४ जेठ २१ गते महाकाली अञ्चल प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानहरू जुकोट गाविस-२, बाजुरा घर भएका २६ वर्षीय रेखम शाही, महेन्द्रनगर नपा-१८ का २५ वर्षीय हरेन्द्र चन्द, वाई गाविस-४ बाजुराका २६ वर्षीय जनक महता र मुगु जिल्ला सुकदेव गाविस-१ का सर्वसाधारण २० वर्षीय तीर्थ डाँगाले जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा कार्यरत आफ्ना काका भेट्न आएका बेला महेन्द्रनगर नपा-४ बजारको एउटा खोकामा सामूहिक बलात्कार गरे। पीडित पक्षले जाहेरी दिएपछि रेखम शाही, तीर्थ डाँगा र बलात्कारमा सहयोग गर्ने जनक महतराकी पत्नी राधिका महतरालाई प्रहरीले गिरफ्तार गरे पनि प्रहरी जवानहरू जनक महतरा र हरेन्द्र चन्द हालसम्म फरार भएका छन्। जिल्ला प्रहरी कार्यालयले घटनामा संलग्न प्रहरीलाई निलम्बन गरी थुनामा राखेको जनायो।

चाँदनी गाविस-७ की १६ वर्षीया राधा लुहार ०६४ भदौ १६ गतेदेखि घरबाटै बेपत्ता भएकी छन्। चाँदनी गाविस-७ का २० वर्षीय जगदीश भट्ट र २६ वर्षीय अशोक सिंहले बेपत्ता पारेको पीडितपक्षको आरोप छ। बेपत्ता पारेको अभियोगमा मुद्दा चलाइएका दुवैलाई जिल्ला अदालतले ३३ हजार रुपियाँ धरौटी लिएर तारेखमा छोड्न आदेश दिएको छ। घरमा जगदीश भट्टले महाकाली नदी बोलाएको पत्र छोडेर गएकी राधा त्यसपछि नफर्किएको पीडित पक्षको भनाइ छ।

श्रीपुर गाविस-४ की ६ वर्षीया सविना कार्कीलाई ०६४ कात्तिक २३ गते बर्दियाको वनखेत-४ का रामबहादुर खड्काले अपहरण गरी भारतको कमलापुर पुऱ्याए। भोलिपल्ट बालिकासहित कमलापुरमा आफन्तहरूले फेला पारेका खड्कालाई बेचबिखनको अभियोगमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

महेन्द्रनगर नपा-७, हल्दुखालकी २७ वर्षीया नारु सिंहलाई घरायसी विवादपछि ससुरा ६४ वर्षीय हिक्मतबहादुर सिंहले ०६४ पुस १ गते कुटपिट गरी घाइते बनाए। घाइते सिंहको महाकाली अञ्चल अस्पतालमा उपचार हुन नसकेपछि भारत पठाइयो। पीडितलाई प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेको छ। छोराले अर्को विवाह गरे पनि बुहारीलाई अंश नदिएपछि विवाद भएको प्रहरीले जनायो।

सबै प्रकारका जातीय विभेद

महेन्द्रनगर नपा-११ भुजेलाका ३७ वर्षीय लक्षिराम पहारीले दलित भएर गौरा मनाएको आरोपमा ०६४ भदौ २१ गते स्थानीय मदन धामीले महेन्द्रनगर नपा-११ मा रहेको आफ्नै पसलमा समान किन्न आएका बेला कुटपिट गरे। पीडितको पक्षबाट जिल्ला अदालतमा दायर गरेको मुद्दा हाल जारी छ। सुदूरपश्चिमको प्रमुख पर्व मानिने गौरा यस वर्ष महेन्द्रनगरका दलितहरूले पनि मनाएका छन्। यसअघि गौरा दलितहरूले मनाउन नपाउने परम्परा थियो।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउन गएका महिलालाई प्रहरीले लाठीचार्ज गरेको आरोपमा माओवादी कार्यकर्ताले ०६४ जेठ १ गते

जिल्ला प्रशासन कार्यालयमा तोडफोड गरे । तोडफोडबाट कार्यालयतर्फ २ लाख ६८ हजार र सवारी साधनतर्फ ३ लाख ४४ हजार गरी ६ लाख १२ हजार रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयले जनायो। ज्ञापनपत्र बुझाउन गएका महिलालाई प्रहरीले लाठीचार्ज गरेको आरोपमा माओवादी कार्यकर्ताले कार्यालय तोडफोडसँगै प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मामाथि कार्यकक्षमै प्रवेश गरी हातपात गरे।

५.७ डडेल्धुरा

जनसङ्ख्या : १,४३,६३२
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): १,५३८
गाविस/नपा सङ्ख्या : २०/१
सरकारी/निजी विद्यालय : २२६/११
क्याम्पस/उच्च मा.वि. : १/१७
अस्पताल/स्वास्थ्य चौकी : २/२५
मोटर सडक (कि. मि.): २१०
प्रहरी कार्यालय सङ्ख्या : १५
मानव विकास सूचकाङ्क : ०.४३४
प्रतिपरिवार सरदर सङ्ख्या : ६

जेल र बन्दीहरू

कुल २५ जनाको क्षमता रहेको डडेल्धुरा जिल्लाको कारागार 'घ' श्रेणीको रहेको छ। यस वर्षको अन्त्यसम्म यस कारागारमा एक जना महिलासहित १७ जना बन्दीहरू रहेका छन्, जसमध्ये छ जना कैद तोकिएका र एक महिलासहित ११ जना कैद नतोकिएका बन्दीहरू छन्। तीन कोठा र एउटा भान्सा रहेको यो कारागारमा बन्दीहरूले एउटा कलर टीभी, क्यारेमबोर्ड र रेडियो पाएका छन्। कारागारमा बस्ने कोठाहरू साँघुरो भएकाले एउटै कोठामा ६-७ जनाले कोचिएर बस्नुपर्ने बाध्यता रहेको छ। भान्सासँगै जोडिएकाले धूवाँका कारण बस्न अप्ठ्यारो भएको उनीहरू बताउँछन्। बन्दीहरूले प्रयोग गर्ने दुईओटा शौचालय छन्। महिलाका लागि छुट्टै शौचालयको व्यवस्था छ। बाँकी एउटा शौचालयमा बिहानै उठेर लाइन लाग्नुपर्ने बाध्यता रहेको बन्दीहरूको भनाइ छ। ०६४ मङ्सिर २९ गतेदेखि डडेल्धुरा कारागारका बन्दीहरूले विभिन्न माग राखी अनशन बसेका थिए। त्यसको चार दिनपश्चात् इन्सेक, कानुनी अनुसन्धान मञ्च नेपाललगायतका संस्थाको पहलमा अनशन तोडिएको थियो। बन्दीहरूले कञ्चनपुर कारागारमा सरुवा मागिरहेका कृष्णसिंह विष्टको सरुवा, कारागारभित्र सीपमूलक तालिम, मानवअधिकारवादीद्वारा नियमित अनुगमन, भान्साको सुधार, प्रहरीहरूबाट बन्दीहरूमाथि गरिँदै आएको दुर्व्यवहार रोकिनुपर्ने माग राख्दै आएका थिए। सो दिन प्रमुख जिल्ला अधिकारी दिलबहादुर घिमिरे, जेलर दिलबहादुर बस्नेत, इन्सेक प्रतिनिधि र पत्रकार डीआर पन्तलगायतका अधिकारकर्मीहरूको बीचमा छलफलपछि प्रशासनले माग पूरा गर्ने वचन दिएपछि अनशन तोडिएको थियो।

धम्की/कुटपिट

राज्यबाट

अमरगढी नपा-५, बागबजारका २५ वर्षीय प्रकाश जैरुले मोटरसाइकल नदिएको आरोपमा ०६३ फागुन १२ गते उनलाई डडेल्धुरा अमरगढी नपा-७ पोखरा प्रहरी चौकीका इञ्चार्ज असई ३० वर्षीय सुरतबहादुर चन्दले कुटपिट गर्ने धम्की दिए। पीडित जैरुसँग केही दिनअघि असई चन्दले मोटरसाइकल चलाउन मागेको र आफूले दिन नसकेपछि सो धम्की दिएको पीडितले बताए। पीडितले सो घटनाका विषयमा कसैलाई पनि जानकारी नगराएको बताए।

माओवादीबाट

गाङ्खेत गाविस-९, निकान निवासी जिल्ला विकास समिति डडेल्धुराद्वारा सञ्चालित डकाउ कार्यक्रमकी सहजकर्ता २८ वर्षीया कमला गुरुङले गाविसको नागरिकता अनुसूची फाराम बेचेको आरोपमा

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित			
	अन्यबाट					माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३			३									
घाइते	१	१			१									
कुटपिट	१	१			१	५	६	१		७	१	१		१
धम्की						१	४		१३	१६	१	१		१
जातीय विभेद	१	१			१									
महिलाअधिकार	११		१३		१३	१		१		१	१		१	१
बालअधिकार	३		१	१	३	१		१		१	१	८		८
अमानवीय व्यवहार	१	१			१									
जम्मा	१९	६	१३	१	३०	८	१०	३	१३	३५	४	१०	१	११

०६३ फागुन २४ गते उनलाई सोही गाविस निवासी माओवादी जिल्ला कमिटी सदस्य २८ वर्षीय भक्तबहादुर बोहरा र एरिया कमिटी सदस्य २६ वर्षीय डम्बर बोहराले कुटपिट गरे। पीडकहरूले ०६३ चैत १५ गते राजनीतिक दल तथा सङ्घसंस्थाका प्रतिनिधिहरूको उपस्थितिमा पीडितसँग माफी मागे।

गाङ्खेत गाविस-५, बोरगाउँका २८ वर्षीय लालबहादुर बोहरा, २२ वर्षीय तप्तबहादुर विष्टले स्थानीय खोलामा विष हालेर माछा मार्न नदिएको आरोपमा ०६४ वैशाख १८ गते उनीहरूलाई सोही ठाउँका माओवादी जिल्ला कमिटी सदस्य सुशील भनिने २८ वर्षीय भक्तबहादुर बोहरा र एरिया कमिटी सदस्य सागर भनिने २६ वर्षीय डम्बर बोहराले पछाडिपट्टि हात बाँधेर कुटपिट गरे। पीडितले स्थानीय गाङखेत स्वास्थ्य चौकीमा वैशाख १८ गते उपचार गराई सोही दिन घर फर्किएका थिए।

आलिताल गाविस-४, धुलिखेतका २५ वर्षीय प्रतापसिंह धामी र ३० वर्षीय धीरेन्द्र सिंहले स्थानीय सामुदायिक वन वेतन्नाको ठेक्का दानबहादुर सावदले पाएपछि विरोध गरेको आरोपमा ०६४ जेठ २३ गते सोही ठाउँका माओवादी कार्यकर्ता ३० वर्षीय दानबहादुर सावदले ढुङ्गामुढाले घाउ हुने गरी कुटपिट गरे। पीडितहरूको उपचार धनगढी अञ्चल अस्पतालमा भयो। इलाका प्रहरी कार्यालय जोगबुढाले उपचार खर्चबापत पीडकबाट १० हजार रुपियाँ तिराई ०६४ जेठ २७ गते मिलापत्र गरायो।

गाङ्खेत गाविस-९, निकानेका ३२ वर्षीय केशव गुरुङले माओवादीले विरोधी मानेका योगेन्द्र देउवालाई माओवादीसँगको झगडामा सहयोग गरेको आरोपमा घरबाट ना.२ख. ४४२ नम्बरको बस चढेर डडेल्धुरा आउँदै गरेका गुरुङलाई सोही गाविस-८ मेलखर्कमा गाडी रोकी माओवादी कार्यकर्ता २८ वर्षीय सुरत बोहरा, २२ वर्षीय हुकुम थापा मगरले ०६४ कात्तिक २६ गते बेलुकी कुटपिट गरे। घाइते गुरुङले टिम अस्पताल डडेल्धुरामा उपचार गराएका थिए। प्रहरीले कात्तिक २७ गते घटनामा संलग्न २८ वर्षीय सुरत बोहरालाई गिरफ्तार गऱ्यो। तर, माओवादी र पीडित पक्षबीच भएको सहमतिको आधारमा माओवादीले सार्वजनिक माफी मागेपछि ०६४ मङ्सिर १ गते थापालाई प्रहरीले मुक्त गऱ्यो। पीडितको उपचारमा लागेको खर्च माओवादीले बेहोरेको थियो।

गाङ्खेत गाविस-८, बुडीचालका २८ वर्षीय योगेन्द्र देउवाले माओवादीका कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६४ कात्तिक २३ गते माओवादीका एरिया कमिटी सदस्य डम्बर बोहरालगायतको ५०-६० जनाको समूहले उनलाई गाङ्खेत गाविस-२, गैरास्थित घण्टेश्वर प्रहरी चौकीभित्रै कुटपिट गरी घाइते बनाए। कुटपिटबाट टाउको, पिठ्यूँ, छाती, हातखुट्टामा चोट लागेका पीडित देउवालाई प्रहरीले बेहोस अवस्थामा डडेल्धुरा टिम अस्पतालमा पुऱ्याई उपचार गराएका थिए। प्रहरीले माओवादी एरिया कमिटी सदस्य डम्बर बोहरा, कमल बोहरा, तुलाराम बोहरा, खेम बोहरालाई गिरफ्तार गरे। ०६४ मङ्सिर १ गते दुवै पक्षले मेलमिलाप गरेपछि पीडकहरू रिहा भए। उपचारमा लागेको खर्च माओवादीले बेहोरेका थिए।

वाईसीएलबाट

जोगबुढा गाविस-८, लामिगडाका ६२ वर्षीय गोपाल सिंह भण्डारीले माओवादीको विरोध गरेको आरोपमा ०६४ वैशाख १६ गते सोही ठाउँ बस्ने

वाईसीएलका कार्यकर्ता ३५ वर्षीय तारादत भट्ट र २८ वर्षीय बलबहादुर नेगीले कुटपिट गरे। पीडितले साँदनी उप-स्वास्थ्य चौकीमा ०६४ वैशाख १७ गते उपचार गराई सोही दिन घर फर्किएका थिए। पीडितले सीमा प्रहरी चौकी तातापानीमा निवेदन दिए पनि पीडकहरूलाई कुनै कारबाही भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत डडेल्धुरामा दुनियाँवादी फौजदारी मुद्दाअन्तर्गत गतवर्षको जिम्मेवारी सरेर आएका सात थानमध्ये चार थान मुद्दा फर्स्यौट भए भने तीन थान फर्स्यौट भएनन्। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा सात थान दर्ता भएकामा एक थान मात्र फर्स्यौट भयो भने छ थान फर्स्यौट भएनन्। दुनियाँवादी फौजदारीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका गरी जम्मा १४ थान मुद्दाहरूमा पाँच थान मुद्दा यस वर्षको अन्त्यसम्ममा फर्स्यौट भई नौ थान मुद्दाहरू बाँकी रहे।

यसैगरी सरकारवादी फौजदारी मुद्दाअन्तर्गत गतवर्षको जिम्मेवारी सरेर आएका १४ थानमध्ये आठ थान फर्स्यौट भई छ थान बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा सात थान दर्ता भएकामा एक थान फर्स्यौट भई छ थान बाँकी रहे। गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा २१ थान सरकारवादी फौजदारी मुद्दाहरूमध्ये नौ थान फर्स्यौट भई १२ थान मुद्दाहरू बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका दुई थान मुद्दामध्ये कुनै पनि फर्स्यौट भएन। यस वर्ष दर्ता भएका दुई थान देवानी मुद्दाहरूमा कुनै पनि फर्स्यौट भएन। गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा चार थान देवानी मुद्दाहरू यस वर्ष पनि फर्स्यौट भएनन्।

यसरी यस वर्षको अन्त्यसम्म जम्मा ३९ थान मुद्दाहरूमध्ये १४ थान मुद्दाहरू फर्स्यौट भई २५ थान मुद्दाहरू फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

मणिलेक गाविस-९, वागलसैनकी २६ वर्षीया लक्ष्मी विष्ट र सोही ठाउँका २० वर्षीय मानबहादुर विष्टले अवैध यौन सम्बन्ध राखी ०६३ फागुन ८ गते घरदेखि अन्दाजी पाँच किमि टाढा टाटरखोलामा बच्चा जन्माई दुवैको मिलेमतोमा हत्या गरे। दुवै जनालाई ०६३ फागुन ९ गते प्रहरीले गिरफ्तार गरी जिल्ला कारागार डडेल्धुरामा राखेको छ। जिल्ला अदालत डडेल्धुरामा मुद्दा दर्ता भए पनि फैसला हुन बाँकी छ।

कैलपालमाडौँ गाविस-४, सकायल निवासी नवलपुर निमावि सकायलका कक्षा ५ मा अध्ययनरत १३ वर्षीय केशव देउवा, कक्षा ६ मा अध्ययनरत १२ वर्षीय सुरेन्द्र ठगुन्ना, कक्षा ६ मा अध्ययनरत १२ वर्षीय हरि देउवा, कक्षा ४ मा अध्ययनरत १० वर्षीय दीपक घर्ती, कक्षा ५ मा अध्ययनरत १२ वर्षीय विसन देउवा, कक्षा २ मा अध्ययनरत आठ वर्षीय सुरेन्द्र लामा, कक्षा ८ मा अध्ययनरत १३ वर्षीय दानी लुहार र कक्षा ५ मा अध्ययनरत ११ वर्षीय केशव देउवाले जीप चालक २५ वर्षीय पदमबहादुर रावलको आँखा फुटाएको आरोपमा ०६३ फागुन २१ गते प्रहरीले पक्राउ पुर्जीबिना गिरफ्तार गरी फागुन २३ गते मुक्त गरे। ०६३ फागुन १७ गते होलीका दिन मष्टमाडौँ गाविस-४ सेल्तडा स्थित दिपायल-डडेल्धुरा सडकमा होली खेलिरहेका बेला जीप चालक २५ वर्षीय पदमबहादुर रावलको आँखामा ढुङ्गाले हानी दृष्टिविहीन बनाएका थिए। फागुन २५ गते बालबालिकाहरूका अभिभावकहरूले चालक पदम रावललाई १ लाख रुपियाँ क्षतिपूर्ति दिई मिलापत्र गरे।

कैलाली जिल्ला धनगढी नपा-५, धनगढी गाउँकी मुक्त कमैया परिवारकी बालिका गीता चौधरीलाई अमरगढी नपा-५ बालमन्दिरनजिक बस्ने २४ वर्षीय पुनम चटौतले ३६ घण्टादेखि थुनेर राखेको अवस्थामा ०६४ साउन २४ गते इन्सेकलगायतका मानवअधिकारकर्मी संस्थाहरूको पहलमा प्रहरीले मुक्त गऱ्यो।

माओवादीद्वारा कुटपिट गरिएका योगेन्द्र देउवा र केशव गुरुङ

बालिकाको शरीरमा नीलडाम भेटिएको थियो। पीडकलाई प्रहरीले तत्काल हिरासतमा राख्यो। तर, चटौत बिरामी भएकाले हिरासतमै मर्न सक्ने सम्भावना देखाएर २५ हजार रुपियाँ जरिवाना गराई ०६४ भदौ १ गते रिहा गरियो। बालिकाको अभिभावक सम्पर्कमा नआएसम्मका लागि बालिकालाई स्थानीय गैरसरकारी संस्था महिला मुक्ति समाजको जिम्मा लगाइयो। बालिकालाई कात्तिक १९ गते अभिभावकको जिम्मा लगाइएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

आलिताल गाविस-५ निवासी सोही ठाउँको वान्नेगडा जङ्गलमा घाँस काटिरहेकी एक महिलालाई ०६४ वैशाख ३० गते कालीकोटको कोटवाडा गाविसका ३२ वर्षीय हिक्मत विष्टले बलात्कारको प्रयास गरे। स्थानीय बासिन्दाले पीडकलाई कपाल मुडेर चौधर्के बनाई गाउँ घुमाए।

बेलापुर गाविस-७, खुनीकी १८ वर्षीया एक युवतीलाई ०६४ कात्तिक ४ गते बैतडी दुर्गास्थान गाविस-३ स्याडी घर भई प्रहरी चौकी बेलापुरमा कार्यरत प्रहरी हवल्दार ३२ वर्षीय नन्दराज बडुले घरनजिकैको जङ्गलमा माइत जाँदै गरेको अवस्थामा पैसाको प्रलोभन देखाई यौन दुर्व्यवहार गरे। पीडितका पतिले कारबाहीका लागि बेलापुर प्रहरी चौकीमा निवेदन दिए। जिल्ला प्रहरी कार्यालय, डडेल्धुराले दुवै पक्षलाई बोलाई ०६४ असोज ११ गते पीडक बडुलाई माफी माग्न लगाएको थियो। पीडकलाई ग्रेड घटुवा गरी विभागीय कारवाही गरिएको कुरा जिल्ला प्रहरी कार्यालय डडेल्धुराले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

माओवादीबाट

मष्टमाडौँ गाविस-५, सकायल जनता माविं सकायलका १२ जना शिक्षकहरूलाई तोकेको चन्दा नदिए द्वन्द्वकालमा जस्तै जबरजस्ती चन्दा लिने भन्दै ०६४ असोज १६ गते डोटीबाट गएका माओवादी कार्यकर्ताहरूले विद्यालयमै प्रवेश गरी धम्क्याए। दीपायल महोत्सवका लागि विभिन्न विद्यालयमा चन्दा उठाउँदै आएका माओवादीले माविका शिक्षकहरूले १ हजार र प्राविं, निमाविका शिक्षकले ५ सय रुपियाँ दिनुपर्ने माग राखे।

५.८ बैतडी

जनसङ्ख्या : २,६१,०७७
साक्षरता प्रतिशत : ५८
महिला साक्षरता प्रतिशत : ३७
क्षेत्रफल (वर्ग कि. मि.) : १,५१९
गाविस/नपा सङ्ख्या : ६२/१
सरकारी/निजी विद्यालय : ३७५/११
क्याम्पस/उच्च मा.वि. : २/८
अस्पताल/स्वास्थ्य चौकी : १/७०
मोटर सडक (कि. मि.) : २००
प्रहरी कार्यालय सङ्ख्या : ३०
मानव विकास सूचकाङ्क : ०.३९१
प्रतिपरिवार सरदर सङ्ख्या : ६

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

श्रीकोट गाविस-७ मसुरियाका १६ वर्षीय हरिप्रसाद जोशी आफ्नै घरनजिकको खेतबारीमा रहेको बेवारिसे बम खेलाउँदा ०६४ साउन १२ गते विस्फोटमा परी उनको बायाँ हातका तीनवटा औंलाहरू नष्ट भए। घाइते बालकको भारतको पिथौरागढमा उपचार गराई ०६४ भदौ १ गते घर फर्किए। पीडित श्री सनातन धर्म उच्च माविं श्रीकोटमा कक्षा ८ मा अध्ययन गरिरहेका छन्। पीडितको अवस्था सामान्य रहेको छ।

जेल र बन्दीहरू

'घ' श्रेणीको बैतडी जिल्ला कारागार २५ जना बन्दीको क्षमता रहेको छ, जसमध्ये कैद तोकिएका आठ जना र कैद नतोकिएका आठ जना गरी जम्मा १६ जना बन्दीहरू रहेका छन्। बन्दीहरूलाई प्रतिदिन प्रतिव्यक्ति

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित									राज्यपक्षबाट पीडित		
	अन्यबाट					माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	१	२		३							
घाइते	१	१			१							
गिरफ्तारी/यातना										२	२	२
कुटपिट	५	१६			१६	७	१२		१२	१	१	१
धम्की	१	१			१	४	६		६			
जातीय विभेद	७	६९	३		७२							
बालअधिकार	२		१	१	२							
अमानवीय व्यवहार						१	१		१			
अपहरण	१	३			३	६	८	१	९			
जम्मा	३०	९१	६	१	९८	१८	२७	१	२८	३	३	३

७ सय ग्राम मोटो चामल र दैनिक ३० रुपियाँका दरले भत्ता दिइन्छ। वर्षको दुईपटक लगाउने लुगा र वर्षमा एकपटक ओड्ने-ओछ्याउने कपडाहरू दिइन्छ। जेलभित्र महिला बन्दीहरूका लागि छुट्टै कोठाको व्यवस्था भए पनि हाल जेलमा एक जना पनि महिला तथा बालक छैनन्। आममाफी हुनुपर्छ भनी कैदीहरूले समय-समयमा आन्दोलन गरेका थिए। आन्दोलनका क्रममा बन्दीहरूले ०६४ वैशाख ११ गते करागार तोडफोड गरेका थिए।

बेपत्ता/अपहरण

माओवादीबाट

कुलाउ गाविस-६, भुवरकोटका २० वर्षीया एक माओवादी महिला कार्यकर्ता र पञ्चेश्वर गाविस-६ सल्ला निवासी माओवादी कार्यकर्ता २८ वर्षीय धनिराम कोलीले अवैध सम्बन्ध राखी गर्भपतन गराएको आरोपमा ०६३ फागुन ८ गते उनीहरूलाई आ-आफ्नै घरबाट माओवादीले अपहरण गरे। अपहरितमध्ये महिलालाई सोही दिन मुक्त गरे भने धनिरामलाई माओवादीले आफूसँगै घुमाई श्रमकैदमा राखे। पीडित ०६४ चैत ८ गते श्रम कैदबाट भागेर भारत गए।

उदयदेव गाविस-८ निवासी ३५ वर्षीय हिक्मतसिंह मेहतालाई रक्सी ओसारपसार गरेको आरोपमा ०६४ कात्तिक २९ गते साँझ माओवादीका एरिया सदस्य कवि भनिने शुक्र चन्दको नेतृत्वमा आएको पाँच/छ जनाको टोलीले घरबाटै अपहरण गरी बेपत्ता पारे। घटनाको भोलिपल्ट बिहान उदयदेव र बिशालपुरको सिमानामा रहेको दन्नी खोलाको छेउमा पीडितको चप्पल र गञ्जी मात्रै फेला पऱ्यो। बेपत्ता भएका दाजुको खोजी गरीदिन कात्तिक ३० गते उनका भाइ लक्ष्मीसिंह मेहताले इलाका प्रहरी कार्यालय, मेलौलीमा निवेदन दिए। माओवादी बैतडीले उनी बेपत्ता नरहेको र प्रवासतिर गएको बताएको छ। जिल्ला प्रहरी कार्यालय, बैतडीले अनुसन्धान गरिरहेको जनाएको छ।

वाइसीएलबाट

दशरथ चन्द नपा-१ गढी निवासी हुसेक बैतडीका कोषाध्यक्ष ५० वर्षीय मोहनलाल बराल, वसन्तपुर गाविस-७ निवासी हुसेक बैतडीका कार्यसमिति सदस्य ४४ वर्षीय श्याम चन्द र हाट गाविस निवासी बैतडी *सन्देश* साप्ताहिकका संवाददाता २२ वर्षीय वीरबहादुर गढाललाई सदरमुकाम गोठलापानीबाट हुसेक बैतडीद्वारा सञ्चालित सामुदायिक शान्ति निर्माण कार्यक्रमको अनुगमन गर्न मेलौली, सलेना र दुर्गास्थान गाविसतर्फ जाँदै गर्दा भ्रष्टाचारीको मतियार भएको आरोपमा ०६४ मङ्सिर २६ गते दिउँसो दुर्गास्थान गाविस-३ मा पर्ने दुर्गास्थान बजारमा स्थानीय वाईसीएल कार्यकर्ता दुर्गास्थान गाविसकै गोपाल बडु, नन्दे बडु, इन्द्रे बडु, पदम बोहरा र जगदीश शर्माले कुटपिटपछि अपहरण गरे। अपहरणमा परेकाहरूलाई सोही रात स्थानीय बजारमा रहेको बल्लदेव बडुको शीतल होटलमा राखेर सुतिरहेको अवस्थामा समेत उक्त समूहले कुटपिट गरेको पीडितहरूले बताए। राति नौ बजेदेखि दुई बजेसम्म

मुखमा बोरा ओडाएर कुटपिट गरेको र घटनाको दास्रो दिन मङ्सिर २७ गते अस्थायी प्रहरी चौकी देहीमाडौँबाट गएको प्रहरीको टोलीले पीडितहरूलाई मुक्त गराएको थियो। जिल्ला प्रहरी कार्यालय बैतडीले अनुसन्धान गरिरहेको जनायो। माओवादी बैतडीले ०६४ पुस ३ गते प्रेस विज्ञप्ति प्रकाशित गरी उक्त घटनामा माओवादी पार्टीको कुनै पनि हात नरहेको जनायो।

बेवारिसे बम विस्फोटबाट घाइते भएका हरिप्रसाद जोशी

धम्की/कुटपिट

राज्यबाट

आमचौरा गाविस-६, मगराउँका ४१ वर्षीय हीरा चन्दलाई हल्दुबिनायक प्रहरी चौकीका प्रहरी हवल्दार तेजबहादुर खड्का र प्रहरी जवान हरिदत्त बडुले प्रहरी चौकीमा बोलाई ०६३ चैत २५ गते लात्ती र लाठीले कुटपिट गरे। सोही ठाउँका ४५ वर्षीय तारा चन्दसितको घर र जग्गाजमिनको सिमानाको विवादका कारण रिसीइवीले दिएको उजुरीका आधारमा प्रहरीहरूले चौकीमै बोलाई कुटपिट गरे। प्रहरीले ०६३ चैत २५ गते पीडितसँग ३ हजार रुपियाँ जरिवाना लिएको पीडितले बताए। उनको उपचार स्थानीय मेडिकलमा भयो। पीडितले ०६४ वैशाख २ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए तर कुनै कारबाही भएन। पीडितको अवस्था सामान्य रहेको छ।

माओवादीबाट

शिवलिङ्ग गाविस-३ का ४२ वर्षीय कटकबहादुर बोहराले विस्थापित तथा द्वन्द्वपीडित भएबापत जिल्ला विकास समिति बैतडीबाट प्राप्त १५ हजार रुपियाँ र दिगो कृषि विकास कार्यक्रम (एपीपीएसपी) बाट लिएको अनुदान रकम ४५ हजार रुपियाँ गरी जम्मा ६० हजार रुपियाँ लिएको आरोपमा ०६३ पुस १८ गते राति ११ बजे माओवादी एरिया इञ्चार्ज प्रवीन र एरिया सदस्य हिमालले घरबाट बोलाई करिब सय मिटर पर पुऱ्याई बन्दुकको कुन्दाले कुटपिट गरे। कुटपिटबाट पीडितको बायाँ खुट्टा भाँचियो। उनको उपचार भारतको पिथौरागढमा भयो। इन्सेक जिल्ला प्रतिनिधिले माओवादीका तत्कालीन जिल्ला जनसरकार प्रमुख चन्दन भनिने गोपाल चन्दसित छलफल गरेपछि पीडित ०६३ चैत १८ गते घर फर्किए। हाल उनको अवस्था सामान्य रहेको छ।

शिवलिङ्ग गाविस-४ लेक निवासी ६५ वर्षीय काङ्ग्रेसका कार्यकर्ता लोकराज अवस्थीलाई राजावादी भएको आरोपमा ०६३ माघ ५ गते माओवादीका नवीन भनिने एरिया इञ्चार्ज र एरिया सदस्य रोशनले उनको घरनजिकै कुटपिट गरे। कुटपिटबाट घाइते भएका पीडितलाई माओवादीले उपचार गर्न गाउँबाहिर जान दिएनन्। पीडितको उपचार स्थानीय औषधि पसलमा भयो।

कोटपेटरा गाविस-३, ननरा निवासी ३८ वर्षीय बहादुर बोहराले आफ्नो पार्टीको स्वीकृतिविना जग्गा बेचेको आरोपमा ०६३ माघ ८ गते सोही गाविस-६ सेलामा रहेको गाविस भवनको प्राङ्गणमा माओवादीद्वारा घोषित जनअदालतका प्रमुख अटलको नेतृत्वमा माओवादीका कार्यकर्ताहरूले अपहरण गर्ने धम्की दिए।

कुवाकोट गाविस-८ निवासी ४७ वर्षीय जैसिंह बोहराले रक्सी बेचेको आरोपमा ०६३ माघ २४ गते कुवाकोट गाविस-८ का २४ वर्षीय अर्जुन बोहरा, भूमिराज गाविस-४ का २७ वर्षीय गजेन्द्र साउँदलगायतका माओवादी कार्यकर्ताहरूले भूमिराज गाविसको डोल्या मोडबाट अपहरण गरे। भोलिपल्ट माओवादीको कब्जाबाट जैसिंह बोहरालाई छुटाउन आएका ५०/६० जना स्थानीय गाउँलेहरूको समूह र माओवादीका कार्यकर्ताहरूबीच झडप भयो। झडपमा माओवादी कार्यकर्ताहरू अर्जुन बोहरा, गजेन्द्र साउदलाई स्थानीय जनताले नियन्त्रणमा राखी ०६३ माघ २७ गते पुरघाट प्रहरी चौकीका प्रहरीहरूको रोहवरमा भूमिराज गाविसको बित्थडबाट मुक्त गरे।

कोटपेटरा गाविस-८ गन्नाका १९ वर्षीय राजेन्द्र घरेडी र १८ वर्षीया धनमति घरेडीले माओवादी पार्टी छोडी एमालेमा प्रवेश गरेको आरोपमा ०६३ माघ ३० गते माओवादी कार्यकर्ताहरूले श्रीकोट गाविस-३, खोचल्लेक बजारबाट अपहरण गरी पार्टीको एरिया कार्यालयमा पुऱ्याई कुटपिट गरे। उनीहरूलाई ०६३ फागुन १ गते अस्थायी प्रहरी चौकी खोचल्लेकका प्रहरीको पहलमा माओवादीले सोही ठाउँबाट मुक्त गरे।

कटौजपानी गाविस-४, मलौनका ३५ वर्षीय जगी ढुङ्गाल, २२ वर्षीय जयबहादुर ढुङ्गाल, १९ वर्षीय वीरबहादुर ढुङ्गाल र माओवादीका एरिया इञ्चार्ज हृदय भनिने हिक्मत विष्टको बीचमा ०६३ चैत २८ गते हत्या गरी मारिएका जगी ढुङ्गालको विषयमा विवाद हुँदा ०६४ वैशाख १६ गते हिक्मत विष्टको



माओवादीद्वारा कुटपिट गरिएका धनमती घडेरी, राजेन्द्र घडेरी, कटकबहादुर बोहोरा, प्रेमबहादुर चन्द

नेतृत्वमा आएको समूहले श्रीकोट गाविस-६ मा पर्ने दानीको मोडमा ०६४ वैशाख १६ गते कुटपिट गरे। कुटपिटपश्चात् घटनास्थल वरिपरिका स्थानीय जनता र माओवादी कार्यकर्ताबीच केहीबेर झडप भएको थियो। झडपमा माओवादीका १० नम्बर एरिया सचिव जगदीश धामीको टाउकोमा चोट लाग्यो। उनको उपचार स्थानीय श्रीकोट गाविसस्थित मेडिकलमा भयो।

देउलेख गाविस-३, खोचल्लेक निवासी काङ्ग्रेसका ३६ वर्षीय डम्बर कार्कीले माओवादीको विरोध गरेको आरोपमा ०६४ जेठ ४ गते श्रीकोट गाविस-३ निवासी ३८ वर्षीय माओवादीका रामसिंह भण्डारी, चिन्तामणि भट्टलगायतका पाँच/छ जना कार्यकर्ताहरूले खोचल्लेक बजारमा कुटपिट गरे।

न्वाली गाविस-२, दोली निवासी ३१ वर्षीय शङ्करसिंह ठगुन्ना र सोही ठाउँका ६५ वर्षीय मोहासिंह ठगुन्नालाई गाविसको रकमबाट सञ्चालित खानेपानी योजनामा भ्रष्टाचार गरेको आरोपमा माओवादी एरिया सदस्य गगन भाट, माओवादीद्वारा घोषित गाजस प्रमुख करबीर कार्की र वाईसीएल कार्यकर्ता करनसिंह कार्कीले ०६४ साउन २९ गते घरबाटै नियन्त्रणमा लिई दुवै जनाबाट ६० हजार रुपियाँ नगद रकम फिरौती माग गरे। पीडितहरूले उक्त रकम तिर्न नमानेपछि उनीहरूलाई तीन दिनसम्म माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख करवीर कार्कीको गोठमा बाँधेर राखे। फिरौती रकम बुझाउने कागज गरेपछि पीडितहरूलाई माओवादीले साउन ३२ गते सोही ठाउँबाट मुक्त गरे। पीडितहरूमध्ये शङ्करसिंह ठगुन्ना हालसम्म पनि घरबाट विस्थापित भई सदरमुकाममा बसिरहेका छन्। मोहनसिंह ढगुन्ना भने घर फर्केका छन्।

तल्लादेही गाविस-८, करेटा निवासी जिविसका निवर्तमान सदस्य ५८ वर्षीय महावीर विष्ट र सोही ठाउँ निवासी एमाले कार्यकर्ता ३२ वर्षीय जयभान भण्डारीलाई माओवादी पार्टीविरोधी प्रचार गरी जनता भड्काएको आरोपमा ०६४ भदौ ८ गते माओवादीका एरिया इञ्चार्ज करवीर भण्डारीको नेतृत्वमा रहेको वाईसीएल कार्यकर्ताहरूको टोलीले घरबाटै अपहरण गरी कुटपिट गरे। पीडितलाई 'अबदेखि पार्टीविरोधी कुनै पनि कार्यमा संलग्न भएमा जुनसुकै कारबाही गरे पनि सहनेछु' भन्ने बेहोराको कागज बनाई घटनाको दोस्रो दिन सोही ठाउँबाट मुक्त गरे।

हाट गाविस-९ निवासी अन्तरिम व्यवस्थापिका विधायक ५५ वर्षीय नरेन्द्र बम, सोही ठाउँका निवर्तमान गाविस अध्यक्ष ४५ वर्षीय दीपक बम र हाट गाविसका सचिव ४८ वर्षीय लक्ष्मण विष्टले भ्रष्टाचार गरेको आरोपमा ०६४ भदौ २८ गते माओवादी कार्यकर्ताहरूले उनीहरूलाई कुटपिट गरी अमानवीय व्यवहार गरे। दोषीहरूलाई कारबाही गर्न माग राख्दै पीडित विष्टले जिल्ला प्रशासन कार्यालय बैतडीमा ०६४ असोज १ गते उजुरी दिए। उजुरीका आधारमा प्रशासनले कसैलाई पनि कुनै कारबाही गरेन।

दुर्गास्थान गाविस-३ निवासी ६१ वर्षीय प्रेमबहादुर चन्दलाई सोही ठाउँको खानेपानी योजनामा भ्रष्टाचार गरेको आरोपमा ०६४ असोज २० गते माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। पीडितले ०६४ असोज २२ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए पनि सो सम्बन्धमा कुनै कारबाही भएन।

कुलाउ गविस निवासी सोही गाविसका पूर्व अध्यक्ष ४१ वर्षीय कालु चन्दलाई गाविसको रकम अनियमितता गरेको आरोपमा ०६४ कात्तिक २८ गते माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। पीडितलाई सोही दिन बेलुकी कब्जा गरी छिमेकी गाविस महाकालीमा पुऱ्याएर ०६४ कात्तिक २९ गते बिहान मुक्त गरे। पीडित कात्तिक ३० गते जिल्ला सदरमुकाम बैतडीमा आइपुगे। कुटपिटबाट पीडितको बायाँ खुट्टामा घाउ भएको थियो। पीडित एक हप्तापछि घर फर्के।

वाईसीयलबाट

हाट गाविस-२, कोपखेतका निवासी ७० वर्षीय

मानवबहादुर धानुक, उनका जेठा छोरा ४० वर्षीय कृष्णबहादुर धानुक, कान्छा छोरा २३ वर्षीय सुरेन्द्र धानुक, सोही गाविस-१ कोपखेत निवासी ५६ वर्षीय डम्बर धानुक र ४८ वर्षीय रतनबहादुर धानुकलाई मादक पदार्थ बिक्री वितरण गरेको आरोपमा ०६४ जेठ १२ गते सुबोध भनिने माओवादीका एरिया इञ्चार्जको नेतृत्वमा आएको स्थानीय वाईसीएल कार्यकर्ताहरूको टोलीले हाट गाविसमा रहेको पुरघाट प्रहरी चौकी परिसरमा कुटपिट गरे। पीडितहरूलाई प्रहरीले चौकीमा बोलाई छलफल गरिरहेको अवस्थामा वाईसीएलले कुटपिट गरेका थिए। कुटपिटको घटनाको पुरघाट प्रहरी चौकीका इञ्चार्ज यज्ञराज भारतीले विरोध गरेपछि माओवादीले सोही दिन प्रहरी चौकी जलाउने र आक्रमण गर्ने धम्की दिए। कुटपिटबाट घाइते भएकाहरूको उपचार स्थानीय मेडिकलमा वाईसीएलका कार्यकर्ताहरूले गरेका थिए।

वाईसीएलद्वारा कुटपिट गरिएका मानबहादुर धानुक

दशरथ चन्द नपा-५, बस्कोटका ४० वर्षीय चतुरबहादुर चन्दलाई दशरथ चन्द नपा-१ गोठलापानीका व्यापारीहरूलाई उक्साएर पार्टीको विरुद्धमा लगाई बजार बन्द गर्न लगाएको आरोपमा ०६४ साउन २ गते दशरथचन्द नपा-१ गोठलापानीमा वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरे। आफूमाथि कुटपिट गर्ने अमरसिंह धामीका नाममा पीडितले कारबाहीका लागि जिल्ला प्रशासनमा मुद्दा दायर गरे। तीन दिनपछि दुवै पक्षको सहमतिमा मिलापत्र भयो।

कुवाकोट गाविस-६ निवासी नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति सदस्य ३५ वर्षीय लक्ष्मण कुँवरलाई भूमिराज प्रस्तावित मावि चुवाकोटको विद्यालय व्यवस्थापन समितिको गठनमा पार्टीको सल्लाह नलिई एकपक्षीय ढङ्गले निर्वाचन गरेको आरोपमा ०६४ भदौ २९ गते वाईसीएलका कार्यकर्ताहरूले कुटपिट गरे। पीडित सोही दिन राति विस्थापित भई हाट गाविसमा रहेको पुरघाट प्रहरी चौकीमा पुगेका थिए। घटनाको दोस्रो दिन घटनास्थल पुगेका प्रहरी जवानहरूलाई समेत वाईसीएलका कार्यकर्ताहरूले दुर्व्यवहार गरे। पीडित कुँवर विस्थापित भएर सदरमुकाममा बसिरहेका छन्।

भटना गाविस-१, डाइसिल निवासी पहरौल मावि भटनाका विद्यालय व्यवस्थापन समिति अध्यक्ष २९ वर्षीय गौतम भट्टले माओवादीले भनेको शिक्षकलाई नियुक्त नगरेको आरोपमा उनलाई ०६४ असोज १५ गते खकेन्द्र धानुकलगायतका वाईसीएल कार्यकर्ताहरूले घरनजिकै कुटपिट गरे। कुटपिटपछि पीडित विस्थापित भई जिल्ला सदरमुकाम बस्दै आएका छन्। पीडितले जिल्ला प्रशासन कार्यालय बैतडीमा उजुरी दर्ता गराए पनि कुनै कारबाही भएन।



प्रहरीद्वारा कुटपिट गरिएका हिरा चन्द

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आठ राजनीतिक दलले जनताको भावनाअनुरूप काम गर्न नसकेको आरोपमा ०६४ जेठ ११ गते माओवादीसँग आबद्ध जनसेवा सङ्घर्ष समितिले पुचौडी बैतडीको हाटपुचौडी क्षेत्रमा सबै आठ राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाएको पर्चा वितरण गऱ्यो। ग्रामीण क्षेत्रमा विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, विस्थापित सरकारी तथा गैरसरकारी कार्यालयहरू स्थापित हुनुपर्नेलगायतका मागहरू राखी जनसेवा सङ्घर्ष समितिले दलहरूलाई प्रतिबन्ध लगाएको समितिले बताएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत बैतडीमा गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका गरी जम्मा ३१ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये १६ थान मुद्दा फर्स्यौट भए भने १५ थान फर्स्यौट हुन बाँकी रहे। यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका ४४ थान मुद्दामध्ये २६ थान फर्स्यौट भए भने १८ थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म जम्मा ७५ थान मुद्दामध्ये ४२ थान मुद्दा फर्स्यौट भए भने ३३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

दशरथचन्द नपा-१२, सेराकी २८ वर्षीया हीरादेवी कार्कीले लगातार चारपटकसम्म छोरी जन्मेपछि ०६४ असार १९ नवजात शिशुको हत्या गरिन्। लासलाई घरदेखि करिब ५० मिटर टाढा पर्ने खोल्सामा लास पुरिएको अवस्थामा

सोही दिन गाउँलेहरूले फेला पारे। उनलाई प्रहरीले ०६४ असार २० गते गिरफ्तार गरे। पीडकउपर ज्यान मार्ने उद्योगअन्तर्गत कारबाही गरी कञ्चनपुर जिल्ला कारागारमा राखिएको छ।

थालाकाँडा गाविस-४ निवासी ज्ञाने लुहारकी छोरी १२ वर्षीया दुरे लुहारको विवाह चौखाम गाविसको च्वाँगढ निवासी १६ वर्षीय रिङ्कुटे लुहारसँग ०६४ मङ्सिर २१ गते सम्पन्न भयो। माओवादी भ्रातृ सङ्गठन दलित मुक्ति मोर्चा र स्थानीय शिक्षक तथा बुद्धिजीवीहरूले विरोध जनाएपछि ०६४ मङ्सिर २३ गते केटी वयस्क नहुञ्जेल माइतमै बस्ने सहमति भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

पारिवारिक हिंसा

शमार्ली गाविस-७ की २२ वर्षीया बेलुदेवी साउदलाई उनकै पति २३ वर्षीय शेरसिंह साउदले घरायसी विवादका कारण घरनजिकैको जङ्गलमा ०६३ फागुन ८ गते हत्या गरी पत्नीले आत्महत्या गरेको हल्ला चलाए। पीडितको लास रुखमा झुन्ड्याइएको अवस्थामा भोलिपल्ट स्थानीय बासिन्दाले फेला पारे। पोस्टमार्टम नगरी लास जलाएको र घटनाको पर्सिपल्ट शङ्का लागेकाले गाउँलेहरूले प्रहरी चौकीलाई खबर गरेपछि प्रहरीले अनुसन्धानका लागि शेरसिंह साउदलाई गिरफ्तार गऱ्यो। पीडकलाई कर्तव्य ज्यानसम्बन्धी मुद्दाअन्तर्गत जिल्ला अदालत बैतडीले छ महिना कैद सजाय फैसला गरेपछि अदालतकै फैसलाअनुसार ०६४ मङ्सिर १७ गते कारागारबाट रिहा भए।

सबै प्रकारका जातीय विभेद

दुर्गाभवानी गाविस-४, सेरालीकी १७ वर्षीया कमला लुहारले सार्वजनिक इनारमा पानी भरी छुवाछूत गरेको आरोपमा ०६३ माघ २३ गते सोही ठाउँका ३० वर्षीय विरमा नाथले कुटपिट गरे। पीडितको उजुरीका आधारमा प्रशासनले पीडकलाई गिरफ्तार गरी माफ माग्न लगाए। आइन्दा जातीय विभेद नगर्ने कागज गर्न लगाई सोही दिन जिल्ला प्रशासन कार्यालयबाट रिहा गरियो।

दशरथचन्द नपा-१, खलङ्गा गढी निवासी दलित महिला परिषद्की २५ वर्षीय सरस्वती नेपालीलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने क्रममा महिला उत्थान केन्द्र बैतडीका अध्यक्ष नन्दा पालको नेतृत्वमा रहेका गैरदलित समुदायका महिलाहरूले ०६३ फागुन २४ गते दलित समुदायका महिलाहरूलाई जातीय विभेदकै कारण अपमानित गरे। कार्यक्रममा दलित महिला र पुरुषहरूलाई बाजा बजाउन लगाई नचाएको र 'तिमीहरूको काम यही त हो नि' भनी अपमानित गरे।

कोटिला गाविस-१, भौनेका मनीषा नेपालीले दलित भएर सार्वजनिक धारामा पानी भरेको आरोपमा ०६४ भदौ २७ गते उनलाई सोही ठाउँका ३५ वर्षीय अर्जुन जोशी, रामप्रसाद जोशी, रामदत्त जोशी र चन्द्रदेव जोशीले दुर्व्यवहार गरे। पीडकहरूलाई दलित मुक्ति मोर्चा (एकीकृत) का कार्यकर्ताहरूले सोही दिन कुटपिट गरे।

महारुद्र गाविस-२ निवासी ७० वर्षीय भगीरथ दयाललाई उदयदेव गाविसको काफाडीस्थित उदैदेउका मन्दिरमा विजयादशमीको नवमीका दिन भाकल गरी बलि चढाइएका राँगाहरूको मासु नखाने भनी बहिष्कार गर्दा भएको विवादका कारण ०६४ कात्तिक २ गते उदयदेव गाविस-२ काफाडीका भूतपूर्व प्रहरी हवल्दार शेरबहादुर चन्दले मन्दिर परिसरमै लाठी र लात्तीले कुटपिट गरे। शेरबहादुर चन्दकै नेतृत्वमा गैरदलित समुदायका व्यक्तिहरूको एक समूहले बलि दिइएका राँगााको मासु बहिष्कार गरेकै करणले ०६४ कात्तिक ३ गते मन्दिर परिसरमा महारुद्र गाविस-८ निवासी रमेशराम दयाल, महाकाली गाविस बास्कु निवासी कमलराम लुहार, महारुद गाविस-९ निवासी राजेन्द्र पोखरेल, शिवनाथ गाविस-८ निवासी शम्भु पोखरेल, सोही गाविस-६ निवासी दीपक दयाल, विशालपुर गाविस-४ निवासी गङ्गाराम पोखरेल, सोही ठाउँका भरतराम लुहार, महारद्र गाविस-८ निवासी गोरख नेपाली र उदयदेव गाविस-२ काफाडी निवासी धीरेन्द्र विकलगायतका केही दलित समुदायका व्यक्तिहरूले काफाडी मन्दिर परिसरमा राखेको पसलमा क्षति पुऱ्याए। पीडितहरूले दोषीउपर आवश्यक कारबाहीका लागि ०६४ कात्तिक ४ गते इलाका प्रहरी कार्यालय मेलौलीमा उजुरी निवेदन दर्ता गरे। तर, पीडकहरूलाई कुनै कारबाही भएन। मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले ०६४ कात्तिक १५ गतेदेखि २३ गतेसम्म स्थलगत अध्ययन गरी प्रतिवेदन तयार पारी सार्वजनिक गऱ्यो। प्रतिवेदनमा जातीय विवादकै कारण दलितहरूमाथि कुटपिट, धम्की तथा उनीहरूको पसलमा लुटपाट र क्षति पुऱ्याएको उल्लेख गरिएको छ।

देहीमाडौँ गाविस-२, चौसिर गाउँका २५ वर्षीय देवेन्द्रराम लावडर, १८ वर्षीय भगीरथ लावडलाई देहीमाडौँ गाविस-६, देहीमाडौँ बजारमा रहेको निङ्गलासैनी भगवतीको मन्दिरमा विजयादशमीको अवसरमा फूलपाती र अष्टमीका दिन लाग्ने गरेको मेलामा सो मन्दिरमा बलि दिइएका राँगाको मासु

बहिष्कार गरेको आरोपमा लालासिंह भण्डारी, चक्रसिंह बोहरा, सुरेश भण्डारीलगायतका गैरदलित समुदायका व्यक्तिहरूले कुटपिट गरी सामाजिक बहिष्कार गर्ने धम्की दिए।

आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार

यस वर्ष जिल्ला प्रशासन कार्यालय बैतडीमा हलियाबाट मुक्त हुनका लागि जम्मा २० थान हलियाहरूका मुद्दाहरू दर्ता भए, जसमध्ये यस वर्ष १८ थान मुद्दाहरूमाथि छानबिन भएकोमा सबै निवेदनहरूमा हलियाहरूले मालिकबाट लिएको ऋण मिनाह पाए। देहीमाडौँ गाविस-५ का चक्रराम लावड र दीर्घ लावडले ०६४ जेठ २५ गते जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गराए। जिल्ला प्रशासन कार्यालयले भदौ २१ गते पीडितहरूको मुद्दामा फैसला गरी मालिकहरूले हलियाहरूलाई दिएको ऋण मिनाह गरेपछि दुवै पक्षबीच भएको सम्झौताबमोजिम हलियाहरू मुक्त भए।

संरचना/सम्पत्ति क्षति/सम्पत्ति कब्जा

माओवादीबाट

कोटपेटरा गाविस-९, छेपट्टा निवासी ६५ वर्षीय दलबहादुर बोहरालाई रकम लेनदेनको विषयलाई लिएर ०६४ असार ११ गते माओवादीका ११ नम्बर एरिया कमिटी सदस्य दयालु भनिने माओवादी कार्यकर्ताले कुटपिट गर्ने धम्की दिए। दलबहादुर बोहराले ०५७ सालमा सोही ठाउँका २८ वर्षीय रामबहादुर बोहरालाई ५ हजार रुपियाँ दिएकोमा सोको साँवाब्याजसहितको रकम माग्दा माओवादीले रकम लिने र दिने दुवैलाई कारबाही गर्ने धम्की दिएको पीडितले बताए। विगत सात वर्षदेखि माओवादीका कारण घरबाट विस्थापित भएका बोहरा घर फर्किसकेका थिए। तर, उक्त घटनापछि पीडित पुनः विस्थापित भई सदरमुकाममा बसेका छन्।

वाईसीएलबाट

दशरथ चन्द नपा-५, बस्कोट निवासी ३३ वर्षीय कारनबहादुर चन्द र सोही नपा-२ लामागाडा निवासी ३४ वर्षीय महेश भट्टलाई मदिरा बिक्री वितरण गर्ने गरेको आरोपमा ०६४ साउन १ गते सोही नपा-१ गोठलापानीमा वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरे। यसअघि बैतडी जिल्ला सदरमुकामलाई ०६४ साउन १ गतेदेखि मदिरा निषेधित गर्नुपर्ने भनी जिल्लास्तरमा भएको सर्वदलीय सहमति कार्यान्वयन गर्न दबाबस्वरूप सयौँ वाईसीएल कार्यकर्ताहरूले हातहातमा लाठी समाती सदरमुकाममा लाठी जुलुस प्रदर्शन गरे। सोही क्रममा गोठलापानीका मदिरा व्यापारीहरूको पसलमा तालाबन्दी गरे। ०६४ साउन ५ गते एक महिनाभित्र पसलमा रहेको मदिरा बिक्री-वितरण गरी सक्ने र यसउपरान्त जिल्लामा मदिरा ढुवानी नगर्ने सहमतिमा तालाहरू खोलिएको थिए।

५.९ दार्चुला

जनसङ्ख्या : १,३२,४१३
साक्षरता प्रतिशत : ५६
महिला साक्षरता प्रतिशत : ३७
क्षेत्रफल (वर्ग कि. मि.) : २,३२२
गाविस/नपा सङ्ख्या : ४१/०
सरकारी/निजी विद्यालय : २८७/४
क्याम्पस/उच्च मा.वि. : १/७
अस्पताल/स्वास्थ्य चौकी : १/४१
मोटर सडक (कि. मि.) : ६६
प्रहरी कार्यालय सङ्ख्या : २०
मानव विकास सूचकाङ्क : ०.४११
प्रतिपरिवार सरदर सङ्ख्या : ६

जेल र बन्दीहरू

यस जिल्लामा 'घ' श्रेणीको कारागार रहेको छ। ४० जना क्षमता भएको यस जेलमा कैद तोकिएका ११ जना पुरुष छन्। कैद नतोकिएका तीन महिला र चार जना पुरुष गरी जम्मा सात जना रहेका छन्। यसरी कैद तोकिएका र नतोकिएका गरी जम्मा बन्दीको सङ्ख्या १८ रहेको छ। जेलमा पानी, शौचालय, विद्युत, स्वास्थ्य सेवा, पत्रपत्रिका, रेडियो, टीभी र खेलकुदका सामग्रीहरूको सुविधा रहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित							राज्यपक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३		३						
गिरफ्तारी/यातना								१	१	१
कुटपिट	६	७		७	४	११	११			
धम्की					१	१	१			
महिलाअधिकार	१		१	१						
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१	१			
अपहरण	१	१		१	३	४	४			
जम्मा	११	११	१	१२	९	१७	१७	१	१	१

कारागारमा थुनुवाको अवस्थामा रहेका खलङ्गा गाविस-४ निवासी २५ वर्षीय नन्दनसिंह ठगुन्नाले ०६४ भदौ २१ गते दिउँसो टुकीमा रहेको मट्टीतेल आफ्नै शरीरमा खन्याए। उनलाई ०६४ असार २६ गते पुर्पक्षका लागि थुनामा राखिएको थियो। शरीरमा आगो लागेको देखेपछि सुरक्षाकर्मीहरूले उनलाई तुरुन्त जिल्ला अस्पताल, खलङ्गामा उपचारका लागि भर्ना गरेका थिए। उपचारकै क्रममा ०६४ भदौ ३१ गते नन्दनसिंह ठगुन्नाको मृत्यु भयो।

बेपत्ता/अपहरण

माओवादीबाट

तपोवन गाविस-२ का ४७ वर्षीय रगे विष्टले गाउँमा माओवादीविरुद्ध गुटबन्दी गरेको आरोपमा ०६४ वैशाख ३० गते लटिनाथ निवासी माओवादी जिल्ला कमिटी सदस्य गणेश खत्रीको नेतृत्वमा रहेको चार पाँच जनाको एक समूहले लटिनाथ बजारमा कुटपिटपश्चात् अपहरण गऱ्यो। अपहरणपश्चात् उनलाई गुल्जरको ताकु पुऱ्याइयो। पीडितलाई सोही दिन राति लटिनाथ पुऱ्याई अबदेखि चुपचाप घरमा बस्ने भन्दै ०६४ वैशाख ३१ गते मुक्त गरे।

दत्तु गाविस-१ निवासी काङ्ग्रेस प्रतिनिधि ३२ वर्षीय गणेशसिंह धामीले सोही गाविसका दुई जनालाई कुटेको आरोपमा ०६४ असार ३२ गते बिहान सडकमा काम गर्दै गरेको अवस्थामा माओवादी जिल्ला कमिटी सदस्य 'पिटर' भनिने भानसिंह धामीको नेतृत्वमा आएको एक समूहले अपहरण गऱ्यो। पीडितलाई दुई घण्टा हिँडाएर दत्तु बजारमा पुऱ्याई कोठामा तीन घण्टा थुनी आइन्दा झगडा नगर्ने, गरेमा हातखुट्टा भाँचिदिने धम्की दिएर सोही दिन दिउँसो दत्तु बजारबाट मुक्त गरे।

ख्लङ्गा गाविस-५ का ५० वर्षीय मानसिंह ठगुन्ना र सिप्टी गाविस-२ का ४० वर्षीय बहादुरसिंह धामीले माओवादीलाई चन्दा नदिएको आरोपमा ०६४ असार २९ गते लटिनाथ निवासी माओवादी जिल्ला कमिटी सदस्य पाबेल भनिने गणेशसिंह खत्रीको नेतृत्वमा आएको पाँच जनाको समूहले लटिनाथ गाविस-२ सिमारबाट अपहरण गऱ्यो। पीडित ०६४ साउन ४ गते १ लाख २५ हजार रुपियाँ दिएर मुक्त भए। पीडितहरू यार्साकुम्भू खरिद गर्न भनी जिल्ला वन कार्यालयबाट पाँच किलो यार्साकुम्भू सङ्कलन गर्न राजस्व तिरेको पुर्जी बनाएर गएका थिए। वन कार्यालयले प्रतिकिलो १० हजार रुपियाँका दरले राजस्व लिएको थियो। माओवादीले आफूहरूलाई पनि प्रतिकिलो २० हजार रुपियाँ दिनुपर्ने भन्दै पीडितहरूलाई अपहरण गरेका थिए।

धम्की/कुटपिट

माओवादीबाट

रानीशिखर गाविस-७ ओसिलका ३६ वर्षीय गगनसिंह ठगुन्नाले गाउँ परिषद् बैठक बिथोलेको आरोपमा ०६३ फागुन ९ गते धुलीगढा गाविस-४, खेडामा माओवादी कार्यकर्ता काशीसिंह धामी, नैनराम टमटा र जसमल धामीलगायतले कुटपिट गरे।

तपोवन गाविस-२ का ४७ वर्षीय शेरसिंह विष्ट, सोही ठाउँका ४१ वर्षीय लालसिंह विष्ट, ३६ वर्षीय दामोदर विष्ट, ३८ वर्षीय जनक विष्ट, ३७ वर्षीय पुन्टे विष्ट, ३९ वर्षीय चन्द्र विष्ट, ४१ वर्षीय भीम विष्ट र ३४ वर्षीय राजेन्द्र विष्टले माओवादीले पहिले नै मिलाइसकेको केश उठाएको आरोपमा ०६४ वैशाख

२९ गते सोही ठाउँ निवासी माओवादी जिल्ला कमिटी सदस्य 'अनुजा' भनिने कमला पन्तलगायतका माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। पीडित घाइतेहरूमध्ये सात जनाको उपचार स्थानीय स्वास्थ्य चौकी लटिनाथमा भएको थियो भने शेरसिंहलाई उपचारका लागि जिल्ला अस्पताल, खलङ्गा दार्चुलामा जेठ ४ गते भर्ना गरिएको थियो। पीडितलाई ०६४ जेठ ८ गते अस्पतालबाट डिस्चार्ज गरिएको थियो। हाल उनको अवस्था सामान्य छ। पीडकहरूलाई कारवाही भएन।

गुल्जर गाविस-९ निवासी एमाले गाउँ कमिटी सचिव ३१ वर्षीय दशरथ सिंह ठगुन्नाले माओवादी पार्टीलाई आतङ्ककारी भनी एमाले जिल्ला कमिटीद्वारा प्रेस विज्ञप्ति जारी गराएको आरोपमा ०६४ भदौ १० गते सदरमुकाम खलङ्गामा उनलाई माओवादी जिल्ला कमिटी सदस्य अकवरसिंह ठगुन्नाले गाउँ गए मार्ने धम्की दिए। सदरमुकाम खलङ्गा आइरहेका बेला ०६४ भदौ ४ गते माओवादी एरिया सचिव नरेन्द्रसिंह ठगुन्ना र एरिया इञ्चार्ज वीरेन्द्रसिंह बोहरालगायतले पीडितलाई गाउँमा माओवादीविरुद्ध गुटबन्दी गरेको भन्दै लटिनाथको सिमारमा कुटपिट गरेका थिए। सो घटनाको विरोध गर्दै एमाले जिल्ला कमिटीले भदौ ७ गते प्रेस विज्ञप्ति प्रकाशित गरी माओवादीलाई यस्ता आतङ्ककारी गतिविधि रोक्न सम्बन्धित पक्षलाई अनुरोध गरेको थियो। 'एमालेले आफ्नो पार्टीलाई आतङ्कारी किन भन्यो ? तपाईंले उक्त विज्ञप्ति फिर्ता गराउनुपर्‍यो । होइन भने गाउँ गए हाम्रा कार्यकर्ताहरू हँसिया लिएर मार्न तयार भएका छन्' भन्दै धम्की दिएको पीडितले बताए।

वाईसीयलबाट

बोहरीगाउँ गाविस-१ का ४२ वर्षीय गङ्गाराम पार्की, ३९ वर्षीय गुमानसिंह पार्की र ३६ वर्षीय गम्भुराम दमाईले गाउँमा आरन खोलेको आरोपमा ०६४ कात्तिक ४ गते वाईसीएलका कार्यकर्ता केशवराम लुहारलगायत चार/पाँच जनाको एक समूहले उनलाई घरमै गई कुटपिट गर्नुका साथै मार्ने धम्की दियो। सोही घटनाले गर्दा पीडितहरू स-परिवार गाउँ छाडी विस्थापित भए। तीनै जनाले आफूसँग भएका बाखा तथा गाईवस्तु बेची जमिन छाडी ०६४ कात्तिक ११ गते कञ्चनपुर जिल्लाको महेन्द्रनगर गए।

खार गाविस-८ का १३ वर्षीय वलदेवसिंह ठगुन्नाले आफूसँग जथाभावी कुरा गरेको आरोपमा ०६४ मङ्सिर २६ गते खलङ्गा गाविस-४ निवासी वाईसीएल कार्यकर्ता १७ वर्षीय रमेशसिंह ठगुन्नाले खलङ्गास्थित खुलामञ्चमा कुटपिट गरे। पीडित वलदेव जिल्लास्तरीय खेलकुद प्रतियोगितामा केदारेश्वरी माबि सुण्डमुण्डबाट भाग लिन गएका थिए। प्रहरीले रमेशलाई घटनास्थलबाटै पक्राउ गरी सार्वजनिक अपराध तथा सजाय ऐन-२०२८ अन्तर्गत मङ्सिर २८ मा मुद्दा चलाई २२ दिनसम्म हिरासतमा राख्यो। पीडक ०६४ पुस २० गते एक हजार रुपियाँ धरौटी राखी रिहा भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक नृपबहादुर शाहले बताए।

अन्यबाट

गुल्जर गाविस-५, ताकु निवासी माओवादी कार्यकर्ता ४० वर्षीय जयसिंह महरले आफूहरूलाई द्वन्द्वको समयमा दुःख दिएको आरोपमा ०६४ वैशाख १ गते उनलाई सिप्टी गाविस-५ का ३४ वर्षीय इन्द्रसिंह ठगुन्नालगायतका गाउँलेहरूको एक समूहले सिप्टी भन्ने ठाउँमा कुटपिट गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत दार्चुलामा दुनियाँवादी फौजदारी मुद्दाअन्तर्गत गतवर्षको जिम्मेवारी सरेर आएका नौ थानमध्ये चार थान मुद्दा फर्स्यौट भई पाँच थान मुद्दाहरू बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा १७ थान दर्ता भएकामा तीन थान फर्स्यौट भए भने १४ थान फर्स्यौट हुन बाँकी रहे। दुनियाँवादी फौजदारीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा २६ थान मुद्दामा सात थान मुद्दा यस वर्षको अन्त्यसम्ममा फर्स्यौट भई १९ थान मुद्दाहरू बाँकी रहे।

यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका दुई थानमध्ये कुनै पनि मुद्दा फर्स्यौट भएनन्। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा दुई थान दर्ता भएकोमा दुवै मुद्दा फर्स्यौट भएनन्। गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा चार थान सरकारवादी फौजदारी मुद्दाहरूमध्ये चारै थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका सात मुद्दामध्ये एक थान मात्रै फर्स्यौट भई छ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ६ थान देवानी मुद्दाहरूमा कुनै पनि फर्स्यौट हुन सकेन। गतवर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा १३ थान देवानी मुद्दाहरूमा एक थान मात्र फर्स्यौट भई १२ थान मुद्दाहरू बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म जम्मा ४३ थान

मुद्दाहरूमध्ये आठ थान मुद्दाहरू फर्स्यौट भई ३५ थान मुद्दाहरू बाँकी रहे।

यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सुन्सेरा गाविस-४ का २१ वर्षीय देवराम लुहारलाई ०६४ भदौ ४ गते सुन्सेरा प्रहरी चौकीका प्रहरी जवान जयबहादुर चन्दले यातना दिए। स्थानीय एक महिलाले आफूमाथि हातपात गरेको भन्दै दिएको उजुरीका आधारमा सोही साँझ ७ बजे लुहारलाई कुटपिट गर्दै चौकीमा ल्याएपछि चन्दले पैतालामा बाँस, बुटले छाती र शरीरको पछाडिको भागमा हिर्काए। उजुरीकर्ताका पति विक्रम कुँवरले समेत हिरासतमै गएर कुटपिट गरे। प्रहरीले भदौ ५ गते दुवै पक्षलाई चौकीमा बोलाई मिलापत्र गरायो। पीडितलाई उपचारका लागि गाउँलेको सहयोगमा भदौ ११ गते चौकीकै प्रहरी जवान सुन्दरसिंह धामीले भारतको धारचुला अस्पतालमा पुऱ्याएका थिए। पीडित भदौ १६ गते उपचार गरी घर फर्के।

माओवादीद्वारा कुटपिट गरी अपहरण गरिएका रगे विष्ट

बालअधिकार

सिप्टी गाविस-५ का १६ वर्षीय रमेश ठगुन्नाले चोरी गरेको आरोपमा ०६४ वैशाख २८ गते उनलाई खलङ्गा गाविस-५ का ४९ वर्षीय विषनसिंह ठगुन्नाले कोठामा थुनेर कुटपिट गरी घाइते बनाए। छापरी गाविस-५ का २० वर्षीय दिपु लुहारले ०६३ चैत २१ गते विषनको घरमा चोरी गरेको कुरा पीडितले विषन सिंहलाई बताएपछि 'चोरीमा तेरो पनि संलग्नता छ' भन्दै रमेश ठगुन्नालाई कुटपिट गरेका थिए। चोरी नगरेको प्रमाणित भएपछि पीडकले उपचार खर्चस्वरूप पीडितलाई २ हजार रुपियाँ दिएपछि दुवै पक्षबीच मिलापत्र भयो।

खलङ्गा गाविस-२ का नौ वर्षीय सागर ठगुन्नालाई उनकै काका २५ वर्षीय नन्दनसिंह ठगुन्नाले ०६४ असार ८ गते आँप खान बोलाई आफ्नो घरभित्र लगेर मुख थुनी ब्लेडले घाँटी रेटी हत्या गरे। पीडकले हत्या गरेपछि आफैँ सोही दिन साँझ जिल्ला प्रहरी कार्यालयमा गई आफूले हत्या गरेको स्वीकार गरेका थिए। केही समयअगाडिदेखि पीडकको मानसिक अवस्था खराब भएको परिवारजनले बताए। उनलाई ज्यान मारेको अभियोगमा पुर्पक्षका लागि ०६४ असार २६ गतेदेखि थुनामा राखिएकामा पीडकले ०६४ भदौ ३१ गते जेलभित्र आत्महत्या गरे।

पीपलचौरी गाविस-३ का १२ वर्षीय करनराम पार्की आफ्ना बुबा कुरे पार्कीले १० वर्षअघि सोही गाविस-२ का डम्बर बमबाट लिएको ऋण तिर्न विगत दुई वर्षदेखि बमको घरमा हलिया बस्दै आएका छन्। पीडितका बुबाले सुरुमा छ सय रुपियाँ र पछि जेठो छोराको उपचार गर्न १ हजार रुपियाँ गरी जम्मा १ हजार ६ सय रुपियाँ ऋण लिएका थिए। सात वर्षअघि बुबाको मृत्यु भएपछि उक्त ऋण तिर्न नसकेका कारण आफू हलिया बस्नु परेको पीडितले बताए। ०६४ कात्तिक २८ गते बालक हलिया बसेको समाचार सार्वजनिक भएपछि डम्बरले पीडितलाई ०६४ मङ्सिरमा हलियाबाट मुक्त गरेको जनाए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

धारी गाविस-३ घर भई हाल खलङ्गा गाविस-५ मा बस्दै आएकी ३० वर्षीया बिजौरी डडाललाई उनकै ७० वर्षीय ससुरा हरजीत हडाले राति ढोका नखोलेको आरोपमा ०६३ फागुन १९ गते झ्यालबाट आगो फाली मार्ने प्रयास गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा पीडकलाई कारवाहीको माग गर्दै उजुरी दिइन्। प्रहरीले पीडकलाई ०६४ वैशाख १० गते गिरफ्तार गरेकोमा वैशाख १२ गते धरौटीमा रिहा भए।

मानवअधिकार उल्लङ्घन तथ्याङ्क २००७

अनुसूची

२

परिशिष्ट १.१ नेपाल - घटनाको प्रकारअनुसार घटना सङ्ख्या र पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या															
घाँटी रेटेर	९	८	३		९										
घाँटी थिचेर	१४	५	९		१४										
घाँटी काटेर	६	१	५		६										
ढुङ्गाले किचेर	१३	१०	३		१३										
बम विस्फोटनबाट	८	१४	५		१९	१	१			१					
बलात्कारपछि	११	१	१०		११										
दोहरो भिडन्तमा											३	३			३
दोहोरो झडपमा मृत्यु	३	६			६										
आगो लगाएर हत्या	३		४		४										
भीर वा डाँडाबाट खसालिएको	३	३			३										
झुण्डाएर	८	३	४		८										
विष खुवाएर	४	३	३		४										
लठ्ठी प्रहारबाट	१५	१०	५		१५						३	३	१		३
यातना दिई	१	१			१										
कुटपिट गरी	८०	६६	३४		९०	४	४			४	३	३			३
गोली हानी	१३३	१४०	८		१४८	४	४			४	१९	२८	१		२९
खुकुरी प्रहारबाट	३३	१६	८		३३	३	३			३					
धारिलो हतियार प्रहारबाट	६०	६८	३३	३	९१	३	३			३					
घन प्रहारबाट	४	३	१		४										
हत्याको प्रकृति नखुलेको	३९	३४	५		३९										
जम्मा	४३१	३८८	११४	३	४९४	१४	१४			१४	३८	३५	३		३८
आफ्नै बन्दुक पड्किएर	३	३			३										
आफ्नै बम विस्फोटनबाट मृत्यु	३	३			३	१	१			१					
जम्मा	५	५			५	१	१			१					
घाइते															
बम विस्फोटबाट	५८	९८	३४	६	१३८	४	५	१		६	३	३			३
दोहोरो झडपमा घाइते	१३	९३	१३		१०५	१	५			५	५	३१	४	५४	८९
अश्रुग्याँसबाट घाइते											३	९	३	३०	४३
अन्य विष्फोटक	३	१	४		५										
आगो लगाएर	३	६	१		८										
आफ्नै बम विस्फोटबाट	३	४			४	१	३			३					
भिडन्तमा घाइते	१	१			१										
विद्युतीय धरापमा परी											३	१	३		४
कुटपिटबाट	१३	३५	८	३३	६५	३	११			११					
गोलीबाट	८३	१०५	६		१११	३	४			४	३६	१३८	४	९	१५१
धारिलो हतियार प्रहारबाट	१८	६४	१०		८४	३	५			५					
हवाई फायरका क्रममा गोलीद्वारा	१	३			३										
जम्मा	१८१	३९९	८६	३८	५१३	१४	३३	१		३४	३८	१८१	१४	९३	३८८
हिरासत/थुनामा मृत्यु											४	४			४
गिरफ्तारी/यातना											१३१	३३१	१८	९०	४३९

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
बेपत्ता/अपहरण															
बेपत्ता											२	३			३
अपहरण	४८७	६१३	४०		६५३	३१८	३८९	३१	३४	३५४					
कुटपिट/धम्की															
कुटपिट	३६५	६४१	९३	३०	७५४	३३९	३९७	४१	३७	४६५	९७	१९६	३३	५६	२७५
ज्यान मार्ने धम्की	३३	३३	९		४३	५३	८३	४		८६	६	८			८
चन्दाको लागी धम्की	१३	१९	१	१	३१	१६	३५		८५	११०					
धम्की	६९	१३९	१३	७६	३१८	११८	१५०	१५	१४	१७९	१४	१६	१		१७
जम्मा	४७९	८३३	११६	९७	१०३५	४३६	६५४	६०	१३६	८४०	११७	३३०	३४	५६	३००
भेला/सङ्गठित हुने अधिकार															
भेला/सङ्गठित हुने अधिकार	४	९	१		१०	८	१३	३	१	१५	५१	३९३	७३	३१८	६८३
लाठी चार्ज											५०	३४८	३३	१३७	५०८
जम्मा	४	९	१		१०	८	१३	३	१	१५	१०१	६४०	१०५	४४५	११९०
जातीय विभेद															
सार्वजनिक स्थलमा प्रवेशबाट बञ्चित	६	३	३	१००	१०५										
अन्तरजातीय विवाह	५	४	३		७										
जातीय छुवाछुत	४९	१३३	३०		१५३										
विभिन्न अवसरबाट बञ्चित	४	४	४		८										
जम्मा	६४	१४३	३०	१००	३७३										
महिलाअधिकार															
बोक्सीको आरोपमा	४०		४४		४४										
बलात्कार	६१		७२		७२	३		३		३	३		४		४
बलात्कारको प्रयास	३२		३३		३३						१		१		१
बहुविवाह	५१		५३		५३	१		१		१					
महिला ओसारपसार	३७		६३		६३										
महिला भएकै कारण यातना	८		१०		१०										
पारिवारीक हिंसा	११७		१३१		१३१										
यौन दुर्व्यवहार	१५		१८		१८	३		३		३	३		३		३
कुटपिट	६		६		६	१		१		१					
जम्मा	३४७		४१०		४१०	७		७		७	७		८		८
बालअधिकार															
बालश्रम	४	१०	७		१७										
बालबालिका ओसारपसार	३०	६	३७		४३										
बालविवाह	१३	१	१३		१४										
बलत्कार	१४३		१४४		१४४						३		३		३
नवजात शिशुको हत्या	३३	७	४	११	३३										
विभिन्न अवसरबाट बञ्चित	३	७	१	४३	५१										
शिक्षाबाट बञ्चित	९	३४४	३००	३३१८	३६६३	३			१४०१	१४०१					
यौन दुर्व्यवहार	४३		४७		४७	१		१		१	५		६		६
कुटपिट	९	८	३		११	१	३			३					
जम्मा	३७५	३८३	४५६	३३७३	३०११	५	३	१	१४०१	१४०४	८		९		९

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार															
ज्यालाबाट बञ्चित	४	२	३	१०५	११०										
अन्य	८	३५	१	२	३८	२	१		१	२					
आफ्नो सम्पत्तिको अधिकार	१०८	१६६	८	१	१८४	८३	८३	११	१०	१०४					
जम्मा	११९	२०३	११	१०८	३३२	८५	८४	११	११	१०६					
अमानवीय व्यवहार															
बोक्सीको आरोपमा	५	३	२		५										
अन्य	९	१२	५		१८	१	१			१					
अनुहारमा मोसो लगाएको	१६	१८			१८	१५	३३	१		३३					
जुत्ताको माला लगाएको	३	३			३	३	४			४					
कपाल खौरिएको	५	८	१		९	२		४		४					
जम्मा	३८	४४	८		५२	३१	३८	५		३२					
कुल जम्मा	२४३०	२८९९	१३६३	२६१८	६८६८	८८९	१११६	११८	१५८३	२८०८	४२५	१४०४	१८०	६८४	२३६८

घटनाको प्रकार	गैरराज्यपक्षबाट										राज्यपक्षबाट				
	अन्यबाट					माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
भौतिक संरचनामा क्षति															
राजनीतिक पार्टी कार्यालय	८			९	९	२			३	३					
सरकारी कार्यालयहरु	४			११	११										
बैंक	२			२	२										
मालपोत कार्यालय						१			१	१					
भन्सार कार्यालय	१			१	१										
नीजि घर	१३	३२	२	३३	६८	५	५			५	१	५	२		८
नीजि सवारीसाधन	१९	९		१२	२१	३			६	६					
नीजि कार्यालयहरु	४	२		४	६	१			१	१					
नगरपालिका भवन	१			१	१										
प्रहरी चौकी	४			४	४	२	२		२	४					
निजी सम्पत्ति	१			१	१						१	१			१
जिल्ला वन कार्यालय	२			३	३										
जिविस भवन	२			२	२										
विद्युतसँग सम्बन्धित क्षेत्र						१			१	१					
विद्यालय	१			१	१										
खाद्य संस्थान	१			१	१										
हुलाक कार्यालय	१			१	१										
जम्मा	६४	४३	२	८६	१३१	१५	८		१४	२१	२	६	२		८

परिशिष्ट १.२ नेपाल - हत्याको सङ्ख्या पेशाको आधारमा

पीडितको पेशा	गैरराज्यपक्षबाट पीडित								राज्यपक्षबाट पीडित			
	अन्यबाट					माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
कृषक	२०८	१६७	६६		२३३	८	८	८	४	६		६
सशस्त्र प्रहरी	२	२			२							
व्यापारी	३५	३७	१		३८				२	२		२
निजी तथा सरकारी जागीर	१९	२२	२		२४							
गृहिणी	५		५		५							
पत्रकार						१	१	१				
मजदुर	२४	२०	५		२५				८	८	१	९
सैनिक	१	१			१				१	१		१
प्रहरी	३	४			४							
राजनीतिक कार्यकर्ता	३०	५२	५	२	५९	३	३	३	३	३		३
शरणार्थी	४	४			४				२	२		२
सामाजिक कार्यकर्ता	२	२			२				१	१		१
विद्यार्थी	२५	२१	७		२८	३	३	३	३	३	१	४
शिक्षक	८	८			८							
नखुलेको	६१	४३	२३		६६				३	९		९
जम्मा	४२७	३८३	११४	२	४९९	१५	१५	१५	२७	३५	२	३७

परिशिष्ट १.३ नेपाल - वाईसीएलबाट पीडित हुनेहरूको सङ्ख्या

घटनाको प्रकार	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
घाइते	२	७			७
कुटपिट	१३३	३५१	१९	११	३८१
धम्की	३९	६४	६	७४	१४४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२१	३१	२	१	३४
अमानवीय व्यवहार	८	१०			१०
अपहरण	१०३	१५०	१४		१६४
जम्मा	३८४	५०३	४१	८६	६३०

परिशिष्ट १.४ नेपाल - पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
हत्या	४२	५१	६९	४५	५७	४१	४८	४२	४२	४२	४१	३१	५५१
घाइते	७४	१७५	१२०	६५	७८	९६	२४	२९	१०२	२४	१६	३२	८३५
हिरासत वा थुनामा मृत्यु						२	१	१					४
गिरफ्तारी/यातना	१७	७	२२	३८	९१	२९	१९	३८	७०	४६	४२	१०	४२९
बेपत्ता									३				३
कुटपिट	१९३	१७९	११७	१०८	१५०	९८	८१	१६२	१०६	१११	८०	१०९	१४९४
धम्की	६१	४०	१४२	२५	५३	२५	४५	३६	११८	८१	३०	२५	६८१
भेला/सङ्गठित हुने अधिकार	३५७	२२३	१२९	९५	३३	९	३१	१४९	१४३	१९	२३	४	१२१५
जातीय विभेद	१४	६	२१	४	११	१२	५	१०	४	१७३	१३		२७३
भूमिहीन/सुकुम्बासी समस्या	२	२	१	१		१०	६						२२
महिलाअधिकार	४०	२३	५४	२९	४२	४२	४०	३४	४५	२६	३७	१५	४२७
बालअधिकार	१५८४	८२०	३८	३५	९५१	४७८	३४	१७६	१७१	६२	१८	८४	४४५१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३६	११	११६	२०	९१	५०	३३	३	६	१९	२९	१५	४२९
अमानवीय व्यवहार	९	६	१५	६	१०	५	३	३	७	१३	६	१	८४
अपहरण	७१	११५	१३६	६६	८१	८८	८३	९०	५५	९४	६८	६०	१००७
जम्मा	२५००	१६५८	९८०	५३७	१६४८	९८५	४५३	७७३	८७२	७१०	४०३	३८६	११९०५

परिशिष्ट १.५ पूर्वाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	१३९	१०४	३४		१३८	८	८			८	११	१६	१		१७
घाइते	५२	६३	१०		७३	७	१३	१		१४	१५	७३	५	४१	१११
हिरासत वा थुनामा मृत्यु											३	३			३
गिरफ्तारी/यातना											४२	८७	३	९०	१८०
कुटपिट	११६	१६०	३९		१८९	६७	८३	१४		९७	४१	९२	७	१२	१११
धम्की	५५	८२	१३	३४	११९	४०	७९	४	८२	१६५	५	५	१		६
भेला/सङ्गठित हुने अधिकार	१	६	१		७						१८	१०२	४	४८	१५४
जातीय विभेद	१०	११	७		१८										
महिलाअधिकार	१३८		१६३		१६३	१		१		१	३		४		४
बालअधिकार	११८	३५४	३०८	१८५३	३४१५	८	५	१	१४००	१४०६	३		४		४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	५२	७०	३	१	७४	३३	३५	४		३९					
अमानवीय व्यवहार	१२	१९			१९	४	४			४					
अपहरण	३१४	३६९	१३		३८३	४५	५८	६		६४					
जम्मा	८८७	१०३८	५८०	१८७८	३४९६	३०३	३७५	३१	१४८३	१७८८	१४०	३७७	३९	१९१	५९७

परिशिष्ट १.६ मध्यमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	१८९	१७९	५०	२	३३१	२	२			२	१३	१७			१७
घाइते	८९	३१४	३८	६	३५८	१	१			१	१७	९१	३	५३	१४६
हिरासत वा थुनामा मृत्यु											२	२			२
गिरफ्तारी/यातना											४०	१०८	३		१११
बेपत्ता											२	३			३
कुटपिट	९४	१९४	३९	१९	३४३	५१	९९	८		१०७	३१	३९	९		४८
धम्की	३१	६५	४	५१	१३०	५७	६३	६	१	६९	८	१३			१३
भेला/सङ्गठित हुने अधिकार	१	१			१	४	६			६	७३	५०८	६३	३५९	९३०
जातीय विभेद	१९	३५	११		४६										
महिलाअधिकार	१३५		१४१		१४१	५		५		५	१		१		१
बालअधिकार	८४	३०	७८	१५५	३५३	२	२		१	३	३		३		३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	५१	११८	६	१	१३५	३५	३४	३	३	३०					
अमानवीय व्यवहार	४	३	२		५	१	१			१					
अपहरण	३१०	३६०	१३		३७३	४३	५५	७		६३					
जम्मा	८९७	१०८९	३७२	३३४	१६९५	१९१	३५३	३९	५	३८६	१७८	७८०	८१	४११	१३७३

परिशिष्ट १.७ पश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	५०	५३	१५		६७	१	१			१	२	१	१		२
घाइते	११	४५	९		५४	३	३			३	१		३		३
गिरफ्तारी/यातना											७	१०	१		११
कुटपिट	७१	१४५	३१		१६६	३६	७९	८	११	९८	८	३०	४	३६	६०
धम्की	८	१०	१		११	१८	३३	३		३६					
भेला/सङ्गठित हुने अधिकार	१	१			१	१	१			१					
जातीय विभेद	८	६	५	१००	१११										
महिलाअधिकार	३६		४३		४३						२		२		२
बालअधिकार	४१	१३	३७	१११	१६०						२		२		२
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	७	६	१	१	८	८	६		३	८					
अमानवीय व्यवहार	९	११			११	७	१५	१		१६					
अपहरण	३३	५५	७		६३	५३	७४	४	३४	११३					
जम्मा	२७५	३४३	१३८	३१३	६९३	१३६	२०३	१६	४७	२६५	३३	३१	१३	३६	८०

परिशिष्ट १.८ मध्यपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	३६	३३	१०		३३	३	३			३					
घाइते	३३	७१	१७	३३	१३०	३	१५			१५	३	१३	३		१६
गिरफ्तारी/यातना											३३	८९	११		१००
कुटपिट	३१	६३	९		७१	५३	७८	१०	१३	१००	३१	३३	३	८	४३
धम्की	१३	१६	५	१	३३	५७	७०	४	३	७६	३	३			३
भेला/सङ्गठित हुने अधिकार	१	१			१	३	५	३	१	८	७	३६	३५	३८	९९
जातीय विभेद	३		३		३										
महिलाअधिकार	३०		३३		३३										
बालअधिकार	३३	३	३३	१	३६	३	४			४	१		१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	८	७	१	१०५	१९३	११	३१	४	१	३६					
अमानवीय व्यवहार	४	४			४	६	४	४		८					
अपहरण	१९	१८	३		३०	५५	७३	९		८१					
जम्मा	१७८	३०३	१०३	१३९	४४४	१९४	३७३	३३	१६	३३१	५७	१६३	५३	४६	३६३

परिशिष्ट १.९ सुदूरपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	३१	३६	५		३१	१	१			१	१	१			१
घाइते	७	६	३		८	१	१			१	१	४			४
गिरफ्तारी/यातना											११	३७			३७
कुटपिट	५५	८०	५	१	८६	३३	५८	१	४	६३	७	१३			१३
धम्की	८	८		१	९	१७	३३	३	१४	३९	४	४			४
भेला/सङ्गठित हुने अधिकार											३	४	३		७
जातीय विभेद	३६	९१	५		९६										
महिलाअधिकार	३०		३४		३४	१		१		१	१		१		१
बालअधिकार	१६		१३	१५३	१६५	१		१		१	३	८	१		९
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	३			३	९	८		५	१३	१			१	१
अमानवीय व्यवहार	९	७	६		१३	३	३			३					
अपहरण	१३	११	५		१६	३३	३०	५		३५					
जम्मा	१९६	३३१	७५	१५४	४६०	८९	१३४	१०	३३	१५७	३१	६१	५	१	६७

परिशिष्ट १.१० सन् २००७ डिसेम्बर महिनासम्म जेलमा रहेका बन्दीहरुको सङ्ख्या

क्र. सं	जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	आश्रित बालक	आश्रित बालिका	जम्मा
१.१	झापा	१३३	१६६	२७३	१६			२९९
१.२	इलाम		३३	२१	२			३३
१.३	पाँचथर	११	२०	२७	४		२	३३
१.४	ताप्लेजुङ	८	२२	३०				३०
१.५	मोरङ	३३९	३३३	५२१	४०	२	३	५६६
१.६	सुनसरी	जेल छैन						
१.७	धनकुटा	३४	१५	३८	१		१	४०
१.८	तेह्रथुम	२७		२३	४			२७
१.९	भोजपुर	१०	३४	३१	३			३४
१.१०	सङ्खुवासभा	२५	१३	३४	४			३८
१.११	सप्तरी	५५	७७	१२८	४			१३२
१.१२	सिराहा	७५	६२	१३१	६			१३७
१.१३	उदयपुर	३५	३२	६२	५			६७
१.१४	खोटाङ		१	१				१
१.१५	ओखलढुङ्गा	२	११	१३	४	१		१४
१.१६	सोलुखुम्बु	२९	१२	३६	५	४		४५
२.१	धनुषा	जेल छैन						
२.२	महोत्तरी	१३१	१०	१३५	१५	२	१	१४४
२.३	सर्लाही	८०	२९	१०६	३			१०९
२.४	सिन्धुली	२३	३०	५०	३			५३
२.५	रामेछाप	२	१६	१६	२			१८
२.६	दोलखा	१२	१५	२६	१			२७
२.७	रौतहट	४१	३६	७४	३			७७
२.८	बारा	जेल छैन						
२.९	पर्सा	५९१	३५६	९५७	३४	३	१	९५१
२.१०	चितवन	१९०	८६	२५९	१७	२	३	२८१
२.११	मकवानपुर	४२	३२	६८	८			७४
२.१२	ललितपुर	२३७	१५२	३८९				३८९
२.१३	काभ्रे	४३	५५	९८				९८
२.१४	भक्तपुर	जेल छैन						
२.१५	काठमाडौं	९७२	८३१	१६४०	१६३			१८०३
२.१६	धादिङ	४७	१०	५४	३			५७
२.१७	सिन्धुपाल्चोक	२३	३८	५०	१			५१
२.१८	नुवाकोट	४०	५	३३	१२	१		४६
२.१९	रसुवा	५	१०	१५				१५
३.१	तनहुँ	३९	३१	६०				६०

३.२	गोरखा	१५	३३	३८	१०	२		५०
३.३	लमजुङ	३२	१६	३४	५			३९
३.४	स्याङ्जा	३५	१५	३१	९			४०
३.५	कास्की	१०६	३८	१३०	१४	१		१४५
३.६	मनाङ		३	३				३
३.६	नवलपरासी	४०	५	४५				४५
३.८	रुपन्देही	१०२	१०२	१९९	५			२०४
३.९	पाल्पा	४८	९४	१३०	१२			१४२
३.१०	कपिलवस्तु	६९	३३	९१	१			९२
३.११	अर्घाखाँची	जेल छैन						
३.१२	गुल्मी	४	१९	१९	४			३३
३.१३	बाग्लुङ	१०	३०	३५	५	१		३१
३.१४	पर्वत	१२	१४	३४	२			३६
३.१५	म्याग्दी	१४	१३	३६	४			३६
३.१६	मुस्ताङ	२	५	६				६
४.१	दाङ	३९	९९	१३२	६	२		१३०
४.२	प्युठान	३८	११	३९				३९
४.३	रोल्पा	१४	६	१४	६			३१
४.४	सल्यान	६	१०	१५	२			१६
४.५	रुकुम	३	१६	१६	३			१९
४.६	बाँके	१३०	११९	२०३	३६	१	३	३४३
४.६	बर्दिया	३६	४४	६१	९	१		६१
४.८	सुर्खेत	४४	१५	५५	४			५९
४.९	जाजरकोट	५	१	५	१			६
४.१०	दैलेख	११	८	१८	१			१९
४.११	डोल्पा	१	४		५			५
४.१२	जुम्ला		१०	९	१			१०
४.१३	कालिकोट	२	३	१	५			५
४.१४	मुगु	बन्दी छैन						
४.१५	हुम्ला		१	१				१
५.१	कैलाली	४४	५०	८८	६	१		९५
५.२	अछाम	३	१३	१६				१६
५.३	डोटी	३	८	११				११
५.४	बाजुरा	१	१०	११				११
५.५	बझाङ		१२	११	१			१२
५.६	कन्चनपुर	६०	३१	७४	७			८१
५.७	डडेल्धुरा	११	६	१६	१			१७
५.८	बैतडी	८	८	१६				१६
५.९	दार्चुला	७	११	१५	३			१८
जम्मा		४१७७	३३२०	७०१५	५२७	२४	१४	७५३५

अनुसूची

३

सन् २००७ को मानवअधिकार स्थितिबारे राजनीतिक दलको धारणा

नेपाली काङ्ग्रेस

नेपाल कम्युनिस्ट पार्टी (एमाले)

नेपाल मजदुर किसान पार्टी

जनमोर्चा, नेपाल

संयुक्त वाममोर्चा, नेपाल

तराई-मधेश लोकतान्त्रिक पार्टी

नेपाली काङ्ग्रेस

सन् २००६ को तुलनामा सन् २००७ नेपालमा मानवअधिकारको संरक्षण र सम्वर्द्धनका दृष्टिकोणले सकारात्मक वर्षका रूपमा रह्यो। निरङ्कुशतन्त्रको अन्त्य भई लोकतन्त्रको स्थापना भइसकेको अवस्थामा स्वाभाविक रूपमा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा-पत्रहरूका प्रावधानहरूको पालना गर्न र गराउनमा जिम्मेवार पक्षहरू सजग रहेको भन्न सकिन्छ। तथापि, मानवअधिकार उल्लङ्घनका घटनाहरूमा मात्रात्मक रूपमा कमी देखिए तापनि नयाँ नयाँ प्रकृतिका थप घटनाहरू नभएका भने होइनन्। सन् २००७ मा पनि मूलत: मानवअधिकारको उल्लङ्घनमा तीन पक्षहरू नै बढी जिम्मेवार देखिए। यथास्थितिवादी, परिवर्तनविरोधी तथा निरङ्कुश सत्ताका पक्षधर र शान्ति प्रक्रियामा प्रवेश गरिसकेको भए पनि शान्तिपूर्ण राजनीतिक गतिविधिमा आफूलाई रूपान्तरण गर्न नसकेको माओवादी पक्ष नै मानवअधिकार उल्लङ्घनमा बढी जिम्मेवार रह्यो। साथै, तराईमा विभिन्न समूह र दलका नाममा स्थापित समूहहरूबाट पनि मानवअधिकार उल्लङ्घनका असङ्ख्य घटनाहरू भए।

नेकपा (माओवादी) बाट यसवर्ष पनि हत्या, हिंसा अपहरण, कुटपिट, लुटपाट, घर-सम्पत्ति कब्जा, जबरजस्ती चन्दालगायतका आपराधिक घटनाहरूमा कमी आए तापनि पूर्णविराम भने लागेन। नेपाली काङ्ग्रेस तथा पार्टीका भ्रातृ एवम् शुभेच्छुक सङ्घ/संस्थाका दर्जनौं कार्यकर्ता एवम् समर्थकहरू माओवादी र उसको भ्रातृ संस्थाबाट हिंसाका सिकार बन्नु पऱ्यो। हुम्लाका नेत्रबहादुर शाही, नवलपरासीका गोवरी यादव र बेचई यादव, पाँचथरका मित्रलाल कोइराला, कपिलवस्तुका अब्दुल मोइत खाँ, स्याङ्जाका शोभाकान्त अर्याल, रुपन्देहीका अब्दुल वकिल मुसलमान, लमजुङका गोविन्द सिंह सार्कीलगायत पार्टीसँग आवद्ध व्यक्तिहरूको माओवादीद्वारा हत्या गरियो।

यसैगरी, माओवादी र उसको भ्रातृ संस्थाबाट गरिएका कुटपिटका ज्यादतीपूर्ण घटनाहरू पनि असङ्ख्य रहे। कालीकोटमा पार्टीका एक दर्जन कार्यकर्ताहरूलाई माओवादीले चैत १७ गते निर्ममतापूर्वक कुटपिट गरी मरणासन्न बनाए। भैरहवा बहुमुखी क्याम्पसका छात्र लेखनाथ भट्टराई, गुल्मीका तोकबहादुर जीसी, पद्मकन्या क्याम्पसका नेविसङ्घका छात्राहरू, हुम्लाका पदमबहादुर भण्डारी, काठमाडौंका परशुराम पोखरेल, नेविसङ्घका पूर्वसभापति गुरुराज घिमिरे, धादिङका कृष्ण भट्ट, ताप्लेजुङका मणि लावुङ, रुकुमका गणेश केसी, थापाथली इन्जिनियरिङ् क्याम्पसका नेविसङ्घका विद्यार्थीहरू, भक्तपुर क्याम्पसका नेविसङ्घका विद्यार्थीहरू, नेविसङ्घ रुकुमका विद्यार्थीहरू, गुल्मीका रेखा जीसी, रोल्पाका पार्टी कार्यकर्ताहरू, हुम्लाका प्यारेलाल शाही र उनकी पत्नी, गोरखाका लेखनाथ खनाल, काठमाडौंका प्रेम लामा, लम्जुङका सांसद हरिभक्त अधिकारी र गणेश न्यौपाने, कालीकोटका १४ जना पार्टी कार्यकर्ताहरू, ओखलढुङ्गाका नीरञ्जन श्रेष्ठ र देवबहादुर श्रेष्ठ, सल्यानका तुल्सी चन्द र राजेन्द्र चन्द, रसुवाका बासु प्याकुरेलसहितका पार्टीसँग आबद्ध व्यक्तिहरू माओवादी र उसको भ्रातृ संस्था वाईसीएलको निर्घात कुटपिटबाट पीडित भए। नवलपरासीका काशीनाथ सापकोटा, काठमाडौंका हीरामान शाही, रुकुमका हरिप्रसाद शर्मा, ओखलढुङ्गाका अशोक कार्की र रणबहादुर कार्की, भक्तपुरका रवि राणा, काठमाडौंका सुरेन्द्रकुमार रसाइली, सिराहाका शिवशङ्कर चौधरी, सिन्धुपाल्चोकका डबले लामा, नुवाकोटका रामकुमार घिमिरे र शिव थापा, रसुवाका मेन लामा तामाङ, रोल्पाका इन्द्रबहादुर सुनार र रास बुढा मगर, बैतडीका हिम्मतसिंह महता, सिराहाका प्रल्हाद पोखरेल, कपिलवस्तुका माधव बेल्वासे, खोटाङका ज्ञानबहादुर राईलगायत देशभरका पार्टी तथा भ्रातृ र शुभेच्छुक संस्थाका दर्जनौं कार्यकर्ता र समर्थकहरूलाई माओवादी र उसको भ्रातृ सङ्गठनले अपहरणपश्चात् मरणासन्न हुनेगरी कुटपिट गऱ्यो।

माओवादीको अराजक र आपराधिक गतिविधिबाट पार्टी कार्यकर्ता एवम् समर्थकहरू मात्र नभएर सञ्चार क्षेत्र, पत्रकार, शिक्षकलगायत विभिन्न पेसागत र व्यावसायिक क्षेत्र तथा विदेशी कूटनीतिज्ञहरू समेत प्रत्यक्षरूपमा पीडित र त्रस्त भए। बाराका पत्रकार वीरेन्द्र साहको हत्या, माओवादी नेताले नेपाली काङ्ग्रेसका नेताहरूको नामै किटान गरेर ०६४ भदौ ६ गते *नेपाल टीभी*बाट भौतिक कारबाहीको आशयको अभिव्यक्ति दिनु, दरबारमार्गस्थित होटल उडल्याण्डका सञ्चालकको अपहरण, मोरङको नोवेल मेडिकल कलेजका अध्यक्षसहित छ जनालाई विमानस्थलबाट नै अपहरण गरी निर्घात कुटपिट, *एचबीसी* एफएमको प्रसारण र *कान्तिपुर, द काठमाडौं पोस्ट, नेपाल समाचारपत्र* र *महानगर* सध्याकालीन दैनिकको प्रकाशनमा अवरोध सिर्जना, पार्टीका केन्द्रीय सदस्य

विनयध्वज चन्दलाई सुदूर पश्चिमाञ्चल प्रवेशमा रोक लगाउनु र अटेर गरेमा भौतिक कारबाही गर्ने चेतावनी, केन्द्रीय सदस्य सुनिलकुमार भण्डारीको धनगढीस्थित राइस मिलमा तालाबन्दी, झापामा अमेरिकी राजदूतको गाडीमाथि ढुङ्गा प्रहारलगायतका दर्जनौँ मानवअधिकार ज्यादतीका घटनामा माओवादीहरू सक्रिय रहे। यसका साथै अन्नबालीहरू लुटपाट गर्ने, तोकिएको रकम बुझाउन बाध्य बनाउने, गाउँघरबाट र जिल्लाबाट नै निष्कासन गरिएको घोषणा गर्नेजस्ता अत्यन्त अमानवीय कार्यमा माओवादीहरू संलग्न रहे।

यसैगरी, सन् २००७ मा तराईमा विभिन्न नामबाट स्थापित भएका सशस्त्र र निःशस्त्र समूहहरू पनि मानवअधिकार ज्यादतीका घटनाहरूमा जिम्मेवार रहे। जनतान्त्रिक तराई मुक्ति मोर्चा, ज्वाला सिंह समूह, मधेसी जनअधिकार फोरम, गोइत, कोब्रा, विस्फोट सिंहजस्ता समूहका नाममा तराईमा विभिन्न हिंसात्मक र मानवअधिकारविरोधी गतिविधिहरूमा तीव्रता आयो।

पर्सा जिल्लाका पार्टी महाधिवेशन प्रतिनिधि फूलचन साह कानु, विराटनगरका किरण अर्यालको जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट हत्या गरियो। यसै समूहद्वारा पार्टीका महामन्त्री डा. रामवरण यादव र संसदीय दलका प्रमुख सचेतक आनन्दप्रसाद ढुङ्गानाको धनुषास्थित घरमा बम विस्फोट गराई कब्जामा लिएको घोषणासमेत गऱ्यो। यसैगरी धनुषाकै भगतबहादुर लामाको परिवारको २० बिघा र तुलसा आचार्यको पाँच बिघा जमिन पनि उक्त समूहले कब्जामा लिएको घोषणा गऱ्यो।

संविधानसभाको निर्वाचनका पक्षमा नरहेका तराईका विभिन्न सशस्त्र समूहद्वारा पछिल्लो समयमा मानवअधिकार ज्यादतीका घटनाहरूमा वृद्धि भयो।

सन् २००७ मा माओवादी र तराईका समूहहरूबाहेक तेस्रो पक्ष यथास्थितिवादी र परिवर्तनवाट असन्तुष्ट पक्षहरूबाट पनि मानवअधिकार उल्लङ्घनका घटनाहरू भए।

सन् २००७ मा मानवअधिकार उल्लङ्घनका प्रशस्तै घटनाहरू नभएका होइनन्। तथापि, लोकतन्त्रको स्थापना र निरङ्कुशतन्त्रको अन्त्यका लागि आन्दोलनको उत्कर्ष वर्षका रूपमा रहेको र निरङ्कुश सत्ताद्वारा लोकतन्त्रवादीहरूउपर गरिएको व्यापक दमन, अत्याचार र हिंस्रक गतिविधिका कारण सन् २००६ मानवअधिकार उल्लङ्घनमा बढी चर्चित वर्षका रूपमा रहेको थियो।

नेकपा (माओवादी) शान्ति प्रक्रियामा प्रवेश गरिसकेपछि पनि यस वर्षमा मानवअधिकार उल्लङ्घनकर्ताका रूपमा माओवादी नै अग्रपङ्क्तिमा रह्यो। त्यसपछि तराईमा विभिन्न जातीय, क्षेत्रीय र व्यक्तिवादी समूहको नाममा स्थापित जत्थाहरू मानवअधिकार उल्लङ्घनमा सक्रिय रहे। परम्परागत् राजनीतिक परिवेशबाट नयाँ युग प्रवेशको चरणमा रहेकाले पनि यस किसिमका समूहको स्थापना र दबाबका रूपमा मानवअधिकार उल्लङ्घनका जघन्य घटनाहरू भए। संविधानसभाको निर्वाचन सम्पन्न गरी नयाँ संविधान निर्माण गर्ने अवस्थासम्मको सङ्क्रमणकालीन समयमा यस किसिमका गतिविधिहरूको उचित निगरानी र व्यवस्थापन गरिनु अत्यावश्यक छ। मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरूविपरीत मानवअधिकार उल्लङ्घनका धेरै घटनाहरू भए। नेपाली काङ्ग्रेस देशको प्रमुख र जिम्मेवार राजनीतिक दल भएका कारण विभिन्न पक्षबाट भएका मानवअधिकार ज्यादतीका घटनामा पार्टीका नेता/कार्यकर्ता तथा समर्थकहरू नै बढीभन्दा बढी पीडित बन्नुपरेको यथार्थता सबै सामु छर्लङ्ग नै छ।

यसर्थ, मानवअधिकार उल्लङ्घनका घटनाहरूको अध्ययन/अवलोकन गरी निष्पक्ष प्रतिवेदन तयार गर्नुपर्ने र भविष्यमा त्यस किसिमका घटनाहरू दोहोरिन नदिनका लागि मानवअधिकारवादी सङ्घ/सङ्गठनहरूको भूमिका महत्त्वपूर्ण हुने गर्दछ। मानवअधिकार सङ्गठनहरू स्वतन्त्र र निर्भीकतापूर्वक, बिनापूर्वाग्रह मानवअधिकार उल्लङ्घनका जुनसुकै र जोसुकैबाट भएका घटनाहरू भए पनि सार्वजनिक गर्नमा कन्जुस्याइँ नगर्नु पर्नेमा कता-कता कहींकतै त्यसो नगरिएको हो कि भन्ने जस्तो पनि केही घटनाक्रमहरूले देखाउने गरेको पाइएको छ। यस दिशातर्फ मानवअधिकारवादी सङ्घ/सङ्गठनहरू चनाखो रहने छन् भन्ने नेपाली काङ्ग्रेस विश्वास व्यक्त गर्दछ।

नेपाली काङ्ग्रेस
केन्द्रीय कार्यालय

नेकपा (एमाले)

सन् २००७ मानवअधिकारका दृष्टिकोणले मिश्रित रह्यो। नेपालको अन्तरिम संविधान, २००७ को मौलिक हकमा अन्य नागरिक र राजनीतिक अधिकारका साथै खाद्य सम्प्रभूताको हक, छुवाछूत तथा जातीय भेदभावका विरुद्धको हक, वातावरण तथा

स्वास्थ्यसम्बन्धी हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक र श्रमसम्बन्धी हकजस्ता आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई संवैधानिक मान्यता दिलाउन नेकपा (एमाले) ले अन्तरिम संविधान मस्यौदा समितिलाई सुझाव उपलब्ध गरायो र सात राजनीतिक दलको उच्चस्तरीय संयन्त्रमा उल्लिखित मौलिक हकहरूलाई कायम राख्न प्रभावकारी भूमिका निर्वाह गरेको कुरा सबैका सामु छर्लङ्ग छ। हाम्रो पार्टी राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक अङ्ग बनाउने, कुनै पनि गैरकानुनी थुनालाई प्रभावकारी रूपमा रोक्ने तथा सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर मानवअधिकार उल्लङ्घन तथा मानवताविरुद्धका अपराधहरूलाई अनुसन्धान गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने पक्षमा निरन्तर लागिपऱ्यो। त्यस्तै बेपत्ता नागरिकहरूको स्थिति पत्ता लगाउन उच्चस्तरीय आयोग गठन गर्ने तथा पीडितहरूलाई पुनःस्थापना, राहत र क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा संवैधानिक प्रावधानहरू राख्न नेकपा (एमाले) ले प्रभावकारी भूमिका खेलेको कुरा पनि उल्लेखनीय छ। यी उपलब्धिहरूका अतिरिक्त यस्ता अधिकार र प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा सरकारका कमजोरीहरूलाई नेकपा (एमाले) ले बारम्बार उठाउँदै आएको छ।

नेपालमा मानवअधिकार, कानुनको शासन र लोकतन्त्रका लागि दण्डहीनता एक चुनौतीपूर्ण विषय रहेको छ। मधेसमा भएका अत्यधिक शक्तिको प्रयोग तथा बर्बरतापूर्ण कार्यहरू र गौर तथा कपिलवस्तुमा भएका गम्भीर अपराध तथा ज्यादतीहरू दण्डहीनताका परिणाम हुन् भन्ने नेकपा (एमाले) ले महसुस गरेको छ। हाम्रो पार्टीले दण्डहीनताको अन्त्यका लागि प्रभावकारी र उत्तरदायी शान्ति सुरक्षाको व्यवस्था र कानुनको शासनको पालना र विगतमा भएका दण्डहीनतालाई सम्बोधन गर्न सत्य, न्याय, परिपूरण र संस्थागत सुधारका विषयहरूलाई निरन्तर उठाइरहेको छ।

सन् २००७ मा लामो शून्यतापछि राष्ट्रिय मानवअधिकार आयोग गठन भएको छ। हाम्रो पार्टीले निरन्तर रूपमा संवैधानिक मान्यताप्राप्त राष्ट्रिय मानव अधिकार आयोगको गठनलाई सरकार, सातदलीय संयन्त्र, व्यवस्थापिका-संसद् र सार्वजनिक रूपमा उठाइरह्यो। आयोगको गठन एक स्वागतयोग्य विषय हो। तर, यसको स्वतन्त्रता र प्रभावकारिताका सम्बन्धमा नेकपा (एमाले) आयोगका क्रियाकलापहरूलाई निरन्तर मूल्याङ्कन र अवलोकन गरिरहेको छ।

सन् २००७ मा विगत १० वर्षसम्म विस्थापनमा परेका व्यक्तिहरूले आफ्नो वासस्थानमा फर्कन पाउने अवसर प्राप्त गरे तापनि उनीहरूको स्वतन्त्रतामा अझै बाधा-व्यवधान खडा भएका छन्। अझै पनि ठूलो सङ्ख्यामा विस्थापितहरू निर्भयताका साथ आफ्नो वासस्थानमा फर्कन पाउने हकबाट वञ्चित छन्। विस्थापितहरूलाई दिइने राहत निष्पक्ष नभएको र त्यसले सम्बन्धित पक्षलाई प्रभावकारी सहायता पनि नपुऱ्याएको हाम्रो पार्टीको मूल्याङ्कन रहेको छ। साथै, तराईका विभिन्न जिल्लामा भइरहेको हिंसात्मक गतिविधिले सिर्जना गरेको विस्थापनका सम्बन्धमा पनि नेकपा (एमाले) को ध्यानाकर्षण भएको छ। नेपालमा व्यवस्थापिका-संसद्बाट विस्थापितसम्बन्धी एक राष्ट्रिय नीति तयार गरिनुपर्ने नेकपा (एमाले) को धारणा रहेको छ।

बृहत् शान्ति सम्झौता तथा नेपालको अन्तरिम संविधानबमोजिम विगतको सशस्त्र द्वन्द्वमा भएका गम्भीर मानवअधिकार उल्लङ्घन तथा मानवताविरुद्धका अपराधहरूको छानबिन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन, उच्चस्तरीय बेपत्तासम्बन्धी आयोगहरू गठन हुनसकेका छैनन्। बेपत्तासम्बन्धी सर्वोच्च अदालतको आदेश कार्यान्वयन भएको छैन। यी आयोगहरू अबिलम्ब गठन गर्न तथा दोषीलाई कारबाही गर्ने सम्बन्धमा हाम्रो पार्टीले गरेको निरन्तर पहलप्रति प्रधानमन्त्रीले वास्ता गरेको देखिन्न। यस्ता आयोगहरूको गठन नहुँदा शान्ति प्रक्रियालाई अघि बढाउने काममा समेत नकारात्मक प्रभाव परेको छ। सर्वोच्च अदालतको आदेशका बाबजुद पनि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मानव अधिकारसँग सम्बन्धित समुदायहरूलाई मान्य हुनसक्ने आयोग गठन गर्न सरकार सफल हुनसकेन।

हाम्रो पार्टी मुलुकको अखण्डता, सार्वभौमिकता र समृद्धिलाई कायम राख्दै मधेसका समस्याहरू शान्तिपूर्वक राजनीतिक रूपमा समाधान हुनुपर्दछ भन्ने मान्यता राख्दछ। पहिचान र अधिकार प्राप्तिका लागि हुने शान्तिपूर्ण र अहिंसात्मक आन्दोलनप्रति हाम्रो पार्टीको समर्थन रहेको छ। तर, अलोकतान्त्रिक र हिंसात्मक क्रियाकलापले जनअधिकारमाथि कुठाराघात गर्छ भन्ने हाम्रो स्पष्ट दृष्टिकोण छ।

मधेसमा भएका सशस्त्र समूहहरूको हिंसात्मक गतिविधि, हत्या, जबरजस्ती चन्दा र अपहरणजस्ता घटनाहरू तत्काल रोक्न नेकपा (एमाले) ले बारम्बार

आह्वान गरिरहेको छ। मधेस आन्दोलनका सन्दर्भमा कुनै पनि पक्षबाट भएका गैरकानुनी गतिविधिहरू, अत्यधिक शक्तिको प्रयोग, गैरकानुनी गिरफ्तारी, हत्या, यातना तथा अपमानजनक व्यवहारको नेकपा (एमाले) ले विरोध गरेको छ र त्यस्ता गतिविधि रोक्न सम्बन्धित पक्षसँग माग गरेको छ।

अन्त्यमा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् २००७ मा नेपालको मानव अधिकारको स्थितिको मूल्याङ्कन गरी 'वर्ष पुस्तक' प्रकाशित गर्न लागेकामा नेकपा (एमाले) धन्यवाद दिन चाहन्छ तथा मानव अधिकारको क्षेत्रमा सदैव क्रियाशील रहन प्रेरणा मिलोस् भनी शुभकामना व्यक्त गर्दछ।

माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)

नेपाल मजदुर किसान पार्टी

प्रतिगमनविरोधी आन्दोलनका बेला 'ठूला' दलका नेताहरूले विगतमा झैं गल्ती नगर्ने पटक-पटक प्रतिबद्धता व्यक्त गरेका थिए। त्यसैकारण नेपाली जनताले आन्दोलनमा साथ दिए र आन्दोलन सफलतामा टुङ्गियो। जनआन्दोलनको बलमा स्थापित 'लोकतान्त्रिक' सरकारबाट नेपाली जनताले धेरै आशा गर्नु स्वाभाविक थियो। तर, जनआन्दोलनको भावना र जनताको चाहनाअनुसार सरकारले काम गर्न सकेन। सरकारमा सामेल दलहरूले देश र जनताको हितभन्दा आफ्नो दलगत र व्यक्तिगत स्वार्थका लागि मात्रै काम गरे। ती दलहरूले 'कुकुरको पुच्छर बाह्र वर्षसम्म ढुङ्ग्रोमा राखे पनि बाङ्गोको बाङ्गै' भन्ने उखान चरितार्थ गरे। परिणामस्वरूप सरकारप्रति जनविश्वास घट्दैछ र सबैतिर सरकार असफल हुँदैछ।

यतिबेला नेपाली जनता संविधानसभाको निर्वाचनमा केन्द्रित छन्। आफ्नो आयु लम्ब्याउन चाहने प्रतिगामी तत्त्वहरू देशमा अस्थिरता सिर्जना गर्न सक्रिय छन्। भारतीय विस्तारवाद अस्थिरताको फाइदा उठाउँदै धमिलो पानीमा माछा मार्न खोज्दैछ र दक्षिणी सिमानामा ठाउँ-ठाउँमा मिच्ने, अन्तर्राष्ट्रिय सीमा नजिक बाँधहरू निर्माण गरी नेपालको हजारौँ हेक्टर जमिन जलमग्न गरी लाखौँ जनता विस्थापित गर्ने जस्ता नेपाल र नेपाली जनताको हितविपरीत काम जारी राखेको छ। देशको सार्वभौमिकतामाथि प्रत्यक्ष असर पर्ने कार्यहरू भइरहँदा पनि भारतीय विस्तारवाद खुसी नभएसम्म सत्तामा टिकिरहन नसक्ने मानसिकता बोकेका सरकारमा बसेका नेताहरू चुपचाप छन्। सत्ता स्वार्थमा लिप्त ती नेताहरू सत्ताको निम्ति भारतीय विस्तारवादसामु नतमस्तक हुँदै आत्मसमर्पण गर्दैछन्। तिनीहरू भारत र अमेरिकी साम्राज्यवादको इसारामा नेपाली जनतामाथि शासन गर्दैछन्।

नेपाल सबै क्षेत्रमा परनिर्भर हुँदैछ। आत्मनिर्भर अर्थतन्त्रको विकासबिना देश स्वाधीन हुन सक्दैन। देशका ठूल्ठूला उद्योगधन्धाहरू कौडीको मूल्यमा बेचिँदैछन्। यसबाट बर्सेनि हजारौँ युवाहरू बेरोजगार बन्दैछन्। जलस्रोतमा विश्वको दोस्रो धनी देशका जनता दैनिक आठ घण्टाभन्दा बढी लोडसेडिङ् बेहोर्न बाध्य छन्। पेट्रोलियम पदार्थको अभावले सारा क्षेत्र प्रभावित छ। 'लोकतान्त्रिक' सरकार र प्रतिगामी सरकारका बीच कुनै भेद जनताले पाउन सकिरहेका छैनन्।

प्रत्येक व्यक्तिका लागि गाँस, बास र कपासको सुनिश्चितता, नि:शुल्क स्वास्थ्य उपचार एवम् अनिवार्य र नि:शुल्क शिक्षा पाउनु नै मानव अधिकारको यथार्थ हो। तर, 'लोकतान्त्रिक' भनिने पुँजीवादी व्यवस्थामा श्रमजीवी जनताका लागि यी अधिकार नाउँ पनि छैन। त्यस व्यवस्थामा मानव अधिकार बहुमत जनतालाई झुक्याई शोषण गरी सत्तामा रमाउन चाहने शोषक वर्गले प्रयोग गर्ने देखाउने दाँत मात्रै हो।

समाजमा शोषण रहेसम्म आर्थिक असमानता हुन्छ। आर्थिक असमानता रहेसम्म समाजमा वर्ग रहिरहन्छ। वर्गीय समाजमा एक वर्गले अर्को वर्गलाई दमन गर्ने प्रक्रिया पनि चलिरहन्छ। 'लोकतान्त्रिक' व्यवस्थामा धनी वर्गले गरिब वर्गलाई शोषण गर्ने छुट पाइन्छ भने श्रमजीवी वर्गका जनताले भने मानवअधिकारको उपभोग गर्नबाट वञ्चित हुनुपर्नेछ। वर्गविहीन र शोषणविहीन व्यवस्थामा मात्रै सारा जनताले मानवअधिकारको पूर्ण उपयोग गर्न पाउनेछन्। त्यो व्यवस्था भनेको साम्यवादी समाज हो। समाजवादी समाज हुँदै साम्यवादी समाजमा अगाडि बढ्ने क्रममा नेपाली समाज पुँजीवादी समाजमै पर्छ।

स्वास्थ्यमन्त्री नि:शुल्क औषधि वितरणको प्रचारमा हिँड्दैछन् भने कालीकोट, जुम्लालगायत देशका दुर्गम जिल्लाहरूमा स्वास्थ्य चौकीहरूमा स्वास्थ्यकर्मीहरू, औषधिको अभाव भएको, हैजाको कारण हजारौँ जनताको मृत्यु भएका समाचारहरू दैनिक पत्रिकाहरूमा नियमित प्रकाशित हुने क्रम रोकिएको छैन। खाद्यान्नको अभाव, औषधि र बिनास्वास्थ्य उपचारका कारण मानिसको ज्यान जानु सरकारद्वारा गरिएको मानवअधिकारको हनन हो।

सन् २००७ को सुरुसँगै देशका विभिन्न ठाउँमा मानवअधिकार उल्लङ्घनका थुप्रै घटनाहरू भए। आफ्नो अधिकारका लागि विभिन्न मागहरू राखी शान्तिपूर्ण धर्ना दिएका नागरिक समाज, शिक्षक, विद्यार्थी, युवाहरूमाथि प्रहरी हस्तक्षेप, गिरफ्तार र कुटपिटजस्ता घटनाहरूले विगतका वर्षहरूमा झैं यो वर्ष पनि निरन्तरता पाए।

विभिन्न समूहद्वारा अपहरण, अपहरणपछि हत्या गर्नेजस्ता जघन्य अपराधहरूले यो वर्ष तीव्रता पाए। प्रशासनिक कार्यहरू बन्द गर्ने, यातायात, शिक्षण संस्था बन्द गर्नेजस्ता गतिविधिहरूले नेकपा (माओवादी) शान्ति प्रक्रियामा आउनुभन्दा अघिको स्थितिभन्दा फरक अनुभव जनताले गर्न पाएनन्। बन्द र हडतालले जनजीवन अस्तव्यस्त देखियो। सबभन्दा ठूलो मार तराईका जनताले भोग्नुपऱ्यो। तराईका कतिपय जिल्लाहरूमा एक महिनामा २५ दिनसम्म बन्द भएको छ।

रक्तचन्दनको व्यापक तस्करी, अदालतभित्रै नाराबाजी र तोडफोडजस्ता घटना पनि उल्लेखनीय रह्यो।

माघ ५ गते लहानमा माओवादीले चलाएको गोली लागी न्यु मनकामना बोर्डिङ् स्कुलका रमेशकुमार महतोको मृत्युपछि तराईको राजनीतिले अर्कै मोड लियो। त्यही निहुँमा तराईका विभिन्न भागहरूमा आगजनी, तोडफोड तथा थुप्रै हिंसात्मक घटनाहरूले जन्म लिए। प्रतिगमनविरोधी आन्दोलनमा नाम नै नसुनिएको जनअधिकार फोरमले उपेन्द्र यादव जन्मायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत र ज्वाला सिंह) आफ्ना विभिन्न मागहरु राख्दै आन्दोलनमा सक्रिय रहे। आन्दोलनरत दलहरूले उठाएका मागहरूप्रति सरकार गम्भीर भएन। परिणामस्वरूप ०६३ चैत ७ गते गौरमा घटेको घटनाले उग्र रूप लियो। मधेसी फोरम र माओवादीबीचको भिडन्तमा २७ जनाको ज्यान गयो। घटनाक्रम रोक्नुको सट्टा नेपालगञ्ज, कपिलवस्तुजस्ता अत्यन्त दुःखदायी घटनाहरूले देशमा थप जटिलताहरू उत्पन्न गरे। ती घटनाहरूमा करोडौंको धनमाल नोक्सान हुँदा पनि सरकारले आफ्नो उपस्थितिको प्रत्याभूति दिन सकेन। यसले जातिवादी, क्षेत्रवादी र विखण्डन चाहने तत्त्वहरू तथा प्रतिगामी शक्तिहरूको मनोबल बढाउने काम गऱ्यो। यस्ता अराजक घटनाहरू बढ्नुमा सिङ्गो सरकार र गृह प्रशासन प्रमुख जिम्मेवार छन्।

आन्दोलनको नाउँमा जातीय र क्षेत्रीय विषयले प्राथमिकता पाउँदै गयो। तराईका जिल्लाहरूबाट पहाडिया कर्मचारीलाई भगाउने, कतिपयलाई हत्या गर्ने, अपहरण गर्नेजस्ता घटनाहरू पनि भए। सचिवहरूको सामूहिक राजीनामाले जनताको दैनिक कामकाज बन्द भयो। सरकारले लाचारी प्रदर्शन गर्नुबाहेक समस्याको स्थायी समाधान गर्न सकेन।

स्थानीय निकाय नहुँदा जनताका दैनिक जीवनसँग सम्बन्धित धेरै समस्याहरू सम्बोधन हुन सकेन। नेमकिपाले जनआन्दोलनको बेला शीर्ष नेताहरूले गरेको प्रतिबद्धताअनुसार स्थानीय निकाय पुनःस्थापनामा जोड दिँदै आएको छ। स्थानीय निकाय गठन भएको भए तराईमा आजको जस्तो जटिल स्थिति उत्पन्न हुने थिएन। त्यसैले आजको अराजक स्थिति उत्पन्न हुनुमा स्थानीय निकाय पुनःस्थापना नचाहने ठूला दलहरू जिम्मेवारीबाट पच्छिन सक्दैनन्।

कमैया मुक्ति घोषणा गरेको लामो समयसम्म पनि कमैयाहरूको समस्या झन् जटिल बन्दैछ। नेमकिपाले त्यो घोषणा कमैयाहरूलाई धोका दिन ल्याइएको सामन्त वर्गको जालसाजी भएको भनी तत्कालै विरोध गरेको थियो। आजसम्म कमैयाहरूको समस्याको निरन्तरताले नेमकिपाको अडान सही रहेको साबित गऱ्यो।

जन्मका आधारमा नागरिकता दिने कानुनी प्रावधानको नेमकिपा एक्लैले संसद्मा विरोध गऱ्यो। आज त्यही कानुनी प्रावधानमा टेकेर हजारौँ गैर-नेपालीले नेपाली नागरिकता प्राप्त गरेको सार्वजनिक भएको छ। त्यसले २ करोड ५० लाख नेपाली नागरिकको अधिकार कुण्ठित भएको छ।

एमाले सांसद सोमप्रसाद पाण्डे चढेको गाडीमाथि पेट्रोल खन्याएर जिउँदै जलाउने दुस्प्रयास, बारामा यात्रुबाहक बस जलाई यात्रुहरूको हत्या गर्नेजस्ता जघन्य अपराधका घटनाहरू तथा ठाउँ-ठाउँमा बम विस्फोटका घटनाहरू शृङ्खलाबद्ध रूपमा घटे तर सरकार त्यस्ता घटनाहरू नियन्त्रण गर्नमा पूर्णतया असफल साबित भयो।

माओवादीको भ्रातृ सङ्गठन वाईसीएलको नाउँमा ठाउँ-ठाउँमा भिन्न विचार राख्ने राजनीतिक दलका नेता, कार्यकर्तालाई धम्क्याउने, जबरजस्ती चन्दा सङ्कलन गर्नेजस्ता काममा पनि कमी आएको महसुस जनताले गर्न पाएनन्।

माओवादीहरू शान्ति प्रक्रियामा आइसकेपछि जनताले राहतको महसुस गरेका थिए। तर, पार्टी ठूलो पार्ने नाउँमा माओवादीले वाईसीएलमा अपराधीहरूसमेत भर्ना गर्ने कामहरू गर्दा नेकपा (माओवादी) पार्टीलाई ०४६ सालपछि एमाले र काङ्ग्रेसले प्रतिगामीहरूलाई

आफ्नो पार्टीभित्र हुल्याएको सम्झना गरायो। 'सिस्नु रोपेर तुलसी उम्रन्न' भन्ने नेपाली उखान यहाँ चरितार्थ भयो। वाईसीएलको अराजक गतिविधि नियन्त्रण नभएमा स्थिति जटिलतातर्फ जाने सम्भावना बढ्दो छ।

व्यवस्थापिका-संसद्ले गणतन्त्र घोषणा गरी कार्यान्वयनका लागि संविधानसभाको निर्वाचन गर्न दलहरू अघि बढिरहेका बेला सरकारका एक जिम्मेवार मन्त्रीले 'राजसंस्था रहनुपर्ने र ०४७ सालको संविधान ब्यूँताउनुपर्ने' अभिव्यक्ति दिएर फेरि स्थितिलाई असहज बनायो भने गृहमन्त्री कृष्णप्रसाद सिटौलाले 'बम बारुदमाथि पनि संविधानसभा हुने' भन्ने अभिव्यक्तिले त संविधानसभाको निर्वाचन शान्तिपूर्ण हुनेबारे शङ्का उत्पन्न गऱ्यो।

आफ्नो अनुकूलता र प्रतिकूलताको व्याख्या गर्दै 'ठूला' दलहरूले यसअघि पटक-पटक संविधानसभाको निर्वाचन सारेर जनताको अधिकार हनन गर्ने काम गरे। जनअधिकार अपहरण गर्ने काम कहींकतैबाट पनि हुनुहुँदैन।

संविधानसभामार्फत हामी नयाँ संविधान निर्माणको दिशामा अघि बढ्दैछौं। नेपाली जनता नयाँ संविधानसँगै नयाँ नेपाल निर्माण गर्न चाहन्छन्। त्यसको लागि नयाँ संविधानमा व्यक्तित्व विकासमा समान अवसर, काममामको सुनिश्चितता, उत्पादनका मुख्य-मुख्य साधनहरू सामाजिकीकरण, सम्पत्तिमा सीमा तोक्ने, विदेशमा सम्पत्ति राख्न नपाउने, जमिनमा जोत्नेको स्वामित्व कायम गर्ने, स्वास्थ्य उपचार र शिक्षा अनिवार्य र निःशुल्कको व्यवस्थाजस्ता विषयहरू उल्लेख हुनु आवश्यक छ। नेमकिपाले संविधानसभाको निर्वाचनमा ती विषयहरूलाई जोड दिनेछ।

सन् २००७ मा मानवअधिकार उल्लङ्घनका घटनाहरूमा कमी आएन। बरु नयाँ-नयाँ ढङ्गले मानवअधिकार उल्लङ्घनका घटनाहरू भए। अन्योल र अस्थिरताका बीच नै सन् २००७ बित्यो।

सुनिल प्रजापति
सचिव, नेपाल मजदुर किसान पार्टी

राष्ट्रिय जनमोर्चा

मानवअधिकार रक्षाको प्रश्न हाम्रो देशमा अत्यन्त गम्भीर छ। नेपालको सन्दर्भमा मानवअधिकारको हननका घटनाहरूको अवस्था विगतको दशकमा अत्यन्त विकराल थियो। निर्दोष, निशस्त्र, निहत्था वा सर्वसाधारण नागरिकहरूको हत्या, यातना, कुटपिट, लुटपिट, दमन, बलात्कारका घटनाहरू सामान्य जस्तो भएको थियो। ०६२/६३ को महान जनआन्दोलनपश्चात् राज्यपक्ष तथा माओवादीपक्षले हतियार बिसाएपछि त्यसप्रकारका जघन्य घटनाहरूमा केही कमी आएको पक्कै हो। तर आम नागरिकले आफूलाई सुरक्षाको अनुभूति गर्ने अवसर प्राप्त गर्न पाएनन्।

आज देशमा दण्डहीनताको अवस्था प्रवल रहेको छ। सातदलीय गठबन्धन सरकारले देशमा बढ्दो अपराधीकरणलाई रोक्न सकिरहेको छैन। दिन दहाडै सर्वसाधारण नागरिकहरूको अपहरण, हत्या, बलात्कार, कुटपिट, लुटपाट, धम्की, जोरजबरजस्तीपूर्ण कारबाहीहरूका घटनाहरू भइरहेका छन्। अपराधीहरूलाई सरकारले धेरै कम मात्रामा गिरफ्तार गर्न वा सजाय गर्न सफल रहेको देखिन्छ। गिरफ्तार भएर पनि कतिपय अवस्थामा माथिल्लो तहको सिफारिसमा अपराधीहरू कानूनको फन्दाबाट उम्कन सफल हुने गर्छन्। देशमा केही वर्ष यता सबैभन्दा बढी मानवअधिकार हननका घटनाहरू राज्यपक्षबाट सेना तथा प्रहरीद्वारा र माओवादी पक्षबाट हुने गरेका थिए। उनीहरूबाट भएका घटनाहरू ०६२/६३ को जनआन्दोलनपछि कम भए पनि देशमा थुप्रै अपराधी समूहहरूद्वारा मानवता विरुद्धका अपराधका घटनाहरू भएका छन्। देशैभरी बम विस्फोट, हत्या, अपहरण, फिरौती, धम्की, लूटपाट, बलात्कारका घटना प्रायःजसो भइरहेका छन्। जनताको जीउधनको सुरक्षा छैन। कति बेला कहाँ के घटना हुन्छ भन्ने कुराको कुनै ठेगान छैन। त्यसप्रकारका संगठित गिरोहद्वारा गरिएका अपराधहरू माथि प्रशासनले नियन्त्रण गर्न सकिरहेको छैन। सरकारको सक्रियताबिना यसप्रकारको अराजकता र दण्डहीनताको सिलसिला अन्त हुने कुनै सम्भावना देखा परिरहेको छैन। यो अवस्थामा जनताले कहिलेसम्म पीडा भोग्नु पर्ने हो ? त्यसबारे पनि यकिन साथ भन्न सकिने स्थिति छैन।

विगत एक दशकदेखि सशस्त्र द्वन्द्व सञ्चालन गर्दै आएको माओवादीले १२ बुँदे सम्झौता, विस्तृत शान्ति सम्झौता र त्यसपछि २३ बुँदे सहमतिलगायत्का सम्झौताहरू गरिसकेपछि पनि उसको विगतको क्रियाकलापामा अपेक्षाकृत सुधार आएको जनतालाई अनुभूति भएको छैन। सबै विस्थापितहरू अझै पनि घर फर्कन पाएका छैनन्। जवर्जस्ती कब्जा गरिएका घर जग्गाहरू फिर्ता गरिएका छैनन्। वाईसीएलबाट जबरजस्ती चन्दा असूली, कुटपिट, अपहरण, हत्याको सिलसिला रोकिएको छैन। यही वर्षभित्र पर्सा र कञ्चनपुरमा पत्रकारहरूको हत्या

भएको छ। राजनीतिक कार्यकर्ताहरूको अपहरण गरी हत्या गरिएको छ। माओवादीहरूले पटक-पटक जनतामाथिको ज्यादति नदोहोराउने प्रतिवद्धता प्रकट गरे पनि हत्याको शृखंला रोकिएको छैन। तर सरकारले दोषीहरू पत्ता लगाएर उनीहरूलाई पक्राउ गर्ने र सजाय गर्ने साहस देखाउन सकेको छैन। सरकारको यसप्रकारको रवैयाले गर्दा जनता अपराधीहरूबाट आतङ्कित छन् र जनताको मनोबल गिर्दो अवस्थामा रहेको पाइन्छ।

नेकपा (मसाल) ले माओवादीहरूले सशस्त्र द्वन्द्व ताक जनतामाथि गरेका ज्यादति प्रति सार्वजनिक रूपमा माफी माग्ने र मानवता विरुद्धका अपराधमा संलग्न दोषीहरूको छानवीन गरी कारवाही गर्ने कुरालाई स्वीकार नगर्दासम्म उनीहरूलाई सरकारमा लगिनु हुँदैन भनेर आवाज उठाएको थियो। तर नेकाँ र एमालेलगायत्का पार्टीहरू माओवादीहरूको दावीका अगाडि घुँडा टेक्न पुगे। त्यसको परिणाम स्वरूप आज जनतामाथि उनीहरूले जति ज्यादति गरे पनि उनीहरूमाथि प्रशासनद्वारा कुनै कारवाही गर्न नसकेको स्थिति छ। नेपाल कम्युनिष्ट पार्टी (मसाल) का कार्यकर्ताहरू माथि अहिले पनि कुटपिट र हत्याका प्रयास भएका छन्।

त्यति मात्र होइन, राजाको निरंकुश शासनको बेला तथा ०६२/६३ को जनआन्दोलनताक जनतामाथि हत्या, कुटपिट र गिरफ्तार गरी यातना दिने प्रशासक तथा सेना, प्रहरी वा त्यसो गर्न निर्देशन दिने मन्त्रीहरूलाई रायमाझी आयोगले दोषी किटान गरेको थियो। तर ती दोषीहरू माथि राज्यले कुनै कारवाही गरेन। यसरी सरकारले नत आन्दोलन पूर्व राज्य पक्ष वा माओवादी पक्षका मानवता विरुद्ध अपराधमा संलग्न अपराधीहरूलाई कारवाही गऱ्यो, न रायमाझी आयोगले किटान गरेका अपराधीलाई नै कारवाही गऱ्यो। जब सरकारले नै जनताको मानवअधिकारको संरक्षण गर्नमा तत्परता देखाउँदैन भने त्यो अवस्थामा जनताको मानवअधिकार कसरी सुरक्षित हुनसक्छ ?

केही समय यता तराईमा केही समूहद्वारा हिंसात्मक आन्दोलन सुरु गरिएको छ। मधेशको समस्यालाई लिएर उठेको आन्दोलनले अहिले पृथक्तावादी, अन्धक्षेत्रीयतावादी वा जातीवादी दिशा लिन लागेको अवस्था छ। त्यहाँ पनि आन्दोलनका नाममा कैयौं निर्दोष र निहत्था नागरिकहरूलाई अपहरण गर्ने र हत्या गर्ने जस्ता जघन्य अपराध दिन प्रतिदिन बढिरहेका छन्। अर्कातिर, अहिले संगठित अपराधी गिरोहहरूको पनि बोलवाला बढ्दै गइरहेको छ। जनता उनीहरूको ज्यादतिहरूका अगाडि निरिह हुन बाध्य छन्। शान्ति सुरक्षाको जिम्मा लिएको सरकार अपराधिक घटना माथि नियन्त्रण गर्न सकिरहेको छैन। मधेशमा स्थितिलाई उत्तेजक बनाउने कार्यमा माओवादीहरू पनि प्रत्यक्ष वा अप्रत्यक्षरूपले जिम्मेवार भएको कुरालाई अस्वीकार गर्न सकिन्न। लाहानमा एकजना मधेशी आन्दोलनकारी माथि माओवादीले हत्या गर्दा पनि त्यो घटनाका लागि जिम्मेवार अपराधीमाथि कारवाही गरिएन। मधेश आन्दोलन उग्र बन्नुको पछाडि त्यो कार्यले धेरै हदसम्म जिम्मेवार छ।

तर नेपालका सन्दर्भमा जातीयताका आधारमा पनि मानवअधिकारको उल्लंघन भएका छन्। राज्यले "छुवाछूत मुक्त राज्य" तथा "धर्म निरपेक्ष राज्य" संविधान मै घोषणा गरे पनि दलित जातिमाथि जातीय अपमान तथा भेदभावका घटना पनि कम दर्दनाक छैनन्। पर्वतमा दलित विद्यार्थीहरूलाई दलित भएकै कारण पाक शिक्षाबाट बञ्चित गरिएको घटना, कपिलवस्तुमा हालै सन्तोष हरिजनले विद्यालय संचालक समितिको अध्यक्ष पदमा चुनाव जिते पछि कथित उच्च जातिहरूले निर्वाचन बदर गरेको लगायत्का दर्जनौं घटनाहरू देशमा भइरहेका छन्। यस्ता घटनाहरूमा पनि सरकारले कुनै कारवाही गरेको पाईंदैन। महिलाहरूमाथि भेदभावपूर्ण र हिंसात्मक कार्यहरू देश व्यापीरूपमा हुने गरेका छन्। तर सरकारले त्यस प्रकारको कार्यहरूमाथि नियन्त्रणका लागि कुनै प्रभावशाली रूपले काम गर्न सकेको छैन।

सातदलीय गठबन्धन सरकारमा माओवादी पनि छ। त्यसकारण गर्दा वाईसीएल पनि सरकारको अङ्ग हो। सरकारमा बसेर सरकारको अङ्ग बनेर जनतामाथि ज्यादति गरेपछि त्यसलाई रोक्ने कसले ? यो बारेमा माओवादीसँग शायद जवाफ छैन। सरकारमा पनि बस्ने, अनि जनता माथि ज्यादति पनि गर्ने, त्यस्तो पार्टीबाट जनताले सुरक्षाको अनुभूति कसरी गर्न सक्छ ? के यो राज्य आतङ्क होइन ? यसलाई विडम्बना नै मान्नु पर्दछ। त्यसकारण मानवता विरुद्धका अपराधलाई रोक्ने हो भने सातदलीय गठबन्धन सरकार सर्वप्रथम गम्भीर हुनु आवश्यक छ।

चित्रबहादुर के.सी.
अध्यक्ष, राष्ट्रिय जनमोर्चा

संयुक्त वाममोर्चा, नेपाल

नेपलाका विभिन्न संस्थाहरूमध्येको एउटा विशेषता बोकेको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार संरक्षण, त्यसको अनुगमन र अभिलेखकर्ताको रूपमा आफूलाई अग्रणी बनाउन सफल छ। विगतको परम्परालाई अगाडि बढाउने क्रममा विगत वर्षलाई पछाडि फर्केर मूल्याङ्कन गर्दै अभिलेखीकरण गर्ने क्रममा मानवअधिकार वर्षपुस्तक प्रकाशनको लागि यस संस्थाले माग गरेको पार्टी धारणाको सन्दर्भमा २००७ मा मानवअधिकारको अवस्थाको बारेमा नेकपा (माले) र संयुक्त वाममोर्चा नेपालको धारणालाई संक्षिप्त चर्चा गर्दैछु :

- अस्थिरता, गतिरोध, बहस, सफल वार्ता र सहमतिसहित हामीले सन् २००७ लाई ि वदा गरिसकेका छौं। बितेको वर्षलाई मानवअधिकारको दृष्टिले मूल्याङ्कन गर्दा सन् २००६ को अनुपातमा सुदृढ भएको देखिन्छ। तर जनआन्दोलनपछिको संक्रमणकालीन अवस्थाले राजनीतिक गतिरोध उत्पन्न भइरह्यो। यसले मानवअधिकारको अवस्थालाई नकारात्मक रूपमा प्रभाव पाऱ्यो।
- नेपालमा विद्यमान आर्थिक, सामाजिक विभेद र शोषणका कारण उत्पन्न आन्तरिक एवम् बाह्य द्वन्द्वहरू समाधान उन्मुख भए पनि ती सबैको समाधान भइसकेको छैन।
- संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्चायुक्तको भूमिका र त्यसले गरेका प्रयासहरू मानवअधिकार संरक्षणको क्षेत्रमा महत्त्वपूर्ण रहेका छन्।
- केही राजनीतिक प्रकृतिसँग सम्बन्धित र केही जाति, भाषा एवम् क्षेत्रसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनका घटनाले नेपाली समाजलाई प्रभावित बनायो। तराईको मधेशी आन्दोलनको क्रममा दुवै पक्षबाट विशेष गरी आन्दोलनपक्षबाट मानवअधिकार ज्यादति भएका छन्।
- समाजका विभिन्न समुदायले आ-आफ्ना, वर्ग, पेशा समुदायका मागहरूलाई प्रस्तुत गर्ने क्रममा मानवअधिकार ज्यादतिका घटनाहरू दोहोरिएका छन्।
- शक्ति सङ्घर्षको अवस्था कायमै रहेको कारणले मुलुकलाई अग्रगतिमा लान गरिएका सम्झौताहरू कार्यान्वयन हुन सकेनन्। तर राजनीतिक सहमतिबाट समाधान गर्न दलहरू प्रयासरत रहिरहेका छन्।
- नेपालको अन्तरिम संविधान, २०६३ ले दिएको नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानवअधिकारलाई उल्लङ्घन गर्ने काम पटक-पटक भइरह्यो। यस कार्यमा मधेश आन्दोलनकारीहरू र नेकपा (माओवादी) धेरै ठाउँमा दोषी ठहरिएका छन्।
- सामाजिक सुरक्षाको अभाव, दण्डहीनता, अराजकताका घटनाले मुलुकलाई तर्साइ रह्यो।
- रौतहट, नेपालगञ्ज, कपिलवस्तुलगायत देशको तराई क्षेत्रमा मानवअधिकार उल्लङ्घनका जघन्य घटनाहरू प्रशस्त देखिए।

नयाँ राजनीतिक परिवेशमा देशका सबै क्षेत्र वर्ग, लिङ्ग, भाषा र संस्कृतिका जनसमुदायले आकांक्षा गरेको समान अधिकारको मान्यता प्राप्तिलाई संस्थागत गर्ने संविधानसभाको निर्वाचन पूर्व निर्धारित मितिमा गर्न सकिएन। दलहरूको सहमतिमा पुन: आगामी चैत २८, २०६४ मा संविधानसभाको निर्वाचन गर्ने सरकारी निर्णय भएको छ। यसलाई सफल बनाउन विगतमा गरिएका सम्झौता र २३ बुँदे सम्झौतालाई कार्यान्वयन गर्नुपर्दछ। दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितको लागि सोच्नुपर्दछ।

वार्ता/सहमतिद्वारा तराई र देशका अन्य ठाउँमा देखा परेका समस्याहरूलाई समाधान गर्नुपर्दछ। माओवादी सेनालाई समायोजन गर्न विगतका सम्झौताअनुसार वार्ताद्वारा उपयुक्त विधि र प्रक्रिया संविधानसभाको निर्वाचनपछि तय गर्न सकिनेछ। यसलाई चुनावअधिको विषय बनाइनु उचित हुनेछैन।

तत्काल समाधान गर्न नसकिने कतिपय विषयवस्तु र समस्याहरूलाई निर्वाचनपछि संविधानसभाले गर्नेछ। त्यो समय सम्मको पर्खाइका लागि धैर्यधारणको पनि आवश्यकता छ।

मानवअधिकारका क्षेत्रमा क्रियाशील संघ संस्थाहरूले नेपालको यथार्थ वस्तुस्थितिको मूल्याङ्कनको अधारमा गरिएका सामाजिक क्रियाकलाप नै कालजयी हुनेछन्।

सी.पी. मैनाली
महासचिव, नेकपा (माले) तथा
अध्यक्ष, संयुक्त वाममोर्चा, नेपाल

तराई-मधेश लोकतान्त्रिक पार्टी

तराई-मधेश लोकतान्त्रिक पार्टीले नेपालमा मानवअधिकारको स्थितिलाई अत्यन्त असन्तोषजनक भएको ठहर गरेको छ। नेपालका जतनालाई समानरूपमा राजनीतिक, आर्थिक र सामाजिक अधिकारहरू छैनन्। राज्यले यसका लागि सहज वातावरण निर्माण गरी समानताको अधिकारको प्रत्याभूति दिने तर्फबाट अगाडि बढ्नु पर्नेमा हालसम्म शासकको रूपमा रहेको समूहलाई सघाउँदै आएको र विभिन्न प्रकारका विभेदमा बाँच्न बाध्य तराई-मधेशका जनतालगायत् अरुहरूलाई शासक समूह कै मानसिकताबाट हेर्ने गरिरहेको कारण यस्तो स्थिति उतपन्न भइरहेको हाम्रो ठहर छ।

देशमा शान्तिपूर्ण तरीकाले आफ्ना माग र चाहना अभिव्यक्त गर्नेहरूलाई दमन गर्ने राज्यको नीतिका कारण गत वर्ष शान्तिपूर्ण प्रदर्शनमा भाग लिनेहरू राज्यको गोलीको शिकार भएको कुरा सर्वविदितै छ। स्पेशल टास्क फोर्सका नाममा हाल राज्यले राज्य आतङ्क फैलाइरहेको छ। तराई-मधेशका जनतलाई गाउँ-गाउँमा गएर आतंकित पार्ने र झुठा मुठभेड देखाई निर्दोष व्यक्तिहरूलाई मार्ने गरिएका घटनाहरू दिनानुदिन बढ्दै गइरहेको छ। हालसालै वीरगञ्जमा भएको घटना यसको प्रमाण हो।

हत्या र अपहरणका घटनाहरू बढिरहेका छन्। दण्डहीनताको स्थिति बढ्दो छ। पत्रकार वीरेन्द्र साहको हत्यारामाथि कारबाही गरी सजाय दिने काम भएको छैन। जीतेन्द्र साहको स्थिति सार्वजनिक गरिएको छैन। यस्ता अन्य धेरै उदाहरणहरू छन्।

राज्यद्वारा स्वयम् आतंक सृजना गर्ने काम भइरहेकाले सशस्त्र सङ्घर्ष गर्ने समूहहरूको सङ्ख्या बढ्दो छ। परिणामतः मानिसको स्वतन्त्रतापूर्वक नागरिक अधिकारको प्रयोग गर्ने स्थिति खस्किँदो छ। राजनीतिक समाधानको बाटो नअँगालिएसम्म यस स्थितिमा सुधारको सम्भावना न्यून छ।

कार्यालय सचिव

अनुसूची

४

सन् २००७ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

गृहमन्त्रालय

परराष्ट्र मन्त्रालय

नेपाल प्रहरी

सशस्त्र प्रहरी बल

नेपाली सेना

राष्ट्रिय मानवअधिकार आयोग

राष्ट्रिय दलित आयोग

नेपाल बार एसोसिएसन

गृह मन्त्रालय

देशमा शान्ति सुव्यवस्था कायम गरी आमनागरिकको जीउधनको सुरक्षा गर्ने र प्रभावकारी रूपमा कानुनको कार्यान्वयन गराउने कार्यमा गृह प्रशासन प्रतिबद्ध छ। शान्ति सुव्यवस्था कायम गराउने सिलसिलामा नागरिकहरूका आधारभूत अधिकारहरूमा प्रतिकूल प्रभाव पर्न नदिनेतर्फ सतर्कता अपनाइएको छ।

संविधानसभाको निर्वाचनलाई निर्धारित मितिमै निष्पक्ष र भयरहीत वातावरणमा सम्पन्न गराउने उद्देश्यले सुरक्षा योजना तर्जुमा गरी लागू गरिएको छ। विद्यमान संक्रमणकालीन अवस्थालाई सुरक्षित अवतरण गराउँदै देशलाई राजनीतिक निकास र स्थायित्व प्रदान गर्ने सबैभन्दा प्रभावकारी माध्यमको रूपमा अगाडि सारिएको संविधानसभाको निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न सबै क्षेत्रबाट पर्याप्त सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ। संविधानसभाको निर्वाचान पश्चात बन्ने संविधान र गठन हुने सरकार मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा कोशेढुङ्गा साबित हुने विश्वास गरिएको छ।

देशका कतिपय भागहरूमा केही सशस्त्र समूहहरूले राजनीतिक आवरणमा हत्या, अपहरण, लुटपाट, आगजनी र चन्दा असुलीजस्ता आपराधिक घटनाहरू घटाउने र सामाजिक सुरक्षा र साम्प्रदायिक सद्भाव खलबल्याउने प्रकृतिका कार्यहरू गरिरहेका छन्। स्थानीय आवश्यकता र परिस्थितिलाई मूल्याङ्कन गरी थप सुरक्षा बल परिचालन गरिएको छ। यसबाट शान्ति सुरक्षामा क्रमिक सुधार आइरहेको छ।

राजनीतिक समस्याहरूलाई वार्ताको माध्यमबाट सुल्झ्याउने नीति वर्तमान सरकारले लिएको छ। अपराधिक क्रियाकलापमार्फत राजनीतिक उद्देश्य पूरा गराउने माध्यम कदापि जायज हुन सक्दैन। सबै मानवअधिकारवादी संघ संस्थाहरूले समेत राजनीति र अपराधलाई स्पष्ट रूपमा सीमाङ्कन गरी तदनुरूप वकालत गर्नु आवश्यक छ। मानवअधिकारको विषय उठान गर्दा गलत तत्वहरू नहौसिउन् र पीडितहरूले दोहोरो पीडाको मार खेप्नु नपरोस् भन्नेतर्फ सजग र सचेत हुनु जरूरी छ।

नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूबाट सृजित दायित्वहरूलाई कार्यान्वयन गरी मानवअधिकारको संरक्षण गर्ने हेतुले प्रचलित ऐन, नियमहरूलाई तदनुकूल संशोधन गरिएको छ। राष्ट्रिय मानवअधिकार आयोग, OHCHR, एमनेष्टी इन्टरनेशनललगायत्का राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मानवअधिकार संघ संस्थाहरूबाट प्राप्त सुझावहरूलाई प्राथमिकताकासाथ कार्यान्वयन गरिँदै आएको छ।

शान्ति सुरक्षा र मानवअधिकार संरक्षणको दायित्वलाई समन्वयात्मकरूपमा लैजाने अभिप्रायले गृह मन्त्रालयमा मानवअधिकार इकाईको स्थापना भएको छ। यस इकाईले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अन्य मन्त्रालय, गृह मन्त्रालय मातहतका निकाय र गैरसरकारी संस्थाहरूसँग समन्वय गरी मानवअधिकार उल्लंघनका उजुरीहरूउपर छानविन गरी कारबाही गर्दै आएको छ। यस इकाईले ICCPR र UN Convention against Torture (CAT) लगायत्का अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्रको हैसियतले नेपालले संयुक्त राष्ट्र संघमा बुझाउनु पर्ने आवधिक प्रतिवेदनहरू अन्य सरकारी निकायहरूसंगको सहकार्यमा तयार पार्ने गरेको छ। साथै, नेपाल सरकारले आ.व. २०६४/०६५ देखि २०६६/०६७ सम्म तीन वर्षको लागि तयार पारेको "मानवअधिकार राष्ट्रिय कार्ययोजना २०६४" को गृह मन्त्रालयसँग सम्बन्धित विषयहरूको कार्यान्वयन भइरहेको छ।

नेपालका विभिन्न कारागारहरूमा रहेका कैदी बन्दीहरूको हक हित संरक्षणको लागि जेल सुधार आयोजना सञ्चालन गरिएको छ। कारागारहरूलाई सुधार गृहका रूपमा विकसित गर्दै लैजाने सरकारी नीति अनुरूप खुला र सामुदायिक कारागार सम्बन्धमा समेत अध्ययन भइरहेको छ। विद्यमान कारागार ऐन र नियमावलीहरूले साधन र स्रोतको अभावका बावजुद पनि कैदी बन्दीहरूका आधारभूत सुविधाहरूको व्यवस्था गरेका छन्। कारागार सुधारका लागि नेपाल सरकारले विभिन्न समयमा गठन गरेका आयोग/समितिहरूले दिएका सुझावहरूलाई कार्यान्वयन गरिँदै आएको छ। बालबन्दीहरूलाई छुट्टै बाल सुधार गृहमा राख्ने व्यवस्थाका लागि केन्द्रमा भक्तपुरबाहेक क्षेत्रीयस्तरमा पनि बालसुधार गृह थप गर्ने कार्यक्रम रहेको छ।

विगतको सशस्त्र द्वन्द्वबाट विस्थापित भएका अधिकांश प्रहरी चौकीहरू पुन:स्थापना भइसकेका छन्। यसबाट जनतामा सुरक्षाको प्रत्याभूति हुन गई मानवअधिकार उल्लंघनका घटनाहरूका कमी आएको छ। स्थानीय निकायलगायत् अन्य विस्थापित कार्यालयहरू पनि पुन: स्थापना गरी जनतालाई सहज सेवा पुऱ्याउने कार्य भइरहेको र द्वन्द्वबाट विस्थापित परिवारहरूलाई घरफिर्ती गराउने कार्य पनि जारी छ।

लोकतन्त्र र मानवअधिकारको संस्थागत विकासको लागि इन्सेकलगायत्का मानवअधिकारवादी संस्थाहरूसँग गृह मन्त्रालय सहकार्य गरी अगाडि

बढ्नेछ। अन्तमा, इन्सेकले प्रकाशन गर्न लागेको नेपाल मानवअधिकार वर्ष पुस्तक २००८ ले शान्ति, लोकतन्त्र र मानवअधिकारको पक्षमा महत्वपूर्ण योगदान पुऱ्याउने कुरामा गृह मन्त्रालय विश्वस्त रहेको छ।

मोदराज डोटेल
प्रवक्ता

परराष्ट्र मन्त्रालय

नेपालको अन्तरिम संविधान २०६३ ले मानव अधिकारका शाश्वत मूल्य मान्यताहरूलाई अंगीकार गर्दै प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीअन्तर्गत राज्यका तर्फबाट मानव अधिकारको संरक्षण, संवर्धन र सम्मान गर्ने कुरामा पूर्ण प्रतिवद्धता जनाएको छ।

राष्ट्रिय मानव अधिकार आयोगलाई सम्वैधानिक अङ्गको रूपमा स्थापित गरी यसलाई पूर्णतः स्वतन्त्र, निष्पक्ष एवम् सुदृढ निकायका रूपमा विकसित गरिएको छ। यस आयोगले निष्पक्ष एवम् निर्भीक रूपमा मानव अधिकार उल्लङ्घनका घटनाहरूमाथि स्वतन्त्र रूपले सोधखोज गरी दोषीउपर कारवाहीको सिफारिश गर्ने तथा मानव अधिकार संरक्षण र सम्वर्द्धनका क्षेत्रमा योगदान गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

आजको विश्वमा मानव अधिकारको संरक्षण, सम्वर्द्धन एवम् सम्मानले राज्यको आर्थिक तथा सामाजिक विकास प्रयासका अतिरिक्त वैदेशिक सम्बन्धसँग समेत सरोकार राख्दछ। संयुक्त राष्ट्र संघको सदस्यका साथै विश्व समुदायको एक जिम्मेवार सदस्य राष्ट्र भएको नाताले नेपाल हालसम्म १९ वटा विभिन्न अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूको पक्षराष्ट्र भइसकेको छ।

हालै मात्र नेपालले Convention on the Rights of Persons with Disabilities 2006 र यस सम्बन्धी Optional Protocol 2006 मा हस्ताक्षर गरेको छ। त्यस्तै, संयुक्त राष्ट्र संघीय महासभाले १३ सेप्टेम्बर २००७ मा पारित गरेको UN Declaration on the Rights of Indigenous People को पक्षमा नेपालले पनि मतदान गरको छ। साथै यस वर्ष Indigenous and Tribal Peoples सम्बन्धी ILO Convention 169 लाई व्यवस्थापिका संसदद्वारा अनुमोदन गरी नेपालले सो महासन्धिमा विधिवत सम्मिलन गरेको छ।

मानव अधिकार प्रतिको प्रतिवद्धतालाई मुर्तरूप दिन दोस्रो तीनवर्षे राष्ट्रिय मानव अधिकार कार्ययोजना तयार गरी नेपाल सरकारद्वारा हालै कार्यान्वयनमा ल्याईएको छ। यस कार्ययोजनाले नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुदृढीकरणका लागि नेपाल पक्ष भएका विभिन्न अन्तराष्ट्रिय सन्धि र अभिसन्धिहरूद्वारा सिर्जित दायित्व एवम् नेपालको अन्तरिम संविधानका प्रतिवद्धताहरूलाई समेत समेट्दै मानव अधिकार संरक्षण एवम् सम्वर्द्धनका क्षेत्रमा प्रवर्धनात्मक एवम् सुधारात्मक क्रियाकलापहरूमाथि जोड दिएको छ। यसका साथै पिछडिएका जनजाति तथा दलित, बृद्ध नागरिक, महिला तथा बालबालिका एवम् विशेष क्षमतायुक्त व्यक्तिका अधिकारलाई सुनिश्चित गर्न सकारात्मक कदमहरू चालिएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयअन्तर्गत रहेको मानव अधिकार प्रवर्द्धन शाखाले मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि सरकारी निकायहरूबीच समन्वय, सहयोग र सहकार्य गर्दै आएको छ।

संयुक्त राष्ट्र संघ मानव अधिकार परिषदका विशेष प्रतिनिधिहरूद्वारा वैयक्तिक उजुरी प्रकृया मार्फत समय समयमा उठाइएका जिज्ञासाहरूलाई नेपाल सरकारले यथोचित महत्व दिदै आफ्नो धारणा स्पष्ट गर्दै आएको छ। परिषदका विशेष प्रतिनिधिहरूले विभिन्न हैसियतमा समय-समयमा नेपालको भ्रमण पनि गरेका छन्। मानव अधिकार परिषदका बैठकहरूमा नियमित रूपमा सहभागी भई नेपालको मानव अधिकार प्रतिको राष्ट्रिय प्रतिवद्धता, धारणा तथा संरक्षण एवम् सम्वर्द्धनका क्षेत्रमा भएगरेका कामकारवाहीहरूको अध्यावधिक स्थिति विश्व समुदाय समक्ष प्रस्तुत गर्ने गरिएको छ।

विगत दुई वर्षदेखि नेपालमा कार्यरत संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार उच्चआयुक्तको कार्यालयको कार्यकाल अर्को दुईवर्षका लागि नेपाल सरकारद्वारा थप गरिएको छ।

नेपालले विभिन्न अन्तराष्ट्रिय सन्धि र अभिसन्धिहरूको पक्ष राष्ट्रको हैसियतले सम्बन्धित निकायहरू समक्ष आवधिक रूपमा प्रस्तुत गर्नुपर्ने प्रतिवेदनहरूमध्ये हाल नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी महासन्धि, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि, सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तराष्ट्रिय महासन्धि आदिसँग सम्बन्धित राष्ट्रिय प्रतिवेदनहरू तयारीका विभिन्न चरणमा रहेका छन्।

माथि उल्लेखित गतिविधिहरू र नेपालले विभिन्न सन्धि र अभिसन्धिहरूमा सम्मिलन गरेबाट मानव अधिकार संरक्षण र सम्बर्द्धनका क्षेत्रमा नेपाल पूर्णत: प्रतिवद्ध रही जिम्मेवारीका साथ अघि बढिरहेको तथ्य स्पष्ट देखिन्छ।

प्रहरी प्रधान कार्यालय

सदाझैं मानवअधिकारसँग सम्बन्धित वर्षभरिको तथ्य र घटनाहरूलाई समेटी "मानवअधिकार वर्षपुस्तक २००८" प्रकाशित हुन लागेकोमा हामी बधाई ज्ञापन गर्न चाहन्छौं। अधिराज्यभरि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले आफ्नो सञ्जाल विकास गरी मानवअधिकार संरक्षण र सम्बर्धनमा दिएको योगदान प्रशंसनीय छ।

राज्यको कानुन कार्यान्वयन गर्ने जिम्मेवारी पाएको नेपाल प्रहरीले मानवअधिकार संरक्षण र सम्बर्द्धनमा विगतका वर्षहरू झैं विभिन्न तालीम र जनचेतना लगायतका कार्यक्रमहरू आफ्नो वार्षिक क्यालेण्डरमा राखेको थियो। नेपाल प्रहरीको सांगठनिक प्राथमिकता अनुरूप मानवअधिकार संरक्षणका लागि विभागीय नीति र योजना निर्माण गरी कार्यान्वयन गरिएको र यस वर्ष पनि सोही अनुरूप कार्य भइरहेको व्यहोरा अवगत गराउन चाहन्छौं। नेपाल प्रहरीको हालको नेतृत्व मानवअधिकार प्रति सचेत र संवेदनशिल रहेको छ।

नेपाल प्रहरीले मानवअधिकार संरक्षण र सम्बर्द्धन नै साँचो अर्थमा जनता प्रतिको आफ्नो उत्तरदायित्व हो भन्ने मनन् गरी मानवअधिकारलाई जनताको सेवा र आफ्नो व्यवसायिक दक्षताको मापदण्ड बनाएको छ। नेपाल प्रहरीमा कर्मचारीहरूले हाल संक्रमणकालीन अवस्थामा सामना गरिरहेका चुनौतीहरूका बाबजुत जनताको मानवअधिकार अक्षुण्ण राख्न रहेको प्रयास मुख्यत नेपाल प्रहरीको जनता प्रतिको उत्तरदायी र जिम्मेवारीबोध नै हो। गैरकानुनी कार्यहरूबाट सर्वसाधारण जनताहरूलाई संरक्षण प्रदान गर्न, अपराधको रोकथाम तथा अनुसन्धान गर्न, समाजमा शान्ति सुव्यवस्था कायम गर्न, कानुनी दायित्वमा सवल रूपमा नेपाल प्रहरीले आफ्नै कर्मचारीहरूका लगि मानवअधिकारको विश्वव्यापी मान्यतासँग परिचित एवम् सोही अनुरूप कार्यान्वयन गर्ने हेतुले मानवअधिकार स्थायी आदेश समेत प्रकाशित गरी वितरण गरेको छ।

जनताको मानवअधिकर संरक्षण गर्न तालिम र जनचेतनाको साथै मानवअधिकर उल्लङ्घन भएको अवस्थामा घटनाको अनुसन्धान गरी दोषी माथि कारवाही समेत हुने भएकोले नेपाल प्रहरीले मानवअधिकारको उल्लङ्घनको सवालमा शुन्य सहनशिलता संस्कृति (Culture of Zero Tolerence) को मान्यता अनुरूप कारवाही अघि बढाउन प्रतिवद्ध रहेको छ। विभिन्न समयमा विभिन्न पत्रपत्रिका वा व्यक्तिगत पत्राचारबाट आएको उजुरीहरूमा मानवअधिकार सम्बन्धी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग आवश्यक सूचना र सहयोग लिई मानवअधिकार संरक्षण गर्ने कार्य गरेको छ। नेपाल प्रहरीले मानवअधिकार सेल मार्फत् त्यस्ता कारवाहीहरूमा पारदर्शीता र उचित न्यायको संकृति विकास गरी आफ्नो पेशागत चिनारी अझ फराकिलो एवम् परिष्कृत बनाउँदै लगेको छ।

विनोद सिंह
प्रहरी वरिष्ठ उपरीक्षक

सशस्त्र प्रहरी बल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार वर्षपुस्तक २००८ प्रकाशित गरी सन् २००७ मा नेपालको मानवअधिकार स्थितिबारे जानकारी गराउने उद्देश्य लिएकोमा हामीलाई खुसी लागेको छ। साथै विगतका वर्षहरूमा निरन्तररूपमा प्रकाशित हुँदै आएको मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको संरक्षणमा पुऱ्याएको योगदान ज्यादै नै उल्लेखनीय रहेको छ।

वर्तमान परिप्रेक्ष्यमा मानवअधिकार सर्वाधिक लोकप्रिय र संवेदनशील विषयको रूपमा रहेको छ। विषयको गम्भीरता र संवेदनशील भएका कारणले यो आज २१ औं शताब्दीमा कुनै एउटा राष्ट्रको भौगोलिक सीमानामा सीमित रहेन। सशस्त्र प्रहरी बलले आफ्ना हरेक कामकारवाहीलाई लोकतान्त्रिक पद्धति अनुरूप ढालेर मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा उपलब्धिमूलक उल्लेखनीय योगदान पुऱ्याउने प्रतिवद्धतालाई संगठनले कार्यगत रूपमा अङ्गिकार गरिसकेको छ।

यसै क्रममा विगतका आफ्नो कमी कमजोरीलाई सच्याउँदै नागरिकको सच्चा राष्ट्र सेवकको रूपमा आफूलाई प्रस्तुत गर्न र आगामी दिनहरूमा परिचालित हुँदाको अवस्थामा मानवअधिकार (Human Rights) एवम् मानवीय मूल्य र मान्यताहरू, (Human values) तथा नागरिक हक अधिकार (Fundamental rights) को सम्मान गर्दै कुशलता

पूर्वका जिम्मेवारी निर्वाह गर्न सक्षम हुने जनशक्ति निर्माणमा सशस्त्र प्रहरी बलले आफ्नो कार्य योजना तय गरिसकेको छ। यसै अनुरूप सशस्त्र प्रहरी बलका सम्पूर्ण राष्ट्र सेवकहरूलाई आवश्यक तालिम प्रदान गरी मानवअधिकार रक्षाको क्षेत्रमा मानसिक रूपमा नै तयार बनाई जिम्मेवारी निर्वाहमा पारदर्शिता (Transperancy), जनउत्तरदायी (Responsible) र जवाफदेहीता (Accountability) लाई आत्मसाथ गरी बदलिदो परिस्थिति अनुरूप सेवामुखी र नागरिकप्रति संवेदनशील बनाउने नीति सशस्त्र प्रहरी बलले लिएको छ।

विगतमा भएको राजनीतिक परिवर्तन सँगै एक दशक लामो सशस्त्र संघर्षको अन्त्य भइसकेको छ। सात राजनीतिक दल तथा नागरिक समाजको संयुक्त प्रयासमा द्वन्द्व समाधानको क्षेत्रमा नेपालमा नौलो प्रयोग भई देशमा शान्ति स्थापना हुँदै नेपाल संविधानसभामय भइसकेको छ। नागरिकहरूको व्यापक सहभागिताको सुनिश्चितता गरिएको प्रक्रिया अवलम्बन गरी विभिन्न भाषा क्षेत्र वा सम्प्रदायका नागरिकहरूको सक्रिय सहभागिता अनुरूप सबैको चाहना प्रत्याभूत गरी सबै समुदायको अपेक्षा र चाहना प्रतिविम्बित हुन सक्ने खालको संविधान निर्माण हुन सकेमा मात्र नेपालमा मानवअधिकार संरक्षण र सम्बर्द्धनमा सहयोगको योगदान पुग्न सक्दछ। वैध, अवैध माग राखी यातायात अवरूद्ध गर्ने, आगजनी गर्ने तथा अपहरण हत्यालगायतका हिंसामा उत्रिने कार्यहरूले सर्वसाधारण जनताको मौलिक हक अधिकार र स्वतन्त्रताको हनन हुने कार्य दिनानु दिन बढ्दै गई राखेको छ। यस परिप्रेक्ष्यमा समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गरी नागरिकहरूको पूर्ण सुरक्षा र संविधानद्वारा प्रद्धत नागरिक हक अधिकारको रक्षार्थ सीमित स्रोत र साधनहरूको बाबजुद पनि सशस्त्र प्रहरी बल सदा कटिवद्ध रहेको छ।

अन्तमा, मानवअधिकार संरक्षण र सम्बर्द्धन गर्ने हाम्रो अठोट प्रयास र प्रतिबद्धताहरूमा सहयोग र सद्भाव पुऱ्याउने सबै राष्ट्रिय अन्तर्राष्ट्रिय मानवअधिकार क्षेत्रमा कार्यरत संघसंस्थाप्रति सशस्त्र प्रहरी बल हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछ।

मानवअधिकार सेल

नेपाली सेना

मानवअधिकार तथा नागरिक स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन नेपाली सेनाभित्र सधै एक प्रमुख प्राथमिकताको विषय रहदै आएको छ। नेपाली सेना मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको संरक्षण र सम्बर्द्धनका लागि पूर्ण रूपमा प्रतिबद्ध रहेको छ। विगतमा नेपाली सेनाबाट भएगरेका मानवअधिकार उल्लङ्घनका घटनाहरू नीतिगत कारणको उपज थिएनन भन्ने विषयको पुनःस्मरण गरिनु आवश्यक छ। हामी यस संस्थाभित्र दण्डहीनताको अन्त्यका लागि सबैखाले मानवअधिकार उल्लघंनप्रति हाम्रो आत्मनियन्त्रित शुन्य सहिष्णुताको नीति लागु गर्न कटिबद्ध छौ।

नेपालको अन्तरिम संविधानको धारा १६६ को उपधारा ३ तथा नेपाल सरकार र नेकपा (माओवादी)बीच भएको बुहत शान्ति सम्झौता अनुसार दुबै पक्ष मानवअधिकारको बिश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सिद्धान्त र मान्यताबाट निर्देशित हुने कुरामा सहमत भएका छन्।

नेपाली सेनाको मानवअधिकार सेललाई मानवअधिकार निर्देशनालयको रूपमा विकसित गरिएको छ। सबै पृतना र बाहिनीका सबै मानवअधिकार शाखा र सेलमा एक जना कानुनी अधिकृतको व्यवस्था गरिएको छ।

नेपाली सेनाले मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लघंन गरेको आरोप लागेका सैनिकलाई संयुक्त राष्ट्र संघीय शान्ति मिसनमा सहभागी नगराउने नीतिसमेत अवलम्बन गरेको छ। सर्वोच्च अदालतद्वारा बन्दी प्रतक्षिकरणको मुद्दामा जारी गरिएका सबै कारण देखाउ आदेशहरूमा सोहीअनुसार गर्ने गरिएको छ। कार्यस्थलमा खटिएका सैनिकहरूलाई मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनका बारेमा जानकारी गराइएको छ।

कार्यस्थलमा दिइने निर्देशन अन्तर्राष्ट्रिय मानवीय कानुनबाट निर्देशित छ। जुनसकै किसिमका मानवअधिकार उल्लघंनका घटनाहरूमा पनि हामीले छिटो-छरितो, बृस्तित र स्वतन्त्र रूपमा अनुसन्धान गर्ने गरेका छौ।

हामीले विद्यालयलाई शान्ति क्षेत्रको रूपमा लिएका छौं र सो क्षेत्रलाई कहिल्यै पनि सैनिक प्रयोजनका लागि प्रयोग गर्ने छैनौ। हामीले कहिल्यै पनि बालबालिकालाई नेपाली सेनामा भर्ति गरेका छैनौ। यस संस्थामा भर्तिहुन चाहिने उमेर १८ देखि २२ बर्षसम्म हो। यस संस्थाले बालबालिकालाई द्धन्द्धमा कहिल्यै पनि प्रयोग गरेको छैन र भविस्यमा समेत गर्ने छैन। नेपाली सेना उनीहरूको अधिकार रक्षाका लागि सधै प्रयासरत छ।

सन् २००१ को नोभेम्बरमा सेना परिचालित भएपनि नेपाली सेनाको शुन्य संलग्नता रह्यो। यद्यपी त्यसपछि सन् २००६ को अप्रिलसम्म रहेको प्रतिविद्रोह कारवाहीको समयमा नेपाली सेनाको तर्फबाट अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुनको केही उल्लघंन भएपनि त्यो योजनाबद्ध थिएन।

यसरी नेपाली सेनाबाट बिगतमा भएका मानवअधिकार उल्लघंनका घटनाहरू योजनाबद्ध थिएनन्। नपाली सेनामा मानवअधिकार उल्लघंन नीतिगत रूपमा भएका छैनन्, यसले शुन्य सहिष्णुताको नीति अवलम्बन गरेको छ र यहाँ दण्डहीनताको अवस्थासमेत छैन्। नेपाली सेना राष्ट्रसंघीय सेनाको रूपमा शान्ति स्थापना र मानवीय सहयोग उपलब्ध गराउन खेलेको भूमिकाको लागि अन्तर्राष्ट्रिय समुदायबाट प्रशंसित रहेको छ।

सहायक रथी निरेन्द्र अर्याल
निर्देशक, नेपाली सेना मानवअधिकार निर्देशनालय

राष्ट्रिय मानवअधिकार आयोग

ऐतिहासिक जनआन्दोलन ०६३ को सफलता, विस्तृत शान्ति सम्झौतामा हस्ताक्षरपश्चात् देशको मानव अधिकार स्थितिमा तत्काल जुन सुधारोन्मुख अवस्था देखा परेको थियो। त्यो स्थिति पछिल्ला दिनहरूमा निरन्तर रहन सकेन। त्यतिमात्रै नभएर अन्तरिम संविधान २०६३, विस्तृत शान्ति सम्झौतालगायत् विभिन्न सम्झौता र समझदारीहरूमा उल्लेखित शान्ति सुव्यवस्था, कानूनी शासनको सम्मान जस्ता कुराहरू व्यवहारमा रूपान्तरण हुन नसक्दा त्यसले मानव अधिकारको संरक्षण र सम्बर्द्धनको कार्यमा नकारात्मक प्रभाव पारेको सर्वत्र महशुस गरिएको छ।

नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकायको रूपमा स्थापित गरेको छ। उक्त संविधानमा मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुने कुरा उल्लेख गरिएको छ। त्यसैगरी संविधानको भाग तीनमा अन्य मौलिक हकहरूको अतिरिक्त छुवाछूत तथा जातीय भेदभाव विरूद्धको हक, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक, महिला हक, बालबालिकाको हक, यातना विरूद्धको हकलगायत्का हकहरूलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। जसलाई मानव अधिकारको क्षेत्रमा भएको सकारात्मक प्रयास मान्न सकिन्छ। त्यसैगरी लामो समयसम्म पदाधिकारी नभएको राष्ट्रिय मानव अधिकार आयोगमा सरकारले पदाधिकारीहरूको नियुक्ति गरी मानव अधिकारको संरक्षण, संबर्द्धन तथा परिपालनाको लागि महत्वपूर्ण कार्य भएको छ।

मानव अधिकारको क्षेत्रमा उल्लेखित केही सुधारहरू देखिए तापनि राष्ट्रिय मानव अधिकार आयोगमा पर्न आएका उजुरीहरू र आयोगले विभिन्न समयमा गरेको अनुगमन /अनुसन्धानको आधारमा सन २००७ मा पनि मानव अधिकारको अवस्था चुनौतिपूर्ण रह्यो। देशमा एक दशकदेखि चलेको सशस्त्र द्वन्द्वको विस्तृत शान्ति सम्झौताले विधिवत अन्त्य गरेको घोषणा गरेता पनि तराइमा भएको आन्दोलनले मानव अधिकारको अवस्था दयनीय बन्न पुग्यो। सुरक्षाकर्मी तथा अन्य पक्षबाट समेत व्यक्ति हत्याका घटनाहरू हुन पुगे भने वेवारिसे अवस्थामा छाडिएका बम विष्फोटनबाट पनि विभिन्न व्यक्तिहरू मारिए। सुरक्षाकर्मीबाट हिरासत तथा थुनामा रहेका व्यक्तिहरूलाई यातना, कुटपिट तथा अमानवीय व्यवहार गरेको, योङ्ग कम्युनिष्ट लिग (वाईसीएल) का कार्यकर्ताबाट पनि विभिन्न व्यक्तिलाई कुटपिट तथा अमानवीय कार्य गर्नुका साथै व्यक्ति अपहरण र जबरजस्ती चन्दा असुली जस्ता कार्यहरू गरेका थिए। त्यसैगरी तराईमा आन्दोलन गरिरहेका विभिन्न समूहबाट व्यक्तिलाई अपहरण गर्ने, हत्या गर्ने, धम्की दिने, जबरजस्ती चन्दा असुली गर्ने जस्ता कार्यबाट पनि मानव अधिकारको अवस्था दयनीय बन्न पुग्यो। समयसमयमा हुने बन्द, हड्ताल, लुटपाट, आगजनी जस्ता कार्यबाट शान्ति सुरक्षाको स्थितिमा सुधार आउन सकेन।

लामो समयको अन्तरालपश्चात् नेपालको अन्तरिम संविधान २०६३ अनुसार २०६४ असोज २ गते राष्ट्रिय मानव अधिकार आयोगको गठन भएपश्चात राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा यसलाई सकारात्मक कदमको रूपमा स्वागत र समर्थन भएको थियो। आयोगमा पदाधिकारीहरूको नियुक्ति पछि मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नको लागि आयोग निरन्तर रूपमा अगाडि बढी रहेको छ। नवगठित राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको उल्लंघनमा परेका उजुरीहरूको अनुसन्धान कार्य सम्पन्न गरी ३ सय ७० ओटा मुद्दाहरूमा निर्णय गरेको छ। यसमा गैर न्यायिक हत्या सम्बन्धी नौ ओटा,

सैनिक हिरासतमा मृत्युसम्बन्धी दुई ओटा, माओवादीबाट भएको हत्यासम्बन्धी दुई ओटा, राज्यपक्षबाट बेपत्ता पारेको सम्बन्धी २ सय ७८ ओटा, माओवादीले अपहरण गरी अवस्था अज्ञात बनाएको सम्बन्धी ३० ओटा, राज्यपक्षबाट यातना दिएको सम्बन्धमा दुई ओटा, माओवादीबाट आन्तरिक रूपमा विस्थापित गराएको सम्बन्धमा छ ओटा, ज्यानमार्ने धम्की सम्बन्धमा २० ओटा, विदेशमा बसेका नेपालीसम्बन्धी सात ओटा, आर्थिक, सामाजिक तथ साँस्कृतिक अधिकारसम्बन्धी आठ ओटा र स्वेच्छिक पुर्पक्षको अधिकारसम्बन्धी एउटा मुद्दाहरू पर्दछन्। यसमा आयोगले उजुरी बाहेक आयोगको आफ्नै पहलमा जानकारी लिई छ ओटा घटनाहरूमा नेपाल सरकारलाई सिफारिस गरेको छ। जसमा कपिलवस्तु घटना, पत्रकार विरेन्द्र शाहको अपहरण र हत्यासम्बन्धी घटना, पाठ्यक्रममा मानव अधिकार शिक्षा लागु गर्ने सम्बन्धमा, विद्यालय भवनबाट सशस्त्र प्रहरी हटाउने तथा सप्तरी र सिराहामा मानव अधिकारसम्बन्धी स्थितिको बारेमा रहेका छन्।

यस बाहेक आयोगले वर्तमान परिवर्तित परिस्थिति र संक्रमणकालीन अवस्थालाई मध्यनजर गरी सन २००८ देखि २०१० सम्मको लागि तीनवर्षे रणनीतिक कार्ययोजना बनाउने कार्यको थालनी गरिसकेको छ। साथै आयोगले विस्तृत शान्ति सम्झौताको कार्यान्वयनको एक वर्ष, बालअधिकारको स्थिति २००७, मानव अधिकारको स्थिति २००७ सम्बन्धी अनुगमन प्रतिवेदनहरू प्रकाशित गरिसकेको छ। यस बाहेक आयोगले ५९ औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा "मर्यादा, न्याय र शान्ति सम्पूर्ण मानव अधिकार सबैका निम्ति " भन्ने नाराका साथ राष्ट्रव्यपी रूपमा अभियान चलाएको थियो। यसरी मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनमा आयोग क्रियाशिल रहेको छ।

गौरी प्रधान
प्रवक्ता, राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय दलित आयोग

यसै वर्ष गठन भएको राष्ट्रिय दलित आयोगले मानवअधिकारसम्बन्धी विभिन्न कार्यहरू गऱ्यो। राष्ट्रिय दलित आयोग स्थापना गर्न विधेयक मस्यौदा तयार गर्नुका साथै जातीय भेदभाव तथा छुवाछूत अपराध उन्मूलन ऐन २०६४ को मस्यौदा विधेयक तयार गऱ्यो। आयोगबाट विभिन्न जिल्लाहरूमा जनचेतनामूलक घुम्ती न्यायिक सेवा प्रदान कार्यक्रहरूको आयोजना, कपिलवस्तुमा भएको घटनाको अनुसन्धान, अप्रत्यासितरूपमा हुने जातीय विभेदका घटनाहरूको स्थलगत निरीक्षण, समन्वय र कानुनी प्रक्रिया अवलम्बन गर्नेलगायत् छुवाछूत विरूद्धको अन्तर दलित र दलित इतर समन्वय गोष्ठीको पनि आयोजना गऱ्यो।

नेपाल बार एसोसिएसन

मानव अधिकारको दृष्टिले सन २००७ लाई सिंहावलोकन गर्दा सकारात्मक र नकारात्मक दुवै प्रवृतिहरू देखिन्छन। जनआन्दोलनका उपलब्धीहरूलाई संस्थागत गर्न बनेको अन्तरिम संविधान २०६३ ले मानव अधिकारका मूल्य मान्यतालाई आत्मसात गरेकोले यो कदमलाई सकारात्मक र अग्रगामी रूपमा लिइनु पर्दछ। संविधानसभाको निर्वाचनद्वारा नयाँ संविधानको निर्माणका लागि जारी गरिएका घोषणा र कानूनहरूलाई सकारात्मक रूपमा लिइनु पर्दछ। जनआन्दोलनलाई संस्थागत गर्ने उल्लेखित प्रयासहरूलाई मानवअधिकारको आँखाबाट नियाल्दा सकारात्मक कदमहरू हुन्।

नागरिकका आधारभूत मानव अधिकारको सुरक्षा गर्न सरकार असफल भएको छ। त्यसैगरी राजनीतिक दलहरूकै कार्यकर्ताहरूद्वारा कानुन हातमा लिने र समानान्तर संरचना खडा गर्ने कार्य गरी जनतालाई हैरानी दिएको, सार्वजनिक सम्पत्तिको तोडफोड भएको साम्प्रदायिक सदभाव भड्काउने प्रयास भएको र कतिपय कानुन व्यवसायी तथा न्यायाधीशहरूले समेत डर, धाक र धम्कीको सामना गर्नु परेको, मानवअधिकार रक्षकहरू र पत्रकारहरूको समेत जिउ ज्यान जोखिममा परेको जस्ता घटनाहरूलाई मानव अधिकारको दृष्टिकोणले दु:खद घटनाको रूपमा लिनु पर्दछ।

नेपाल बार एसोसिएसन सदैव संवैधानिक सर्वोच्चता सहितको विधिको शासन, स्वतन्त्र न्यायपालिका र मानव अधिकारको पक्षमा रही आएकोले मानव अधिकारको संरक्षण गर्नु नेपाल बार एसोसिएसनको आधारभूत मान्यता हो।

संविधान सभा नै जनताको सार्वभौमिकताको उपयोगको सर्वोत्तम थलो भएको र आफ्ना भनाईहरू विधिवत रूपमा राख्न पाउने अवसर समेत भएको हुंदा त्यसबाट बन्ने संविधानले नै सबैको प्रतिनिधित्व र स्वामित्वको अनुभूति प्रदान गर्ने भएकोले उक्त निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष रूपमा सफल बनाउने अभियानमा रहेको छ।

विश्वकान्त मैनाली
अध्यक्ष, नेपाल बार एसोसिएसन

अनुसूची

५

शान्ति प्रक्रियासम्बन्धी दस्तावेजहरू

नेपाल सरकार र निजामती कर्मचारीबीच भएको सहमति

नेपाल सरकारको वार्ताटोली र निजामती कर्मचारी सम्बद्ध संस्थाहरूका प्रतिनिधिबीच निजामति कर्मचारीहरूका मागका सम्बन्धमा ०६४ जेठ १७ र असार ८ गते भएका वार्ताहरूको आधारमा ०६४ असार १० गते भएको सहमति देहाय बमोजिम गरिएको छ।

१. निजामति कर्मचारीको पदोन्नतिलाई सुनिश्चित गर्न सामान्य प्रशासन सचिवको संयोजकत्वमा ०६४ जेठ २३ गतेमा गठित कार्यदलका प्रतिवेदन अनुसार संसदमा विचाराधीन विधेयकलाई परिमार्जन गरी ०६४ असार मसान्तसम्म पारित गराई तत्काल कार्यन्वयन गराउन सरकारको तर्फबाट पहल गर्ने प्रतिबद्धता जाहेर गरिएको छ।

२. उच्चस्तरीय तलब आयोग २०६१ को प्रतिवेदन र ०६४ जेठ २३ गतेमा गठित कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा राजस्व वृद्धिलाई आधार मानी ०६४।०६५ आर्थिक वर्षको शुरुदेखि नै नयाँ तलबमान कायम गरी राष्ट्रसेवक कर्मचारीको तलब बृद्धि गर्ने।

३. कम्तिमा शाखा अधिकृत सम्मका कर्मचारी आबद्ध हुने गरी विचाराधीन निजामती सेवा ऐनमा उपयुक्त कानूनी व्यवसथा गरी निजामती कर्मचारीलाई ट्रेड यूनियन अधिकार प्रदान गर्ने। ट्रेड यूनियन श्रम तथा रोजगार प्रबर्द्धन विभागमा दर्ता गर्न कानूनी व्यवस्था मिलाउने।

४. कर्मचारीहरूको सुरक्षाको विषयलाई गम्भीरतापूर्वक लिई सरकारले भरपर्दो सुरक्षा प्रबन्ध मिलाउने।

रामचन्द्र पौडेल, शान्ति तथा पुननिर्माण मन्त्री
विष्णुप्रसाद लामिछाने, कार्यवाहक अध्यक्ष, नेपाल निजामति कर्मचारी संगठन
रुद्र खड्का, नेपाल निजामति कर्मचारी यूनियनका कार्यवाहक अध्यक्ष
रुक्म लामिछाने, नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष

नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपाल बीच भएको सहमति

सरकारी वार्ताटोली र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त सङ्घर्ष समिति, नेपालका प्रतिनिधिबीच २०६३ चैत, वैशाखमा २ पटक, जेठमा ३ पटक, अषाढमा १ पटक गरी विभिन्न चरणमा भएका छलफलबमोजिम ०६४ साउन २२ गते ललितपुरको गोदावरीमा सम्पन्न वार्तामा देहाय बमोजिमको सहमतिहरू भयो।

१. संविधानसभाको निर्वाचनका लागि वर्तमान संविधानमा भएको व्यवस्था अन्तरगत "पहिलो हुने निर्वाचन हुने" प्रणालीमा दलहरूले उम्मेदवारी दिँदा सबै जाति-जनजातिका समानुपातिक समावेशी हुने कुरालाई ध्यानमा राखी उम्मेदवारी तय गरिनेछ।

२. राजनीतिक दलहरूले समानुपातिक सूची तयार गर्दा निर्वाचनमा सहमागी हुने सबै दलहरू मिलेर सूचीकृत आदिवासी जनजातिका प्रत्येक समुदायबाट प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था मिलाइनेछ।

३. दुवै निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका सुचिकृत आदिवासी जनजातिको न्यूनतम एक प्रतिनिधित्व सुनिश्चित गराउने सम्बन्धमा संवैधानिक वा कानूनी सुनिश्चितता कसरी गराउने सम्बन्धमा नेपाल सरकारले आठ राजनीतिक दलमा सहमति गरी निष्कर्ष निकालिने छ।

४. नेपालको राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई सर्वोपरि राखी जाति, भाषा, भौगोलिक क्षेत्र तथा आर्थिक आधार र सांस्कृतिक विशेषता समेतका आधारमा राज्यको संघीय संरचना सम्बन्धी सुझाव अब बन्ने संविधानसभा समक्ष प्रस्तुत गर्न एक राज्य पुन:संरचना आयोग तत्कालै गठन गरिनेछ। सो आयोगमा आदिवासी जनजाति, मधेसी, दलित, महिला लगायत विभिन्न वर्ग, क्षेत्र र समुदायका विशिष्ट विशेषज्ञहरू रहनेछन्।

५. आदिवासी जनजाति आयोग गठन गर्ने।

६. नेपाली भाषालाई मात्रै सरकारी कामकाजको भाषाको रुपमा मान्यता प्रदान गरिएकोमा नेपाली भाषा र स्थानीय स्तरमा बोलिने मातृभाषालाई समेत मान्यता प्रदान गरिने व्यवस्था संविधानसभाबाटै गरिनेछ। नागरिकहरूको भाषिक अधिकारलाई सुनिश्चित तुल्याउने दिशामा सरकारी प्रतिबद्धता कायमै गरिनेछ।

७. संविधानसभा लगायतका सार्वजनिक महत्वका विषयहरूमा जानकारी माग्ने र तत्सम्बन्धी सूचना र जानकारी प्रप्त गर्ने नागरिकहरूको अधिकारको संरक्षण र सम्मान गर्दै यस सम्बन्धी सूचना र जानकारीहरू सर्वसाधारण जनताले आ-आफने मातृभाषामा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइने छ।

८. राजनीतिक दलहरूका सबै तहमा सबै वर्ग, लिङ्ग, समुदाय र जातजातिको प्रतिनिधित्व हुनुपर्नेमा नेपाल सरकारको सिद्धान्ततः सहमति रहेको छ। राज्यका सबै अङ्ग र तहमा सबै जाति, वर्ग, समुदाय, लिङ्ग र क्षेत्रको समावेशी, सहभागिता र समानुपातिक प्रतिनिधित्वका लागि सबैको प्रतिनिधित्व रहेको एक कार्यदल तत्कालै गठन गरी अध्ययन गर्न लगाइने छ।

९. राज्य सञ्चालनका सबै अङ्ग र तहहरूमा आदिवासी जनजातिहरू लगायतका सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायको समावेशी-समानुपातिक प्रतिनिधित्व हुनुपर्ने कानूनी एवम् नीतिगत तहमा व्यक्त प्रतिबद्धतालाई व्यवहारमा उतार्न सबै क्षेत्रबाट पहल गर्दै लगिनेछ।

१०. आदिवासी जनजाति लगायत विभिन्न वर्ग, क्षेत्र, लिङ्ग र समुदायहरूको सरोकारका विषयहरूमा महत्वपूर्ण निर्णय लिँदा सम्बन्धित पक्ष र निकायहरूको सल्लाह र परामर्श लिने व्यवस्थालाई विकसित गर्दै लगिनेछ।

११. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नम्बर १६९ को अनुमोदन गर्ने प्रस्तावलाई अविलम्ब पारित गराइने व्यवस्था मिलाइनेछ।

१२. आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी राष्ट्रसंघीय घोषणापत्रलाई अनुमोदन गर्ने सम्बन्धमा आवश्यधक कानूनी प्रक्रिया पूरा गरी अविलम्ब उपयुक्त कदम चालिनेछ।

१३. आदिवासी जनजाति सम्बन्धी जिल्ला समन्वय समिति गठन गर्ने सिलसिलामा लोकतान्त्रिक एवम् पारदर्शी प्रक्रियाको अवलम्बन गरिनेछ। साथै यस प्रक्रियामा आदिवासी जनजाति महासंघ र राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको संलग्नतालाई उच्च महत्व दिइनेछ।

१४. अन्तरिम योजना लगायतका विकास योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा लैङ्गिक मूलप्रवाहीकरणको मर्म र भावनालाई आत्मसात गर्दै कार्यक्रमको कार्यान्वयन तथा लाभको बाँडफाँडमा महिला विविधतालाई दृष्टिगत गरी आदिवासी जनजाति, दलित र मधेसी महिलाहरूको समेत समान सहभागितामा जोड दिइने छ।

१५. जैविक विविधता सम्बन्धी महासन्धिको पक्ष राष्ट्रको हैसियतले आदिवासी जनजातिहरूको परम्परागत ज्ञान, सीप, अभ्यास र प्रविधिको उपयोग र संरक्षणमा राज्यले विशेष ध्यान दिनेछ।

१६. वरिष्ठ भूगोलविद् डा. हर्क गुरुङलाई राष्ट्रले विशेष सम्मान प्रदान गर्नेछ।

१७. ताप्लेजुङको घुन्सामा भएको हेलिकोप्टर दुर्घटनामा परी दिवंगत भएका सबै नेपालीहरूलाई राहतस्वरुप प्रति परिवार रु.१० लाख क्षतिपूर्ति दिने व्यवस्था मिलाउने।

१८. मुक्त कमैयाहरूको समस्यालाई स्थायी तवरले समाधान गर्न नेपाल सरकारले शुरु गरेको प्रक्रियालाई सम्झौता अनुसार प्रभावकारी रुपमा अगाडि बढाउने।

१९. मधेसी, महिला, दलित लगायतका विभिन्न वर्ग र समुदायहरूबाट उठाईएका मागहरूलाई सम्बन्धित पक्षहरूसँग सम्वाद र छलफल गरी समाधान गर्ने सन्दर्भमा सरकारले गम्भीरतापूर्वक पहल गरी सहमति कायम गराउने छ।

२०. देशभरिका सम्पूर्ण आदिवासी जनजाति समुदायहरूलाई आगामी संविधानसभा निर्वाचन सफल पार्न एक जुट हुन नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति संयुक्त संघर्ष समिति तथा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ हार्दिक आह्वान गर्दछन्।

रामचन्द्र पौडेल, सरकारी वार्ता टोलीका संयोजक

डा. ओम गुरुङ, नेपाल आदिवासी जनजाति महासंघका संयोजक

केबी गुरुङ, आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालका संयोजक

नेपाल सरकार र मधेसी जनअधिकार फोरमबीच भएको सहमति

नेपाल सरकार र मधेसी जनअधिकार फोरम, नेपालबीच २०६४ जेठ १८ बाट सुरु भई विभिन्न ६ चरणमा भएको छलफल र सहमतिको आधारमा ०६४ भदौ १३ गते भएको छलफलमा देहाय बमोजिमको सम्झौता भएको थियो।

१. मधेस आन्दोलनको क्रममा सहिद भएकाहरूलाई सम्मान गर्दै निजका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने सरकारी निर्णयलाई तत्काल कार्यान्वयन गर्ने।

२. मधेस आन्दोलनको क्रममा घाइते, अन्धा, अपाङ्ग भएकाहरूलाई राहत उपलब्ध गराउने र अझै उपचार हुन बाँकी रहेका घाइतेहरूलाई तत्काल औषधोपचारको व्यवस्था मिलाउने।

३. मधेस आन्दोलनको सिलसिलामा फोरमका नेता तथा कार्यकर्ताहरू माथि लगाइएका मुद्दाहरू खारेज गर्ने।

४. देशमा युगौंदेखि बहीस्कारणमा पारिएका मधेसी, आदिवासी जनजाति, दालित, महिला, पिछडावर्ग, अपाङ्ग, अल्पसंख्यक समुदाय, मुसलमान आदि समुदायहरूको राज्यका सम्पूर्ण संचरनाहरूको सबै अङ्ग र तहका साथै शक्ति, साधन र स्रोतमा सन्तुलित समानुपातिक प्रतिनिधित्व र साझेदारी गर्ने।

५. राज्यको पुन:संरचना सम्बन्धी आयोग तत्काल गठन गर्ने र सो अयोगमा समावेशीय रूपमा विशेषज्ञहरू रहने समेत व्यवस्था गर्ने।

६. राज्यको पुन:संरचना गर्दा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्ततायुक्त प्रदेशहरू सहितको संघीय शासन प्रणलीको व्यवस्था गरिने छ। उक्त स्वायत्तताको अधिकार, प्रकृति र सीमा संविधान सभाले निर्धारण गरे बमोजिम हुनेछ।

७. मधेसीहरूको भेष-भुषा, भाषा, संस्कृतिलाई राष्ट्रिय मान्यता दिने।

८. नेपाल सरकारद्वारा गरिने सबै राजनीतिक नियुक्ति वैदेशिक सेवा र शिक्षा क्षेत्र लगायतका सेवाहरूका साथै आयोगहरूमा समुचित समानुपातिक प्रतिनिधित्व गर्ने।

९. मुस्लिमहरूको मुख्य चाडपर्वहरूमा सार्वजनिक बिदा दिने, मदरसा बोर्डलागयत निजहरूको जाति, भाषा, लिङग, धर्म, संस्कृति र रीतिरिवाज सुरक्षित गर्न कानून तर्जुमा गर्ने।

१०. जाति, भाषा, लिङ्ग, धर्म, संस्कृति, राष्ट्रिय तथा समाजिक उत्पत्ति, राजनीतिक तथा अन्य विचार आदिको आधारमा गरिने सबै खाले विभेद अन्त्य गरी मानवअधिकार पूर्ण प्रत्याभूति गर्ने।

११. सरकारी कामकाज, शिक्षा तथा अन्तर्राष्ट्रिय सम्पर्क गर्दा (क) मातृभाषा (ख)नेपाली भाषा र (ग) अंग्रेजी भाषाको त्रि-भाषीय नीति कायम गर्ने।

१२. दलित समस्या समाधान गर्न:

(क) जातीय विभेद र छुवाछूत गर्नेलाई कडा कानूनी दण्डको व्यवस्था गर्ने।

(ख) दलितलाई नि:शुल्क र कम्तिमा अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

(ग) शिक्षा र रोजगारीमा विशेष अवसर र आरक्षणको व्यवस्था गर्ने।

(घ) भूमिहीन दलितलाई आवासको लागि भूमिको व्यवस्था गरी वैकल्पिक जीवीकोपार्जनको व्यवस्था गर्ने।

१३. नागरिकताबाट अझै वञ्चित रहेका नागरिकहरूलाई नागरिकता प्रमाण पत्र सरल र सुलभ तरिकाबाट वितरण गर्न नागरिकता टोली पुन: गाउँ गाउँमा पठाई नागरिकता समस्या समाधान गर्ने।

१४. मधेश तथा विकट क्षेत्रलाई राज्यबाट प्राप्त राजश्व र आम्दानीको बाँडफाँडमा सन्तुलित एवम् न्यायोचित वितरण नीति अपनाउने।

१५. नेकपा (माओवादी) द्वारा कब्जा गरिएका घर, जग्गा र सम्पति फिर्ता गर्ने गराउने क्रम जारी रहेको र उनीहरूद्वारा कब्जा गरिएका हातहतियार समेत हकवालालाई फिर्ता गराउने कार्यलाई तदारुकताका साथ अगाडि बढाउने।

१६. औद्योगिक उत्पादन वृद्धिका साथै देशलाई औद्योगिकरण गर्न र औद्योगिक सुरक्षाको प्रत्याभूति गर्न औधोगिक सुरक्षाबल गठन गर्ने।

१७. संविधानसभाको निर्वाचन निष्पक्ष, शान्तिपूर्ण एवं भायरहित वातावरणमा सम्पन्न गर्न दुवै पक्ष प्रतिवद्ध रहने। संविधानसभाको निष्पक्षताका लागि

वर्तमान व्यवस्थापिका संसद लगायतकाले राज्यको साधन, स्रोत र शक्तिको दुरुपयोग गर्न नपाउने गरी रोक्न लगाउन आवश्यक व्यवस्था गर्ने।

१८. सरकारी संचार माध्यमहरू टी.भी, रेडियो, छापा, लगायत सबै अङ्ग र तहमा मधेसी संचारविद एवम् पत्रकारहरूको संचार मन्त्रालयबाट, नियुक्त र सरकारी सञ्चार आयोग, निकायहरू तथा प्रतिनिधि मण्डलमा मधेसीहरूको समानुपातिक समावेशी सहभागिता गराउँदै जाने।

१९. मधेसी युवा फोरमका उपत्यका अध्यक्ष जीतेन्द्र साहलाई अपहरणकारीले अपहरण गरी बेपत्ता बनाइएकोमा निजको खोजतलास र विशेष अनुसन्धान गर्न खोजी दल बनाई यथाशीघ्र स्थिति सार्वजनिक गर्ने।

२०. मधेसी, आदिवासी-जनजाति, दालित, महिला, आदिलाई राज्यको हरेक अङ्ग र तहमा समावेशीकरण गर्न आवश्यक नीति निर्धारण र कानूनको तर्जुमा गर्न उच्चस्तरीय समावेशीकरण कार्यदको गठन तुरुन्त गर्ने।

२१. अल्पसङ्ख्यकहरूको अधिकार सम्बन्धमा राष्ट्रसंघीय तथा अन्तर्राष्ट्रिय मानवअधिकारको मान्यता अनुरुप जातीय, भाषिक र धार्मिक अल्पसङ्ख्यकहरूको अधिकारको संवैधानिक प्रत्याभूति गर्ने।

२२. मधेसी जनअधिकार फोरमद्वारा सञ्चालन गरिदैं आएको विभिन्न आन्दोलनलाई फिर्ता लिने। उपर्युक्त सहमतिलाई नेपाल सरकारले तत्काल गर्न सकिने कार्यहरूलाई तत्काल गर्ने र तत्काल गर्न नसकिने प्रावधानलाई उपर्युक्त समयभित्र गरी सक्ने। कार्यान्वयनका लागि आवश्यक कार्यका साथै रेखदेख गर्न र समय समयमा कार्यान्वयनको समीक्षा गर्न संयुक्त अनुगमन संयन्त्रको निर्माण गर्ने।

रामचन्द्र पौडेल, सरकारीवार्ता टोली संयोजक
उपेन्द्र यादव, मधेसी जनअधिकार फोरम, नेपालका संयोजक

नेपाल सरकार र चुरेभावर प्रदेश एकता समाजबीच भएको सहमति

नेपाल सरकार र चुरे भावर प्रदेश एकता समाज, नेपाल वार्ता टोलीबीच ०६४ असोज १५ र २७ गते भएका छलफलको आधारमा ०६४ असोज २८ गते सम्पन्न समझदारीमा निम्न अनुसारका सम्झौता भएको थियो।

१. चुरे भावर आन्दोलनको क्रममा धनुषा जिल्लाको यज्ञभूमि गाउँ विकास समितिमा भएको घटनाको क्रममा कर्तव्य ज्यान मुद्दा लागी गिरफ्तार भएका समाजका नौ जना कार्यकर्ताहरूको मुद्दा फिर्ता लिन आवश्यक कानूनी प्रक्रिया अगाडि बढाउने र सो सन्दर्भका अन्य मुद्दा र वारेन्टसमेत खारेज गर्ने।

२. सुरक्षाका कारणले सदरमुकाममा गई सरकारी निकायबाट सेवा प्राप्त गर्ने कार्यमा भैरहेको असुविधालाई ध्यानमा राखी तत्काल जनतालाई सेवा उपलब्ध गराउन प्रबन्ध मिलाउने।

३. चुरे भावर प्रदेश एकता समाजको आन्दोलनमा सर्लाहीको ढुंङ्ग्रे खोलामा प्रहरीको गोली लागी सहादत प्राप्त गर्ने मङ्गलबहादुर गुर्मछानका परिवारलाई रु.१० लाख राहत उपलब्ध गराउने सरकारी निर्णय तत्काल कायान्वयन गर्ने। उक्त आन्दोलनमा घाइते हुन पुगेका र उपचार हुन बाँकी चुरे भावर प्रदेश एकता समाजका उपाध्यक्ष लगायतका व्यक्तिहरूको उपचारको समुचित प्रबन्ध मिलाउने।

४. तराईका विभिन्न सशस्त्र समूहको हमलामा परी मृत्यु हुन गएका व्यक्तिका परिवारहरूलाई पनि अरु सरह राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने।

५. चुरे भावर प्रदेशमा विगतमा भएका आन्दोलनको क्रममा घटेका घटनाहरूको बारेमा छानवीन गर्न गठित आयोगलाई नै थप जिम्मेवारी दिइएको हुँदा यस विषयमा उक्त आयोगलाई समयमा नै कार्य सम्पादन गर्न आवश्यक सहयोग पुऱ्याउने र प्रतिवेदनको आधारमा सो क्षेत्रमा हुन गएको धनजनको क्षति उपर उपर्युक्त कारवाही गरी सम्बन्धित व्यक्तिहरूलाई उपलब्ध गराउने कार्य समेत गर्ने।

६. राज्यको पुन:संरचना गर्दा नेपालको सार्वभौमसत्ता राष्ट्रिय एकता र अखण्डतालाई सुदृढ हुने गरी संविधानसभाले निर्धारण गरे बमोजिम स्वायत्ततायुक्त संघीय शासन प्रणाली कायम गर्ने।

७. चुरे भावर क्षेत्र भित्रका विकास निर्माणका काम, वनसँग सम्बन्धित काम ढुङ्गा, बालुवा, गिट्टी, माटो आदि ठेक्का बन्दोवस्त गर्ने विषयमा स्थानीय

निकायसँग सहमति कायम गराई कार्य सम्पादन गर्ने।

८. तराई-मधेस, पहाड, हिमाल सबै क्षेत्रका जनतालाई आपसी सद्भाव खलबलिन नदिन र आपसी समझदारी विकासित गराई राष्ट्रिय एकता र अखण्डतालाई सुदृढ गराउन सबै पक्ष क्रियाशील रहने।

९. आगामी मंसीर ६ गते हुन गइरहेको संविधानसभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन चुरे भावर प्रदेश एकता समाजको तर्फबाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दै आन्दोलनका सम्पूर्ण कार्यक्रमहरू फिर्ता लिइएको छ।

रामचन्द्र पौडेल, सरकारी वार्ताटोली संयोजक
केशवप्रसाद मैनाली, चुरेभावर प्रदेश एकता समाज, नेपालका अध्यक्ष

नेपाल सरकार र राष्ट्रिय वादी अधिकार सङ्घर्ष समितिबीच भएको सहमति

सरकारी वार्ताटोली र राष्ट्रिय वादी अधिकार संघर्ष समितिबीच ०६४ असोज १५ र २७ गते गरी विभिन्न चरणमा भएका वार्ता, छलफल तथा निष्कर्ष समेतलाई ध्यानमा राखी ०६४ असोज २८ गते दुवै पक्षबीच शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा भएको बैठकबाट निम्न बमोजिम सहमति भएको थियो।

१. ०६४ असोज १५ गते दुवै पक्षबीच भएको सहमति बमोजिम गठित सचिवस्तरीय कार्यदलले प्रस्तुत गरेको प्रतिवेदनलाई सैद्धान्तिक सहमति प्रदान गर्ने। वादी समुदायको आत्मसम्मानमा ठेस लाग्ने शब्दहरू भाँड, वदेनी, पातर, आदि शब्दहरूको प्रयोगमा तुरुन्त रोक लगाउने र देशभरिका वादी समुदायहरूलाई नागरिकता दिने व्यवस्था तत्काल मिलाउने।

२. उक्त प्रतिवेदनमा उल्लेख भए बमोजिम वादी समुदायका बालबालिकालाई छात्रवृति उपलब्ध गराउने समेतका विषयहरूलाई बुँदागत रुपमा कार्यान्वयन गराउन नेपाल सरकारले तोकेको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतको संयोजकत्वमा गृह मन्त्रालय, स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकृत स्तरका प्रतिनिधिहरूको साथै वादी समुदायका एकजना महिलासहित दुईजना प्रतिनिधिहरू समेत एक अध्ययन कार्यदल नेपाल सरकाले तत्काल गठन गर्ने। उक्त कार्यदलले ६ महिनाभित्र सम्पूर्ण अध्ययन पूरा गरी सहमति कार्यान्वयन गराउने छ।

रामचन्द्र पौडेल, सरकारीवार्ता टोली संयोजक
उमादेवी वादी, राष्ट्रिय वादी अधिकार संघर्ष समितिका वार्ताटोली संयोजक

सात दलबीच भएको २३ बुँदे सहमति

प्रधानमन्त्री निवास बालुवाटारमा २०६४ पुस ८ गते आइतबार सात राजनीतिक दलका शीर्ष नेताहरूको बैठक बस्यो। दलहरूका बीचको लामो छलफलमा विभिन्न विषयहरूमा दलहरूका आ-आफ्ना मत रहेका भए पनि संविधानसभाको निर्वाचन ०६४ चैतभित्र सम्पन्न गर्ने राष्ट्रिय संकल्पलाई केन्द्रविन्दुमा राखेर सात दलका शीर्ष नेताहरूबीच सहमति भई निम्नलिखित निर्णय गरेका छौं:

१. संविधानको धारा १५९ को उपशीर्षक र उपधारा (१), (२), (३), (३ख) को सट्टा देहायबमोजिमको संशोधन मिलाउने:

(क) नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ।

(ख) गणतन्त्रको कार्यान्वयन संविधानसभाको पहिलो बैठकबाट गरिनेछ।

तर, राजाले संविधानसभाको निर्वाचन हुन नदिन गम्भीर व्यवधान खडा गरेमा संविधानसभाको निर्वाचनअगावै पनि व्यवस्थापिका-संसद्को तत्काल कायम रहेका कम्तीमा दुईतिहाइ सदस्यहरूको बहुमतले प्रस्ताव पारित गरी गणतन्त्र कार्यान्वयन गर्न सक्नेछ।

यस्तो प्रस्ताव पेस गर्ने निर्णय मन्त्रिपरिषद्ले

गर्नेछ र मन्त्रिपरिषद्ले सो प्रस्ताव व्यवस्थापिका-संसद्समक्ष पेस गर्नेछ।

(ग) मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा रहने छैन।

(घ) मुलुकको शासन व्यवस्थासम्बन्धी सबै काम प्रधानमन्त्रीले गर्नेछ।

(ङ) गणतन्त्र कार्यान्वयन नहुन्जेल सम्मका लागि राष्ट्रप्रमुखले गर्ने काम प्रधानमन्त्रीले गर्नेछ।

२. वर्तमान अवस्थामा कायम रहेको पहिलो हुने निर्वाचित हुने २४० निर्वाचन क्षेत्रलाई कायम राख्ने र समानुपातिक निर्वाचन प्रणालीका आधारमा निर्वाचित हुने २४० सदस्य संख्याको ठाउँमा ३३५ सदस्य संख्या कायम गर्ने र सहमतिका आधारमा मन्त्रिपरिषद्ले मनोनयन गर्ने १७ जनाको सट्टा २६ जना कायम गर्ने गरी संविधानसभाको सम्बन्धित धाराहरूमा संशोधन गरी मिलाउने। मनोनीत हुने २६ जनामा निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाट समेत समावेश गर्ने गरी संशोधन गर्ने।

३. व्यवस्थापिका-संसद्को महासचिवको नियुक्तिसम्बन्धी आवश्यक प्रावधान संविधानमा राख्ने।

४. नेपाली काङ्ग्रेस र नेपाली काङ्ग्रेस (प्र.) को एकीकरण भई अबदेखि नेपाली काङ्ग्रेस भएको अनुसार संविधानमा आवश्यक संशोधन गरी मिलाउने।

५. निधन भएका, राजीनामा दिएका, निष्कासित गरिएका व्यवस्थापिका-संसद्का सदस्यहरूको ठाउँमा नियुक्तिसम्बन्धी व्यवस्थाबारे संविधानमा संशोधन गरी आवश्यक प्रावधान राख्ने।

६. देहायबमोजिमका आयोग एवम् समितिहरू सरकारले सहमतिका आधारमा एक महिनाभित्र गठन गर्नेछ:

(क) बेपत्ता पारिएकाहरूबारे छानबिन आयोग।

(ख) सत्य निरूपण तथा मेलमिलाप आयोग।

(ग) राज्यको पुन:संरचनासम्बन्धी आयोग।

(घ) वैज्ञानिक भूमिसुधारसम्बन्धी अध्ययन तथा सुझाव आयोग।

(ङ) विस्तृत शान्ति सम्झौता तथा त्यसपछि भएका सहमतिहरूको प्रभावकारी कार्यान्वयनको अनुगमनका लागि उच्चस्तरीय अनुगमन समिति।

(च) विस्तृत शान्ति सम्झौता अनुरूप उच्चस्तरीय शान्ति आयोग गठन गरिनेछ। यससँग समन्वय गरी शान्ति मन्त्रालयले काम गर्नेछ।

७. स्थानीय निकायमा सहमतिका आधारमा संयन्त्र निर्माण गर्ने। यससम्बन्धी निर्णय शीर्ष नेताहरू रहेको समन्वय समितिले गर्ने।

८. सशस्त्र द्वन्द्वका क्रममा मारिएका परिवारलाई विस्तृत शान्ति सम्झौताबमोजिम माघ महिनाभित्रमा राहत उपलब्ध गराउने। बेपत्ता पारिएकाहरूको हकमा छानबिन आयोगको प्रतिवेदनका आधारमा राहत दिइनेछ। छानबिन आयोगले काम सुरु गरेको एक महिनाभित्रमा प्रारम्भिक प्रतिवेदन दिने।

९. सशस्त्र द्वन्द्वका क्रममा हालसम्म माओवादीद्वारा कब्जा गरिएका निजी तथा सार्वजनिक घर, जग्गा-जमिनहरू एक महिनाभित्रमा सम्बन्धित व्यक्ति तथा निकायहरूलाई फिर्ता गरिसक्ने। यो सहमतिलाई जिल्लामा कार्यान्वयनका लागि प्रजिअको अध्यक्षतामा एउटा संयन्त्र बनाउने। विस्थापितहरूलाई आफ्नो घर-जग्गामा स-सम्मान पुन:स्थापना गराउने।

१०. बुँदा नं. ८ र ९ का बारेमा अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई अनुरोध गर्ने।

११. माओवादी सेनाका प्रमाणित लडाकूहरूलाई सहमति अनुसारको दिनुपर्ने बाँकी रकम किस्ताबन्दीमा माघ महिनाभित्र चुक्ता गर्ने तथा आगामी दिनमा मासिक रूपमा दिँदै जाने। प्रमाणीकरणबाट अयोग्य ठहरिएकाहरूलाई सहमति अनुसारको दिनुपर्ने बाँकी रकम दिएर अविलम्ब घर फर्कन व्यवस्था गर्ने।

१२. माओवादी सेनाका प्रमाणित लडाकूहरूको समायोजनका लागि अन्तरिम संविधानमा उल्लेख भएबमोजिम मन्त्रिपरिषद्ले बनाएको विशेष समितिद्वारा छलफल गरी कार्य अघि बढाउने।

१३. अन्तरिम संविधानको धारा १५४ मा व्यवस्था भएको तर गठन नभएका आयोगहरूको गठन एक महिनाभित्र गर्ने।

१४. सशस्त्र द्वन्द्वका दौरान विभिन्न मुद्दा लगाएर नेपालभित्र जेलमा रहेका रिहाइ हुन बाँकी माओवादी बन्दीहरू सबैलाई पुस महिनाभित्र रिहाइ गर्ने र माओवादी नेता तथा कार्यकर्तामाथि लगाइएका मुद्दाहरूमध्ये खारेज गर्न बाँकी रहेका मुद्दाहरू खारेज गर्ने।

त्यस्तै, सशस्त्र द्वन्द्वका क्रममा विदेशी जेलमा

रहेका नेपाली माओवादी बन्दीहरूको रिहाइका लागि कूटनीतिक तहमा पहल गर्ने।

१५. संविधानसभाको निर्वाचन, संघीय गणतन्त्रात्मक राज्य र बहुदलीय लोकतान्त्रिक शासन प्रणालीसहितको नयाँ संविधानको निर्माण तथा अन्तरिम सरकारको सुसञ्चालनका लागि सहयोग र समन्वय गर्न शीर्ष नेताहरू रहेको एक समन्वय समिति हुनेछ। यसको संयोजन पालैपालो गरी समितिले आफैँ तोक्नेछ। समितिको कार्यविधि समितिले आफैँले निर्धारण गर्नेछ।

१६. देशमा शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था, जनताका दैनिक आवश्यकताका वस्तुहरूको सुलभ र सुपथ आपूर्ति, सुशासन, भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र र निष्पक्ष ढंगले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने कार्यलाई अन्तरिम सरकारले उच्च प्राथमिकता दिनेछ।

१७. आगामी संविधानसभाको निर्वाचन सम्पन्न नहुन्जेलसम्म निर्वाचनलाई अवरुद्ध गर्ने वा नकारात्मक प्रभाव पार्ने कुनै पनि प्रकारका कामहरू राजनीतिक दलहरू तथा त्यससँग आबद्ध संघ-संस्थाहरूबाट गरिने छैन। कुनै पनि राजनीतिक दलका कार्यकर्ताहरू तथा त्यससँग आबद्ध संघ-संस्थाहरूले बल प्रयोग गर्ने, हतियारको प्रयोग र प्रदर्शन गर्ने, ठाउँठाउँमा क्याम्प वा ढाट राखेर कर उठाउने, पर्यटक, शिक्षक, कर्मचारी, व्यवसायी, व्यापारी तथा अन्य कुनै पनि व्यक्तिहरूसँग धम्की वा दबाबमा चन्दा, करलगायतका रकमहरू संकलन गर्ने, कुटपिट, अपहरण गर्ने, सम्पत्ति कब्जा गर्नेलगायतका कामहरू तत्काल बन्द गर्नेछ।

१८. कुनै पनि राजनीतिक दल र दलका कार्यकर्ताहरूलाई शान्तिपूर्ण तबरले आफ्नो संगठनको राजनीतिक गतिविधि गर्न र प्रचार-प्रसार गर्न कसैबाट पनि डर-धम्कीलगायत कुनै किसिमले बाधा-व्यवधान गर्ने तथा रोक्ने काम गर्ने छैन।

१९. बृहत् शान्ति सम्झौतामा उल्लेख भएका सबै विषयहरूलाई सम्बन्धित सबै पक्षहरूबाट पूर्णरूपमा पालन र कार्यान्वयन गर्न प्रतिबद्धता व्यक्त गरिन्छ।

२०. पुनःनिर्माण, पुनःव्यवस्थापन, पुनःस्थापना, पुनःवास र द्वन्द्वपीडितको राहतसमेतको आर्थिक दायित्व तत्काल कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन नेपाल सरकारले पहल गर्ने।

२१. संविधानसभाको निर्वाचनमा सबै जनतालाई भाग लिन संयुक्त रूपमा अपिल गर्नका लागि देशका विभिन्न भागमा सातवटै दलहरूले सातवटा आमसभा आयोजना गर्ने।

२२. यस सहमतिसाथ नेकपा(माओवादी) तत्काल सरकारमा सामेल हुने।

२३. संविधानसभाको निर्वाचन सम्पन्न गराउनु हामी सबैको पहिलो राष्ट्रिय एजेन्डा हो। नेपाल सरकारद्वारा मिति तोक्ने गरी ०६४ चैतभित्रै निर्वाचन सम्पन्न गराउने निर्णय सात दलको बैठकबाट हामीले गरिसकेका छौँ। स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि सबै राजनीतिक दलहरू, समस्त नागरिक समाज एवम् सबै पेसा व्यवसायीहरूलगायत सम्पूर्ण दाजु-भाइ तथा दिदी-बहिनीलाई हार्दिक अपिल गर्दछौँ।

श्री सुशील कोइराला
नेपाली कांग्रेसका कार्यवाहक सहभापति

श्री माधवकुमार नेपाल
नेपाल कम्युनिस्ट पार्टी (एमाले) का महासचिव

श्री प्रचण्ड
नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का अध्यक्ष

श्री अमिक शेरचन, जनमोर्चा नेपालका अध्यक्ष

श्री नारायणमान विजुक्छे
नेपाल मजदुर किसान पार्टीका अध्यक्ष

श्री श्यामसुन्दर गुप्ता, नेसपा(आ.) का महासचिव

श्री सीपी मैनाली, संयुक्त वाममोर्चाका अध्यक्ष

पुस ८, २०६४, काठमाडौँ

अनुसूची

६

क्रिया/प्रतिक्रिया

पाँचथर जिल्लामा विगत वर्षभन्दा यस वर्ष मानवअधिकार हननका घटना कम भए। राज्य तथा माओवादीले शान्ति सम्झौतामा हस्ताक्षर गरेको र सिङ्गो मुलुकलाई शान्ति तथा अग्रगमनको दिशामा अघि बढाउने सार्वजनिक प्रतिबद्धता जनाएका छन्। इन्सेकको भूमिका ठीकै रहेको भए पनि जनशक्तिको अभावले ग्रामीण भेगका घटना छुट्ने र समेटिए पनि ढिलो मात्र थाहा लाग्ने गरेको छ।

गणेश काम्वाङ
सचिव, एमाले जिल्ला कमिटी, पाँचथर

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार हनन, ज्यादती र उल्लङ्घनका घटनाहरू वस्तुपरक ढङ्गले जनसमक्ष ल्याई घटित सानाठूला मानवअधिकारविरोधी हर्कत र क्रियाकलापहरूको भण्डाफोर गर्दै नागरिक समाजलाई सुसूचित गराएर जनचेतना र जागरुकता पैदा गराएको छ। वर्षपुस्तकले राज्यपक्षलाई गम्भीर, सचेत र संवेदनशील हुन बाध्य पारेको छ भने नागरिक समुदायलाई मानवताविरोधी कार्यप्रति खबरदारी गर्न प्रेरित गरेको छ। हत्या, हिंसा, आतङ्क, अपहरण, चन्दा आतङ्क, बलात्कार, भ्रष्टाचारजस्ता विकृति र विसङ्गति दिन-प्रतिदिन बढेको छ। दण्डहीनताको सिकारमा मुलुक फसेको वर्तमान अवस्थामा सामाजिक सद्भाव हराउँदै जानु, जघन्य अपराधमा वृद्धि हुनु, कानुनी राज्यको खिल्ली उडाउनुजस्ता अराजक स्थितिमा इन्सेकले वर्षपुस्तकमार्फत रखबारी र खबरदारीजस्ता कार्यमा द्रुत गतिमा अभियान छेडोस् भन्ने अपेक्षा गरेको छु।

मानदेव केरुङ
अध्यक्ष, राप्रपा, पाँचथर

वर्तमान समयमा पाँचथरको मानवअधिकारको अवस्था सन्तोषजनक छ। युद्धकालको तुलनामा ९९ प्रतिशत सुधार आएको छ। हत्या-अपहरणका घटनाहरू कतै सुन्नमा आएको छैन। मानवअधिकारवादी इन्सेकजस्ता संस्थाहरूमार्फत आगामी चैतमा हुन लागेको चुनाव शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन सक्रिय खबरदारीको खाँचो छ। निर्भयतापूर्वक मतदानको वातावरण निर्माण हुनुपर्छ। त्यसका निम्ति सबै जिम्मेवार निकायहरू क्रियाशील हुनुपर्छ।

दिनेश लखरी
सचिव, जनमोर्चा नेपाल, पाँचथर

सरकारी प्रस्ट नीति नियमहरूको अभावका कारण शान्ति, सुरक्षा र घटनाहरूको सही छानबिन गर्ने काममा सरकार निरीह देखियो। सरकारी संयन्त्रमा लापरवाही, ढिलासुस्ती र अनियमितताका कुराहरू वर्षभरि नै आइरहे। जनआन्दोलनमा अहम् भूमिका निर्वाह गरेका गैसस, पत्रकार, व्यवसायीहरू र नागरिक समाजलाई केही दलहरूले उपेक्षा गरेको भान हुन्छ। सरकार र राजनीतिक दलहरूले महिला, दलित, आदिवासी जनजाति र अपाङ्गहरूका जायज मागहरूलाई सम्बोधन गर्न सकेका छैनन्।

सूर्यकुमार निरौला
सचिव, गैसस महासङ्घ पाँचथर

नेपालमा मानवअधिकारको स्थिति सङ्कटपूर्ण अवस्थामा पुगेको छ। खासगरी तराई क्षेत्रमा विद्रोहका नाममा गैरराज्य पक्षले जातीय एवम् हत्या, लुटपाट, आगजनी र अपहरणजस्ता आपराधिक क्रियाकलाप मच्चाई जाति विशेषविरुद्ध उत्पीडन गरेको हुँदा व्यक्तिको जीवन स्वतन्त्रता, सम्पत्ति उपभोगको स्वतन्त्रता, बसोबास र हिँडडुल गर्ने स्वतन्त्रता समाप्त भएका छन्। यसैगरी राज्यपक्षबाट निर्दोष नागरिकको हत्या, धरपकड तीव्र पारिएको छ। कानुनहरू मानवअधिकारविरोधी बनाईदै कठोर पारिने क्रम सुरु भएको छ। हालै हातहतियार खरखजाना ऐनमा भएको संशोधनले बिनाआधार पनि अर्धन्यायिक नियमबाटै पुर्पक्षका लागि थुनामा राख्नैपर्नेजस्ता संशोधन भएको छ। राज्य नागरिकको जीउधन रक्षार्थ संवेदनशील देखिएको छैन। दण्डहीनता कायम छ। फौजदारी न्यायसम्बन्धी हकहरू तीव्र उल्लङ्घन भएका छन्। अन्तर्राष्ट्रिय मानवीय कानुनहरूको परिपालनामा राज्य उदासिन देखिएको छ। यस्तो अवस्थामा मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्ग्रहित गरेर परिपालनातर्फ घच्घच्याउन यस वर्षपुस्तकले ठूलो महत्त्व राख्दछ।

नागरिकको आधारभूत, नैसर्गिक, अविभाज्य र

जन्मसिद्ध मानवअधिकारको प्रत्याभूति नै लोककल्याणकारी एवम् लोकतान्त्रिक राज्यको प्रथम आधारशिला हो। यसैमा मुलुकको शान्ति, समृद्धि र चौतर्फी विकासको सम्भावना रहन्छ। नागरिकको सकारात्मक र नकारात्मक अधिकारको संरक्षण र सम्वर्द्धन गर्नु आधुनिक राज्यको मूल दायित्व हो। सो दायित्वतर्फ राज्यलाई जागरुक र अभिमुख गर्ने/गराउनेतर्फ इन्सेकजस्ता गैरसरकारी क्षेत्रबाट खेलिने सक्रिय भूमिकालाई कदाचित बिर्सन मिल्दैन। यस सन्दर्भमा मानवअधिकारको प्रयोगको स्थिति र यस सन्दर्भका घटना, राज्यका विभिन्न सरोकारवाला निकायहरूद्वारा बहन गरिएको भूमिका, यसमा देखिएका कमी-कमजोरी र सुझावसमेतलाई तथ्यपरक ढङ्गबाट सङ्कलन एवम् विश्लेषण गरी प्रत्येक वर्ष इन्सेकद्वारा प्रकाशन गरिने मानवअधिकार वर्षपुस्तकले राख्ने महत्त्व अतुलनीय छ।

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ लाई सर्सर्ती हेर्दा प्रत्येक जिल्लामा देखिने मानवअधिकारको पालना र प्रयोगको स्थितिलाई सूचनामूलक ढङ्गबाट प्रस्तुत गर्ने प्रयास भएको पाएँ। यद्यपि, कतिपय तथ्य र सूचना अपूर्ण भएजस्तो लाग्यो। 'बालअधिकार' शीर्षकमा जिल्लामा बालन्यायको स्थितिलाई पनि समावेश गर्नुपर्ने, लैङ्गिक न्यायको स्थितिलाई पृथक् शीर्षक राखी विवेचना गरेमा अरू उत्तम हुने थियो। इन्सेकका जिल्ला प्रतिनिधिद्वारा तथ्य र सूचना सङ्कलन गरेपछि जिल्लास्थित सरोकारवालाहरूबीच अन्तरक्रिया गरी प्रतिवेदन तयार गर्ने परिपाटी बसेमा सङ्कलित तथ्य र सूचनाले यथार्थ र परिष्कृत रूप लिने थियो। तपाईंहरूको यस पुनित कार्यले निरन्तरता पाइरहोस् भन्ने शुभेच्छा प्रकट गर्दै मलाई प्रतिक्रिया व्यक्त गर्ने अवसर प्रदान गर्नुभएकोमा इन्सेक परिवारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

चन्द्रबहादुर सार
जिल्ला न्यायाधीश, ताप्लेजुङ जिल्ला अदालत

अन्तर्राष्ट्रिय मानवीय कानुनहरूको परिपालनामा राज्य उदासीन देखिएको छ। यस्तो अवस्थामा मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्ग्रहित गरेर परिपालनातर्फ घच्घच्याउन यस वर्षपुस्तकले ठूलो महत्त्व राख्दछ।

सीताराम राई
अध्यक्ष, मोरङ बार एकाइ

सरकारी पक्षबाट होस् वा गैरसरकारी पक्षबाट होस् मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान गरी सर्वसाधारणसम्म जानकारी गराउनु मानवअधिकार वर्षपुस्तकको सराहनीय कार्य ठानेको छु। यसबाट मानवअधिकारको रक्षाको भावना मनमस्तिष्कमा जगाउन हौसला प्रदान गर्न सहयोगी हुने ठानेको छु।

यसका अतिरिक्त जिल्ला अदालतको न्याय सम्पादनसम्बन्धी विवरणसमेत *नेपाल मानवअधिकार वर्षपुस्तक २००७* मा प्रकाशित गरी सर्वसाधारणलाई सुसूचित गराएकोमा इन्सेक परिवारप्रति आभार प्रकट गर्न चाहन्छु।

देवराज श्रेष्ठ
जिल्ला न्यायाधीश, उदयपुर जिल्ला अदालत

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ ले राज्य तथा गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू देशभरिबाट सङ्कलन गरी यस पुस्तकमार्फत सार्वजनिक गरी आमनागरिकलाई मानवअधिकारप्रति सजग र सचेत रहन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ भन्ने अनुभूति भएको छ। यस्ता घटनाहरूको निष्पक्ष छानबिन गरी सत्यतथ्य घटनाहरू सार्वजनिक हुँदा मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई खबरदारी गरेको छ।

भरतकुमार शाक्य
श्रेस्तेदार, उदयपुर जिल्ला अदालत

वर्षभरिका मानवअधिकार उल्लङ्घन भएका घटनाहरूको सँगालो मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्ने काम मानवअधिकार उल्लङ्घन रोक्नका लागि प्रेरणास्रोत बन्नेछ भन्ने मेरो बुझाइ रहेको छ। सबै तहमा मानवअधिकार संरक्षणको संस्कृतिको विकास गर्न अपरिहार्य भइरहेको वर्तमान विश्व परिदृश्यमा यस प्रकाशनले अवश्य पनि उक्त आवश्यकतालाई पूरा गर्न मद्दत गर्नेछ।

पुष्कर सापकोटा
जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिलको कार्यालय, उदयपुर

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ अध्ययन गर्ने अवसर प्राप्त भयो। यो एक वर्षमा राज्य तथा विभिन्न समूह/उपसमूहको नामबाट घटित घटनाहरूले मानवअधिकार उल्लङ्घनको तस्बिर उजागर गरेको छ। मुलुकको उन्नति र प्रगतिका लागि शान्ति बहाली जरुरी छ। दिगो शान्तिका लागि मानवअधिकारको पूर्ण प्रत्याभूति आवश्यक छ। मानवअधिकारको संरक्षणको प्रथम दायित्व राज्यमा

निहित छ तर अरूको दायित्व नै छैन भन्नु भूल ठहरिनेछ। जनआन्दोलनपछिका दिनमा मानवअधिकार उल्लङ्घनका घटनामा कमी आएको छ। यतिले मात्र सन्तोष मान्न सकिने अवस्था छैन। अहिले पनि हत्या, हिंसा, अपहरण, फिरौती तथा सम्पत्ति कब्जाका घटनाहरू भइरहेका छन् र सत्तामा बसेर पनि माओवादी व्यवहारमा अपेक्षित सुधार आउन सकेको छैन। गाउँघरमा माओवादीहरूले दुई पक्षबीचको झगडाका एक पक्षलाई उचालेर विवाद समाधान नहुने रणनीति अवलम्बन गरिरहेका छन्। शान्ति प्रक्रियामा संलग्न भई सरकारमा संलग्न पार्टीहरूबाट जिम्मेवारपूर्ण व्यवहार प्रस्तुत हुन सकिरहेको छैन। तराईमा सक्रिय समूहहरू आपराधिक वा राजनीतिक के हुन्, पहिचान गर्ने काम भइरहेको छैन। यी र यस्ता घटनाले मानवअधिकारको अवस्था संवेदनशील बन्दै गएको छ। इन्सेक वर्षपुस्तक मानवअधिकारका क्षेत्रमा कोशेढुङ्गा सावित भएको छ। म स्वयम् पनि कुनै समयमा इन्सेक अभियानमा सहभागी रहिसकेको छु। मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक गर्दै मानवअधिकार सचेतना अभियानलाई सँगसँगै लगेको पाउँदा खुसी लागेको छ।

पुरुषोत्तम घिमिरे
सहायक प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, उदयपुर

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ को माध्यमबाट इन्सेकले मानवअधिकार हननका घटनाहरूलाई सङ्कलन, विश्लेषण, अभिलेखीकरणसहित समष्टिगत रूपमा उजागर गर्न सफल भएको छ। वास्तवमा नेपालको मानवअधिकार क्षेत्रमै ऐनाको रूपमा यो स्थापित भएको हुँदा यसको निष्पक्षता सराहनीय छ।

आगामी दिनमा पनि यस पुस्तकले अधिराज्यका सबै ठाउँमा भएका मानवअधिकार उल्लङ्घन तथा दण्डहीनताका घटनाहरूलाई सत्यतथ्य रूपमा अघि सारी मानव रक्षाको सवालमा उल्लेखनीय भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

बालाजी रायमाझी
इन्स्पेक्टर, निमित्त कार्यालय प्रमुख
जिल्ला प्रहरी कार्यालय, उदयपुर

मानवअधिकार सबैको साझा विषय हो, यसप्रकारको अधिकार वा विषयलाई रक्षा गर्ने दायित्व हामी सबैको हो। मानवअधिकार उल्लङ्घनका सत्यतथ्य विवरण उल्लङ्घनकर्तामाथि भएको कानुनी कारबाही, सजाय आदिको वार्षिक विवरणसहित आउने मानवअधिकार वर्षपुस्तकले विगतदेखि वर्तमानसम्म हामीलाई ठूलो गुन लगाएको छ। आगामी दिनहरूमा अझ सत्यतथ्य र वास्तविक घटना विवरणका साथ मानवअधिकार वर्षपुस्तक घनिभूत रूपमा प्रकाशित भइरहोस्, यही शुभकामना व्यक्त गर्दछु

मुरारी खड्का
नेपाल बार एसोसिएसन, एकाइ, उदयपुर

इन्सेकले प्रकाशित गरेको *नेपाल मानवअधिकार वर्षपुस्तक २००७* पढ्ने मौका पाएँ। यस वर्षमा उदयपुर जिल्लाभित्र मानवअधिकार हनन भएका सम्पूर्ण घटनाहरू जस्ताको तस्तै उल्लेख गरिएका छन्। यो कार्यले यस संस्थाको विश्वसनीयतालाई बढाएको छ, यथार्थ घटनाको सूचनाबाट सूचित हुन यो पुस्तक पढ्नैपर्ने भएको छ। यस पुस्तिकाको अध्ययनबाट देशैभरि भएका मानवअधिकार हननका घटनाहरू समेतको ज्ञान हुने र मानवअधिकार हनन गर्ने व्यक्ति, संस्थालाई सचेत बनाउने, खबरदारी गर्ने तथा दण्डहीनताको स्थितिबाट उठाउने काम गरेको छ।

मणिराज पौडेल
सचिव, एमाले जिल्ला समिति, उदयपुर

मानवअधिकारवादी सङ्घ-संस्था र लोकतान्त्रिक संस्थाहरूविरुद्ध हमलामा उत्रिएको राजाको शासनकालमा पनि इन्सेक मानवअधिकार रक्षकका रूपमा उभिएको सर्वत्र जगजाहेर छ। मानवअधिकार उल्लङ्घनका सम्पूर्ण घटनाका एउटै सँगालोका रूपमा वर्षपुस्तकले समेट्नु उल्लेखनीय पक्ष हो। वर्षका चर्चित र सरोकारका विषयहरूमा विज्ञहरूद्वारा प्रस्तुत विश्लेषण अद्वितीय हुने गरेको महसुस गरेको छु।

विशाल भट्टराई
सचिव, एमाले, खोटाङ

मानवअधिकारबारे जनचेतना जगाउनुका साथै देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई निर्भीकताका साथ उजागर गरी त्यस्ता क्रियाकलापलाई निरुत्साहित गर्न र मानवअधिकारलाई प्रवर्द्धन गर्न उल्लेखनीय भूमिका खेल्दै आएको मानवअधिकार वर्षपुस्तक आफूमा रहेको कमी-कमजोरीहरूलाई हटाउँदै अझ निष्पक्ष र निर्भीकताका साथ आफ्नो लक्ष्यमा निरन्तर अगाडि बढ्न सकोस्।

कमलमणि काफ्ले
प्रजिअ, खोटाङ

मानवअधिकार र सामाजिक न्यायका निमित्त समर्पित इन्सेकले देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई वर्षपुस्तकमा जीवन्त रूपमा उतार्न सफल भएको छ। जसमा खोटाङ जिल्लाका घटना र तथ्यहरूलाई समेत सचित्र रूपमा समावेश गरेको पाइयो। देशको वर्तमान सङ्क्रमणकालीन अवस्थामा खस्कँदै गएको मानवअधिकारको अवस्थालाई चित्रण गर्दै राज्यपक्ष र विद्रोही पक्ष दुवैद्वारा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्कलन गरी प्रकाशित यस पुस्तकले हामी सुरक्षाकर्मीहरूलाई सचेत हुन निकै ठूलो मद्दत गरेको छ, जसबाट नेपालमा मानवअधिकारको क्षेत्रमा सम्बद्ध पक्षलाई खबरदारी मात्र गरेको छैन, मानवअधिकारको विश्वव्यापी आन्दोलनमा जनतालाई सजग र सतर्क बनाएको छ।

दीपक थापा
डीएसपी, खोटाङ

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ समयमै पार्टी कार्यालयमा उपलब्ध भयो। मानवअधिकारको उल्लङ्घनका सम्बन्धमा चाहे राज्य पक्षबाट होस् अथवा कुनै व्यक्ति वा निकायबाट, तिनको हुबहु तथ्य सार्वजनिक गराएर मुलुकको मानवअधिकारको सग्लो तस्बिर प्रस्तुत गर्ने संस्थागत अभियानमा इन्सेकको यो कार्य अत्यन्त प्रशंसायोग्य छ। बर्सेनि प्रकाशित हुने वर्षपुस्तक मानवीय गतिविधिको जीवन्त इतिहास बनेर रहने कुरामा शङ्का छैन। समाजमा मानवअधिकार खण्डित हुने गरेका जुनसुकै गतिविधि यस पुस्तकमा दर्ज गराउन इन्सेक प्रतिनिधिलाई सक्रिय सहयोग पुऱ्याउनु हामी सबैको दायित्व हो भन्ठान्दछु।

विष्णुकुमार राई
सभापति
काङ्ग्रेस जिल्ला कार्यसमिति, खोटाङ

इन्सेकद्वारा प्रकाशित हुने नेपाल मानवअधिकार वर्षपुस्तक हालसम्म नियमित प्राप्त भइरहेको छ। नेपालको मानवअधिकार स्थितिलाई छर्लङ्ग हुने गरी समेटिएका मानवअधिकार हननसम्बन्धी घटनाहरूको शृङ्खला सङ्ग्रहणीय र ज्यादै महत्त्वपूर्ण छन्। यसले मानवअधिकारको हनन गर्ने पक्षहरूलाई गम्भीर बन्न बाध्य बनाउनेछ भन्ने हामीलाई लागेको छ। लोकतन्त्र र संविधानसभासम्बन्धी मुद्दाहरूलाई संस्थागत र सफल बनाउन आमनागरिकले स्वतन्त्रपूर्वक बाँच्न, हिँडडुल, विचार अभिव्यक्त गर्न पाउने नैसर्गिक अधिकारको रक्षार्थ इन्सेकबाट सम्पन्न भएका कार्यहरू अत्यन्त प्रशंसनीय छन्।

नरेन्द्रकुमार केरुङ
सहसचिव, काङ्ग्रेस, खोटाङ

मानवअधिकार संरक्षण र सम्बर्द्धनका क्षेत्रमा सक्रिय संस्था इन्सेकद्वारा प्रकाशित *नेपाल मानवअधिकार वर्षपुस्तक २००७* सरसर्ती हेर्दैं। नेपालमा भएका मानवअधिकारसँग सम्बन्धित घटनाहरूको विश्लेषणसहितको यस सङ्कलनले पीडितलाई ऊर्जा र पीडकलाई झापड दिन खोजेको छ। सत्यतथ्यमा आधारित पुस्तक सङ्ग्रहणीय छ।

वेदनिधि खनाल
निमित्त प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु

इन्सेकले प्रकाशन गरेको *नेपाल मानवअधिकार वर्षपुस्तक २००७* अध्ययन गर्ने अवसर पाउँदा अत्यन्त खुसी लागेको छ। पुस्तक अत्यन्त महत्त्वपूर्ण छ। पुस्तकले, राज्यमा द्वन्द्व हुँदा त्यसबाट पीडित हुने व्यक्तिहरूको यथार्थ विवरण सूक्ष्म रूपमा स्पष्ट पारी जनतालाई सुसूचित पार्दै मानवअधिकारको पक्षमा वकालत गर्न खोजेको छ। तथ्याङ्कहरूमा सामान्य सुधार गर्नुपर्ने देखिन्छ।

जुद्धबहादुर कार्की
कार्यालय सचिव
एमाले, सोलुखुम्बु

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ पढें। यसभित्र रहेका विषयवस्तुहरू धेरै महत्त्वपूर्ण छन्। धेरै विषयवस्तुलाई यसभित्र समेटिएको छ, जुन पाठकहरूका लागि अति लाभदायक छन्। मानवअधिकारसँग सम्बन्धित विभिन्न तथ्यहरू यसमा उल्लेख गरिएको छ। धेरै सूक्ष्म तवरबाट जिल्लागतरूपमा मानवअधिकार हनन भएका घटनाहरूको विवरणसमेत यस पुस्तकमा समावेश गरिएको छ। कसैबाट पनि मानवअधिकारको हनन नहोस् भन्ने भावनाको प्रचारप्रसार यस पुस्तकले गरोस् भन्ने कामनाका साथै पुस्तक बडो परिश्रमपूर्वक तयार पारिएकोमा धन्यवाद दिन चाहन्छु।

नागेन्द्र लाल कर्ण
अध्यक्ष, नेपाल बार एसोसिएसन, जनकपुर

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ ले मानवका अन्तर्निहित अधिकारहरूलाई नागरिक तथा राजनीतिक अधिकार, सम्मानित रूपले बाँच्न पाउने

अधिकार, गोली-बम विस्फोटक पदार्थद्वारा घाइते भएकाहरूको स्थिति, जेल र बन्दीको अवस्था, बेपत्ता, अपहरणको अवस्था, धम्की, ज्यान मार्ने धम्की, कुटपिटलाई राज्यपक्ष, माओवादी तथा अन्य व्यक्ति समूहबाट हुने उल्लङ्घनलाई चिरफार गरी अधिकार र स्वतन्त्रतालाई जीवन्त राख्न ऊर्जा दिइराखेको छ भने महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावपूर्ण व्यवहार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसमेतको वकालत गरी समाजका सामु ऐनाझैं छर्लङ्ग पार्नेसमेत कार्य गरेको छ।

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ मा उल्लिखित विवरणहरू सरसर्ती हेर्दै। मानवअधिकार उल्लङ्घनका घटनाहरू प्रशस्त भएका तथ्यहरू जानकारी भयो। कतिपय बालअधिकारका घटनाहरूको अभिलेखीकरण भएका छैनन्। मानवअधिकार उल्लङ्घनका घटनाहरू सबैसामु ल्याउने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को अभियान प्रशंसनीय छ।

लिप्तबहादुर थापा क्षेत्री
न्यायाधीश, सिन्धुली जिल्ला अदालत

इन्सेकद्वारा प्रकाशित *नेपाल मानवअधिकार वर्षपुस्तक २००७* अभिरुचिसाथ अध्ययन गर्दा यस ऐतिहासिक दस्तावेजले मानवअधिकार उल्लङ्घनको क्षेत्रमा भएका सबै प्रकारका घटनालाई बिनाभेदभाव समेटेको पाएँ। जनआन्दोलनका २५ जना सहिदहरूको तस्बिर पुस्तकमा समेटिनुले यसको गरिमा अझ बढेको महसुस भयो। नेपालमा मानवअधिकार उल्लङ्घनका जेजति घटनाहरू भएका छन्, तिनीहरूलाई तथ्यपरक ढङ्गले यस पुस्तकमा समेटेको र साना तथा दूरदराजमा घटेका घटनालाई पनि त्यत्तिकै महत्त्वका साथ प्रकाशन गरेर सम्बन्धित सबैलाई जिम्मेवारी बोध गराएको छ। यस प्रकारका प्रकाशनले मानवअधिकार हनन हुन नदिई शान्ति स्थापना कार्यलाई दिगो बनाउन थप मद्दत मिल्नेछ भन्ने विश्वास लिएको छु।

ऋषिकेश निरौला
प्रमुख जिल्ला अधिकारी, सिन्धुली।

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ उपलब्ध गराई जिल्लाको विविध विषयमा जानकारी हासिल गर्ने अवसर दिनुभएकामा आभार व्यक्त गर्न चाहन्छु। देशभरको शान्तिसुरक्षा तथा अपराधको स्थिति, अन्याय, शोषण, ज्यादती तथा अत्याचारको विषयमा सम्बन्धित निकायलाई सचेत गराउने र मानवअधिकार तथा मानवीय कानुनको संरक्षण गरी पीडित पक्षलाई न्याय दिलाउने कार्यमा इन्सेकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको सर्वविदितै छ। लोकतन्त्र, मानवअधिकार र मानवीय कानुनको संरक्षण गर्ने कार्यमा इन्सेकलाई अझ सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

भुपालकुमार भण्डारी
डीएसपी, जिल्ला प्रहरी कार्यालय, सिन्धुली

सन् २००७ को मानवअधिकार वर्षपुस्तक अध्ययन गर्ने मौका मिल्यो। विभिन्न पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई यस पुस्तकले सक्दो उत्खनन गर्ने काम गरेको छ। शाही शासनकालमा लोकतन्त्र बहालीका लागि नेपाली जनताले देखाएको गौरवमय बलिदानीको इतिहासलाई ऐनाझैं प्रस्ट पार्ने काम वर्षपुस्तकले गरेको छ। मुलुकमा प्रजातान्त्रिक अभ्यासहरू थपिँदै जाँदा मानवअधिकार उल्लङ्घनका घटनाहरू पनि विभिन्न बहानामा नयाँ ढङ्गले प्रस्तुत हुन थालेका छन्। वर्षपुस्तकले आगामी दिनहरूमा राज्य तथा सत्तासीन शासकहरूबाट एकैसाथ हुने मानवअधिकार उल्लङ्घनका नयाँ शैलीहरू पत्ता लगाई वर्षपुस्तकमार्फत जनतालाई सुसूचित गर्दै प्रजातान्त्रिक ढङ्गले खबरदारी गर्दै वर्षपुस्तक अघि बढोस् भन्ने शुभकामनासमेत व्यक्त गर्दछु।

विश्वम्भर लामिछाने
अध्यक्ष, जिल्ला बार एसोसिएसन, सिन्धुली

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ ले जनआन्दोलनमा वीरगति प्राप्त गरेका सहिदहरूप्रति सम्मान गर्नुका साथै मुलुकमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई वस्तुपरक ढङ्गले उजागर गर्न सफल भएको छ। विगतका दिनहरूमा मानवअधिकारका सम्बन्धमा इन्सेकले देखाएको भूमिका प्रशंसनीय छ। त्यसैगरी, आउँदा दिनहरूमा पनि निष्पक्ष ढङ्गबाट मानवअधिकारको संरक्षणका लागि इन्सेकले प्रशंसनीय भूमिका निर्वाह गरोस् भन्ने चाहन्छु।

कृष्णप्रसाद दाहाल
काङ्ग्रेस कार्यालय सचिव, सिन्धुली

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ अध्ययन गर्ने अवसर प्राप्त भयो। वर्षपुस्तकमा मुलुकभर भएका मानवअधिकार हननका घटनाहरूलाई उजागर गरिएको छ। दण्डहीनता नै आजको मानवअधिकारको क्षेत्रमा देखिएको प्रमुख समस्या र चुनौती रहेकाले दण्डहीनताविरुद्ध अझ क्रियाशील भएर मानवअधिकार

हननका घटनाहरूलाई जनसमक्ष ल्याई आगामी दिनहरूमा पनि यथार्थरूपमा सुसूचित गराउने आशा राख्दछु।

कृष्णप्रसाद बराल
निमित्त जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिल कार्यालय, सिन्धुली

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ लाई अध्ययन गर्दा विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक ढङ्गले विश्लेषण गरेको पाइयो। जसले गर्दा जोजसबाट मानवअधिकारको उल्लङ्घन भएको होस्, उसलाई नैतिक दबाब परेको हामीले महसुस गरेका छौं। मानवअधिकार सम्बन्धमा जारी भएका विश्वव्यापी घोषणापत्रका कुराहरू सङ्कलन गरी तयार पारिएको पुस्तक अत्यन्त उपयोगी छ। प्रत्येक जिल्लामा आफ्ना प्रतिनिधिमार्फत निर्भीक, निष्पक्ष र कुशलतापूर्वक मानवअधिकारको सम्वर्द्धनका लागि कटिबद्ध भएकोमा इन्सेकलाई धन्यवाद दिन चाहन्छु।

विषमलाल अधिकारी दनुवार
सचिव, एमाले, सिन्धुली

ऐतिहासिक जनआन्दोलनपश्चात् मानव अधिकार उल्लङ्घनका घटनाहरूमा कमी आएको भए पनि सङ्क्रमणकालीन अवस्थाबाट मुलुक गुज्रिरहेको हुँदा यसको फाइदा लिई मानवअधिकारका उल्लङ्घनका घटनाहरू भइरहेका छन्। *नेपाल मानवअधिकार वर्षपुस्तक २००७* मा राज्य र गैरराज्यपक्षबाट मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अत्यन्त राम्रोसँग विश्वसनीय तथ्याङ्कसहित सार्वजनिक गरिएको छ। पुस्तक प्रकाशनमा इन्सेकले निष्पक्षता र मानवअधिकारप्रतिको धारणा स्पष्ट पारेको छ।

रामकुमार पौडेल
अध्यक्ष
जनमोर्चा नेपाल, सिन्धुली

मानवअधिकार वर्षपुस्तक २००७ ले नयाँ मार्गचित्र र चुनौतिपूर्ण संक्रमणकाल सम्बन्धी उल्लेख गरेको पाइयो।

लोकतन्त्रको प्राप्तिपछि पनि तराई क्षेत्रमा झन दिनहुँ मानवअधिकार उल्लङ्घनका घटनाहरू बढ्दै गएको छ। अज्ञात समूहले पत्रकार, मानवअधिकारकर्मी, नागरिकसमाजका अगुवा, राजनीतिक पार्टीका कार्यकर्ताहरुलाई अपहरण गरी हत्या गरेकोमा राज्यपक्ष संवेदनशील नभएको अवस्था छ। मानवअधिकार वर्ष पुस्तकले देशका कुना-कन्दरा सम्म घटेका घटनाहरुलाई यथार्थ चित्रण गरेको पाइयो। अशिक्षित जनसमुदायका घरदैलोमा यो पुस्तक पुगेको छ। सत्य, तथ्य घटनाहरुलाई औल्याईकन मात्र वर्ष पुस्तक सफल हुन सक्ने छ। संविधानसभाको निर्वाचन सफल पार्न यो वर्ष पुस्तकले अग्रणी भूमिका निभाउन सक्नेछ भन्ने मैले विश्वास लिएको छु।

रुद्रबहादुर खड्का
सल्लाहकार, रिलेक जिल्ला शाखा सिन्धुली

इन्सेकद्वारा प्रकाशित *नेपाल मानवअधिकार वर्षपुस्तक २००७* अध्ययन गरें। पुस्तकमा राज्यभित्र वर्षभरि भएका मानवअधिकारविरुद्धका घटनाहरूलाई सङ्क्षिप्त तथ्यगत विवरणसहित उल्लेख गरिएको हेर्दा यसमा इन्सेकले कडा परिश्रम गरेको तथ्य उजागर हुन्छ।

पुस्तक प्रकाशनले सबैलाई मानवअधिकारको बोध गराई मानवअधिकारविरुद्धका यस्ता घटनाहरूलाई दोहोरिन नदिन सबै पक्षलाई सचेत गराउनुका साथै मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई कारवाही र पीडितलाई उचित न्याय दिन सम्बन्धित निकायलाई ध्यानाकर्षण गराई सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा राख्दछु।

महेन्द्रबहादुर थापा
सहायक जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिल कार्यालय, बारा

सदियौंदेखि अपहेलित मधेसीहरूको हकहित, पहिचान एवम् अस्तित्वका लागि मधेसी जनअधिकार फोरमको नेतृत्वमा भएको जनआन्दोलनका क्रममा इन्सेक बाराले जिल्लामा निर्वाह गरेको भूमिका प्रशंसनीय एवम् उल्लेख्य रहेकाले हामी इन्सेकप्रति आभार प्रकट गर्दछौं।

विगतको द्वन्द्वको मारमा परेका व्यक्तिको तथ्याङ्क सङ्कलन तथा विस्थापितहरूलाई गाउँमा पुनःस्थापना गराउन तथा राहतका लागि गरेको पहलजस्ता कार्य सराहनीय छन्।

सहिद अहमद हवारी
अध्यक्ष, मधेसी जनअधिकार फोरम, बारा

देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको सत्यतथ्य सङ्कलन गरी नियमितरूपमा प्रकाशन हुँदै आएको मानवअधिकार वर्षपुस्तकले

पीडितको पक्षमा वकालत गर्ने गरेको छ। वर्षपुस्तकको स्तरोन्नतिको कामना गर्दछु।

अच्युत मैनाली
सचिव, एमाले, बारा

प्रत्येक वर्ष प्रकाशित हुने मानवअधिकार वर्षपुस्तकबाट मुलुकमा भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीसम्बन्धी घटना अवगत हुने गरेको छ। मानवअधिकार उल्लङ्घनका घटनाको प्रलेखीकरण गर्न इन्सेक बाराको भूमिका सराहनीय छ।

सञ्जयप्रसाद गुप्ता
महासचिव, बारा उद्योग वाणिज्य सङ्घ

विगत वर्षहरूमा भन्दा तुलनात्मक रूपमा मानवअधिकारको क्षेत्रमा सुधार देखिए पनि अपेक्षा गरेजस्तो अनुभूत गर्न सकियो। मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन र ती कानुनहरूलाई हामीकहाँ लागू गर्ने सिलसिलामा बनेका राष्ट्रिय कानुनहरूको निर्बाध र बिनाभेदभाव उपभोग भएको महसुस हुन सकेन।

व्यक्तिगत सुरक्षा, विचार र अभिव्यक्ति स्वतन्त्रता, स्वतन्त्रपूर्वक हिँडडुल गर्न पाउने, आवास तथा बसोबासको सुरक्षा, राजनीतिक सहभागिताको अधिकारजस्ता केही अधिकारहरू क्षेत्रगत आधारमा खण्डित देखिए भने अधिकांश क्षेत्रमा उल्लेख्य सुधारसमेत हुन पुगेको छ। विगतका वर्षहरूभन्दा तराईका केही जिल्लाहरूमा भन्दा बाँकी क्षेत्रमा शान्ति सुरक्षाको अवस्था र व्यक्तिगत स्वतन्त्रताको अवस्थामा सुधार आयो। अन्त्यमा मानवअधिकारको रक्षा र प्रत्याभूति व्यक्ति, नागरिक समाज, राज्य र राजनीतिक दलहरूको साझा र एकलव्य प्रयासबाट मात्रै सम्भव छ।

रत्नराज पाण्डे
प्रमुख जिल्ला अधिकारी, चितवन

मानवअधिकारसँग प्रत्यक्ष सरोकार राख्ने देशभरका घटनाक्रम सँगालेर प्रकाशित हुने मानवअधिकार वर्षपुस्तक यथार्थमा मानवअधिकारको संरक्षण र सम्बर्द्धनको दिशामा इन्सेकको एक सशक्त र प्रशंसनीय कदम हो। मानवअधिकार आफैँमा एक व्यापक विषय पनि हो। देशभरका घटनाहरूलाई समेटेर पुस्तक प्रकाशन गरी मुलुकबासीको जानकारीमा ल्याउनु सराहनीय कार्य भए तापनि निम्न विषयमा अझ ध्यान पुगेमा यसको विश्वसनीयता अभिवृद्धि हुने देखिन्छ। ती हुन् :

(१) मानवअधिकारसम्बन्धी घटनाहरूबारे जानकारी दिँदा कानुनी प्रमाणिकतालाई पनि ध्यान दिनु जरुरी छ।

(२) घटनाहरूको विश्लेषण गर्दा एकपक्षीय विश्लेषणमा ध्यान केन्द्रित गर्दा बढी पूर्वाग्रही देखिनाले पक्ष-विपक्ष दुवैको विचार बुझेर विश्लेषण हुनु जरुरी छ।

(३) भीड र हूलको उत्तेजक विचारमा आधारित भएरभन्दा प्रहरी प्रशासनको कानुनी बाध्यताहरूतर्फ पनि ध्यान दिएमा पुस्तक निष्पक्ष र पूर्वाग्रहरहित हुनेछ।

पुष्कलराज रेग्मी
एसपी, जिल्ला प्रहरी कार्यालय, भरतपुर चितवन

मानवअधिकार वर्षपुस्तक मानवअधिककार उल्लङ्घन तथा हननका घटनाबारे चासो राख्ने सबैका लागि अत्यन्त उपयोगी हुने कुरामा दुईमत छैन। यस पुस्तकले विगतदेखि नै मानवअधिकार उल्लङ्घनलाई गम्भीर मान्दै मानवअधिकारको स्थिति जानकारी गराउँदै आएको छ। पुस्तकमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको अवस्थाको यथार्थ चित्र उल्लेख गरी मानवअधिकार संरक्षणमा जिम्मेवार हुन सम्बन्धित पक्षलाई सजग गराउनमा योगदान रहेको मैले ठानेको छु। मानवअधिकार वर्षपुस्तकले आगामी प्रकाशनमा जनताका प्राथमिक आधारभूत अधिकारहरू खाना, नाना र छानासहितको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक अधिकार संरक्षणका लागि यथार्थ चित्रण गर्न सफल रहोस्।

पथिक
इञ्चार्ज, माओवादी, चितवन

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारहरूउपर भएका अतिक्रमणलाई न्यूनीकरण गर्ने कार्यमा यस पुस्तकको योगदान रहँदै आएको छ। यस कार्यमा अझै सफलता मिल्दै जाओस्।

शशीशेखर श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी, मकवानपुर

मानवअधिकार वर्षपुस्तक मानवअधिकारका उल्लङ्घनका घटना सम्बन्धमा चासो र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई महत्त्वपूर्ण दस्तावेज साबित भएको छ।

रोमेन्द्रसिंह देउजा
एसपी, जिल्ला प्रहरी कार्यालय, हेटौँडा

यो पुस्तक मुख्य गरी राज्य र विद्रोही पक्षबाट उल्लङ्घन भएका मानवअधिकार घटनाको सँगालो हो। यो पुस्तकले मुलुक कुन दिशातिर लम्किरहेको छ भन्ने बताउँछ। पुस्तक आगामी दिनमा अझै परिष्कृत हुँदै अगाडि बढोस् भनी शुभकामना व्यक्त गर्दछु।

कृष्णप्रसाद दाहाल
सचिव, एमाले

पुस्तक प्रकाशनबाट राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक भएबाट पीडकहरू निरुत्साहित हुन जाने र पीडितहरूले राहत महसुस गर्नेछन्। पुस्तक प्रकाशनको कार्यले निरन्तरता पाइरहोस्।

'माइकल' रामचन्द्र अर्याल
सभापति, काङ्ग्रेस मकवानपुर

मानवअधिकार वर्षपुस्तक मुलुकको मानवअधिकारको समग्र चित्रण गर्न सफल भएको छ। यसले मुलुकमा कुन पक्षबाट मानवअधिकारको उल्लङ्घन हुँदै आएको छ भन्ने कुराको जानकारी दिने कार्यमा योगदान पुऱ्याएको छ।

बलराम बल
अध्यक्ष, जनमोर्चा मकवानपुर

मानवअधिकार वर्षपुस्तकले सबै विषयलाई समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनुपर्छ। यो पुस्तक पढ्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ। यो कार्यले निरन्तरता पाइरहोस्।

प्रल्हाद लामिछाने
जिल्ला सदस्य, माओवादी, मकवानपुर

वर्षभर भएका मानवअधिकार उल्लङ्घनका घटना सङ्कलित गरेर देश-विदेशसम्म निरन्तर रूपमा फैलाउने कार्य भएको छ, त्यो अत्यन्त उच्चस्तरीय कार्य हो। यस्तो कार्य गर्दा राजनीतिक पूर्वाग्रह तथा वैदेशिक एवम् दाताहरूको प्रभावबाट समेत मुक्त र चनाखो हुनुपर्ने कुरा इन्सेकजस्तो संस्थालाई हामीले स्मरण गराइरहनुपर्ने विषय होइन।

रामनारायण विडारी, मध्यमाञ्चल क्षेत्रीय संयोजक, मानवअधिकार संरक्षण मञ्च, हेटौंडा

मानवअधिकार वर्षपुस्तकले समेटेका मानवअधिकारसम्बन्धी सबै विषयवस्तुहरू सराहनीय छन्। मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनालाई न्युनीकरण गर्न पीडकहरूलाई सार्वजनिक गर्न र कारबाही गर्न/गराउन दबाब दिने कार्य गरेको छ।

केशव गौतम, अध्यक्ष
पुनरावेदन बार एसोसिएसन हेटौंडा

मानवअधिकारसम्बन्धी पर्याप्त ज्ञानको अभावमा विभिन्न समस्याहरू झेल्नुपरेको वास्तविकता हाम्रो विगतले देखाइसकेको छ। त्यस्ता समस्याहरूलाई समयमै नियन्त्रण गर्न जनचेतनाको अभिवृद्धि गर्नु जरुरी छ। यस कार्यमा वर्षपुस्तक सहायकसिद्ध हुनेछ भन्ने आशा राख्न सकिन्छ।

डिल्लीप्रसाद शिवाकोटी
प्रमुख जिल्ला अधिकारी, भक्तपुर

मानवअधिकार वर्षपुस्तकको प्रकाशनले मानवअधिकारप्रति सचेत र जिज्ञासु नागरिक समाजका लागि मार्गदर्शक दस्तावेज, पीडकहरूका लागि खबरदारी पत्रका रूपमा निरन्तरता पाइरहोस् र मानवअधिकारको रक्षार्थ अहम् भूमिका निर्वाह गर्ने कार्यमा सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

चन्द्रबहादुर सापकोटा
जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुर

इन्सेकले मानवअधिकार वर्षपुस्तक नियमित प्रकाशन गरेर नेपालमा मानवअधिकारको रक्षाका लागि भूमिका निर्वाह गरेको छ। सहरी क्षेत्र या दूरदराज सरकारी क्षेत्रबाट होस् वा गैरसरकारी, राजनीतिक दलबाट होस् या अन्य क्षेत्रबाट भएका मानवअधिकार उल्लङ्घनका प्रत्येक घटनालाई ऐनाजस्तो देखाएको छ वर्षपुस्तकले। विगत वर्षहरूको तुलनामा यस वर्ष भक्तपुर जिल्लामा पनि मानवअधिकार उल्लङ्घनका घटनामा कमी आएको सत्य हो। उल्लङ्घन कमै भए पनि यो दण्डनीय हुनैपर्छ।

सोम मिश्र
सचिव, एमाले जिल्ला कमिटी, भक्तपुर

मानवअधिकार र सामाजिक न्यायको संरक्षणका लागि राज्यलाई खबरदारी गर्नुका साथै सङ्क्रमणकालको व्यवस्थापनमा राज्यपक्ष पूर्णरूपले असफल बनेको यथार्थलाई उदाङ्गो पार्न सफल भएको छ, वर्षपुस्तक। यसैगरी गैरराज्यपक्ष र विभिन्न समूहबाट मानवअधिकार उल्लङ्घनका विस्तृत

विवरणहरूसहितको यथार्थ विवरण जनसमक्ष प्रस्तुत गरेर कानुनी राज्यको मान्यता पूर्णरूपले खतरामा परेको सङ्केत, दण्डहीनताको बर्बर अवस्थाको खाका चित्रबाट प्रस्ट्याउन सफल भएको छ।

विवेकराज ढुङ्गेल
अध्यक्ष, नेपाल बार एसोसिएसन
भक्तपुर जिल्ला अदालत बार एसोसिएसन, भक्तपुर

इन्सेक मानवअधिकारको रक्षाका लागि निरन्तर क्रियाशील छ। वर्षपुस्तक प्रकाशनले अत्यन्त दुर्लभ तथ्यहरू प्राप्त भएका छन्। नागरिकका नाममा राजनीति गर्नेहरूको स्थिति कति पानीमा छ भन्ने तस्विर झल्किएको छ। पुस्तक निरन्तर प्रकाशनको कामना गर्दछु।

रमेश अधिकारी
अध्यक्ष, असल शासन र मानवअधिकारका लागि
नागरिक सञ्जाल, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ अध्ययन गर्ने अवसर प्राप्त भएकोमा इन्सेक प्रतिनिधि र इन्सेक परिवारलाई धन्यवाद। वर्षपुस्तकमा हत्या, अपहरण, बेपत्ता, जातीयविभेद, महिला भेदभावजस्ता मानवअधिकार उल्लङ्घन र मानवअधिकार ज्यादतीका घटना समावेश गरी मानवअधिकारविरुद्ध लाग्नेहरूलाई पुनः नदोहोऱ्याउन सचेत गराएको छ। आगामी दिनमा सत्यतथ्य घटनाहरूलाई प्रकाशन गर्दै मानवअधिकार रक्षामा लागिरहोस् भन्ने कामना गर्दछु।

कुलमान विक
अध्यक्ष, नेपाल उत्पीडित जातीय मुक्ति समाज,
धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ हात पऱ्यो। पुस्तक अध्ययन गर्दा जिल्ला र राष्ट्रियस्तरमा मानवअधिकार उल्लङ्घनका घटनामा कमी भएको पाइएन। वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटना धेरै भएको तथ्यहरू सार्वजनिक भएकाले मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई सतर्क गराएको छ। इन्सेकले जिल्लामा भएका सबै मानवअधिकार उल्लङ्घनका घटना वर्षपुस्तकमा समेटेर निरन्तर प्रकाशन गरेमा यस्ता घटना कम हुने थिए।

राजाराम शर्मा
मानवअधिकारकर्मी एवम् सञ्चारकर्मी, धादिङ

वर्षभरिका मानवअधिकार उल्लङ्घनका यावत् घटनाहरूलाई समेटेर वर्षपुस्तकमार्फत जनसमक्ष ल्याउन इन्सेकले गरेको कामका लागि धन्यवाद दिन चाहन्छु। इन्सेकले निष्पक्ष, निर्भीक भएर मानवअधिकार बहालीको अभियान अझै फराकिलो बन्नेछ। यसले मुलुकलाई अग्रगमनतर्फ लैजानेछ। हाम्रासामु संविधानसभा गराएर मुलुकलाई सही ट्रयाकमा लैजाने जिम्मेवारी छ। निष्पक्ष निर्वाचनमा बाधक बन्न सक्ने मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्मा व्यापक बनाई मानवजातिको सम्पूर्ण अधिकारको पहरेदार बन्ने इन्सेकको अभियान सफल रहोस् भन्ने शुभकामना छ।

गुरूप्रसाद बुर्लाकोटी
सचिव, नेकपा (एमाले), धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ हेर्दा इन्सेकले मानवअधिकार इतिहासको संरक्षण गर्न तयार भएको देखियो। पुस्तकले जिल्लामा भएका घटनाहरू पुनःस्मरण गर्ने अवसर पाइयो। शाही शासनको अत्याचार कतिसम्म भयो भन्ने कुराको प्रमाण वर्षपुस्तकमा रहेछ। धुले बोटोमा मोटर कुदाउँदा सेनाले पिटेको, जेलमा मानिसहरू खचाखच राखिएको, अदालतले लामो समयसम्म न्याय नदिएको जस्ता मानवअधिकारविरुद्धका घटनाहरू पुस्तकले सम्झाएको छ। द्वन्द्वको समयमा माओवादीद्वारा शिक्षक, विद्यार्थीलगायतलाई दुःख दिएको, चन्दाआतङ्क, व्यक्ति अपहरण कार्य गरी माओवादीले गैरराजनीतिक क्रियाकलाप गरेको पुस्तकले समेटेको छ। धादिङका विनोद तिमिल्सिना र रामहरि नेपालको तस्विरले पुस्तकलाई आकर्षक बनाएको छ। माओवादीले बालकलाई हतियार बोकाई गलत प्रयोग गरेको प्रमाण भएको वर्षपुस्तक वर्तमान अवस्थाको पूर्ण चित्रण र भावी पुस्तालाई शाही शासन र द्वन्द्वकालको पूर्ण जानकारी हुने कुरामा म पूर्ण विश्वस्त छु।

गोविन्द लम्साल
सचिव, काङ्ग्रेस, धादिङ

मानवअधिकारका सवालमा जिल्ला-जिल्लाका परिघटनाहरूको वस्तुस्थिति झल्केको चित्रण गरी यति ठूलो पुस्तक तयार पार्नु लरतरो विषय होइन। मानव गरिमाको रक्षाको वकालत गर्दै मानवअधिकारकर्मीहरूले उठाएको आवाज नै नागरिक अधिकार प्राप्तिको शङ्खनाद हो। लोकतन्त्रको सुदृढीकरणको अपेक्षा राखेका आमनेपाली जनताको चासोका विषयलाई उजागर गरी राज्य र सम्बन्धित पक्षलाई उत्तरदायी बनाउन यस पुस्तकले

घच्घच्याउनेछ। पुस्तकको अध्ययनबाट सम्बद्ध पक्षलाई मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धनमा सघाउ हुने विश्वास लिएको छु। यस पुस्तकले जनता र राष्ट्रप्रति जुन निष्ठा, त्याग र समर्पण ओछ्याएको छ, आगामी दिनमा अझै प्रभावकारी कुशलता र निष्पक्षताको जगमा खरो उत्रेर जनप्रियताको सगरमाथा चुमोस् भन्ने शुभेच्छा प्रकट गर्दछु।

कृष्णप्रसाद अधिकारी
निमित्त प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, धादिङ

राज्यसत्ता र उसको शासनशैलीका आधारमा जनतामा उत्पन्न प्रतिक्रियाका आधारमा मानवअधिकारको निष्पक्ष र न्यायिक लेखाजोखा गर्नु मानवअधिकारसम्बन्धी काम गरिरहेका व्यक्ति र संस्थाको दायित्व हो। यो लेखाजोखा आग्रह/पूर्वाग्रहबाट प्रेरित हुनुहुँदैन, राष्ट्र र जनताको अग्रगतिलाई सहज बनाउन माओवादीको नेतृत्वमा सशस्त्र युद्ध थालनी भएको सबैलाई थाहा छ। अन्यायका विरुद्ध न्यायिक सङ्घर्ष गर्ने कुरा पनि मानवअधिकारको बहालीकै विषय हो भन्ने कुरा पनि सबैले गरी आएकै छन्। तर, न्यायिक सङ्घर्ष र राज्यको अन्याय र दमनलाई एउटै तहमा राखेर हेर्ने विषयले मानवअधिकारजस्तो गहन विषयलाई गोलमटोल बनाउन सक्छ। के कुरा पनि सत्य हो भने न्यायिक सङ्घर्षको नेतृत्व गर्ने पक्षले सत्ताले जस्तो मानवअधिकारको विषयलाई ख्यालठट्टाको विषय बनाउन हुँदैन। पुस्तकमा कतिपय घटनाहरू स्थलगत अध्ययन र छलफलबिना नै अर्को पक्षको विरुद्धमा व्याख्या गरिनु र त्यसलाई वर्षपुस्तकले मान्यता दिनु पनि आग्रहपूर्ण नै लाग्यो। उदाहरणका रूपमा कतिपय व्यक्तिलाई माओवादीलाई नसघाएको आरोपमा कुटपिट गरिएको भन्ने आरोप पनि राज्यपक्षबाट शब्द सापटी लिएर लेखिएको अनुभूति भयो। जबकि त्यस्तो व्याख्याले त्यस्ता व्यक्तिले गरेको अर्को जघन्य मानवअधिकार उल्लङ्घनलाई ढाकछोप मात्र गरेको छ। जेहोस् केही विषयलाई छाडेर वर्षपुस्तक २००७ नेपाली जनताको अर्को बेजोड र उत्कृष्ट पुस्तक हो भन्ने लाग्यो। यस पुस्तकमा मानवअधिकार उल्लङ्घनका धेरै विषयहरू समेटिएको छ। आगामी दिनमा जिल्लाका मानवअधिकार उल्लङ्घनका सम्पूर्ण घटनाहरू समेटिने र मानवअधिकार उल्लङ्घनका विषयहरूलाई गहन र गम्भीरतापूर्वक अध्ययन गरेर प्रकाशित गरियोस् भन्ने चाहन्छु।

उत्तम कँडेल
जिल्ला सचिवालय सदस्य, माओवादी, धादिङ

सत्यतथ्य र निष्पक्षता मानवअधिकारको गहना हो। राजनीतिक दृष्टिकोणमा झुकाव नहुने गरी अगाडि बढ्नु मानवअधिकारकर्मीको कर्तव्य हुन्छ। घटनाक्रम विविध कारणले भएका हुन्छन् र कारण नखोलेर रिपोर्ट बनाउँदा पूर्वाग्रही हुन सक्दछ। त्यसप्रति इन्सेकले ध्यान दिन जरुरी छ। कारणसहित घटनाहरू आएमा राम्रो हुने थियो। कसैले भनेकै आधारमा नभई स्थलगत अध्ययन गरी तयार गरिएको प्रतिवेदन राम्रो र विश्वसनीय हुन्छ। उत्पीडित तथा गरिब वर्गको अधिकारबारे पनि लेखिनु पर्दछ।

सागर
माओवादी, दाङ

कतिपय अवस्थामा आग्रह/पूर्वाग्रहबाट पनि घटनाहरू आएका हुन्छन्। त्यसलाई निराकरण गर्न सकियो भने विवादमुक्त हुन्छन्। इन्सेकले नेपालमा मानवअधिकार संरक्षण र सम्वर्द्धन गर्न खेलेको योगदान उल्लेखनीय छ। लक्षित वर्गको नाममा गैरलक्षित वर्गले फाइदा उठाउन सक्ने सम्भावना बढी हुने भएकाले यसतर्फ सचेत हुनुपर्दछ। मानवअधिकारसँग सम्बन्धित सरोकारवालाहरूसँग सुमधुर र समदूरी कायम गर्न सक्नु पर्दछ।

तिलविक्रम केसी
माले, दाङ

मानवअधिकार वर्षपुस्तकले जिल्लाका सम्पूर्ण घटनालाई क्रमबद्ध र व्यवस्थित तरिकाले छापेर जनतालाई जानकारी गराउने गरेको छ । त्यो अत्यन्त महत्त्वपूर्ण छ। यस किसिमको कामले मानवअधिकार उल्लङ्घन गर्नेहरूलाई निरुत्साहित गर्दछ। र, क्रमिक रूपमा उसले आफूलाई सच्याउने कोसिस गर्दछ। सामाजिक न्याय प्राप्तिमा यस किसिमको कामले ठूलो टेवा पुऱ्याउँछ। यो एक किसिमको सचेत खबरदारी हो। प्रकाशनले निरन्तरता पाउनुपर्छ।

वीरकेशरी गौतम
काङ्ग्रेस, दाङ

मानवअधिकार वर्षपुस्तकको म नियमित पाठक हुँ। नियमित हेर्दै विश्लेषण गर्दै आएको छु। वर्षपुस्तक पढेपछि यस्तो लाग्छ कि नेपालको दर्पण दिमागमा झल्किएको छ। मानवअधिकार वर्षपुस्तक मानवअधिकार रक्षकहरूको बलियो हतियार हो भन्दा फरक नपर्ला।

टेकनाथ आचार्य
संयोजक, प्रो.पब्लिक
भ्रष्टाचारविरुद्ध नागरिक समाज परियोजना, दाङ

मानवअधिकार उल्लङ्घनका घटना क्रमबद्ध रूपमा प्रकाशित हुनु आफैँमा स्वागतयोग्य कुरा हो। राज्यपक्ष वा अन्य पक्षबाट भएका घटना, जस्तै घरजग्गा कब्जा, अपहरण, कुटपिट, फौजदारी र अन्य मुद्दाहरूका फैसला (जसले, सामाजिक रूपमा प्रभाव पार्दछन् पनि) उल्लेख भैदिए अझ राम्रो हुने थियो। घटना विरणलाई विस्तृत गर्न सकेमा अझ सुनमा सुगन्ध हुने थियो। नेपाल प्रहरीलाई इन्सेकद्वारा प्रकाशित सबै प्रकाशनहरू अति सहयोगी भएका छन्। द्वन्द्वकालमा इन्सेकले गरेको सहयोग हामी भुल्न सक्दैनौँ।

बलिराम यादव
डीएसपी, जिल्ला प्रहरी कार्यालय, दाङ

सूचनाको विवरण दिँदा स्थलगत अध्ययन, आमसञ्चार र सम्बन्धित निकायसँग बुझेर मात्र घटना प्रकाशन गर्ने गर्दा विश्वसनीयता बढ्दछ। कसैमाथि पूर्वाग्रही भएर भन्दा जे हो, त्यो यथार्थ रूपमा छाप्न सक्नु यसको सवल पक्ष हो। नागरिक प्रशासन सञ्चालन गर्ने प्रशासनयन्त्रलाई यो वर्षपुस्तकले दिने सूचना फलदायी नै भएको छ। आगामी दिनमा अझ चुस्त, तथ्यपरक र निष्पक्षता कायम गर्दै जाओस् यही शुभकामना छ।

कुलप्रसाद पाण्डे
कानुन अधिकृत, जिल्ला प्रशासन कार्यालय, दाङ

०४६ सालको परिवर्तनपछिको खुला परिवेशमा इन्सेकले मानवअधिकारका बारेमा जनतालाई सुसूचित गर्ने अभिप्रायले प्रकाशन सुरु गरेको मानवअधिकार वर्षपुस्तक मानवअधिकार पुराण हो। तर, समयक्रममा पुस्तकलाई सरल र सुलभ बनाउन अति जरुरी छ। पुस्तकको मूल्य महँगो भएकाले सर्वसाधारणको पहुँच पुग्न कठिन छ। सत्यतथ्य विश्लेषण गर्न अति जरुरी छ।

शोभाराम बस्नेत
एमाले, दाङ

वर्षपुस्तकको अवधारणा अत्यन्त सकारात्मक छ। द्वन्द्वको अवधिमा कतैबाट नआएका घटनाहरू अहिले बाहिर आएका छन् । चाहे त्यो जमिनको सवाल होस् या अमानवीय व्यवहारबारे होस्- सबै घटनाहरू बाहिर आएका छन्। सशस्त्र द्वन्द्वको समयलाई समेटेर मानवअधिकार वर्षपुस्तकको विशेषाङ्क निकाल्नुपर्छ।

भरत भण्डारी
राष्ट्रिय जनमोर्चा, दाङ

मानवअधिकार सबैको सरोकारको विषय हो। समाजमा शान्ति र सुव्यवस्था कायम गर्न मानवअधिकारको अवस्था थाहा पाउन जरुरी हुन्छ। त्यो अभाव मानवअधिकार वर्षपुस्तकले पूरा गरेको छ। जनताका जनजीविकाका सवालमा भएका घटना र ज्वलन्त सवालहरू पनि वर्षपुस्तकमा पर्न जरुरी छ। राजनीतिक दलहरूका लागि मानवअधिकार वर्षपुस्तक सहयोगी भएको छ।

दाविश्वराज न्यौपाने
जनमोर्चा नेपाल, दाङ

मानवअधिकार वर्षपुस्तक २००७ मा मानवअधिकारका क्षेत्रका विषयवस्तुलाई संयोजन गरेर समावेश गरिएको पाइयो। मानवअधिकार हननका मुद्दाहरूलाई निर्भीकताका साथ जनसमक्ष प्रस्तुत गर्न पुस्तक सक्षम भएको कुरामा दुईमत छैन। शान्ति र मानवअधिकारका सवाललाई उठाई लोकतन्त्रको सुदृढीकरणका लागि सञ्चालित अभियान त्यत्तिकै सान्दर्भिक छन्।

गङ्गामणि शर्मा
जेलर, कारागार कार्यालय, प्यूठान

मानवअधिकार वर्षपुस्तकहरूमार्फत इन्सेकले समाजमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई स्वतन्त्र र निष्पक्ष रूपले अनुसन्धान गरी वस्तुनिष्ठ र तथ्यपरक रूपमा आमजनसमुदायमा प्रस्तुत गर्ने जुन कार्य गर्दै आएको छ, त्यो अत्यन्तै सराहनीय पक्ष हो। विगतका वर्षपुस्तकहरू अध्ययन गर्दा घटना विवरणहरू तथ्यपरक पाएको छु, जसको कारण नयाँ वर्षपुस्तक पढ्ने चाहना जागिरहन्छ। आगामी दिनमा समेत यो साख कायम रहोस् भन्ने कामना गर्दछु।

श्यामलाल ज्ञवाली
डीएसपी, जिल्ला प्रहरी कार्यालय, प्यूठान

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ सरसर्ती हेर्ने अवसर मिल्यो। इन्सेकले आफ्ना सुरुका दिनदेखि नै मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई विस्तृत रूपले प्रकाशन गर्दै आएको छ। इन्सेकले आउँदा दिनमा अझ बढी वस्तुपरक र तथ्यपरक ढङ्गले मानवअधिकार उल्लङ्घनका सन्दर्भमा पहरेदारको भूमिका निर्वाह गर्न सकोस्।

कमलराज पन्थी
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, प्यूठान

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गरेको छ। हामीजस्ता सञ्चारकर्मीलाई पनि उक्त पुस्तक एउटा साधन र सहयोगी पुस्तकका रूपमा रहने गरेको छ। पछिल्लो समयमा देश शान्तितर्फ अग्रसर छ। अझै पनि मुलुकले पूर्ण शान्तिको बाटो समात्न सकिरहेको छैन।

इमानसिंह भारती
सभापति, नेपाल पत्रकार महासङ्घ
जिल्ला शाखा, प्युठान

इन्सेकद्वारा प्रकाशन गरिने मानवअधिकार वर्षपुस्तकको अध्ययन गरेँ। हुन त वर्षपुस्तक आफैंमा तथ्याङ्कको सँगालोजस्तो मात्र छ तर यस पुस्तकले मानवअधिकारको उल्लङ्घनका घटनामा न्यूनीकरण गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ। विगतमा सरकार-माओवादी राजनीतिक द्वन्द्वका कारण हुने मानवअधिकार उल्लङ्घनका घटनाको न्यूनीकरणमा भूमिका खेल्न सफल इन्सेकले सामाजिक द्वन्द्वका कारण हुने सबैखाले आर्थिक, सामाजिक र राजनीतिक अधिकारको वकालत गर्दै अधिकारबाट वञ्चित भएकाहरूलाई अधिकार दिनका लागि पहल र समन्वय गरिरहेको मैले महसुस गरिरहेको छु।

नूमराज खनाल, पत्रकार, प्युठान

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको प्रतिबद्धतालाई आत्मसात् गरी मानवअधिकारजस्तो पवित्र विषयमा आमनागरिकलाई सुसूचित पार्दै मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई सर्वसाधारणसमक्ष पुऱ्याउन सकेकोमा इन्सेकको यो पवित्र र अमूल्य प्रयासलाई धन्यवाद ज्ञापन गर्दछु।

पार्वता आचार्य
अध्यक्ष, महिला सहयोग मञ्च
खलङ्गा, प्यूठान

इन्सेकले मानवअधिकार वर्षपुस्तक प्रकाशन गरिआएको छ। यसबाट जिल्लाहरूमा भएका मानवअधिकार उल्लङ्घनका कार्यहरू जनतासमक्ष उजागर भई उल्लङ्घनकर्तालाई आगामी दिनमा यस्ता घटना दोहोऱ्याउन निरुत्साहित गरेको छ। इन्सेकको यस कार्यले निरन्तरता पाओस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

बलदेव गौतम
प्रमुख जिल्ला अधिकारी, रोल्पा

वर्षपुस्तकमा प्रकाशित मानवअधिकार उल्लङ्घनका घटनाले पीडकको पर्दाफास हुनुका साथै सबैलाई सजग र जिम्मेवार रहन मद्दत पुगेको छ। तथापि, वर्षपुस्तक २००७ को यस वर्षको उल्लेख्य 'नयाँ मार्गचित्र र चुनौतीपूर्ण सङ्क्रमणकाल' शीर्षकअनुरूप लोकतान्त्रिक जागरणको विकाससँगै देखिएको समस्या/चुनौतीसम्बन्धी तथ्यगत विषयको विवेचनामा कमी भएको महसुस भयो। भविष्यमा अरु यथार्थपरक विषयवस्तुको गहन विश्लेषण गरी प्रस्तुत हुन शुभकामना व्यक्त गर्दछु।

जितविक्रम मल्ल
सदस्य, नेपाल बार एकाइ, रोल्पा

द्वन्द्वको समयमा मानवअधिकार उल्लङ्घनका सबै घटनाहरू प्रकाशमा आउँदैनथे। कतै उल्लेख हुनैपर्ने घटनाहरू पनि छुटेका हुन्थे भने कतै सहीरूपमा पनि आएको पाइन्थ्यो। प्रस्टरूपमा भन्नुपर्दा हामीबाट भएका घटनाहरू पनि छुटेका थिए। अहिले आएर सबै पक्षले आ-आफ्नो ठाउँबाट मानवअधिकार संरक्षणमा क्रियाशील हुन जरुरी छ।

देविलाल गौतम
माओवादी, रुकुम

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उलङ्घनका घटनाहरू उजागर गर्नुका साथै उल्लङ्घन भन्दा पहिले पनि होसियारी अपनाउने कुराहरूमा समेत सजग गराएको पाइन्छ। इन्सेकले विश्वमै नेपालको मानवअधिकार स्थिति मापन गर्ने दस्तावेज व्यवस्थित गर्न एक जना जिल्ला प्रतिनिधिबाट मात्रै सम्भव हुन सक्दैन। त्यसैले मिसनमा मानवस्रोत थप गर्दा राम्रो हुन्छ।

ठगेन्द्रप्रकाश पुरी
एमाले, रुकुम

मानवअधिकार वर्षपुस्तक आफैंमा महत्त्वपूर्ण दस्तावेज हो। इन्सेकले जिल्लामा घटना सङ्कलन मात्रै नभई मध्यस्थता र उद्धारको कामसमेत गरिरहेको छ। समग्रमा भन्दा नकारात्मक कुराहरू सुधार गर्दै सकारात्मक कुराहरू अङ्गालेर अगाडि बढ्ने हो भने मानवअधिकार आन्दोलन र वर्षपुस्तकको भविष्य उज्यालो छ।

नन्दबहादुर विष्ट
काङ्ग्रेस, रुकुम

मानवअधिकार वर्षपुस्तकले दिन खोजेको सन्देश र यसमा भएका घटनाहरू कार्यान्वयनको तहमा लैजान सबैले प्रयास गर्नुपर्छ। वर्षपुस्तकले मानवअधिकार संरक्षणमा सम्बन्धित सबैलाई सजग गराउने भूमिका निर्वाह गरेको छ। पुस्तकले सानातिना घटनाहरूलाई पनि महत्त्वका साथ स्थान दिनुपर्छ र यसले मानवअधिकार संरक्षणमा अहम् भूमिका निर्वाह गर्दछ।

रविराज काफ्ले
प्रमुख जिल्ला अधिकारी, रुकुम

मानवअधिकारको संरक्षण र मानवअधिकारको विषयमा जनतालाई सचेत गराउने संस्था इन्सेक हो भन्ने हामीले बुझेका छौँ। अहिले आएर अधिकांश सूचनाहरूको स्रोत मानवअधिकार वर्षपुस्तक भएको छ। प्रमाणका रूपमा समेत सूचनाको प्रयोग गरिने भएकाले जिल्लाभरि एउटै व्यक्तिले सबै कुरा समेट्न गाह्रो हुन्छ। त्यसैले क्षेत्र र केन्द्रको सहयोगका साथै मानवीय स्रोत र अन्य कुराहरू पनि इन्सेकले थप्दै जानु पर्दछ।

लोकेन्द्रबहादुर मल्ल
डीएसपी, रुकुम

इन्सेकले मानवअधिकारको क्षेत्रमा गरेको काम निकै नै स्वागतयोग्य रहेको र यसलाई अझै प्रभावकारी बनाउन जिल्लामा एक प्रतिनिधिले जिल्लाभरिका सबै घटना सङ्कलन गर्न सक्दैन । यसका लागि इन्सेकले ध्यान दिनुपर्छ। पुस्तकलाई प्रकाशन गरेर समीक्षा गर्नुभन्दा पहिला नै समीक्षा गरेर वर्षपुस्तक प्रकाशन भए अझै प्रभावकारी हुने थियो।

नगेन्द्रबहादुर खत्री
काङ्ग्रेस, रुकुम

आर्थिक, सामाजिक, सांस्कृतिक, महिला अधिकार, बालअधिकारका घटनाहरू अन्य घटना जसरी वर्षपुस्तकमा कम प्रकाशन हुने भएकाले यसका लागि जिल्ला प्रतिनिधिहरूले विशेष जोड दिएर घटना सङ्कलन गर्नु जरुरी छ। वर्षपुस्तक मानवअधिकारका घटनाहरूका लागि मात्र नभएर समग्र देशको समसायिक विषयवस्तुका बारेमा विश्लेषण गरी प्रकाशन गरिने भएकाले यसका लागि आफ्नो पार्टीका तर्फबाट गर्नुपर्ने सहयोगका लागि हाम्रो पार्टी तयार छ।

टेकबहादुर खाँण
एमाले, दैलेख

मानवअधिकार वर्षपुस्तक इन्सेकको मात्र नभएर हामी सबैको हो। यसलाई प्रभावकारी बनाउन ग्रामीण भेगमा लुकेर रहेका घटनालाई पनि बाहिर ल्याउनु जरुरी छ। यसका लागि हामी सहयोग गर्न तयार छौं। विगत द्वन्द्वको समयमा इन्सेकले निभाएको भूमिका स्वागतयोग्य रहेको छ। आगामी दिनमा पनि इन्सेकबाट यस्तै भूमिकाको अपेक्षा हाम्रो पार्टीले गरेको छ।

जयबहादुर शाही
माओवादी, दैलेख

मानवअधिकार वर्षपुस्तकमा घरेलु हिंसाका घटना पनि समेट्नु जरुरी छ। पीडितलाई अप्ठ्यारो नहुने गरी सङ्कलन र प्रकाशन गर्नुपर्दछ। इन्सेकले विगतदेखि अहिलेसम्म आफ्नो क्षेत्रमा स्वागतयोग्य कामहरू गर्दै आइरहेको छ। द्वन्द्वमा घरबार त्यागेर विस्थापित जीवन बिताइरहेकाहरूलाई पुनःस्थापना गराउनेलगायतका काम प्रशंसनीय छन्।

मोतीराम शर्मा
नेपाल मजदुर किसान पार्टी, दैलेख

दुई वर्षअगाडि राज्यद्वारा बेपत्ता पारिएका र पछि हत्या भएको भनी सार्वजनिक गरिएका बर्मदिन गोडियाका बारेमा वर्षपुस्तकमा उल्लेख गरिनुपर्ने। साथै, माओवादीद्वारा सरसामान लुटिएको कुरालगायत कुनै पनि घटना नछुटोस् भन्नेतर्फ सचेत हुन जरुरी छ।

शिवप्रसाद सापकोटा
काङ्ग्रेस,बाँके

केही घटनाहरू छुटेका हुनसक्छन् । त्यसलाई पनि समावेश गरिनुपर्ने देखिन्छ। कारागारमा दिइने सुविधाहरू पर्याप्त छन् कि छैनन्, त्यहाँको दयनीय अवस्थाका बारेमा पनि उल्लेख गरिनुपर्ने देखिन्छ।

देवराज भार
एमाले, बाँके

केही मानिसहरू अदालत जाने र मानवअधिकार संस्थाहरू नजाने पनि हुन्छन् । त्यसैले वर्षपुस्तकमा पूर्ण घटनाका लागि अदालतसँग पनि सम्बन्ध विस्तार गर्दा राम्रो हुन्थ्यो।

लोकबहादुर शाह
पुनरावेदन बार एसोसिएसन, नेपालगञ्ज

इन्सेकको वर्षपुस्तक एउटा उचित तथा भरपर्दो सूचनाको स्रोत भएकाले मैले पहिलेदेखि यसलाई

अध्ययन गर्दै आएको छु। मैले सन्दर्भसामग्रीका लागि वर्षपुस्तकको सहारा लिने गरेको छु। वर्षपुस्तकले बर्षैभरिका गम्भीर घटनाहरूलाई समेट्दै आएको छ। इन्सेकले सूचनालाई सधैँ सत्यतथ्य रूपमा प्रस्तुत गर्दै आएको छ। यस पुस्तकले सधैँ जनताको अधिकारलाई संरक्षण गर्दै आएको छ तर कहिलेकाहीँ ठीक तरिकाले सम्पादन हुन नसक्दा त्यसले गलत सूचना पनि दिन सक्छ । त्यसैले त्यसमा बढी ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

नरेन्द्रजङ्ग पिटर
माओवादी, बाँके

देशको मानवअधिकारसम्बन्धी घटनाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा पुऱ्याउने इन्सेकको मानवअधिकार वर्षपुस्तक नै एक मात्र साधन भएको हुँदा यसमा समावेश हुने घटनाको यथार्थता र पीडितहरूको नाममा बढी ध्यान दिनुपर्ने आवश्यक देखिन्छ।

योसिन ओत
ओएचसीएचआर, नेपालगञ्ज

मानवअधिकार वर्षपुस्तकको प्रकाशनले मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा धेरै महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। *नेपाल मानवअधिकार वर्षपुस्तक २००७* मा राज्य पक्ष र माओवादीपक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई तथ्यगत रूपमा उजागर गरिएको छ। यसमा समग्र रूपमा नेपालमा मानवअधिकारको स्थितिलाई चित्रण गर्ने कोसिस गरिएको छ। यो पुस्तकको प्रकाशनले मानवअधिकारको उल्लङ्घनकर्तालाई हतोत्साहित र पीडितलाई प्रतिरोधको क्षमता अभिवृद्धि गर्नेछ। यसले मानवअधिकारको उल्लङ्घनको घटनाको न्यूनीकरण र दण्डहीनताको अन्त्य हुँदै जाओस् भन्ने शुभकामना दिन चाहन्छु।

वीरबहादुर रोकाय
अध्यक्ष, नेपाल बार एसोसिएसन एकाइ समिति, बर्दिया

इन्सेकले प्रत्येक वर्ष मुलुकमा भएका घटनाहरूको सँगालो वर्षपुस्तकका रूपमा प्रकाशित गर्दै आएको छ। द्वन्द्व र सङ्क्रमणकालमा मानवअधिकारको संरक्षण र दण्डहीनताको अन्त्यका लागि पुस्तकले उजागर गरेका विषयले समाजमा अत्यन्तै राम्रो प्रभाव छाड्न सफल भएको छ। मानवअधिकारको हननका सम्बन्धमा गाँउगाँउसम्म पुगेर घटनाहरू सङ्कलन गरेर समाज र राज्यको ध्यानाकर्षण भएको छ । यदाकदा घटनाहरू समावेश गर्न छुट भएका गुनासा पनि आउने गरेका छन् । त्यस्ता घटनाहरू आगामी दिनमा पुनः सङ्कलन गर्ने, प्रकाशित गर्ने र घटना सङ्कलनमा अझै बढी ध्यान जानेछ भन्ने विश्वास लिएको छु।

श्याम ढकाल
एमाले, बर्दिया

जुनसुकै प्रकृतिको अधिकार उल्लङ्घनका घटनाहरूलाई वर्षपुस्तकले समेट्न सकेमा वर्षपुस्तकको महत्त्व बढ्नेछ। इन्सेकले आगामी दिनमा यसतर्फ ध्यान दिनुपर्छ।

गोविन्द कोइराला
काङ्ग्रेस, सुर्खेत

सङ्कटकालको अवधिमा मानवअधिकारको रक्षा गर्न वर्षपुस्तकले अहम् भूमिका निर्वाह गरेको थियो। अबका दिनमा गाउँ-गाउँमा हुने मानवअधिकार उल्लङ्घन र पारिवारिक हिंसाका घटनाहरूलाई समावेश गर्नेतर्फ अझ बढी अग्रसर हुनुपर्दछ।

गगन सुनार
एमाले, सुर्खेत

विगतका वर्षहरूमा छुटेका घटनाहरूलाई वर्षपुस्तकले समेट्न सकेमा द्वन्द्वपीडितहरूलाई राहत र पीडकहरूलाई कारबाही गर्न सजिलो हुने थियो।

रत्नविक्रम प्यासी
जनमोर्चा नेपाल, सुर्खेत

सङ्क्रमणकालीन अवस्थामा मानवअधिकारको रक्षार्थ वर्षपुस्तकमाथि थप जिम्मेवारी आएको छ। मानवअधिकारको चेतना अभिवृद्धि गर्न इन्सेकले मानवअधिकार वर्षपुस्तकका अतिरिक्त थप कार्यक्रम ल्याउन जरुरी छ।

गोविन्दप्रसाद सुवेदी
अध्यक्ष
नेपाल मानवअधिकार सङ्गठन, सुर्खेत

वर्षपुस्तकमा समेटिएका घटनाहरूका आधारमा हालसम्म कति जना पीडकहरूलाई कारबाही तथा पीडितहरूले राहत पाएका छन् भन्नेबारेमा इन्सेकले आफ्ना प्रकाशनहरूमार्फत सार्वजनिक गरेमा अझ राम्रो हुने थियो।

सूर्यमणि गौतम
सञ्चारकर्मी, सुर्खेत

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार क्षेत्रमा अति नै प्रभावकारी र पुस्तक हो। लुकेर रहेका घटनाहरू बाहिर ल्याउनुपर्छ।

पूर्णबहादुर शाही
राष्ट्रिय जनमोर्चा, दैलेख

जिल्लाको सम्पूर्ण मानवअधिकारको स्थिति नेपाल मानवअधिकार वर्षपुस्तकले समेट्ने गरेको छ। आफूहरूलाई उजुरी आए मात्र घटनाको जानकारी हुने हुँदा जिल्लाका प्राय: घटनाका बारेमा अनभिज्ञ हुने गरिएको छ। वर्षपुस्तक अझै प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालयबाट सहयोग गर्न सकिन्छ। विगतका घटना अभिलेखीकरणका लागि मानवअधिकार वर्षपुस्तक भरपर्दो माध्यम हो।

झलकराम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी, दैलेख

इन्सेकको मानवअधिकार वर्षपुस्तकले एक इतिहास तयार गरेको छ। देशको समग्र एक दशकको झल्को दिएको छ। यसलाई थप समयानुकुल गर्न इन्सेकले आवश्यक पहल गरोस्, अझ सत्यतथ्य घटनाको उजागर गरोस्।

चिरञ्जीवी सापकोटा
सहायक प्रमुख जिल्ला अधिकारी, दैलेख

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक पढ्ने अवसर प्राप्त भयो। पुस्तकले मानवअधिकारका बारेमा अध्ययन गर्न चाहनेलाई मार्गदर्शन गर्छ। पुस्तकको नियमित प्रकाशनको अपेक्षा गर्दछु।

भुवन गिरी
श्रेस्तेदार
जिल्ला अदालत, कालीकोट

मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकारको अवस्थाका बारेमा पहिचान दिँदै आएको छ। मानवअधिकारको विषयमा तथ्य अभिलेखीकरण गर्दै जाओस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

दमनराज बम
अधिवक्ता एवम् संयोजक
मानवअधिकार तथा शान्ति समाज, कालिकोट

मानवअधिकार उल्लङ्घनका घटनाबारेमा पढ्न मैले विगतदेखि मानवअधिकार वर्षपुस्तकको सहारा लिने गरेको छु। वर्षपुस्तक मानवअधिकारको दस्तावेज हो, यसको नियमितताको कामना गर्दछु।

पदमबहादुर शाही
केन्द्रीय सदस्य नेपाल निजामती कर्मचारी सङ्गठन
कालिकोट

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गरेको छ। मानवअधिकार वर्षपुस्तकलाई निरन्तरताको शुभकामना।

रमेशकुमार विष्ट
जनमोर्चा, नेपाल, कालिकोट

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ सरसर्ती हेर्दै। पुस्तकमा देशभरमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन तथा सम्प्रेषण गरी पीडकलाई सजग गराएको छ।

कुर्मराज शाही
शान्ति समिति, कालीकोट

विगत लामो समयदेखि इन्सेकलगायत विभिन्न मानवअधिकारवादी सङ्घसंस्थाले मानवअधिकार रक्षाका लागि चेतना जगाएका छन्। सत्यतथ्य घटना नछुटाउन तथा सदरमुकाममा बसेर तयार गरिने रिपोर्ट त्यति विश्वसनीय नहुने कुरा जानकारी गराउन चाहन्छौं।

सनतबहादुर शाही
माओवादी जिल्ला सङ्गठन समिति, कालिकोट

हिजो कस्तो भयो भन्दा पनि भोलि के गर्ने भन्ने विषयमा इन्सेकले सोच्नुपर्छ। यसका लागि प्रत्येक जिल्लामा यसको पहुँच बढाउन मानवीय स्रोत-साधनको व्यवस्था गरेर मात्र जिल्लाका थप सूचनाहरू समेट्न सकिन्छ।

बलबहादुर हमाल
एमाले, हुम्ला

मानवअधिकार वर्षपुस्तकले मानवअधिकारका बारेमा यस्तो दुर्गम जिल्लामा पनि केही बोल्ने गरेकोमा खुसी लाग्यो। अब देशमा व्याप्त व्यापक मानवअधिकार उल्लङ्घनका घटनाहरूको छानबिन हुनुपर्छ। केवल एकखाले प्रकाशनले मात्र दिगो शान्तिमा सहयोग पुग्दैन। मानवअधिकारको रक्षाका लागि पनि पहल हुन आवश्यक छ। मानवअधिकार रक्षक भएपछि राजनीतिक प्रभावबाट टाढा रहनु पनि उत्तिकै जरुरी छ।

जीवनबहादुर शाही
काङ्ग्रेस, हुम्ला

वर्षपुस्तकमा कम घटनाहरू देखिएका छन्। आउँदो वर्षपुस्तकमा व्यापक घटनाहरू आउन्। घटनाका पीडकलाई कारबाही गर्ने पहल गरिनुपर्छ।

गोविन्दबहादुर शाही,
अध्यक्ष, नागरिक समाज हुम्ला

मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकारको इतिहास बोकेको छ। यसको महत्त्वपूर्ण पाटो भनेको यस वर्षको उल्लेख्य सन्दर्भ च्याप्टरले सबै कुरा देखाउँछ। जिल्लागत प्रतिवेदन पनि उत्तिकै महत्त्वपूर्ण छन्।

पृथ्वीबहादुर रावत
नि. श्रेस्तेदार, हुम्ला जिल्ला अदालत

इन्सेकको यो काम राम्रो छ । यसलाई व्यापक बनाउन जिल्लागत तहमा व्यापक घटनाहरू समेटिनु जरुरी छ। प्रत्येक गाउँगाउँमा घटना भएका हुन्छन् । ती घटनालाई नछुटाई अभिलेखीकरण गरिनुपर्दछ।

सुनामसिंह गुरुङ
नेकपा एकीकृत, हुम्ला

द्वन्द्वको समयमा हामीले कतिपय सूचना दिन सकेनौँ, जसले आज असर गरेको छ। अवदेखि हुने र थाहा पाएका घटनाहरू बाहिर ल्याउनु आवश्यक छ। मानवअधिकार वर्षपुस्तक महत्त्वपूर्ण दस्तावेज हो, यसको सर्वसुलभ उपलब्धता जरुरी छ।

गेरासिंह बोहरा
माले, सदस्य, हुम्ला

मानवअधिकार वर्षपुस्तकले विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई सङ्कलन गरेको छ र यो महत्त्वपूर्ण दस्तावेजका रूपमा स्थापित भइसकेको छ। मानवअधिकार वर्षपुस्तकलाई दूरदराजका जनताका बीचमा पुऱ्याउन सकेमा र अधिकार उल्लङ्घनमा परेका व्यक्तिहरूले आफ्ना कथाहरू पढ्न पाउँदा उत्साह र गौरव महसुस हुन सक्दछ। यसकारण यस पुस्तकलाई पढ्न पाउने अवसर सबै तहका व्यक्तिले पाएको खण्डमा पुस्तकको प्रभावकारितामा वृद्धि हुने छ भन्ने मलाई लागेको छ। इन्सेकको पहुँच ग्रामीण तहसम्म वृद्धि गरी ती क्षेत्रमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई बढी प्राथमिकता दिनु जरूरी छ।

रणबहादुर चन्द
एमाले नगर कमिटी , सचिव, कैलाली

इन्सेकले प्रकाशन गर्दै आइरहेको नेपाल मानवअधिकार वर्षपुस्तक समय सान्दर्भिक छ। भएका घटनाहरूका सम्बन्धमा राम्रो अध्ययन विश्लेषण गरी प्रकाशन गरेमा घटनाहरूको विश्वसनीयता बढ्छ।

धनबहादुर कठायत
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, कैलाली

जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई वर्षपुस्तकले समेट्ने गरेको छ। सूचनाको अभाव हुँदा केही घटनाहरू समावेश नहुनु स्वाभाविक नै हो। इन्सेकले प्रकाशन गरिरहेको वर्षपुस्तक सबैको हातमा पुग्न सकोस्।

उत्तम कठायत
उपसचिव
काङ्ग्रेस जिल्ला कमिटी, कैलाली

देशको असहज परिस्थितिमा पनि इन्सेकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई वर्षपुस्तक २००७ मा सत्यतथ्य रूपमा उतार्न ठूलो प्रयत्न गरेको छ। पुस्तक पढ्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ।

खगेन्द्र रोकाया (प्रतिबिम्ब)
सेक्रेटरी, माओवादी, अछाम

मानवअधिकार वर्षपुस्तक २००७ ले सन् २००६ मा जिल्लामा भएको मानवअधिकार उल्लङ्घन र त्यसको समग्र मूल्याङ्कन गरेको छ । सङ्क्रमणकालीन अवस्थाका चुनौतीहरूसहितको विश्लेषण पढ्न पाउँदा खुसी लाग्यो।

बमबहादुर बीसी
सचिव, माले जिल्ला कमिटी, अछाम

वर्षपुस्तकमार्फत मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सार्वजनिक गरी सम्बन्धित पक्षलाई होसियार गराउनेदेखि लिएर आफ्नो अधिकारको प्रयोग अर्काको अधिकारको हनन नहुने गरी गरिनुपर्छ भन्ने मान्यतालाई संस्थागत गर्न एक हदसम्म सबल भएको छ। हाम्रो जस्तो दुर्गम विकट जिल्लामा भएका घटनालाई समेत उजागर गरी पीडित पक्षको अभिभावकीय भूमिका समेत खेलेको पाइयो।

शेरबहादुर कुँवर
सचिव, एमाले जिल्ला कमिटी, अछाम

अकल्पनीय रूपमा मानवअधिकारको उल्लङ्घन भएका बेला इन्सेक र अरू कतिपय

मानवअधिकारवादी सङ्घसंस्थाहरूले त्यसको रोकथाम गर्न त्यसको विरोधमा विश्व जनमत तयार पार्न तथा त्यसबाट पीडितहरूको उद्धार गर्ने उपचारमा सहयोग पुऱ्याउन गरेका कार्यहरू अति प्रशंसनीय छन्।

रामबहादुर शाही
सचिव, काङ्ग्रेस, अछाम

इन्सेकले प्रकाशित गरेको वर्षपुस्तक २००७ मा मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई चित्रण र स्पष्ट रूपमा प्रकाश पारेको देखियो। आगामी दिनहरूमा पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई यसरी नै प्रकाशन गर्दा घटनाहरू दिन प्रतिदिन कम हुँदै जाने प्रवल सम्भावना देखिन्छ

कृष्णबहादुर मल्ल
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, अछाम

गाउँदेखि सहरसम्म र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत उच्च प्रतिष्ठा कायम गर्नसक्ने नेपालका केही संस्थामध्ये पनि इन्सेकको स्थान अग्रभागमा नै रहेको छ। शाही शासनकालमा जनताको पक्षमा इन्सेकले खेलेको भूमिका नेपाली जनताले कहिल्यै भुल्न सक्ने छैनन्।

७५ जिल्लाका ग्रामीण बस्तीहरूमा समेत आफ्नो सञ्जाललाई विस्तार गरिसकेको यो संस्थाबाट हामीले अझ बढी जिम्मेवार भूमिकाको अपेक्षा गर्नु अन्यथा हुने छैन भन्ने ठान्दछौं। आफ्ना अनुभवहरूबाट पाठ सिक्दै महलदेखि झुपडीसम्मका विभिन्न वस्तीहरूमा इन्सेकले मानवअधिकारको भरोसायोग्य रक्षकको भूमिका सफलतापूर्वक सम्पन्न गर्न सके नयाँ नेपाल निर्माणको अभियानमा टेवा पुग्नेछ।

कर्णबहादुर थापा
सचिव , एमाले जिल्ला कमिटी, बाजुरा

नेपाल मानवअधिकार वर्षपुस्तक २००७ मा जनआन्दोलन-२ मा भएको मानवअधिकार उल्लङ्घनका घटनाहरू, राज्य र माओवादी पक्षबाट भएका घटनाहरूका साथै नयाँ सोचका साथ अघि बढेको राज्य व्यवस्थाको मानवअधिकारप्रतिको परिवर्तित सोच र दृष्टिकोणलगायत अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताहरू सूक्ष्म विश्लेषणात्मक प्रस्तुति ज्यादै प्रशंसनीय छ।

हुमप्रसाद अधिकारी
प्रमुख जिल्ला अधिकारी, बाजुरा

मानवअधिकार वर्षपुस्तकमा बाजुराका घटना विवरण पढ्न पाउँदा खुसी लाग्यो। पुस्तकले बाजुरेलीलाई सजग गराएको छ। जिल्लाका विभिन्न भागमा र राज्य तथा गैरराज्य पक्षबाट हुने विविध प्रकारका घटनालाई समेटी राष्ट्रिय स्तरसम्म पुऱ्याउँदा मानवअधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न सहयोग पुग्नेछ।

दयाराम पण्डित, अध्यक्ष
दीर्घराज उपाध्याय
सचिव, नेपाल पत्रकार महासङ्घ, बाजुरा

पुस्तकले जिल्लाभित्र भए गरेका मानवअधिकार हननका घटनाहरूलाई सार्वजनिक गर्दै आएकोमा जिल्लाको मानवअधिकारको क्षेत्रमा श्रोत तथा तथ्याङ्क सङ्कलनको आधार बनेको छ। आगामी दिनमा जिल्लाभित्रका सबैखाले मानवअधिकार हननका घटनाहरू छुवाछुत, भेदभाव, दुर्व्यवहारलगायतका समग्र राजनीतिक, आर्थिक, शैक्षिक र जनताको पहुँचसम्बन्धी विषयवस्तुलाई समेटी पीडितलाई न्याय र पीडकलाई कानुनी सजाय दिनेतर्फ पहल गरिने अपेक्षा गरेका छौं।

सर्पलाल गिरी
जिल्ला कार्यक्रम अधिकृत, जिल्ला बाल संरक्षण समिति, बाजुरा

वर्षपुस्तकले देशभरिका मानवअधिकारको उल्लङ्घनका घटनाहरूको अभिलेखीकरण गरी मानवअधिकारको क्षेत्रमा उल्लेख्य योगदान गरेको छ। साथै, आगामी दिनमा पनि गाउँमा लुकेर रहेका स-साना मानवअधिकार उल्लङ्घनका घटनाहरू जातीय, लिङ्गीय, धार्मिक आदिलाई प्रकाशमा ल्याई सम्बन्धित निकायलाई घच्घच्याउने काम गर्नेछ भन्ने महासङ्घले आशा गरेको छ।

देवेन्द्र शाह
सचिव
गैरसरकारी संस्था महासङ्घ जिल्ला शाखा, बाजुरा

मानवअधिकार र सामाजिक न्यायका निमित्त क्रियाशील इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक तथा मानवअधिकार स्थिति सूचकले मानवअधिकारको संरक्षण गर्ने दायित्व लिएका जिम्मेवार व्यक्ति र सङ्घसंस्थाहरूलाई मानवअधिकारको संरक्षणमा प्रेरणा दिएको छ। सबै पक्षबाट हुने मानवताविरुद्धको अपराधका बारेमा अभिलेखीकरण तथा विश्लेषण गर्ने इन्सेकको यो अभियान सफल रहोस् र इन्सेकका सबै प्रकाशनहरूले

वास्तविकता जनसमक्ष ल्याउन सकोस् भन्ने शुभकामना दिन चाहन्छु।

हरिकृष्ण पौडेल
प्रमुख जिल्ला अधिकारी, बझाङ

इन्सेकले युद्धकालीन परिस्थितिमा राज्य तथा हाम्रो पार्टीका तर्फबाट भएका घटनाहरूको सङ्कलन गर्दै मानवअधिकारको क्षेत्रमा कुनकुन पक्षका के-कस्ता समस्याहरू रहे भन्ने उल्लेख गर्दै आएको छ। तर, समाजमा अन्य पक्ष, अन्य राजनीतिक दलहरूहरूले गर्ने मानवअधिकार हननका घटनाहरू नसमेट्दा यो संस्था एकपक्षीयजस्तो लाग्छ। साथै, मानवअधिकारको परिभाषाभित्र समाजमा विद्यमान चेलीबेटी बेचबिखन, जारी प्रथा, छुवाछूत प्रथाजस्ता सामाजिक विकृति र विसङ्गतिका घटनाहरू भइरहँदा पनि यसका बारेमा खोज-अनुसन्धान गर्न इन्सेक पछि परेको छ।

जनक बुढा
सह-इन्चार्ज
माओवादी, बझाङ

हरेक वर्ष प्रकाशित हुने मानवअधिकार वर्षपुस्तकले मुलुकभरि भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्कलन गरेर मानवअधिकार संरक्षण सम्वर्द्धनमा योगदान पुऱ्याएको छ। आगामी वर्षपुस्तकमा राष्ट्रिय मानवअधिकार आयोगले गरेका महत्त्वपूर्ण फैसला र सरकारलाई गरेका सिफारिस समेट्न सके यो पुस्तक अझै प्रभावकारी हुन सक्ने कुरामा विश्वस्त छु।

अफिलाल ओखेडा
सदस्य, एमाले जिल्ला कमिटी, बझाङ

मानवअधिकार वर्षपुस्तकले नेपाल अधिराज्यभरिका मानवअधिकार उल्लङ्घनका घटना प्रकाशनमा ल्याई आमनागरिक, प्रशासन तथा सुरक्षाकर्मीहरूलाई मानवअधिकारप्रति सचेत, सजग र जागरुक बनाउने कार्य गरेको छ। अझ सुरक्षाकर्मीहरूका निमित्त त यो पुस्तक मार्गदर्शकका रूपमा रहेको मैले महसुस गरेको छु। सत्य, तथ्य र निष्पक्ष रूपमा घटनाहरू प्रकाशन गर्ने कार्य चुनौतीपूर्ण तर प्रशंसनीय छ।

रामदत्त जोशी
डीएसपी, जिल्ला प्रहरी कार्यालय, दार्चुला

इन्सेकले जिल्लामा मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई लिपिबद्ध गरेर प्रतिवेदन प्रकाशन गर्ने कार्य सराहनीय छ। अझ प्रतिवेदन प्रकाशनपूर्व जिल्लामा समीक्षा गोष्ठी गर्ने परम्पराको सुरुवातले यसलाई अझ बढी यथार्थपरक बनाउन मद्धत पुग्ने देखिन्छ। विगतको द्वन्द्वको समयमा समेत निरन्तर मानवअधिकारको क्षेत्रमा काम गर्ने संस्थाका अधिकारकर्मीहरूको श्रम र योगदान प्रशंसनीय साबित भएको छ।

तुलसीराम पौडेल
निमित्त प्रमुख जिल्ला अधिकारी, दार्चुला

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सत्यतथ्य रूपमा उजागर गरी मानवअधिकार संरक्षणको सवालमा इन्सेकद्वारा गरिएको यो प्रयास सराहनीय छ। जुनसुकै क्षेत्रबाट हुने मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई निष्पक्ष रूपले सार्वजनिक गर्ने अभियानमा इन्सेक अगाडि बढोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

गणेशसिंह ठगुन्ना
सचिव, एमाले जिल्ला कमिटी, दार्चुला

अनुसूची

७

वर्षपुस्तक २००८ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरु

परिच्छेद २ : शान्ति प्रक्रियाका उचार चढाव

लेखक: प्रेक्षा ओझा

परिच्छेद ३

३.१ न्यायपालिका

लेखक: विद्या चापागाईं

३.२ कार्यपालिका

लेखक: योगीश खरेल

३.३ व्यवस्थापिका

लेखक: मदन पौडेल

घटनाक्रम सङ्कलन

१. राजु पासवान

२. गोपिकृष्ण भट्टराई

जिल्ला प्रतिनिधिहरू

१. पूर्वाञ्चल

१.१	झापा	- अर्जुनकुमार बस्नेत
१.२	इलाम	- प्रकाश अधिकारी / अशोक कुमार राई
१.३	पाँचथर	- कृष्ण ओझा
१.४	ताप्लेजुङ	- चन्द्रप्रकाश भट्टराई
१.५	मोरङ	- दीपेन नेउपाने
१.६	सुनसरी	- शुकदेव चौधरी
१.७	धनकुटा	- गीता अधिकारी
१.८	तेह्रथुम	- छत्र रिमाल
१.९	भोजपुर	- ज्ञानेन्द्र खड्का
१.१०	संखुवासभा	- लीलाप्रसाद श्रेष्ठ
१.११	सप्तरी	- प्रकाश खतिवडा
१.१२	सिरहा	- देवराज पोखेल
१.१३	उदयपुर	- कुशलबाबु बस्नेत
१.१४	खोटाङ	- लोकनाथ घिमिरे
१.१५	ओखलढुंगा	- गुरूबहादुर बस्नेत
१.१६	सोलुखुम्बु	- वेदप्रसाद राई

२. मध्यमाञ्चल

२.१	धनुषा	- रोशनदीप ढकाल
२.२	महोत्तरी	- ईश्वरी काफ्ले
२.३	सर्लाही	- विदुर प्याकुरेल
२.४	सिन्धुली	- आनन्दप्रसाद दाहाल
२.५	रामेछाप	- नवराज पथिक
२.६	दोलखा	- उद्धव पोखरेल
२.७	रौतहट	- विपिन गौतम
२.८	बारा	- रोशनराज अर्याल
२.९	पर्सा	- प्रेम कार्की
२.१०	चितवन	- मुकुन्द दाहाल
२.११	मकवानपुर	- प्रताप विष्ट
२.१२	ललितपुर	- गोपीकृष्ण भट्टराई
२.१३	काभ्रेपलान्चोक	- भोजराज तिमल्सिना
२.१४	भक्तपुर	- अकुर न्यौपाने
२.१५	काठमाडौं	- राजु पासवान
२.१६	धादिङ	- सीताराम अधिकारी
२.१७	सिन्धुपाल्चोक	- नातिबाबु धिताल
२.१८	नुवाकोट	- केशव मिश्र
२.१९	रसुवा	- हेमनाथ खतिवडा

३. पश्चिमाञ्चल

३.१	तनहुँ	- प्रकाशचन्द्र भट्टराई
३.२	गोरखा	- भीमलाल श्रेष्ठ
३.३	लमजुङ	- कृष्ण अधिकारी
३.४	स्याङ्जा	- निर्मला तिवारी
३.५	कास्की	- टङ्क खनाल
३.६	मनाङ	- कमानबहादुर गुरुङ
३.७	नवलपरासी	- नारायण पराजुली
३.८	रुपन्देही	- भीष्मराज पन्थी
३.९	पाल्पा	- दुर्गा न्यौपाने
३.१०	कपिलवस्तु	- नन्दराम पौडेल
३.११	अर्घाखाँची	- खिमप्रसाद मरासिनी
३.१२	गुल्मी	- दिलशोभा पुन
३.१३	वाग्लुङ	- रामबहादुर जिसी
३.१४	पर्वत	- माधवराज पाण्डेय
३.१५	म्यार्दी	- घनश्याम खड्का
३.१६	मुस्ताङ	- चन्द्रबहादुर गुरुङ

४. मध्यपश्चिमाञ्चल

४.१	दाङ	- विमलकुमार अधिकारी
४.२	प्युठान	- महेन्द्रप्रसाद श्रेष्ठ
४.३	रोल्पा	- घनश्याम आचार्य
४.४	सल्यान	- रोमप्रकाश थापा
४.५	रुकुम	- जीवन खड्का
४.६	बाँके	- शिप्रा श्रेष्ठ
४.७	बर्दिया	- नारायण सुवेदी

४.८ सुर्खेत - दुर्गा थापा
४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - नमनकुमार शाही
४.११ डोल्पा - विष्णुलाल बुढा
४.१२ जुम्ला - राजेन्द्र महत
४.१३ कालिकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - जीवन सिजवाल
४.१५ हुम्ला - रमेश ऐडी

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - कृष्ण विक
५.२ अछाम - रतनबहादुर रावल
५.३ डोटी - लवदेव भट्ट
५.४ बाजुरा - अर्जुन शाह
५.५ बझाङ - प्रकाश विक
५.६ कञ्चनपुर - युवराज घिमिरे
५.७ डडेलधुरा - केशव बोहोरा
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - मदनसिंह धामी

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. सोमराज थापा २. भुवन अधिकारी

मध्यमाञ्चल

१. कृष्ण गौतम

पश्चिमाञ्चल

१. मधु पन्थी

मध्य पश्चिमाञ्चल

१. भोला महत २. प्रतिवेदन वैद्य

सुदूर पश्चिमाञ्चल

१. खड्कराज जोशी २. दिपक तिवारी

सन्दर्भ सामग्री स्रोत

१. इन्सेक पुस्तकालय

फोटो स्रोत

१. विमलचन्द्र शर्मा, इन्सेक
२. इन्सेक जिल्ला प्रतिनिधिहरू

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षभैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रियस्तरको "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले, अन्य पाँच जनालाई "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। यसरी छानिँदा सकभर सबै विकास क्षेत्र समेट्ने प्रयास गरिएको छ। "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" लाई प्रशंसापत्र र रु. ७०००।- तथा "उत्कृष्ट जिल्ला प्रतिनिधि" लाई प्रशंसापत्र र रु. ५०००।- प्रदान गरिएको छ।

सर्वोत्कृष्ट

शुकदेव चौधरी, सुनसरी

उत्कृष्ट

चन्द्रप्रकाश भट्टराई, ताप्लेजुङ
रोशनराज अर्याल, बारा
नन्दराम पौडेल, कपिलवस्तु
विमलकुमार अधिकारी, दाङ
युवराज घिमिरे, कञ्चनपुर

इन्सेक पुस्तक १३५/२०६४

वासु क्षितिज

सम्झौता कार्यान्वयन नगर्ने सरकारको शैली वर्ष २००७ मा उल्लेखनीय रह्यो। नेपालगञ्जको दुःखद हिंसाको घटनालगत्तै खासगरी मधेसमा भय र अनिश्चितता उत्पन्न भएको पृष्ठभूमिमा सुरू भएको यो वर्षभरि हिंसाबाट सर्वसाधारणको रक्षाका निम्ति राज्य सजग र सक्रिय हुन सकेन।

फितलो शान्ति सुरक्षाका कारण संविधानसभा निर्वाचनमा हिंसाका घटनाहरू हुन सक्ने आकलन गर्न सकिन्छ। त्यस्तो अवस्थाको रोकथामका निम्ति राज्यको सजगता जरूरी छ।

राजनीतिक स्थिरता, मानवअधिकार र सामाजिक न्यायको ढोका नयाँ संविधान निर्माणका लागि हुने संविधानसभा निर्वाचनको सफलतासँगै खुल्नेछ। तर, सात दल र सरकार आफ्नो यति गुरूत्तर दायित्वप्रति वर्षभरि नै अपेक्षा गरिएअनुरूप गम्भीर देखिएनन्।

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, स्युचाटार

पत्र मञ्जुषा : २७२६, काठमाडौँ

फोन : ४२७८७७०

फ्याक्स : ४२७०५५१

इमेल : insec@insec.org.np

वेब साइट : www.inseconline.org

ISBN 978-9937-8002-2-8